ISSN 2091 2013

# हाम्रो पुरुषार्थ

त्रैमासिक

स्वर्णवर्ष शताङ्क

प्रथम भाग






किरण पुस्तकालय

तम्घास, गुल्मी

आफ्नो भनेको आफ्नै हुन्छ

www.rbb.com.np

राष्ट्रिय वाणिज्य बैंक लि.

RASTRIYA BANIJYA BANK LTD.

... तपाईको आफ्नै बैंक

Scan to Discover

# DIGITAL SANSAR

**DIGITAL COUNTER SERVICES** : eCash & eVoucher **DIGITAL TRANSACTION SUPPORT**: inquiries & dispute resolution for digital transactions | **SEND MONEY** : Internal/Interbank money transfers | **TOPUP & UTILITY PAYMENT** : Electricity, water, TV, Internet, Insurance, Air ticket, Asba, Credit card Payments | **GOVERNMENT & MERCHANT PAYMENTS**: payments for government revenues, payments using QR codes, third-party payments | **PRODUCT INTEREST REGISTRATION, SERVICE REQUESTS** : express interest in the bank's products and services and book appointments | **ACCOUNT INQUIRIES, ATM & BRANCH LOCATIONS** : inquire about account statements, available balances, interest rates & locations information of ATMs & branches.

# हाम्रो पुरुषार्थ (त्रैमासिक)

## स्वर्ण-वर्ष, शताङ्क (प्रथम भाग)

❑ वर्ष : ५१ ❑ अङ्क : १ ❑ सम्पूर्णाङ्क : १०० ❑ कात्तिक-पुस, २०८०

**सम्पादक**

शशि पन्थी

**सह–सम्पादक**

दीन पन्थी

**सहायक सम्पादक**

भुवनप्रसाद अर्याल

**सहयोगी मण्डल**

गोपाल पन्थी

राधा पन्थी

हिमकला राना

ईश्वर वि.क.

**किरण पुस्तकालय**

तम्घास, गुल्मी (फोन : ०७९-५२०२८७)
सम्पर्क फोन नं. : ०७९-५२०२६०, ५२०४८३)
मो.नं. : ९८५११४८८०७, ९८४७५०६२८८
E-mail : hamropurushartha@gmail.com, shashipanthi9@gmail.com
Website : www.kiranpustakalaya.com

*कम्प्युटर सेटिङ्ग : ईश्वर वि.क.*
*मुद्रक : सुशिला प्रिन्टर्स, गुल्मी ०७९-५२०४५०*
*E-mail : spgulmi 33@gmail.com*

मूल्य : रु.६००/-

आवरण : हाम्रो पुरुषार्थका वार्षिक, अर्धवार्षिक र त्रैमासिकका प्रथम अङ्कहरू (सम्पूर्णाङ्क १, ८ र ६०)

# हाम्रो पुरुषार्थ(त्रैमासिक)

## *काठमाडौं प्रतिनिधि*

**डा. दुर्गाप्रसाद अर्याल**
फोन नं. ०१-४८२०५९७

**डा. लक्ष्मीकान्त पन्थी**
फोन नं. ९८४९१४८३८५

**गोविन्दप्रसाद पोखरेल**
फोन नं. ९८४१८४९६६६

**भानुभक्त मरासिनी**
फोन नं. ९८४१७१३३३६

**ध्रुवराज पन्थी**
फोन नं. ०१४२७८६५१

**डा. कृष्ण भण्डारी "मुमुक्षु"**
फोन नं. ९८५६०३२४७७

## *पाल्पा प्रतिनिधि*

**कमल खत्री**
फोन नं. ९८४७३०८९०८

## *रुपन्देही प्रतिनिधि*

**गोपाल पन्थी**
फोन नं. ९८५७०३३३३८

**रुरु शर्मा**
फोन नं. ९८४७०९३०११

**कविता पन्थी**
फोन नं. ९८४७०३३९२४

**माधव गौतम**
फोन नं. ९८५१०१३२८१

## *चितवन प्रतिनिधि*

**पूर्णप्रसाद अधिकारी**
फोन नं. ०५६-५२८१६०

## *दाङ प्रतिनिधि*

**प्रा.डा. अर्जुनप्रसाद भट्टराई**
फोन नं. ९८६८६३०४६१

## *पोखरा प्रतिनिधि*

**शङ्कर ज्ञवाली**
फोन नं. ९८५६०३१४४४

## *विदेश प्रतिनिधि*

**महेश आचार्य**
सन्फ्रान्सिस्को, क्यालिफोर्निया, संयुक्त राज्य अमेरिका
**फोन नं. +१७०२-४२८-५५४०**

**डा. गोपालप्रसाद शर्मा**
के. २२/१८ पञ्चगङ्गाघाट
वाराणसी, उत्तरप्रदेश, भारत
फोन नं. ००९१८००५३११०७२

**शंकरप्रसाद शास्त्री**
गढी केन्ट, घुच्चुपानी रोड, अनारवाला
देहरादून, उत्तराखण्ड, भारत
फोन नं. ००९१९९७२०७४८४

**महेन्द्रकुमार लम्साल**
लेनकास्टर स्ट्रीट-२२
सिड्नी, अस्ट्रेलिया
फोन नं. ०६१४१२००१७६९

**विष्णु शर्मा**
पी. डब्लू. डी. कोलोनी
डिफू, कर्बी, एङ्लोङ्, आसाम, भारत
फोन नं. ००९१३६७१२७३१८५

सम्पादकीय

# बालुवा पेल्नुको मजा

- हामीभित्र 'म' छ । हामीभित्र तँ, तिमी, तपाईं छन् । हामीभित्र सबै पुरुष, सबै वचन र सबै लिङ्ग छन् । त्यसैले त यो 'हाम्रो पुरुषार्थ' हो । यो सबैको पुरुषार्थ हो । हामी 'हाम्रो पुरुषार्थ' भित्र श्रेयस् र अभ्युदय खोज्छौं । हामी 'हाम्रो पुरुषार्थ'मा अक्षय अक्षरहरू खोज्छौं । जो आधा शताब्दीसम्म छरिए यी पाखाहरूमा - ती ज्योतिर्मय बीजहरू ।

- आलस्यमा पुरुषार्थ लुक्छ । संकीर्णतामा पुरुषार्थ सुक्छ । त्रासमा पुरुषार्थ झुक्छ । जाँगरमा, सामर्थ्यमा पुरुषार्थ चुलिन्छ । प्रतिभामा, साधनामा, सहयोगमा पुरुषार्थ बाँच्छ । साधना, संघर्ष र सहयोगमा त बाँचिरहेछ-हाम्रो पुरुषार्थ ।

- नदीझैं अक्करमा साँघुरिएर, छाँगाहरूमा झरेर, समथरमा फैलिएर बगिरहेछ-हाम्रो पुरुषार्थ यहाँसम्म । बग्नु नै जीवन हो । बल्नु नै पुरुषार्थ हो । बग्दै र बल्दै बढिरहेछ - हाम्रो पुरुषार्थ - सय अङ्कसम्म - पचास शताब्दीमा ।

- बगिरह्यो समय । समयसितै बग्यौं हामी । समयसितै बग्यो 'हाम्रो पुरुषार्थ' पनि । कति जन्मे, कति मरे, बेहिसाब छ सृष्टिमा । बाँच्नेका कपाल फुले । चाउरी बोकेर हिँडिरहेछौं हामी घस्रेर । कतिपल्ट पृथ्वीले सूर्यको फन्को मारिन् ! आधा शताब्दी गन्दै औंला भाँच्दैछौं हामी । पुरुषार्थको सय अवतारको स्वागतमा छौं हामी । हामी जराजीर्ण हुँदा - पुरुषार्थ जवान भइरहेछ । हो - बूढा हुँदैनन् पुरुषार्थहरू ।

- पुरुषार्थभित्र कति संघर्ष छन् ? कति सकस छन् ? कति साधना छन् ? कति रहर छन् ? कति जहर छन् ? - ती देखिन्नन् । सत्य र पुरुषार्थ टेक्दा अलिकति गरलपान त गर्नुपर्छ नि !

- लेख्दा - लेख्दा खिइएका हात र थकित अनुहार देखेर कतिले लकीरका फकीर ठान्दा हुन् । कतिले यी काम निरर्थक ठान्दा हुन् । कति हाँस्दा हुन् - बालुवा पेलेको देखेर । तर हामी बालुवा पेलिरहन्छौं । कसो तेल नझर्ला ! 'हाम्रो पुरुषार्थ'को सय अङ्कबाट सबैलाई हार्दिक शुभकामना !

-ooo-

# कुटुरो फुकाउँदा


| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| **अन्तर्वार्ता** | | | |
| १. | समग्र साहित्यिक पत्रकारितालाई... | रोचक घिमिरे | १ |
| **लेख/आलेख/निबन्ध/** | | | |
| १. | किरण पुस्तकालय र हाम्रो पुरुषार्थ | डा. जयराज आचार्य | ७ |
| २. | साधुवाद छ हाम्रो पुरुषार्थको ... | अर्जुन ज्ञवाली | ११ |
| ३. | हाम्रो पुरुषार्थ र डा. टीकाराम पन्थी | चन्द्रकान्त आचार्य | १९ |
| ४. | जन्म साथसाथ, पछि भेटघाट | मित्र 'उराठी' गौतम | ३० |
| ५. | मेरो मनमा 'हाम्रो पुरुषार्थ' | मुरारिविनोद पोखरेल | ३७ |
| ६. | हाम्रो पुरुषार्थसँगको चिनजान | डा. बाबुराम ज्ञवाली | ४५ |
| ७. | हाम्रो पुरुषार्थको भानु विशेषाङ्क... | मुकुन्द शर्मा चालिसे | ५२ |
| ८. | हाम्रो पुरुषार्थको पहिचान र पौरख | राम ज्ञवाली | ६० |
| ९. | प्यारो पुस्तकालय र हाम्रो पुरुषार्थ... | इला पन्थी | ६५ |
| १०. | पुरुषार्थ र हाम्रो पुरुषार्थ | विनोद आचार्य | ६८ |
| ११. | सबैको 'हाम्रो पुरुषार्थ' | चोलेश्वर शर्मा | ७७ |
| १२. | सय अङ्कभित्र एक सय तीन भेटघाट | विष्णुकान्त पन्थी | ७९ |
| १३. | उत्तुङ्ग अग्लिंदै हाम्रो पुरुषार्थ | रुद्र ज्ञवाली | ९९ |
| १४. | मेरो नजरमा हाम्रो पुरुषार्थ | प्रा.डा. अनन्त पन्थी | १०४ |
| १५. | हाम्रो पुरुषार्थ : लुम्बिनी अञ्चलको... | डा. हिरण्यलाल ज्ञवाली | १०८ |
| १६. | चेतनाको ज्योति-हाम्रो पुरुषार्थ | हरिप्रसाद न्यौपाने | ११४ |
| १७. | हाम्रो पुरुषार्थ र विद्वान् शशि पन्थी | तेजनिधि पौडेल | ११८ |
| १८. | साहित्यिक पत्रिका प्रकाशन र ... | रोहित सैंजू | १२० |
| १९. | हाम्रो पुरुषार्थमा सम्पादकीय सन्दर्भ | विष्णु घर्ती 'भनभनेली' | १२२ |
| २०. | सबैको पत्रिका 'हाम्रो पुरुषार्थ' | कमला गौतम | १५० |
| २१. | हाम्रो पुरुषार्थका विशेषताहरू | पुष्करराज रेग्मी | १५१ |
| २२. | सम्झना बिर्सनामा 'हाम्रो पुरुषार्थ' | शिवशरण ज्ञवाली | १५६ |
| २३. | साधकहरूको सारथि हाम्रो पुरुषार्थ | गोपालप्रसाद बस्याल | १५९ |
| २४. | हाम्रो पुरुषार्थ-मेरो पुरुषार्थ | राजेन्द्र गोपाल सिंह | १६२ |
| २५. | गुरुश्रद्धाको मग्मगाउँदो फूल ... | डा. श्यामप्रसाद न्यौपाने | १६६ |
| २६. | 'हाम्रो पुरुषार्थ'को लुम्बिनी अञ्चल... | कृष्णप्रसाद बस्याल | १८१ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| २७. | किरण पुस्तकालयको हाम्रो पुरुषार्थ | भोलाकुमार श्रेष्ठ | १८७ |
| २८. | हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४४, ... | विजय सागर | १९६ |
| २९. | सांस्कृतिक दृष्टिमा हाम्रो पुरुषार्थ... | राजेन्द्रकुमार आचार्य | २१३ |
| ३०. | हाम्रो पुरुषार्थको पुरुषार्थ | ओमप्रकाश अधिकारी 'बेफुर्सदी' | २१६ |
| ३१. | हाम्रो पुरुषार्थ : महत्त्व तथा योगदान | डा. सीता सुवेदी पन्थी | २२० |
| ३२. | हाम्रो पुरुषार्थसम्बन्धी साना-ठूला कुरा | छवि ज्ञवाली | २२९ |
| ३३. | हाम्रो पुरुषार्थ र रुरुक्षेत्र विशेषाङ्क | कमल श्रेष्ठ | २३७ |
| ३४. | हाम्रो पुरुषार्थ ९७ औं अङ्कमा ... | ऋषि 'आजाद' | २४१ |
| ३५. | परिचयको परिधिमा 'हाम्रो पुरुषार्थ' | जयदेव गौतम | २४७ |
| ३६. | गुल्मी जिल्लाको पार्थ हाम्रो पुरुषार्थ | लक्ष्मण ज्ञवाली | २५९ |
| ३७. | हाम्रो पुरुषार्थको प्रारम्भिक अङ्क र... | गोकर्ण मरासिनी | २६५ |
| ३८. | नयाँ तस्वीरमा पुरानो सम्झना ... | कमला न्यौपाने | २७२ |
| ३९. | किरण पुस्तकालय र हाम्रो ... | डा. उत्तम पच्या | २७७ |
| ४०. | हाम्रो पुरुषार्थ : अर्थ, महत्त्व ... | पुष्पराज पौडेल | २७९ |
| ४१. | हाम्रो पुरुषार्थको स्वर्णजयन्ती ... | खिमानन्द पोखरेल | २८८ |
| ४२. | नयाँ र पुराना प्रतिभाहरूको ... | तुलसीदास गौतम | २९० |
| ४३. | हाम्रो पुरुषार्थको स्वर्णजयन्ती र ... | डा. कृष्ण भण्डारी 'मुमुक्षु' | २९४ |
| ४४. | हाम्रो पुरुषार्थ र यसको स्थायी... | रामप्रसाद पन्थी | ३०२ |
| ४५. | इतिहास र संस्कृतिको क्षेत्रमा ... | गणेश श्रीपाली | ३३६ |
| ४६. | अनलाइन साहित्यिक पत्रकारितामा... | प्रदीप पौडेल | ३४८ |
| ४७. | हाम्रो पुरुषार्थ : चर्चा एक, प्रसङ्ग... | झबिन्द्र भुसाल | ३५८ |
| ४८. | डा. टीकाराम पन्थी विशेषाङ्क | वेणीमाधव ज्ञवाली | ३६२ |
| ४९. | गुल्मीको सामान्य गोठबाट ... | रमेशजङ्ग कुँवर | ३६९ |
| ५०. | 'हाम्रो पुरुषार्थ' नामै काफी छ ! | मिलन समीर | ३७८ |
| ५१. | हाम्रो पुरुषार्थका विशेषाङ्कहरू ... | डा. लक्ष्मीकान्त पन्थी | ३८३ |
| ५२. | नवचेतनाको प्रकाशदीपःहाम्रो पुरुषार्थ | भट्टराई बन्धु | ३९९ |
| ५३. | हाम्रो गौरव : हाम्रो पुरुषार्थ | महेन्द्र थापा | ४०८ |
| ५४. | हाम्रो पुरुषार्थ, बुबा र म | प्रीति आत्रेय ज्ञवाली | ४१२ |
| ५५. | 'हाम्रो पुरुषार्थ' समालोचना ... | पूर्णप्रसाद अधिकारी | ४१७ |
| ५६. | बिर्सिएको सोह्रौं अङ्क : बी.पी. ... | गोपाल पन्थी | ४२७ |

| कति ? | के ? | कसको | कहाँ ? |
|---|---|---|---|
| ५७. | 'हाम्रो पुरुषार्थ'-९२ मा परेको दृष्टि | रह शर्मा | ४३१ |
| ५८. | 'हाम्रो पुरुषार्थ'मा त साँच्चिकै ... | नवीन मरासिनी | ४३६ |
| ५९. | 'हाम्रो पुरुषार्थ : रुरुक्षेत्र विशेषाङ्क'... | रमेशमोहन अधिकारी | ४४१ |
| ६०. | शशि र किरण | खगेन्द्र गिरी 'कोपिला' | ४५१ |
| ६१. | हाम्रो पुरुषार्थसँग जोडिएका मेरा... | कविता पन्थी | ४५६ |
| ६२. | हाम्रो पुरुषार्थ'भित्र 'हामी नारी'को... | सरू सुधा पन्थी | ४५९ |
| ६३. | पाठकीय दृष्टिमा हाम्रो पुरुषार्थको... | हेमराज पाण्डे | ४६९ |
| ६४. | शताङ्क यात्रा र महिला सरोकार | मञ्जु थापा | ४७४ |
| ६५. | हाम्रो पुरुषार्थ | शेरजंगबहादुर बस्नेत | ४८७ |
| **समीक्षा/टिप्पणी** | | | |
| १. | हाम्रो पुरुषार्थको पत्रकारिता ... | प्रा.डा. कपिल लामिछाने | ४० |
| २. | हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १५ को... | वनमाली निराकार | १७५ |
| **गीत/कविता/गजल/मुक्तक** | | | |
| १. | हाम्रो पुरुषार्थको पुरुषार्थ | नारद गौतम | २८ |
| २. | सबै सद्भावको माला यो 'हाम्रो ... | गणेश ज्ञवाली | ७५ |
| ३. | शुभकामना | हरिराज शर्मा (अर्याल) | १०७ |
| ४. | कामना | काशीनाथ मिश्रित | १४९ |
| ५. | युगले गीत गाओस्-हाम्रो पुरुषार्थको | महेन्द्र पन्थी | १६४ |
| ६. | यो 'हाम्रो पुरुषार्थ' दीप... | डिल्लीराज अर्याल | २१९ |
| ७. | हाम्रो यो पुरुषार्थ पढ्नु छ मजा ... | भरतराज पौडेल | २३५ |
| ८. | हाम्रो पुरुषार्थप्रति | कृष्णादेवी शर्मा श्रेष्ठ | २४६ |
| ९. | निर्माणको टाकुरो | कोषराज न्यौपाने | ३८१ |
| **संस्मरण** | | | |
| १. | हाम्रो पुरुषार्थ शताङ्कसम्म आउँदा | पद्मप्रसाद शर्मा | ३३ |
| **स्थायी स्तम्भहरू** | | | |
| १. | सम्पादकीय | सम्पादक | iii |
| २. | भेटघाट | शशि पन्थी/डा. लक्ष्मीकान्त पन्थी | १ |


ooo

**नोट : बाँकी लेख-रचना र स्थायी स्तम्भका सामग्रीहरू द्वितीय भागमा छन् ।**

# अनुरोध !

◆ फोहर सकेसम्म कम उत्पादन गरौं, जैविक अजैविक उत्पादित फोहरलाई वर्गीकरण गरी घरमै कम्पोष्ट मल बनाउने तथा फोहरलाई स्रोतको रूपमा व्यवस्थापन गर्न प्राथमिकता दिऔं ।

◆ जन्मदर्ता, विवाहदर्ता, मृत्युदर्ता, सम्बन्धविच्छेद एवम् बसाइँसराइजस्ता व्यक्तिगत घटना समयमै दर्ता गरौं ।

◆ सामाजिक सुरक्षाभत्ता प्राप्त गर्ने लाभग्राहीहरूले आफ्नो नाम भत्ता पाउने सूचीमा छ/छैन प्रत्येक वर्षको साउन महिनामा आ–आफ्नो वडा कार्यालयमा गई बुझौं र ढुक्क बनौं ।

◆ नगरपालिकामा तोकिएका कर–शुल्कहरू समयमै बुझाई विकास निर्माणमा सक्रिय सहभागी बनौं ।

◆ खुल्ला स्थानमा दिसापिसाब नगरौं; सभ्य नागरिकको परिचय दिऔं ।

**अनुरोधक**

**मुसिकोट नगरपालिका**


**वामिटक्सार, गुल्मी (लुम्बिनी प्रदेश, नेपाल)**



डेंगी
सुरक्षित रहौं
रोकथाम गरौं
नियन्त्रण गरौं
डेंगी रोग डेंगी भाइरसबाट संक्रमित एडिज जातको लामखुट्टेको टोकाईबाट मात्र सर्दछ ।
थोरै मात्र पानी जम्मा भएको भाँडामा पनि यो लामखुट्टेले फुल पार्दछ र यसको वृद्धि विकास हुन्छ ।
डेंगीका मूख्य लक्षणहरू
उच्च ज्वरो आउनु
जोर्नी र मांशपेशीहरू बेस्सरी दुख्नु
आँखाको गेडी दुख्नु
बेस्सरी टाउको दुख्नु
शरीरमा राता बिमिराहरू आउनु
वाकवाकी लाग्नु वा वान्ता हुनु
डेंगीका लक्षणहरू देखिएमा के गर्ने ?
स्वास्थ्य संस्थामा गई चिकित्सक वा स्वास्थ्यकर्मीको सल्लाह लिने ।
स्वास्थ्य संस्था
घरमै बसेर उपचार गर्ने सल्लाह दिएमा ज्वरो घटाउनका लागि र जीउ दुखेको कम गर्नको लागी प्यारासिटामोल बाहेक ब्रुफिन र एस्प्रिन जस्ता अन्य औषधीको सेवन नगर्ने ।
अस्पताल भर्ना हुन सल्लाह दिएमा तुरुन्त भर्ना हुने ।
( *चिकित्सकको सल्लाह नलिईकन कुनै पनि औषधी सेवन नगर्ने )
लामखुट्टेले फुल पार्न सक्ने संभावित घर भित्र र वरपरका पानी जमेको ठाँउहरू र पानी राख्ने भाडाँहरू खोजी खोजी सफा गरौं र लामखुट्टेको फुल नष्ट गरौं ।
जनहितका लागि जारी सन्देश
गैंडाकोट नगरपालिका
नवलपुर (गण्डकी प्रदेश, नेपाल)

भेटघाट-१०३

# समग्र साहित्यिक पत्रकारितालाई हेर्ने सरकारी दृष्टिकोणमा सकारात्मक सुधारको आवश्यकता छ ।



✍ **रोचक घिमिरे**

*(श्री रोचक घिमिरे नेपाली साहित्यिक पत्रिकाका सुप्रसिद्ध साहित्यिक पत्रकार हुनुहुन्छ । उहाँ 'रचना' द्वैमासिक साहित्यिक पत्रिकाका प्रधान सम्पादक एवं प्रकाशक हुनुहुन्छ । 'रचना' का १८३ अङ्कहरू प्रकाशित भइसकेका छन् । सम्पादक श्री घिमिरे नेपाली भाषा र साहित्यका अथक साधक हुनुहुन्छ । 'रचना'को प्रकाशनमा उहाँको तीन पुस्ताको योगदान रहेको छ । साहित्यिक पत्रिकालाई निरन्तरता दिन पैसा मात्र सब थोक होइन, यसका उत्तराधिकारी र सन्तानहरूमा पनि निरन्तरता दिने भावना हुनुपर्छ भन्ने रोचकजीको प्रबल धारणा छ । साहित्यिक पत्रकारिताका साधक रोचक घिमिरेसँग हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले प्रश्नहरू सोधी डा. लक्ष्मीकान्त पन्थीको सम्पर्कबाट रोचक घिमिरेसँग पुर्‍याइएका प्रश्नहरूको लिखित प्रत्युत्तरलाई यहाँ प्रस्तुत गरिएको छ । - सम्पादक)*

**१. सर्वप्रथम यहाँको संक्षिप्त परिचय पाऊँ है त ?**

◆ म वि.सं. १९९८ भाद्र ३ गते रामेछाप मन्थलीको गहिराथोकमा जन्मेको हुँ । मेरी माता मोहनकुमारी र पिता पण्डित सोमनाथ घिमिरे व्यास हुनुहुन्छ । पिताका मित्रहरूमा लेखनाथ पौड्याल, लक्ष्मीप्रसाद देवकोटा, योगी नरहरिनाथ, जनकलाल शर्मा आदि हुनुहुन्थ्यो । २००३ सालदेखि हाम्रो बसोबास काठमाडौंको टङ्गलमा भएको हो । प्राथमिक शिक्षा मेरो घरमा नै पिता-माताद्वारा भयो । औपचारिक शिक्षा रानीपोखरी संस्कृत पाठशाला, संस्कृत महाविद्यालय (वर्तमान वाल्मीकि विद्यापीठ) भारतको इलाहावाद बोर्डमा भयो । संस्कृत साहित्यमा मध्यमा र अंग्रेजीमा आइ.ए.सम्म गरियो ।

बाल्यकालमा पिताजी र उहाँको मित्रमण्डलीबाट प्रभावित भएर साहित्यिक रुचि जागृत भयो । युवावस्थामा भैरव अर्यालसँग मित्रता भएपछि त्यो रुचि अझ झाङ्गियो । तारिणीप्रसाद कोइरालाको प्रेरणाले उहाँकै पत्रिका दैनिक 'कल्पना' मा पहिलो पटक जी.एन. रोचक नाममा मेरो लेख छापियो ।

## २. नेपालमा साहित्यिक पत्रिकाको प्रारम्भ र विकास कसरी भइरहेको छ ?

◆ सर्वप्रथम प्रकाशित नेपालको साहित्यिक पत्रिका 'सुधासागर' हो । यसका सम्पादक पण्डित नरदेव मोतीकृष्ण शर्मा हुन् । यो वि.सं. १९५५ मा प्रकाशित भएको हो । यो पत्रिका हामीले देख्न पाएनौं तर इतिहासशिरोमणि बाबुराम आचार्यले आफूसँग त्यस पत्रिकाका केही अंक भएको उल्लेख गरेबाट त्यसको अस्तित्त्व स्वीकारिएको छ । समाचारपत्रको रूपमा वि.सं.१९५८ मा 'गोरखापत्र' निस्केको हो । यसबाट थाहा हुन्छ - समाचार पत्रिकाभन्दा जेठो हामीकहाँ साहित्यिक पत्रिका नै हो । नेपालबाहिर भारतबाट सुन्दरी, माधवी, चन्द्रिका आदि साहित्यिक पत्रिका वि.सं.१९६३ देखि वि.सं.१९७० का बीचमा प्रकाशित भएका पाइन्छन् । यहाँ उल्लेख्य के छ भने मोतीराम भट्टले बनारसबाट वि.सं.१९४३ मा नै आफ्नो सहयोग र रामकृष्ण वर्माको सम्पादनमा 'गोर्खा भारत जीवन' नामक साहित्यिक पत्रिका निकालेका थिए । यो पत्रिका बाल्यकालमा देखेको भनेका छन् सूर्य विक्रम ज्ञवालीले । 'सुधासागर' पछि नेपालका उल्लेख्य साहित्यिक पत्रिका शारदा (१९९१) उद्योग (१९९२) साहित्यस्रोत (२००९) जागृति (२००४) प्रगति (२००९) इन्द्रेनी (२०१३) धरती (२०१३) हुन् । यिनमा 'शारदा' को स्थान सर्वोपरि छ । २०१७ मा निस्केको 'रूपरेखा' पनि 'शारदा' कै स्तरको उल्लेख्य पत्रिका हो । रचना (२०१८) भानु (२०२०) अभिव्यक्ति (२०२७) पनि महत्त्वपूर्ण साहित्यिक पत्रिका हुन्। रत्नश्री (२०२०) हाम्रो पुरुषार्थ (२०३०) जनमत (२०४०) दायित्व (२०४४) उन्नयन (२०४५) नवप्रज्ञापन (२०५०) शिवपुरी सन्देश (२०५१) कौशिकी (२०५६) शब्दाङ्कुर (२०५८) शब्द-संयोजन (२०६१) शाल्मलि (२०७०) आदि पत्रिकाले नेपाली भाषा साहित्यको र साहित्यिक पत्रकारिताको उन्नयनमा विशिष्ट योगदान गरेका छन् । यीमध्ये केही बन्द भैसके, केही निरन्तर प्रकाशित भैरहेका छन् । केहीका शताङ्क हालै प्रकाशित भएका छन् । केही साहित्यिक पत्रिकाले अब आधुनिक सञ्चार प्रविधिसँग कुम जोर्दै आफ्नै अनलाइन, वेभ सेवामा प्रवेश गरेका छन् । अनलाइन पत्रिकाको रुपमा पनि निस्कन थालेका छन् । यसरी विकास भैरहेको छ-साहित्यिक पत्रिकाहरूको ।

## ३. 'रचना' पत्रिकाको प्रकाशन कहिलेदेखि कसरी प्रारम्भ गर्नुभयो ?

◆ भैरव अर्यालकै प्रेरणा पाएर २०१८ साल मंसिरमा 'रचना' पत्रिकाको प्रकाशन थालियो । पछि रमेश विकल पनि मसँग जोडिए । शुरूमा भैरव-विकलले नै

पत्रिकाको यावत् काम गरे । उनीहरूबाट सिकेर पछि मैले सम्पादन प्रकाशनको ज्ञान पाएको हुँ ।

**४. 'रचना' पत्रिका प्रारम्भमा मासिक, चौमासिक के थियो ? यसलाई कहिलेदेखि दुई महिने बनाउनुभयो ? दुई महिने बनाउनुको मुख्य कारण के थियो ?**

◆ रचना शुरूमा चार महिने नै थियो । पछि तीन महिने भयो । अनि दुई महिने भयो । मासिक थिएन 'रचना' । शुरूमा त ६ महिने निकाल्न काठमाडौं मेजिष्टेट अफिसमा दर्ता नं. लिन गएको थिएँ । त्यहींकै कारिन्दा देवीचन्द्र श्रेष्ठको सल्लाहले चार महिने बनाउन मानेको हुँ । दुई महिने गर्दा त्यति धपेडी पर्दैन, लेखरचना जुटाउन पनि केही सहज हुन्छ भन्ने सोचाइ थियो ।

**५. 'रचना' शुरुमा कति छापिन्थ्यो ? हाल कति छापिन्छ ? यसका पाठक कति छन् ?**

◆ शुरूमा हजार प्रति छापियो । देवकोटा अङ्क १५ सय छाप्यौं । हास्यव्यंग्य अङ्क, भानुभक्त अङ्क पनि १ हजार निस्क्यो । हाल दुर्लभ छन् यी अङ्क । हाल ५०० प्रति मात्र छापिन्छ । प्रिन्ट अङ्कभन्दा पनि वेभसाइटमा हेर्ने पाठक संख्या धेरै छ । विदेशका नेपाली भाषीले सजिलै www.rachanalaya.com मा यो पत्रिका पढ्न सक्छन् । छापिएका अङ्क दश बीस प्रति राखिन्छ, अरू सकिन्छ तर विक्री भएरभन्दा पनि निःशुल्क वितरण हुने रोगबाट 'रचना' पनि ग्रस्त छ ।

**६. यसको विक्री वितरणको के कस्तो व्यवस्था छ ?**

◆ विभिन्न प्रदेशमा केही शुभेच्छुकहरूकहाँ पठाइन्छ । केही हितैषीहरूले बिकेको रकम पूरा पठाइदिनुहुन्छ । कतिपयले पठाउनुहुन्न तर पनि सन्तोष नै गरिन्छ । सेवाको भावनाले गरिएको काम हुँदा व्यावसायिकतातिर त्यति ध्यान नदिने प्रवृत्ति अंगालिएको छ ।

**७. 'रचना' का कवि/लेखकहरूलाई पारिश्रमिक दिने पनि व्यवस्था छ कि ?**

◆ 'रचना' ले अनुरोध गरेका, मागेका लेखनिम्ति पत्रम् पुष्पम् पारिश्रमिक दिइन्छ । अरूलाई दिइदैन । 'रचना' मा प्रकाशित हुनुलाई नै सन्तुष्टि मान्ने प्रवृत्ति स्रष्टाले दिने गरेका प्रतिक्रियाबाट थाहा हुन्छ ।

**८. 'रचना' मा के कस्ता रचनालाई बढी प्राथमिकता दिने गर्नुभएको छ ?**

◆ विशेषतः प्रतिभा भएर पनि ओझेल परेका, प्रकाशनबाट वञ्चित भएकालाई अवसर दिनु मुख्य कर्तव्य ठानिएको छ । साहित्यका सबै विधालाई स्थान दिए पनि विशेष जानकारीयुक्त, बौद्धिकतापूर्ण लेख, निबन्ध, संस्मरण, यात्रा–

वृतान्त र कृति समीक्षालाई महत्त्व दिइन्छ तर सधैं यसअनुरूपका सामग्री पाइँदैनन् ।

**९. यस पत्रिकाका हालसम्म कति अङ्क निस्के ? यसलाई नियमित बनाउन के कस्ता प्रयासहरू भइरहेका छन् ?**

◆ हाल 'रचना' को पूर्णाङ्क १८३ प्रकाशित भएको छ । यसलाई नियमित बनाउने त्यस्तो विशेष योजना केही सोचिएको छैन ।

**१०. रचनालाई दीर्घजीवी बनाउन के-कस्ता अवधारणा र योजना बनाउनुभएको छ?**

◆ पत्रिकालाई दीर्घजीवी बनाउन केही मित्रले कोष स्थापना गर्ने सुझाव दिनुभएको, विशेष रकम आफू कोषमा राखिदिन तयार भएको सूचित गर्नुभए पनि त्यतातिर लागिएन । हाम्रा पुर्खाले कत्रा कत्रा गुठी राखेका थिए, कत्रा पुरस्कार स्थापना गरेका थिए । आज कता गए ती ! आर्थिक कोषले पत्रिका चल्ने भए, पैसाले नै पत्रिका बाँच्ने भए- ऋद्धिबहादुर मल्लको 'शारदा' कमल दीक्षितको 'नेपाली' कनक दीक्षितको 'हिमाल' जस्ता पत्रिका किन बन्द भए! भारतकै व्यावसायिक प्रकाशनहरूका धर्मयुग, कादम्बिनी, नवनीत आदि पत्रिका किन बन्द भए ? आर्थिक अभाव थियो त तिनलाई ? धनाढ्य पृष्ठभूमि थियो त तिनको ! अतः त्यस्तो अर्थकोषले पत्रिका दिगो हुन्छ भनेर विश्वस्त हुन सकिएन । पुर्खाले गरेको काम राष्ट्र, साहित्य, जनतानिम्ति उपयोगी हो, यसलाई निरन्तरता दिनुपर्छ भने भावना उत्तराधिकारीहरूमा, सन्तानहरूमा जागृत हुन्छ भने पत्रिकाले निरन्तरता पाउँछ अन्यथा बिलाउँछ । कसैको कर बलले नभै आफ्नो खुशीले गरिएको यस कामले बीचमा अवरोध बेहोर्नुपर्‍यो भने पनि के अस्वाभाविक हुन्छ र !

*'हाम्रो पुरुषार्थ'को पहिलो अङ्क गोरखापत्रमा आएको रहेछ । साथी भैरव अर्यालको हात परेको रहेछ, उनैले मलाई देखाएका थिए । पछि फाट्फुट् अङ्क साथी शिव रेग्मीबाट हेर्न पाउँथें । मेरो एउटा लेख पनि यसमा छापिएको छ । नियमित रूपले पढ्न चाहिँ पाएको छैन तर यसबारे राम्रै परिचित छु ।*

**११. ६ दशकभन्दा बढी लामो समयदेखि पत्रिका प्रकाशन गर्दा यहाँले भोग्नु भएका मुख्य समस्याहरू के के हुन् ?**

◆ साहित्यिक पत्रिकालाई अनुत्पादक मान्ने हेय दृष्टिले हेर्ने सरकारी प्रवृत्ति नै यसको अवनतिका मुख्य कारक हुन् । बग्रेल्ती छन् यसका समस्या ।

समाचारपत्रहरूले पाए जस्तै सहयोग, अवसर, विज्ञापन, प्रोत्साहन, साहित्यिक पत्रिकाले नपाउनु नै ठूलो समस्या हो ।

**१२. यहाँ साहित्यिक पत्रकार संघका अध्यक्ष भएर पनि काम गर्नुभयो ? नेपाली साहित्यिक पत्रकारिताका मुख्य समस्या के देख्नुभएको छ ?**

◆ विभिन्न सरकारी र व्यावसायिक संस्थाका नियमित विज्ञापन समाचारपत्रहरूले पाए जस्तै पाउन सके यी पत्रिकाका दुर्दिन हराउँथे । कुनै भरपर्दो वितरण संस्थाले, साहित्यिक संस्थाले विक्री वितरणको जिम्मेवारी लिइदिए पनि टन्टामुक्त हुन्थे साहित्यिक पत्रिकाहरू । यिनै २ ठूला समस्या हुन् भन्ने लाग्छ ।

**१३. साहित्यिक पत्रकारिताको विकासमा संघले गरेका मुख्य कामहरू के के हुन् ?**

◆ साहित्यिक पत्रिकालाई प्रेस काउन्सिलको वर्गीकरणमा पार्न र लोक कल्याणकारी विज्ञापन दिलाउन ठूलै संघर्ष गरेर सफल पनि भयो नेपाल साहित्यिक पत्रकार संघ । प्रेस काउन्सिललाई साहित्यिक पत्रकारिताको बेग्लै मापदण्ड बनाउन लगाउन पनि सफल भयो नेपाल साहित्यिक पत्रकार संघ । नभए साहित्यिक पत्रिकालाई पनि ठूला ठूला अखबारहरूसरहकै मापदण्डभित्र पारेर हेर्ने दृष्टिकोण थियो प्रेस काउन्सिलको । यसबाहेक विभिन्न प्रदेशमा गोष्ठी, साहित्यिक पत्रकारिताबारे कार्यपत्र प्रस्तुति, साहित्यिक पत्रकारिताका शीर्ष व्यक्तित्वहरूको सम्मान, आलेखन नामक मुखपत्र प्रकाशन पनि ने.सा.प.सं. का मुख्य काम हुन् ।

**१४. प्रेस काउन्सिलले साहित्यिक पत्रकारहरूलाई पनि समाचारपत्रको जस्तै नियममा राखी सुपरीक्षण गर्न खोजेको पाइन्छ । समाचारपत्र र साहित्यिक पत्रिकालाई मूल्याङ्कन गर्ने पद्धति भिन्न हुनु पर्दैन र ? पर्छ भने के कस्तो व्यवस्था गर्नुपर्ला ?**

◆ यसबारे अघिल्लो उत्तरमा पनि केही भनिएको छ । अझै पनि त्यस्ता नमिल्ने मूल्याङ्कन पद्धति केही बाँकी छन् । तिनलाई साहित्यिक पत्रिका अनुकूलको बनाउन प्रेस काउन्सिललाई सहमत गराउन वर्तमान नेपाल साहित्यिक पत्रकार संघका पदाधिकारीहरूको सक्रियता जारी रहेको देखिन्छ ।

**१५. साहित्यिक पत्रकारिताको विकासका लागि सरकारले के गर्नुपर्छ ?**

◆ समाचारपत्रहरूलाई जस्तै विज्ञापन र उन्नयनको अवसर दिए पुग्छ सरकारले । यति भए नियमित रूपमा अघि बढ्न सक्षम हुनेछन् साहित्यिक पत्रिकाहरू ।

**१६. यहाँले मोफसलका साहित्यिक पत्रिकाको समस्यालाई कसरी हेर्नुभएको छ ?**

◆ राजधानीका साहित्यिक पत्रिकाहरू त अनेक रोगले ग्रस्त छन् भने मोफसलका पत्रिकाको अवस्था झन् कस्तो होला ! अनेक बाधा व्यवधानलाई परास्त गर्दै टिक्न सक्नु चानचुने कुरा होइन । समग्र साहित्यिक पत्रकारितालाई हेर्ने सरकारी दृष्टिकोणमा सकरात्मक सुधार भयो भने मोफसलका पत्रिका पनि अझ लाभान्वित हुनेछन् । यता आएर प्रदेश सरकारहरूले पनि साहित्य क्षेत्रमा केही सार्थक काम गरेका सूचना पढ्न पाइन्छ । त्यसबाट पनि मोफसलका पत्रिकाले विकास र नियमितताको अवसर पाउने आशा गर्नुपर्छ कि !

**१७. यहाँले 'हाम्रो पुरुषार्थ'सँग चिनाजानी गर्ने अवसर कहिलेदेखि प्राप्त गर्नुभयो ? केही सम्झना छ कि ?**

◆ 'हाम्रो पुरुषार्थ'को पहिलो अङ्क गोरखापत्रमा आएको रहेछ । साथी भैरव अर्यालको हात परेको रहेछ, उनैले मलाई देखाएका थिए । पछि फाट्फुट् अङ्क साथी शिव रेग्मीबाट हेर्न पाउँथें । मेरो एउटा लेख पनि यसमा छापिएको छ । नियमित रूपले पढ्न चाहिं पाएको छैन तर यसबारे राम्रै परिचित छु ।

**१८. 'हाम्रो पुरुषार्थ' ले यस वर्ष स्वर्णजयन्ती मनाउँदै छ र शताङ्क पनि पुर्‍याउँदै छ । यसको प्रकाशन किरण पुस्तकालय गुल्मीबाट संस्थागत रूपमा भइरहेको छ । यसको प्रकाशनप्रति यहाँको सुझाव र सल्लाह के छ ?**

◆ यो पत्रिका स्तरीय सामग्रीहरूले युक्त खँदिलो लाग्दछ । कहिले सुक्नु, कहिले फुक्नु त नेपालका साहित्यिक पत्रिकाहरूको विशेष रोग नै हो । त्यस्तो रोगले आक्रान्त हुनु स्वाभाविक नै हो । सबैमा हुन्छ त्यस्तो । किरण पुस्तकालय गुल्मीले 'हाम्रो पुरुषार्थ' प्रकाशन गरेर नेपाली भाषा साहित्यका फाँटमा गरेको सेवा स्तुत्य भएकोमा शंका छैन । सम्पादक शशि पन्थीले यसलाई नियमित, स्तरीय र पठनीय गराउन जेजस्तो श्रम गर्नुभएको छ त्यसबाट आड पाएर नै त्रैमासिक हाम्रो पुरुषार्थ आज शताङ्कमा पुग्न सफल भएको हो । यसनिम्ति यसमा संलग्न सम्पूर्णमा शुभकामना व्यक्त गर्दछु । आगामी यात्रा पनि निरन्तरता र उत्कृष्टतासहित सफलतातिर अघि बढ्दै जाओस् भन्ने सदिच्छा 'हाम्रो पुरुषार्थ' परिवारमा व्यक्त गर्दछु । आफ्ना केही भावना व्यक्त गर्ने अवसर दिनुभएकोमा सम्पादक शशि पन्थीजीप्रति हार्दिक आभार !

०००

// लेख //

# किरण पुस्तकालय र हाम्रो पुरुषार्थ



डा. जयराज आचार्य

**न हि ज्ञानेन सदृशं पवित्रमिह विद्यते।**
**तत्स्वयं योगसंसिद्धः कालेनात्मनि विन्दति**

भगवद्गीता ४।३८।

मनुष्यजीवनमा ज्ञानजस्तो ठूलो कुरा केही छैन । गुल्मी जिल्ला ज्ञानी विद्वान् मानिसहरूको जिल्ला । त्यहाँका विद्वान् दधिराम मरासिनी मात्रै होइन अन्य धेरैले पनि ज्ञान-गौरव बढाएको कुरा विशेष प्रशंसनीय छ । त्यहाँका सचेत नागरिकले किरण पुस्तकालय स्थापना गरेको र हाम्रो पुरुषार्थजस्तो पत्रिका नियमित रूपमा प्रकाशित गर्दै आउनुभएको कुरा विचार गर्दा त्यो काम गर्ने तपस्वीहरूको पाउमा म साष्टाङ्ग दण्डवत् प्रणाम गर्नु सर्वथा उचित ठान्छु ।

गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान आदि पश्चिमी पहाडका ब्राह्मणहरूको बनारससित नगिचको सम्बन्ध रहेको र धेरैले त्यतै गएर पढ्ने गरेको पाइन्छ । उनीहरू आफ्नो गाउँघरमा अरूलाई पनि पढाउँथे । अघि नेपालमा ब्राह्मणहरू धेरैजसो संस्कृत पढ्थे, पछि गएर उनीहरूले अङ्ग्रेजी पढ्न पनि थाले । धेरैको अंग्रेजीको पढाइ भारततिरै हुनेरहेछ ।

राजधानीदेखि धेरै पर रहेर पनि विद्याव्यसनमा लागिरहनु त्यहाँका मानिसको तपस्या हो, धन्य हो । विगतमा पाल्पाका सेन राजाहरूको संरक्षकत्वमा पनि त्यहाँ विद्याजीवन फलेको फुलेको अनुमान हुन्छ । पहिले गुल्मी र अर्घाखाँची एउटै जिल्ला थिए, पछि दुई बनाइयो ।

यस विषयमा एउटा ऐतिहासिक विषयको चर्चा गर्नु उपयुक्त देखियो । त्यो विषय हो मेरै गाउँमा पाइएको करीब २२० वर्षभन्दा पुरानो लेखोटको एक पातो । त्यो पातो महाभारतको आश्वमेधिक पर्वको अन्तिम पातो रहेछ । त्यसको उतार यस्तो छ -

"...पश्यतां चापिनस्तत्र नकुलोंतर्हितस्तदा ॥ इति श्रीमहाभारते श
...क्यां संहितायां वैयासिक्यां आश्वमेधिके पर्वणि नकुलोपाख्यानं स
(माप्तम्) ॥ इति ॥ स्वस्तिश्रीविविधविरूदावलिविराजमानमानोन्न
(तश्रीम)न्महाराजाधिराजश्रीश्रीश्रीमत्खाचीश्वरदुर्ग्गभंजनसाहदेवा
(नां) सदासमरविजयिनां शासनात् पंडितभूमानन्देन लिषितं श्रीशा
के त्रिखमुनिंदुभिर्मिते १७०३ माधवे धवलपक्षसंयुते ॥ जान्ह्यभे
गुरूदिने तृतीयया संयुतेऽश्वमेधिकपर्व शान्त्यभूत् ॥ खाचीराज
धानी तत्रापि ठाडारामकोट शुभं ॥

यसबाट देखिन्छ कि यो महाभारतको यो आश्वमेधिकपर्व खाचीका राजा दुर्ग्गभंजनसाहका शासनकालमा शाके १७०३ (वि. सं. १८३८ को वैशाख महिनाको १७ गते ?) शुक्लपक्षको तृतीया तिथि रोहिणी नक्षत्र परेको बिहीवारका दिन भूमानन्द पण्डितले लेखी समाप्त भएको थियो । खाँचीको राजधानी त्यसमा पनि ठाडा रामकोटमा यो लेखिएको थियो भनी स्पष्ट लेखिएको छ ।

यो पढेपछि मलाई कौतूहल भयो-यो पातो कसरी तनहुँ चुँदीरम्घा आइपुग्यो होला ? मेरो कौतूहललाई शान्त पार्न त्यही पाताको अर्को पट्टि लेखिएको टिपोट सहायक भयो । त्यसमा यस्तो लेखिएको रहेछ -


औदार्यशौर्यसौन्दर्यगुणगुम्फितवर्ष्मणः ।
श्रीमहादत्तभूजानेः पुस्तकं चित्तरञ्जनम् ।
श्रीमद्विक्रमादित्यराजसंवत् अष्टादशशत
एकषष्टिवर्षे गते माधवेमाशि(सि?) गोर्षाभूपतिना
श्रीमद्गीर्वाणयुद्धविक्रमासाहदेवेन पालपाभूपतये
श्रीमहादत्तसेनदेवाय विजिते समये त›ाजगृहस्थ
मिदं गोर्षाभूपतेर्मन्त्रिणाऽमरसिंहेन धनंजयशर्मणे
आचार्यब्राह्मणाय दत्तमेतत्पुमस्तकं सर्वे जानन्ति ।
शुभमस्तु ॥ मौशलपर्व १, अश्वमेधपर्व १
प्रास्थानिकपर्व १

यसबाट स्पष्ट भयो कि विक्रम संवत् १८६१ साल वैशाख महिनामा गोर्खाली राजा गीर्वाण युद्ध विक्रम साहले पाल्पाका राजा महादत्त सेनलाई हराएपछि उनको दरबारमा रहेको यो पुस्तक गोर्खाली राजाका मन्त्री अमरसिंहले धनञ्जय आचार्यलाई दिएका रहेछन् ।

यो पुस्तक अर्घाखाँचीबाट पाल्पा दरबारमा आएछ । गोर्खाली सेनाले पाल्पा विक्रम संवत् १८६१ साल वैशाखमा जितेका रहेछन् । त्यतिखेर पाल्पाका राजा महादत्त सेन रहेछन् । उनको दरबारमा पाइएको यो महाभारतको पुस्तक गोर्खाली राजाका मन्त्री अमरसिंह थापाले धनञ्जय आचार्यलाई दिएका रहेछन् । यसरी यो तनहुँ चुँदी रम्घा पुगेको रहेछ ।

यसबाट भानुभक्त आचार्यका पिता धनञ्जयले पाल्पामा खरिदार पदमा जागिर खाएको कुरा पनि कन्फर्म भयो र भानुभक्त आचार्य जन्मनुभन्दा १० वर्षभन्दा अघि नै उनका पिता धनञ्जय आचार्य पाल्पामा जागिरमा रहेछन् भन्ने देखियो । यसरी एउटा इतिहासको विषय स्पष्ट भयो ।





तर आज गुल्मी जिल्लाबाट तीव्र रूपमा बसाइँसराइ भइरहेको छ भन्ने पनि अखबारमा पढैं । २०८० साल असोज ११ गतेको गोरखापत्रमा पढैं- गुल्मीका १२ नगरपालिका र गाउँपालिकाबाट २०७८-७९ सालमा ३,३१४ र २०७९-८० आर्थिक वर्षमा २,८४३ घरपरिवार बसाइँसराइ गरेको तथ्याङ्क छ । यसरी गाउँ र नगरपालिकासमेत रित्तिने हुन् कि जस्तो डर हुन थाल्यो । त्यस अवस्थामा पनि धैर्यपूर्वक गुल्मीमा बसेर काम गरिरहनुभएका महानुभावहरूमा मेरो अभिवादन छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थ जीवित मात्र होइन कि तिनले गुल्मीको विद्या परम्परालाई अझ अघि बढाएर त्यसमा जनताको आकर्षण थपी त्यहाँको बसाइँसराइको समस्यासमेत समाधान गर्न सकून् भन्ने कामना गर्छु ।

*गुल्मीका १२ नगरपालिका र गाउँपालिकाबाट २०७८-७९ सालमा ३,३१४ र २०७९-८० आर्थिक वर्षमा २,८४३ घरपरिवार बसाइँसराइ गरेको तथ्याङ्क छ । यसरी गाउँ र नगरपालिकासमेत रित्तिने हुन् कि जस्तो डर हुन थाल्यो । त्यस अवस्थामा पनि धैर्यपूर्वक गुल्मीमा बसेर काम गरिरहनुभएका महानुभावहरूमा मेरो अभिवादन छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थ जीवित मात्र होइन कि तिनले गुल्मीको विद्या परम्परालाई अझ अघि बढाएर त्यसमा जनताको आकर्षण थपी त्यहाँको बसाइँसराइको समस्यासमेत समाधान गर्न सकून् भन्ने कामना गर्छु ।*

✒ **पूर्व स्थायी प्रतिनिधि - संयुक्त राष्ट्रसंघ ।**

०००

**हाम्रो पुरुषार्थका ५० वर्षका १०० अङ्कका सेटका केही प्रति विक्रीमा छन् । तपाईंलाई चाहिएमा तुरुन्त सम्पर्क गर्नुहोला ।**

# किरण पुस्तकालय

**तम्घास, गुल्मी**

**फोन : ०७९-५२०२८७**

// लेख //

# साधुवाद छ हाम्रो पुरुषार्थको पौरखलाई !



अर्जुन ज्ञवाली

'हाम्रो पुरुषार्थ'ले देवकोटा जयन्ती २०८० को अवसरमा शताङ्क निकालेर स्वर्ण-जयन्ती मनाउन लागेकोमा धेरै खुशी लागेको छ । त्यसमा आफ्नो बाह्रखरी कलम चलाउने अवसर प्राप्त भएकोमा झनै खुशी लागेको छ । प्रविधिको हिसाबले असहज र जागृतिका हुटहुटीका हिसाबले मात्र सहज अवस्थामा यसको जन्म भएको हो । लोट्दै पोड्दै उकाली ओराली गर्दै कत्ति नथाकीकन पचास वर्षको पूर्ण वयस्क भईकन यसले जुन सापेक्षित समृद्धि देखाएको छ, प्रशंस्य छ । अर्को शब्दमा चन्द्रमाले प्रतिपदा तिथिदेखि क्रमशः कला भर्दै भर्दै पूर्णिमा तिथिमा पूर्णकला लिएझैं हाम्रो पुरुषार्थले वार्षिक, अर्धवार्षिक, त्रैमासिक हुँदै सापेक्षित समृद्धि हासिल गरेको छ । अनुकूल पारिवारिक वातावरण, सूजबूझ र दृढ इच्छाशक्तिले गर्दा जस्तो नाम त्यस्तै काम भएको छ ।

> *चन्द्रमाले प्रतिपदा तिथिदेखि क्रमशः कला भर्दै भर्दै पूर्णिमा तिथिमा पूर्णकला लिएझैं हाम्रो पुरुषार्थले वार्षिक, अर्धवार्षिक, त्रैमासिक हुँदै सापेक्षित समृद्धि हासिल गरेको छ ।*

हाम्रो पुरुषार्थको पचास वर्षको जीवनकालमा सयवटा पुरुषार्थ प्रकाशित हुने भए । सयवटा पुरुषार्थमा उन्नाईसवटा विशेषाङ्क छन् । ती विशेषाङ्कहरू आयतनका हिसाबले मात्र विशेषाङ्क छैनन्, गुणवत्ताका हिसाबले विशेष ज्ञानभण्डार छन् । अनि छन्, समृद्ध अतीतको रोशनीमा रेसुङ्गा हुँदै हिमालय चुम्न हिंडेको वर्तमानका लागि सहयोगी पथप्रदर्शक । भिन्न-भिन्न विधामा विशिष्ट सामग्रीका साथ निस्केका विशेषाङ्कहरू हुन्-

१. शुभाराज्याभिषेक विशेषाङ्क २. अन्तर्राष्ट्रिय बालवर्ष अतिरिक्ताङ्क ३. समालोचना विशेषाङ्क ४. लुम्बिनी अंचलको साहित्य र साहित्यकार विशेषाङ्क ५. पुस्तकालय विशेषाङ्क ६. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क ७. लेखनाथ अङ्क

८. युवा वर्षाङ्क ९. कथा विशेषाङ्क १०. गुल्मी परिचयाङ्क ११. नेपाली भाषिक संगोष्ठी विशेषाङ्क १२. पत्रकारिता विशेषाङ्क १३. डा. टीकाराम पन्थी विशेषाङ्क १४. भानु विशेषाङ्क १५. किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क १६. कवि प्रयासी स्मृति-अङ्क १७. पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क १८. रुरुक्षेत्र विशेषाङ्क र १९. शताङ्क (हाम्रो पुरुषार्थ) स्वर्ण-जयन्ती विशेषाङ्क ।

हाम्रो पुरुषार्थको पहिलो अङ्क किरण पुस्तकालयको वार्षिक मुखपत्र भनेर २०३० सालमा देवकोटा जयन्तीको अवसरमा प्रकाशित भएको छ । मुद्रक छ नारायण छापाखाना तानसेन । त्यतिखेरको छापाखाना भनेको सिसाका एकएक अक्षर जोडेर फर्मा बनाई त्यसलाई खुट्टाले गुड्ने सानो फलामको मसिनमा राखेर बीच बीचमा मसी थप्दैथप्दै छाप्ने छापाखाना हो । पत्रिका एक सय पृष्ठको निकाल्ने भनेर प्रयास गरेकोमा त्यही पनि सम्भव नभएर कभर पेजबाहेक चौवन्न पृष्ठको मात्र निस्कन सकेको छ । छपाइ भने सफा छ । त्यसको सम्पादकीय अंश छ- नेपाली भाषा र साहित्यको सेवामा जिल्ला र गाउँका कुनाकाप्चाबाट पनि केही योगदान दिन सकियोस् र छिपेका साहित्यकारहरूले आफ्नो प्रतिभाको विकास गर्न पाऊन् भन्ने उद्देश्य लिई पुस्तकालयको आर्थिक अवस्था दयनीय छँदाछँदै पनि "हाम्रो पुरुषार्थलाई" वार्षिक प्रकाशनको रूपमा निकाल्ने प्रयास गरियो ।

दोस्रो अङ्क बनारस, तेस्रो अङ्क गोरखपुर त्यसपछि पटक पटक बनारस हुँदै काठमाडौं पाल्पा गर्दै हाल धेरै जसो अङ्क तम्घासबाटै प्रकाशित भएका छन् ।

वर्ष २७, २०५६ को सम्पूर्णाङ्कमा नित्य नवीनताको नाम हो क्रान्ति शीर्षकमा एउटा सम्पादकीय लेखिएको छ । त्यसको एउटा सानो अंश छ-……… मानवीय चिन्तनमा परम्पराप्रति मोह मात्र होइन, विद्रोह पनि भएका छन् । विद्रोहले चिन्तनलाई एक पाइलो अगाडि बढाउँछ । संसारका महापुरुषहरू सबै विद्रोही थिए, युगान्तकारी थिए । खतरासंग डराउने र चेपारो पार्नेहरू महापुरुष हुन सक्दैनन् । गौतम बुद्धले तत्कालीन कर्मकाण्डी प्रचलनप्रति विद्रोह गरे । जिसस क्राइष्ट विद्रोही थिए । उनले तत्कालीन बहु देवतावादी चिन्तनको विरोध गरे । लेनिन, मार्क्स, गान्धी सबै विद्रोही थिए । सबै क्रान्तिकारी थिए । क्रान्ति भनेको परिवर्तन हो । गोली, बम पड्काएर मान्छे मारेर सत्तामा पुग्दैमा क्रान्ति हुँदैन ।

२०६० सालमा पुग्दै गर्दा वर्ष ३१ को सम्पूर्णाङ्क ४७ मा लेखिएको सम्पादकीय अंश छ-समय दौडिरहन्छ कसैलाई नछोडेर । 'कालो न यातो वयमेव याता' काल होइन हामी जाँदैछौ । काल अविराम छ । हाम्रो भने पूर्णविराम निश्चित छ । कालसँग कुस्ती खेलेर कतिले जिते, कतिले हारे-यसपालि । लेखाजोखा भएन । हार्नेले हारे । जित्नेले अमरत्वको भ्रम पालेर अस्तित्त्वमा उडिरहेछन् धर्तीमाथि ।

२०६६, वर्ष ३७, अङ्क एक सम्पूर्णाङ्क ५५ मा हाम्रो पुरुषार्थ/ हाम्रा पुरुषार्थहरू शीर्षक दिएर आफ्नो सफलतामाथि खुशी हुँदै लेखिएको सम्पादकीय अंश छ- अँध्यारोमा बत्ती बाल्नु हाम्रो पुरुषार्थ हो । बन्जर पाखोमा ज्ञान र अक्षरको खेती गर्नु हाम्रो पुरुषार्थ हो । हाम्रा पुरुषार्थहरू प्रकट बनून् हामीबाटै । लुप्त गुप्त नहुन् हाम्रा पुरुषार्थी श्रद्धाहरू भनेर उदाएको हो-हाम्रो पुरुषार्थ गुल्मीबाट । यसको रापताप पुगेको छ-दार्जिलिङसम्म, गान्तोकसम्म, आसामसम्म र अझै टाढा टाढासम्म । जहाँ नेपाली मन रहन्छन्, नेपाली पन रहन्छन् त्यहाँ त्यहाँसम्म ।

वर्ष ५० अङ्क एक सम्पूर्णाङ्क ९६ कार्तिक-पुस २०७९ को हाम्रो पुरुषार्थमा प्रकृतितर्फ फर्कौं शीर्षकमा सम्पादकीय लेखिएको छ । त्यसमा पाँच भाग छन् । तेस्रो भागमा लेखिएको छ-हो हामीले पढेका छौं-हिरोसीमा र नागासाकीका व्यथाहरू । बुद्धकै देशमा पनि भोग्यौं हामीले बम र बन्दुकका त्रासदीहरू । आफ्नै तपस्याबाट प्राप्त वरदान अर्थात् विज्ञान, त्यसैबाट भस्म हुँदैछौं हामी भस्मासुरहरू, कृतघ्न धुन्धुकारीहरू । हामी प्रकृतिलाई घोडा बनाएर दमाल्न उद्धत छौं तर हामी प्रकृति होइनौं, प्रत्यय हौं । हामी जति माथि उडे पनि बाफ बनेर, अन्ततः थोपा बनेर झर्नुपर्छ यही धर्तीमा ।

*हाम्रो पुरुषार्थ आफ्नो निर्दिष्ट गन्तव्यमा लम्किरहेको छ । भाषागत हिसाबले सहजै बोधगम्य हुँदै गएको देखिन्छ भने विषयवस्तुका हिसाबले पनि चुरे, महाभारत, हिमशृङ्खला हुँदै कैलाशतिरै लम्केको छ ।*

हाम्रो पुरुषार्थका यी पाँचवटा सम्पादकीय अङ्क वार्षिक, अर्धवार्षिक र त्रैमासिक गरेर पचास वर्षमा निस्केका उनान्सयवटा अङ्कबाट लिइएका नमूना अंश हुन् । पहिलोमा लामो वाक्य छ । त्यसमा जिल्ला र गाउंबाट पनि साहित्यको सेवा गर्ने उद्देश्य छ । नयाँ नयाँ प्रतिभाले आफ्नो विकास गर्न पाऊन् भन्ने यसको अन्तर्य हो ।

पछिल्ला पाँचवटा सम्पादकीय अंशहरू पहिलो अंशभन्दा क्रमशः पृथक् पृथक् हुँदै निर्माण भएका छन् । वाक्य गठन क्रमशः चुस्त हुँदै दुरूस्त हुँदै गएका छन् । शब्द चयनमा कुशलता बढ्दै गएको छ । विषयवस्तुको प्रस्तुतीकरण सटीक बन्दै गएको छ । यक्ष प्रश्न यक्ष उत्तरको शैली स्वतः विकसित भएको छ । विषयवस्तुको चयन र प्रस्तुतीकरण आवश्यकता अनुसार भएको छ । समयसापेक्ष पनि छ, कलमसापेक्ष पनि छ । सारसंक्षेपमा भन्नु पर्दा हाम्रो पुरुषार्थ आफ्नो निर्दिष्ट गन्तव्यमा लम्किरहेको छ । भाषागत हिसाबले सहजै बोधगम्य हुँदै गएको देखिन्छ भने विषयवस्तुका हिसाबले पनि चुरे, महाभारत, हिमशृङ्खला हुँदै कैलाशतिरै लम्केको छ ।

हाम्रो पुरुषार्थका नियमित अङ्कहरूले आफ्नो क्रमशः हुने अनिवार्य विकासको अभीष्टलाई प्राप्त गरेका छन् । बीचमा आइपरेका साना तिना व्यवधानलाई निष्ठा र समर्पणको बलले परास्त गरेरै छाडेको देखिन्छ । भूगोलको दूरदराजमा बसेर हाम्रो पुरुषार्थले गरेको पुरुषार्थ प्रशंसनीय छ । यसको विशेष प्रशंसनीय कर्म विशेषाङ्क प्रकाशन हो । तम्घासमा बसेर एउटा होइन, दुईवटा होइन, पचास वर्षको अवधिमा उन्नाईसवटा विशेषाङ्क प्रकाशन गर्नु चान्नेचुन्ने कुरा होइन । उन्नाईसवटा विशेषाङ्क समय सन्दर्भले र नेतृत्वको निष्काम कर्मयोगले हामीलाई प्रदान गरेका उपहार हुन् ।

यो सृष्टि विभिन्न कथा उपकथाको शृङ्खलामा छ । समय सन्दर्भमा कथाले अलिकति विशिष्ट माग पनि राख्दछ । अन्तर्राष्ट्रिय बाल वर्षको सन्दर्भले बालकथा कथेर बालमहिमा गानको माग गर्‍यो । हाम्रो पुरुषार्थले अन्तर्राष्ट्रिय बाल वर्षमा अतिरिक्तांक निकालेर बाल महिमा गाइदियो । त्यस्तै समयको मागमा कहिले समालोचना, कहिले पुस्तकालय, कहिले युवा वर्ष त कहिले कथा विशेषाङ्क पनि प्रकाशित भए ।

जन्मले नवौं वर्ष हुन लाग्दा कथाले आफू रहेको अंचल लुम्बिनी अञ्चलको साहित्य र सहित्यकारको इतिवृत्त माग गर्‍यो । इतिहास खोदल्नुपर्ने काम सामान्य थिएन तर प्रकाशनले सामान्य बनाइदियो । विशद इतिवृत्त संगालेर विशेषाङ्क प्रकाशित भयो । यसमा प्रकाशित सामग्रीलाई हेर्दा यो काम जोसुकैले जसरी तसरी गर्न सक्ने देखिदैन । यसमा यति प्रशस्त खोजी भएको छ– अंचलको पहाड, मधेश, गाउँबेशी, सहर बजार जहाँसुकै साहित्य, साहित्यिकता र सहित्यकारलाई लाइट बालेर खोजिएको छ । डा. टीकाराम पन्थी, वामदेब पहाडी, हीरामणि शर्मा, वनमाली निराकार, रमेशचन्द्र उपाध्याय, कृष्ण ज्ञवाली, दीन पन्थी, मदनप्रसाद दवाडी, विनय कुमार कसजू, सान्दाइ, गोकर्णराज शास्त्री, भेषबहादुर कुँवर, शिवभक्त शर्मा, शशि पन्थी, सुदीप वागची, भूपति ढकाल, लक्ष्मीकान्त पन्थी, अर्जुन ज्ञवाली, लाटो साथी, जगतबहादुर जोशी, चोलेश्वर शर्मा, मेघराज शर्मा तथा भारद्वाजका जवर्दस्त कलम यसमा छन् । यहाँ पस्किएका सामग्रीहरूलाई पृथक्पृथक् गरेर निरूपण गर्न यस सानो लेखमा सम्भव नभएकोले क्षमाप्रार्थी छु ।

यसमा काशी हिन्दु विश्वविद्यालयका प्राध्यापक डिल्लीराज तिम्सिनासितको अन्तर्वार्ता पनि प्रकाशित छ । त्यसमा उनले भनेका छन्–अबका साहित्यकारले स्वयम् द्रष्टा भएर मात्र सास फेर्ने अवस्था छैन ।

पत्रिकाको नवौं वर्ष २०३९ साल असोज महिनामा साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको निधन भयो । सम्पूर्ण सहित्यानुरागी शोकाकुल भए । शोकको घडीमा कथाले आँसु पुछ्नका लागि बी.पी.. स्मृति अङ्क माग्यो । समयको मागलाई

सम्बोधन गर्दै आएको हाम्रो पुरुषार्थले मूर्धन्य साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको स्मृति अङ्क प्रकाशित नगर्ने कुरै भएन । प्रकाशित गर्‍यो । प्रकाशित अङ्क साहित्यकार विश्वेश्वरप्रसाद कोइरालाको कालजयी साहित्यलाई आफ्नो पुरुषार्थमा सम्यक् प्रस्तुत गर्न सफल छ । यसमा बीपीको अनमोल साहित्यलाई पस्कन सिद्धहस्त लेखकहरू केदारमान व्यथितदेखि मोहन कोइराला, कमल दीक्षित, कोषराज न्यौपाने, रामप्रसाद ज्ञवाली, नारायण ज्ञवाली, कुलचन्द्र कोइराला, दुर्गाप्रसाद अर्याल, हरिप्रसाद शर्मा, श्रीकृष्ण गौतमहरू तँछाड मछाडसित हाजिर छन् । यस अङ्कमा स्वयम् बीपीको 'साहित्यमा प्रगतिशीलता' शीर्षकको लेख पनि साभार गरिएको छ । बीपीको स्मृति अङ्कको बरेमा दुई शब्द लेखिरहँदा म मूल पाठ पढेरै आफूलाई चाहिने खुराक लिन पल्केका प्रबुद्ध पाठकहरूलाई एउटा कनिकुथी टीका लेखेर अल्मलाउन चाहन्न । बरू, त्यसै अङ्कमा उही उज्यालोको स्मृतिमा शीर्षक दिएर प्रकाशित कवितात्मक सम्पादकीयलाई उद्धरण गरेर बिट मार्न चाहन्छु–

**जुन तारा भर्खरै अस्ताएर गयो**
**जसको उज्यालो प्रकाशमा–हामी हाम्रा बाटाहरू**
**भेटाएर दगुर्‍यौं**
**अस्ताचलमा पुग्दासम्म प्रकाश दिएर जाने**
**त्यस उज्यालो तारालाई**
**त्यसको सृजनालाई, कलालाई, साहित्यलाई,**
**हामी हाम्रा सम्झनाका गोरेटाहरूमा कुदाउँछौं**
**हामी हाम्रा नयननीरका दहहरूमा डुबाउँछौं**
**हामी हाम्रा साहित्यका पानाहरूमा सजाउँछौं,**
**फूल बन्लान् स्मृतिहरू कलामा मधुप्याला**
**स्वतन्त्र पंक्षी गगन चिर्दै स्मृति लिएर उड्ला**
**अभिव्यक्तिका पर्दा खुल्लन् ए ! स्वतन्त्र सेनानी**
**गुलामीका यी जन्जिर टुट्लान् हे ! स्वाभिमानी**
**क्षितिजसम्म चौडा लक्ष्यहरू नबिर्सिऊन्**
**नबिर्सियोस् सूर्यको प्रकाश रात परे पनि**
**केवल सम्झनाको एक थुंगा र श्रद्धाको एक मुठी पानी**

२०६२ सालमा पत्रिकाको पचासौं सम्पूर्णाङ्क निकालिरहंदा कथाले पत्रकारिता अङ्क माग्यो । प्रकाशनले भरमग्दुर प्रयत्न गरी पत्रकारिता विशेषाङ्क पनि निकाल्यो ।

यसको सम्पादकीयमा एउटा विशेष वाक्य छ-पत्रकारिता अब जर्नालिज्म मात्र नभएर 'जर्नोलजी' बन्न पुगेको छ ।

प्रकाशनले यस वाक्यगत मनसायलाई अगाडि राखेर प्रशस्त सामग्री जोहो गरेको छ । पत्रकारिताका महारथीहरू र आम संचारका विशेषज्ञहरूको ज्ञान र शिल्प यसमा मुद्रित छ । यस सानो लेखमा यसको विस्तृत चर्चा सम्भव छैन । पत्रकारिताका विद्यार्थीहरूका लागि यो विशेषाङ्क अत्यन्त महत्त्वपूर्ण पाठ्यपुस्तक हुनसक्छ ।

समयक्रममा २०६६ साल आउँछ । पत्रिकाको ३८ वर्ष हुन्छ । कथाले माग्छ-साहित्यमा विद्वत्ता । प्रकाशनले भरमग्दुर प्रयत्न गरेर त्यो माग पनि पूरा गर्दै हामीलाई डा. टीकाराम पन्थी विशेषाङ्क दिन्छ । यो अङ्क ग्रंथाकारमा छ । एक सय चौबीस जना कलमवीरले डा.पन्थीको विद्वत्ता, प्रकाशित कृति र जीवनवृत्तबारे प्रशस्त कलम चलाएका छन् । यसमा समकालीन विद्वान्हरू डा. मोदनाथ प्रश्रित, डा. स्वामी प्रपन्नाचार्य, प्रा. गोपीकृष्ण शर्मा, प्रा.डा. विष्णुराज आत्रेय, पं. परशुराम उपाध्याय पन्थी आदि हुनुहुन्छ ।

*पत्रकारिताका महारथीहरू र आम संचारका विशेषज्ञहरूको ज्ञान र शिल्प यसमा मुद्रित छ । यस सानो लेखमा यसको विस्तृत चर्चा सम्भव छैन । पत्रकारिताका विद्यार्थीहरूका लागि यो विशेषाङ्क अत्यन्त महत्त्वपूर्ण पाठ्यपुस्तक हुनसक्छ ।*

यसको सम्पादकीयबाट संस्कृत व्याकरणका अनन्य विद्वान् डा .पन्थी नेपाली भाषा, साहित्य र संस्कृतिका पनि स्रष्टा द्रष्टा र अनुसन्धाता हुनुहुन्थ्यो भन्ने पंक्तिलाई साभार गर्दै म उहाँलाई मूर्धन्य वैयाकरण शब्दले सम्बोधन गर्न चाहन्छु । यस विशेषाङ्कको बारेमा सानोतिनो पनि टीका तथा भाष्य लेख्ने धृष्टता गर्दिनँ । किनभने, अल्पज्ञानले त्यो क्षमता रख्दैन । म यति ढुक्क भन्न सक्छु-डा. टीकाराम पन्थी संस्कृत व्याकरणका अनुसन्धाताका लागि सम्पूर्ण विद्वान् हुन् ।

त्यस्तै २०७७ सालमा पुग्दा पुरुषार्थको ४८ वर्षमा सम्पूर्णाङ्क ८९ हुँदा पं. भीमकान्त पन्थी शतवार्षिकी स्मृति विशेषाङ्क प्रकाशित भएको छ । यो पनि ग्रंथाकारमा छ । विशेषाङ्कमा प्रकाशित सामग्रीहरूका आधारमा भीमकान्त पन्थी सिद्धहस्त कवि र प्रकाण्ड विद्वान् हुनुहुन्छ । उहाँको प्रतिभाको बारेमा योगी नरहरिनाथले पनि कलम चलाउनुभएको छ । प्रा.डा. वेणीमाधव ढकाल, प्रा.डा. विष्णुराज आत्रेय, प्रा.डा. टीकाराम पन्थीलगायत थुप्रै विद्वान्हरूको कलम छ यसमा । यस महान् ग्रन्थमा पनि हल्काफुल्का टिप्पणी गर्ने धृष्टता नगर्दै र तलको सम्पादकीय अंशलाई उल्लेख गर्दै बिदा हुन्छु -

उनी कालीदास, श्रीहर्ष, माघ र भारविका समतुल्य हुन् । पण्डित हुन्, पूर्वीय वाङ्मयका स्रष्टा हुन्, मर्मस्पर्शी काव्यकार हुन् उनी । ज्योति हुन् उनी-ज्ञानका, विचारका, आचारका, संस्कृतिका । त्यस उज्यालोमा आज हामी देख्छौं हाम्रा लागि स्पष्ट र ज्योतिर्मय बाटाहरू ।

समय अघि बढ्दै गर्दा कथाले पनि फरक-फरक कथा माग्दो रहेछ । फरक-फरक माग पनि पुस्तकालयले जसरी-तसरी पूरा गरेको छ । माग अनुसार कहिले युवावर्ष अतिरिक्तांक त कहिले कथा विशेषाङ्क, कहिले गुल्मी परिचयांक, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क, भानु विशेषाङ्क आदि विशेष अङ्कहरू यसले प्रकाशित गरेको छ । शुरू अङ्कदेखि स्वर्ण-जयन्तीसम्मका अङ्कहरूलाई सर्सर्ती हेर्दा हाम्रो पुरुषार्थ पचास वर्षको अवधिमा निकै पाको हुन पुगेको देखिन्छ । तबसम्ममा यसलाई आफ्नो स्पष्ट गन्तब्यबोध भएको छ । यसलाई हाम्रो पुरुषार्थ वर्ष ४८, २०७८ को सम्पूर्णाङ्कमा लेखिएको तलको सम्पादकीय अङ्कले पनि प्रष्ट गर्दछ -

वाङ्मयको विकासमा पुस्तकालयको योगदान अविदित छैन । पुस्तकालय पुस्तक आदान प्रदान र पठन पाठनमा मात्र सीमित छैन । प्रकाशनमा पनि हाम्रो पुरुषार्थका ९१ पुरुषार्थहरूले नेपाली भाषा-वाङ्मयमा एउटा छाप छोडेका छन् । भाग्य हाम्रो हातमा छैन । पुरुषार्थ हाम्रो हातमा छ । हाम्रो पुरुषार्थ अलिकति स्वच्छन्दता, अलिकति उदारता, अलिकति परिस्कार र अलिकति मर्यादाको राजपथमा सुस्तरी हिंडिरहेछ । एउटा इतिहास यसले पनि बनाएको छ ।

हाम्रो पुरुषार्थमा वर्ष ५० अङ्क १ सयसम्म सम्पादक बनेर कृतिमानी बनाउनेमा शशि पन्थी छन् । त्यस्तै तेस्रो वर्षदेखि निरन्तर सहायक सम्पादक हुँदै सह-सम्पादक छन् दीन पन्थी । शुरूका एक दुई अङ्कमा शशि पन्थी प्रधान सम्पादकमा र चिरन्जीवी शर्मा सम्पादकमा छन् । त्यसपछिका अङ्कमा भुवनप्रसाद अर्यालको नाम सहायक सम्पादकमा आएको छ । पछिल्ला अङ्कमा सहयोगी मण्डल भनेर गोपाल पन्थी, राधा पन्थी, हिमकला राना र ईश्वर वि.क.का नाम छन् । साधुवाद छ स्वच्छ कृतिमानी बनाउने यी पुरुषार्थीहरूलाई ।

अन्तमा पुस्तकालय भनेको निष्काम कर्मयोग हो । यसबाट अर्थोपार्जन हुन्छ भन्ने छैन । यस्तो निस्पृह काम गरेर उदात्त समाजसेवा गर्ने निष्काम कर्मयोगी किरण पुस्तकालय परिवारलाई साधुवाद दिंदै र तलका अतिरिक्त प्रकाशनका लागि अतिरिक्त साधुवाद दिंदै बिदा ।

| क्र.सं. | पुस्तकको नाम | लेखक |
| --- | --- | --- |
| १. | सन्त शशिधरको बाणोपनिषद् (२०३३) | स्वामी शशिधर |
| २. | रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) | महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसाल |
| ३. | केही जनश्रुतिहरू (२०४२) | डा. टीकाराम पन्थी |
| ४. | रुरुक्षेत्र (२०४३) | केशवप्रसाद पौडेल |
| ५. | नेनेपालः (२०४४) | डा. टीकाराम पन्थी |
| ६. | बुद्धस्मरणम् (२०५४) | डा. टीकाराम पन्थी |
| ७. | मेरो देश नेपाल (२०५४) | मुकुन्दहरि ज्ञवाली |
| ८. | गुल्मीको ऐतिहासिक झलक (२०५५) | डा. राजाराम सुवेदी |
| ९. | मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८) | मोदनाथ प्रश्रित |
| १०. | सांस्कृतिक चिन्तन (२०६२) | डा.टीकाराम पन्थी |
| ११. | अर्वाचीन रेसुङ्गा (२०६४) | डा. टीकाराम पन्थी |
| १२. | तपोभूमि रेसुङ्गाधाम (२०६७) | परशुराम उपाध्याय पन्थी |
| १३. | ग्रहविमर्श (२०६८) | अर्जुनप्रसाद भट्टराई |
| १४. | काव्यमालिका (२०७५) | डा. लक्ष्मीकान्त पन्थी |
| १५. | आधा जिस्ता (२०७६) | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६. | हुटिट्याउँको मन (२०७६) | दीन पन्थी |
| १७. | अमृतपान (२०७६) | विष्णुप्रसाद खनाल |
| १८. | गजल चालीसा (२०७७) | मनबहादुर खत्री 'मनु' |
| १९. | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७) | प्रा.डा. बाबुराम ज्ञवाली |
| २०. | हाम्रो भौगोलिक इतिहास | युवराज भुसाल |

मलाई पूर्ण विश्वास छ–हाम्रो पुरुषार्थले गरेको पौरख भावी सन्ततिका लागि सदा–सदासम्म मस्तिष्कको आहार हुनेछ ।

**लेखक, प्रेस स्वतन्त्रता सेनानी हुन् ।**

ooo

// लेख //

# हाम्रो पुरुषार्थ र डा.टीकाराम पन्थी



चन्द्रकान्त आचार्य

"हाम्रो पुरुषार्थ"को पचासौं अङ्क स्वर्ण अङ्कको रूपमा प्रकाशित हुने कुरा जनाउँदै एउटा रचना तयार गरिदिन मित्र शशि पन्थीले मलाई फोनमा भन्नुभयो । यस खबरले मलाई अत्यन्त हर्षित तुल्याएको छ । विक्रम संवत् २०२५ सालमा स्थापित गुल्मी तम्घासको किरण पुस्तकालयले केही वर्षपहिले स्वर्ण महोत्सव मनाएको र त्यस पुस्तकालयको मुखपत्र हाम्रो पुरुषार्थको भव्य विशेषाङ्क निस्केको हो ।

शशि पन्थी शिक्षक, प्राध्यापक हुनुका साथै नेपाल रेडक्रस सोसाइटीको राष्ट्रिय तहसम्म अनवरत सेवा पुऱ्याएका सक्रिय समाजसेवी हुनुहुन्छ । त्यो ठूलो कार्यसहित आफ्नो नियमित अध्यापन सेवाको अतिरिक्त किरण पुस्तकालयलाई सुचारु रूपले सञ्चालन गर्दै स्तरीय त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ' निरन्तर प्रकाशित गर्दै आएका शशि पन्थी अत्यन्त लगनशील व्यक्ति भएको कुरा बताइरहन नपर्ला । सह-सम्मदक दीन पन्थी र अन्य मित्रहरूको त्यत्तिकै ठूलो लगानी हाम्रो पुरुषार्थमा छ ।

गत वर्ष (२०७९) माघ महिनाको अन्ततिर देशभरि नै प्रतिवर्ष कार्यक्रम गर्ने प्रक्रियामा लोकवार्ता परिषद्ले पाल्पा, गुल्मी र अर्घाखाँचीमा लोकवार्ता कार्यक्रम सञ्चालन गर्ने तयारी गरेको थियो । काठमाडौंबाट आएको हाम्रो २०-२२ जनाको टोली दुई दिन पाल्पामा कार्यक्रम सकेर गुल्मी जाँदै थियो । रिडीमा कार्यक्रम सकेर १२ बजेतिर नै काठमाडौंबाट आएको टोली पुग्ने प्रतीक्षामा जिल्लाका धेरै टाढासम्मका सांस्कृतिक टोलीका कलाकारसहित धेरै भद्रजनहरूको उपस्थिति र झकिझकाउ स्वागतद्वारहरूले सजिएको तम्घास नगरी प्रतीक्षारत थियो । यता काठमाडौंको टोली रिडीमा उपस्थित त्यस्तै टाढा टाढाबाट आएका सांस्कृतिक टोलीसँग बिदा हुन सकेको थिएन । यस जिल्लाको दुर्गम ठाउँमा बस्ने विभिन्न जात-जातिका जनताको लोक संस्कृति र कलाकारिताले सबैका मन तरंगित थिए । १२ बजेदेखि प्रतीक्षित धेरै टाढाका टोलीहरूले तम्घासमा ५-६ बजेतिर मात्र सांस्कृतिक झाँकीसहित सुन्दर कला प्रस्तुत गर्न पाए । त्यसरी शुरू भएको

दुई दिने कार्यक्रम जसरी भव्यतासँग सम्पन्न भयो र बाहिरबाट आउने मित्रहरूले जुन मीठो र भव्य आतिथ्य प्राप्त गरे त्यो अनुपम थियो । त्यस्तो भव्य, शालीन र रमणीय व्यवस्थापन संयोजक मित्र शशि पन्थी र किरण पुस्तकालयका अन्य मित्रहरूको सक्रियतामा सम्पन्न भएकाले तम्घासमा सञ्चालन गरिने धेरै कार्यक्रममा किरण पुस्तकालयकै विशेष सक्रियता हुने अनुमान गर्न सकिन्छ । यो सबै सक्रियता देश देशान्तर पुऱ्याउने माध्यम हाम्रो पुरुषार्थ हो जसले आफ्नो सक्रियताका पचास वर्ष मनाउन यस स्वर्ण विशेषाङ्कमा आफ्ना सय अङ्कको विवरण प्रस्तुत गर्ने जमर्को गर्दैछ ।

विभिन्न विद्वान्हरूका गहकिला कृति प्रकाशित गर्दै अत्यन्त राम्ररी सञ्चालित किरण पुस्तकालय देशभरिका अन्य पुस्तकालयहरूभन्दा अघि नै रहेको बुझ्न सकिन्छ । हाम्रो पुरुषार्थ राष्ट्रियस्तरका पत्रिकामा गनिन्छ । यसका लागि अहोरात्र खटेर काम गर्ने मित्र शशि पन्थीले अब हाम्रो पुरुषार्थ प्रकाशनका पचास वर्ष पूरा भएको उपलक्ष्यमा स्वर्णवर्ष विशेषाङ्कको रूपमा निकाल्ने हुँदा यसका कुनै अङ्कमा केन्द्रित भएर रचना तयार गरिदिन मलाई भन्नुभएकाले धन्यवाद दिदै मैले हाम्रो पुरुषार्थका मसँग भएका विभिन्न अङ्कमा दृष्टि पुऱ्याएँ । तीमध्ये २०६७ कार्तिकमा निस्केको सम्पूर्णाङ्क ५६ डा. टीकाराम पन्थी विशेषाङ्कमाथि मेरो दृष्टि स्थिर भयो ।

*तम्घासमा सञ्चालन गरिने धेरै कार्यक्रममा किरण पुस्तकालयकै विशेष सक्रियता हुने अनुमान गर्न सकिन्छ । यो सबै सक्रियता देश देशान्तर पुऱ्याउने माध्यम हाम्रो पुरुषार्थ हो जसले आफ्नो सक्रियताका पचास वर्ष मनाउन यस स्वर्ण विशेषाङ्कमा आफ्ना सय अङ्कको विवरण प्रस्तुत गर्ने जमर्को गर्दैछ ।*

डा. टीकाराम पन्थी मेरा गुरु हुनुहुन्छ । सन् १९६० /६१ अर्थात् संवत् २०१७/१८ तिर बनारसमा पूर्व मध्यमा दिने धेरै नेपाली विद्यार्थी धेरै वर्षदेखि साहित्यिक हिन्दीमा अनुत्तीर्ण भएर अगाडि बढ्न नसकेको अवस्था रहेछ । टीकाराम गुरुले हिन्दी पढाउन शुरू गर्नुभएको र निजका मित्र मेरा दाइ ज्ञानहरि आचार्यले गत वर्षहरूमा कसरी प्रश्न सोधिने रहेछन् भनी प्रश्नपत्रहरूको अध्ययन गरी सोध्न सकिने निबन्धका विषय अनुमान लगाएर तत्तत् विषयमा निबन्ध तयार गराई उत्तीर्ण गराउने प्रथा बसेको रहेछ । त्यसै क्रममा सन् १९६३ मा यो पंक्तिकार पनि बनारसको बालाजीस्थित हरिहर संस्कृत महाविद्यालयको कक्षमा गुरु टीकाराम पन्थीसंग हिन्दी पढ्ने सौभाग्य प्राप्त गर्न पुगेको हुन्छ । गुरुले व्याकरण विषयबाट आचार्य परीक्षा दिइसक्दा नव्य न्याय दर्शनका मुक्तावली सबै खण्डहरू (प्रत्यक्ष, अनुमान

र शब्द खण्ड) पढिसक्नुभएको रहेछ र नव्य न्याय दर्शन मुख्य विषय लिएर पूर्व मध्यमा दिन लागेकाले उक्त मूल विषय पनि गुरुसंग नै पढ्ने सौभाग्य मलाई मिलेको हो ।

त्यस समयमा संस्कृत पढ्ने नेपालीहरूले पूर्व मध्यमापछि हाई स्कूलतिर फड्को मार्ने चलन बढेको थियो । त्यसरी हाई स्कूल दिनेहरूका लागि एक अध्ययन वर्ष अर्थात् आठ नौ महिनाको समयमा एकै पटक शुरूदेखि अंग्रेजी र गणित विषय तयार गर्नु अत्यन्त कठिन कार्य हुन्थ्यो । त्यसको साथै अरू तीन चार विषय पनि हुन्थे । त्यसैले कठिन विषय पढाएर सबैलाई आफ्नो क्षमताअनुसार प्रथम या अन्य श्रेणीमा भए पनि उत्तीर्ण गराउन दुई मित्रहरू टीकाराम पन्थी र ज्ञानहरि आचार्य तयार भए । व्याकरणका मूर्धन्य विद्वान् गुरु टीकारामले सहज रूपमा विद्यार्थीहरूले बुझ्ने गरी अंग्रेजीको ग्रामर पढाउन शुरू गर्नुभयो भने संस्कृतबाट अंग्रेजी र त्यसबाट पनि विज्ञान विषयतिर फड्को मारेका ज्ञानहरि आचार्यले शुरूदेखि सरल तरिकाले गणित विषय पढाइदिन लागेकाले प्रखर र कमजोर सबै खाले विद्यार्थीले आफ्नो क्षमता अनुसारको श्रेणीमा हाई स्कूल उत्तीर्ण गर्ने वातावरण बन्यो ।

हरिहर संस्कृत महाविद्यालयमा संस्कृत र हिन्दी पढाउने मात्र नभएर बाहिर अंग्रेजीसमेत पढाउने गुरु टीकाराम पन्थीले आफ्नो मूल विषय व्याकरणबाट कहिल्यै विश्राम लिनुभएन । आचार्यपछि विद्यावारिधितर्फ अनुसन्धानात्मक कार्यमा लागेर सम्पूर्णानन्द संस्कृत विश्वविद्यालय, वाराणसीबाट २०२४ सालमा उहाँले विद्यावारिधि उपाधि हासिल गर्नुभयो । यसरी विद्वान् गुरु डा. टीकाराम पन्थी बन्नुभयो ।

गुरु डा. टीकाराम पन्थीको निधन भएका केही वर्षपछिको कुरा हो काठमाडौंबाट प्रत्येक अङ्क कुनै विधागत रूपमा निस्कने वैजयन्ती पत्रिकामा विशेष व्यक्तिहरूका व्यक्तित्वसम्बन्धी अङ्क प्रकाशित हुन लागेको रहेछ । मलाई पनि त्यस्ता कुनै व्यक्तिको बारेमा लेख्न अनुरोध गरिएको थियो । मैले आफ्नै गुरुमा विशिष्टता देखें र डा. टीकाराम पन्थी आधुनिक युगका एक महर्षि भन्ने शीर्षक दिएर एउटा रचना तयार गरें । त्यस रचनाले त्यो अङ्कको सर्वोत्कष्ट रचना भनेर मलाई सम्मान उपलब्ध गरायो । अहिले पनि हाम्रो पुरुषार्थको स्वर्ण अङ्कमा समावेश गर्न मैले आफ्नो श्रद्धाका पात्र गुरु डा. टीकाराम पन्थीलाई सम्झें र त्यो विशेषाङ्कभित्र म प्रवेश गरें ।

विश्वको सुन्दर देश नेपालमा सुन्दर नगरी पोखराबाट देखिने हिमालहरूलाई पछ्याउँदै पश्चिम लाग्ने हो भने माछापुच्छ्रे, अन्नपूर्ण, धौलागिरि हुँदै रमाइलो

संसारमा हराइन्छ । तर ती हिमालका काखमा हरिया पर्वत शृङ्खला अझ सुन्दर देखिन्छन् । ती उच्च शृङ्खलाहरूका बीचमा रहेकाछन् पवित्र धाम मुक्तिनाथ, दामोदर कुण्ड, गलेश्वर, रुरुक्षेत्र आदि पवित्र स्थलहरू जहाँबाट पवित्र काली गण्डकी बग्दै हिमालयको सन्देश लिएर दक्षिणमा भागीरथी गङ्गासंग समाहित हुन पुग्दछिन् । दक्षिणबाट उत्तरतिर हेर्दै तराइको मैदानमा उँभिदा हामी भेट्दछौं शान्तिका अग्रदूत भगवान् गौतम बुद्धको जन्मस्थान लुम्बिनी । यसै पवित्र स्थलबाट अझ उत्तर लाग्दा तिनै सुन्दर पहाडी शृङ्खला देखिन्छन् र तिनैमध्ये गुल्मीको तपोभूमि रेसुङ्गालाई केन्द्रविन्दु बनाउँदा उत्तर पश्चिम फेदीमा भेटिन्छ सुन्दर प्रकुतिले भरिएको मनेंरम भूभाग भाडगाउँ । गुल्मी जिल्लाको सदरमुकाम तम्घासको नजिक रहेको यो गाउँ कृषि उब्जनीमा अगाडि छ र यहाँको सुन्तला खेतीले जिल्लामा माात्र होइन टाढा टाढासम्म प्रसिद्धि कमाएको छ । यस गाउँमा बीसौ शताब्दीको शुरूतिर एक जना कर्मयोगी सन्त पुरुष मुक्तिराम उपाध्यायको परिवार रहेको थियो । त्यसै परिवारमा संबत् १९९३ आषाढ १२ गतेका दिन माता कुन्तादेवीको कोखबाट एउटा बालकको जन्म हुन्छ । पन्थी थरका पिता मुक्तिराम र माता कुन्तादेवीका त्यस पुत्रको नाम रहन्छ टीकाराम ।

मुक्तिरामको परिवारमा टीकारामभन्दा पहिले जन्मेका दाजु भेषराज हुन्छन् । यसरी आफ्नो बाल्यकालको सुमधुर जीवनमा टीकारामले दाजु भेषराजलाई साथीको रूपमा भेटाउँछन् र यिनीहरूका दिन रमाइलोसँग खेलेर बित्दछन् । पाँच छ वर्षको उमेरमा नै अक्षरारम्भ गराएर चण्डीसमेत पढाइएको हुन्छ भने सात वर्षको उमेरमा ब्रतबन्ध गरेर छोरा टीकारामलाई पिता मुक्तिरामले वेदको अध्ययन शुरू गराउनुहुन्छ । हुने बिरूवाको चिल्लो पात भने जस्तै चण्डीका श्लोकहरू एक पटक पढेपछि कण्ठस्थ हुने र वेदका ऋचाहरूलाई नियमित तरिकाले पाठ गर्न सक्ने उनको क्षमता शुरूमा नै देखियो र यिनी मेधावी बालक ठहरिए । यस्ता मेधावी छात्रलाई घरमा पढाएर नहुने ठानी कर्मयोगी पिताले यिनलाई अर्घाखाँची भ्वाँग निवासी आफन्त पण्डित गोविन्दप्रसाद मरासिनीकहाँ पठाए ।

अहिलेको अर्घाखाँची त्यस बेला गुल्मी जिल्लामा पर्दथ्यो । आध्यात्मिक साधनाका महर्षिहरू जन्मेको पुण्यभूमिको रूपमा त्यस क्षेत्रलाई लिइन्थ्यो । अर्घा वामरूक भन्ने ठाउँमा धनन्जय गोत्रका मरासिनी थरमा जन्मेका महायोगी शशिधर स्वामीले गुल्मीको रेसुङ्गामा तपस्या गर्नुभएको र उहाँका पुत्र आबाल ब्रह्मचारी लक्ष्मीनारायण स्वामीले पनि उक्त तपोभूमि रेसुङ्गालाई नै कर्मक्षेत्र बनाएकाले मरासिनी वंश र तपोभूमि रेसुङ्गाको आत्मीय संबन्ध छ । यसै तपोभूमिको छत्र छायाँमा हुर्कदै गरेका मेधावी बालक टीकाराम पनि त्यसै वंशको गुरुकुलमा प्रवेश गर्दछन् । तिनको प्राथमिक शिक्षाको निरन्तरताको रूपमा गुरु गोविन्दप्रसादबाट

लघुकौमुदी पढाउन शुरू गरिन्छ । खिदिममा हरिहर संस्कृत पाठशाला खुल्नुभन्दा पहिले त्यस क्षेत्रमा पढेका विद्वान् पण्डित गोविन्दप्रसाद मरासिनी हुनुहुन्थ्यो र धेरै अध्ययनशील युवाहरू भ्याँग गएर गुरुकहाँ बसी विद्या आर्जन गर्दथे । त्यसै समयमा टीकारामले गुरुसँग लघुकौमुदी पढे । त्यस समयमा छोराहरूलाई पढाउनुपर्छ भन्ने चेतना विकसित हुन लागेकाले ठाउँठाउँमा बुद्धिजीवी तथा भद्र भलाद्मीहरूले दलाने पाठशाला खोलेर छोराहरूलाई पढाउन शुरू गरेका हुन्छन् ।

शशिधर स्वामीका भाइ प्रेमनारायणका छोरा मणिराम मरासिनीले खिदिम आई आध्यात्मिक ज्ञान र शिक्षाको प्रचार प्रसार गर्दै गृहस्थी जीवन बिताउनुभयो । पछि मणिरामका छोरा परीक्षिततिरका नाति दधिराम मरासिनी काठमाडौंमा पढेर महापण्डित हुनुभयो । खिदिम घर भै बर्दियामा ठूलो मौजाका मालिक बनेका आफ्ना शिष्य हरिहर गौतमलाई विद्यार्थीहरूलाई खाने बस्ने सुविधासहित गुरुकुल प्रणालीको महाविद्यालय खोल्न दधिराम मरासिनीले सल्लाह दिएअनुसार तत्कालीन गुल्मीको खिदिम र भारतको वाराणसीमा हरिहर संस्कृत पाठशाला खोलिएका हुन् । त्यसरी १९९४ सालमा खिदिममा खोलिएको संस्कृत पाठशालामा मध्यकौमुदीको पढाइ हुने र त्यसपछि बनारस पठाइने प्रावधान हुँदा मेधावी छात्र टीकाराम पन्थी २००८ सालमा खिदिम हरिहर संस्कृत पाठशालामा भर्ना हुन्छन् । त्यहाँ रहँदासम्म उनले व्याकरण विषयका प्राध्यापक पं. घनश्याम पौडेल (मोदनाथ प्रश्रितका पिता)का सान्निध्यमा रहेर मध्यसिद्धान्त कौमुदी पढे र २०११ सालमा उनी वाराणसी स्थित हरिहर संस्कृत पाठशालामा अध्ययन अघि बढाउन भारतको बनारस गए ।

खिदिममा मध्यसिद्धान्त कौमुदी पढेर बनारस आउनेहरूलाई भागीरथी नदीको किनारामा रहेको बासस्थानसहित गुरुकुल प्रणालीको हरिहर संस्कृत महा विद्यालयमा बस्ने खाने र अध्ययन गर्ने व्यवस्था थियो । त्यसै व्यवस्थामा रहेर गुरु पं. श्रीकृष्णमणि त्रिपाठीको सान्निध्यमा टीकारामले अन्य सहपाठी मित्रहरूसहित सिद्धान्त कौमुदी र अन्य सम्बन्धित विषयका किताबहरू पढे र संवत् २०१३ मा पूर्व मध्यमा र २०१५ मा उत्तर मध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गरे ।

बनारसमा त्यस समयमा खिदिमबाट आउनेहरू प्रति वर्ष थपिदै गए । त्यसरी आउनेहरूमध्ये अर्घाखाँची वाङ्लाका ज्ञानहरि आचार्य (यस पंक्तिकारका दाइ) संग टीकाराम पन्थीको मित्रता भयो र पूर्व मध्यमालाई यू पी बोर्डले अंग्रेजीतिरको हाई स्कूल सरहको मान्यता दिएको कुरा अवगत गरेर हाई स्कूलसमेत दिन लागेका ज्ञानहरि, ढुण्डिराज, बाबुहरि आदिको सान्निध्यमा रहँदा व्याकरणमा ठूलो विद्वत्ता हासिल गर्न लागेका टीकाराम पन्थीले अंग्रेजीतिर पनि हाई स्कूल दिए र

पछि आइ.ए समेत उत्तीर्ण गरे । उता संवत् २०१७ मा शास्त्री र २०२० मा व्याकरण विषयमा आचार्य प्रथम श्रेणीमा उत्तीर्ण गरी उनी व्याकरणका विद्वान् बने ।

मेधावी शिष्य टीकारामको क्षमता गुरु श्रीकृष्णमणि त्रिपाठीलाई तत्काल अवगत भएको हो र उत्तर मध्यमा परीक्षा दिनेबित्तिकै टीकाराम पन्थीलाई हरिहर संस्कृत महाविद्यालय, वाराणसीमा संस्कृत र हिन्दी पढाउने दायित्व सौंपिएको हो ।

गुरु टीकाराम सानैदेखि विलक्षण प्रतिभाशाली हुनुहुन्थ्यो । खिदिममा मध्यकौमुदी पढाउने विद्वान् गुरु घनश्याम पौडेल टीकारामलाई श्रुतिधर भन्नुहुन्थ्यो । बनारसमा पूर्व मध्यमा परीक्षा दिने समयमा नै आफूलाई असंगत लाग्ने विषयमा संस्कृतमा कविता लेखेर सम्बन्धित ठाउँमा टाँसिदिदा ठूला विद्वान्हरू पनि अचम्म पर्दथे । त्यस्ता प्रतिभाशाली व्यक्ति पढेर अघि बढ्दै जाँदा वाराणसीका विद्वत् सभाहरूमा गुरुको चर्चा हुन लागेको थियो । सानैं उमेरका व्यक्तिबाट संस्कृतका निकै ठूला विद्वत्ताका कुरा हुँदा कतै यिनले घोकेर ल्याएका सामग्री हुन् कि भन्ने चर्चा विद्वान्हरू बीच चल्दा तत्क्षण प्रासङ्गिक कविताहरू संस्कृतमा लेखिदिने र कुनै पनि विषयमा शास्त्रार्थको लागि तयार हुने गुरुको स्वभावबाट वाराणसीका विद्वत्वर्ग परिचित हुन थाले । व्याकरणमा विद्यावारिधि गरेपछि त गुरुको विद्वत्ता संपूर्ण रूपमा प्रस्फुटित भयो र संस्कृतमा कुरा गर्ने विद्वत् समुदायमा डा. टीकाराम पन्थी अग्रणी विद्वान् सावित हुनुभयो ।

गुरु टीकारामको प्रतिभा प्रस्फुरण गर्ने मूल थलो वाराणसी नै हुन सक्थ्यो । त्यसका लागि तमाम अवसर गुरुका सामु थिए । तर गुरुले आफ्नो जन्म थलोलाई नै कर्म थलो बनाउने निर्णय गर्नुभयो र घर फर्कनुभयो । विश्वमा नै चर्चा कमाउन सक्ने व्याकरणका मूर्धन्य विद्वान् देशको राजधानी काठमाडौं पनि नगएर सीधा आफ्नो जिल्ला गुल्मीको तम्घास जानुभयो । २०२५ सालमा त्यहाँ स्थापना गरिएको गुल्मी इण्टर कलेज, तम्घासमा पढाउन शुरू गरेका गुरु डा. टीकाराम पन्थी केही समयपछि महेन्द्र क्याम्पस, बाग्लुङमा पढाउन जानुभयो भने पछि त्रिभुवन क्याम्पस, पाल्पामा नेपाली विषयका उप-प्राध्यापक भएर लामो समय व्यतीत गर्नुभयो ।

२०३१/३२ सालको समय पञ्चायत व्यवस्थाको अत्यन्त उर्वर समय थियो । पञ्चायत इतरका व्यक्तिलाई अराष्ट्रिय तत्त्व सम्झिने प्रशासनको दब्दबा भएको समयमा संस्कृतका विद्वान्हरू राजा महाराजाका मात्र होइन महापञ्चहरूका स्तुतिगानमा व्यस्त थिए । त्यस्तो समयमा व्याकरणका मूर्धन्य विद्वान् डा. टीकाराम पन्थी त्यस्ता स्तुतिगानमा लागेर आफ्नो प्रगति गर्नु सट्टा प्रतिबन्धित नेपाली कांग्रेसका गतिविधि अनुसरण गर्दै बी.पी. कोइरालाले अन्तर्राष्ट्रिय मञ्चमा

बोलेका भाषणका टेप हामीलाई सुनाउनुहुन्थ्यो । यसको अर्थ राजनीतिमा लागेर आफ्नो मूल विषय संस्कृत छाड्नुभयो भन्ने होइन । उहाँले शुरूदेखि नै अर्थात् बनारसमा छँदै संस्कृतमा साहित्य सिर्जना गर्न थाल्नुभयो । उहाँको साहित्य पनि आफ्नै थलोबाट शुरू भएको छ । त्यो हो रुरुवृत्तम् (२०२१), पौराणिक ऐतिहासिक खण्ड काव्य ।

नेपालमा त के भारतमा पनि टीकाराम पन्थी जस्तो व्याकरणका विद्वान् विरलै पाइन्थे । त्यस्ता विद्वान् नेपालको पञ्चायती व्यवस्थालाई किन चाहिन्थे र ? पञ्चायतका भजन मण्डलीमा विश्वेश्वरप्रसाद कोइरालाको गुणगान गाउने व्यक्ति जतिसुकै ठूलो विद्वान् भए पनि कसरी सामिल गराउन सकिन्थ्यो र ? त्यसैले जति धेरै विज्ञापन भएर व्याकरणका प्राध्यापकको माग गरिए पनि डा. टीकाराम पन्थीका निवेदनहरूले ठाउँ पाएनन्, भजन मण्डलीका नटवरलालहरू प्राध्यापक हुँदै गए । नेपाली पढाएर पाल्पामा जीविका चलाएर बसेका गुरुलाई भने कुनै पश्चात्ताप थिएन, पदको लागि आस्था र नैतिकता बेच्ने मन गर्नुभएन । तर महा मानव बी.पी. कोइरालाको निधनले भने उहाँलाई शोकाकुल गरायो र संस्कृतमा अर्को काव्य तयार गर्नुभयो अश्रूपहार (२०३९) ।

२०४७ सालको जनक्रान्ति र त्यसको उपलब्धि गुरुको अभीष्ट हो । तर जसरी क्रान्तिको सफलतापछि पञ्चायतका भजन मण्डली चैते काँग्रेसी हुँदै गए गुरुलाई त्यसमा संलग्न हुनु थिएन र गुरुले तानसेनमा नै बसेर अध्यापन गरिरहनुभएको थियो । तर कतैबाट कसैको दृष्टि पुगेर होला, नेपाल संस्कृत विश्वविद्यालय, दाङ्गमा शिक्षाध्यक्ष पदमा गुरुलाई नियुक्त गरियो र व्याकरणका धुरन्धर विद्वान्ले आफ्नो प्रजातान्त्रिक व्यवस्थामा संस्कृत विश्वविद्यालयको शिक्षा क्षेत्रमा काम गर्ने अवसर पाउनुभयो । त्यसपछि गुरु टीकाराम पन्थीलाई काठमाडौं आएर कीर्तिपुर बहुमुखी क्याम्पस, त्रिभुवन विश्वविद्यालयमा काम गर्ने अवसर मिल्यो र पछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ नियुक्त हुनुभयो । यसै पदबाट २०६१ सालमा गुरु सेवानिवृत्त भए पनि आजीवन अर्थात् २०६६ मंसीर शुरूसम्म पढाउने काम गरिरहनुभयो ।

सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी, सहायक-सम्पादक भेषबहादुर कुँवर र भुवनप्रसाद अर्याल भएको हाम्रो पुरुषार्थको ४८६ पृष्ठको डा. टीकाराम पन्थी विशेषाङ्कमा १२४ जना लेखकका विशिष्ट रचना र सम्पादकीय लगायत १० स्थायी स्तम्भ छन् । उक्त रचनाहरूबाट केही विशेष कुरा लिएर सारांशको रूपमा उहाँका बारेमा केही कुरा माथि लेखिए पनि जीवनको अन्ततिर उहाँले गर्नुभएको अति महत्त्वपूर्ण कुरा डा. टीकाराम पन्थी एक संस्मरण नामको प्रा.डा. जयराज आचार्यको रचनाबाट संक्षेपमा केही थप कुरा लिएको छु जो यस प्रकार छ :-

जयतु संस्कृतम्द्वारा प्रस्तावित उत्तर महाभारतका २४ पर्वमध्ये जैन पर्व र जापान पर्व डा.टीकाराम पन्थीद्वारा तयार भैसकेछन् । यी दुई पर्वमा गुरु टीकाराम पन्थीले १९४ अध्याय, ९७०१ श्लोक संस्कृतमा तयार गर्नुभएछ । ती दुई पर्वमध्ये जापान पर्व देखेर जापानबाट आएका संस्कृत जान्ने प्रोफेसर मुसासी ताचिकावाले अति प्रसन्न भएर गुरुलाई भेटेका र आफूले यो संसार छाड्नुभन्दा केही पहिले हुलासचन्द्र गोल्छाले पनि जैन पर्व हेरेर अति प्रसन्नता व्यक्त गरेका कुरा डा. आचार्यका संस्मरणमा भेटाइयो । गुरु डा.टीकाराम पन्थी र प्रा.डा. जयराज आचार्यको संवादअनुसार समय छँदै विश्वलाई उपयोगी हुने उत्तर महाभारतको कुरा उठेको भए गुरुले एक्लै २४ पर्व लेख्न सक्नुहुने रहेछ । यसमा डा. टीकाराम पन्थीको विद्वत्ता गर्व व्यक्त नभएर विषाद र थक्थकी मात्र व्यक्त भएको कुरा छ । हो, यो थक्थकी धेरै क्षेत्रमा बाँकी छ किनभने नेपाललाई मात्र होइन विश्वलाई नै चाहिने यी महर्षिको अत्यन्त असमयमा अवसान भएको छ ।

### डा. टीकाराम पन्थीको कृतित्त्व

संस्कृतमा रचना गरेका संपूर्ण काव्यहरू निम्नानुसार छन् :

१. रुरुवृत्तम् (२०२१), पौराणिक ऐतिहासिक खण्डकाव्य प्रकाशक : भेषराज उपाध्याय, भाडगाउँ, गुल्मी

२. अश्रूपहार (२०३९), शोककाव्य, प्रकाशक : ऋष्यशृङ्गाश्रम

३. नेनेपालः (२०४४), ऐतिहासिक खण्डकाव्य, प्रकाशक : किरण पुस्तकालय, तम्घास, गुल्मी

४. सुधर्मा (२०४२), वि.पि. कोइरालाको स्वर्गयात्रा विषयक कल्पित खण्डकाव्य ।

५. बुद्धस्मरणम् (२०५४), सामाजिक खण्डकाव्य ।

६. मङ्गलग्रह (२०५६) खण्डकाव्य ।

७. काव्यचतुष्टय विमर्श (२०६३), समीक्षा ग्रन्थ ।

८. पाणिनीय व्याकरणात् प्राक्तन व्याकरणानां पर्यालोचनम्, शोधग्रन्थ (२०२४), प्रकाशन (२०६६), प्रकाशक : नेपाल संस्कृत विश्वविद्यालय

टीकाराम गुरु नेपालीमा पनि सिद्धहस्त लेखक र समीक्षक हुनुहुन्थ्यो । उहाँका नेपालीमा प्रकाशित कृतिहरू निम्न अनुसार छन् :-

१. केही जनश्रुतिहरू (२०४२), प्रकाशक : किरण पुस्तकालय, तम्घास, गुल्मी

२. घिड्किसो (कथा-ग्रह, २०५८), चौध अञ्चलका कथाहरूको संकलन, प्रकाशकः ऋष्यशृङ्गाश्रम

३. भाषिक चिन्तन (२०६०), प्रकाशक : नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान

४. सांस्कृतिक चिन्तन (२०६२), प्रकाशक : किरण पुस्तकालय, गुल्मी

५. अर्वाचीन रेसुङ्गा (२०६४), प्रकाशक : किरण पुस्तकालय, गुल्मी

६. सांस्कृतिक सर्वेक्षण (२०६४), प्रकाशक : विश्वहिन्दू महासंघ, रूपन्देही शाखा

टीकाराम गुरुद्वारा संस्कृत र नेपालीमा लेखिएका धेरै किताबहरूमा भूमिका र समीक्षा लेखिएका छन् । यस पंक्तिकारद्वारा लिखित पहिलो उपन्यास ज्वला (२०५७) को गुरु डा. टीकाराम पन्थीले समीक्षा गर्नुभएको थियो र त्यो समीक्षा साप्ताहिक विमर्शमा पौष ७, २०५७ मा प्रकाशित भएको थियो ।

**श्रद्धा सुमन**

भगवान् श्रीकृष्णले श्रीमद्भगवद्गीतामा कर्मयोगको महिमा बताउनुभएको छ । त्यहीं कर्मयोग अर्थात् निष्काम कर्म गर्ने योगीको रूपमा डा.टीकाराम पन्थीलाई लिन सकिन्छ । आफ्ना प्रगतिका तमाम संभावनाहरूलाई एकातिर थन्काएर नेपालको पिछडिएको क्षेत्रमा नेपाली विषय अध्यापन गरेर बस्ने तर विश्वलाई नै फाइदा हुने ग्रन्थहरू संस्कृतमा रचना गरेर भावी सन्ततिहरूलाई मार्ग निर्देशन गर्ने व्यक्तिलाई सच्चा कर्मयोगी न भनेर के भन्ने ?

गुरु टीकाराम सरल, सहज र सधै हाँसिरहने अति मिलनसार व्यक्ति हुनुहुन्थ्यो । उहाँको मस्तिष्कमा ज्ञानको भण्डार थियो, तर त्यसले थिचिएर अरूसंग घमण्ड गर्ने उहाँको बानी थिएन । फलेको वृक्षको हाँगा नभुकेको कहाँ छ र ? भन्ने कुरा सधै हा हा हा गरेर हाँसिरहने गुरु टीकारामसँग मेल खान्थ्यो ।

अन्तमा उक्त विशेषाङ्कको प्रा.डा. वेणीमाधव ढकालले प्रकट गरेको श्रद्धाकुसुमाञ्जलि कविताबाट म पनि श्रद्धासुमन प्रकट गर्दछुः

**'तिम्रो पुण्य कथा सधै मुटुभरी खोपेर राख्नेछु म,**
**विद्वान् भावुक सन्तको समितिमा सानन्द पोख्नेछु म ।**

**तिम्रा जीवनको पवित्र सुषमा लेखेर लेखिन्न है,**
**यो श्रद्धाकुसुमाञ्जलि लिउ तिमी अर्पू अरू के र खै ॥'**

✍ **निर्देशक – मसिना कन्टिनेन्टल एसोसिएट्स प्रा.लि., नयाँ बानेश्वर, काठमाडौं ।**

ooo

# हाम्रो पुरुषार्थको पुरुषार्थ



नारद गौतम

सारा वर्णन पढ्न मिल्छ रसिलो साहित्य सम्पूर्ण हो ।
लाग्दा बोर खुशी दिने रसमयी आनन्दको चूर्ण हो ॥
यस्मा हुन्छ विधा अनेक, मनको विश्राम-आराम हो ।
यस्ले दिन्छ दिमागमा नव कुरा यो प्राप्तिको धाम हो ॥१॥

त्यो "हाम्रो पुरुषार्थ" राख्छ क्षमता यस्मा छ वैशिष्ट्य यो ।
निस्क्यो सार्थक सत्प्रयास यसको देखिन्छ संस्तुत्य यो ॥
खेप्दै याम विभिन्न जीवन दिने सञ्जीवनी तुल्य हो ।
पढ्दा लाग्छ स्तरीय नित्य श्रमको जीवन्त यो मूल्य हो ॥२॥

यो हो प्रेरक गर्छ सिञ्चन सधै नौला मुनामा जल ।
सामग्री पठनीय उच्च यसमा पाइन्छ दिन्छन् बल ॥
छन् संवाद, विचार-दर्शन, कला, भाषा सुधा मुद्रित ।
आत्मानन्द हुने विशेष रचना गर्छन् नि आकर्षित ॥३॥

देखिन्छन् यसका विशेष तहका केही विशेषाङ्क छन् ।
केही क्षेत्र र काव्यलेखकहरू छापेर वृत्तान्त छन् ॥
राम्रा छन् कविता, कथा र कृतिका हुन्छन् समालोचना ।
सारै तारिफ गर्न लायक बन्यो सत्कार्यको साधना ॥४॥

हुन्छन् लेख, निबन्ध, मुक्तक, कुरा के भन्दछन् पाठक ।
के कस्तो छ त दृष्टिकोण कसको त्यस्को छ संरक्षक ॥

मिल्छन् पूर्ण प्रतिक्रिया हृदयका जे जे छ त्यो वर्णन ।
यो हाम्रो पुरुषार्थ पौरख दिँदै आयो गर्‍यो गर्जन ।।५।।

आँखा देशविदेशबाट यसमा पर्दै गए फैलियो ।
यो हो राष्ट्रिय पत्रिका नजरमा यस्तो प्रभा देखियो ।।
पैले वार्षिक, अर्धवार्षिक हुँदै ऐले छ त्रैमासिक ।
यो लोकप्रिय पत्रिका किरणको हो देन ऐलेतक ।।६।।

भाषाको पनि दीर्घकाल यसले सेवा गर्‍यो धन्य छ ।
साँच्चै हो पुरुषार्थ मोफसलमा देखिन्छ मूर्धन्य छ ।।
गुल्मी गाउँ र ठाउँ हो नि अधिको भन्थे सबै दुर्गम ।
जन्म्यो यो र चल्यो निरन्तर बुझी हेर्दा बन्यो उत्तम ।।७।।

छापिन्छन् यसभित्र जे जति कुरा छन् ज्ञानसंवर्धक ।
प्रज्ञाको छ खुराक लिन्छ जसले छन् सूक्ष्म विश्लेषक ।।
भिन्दै छन् परिकार स्वाद सबको उस्तै पृथक् लाग्दछ ।
पर्दा हात तुरुन्त उत्सुक बनी हेर्ने तृषा जाग्दछ ।।८।।

यात्रामा कठिनाइ हुन्छ पथमा मिल्छन् उकालाहरू ।
भेटिन्छन् अवरोध, ठेस छ कहीं हुन्छन् नि तालाहरू ।।
जे सङ्घर्ष भए मिल्यो सफलता यस्को बढ्यो जीवनी ।
भन्छन् स्वर्ण पचास वर्ष अहिले आयो जयन्ती पनि ।।९।।

बाँचोस् पूर्ण चिरायु होस् प्रगतिमा जाओस् सदा पत्रिका ।
यो आकर्षणमा बढोस् मधुरता मिस्री बनोस् यो ढिका ।।
यस्का साधकका परिश्रमप्रति श्रद्धा र सम्मान छ ।
यो हाम्रो पुरुषार्थ जीवित रहोस् यो भावना-तान छ ।।१०।।

**पूर्व शिक्षक-जनबोध माध्यमिक विद्यालय, बलेटक्सार, गुल्मी, हाल : तिलोत्तमा, रूपन्देही ।**

**ooo**

# जन्म साथसाथ, पछि भेटघाट !



मित्र 'उराठी' गौतम

आजभन्दा ५० वर्षअगाडि अर्थात् विक्रम संवत् २०३० सालमा उसको जन्म जिल्लाको सदरमुकाममा भएछ । म भने सदरमुकामदेखि ६ कोश टाढा अमरपुर गाउँमा जन्मिएँ । जन्मसँग हाम्रो कुनै साइनो थिएन, कुनै सन्दर्भ थिएन । जागिरको सिलसिलामा २०६३ सालतिर म गुल्मी तम्घास पुग्दा उसको विषयमा सुन्ने मौका पाएको थिएँ तर उसँगको पहुँच, सामीप्यता भने मेरो लागि दुरूह थियो । उसले त्यतिबेलासम्म धेरै ख्याति कमाइ सकेको रहेछ । जिल्लामा मात्र नभै देश देशावर उसको चर्चा चुलिएको थियो । उसको सान्निध्यता पाउन मान्छेहरू लालायित थिए । चारै दिशाबाट विभिन्न माध्यमबाट ऊसँग सम्बन्ध विस्तार गरिरहेका थिए । म पनि ऊसँग जोडिन प्रयास गरिरहेको थिएँ तर अनुकूलता मिलिरहेको थिएन ।

संयोग भनौं वा दुर्भाग्य भनौं दुई वर्षमै मेरो सरूवा अन्यत्रै भयो । ऊसँग मित्रता गाँस्ने कुरा अलपत्रै रह्यो । त्यसपछि त्यता ध्यान पनि भएन, कुनै सम्पर्क माध्यम पनि भएन । सम्बन्ध गाँस्ने, अगाडि बढ्ने कुरा यसै ओझेल पर्‍यो ।

विश्वव्यापी कोभिड संक्रमणको महामारीले गर्दा २०७६ चैत्रदेखि नेपालमा पनि जब लकडाउन भयो, सारा जनजीवन ठप्प भयो । मान्छेहरू घरभित्रै थुनिएर बस्नु पर्ने बाध्यात्मक अवस्था सृजना भयो । यसरी बन्दाबन्दीको अवस्थामा चौबीसै घण्टा घरमा थुनिएर रहँदा मनमा उकुसमुकुस भै विभिन्न किसिमका भावना सल्बलाउनु स्वाभाविक थियो । ती भावनाहरूलाई सृजनात्मक रूप दिने प्रयास भयो र जन्मिए कविता, गीत, गजल र कथाहरू ।

यसै सन्दर्भमा २०७६ चैत्रदेखि २०७७ भाद्रसम्म मैले सृजना गरेका कविताहरूलाई जम्मा गरी 'लकडाउनको उपहार' नामक कविता-संग्रह प्रकाशन गरें । देशमा लकडाउनको अवस्था नभएकोभए सायद यो कविता-संग्रह निस्कनु सम्भव थिएन । त्यसैले उक्त कविता-संग्रहलाई सोही विषम परिस्थितिको उपहारको रूपमा स्वीकार गरी 'लकडाउनको उपहार' भनी नामकरण गरियो ।

'तैंले चिताएस्, मैले पुऱ्याउँला' भन्ने उखान जस्तै उक्त कविता-संग्रहको केही प्रति गुल्मी तम्घासमा रहेको किरण पुस्तकालयमा पठाउने अवसर पनि प्राप्त भयो ।

किरण पुस्तकालयबाट त्रैमासिक रूपमा प्रकाशन हुने हाम्रो पुरुषार्थको वर्ष ४८, सम्पूर्णाङ्क ९०, साल २०७८ वैशाख-असार अङ्कमा 'लकडाउनको उपहार' कविता-संग्रहको समीक्षा प्रकाशन भयो ।

यसरी आजभन्दा ५० वर्षअगाडि सँगसँगै जन्मिएका म र हाम्रो पुरुषार्थको परिचय स्थापित भयो । यसैको परिणामस्वरूप ममा थप हौसला प्राप्त भयो र हाम्रो पुरुषार्थप्रति थप आकर्षण पैदा भयो ।

*हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकाले नेपाली भाषा, कला, साहित्य, संस्कृति, पूर्वीय दर्शन, इतिहासको प्रवर्धन, संवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको कुरा घाम जस्तै छर्लङ्ग छ । यसैगरी हाम्रो देशको भौगोलिक, ऐतिहासिक, पौराणिक विशेषताहरूको उजागर गरेको अवस्था पनि जगजाहेर नै छ । यस पत्रिकाले हाम्रो राष्ट्रका स्रष्टा, साहित्यकार, विद्वान् व्यक्तित्वहरूको परिचय देश विदेशमा समेत गराएको छ । स्रष्टाहरूलाई आफ्नो अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउने कार्यमा प्रोत्साहन प्रदान गरेको छ साथै विभिन्न अवसरहरूमा सम्मान पनि गरेको छ । त्यस्तै नव सर्जकहरूलाई हौसला, प्रेरणासमेत थपिदिएको छ ।*

परिचयपश्चात्, तदुपरान्त प्रकाशन हुने हाम्रो पुरुषार्थका विभिन्न अङ्कमा मेरा रचनाहरू पनि निरन्तर प्रकाशन हुन थाले । रचना प्रकाशनको सुअवसर प्रदान गर्नुहुने आदरणीय सम्पादकज्यू शशि पन्थी, सह-सम्पादक श्री दीन पन्थीलगायत सम्पादक मण्डलप्रति हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकाले नेपाली भाषा, कला, साहित्य, संस्कृति, पूर्वीय दर्शन, इतिहासको प्रवर्धन, संवर्धन गर्न महत्त्वपूर्ण भूमिका खेलेको कुरा घाम जस्तै छर्लङ्ग छ । यसैगरी हाम्रो देशको भौगोलिक, ऐतिहासिक, पौराणिक विशेषताहरूको उजागर गरेको अवस्था पनि जगजाहेर नै छ । यस पत्रिकाले हाम्रो राष्ट्रका स्रष्टा, साहित्यकार, विद्वान् व्यक्तित्वहरूको परिचय देश विदेशमा समेत गराएको छ । स्रष्टाहरूलाई आफ्नो अन्तर्निहित प्रतिभा प्रष्फुटन गराउने कार्यमा प्रोत्साहन प्रदान गरेको छ साथै विभिन्न अवसरहरूमा सम्मान पनि गरेको छ । त्यस्तै नव सर्जकहरूलाई हौसला, प्रेरणासमेत थपिदिएको छ ।

समग्रमा भन्दा हाम्रो पुरुषार्थले नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संरक्षण, प्रवर्धन गर्दै समृद्ध नेपालको सपना साकार पार्न अतुलनीय योगदान गरेको विषय कसैबाट छिपेको छैन ।

मसँगै जन्मिएको हाम्रो पुरुषार्थले यसै वर्ष स्वर्ण–जयन्ती मनाउन लागिरहेको खबर सुन्दा अत्यन्त हर्ष लागेको छ । यस अवसरमा हाम्रो पुरुषार्थलाई हार्दिक शुभकामना व्यक्त गर्न चाहन्छु साथै यस पत्रिकाको उज्ज्वल भविष्यको कामना सहित यसको प्रकाशन अनवरत रूपमा चलिरहोस् र यसको ख्याति दिग्दिगन्त फैलिरहोस् यही शुभेच्छा प्रकट गर्दछु ।

**लेखक : लुम्बिनी प्रदेश, शिक्षा तथा सामाजिक विकास निर्देशनालयको उपसचिव हुनुहुन्छ ।**

०००


# विद्युतीय राहदानीसम्बन्धी सूचना !

**विद्युतीय राहदानी (E-PASSPORT) को लागि आवेदन दिन आउँदा चाहिने कागजातहरू**

१. सक्कल नागरिकता र फोटोकपी
२. स्वीकृत भएको परिचय–पत्र (हराएको हकमा नं. ले काम गर्ने)
३. विवाह दर्ता प्रमाण–पत्र (विवाह गरेको हकमा)
४. बसाइसराइ प्रमाण–पत्र (बसाइसराइ गरेको हकमा)
५. सक्कल राहदानी (नवीकरणको हकमा)
६. नाबालकको हकमा नाबालक परिचय–पत्र र बाबुआमाको नागरिकताको रंगीन (कलर) फोटोकपी ।

**विद्युतीय राहदानी (E-PASSPORT) बनाउन लाग्ने दस्तुर**


- नयाँ (New)/नवीकरण (Renew) : रु.५,०००।–
- नयाँ (New)/नवीकरण (Renew (दश वर्षभन्दा कम उमेरका नाबालक) रु. २,५००।–
- हराएको (Lost) वा पाना च्यातिएको, केरमेट भएको वा अन्य कुनै कारणले राहदानी बुकलेट प्रयोग हुन नसक्ने भएको (Damaged) रु. १०,०००।–
- Lost/Damaged (१० वर्षभन्दा कम उमेरका नाबालक) रु. ७,५००।–
- व्यक्तिगत गल्ती (Personal Error) (१ वर्षभित्रमा) रु. ५,०००।–
- कार्यालयको गल्ती (Official Error) (१ वर्षभित्रमा) निःशुल्क ।

थप जानकारीका लागि

**जिल्ला प्रशासन कार्यालय**

गुल्मी

# हाम्रो पुरुषार्थ शताङ्कसम्म आउँदा



पद्मप्रसाद शर्मा

बाहिरबाट हेर्दा यात्रा सहज देखिन्छ तर वास्तवमा आफै यात्रा थाल्नु परेमा यसमा आइपर्ने समस्या आफै झेल्नुपर्दछ । यात्रा एउटा भौतिक शरीरबाट गरिन्छ भने अर्को सचेत, भौतिक शरीर भएकाहरूले कलमको माध्यमबाट यात्रा थाल्दछन् । यात्रामा आउने सानातिना झमेला छिचोल्न सक्ने र यात्रालाई एउटा अवसरको रूपमा लिनेहरूका लागि दुबै यात्रा सहज हुने गर्दछन् । कहिलेकाहीं यात्राको गन्तव्य लामो हुन सक्छ यो लामो यात्रामा पनि अथक पाइला चाल्न जान्नु र सक्नुपर्दछ । भौतिक शरीरले गर्ने यात्रा लामो वा छोटो समय उसको गन्तव्य अनुसार निश्चित हुन्छ अनि निश्चित समय पश्चात् ऊ आफ्नो गन्तव्यमा पुग्दछ । त्यसपछि निवासमा फिर्ता आउँछ । तर कलमको यात्रा निरन्तर अगाडि बढिरहन्छ । यो फिर्ता आउने भनेको कलम रुक्नु हो । यो फिर्ता आउँदैन अविरल र अविचलित अगाडि बढिरहन्छ ।

गुल्मी जिल्लाका सक्रिय युवाहरूले विक्रम संवत् २०२५साल कात्तिक २० गतेका दिन तम्घासमा एउटा यस्तो यात्रा थाल्नुभयो जुन यात्रा अहिले पनि अविचलित चलिरहेको छ । यो यात्रा हो पुस्तकालय स्थापना र पुस्तकालयको प्रकाशनमा त्रैमासिक पत्रिका "हाम्रो पुरुषार्थ" प्रकाशन । गुल्मीका तत्कालीन सक्रिय मनहरूको उपजबाट एउटा पुस्तकालको जन्म भयो । जसको न्वारान गर्दा "किरण" नाम जुर्न पुग्यो । किरणको अर्थ प्रकाशमय पुञ्ज हो । अर्थात् सूर्य, चन्द्र आदिबाट आएको प्रकाश हो । जुन पुञ्ज चारैतिर फिंजिएर प्रकाश प्रदान गरेको हुन्छ । किरणलाई प्रभा वा कान्तिका रूपमा पनि बुझ्न सकिन्छ । पुस्तकालय आफैमा किरण हो जसले विना भेदभाव पाठकलाई ज्ञानरूपी प्रकाश प्रदान गर्दछ । यसको नामले नै यसको महत्त्व दर्शाएको छ । त्यसमा थप यति लामो समय देखि खटेर लाग्नेहरूको योगदान यसैसँग जोडिएर आउँछ । व्यक्ति वा समूहले पुस्तकालयको उत्थान चाहने र पुस्तकालयले व्यक्ति वा समूहलाई अलि टाढा टाढासम्म चिनाउन सघाउँछ । यही कार्य गुल्मीको तम्घासका सचेत नागरिकबाट अनवरत हुँदै आएको छ भने किरण पुस्तकालयले ती सचेत व्यक्ति वा समूहलाई विभिन्न स्थानमा चिनाउन सफल भएको छ ।

गुल्मी जिल्ला रेसुङ्गा नगरपालिका वडा नम्बर आठ तम्घासको चिदीचौरमा सुविधा सम्पन्न आफ्नै भवनमा उक्त किरण पुस्तकालय हाल सञ्चालित छ । तम्घास गुल्मी जिल्लाको जिल्ला सदरमुकाम हो । पहाडी बस्तीलाई दुर्गम भन्ने गरिन्छ । यस्तो दुर्गम स्थानमा पनि आजभन्दा ५५ वर्ष पहिले पुस्तकालय स्थापना हुनु भनेको आफैमा गौरव लाग्ने विषय हो । यसले यहाँका नागरिकको आजभन्दा ५५वर्ष पहिलेको चेतना कस्तो रहेछ भन्ने कुरा बुझ्न सहज बनाएको छ ।

किरण पुस्तकालयले आफ्ना पाठकलाई मात्र नभएर अन्य जिल्लाका पाठक र पुस्तकालय सञ्चालकहरूको मन जित्न सफल भएको छ । यसको एउटा उदाहरणको रूपमा २०७५ साल भाद्र २५ गतेका दिन लुम्बिनी प्रदेश स्तरीय "पुस्तकालय सम्मेलन" सम्पन्न गरेर प्रदेशभरमा रहेका पुस्तकालयका प्रतिनिधिको सहभागिता गराएको थियो भने सोही अवसरमा पुस्तकालय र पुस्तकालय विकासका सम्बन्धमा विविध खालका कार्यपत्रसमेत प्रस्तुत गरिएका थिए । त्यसदेखि यता लुम्बिनी प्रदेशका अन्य कुनै जिल्लाका कुनै पुस्तकालयले यस प्रकारको गहन कार्य सम्पन्न गर्न सकेको देखिदैन । यसबाट पनि किरण पुस्तकालय र यसका सञ्चालकहरूको चेतनास्तर मापन गर्न सकिन्छ ।

वि.सं. २०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले पुस्तक संकलन व्यवस्थापन र पठन सहज बनाउन नियमित कार्यक्रम त सञ्चालन गऱ्यो नै यसको साथमा अरूको तुलनामा यस पुस्तकालयले विक्रम संवत् २०३० साल देखि "हाम्रो पुरुषार्थ" नामक त्रैमासिक पत्रिका नियमित सम्पादन र प्रकाशन गर्दै आएको छ । नियमित पत्रिका प्रकाशन गर्नु कम चुनौतीपूर्ण कार्य होइन । हाल आएर यस पुस्तकालयले शताङ्क अर्थात् १०० अङ्क प्रकाशनको तयारीमा रहेको छ भने यो अङ्क विगतका अङ्कहरूको समीक्षात्मक अङ्कसमेत रहनेछ । हालसम्म प्रकाशित लेख रचनाहरू कति समाज उपयोगी हुन सके र भोलिका दिनमा के कस्ता सामग्री समावेश गर्दा पठनयोग्य र संग्रहयोग्य बन्न सक्छ भन्ने कुरा समावेश गर्ने लक्ष्य लिएको छ । यो आफैमा गौरवपूर्ण विषय हो भन्ने लाग्दछ ।

२०७५ साल भाद्र २५ गतेका दिन सम्पन्न प्रदेश स्तरीय पुस्तकालय सम्मेलनमा दाङ जिल्लाको घोराहीमा रहेको सर्वोदय पुस्तकालयको प्रतिनिधित्व गर्दै उक्त कार्यक्रममा सहभागी हुने अवसर प्राप्त भएयता किरण पुस्तकालय, गुल्मीका स्वाभिमानी व्यक्तित्व र हाम्रो पुरुषार्थसँग जोडिने अवसर प्राप्त भएको हो । जहिलेदेखि जोडिने अवसर प्राप्त भयो त्योदेखि यता सम्भव भएसम्मका हाम्रो पुरुषार्थका अङ्क अध्ययन गर्ने र सोही पत्रिकामा रचना सम्प्रेषण गर्ने अवसर समेत प्राप्त भएको छ । हाम्रो पुरुषार्थमा भए जतिका सबै सामग्री अध्ययन गर्दा अधिकतम लेख रचना स्तरीय रहेका छन् । यसमा समाविष्ट सामग्री अध्ययन

गर्दा यो वाद र उ वादमा अल्भिएको पाइँदैन । विभिन्न क्षेत्रका साहित्यकार तथा समाजसेवीहरूका अन्तर्वार्तादेखि लिएर लेख रचनाहरू समावेश भएका छन् । विश्वेश्वरप्रसाद कोइरालादेखि पुष्पलाल श्रेष्ठसम्मलाई उत्तिकै प्राथमिकता दिइएको छ भने मार्क्सदेखि गान्धीसम्मलाई उत्तिकै प्राथमिकता दिएर आजको पिँढीलाई उहाँहरूको बारेमा अध्ययन गर्ने अवसर प्रदान गरेको छ । विभिन्न समयमा विभिन्न जिल्लामा सञ्चालित पुस्तकालयको परिचयसमेत समावेश भएका छन् । कविता, गीत, गजल, निबन्ध, प्रबन्ध, समालोचनाका साथमा व्यक्तित्व परिचयसमेत समावेश भएको पाइएको छ । व्यक्ति मात्र नभएर यस पत्रिकाले विभिन्न अङ्कमा स्थान विशेषाङ्कसमेत प्रकाशन गर्दै आएको छ । हाम्रो पुरुषार्थले साहित्यको सेवाका साथ साहित्यकारहरूको निकै ठूलो सम्मानसमेत गर्न भ्याएको छ । यसरी हेर्दा कोही कसैप्रति विना पूर्वाग्रह यस पत्रिकामा रचना समावेश हुने गरेको देखिन्छ । वादका रचनामा भेदभाव नगरे जस्तै यसमा समावेश गरिएका लेख रचनाहरू यो जिल्ला, यो अञ्चल वा यो प्रदेशमा वा यो मुलुक भनेर सीमा तोकिएको छैन । यस पत्रिकालाई माया गर्ने र पत्रिकाले माया गर्ने जति सबैलाई समावेश हुने अवसर प्राप्त भएको छ । प्रकाशन योग्य लेख रचनाहरू मुलुकभित्र र बाहिर जहाँका भए पनि नवोदित वा अग्रज जो सुकैका भए पनि प्रकाशित भएको पाइन्छ । काममा जुट्न अल्छी मान्नेहरूले आलोचना गर्ने ठाउँ धेरै होलान् तर काममा खटेर कार्य सम्पन्न गर्नेहरूबाट खोट लगाउने कुनै ठाउँ अहिलेसम्म देखिएको छैन । अहिलेसम्म जसरी निरन्तरता दिएर सम्पादक तथा सहयोगी मण्डल अथक किसिमले आफ्नो अमूल्य समय लगानी गर्नुभएको छ उहाँहरू सबैप्रति आभार व्यक्त गर्नुपर्दछ । त्यसमा पनि पुस्तकालय स्थापना कालदेखि बेदाग तथा अथक यात्रामा लागिरहनुभएका यस पत्रिकाका सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थीलगायतका व्यक्तित्वहरूको योगदान कहिल्यै बिर्सन मिल्दैन । शशि पन्थी पुस्तकालय स्थापना कालदेखि विभिन्न पदमा रहँदै हाम्रो पुरुषार्थ प्रकाशनमा निःस्वार्थ भावनाले सघाउनुभएको पाइन्छ । उहाँलाई कहिल्यै कुनै पदको लालसा भएन । कामको लालसामात्र रहन गयो । विशुद्ध मनबाट

*हाम्रो पुरुषार्थले साहित्यको सेवाका साथ साहित्यकारहरूको निकै ठूलो सम्मानसमेत गर्न भ्याएको छ । यसरी हेर्दा कोही कसैप्रति विना पूर्वाग्रह यस पत्रिकामा रचना समावेश हुने गरेको देखिन्छ । वादका रचनामा भेदभाव नगरे जस्तै यसमा समावेश गरिएका लेख रचनाहरू यो जिल्ला, यो अञ्चल वा यो प्रदेशमा वा यो मुलुक भनेर सीमा तोकिएको छैन । यस पत्रिकालाई माया गर्ने र पत्रिकाले माया गर्ने जति सबैलाई समावेश हुने अवसर प्राप्त भएको छ ।*

सेवा गर्न चाहनेहरूले उहाँहरूबाट धेरै कुरा सिक्नुपर्दछ । यो ५५ वर्षसम्म पुस्तकालय सञ्चालन गर्नु र ५० वर्ष पत्रिका प्रकाशनमा समय खर्चगर्नुभएको छ । यो कम मूल्यको कुरा होइन । यस्तो कार्य गर्नुका पछाडि एकमात्र स्वार्थ भनेको पुस्तकालयको सेवा, पत्रिका संगै साहित्यको सेवा नै हो । हुन त यस्ता निःस्वार्थ काममा पनि स्वार्थ देख्ने आँखाहरू छन् । उनीहरूले विष वमन गर्न त सक्छन् तर त्यसमा शून्य प्रतिशत पनि सत्यता हुँदैन ।

किरण पुस्तकालय र हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकाको सम्मानको निम्ति दाङको घोराहीमा विक्रम संवत् २०१० सालदेखि सञ्चालित सर्वोदय पुस्तकालय तथा वाचानालयले प्रकाशन आरम्भ गरेको वार्षिक मुखपत्र "सर्वोदय" वर्ष २ अङ्क २ मा "गुल्मीको किरण पुस्तकालय : एक संक्षिप्त परिचय" शीर्षकको त्यस पुस्तकालयका हालका सचिव झविन्द्र पन्थीले तयार पार्नुभएको आलेख सचित्र प्रकाशन गरेबाट पनि यो पुस्तकालयको महत्त्व र कार्यलाई बुझ्न सकिन्छ । यस्तै केही समय पहिले सर्वोदय पुस्तकालय तथा वाचनालय र गोरक्ष रत्ननाथ पुस्तकालय र अन्य जिल्लामा रहेका पुस्तकालयलाई प्राथमिकता दिएर हाम्रो पुरुषार्थ पत्रिकाले पुस्तकालयका बारेमा आलेख तयार गरेर प्रकाशन गरेको थियो । यसबाट किरण पुस्तकालयले अन्य पुस्तकालय तथा जिल्लामा भाइचारा भावना फिंजाउन चाहन्छ भन्ने प्रष्ट हुन्छ ।

किरण पुस्तकालयले आफ्नो नियमित प्रकाशन हाम्रो पुरुषार्थका अतिरिक्त विभिन्न व्यक्तित्वका विभिन्न विधाका दुई दर्जन बढी पुस्तकहरूसमेत प्रकाशन गरेको छ । गुल्मीको किरण पुस्तकालय लुम्बिनी प्रदेशको अब्बल पुस्तकालयमध्येमा पर्दछ भने यसले प्रकाशन गर्ने हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिका "क" वर्गको साहित्यिक पत्रिकामा वर्गीकरण भएको छ भन्न पाउँदा मनमा अति हर्षको अनुभूति भएको छ । यसबाट पनि किरण पुस्तकालय तथा हाम्रो पुरुषार्थको नापो लिन सकिन्छ ।

अन्तमा हाम्रो पुरुषार्थको अङ्क एकदेखि शताङ्कसम्म आउँदा जो जो जसरी खटेर लाग्नुभएको छ । यो यात्रा जीवन रहेसम्म रहनेछ । यो यात्राले हामी लुम्बिनी प्रदेशका बासिन्दा सबैले गर्व गर्ने अवस्था रहिरहनेछ । किरण पुस्तकालयको उत्तरोत्तर प्रगतिका साथै हाम्रो पुरुषार्थ अनवरत प्रकाशनको कामना समेत गर्दछु । यस अङ्कमा दुई शब्द समावेश गर्ने अवसर प्रदान गर्नुभएकोमा यसका सम्पादक, सहसम्पादक, सहायक सम्पादक तथा सहयोगी मण्डल सबैका साथमा पुस्तकालय परिवारप्रति आभार व्यक्त गर्दछु । जस साहित्य ! जय पुस्तकालय !

**लेखक प्रगतिशील लेखक संघका केन्द्रीय सल्लाहकार हुनुहुन्छ ।**

ooo

# मेरो मनमा 'हाम्रो पुरुषार्थ'



✍ मुरारिविनोद पोखरेल

आधा शताब्दी लामो अनवरत यात्रा तय गरेको 'हाम्रो पुरुषार्थ'लाई सर्वप्रथम त जुगजुग निरन्तरताको शुभकामना भन्न मन लाग्यो ।

यो प्रकाशनले ५० वर्षको उमेर बोकी हिंड्दा क-कसले, कति मेहनत र जोरमुक्का गरेर यस अवस्थामा हाम्रो पुरुषार्थलाई ल्याएहोलान् भनेर थोरै विवेचना गर्नु कर्तव्य हो भन्ने लागेको छ । कर्तव्य किनभने, जति अगाडिदेखि सुने देखे पनि, आफू प्रत्यक्ष संलग्न नहुँदासम्म कुनै पनि वस्तुप्रति लगाव नहुने रहेछ । हुनत २०३७ । ३८ देखि नै, जब किरण पुस्तकालय नेपाल पुस्तकालय सङ्घको सदस्य बन्यो, तब पटक-पटक पुस्तकालयका प्रवर्तक, अथक अभियन्ता श्री शशि पन्थीबाट कतिपय प्रकाशन पाउँदै आएको थिएँ । यद्यपि, जब म २०७८ कार्तिक २७ देखि मंसिर ४ सम्म साथीहरूसँग मिसिन पाएँ र पर्यवेक्षकको रूपमा किरण पुस्तकालय, तम्घास, गुल्मीमा सञ्चालन भएको आधारभूत पुस्तकालय तालिममा साक्षी भएँ, मलाई लाग्यो यस्तो गरिमापूर्ण पुस्तकालयको सदस्य पो बन्न पाइन्छ कि ! तब जोडिन सकिने प्रावधानअनुरूप आजीवन सदस्य बनें र यस संस्थासँग नगिचिन पुगें । यसै समयदेखि हाम्रो पुरुषार्थसँग पनि स्वस्फूर्तरूपमा अलिक बढी जोडिने नै भएँ । र त यसो केही संक्षिप्त टिपोट कोर्न साहस जुटेको छ ।

हाम्रो पुरुषार्थले २०३० देखिको यत्रो लामो यात्रा कसरी पार लगायो होला-म त घोत्लिन पुग्छु । काठमाडौंमा २०४० मा मैले पुस्तकालय र नेपाल नामको सानो पुस्तक छपाउन गर्नुपरेको प्रयत्न यतिबेला सम्झिरहेको छु । छापाखानाका कालिगढले छपाउनको लागि बनाइने खण्डमा एकएकवटा अक्षर, आकार, उकार, एकार, ऐकार क्रि, क्रे सबै स-साना फलामे अक्षर वा सङ्केत हारमा मिलाउँदै राख्दै गर्नुपर्थ्यो । जब एक वा दुई पृष्ठ तयार हुन्थ्यो, त्यसलाई हाते छपाइबाट गुडाएर एक प्रति निकालिन्थ्यो, जसलाई किताब छपाउने व्यक्ति त्यहाँ गएर बडो धैर्यपूर्वक रुजु गर्नुपर्थ्यो र ठिक छ भनेर सही गरेपछि त्यो खण्ड तयार हुन्थ्यो । यसैगरी खण्ड-खण्ड गरेर २०० पृष्ठको किताबलाई सयौं पटक छापाखाना गएर

रूजु गर्नुपर्ने अवस्था हुन्थ्यो । अर्थात् एउटा किताब छपाएर निकाल्नु भनेको कम्तीमा पनि दुई तीन महिनाको अनवरत दौडधूप हुन्थ्यो । त्यति गर्दा पनि कति हिज्जे बिग्रेर निस्कन्थ्यो । यस्तो रुजु गर्ने काम भनेको ज्यादै ध्यान दिनुपर्ने र झर्को लाग्ने काम हुन्थ्यो । ल त्यो पनि नजिकै छापाखाना भए त हुन्थ्यो ।

किरण पुस्तकालयको हकमा पाण्डुलिपिहरू बोकेर सुरूसुरूमा त गुल्मीबाट कहिले बनारस गएर र कहिले काठमाडौं आएर प्रकाशनहरूको छपाइ गर्नुपर्थ्यो होला । अलि पछि बुटबलसम्म आउँदा भयो होला । अर्थात् त्यसो गर्न भनेको महिनौं कुनै स्थानमा रहेर सामल तुमलको व्यवस्था गरी छपाइको अक्षर-अक्षरको पूरै झन्झट ब्यहोरेर, छापिएका सामग्री यातायातको साधन पुग्ने स्थानसम्म यातायातबाट र त्यसपछि डोकोमा बोकाएर पानी वा ओसबाट जोगाउँदै गुल्मी पुर्‍याउनु कति कष्टकर, झन्झट र झर्को काम हुन्थ्यो होला, म कल्पना गर्न सक्दिनँ । त्यस्ता काम गर्ने र तत्पश्चात् हाम्रो पुरुषार्थ नेपालभर वितरण गर्ने महानुभाव मनीषीहरूलाई कति नमन गर्ने, कसरी गर्ने म त असमञ्जस्यमा परेको छु । यस काममा लाग्नुभएका तपाईं अग्रज सबैप्रति हामी पाठक आभार व्यक्त गर्दछौं ।

मैले पछिल्लो समयदेखि मात्र हाम्रो पुरुषार्थ पढ्न थालेको हुँ । अर्थात् आम नेपालीको नै औसत पढ्ने बानी कम छ भन्दा पनि हुन्छ होला, मेरो त झन् छँदै थिएन । पुस्तकालयसँग प्रेम भएको हुँदा पनि पठन पाठनमा म अलिक अल्छी नै हुँ भन्नमा मलाई कुनै अप्ठेरो छैन । घरको व्यवहार टार्नु नै प्रथम दायित्व ठानेरै होला, ममा किताब किनेर पढ्ने बानी बस्नै पाएन । अर्थात् महिनावारीले बारी धान्नै गाह्रो थियो, अन्य भोकको रुचि त त्यतिकै मरेर जान्थ्यो । यो कथा गाथा व्यथा औसत मध्यमवर्गीय नेपाली परिवारका सदस्यहरूको सबैको उस्तै उस्तै हो ।

हाम्रो पुरुषार्थले राष्ट्रियस्तरको मान्यता प्राप्त गर्नु चानचुने कुरो

*पाण्डुलिपिहरू बोकेर सुरूसुरूमा त गुल्मीबाट कहिले बनारस गएर र कहिले काठमाडौं आएर प्रकाशनहरूको छपाइ गर्नुपर्थ्यो होला । अलि पछि बुटबलसम्म आउँदा भयो होला । अर्थात् त्यसो गर्न भनेको महिनौं कुनै स्थानमा रहेर सामल तुमलको व्यवस्था गरी छपाइको अक्षर-अक्षरको पूरै झन्झट ब्यहोरेर, छापिएका सामग्री यातायातको साधन पुग्ने स्थानसम्म यातायातबाट र त्यसपछि डोकोमा बोकाएर पानी वा ओसबाट जोगाउँदै गुल्मी पुर्‍याउनु कति कष्टकर, झन्झट र झर्को काम हुन्थ्यो होला, म कल्पना गर्न सक्दिनँ ।*

हैन । केही दशक अघिसम्म तम्घास विकट स्थानमै अवस्थित थियो । विकटताको बाबजुद पनि नेपाल भरबाट लेख, कविता, निबन्ध आदि भेटेर माग्दै, हुलाकबाट माग गर्दै, चिनाजानेका मार्फत हात-हातै मगाउँदै, विविध तरिकाले सङ्कलन गर्नु, ती हाते लिखतलाई छापाखानामा हारमा राख्न लगाउनु, अक्षरको क्लिष्टतालाई कठिनाइपूर्वक चिर्नु, अनवरत रुजू पछि रुजू गर्नु, छपाउनु र पुनः कवि लेखकका हात पार्नु एवं प्रकाशनलाई देशभर फिंजाउनु अत्यन्त कठिन काम थियो, उस बखतको गुल्मीमा । यस पुरुषार्थले अनेकन सिद्धहस्त व्यक्तिहरूको लेखनलाई खोजी-खोजी, मागी-मागी प्रकाशन गर्दै आएको पाइन्छ । कर्मनिष्ठ र विविध आयाममा योगदान गर्ने व्यक्तिहरूका अन्तर्वार्ता छापिनु यस प्रकाशनको अमूल्य विशेषता हो । यदि हाम्रो पुरुषार्थको व्यापकता राष्ट्रव्यापी हुँदैनथ्यो भने यसले राष्ट्रिय स्तरको मान्यता कसरी प्राप्त गर्न सक्थ्यो र ? निरन्तरको अथक प्रयास, प्रकाशनमा लाग्नेहरूको भगीरथ प्रयत्न, लेखक कविका योगदान सबैको एकीकृत होष्टेमा हैंसे भएर नै हाम्रो पुरुषार्थको पचास वर्ष अटुट निरन्तरता भएको हो । एउटा आजीवन सदस्यको नाताले ५० वसन्तसम्म हातेमालो गर्ने सम्पूर्णमा हृदयतः अभिवादन टक्र्याउँछु ।

किरण पुस्तकालयको उत्तरोत्तर उन्नतिको कामनासहित हाम्रो पुरुषार्थको सागररूपी यात्रा अनन्तसम्म अविचलित अघि बढोस् हार्दिक शुभकामना व्यक्त गर्दछु ! प्राणी जगत्को सदा जय होस् !

**✍ लेखक नेपाल पुस्तकालय संघका संस्थापक अध्यक्ष हुनुहुन्छ ।**

ooo



# हाम्रो पुरुषार्थको पत्रकारिता विशेषाङ्कमाथि एक दृष्टि



प्रा.डा. कपिल लामिछाने

माथ्यु आर्नोल्डले पत्रकारितालाई हतारहतारको साहित्य भनेका छन् । यसले पत्रकारिता र साहित्यका बीचको घनिष्ठ सम्बन्धलाई झल्काएको छ । पत्रकारिता नभई साहित्य उँभो लाग्न सक्दैन । हाम्रो पुरुषार्थ एउटा साहित्यिक पत्रिका हो, जसले साहित्यको प्रवर्धनमा योगदान गर्दै आएको छ ।

मेरो अगाडि झन्डै १८ वर्षपहिले प्रकाशित हाम्रो पुरुषार्थ पत्रकारिता विशेषाङ्क छ । उहिले पढेको थिएँ । अहिले फेरि दोहोस्याएँ । यहाँ मेरो एक दृष्टि प्रस्तुत गरेको छु ।

हाम्रो पुरुषार्थको पहिलो अङ्क २०३० साल वैशाखमा निक्लेको थियो । त्यतिखेर वार्षिक, पछि २०३६ वैशाखदेखि अर्धवार्षिक र २०७० कार्तिकदेखि त्रैमासिक रूपमा प्रकाशित भइरहेको छ । २०६२ वैशाखमा पत्रकारिता विशेषाङ्क छापिंदा यो अर्धवार्षिक थियो । सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थी तथा सहायक सम्पादक भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल र नारायणप्रसाद पन्थी रहनुभएको छ । यसको प्रकाशन सुरूदेखि नै गुल्मी, तम्घासस्थित किरण पुस्तकालयले गर्दै आएको छ ।

यो हाम्रो पुरुषार्थ पत्रिकाको पत्रकारिता विशेषाङ्क हो । वास्तवमै यो पत्रकारिता विशेषाङ्क भएको छ । किनभने यहाँ नेपाली पत्रकारिता र साहित्यिक पत्रकारितासम्बन्धी अन्तर्वार्ता, लेख, समालोचना, कविता, अनुभव र अनुभूति गरी ७४ सामग्री रहेका छन् । सामग्री सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले उल्लेख्य देखिन्छन् ।

यस विशेषाङ्कमा चारजनाका अन्तर्वार्ता रहेका छन् । नेपालको पत्रकारितामा भवानी घिमिरे, दुर्गानाथ शर्मा, हेमराज ज्ञवाली र दुर्गा बराल (वात्स्यायन) सबैले जानेका नाम हुन् । कम्तीमा पनि वर्तमान पुस्ताले भुलेको छैन । २०६२ ताक त

यी अझ जल्दाबल्दा नाम थिए । यहाँ यी चारैजनाका सान्दर्भिक अन्तर्वार्ता प्रस्तुत गरिएको छ । भवानी घिमिरे साहित्यिक पत्रकारिता क्षेत्रमा सक्रिय व्यक्ति हुन् । दुर्गानाथ शर्मा दूरसञ्चार र हेमराज ज्ञवाली अखबारी पत्रकारितामा सक्रिय व्यक्तित्व हुन् । दुर्गा बराल (वात्स्यायन) भने व्यङ्ग्यचित्र (कार्टुन) का क्षेत्रमा सुपरिचित छन् । भवानी घिमिरे, दुर्गानाथ शर्मा र हेमराज ज्ञवालीले अन्तर्वार्ताका माध्यमबाट पत्रकारिताका समस्या र चुनौतीलाई सार रूपमा प्रस्तुत गरेका छन् भने दुर्गा बराल (वात्स्यायन) ले व्यङ्ग्यचित्र र पत्रपत्रिकामा यसको भूमिका प्रस्तुत गरेका छन् ।

*वास्तवमै यो पत्रकारिता विशेषाङ्क भएको छ । किनभने यहाँ नेपाली पत्रकारिता र साहित्यिक पत्रकारितासम्बन्धी अन्तर्वार्ता, लेख, समालोचना, कविता, अनुभव र अनुभूति गरी ७४ सामग्री रहेका छन् । सामग्री सङ्ख्यात्मक र गुणात्मक दुबै दृष्टिले उल्लेख्य देखिन्छन् ।*

प्रस्तुत विशेषाङ्कमा थुप्रै लेखहरू रहेका छन् । डा. टीकाराम पन्थीले प्रचीन कालको सञ्चार प्रणालीसित परिचय गराएका छन् । युवराज पाण्डेले नेपालको पत्रकारिता क्षेत्रका उपलब्धि र समस्याका बारेमा बुँदागत रूपमा जानकारी गराएका छन् । ऋषिकेश उपाध्यायले नेपाली पत्रकारिताको विस्तार र व्यावसायिकताबारे प्रकाश पारेका छन् ।

नेपाली पत्रकारिता जगत्ले विगतमा विभिन्न असहज पीडाहरू भोगेको हो । यहाँ वरिष्ठ पत्रकार किशोर नेपाल, हरिहर विरही, नारायणप्रसाद शर्मा, कुलचन्द्र वाग्ले, पुरुषोत्तम दाहाल, सोमनाथ घिमिरेका लेखमा त्यस्ता पीडाजन्य अनुभव र अनुभूतिहरू प्रस्तुत गरिएको छ । यिनले विगतको विरूप यथार्थलाई देखाएका छन् ।

पत्रकार कस्तो हुने ? यस्तो प्रश्न पनि उठ्ने गर्छ । असल पत्रकारमा हुनुपर्ने गुणविशेषताका कुरा पनि छन् । यथार्थमा पत्रकार कस्ता छन् ? भन्ने प्रश्न पनि त्यत्तिकै उठ्ने गर्छ । यहाँ युवराज गौतम, विमल गौतम, पं. बाबुराम भट्टराई, भानुभक्त मरासिनी, ऋषि आजादका लेखमा मर्यादित पत्रकारिता र पत्रकारले भोगेका यथार्थको चित्रण भएको छ ।

पत्रकारिताको अभिव्यक्तिको माध्यम भाषा हो । सम्बन्धित भाषामा दक्षता हासिल नगरी यस क्षेत्रमा लाग्नु हुँदैन । मानिसहरू पत्रपत्रिकामा छापिएको भाषालाई मानक मान्ने गर्दछन् । पत्रपत्रिकाको भाषा नै अशुद्ध भयो भने मूल धमिलिएको मान्नुपर्ने हुन्छ । प्रा.डा. वासुदेव त्रिपाठी नेपाली भाषा र साहित्यका शिखर पुरुष हुन् । उनी गुरुहरूका पनि गुरु र महासमालोचक हुन् । यहाँ उनको सञ्चार क्षेत्रमा प्रयुक्त नेपाली भाषा विषयक लेख प्रस्तुत गरिएको छ । यो यस अङ्कको

महत्त्वपूर्ण सामग्री हो । यसमा सञ्चार क्षेत्रको नेपाली भाषाका प्रकार्यहरू, मुख्य समस्याहरू, त्रुटिका क्षेत्रहरू, त्यस्ता त्रुटिनिराकरणका उपायहरू प्रस्तुत गर्दै सञ्चारका पाठ्य, श्रव्य र दृश्य माध्यममा भाषिक कौशल आवश्यक रहेको निष्कर्ष दिइएको छ । लेख लामो र व्याख्यात्मक भए पनि यसले हरेक सञ्चारकर्मीलाई निश्चित भाषिक सचेतना प्रदान गर्दछ ।

मूलतः हाम्रो पुरुषार्थ साहित्यिक पत्रिका हो । त्यसैले पत्रकारिता विशेषाङ्कमा साहित्यिक पत्रकारिता र यसका समस्या, प्रवृत्ति र चुनौतीमा आधारित लेखहरू रहनु स्वाभाविक छ । यहाँ वरिष्ठ पत्रकार रोचक घिमिरे, डा. विष्णुराज आत्रेय, खेमनाथ कोइराला, लक्ष्मणप्रसाद गौतम आदिका लेखहरूमा नेपालको साहित्यिक पत्रकारिताका उपलब्धि, समस्या, प्रवृत्ति र चुनौतीको विवेचना गरिएको छ । पूर्णप्रसाद अधिकारीले प्रजातन्त्र पुनर्स्थापनापूर्वको नेपाली साहित्यिक पत्रकारिताको लेखाजोखा गरेका छन् ।

यहाँ नेपाली पत्रकारिताका विकासमा विशिष्ट योगदान गर्ने केही विशिष्ट स्थान वा क्षेत्रसम्बन्धी उल्लेखनीय सामग्री पनि रहेका छन् । वसन्तध्वज जोशीले तत्कालीन पश्चिमाञ्चल क्षेत्रको, डा. दुर्गाप्रसाद अर्याल र सञ्जय वान्तवाले बनारसको, पूर्णलाल चुकेले बाँके जिल्लाको, अर्जुनप्रसाद भट्टराईले तत्कालीन राप्ती अञ्चलको, मदन भण्डारीले पोखराको, राजेन्द्रकुमार आचार्यले अर्घाखाँचीको, कमला कुँवरले रूपन्देहीको, जगदीश भट्टराईले पाल्पाको, डीपीले नेपाल र भारतका नेपाली पत्रपत्रिकाको विवरण, विकासक्रम र समस्याका बारेमा प्रकाश पारेका छन् ।

यहाँ विषयगत विशिष्ट क्षेत्रको पत्रकारिताको पनि परिचय दिइएको छ । डा. काशीराज शर्मा सुवेदीले आयुर्वेद, हंसपुरे सुवेदीले लोकसाहित्य, ध्रुवप्रसाद ज्ञवालीले संस्कृत, डा. बलराम उपाध्याय रेग्मीले ज्योतिष क्षेत्रको पत्रकारिताको रूपरेखा प्रस्तुत गरेका छन् ।

धर्मेन्द्र झा, कपिल लामिछाने र शङ्करप्रसाद गौतमले नेपालको विकास र मिसन पत्रकारिता बारे प्रकाश पारेका छन् । मञ्जु थापा, दुर्गा पौडेल, कमला कुँवरका लेखमा सञ्चार जगत् र पत्रकारिता क्षेत्रमा महिला सहभागिता र समस्याका बरेमा प्रकाश पारेको पाइन्छ । विष्णुप्रसाद भुसालले जुम्ला, मुगु, रूकुम, रोल्पा र सल्यानका उदाहरण दिँदै द्वन्द्वग्रस्त क्षेत्रको पत्रकारिताउपर प्रकाश पारेका छन् ।

बद्रीविनोद प्रतीक, अर्जुन ज्ञवाली, दिल साहनी आदिले समाजको विकास र परिवर्तनमा पत्रकारिताको महत्त्व तथा यसको सामर्थ्यबारे प्रकाश पारेका छन् भने पीवी पोखरेल र घनश्याम सुस्मितले नेपालको सञ्चार क्षेत्रको दायित्व र चुनौतीबारे प्रकाश पारेका छन् ।

शिव रेग्मी, रामप्रसाद पन्त, डा. लक्ष्मीकान्त पन्थी, आदित्यमान श्रेष्ठ र भूपनिधि पन्तले हाम्रो पुरुषार्थ पत्रिका, पीताम्बर कोइरालाले नौलो पाइलो पत्रिका तथा शशि पन्थीले गोरखापत्रले नेपाली पत्रकारितामा पुऱ्याएका योगदानको सटीक मूल्याङ्कन गरेका छन् ।

ऋषिराम भुसाल, गोकर्ण मरासिनी र तेजप्रसाद पौडेलले समाचार र पत्रकारिताको सैद्धान्तिक परिचय दिएका छन् । जनार्दन घिमिरे 'विवश'ले फिचर लेखनको सैद्धान्तिक परिचय दिएका छन् ।

दुर्गाप्रसाद अधिकारीले गुल्मीमा जन्मेर शिलाङको नेपाली पत्रकारितामा विशेष योगदान गरेका मणिसिंह गुरुङका येगदानको लेखाजोखा गरेका छन् ।

विनयकुमार कसजूले पत्रकारिताको बदलिँदो आयाम औंल्याएका छन् । यस क्रममा यहाँ राजनीति, पेसागत सङ्गठन, आर्थिक शक्ति, प्रेस वा सञ्चार, गैरसरकारी संस्था र सञ्चारप्रविधिलाई क्रमशः पहिलो, दोस्रो, तेस्रो, चौथो, पाँचौं र छैठौं सत्ताको संज्ञा दिइएको छ । चौथो सत्ताको मात्र चर्चा हुने गरेकोमा यहाँ कसजूले छैठौं सत्तासम्मको आकलन गरेका छन् । हुन पनि अबको युगमा एउटा बलियो सत्ताका रूपमा सूचनाप्रविधिको विकास भइसकेको छ । कसजूले २०६२ मै यसलाई प्रस्ट्याएको पाइन्छ । आजको युगमा जसको हातमा सूचनाप्रविधि हुन्छ, त्यही व्यक्ति र देश शक्तिशाली मानिन्छ ।

यहाँ गोपाल शर्माको नेपाल एन्ड फरेन मिडिया र बीके दमारको जनरल कन्सेप्ट एन्ड थ्योरी अफ मास मिडिया शीर्षकमा दुई लेख अङ्ग्रेजी भाषाका सामग्री रहेका छन् । यीमध्ये पहिलो लेखमा विदेश र नेपालको मिडियाको चर्चा गरिएको छ भने दोस्रो लेखमा मिडियाको सैद्धान्तिक अध्ययन गरिएको छ ।

डा. नारायणप्रसाद खनालले पत्रशैलीमा पत्रकारिताको चर्चा गरेका छन् । भुवन अकिञ्चनले नेपालको पत्रकारिताको ऐतिहासिक रूपरेखा प्रस्तुत गरेका छन् । दीन पन्थीले नेपाली साहित्यिक पत्रकारितासम्बन्धी तमाम सामग्री जुटाई चर्चा चलाएका छन् । हीरा एसीले नेपाली पत्रकारिताको तत्कालीन अवस्थाको लेखाजोखा गरेका छन् । नारायणप्रसाद पन्थीले पत्रकारिता क्षेत्रका केही पारिभाषिक शब्दहरू प्रस्तुत गरेका छन् । यस्तै यहाँ नारायणप्रसाद पन्थी र घनश्याम पाण्डेले केही अन्तर्राष्ट्रिय समाचार एजेन्सीको सूची तथा पत्रपत्रिकाको वस्तुस्थिति पनि प्रस्तुत गरेका छन् । रामप्रसाद आचार्यले प्रेस अर्थात् पत्रकारिताको राष्ट्रिय र अन्तर्राष्ट्रिय सीमाबारे प्रकाश पारेका छन् ।

विशेषाङ्कको आरम्भमा हिरण्यलाल ज्ञवाली र दुर्गा अर्यालका शुभकामना कविता रहेका छन् भने अन्ततिर भेषबहादुर कुँवर 'प्रयासी'को पत्रकारबारेको कविता रहेको छ ।

स्थायी स्तम्भका रूपमा सम्पादकीयमा स्वस्थ पत्रकारिताको जिकिर गरिएको छ भने अन्य स्तम्भमा भेटघाट, गुल्मी डायरी, यताउताबाट, पुस्तकालय परिचय, नौलो सृष्टि : सानो दृष्टि, किरण पुस्तकालयको पातो, पाठक-प्रतिक्रिया, आजीवन ग्राहकहरूको नामावली रहेका छन् । यो विशेषाङ्क ४६४ पृष्ठको रहेको छ ।

नेपालीपत्रकारिता र साहित्यिक पत्रकारितासम्बन्धी यतिका गुणात्मक सामग्री रहनु उल्लेखनीय कार्य हो । यसले गर्दा यो विशेषाङ्क वास्तवमै पत्रकारिता विशेषाङ्क भएको छ । यसै त सबै सामग्री ऐतिहासिक महत्त्वका छन् । त्यसमा पनि भवानी घिमिरे, दुर्गानाथ शर्मा, हेमराज ज्ञवाली र दुर्गा बराल (वात्स्यायन) का सान्दर्भिक अन्तर्वार्ता तथा प्रा.डा. वासुदेव त्रिपाठीको सञ्चार क्षेत्रमा प्रयुक्त नेपाली भाषा विषयक लेख र विनयकुमार कसजूको पत्रकारिताको बदलिँदो आयाम विषयक लेख यस विशेषाङ्कका गहकिला सामग्री हुन् ।

पत्रकारिता जति हतारको काम भए पनि यो यथार्थ र सत्यतथ्यभन्दा बाहिर जान सक्दैन । त्यसैले यो सहज र सरल छैन । यति भईकन पनि गुल्मीको तम्घासबाट यति बृहत् र उत्कृष्ट विशेषाङ्क प्रकाशित हुनु सराहनीय कार्य हो । २०३० मा वार्षिक, २०३६ देखि अर्धवार्षिक र २०७० देखि त्रैमासिक रूपमा प्रकाशित भइरहेको यो पत्रिका अब छिट्टै मासिक हुने अपेक्षा गर्दछु । उहिलेको विशेषाङ्क अहिले पनि उत्तिकै पठनीय र सङ्ग्रहणीय रहेको छ । यसका धाई सुसारेहरू बधाईका पात्र छन् ।

✍ **पूर्व क्याम्पसप्रमुख - भैरहवा बहुमुखी क्याम्पस, रूपन्देही ।**

ooo


# किरण पुस्तकालय

**तम्घास, गुल्मीलाई**

## आफ्ना प्रकाशनहरू उपलब्ध गराई सहयोग गर्नुहोस् ।

# हाम्रो पुरुषार्थसँगको चिनजान



डा. बाबुराम ज्ञवाली

कुरा सायद वि.सं. २०३८ साल तिरको हो । भैरहवा क्याम्पसमा नेपाली विषय प्राध्यापन गर्नुहुने भूपति ढकालजीले लुम्बिनी अञ्चलको पत्रकारिताको विषयमा एउटा लेख लेख्नका लागि भैरहवा, बुटवल र मणिग्रामबाट प्रकाशित हुने पत्रपत्रिका संकलन गर्दै हुनुहुन्थ्यो । त्यसबेला अर्जुन ज्ञवाली राससका पत्रकार हुनुहुन्थ्यो भने मैले पनि स्थानीय र राष्ट्रिय पत्रिकाहरूमा समाचार र लेख लेख्न सुरू गर्दै थिएँ । त्यहाँ मैले के थाहा पाएँ भने गुल्मीबाट हाम्रो पुरुषार्थ (यस पछि पुरुषार्थ मात्र भनिएको) नाम गरेको कुनै पत्रिका वर्षको दुई पटक प्रकाशन हुने गर्छ । तर त्यसबेला सम्म मैले पुरुषार्थको कुनै अङ्क पढेको थिइनँ ।

पुरुषार्थमा देवकोटाबारे लेखिएको एउटा अङ्कको भने मलाई सम्झना छ । यस अङ्कको एउटा लामो लेखको त्यस बेला निकै चर्चा भएको थियो जसमा देवकोटाको विचारमा कालक्रमानुसार परिवर्तन (प्रौढता?) आएको र सो कुरा उनका कवितामा झल्किएको विश्लेषण गरिएको थियो । यो मार्क्सवादी मेथडोलोजी प्रयोग गरेर लेखिएको विश्लेषणात्मक लेख थियो, प्रश्रितको ।

पुरुषार्थले समय-समयमा विशेषाङ्क पनि निकाल्ने गर्छ । भर्खरै पनि रुरुक्षेत्र विशेषाङ्क प्रकाशित भएको छ । विगतमा पनि अनेक विषयमा केन्द्रित रहेर अङ्क निकाल्ने गरेको छ । हरेक विशेषाङ्क चर्चित र लोकप्रिय रहेका छन् । कतिपय विशेषाङ्क सन्दर्भका लागि पनि प्रयोग भएका छन् । मैले पनि कतिपय अङ्कहरूको सन्दर्भ दिएर लेख लेखेको छु । विभिन्न अङ्कहरूमाथि स्नातक र स्नतकोत्तर तहमा विश्लेषण र अनुसन्धान पनि गरिएको छ । पुरुषार्थको पुरानो अङ्क होस् वा नयाँ प्रत्येक विशेषाङ्कमा जुन आकर्षण छ, त्यो आज पनि ताजा छ भन्दा अत्युक्ति नहोला ।

गुल्मीका अनेक प्राचीन र आधुनिक पहिचान छन् । शृंगी ऋषि महाकाव्यकालीन, रुरु अप्सरा पौराणिक पहिचान हो । रिडी बजार, माघे संक्रान्ति मेला सभ्यता संस्कृतिको, गण्डकी नदी, भक्तिनी कल्पवास, हृषीकेश, गायत्री मन्दिर धार्मिक ऐतिहासिक पहिचान हो । तीनमुखे पुल गुल्मीको आधुनिक पहिचान हो भने रिडी

बजार, भक्तिनीहरूको कल्पवास, माघे संक्रान्ति मेला, गण्डकी स्नान, ह्रषीकेश मन्दिर, गायत्री मन्दिर रुरुक्षेत्रका पुराना पहिचान हुन् । ठीक यसैगरी पुरुषार्थ र यसलाई प्रकाशन गर्ने संस्था किरण पुस्तकालय गुल्मीको पहिचान बनिसकेको छ । हाम्रो पुरुषार्थ भनेर कसैले नाम लियो भने त्यो गुल्मीबाट निस्कने पत्रिका, मानिसहरूले भनिहाल्छन् । तर पुरुषार्थमा अर्को एउटा थप विशेषता छ । त्यो हो आधुनिकता र प्राचीनता दुबैको मिश्रण । पुरुषार्थ मात्र होइन किरण पुस्तकालयले समेत रूपान्तरण गर्दै छ । आधुनिक हुँदै स्मार्टको यात्रामा छन् दुबै । पुरुषार्थ र किरण पुस्तकालयका प्रकाशन अब इन्टरनेटमा उपलब्ध छन् । त्यसैले प्रकाशन हुनासाथ अब पुरुषार्थ गुल्मीको मात्र रहेन, राष्ट्रिय पनि रहेन, यो अन्तर्राष्ट्रिय हुन पुगेको छ । म आफैंले यो लेख लेख्ने समयमा किरण पुस्तकालयको वेबसाइट हेरिरहेको छु । अब समय आएको छ यसका सुरूका अङ्क पनि नेटमा राख्नुपर्छ । यसबाट टाढा रहेर अनुसन्धान गर्नेहरूलाई सजिलो हुनेछ । यसैगरी उन्नति हुँदै गयो भने भविष्यमा यो पोडकास्टमा पनि सुन्न सकिने छ । यस स्मार्ट प्रविधिलाई प्रयोग गरेर पुरुषार्थ मार्फत तम्घासले आधुनिक प्रविधिमा नेपाली भाषाको सेवा गर्ने छ ।

पुरुषार्थको प्रकाशनले पुराना र स्थापित हस्ताक्षरहरूलाई उनीहरूको स्तर अनुसारको मञ्च मात्र प्रदान गरेको छैन, नयाँ रचनाकारलाई परिचय पनि प्रदान गरेको छ । प्रविधिबाट टाढा, ग्राहक र विज्ञापनको अभाव, यातायात र छपाइका अनेक असुविधा भोग्दै यसले आफ्नो प्रकाशन यात्रालाई चरैवेति चरैवेति भन्दै निरन्तरता दिइरहेको छ । देशको राजधानीबाट टाढा मात्र होइन, लुम्बिनी अञ्चलको सदरमुकामबाट पनि टाढा, अझ भनौं पाल्पा तानसेनको सुविधाभन्दा पनि अझ दुर्गम गुल्मी तम्घासबाट यसका संस्थापकहरूले पुरुषार्थलाई निरन्तरता दिएका हुन् । पत्रकारिता र प्रकाशनको इतिहास लेखिँदा यो कुरा अवश्य पनि उल्लेख गरिने छ ।

*पुरुषार्थ र किरण पुस्तकालयका प्रकाशन अब इन्टरनेटमा उपलब्ध छन् । त्यसैले प्रकाशन हुनासाथ अब पुरुषार्थ गुल्मीको मात्र रहेन, राष्ट्रिय पनि रहेन, यो अन्तर्राष्ट्रिय हुन पुगेको छ । म आफैंले यो लेख लेख्ने समयमा किरण पुस्तकालयको वेबसाइट हेरिरहेको छु । अब समय आएको छ यसका सुरूका अङ्क पनि नेटमा राख्नुपर्छ । यसबाट टाढा रहेर अनुसन्धान गर्नेहरूलाई सजिलो हुनेछ ।*

देश विदेशका लेखकहरूसँग सम्पर्क गर्नु, लेख लिनु र त्यसलाई स्थानीय प्रविधिको प्रयोग गरेर छापेर राष्ट्रिय पत्रिकाको रूप दिनु एक कठिन कार्य हो । नेटवर्कको सुविधा र आधुनिक प्रिन्टिंगको उपलब्धि भएको आजको समयमा यसको कठिनाइ कति थियो होला त्यो बुझाउनु एक जटिल कार्य हो । के भन्न

सकिन्छ भने जसरी कुनै समय तम्घासमा नुन लगेर उपभोग गर्न जति कठिन थियो, त्यस बेला काठमाडौंको लेख तम्घासमा प्राप्त गरेर पत्रिकामा छपाउनु पनि उत्तिकै दुःख थियो । सुरूसुरूमा यो पत्रिका बनारसबाट छापियो । पछि जहाँ सुविधा भयो त्यहीं छापियो । कहिले काठमाडौं कहिले तानसेन हुँदै अहिले त तम्घासमा नै छाप्न थालिएको छ । अब त कागज, प्रिन्टर, गाता सबै काम तम्घासमा हुन्छ । सायद प्रविधिको विकासमा पनि पुरुषार्थले अप्रत्यक्ष योगदान गरेको छ । यसको पनि कुनै न कुनै बेला विवेचना गर्नुपर्छ ।

कुनै नयाँ पुस्तक वा पत्रिका पढ्दा मैले आवरण तथा भूमिका मात्र हेर्दिनँ, त्यसको मुद्रक र प्रकाशक को रहेछ, भनेर पनि हेर्ने गर्छु । यसले मलाई छपाइ र डिजाइनको मोटामोटी अनुमान हुने गर्छ । सायद अरू पाठकहरूले पनि त्यो कुरा हेर्दा होलान् । त्यसैले के भन्न सक्छु भने सुशिला प्रिन्टर्स र पुरुषार्थको ले-आउटकर्ता ईश्वर बि.क. पनि पुरुषार्थसँगै लोकप्रिय भइरहेका छन्, परिचय प्राप्त गरेका छन् ।

स्थापना, वित्तीय सहयोग र नियमित लेख लेख्नेमा डा. टीकाराम पन्थीले आफ्ना भाइ र पुरुषार्थका सम्पादक शशिलाई गरेको सहयोगको मूल्याङ्कन स्वयं शशि पन्थीले गर्न सक्नुहुन्छ किनभने प्रकाशनसँग सम्बन्धित सूक्ष्म समस्या धेरैलाई थाहा नहुन सक्छ ।

एक लेखकको रूपमा पुरुषार्थमा मेरो पहिलो लेख थियो बुढेसकालको धर्मशास्त्र र अर्थशास्त्र । जसमा जेरोन्टोलोजी (जराशास्त्र) विषयक सामग्री प्रस्तुत गरेको थिएँ । नेपालको जनसंख्यामा पाकापुस्ताको संख्या बढ्ने भएकोले आउने पुस्तालाई लाभदायक हुने गरी त्यसको समाधान प्रस्तुत गरिएको थियो । यो विषय आज पाठ्यक्रमहरूमा महत्त्वपूर्ण हुँदै गएको छ । त्यसैले पुरुषार्थका पाठकहरूलाई जानकारीका लागि यो लेख लेखिएको थियो । पुराना पुस्ताका मानिसहरूलाई जेरोन्टोलोजी जस्तो विषयको बारेमा जानकारी नहुन पनि सक्छ । पुरुषार्थका स्थानीय संवाददाता गोपाल पन्थी मार्फत प्रकाशनार्थ यो लेख पुगेको थियो ।

दोस्रो लेखका लागि स्वयं सम्पादक शशि पन्थीले सम्पर्क गर्नुभयो । पहिलो लेख पुरुषार्थसँगको लिंक बन्यो भने दोस्रो लेख चिनजानको आधार बन्यो । पुरुषार्थको वि.सं.२०६८ अङ्क ५६ डा. टीकाराम पन्थी स्मृति अङ्क थियो । पन्थी मेरा विद्यावारिधिको शोध सहनिर्देशक पनि हुनुहुन्थ्यो । उहाँको अगाध विद्वत्ता मैले अनुभव गरेको थिएँ । त्यसैले उहाँको बारेमा लेख्नु सुखकर मात्र होइन श्रद्धाञ्जलि पनि हुने भएकोले मैले पत्रिकाटाइपिंग वा सेटिंग जस्तो कुरामा सहयोग गर्न समेत आफूलाई प्रस्तुत गरें । मैले आफैं टाइप गर्थें । सेटिंग र डिजाइनलाई मैले सहयोग प्राप्त गर्न सक्थें ।

यस अङ्कमा संस्मरणात्मक लेख निकै धेरै छन् । त्यसैले यस अघिको कुनै पनि अङ्कभन्दा यसको आयतन अर्थात् पृष्ठ संख्या निकै ठूलो हुन पुगेको थियो । पत्रिकाको टाइपिंग र सेटिंग तम्घासमा नै भइसकेको रहेछ । तर धेरै पृष्ठको यस अङ्कको लागि प्रकाशन समितिसँग बजेटको अभाव थियो । यस्तोमा मेरो जिम्मा सस्तो मुद्रणालयको खोजीको काम आइपर्‍यो । गोरखपुरमा सस्तो मुद्रक त भेटियो, त्यसको नाम थियो नीलाम्बर । तर सस्तो बेसाहाले पेट दुखाउँछ भने झैं पत्रिकाको ग्याली प्रुफ (प्रिन्ट) कपी लिएर त्यो बेपत्ता भयो । निकै हण्डर खाने गराइदियो । फोन सम्पर्क पनि हरायो । हामी दुबै जना(सम्पादक शशि पन्थी र म) मुद्रकलाई खोज्न गोरखपुर हिंड्यौं । मुद्रक नीलाम्बर दुर्घटनामा परेर घाइते भएको रहेछ । पत्रिका छपाउन पठाएको रहेछ लखनऊ । पत्रिका निकाल्न ढिलो हुन थालेकोले लखनऊ गएर मुद्रण प्रगति हेरेर फर्क्यौं । निकै ठूलो प्रेसमा छपाइ हुँदै थियो । चार कलरमा सम्पूर्ण रंगीन पत्रिकाहरू प्रकाशन गर्ने संस्था रहेछ ।

आधुनिकतम अफसेट प्रेसमा पुरुषार्थको छपाइ समाप्त भएको थियो । धेरै पृष्ठ भएकोले स्टिच बाइन्डिंगभन्दा धागो बाइन्डिंग गर्ने सुझाव दियो मुद्रक नीलाम्बरले । धेरैलाई बाइन्डिंगका अनेक प्रकार हुन्छन् भन्ने थाहा नहुनसक्छ । स्पाइरेल बाइन्डिंगलाई अस्थायी बाइन्डिंग भनिन्छ । त्यसैले पुस्तक बाइन्डिंगका दुई प्रमुख प्रविधि छन्, स्टिच बाइन्डिंग र पर्फेक्ट बाइन्डिंग । पिनले स्टिच हान्ने प्रविधिले पुस्तकलाई राम्ररी बाँधिदिन्छ तर धेरै पाना भएको पुस्तक वा पत्रिका पाना फर्काएर पढ्दा केही असजिलो हुने गर्छ । हातले नसमाए पाना आफैं फर्किएर पढिरहेको पृष्ठ खोजिरहनुपर्ने हुन्छ । पर्फेक्ट बाइन्डिंग अलि आधुनिक प्रविधि मानिन्छ तर यो बाइन्डिंग कमजोर देखिन्छ । त्यसमा लगाइएको गुँद कमजोर भएमा पुस्तकका पाना छुट्टिन्छन् ।

तर टीकाराम पन्थी स्मृति अङ्क यी दुबैभन्दा पृथक बाइन्डिंग हो, धागो बाइन्डिंग । वास्तवमा यो डिलक्स बाइन्डिंग मानिन्छ । बाइन्डिंगको यो सबभन्दा पुरानो र डिलक्स प्रविधि हो ।

यस्तो बाइन्डिंग भएको पुस्तक पूरा खोलेर सजिलो गरी पढ्न सकिन्छ । आफैं पाना नफर्कने भएकोले हातले पाना समाइरहनु पर्दैन । पर्फेक्ट बाइन्डिंगभन्दा यो बलियो र स्टिच बाइन्डिंगको तुलनामा पाना फर्काउन सजिलो हुन्छ । मलाई के लाग्छ भने पुरुषार्थको यस्तो विशिष्ट बाइन्डिंग टीकाराम पन्थी स्मृति अङ्क बाहेकको कुनै पनि पुराना अङ्कमा छैन ।

अचेल यस बाइन्डिंगको प्रचलन निकै घटेको छ । एक एक प्लेटका पाना (चार, आठ वा १६ पृष्ठका) जम्मा गरेर त्यसलाई सिलाएर एक ठूलो पुस्तक बनाउँदा पुस्तकको लागत निकै बढ्ने भएकोले यसको प्रचलन कम छ । यस्तो सिलाइ

गर्ने मानिस पनि निकै सिपालु चाहिन्छ । त्यसैले बाइन्डिंगको यो सीप लोप हुने क्रममा छ । डिजिटल प्रेस आए पछि ल्याटर प्रेस लोप भए झैं केही समयपछि धागोको बाइन्डिंग लोप हुने देखिएको छ । अचेल थोरै पृष्ठ स्टिच बाइन्डिंग र धेरै पृष्ठ पर्फेक्ट बाइन्डिंगमा गरिन्छ ।

यसबाहेक त्यस अङ्कमा अन्य विशेषता पनि छन् । कागज, मसी र प्रिन्ट सबै स्तरीय छन् । त्यस अङ्कको कागज अन्य अङ्कको भन्दा फरक छ । केही धमिलो रंगको छ तर त्यो ७५ जी एस एमको प्रयोग गरिएको छ । पत्रिकाको छेउमा टिन्ट (फुलबुट्टा) छापिएको छ । गाताको कागज र रंग दुबै विशेष प्रविधिमा छन् । आज पनि त्यस अङ्कको आवरण हेर्दा भर्खर छापेर निकालेको जस्तो देखिन्छ । भित्रको प्रिन्ट छाप्ने दिन जस्तो थियो आज पनि उस्तै छ । त्यस अङ्कका पाना फर्काउँदा यो अनुभव गर्न सकिन्छ ।

लखनऊबाट तम्घास पत्रिका पुर्‍याउँदा ढुवानी लागत र भन्सारका थप हण्डर खानु पर्‍यो । त्यस आर्थिक वर्षमा प्रकाशित पुस्तकमा भन्सार कर लिने नियम लागु भएको थियो । तथापि मैले यस अङ्कमा केही योगदान गर्न सकें यसको मलाई सधैं सन्तोष रहनेछ । यस अङ्कमा गरेको योगदानको कदरस्वरूप मलाई किरण पुस्तकालयको आजीवन सदस्यता प्रदान गरिएको हो । अब पुरुषार्थसँग चिनजान मात्र होइन नाता नै जोडियो । यसरी वि.सं. २०६८ पछि म यसको नियमित लेखक हुन पुगें । अहिलेसम्म पुगनपुग मेरा डेढ दर्जन लेख यसमा प्रकाशित भएका छन् ।

वर्षमा केवल दुई अङ्क प्रकाशन हुने भएकोले पुरुषार्थको चर्चा स्वाभाविक रूपमा कम हुन्थ्यो, वर्षमा केवल दुई पटक । अब यसलाई त्रैमासिक बनाइएको छ । अब वर्षमा चार पटक यो चर्चामा आइरहनेछ । पहिलेको तुलनामा दोब्बर चर्चा । साथै अब लेखक, सम्पादक, प्रकाशकको दायित्त्व पनि दोब्बर भएको छ ।

पुरुषार्थले केही स्थायी स्तम्भ राखेको छ जसको बारेमा मोटामोटी चर्चा उपयुक्त होला । दीन पन्थीका कलमले सम्पादकीयमा गहन विचार प्रस्तुत गर्छ । जति ध्यानले पढ्यो उति आनन्द आउँछ । धेरै अघि भारतबाट प्रकाशित हुने कादम्बिनी पत्रिकाको रामानन्द दोषीका् बिन्दु बिन्दु विचारको सम्झना आउँछ ।

भुवन अर्याल अकिञ्चनको स्तम्भ नौलो सृष्टि, सानो दृष्टि अर्को आकर्षक स्तम्भ हो । यसमा पुरुषार्थलाई प्राप्त पुस्तकहरूको छोटो परिचियात्मक समीक्षा प्रस्तुत गरिएको हुन्छ ।

किरण पुस्तकालयको पातोमा पुस्तकालयका सचिवको सूचना प्रकाशन हुन थालेको छ ।

देशको कुना काप्चाका पुस्तकालयको परिचय पाउने स्तम्भ सुरू गरिएको छ । जसबाट पुरुषार्थका पाठकहरूलाई देशका कुना काप्चामा भएका पुस्तकालयको परिचय प्राप्त भइरहेको छ ।

अनुभव र अनूभूति, पुस्तकालय परिचयलगायत नयाँ स्तम्भहरू थपिएका छन् । अनुभव अनुभूतिमा पाका पुस्ताका मानिसहरूका अनुभव साझा गरिएको हुन्छ । यो स्तम्भ सुरू गरे लगत्तै दोस्रो पटक (वि.सं. २०७७को अङ्क ८८मा) जुन अनुभव साझा गरिएको थियो त्यसमा मेरा १०८ वर्षका पिता केशवराम ज्ञवालीको अनुभव प्रकाशित गरिएको थियो ।

अङ्क ९८ मा रुरु अद्वैत संस्थाका देवेश्वर सरस्वतीसँगको अनुभव र अनुभूति साझा गरिएको छ । अद्वैत संस्थाका संस्थापक आचार्य क्षितिशचन्द्र चक्रवर्तीले नेपालमा स्थापना गरेका चार पीठमध्येको यो एउटा पीठ हो । यसबाट आचार्यले हृषीकेश तीर्थलाई दिएको महत्त्व स्पष्ट हुन्छ ।

विशिष्ट अतिथिसँगको भेटघाट यसको सर्वाधिक आकर्षक स्तम्भ हो । अन्य अङ्कमा एक जनासँग भेटघाट गरिन्थ्यो । यसमा दुई जना, आदित्यमान श्रेष्ठ र देवेश्वर सरस्वतीसँग भेट गरिएको छ । ती दुबै जना रुरुक्षेत्रका विशिष्ट व्यक्ति हुन् । आदित्यमान श्रेष्ठको अन्तर्वार्ता साहित्यिक अन्तर्वार्ताभन्दा भिन्न दृष्टिकोणले आएको छ । यो एक पत्रकारसँगको अन्तर्वार्ता हो ।

यस अङ्कमा रुरुक्षेत्रका आकर्षक चित्रहरू छन् । यी चित्रहरू प्रत्येकलाई अलग पाना दिएर संक्षिप्त परिचयका शब्द बढाएको भए हेर्न बुझ्न सजिलो मात्र हुने थिएन रुरु विशेषाङ्कको विशेष आकर्षण हुने थियो ।

किरण पुस्तकालयले नियमित पत्रिका पुरुषार्थ बाहेक केही महत्त्वपूर्ण पुस्तकहरू पनि प्रकाशन गरेको छ । जसमा डा. टीकाराम पन्थी, मोदनाथ प्रश्रित, डा. राजाराम सुवेदी लगायत १७ जना नाम चलेका लेखकहरूका २० वटा पुस्तक (वि.सं. २०७८ सम्म) प्रकाशित भइसकेका छन् । सबैभन्दा बढी पाँच पुस्तक डा. टीकाराम पन्थीका नै छन् । उहाँका सबै पुस्तक एकभन्दा एक छन् तर केही जनश्रुतिहरू नाम गरेको पुस्तक बढी सन्दर्भ दिइएको पुस्तक हो । यस पुस्तकबापत डा. टीकाराम पन्थीलाई राष्ट्रिय पुरस्कार पनि दिइएको हो । यस पुस्तकमा अनुसन्धानको एक नयाँ विधिको सफल प्रयोग गरिएको छ । जसको प्रयोग अन्यत्र विरलै भएको देखिन्छ । किरण पुस्तकालयले प्रकाशन गरेका सबै पुस्तकहरूको संक्षिप्त समीक्षा नौलो सृष्टि, सानो दृष्टि स्तम्भमा गरिएको छ ।

मेरा दुईवटा पुस्तक किरण पुस्तकालयबाट प्रकाशित छन्, बार्हस्पत्य अर्थसूत्र र आधा जिस्ता । त्यसमध्ये बार्हस्पत्य अर्थसूत्र मेरो विद्यावारिधिको सहायक सन्दर्भ

हो । जसलाई मैले पुनः अनुसन्धान गरेर प्रकाशनमा ल्याएको हुँ । त्यसैले भावी शोधकर्ताहरूलाई यो एक मौलिक सन्दर्भ पुस्तक हुने विश्वास गरेको छु । पाठकहरूका लागि किरण पुस्तकालयले सबै पुस्तक र पुरुषार्थका केही अङ्क वेबसाइटमा राखेको छ । एक क्लिकले यी पुस्तक तपाईंको स्क्रीनमा देखिन्छन् । हुन त, पुस्तक पढ्न हार्ड कपीमा नै आनन्द आउँछ तथापि इन्टरनेट कपीले अड्को पड्को तेलको धूप, काम गर्छ ।

*पुरुषार्थ चारवटा हुन्छन्, अर्थ, काम, धर्म र मोक्ष । आफ्नो सारा ऊर्जा अर्थको व्याख्यामा लगाउनाले कौटिल्य दार्शनिक बने, आफ्नो सारा ऊर्जा धर्म संस्थापनमा लगाउनाले मनु अवतार बने, आफ्नो सारा ऊर्जा कामको व्याख्यामा लगाउनाले वात्स्यायन नन्दीका अवतार ठहरिए । आफ्नो ध्यान मोक्षमा केन्द्रित गर्नाले उपनिषद्का ऋषि कालातीत वन्दनीय बने । कुनै एउटा पुरुषार्थमा मात्रै आफूलाई समर्पित गरे पनि जीवन सफल हुने रहेछ । ।*

धार्मिक, सांस्कृतिक दृष्टिले महत्त्वपूर्ण कृतिहरू पनि किरण पुस्तकालयले प्रकाशन गरेको छ । तथापि सन्त शशिधरको बाणोपनिषद् एक प्रकाशस्तम्भ हुने मेरो विश्वास छ । शशिधर स्वामीलाई जोसमनि सन्त परम्परामा सर्वोच्च सम्मान छ । झन् पछि झन् यो पुस्तक महत्त्वपूर्ण हुँदै जाने छ । जोसमनि परम्पराका कुनै प्रतिभाशाली शिष्यले यस पुस्तकको नयाँ र लोकप्रिय व्याख्या गर्न सके जोसमनि शास्त्रको परम्परामा ठूलो योगदान हुनेछ । ढीलो चाँडो त्यो हुनेछ भन्ने मेरो विश्वास छ । यहाँ स्मरणीय के भने जोसमनि परम्परा नेपालमा भन्दा छिमेकी देश भारतको उत्तराखण्डमा बढी लोकप्रिय भएको छ ।

पुरुषार्थ चारवटा हुन्छन्, अर्थ, काम, धर्म र मोक्ष । आफ्नो सारा ऊर्जा अर्थको व्याख्यामा लगाउनाले कौटिल्य दार्शनिक बने, आफ्नो सारा ऊर्जा धर्म संस्थापनमा लगाउनाले मनु अवतार बने, आफ्नो सारा ऊर्जा कामको व्याख्यामा लगाउनाले वात्स्यायन नन्दीका अवतार ठहरिए । आफ्नो ध्यान मोक्षमा केन्द्रित गर्नाले उपनिषद्का ऋषि कालातीत वन्दनीय बने । कुनै एउटा पुरुषार्थमा मात्रै आफूलाई समर्पित गरे पनि जीवन सफल हुने रहेछ । रुरुक्षेत्रबाट यस पुरुषार्थले चारैवटा पुरुषार्थको उपलब्धि होस् भन्ने जुन उद्देश्य राखेर ५० औं वर्षको यात्रा गरिरहेको छ त्यो सबैले मनन गरेर समग्र देश नै पुरुषार्थमय बनोस् भन्ने सन्देश दिन यो अङ्क सफल हुने विश्वास व्यक्त गर्दछु ।

**हाल : लन्दन, ब्रान्ड एभिन्यु, इलिंग, ग्रीनफोर्ड ।**

०००

// लेख //

# हाम्रो पुरुषार्थको भानु विशेषाङ्क : एक विहङ्गावलोकन



✍ मुकुन्द शर्मा चालिसे

साहित्यसेवा माता सरस्वतीप्रतिको आराधना हो । यस्तो आराधनाले ऐहिक र पारमार्थिक लाभ हुन्छ । हामी जन्मेर आएपछि यस्तै सार्थक कर्म गरेर जीवनलाई धन्य बनाउनुपर्छ । हाम्रो पुरुषार्थ (त्रैमासिक) नेपाली साहित्यको उन्नयनमा अग्रसर भइरहेको सफल पत्रिका हो । मोफसलमा रहेर यसले आफ्ना अनेक अङ्कमा राष्ट्रलाई उद्‌बोधन दिने साहित्यिक व्यञ्जन पस्कँदै आएको छ । अहिले यस पत्रिकाको स्वर्ण–जयन्ती मनाइँदै छ । यस्तो पुण्यवान् कर्ममा लाग्नुहुने यसका सम्पादक शशि पन्थी, दीन पन्थी र अन्य सम्पूर्ण परिवारप्रति हार्दिक बधाई शुभकामना व्यक्त गर्छु । यस अवसरमा यस पत्रिकाको विशेषाङ्क निकालेर सम्पादकमण्डलले साहित्यको विशेष यज्ञ गर्ने जमर्को गर्नुभएको छ । यहाँ म २०७० सालमा यसै पत्रिकाले प्रकाशित गरेको भानु विशेषाङ्कका बारेमा आफ्ना शुभकामना सुमनसहित एक लेख अर्पण गरेर यस यज्ञलाई अनुमोदन गर्छु ।

पं. श्रीकृष्ण आचार्यका नाति, खरदार धनञ्जय आचार्य र धर्मावतीका छोरा आदिकवि भानुभक्त आचार्य हाम्रा राष्ट्रिय विभूति हुन् । उनी वि.सं. १८७१मा तनहूँको चुँदी रम्घामा जन्मेर आफ्नो काव्यिक देनले देश र काललाई उछिन्ने कीर्तिमान् आदिकवि हुन् । आदिकाव्य रामायण लेखेर नेपाललाई भाषिक एकीकरण गरे । उसो त उनको भक्तिकाव्य रामायण र अन्य रचना देशान्तरमा पनि प्रवहमान भएर गए । उनलाई युगकवि मोतीराम भट्टदेखि पारसमणि प्रधानसम्म, सूर्यविक्रम ज्ञवालीदेखि बालकृष्ण समसम्म र महाकवि लक्ष्मीप्रसाद देवकोटादेखि वर्तमानसम्मका अनेक सर्जकले प्रशस्त लेखरचनाले अर्चना गरे । डा. तारानाथ शर्मा, डा. वासुदेव त्रिपाठी, दयाराम श्रेष्ठ आदि समालोचकले भानुभक्तका अनेक आयाम देखाएर परिचय दिए । देशदेशान्तरमा उनका शालिक स्थापना भए । अनेक संस्था खुलेर उनलाई उनको जन्मदिनलगायत अनेक अवसरमा गुणको स्मरण गरे । तलदेखि माथिसम्म कैयौं शैक्षिक संस्थामा

भानुभक्त आचार्य चर्चित भए । यो क्रम निरन्तर छ । यसै सन्दर्भमा हाम्रो पुरुषार्थले उनको नाममा भानु विशेषाङ्क निकालेर उनको बहुआयामिक व्यक्तित्व र कृतित्त्वको बोध गरायो । त्यसैले यो अङ्क विशेष स्मरणीय भएको छ ।

हाम्रो पुरुषार्थको भानु विशेषाङ्क अत्यन्त गहन रचनाहरूका साथ प्रकाशित भएको छ । यसमा आएका भानुभक्तसम्बन्धी उद्‌गारहरू प्रामाणिक ऐतिहासिक दस्तावेज मानिन्छन् । यसका स्थायी स्तम्भमा ५२ वटा लेखकका उत्तम रचना छन् । ३७ वटा गद्य र १५ वटा पद्य भएको यो भानु विशेषाङ्कमा आदिकवि भानुभक्त आचार्यलाई अनेक आयामले अध्ययन गरेर श्रद्धा व्यक्त गरिएको छ । ती सबै रचना पठनीय छन् ।

यस भानु विशेषाङ्कको शुरूमा प्रा डा जयराज आचार्यको अन्तर्वार्ता छ । विशिष्ट विद्वान् जयराज आचार्य भानुभक्त आचार्यकै कुलका रत्न हुन् । उनले भानुभक्तलाई भाषिक साहित्यिक र सांस्कृतिक योगदानका कारण अमर भएको प्रमाणसहित विशद चर्चा गरेका छन् । पाश्चात्य चेतनाका र पौरस्त्य वाङ्मयका सूक्ष्म तन्तु केलाउन सक्ने उनको यो अन्तर्वार्ता पठनीय छ । यसमा दिइएका तथ्यपरक विचारलाई हामी सहर्ष अभिनन्दन गर्छौं । यहाँ भानुकै कुलका अर्का सर्जक शिवराज आचार्यको लामो लेख छ । उहाँको आफ्नै भाषिक शैलीमा यो उनिएको छ । यस लेखमा लेखकले भानुभक्तका रचनाको सर्वाङ्गीण परिचय दिने जमर्को गर्नुभएको छ । भानुको जन्मभूमिदेखि लिएर जन्मकुण्डली, नाता सम्बन्धको समेत यहाँ चर्चा छ । लेखकले भानुका रचनाको समग्र आलोडन गरेको यो लेख आफ्नै स्वादले भरिएको छ । यसै वर्ष भानुभक्त जन्मेको दुई सय वर्ष पुगेको अवसरमा भानुभक्त आचार्यको द्विशतवार्षिकी समारोह एक चर्चा शीर्षकमा हिरण्यलाल ज्ञवालीको लेख यहाँ आएको छ । यस लेखमा २०७० असारदेखि २०७१ साल असारसम्म गरिने कार्यक्रमको विशद चर्चा गरिएको छ । यस लेखले भानुलाई लिएर वर्षभरि मनाउने कार्यक्रमको झलक दिएको छ । यो कार्यक्रमलाई सफल पार्न नेपालका वरिष्ठ लेखक राष्ट्रकवि माधव घिमिरेको अध्यक्षतामा वैरागी काइँला, इन्द्रबहादुर राई, सत्यमोहन जोशीको सहअध्यक्षतामा कमल दीक्षित, प्राडा वासुदेव त्रिपाठी, मोदनाथ प्रश्रित,

*हाम्रो पुरुषार्थको भानु विशेषाङ्क अत्यन्त गहन रचनाहरूका साथ प्रकाशित भएको छ । यसमा आएका भानुभक्तसम्बन्धी उद्‌गारहरू प्रामाणिक ऐतिहासिक दस्तावेज मानिन्छन् । यसका स्थायी स्तम्भमा ५२ वटा लेखकका उत्तम रचना छन् । ३७ वटा गद्य र १५ वटा पद्य भएको यो भानु विशेषाङ्कमा आदिकवि भानुभक्त आचार्यलाई अनेक आयामले अध्ययन गरेर श्रद्धा व्यक्त गरिएको छ । ती सबै रचना पठनीय छन् ।*

प्राडा व्रतराज आचार्य, रमा शर्मा आदिको संयोजकत्वमा कार्यसमिति गठन गरिएको देखाइएको छ । प्राडा वासुदेव त्रिपाठीको भनाइलाई अघि सार्दै लेखक ज्ञवालीले ब्रिटिस सेनामा भर्ना भएका नेपालीहरूलाई अङ्ग्रेजले रामायण छुवाएर शपथ गराउने घटना अघि सारेका छन् । यसबाट भानुको प्रभावलाई ब्रिटिस गोराले पनि बुझेको स्पष्ट हुन्छ । भानुको जन्मस्थल चुँदी रम्घालाई अझै चिनाउने, भानुको चित्रकथा आदि बनाउने समेतको यहाँ चर्चा छ । समग्रमा यो लेख अत्यन्त सारगर्भित छ ।

नाट्यसम्राट् बालकृष्ण समले भानुभक्तलाई नायक बनाएर लेखेको नाटक भक्त भानुभक्त एक सशक्त नाट्यकृति हो । यस कृतिको आरम्भमा बालकृष्ण समले भानुभक्तप्रति श्रद्धापूर्वक यस्तो श्लोक लेखेका छन् ।

**सानैमा भानु मेरो सरल हृदयको भावको सिन्धुलाई**
**निद्रामा घच्चच्याई हदतक उसको माथि सोसी उडाई ।**

**रुन्चे वर्षा सिकायौ शुभ हरिपदको जो त्यसैले विशेष**
**मेरो यो अश्रुविन्दुप्रति टलपल भै नाच्छ तिम्रो प्रकाश ॥**

यसै नाट्यकृतिलाई चिरफार गरेर प्रा.डा. लक्ष्मीकान्त पन्थीले भानुभक्तको विशेष महिमा बढाएका छन् । समको यो रचनामा भएका गुण दोषको चर्चा यहाँ छ । समले तत्कालको परिवेशलाई आफ्नै लेखन कौशलले जीवन्त बनाएका छन् । राणाको युगमा भानु जन्मेकाले सम पनि राणा परिवारका सदस्य हुनाले पनि तत्कालका ती दृश्यलाई समले आफ्नो भावानुकूल बनाउनु स्वाभाविक हो । पन्थीको यो लेख विवेचनापरक भएर हामीलाई आस्वाद दिन्छ ।

यस अङ्कमा भानुभक्त र रामगीताका बारेमा स्व. रामकृष्ण शर्माको संक्षिप्त लेख छ । जसले रामायणअन्तर्गत रामगीताको विवेचना देखाउँछ । यस्तै संक्षिप्त लेख जगन्नाथ रेग्मीको छ जसमा भानुभक्तको भास्वर प्रतिभाको चर्चा गरिएको छ । वाल्मीकि, होमर आदि संसारका ठूला कविहरूसित भानुभक्तलाई दाँजिएको छ । विभिन्न उपशीर्षक राखेर भानुका रामायणको अध्ययन गरिएको लेख 'उत्तरआधुनिक अध्ययन सन्दर्भमा भानुभक्तीय रामायण' यसमा लेखकले रामायणको विशद चर्चा गरेको देखिन्छ । उनको शिल्प स्तरीय देखापर्छ । भानुभक्तको वधूशिक्षाका बारेमा यहाँ दुईवटा लेख छन् । एउटा गोपीकृष्ण गौतमको वधूशिक्षामा नैतिक आदर्श केलाएको लेख अर्को शङ्करप्रसाद गैरेको वधूशिक्षाको समाजशास्त्रीय विवेचना भन्ने लेख । यी दुबै लेखले वधूशिक्षाको गहिराइमा गएर विषयवस्तुलाई स्पष्ट पारेका छन् । वास्तवमा भानुभक्तले तत्कालको परिवेशलाई आँकलन गरेर लेखेको वधूशिक्षा अहिलेका परिस्थितिसित दाँजेर हेर्नु उपयुक्त छैन । भानुभक्त आजका सन्दर्भमा भन्ने निबन्धमा देवी पन्थी

लेख्छन्-आज १२५भन्दा बढी भाषाभाषी भएको यो सानो भूगोलको टुक्रामा जुन एकता छ, जुन सन्निकटता छ, जुन अपनत्व छ ... त्यो सब भाषाले गरेको छ र यस महान् कार्यको श्रेय आदिकवि भानुभक्तलाई जान्छ ।

यही परिप्रेक्ष्यमा भानुभक्तको आदिकवित्वका बारेमा विभिन्न समालोचकका धारणा भएको शोधपरक लेख यस पुस्तकमा आएको छ । विवेचक ध्रुवराज गौतमको नेपाली साहित्यमा आदिकविको प्रश्न भन्ने लेखमा भानुभक्तका आदिकवित्वका बारेमा उठेका विभिन्न समालोचक मोतीराम भट्ट, कुलचन्द्र गौतम, बाबुराम आचार्य आदिका भनाइ उद्धृत गरिएका छन् । विपक्षमा हेमराज शर्मा, बालकृष्ण सम, रामकृष्ण शर्मा आदिका तर्क आएका छन् । लेखकले दुबै पक्षका भनाइलाई समुचित स्थान दिएर अन्त्यमा भानुभक्त आदिकवि नै हुन् भन्ने आफ्नो विचार व्यक्त गरेका छन् । यहाँ भानुभक्तको आदिकवित्वको पक्षलाई लिएर लेखिएको अर्को संक्षिप्त तर गहन लेख छ भानुभक्त र आदिकवित्वको पक्ष । यसका लेखक हुन् श्यामजी अतिथि । यहाँको यो लेखले भारतमा भानुभक्तलाई कसरी चिनिएको छ भन्ने समेत खुलाएको छ । लेखकले विभिन्न लेखकवर्गको अभिमत दिएर अन्त्यमा आफ्नो मत व्यक्त गरेका छन्-यथार्थमा नेपाली भाषा साहित्यका आदिकवि भानुभक्त आचार्य नै हुन् ।

भानुभक्त आचार्यको रचनाको मूल मर्ममा भक्ति देखिन्छ । त्यसैकारणले रामायण लेखेर मात्र उनको धोको नपुगेर भक्तमाला लेखी उनले भगवद्भक्तिमा आफ्नो गहिरो भाव रहेको व्यक्त गरे । यही भक्तिभावलाई सबैजसो लेखकले यहाँ यत्किञ्चित् ल्याएको देखिन्छ तर मूल रूपमा उठाएर लेख्ने मुकुन्द शर्मा चालिसेको लेख छ भानुभक्तको रामायण भक्तिकाव्यकारिताको कोणबाट हेर्दा । यस लेखको अन्तिम वाक्य टिपेर भानुको भक्तिभावलाई म नमन गर्छु । बरू अध्यात्म रामायणको ज्ञान वा वेदान्तपक्षको विषयलाई नजानिँदो पाराले भक्तिमा बगाएर मौलिक रूपमा अनुवाद गरिएको यो रामायण भानुभक्तको वास्तविक परिचय हो ।

भानुभक्तले रामायण, वधूशिक्षा, भक्तमाला जस्ता महाकाव्य खण्डकाव्य मात्र होइन, फुटकर कविता पनि लेखेका थिए । ती कवितामा नेपालको तत्कालको चित्रण पाइन्छ, कार्यालयमा हुने भोलिवाद पाइन्छ र व्यङ्ग्यचेत पाइन्छ । यी विषयलाई उधिन्दै कृष्णविलास पौड्यालको फुटकर कवितामा भानुभक्त भन्ने निबन्ध अघि बढेको छ । यसमा लेखकले उनन्चालीसवटा फुटकर कविताका कोणलाई औंल्याएको पाइन्छ । विश्लेषणपरक यो विवेचनाको आफ्नै स्वाद छ । भानुभक्तको रचनाकारिता र प्रतिविम्बित उनको व्यक्तित्वका केही पाटाहरू शीर्षकमा हुमकान्त पाण्डेले उठान र बैठानमा सम्पुटित गरेर लेखेको विवेचनामा

भानुका केही कविता र व्यक्तित्वलाई देखाएकाले रचना संक्षिप्त भए पनि रोचक छ ।

भानुभक्तका कविता लोकजीवनमा भिजेका छन् । कविताको सरलता र हृदयसंवेद्यताले गर्दा गाउँका आमाले पनि भानुका कवितालाई आफ्नो लयमा ल्याएर बाबु नानीलाई सम्झाएको दृश्य धनेश्वर भट्टराईको भानुभक्तका कविता, आमाको अर्ती र अज्ञानी म भन्ने रोचक आत्मपरक निबन्धले देखाएको छ । भानुभक्त आचार्यलाई लिएर प्रेमप्रसाद तिवारीले प्रश्नोत्तर कवितामा प्रतिपाद्य विषय, लय विधान, भाषाशैलीको चर्चा गरेका छन् र रचनालाई रोचक बनाएका छन् । उही प्रश्नोत्तर कवितामा विचार पक्षलाई लिएर लेखिएको महेन्द्रकुमार पन्थीको लेख छ । यसमा उनले भक्तिरसको प्रवाह, नैतिक सामाजिक आदर्शमा जोड आदि उपशीर्षक दिएर यो कविताको विश्लेषण गरेका छन् ।

भानुभक्त छन्दोबद्ध कवितामा सिद्धहस्त आदिकवि हुन् । उनले अनेक छन्दमा रचना गरेर रामायण र अन्य रचनालाई सुमधुर लय प्रदान गरे । नेपालमा हाल छन्दोबद्ध रचना लेख्ने जुन लहर आएको छ, यसमा भानुभक्तकै प्रभाव र प्रेरणा छ भन्ने मान्नैपर्छ । हामी बाल्यकालमा रामायण आदि पढेर शार्दूलविक्रीडित, स्रग्धरा, शिखरिणी आदि छन्दलाई जिभ्रामा नचाउन पायौं । फलस्वरूप उत्तरवर्ती कविहरूमा त्यसको प्रभाव पर्दै गयो । भानुभक्त रचनामा छन्दविधान कस्तो छ त्यसको निरूपण गर्दै कलम चलाउने लेखक हुन् कृष्ण भण्डारी मुमुक्षु ।

मुमुक्षुले आदिकवि भानुभक्तका कवितामा छन्दविधान शीर्षक दिएर लेखेको विवेचनालाई यस अङ्कले स्थान दिएको छ । यसमा भानुले प्रयोग गरेका शार्दूलविक्रीडित, स्रग्धरा, शिखरिणी लगायत अन्य १० भन्दा बढी छन्दको विवरण खुलाइएको छ ।

मूल्याङ्कन परम्परामा भानुभक्त आचार्य भन्ने शीर्षक दिएर पूर्णप्रसाद अधिकारीले आदिकविलाई को को विवेचक, समालोचकले कसरी मूल्याङ्कन गरे भन्ने खोजी गरेका छन् । भानुलाई अनेक लेखकले आफ्नो विषय बनाएको विवरण यहाँ छ । महाकवि देवकोटाले घाँसी कवितामा जस्तै सूर्यविक्रम ज्ञवाली, पारसमणि प्रधान आदि स्रष्टाले उनलाई गरेको उच्च मूल्याङ्कन यहाँ उल्लेख गरिएको छ । भानुभक्तलाई मूल्याङ्कन गर्ने लेखक समालोचकले मात्र होइन, चलचित्रले कथापट बनाएको छ । गायक गायिकाले समेत आफ्नो सुमधुर आवाजमा मुखरित गरेका छन् । उनी आज वर्तमान युगसञ्चारको सञ्जालमा समेत छाइएका छन् भनी भानुको प्रशंसामा अधिकारीले खुलेर लेखेका छन् ।

डा. बाबुराम ज्ञवालीको लेख छ भानुभक्तको रामकथा र त्यसको ऐतिहासिक सामाजिक परिवेश । यस लेखले भानुको रामकथाले कसरी विश्वमा प्रभाव पार्दै

गयो भन्ने विचार ल्याएको छ । नेपालभारत बाहेक इन्डोनेशिया, कम्पुचिया, फिलिपिन्स आदि देशमा रामकथाका बान्कीले स्थान जमाएका छन् । यस्तै बौद्ध, जैन, सिख धर्ममा रामकथाको प्रभाव कस्तो छ भन्ने जानकारीमूलक लेख छ यो । लेखक डा बाबुराम ज्ञवालीले रामचरित मानस, रविको रामायण र भानुभक्तको रामायणका कतिपय सन्दर्भको उदाहरण दिँदै लेखलाई नेपालको ऐतिहासिक परिवेशमा भानुभक्त रामायण कसरी भिज्दै गयो भनी स्पष्ट पारेका छन् ।

भानुभक्तको रचनाकारिता र प्रतिविम्बित व्यक्तित्वका केही पाटाहरूमा रमाएका लेखक हुन् हुमकान्त पाण्डे । उनले भानुभक्त रचनाका सम्पूर्ण श्लोक संख्या गनेर यहाँ देखाएका छन् । रामभक्ति र लोककल्याणकारी पाटो नै भानुको मुख्य पाटो भएको उनको ठहर छ । यस्तै नारायणदत्त शास्त्रीले भानुप्रति श्रद्धाभाव देखाएर लेखेको मीठो र छोटो निबन्ध यहाँ छ, जसमा अघिका रचनाकारले खिचडी बनाएको भाषालाई भानुले नेपाली शैलीमा ल्याएको देखाएका छन् ।

भानुभक्त एक संक्षिप्त अध्ययन भन्ने लेख अन्य लेख जस्तै पठनीय छ । यसका लेखक हुन् कपिल अज्ञात । अज्ञातले विभिन्न उपशीर्षक दिएर भानुका व्यक्तित्व र कृतित्त्वका अनेक पक्षको आलोडन गरेका छन् । उनको लेखमा भानुका रचनामा पाइने शृङ्गाररसपक्षको पनि उल्लेख गरिएको छ । कपिल अज्ञातले भानुका प्रवृत्ति र विशेषता केलाएर लेखलाई पूर्णविराम दिएका छन् ।

यस्तै यहाँ दुईवटा लेख छन् भानुलाई सम्झेर देवकोटाले के भने भन्ने प्रा डा दुर्गाप्रसाद अर्यालको लेख र सुन्दर युवक भन्ने पद्म देवकोटाको लेख । यी दुबै लेखमा महाकवि देवकोटाले भानुप्रति राखेको श्रद्धाभावलाई आ–आफ्ना कोणले खुलाइएको छ । अर्यालले अन्धतामिस्र युगमा भानुले दिएको आलोकलाई खुलाउँदै नेपाली साहित्यको इतिहासमा सर्वश्रेष्ठ पुरुष भन्ने देवकोटाको भनाइलाई सम्पुटित गर्दै कवितासहितको लेख लेखेका छन् । देवकोटाकै सुपुत्र पद्म देवकोटाले महाकवि देवकोटाले लेखेको घाँसीको कविता उद्धरण अघि सार्दै आफ्ना आदरणीय पिताजीलाई समेत सम्झेर श्रद्धाभाव देखाएका छन् ।

भानुको प्रश्नोत्तरमाला र शङ्कराचार्यको मणिरत्नमालाको विमर्श भन्ने छ डा. डुकुलराज घिमिरेको । यस लेखमा डा. घिमिरेले शङ्कराचार्यले लेखेको मणिरत्नमालासित भानुको प्रश्नोत्तरमालालाई तुलनात्मक अध्ययन गर्ने जमर्को गरेका छन् । पहिले भानुको परिचय दिई उनी विषयवस्तुमा आउँछन् र दुबै मालामा उनिएका कतिपय श्लोकपुष्पलाई यहाँ देखाउँछन् । यो लेख यसरी रोचक बनेको छ ।

भानुभक्त आचार्य बहुप्रतिभाशाली कवि थिए । उनले आफ्नो युगमा आउने अनेक अभिभारा लिएका थिए । उनमा विशाल वैदुष्य थियो । उनको वैदुष्य रामगीतामा तथा प्रश्नोत्तरमालामा पनि अभिव्यक्त भएको छ । उनको ज्योतिषविद्याको ज्ञान थियो । यिनै विषयलाई उठाएका लेखक हुन् स्व. रामकृष्ण शर्मा साथै भानुभक्तको ज्योतिषविज्ञान भन्ने शीर्षकमा आफ्नो भनाइ राख्ने लेखक हुन् अर्जुनप्रसाद भट्टराई । यस्तै वधूशिक्षामा भानु भन्ने कविता पन्थीको संक्षिप्त लेखले वधूशिक्षा रचनाले तत्कालको नेपाली समाज र नारीको स्थानसमेतलाई बुझ्न यस रचनाले सघाउ पुगेको बताएकी छन् ।

भानुभक्तलाई सम्झनुपर्दा भन्ने शीर्षक दिएर उत्तरकुमार पराजुलीको रचना यसमा आएको छ । यसमा लेखकले भानुलाई आफूले कक्षामा कसरी पढियो भन्ने रोचक संस्मरण लेखेका छन् । यसमा उनले ज्योतिष गणनाअनुसार भानुको नामका बारेमा विमर्शसमेत गरेका छन् र भानुलाई परिचित गर्ने अझै तथ्यपरक सन्दर्भहरू प्रकाशमा आऊन् भनी शुभकामना व्यक्त गरेका छन् ।

यस भानु विशेषाङ्कमा केही कवितापुष्प पनि फक्रेका छन् जो भानुप्रति अर्पित छन् । ज्यो. रत्ननिधि रेग्मीको भानुभक्तलाई चिठी भन्ने कविता छ । आदिकविको आत्मग्लानि भन्ने गद्य कविता लिएर आएका छन् श्याम रिमाल जसमा वर्तमानलाई केही झटारो छ । यस्तै लक्ष्मणप्रसाद रिजालको धर्तीमा आलोक छर्ने भानुप्रति नवधा भक्ति भन्ने कविता छ जसमा विभिन्न छन्दमा आएका श्लोकले भानुलाई अर्चना गरेका छन् । भानुभक्तकै रामायणको कविताको अंशलाई समस्यापूर्ति बनाएर लेखेको सुन्दर कविता छ–जान ता राति जाती । यसका कवि हुन् भुवनहरि सिग्देल । कवि सिग्देलले मालिनी छन्दमा यो कविता रचेर भानुप्रतिको अगाध श्रद्धा व्यक्त गरेका छन् । यहाँ कवयित्री बुनू लामिछानेको अभिनन्दन भानुलाई भन्ने सुन्दर कविता पनि आएको छ जस्तो हरिप्रसाद पन्थीको भानु छिट्टै आऊ भन्ने कविता छ । यी दुबै कविता पनि छन्दोबद्ध छन् । यहाँ नमोनारायण पन्थीले भानु फेरि उदाऊ भनी छन्दमा नै भानुलाई फेरि उदाउन आह्वान गरेका छन् । बोम अर्यालको गजलले नयाँ स्वाद दिन्छ र भानुलाई सम्झाउँछ । राजेन्द्रकुमार आचार्यको श्रेय ठूलो छ भानुको नामक कविता छ भने भेषबहादुर कुँवर प्रयासीको लोकलयमा कविता छ भानु जन्मेर पो । यी दुबै कविताले भानुलाई श्रद्धा देखाउँछन् । कवि अजम्बरध्वज खातीले भानुलाई बटौली लगेका छन् । उनको कविताको शीर्षक छ बटौलीमा भानु । मुक्त छन्दमा रचित यस कवितामा कविले भानुलाई आफ्नै प्रकारले सम्झेका छन् र श्रद्धा व्यक्त गरेका छन् । कवयित्री प्रभा भट्टराईको कविता भानुको उपस्थिति । यो कविताले भट्टराईले भानुलाई सम्झेको कविताको अन्तिम लहर यहाँ राख्छु । उनले आफूलाई भानुबाट प्रेरित भएको देखाएकी छन् ।

**म भित्रभित्र भानु छन् म भानुमै छु निर्भर ॥**

हाम्रो पुरुषार्थ भानु विशेषाङ्कका सहसम्पादक दीन पन्थीको अत्यन्त सुन्दर लेख छ यहाँ । भानुभक्तमा व्यङ्ग्यचेतना भन्ने शीर्षकमा उनिएको यो लेखले भानुले कसरी आफ्नो व्यङ्ग्य रचनाधर्मिता कायम गरेका थिए भन्ने कुरा उदाहरणसहित देखाएका छन् । सोमत नभएका सासूबुहारी, धर्मछाडा, भ्रष्ट डिट्ठाबिचारीप्रति भानुका कवितामा आएका आवाजलाई दीन पन्थीले यहाँ ल्याएका छन् । जेल पर्दा, मुद्दा मामिला पर्दा, निस्ता मकै टकार्दाका रोचक र घोचक दृश्यलाई भानुले कवितामा कसरी ल्याए यो दीन पन्थीले खुलस्त पारेका छन् ।

अन्त्यमा लेख आएका यस पत्रिकाका प्रधान सम्पादक शशि पन्थीको भानुभक्तकालीन भोलिवादको बिरासत गणतन्त्रात्मक नेपालसम्म भन्ने उनको सारगर्भित लेख छ । यो लेखले हामी नयाँ युगमा आए पनि राज्यव्यवस्था बिग्रँदै गएको कुरा आद्यन्त पोखेका छन् । सरकारी कोषको दुरूपयोग हुन नदिनु सरकारको प्रमुख कर्तव्य हो । पहिले बरू कडा नियम थियो । अहिले भद्रगोल स्थिति आयो । तर भोलिवाद उस्तै छ जस्तो उतिबेला थियो । शशि पन्थीले यी कुरा उठाउँदै अन्त्यमा भोलिवादको अन्त्य गर्न धेरै भानुभक्तहरू यहाँ जन्मनुपर्छ भनी स्पष्ट पारेका छन् ।

यसप्रकार हाम्रो पुरुषार्थको भानु विशेषाङ्क अनेक दृष्टिकोणले विशिष्ट विशेषाङ्क ठहर्छ । हाम्रा आदिकवि भानुभक्त आचार्यप्रति अगाध श्रद्धा राखी अनेक लेखकले लेखेका यी रचना निश्चय नै श्लाघ्य छन् । यिनले भानुलाई श्रद्धा अर्पण गर्दै हाम्रो राष्ट्रभाषा नेपालीको मान बढाएका छन् । म सबै स्रष्टालाई नमन गर्छु । सम्पादकीय साथै अन्य स्थायी स्तम्भले सम्पुटित यो विशेषाङ्क जस्तै समय समयमा हाम्रो पुरुषार्थका महत्त्वपूर्ण अङ्क आइरहून् । म पुनः शुभकामना दिन्छु ।

अन्त्यमा आदिकवि भानुभक्त जयन्तीका अवसरमा लेखेको कविताको एक श्लोक यहाँ राखेर बिदा हुन्छु ।

बोलौं मीठा पद हृदयका तारमा ज्योति बाली
कालो मैलो सब पर गरी राष्ट्रभाषा अँगाली
लेखौं हामी मधुर रचना ऐक्यको भावनामा
अर्पौं अन्तःकरण कविता भानुको अर्चनामा ॥

शुभं भूयात् ।

**बूढानीलकण्ठ स्कूलका पूर्व शिक्षक, डेढ दर्जनभन्दा बढी कृतिका लेखक, दुई दर्जनभन्दा बढी संस्थाद्वारा पुरस्कृत र सम्मानित व्यक्तित्व ।**

ooo

// लेख //

# हाम्रो पुरुषार्थको पहिचान र पौरख



राम ज्ञवाली

कुनै पनि संस्था जन्माउनु जति सहज छ त्यति सहज संस्था जन्माउनुको उद्देश्यानुसार सफल हुन वा उद्देश्यमा पुग्नका लागि छैन । चुनौती नभएका संस्था शायद यो दुनियाँमा कुनै पनि छैनन् । भन्नलाई सजिलो, बाटो असजिलो । यस अवस्थामा 'हाम्रो पुरुषार्थ' साहित्यिक त्रैमासिकले आफ्ना संस्थागत चुनौती र संघर्षमाभ्र आरोह अवरोह, उकाली ओराली र विभिन्न गल्छेडाहरू पार गर्दै अहिले ५० वर्षे परिपक्वता कायम गर्दै हाम्रासामु देखापरेको छ । स्वर्णवर्षका पाइला अघि सार्दै यसले आफ्नै भिन्न गरिमा कायम गरेको छ । यस अर्थमा पत्रिका प्रकाशन परिवारमा हार्दिक बधाई तथा उत्तरोत्तर प्रगतिको कामनासहित यस पत्रिकाको दीर्घ जीवनप्राप्ति होस् भन्ने अपेक्षा गर्दछु । यसका संघर्षका कथाव्यथा आफ्नै छन् । यस अवसरमा पत्रिकाले पूर्णाङ्क १०० सम्मको सामग्री प्रकाशन गर्दैछ । शताङ्क प्रकाशन हुँदासम्मका यसका मूल नेतृत्वकर्ताहरू श्री शशि पन्थी र दीन पन्थी लगायतका हुनुहुन्छ । साहित्यिक-वाङ्मयिक विविधता, समावेशिता, साहित्यका मूल चार स्थापित विधा र अनेकन् उपविधाका सामग्रीहरू प्रकाशन गरिसकेको 'हाम्रो पुरुषार्थ'ले परिवर्तनका पक्षमा, आध्यात्मिक, सदाचारी मूल्यमान्यता, गरिमा, परम्परा जोगाउन, कर्मपथमा डोऱ्याउन, बौद्धिकताको विकास गर्न भूमिका खेल्दै पाठक, शुभेच्छुक, शुभचिन्तकमाभ्र उपस्थित हुने गरेको छ । अरू पत्रिकाका विषयहरूभन्दा केही नवीन पनका साथ अनिवार्य, समसामयिक र सान्दर्भिक भिन्नभिन्न विषयहरू उठाएर कर्म, धर्म र मर्म प्रस्तुत गरेको छ । असहजताका बीच पनि आफ्नै मौलिकता र स्वाभिमानसहितको पहिचान बनाएको छ पत्रिकाले । नक्कल गर्ने प्रवृत्तिको अत्यन्त बिगबिगी रहेको

*'हाम्रो पुरुषार्थ' साहित्यिक त्रैमासिकले आफ्ना संस्थागत चुनौती र संघर्षमाभ्र आरोह अवरोह, उकाली ओराली र विभिन्न गल्छेडाहरू पार गर्दै अहिले ५० वर्षे परिपक्वता कायम गर्दै हाम्रासामु देखापरेको छ । स्वर्णवर्षका पाइला अघि सार्दै यसले आफ्नै भिन्न गरिमा कायम गरेको छ ।*

अझ भनूँ एउटै सामग्री पनि दर्जनौ पत्रिकामा सम्पादनविनाको उही भाषाशैलीमा नवीनपन नदिई छापिने गरेका अवस्थामा त्यो अवस्थाभन्दा भिन्न रहेर सत्य, तथ्य, यथार्थ र अनुसन्धानात्मक पारामा रहेर अधिकांश सामग्री छापिएको देख्दा 'हाम्रो पुरुषार्थ' कर्मयोगी र अथक यात्री हो, उसलाई कसैको नक्कलमा बाँच्नुपर्ने अवस्था छैन, बाध्यता पनि छैन भन्न सकिन्छ ।

चर्काचर्का कुरा गर्नेहरू धेरै छन् समाजमा । आफ्ना अभिमानीय व्यवहार देखाउने पनि छन् यो समाजमा । यद्यपि यस अवस्थामा कुराभन्दा कामलाई प्राथमिकतामा राखी आफ्नै पनमा रमाउन सिकेको छ हाम्रो पुरुषार्थ त्रैमासिकले । असहयोगी र कुरा काट्नेहरूप्रतिका व्यवहार र डाँको छाड्नेहरूप्रति पनि कुनै गुनासो नराख्ने, उत्तेजना र अफवाह फैलाउन नलाग्ने पत्रिका हो हाम्रो पुरुषार्थ । 'काग कराउँदैछ पिना सुक्दैछ' उक्तिको चरितार्थ छ हाम्रो पुरुषार्थमा । कसैले फुर्क्याउँदैमा फुर्किन्न । कसैले अत्याउँदैमा आतिन्न । प्रशंसै-प्रशंसा पाउँदा पनि मातिन्न । अनर्गल कुरा फैलाएर समाजविरूद्ध, असहज पार्नु छैन उसलाई । सामाजिक सद्भाव कहिल्यै बिथोलेको छैन बरू सामाजिक सद्भाव, अमनचयन, सहिष्णुता, संस्कार, संस्कृतिको यथोचित जगेर्ना, जनचेतना, जागरण, उमंग, उत्साह, ऊर्जा, कर्मशीलता, विधिको शासन, कानुनी पालना, सामाजिक वस्तुस्थितिका हरेक पक्षीय चिरफार गर्ने माध्यम लेखन, सिर्जना, समालोचना, अनुसन्धान, अन्तर्वार्ता आदि बनेका छन् । वाङ्मयिक विकासका साथै प्राज्ञिक विकास, प्राध्यापनमा लागेकाहरूको आत्मोन्नतिको विकास गर्नु पत्रिकाको ध्येय भएको छ । पाकापुस्ताभित्रका कतिपय थिचिएका, मिचिएका, हेपिएका, दबिएका, कला सीप र पौरखी ऊर्जा भएर पनि यथोचित ठाउँ नपाएका तर प्रायः जसोले सोधीखोजी नगरेका व्यक्तित्वका समेत कर्म, पौरख, धारणा, दिनचर्या, जीवनशैली आदि विषयवस्तुहरूसमेत समावेश गरी आफूमा नवीनता ल्याएको छ हाम्रो पुरुषार्थले । उद्यम, इलम र पौरखीका जीवनगाथा, अनुभव अनुभूतिका प्रस्तुतिले हिजोको सामाजिक मान्यता, वस्तुस्थिति, गरिमा, परम्परा, इतिहास, संस्कार, संस्कृति आदि बुझ्न यसका प्रस्तुतिले सघाएको छ । कलमका माध्यमबाट अक्षरको खेती गर्नेहरूलाई यसले सम्मानित स्थान दिएकै कारण आज कतिपय कलमजीवी नै भएका छन्, उच्च लेखक साहित्यकारको पगरी गुत्थाएका छन् ।

भाषा साहित्यको प्रेम र माटोको मायाले अभिसिञ्चित भएर मात्र वाङ्मयिक प्रकाशन कर्मको थालनी गरिन्छ । शशि पन्थी सरहरूको टिमले यस्तै कुरालाई आत्मसात् गरी भाषासाहित्यको सेवामा लाग्नुभएको स्वतः प्रष्ट हुन्छ । उहाँहरूले नयाँ पुराना पुस्ताहरूलाई जोडेर वाङ्मयिक कर्म गरिराख्नुभएको छ । देशका विभिन्न भूभाग र देशबाहिरका अमेरिका, अष्ट्रेलिया, भारतलगायतका मुलुकहरूमा 'हाम्रो पुरुषार्थ' र किरण पुस्तकालयको जीवन्त परिचयको छाप छाड्न सफल भइसक्नुभएको छ । नवोदितले प्रतिभा खार्दै अघि बढ्न र स्थापितहरू पनि

आफ्नो स्वअस्तित्त्वको निरन्तरता दिन यो पत्रिकाको सहारा लिदै आएका छन् । कतिपयले एकै छिन् सम्बन्ध जोडे होलान्, कतिपय निरन्तर सम्बन्धमा होलान् । कतिपय भविष्यमा जोडिन आउलान् । यति हदसम्म दुःख संघर्ष र चुनौती झेलेर यो अवस्थासम्म आइपुग्नु शशि सरहरूको चानचुने कर्मचाहिँ हुँदै होइन ।

पचास वर्षको अवधिमा डेढ दर्जन वजनदार विशेषाङ्कहरू, जुन विषय र आयतनका हिसाबले समेत महत्त्वका छन्, निकाल्नु कुनै रहरले मात्र हुने कुरा होइन । पुरुषार्थका हरेक विशेषाङ्क खोजीखोजी पढ्नुपर्ने, संग्रह गर्नुपर्ने खालका छन् । ती विशेषाङ्कहरू अत्यावश्यकीय छन् । ठाउँ विशेष, साहित्यकार विशेष, आफ्नै संस्था विशेष, पत्रकारिता विशेष, भाषा साहित्य विशेष विशेषाङ्कहरू प्रकाशन गर्नुले संस्थाको भूमिका, कर्मगत औचित्य र महत्त्व स्वतः स्पष्ट हुन्छ । सामान्य मिहिनेत र सामान्य सोचबाट यी कर्महरू पनि सम्पन्न हुन सक्दैनन् ।

राष्ट्रले चिन्छ चिन्दैन शशि पन्थी सरहरूको टिमलाई, उहाँहरूको लगाव, सम्पूर्ण इच्छाशक्ति, साधना र सराहनीय भूमिकालाई । यो विषयबारे मैले बुझ्न पाएको छैन । यस्तो सोच, कर्म र व्यक्तित्व भएका मानिसहरू समाजमा बिरलै हुन्छन् । ती बिरलै मध्येका गुल्मी जिल्लामा औलामा गनिने मध्ये अग्रस्थानमा पर्ने व्यक्तित्वहरूमा पर्नुहुन्छ शशि पन्थी सरहरू । अथक साधना विनाको प्रतिफलले इतिहास रचिन्न, आफ्नो नाम निशाना भेटिन्न । आज पनि केन्द्रीय भूगोलले गुल्मी तम्घासको हाम्रो पुरुषार्थमाथि चियाइरहेकै होला, वस्तुस्थिति बुझिरहेकै होला ।

*पचास वर्षको अवधिमा डेढ दर्जन वजनदार विशेषाङ्कहरू, जुन विषय र आयतनका हिसाबले समेत महत्त्वका छन्, निकाल्नु कुनै रहरले मात्र हुने कुरा होइन । पुरुषार्थका हरेक विशेषाङ्क खोजीखोजी पढ्नुपर्ने, संग्रह गर्नुपर्ने खालका छन् । ती विशेषाङ्कहरू अत्यावश्यकीय छन् । ठाउँ विशेष, साहित्यकार विशेष, आफ्नै संस्था विशेष, पत्रकारिता विशेष, भाषा साहित्य विशेष विशेषाङ्कहरू प्रकाशन गर्नुले संस्थाको भूमिका, कर्मगत औचित्य र महत्त्व स्वतः स्पष्ट हुन्छ । सामान्य मिहिनेत र सामान्य सोचबाट यी कर्महरू पनि सम्पन्न हुन सक्दैनन् ।*

समाजमा कर्मको मूल्याङ्कन पैसाको तुलोमा राखेर गर्न थालिएको छ । साहित्य लेखनलाई अनुत्पादक ठान्नेहरूको संख्या र सोच पनि कम छैन यहाँ । यस्तो सोचाइसँग जुध्दै आफ्नै सुरधुनमा अघि बढिरहनुभएका पन्थी सरहरूको कर्म स्तुत्य छ । पवित्र छ, त्यसमा समाजराष्ट्रिय स्वार्थ छ । वाङ्मयिक श्रीवृद्धिको अभिलाषा छ । देश विचारले स्वच्छ, कर्मयोगी, स्वावलम्बी बनाउने चाह छ । हरेक विषयमा

मौलिकपना पस्केर सकारात्मक चिन्तन गर्न सिकाउने, स्वावलम्बनका पाठ पढाउने, मातृभूमिलाई आदर सम्मान गर्न सिकाउने र आफ्नै मुलुकमा नै केही गर्नुपर्छ भनेर शिक्षा चेतनाको सन्देश दिने, जन्मभूमिको ऋण तिर्न कर्तव्यबोध गराउने प्रस्तुत भएका यसका विषयहरू निकै महत्त्वपूर्ण छन् । मनमस्तिष्क ऊर्जाशील बनाउनुपर्छ, सकारात्मक सोचबाट ज्ञान, सूचना, विज्ञान, प्रविधि, समयको माग र खाँचोको विषयमा जानकारी गराउने, अस्वस्थकर व्यवहार र गतिविधिलाई महत्त्व नदिने कर्म गर्नु हाम्रो पुरुषार्थका विशेषता हुन् । यसले छपाउने सामग्रीमा भौगोलिक पन्पक्ष कहिल्यै गरेन, नगरोस् कहिल्यै पनि । सत्धर्मको कुरा उठाउँछ तर धार्मिक लडाइँको विषय कहिल्यै उठाएन । सामग्री छपाइमा लिङ्गीय भेद कहिल्यै गरेन । जातीय भेदका कुरा अँगाल्दैन । भड्कावमा कहिल्यै लागेन । शान्ति, सद्भाव, अमन चयन होस् सबैमा भन्ने कामना गर्दछ । न्याय, समानता र निष्पक्षता मूलमन्त्र बनाई अघि बढेको छ । इमानजमान र नैतिकतामा सदैव ख्याल राखेको छ । परनिर्भरता अँगालेको छैन । चाकडी र चाप्लुसीमा रम्ने बानी छैन हाम्रो पुरुषार्थ प्रकाशन परिवारको । आफ्नोपन नै उसको पहिचान हो । अथक यात्री बनेर हाम्रो पुरुषार्थ अघि बढेको छ । गन्तव्य जारी छ । भावुकता र कृत्रिम भावनामा बगेको छैन । यसैका प्रेरणा लिएर कति प्रकाशनहरू खुले, कति पत्रिकाहरू हाम्रा माफ छापिन्छन् । यस अर्थमा यसले कैयन् पत्रिका प्रकाशन गर्ने र निरन्तरताको प्रेरणा प्रदान गरेको छ । यो पत्रिका धेरैका लागि गुरु (पथप्रदर्शक) बनेको छ । यसको गरिमामय कर्मका कारण मूल्याङ्कन दृष्टिमा समेत सूचना सञ्चार विभागबाट 'क' वर्गमा सूचीकृत हुन सकेको छ । विषयवस्तुहरू साहित्य विशेषमा बढी केन्द्रित छन् भने कतिपय साहित्येतर भएर पनि निकै उपयोगी छन् । पुरानो पुस्ताको ज्ञान, अनुभव, पौरख, सीपका कुरालाई अन्तर्वार्ताको माध्यमबाट पस्केर आफ्नो फरक प्रस्तुति समेत यसले गरेको छ । अर्कोतर्फ भेटघाट शीर्षकअन्तर्गत भाषा, साहित्य, कला, संस्कृति आदिको अन्तर्वार्ता नियमित प्रस्तुत गरी भाषा साहित्यादिका कर्मयोगीका कर्मलाई महत्त्वपूर्ण स्थान दिएको छ । साहित्य, भाषा, पत्रकारिता, शिक्षा, मनोविज्ञान, ज्ञानगुन, सूचनाप्रविधि, रीतिथिति, संस्कृति, परम्परा, पर्यटन लगायतका समावेशी विषय पहिले र अहिलेसम्म पनि समावेश भएकै छन् । यसमा प्रस्तुत सामग्री प्रायः सबै समूहलाई कामलाग्दा छन् । पछिल्ला दिनमा समावेश हुँदै आएका पाकापुस्ताका हिजोका दिनचर्या, कर्म, भोगाइ, अनुभव, अनुभूतिको प्रस्तुति अरू पत्रपत्रिकामा देख्न पाइँदैन । यो प्रस्तुति जीवन्त छ । नयाँ पुराना पुस्तालाई सँगै जोडेर विषयवस्तु पस्कनु हाम्रो पुरुषार्थको सामर्थ्य नै हो । साहित्यिक विधा, उपविधाका समसामयिकताका विषयले उल्लेख्य स्थान पाएकै छन् । पुस्तक परिचय शीर्षकमा विविध भूगोलका कृतिकारको कृति प्राप्त भएसम्मकाको चर्चा गरिदिएर कृतिकारमाथि न्याय गर्दै आम पाठकलाई सुसूचित गर्दै ठूलो गुन लगाएको छ । सिकारूदेखि तिखारूसम्मकाले आफ्नो लेखन

सिर्जनाको प्रकाशन स्थान पाएका छन् । धेरैले लेखन र सिर्जनाको व्यक्तित्व बनाउन-उठाउन पाएका छन् । धेरैका मनमस्तिष्क माझिएका छन् । अनुभव खारिएका छन् । परिवर्तनका पक्षमा आवाज उठाउन पाएका छन् । आफ्नो लेखन प्रतिभा वा क्षमताको यथोचित प्रचार प्रसार गर्न पाएका छन् ।

हाम्रो पुरुषार्थ अस्तित्व बेचेर आफ्नो पहिचान र स्वाभिमान बेचेर इतिहास बिगार्ने पक्षमा छैन । यस पत्रिकाको कर्मले सिर्जनामा लाग्नेहरूको भविष्य रेखा कोरिदिएको छ, प्रेरणा, सचेतना र जागरण पनि उत्तिकै थपेको छ । सन्तुलित गरिमा, स्वच्छ छवि, उच्च प्रतिष्ठा हाम्रो पुरुषार्थका पहिचान हुन् । अधिकांशको मन जित्न सकेको यो पत्रिकाले दीर्घकालसम्म यस्तै गरिमा कायम राख्नुपर्छ । सबैलाई असल बाटो रोज्न र असल कर्ममा लाग्न यसले नियमित उत्प्रेरित गर्नुपर्छ । सरोकारवालाहरूले यस पत्रिकालाई नियमितता र जीवन्तता दिन आफ्नो पक्षबाट सघाउनै पर्छ । सत्कर्म र सत्धर्मयुक्त क्रियाकलापबाट पत्रिकाले नियमित गति लिएकाले अब पनि यसैगरी अघि बढ्नुपर्छ ।

**लेखक राम मा.वि., राम्दी, पाल्पामा अध्यापनरत छन् ।**

ooo


## सार्वजनिक सन्देश

- **कृषिको आधार : सिंचाइमा सुधार ।**
- **सिंचाइ गरौं उत्पादन बढाऔं ।**
- **सिंचाइको पूर्वाधार, कृषिको मूल आधार ।**
- **पानीको स्रोत तथा जमिनको उच्चतम प्रयोग गरौं ।**
- **निर्वाहमुखी कृषि प्रणालीलाई व्यावसायिक कृषि नयाँ प्रणालीमा रूपान्तरण गरौं ।**
- **दिगो सिंचाइ व्यवस्थापनको लागि सिंचाइ शुल्क सङ्कलन तथा सदस्यता वितरण गरौं ।**
- **दलित, जनजाति तथा महिलाको सहभागिता गराई जल उपभोक्ता संस्था गठन गरौं ।**

अनुरोधक


**जलस्रोत तथा सिंचाइ विकास डिभिजन कार्यालय**

**तम्घास, गुल्मी**

*// लेख //*

# प्यारो पुस्तकालय र हाम्रो पुरुषार्थसँगको मेरो नाता

इला पन्थी



किरण पुस्तकालय भन्ने बित्तिकै मैले यस पुस्तकालयलाई कविताहरूसँग जोड्ने गर्दछु । सायद मेरो पहिलो सम्झना नै त्यहाँ भानु जयन्तीमा कविता वाचन गरको छ, त्यसैले होला । सानैदेखि कविता पढ्न र सुन्न मलाई एकदम मन पर्थ्यो । राम्रो कविता लेख्न चाहिं कहिल्यै आएन । तर पनि ४/५ कक्षामा पढ्दा खुब रहर लागेर भानुको सम्झनामा एउटा कविता लेखेकी थिएँ र मेरो पहिलो कविता वाचन गर्ने अवसर मलाई किरण पुस्तकालयले दिएको थियो । कविताहरू पढ्न र सुन्न पाइन्छ भनेर मलाई किरण पुस्तकालय जान एकदम रमाइलो लाग्दथ्यो । खास गरी कविहरूको जन्मजयन्ती मनाउने दिन थुप्रै नयाँ कविताहरू सुन्न पाइन्थ्यो । म भेषबहादुर सर र लक्ष्मण रिजाल सरको पालो कहिले आउला भनेर कुरेर बस्दथें । अरू सबै जनाको कविता मन पर्थ्यो तर उहाँहरूको मिठो कविता त्यसमाथि उहाँहरूको सुमधुर आवाज, अझै पनि मलाई झलझली याद आउँछ । कविताबाहेक यो पुस्तकालयमा स्कुलको पाठ्यक्रमभन्दा अलग्गै बालकिताबहरू पढ्न पाइने, पुस्तकालय अगाडिको ठूलो चौर र छेउँछाउँको बालमन्दिरमा खेल्न पाइने, हामी केटाकेटी चक्लेट भनेपछि मख्ख पर्ने, त्यहाँ कार्यक्रम सकिएपछि मिल्की ह्वाइट चकलेट पाइने, यस्तै यस्तै भएर पनि हामी किरण पुस्तकालय जाने गर्थ्यौं होला, सायद । तर जुन कारणले गए पनि, यो पुस्तकालयले हामीलाई साहित्यमा रुचि उमारिदिएको थियो ।

२०६४ सालमा एस्एल्सी दिएपछि म तम्घास छोडेर पढ्नको लागि काठमाडौं गएँ । करीब २ वर्ष काठमाडौंमा बस्दासम्म चाहिं हाम्रो पुरुषार्थको नयाँ अँक निस्केको केही समयपछि भए पनि पढ्न पाउँथे, तर २ वर्षपछि जब उच्च अध्ययनको लागि मैले नेपाल छोडेर भारत पुगें, त्यसपछि साहित्यदेखि पनि म बिस्तारै टाढिंदै गएँ, मानौं हाम्रो ब्रेकअप भए जस्तै भयो, सायद आफ्नो करियर पथ भिन्नै भएर पनि होला, करियर बनाउनमा ध्यान दिंदै गर्दा कविता रचना

*बजारमा पुस्तक आउनुभन्दा पहिल्यै हामी वेबसाइटमा अपलोड गर्ने गर्छौं । लेखक, सम्पादक र प्रकाशन संस्थापछि मैले सबैभन्दा सुरूमा किरण पुस्तकालयबाट प्रकाशित सबै पुस्तकहरू पढ्ने मौका पाउँछु । हामीलाई किरण पुस्तकलयको नाममा वेबसाईट बनाउने अवसर दिनुभएकोमा पुस्तकालय परिवारप्रति धेरै धेरै आभार प्रकट गर्दछौं । वेबसाइटले गर्दा अहिले फेरि मेरो पुस्तकालयसँग प्याच अप भएको छ, गहिरो नाता पुनः जोडिएको छ र यस्तो हुनुमा म आफूलाई धेरै भाग्यमानी ठानेकी छु । अहिले हाम्रो पुरुषार्थ पढ्न पाइएन भनेर मलाई कुनै गुनासो गर्नु परेको छैन ।*

गर्ने बानी पनि घट्दै गयो, अगाडि पाए पढ्ने तर खोजी खोजी नपढ्ने बानी बस्यो । दशैं तिहारको छुट्टीमा घर जाँदा भने किरण पुस्तकालयमा जान्थें, दशैंतिहार मिलेसम्म तम्घासमा नै मनाइने भएकोले पनि लक्ष्मीजयन्ती भने मेरो बिरलै  छुट्यो ।

स्नातक सकेपछि म अमेरिका आएँ, बेलाबेलामा कविहरूको जयन्तीमा किरण पुस्तकालयको याद आउँछ, त्यहाँका पुस्तक र पुस्तकालयले बाँडेको ज्ञानको याद आउँछ । तम्घास जाँदा जम्मा गरेका हाम्रो पुरुषार्थहरू मसँग थुप्रै छन्, समय मिल्दा ती पुस्तकहरू पढ्ने गर्छु । टाढा भएपछि हरेक वर्ष घर जाने र निरन्तर नयाँ अङ्कहरू पढ्ने अवसर पनि मिल्न छाड्यो, यसैगरी लक्ष्मीजयन्ती पनि क्रमशः छुट्दै गयो । मसँग पुराना अङ्क मात्र हुन लागे, नयाँ अङ्कहरू त नेपाल गए मात्रै पाइने जस्तो भयो । जमाना कहाँबाट कहाँ पुगिसक्यो तर मलाई हाम्रो पुरुषार्थको नयाँ अङ्क पढ्न मन लाग्दा भने नेपालबाट कसैले ल्यादिनुपर्ने कि त म आफै नेपाल पुग्नु पर्ने अवस्था थियो । एक दिन यो गुनासो म महेशलाई सुनाउँदै थिएँ, त्यहीं बेलामा उहाँले मलाई पुस्तकालयको वेबसाइट बनाएर किताब अपलोड गर्न सकेमा म जस्तै हाम्रो पुरुषार्थ पढ्न खोज्ने सबैले सहज रूपमा पढ्न पाउने विचार व्यक्त गर्नुभयो । उहाँको कुराले मलाई धेरै प्रफुल्लित बनायो, यो हाम्रो प्रस्तावलाई पुस्तकालयले पनि स्वीकृति दियो र हामीले वेबसाइट बनायौं । बजारमा पुस्तक आउनुभन्दा पहिल्यै हामी वेबसाइटमा अपलोड गर्ने गर्छौं । लेखक, सम्पादक र प्रकाशन संस्थापछि मैले सबैभन्दा सुरूमा किरण पुस्तकालयबाट प्रकाशित सबै पुस्तकहरू पढ्ने मौका पाउँछु । हामीलाई किरण पुस्तकलयको नाममा वेबसाईट बनाउने अवसर दिनुभएकोमा पुस्तकालय परिवारप्रति धेरै धेरै आभार प्रकट गर्दछौं । वेबसाइटले गर्दा अहिले फेरि मेरो पुस्तकालयसँग प्याच अप भएको छ, गहिरो नाता पुनः जोडिएको छ र यस्तो हुनुमा म आफूलाई धेरै भाग्यमानी ठानेकी छु । अहिले हाम्रो पुरुषार्थ पढ्न पाइएन भनेर मलाई कुनै गुनासो गर्नु परेको छैन ।

हेर्दाहेर्दै हाम्रो किरण पुस्तकालय पनि ५० वर्षको भएको छ, कति बाधा अड्चन सहँदै हाम्रो पुरुषार्थको पनि सयौं अङ्क पूरा भएको छ, समय-समयमा कति साहित्यकारहरूको रचना पनि प्रकाशित गरिरहेको छ, यी सबै कुराहरू सुन्दा धेरै खुशी लाग्दछ । ५० वर्षको इतिहास लिई यहाँसम्म आइपुग्दा नेपाली भाषा साहित्यमा हाम्रो पुरुषार्थको योगदान सराहनीय रहेको छ, हाम्रो पुरुषार्थका अझै कैयौं कृतिहरू प्रकाशित हुँदै जाँऊन् र यसको प्रकाशनले नेपाली साहित्यलाई वर्षौंसम्म प्रोत्साहित गरिरहोस् भन्ने शुभकामना दिन चाहन्छु । पुस्तकालय परिवारलाई धेरै धेरै धन्यवाद, हजुरहरूको मेहनतले गर्दा पुस्तकालय आज यहाँसम्म आउन सफल भएको छ । आगामी दिनमा हजुरहरूलाई सबै कुराहरू धेरै सहज हुँदै जाऊन्, मन भरिको माया अनि शुभकामना प्यारो पुस्तकालय अनि हाम्रो पुरुषार्थलाई ।

**San Francisco, California , USA**

०००


# अत्यन्त जरुरी सूचना !

- **वन डढेलो नियन्त्रण गर्नु हामी सबैको कर्तव्य हो । सबै प्रकारका वन क्षेत्रमा हुनसक्ने वन डढेलोविरुद्ध जनचेतना अभिवृद्धि गरौं, जथाभावी आगो नबालौं ।**
- **वनक्षेत्रमा आगो लगाउने कार्यमा संलग्न व्यक्तिको गोप्य सुराकी गरौं ।**
- **राष्ट्रिय वनमा आगो लगाउने वा आगलागी हुन जाने कुनै कार्य गरेमा त्यस्तो कसुर गर्नेलाई क्षति भएको बिगो असुल गरी तीन वर्षसम्म कैद वा साठी हजार रुपैयाँसम्म जरिवाना वा दुबै सजायँ हुनेछ ।**
- **वन्यजन्तु हाम्रा गहना हुन्, यिनको संरक्षण गरौं ।**

अनुरोधक

**डिभिजन वन कार्यालय**

तम्घास, गुल्मी

सम्पर्क नं. : ०७९-५२०१७९

# पुरुषार्थ र हाम्रो पुरुषार्थ



✍ विनोद आचार्य

## १. विषय प्रवेश

मानवजीवनको कर्मअनुसार स्वर्ग मिल्छ या नर्क अथवा मोक्ष । पाप कर्मले नर्क दिलाउँछ । धर्म र सत्कर्मले स्वर्ग वा मोक्ष दिलाउँछ । मोक्ष भयो भने न नर्क जानुपर्छ न स्वर्ग । परमधाम मिल्छ र पुनर्जन्म हुँदैन । स्वर्ग र नर्क भोग पूरा भएपछि फेरि फर्केर आउनुपर्छ । कर्मअनुसार ८४ लाख जुनी पार गरेपछि मानव जुनी पाइन्छ । नौ लाख प्रकारका जलचर, बीस लाख प्रकारका स्थावर रुखवृक्ष, ११ लाख प्रकारका कीरा फट्याङ्ग्रा, १० लाख प्रकारका नभचर, ३० लाख प्रकारका थलचर र चार लाख प्रकारका मानवीय जन्तु मानव आकृति हुन्छन् ।

**जलज नव लक्षाणि स्थावर लक्ष्य विंशति कृमयो रुद्र संख्यकः ।**
**पक्षिणां दशलक्षणं त्रिशल्लक्षाणि पशवः चतुर लक्षाणि मानवः ।।**

*–पद्म पुराण ७८/५*

कर्मअनुसार ८४ लाख जुनी पार गरी प्राप्त हुने हुनाले यो मनुष्य जीवन बडो दुर्लभ र अद्वितीय छ । धर्म हुने पनि यो जीवनमा हो र पाप हुने पनि यो जीवनमा हो । अरू जीवनमा पाप पनि लाग्दैन, धर्म पनि हुँदैन । अरू जीवनमा कर्मको फल मात्र भोग गर्ने हो । चोरेर खाँदा बाँदरलाई पाप लाग्दैन । मारेर खाँदा बाघलाई पाप छैन । पहिले मानव जीवनमा हुँदा फल चोरेकोले त्यसको कर्मफलले बाँदर भएको हो । बाँदर जुनीमा चोर्नु उसको कर्म हो । पूर्वमानव जीवन हिंसक भएकोले बाघ भएको हो, मार्नु उसको वृत्ति हो ।

परोपकार, कल्याण, सत्कर्म, ब्रह्मचिन्तन मानवकर्तव्य हुन् । पाटी-पौवा, चौपारी, कुवा, इनार, बाटोघाटो निर्माण, पुस्तकालयस्थापना, सेवा, यज्ञयाज, ग्रन्थअध्ययन मानव कृति र वृत्ति हुन् । पुरुषार्थ गर्ने चाहना सबैको हुन्छ र पुरुषार्थ सबैको हुन्छ पनि । तर कसैको पुरुषार्थ उच्च खालको हुन्छ, जुन बहुजनहिताय, बहुजनसुखाय हुन्छ । यस्तै वृत्ति, प्रवृत्ति, कृति र पुरुषार्थको परिणाम हो किरण पुस्तकालय र हाम्रो पुरुषार्थ । त्यस्तै पुरुषार्थहरू नै वन्दनीय, नमनीय र लेखनीय हुन्छन् ।

## २. कर्ममा उत्प्रेरणा

हाम्रो शरीरमा त्रिगुण (सत्व, रज र तम) पञ्चमहाभूत (पृथ्वी, अप, तेज, वायु र आकाश), पञ्चतन्मात्रा (गन्ध, रस, रूप, स्पर्श र शब्द), पञ्चज्ञानेन्द्रिय (नाक, रसना, चक्षु, त्वचा र श्रोत्र), पञ्चकर्मेन्द्रिय (पायु, उपस्थ, पाद, पाणि, वाणी), चतुश्अन्तकरण (मन, बुद्धि, चित्त र अहंकार) यी २७ अवयव हुन्छन् । यी अवयवबाट बनेको हुनाले शरीरलाई अवयवी/अवयविन भनिन्छ । उपर्युक्त अवयवहरूको मात्रात्मक परिमाण, अवयवको मात्रात्मक सन्तुलन र अवयवको क्रियाशीलता नै मान्छेको प्रकृति/स्वभाव हो । यी अवयव हामी सबैमा समान मात्रामा हुँदैनन् । शरीरअनुसार फरक–फरक मात्रामा विद्यमान रहन्छन् । यिनै अवयवहरूको मात्रात्मक परिमाण, सन्तुलन र क्रियाशीलता अनुसारको हामीमा सोच, विचार, बोली–व्यवहार उत्पन्न हुन्छ । अर्थात् प्रकृतिबाट कर्मको सिर्जना हुन्छ । एउटै शरीरमा पनि सधैं यी अवयवको मात्रा एकनास रहँदैन । अवयवको मात्रात्मक सन्तुलन घटबढ भइरहन्छ । त्यसै अनुसार सोच, विचार, व्यवहार र कर्म परिवर्तन भइरहन्छन् । हामीले मनले चाहेर मात्र कर्म हुने र नचाहेर नहुने होइन । कर्ममा मानवीय प्रकृतिको भूमिका हुन्छ ।

**प्रकृतेः क्रियमाणानि गुणैः कर्माणि सर्वशः ।**
**अहङ्कारविमूढात्मा कर्ताहमिति मन्यते ॥**

*–गीता ३/२७*

## ३. किरण पुस्तकालयको गर्भवास जनक, जननी र जनन

रेसुङ्गा तपस्थलको काखमा अवस्थित तम्घासको धाइथुममा जन्मेका एउटा किशोरमा यी अवयवहरू यसरी उद्वेलित भए कि उनको सोच, विचार, किताबको संकलन र पुस्तकालय स्थापनामा तल्लीन भयो । उनका अवयवका उद्वोलन आफ्नो हृदयमा मात्र अट्न सकेन । उनका पिता पं. देवीदत्त पन्थीसम्म पोखियो । ती किशोरले आफ्नो विचार राखे । पिता पण्डितलाई उनको विचार मन पऱ्यो । तुरून्त सहमति जनाए र आफूसँग भएका पुस्तकसहित गोठको एउटा तलाको आलय उनलाई सुम्पिदिए । यही विन्दुबाट किरण पुस्तकालयको गर्भवास सुरू भयो । त्यो पुस्तकालयका जनक, प्रवर्तक थिए शशिकिरण पन्थी । भ्रूणलाई विकास गर्न जननी चाहिन्छिन् । भ्रूण हुर्काउने जननी खोज्न थाले । उनले आफ्नो त्यो सद्विचारलाई आफूमा मात्र सीमित राखेनन् । अग्रजहरू, साथीभाइ, इष्टमित्र, सहयोगीसँग विचार अभिव्यक्त गर्न थाले । फलस्वरूप देवीदत्त पन्थी, भेषबहादुर कुँवर 'प्रयासी', विद्वत्वर डा. टीकाराम पन्थी, ज्ञानहरि आचार्य, पद्मप्रसाद पन्थी, अल्छी गोपाल पाण्डे, लक्ष्मीनाथ चिरञ्जीवी गौतम, पद्मपाणि पन्थी, दीन पन्थी, देवीप्रसाद पन्थी, पूर्णसिंह टण्डनलगायत मैले थाहा नपाएका अरू पनि महानुभाव जसले त्यो भ्रूणको विकासमा योगदान गरे यो पुस्तकलायका जननी हुन् । वि.सं. २०२५ साल कात्तिक २० गते यो

पुस्तकालयको जन्म भएको हो । यस पुस्तकालयको न्वारनको नाम शशिकिरण पुस्तकालय हो ।

## ४. उहाँहरूको पुरुषार्थ र पुस्तकालय

इतिहासको कालखण्ड नियाल्दा नेपालमा एउटा यस्तो जमाना थियो जुन बेला पुस्तकालय खोल्दा मृत्युदण्ड वरण गर्नुपर्थ्यो । २००७ सालपछि अलि खुकुलो भयो, तर जमाना कठिनतमबाट कठिनतर मात्र भयो । पञ्चायतकालको उत्कर्षको कठिनतर बेलामा यो पुस्तकालय स्थापना गर्नु एउटा पुरुषार्थ नै थियो । यो पुस्तकालय दर्ता नगराई चलाइएको थियो, त्यसैले प्रवर्तक शशिकिरणले अञ्चलाधीश कार्यालयमा हप्की खानुपरेको थियो अनि दर्ता प्रक्रिया सुरू भयो । दर्ता प्रक्रियामा पुस्तकालयका लागि आफ्नो दुईकोठे भवन चाहिने कारण जनाई दर्ता भएन । माथि उल्लिखित जनक र जननीहरू पुस्तकालयका धाईआमाहरूबीच भएको छलफलले शशिकिरण पन्थीको नामबाट किरण हटाउने र शशिकिरण पुस्तकालयको नामबाट शशि हटाउने निष्कर्ष निकाल्यो । अब शशिकिरण पन्थी शशि पन्थी बने । शशिकिरण पुस्तकालय किरण पुस्तकालय बन्यो । तत्कालीन बडाहाकिम चन्द्रमान थकालीको पहलमा तम्घास अड्डाको अगाडि एउटा एककोठे भवन बनाइएको थियो । त्यो भवन पुस्तकालय चलाउनका लागि नै बनाइएको थियो । त्यसमा पुस्तकालय चल्न सकेन । २०१८ सालतिर त्यसमा सैनिक प्रमुख गुल्मपतिको क्वाटर बनाइयो । क्वाटर धाइथुम सेनाको क्षेत्रमा सरेपछि त्यसमा सरस्वती पुस्तकालय भनेर छुट्टै अर्कै पुस्तकालय चलाउन खोजियो । तर त्यो पनि चलेन । पछि त्यसमा गुल्मी इन्टर कलेजको कार्यालय राखियो । लक्ष्मीनाथ चिरञ्जीवी गौतमको प्रस्ताव अनुसार डा. टीकाराम पन्थीको समर्थनले त्यस भवनलाई बीचबाट बाँडेर दुई कोठा बनाई त्यसमा पुस्तकालय राख्ने र कलेजको अफिसलाई अर्को ठाउँमा चलाउने सहमति बन्यो । त्यसपछि धाइथुम शशि पन्थीको गोठबाट पुस्तकालयले सामाजिक भवन पाई आफ्नो फराकिलो कार्यरूप प्रदर्शन गर्न पायो । अनि दर्ता प्रक्रिया अघि बढ्यो । तर जिल्ला शिक्षा निरीक्षकको कार्यालयले दर्ता गरिदिने अवस्था देखिएन । त्यसपछि जिल्ला भ्रमणमा आएका मन्त्री समक्ष लिखित मागपत्र निवेदन पेश गरी शिक्षा मन्त्रालयको आदेश अनुसार स्थलगत अवलोकन भई उचित देखिएपछि २०२८ साल भदौ ३ गते पुस्तकालयले सञ्चालनको अनुमति पायो । विभिन्न आरोह–अवरोह पार गर्दै पुस्तकालय अद्यापि कुशलतापूर्वक सञ्चालन भइरहेछ ।

## ५. उहाँहरूको पुरुषार्थ र हाम्रो पुरुषार्थ

सामान्य अर्थमा पुरुषार्थ भनेको पौरख भन्ने बुझिन्छ । कठिनतर अवस्थामा पुस्तकालय खोल्नु, अनमुति लिनु, निरन्तर रूपमा चलाउनु (आर्थिक व्यवस्थापन, पुस्तक व्यवस्थापन, कर्मचारी व्यवस्थापन, समय व्यवस्थापन), स्तरोन्नति गर्नु,

मुखपत्र निकाल्नु र श्रीवृद्धि गर्दै उच्च शिखरमा पुऱ्याउने दुरूपस्थान, दुरालम्भ कर्म नै पुरुषार्थ हो । उहाँहरूको त्यो पुरुषार्थले 'हाम्रो पुरुषार्थ' नामक मुखपत्र जन्मिएको हो । यो मुखपत्रको नामले पुस्तकालय स्थापना गर्ने सोचदेखि वर्तमानका सबै कर्मको भारी बोक्छ । किरण पुस्तकालयका सबै कर्मको प्रतिनिधिमूलक शब्द हाम्रो पुरुषार्थ बडो सुन्दर, गहन र ओजपूर्ण लाग्दछ । २०३० सालदेखि वार्षिक मुखपत्रको रूपमा प्रकाशन भएको हाम्रो पुरुषार्थ २०३५/०३६ सालदेखि अर्धवार्षिक र २०७० साल असोजदेखि त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ । अहिले यसको शतांक प्रकाशन हुँदैछ ।

*हाम्रो पुरुषार्थ अब किरण पुस्तकालयका विगतदेखि वर्तमानसम्मका सञ्चालक, सहयोगी र शुभचिन्तकको पुरुषार्थ मात्र रहेन । यसले आध्यात्मिक दर्शनका चार पुरुषार्थलाई पनि समेटेर समयको प्रवाहसँगै परिस्कृत र समुन्नत हुँदै आयो । आध्यात्मिक अर्थमा पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष गरी चार प्रकारका छन् । यी चारको समुच्च रूप नै पुरुषार्थ हो भन्दा अतिशयोक्ति नहोला । पुरुषार्थलाई चार वेद, अठार पुराण, अठार उपपुराण, १०८ उपनिषद्हरूले वर्णन गर्दछन् । यसको वर्णन गर्न यो लेखनी असमर्थ छ ।*

## ६. हाम्रो पुरुषार्थभित्रका चार पुरुषार्थ

किरण पुस्तकालयले वार्षिक मुखपत्रको रूपमा हाम्रो पुरुषार्थ निकाल्दा विगतदेखि हाम्रो पुरुषार्थ निकाल्दासम्मका आफ्ना पौरखलाई सम्झेर यो नाम दिएको हुनुपर्छ । ब्रह्मले एकोऽहम्बहुस्याम भनेजस्तो हाम्रो पुरुषार्थ पत्रिका त एउटा हो तर यसबाट थुप्रै अङ्क बनेर निस्किए । हाम्रो पुरुषार्थ अब किरण पुस्तकालयका विगतदेखि वर्तमानसम्मका सञ्चालक, सहयोगी र शुभचिन्तकको पुरुषार्थ मात्र रहेन । यसले आध्यात्मिक दर्शनका चार पुरुषार्थलाई पनि समेटेर समयको प्रवाहसँगै परिस्कृत र समुन्नत हुँदै आयो । आध्यात्मिक अर्थमा पुरुषार्थ धर्म, अर्थ, काम र मोक्ष गरी चार प्रकारका छन् । यी चारको समुच्च रूप नै पुरुषार्थ हो भन्दा अतिशयोक्ति नहोला । पुरुषार्थलाई चार वेद, अठार पुराण, अठार उपपुराण, १०८ उपनिषद्हरूले वर्णन गर्दछन् । यसको वर्णन गर्न यो लेखनी असमर्थ छ । तर पनि हाम्रो पुरुषार्थसँग चार पुरुषार्थ जोड्ने जमर्को गरिन्छ ।

**धर्म :** विज्ञानले समुद्रको पींध भेटायो । पृथ्वीको केन्द्रमण्डल भेटायो तर विज्ञानको पहुँचभन्दा परको विषय रह्यो धर्म । धर्मको न छेउ छ न टुप्पो । धर्म यही हो भनी बताउने कुनै एउटा सूत्र छैन । बडो व्यापक र गहन छ । कसैले धर्म यही हो भन्छ भने त्यो अन्धाले हात्ती छामेजस्तो आंशिक सत्य हो । त्यो

पनि हो यो पनि हो जस्तो । अध्यात्ममा विभिन्न प्रकारका यज्ञहरू हुन्छन् । तीमध्ये ज्ञान यज्ञ, द्रव्य यज्ञ, तप यज्ञ, योग यज्ञ, देव यज्ञ, ब्रह्म यज्ञ, पितृ यज्ञ, ऋषि यज्ञ, नृ यज्ञ (अतिथि यज्ञ), भूत यज्ञ (वलिवैश्वदेव यज्ञ) आदि मुख्य हुन् । द्रव्य लगाएर बाटोघाटो बनाउनु, पाटीपौवा-चौपारी बनाउनु, धर्मशाला राख्नु, कुवा खनाउनु आदि द्रव्य यज्ञ हुन् । पुस्तकालय पाठशाला खोल्ने कार्य आफैँमा द्रव्य यज्ञ हो । पुस्तकालयको माध्यमबाट पत्रिका आदि निकाली ज्ञान छर्नु ज्ञान यज्ञ हो । त्यसैले किरण पुस्तकालय र यसको उपज हाम्रो पुरुषार्थ पनि आध्यात्मिक पुरुषार्थका धर्म रूप हुन् ।

**अर्थ :** जीवनदेखि मृत्युसम्म जीजिविषाका लागि प्रयत्नशील रहँदै अर्थोपार्जन गर्नु पुरुषार्थमा अर्थ हो । यो प्रयत्न केवल आफ्नो लागि भयो भने त्यो पुरुषार्थभन्दा स्वार्थ हो । अर्थले आफ्नो मात्र होइन, जगत्को उपकार गरोस् त्यो अर्थ हो । सदस्यता शुल्क लिनु, भैलो खेल्नु, चन्दा सहयोग लिनु, विभिन्न सरकारी निकायसँग अर्थका लागि अनुनय-विनय गर्नु आदि सबै पुस्तकालयको पुरुषार्थको आर्थिक पाटो हो । त्यो अर्थ पुस्तकालयको नितान्त आफ्नो प्रयोजनभन्दा त्यो सबैको लक्ष्य पाठक र उपभोक्ता हुन् । पुस्तकालयको श्रीवृद्धिबाट लाभान्वित हुने त पाठक नै हुन् ।

**काम :** अर्थ उपार्जन भइसकेपछि त्यसलाई विना आसक्ति आवश्यकतामा भोग गर्नु काम हो । त्यसैमा आसक्त हुनु, आवश्यकता बढी लालच गर्नु, आवश्यक ठाउँमा खर्च गर्न नसक्नु, अर्थप्राप्तिका लागि दुःखी हुनु कृपणता हो । पुस्तकालयले अर्थोपार्जन गरिसकेपछि ग्रन्थ/पुस्तक खरिदमा खर्च गर्छ । व्यवस्थापनमा खर्च हुन्छ । प्रकाशनमा खर्च हुन्छ । यसले प्राप्त धनलाई कुटुरो पारेर राख्दैन र सम्पूर्ण मानवसमुदायलाई अर्थ र काममा लिप्त नहुन गीताले जस्तै सन्देश दिन्छ । आफ्नो आर्जनलाई आवश्यकतामा खर्च गर्छ र आयव्ययको फेहरिस्त सार्वजनिक गर्छ ।

**मोक्ष :** जीवनको अन्तिम लक्ष्य मोक्ष हो । मोक्ष भएपछि न जन्म हुन्छ न मरण । आत्मा परम पदमा लीन हुन्छ । मोक्षका पनि पाँच प्रकार छन् । (क) सालोक्य मोक्ष-भगवान्को लोकमा प्राप्त हुनु । (ख) सार्ष्टि मोक्ष-भगवान्को लोकमा भगवान्को ऐश्वर्य प्राप्त हुनु । (ग) सामीप्य मोक्ष-भगवान्को लोकमा भगवान्को जस्तो ऐश्वर्यशाली भई भगवान्को सामीप्यता प्राप्त हुनु । (घ) सारूप्य मोक्ष-भगवान्कै रूप हुनु र (ङ) सायुज्य मोक्ष-भगवान्को शरीरमा लीन हुनु । परमात्माबाहेक सबै कुरा मिथ्या हुन् । यहाँ मिथ्याको अर्थ झूट होइन, निश्चित आयुवाला क्षणिक एक दिन हराएर जाने भन्ने हो । जीवन मिथ्या हो, जगत् पनि मिथ्या हो, आत्मा सत्य अविनाशी हो । ब्रह्मसत्यं जगन्मिथ्या भन्ने तत्त्वज्ञान हाम्रो

पुरुषार्थले आफ्ना प्रत्येक अङ्कहरूमा उजागर गरिरहेकै हुन्छ । त्यसकारण हाम्रो पुरुषार्थभित्र चार पुरुषार्थहरू सधैं उजागर भइरहेका हुन्छन् ।

## ७. हाम्रो पुरुषार्थसँग मेरो चिनजान

माइला बा ज्ञानहरि आचार्य तम्घासको महेन्द्र हाई स्कूलको प्रधानाध्यापक हुनुहुन्थ्यो । त्यसैले कान्छा बा चन्द्र र पटु दिदी महेन्द्र हाई स्कूलको विद्यार्थी बन्न पाउनुभयो । उहाँहरूको कारण हाम्रो घरमा हाम्रो पुरुषार्थको उपलब्धता सहजै हुन्थ्यो । त्यसकारण मेरो बाल्यकालबाटै हाम्रो पुरुषार्थ सुन्ने पढ्ने अवसर जुट्थ्यो । हाम्रो पुरुषार्थमा भएका सबै विषयवस्तु/सामग्री बुझ्ने सामर्थ्य नहुँदै हाम्रो पुरुषार्थलाई चिन्ने मौका मिल्यो । पछि म पनि महेन्द्र हाई स्कूलको छात्र बनें । 'शैल सन्देश' र 'हाम्रो पुरुषार्थ' मेरो हातमा हुने नै भए । ती मुखपत्रमा हुने कथा, कविता, व्यङ्ग्य लेख दोहोस्याई तेहस्याई पढ्ने गर्थें । मलाई सबभन्दा ऋष्यशृङ्ग र सान्दाइका व्यङ्ग्य लेख मन पर्थे । म वाङ्ला छँदा सान्दाइ र 'ऋष्यशृङ्ग' को वास्तविक नाम के हो जिज्ञासा राख्दा पनि थाहा पाउन सकिनँ । माइला बासँग सोध्दा पनि भन्नुभएन । छद्मनामले लेख्ने एक समयका लेखकको बाध्यता थियो । महेन्द्र हाई स्कूलमा सान्दाइको विद्यार्थी भएपछि बल्ल उहाँहरूको नाम थाहा भयो । पछि म 'ऋष्यशृङ्ग' को क्याम्पसस्तरको चेलो नै बनें ।

एकताका हामी सबैलाई घरमा अदब सिकाउने चलन थियो । मानौं बोली वचन शब्द र व्यवहार नै शिक्षा/ज्ञान थियो । अग्रज र गुरुहरूसँग नजिक पर्न डर लाग्ने गरी दिइएको शिक्षा । किरण पुस्तकालयमा गुरुहरू जाने गर्नुहुन्थ्यो । गुरुहरू जाने ठाउँ हामी जाने ठाउँ होइन भन्ने बुझिएछ क्यार । तम्घासमा पढ्दा पुस्तकालय खासै गइएन । बाहिरबाट दर्शनमै सीमित भइएछ । तर पनि शैल सन्देश र हाम्रो पुरुषार्थ पढिन्थ्यो । २०३७-३८ पछिका लगभग धेरैजसो अङ्क पढिए होला । २०४४ सालमा विद्वत्वर डा. टीकाराम पन्थीको क्याम्पसस्तरको चेलो बन्ने सुअवसर जुर्‍यो । उहाँले हाम्रो पुरुषार्थका लागि एउटा केही लेख भनी प्रेरणा दिनुभएकाले 'चरीको सन्देश' शीर्षकमा कविता लेखेर दिएँ । छापियो, औधी खुसी लाग्यो । विद्वत् गुरुवरको प्रोत्साहनबाट केही लेख्ने प्रेरणा मिल्यो । लेख्न थालें । कविता, कथा, व्यङ्ग्य लेख लेखी एउटा फाइल बनाउन थालें । केही दिनपछि हेर्दा त आफैंले लेखेको आफैंलाई स्तरहीन लाग्थ्यो त्यसैले कतै छाप्न दिइनँ । एक किसिमले पछि लेख्नै छोडिदिएँ । कलम नचल्ने त होइन दीर्घसूत्रता मेरो दोष हो । अलि पछि पुस्तकालयका ग्रन्थपाल मान्यवर विष्णुप्रसाद खनालसँग सम्पर्कमा आउने अवसर मिल्यो । केही दिन संगत भयो । उहाँको संगलते किरण पुस्तकालय जाने गर्न थालें । उहाँले हाम्रो पुरुषार्थका लागि लेख लेख्न प्रेरित गर्नुभयो । सहमति जनाएँ, मन पनि बन्यो तर मन

कार्यान्वयन भएन । हाम्रो पुरुषार्थसँग बाल्यकालदेखि नै चिनजान भए पनि गहिरो नाता गाँस्न सकिनँ । शताङ्कबाट नाता गाँस्न सकें भने पनि मेरो उपलब्धि नै मान्छु ।

## ८. उपसंहार

शशिबाट किरणले रश्मि पाइरह्यो, किरणबाट शशिले शीतलता पाइरहे । दुबै सामाजिक मान्यताको उचाइमा छन् । हाम्रो पुरुषार्थले यात्राका सयौं खुड्किला चढ्यो । यसलाई उक्लिनु छ अनन्त उचाइमा पुग्न असीमित खुड्किलाहरू । निरन्तर यात्रा जारी राखोस् । पुस्तकालयलाई यहाँसम्म ल्याउन भगीरथ प्रयत्न गर्ने मरो लेखमा नाम परेका र नपरेका, मैले चिनेका र नचिनेका सबैप्रति हार्दिक नमन छ । अविचलित, अटल र निरन्तर पुस्तकालयको बिडो उठाउन काँध थाप्न उत्प्रेरित र जागरूक हुने पिढीको खाँचो छ । करिब ९ वर्षअघि मलाई यो लेख लेख्न प्रेरणा दिनुहुने ग्रन्थपाल मान्यवर श्री विष्णुप्रसाद खनालमा यो लेख समर्पण गर्दछु ।

✍ **पूर्व शिक्षक – विजय माध्यमिक विद्यालय, डिभर्ना, अर्घाखाँची ।**

०००

**पानी जीवन हो, खेर नफालौं ।**

**जनहितमा जारी सन्देश**

- खानेपानी मुहानको संरक्षण गरौं ।
- आयोजनमा निर्माण भएका संरचनाहरूको सुरक्षा गरौं ।
- पानीको उचित सदुपयोग गरौं ।
- खेर गएको पानीलाई करेसाबारीमा प्रयोग गरौं ।
- समयभित्र खानेपानी महसुल तिरौं, जरिवानाबाट बचौं ।
- इन्टेक, खानेपानी टैंकी, धारा सधैं सफा राखौं ।
- वर्षात्को समयमा पानी छानेर, उमालेर पिउने बानी बसालौं ।
- पानीको चुहावट बन्द गरौं ।

अनुरोधक

**खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय**

तम्घास, गुल्मी

// कविता //

# सबै सद्भावको माला यो 'हाम्रो पुरुषार्थ' हो ।



गणेश झवाली

औंशीको रातको बेला त्यस्तै समयको गति
सोंचेरमात्र के गर्नु बसेकै छैन क्यै थिति
शून्यमा थालियो कर्म बिर्सी विश्रामका कुरा
फेंदमै छौं जहाँबाट चढ्नै पर्नेछ टाकुरा
(१)
चिठीमात्र सहारा छन् अन्य सञ्चार छैन क्यै
हुलाकी दाइ देख्दैमा लाग्छ हाम्रो चिठी छ क्यै ?
ठोंडले बटुली सिन्का गुण बन्ला कुनै दिन
यही आशा लिई जागे साहित्यभक्तका मन
(२)
थियो 'किरण'को गोलो उसैको कल्पना थियो
थियो जाँगरको जत्था थियो निर्बाधको मियो
के गर्ने कसरी गर्ने कहाँबाट जुटाउने?
निधो भो जसरी हुन्छ धेरै स्वाद अटाउने
(३)
गाउँमा प्रतिभा बस्छन् गोरेटोकै अभाव छ
जान्ने सहरमा बस्छन् उतै राम्रै प्रभाव छ
यी दुबै क्षमतालाई उन्ने एकै थलो मिलोस्
तीन जिल्ला मिलेको त्यो रिडीको पुलझैं बनोस्
(४)
लेखेर पत्रमा होस् वा भनेर भेटमा कतै
मागियो रचना कैयौं पुगियो कामले कतै
छापिने वस्तुको पोको ठूलै बन्दै थियो तर
स्तरीय प्रेसको खाँचो खड्किएथ्यो यहींनिर
(५)

उपाय अरू क्यै छैन पैदलै हिड्नुपर्दछ
चाहेको ठाउँमा पुग्न बास नै बस्नुपर्दछ
काम लाग्ने सबै बोकी बटौली भर्नु पर्दछ
ती कुरा अहिले भन्दा पत्यार पार्नु पर्दछ
(६)
यसरी रोपियो बेर्नो छ चुनौती बचाउने
त्यत्ति मात्र कहाँ हो र हुर्काएर बढाउने
यही 'किरण'को आफ्नो सन्तान पहिलो बन्यो
शशिजीहरूको आफ्नो प्यारो दायित्व नै बन्यो
(७)
खटिए अन्य जिल्लामा जिम्मेबारी स्वयं लिँदै
यस्तै भारतका कैयौं ठाउँका'नि नजिक्किँदै
निःशुल्क मात्र त्यो हैन स्वस्फूर्त जोडिए सबै
समुद्रपारिका धेरै देशका'नि जुटे सबै
(८)
फैलियो यसको क्षेत्र स्तरवृद्धि हुँदै गयो
त्यस्तै आकार मोटायो सिर्जनाको विधा बढ्यो
बनेर युगसापेक्ष दौडिने छौं सकेकति
आकाश जति फैलिन्छ सीमा क्षितिजको त्यति
(९)
बढे स्तम्भहरू स्थायी 'अनुभूति' सुनाउँदै
'भेटघाट' गरी ल्याए पाकालाई सजाउँदै
आए पाठकका त्यस्ता साजीपत्र सुझावका
हाँगा भविष्यका हुन् यी आँकुरा सब आजका
(१०)
यही सोंची अँगालेको नौलो प्रविधिको गुण
लिन्छौं दिन्छौं यसैबाट किताबै पुग्छ तत्क्षण
काममा शीघ्रता ल्याई स्तरलाई तिखार्छ यो
सबै सद्भावको माला यो 'हाम्रो पुरुषार्थ'हो
(११)

**लेखक : पूर्व सहसचिव, नेपाल सरकार ।**

०००

// लेख //

# सबैको 'हाम्रो पुरुषार्थ'



चोलेश्वर शर्मा

किरण पुस्तकालय, तम्घासबाट, हाम्रो पुरुषार्थको स्वर्णजयन्ती विशेषाङ्क शताङ्क प्रकाशित हुन लागेकामा मलाई अत्यन्त खुशी लागेको छ । यस अवसरमा यस पत्रिकालाई र यसलाई आजका दिनसम्म ल्याइपुर्‍याउन अथक परिश्रम गर्नुहुने विद्वान् पन्थी बन्धुहरू-श्री शशि पन्थी एवं श्री दीन पन्थी तथा यसका प्रकाशनसम्बद्ध अन्य सम्पूर्ण सहयोगीहरूलाई पनि हार्दिक बधाई एवं शुभकामना व्यक्त गर्दछु ।

'हाम्रो पुरुषार्थ' नेपालको राजधानी/केन्द्रदेखि दूरस्थ यातायात र अन्य अनेक कठिनाइहरू भएको गुल्मी जिल्लाको तम्घासबाट पचास वर्षअघि प्रकाशित भएर आज स्वर्णजयन्ती विशेषाङ्कका रूपमा शताङ्क लिएर उभिनु आफैमा एक आश्चर्य अझै विस्मयकारी घटनाझैँ र हामी सबैका लागि एक प्रेरणादायी अभियान पनि हो भन्ने मलाई लाग्छ ।

*अनेक बाधा-व्यवधान खप्दै नेपालभित्र मात्र नभएर आधुनिक सञ्चार-प्रविधिमार्फत भारत र समुद्रपारसमेत पुगेर 'हाम्रो पुरुषार्थ'ले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्धन र विस्तारमा समेत महत्त्वपूर्ण योगदान गरेको छ ।*

मलाई वि.सं. २०३७ पछि त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा लगभग एक दशक श्रद्धेय मनीषी डा. टीकाराम पन्थीसँग रहेर काम गर्ने अवसर मिलेको थियो । त्यसै समयमा 'हाम्रो पुरुषार्थ' का वा अन्य प्रयोजनले पनि तानसेन आउनुहुँदा मित्रहरू श्री शशि पन्थी एवं श्री दीन पन्थीसँग बराबर भेट हुन्थ्यो । त्यस बेलामा नै यस पत्रिकाका लागि उहाँहरूको परिश्रम र अध्यवसायले ज्यादै प्रभावित भएको हुँ । त्यो अझै कायमै छ ।

वि.सं. २०३७ र त्यसपछिका केही अङ्कहरूमा यस पत्रिकाले मेरा लेखनका प्रारम्भिक चरणमै केही हास्यव्यङ्ग्य निबन्धहरूलाई ठाउँ दिएर मलाई प्रेरणा र

ऊर्जा थपिदिएका कुरा पनि मेरा मनमा छन् । त्यसका लागि म सधैं उहाँहरू र 'हाम्रो पुरुषार्थ' प्रति पनि कृतज्ञ छु ।

अनेक बाधा-व्यवधान खप्दै नेपालभित्र मात्र नभएर आधुनिक सञ्चार-प्रविधिमार्फत भारत र समुद्रपारसमेत पुगेर 'हाम्रो पुरुषार्थले नेपाली भाषा, साहित्य र संस्कृतिको संरक्षण, संवर्धन र विस्तारमा समेत महत्त्वपूर्ण योगदान गरेको छ ।

यसको निरन्तरता मात्र महत्त्वपूर्ण नभएर यो एक सुव्यवस्थित, स्तरीय र साहित्यिक पत्रकारिताका फाँटको जीवन्त एवं गौरवपूर्ण इतिहास बोकेको पत्रिका भएको छ भन्दा अत्युक्ति होओइन ।

नेपालका दीर्घजीवी साहित्यिक पत्रिकाहरूका लहरमा यसले आफूलाई टड्कारो देखिने गरी उभ्याएको छ । यो गर्व गर्न लायक छ ।

अन्त्यमा, यस पत्रिकाका स्वर्णजयन्ती वर्ष विशेषका प्रकाशनका अवसरमा परिश्रमपूर्वक गरिएको यसको प्रकाशन र व्यवस्थापकीय कुशलताका लागि यसका सम्पादक महोदयहरूलाई र सहयोगी हातहरूलाई समेत शुभकामना दिन चाहन्छु । यसको प्रकाशनको गतिशीलताले निरन्तरता पाइरहोस्, उत्तरोत्तर सफलता पाउँदै जाओस् । स्वर्णजयन्ती विशेषाङ्क प्रकाशनका अवसरमा हार्दिक शुभकामना !

**पूर्व क्याम्पसप्रमुख - त्रिभुवन बहुमुखी क्याम्पस, तानसेन, पाल्पा ।**

ooo


# अनुरोध

- सडक तथा मोटरबाटो हाम्रो साझा सम्पत्ति हो । सडक भत्काउनु अपराध हो, त्यसैले सडक तथा मोटरबाटो नभत्काऊँ र भत्काउन नदेऊँ ।
- सडक अतिक्रमण गर्ने काम अपराध हो, सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐनअनुसार कारबाही हुने सबैमा जानकारीको लागि अुनरोध छ ।
- सडक तथा पुलमा दिसापिसाब नगरौं, नगराऔं ।
- जथाभावी सावारीसाधन पार्किङ्ग नगरौं ।
- सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।
- जथाभावी खानेपानीको पाइप सडकमा नबिच्छ्याऔं ।

**भौतिक पूर्वाधार विकास मन्त्रालय**
**यातायात पूर्वाधार निर्देशनालय**
**सडक पूर्वाधार विकास कार्यालय**
**गुल्मी**

# सय अङ्कभित्र एक सय तीन भेटघाट



विष्णुकान्त पन्थी

वि.सं.२०३० साल कार्तिक १ गतेबाट प्रथम प्रकाशन शुरू भएको 'हाम्रो पुरुषार्थ' पत्रिका नितान्त साहित्यिक पत्रिका हो । गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा वि.सं.२०२५ सालमा स्थापित किरण पुस्तकालयको मुखपत्रका रूपमा यो पत्रिका वि.सं.२०३० कार्तिकदेखि वार्षिक रूपमा प्रकाशित हुँदै आएको हो । 'हाम्रो पुरुषार्थ' को आठौं अङ्कदेखि अर्थात् वि.सं. २०३६ साल वैशाखदेखि हाम्रो पुरुषार्थ अर्धवार्षिक रूपमा प्रकाशित हुन थालेको हो । अर्धवार्षिक रूपमा प्रकाशित हुँदै आएको यस पत्रिकालाई सम्पूर्णाङ्क ३२ वि.सं. २०४६ सम्म निरन्तर रूपमा प्रकाशित गरिएको छ तर वि.सं.२०४६ कार्तिक पश्चात् देशको समसामयिक परिस्थिति, राजनैतिक, अस्थिरता, परिवर्तन आदि कारणले गर्दा ६ वर्षसम्म प्रकाशन गर्न सकिएन । त्यसपछि वि.सं.२०५३ सालमा आएर अर्धवार्षिक पत्रिकाका रूपमा नै पुनः प्रकाशित हुन थालेको यो पत्रिकाले कुनै-कुनै वर्ष अतिरिक्ताङ्क समेत प्रकाशित गर्दै आएको छ भने कतै अर्धवार्षिक मानिए पनि वार्षिक रूपमा मात्र पनि प्रकाशित भएको देखिन्छ । वि.सं.२०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशित हुने अवसर पनि यस पत्रिकालाई प्राप्त भयो । अहिलेसम्म 'हाम्रो पुरुषार्थका' ९९ अङ्क प्रकाशित भैसकेका छन् र अहिले प्रकाशित हुने सयौं अङ्क हो । यसरी वि.सं. २०३० कार्तिकदेखि आजसम्म एक सयौं अङ्क प्रकाशित भैसकेको 'हाम्रो पुरुषार्थ' भित्र धेरै पुरुषार्थहरू संकलित छन् । शुरूदेखि आजसम्म विभिन्न समयमा विभिन्न विषय एवं विभिन्न व्यक्तिसँग सम्बन्धित उन्नाईसवटा विशेषाङ्कहरू प्रकाशित भएका छन् । यसलाई हाम्रो पुरुषार्थभित्रको राम्रो पुरुषार्थ मान्नुपर्दछ । यस पत्रिकाभित्र स्थान पाएका विभिन्न विधाका साथसाथै विभिन्न स्तम्भहरू पनि छन् जसमध्ये वि.सं. २०३९ साल वैशाख, सम्पूर्णाङ्क १५ देखि शुरू गरिएको 'भेटघाट' मा अहिलेसम्म कसकसलाई भेटघाट गरी कस कसले के के विषयमा के कस्ता शीर्षक राखी के कस्ता विचारहरू के कसरी व्यक्त गरे भन्ने कुरालाई संक्षिप्त रूपमा अघि सार्ने जमर्को मैले गरेको छु । भेटघाटको नम्बर राख्दा १ देखि ४ सम्म राखिएको छैन । त्यसलाई पनि समावेश गरी ७० सम्म क्रमश मिलेको देखिन्छ तर ७० नम्बर दुई

स्थानमा उल्लेख छ । त्यसैगरी ९० नम्बर पनि दुई स्थानमा उल्लेख हुनाले ७१ देखि माथि कुनै पनि नम्बर मिलेको छैन । मूल कुरा शीर्षक र भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तिहरू नै हुन् र त्यसभित्रको विषयवस्तु सार तत्त्व हो । भेटघाटको नम्बर गौण कुरा हो तर पनि सकेसम्म भेटघाट नम्बर पनि शुद्ध रूपमा राख्दा राम्रो हुने थियो । यसमा सम्पादकको दृष्टि पुग्न नसकेको देखिन्छ । अब आगामी अङ्कहरूमा भेटघाट नम्बर पनि शुद्ध रूपमा प्रस्तुत हुनेछ भन्ने विश्वास लिएको छु । भेटघाटमा भेटघाटको क्रम संख्या, हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क संख्या, भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व, भेटघाटमा समावेश गरिएको शीर्षक, सम्पूर्णाङ्कको प्रकाशन मिति र भेटघाटमा अन्तर्वार्ता लिने व्यक्तिलाई निम्नानुसार तालिकामा समावेश गरिएको छ ।

| **भेटघाट क्र.सं.** | **सम्पूर्णाङ्क** | **भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व** | **शीर्षक** | **मिति** | **अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू** |
|---|---|---|---|---|---|
| १ | १५ | प्रा. डिल्लीराम तिम्सिना | अबका साहित्यकारले स्वप्नद्रष्टा भएर मात्र सन्तोषको सास फेर्ने अवस्था छैन । | वैशाख-२०३९ | सम्पादक |
| २ | १६ | केदारमान व्यथित | साहित्यकार विश्वेश्वरप्रसाद कोइराला मानवीय भावनालाई विश्लेषण गर्ने अद्वितीय शिल्पकार | असोज-२०३९ | सम्पादक |
| ३ | १७ | माधवप्रसाद देवकोटा | भौतिक वा आध्यात्मिक एक पक्षलाई मात्र काखी च्यापेर वर्तमान मानव जीवन सन्तुलित रहन सक्दैन । | कार्तिक-२०३९ | सम्पादक |
| ४ | १८ | डा. टीकाराम पन्थी | साहित्यकारको अभिव्यक्तिगत खुबीले ग्रहण गरेको घुमाउरो मार्गले नै साहित्यलाई चमत्कारपूर्ण बनाउँछ । | वैशाख-२०४० | सम्पादक |

| भेटघाट क्र.सं. | पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ५ | १९ | सूर्य विक्रम ज्ञवाली | नेपालका इतिहासको खोजी तथा संसारका इतिहासको अध्ययन नै हाम्रा इतिहासकारको वर्तमान समयको कर्तव्य हो । | कार्तिक-२०४० | सम्पादक |
| ६ | २० | प्रा.नरेन्द्रमणि आचार्य दीक्षित | नेपाली भाषा साहित्य मेरो सम्पूर्ण जीवनको आकर्षण केन्द्र भएको छ । | वैशाख-२०४१ | कोषराज न्यौपाने |
| ७ | २१ | सिद्धिचरण श्रेष्ठ | साधारण कुरा पनि लेखनाथको कलमबाट ज्वलन्त भएर आउँछ । | कार्तिक-२०४१ | सम्पादक |
| ८ | २२ | श्यामदास वैष्णव | साहित्यकारको जिम्मेदारी सत्यान्वेषी हुनु हो । | वैशाख-२०४२ | दुर्गाप्रसाद अर्याल |
| ९ | २३ | पूर्णप्रसाद ब्राह्मण | वर्तमान र भविष्यको लागि गतिशील निर्देशन दिनु साहित्यको उद्देश्य हो । | कार्तिक-२०४२ | दीन पन्थी |
| १० | २४ | दैवज्ञराज न्यौपाने | बौद्धिक कसरतले मात्र कविता बच्दैन । | पुस-२०४२ | हेमलाल न्यौपाने र दुर्गाप्रसाद अर्याल |
| ११ | २५ | रोहिणी भट्टराई | जुन देशको भाषा जति सम्पन्न हुन्छ त्यो देश त्यति नै सम्पन्न हुन्छ । | वैशाख-२०४३ | कोषराज न्यौपाने र दुर्गाप्रसाद अर्याल |

| भेटघाट क्र.सं. | सम्पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| १२ | २६ | बदरिनाथ भट्टराई | हामीहरू साह्रै दास र पराधीन भएका छौं । | कार्तिक-२०४३ | दुर्गाप्रसाद अर्याल |
| १३ | २७ | मोहन कोइराला | कविता सुबोधता र दुर्बोधताले म नाप्तिनँ | वैशाख-२०४४ | दुर्गाप्रसाद अर्याल |
| १४ | २८ | लक्ष्मण राजवंशी | ............... | कार्तिक-२०४४ | चूडामणि मरासिनी |
| १५ | २९ | माधव घिमिरे | साहित्य सृजना हृदयको सृजन हो, भावनाको तरलता विना त्यो जीवन्त बन्न सक्दैन । | वैशाख-२०४५ | दुर्गाप्रसाद अर्याल |
| १६ | ३० | भूपि शेरचन | साहित्य मानवीय संवेदनाहरूलाई परिपक्व रूपमा गम्भीरताका साथ चिन्तन मनन गरेर लेखिएको हुनुपर्दछ । | कार्तिक-२०४५ | शशि पन्थी र दुर्गाप्रसाद अर्याल |
| १७ | ३१ | कृष्ण गौतम | नेपाली साहित्यको विकास एक दुई व्यक्तिले मात्र गरेका छैनन् । | वैशाख-२०४६ | मोहन तिमल्सिना |
| १८ | ३२ | जनकवि केशरी धर्मराज थापा | हाल देखा परेको साहित्य कलाको वातावरण स्वच्छ उदार देखिदैन । यहाँ धोखा, छल र कपटको अँध्यारो बादल मडारिइरहेको छ । | कार्तिक-२०४६ | दुर्गाप्रसाद अर्याल |

| भेटघाट क्र.सं. | पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| १९ | ३३ | नीलाम्बर पन्थी | भौतिक विकासको मेरूदण्ड बिजुली नै हो । | कार्तिक-२०५३ | शशि पन्थी |
| २० | ३३ | प्रयागलाल श्रेष्ठ | राज्यसत्ता जनताको सत्ता हो, यही प्रजातन्त्र हो । | कार्तिक-२०५३ | सम्पादक |
| २१ | ३४ | डा.तारानाथ शर्मा | धुपौरेहरू मुक्तिकालमा पनि धूप हाल्न पछि परेनन् । | वैशाख-२०५४ | गोपाल भण्डारी र दुर्गाप्रसाद अर्याल |
| २२ | ३५ | नयराज पन्त | विद्या नै सबै कुरा हो । | कार्तिक-२०५४ | शशि पन्थी र दुर्गाप्रसाद अर्याल |
| २३ | ३६ | योगी नरहरिनाथ | राष्ट्रको अनुहार भाषाले देखाउँछ । | वैशाख-२०५५ | टीकाराम पन्थी, शशि पन्थी र दुर्गाप्रसाद अर्याल |
| २४ | ३६ | लीलबहादुर क्षत्री | पुरस्कार पाउने गुणात्मक व्यक्तिहरू कमै छन् । | वैशाख-२०५५ | चन्द्रकान्त पन्थी |
| २५ | ३६ | कृष्णप्रसाद ज्ञवाली | अहिले तपस्या र अध्ययन नगरी लेखक हुन खोज्छन् । | वैशाख-२०५५ | चन्द्रकान्त पन्थी |
| २६ | ३७ | डा. डिल्लीरमण रेग्मी | पुस्तकहरू दराजमा मात्रै थन्किएर रहे भने त्यस्को कुनै अर्थ हुँदैन । | कार्तिक-२०५५ | शशि पन्थी र दुर्गाप्रसाद अर्याल |

| भेटघाट क्र.सं. | सम्पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| २७ | ३७ | कमल दीक्षित | सार्वजनिक पुस्तकालयहरू अहिले नेपालमा छँदैछैनको स्थितिमा पुगेको बुझ्दछु । | कार्तिक–२०५५ | शशि पन्थी |
| २८ | ३८ | गोविन्द गोठाले | मेरा रचनाका पात्रहरू वास्तवमा म नै हुँ । | वैशाख–२०५६ | दर्गा प्रसाद अर्याल र हरि घिमिरे |
| २९ | ३९ | प्रा. यदुनाथ खनाल | कवितामा स्वायत्तता अपेक्षित हुन्छ, त्यसलाई कुनै परिधिभित्र बाँध्न सकिदैन । | कार्तिक–२०५६ | डा.टीकाराम पन्थी र डा. लक्ष्मीकान्त पन्थी |
| ३० | ४० | रमेश विकल | साहित्य देशकाल र मानवीय प्रगतिको निर्देशक तत्त्व पनि हो । | वैशाख–२०५७ | शशि पन्थी र दुर्गाप्रसाद अर्याल |
| ३१ | ४० | कृष्णप्रसाद पराजुली | आफ्नो संस्कृति र साहित्यले उन्नत नभएको राष्ट्र मृत राष्ट्र हुन्छ । | वैशाख–२०५७ | गगनदीप सर्व |
| ३२ | ४० | डा. गोपाल भण्डारी | पण्डित गुरु छविलाल पोखे्रलसँगको अन्तिम वार्ता | वैशाख–२०५७ | बासुदेव गौतम |
| ३३ | ४१ | पं. भीमकान्त पन्थी | आफूले जानेको काम गर्नुपर्ने रहेछ । | कार्तिक–२०५७ | दुर्गाप्रसाद अर्याल र मधुसूदन पाण्डे |

| भेटघाट क्र.सं. | अङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ३४ | ४१ | लैनसिंह वाङ्देल | कला विश्वजनीन हो, यसलाई खास जाति र संस्कृतिका सीमामा मात्र केन्द्रित गर्नुहुँदैन। | कार्तिक-२०५७ | दुर्गाप्रसाद अर्याल |
| ३५ | ४२ | डा. बालकृष्ण पोखेल | दक्षिण एसियाका सबै भाषिक सम्प्रदायको मेरूदण्ड हो संस्कृत । | वैशाख-२०५८ | डा. टीकाराम पन्थी |
| ३६ | ४२ | प्रा. मुकुन्दशरण उपाध्याय | हाम्रो उद्देश्य हुनुपर्छ । हाम्रा राष्ट्रिय भाषाहरू बाँचून् । | वैशाख-२०५८ | डा. टीकाराम पन्थी |
| ३७ | ४३ | डा. स्वामी प्रपन्नाचार्य | नेपाली भाषालाई खिचडी भाषा नबनाऊँ । | कार्तिक-२०५८ | डा. लक्ष्मीकान्त पन्थी |
| ३८ | ४४ | सत्यमोहन जोसी | हामीले आफ्नो मौलिकतालाई छाड्नु हुँदैन । | कार्तिक-२०५८ | डा. लक्ष्मीकान्त पन्थी |
| ३९ | ४४ | जगदीश शमशेर राणा | चैतन्य पुरुषको सांस्कृतिक अभिव्यक्ति नै साहित्य हो । | वैशाख-२०५९ | विष्णुप्रसाद घिमिरे |
| ४० | ४५ | प्रा.डा.रामचन्द्र लम्साल | शिक्षणीय प्रयोजनका लागि मानक भाषाको शैक्षिक व्याकरणको आवश्यकता । | कार्तिक-२०५९ | मोहन तिमल्सिना |
| ४१ | ४५ | प्रा.दीपक मलिक | ऐतिहासिक आवश्यकता पूरा गर्न विरोध हुँदा हुँदै पनि साहसिक कदम उठाइ रहनुपर्छ । | कार्तिक-२०५९ | दुर्गाप्रसाद अर्याल र दीन पन्थी |

| भेटघाट क्र.सं. | सम्पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ४२ | ४६ | आनन्ददेव भट्ट | मानिसले संसारलाई ढाक्न र छक्याउन सक्छ तर आफ्नो आत्मालाई सक्दैन | वैशाख-२०६० | दुर्गाप्रसाद अर्याल |
| ४३ | ४६ | अलि मिया | साहित्य र धर्म दुबैको उद्देश्य जीवनोद्धार गर्नु नै हो । | वैशाख-२०६० | कृष्ण भण्डारी मुमुक्षु |
| ४४ | ४७ | मदनमणि दीक्षित | नेपाली कवितामा मूल रसतत्त्वको अभाव छ । | कार्तिक-२०६० | नारायणप्रसाद गौतम र लक्ष्मी गौतम |
| ४५ | ४७ | घटराज भट्टराई | मानव जीवन हर्ष र विस्मातका तरेलीमा बहने डुङ्गा हो । | कार्तिक-२०६० | लक्ष्मीकान्त पन्थी |
| ४६ | ४८ | माधवलाल कर्माचार्य | कुनै पनि तत्त्व वा पक्ष कालजयी त्यसबेला हुन्छ जब त्यो जीवनको आधारभूत तत्त्व वा पक्षसँग सापेक्ष रहन्छ । | वैशाख-२०६१ | लक्ष्मीकान्त पन्थी |
| ४७ | ४८ | अरूणकुमार भारती | धर्म विश्वास मात्र हो, तर संस्कृति एउटा यथार्थता हो । | वैशाख-२०६१ | दुर्गाप्रसाद अर्याल |
| ४८ | ४९ | डा.केशवप्रसाद उपाध्याय | साहित्य मान्छेमा अन्तर्निहित सृर्जन र चिन्तनको अभिवृत्तिको प्रकाशन हो । | कार्तिक-२०६१ | लक्ष्मीकान्त पन्थी |
| ४९ | ४९ | भरत शमशेर राणा | आमूल परिवर्तन एकै वर्ष वा एकै पिढीमा सम्भव छैन । | कार्तिक-२०६१ | दुर्गाप्रसाद अर्याल र युवराज भुसाल |

| भेटघाट क्र.सं. | अङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ५० | ५० | भवानी घिमिरे | युगबोध भएन भने साहित्यिक पत्रकारिता टिक्दैन । | वैशाख-२०६२ | दुर्गाप्रसाद अर्याल |
| ५१ | ५० | दुर्गानाथ शर्मा | पाठकको चासो नभएको साहित्य फस्टाउन सक्दैन | वैशाख-२०६२ | दुर्गाप्रसाद अर्याल |
| ५२ | ५० | हेमराज ज्ञवाली | कला र साहित्य राष्ट्रका सम्पत्तिहरू हुन् । | वैशाख-२०६२ | लक्ष्मीकान्त पन्थी |
| ५३ | ५० | दुर्गा बराल (वात्स्यायन) | मेरो कलाको प्रथम गुरु प्रकृति नै हुन् । | वैशाख-२०६२ | कृष्ण भण्डारी मुमुक्षु |
| ५४ | ५१ | हरिश्चन्द्र न्यौपाने | वर्तमान नेपाली भाषा साहित्यका गतिविधिहरू समयानुकूल वृद्धि हुँदै गएको देखेर मलाई अत्यन्त हर्षको अनुभव भइरहेको छ । | कार्तिक-२०६२ | डा. लक्ष्मीकान्त पन्थी र दुर्गाप्रसाद अर्याल |
| ५५ | ५२ | जर्ज जोन | शिक्षण पेशामा लागेका व्यक्तिहरू इमानदार हुने हो भने देशका समस्याहरू हल गर्न सकिन्छ । | वैशाख-२०६३ | कृष्ण भण्डारी मुमुक्षु |
| ५६ | ५२ | मुकुन्द शर्मा चालिसे | विमोचन र पुरस्कारका दौडमा बाग्देवीको एकान्त साधना गौण भएको छ । | वैशाख-२०६३ | लक्ष्मीकान्त पन्थी |
| ५७ | ५३ | प्रा.घनश्याम उपाध्याय कँडेल | साहित्य जीवन-जगत्का यथार्थ कलाको प्रतिबिम्बन हो । | कार्तिक-२०६३ | लक्ष्मीकान्त पन्थी |

| भेटघाट क्र.सं. | सम्पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ५८ | ५४ | इन्द्रबहादर राई | नव आविष्कार गरियो भनिएको भएकैका नव संकरण वा नव प्रयोगमात्र हुन्छ । | कार्तिक-२०६४ | दीन पन्थी |
| ५९ | ५५ | भरतराज पन्त | साहित्य कुनै ठोस भौतिक उपलब्धिको विषय नभएर विशुद्ध आध्यात्मिक सत्य, शिव, सुन्दर भावको विषय हो । | कार्तिक-२०६६ | शशि पन्थी, मुकुन्द चालिसे, लक्ष्मीकान्त पन्थी |
| ६० | ५६ | डा.हरिप्रसाद शर्मा आचार्य | भिन्न विचार भए पनि हामीहरूको मित्रतामा कुनै कमी आएन | कार्तिक-२०६७ | भानुभक्त मरासिनी |
| ६१ | ५७ | प्रा.डा. वासुदेव त्रिपाठी | राष्ट्रले नै कोष राखी साहित्य, खेलकुद, भाषा र कलाको संरक्षण गर्ने प्रक्रिया चाल्नुपर्छ । | कार्तिक-२०६८ | कृष्ण भण्डारी मुमुक्षु |
| ६२ | ५८ | शिवराज आचार्य | हामी परचक्रीका दास जस्तै हुन पुगेका छौं । | कार्तिक-२०६९ | दुर्गाप्रसाद अर्याल, लक्ष्मीकान्त पन्थी र कोषराज न्यौपाने |
| ६३ | ५९ | मोदनाथ प्रश्रित | राजनीतिलाई साहित्यको अंग बनाएर प्रस्तुत गर्न सक्नुपर्छ । | वैशाख-२०७० | शशि पन्थी, दीन पन्थी र दुर्गाप्रसाद अर्याल |
| ६४ | ६० | प्रा.डा. जयराज आचार्य | भानुभक्त भाषिक, साहित्यिक र सांस्कृतिक योगदानका कारण अमर छन् । | कार्तिक/पुस -२०७० | सम्पादक |

| भेटघाट क्र.सं. | अङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ६५ | ६१ | वसन्त कुमार शर्म्मा | कुनै खहरेले कोशी, गण्डकी जस्ता नदीहरूलाई धमिल्याएका छैनन् । | माघ/चैत्र-२०७० | लक्ष्मीकान्त पन्थी र दुर्गाप्रसाद अर्याल |
| ६६ | ६२ | बूँद राना | साहित्य साथी हो सुख दुःखको । | वैशाख/ आषाढ-२०७१ | दीन पन्थी |
| ६७ | ६३ | प्रा.डा. लोकराज बराल | बी.पी. युगबोध भएका एक सचेत कथाकार | श्रावण/ आश्विन-२०७१ | कृष्ण भण्डारी मुमुक्षु |
| ६८ | ६३ | प्रा. कृष्णप्रसाद खनाल | बी.पी.सँग क्रान्ति पछिको गन्तव्य प्रष्ट थियो । | श्रावण/ आश्विन-२०७१ | कृष्ण भण्डारी मुमुक्षु |
| ६९ | ६७ | पण्डित परशुराम उपाध्याय पन्थी | अंशतः हामी रजोगुणी छौं । | श्रावण/ आश्विन-२०७१ | शशि पन्थी र दीन पन्थी |
| ७० | ६८ | देवरत्न धाख्वा | समाजको विकाससँगै साहित्यलाई पनि हिडाउनुपर्छ । | कार्तिक/पुस - २०७२ | शशि पन्थी |
| ७१ | ६९ | अजम्बरध्वज खाती | साहित्य सिर्जनामा चरम आनन्द छ । | माघ/चैत-२०७२ | कपिल ज्ञवाली |
| ७२ | ७० | देवेश्वर सरस्वती | जो देखिन्छ त्यो असत्य हुन्छ र जो देखिदैन त्यो सत्य हुन्छ । | वैशाख/ असार-२०७३ | शशि पन्थी र दीन पन्थी |
| ७३ | ७१ | नारायण प्रसाद शर्मा | साहित्य जीवन र जगत बदल्न महान् साधन बन्न सक्छ । | साउन/असोज-२०७३ | अर्जुनप्रसाद भट्टराई |

| भेटघाट क्र.सं. | पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ७४ | ७२ | डा.दीर्घराज घिमिरे | सम्बन्ध जनित निकाय र आत्माको सम्बन्धलाई जीवन भन्दछन् । | कार्तिक/पुस -२०७३ | लक्ष्मीकान्त पन्थी |
| ७५ | ७३ | डा.लक्ष्मीकान्त पन्थी | साहित्यिक पत्रिकाको विकासका लागि इच्छाशक्ति, ज्ञानशक्ति र क्रियाशक्तिको आवश्यकता हुन्छ । | माघ/चैत्र-२०७३ | शशि पन्थी |
| ७६ | ७४ | तीर्थराज बन्त | नेपाली भाषामा आजभोलि ग्रहण लाग्न थालेको छ । | वैशाख/ आषाढ-२०७४ | शशि पन्थी |
| ७७ | ७५ | डा. शास्त्रदत्त पन्त | राजा वीरेन्द्र, ज्ञानेन्द्रका आत्ममूल्याङ्कन र परिस्थितिबोधका अभावले राजसंस्था विघटित | साउन/ आश्विन-२०७४ | दुर्गाप्रसाद अर्याल र लक्ष्मीकान्त पन्थी |
| ७८ | ७६ | विश्वप्रेम अधिकारी | अध्ययन र साधनाको निरन्तरताले नै स्रष्टाको उचाइ बढ्ने हो । | कार्तिक/पुस -२०७४ | शशि पन्थी, दीन पन्थी |
| ७९ | ७७ | ज्ञानमणि नेपाल | इतिहास सत्य तथ्य र प्रमाणको आधारमा लेखिनुपर्छ । | माघ/चैत्र-२०७४ | शशि पन्थी र दुर्गाप्रसाद अर्याल |
| ८० | ७८ | सूबसेन | साहित्य, राष्ट्र, समाज तथा व्यक्तिको जीवनका लागि जीवन हो । | वैशाख/ आषाढ-२०७५ | दीन पन्थी |

| भेटघाट क्र.सं. | पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ८१ | ७९ | कृष्णबहादुर कुँवर | जुन देशले प्रशोधन नगरी कच्चा पदार्थ र सीप नभएको जनशक्ति विदेश निर्यात गर्छ त्यो देश गरीब र अविकसित हो । | साउन/ आश्विन-२०७५ | दीन पन्थी |
| ८२ | ८० | इन्दिरा दली | पुस्तकालयसेवा जति राम्रो निःस्वार्थ र पवित्र सेवा अरू केही छैन । | कार्तिक/पुस -२०७५ | शशि पन्थी |
| ८३ | ८१ | गिरिराज शर्मा | विचारविनाको साहित्य पंगु हुन्छ । | माघ/चैत्र-२०७५ | पद्मप्रसाद शर्मा |
| ८४ | ८२ | मोहन विक्रम सिंह | आजको हाम्रो मुख्य आवश्यकता विद्यमान समाज व्यवस्था परिवर्तन हो । | वैशाख/ अषाढ-२०७६ | दुर्गाप्रसाद अर्याल |
| ८५ | ८३ | प्रा.डा. हरिप्रसाद आचार्य | राष्ट्र भाषाको स्रोत र सनातन धर्म संस्कृतिको भण्डार संस्कृतलाई मासिदै छ । | साउन/ आश्विन-२०७६ | दुर्गाप्रसाद अर्याल |
| ८६ | ८४ | दुर्गाप्रसाद श्रेष्ठ | समाजका निम्ति साहित्य 'पथप्रदर्शक' हुनुपर्दछ । | कार्तिक/ पुस-२०७६ | शिवप्रसाद पौडेल |
| ८७ | ८५ | महेशराज पन्त | जहाँ जहाँ भारतीय सभ्यताको प्रभाव पर्‍यो त्यो बुझ्न संस्कृत भाषा र वाङ्मय अपरिहार्य छ । | माघ/चैत्र-२०७६ | अर्जुनप्रसाद भट्टराई |

| भेटघाट क्र.सं. | सम्पुटाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ८८ | ८६ | चिरञ्जीवी शर्मा | कथा, कविता गीत सिर्जना गरी रोचक शैलीमा विद्यार्थीहरूलाई शिक्षण गर्ने प्रयासीको बानी थियो । | वैशाख/ आषाढ-२०७७ | शशि पन्थी |
| ८९ | ८७ | देवीप्रसाद 'वनवासी' | साहित्यकारका निम्ति लोकतन्त्र ठूलो उपलब्धि हो । | साउन/ आश्विन-२०७७ | शशि पन्थी |
| ९० | ८८ | शरदकुमार भट्टराई | हाम्रो संस्कार, संस्कृति र धर्मसमेतको भविष्य अन्धकारपूर्ण देखिन्छ । | कार्तिक/पुस -२०७७ | लक्ष्मीकान्त पन्थी |
| ९१ | ८८ | प्रा.डा. महादेव अवस्थी | विद्यावरिधि र शोधकार्य भनेको शोध निर्देशक र शोधार्थीको सहकार्यमा पूरा हुने अनुष्ठान हो । | कार्तिक/पुस -२०७७ | कृष्ण भण्डारी मुमुक्षु |
| ९२ | ८९ | शेखरनाथ पन्थी | विद्वत्ताको लागि निजी संलग्नता र गहन अध्ययन हुनुपर्छ । | माघ/चैत्र-२०७७ | सूर्यकान्त पन्थी |
| ९३ | ९० | पुरुषोत्तम उपाध्याय | हाम्रो संस्कार संस्कृति र धर्मसमेतको भविष्य अन्धकारपूर्ण देखिन्छ । | वैशाख/असार-२०७८ | लक्ष्मीकान्त पन्थी |
| ९४ | ९१ | भरत जङ्गम | निष्काम कर्मको अवलम्बन गर्नु नै सफलताको पाउ चुम्नु हो । | साउन/ आश्विन-२०७८ | कृष्ण भण्डारी मुमुक्षु |
| ९५ | ९२ | रमेश खकुरेल | साहित्य सिर्जनाको कारक तत्त्व 'सर्वे भवन्तु सुखिनः' को अवधारणा हो । | कार्तिक/ पुस-२०७८ | लक्ष्मीकान्त पन्थी र दुर्गाप्रसाद अर्याल |

| भेटघाट क्र.सं. | पूर्णाङ्क | भेटघाटमा अन्तर्वार्ता दिने व्यक्तित्व | शीर्षक | मिति | अन्तर्वार्ता लिने व्यक्ति/ व्यक्तिहरू |
|---|---|---|---|---|---|
| ९६ | ९३ | कोषराज न्यौपाने | श्राद्धहरूमध्ये सबैभन्दा जटिल श्राद्ध नै महालय श्राद्ध हो । | माघ/चैत्र-२०७८ | लक्ष्मीकान्त पन्थी |
| ९७ | ९४ | प्रा.गोपीकृष्ण शर्मा | भाषाले पनि समयअनुसार परिवर्तन खोजेको हुन्छ । | वैशाख/ अषाढ-२०७९ | लक्ष्मीकान्त पन्थी |
| ९८ | ९५ | फणिनारायण सिग्देल | सांस्कृतिक पहिचानलाई अगाडि बढाउनु आजको ठूलो आवश्यकता हो । | साउन/ आश्विन-२०७९ | लक्ष्मीकान्त पन्थी |
| ९९ | ९६ | चेतोनाथ शर्मा आचार्य | सत् साहित्य मनोरम संगीत र कला सभ्य समाजको परिचायक हो । | कार्तिक/पुस -२०७९ | लक्ष्मीकान्त पन्थी/मनोज कुमार आचार्य |
| १०० | ९७ | प्रा.शिवगोपाल रिसाल | धार्मिक, नैतिक, चारित्रिक, आध्यात्मिक, सांस्कृतिक पुनर्जागरणको युग चाहिएको छ । | माघ/चैत्र-२०७९ | डा. लक्ष्मीकान्त पन्थी |
| १०१ | ९८ | आदित्यमान श्रेष्ठ | नेपाल कहिले बन्ला भन्ने चिन्ताले सताउन थालेको छ । | वैशाख/ अषाढ-२०८० | शशि पन्थी |
| १०२ | ९९ | चूडामणि शर्मा गौतम | पुस्तक छपाएको २२ दिनमै सबै प्रति बिके । | साउन/ आश्विन-२०८० | डा. लक्ष्मीकान्त पन्थी |
| १०३ | १०० | रोचक घिमिरे | समग्र साहित्यिक पत्रिकारितालाई हेर्ने दृष्टिकोणमा सकारात्मक सुधारको आवश्यकता छ । | कार्तिक/पुस -२०८० | शशि पन्थी र डा. लक्ष्मीकान्त पन्थी |

माथिका सम्पूर्ण भेटघाटहरूमा संलग्न व्यक्तित्वहरूले व्यक्त गरेका विचारहरूमध्ये नाम, जन्ममिति, शिक्षा, पेशा, अध्ययन दुःख पाएका परिवेश आदि कुराहरू सम्बन्धित भेटघाटबाट नै ज्ञान गर्नु पर्ने हुन्छ । हामी सम्पूर्ण नेपालीहरूले शिक्षा आर्जन गर्न सकेका छैनौं, जतिले जसरी सक्यौं त्यो पनि पहिले अति दुःखका साथ शिक्षा आर्जन गरेका मर्मस्पर्शी विषयहरू त्यहाँ भेटिन्छन् । नेपालमा शिक्षा विकास गर्नेलाई छिमेकी मुलुक भारतको ठूलो सहयोग छ भन्ने प्रमाण पनि विभिन्न भेटघाटभित्र लुकेका छन् । पहिले-पहिले नेपालमा शिक्षा-दीक्षा नभए सबै मानिसहरूले अन्धकारमा जीवन बिताउनु परेको यथार्थ चित्रण विभिन्न भेटघाटहरूभित्र भेट्न सकिन्छ ।

नेपालको राजनीतिमा संलग्न व्यक्तिहरूले राजनैतिक दृष्टिले राजनीति राम्रोसँग बुझेका व्यक्तिहरूलाई पनि भेटघाटभित्र राखिएको छ । साहित्यकारको साहित्यिक विषयवस्तु, त्यसको सान्दर्भिक विश्लेषण, त्यसभित्रको चुरो कुरो, लेखन कलामा निपुण व्यक्तित्वहरूको पनि भेटघाटभित्र सान्दर्भिक चर्चा र परिचर्चा गरिएको देखिन्छ । मानवजीवन सुन्दर र सुखमय बनाउनको लागि मानवको आध्यात्मिक पक्ष र भौतिक पक्ष दुबैको सन्तुलित विकास र वृद्धि हुनुपर्छ भन्ने विषयवस्तुलाई भेटघाटभित्र केन्द्रित गरिएको छ ।

साहित्यलाई "हितेन सह सहित सहित्यस्य भावः साहित्यः" यसरी परिभाषित गरिएको छ । यस परिभाषामा विभिन्न विज्ञान्हरूले आ-आफ्नै धारणाहरू व्यक्त गर्न सक्छन् । हाम्रो भेटघाट स्तम्भमा पनि विद्वान् व्यक्तिहरूका विचार सबै विषय भित्र केन्द्रित छन् ।

कुनै पनि एउटा विषयवस्तुलाई व्यक्त गर्ने शैली सबैमा फरक हुन्छ । एउटाले व्यक्त गरेको विचार सरल र सुबोध न हुन सक्छ भने त्यही विषयवस्तुलाई अर्कोले सरल र सुबोध ढंगले व्यक्त गर्न समर्थ हुन्छ । साहित्यिक विचार र साहित्यकार, काव्यकार, लेखक र कृतिकारहरूले के कसरी विचार व्यक्त गरे भने त्यो कुरा पाठकलाई सुबोध हुन्छ ? त्यही पाठकले राम्रोसँग बुझ्न सक्ने बनाएर व्यक्त गर्नु नै साहित्यकारको कला हो । त्यही विचार व्यक्त गरिएको सुबोध ज्ञान दिन सक्ने विचार नै साहित्य हो । यसरी साहित्यलाई केलाउँदा साहित्यभित्र "सत्यं शिवं र सुन्दरम्" को स्थापना हुनु नै पर्ने विचार पनि भेटघाट भित्र समाहित छ ।

भेटघाटभित्र ऐतिहासिक विषयवस्तुको खोजी, इतिहास, नेपाली साहित्यको ऐतिहासिक पृष्ठभूमि, नेपालमा साहित्यको विकासको थालनी विभिन्न पत्रपत्रिकाको प्रकाशनका माध्यमबाट साहित्यलेखन, पठन गर्न प्रेरणा प्राप्त भएको विषयवस्तु, नेपालमा शिक्षा र साहित्यको अभाव भएको विषय र त्यस विषयलाई अघि बढाउन छिमेकी मुलुक भारतबाट ठूलो सहयोग भएको छ, भन्ने प्रेरणादायी विचारहरू पनि विशिष्ट ढंगले अभिव्यक्त गरिएको छ । नेपालको सन्दर्भमा

कतिपय कवि लेखक र साहित्यकार एवं विद्वान्हरूले नेपाली भाषा र साहित्यलाई उत्थान गर्न आफू शतप्रतिशत समर्पित भएको विषयवस्तुलाई जे का ते र जसका तस अभिव्यक्त गरेका छन् । यसबाट नेपालका तत्कालीन समयमा पठनपाठन गर्ने स्थान, लेखन गर्ने व्यक्ति र प्रकाशन गर्ने संस्था कुनै पनि नभएको समयमा साहित्य र भाषाको विकास कसरी होस् ? भन्ने तितो सत्यलाई वास्तविक रूपमा व्यक्त गरिएको छ । नेपाली भाषाको जननी संस्कृत भाषा भएको र संस्कृतको ज्ञान नभैकन नेपाली भाषाको वास्तविक व्याकरण बोध हुन सक्दैन भन्ने विचारलाई पनि अभिव्यक्त गरिएको छ । नेपाली भाषाका कतिपय कवि लेखकहरूको कवितात्मक शैली अत्यन्त मीठो सरस र सरल छ भन्ने विषयवस्तु पनि भेटघाटमा देखिन्छ । त्यसैगरी साहित्यले सत्य विषयलाई मात्र लिनुपर्दछ असत्य विषयमा साहित्य रचना गर्नु सान्दर्भिक हुँदैन । माथि भनिए जस्तै साहित्यमा सत्यं, शिवं र सुन्दरम्को प्राप्तिलाई जोड दिनुपर्दछ । अन्यथा त्यो लेखाइ साहित्य बन्न सक्दैन भन्ने दृढ अभिव्यक्ति अभिव्यक्त गरिएको छ । साहित्यले पाठकलाई बाटो देखाउन सक्नुपर्छ, समाजलाई सुधार गर्न सक्नुपर्छ र प्रेरणा प्रदान गर्न पनि सक्नुपर्छ । कसैको अनावश्यक प्रशंसा साहित्यलाई शोभा दिने विषय हुन सक्दैन । साहित्यले मर्यादा पालन गर्नुपर्छ । अमर्यादित साहित्यलाई साहित्य भन्न मिल्दैन भन्ने धारणा पनि देखिन्छ । राजनीति र साहित्यलाई फरक विधाका रूपमा देखाउँदै काव्यका तत्त्वहरू भाव र शिल्पलाई आ-आफ्नै ढंगले व्याख्या र विश्लेषण पनि गरिएको छ । साहित्यलाई राजनीति भन्दा फरक रूपमा हेर्नुपर्ने कुराको पुष्टि पनि गरिएको छ । कुनै पनि देशको भाषा सम्पन्न छ भने त्यो देश पनि सम्पन्न हुन सक्छ त्यसकारण देशको विकासका लागि भाषिक सम्पन्नता अनिवार्य हुन्छ । देशको शैक्षिक वातावरण स्वच्छ हुनुपर्छ । स्वच्छ शैक्षिक वातावरणमा मात्र शिक्षा राम्रो हुन सक्छ । नेपालको सन्दर्भमा शिक्षाक्षेत्रका प्रशासन र अनुशासन दुबै राम्रा हुन सकेका छैनन् । शिक्षा दिने शैक्षिक संस्थाहरूले सबैभन्दा पहिले शैक्षिक प्रशासन र अनुशासनमा विशेष ध्यान दिनुपर्दछ । भाषा, व्याकरण र साहित्य एक आपसमा अन्योन्याश्रित हुन्छन् । प्रत्येक मानिसले चित्तशुद्धिका लागि आध्यत्मिक चिन्तन गर्नु आवश्यक छ । आध्यात्मिक चिन्तनविनाको मानवमन शुद्ध हुन सक्दैन । शिक्षणका लागि शिक्षक अनुशासित, अध्ययनशील, प्रयासी हुनुपर्छ तब मात्र विद्यार्थीलाई ज्ञान प्रदान गर्न सकिन्छ भने अनुभवलाई साक्षात्कर गरिएको पनि देखिन्छ ।

कुनै-कुनै भेटघाटमा सरलतालाई भन्दा दुर्बोध्यतालाई प्रश्रय दिइएको पनि देखिन्छ । कुनै कवि लेखकहरूका कृतिहरूमा दुर्बोध्यताको गुण हुनु पनि काव्य र कविताको गुण हो भन्ने मनशाय व्यक्त गरेको पनि छन् । हो, सरलता पच्छाउनेलाई दुर्बोध्यता अवगुण हुन सक्छ तर दुर्बोध्यतामित्र पनि केही कुरा बुझ्न नसकिएका विषयवस्तुहरू लुकेका हुन्छन् भन्ने भावना कुनै व्यक्तिको देखिएको छ ।

साहित्यको पठनपाठनमा पाठकले मन पराउने कवि लेखकहरूले पनि साहित्य मनभित्रको निहित 'भावना' हो भनेका छन् र मनभित्रको भावना नै साहित्यका माध्यमबाट देखिन्छ । चाहे त्यो कथात्मक अभिव्यक्तिबाट होस् वा कवितात्मक अभिव्यक्तिबाट होस् । मानवीय भावना र संवेदनाहरू नै साहित्य सृजनाका कारण हुन् । ती संवेदनाहरूलाई पोख्ने माध्यम गद्यात्मक या पद्यात्मक जुनसुकै हुन सक्छ भन्ने मान्यतालाई भेटघाटमा देखाइएको छ । नेपाली साहित्यको श्रीवृद्धिका लागि धेरै व्यक्तिहरू खटेका छन् र डटेका पनि छन् । कसैले म मात्र साहित्यिक व्यक्तित्व हुँ । अथवा मैले मात्र यस्तो गरें उस्तो गरे भन्नु वाञ्छनीय हुँदैन । धेरै व्यक्तिको धेरै प्रयासबाट नै नेपाली साहित्य अघि बढेको छ र पछि पनि बढ्दै छ भन्ने भावना भेटघाटमा व्यक्तिएको छ ।

साहित्य र कलाको विकासका लागि लागिपरेका कतिपय व्यक्तित्वहरू छायामा परेका छन् । साहित्यकारको सही मूल्याङ्कन हुन सकेको छैन । यस क्षेत्रमा पनि पक्षपातले जरो गाडेको छ । स्वतन्त्र रूपले साहित्य सिर्जन गर्दा पनि केही अप्ठ्यारो परिस्थितिसँग जुध्नुपर्ने देखिन्छ । साहित्यसिर्जनमा संलग्न व्यक्तिहरूमा यस्तो पक्षपात हुनु हुँदैन भन्ने धारणा पनि अभिव्यक्तिमा व्यक्तिएको देखिएको छ ।

राजनैतिक व्यक्तित्वहरूको भेटघाटमा विकासनिर्माणका विषयवस्तुलाई समावेश गरिएको देखिन्छ । त्यसैगरी कतिपय विद्वान् व्यक्तिहरू विद्याको विशेष प्रशंसा गर्नुभएको देखिन्छ । "विद्याधनं सर्वधनं प्रधानम्" भन्ने भनाइलाई चरितार्थ पार्नुपर्छ भन्ने दृष्टिकोण रहेको छ । कसैले राष्ट्रको अनुहार भाषाले देखाउँछन् भन्दै भाषाको विकासका लागि बल गर्नुपर्छ भन्ने विषयमा बेजोड तर्कहरू प्रस्तुत गर्नुभएको छ । कुनै-कुनै व्यक्तित्वहरूले राम्रा साहित्यकारको अभाव छ भन्ने दुःख पोख्नुभएको छ । जेहोस् देशको सम्पत्तिका रूपमा भाषा र साहित्यलाई स्वीकार्नु उहाँहरूको राम्रो विचार हो जस्तो मलाई लाग्छ ।

मनोवैज्ञानिक साहित्यकारहरूले आफैले देखेका भोगेका र अनुभव गरेका कतिपय कुराहरू आ-आफ्ना कथा, कविता, नाटक, खण्डकाव्य, महाकाव्यहरूमा समावेश गरेका छन् भन्ने कुरा पनि विभिन्न विद्वान्हरूको भनाइभित्र रहेको छ । कविता कथा आदि साहित्यिक कृतिहरूको लेखनमा लेखक स्वतन्त्र हुनुपर्छ । कसैको करकापमा साहित्य रचना गर्नु राम्रो विषय होइन भन्ने भनाइ पनि विभिन्न विद्वान् व्यक्तित्वहरूको रहेको छ । संस्कृत भाषा नेपाली भाषाको पनि जननी हो भन्ने कुरालाई स्मरण गर्दै कतिपय विद्वान् व्यक्तित्वहरूले दक्षिण एसियाका सबै भाषिक सम्प्रदायको मेरूदण्डका रूपमा संस्कृत भाषालाई स्वीकार गरेका छन् । देशका विभिन्न राष्ट्रिय भाषाहरू लोप हुनु हुँदैन । सबै राष्ट्रिय भाषाहरू बाँच्नुपर्छ । कुनै पनि राष्ट्रिय भाषालाई लोप हुनबाट बचाउनुपर्छ । भन्ने मान्यता पनि भेटघाटमा अन्तरनिहित छ । नेपाली भाषा शुद्ध, सङ्लो र व्याकरणिक हुनुपर्छ । यो भाषामा

अन्य भाषाका भाषिकहरूको प्रयोग हुनु राम्रो हुँदैन भन्ने धारणा प्रस्तुत गर्दै आफ्नो मौलिकतालाई छाड्नु हुदैन भन्ने मनसाय केही भेटघाटमा भेटिएका छन् । साहित्यलाई आ–आफ्नै ढंगले परिभाषित गर्दै कतिपय व्यक्तिहरू, सांस्कृतिक अभिव्यक्ति ठान्दछन् कसैले जीवनको उद्धार गर्ने कसैले अन्तर निहित सिर्जना र चिन्तनका रूपमा प्रस्तुत गर्दछन् र कसैले युगबोधको आशय प्रस्तुत गर्दछन्, कसैले पाठक प्रिय बन्नुपर्दछ भन्ने धारणा राख्दछन् । कसैले जीवन र जगत्को छाया मान्दछन् । कसैले आध्यात्मिक ज्ञान र सत्यं शिवं र सुन्दरम्को विषयस्तु मान्दछन् भने कसैले सुखदुःखको साथीका रूपमा साहित्यलाई स्वीकार गरेका छन् ।

*यो भेटघाट स्तम्भ भनेको प्रकाशको पुञ्ज हो, विद्वत्ताको कुञ्ज हो, सभ्यताको सोपान हो, श्रद्धाको भाव हो, धर्मको धारणा हो कर्मको फल हो, गंगाको जल हो, ज्ञानको गठरी हो, अनुभवको भकारी हो, शिक्षाको खानी हो, अनुशासनको भण्डार हो, दुःख सुखको पोखरी हो, साहित्यको संगम हो, काव्यको कला हो, गीतको गला हो, भाषाको सँगालो हो, विद्वान्हरूको बैठक हो, सभ्यहरूको सभा हो, शिक्षणको सीप हो, विचारको विन्दु हो, जीवनको सिन्धु हो, जान्नेलाई 'श्रीखण्ड हो भने नजान्नेलाई काठ' पनि हो ।*

कसैको मतमा राजनीति पनि साहित्यको अंग हो भन्दछन् । त्यसैगरी शिक्षण कला, इमान्दारिता, गुरुका गुण र चेलाका गुणको विषयमा, चर्चा र छलफल गरेको देखिन्छ । साहित्यले जीवन र जगत्लाई बदल्न ठूलो सहयोग गर्ने विषयवस्तुका साथै समाजविकास र साहित्यविकाससँगसँगै हुनुपर्ने विषयमा केन्द्रित छन् । समाज र साहित्य एकआपसमा हातेमालो गरी हिडेमा समुन्नत समाजको सृजना हुन सक्छ भन्ने राय पनि भेटघाटभित्र केन्द्रित रूपमा प्रस्तुत भएको देखिन्छ । नेपालका विभिन्न राजनीतिक व्यक्तित्वहरू सांस्कृतिक व्यक्तित्वहरू धार्मिक आध्यात्मिक व्यक्तित्वहरू विद्वान् व्यक्तित्वहरू, अनुभवको पाका व्यक्तित्वहरू शैक्षिक व्यक्तित्वहरू, गुरुशिष्य परम्परामा संलग्न व्यक्ति प्राध्यापक, अध्यापक, बुद्धिजीवी, समाजसेवी, इतिहासवेत्ता, भाषाशास्त्री, काव्यकार, महाकवि, कवि, लेखक, स्रष्टा, गीतकार, योगी, प्रवासी, मनोवैज्ञानिक, कुटनैतिक, कलाकार पण्डित भाषाविद्, पत्रकार, प्रशासक, आदि विभिन्न व्यक्तित्वहरूका सान्दर्भिक विचार, गहन, छलफल, प्रश्नोत्तर, सोधपुछ, कुराकानी आदिको माध्यमद्वारा सबैका विचारहरूलाई 'भेटघाट' स्तम्भमा स्थान दिइएको छ । यस्तै किसिमले, पत्रपत्रिकाको विकासको सम्बन्ध, इतिहास, राजा र राजसंस्थाको विषयमा, जीवन र जगत्को सम्बन्धमा, समाज व्यवस्थाको सम्बन्धलाई देशको आर्थिक अवस्थाको विषयमा, सांस्कृतिक चिन्तनको विषयमा, विद्वत्ताको सम्बन्धमा, निस्काम कर्मको सम्बन्धमा, युगको सम्बन्धमा, नैतिकताको सम्बन्धमा,

संस्कारसम्बन्धमा, श्राद्धसम्बन्धमा, विचारसम्बन्धमा, अध्ययनसम्बन्धमा, सत्य, असत्य आदि विषयमा राजनैतिक विषयमा, संस्कृतको विषयमा धार्मिक आध्यात्मिक विषयमा, परम्परागत विषयमा, भाषासम्बन्धमा, साहित्यसम्बन्धमा, काव्य, कवितासम्बन्धमा, कवि लेखकको सम्बन्धमा, कुटनैतिक सम्बन्धमा, कला, शिक्षण, इतिहास आदि अनेकौं विषयमा विभिन्न भेटघाटहरूमा विशेष दृष्टिकोण प्रस्तुत गरिएको छ ।

जे होस् 'हाम्रो पुरुषार्थ' का एक सय तीन भेटघाटहरूमा विभिन्न विषयवस्तुलाई विभिन्न व्यक्तित्वहरूले आ–आफ्नै दृष्टिकोणले प्रस्तुत गरेर पाठकलाई ज्ञान लिने बाटो खोलिदिनुभएको छ । यो भेटघाट स्तम्भ भनेको प्रकाशको पुञ्ज हो, विद्वत्ताको कुञ्ज हो, सभ्यताको सोपान हो, श्रद्धाको भाव हो, धर्मको धारणा हो कर्मको फल हो, गंगाको जल हो, ज्ञानको गठरी हो, अनुभवको भकारी हो, शिक्षाको खानी हो, अनुशासनको भण्डार हो, दुःख सुखको पोखरी हो, साहित्यको संगम हो, काव्यको कला हो, गीतको गला हो, भाषाको सँगालो हो, विद्वान्‌हरूको बैठक हो, सभ्यहरूको सभा हो, शिक्षणको सीप हो, विचारको विन्दु हो, जीवनको सिन्धु हो, जान्नेलाई 'श्रीखण्ड हो भने नजान्नेलाई काठ' पनि हो । त्यसकारण माथि भनिएका विविध विषयवस्तुहरूलाई यसरी जम्मा गरेर 'हाम्रो पुरुषार्थ' भित्र समावेश गरेर सबैलाई पठनीय बनाउने 'हाम्रो पुरुषार्थका' सम्पादकलाई धन्यवाद व्यक्त गर्दै विश्राम चाहन्छु ।

**लेखक : रेसुङ्गा बहुमुखी क्याम्पस, तम्घास, गुल्मीका पूर्व सहायक क्याम्पसप्रमुख हुनुहुन्छ ।**

ooo


## हार्दिक अनुरोध

**तम्घास बजारको मूल सडकमा घर भएका घरधनीहरूले आफ्नो घरको सडकतर्फको पेटीमा सौन्दर्यीकरणको लागि गमलामा फूल राख्नुहुन अनुरोध छ । सोहीअनुसार आफूलाई मनपर्ने दुईवटा फूलसहितका गमला राखी रेसुङ्गा नगरपालिका सुन्दर बनाउने अभियानलाई सफल पारौं ।**

अनुरोधक

# रेसुङ्गा नगरपालिका

तम्घास, गुल्मी

# उत्तुङ्ग अग्लिदै हाम्रो पुरुषार्थ



रुद्र ज्ञवाली

जब-जब उत्साहको प्वाँख बस्न थाल्दो रहेछ, मान्छेले धरातलको महत्त्व बुझ्दै जाँदो रहेछ । भैरहवाको कुनै सानो गल्लीको घरमा गुम्सिएर समय व्यतीत गरिरहेको बेला अचेल मलाई आफ्नै विगतो बहीखाता पल्टाउन मन लाग्छ ।

समयले धकेल्दा-धकेल्दा भैरहवा नामको यो बिसौनीमा ल्याइपुऱ्याएको छ र जीवन बाँच्ने उपक्रममा यहँकै माटोसँग एकाकार भई सुस्ताइरहेको छु । समय भन्नु बडो बलवान् रहेछ । समयको व्यतिक्रमसँगै मान्छेका रुचिहरू पनि बदलिँदै जाने रहेछन् । साहित्य अनि जीवन र जगत्लाई आफ्नै तर अलि पृथक् अर्थमा हेर्न बुझ्न थालियो । अनि चेतनामा घुस्दै जान थाल्यो जन्मभूमिप्रतिको राग अनुराग ।

हालको रुरुक्षेत्र गाउँपालिका वडा नं. २ कोलौदी । म जन्मेको ठाउँ । त्यहीं पवित्र भूमिको धूलोमा रङ्गिदै बालवय बिताएको स्मृतिले कम्ती सताउँदैनन् । घरमाथि डाँडाबाट पश्चिमतर्फ फर्केर हेऱ्यो भने जिल्लाकै रखवारी गर्न ठिङ्ग उभिएझैं देखिन्थ्यो रेसुङ्गा ।

तम्घास, गुल्मी जिल्लाको सदरमुकाम । म जन्मेको ठाउँभन्दा बाह्रकोश टाढा । तम्घासको श्रीपेच भन्दा पनि हुन्छ रेसुङ्गालाई । बुझ्दै जाँदा लाग्यो रेसुङ्गा यत्ति मात्र होइन रहेछ । गुल्मीवासी हुनुको अर्थमा रेसुङ्गा अरू धेरैथोक पो रहेछ । यहाँको पवित्र पोखरी । यज्ञमण्डप । गौशाला । सिद्धबाबा मन्दिर । रेसुङ्गाका शिरबाट झर्झर झरिरहेका झरना । यी प्रत्येकको आफ्नै-आफ्नै गौरवगाथा रहेछ ।

रेसुङ्गा भन्नु ढुङ्गा माटाको थुप्रो मात्रै कहाँ रहेछ र । यो त गुल्मीवासीको चुलिएको गौरवगाथा रहेछ । यो त भक्ति निर्गुणधाराका प्रवर्तक शशिधर स्वामीका सुकृतिले अग्लिएको नाम र सुकीर्ति रहेछ । बुझ्दै जाँदा लाग्यो यत्ति मात्रै पनि रहेनछ रेसुङ्गा । यो त पन्थी दाजुभाइको निरन्तरको लगन र लगानीले चुलिँदै

गइरहेको किरण पुस्तकालय र त्यसैको सन्तान "हाम्रो पुरुषार्थ"ले चुल्याएको नाम पनि रहेछ ।

नेपालको पुस्तकालय परम्परामा किरण पुस्तकालयको आफ्नै गौरवमय इतिहास छ । यो पुस्तकालय प्रत्येक ज्ञान पिपासुहरूका लागि तीर्थस्थल जत्तिकै पवित्र छ । त्यसैले यसलाई किताब पढ्ने ठाउँ मात्रै सम्झियो भने अनर्थ हुन्छ । यो त ज्ञानको उत्पादनशाला रहेछ । यसै उत्पादनशालाको एउटा गुणस्तरीय उत्पादन रहेछ - "हाम्रो पुरुषार्थ" ।

म आफू हाम्रो पुरुषार्थसँग परिचित भएको लामै कालखण्ड व्यतीत भए पनि हाम्रो पुरुषार्थसँग दोहोरो सम्बन्ध स्थापित भएको भने त्यत्ति धेरै भएको छैन । म गुल्मीको दक्षिणपूर्वी भागमा जन्मे हुर्केको मान्छे । तम्घासभन्दा पाल्पाको सदरमुकाम तानसेन नजिक र पायक पर्ने हुनाले विशेष काम नपरी तम्घास गइदैनथ्यो । यसो भए तापनि जबदेखि किरण पुस्तकालय तथा हाम्रो पुरुषार्थसँग सम्बन्ध गाँसियो त्यो अत्यन्तै प्रगाढ र आत्मीय रहँदै आएको छ ।

हाम्रो पुरुषार्थमा म कहिले र कसरी जोडिएँ ठ्याक्कै स्मरण भएन । सम्भवतः तम्घासमा भएका कार्यक्रमहरूमा यसका उन्नायकहरू शशि पन्थी र दीन पन्थीसँग परिचय र सम्पर्क भएपछि कुनै योजनाविनै म हाम्रो पुरुषार्थसँग जोडिएँ । त्यसपछि हाम्रो पुरुषार्थका केही अङ्कहरूमा मेरा सिर्जना प्रकाशित भए । हाम्रो पुरुषार्थमा मेरा के कति रचना प्रकाशित भए त्यसको हिसाब भने मसँग छैन र रचना प्रकाशित भएका सबै प्रतिहरू पनि मसँग सङ्कलित छैनन् । आफूले पढिसकेका पुस्तक पत्रपत्रिका म प्रायः पुस्तकालय र अन्य जिज्ञासुहरूलाई दिने बानीले गर्दा पनि यसो भएको हो ।

हामो पुरुषार्थ अब सयौं अङ्कको तयारीमा छ । यो सूचना मैले यसका सम्पादक शशि पन्थीबाट पाएको हुँ । जानकारीमात्र होइन त्यस अङ्कका लागि एउटा सामग्री पनि चाहिन्छ भन्नुभयो उहाँले । २०८० साउन मसान्तभित्र पठाइसक्नु पर्ने आग्रह छ उहाँको । हाम्रो पुरुषार्थका बारेमा के लेख्ने र कहाँबाट लेख्न शुरू गर्ने ?

हाम्रो पुरुषार्थको इतिहास लेखौ भन्न त्यस्तो लेखकीय सामर्थ्य मसँग छैन । कुनै अङ्कको समीक्षा नै गरौं भन्न यो आफ्नो बुताको विषय परेन । यसैले मैले पढेका केही अङ्कका आधारमा मैले हाम्ो पुरुषार्थलाई जे जसरी चिनें त्यहीं चिनारी यहाँ प्रस्तुत गर्ने प्रयत्न गर्छु ।

कुनै एक समय थियो जतिबेला म भारतीय पत्रिका सरिता, मुक्ता र कादम्बिनीको नियमित पाठक थिएँ । यी मध्येमा पनि साहित्यिक सामग्री प्रकाशनका हिसाबले कादम्बिनी उच्चकोटिको लाग्थ्यो । कादम्बिनीमा प्रकाशित सामग्री रुचिकर हुन्थे । त्यसमा पनि सबै भन्दा उच्चकोटिको लाग्थ्यो राजेन्द्र अवस्थीको सम्पादकीय "कालचिन्तन" । कालचिन्तन सम्पादकीय मात्रै नभएर काल र परिवेशको जीवन्त बिम्ब लाग्थ्यो । सम्पादकीयमा लेखिएका विषय कुनै महायज्ञका मन्त्रजस्तै लाग्थे ।

*मैले जानेका र निरन्तर प्रकाशन भइरहेका र मलाई प्राप्त हुने गरेका साहित्यिक पत्रिकामध्ये हाम्रो पुरुषार्थको सम्पादकीयले पनि मलाई असाध्यै आकर्षित गर्छ । मैले इमान्दारीपूर्वक भन्नै पर्छ आफूले पढेका पत्रिकामध्ये हिन्दी पत्रिका कादम्बिनीपछि मलाई सबैभन्दा बढी आकर्षित गर्ने सम्पादकीय हाम्रो पुरुषार्थको हो । छोटा अनुच्छेद । सारगर्भित र सान्दर्भिक विषयहरूको उठान । बौद्धिक विषयको मन्थन र विमर्श । लोभ लाग्दा वाक्य सङ्गठन र काव्यात्मक प्रस्तुति । यिनै कारण मलाई हाम्रो पुरुषार्थको सम्पादकीय अन्य पत्रिकाका तुलनामा विशेष लाग्छ ।*

साहित्यप्रति अनुराग बढ्दै गएपछि केही नेपाली र केही हिन्दी साहित्यिक पत्रिका पढ्ने गर्थें । यसरी पत्रिका पढ्दा विषय सूचीभन्दा पहिलेका पेजहरूमा प्रायः नजर पर्दैनथ्यो । अर्थात् पत्रिकाको सम्पादकीय प्रायः पढ्ने गर्दिनथें । तर कादम्बिनीका कारण मेरो रुचि बदलियो । अचेल कुनै पत्रिका हात पर्नासाथ पहिलो नजर सम्पादकीयमा जान्छ । यसरी सम्पादकीय पढ्ने रुचि जगाएकोमा म कादम्बिनीप्रति कृतज्ञ हुनै पर्छ ।

मैले "हाम्रो पुरुषार्थ" को सन्दर्भमा कुरा गर्दैगर्दा हिन्दी पत्रिका कादम्बिनीको प्रसङ्ग विना तात्पर्य जोडिरहेको छैन ।

नेपालभरिबाट थुप्रै साहित्यिक पत्रपत्रिका निस्कन्छन् । ती सबै पढ्ने त कुरै छोडौं सबैका नामसमेत आफूलाई थाहा छैन । मैले जानेका र निरन्तर प्रकाशन भइरहेका र मलाई प्राप्त हुने गरेका साहित्यिक पत्रिकामध्ये हाम्रो पुरुषार्थको सम्पादकीयले पनि मलाई असाध्यै आकर्षित गर्छ । मैले इमान्दारीपूर्वक भन्नै पर्छ आफूले पढेका पत्रिकामध्ये हिन्दी पत्रिका कादम्बिनीपछि मलाई सबैभन्दा बढी आकर्षित गर्ने सम्पादकीय हाम्रो पुरुषार्थको हो । छोटा अनुच्छेद । सारगर्भित र सान्दर्भिक विषयहरूको उठान । बौद्धिक विषयको मन्थन र विमर्श । लोभ लाग्दा वाक्य सङ्गठन र काव्यात्मक प्रस्तुति । यिनै कारण मलाई हाम्रो पुरुषार्थको

सम्पादकीय अन्य पत्रिकाका तुलनामा विशेष लाग्छ । यसको तात्पर्य मलाई हाम्रो पुरुषार्थको सम्पादकीय मात्रै मनपर्छ भन्न खोजिएको भने होइन ।

नेपाली साहित्यिक पत्रिकाको इतिहासमा हाम्रो पुरुषार्थले आफ्ना केही विशिष्ट पहिचानसहित आफूलाई स्थापित गर्दै जानुका थुप्रै कारण छन् । राजधानी बाहिरबाट निस्कने साहित्यिक पत्रिकामा हाम्रो पुरुषार्थको यो स्तरको स्तरीयता र निरन्तरता अभिनन्दनीय छ ।

मलाई लाग्छ हाम्रो पुरुषार्थले आफ्नो मानक आफै स्थापित गर्दैछ । यसमा प्रकाशित हुने कविताको पनि छुट्टै गरिमा छ । यस पत्रिकामा प्रकाशित कवितामा शास्त्रीय छन्दका कविताहरूको बाहुल्य पाइन्छ । तर छन्द कविताको संख्या अधिक रहेकै कारण हाम्रो पुरुषार्थ विशेष भएको भन्ने मेरो मनसाय भने होइन । गद्यमा होस् अथवा पद्यमा, एउटा सिर्जना कविता बन्नको लागि त्यसभित्रका थुप्रै अवयवहरूको महत्त्वपूर्ण भूमिका रहेको हुन्छ । हाम्रो पुरुषार्थमा प्रकाशित छन्द कवितामा शैली, भाव, विचार र सन्देशको अर्थपूर्ण सङ्गम रहेको हुन्छ ।

हाम्रो पुरुषार्थमा प्रकाशित सामग्रीको अध्ययनबाट के देखिन्छ भने यसले हाम्रो पूर्वीय साहित्य परम्पराको जगेर्ना गर्न महत्त्वपूर्ण भूमिका निर्वाह गरेको छ । पूर्वीय परम्पराका धर्म, संस्कृति, संस्कार, रीतिथिति र परम्पराहरूका बारेमा अनुशीलन गरिएका सिर्जनाहरू हाम्रो पुरुषार्थले समावेश गरेको पाइन्छ । नेपाली इतिहास र सँस्कृतिको संवर्धनमा हाम्रो पुरुषार्थले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । पूर्वीय दर्शनका अध्येता तथा अनुशीलनकर्ताहरूका लागि हाम्रो पुरुषार्थका पत्येक अङ्क सङ्ग्रहणीय रहेका छन् ।

*नेपाली इतिहास र सँस्कृतिको संवर्धनमा हाम्रो पुरुषार्थले महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । पूर्वीय दर्शनका अध्येता तथा अनुशीलनकर्ताहरूका लागि हाम्रो पुरुषार्थका पत्येक अङ्क सङ्ग्रहणीय रहेका छन् ।*

हाम्रो पुरुषार्थको अर्को प्रशंसनीय कार्य हो विशेषाङ्कहरूको प्रकाशन । राजधानी बाहिर रहेर पनि हाम्रो पुरुषार्थले नेपाली साहित्यका मूर्धन्य व्यक्तित्वहरूको सम्मानमा विशेषाङ्कहरू प्रकाशन गर्ने गरेको छ । यसले यस क्षेत्रमा साधनारत साहित्यकारहरूलाई समकालीन नेपाली साहित्यको अवस्था र स्तरबारे बोध गर्न सहयोग पुर्‍याउँछ । यति मात्रै होइन राष्ट्रका गौरव यी स्रष्टाहरूलाई नजिकबाट चिन्ने अवसरसमेत प्रदान गर्दछ र उहाँहरूप्रति सम्मानभाव विकसित गराउँछ ।

हामो पुरुषार्थले गर्ने गरेको अर्को विशेष काम हो भाषा वाङ्मय क्षेत्रमा मूर्धन्य व्यक्तित्वहरूसँग गरिएको साक्षात्कार । यसमा गरिएका साक्षात्कार वाङ्मयको विकासमा अर्थपूर्ण रहेका हुन्छन् । गुल्मी जिल्लाभित्र मात्रै सीमित नरहेर देशका

अन्य भूगोलका व्यक्तित्वहरूसँग साक्षत्कार गरी उहाँहरूका दृष्टिकोण पढ्न र मनन गर्ने अवसर पनि हाम्रो पुरुषार्थले प्रदान गरिरहेको छ ।

यसबाहेक हाम्रो पुरुषार्थले बेला बखत देशका विभिन्न स्थानमा रहेका पुस्तकालयहरूको परिचय, कुनै कृति विशेषको समीक्षा एवम् समालोचनासमेत प्रकाशन गर्ने गरेको छ । यो कार्यबाट सम्बन्धित संस्था र स्रष्टाको ख्याति विस्तारमा समेत महत्त्वपूर्ण योगदान पुगेको छ ।

नेपालको मान चित्रमा गुल्मी केही विशिष्टताका कारणले पनि परिचित छ । नेपालका चार प्रमुख धार्मिक क्षेत्रमध्येको एक रुरुक्षेत्र, नेपालकै पुरानो विद्यालय मध्येको एक संस्कृत पाठशाला, नेपालमा कफीखेती शुरू गर्ने र फैलाउने आँपचौर, धुर्कोटको विचित्र गुफा, पुराना कोट किल्लाहरू यी सबैका सबै गुल्मी जिल्लाका सम्पदा र पहिचान हुन् ।

यी सम्पदाका साथसाथै समकालीन नेपाली साहित्यिक पत्रिका प्रकाशनको क्षेत्रमा हाम्रो पुरुषार्थले छुट्टै मानक निर्माण गरेर आफ्नो ख्याति अग्ल्याइरहेको छ । स्तरीयतामा आफ्नै मानक स्थापना गरी निरन्तरतामा शारदा, रचना र अभिव्यक्तिको पदचिह्न पछ्याइरहेको छ । मलाई लाग्छ हामो पुरुषार्थले रेसुङ्गाको उत्तुङ्गतालाई थप अग्ल्याइरहेको छ ।

**अध्यक्ष – शहीद स्मृति पुस्तकालय, सिद्धार्थनगर, भैरहवा, रूपन्देही ।**

ooo


# हार्दिक शुभकामना

**राष्ट्रियस्तरको 'क' श्रेणीमा वर्गीकृत गुल्मीको त्रैमासिक पत्रिका 'हाम्रो पुरुषार्थ'ले ५० वर्ष पूरा गरी ५१ औं वर्षमा प्रवेश गरेको सुखद् अवसरमा प्रकाशन गर्न लागेको स्वर्णजयन्ती विशेषाङ्क (शताङ्क) सबैका लागि पठनीय, स्मरणीय र सङ्ग्रहणीय बन्न सकोस् भन्ने मङ्गलमय शुभकामना व्यक्त गर्दछौं ।**

# कर्मचारी मिलन केन्द्र परिवार

**तम्घास, गुल्मी**

*// लेख //*

# मेरा नजरमा हाम्रो पुरुषार्थ



**प्रा.डा. अनन्त पन्थी**

वि.सं. २०३० सालदेखि निरन्तर रूपमा प्रकाशन भएको 'हाम्रो पुरुषार्थ' पत्रिका गुल्मी जिल्लाको पहिचान हो । गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा रहेको किरण पुस्तकालयले यस पत्रिका प्रकाशनको अभिभारा लिएको छ । पत्रिका प्रकाशनको इतिहासमा लगातार ५० वर्षको प्रकाशन यात्रा निकै लामो हो । सुरूमा वार्षिक प्रकाशन हुने 'हाम्रो पुरुषार्थ' पत्रिका वि.सं. २०३६ सालदेखि क्रमिक रूपमा अर्धवार्षिक र हाल त्रैमासिक रूपमा प्रकाशन भएको छ । यस पत्रिकाको प्रकाशन यात्राका क्रममा विभिन्न विशेषाङ्कहरू प्रकाशन भएका छन् । ती विशेषाङ्क कुनै व्यक्ति, ठाउँ, पत्रिका तथा विधा विशेषसँग सम्बन्धित छन् । मोफसलमा रहेर पनि यस पत्रिकाले नेपालको साहित्यिक विकासमा अतुलनीय योगदान पुऱ्याएको मेरो ठहर छ । यो पत्रिका राष्ट्रियस्तरमा स्तरीकृत भएको 'क' वर्गको पत्रिकाको रूपमा परिचित छ । यो पत्रिका गुल्मी जिल्लाको इतिहास बनेको छ ।

'हाम्रो पुरुषार्थ' पत्रिका मेरो बाल्यकालीन मित्र हो । मेरो यस पत्रिकासँग १०-११ वर्षको उमेरबाट नै चिनजान छ । मेरा पिताजी (स्व. डा. टीकाराम पन्थी) यस पत्रिकाका शुभेच्छुक, लेखक तथा प्रतिनिधि हुनुहुन्थ्यो । उहाँका धेरै रचना यस पत्रिकामा प्रकाशित भएका छन् । यस पत्रिकाले नेपाली साहित्यको विकासमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको छ । नेपाली साहित्यका कथा, कविता, गीत, गजल, निबन्ध, प्रबन्ध, नाटक, नियात्रा, संस्मरण, समालोचना आदि विधाले यस पत्रिकामा आफ्नो स्थान बनाएका छन् । तत्कालीन समयमा यस पत्रिकामा प्रकाशन भएका कथाको नियमित पाठक थिएँ । यस पत्रिकामा विभिन्न साहित्यकारका अन्तर्वार्ता पनि प्रकाशन हुन्थे । ती अन्तर्वार्ता निकै प्रेरणाप्रद थिए । ती अन्तर्वार्ता मेरा पनि रुचिका क्षेत्र थिए । यस पत्रिकाको विशेषाङ्कमा प्रकाशन हुने कुनै साहित्यकारका साहित्यिक आयामले व्यक्ति विशेषको मात्र नभई समग्र साहित्यिक गतिविधिका बारेमा जानकारी गराउने भएकाले यस्ता अङ्क निकै प्रेरणदायी हुने मेरो बुझाइ रहेको छ । 'हाम्रो पुरुषार्थ' पत्रिकाका विशेषाङ्कहरू विशेष पठनीय र सङ्ग्रहणीय हुने मलाई लाग्छ ।

'हाम्रो पुरुषार्थ' पत्रिकाको प्रकाशन कार्य निकै जटिल थियो । यसको छपाइका लागि कतै बाहिर जानुपर्ने अवस्था थियो । यो पत्रिका छपाउन बनारस, गोरखपुर, लखनऊ, काठमाडौं, चितवन, भैरहवा, बुटवल, पाल्पा आदि ठाउँमा जानुपर्ने अवस्था थियो । पत्रिका प्रकाशन गरेर भरिया लगाएर बोक्नु पर्ने अवस्थाबाट आजको अवस्थासम्म यस पत्रिकाले यात्रा गरेको छ । म आफैं पिताजीका साथमा २०४० सालतिर पत्रिका छपाउनका लागि बनारससम्म पुगेको थिएँ । आज यसका विभिन्न अङ्क हाम्रै तम्घासमा छपाउन पाएका छौं । यो हाम्रो हर्षको विषय हो । यस पत्रिकामा लेख रचना पठाउने लेखक स्थानीय तथा राष्ट्रिय स्तरमा ख्यातिप्राप्त गरेका व्यक्ति हुनुहुन्छ । यस पत्रिकाले साहित्यका क्षेत्रमा बामे सर्दै गरेका व्यक्तिलाई पनि यथोचित स्थान प्रदान गरेको छ । यसले क्षमता भएका र अवसरबाट वञ्चित भएका साहित्यकारको साहित्यिक व्यक्तित्व प्रकाशमा ल्याइदिने कार्य पनि गरेको छ । यस पत्रिकामा लेख रचना प्रकाशन गराउनुभएका स्रष्टा सम्मनित पनि हुनुभएको मैले जानकारी पाएको छु । यो निकै हर्षको विषय हो । यसले साहित्यिक क्षेत्रमा आउन चाहने व्यक्तिलाई हौसला पनि प्रदान गरेको छ ।

यस पत्रिकामा केही स्तम्भ प्रकाशन हुँदै आएका छन् । मलाई नौलो सृष्टि, सानो दृष्टि जस्ता स्तम्भ निकै प्रभावकारी लाग्छन् । यस स्तम्भमा भर्खरै प्रकाशित भएका पुस्तक तथा पत्रिकाका बारेमा छोटो चिनारी दिइएको हुन्छ । यस्तो पुस्तकका बारेमा दिइएको जानकारीले पाठकको अध्ययनलाई सहयोग पुर्‍याउने मेरो बुझाइ रहेको छ । विभिन्न ठाउँबाट प्रकाशित अनि छरिएका पुस्तकसम्बन्धी जानकारी दिने भएकाले यस्तो स्तम्भ विशेष प्रभावकारी हुन्छ भन्ने मेरो विचार छ । यस्तै यस पत्रिकामा पाठक-प्रतिक्रिया नामक स्तम्भ पनि रहेको छ । यो पनि विचारसम्प्रेषणका दृष्टिले महत्त्वपूर्ण रहेको छ ।

पचास बर्से लामो यात्रा गरिसकेको यस पत्रिकाको सम्पादक मण्डलको भूमिका पनि ठूलो छ । अहोरात्र समर्पित हुने दक्ष र अनुभवी सम्पादक मण्डलको अभावमा पत्रिकाले लामो यात्रा तय गर्न सम्भव छैन । यस पत्रिकाको वितरण प्रणाली पनि अत्यन्तै व्यवस्थित रहेको छ । नेपालका विभिन्न जिल्लामा यसका प्रतिनिधि रहेका छन् । यस्तै नेपालबाहिर अमेरिका तथा अस्ट्रेलियामा पनि यस पत्रिकाका प्रतिनिधिहरू छन् । मैले पनि बनारसमा विद्यावारिधि गर्न बस्दा काशी हिन्दु विश्वविद्यालयको पुस्तकालयमा पत्रिका पुर्‍याएको छु । यस पत्रिकाका सम्पादक श्री शशि पन्थीज्यूसँगको भेटघाटमा यही पत्रिकाका विषयमा कुराकानी हुने गर्छ । उहाँको चाहना यस पत्रिकाको निरन्तरता रहेको छ । आफूले जस्तै मिहिनेत गरेर यो पत्रिका चलाउने पुस्ताको निर्माण र पुस्तान्तरणमा उहाँको चासो रहेको हुन्छ । पत्रिकाका लागि लेखरचना तथा विज्ञापन जम्मा गर्न, छापाखानाबाट प्रकाशन गर्न अनि पत्रिकाको वितरणमा कहिलेकाहीं समस्या

*'हाम्रो पुरुषार्थ' पत्रिकामा प्रकाशन भएका लेखरचना अत्यन्त महत्त्वपूर्ण रहेका छन् । यही पत्रिकामा प्रकाशन भएका विभिन्न कृतिलाई आधार बनाएर विभिन्न विश्वविद्यालयमा स्नातकोत्तर शोधपत्र पनि सम्पन्न भएका छन् । यसले यहाँ प्रकाशन भएका लेखरचनाको गुणस्तरीयतालाई पुष्टि गर्छ ।*

आउने कुरा उहाँ बताउनुहुन्छ । उहाँ गुल्मीबाट कतै जानुपर्दा झोलामा पत्रिका बोक्ने गर्नुहुन्छ । पत्रिकाका विषयमा घण्टौंसम्म कुराकानी पनि गर्नुहुन्छ । पत्रिका वितरणमा उहाँको निकै ठूलो चासो रहेको मैले पाएको छु । पत्रिकाको निरन्तरताका लागि आर्थिक पक्षको पनि ठूलो भूमिका रहन्छ । आजको दिनसम्म विज्ञापन तथा आजीवन सदस्यता शुल्कबाट यो पत्रिका चलेको छ भन्ने मलाई लाग्छ । यस पत्रिकाका आजीवन सदस्यको सङ्ख्या एक हजारको हाराहारीमा पुग्न लागेको रहेछ ।

'हाम्रो पुरुषार्थ' पत्रिकामा प्रकाशन भएका लेखरचना अत्यन्त महत्त्वपूर्ण रहेका छन् । यही पत्रिकामा प्रकाशन भएका विभिन्न कृतिलाई आधार बनाएर विभिन्न विश्वविद्यालयमा स्नातकोत्तर शोधपत्र पनि सम्पन्न भएका छन् । यसले यहाँ प्रकाशन भएका लेखरचनाको गुणस्तरीयतालाई पुष्टि गर्छ ।


अन्त्यमा, म साहित्यको विद्यार्थी त होइन तर म साहित्यिक माहोलबाट टाढा पनि छैन । मैले साहित्यिक पत्रिकाका विषयमा सानो आफ्नो अभिमत प्रस्तुत गर्ने जमर्को गरेको छु । यस पत्रिकाको निरन्तरताका लागि म सधैं प्रयत्नशील रहने छु । नयाँ पुस्ताले समेत यसको प्रकाशनको अभिभारा लिनेछ भन्ने कुरामा म पूर्ण आशावादी छु । यसको प्रकाशनका लागि स्थायी आर्थिक स्रोतको व्यवस्थापन अनिवार्य छ । यसका लागि सबै पत्रिका सम्बद्ध व्यक्तित्वहरूको चासो जानु आवश्यक छ । आगामी दिनमा यस पत्रिकालाई अझ गुणस्तरीय र आधुनिक बनाएर लैजानकालागि मेरो साथ र सहयोग रहनेछ । युवापुस्ताको ढुकढुकीका रूपमा 'हाम्रो पुरुषार्थ' पत्रिकाको विकास गर्नु आजको आवश्यकता हो । यसैमा सबैको दृष्टि पुगोस् । 'हाम्रो पुरुषार्थ' सधैं पुरुषार्थ बनेर रहिरहोस् ।

**प्राध्यापक – त्रि.वि., बुटवल बहुमुखी क्याम्पस, बुटवल ।**

ooo

**थाहा पाउनुभयो ?**
**'हाम्रो पुरुषार्थ'का एक सय अङ्क निस्के ।**

# शुभकामना



**हरिराज शर्मा (अर्याल)**

सय अङ्क भयो पूरा
जन्मेको पुरुषार्थ यो
शिक्षा दीक्षा दियो पूरा
जन्मेर पुरुषार्थ यो ॥

रश्मि–दुर्गा–शशि–दीन
ज्ञानका हरि छन् जहाँ
किरणको छविले राम्रो
न्यानो गुल्मी भयो त्यहाँ ॥

सुख समृद्धिका साथ
बल्यो ज्योति जहाँ सदा
सयौं अङ्क पुऱ्याएर
साहसी बनी सर्वदा ॥

धीर–वीर सबै मित्र
त्यागी पुरुष गुल्मीका
आबाल वृद्ध साराले
तत्परता दिनुभो सदा ॥

रेसुङ्गाले दिने दृश्य
गुल्मीको शान हो सदा
रुरुक्षेत्र मालिकाको
विधिखोला सबैतिर ॥

पवित्र पुण्यभूमि यो
शिक्षा–साहित्य निर्भर
हजारौं मित्र आफन्त
इष्टमित्र सबैतिर ॥

काशीदेखि भेटिएका
सम्झियो पूर्वसम्झना
पुरुषार्थी मित्रहरू
सबैमा गर्छु वन्दना ॥

यसरी आज शत पुग्यो
मन् वचन् कर्मले गरी
अर्पण गर्दछु हे ईश
कामना पूर्ण होस् हरि ॥

**हराश, आनन्दवाग, तौलिहवा, कपिलवस्तु ।**

ooo

# हाम्रो पुरुषार्थ : लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क



डा. हिरण्यलाल ज्ञवाली

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा अवस्थित किरण पुस्तकालयबाट शशि पन्थी र दीन पन्थीको सत्प्रयास र सम्पादनमा २०३० सालदेखि सुरूमा वार्षिक अनि पछि अर्धवार्षिक रूपमा प्रकाशित हाम्रो पुरुषार्थ निकै स्तरीय एवं स्थापित पत्रिका हो भन्ने कुरा नेपाली भाषा साहित्यमा चासो राख्ने हरेक व्यक्तिलाई अवगत नै छ । विशेषतः लुम्बिनी अञ्चलका स्रष्टाहरूको मनोबल बढाउन, नवप्रतिभाहरूलाई साहित्यिक लेखनमा उत्प्रेरित गर्न, यस क्षेत्रका साहित्यिक व्यक्तित्वहरूलाई राष्ट्रिय स्तरमा र अन्तर्राष्ट्रिय स्तरमा चिनाउन पनि हाम्रो पुरुषार्थ पत्रिकाले निकै महत्त्वपूर्ण भूमिका खेलेको छ । समय-समयमा हाम्रो पुरुषार्थका महत्त्वपूर्ण विशेषाङ्क प्रकाशित भएका छन् । विश्वेश्वरप्रसाद कोइराला, आदिकवि भानुभक्त आचार्य, डा.टीकाराम पन्थीजस्ता विशिष्ट व्यक्तित्वविषयक विशेषाङ्क, पुस्तकालय विशेषाङ्क आदि यसका उदाहरण हुन् । त्यस्तै कहिले खास कुनै क्षेत्रविशेषको महत्त्व दर्शाउने गरी यसका विशेषाङ्क प्रकाशनमा आएको पाइन्छ भने कहिले साहित्यका खास विधामा केन्द्रित विशेषाङ्क प्रकाशनमा आएको पाइन्छ । यस पुस्तकालयले भाषिक सङ्गोष्ठी आयोजना गर्नुका साथै भाषिक सङ्गोष्ठी विशेषाङ्क पनि प्रकाशित गरेको देखिन्छ । त्यस्तै यसको ९८ औं अङ्क रुरुक्षेत्र विशेषाङ्कका रूपमा प्रकाशित भएको पाइन्छ । त्यस्ता विशेषाङ्कहरूमध्ये २०३९ सालमा प्रकाशित 'लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार' विशेषाङ्क पनि एक हो ।

यस लेखमा प्रकाशन वर्षका दृष्टिले आधा शताब्दीको महायात्रा अर्थात् स्वर्णवर्ष मनाउँदै गर्दा यसै अवसरमा निस्कन लागेको हाम्रो पुरुषार्थको स्वर्णवर्ष/शताङ्क विशेषका लागि हाम्रो पुरुषार्थ पत्रिकाको वर्ष ९, अङ्क २, सम्पूर्णाङ्क १५, २०३९ को सर्सर्ती अध्ययन प्रस्तुत गरिएको छ । यस पत्रिकाको स्वर्णवर्ष विशेषाङ्क पनि एउटा महत्त्वपूर्ण मोडको विशेषाङ्क बन्ने कुरामा विश्वास गर्न सकिन्छ ।

हाम्रो पुरुषार्थका महत्त्वपूर्ण विशेषाङ्कमध्ये 'लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार' विशेषाङ्कमा स्थायी स्तम्भसमेत जम्माजम्मी ३१ शीर्षक र २५४ पृष्ठ रहेको पाइन्छ । यस विशेषाङ्कमा उक्त अवधिसम्मको लुम्बिनी अञ्चलको साहित्य र त्यहाँका साहित्यकारहरूलाई मोटामोटी रूपमा चिनाइएको छ । डा.टीकाराम पन्थी, वामदेव पहाडी, हीरामणि शर्मा पौड्याल, वनमाली निराकार, रमेशचन्द्र उपाध्याय, कृष्ण ज्ञवाली, दीन पन्थी, मदन दवाडी, विनयकुमार कसजू, सान्दाइ, गोकर्णराज शास्त्री, भेषबहादुर कुँवर, शिवभक्त शर्मा, शशि पन्थी, सुदीप बागची, भूपति ढकाल, लक्ष्मीकान्त पन्थी, अर्जुन ज्ञवाली, लाटो साथी, जगत्बहादुर जोशी, मेघराज शर्मा, भारद्वाज जस्ता प्रसिद्ध साहित्यकारका लेखरचनाले सजिएको यो पत्रिका लुम्बिनी अञ्चलको साहित्य दर्पणका रूपमा रहेको छ । यसमा समाविष्ट लेखरचनाले यसको प्रकाशनपश्चात् यस क्षेत्रमा काम गर्न चाहने शोधार्थीका लागि पथप्रदर्शकको काम गरेको पाइन्छ ।

यसको प्रारम्भमै प्राध्यापक डिल्लीराम तिमसिनाको 'अबका साहित्यकारले स्वप्नद्रष्टा भएर मात्र पुग्दैन' शीर्षक दिइएको अन्तर्वार्ता रहेको छ । त्यस लेखमा प्राध्यापक तिमसिनाले छविलाल नेपाल, दधिराम मरासिनी, भवानी भिक्षु, माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, चूडामणि बन्धु, मोदनाथ प्रश्रित, लाटो साथी, कमलराज रेग्मी, कृष्णप्रसाद ज्ञवाली, रामचन्द्र भट्टराई, कपूर ज्ञवालीजस्ता स्रष्टाहरूको जन्मस्थल लुम्बिनी अञ्चल साहित्यिक दृष्टिले उर्वर क्षेत्र हो भन्ने धारणा व्यक्त गरेका छन् । डा. टीकाराम पन्थीले लुम्बिनी अञ्चलका संस्कृत कवि र कविताका बारेमा शीर्षक लेखमा यस क्षेत्रका संस्कृत कवि र कविताबारे उल्लेख गरेका छन् । प्रस्तुत लेखमा लक्ष्मीनारायण स्वामी, लीलाम्बर भुसाल, योगकुमार, दधिराम मरासिनी, धनञ्जय मरासिनी, माधवप्रसाद देवकोटा, गोविन्दप्रसाद मरासिनी, भोजराज पन्थी, टीकाराम पन्थी, उमानाथ पन्थी, भीमकान्त पन्थी, लक्ष्मीकान्त पन्थी, भेषराज सापकोटा, पुष्करनाथशर्मा पोखरेल, पण्डित रुद्रनाथ शर्मा, मीनप्रसाद शर्मा, पद्मनाभ शर्मा, कुलमणि देवकोटाजस्ता यस क्षेत्रका विद्वान्हरूले नेपालीमा र संस्कृत साहित्यमा समेत कलम चलाएकाले संस्कृत साहित्यका दृष्टिले पनि यो क्षेत्र उर्वर रहेको कुरा स्पष्ट पारेका छन् । त्यसै क्रममा अर्का लेखक वामदेव पहाडीले 'भवानी भिक्षु : कविको रूप' शीर्षक लेखमा भिक्षुको कवि व्यक्तित्वमाथि प्रकाश पारेका छन् । हीरामणि पौड्यालले 'साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका केही प्रबन्ध काव्यहरू' शीर्षक लेखमा यस क्षेत्रका स्रष्टाहरूद्वारा सिर्जित प्रतिनिधि प्रबन्धकाव्यहरूको चर्चा गरेका छन् । त्यस क्रममा उनले पौराणिक तथा दार्शनिक, ऐतिहासिक र सामाजिक काव्यधाराको उल्लेख गरेका छन् । 'लुम्बिनी अञ्चलका केही कथा र कथाकारहरू' शीर्षक लेखमा वनमाली निराकारले यस क्षेत्रका कथा र कथाकारहरूका बारेमा प्रकाश पारेका छन् भने रमेशचन्द्र उपाध्यायले

समालोचनाका क्षेत्रमा लुम्बिनी अञ्चलको सङ्क्षिप्त झलक प्रस्तुत गरेका छन् । कृष्ण ज्ञवालीले 'प्रश्रित र उनको मानव-छोटो विवेचना' शीर्षक लेखमा कृति मानवको सन्देश र कृतिकार प्रश्रितको व्यवहारमाथि प्रकाश पारेका छन् । 'लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा'शीर्षक लेखमा दीन पन्थीले यस क्षेत्रका कवि र कविताको चर्चा गरेका छन् । मदन दवाडीले 'लुम्बिनी अञ्चलका चार उपन्यास एक परिचय'शीर्षक लेखमा वामदेव पहाडीको कैदी र झ्यालखाना, विष्णुराज आत्रेयको हामीभित्रका म, मुरारिप्रसाद रेग्मीको जीवन क्यानभासको वृत्तचित्र र आर.सी.पौडेलको भावना उपन्यासका बारेमा सङ्क्षिप्त प्रकाश पारेका छन् । विनयकुमार कसजूले 'लुम्बिनी अञ्चलमा भाषा र साहित्यको उन्नतिका निम्ति व्यक्तिगत र संस्थागत रूपमा भएगरेका प्रयासहरू' शीर्षक लेखमा यस क्षेत्रमा भाषा-साहित्यका क्षेत्रमा भएगरेका कामको चर्चा गरेका छन् । सान्दाइका नामबाट प्रकाशित 'मालती उपन्यास सर्सर्ती हेर्दा' शीर्षक लेखमा भागीरथी श्रेष्ठद्वारा लिखित मालती उपन्यासमाथि समीक्षात्मक दृष्टिकोण प्रस्तुत गरिएको छ । गोकर्णराज शास्त्रीले 'गुल्मेली चार प्रतिभाबारे चार कुरा' शीर्षक लेखमा उक्त जिल्लाका विभिन्न व्यक्तित्वमध्ये शोभाकर ब्राह्मण, उमानाथ पन्थी, कृष्णप्रसाद ज्ञवाली र शिवकुमार ज्ञवालीको विद्वत्ता र योगदानमाथि प्रकाश पारेका छन् । भेषबहादुर कुँवर प्रयासीले 'तम्घास सेरोफेरो र साहित्य' शीर्षक लेखमा तम्घास र यसको सेराफेरामा भएगरेका साहित्यिक गतिविधिको चर्चा गरेका छन् । 'प्रेरणाको घर मेरो आफ्नो लुम्बिनी अञ्चल : यतातिरका साहित्यकारहरूलाई' शीर्षक लेखमा शिवभक्त शर्माले माधवप्रसाद देवकोटा, मोदनाथ प्रश्रित, चन्द्रप्रसाद अधिकारी, कुलमणि देवकोटा, जगतबहादुर जोशी, रामचन्द्र भट्टराई, हरि अरविन्द र शिवभक्त शर्माको साहित्यिक योगदान र केही प्रतिनिधि कृतिको सङ्क्षिप्त रूपमा चर्चा गरेका छन् । शशि पन्थीद्वारा लिखित 'गुल्मेली पत्रपत्रिकाको टिपोट' शीर्षकको लेखमा गुल्मीबाट प्रकाशित हुने त्यस बेलाका समग्र पत्रपत्रिकाको नामसहित छोटो परिचय समेत दिइएको छ । सो लेखको अध्ययन गर्दा त्यस बेला गुल्मीबाट साहित्यिक र साहित्येतर गरी गुल्मी समाचार, शैलसन्देश, गण्डकी, हिमरश्मि, कालीगण्डकी, रेसुङ्गा, उपहार, रुरु, सङ्कलन, नवपल्लव, दियालो, हाम्रो पुरुषार्थ, गलफूल, शैक्षिक समीक्षा, उपकार, किरण, गाईजात्रा र रुरुकिरणसमेत गरी जम्मा १८ वटा पत्रिका प्रकाशित भएको बुझिन्छ । भारतको पश्चिम बङ्गालनिवासी सुदीप बागचीले 'पाल्पामा अङ्ग्रेजी भाषा र साहित्य : एक टिप्पणी' शीर्षक लेखमा पाल्पा जिल्लामा अङ्ग्रेजी भाषा र साहित्यको बीजारोपण कसरी भयो भन्ने कुराका साथै त्यसले पल्लवित र पुष्पित हुने मौका कसरी पायो भन्ने बारेमा प्रकाश पारेका छन् । त्यसताका उनी त्रिभुवन बहुमुखी क्याम्पस पाल्पामा अङ्ग्रेजी विषयको प्राध्यापन कार्यमा संलग्न रहेको बुझिन्छ ।

'रूपन्देहीका पत्रिकाको छोटो अवलोकन' शीर्षक लेखमा भूपति ढकाल कमलले उक्त जिल्लाबाट प्रकाशित दैनिक निर्णय, नानी, तिलोत्तमा, लुम्बिनी सन्देश, सिद्धार्थ, विचार, खसोखास, क्षितिज, भैरहवा क्याम्पस जर्नल, लुम्बिनी दूत, वीणा, प्रभात, सुस्केरालगायत विभिन्न साहित्यिक पत्रिका र समाचार प्रधान पत्रिकाका साथै जर्नल आदिको सङ्क्षिप्त परिचय दिएका छन् । लक्ष्मीकान्त पन्थीले 'कथाकार भवानी भिक्षु'शीर्षक लेखमा भवानी भिक्षुको कथाकारितामा प्रकाश पारेका छन् । अर्जुन ज्ञवालीले 'लुम्बिनी अञ्चलको साहित्यिक गतिविधि एक परिचर्चा' शीर्षक लेखमा उक्त क्षेत्रमा भएगरेका साहित्यिक गतिविधिमाथि प्रकाश पारेका छन् । लाटोसाथीले 'संस्कृत साहित्यको विकासमा लुम्बिनी अञ्चलको योगदान' शीर्षक लेखमा यस क्षेत्रको संस्कृत साहित्य र साहित्यकारको चर्चा गरेका छन् । जगतबहादुर जोशीले 'पाल्पा जागरणको रूपरेखा-विस्मृतिको गर्भबाट' शीर्षक लेखमा अम्बिकाप्रसाद लाकौल, गौरीशङ्कर सैंजू, लोकमान सिंह, जगतबहादुर जोशी, विद्यारत्न राजभण्डारी, हिक्मतप्रसाद श्रेष्ठ, विनोदप्रसाद नकर्मी, अयोध्याप्रसाद प्रधान, चिरञ्जीवीलाल श्रेष्ठ, ईश्वरीप्रसाद श्रेष्ठ, कमलराज रेग्मी, माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, शिवप्रसाद भट्टराई, विष्णुप्रसाद कोपिला आदिले पाल्पा जिल्लामा शैक्षिक तथा सामाजिक जागरण ल्याउनाका निम्ति पुर्‍याएको योगदानमाथि प्रकाश पारेका छन् । चोलेश्वर शर्माले 'पाल्पाका पत्रपत्रिका :सङ्क्षिप्त चर्चा' शीर्षक लेखमा पाल्पाका पत्रपत्रिकाहरूको छोटो चर्चा गरेका छन् । उक्त लेखमा २०१४ सालमा अजम्बरध्वज खातीको सम्पादनमा प्रकाशित २२ पृष्ठको 'नयाँ किरण'लाई पाल्पा जिल्लाको प्रथम मुद्रित पत्रिका मानिएको छ । मेघराज शर्माद्वारा लिखित 'पाल्पाका साहित्यिक प्रतिभाहरू' शीर्षक लेखमा उक्त जिल्लाका साहित्यकारको पृष्ठभूमि र नामावली उल्लेख गरिएको छ । यसमा 'प्रतिभा परिचय' शीर्षक दिई लुम्बिनी अञ्चलका साहित्यकारको छोटो चिनारी दिइएको छ । त्यसका अतिरिक्त लुम्बिनी अञ्चलबाट प्रकाशित पत्रपत्रिकाहरूको सूचीका साथै उक्त क्षेत्रका साहित्यिक संस्था र छापाखानाहरूको नामावलीसमेत यसमा दिइएको छ । 'नौलो सृष्टि : सानो दृष्टि' नामक स्थायी स्तम्भअन्तर्गत नवप्रकाशित साहित्यिक पत्रपत्रिका, स्मारिका, पुस्तक आदिको छोटो परिचय दिइएको छ । 'किरण पुस्तकालयको पातो' शीर्षकको स्थायी स्तम्भअन्तर्गत भारद्वाज नामबाट किरण पुस्तकालयको अवस्थाबारे जानकारी दिइएको छ । तत्पश्चात् उक्त पुस्तकालयका आजीवन सदस्य, समाजसेवी तथा तत्कालीन जिल्ला पञ्चायत सदस्य परमानन्द भण्डारीको परिचय र त्यस बेलासम्मका हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली समावेश गरिएको छ । यसको अन्त्यमा 'हसेङफसेङ र लरेङबरेङको पाइलो' शीर्षक दिइएको सम्पादकीयअन्तर्गत हतारहतारमा प्रकाशित यस अङ्कमा नामअनुरूप सामग्री समाविष्ट गर्न नसकिएको कुरा व्यक्त गरिएको छ ।

यसरी हाम्रो पुरुषार्थको लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क सर्सर्ती हेर्दा यसमा प्रस्तुत अङ्क प्रकाशन वर्ष २०३९ सम्मका लुम्बिनी अञ्चलका साहित्यिक गतिविधि, कृति, प्रवृत्ति र सर्जकहरूलाई प्रतिनिधिमूलक रूपमा समेटिएको पाइन्छ । यो पत्रिका गुल्मी जिल्लाबाट प्रकाशित भएकाले तुलनात्मक रूपमा गुल्मी जिल्लाका कुराहरू बढी उल्लेख हुनु स्वाभाविक हो । त्यसपछि पाल्पा र अर्घाखाँचीका कुराहरू बढी रहेका छन् । यसमा रूपन्देहीको साहित्यलाई पनि राम्ररी समेट्ने प्रयास गरिएको छ । अन्य जिल्लाका तुलनामा कपिलवस्तु र नवलपरासीको चर्चा केही कम भएको देखिन्छ । ती जिल्लामा साहित्यिक गतिविधि कम भएकाले पनि कम चर्चा भएको हुन सक्छ । साहित्यका विभिन्न विधाहरूमध्ये निबन्ध विधाको चर्चा कम भएको कारण उक्त विधामा काम कम भएको मान्न सकिन्छ । कतिपय क्षेत्र र विषय पुनरावृत्ति भएकाले लेखकलाई अग्रिम रूपमा विषय र क्षेत्र नतोकिएको भन्ने अनुमान गर्न सकिन्छ । यो अङ्क नेपाली साहित्यको अध्ययनमा मात्र केन्द्रित छैन, यसमा अङ्ग्रेजी र संस्कृत भाषा–साहित्यसँग सम्बद्ध सामग्रीहरू पनि छन् । त्यस्तै यसमा सिर्जनात्मक साहित्य मात्र होइन हतारको साहित्य भनिने पत्रकारिता र नेपाली वाङ्मयको चर्चा गरिएको छ । यसरी यो अङ्क हरेक दृष्टिले महत्त्वपूर्ण देखिन्छ ।

*आजभन्दा ४१ वर्षअघि यातायात तथा सञ्चारको सुविधा नभएको कठिन परिस्थितिमा यति धेरै अनुसन्धानात्मक तथा समीक्षात्मक सामग्री समावेश गरी पत्रिका निकाल्नु चानचुने काम होइन । यस किसिमको महत्त्वपूर्ण काम गर्ने यस पत्रिकाको सम्पादनको जिम्मेवारी वहन गर्ने महानुभावहरू प्रशंसाका पात्र हुनुहुन्छ । यो विशेषाङ्क मात्र होइन यसभन्दा अघिपछिका यसका विशेषाङ्कका साथै यसका सम्पूर्ण अङ्क पठनीय र सङ्ग्रहणीय छन् ।*

आजभन्दा ४१ वर्षअघि यातायात तथा सञ्चारको सुविधा नभएको कठिन परिस्थितिमा यति धेरै अनुसन्धानात्मक तथा समीक्षात्मक सामग्री समावेश गरी पत्रिका निकाल्नु चानचुने काम होइन । यस किसिमको महत्त्वपूर्ण काम गर्ने यस पत्रिकाको सम्पादनको जिम्मेवारी वहन गर्ने महानुभावहरू प्रशंसाका पात्र हुनुहुन्छ । यो विशेषाङ्क मात्र होइन यसभन्दा अघिपछिका यसका विशेषाङ्कका साथै यसका सम्पूर्ण अङ्क पठनीय र सङ्ग्रहणीय छन् । हाम्रो पुरुषार्थ मोफसलबाट निस्कने नेपाली साहित्यिक पत्रिकामध्ये ज्येष्ठ, श्रेष्ठ, विशिष्ट स्तरयुक्त अविच्छिन्न तथा भिन्न पहिचान भएको पत्रिका हो भन्दा अत्युक्ति नहोला ।

अन्त्यमा प्रकाशनको अर्धशताब्दीका अवसरमा स्वर्णमहोत्सव मनाउँदै शताङ्क प्रकाशन गर्न सफल हाम्रो पुरुषार्थको अविश्रान्त यात्रा निरन्तर रूपमा निर्बाध

गतिमा अघि बढिरहोस्, नेपाली भाषा–साहित्यको सेवामा समर्पित यो पत्रिका शताब्दी–सहस्राब्दी यात्रा पार गर्दै चिरकालसम्म प्रकाशित भइरहोस्, शुभकामना दिन्छु र यी कवितात्मक पङ्क्तिका साथ विश्राम लिन्छु :

**साधना गर्नका लागि जहाँ साधक धाउँछन्**
**जहाँ चराचुरुङ्गीले प्रीतका गीत गाउँछन्**
**विनाश तमको गर्ने हुँदा तम्घास नाम भो**
**सिद्ध साधकका निम्ति पवित्र सिद्धधाम हो ।**

**यो ऋष्यशृङ्गको धाम उनैको यो निवास हो**
**रेसुङ्गा शिरमा राखी हाँस्ने तम्घास खास हो**
**यहाँ अक्षरको खेती हुने गर्छ निरन्तर**
**यहींबाट पुग्यो हाम्रो पुरुषार्थ सबैतिर ।**

**नयाँ पुस्ताहरूलाई सदैव प्रेरणा दिने**
**सिर्जना कर्ममा लाग्न भनेर घच्घच्याउने**
**लब्धप्रतिष्ठ स्रष्टाका विचार अघि ल्याउने**
**वार्तालाप गरी सत्य तथ्य पत्ता लगाउने ।**

**चेतना–दीप बालेर यो धर्ती उजिल्याउँदै**
**स्रष्टा र सिर्जनाबाट राष्ट्रलाई चिनाउँदै**
**अगाडि लम्कँदै जानू पुरुषार्थ गरी गरी**
**आलोक छर्कँदै जानू संसारमा सधैंभरि ।**

**तिलोत्तमा नगरपालिका, शङ्करनगर, रूपन्देही । हाल – अमेरिका ।**

ooo


## हार्दिक शुभकामना

**राष्ट्रिय त्रैमासिक साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ'को स्वर्णजयन्तीका अवसरमा प्रकाशनमा आउन थालेको शताङ्क अझ बढी श्रेष्ठ विशेषाङ्क बन्न सकोस् भन्ने हार्दिक शुभकामना छ ।**

# नेपाली लेखक संघ

**तम्घास, गुल्मी**

*// लेख //*

# चेतनाको ज्योति–हाम्रो पुरुषार्थ



**हरिप्रसाद न्यौपाने**

गुल्मीबाट उदाएको अभाव असजिलो र अथाह चुनौती बीचमा रेसुङ्गाको आशीर्वाद लिंदै अग्रजहरूको सत्प्रयासको फल, सर्जकहरूको उपहार ९९ अङ्क पूरा गरी हातहातमा मनमनमा अनि मस्तिष्क–मस्तिष्कमा पुग्न सफल भएको छ चेतनाको ज्योति – हाम्रो पुरुषार्थ । १

गाउँ घरआँगन, चुलो चौका र पानीपधेरा, लेक, बेसी अनि भञ्ज्याङ् चौतारी, मेला पर्म र उकाली ओराली, भजन कीर्तन, रोदी अनि दौतरीका पीडा रोदन अनि खुशियालीमा, मलामी र जन्ती साझेदारको, देश र परदेशका व्यथा–कथाको, शिक्षा, संस्कार आलोकको पहरेदार बनी उज्यालो ज्योति छर्ने सशक्त माध्यम बनेको छ – हाम्रो पुरुषार्थ । २

*युवा पिंढीलाई नैतिकता, सत्चरित्रता, रास्ट्रप्रेमको कर्मवादी विचारशीलताको छहारी दिने, प्रौढ अनि ज्येष्ठ नागरिकका मर्म, भावना, अनुभव र इतिहासलाई मुखरित गर्ने सशक्त माध्यम बनेको छ – हाम्रो पुरुषार्थ ।*

भाषा, साहित्य, संगीत, पुराण, पाठशाला, विद्यालय, महाविद्यालय, मन्दिर, गुम्बा गुरुद्वारा, मस्जिद, चर्च अनि आदिम दर्शनको संरक्षक, संवर्धक, समायोजकको भूमिकामा देश–विदेशमा समेत ज्ञानपुञ्ज बनेर सुमधुर शीतलताको आत्मानन्दको अनुभूति दिइरहेको छ – हाम्रो पुरुषार्थ । ३

शहरका पीडा, धुलो धुवाँका, भानुको कान्तिपुरी, अहिलेका विकृति, देवकोटाको जीवनी, अहिलेका सर्जकका कहानी, रामायणका कथा, महभारतका व्यथा, आधुनिक शिक्षा र गुरुकुलका आदर्श, मान्छे र मानवका चरित्रको दर्पण बनेको छ – हाम्रो पुरुषार्थ । ४

युवा पिंढीलाई नैतिकता, सत्चरित्रता, रास्ट्रप्रेमको कर्मवादी विचारशीलताको छहारी दिने, प्रौढ अनि ज्येष्ठ नागरिकका मर्म, भावना, अनुभव र इतिहासलाई मुखरित गर्ने सशक्त माध्यम बनेको छ – हाम्रो पुरुषार्थ । ५

केही खोज र अनुसन्धान, केही यात्रा, अल्पयात्रा अनि जीवनयात्रा केही प्रतिभा प्रस्फुटनका शैली केही जीवन दर्शनका अनुभव, केही हास्य र रोमान्सका अनुभूति, केही खेल र मनोरञ्जनका कथा, प्रकृतिका अथाह छटा अनि चराचुरुङ्गी र जनावरका व्यथा, नदीका कलकल अनि हिमशृङ्खला र वन उपवनका छटा सबैको प्रतिनिधित्व गर्दै आलोक छर्दै शताब्दी यात्रा तय गर्दै छ - हाम्रो पुरुषार्थ । ६

मेचीमहाकाली, हिमाल, पहाड, तराई, डाँफे, मुनाल, लालीगुराँस, ऐंसेलु, चुत्रो, काफल, बयरसङ्गको नाता बनेको छ - हाम्रो पुरुषार्थ । ७

विज्ञान, पूर्वीय दर्शन, आयुर्वेद, पौराणिक र वर्तमान शास्त्रीय समालोचना र अनुसन्धानको कक्ष बनेको छ संग्रहमा - हाम्रो पुरुषार्थ ।

**कहीं कतै फर्की हेर्दा खोजेको खुराक पाइने**
**भाषा सरल मिठास मन्त्रमुग्ध सधैं हुने ।**
**सङ्गम बनेको छ हृदयलाई सधै छुने**
**त्यसैले त ! मैले पनि हाम्रो पुरुषार्थलाई चुनें ॥**

**शशि पन्थी गुरु ज्ञानी हसिला रसिला अति ।**
**भयो भेट मानवीय रेडक्रस अभियानमा ती ।**
**शिक्षक नायक हुँदादेखि भयो संगत मित्रवत् ।**
**भेटेपछि उपहार हात हाम्रो पुरुषार्थको ॥**

**चितवन र गुल्मीको जुट्यो नाता निरन्तर ।**
**ज्ञानी गुरु झोला बोकी सरासर कलेजमा ।**
**दिए शिक्षा आदर्शको पौराणिक साहित्यमिश्रित ।**
**लक्ष्यं परोपकाराय ... उदाहरण जतातते ... ॥**

**मिल्ने लक्षणमा अति ।**
**शिक्षा परोपकारको ज्योति**
**सँगै बढ्यो अघि-अघि**
**हाम्रो पुरुषार्थ गर्दैछ अविच्छिन्न प्रकाशन ॥**

**परोपकारी संस्था यी रेडक्रस र जुनियर**
**अभियानमा सहयात्रा भएको छ निरन्तर ।**
**पेशागत अनि विचार भावनामा परस्पर**
**बन्यो घनिष्ठता दोस्ती आत्मसात् छ सबै कुरा ॥**

दूरदराजको व्यथा यो बोकेर झुल्कियो ।
यौटा आदर्श प्रकाशनले कति संदेश पाइयो ।
शताब्दी यात्राले अझै दिन्छ लाभ कति कति
मानवताको ज्योति यो अघि बढोस् सोचे जति ।

पुष्पोपहार हृदयबाट गर्दछु सदा अर्पण ।
हाम्रो पुरुषार्थ बनोस् मनमनको दीपदर्पण ।
साधुवाद मेरो स्रस्टा ज्ञानी अग्रज बन्धुमा ।
शुभकामना सधैं मेरो हाम्रो पुरुषार्थ कृतिमा ।

प्रजातन्त्र जनतन्त्र उच्च नारा दिदै अति ।
स्वार्थका कुटुरा बोकी गर्दैछन् जनको खती ।
देशको हितमा हैन, भागबन्डा भए पुग्यो ।
चुहिने घरको छानो कसरी टालिन्छ त्यो ।

व्यभिचार बढ्यो धेरै समाज जान्छ त्यो कता ?
मान्छे मान्छे भिडे पछि कहाँको हुन्छ एकता
भोको पेट, नाङ्गो आङ, दबाइ छैन रोगमा ।
विदेशिनु परेको छ पारिवारिक शोकमा ।

अँध्यारा झुपडीभित्र कस्ले प्रकाश छर्दछ ?
चर्का नारा सबै गर्छन्, कसले दुःख हर्दछ ?
सत्य न्याय हरायो कि ? असत्यको भयो जित ।
कलिको खेलले हो कि ? समाज भो दिग्भ्रमित ॥

युवा जति विदेसिए, भूमि भो अति बन्जर ।
सार्थक योजना छैन बोलेर मात्र हुन्छ र ?
कृषिप्रधान देशमा खाद्यान्न हाहाकार छ ।
उद्योगको कुरा गर्नु लाजमर्दो उपहास छ ॥

रिनको भार बोकाई देश दोहन गर्दछ्न ।
विरोध गरेझैं गर्दै झोली आफ्नै ती भर्दछन् ।
मिलेका छन् लूट्नमा ती विभिन्न रूप त्यो धरी ।
सत्ता स्वार्थ मिले भैगो किन हो ? जन झुक्किनी ?

शिक्षा, स्वास्थ व्यापार भो अवसर छैन पहुँचमा ।
थिचोमिचो कतिसम्म सहने यो समाजमा ।
प्रजातन्त्र गणतन्त्र आएपछि देशमा ।
सुशासनको सपना बोकी बसेका जन भेषमा ॥

विकृतिले सीमा नाग्यो खै के आश गर्नु ल ?
जनको दुहाइ दिनेले पनि बिर्से धरातल ।
अमूल्य जडिबुटी छन्, अथाह जलसागर ।
प्रकृतिले दिएको छ भूमि छ अति उर्वर ॥

हिमाल झरना ताल वन्य जन्तु नदी अनि ।
पर्यटक लोभ्याउने यस्तो छैन कतै पनि ।
उचित प्रयोग छैन ह्चुवाले हुने कति ।
संरक्षण छँदै छैन कसरी चल्छ त्यो जति ॥

कर्तव्यपथमा छैनन् देश हाँक्ने कुनै पनि ।
देश दुर्गतितर्फ जाँदैछ, किन हो चेत नफर्कनी ?
आयात बढ्दो हेर रिन मात्रा बढाउने ।
निर्यात गरने मान्छे शक्ति क्षीण बनाउने ।

कसरी मिल्छ यो ? ताल सबै बेताल भैगए ।
जनहित देशहित कसले अब गर्दछ ?
आफ्नै दुनो सोझाएर आफै अघि जो सर्दछ ।
उसैको छ तामझाम अरूको त के काम छ ?

हरिकुमार स्मारक क्याम्पस, मङ्गलपुर, चितवनका संस्थापक क्याम्पसप्रमुख ।

ooo

## हार्दिक शुभकामना

हाम्रो पुरुषार्थको स्वर्ण–जयन्ती शताङ्क प्रकाशनको अवसरमा
उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना ।

# जिल्ला समन्वय समितिको कार्यालय

तम्घास, गुल्मी

// लेख //

# हाम्रो पुरुषार्थ र विद्वान् शशि पन्थी



✍ **तेजनिधि पौडेल**

गुल्मी तम्घासबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ पत्रिकाको चर्चा गर्दा सर्वप्रथम किरण पुस्ताकालय तम्घास गुल्मीको बारेमा उल्लेख गर्नु सान्दर्भिक होला । पत्रिकाको माध्यमबाट जानकारी भएअनुसार शशि पन्थीज्यूको घर र छाप्रोबाट सुरू भई हाल उक्त पुस्ताकालय रहेको ठाउँमा विशाल भवन बन्न सफल भएको छ ।

*हाम्रो पुरुषार्थमा महान् साहित्यकार तथा रचनाकारका साथै सम्मानित व्यक्तित्वका विशेषाङ्क पनि प्रकाशन भएका छन् । यो सुखद पक्ष हो । यस पत्रिकामा व्यक्ति विशेषका जीवनी र अन्य लेख - रचना तथा तीर्थस्थल र यात्रास्मरणसमेत प्रकाशित भएका छन् । जसबाट समग्र क्षेत्रको ज्ञान प्राप्त गर्ने अवसर मिलेको छ ।*

त्यस पुस्ताकालयबाट सर्वसाधारणले विभिन्न विधाका बारे पढ्ने र ज्ञान प्राप्त गर्ने अवसर पाएका छन् भने यसै पुस्तकालयबाट निस्कने हाम्रो पुरुषार्थ पत्रिका २०३० बाट वार्षिक, २०३६ बाट अर्धवार्षिक र हाल त्रैमासिक रूपमा प्रकाशित हुने गरेको छ । यो पत्रिका विशेष रूपमा साहित्यिक पत्रिका नै भएकोले साहित्यसँग जोडिएका लेख-रचनाले प्राथमिकता पाउनु स्वाभाविक हो । हाम्रो पुरुषार्थमा महान् साहित्यकार तथा रचनाकारका साथै सम्मानित व्यक्तित्वका विशेषाङ्क पनि प्रकाशन भएका छन् । यो सुखद पक्ष हो । यस पत्रिकामा व्यक्ति विशेषका जीवनी र अन्य लेख - रचना तथा तीर्थस्थल र यात्रास्मरणसमेत प्रकाशित भएका छन् । जसबाट समग्र क्षेत्रको ज्ञान प्राप्त गर्ने अवसर मिलेको छ । राजनेता बी.पी. बाबूलगायतका बारेमा जान्ने बुझ्ने अवसर पनि मिलेको छ । विविध विषयमा यो पत्रिकाको स्तर बढेकै छ । अरू थप स्तर उन्नति गर्न सशक्त भूमिकाको खाँचो छ ।

साथै यो पत्रिका राष्ट्रिय पत्रिकाको रूपमा आइसकेकोमा यस पत्रिकालाई जीवन्त बनाई राख्न शशि पन्थी मात्र नभै सबै भुभेच्छुकहरू लाग्नु पर्ने र स्वर्ण विशेषाङ्कको पनि अवसर आएकोमा थप यसको स्तर बढाएर जानुपर्ने देखिन्छ ।

यस पत्रिकामार्फत मेरा लेखहरूमा स्वर्गद्वारी महाप्रभुको जीवनी र स्वर्गद्वारीको आयस्रोतको समेत चर्चा गरेको छु । साथै मेरा अष्ट्रेलिया र क्यानेडा यात्रा स्मरणसमेत प्रकाशित भएका छन् । साथै रुरुक्षेत्र विशेषाङ्कमा पनि परिचय स्रोत संकलनबाट सबैमा जानकारी हुने आशा गरी प्रस्तुत गरेको छु ।

यस विषयमा चर्चा गर्दा हाम्रो पुरुषार्थ र विद्वान् शशि पन्थी एक अर्काका पर्यायवाची हुन् भन्दा अत्युक्ति नहोला । उहाँकै नेतृत्वमा यो संस्थाको जन्म भएको र हाम्रो पुरुषार्थ अर्धवार्षिकबाट हाल त्रैमासिक रूपमा राष्ट्रकै स्तरीय पत्रिका बन्न सफल भएको छ ।

उहाँको बारेमा भन्नु पर्दा मैले २०२८ सालको एस.एल.सी. बोर्ड परीक्षामा ज्योति माध्यमिक विद्यालय, अर्घाखाँची, ठाडाबाट तम्घासमा विद्यार्थी लिएर जाँदा र २०३१ सालमा शिक्षा कार्यालयमा र ०३६-०३७ तिर माल कार्यालयमा रहँदादेखिको परिचय हो । त्यसैले म पनि २०३१ सालदेखि नै हाम्रो पुरुषार्थको आजीवन ग्राहक र नियमित पाठक बन्ने अवसर पाएको छु । उहाँकै सल्लाहमा बुटवलमा यस पत्रिकाको ग्राहक बनाउने कार्य भएको हो ।

मैले जानेसम्म उहाँ रेडक्रस सोसाइटीको केन्द्रीय उपाध्यक्ष, महेन्द्र मा.वि.को शिक्षक, रेसुङ्गा बहुमुखी क्याम्पसको प्राचार्य, किरण पुस्तकालयको संस्थापक हुँदै हाम्रो पुरुषार्थको प्रधान सम्पादकको भूमिकाको जिम्मेवारी वहन गर्दै आउनुभएकोमा उहाँ र उहाँको टिमप्रति हार्दिक सफलताको शुभ-कामना तथा सम्मान टक्र्याउँदै संस्था र पत्रिकाको उत्तररोत्तर प्रगतिको कामना गर्दछु ।

**हाल : बुटवल-८, मिलनपथ, रूपन्देही ।**

ooo


## कफी कृषक वर्गमा अनुरोध

❑ नेपालको कफीले अर्गानिकको नाम कमाएकोले रासायनिक मल तथा रासायनिक विषादिको प्रयोग नगरौं । ❑ रासायनिक मलको सट्टा प्राङ्गारिक मल र रासायनिक विषादिको सट्टा झोल मल र वनस्पतिजन्य विषादि प्रयोग गर्ने । ❑ बोर्डो मिश्रण वर्षमा कम्तीमा ३ पटक छर्ने । १. वर्षा शुरू हुनुपूर्व, २. वर्षा सकिने बित्तिकै ३, जाडो याम शुरू हुनुपूर्व र थप आवश्यकताअनुसार । ❑ अन्तिम पटक फल र चेरी टिपिसकेपछि पहिलो काटछाँट गर्ने । ❑ चैत्र वैशाखमा आउने अनावश्यक सकर (मूल काण्डबाट पलाउने) हाँगा मुना हटाउने । ❑ २ देखि ३ वर्षसम्मको बिरुवालाई पुस-माघजस्तो अत्यधिक चिसोबाट बचाउन स्थानीय ग्रीन एग्रोनेट अथवा स्थानीयस्तरमा पाइने घाँस तथा बिरुवाको हाँगा काटी छोप्ने ।

**कृषि तथा पशुपन्छी विकास मन्त्रालय**
**प्रधानमन्त्री कृषि आधुनिकीकरण परियोजना**
**परियोजना कार्यान्वयन एकाई, गुल्मी**

*// लेख //*

# साहित्यिक पत्रिका प्रकाशन र हाम्रो पुरुषार्थ



**रेहित सैजू**

साहित्यिक पत्रिका प्रकाशन साहित्यिक पत्रकारिताको एउटा पाटो हो । यसले पत्रिका प्रकाशनमार्फत समाजमा साहित्यिक, सामाजिक, राजनैतिक, बौद्धिक र आर्थिक सचेतना अभिवृद्धि गर्दछ । शशि पन्थी गुरु मोफसलमा बसेर साहित्यिक पत्रिका प्रकाशन गर्नुहुन्छ । 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिका प्रकाशन गरी मोफसलका प्रतिभाहरूलाई उत्खनन गर्न उहाँ सिपालु हुनुहुन्छ । लामो समयदेखि निरन्तर प्रकाशन गरी कहिले साहित्यिक व्यक्ति विशेषाङ्क त कहिले स्थान विशेषाङ्क निकाल्दै ठूलो न्यायको काम गर्दै आउनुभएको छ ।

शशि गुरुसँग मेरो त्यति लामो फराकिलो व्यक्तिगत परिचय नभए पनि उहाँको म निकट पाठक हुँ । म उहाँलाई अग्रज साहित्यिक व्यक्तित्व तथा साहित्यिक पत्रकारको रूपमा चिन्दछु । हाम्रो एकचोटि मात्र भौतिक भेट भएको छ । त्यही भेटको उपज मैले 'हाम्रो पुरुषार्थ' पत्रिका प्राप्त गरेको हुँ र मैले पनि आफ्नो पुस्तक दिने मौका पाएको थिएँ । भौतिक भेट हुन नसके पनि मेसेन्जरको संवादले सम्बन्ध नवीकरण भइरहेको थियो । एकदिन यस्तै कुरा हुने क्रममा– 'पत्रिकाको शताङ्क विशेषाङ्क निस्कन लागेको र तपाईंले पनि केही लेखेर पठाउनू है ।' भन्नुभएको थियो । हत्तेरिका ! म जस्तो छेउ न टुप्पोको मान्छेले के लेख्न सकोस् ... र पनि सम्झिनुभएकोमा गुरुप्रति हार्दिक कृतज्ञता ज्ञापन गर्दछु ।

वास्तवमा भन्ने हो भने एउटा साहित्यिक पत्रिका प्रकाशन हुन असाध्यै गाह्रो छ । प्रकाशनमा आइरहेका पत्रिकाहरू पनि धमाधम बन्द हुनु, ग्राहक तथा पाठकको सङ्ख्या घट्नु, विज्ञापन नपाइनु, राज्यले अपेक्षित स्थान दिन नसक्नु यिनका कारक तत्त्वहरू हुन् । छापा माध्यमबाट प्रकाशन हुने केही पत्रिकाहरू पनि विलम्ब नगरी विद्युतीय माध्यमतिर भकाभक बसाइँ सरिरहेको बेला 'हाम्रो पुरुषार्थ' पत्रिका दोहोरो अङ्क पार गरी तेहेरो अङ्कमा प्रवेश गर्नु चानचुने कुरा होइन । यसको लागि हार्दिक बधाई ।

देश लड्न लाग्यो भने देशका नेताले उठाउँछन्, देशका नेता लड्न लागे कवि, साहित्यकारले उठाउँछन् र कवि, साहित्यकारलाई उठाउने साहित्यिक पत्रिकाहरू

नै हुन् । सहज, सरल, शब्द चयन, संयोजन, भाषा सम्पादन तथा दीर्घकालीन विषयवस्तु तयार पारी जनचेतना र समाजजागरणका लागि राष्ट्रिय संवर्धनका सकरात्मक सन्देश प्रवाह गरिरहनु साहित्यिक पत्रिकाको विशेष कर्म हो । साहित्यिक पत्रिकाहरू समाजमा अफवाह फैलाउने, सनसनी मच्चाउने, तर्साउने, एउटाको स्तुतिगान लेख्ने र अर्काको चरित्रहत्या गर्ने कार्यबाट टाढा रहेका हुन्छन् । यिनै कारणले गर्दा सम्पादक तथा प्रकाशकहरूलाई रचना सङ्कलन, सम्पादन तथा प्रकाशन गर्न बडो चुनौती छ । विभिन्न अवस्थाहरू सामना गर्नुपर्दछ । विश्वमा देशको नाम कहलिने भनेको देशको भाषा, साहित्य, कला, संस्कृतिले हो । यसै पनि हामी कला, साहित्यमा विश्वमा कहलिएका छौं । तसर्थ यसको जगेर्ना गर्नु हामी सबैको अभिभारा पनि हो । यी हाम्रा पहिचान, अस्तित्व बचाउन साहित्यिक पत्रिकाहरू नै तत्पर हुन्छन्।

*वास्तवमा भन्ने हो भने एउटा साहित्यिक पत्रिका प्रकाशन हुन असाध्यै गाह्रो छ । प्रकाशनमा आइरहेका पत्रिकाहरू पनि धमाधम बन्द हुनु, ग्राहक तथा पाठकको सङ्ख्या घट्नु, विज्ञापन नपाइनु, राज्यले अपेक्षित स्थान दिन नसक्नु यिनका कारकतत्त्वहरू हुन् । छापा माध्यमबाट प्रकाशन हुने केही पत्रिकाहरू पनि विलम्ब नगरी विद्युतीय माध्यमतिर भकाभक बसाइँ सरिरहेको बेला 'हाम्रो पुरुषार्थ' पत्रिका दोहोरो अङ्क पार गरी तेहेरो अङ्कमा प्रवेश गर्नु चानचुने कुरा होइन ।*

र अन्त्यमा साहित्यिक पत्रिका भनेका समाजका दर्पण हुन् । देशका आवरण हुन् । प्रगति, उन्नतिका लागि मार्गनिर्देशक हुन् । पथप्रदर्शक हुन् । नेतृत्वका उत्प्रेरक हुन् । समाज रूपान्तरणका लागि गजबको खुराक बन्ने गर्छन् । तर विडम्बना साहित्यिक पत्रिकाका सम्पादकहरूले विनापारिश्रमिक काम गर्नु पर्ने अवस्था छ । लेखकलाई पारिश्रमिक दिनुपर्ने त कता हो कता एउटै व्यक्तिले रचना संकलन, संयोजन, सम्पादन तथा प्रकाशन गर्नुपर्ने बाध्यता छ । यो जटिल विषयमा सरकारको अपेक्षित ध्यानाकर्षण होस् । साहित्यिक पत्रिका उत्थानका लागि सरकारको नीति तथा योजना बनोस् भन्दै 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको शताङ्क प्रकाशनको अवसरमा मलाई पनि केही लेख्ने स्थान दिनुभएकोमा शशि गुरुप्रति हार्दिक आभार प्रकट गर्दछु । यस पत्रिकाबाट मोफसलका थुप्रै लेखकहरू जन्मिन सकून्, जन्मिएका लेखकहरू स्थापित लेखक बन्न सकून् । 'हाम्रो पुरुषार्थ' पत्रिका सधैं निरन्तर चलिरहन सकोस्, हार्दिक शुभकामना !!!

**सम्पादक - कल्पतरु (द्वैमासिक), काठमाडौं ।**

ooo

# हाम्रो पुरुषार्थमा सम्पादकीय सन्दर्भ



✍ विष्णु घर्ती 'भनभनेली'

### प्रारम्भ

कुनै पुस्तकपुस्तिकाको विषय वा उद्देश्यलाई प्रस्ट्याउने गरी सम्पादकका तर्फबाट संक्षेपमा लेखिएको विशेष प्रकारको लेख वा समाचारपत्र आदिमा समसामयिक विषयमा सम्पादकका तर्फबाट लेखिएको विशेष प्रकारको लेखलाई सम्पादकीय भनिन्छ (नेपाली बृहत् शब्दकोष, २०७७, पृ.१२६४) । कुनै पत्रपत्रिका वा ग्रन्थका विषयहरूको विषयक्रम, पाठ आदि ठिकसित मिलाई आवश्यक परिवर्तन, परिवर्धन, थपघट, भाष्य, टीका आदि सबै ठिक रूपमा तयार गर्ने काम वा कुनै काम राम्ररी पूरा गर्ने वा सम्पन्न बनाउने कामलाई सम्पादन गर्नु भनिन्छ(नेपाली बृहत् शब्दकोष, २०७७, पृ.१२६४) ।

मान्छेलाई बुझ्न उसको एक बोली र एक नजर नै काफी हुन्छ भनिन्छ । उसको उद्देश्य, उसको चालचलन, बानीव्यवहार, औकात आदिको झल्को उसैको मुहारले प्रस्तुत गरिरहेको हुन्छ । चेहरा मान्छेको महत्त्वपूर्ण अंग हो । यसबाटै हामीले उसलाई भौतिक रूपले चिन्दछौं । मिलेको जिउडालमा मिलेको अनुहार अत्यन्तै सुहाउँछ । मान्छेको जिउडाल पूरै पुस्तक हो भने त्यसको चेहरा सम्पादकीय हो। सम्पादकीय पढेपछि कुनै पनि कृतिको सार बुझ्न सकिन्छ जसरी मुहारले मान्छेलाई चिनाउँछ । प्रकृति (ब्रह्मा)ले कति मिलाएर अनुहार निर्माण गरेको छ र हामीलाई राम्रो लागेको छ । यदि नाक निधारमा, आँखा गालामा, दाँत बाहिर र मुख दाँया र बाँया आदि भएको भए कस्तो हुन्थ्यो होला ? सोचौं न एकैछिन। कुरूपताको पूर्णता हुन्थ्यो होला वा यसैलाई सुन्दरता मान्नुपर्थ्यो होला ।

### गरिएको कुरा

हाम्रो पुरुषार्थका १०० वटा अङ्क संकलन गर्न पनि समय लाग्यो । २०५३ देखि हालसम्म गरेर मसँग जम्मा ३१ वटा अङ्कहरू फेला परे । किरण पुस्तकालयको वेबसाइटबाट १४ वटा डाउनलोड गरें । राजेन्द्रकुमार आचार्य सरबाट ३ वटा पाएँ । अरू सबै बाँकी ५१ वटा अङ्कहरू आदरणीय शशि पन्थी र दीन पन्थी सरको समन्वयमा पुस्तकालय (झवीन्द्र पन्थी)बाटै इमेलमार्फत पटक-पटक गरी

*'हाम्रो पुरुषार्थ'का सम्पूर्ण सम्पादकीयहरू १ पेजदेखि २ पेजसम्म रहेका छन् । अधिकांश १ पेजमै समेटिएको छ । १० वटाभन्दा बढी २ पेजमा रहेका छन् । अधिकांश सम्पादकीय अनुच्छेदमै छन् । पछिल्लो समयमा बुँदागत रूपमा राखिएको छ । ४ वटामा कवितात्मक वा गद्यात्मक शैली अपनाइएको छ । एउटामा चित्र(फोटो) सहित लेखिएको छ । धेरैजसोमा थोरै कुरा सूत्रात्मक प्रस्तुति छ । धेरै अङ्कमा शीर्षक राखिएको छ । तीन-चारवटा अङ्कमा शीर्षक छैनन् । दुई-तीनवटामा सम्पादकीय नै शीर्षक छ ।*

प्राप्त गरें । यसरी एकत्रित गरिएका सबै सम्पादकीयलाई अद्योपान्त अध्ययन गरेपछि त्यहाँबाट चार पाँच वाक्यहरू लिंदा ठिक होला कि भन्ने लाग्यो । अनि तिनै वाक्यहरू राख्न पुगिएको छ । दुई तीन स्थानमा मात्र झिकिएका वाक्यका अगाडि र पछाडिका केही अंशलाई छाडिएको छ, त्यो पनि लामो देखेर । कुनै पनि सम्पादकीयलाई छुट्टाछुट्टै व्याख्या, विश्लेषण केही पनि गरिएको छैन किनकि हरेक सम्पादकीयबाट थोरै अंश मात्रै राखिएको छ । त्यो पढ्दा नै सबै कुरा छर्लङ्ग होला भन्ने हेतु हो । अर्को कुरा सम्पादकीयमा भएको जुन सिलसिला छ मैले लिएका वाक्यांशहरूमा त्यो मिलेको पक्कै छैन । मलाई खास लागेका स्थानबाट टिपिएका वाक्यहरू शुरूबाटै क्रमशः गाँस्ने काम मात्र भएको छ । तल्लो अनुच्छेद वा बुँदाको कुरा शुरूमा वा बीचमा र शुरूतिरको अंश अन्यत्रै राखिएको छैन । प्रत्येक सम्पादकीयको सिरानमा सम्पूर्णाङ्क, प्रकाशन वर्ष र महिना, शीर्षक, अनुच्छेद/बुँदाको संख्या उल्लेख गरिएको छ भने एक तिहाइमा वर्ष र अङ्क पनि उल्लेख गरिएको छ ।

## देखिएको अवस्था

'हाम्रो पुरुषार्थ'का सम्पूर्ण सम्पादकीयहरू १ पेजदेखि २ पेजसम्म रहेका छन् । अधिकांश १ पेजमै समेटिएको छ । १० वटाभन्दा बढी २ पेजमा रहेका छन् । अधिकांश सम्पादकीय अनुच्छेदमै छन् । पछिल्लो समयमा बुँदागत रूपमा राखिएको छ । ४ वटामा कवितात्मक वा गद्यात्मक शैली अपनाइएको छ । एउटामा चित्र (फोटो)सहित लेखिएको छ । धेरैजसोमा थोरै कुरा सूत्रात्मक प्रस्तुति छ । धेरै अङ्कमा शीर्षक राखिएको छ । तीन-चारवटा अङ्कमा शीर्षक छैनन् । दुई-तीनवटामा सम्पादकीय नै शीर्षक छ । फन्ट र फन्ट साइज फरक फरक छ । थोरै सामग्री भएकोमा फन्ट साइज बढाएर एक पेज पुर्‍याउने काम पनि भएको छ । धेरै सामग्री हुँदा फन्ट साइज घटाइएको छ । पाँच सातवटा अङ्कमा शीर्षकको फन्ट साइज अत्यन्तै ठूलो छ । चार पाँच वटा शीर्षकहरू दोहोरिएका छन् । एकदेखि नौवटा शब्दसम्मका शीर्षक रहेका छन् । धेरैजसो

शीर्षकहरू छोटा नै छन् । दुई चारवटा केही लामा पनि छन् । चार पाँच वटामा साजसज्जा गरिएको छ भने धेरैमा छैन । एउटा मात्र अनुच्छेद भएकादेखि छ वटासम्म अनुच्छेद भएका पनि छन् । बुँदागतमा प्रायः चारदेखि छवटासम्ममा समेटिएको अवस्था छ ।

## सम्पादकीयताको सम्पादन

एक त सम्पादकीय भनेको अत्यन्तै मेहनतपूर्वक लेखिएको विषय हो । थोरैमा धेरै भन्न खोजिएको हुन्छ, त्यो स्वाभाविकै हो । एउटा पुस्तकको सार सम्पादकीयमा अन्तरनिहित हुन्छ । त्यही सार वस्तुबाट अझ सार निकाल्न खोज्नु निस्सार जस्तै हो भन्नुपर्छ । हाम्रो पुरुषार्थका अनेकानेक उतारचढावका यात्राहरूमा एक सयवटा अङ्कमा उठान गरिएका विषयहरूले एक सयवटाभन्दा बढी नै समाज सुधारका लागि उपयुक्त सकारात्मक सन्देश छाडेको पाइन्छ । यस ऐतिहासिक साहित्यिक नियमित प्रकाशन 'हाम्रो पुरुषार्थ'मा राखिएका सम्पादकीयहरूका केही मुख्य अंशहरू निम्नअनुसार रहेका छन् ।

### सम्पूर्णाङ्क–०१, २०३० कार्तिक, शीर्षक–छैन, २ अनुच्छेद

शिक्षा र साहित्य जीवनका अत्यावश्यक र अभिन्न चीज हुन् । यी दुबैमा मानवताका आकांक्षा र लक्षहरू सन्निहित छन् । शिक्षा र साहित्यको विकासमा नै सभ्यता र संस्कृतिको उत्थान सम्भव छ । नेपाली भाषार साहित्यको सेवामा जिल्ला र गाउँका कुना कुनाबाट पनि केही योगदान दिन सकियोस् र छिपेका साहित्यकारहरूले आफ्नो प्रतिभाको विकास गर्न पाऊन् भन्ने उद्देश्य लिई पुस्तकालयको आर्थिक अवस्था अत्यन्तै दयनीय छँदाछदै पनि 'हाम्रो पुरुषार्थ' लाई वार्षिक प्रकाशनको रूपमा निकाल्ने साहस गरियो ।

### सम्पूर्णाङ्क–०२, २०३१कार्तिक, शीर्षक–छैन, ३ अनुच्छेद

हाम्रो जीवनलाई 'कण्टकेनैव कण्टकम्'को अनुभव हुन आएको छ । तर पनि 'शनैः पन्था शनैः कन्था शनैः पर्वतलङ्घनम्' भने जस्तै हामी आफ्नो प्रयासलाई जीवित राख्न र नियमित तुल्याउन अग्रसर भएकै छौं । विशुद्ध नेपाली साहित्यको सेवा गर्ने पवित्र उद्देश्य राखेर नवोदित युवा साहित्यिक वर्गका अगाडि आफ्नो स्वरूपसम्म पनि देखाउनु पुरुषार्थको विशेषण जोड्न त त्यति उपयुक्त हुँदैन तापनि लुरोतुरो प्रयास ठान्नुमा त आपत्ति संभिएला जस्तो लाग्दैन ।

### सम्पूर्णाङ्क–०३, २०३१ चैत्र शीर्षक–छैन, २ अनुच्छेद

सम्भवतः राष्ट्रका सम्पूर्ण जनता एउटै भावनासँग गाँसिएर ठूलो संयम, ठूलो उत्साह र ठूलो अनुशासनका साथ अभिषेक समारोहको सफलताका लागि संलग्न भएको यो उदाहरण विश्वकै लागि नौलो विषय हो । "हाम्रो पुरुषार्थ"लाई शुभ-

राज्याभिषेक अतिरिक्ताङ्कको रूपमा प्रकाशित गर्ने अठोट गरियो । यसमा पनि गाउँका सम्पूर्ण कार्यक्रमको संक्षिप्त विवरण अट्न सकेन । जे जति सम्भव भयो त्यतिमात्र प्रस्तुत गरिएको छ ।

**सम्पूर्णाङ्क-०४, २०३२कार्तिक शीर्षक-युगकवि देवकोटा, २ अनुच्छेद**

नेपालको प्रत्येक साहित्यकार, प्रत्येक संस्थाहरूले विशेष अभिरुचि लिएर देवकोटाका कृतिहरूको प्रकाशन गर्न, उनको जीवनीमाथि प्रकाश पार्नु, उनको विषयमा प्रवचन गराउनु, उनका काव्यहरू अध्ययन-अध्यापन र मनन गर्न, उनका काव्यका गुण दोषको अवलोकन गर्न र अन्य रोचक कार्यक्रमको आयोजना गरी उनीप्रति हार्दिक श्रद्धाञ्जलि दिनु परम कर्तव्य हो । देवकोटा एक महाकवि मात्र थिएनन्, उनलाई एक सिङ्गै युगको प्रतिनिधित्व गर्ने युगकविको रूपमा हामी मान्दछौं ।

**सम्पूर्णाङ्क-०५, २०३३ कार्तिक, शीर्षक-हाम्रो भाषा र साहित्य, २ अनुच्छेद**

विदेशी भाषा र साहित्यबाट ल्याइएका कठोर शब्दावलीहरूको प्रयोगले हाम्रो भाषा र साहित्यको सुधार हुन सक्तैन । हामीलाई आफ्नै जातीय भाषा र साहित्यको खाँचो छ । विदेशी व्याकरणको अनुसरणले हाम्रो राष्ट्रभाषाको रूप बिग्रन्छ । पुरानाको संरक्षणका साथ नयाँको प्रयोग र प्रचलन हुन सकेमा हाम्रो विशेषता बढ्छ । कुनैपनि देशको सर्वतोमुखी विकासका लागि भाषा र साहित्यको विकास सबै भन्दा पहिलो आवश्यकता हो । भाषा र साहित्यले नै राष्ट्रको उत्थान र राष्ट्रियताको विकासमा ठूलो बल पुर्‍याएको हुन्छ ।

**सम्पूर्णाङ्क-०६, २०३४कार्तिक शीर्षक-पुस्तकालयलाई नियम र सहयोगको खाँचो, २ अनुच्छेद**

अधिराज्यका विभिन्न ठाउँमा खुलेका पुस्तकालयलाई हेर्ने, चलाउने कोही भएन । कतै-कतैका पुस्तकालयले पाउने गरेको अनुदान हरायो । शिक्षा नियमावली २०२७ बाट पुस्तकालयलाई उखेलियो । पुस्तकालयहरूलाई बचाउने बलिया आधारहरू केही भएनन्, जनताको पर्याप्त प्रयासले मात्र पुस्तकालयहरू टिक्न सकेनन् । नेपाल अधिराज्यका ठाउँ-ठाउँ र गाउँ-गाउँमा सार्वजनिक पुस्तकालयहरूको स्थापना, सञ्चालन, संवर्धन र संरक्षणका लागि सरकारको स्पष्ट नियम र सहयोगको सर्वाधिक खाँचो छ ।

**सम्पूर्णाङ्क-०७, २०३५ कार्तिक, शीर्षक-सामाजिक साहित्यको खाँचो, ३ अनुच्छेद**

हामीले यो अपिल गर्छौं-नेपाली साहित्यका सम्पूर्ण कर्मीहरू ! सामाजिक साहित्यको निर्माणमा एक साथ जुटौं । साहित्यलाई "आकाशको फल आँखा तरी मर" नगराऔं । साहित्य हाम्रै डाँडाकाँडा, खोल्सा, पहरा र छहराहरूमा

कल्कलाओस् । साहित्य हाम्रै बाँसुरी, सारङ्गी, दमाहा र कर्नालको धुनमा गाइयोस् । अहिले हामीलाई पश्चिमी फेसनवादी कामुक सभ्यताको अन्धानुकरण गर्न सिकाउने खालको क्लिष्ट साहित्य होइन, आफ्नै माटोमा मरीमेटी बाँच्न सिकाउने सुबोध मौलिक साहित्यको खाँचो छ ।

**सम्पूर्णाङ्क–०८, २०३६ वैशाख। शीर्षक–हाम्रो पुरुषार्थ, ५ अनुच्छेद**

कहिल्यै कतै हार नखाई आफ्नै पन, आफ्नै जन, आफ्नै संस्कृति, आफ्नै जाति, आफ्नै देश, आफ्नै भाषा, आफ्नै भेष, आफ्नै राग, आफ्नै गीत, आफ्नै श्रम, आफ्नै सीप, आफ्नै माटो र आफ्नै मायामा सबै सुख र शान्तिपूर्वक बाँच्न खोज्नु नै हो–हाम्रो पुरुषार्थ । हटेर होइन डटेर भनेको स्वाभिमानको हुङ्कारलाई भन्न सकिन्छ–हाम्रो पुरुषार्थ । कुशल, दक्ष र स्वाभिमानी नेपालीको अजेय पुरुषार्थको सुरिलो, सरल र सरस रागको झङ्कार खोजिएको छ ।

**सम्पूर्णाङ्क–०९, २०३६ भाद्र, शीर्षक–बालवर्षको भक्कानो, ३ अनुच्छेद**

आजको प्रत्येक बालकले बुद्ध, ईशा र टाल्सटायका जीवनीबाट त्याग, प्रेम र दया, लेनिन र गान्धीका जीवनीबाट विश्वास, साहस र सुभाष र मार्क्सका जीवनीबाट विद्रोह र संघर्ष सिक्नु परेको छ । हामीले

दन्त्य कथाको साटो वास्तविक महापुरुषहरूका जीवनीहरू, देशभक्त वीरहरूका वीरगाथाहरू र साहसिला अभियानहरूका कथाहरू सुनाउनुपर्छ कलिला बाल–बालिकाहरूलाई ।

**सम्पूर्णाङ्क–१०, २०३६ कार्तिक, शीर्षक–अब हाम्रो साहित्य सडकबाट बुकुरातर्फ, ३ अनुच्छेद**

बन्धनको पुरानो अभ्यासमा अभ्यस्त समाजलाई स्वतन्त्रताको नयाँ उन्मुक्त वातावरणमा प्रवेश गर्दा नयाँ युगका मान्यता र धारणालाई झट्टै आत्मसात् गर्न अलि गाह्रो परेर पनि यस्तो हुनसक्छ । कतिपय साहित्यकारहरू हाम्रो साहित्यलाई एउटा नयाँ मोड दिन महलबाट सडकमा उत्रेका छन् । अब हाम्रो साहित्य गोष्ठी प्रज्ञाप्रतिष्ठानको सभाहलमा मात्र होइन प्रत्येक नेपालीका घर आँगनमा र बुकुराबुकुरामा पनि हुनु परेको छ । त्यसैले अब हाम्रो साहित्य सडकबाट हुँदै बुकुरातर्फ पनि बहनु परेको छ ।

**सम्पूर्णाङ्क–११, २०३७ वैशाख, शीर्षक–विशुद्ध साहित्यको संरचनामा स्वस्थ समालोचनाको विकास अपेक्षित, ३ अनुच्छेद**

समालोचनाको विकासविना साहित्यको मौलिक स्वरूप फस्टाउनु सक्दैन । 'हाम्रो पुरुषार्थ' को १–२ जना सहयोगीहरूको सहयोग र २–४ जना लेखकहरूका

रचनाले हाम्रो उत्साहलाई निकै ठूलो बल मिल्यो । यसभित्र स्तरीय समालोचनात्मक रचना भर्न नसकिए पनि अधिकांश रचनाहरूले आ-आफ्नो महत्त्व ओगटेका छन् ।

**सम्पूर्णाङ्क-१२, २०३७ कार्तिक, शीर्षक-जीवनवादी साहित्यको खाँचो, ३ अनुच्छेद**

जनताका ज्वलन्त समस्याहरू बिर्सेर वास्तविकतालाई ढाकछोप गर्दै स्तुतिवादी भाट साहित्य आज हाम्रै अगाडि हुर्किरहेको छ । हाम्रो देशमा साहित्यका ठेकेदारहरूले साहित्य कस्को लागि लेख्दैछन् ? साहित्य संघर्ष र जीवनको प्रतिफल हो । ह्रास र निराशाका समस्याहरूमा जुन साहित्यले हामीलाई जीवन र उत्साह दिन्छ, अन्यायको विरोधमा जुरूक्क उठेर संघर्ष गर्ने हुटहुटी दिन्छ, समानता, स्वतन्त्रता, मानवता र निसाफको निम्ति हुरूक्क हुने चेतना दिन्छ र समस्याहरूसित लुरूक्क तर्कने होइन खुरूक्क गएर लड्ने आत्मबल दिन्छ-यही साहित्यलाई नै हामी जीवनवादी साहित्य भन्छौं ।

**सम्पूर्णाङ्क-१३, २०३८ वैशाख, शीर्षक-नेपाली पत्रपत्रिकाको उत्थानको कुरो, ३ अनुच्छेद**

पत्रिकालाई राम्रो बनाउन सबभन्दा प्रमुख हात त्यसका सञ्चालकको हुन्छ । त्यसको साथसाथै अरूको पनि उत्तिकै हात हुन्छ । जुन देशमा राम्रा प्रेस छैनन्, के त्यहाँ राम्रा पत्रिका छापिन सक्लान् ? जहाँका पढ्ने पाठकहरूमा अझै पनि स्वदेशका ताजा नास्पातीभन्दा विदेशका स्याउ नै बढी प्रिय हुन्छन् भने के त्यहाँ पनि पत्रिका बिक्छन् र राम्रा छाप्ने । तिनीहरूको प्रतिभालाई रोजी-रोटीतिर लगाउन नपरेर साहित्य भावनातिर लगाउँन पाइयोस् । मान्छेको प्रतिभामा कुनै कुराको प्रतिबन्ध नलागोस् ।

**सम्पूर्णाङ्क-१४, २०३८ कार्तिक, शीर्षक-हाम्रो पुरुषार्थ, गद्य कवितात्मक**

अँध्यारोमा विनाप्रकाश
छाम-छुम छाम-छुम गर्दै
थकित, थकितझैं
चकित, चकितझैं
मिर्मिरेका सपनाहरूसँगालेर
चौधौं खुट्किलामा पुगेर सुइयच सुसेल्दै
थ्याच्च बस्छ
'हाम्रो पुरुषार्थ'

**सम्पूर्णाङ्क–१५, २०३९ वैशाख शीर्षक–हसेङ्फसेङ् र लरेङ्बरेङ्को पाइलो, २ अनुच्छेद**

आज नेपाली साहित्यको सिंगो रूप अध्ययन गर्न नेपालका प्रत्येक कुना काप्चाबाट के कस्तो काम भइरहेको छ, त्यो हेर्नु पर्दछ । नेपालका प्रत्येक गाउँ, प्रत्येक जिल्ला र प्रत्येक अञ्चलबाट आ–आफ्नो क्षेत्रको देन र विशेषता बारेका कुराहरू बटुलबाटुल गरी प्रकाशमा ल्याउन सकेमा साहित्यको सिँगो, सग्लो र पूर्ण स्वरूप प्रकट हुन्छ भन्ने हामीलाई लागेको छ । लुम्बिनी वाङ्मय विशेषाङ्कको रूप दिने विचार गरेका थियौं । पछि सम्पूर्ण वाङ्मय उठान गर्न नसकिने देखेर साहित्यिक क्षेत्रलाई मात्रै ओगट्यौं ।

**सम्पूर्णाङ्क–१६, २०३९ असोज, शीर्षक–उहीं उज्यालोको स्मृतिमा गद्य कवितात्मक**

अस्ताचलमा पुग्दासम्म प्रकाश दिएर जाने
त्यस उज्यालो तारालाई
त्यसको सिर्जनालाई, कलालाई, साहित्यलाई
हामी हाम्रा सम्भनाका गोरेटाहरूमा कुदाउँछौं ?
हामी हाम्रा नयननीरका दहहरूमा डुबाउँछौं
हामी हाम्रा साहित्यका पानाहरूमा सजाउँछौं ।

**सम्पूर्णाङ्क–१७, २०३९ कार्तिक, शीर्षक–साहित्य स्वान्तः सुखाय या बहुजन हिताय ?**

कला कलाको लागि नभएर जनताको लागि हो । साहित्य मानव जीवनका अँध्यारा र उज्याला पक्षहरूको यथार्थ उद्घाटन हो । साहित्यमा जीवनका सच्चाइहरू प्रकट गर्न सकिन्छ भन्ने कुरा सोंचिएकै थिएन । यस अवस्थामा साहित्यको उद्देश्य मनोरञ्जन थियो, उपल्लो वर्गकाहरूको निमित्त महफिल सजाउनु थियो । साहित्य स्वान्तः सुखाय लेखिन्थ्यो–बहुजनको हक र हित, न्याय र समानताका लागि होइन । साहित्य मन भुलाउन लेखन्थ्यो–जीवनका वास्तविकताहरू प्रकट गर्न होइन ।

**सम्पूर्णाङ्क–१८, २०४० वैशाख, शीर्षक–हाम्रो पुरुषार्थ गद्य कवितात्मक**

तोते बोली शैशवकालका बोल्दै बितेका बिहानहरू
अभाव, वेदना, संकट डाक्ने कहाली लाग्दा साँझहरू
उनेर जीवनसूत्रमा दसोट वसन्तका तीतामीठा अनुभूतिहरू
हिड्नु नै जीवन हो, बढ्नु नै पुरुषार्थ हो–'हाम्रो पुरुषार्थ'
साहस नै हो 'हाम्रो पुरुषार्थ'
जाँगर नै हो 'हाम्रो पुरुषार्थ'

**सम्पूर्णाङ्क–१९, २०४० कार्तिक, शीर्षक–अन्तर्राष्ट्रिय सञ्चार वर्ष, ४ अनुच्छेद**

सञ्चारका अत्याधुनिक उपकरणहरूको प्रयोगबाट विश्वका सबै मुलुकहरू एकअर्कासित अत्यन्त निकट हुन पुगेका छन् । अणु र तरङ्ग प्रणालीको प्रयोगले दूरसञ्चारको माध्यम अझ सशक्त बनेको छ । नेपालले सञ्चारको क्षेत्रमा आफ्ना पाइलाहरू सुस्त सुस्त अगाडि बढाउँदै छ । नेपालमा पत्रकारिताको क्षेत्र उति फस्टाउन सकेको छैन ।

**सम्पूर्णाङ्क–२०, २०४१ वैशाख, शीर्षक–सत्यं शिवं सुन्दरम्, कवितात्मक**

**हामी नेपालीको मात्रै पनि होइन साँघुरो**
**विदेशी पनि साहित्य–स्नेही ग्राहक बन्धु छन् ।**

**जो कुटा, कोदाला, बेल्चा, घन, गैंटी लिइकन**
**निर्माण गर्न तम्सिन्छन्, साहित्य–राजमार्गको**

**यद्वा हितैषी होस् सप्पै स्वान्तसन्तोषी सन्मना,**
**माली हुन् पत्रिकारूपी वाटिका यो सजाउने ।**

**होऊन् जाँगरिला माली, त्यही चाहन्छ वाटिका**
**सौन्दर्योपासी सत्यात्मा शिवत्व प्राप्त ती गरून्**

**सम्पूर्णाङ्क–२१, २०४१ कार्तिक, शीर्षक–परान धान्ने धोको मात्र, ४ अनुच्छेद**

नेपाली साहित्यको सानोतिनो सेवा गर्ने हाम्रा सङ्कल्पहरू सँङ्गै छन् र बाध्यताका खाल्टाहरू पार गर्दागर्दै थकित हुन पुग्छन् । परान रहे तरान लाग्दै गर्ला भनेर नियमितता जोगाउने प्रयासमा हामीले यो अङ्कलाई यस रूपमा प्रस्तुत गर्नु परेको हो । कवि शिरोमणिले आफू ज्यूदै छँदा प्रशस्त प्रशंसा, मान, कदर पाइसकेका छन् । कवि शिरोमणि लेखनाथ पौड्यालले नेपाली साहित्य र भाषाको क्षेत्रमा अमूल्य देन दिएर गएका छन् । आज जुन नेपाली साहित्यको घर खडा छ त्यसमा लेखनाथ सिकर्मी र डकर्मी दुबै हुन् ।

**सम्पूर्णाङ्क–२२, २०४२ वैशाख, शीर्षक–आशाको मृगतृष्णा, ४ अनुच्छेद**

परिस्थिति र अवस्था विशेषले कहिले रसिलो र कहिले ख्याउटे अनुहार देखाउनु पर्ने विवशता बोकेको छ–यसले । अनुकूल हावापानी र अनुकूल परिस्थितिको अपेक्षा राखेर आशाको मृग–मरीचिकामा अगाडि बढ्ने हिम्मत राख्नु यसको धर्म भएको छ । सिंगौरी खेल्नेहरूका धक्का, आँधी र हुरीका झोक्का र नवर्षने बादलका लोप्पाले धोका नदिएदेखि यसले छाँया, आश्रय, फलफूल दिन सक्ने निवेदन गर्छ ।

**सम्पूर्णाङ्क–२३, २०४२ कार्तिक, शीर्षक–दुई कवि–गुरुहरूलाई श्रध्दाञ्जलि, २ अनुच्छेद**

नेपाली साहित्यका महाकाव्यको क्षेत्रमा विशेष ख्याति प्राप्त गर्ने २ कविका जन्म तिथिहरू १५ दिनको अन्तरमा एउटै महिनाभित्र मनाइदैछ । ११गते सोमनाथको जन्मजयन्ती र त्यसको ठिक १ पक्षपछि २७ गते परेको लक्ष्मीप्रसादको जन्मजयन्तीले कार्तिक महिनालाई अझ उज्ज्वल बनाएका छन् । यी दुबै व्यक्तिहरू नेपाली साहित्यका अमर प्रतिभाहरू हुन् । पण्डितराज सोमनाथ सिग्देलको नेपाली समाजमा बहुमुखी व्यक्तित्व छ ।

**सम्पूर्णाङ्क–२४, २०४१ पौष, शीर्षक–छैन, २ अनुच्छेद**

हाम्रो देशमा प्राचीन कालदेखि राजतन्त्रात्मक संस्कृति प्रवाहित हुँदै आएको छ । स्वेच्छा र प्रजेच्छाको बीच मधुर समन्वय स्थापित हुँदै आएको छ । राजतन्त्रात्मक हिन्दू संस्कृतिमा पूर्णतः परिपालित नेपाली जनताहरू आफ्नो राजालाई मुटुदेखि नै माया र श्रद्धा गर्दछन् । अन्तर्राष्ट्रिय युवा वर्ष १९८५ ले लक्षित बिन्दुमा पुग्न पाओस् । यस संसारलाई शान्त र विकसित बनाउन संसारभरिका युवाहरूको सहभागिता जुटोस् ।

**सम्पूर्णाङ्क–२५, २०४३ वैशाख, शीर्षक–छैन, ३ अनुच्छेद**

हामी शान्तिप्रेमी, नेपालीहरूको लागि यो वर्ष विशेष महत्त्व बोकेर आएको छ । यस शान्ति वर्षमा ज्ञानविज्ञानले शान्तिकै मार्ग रोजून्, साहित्य र संस्कृतिले शान्तिकै उपाय खोजून् कला र गीतले शान्तिकै स्वर अलापून् भन्ने हाम्रो मधुर कामना छ । बुद्धको जन्मधर्तीले शान्ति वर्षमा शान्ति स्थापनाको नेतृत्व गर्न सकोस् । आजभोलि हाम्रो भाषा र जातीय संस्कृतिलाई बेवास्ता गर्ने प्रवृत्ति बढ्न थालेको छ । 'हाम्रो पुरुषार्थ'को पनि साहित्य, भाषा र जनताको सेवाबाहेक छुट्टै आर्को कुनै पुरुषार्थ छैन ।

**सम्पूर्णाङ्क–२६, २०४३ कार्तिक, शीर्षक–शान्ति हाम्रो चाहना, २ अनुच्छेद**

संयुक्त राष्ट्रसंघको स्थापना शान्तिका लागि भएको हो । यस संघबाट शान्तिका लागि प्रयास भइरहँदा पनि आज पृथ्वी मात्र होइन अन्तरिक्ष पनि अशान्त भएको छ । मानवमात्रको कल्याणका लागि आणविक युद्ध बन्द गरिनुपर्दछ । विश्व शान्तिमा योगदान पुऱ्याउनका लागि सर्वप्रथम हामीले नेपाललाई शान्ति क्षेत्रको राम्रो नमूना बनाउन सक्नुपर्छ । जबरजस्ती ल्याइएको शान्तिले अशान्ति जन्माउँछ । हाम्रा सम्पूर्ण व्यथा, पीडा र रोदन हटाई अन्तरात्मा हँसाएर आएको शान्तिले हाम्रो हित गर्दछ ।

**सम्पूर्णाङ्क–२७, २०४४ वैशाख, शीर्षक–पहिला नेपाली सामाजिक उपन्यासकारप्रति श्रद्धाकुसुम, २ अनुच्छेद**

ऐतिहासिक–साहित्यिक शैक्षिक व्यक्तित्व सरदार रूद्रराज पाण्डेलाई साहित्यिक जगत्ले प्रथम नेपाली सामाजिक उपन्यासकारका रूपमा चिनेको छ । साहित्यको इतिहास–गगनमा कहिल्यै ननिभ्ने ज्योतिर्मय तारा 'रूपमती' उपन्यास हो किनभने यस उपन्यासले माध्यमिक कालको इन्द्रजाल, भाषिक, उपाख्यान, नैतिक उपदेश, अतिमानवीय अलौकिक घटनाबाट नेपाली खास साहित्यलाई पूर्ण मुक्ति दिएको हो ।

**सम्पूर्णाङ्क–२८, २०४४ कार्तिक, शीर्षक–अभिनन्दन, १ अनुच्छेद**

ज्योतिषाचार्य श्रीनयराज पन्तज्यूले कविता तथा ऐतिहासिक खोजपूर्ण निबन्धद्वारा नेपाली साहित्यको सम्यक् सेवा गर्नुभएको छ तापनि उहाँको खास क्षेत्र आर्कै छ । आर्यपरम्पराको गणितविज्ञान (सिद्धान्त ज्योतिष) विषयमा श्री पन्तज्यू नेपालका मात्र होइन, एसियाकै वरिष्ठ विद्वान् हुनुहुन्छ । उहाँको बराबरी गर्ने विद्वान् ज्योतिष मनीषी हाल भारतमा पनि नगण्य छन् । पन्तज्यू आफ्नो उपाधिमूलक विषयभन्दा फरक वैकल्पिक विज्ञता क्षेत्रबाट उक्त पुरस्कारले सम्मानित हुनु हर्षको विषय हो, समुचित कदर हो ।

**सम्पूर्णाङ्क–२९, २०४५ वैशाख, शीर्षक–भाषा र साहित्यका कुरा, ३ अनुच्छेद**

संसारमा कतिपयले आफ्नो भाषा, धर्म, संस्कृति र अस्तित्वका लागि ज्यान दिएका छन्, यहाँ हामी भने आफ्नो भाषाको लागि ध्यान सम्म दिन सक्दैनौं । हाम्रा खोपडीहरू कति दरिद्र छन् । अब त नामले पनि नेपाली नचिनिने भयो । गीता, हर्षबहादुर, नारायण होइन स्वीटी, सोलर, लूना पनि हन्दू नेपालीका नाम भइसके । यो सबै दिमागी गुलामीको कारण हो । आफ्नो देशको भाषाको प्रयोग गर्नु हामी आफ्नो अपमान सम्भन्छौं भने एकदिन हामी राज्यभरि हीनताभास बोकेर भन् अपमानित हुनेछौं । साहित्य पनि भाषामै बाँच्छ । साहित्य हाम्रो भाषाको लिखित अभिव्यक्ति हो । साहित्यमा नेपाली जनताको सुख, दुःखका यथार्थ पक्षहरू छर्लङ्गिनु नै वास्ताविक साहित्य लेखन हो । अभिव्यक्तिको स्वतन्त्रताको गरिमालाई स्वागत गर्नु परेको छ ता कि समाजका विकृति र विसङ्गतिहरू यथार्थ रूपमा छर्लङ्गिन सकून् । साहित्यमा दास मनोवृति र स्तुतिवादी प्रवृत्तिको अन्त होस् ।

**सम्पूर्णाङ्क–३०, २०४५ कार्तिक, शीर्षक–साहित्यिक अभिरुचिका कुरा, २ अनुच्छेद**

हाल नेपाली साहित्यिक पत्र–पत्रिकाको विक्री साह्रै ह्रासोन्मुख छ, यो कटु सत्य हो । साहित्यिक पत्रिका किनेर पढ्ने त कुरै छोडौं, नकिनीकन वाचनालयमा

पनि निकै कम पढिन्छ । क्याम्पसका विद्यार्थीहरूले नेपाली लिंदै छन्; साहित्यक अभिरुचिले होइन, पास गर्न सजिलो पर्ला कि भनेर । भ्रष्टता नङ्ग्याउने र उपहास गर्ने समाचार पत्रहरू पर्याप्त मात्रामा बिक्छन्, निकै चाखसित पढिन्छन्; सामान्य समाचार पत्र दुर्दशाग्रस्त छन्; विज्ञापन हेर्न 'गोरखापत्र' पढिन्छ । चेतन अन्तरलाई पुष्ट राख्न सत् साहित्यको नितान्त आवश्यकता पर्दछ । यो कुरा सबैले बुझ्नुपर्छ ।

## सम्पूर्णाङ्क-३१, २०४६, वैशाख, शीर्षक-नववर्ष २०४६-हाम्रो कामना, ३ अनुच्छेद, वर्ष, १६, अङ्क २

नयाँ वर्षको आगमन एउटा त्यस्तो बिन्दु हो, एउटा त्यस्तो चौपारी हो जहाँ भारी बिसाएर भरियाले आफू आएको र आफू जान पर्ने बाटो हेर्छ । साहित्य राष्ट्र र मानवजीवनका हरेक हलचलबाट निस्पृह रहन सक्दैन । राष्ट्रका पीडा र मानवजीवनका वेदनाहरूले साहित्य जगत्लाई पनि झक्झकाउन पुग्दछ ।

## सम्पूर्णाङ्क-३२, २०४५ कार्तिक, शीर्षक-दीर्घायुको शुभकामना, २ अनुच्छेद

श्री ५ बडामहारानी ऐश्वर्य राज्यलक्ष्मी देवी शाह सरकार नेपाली साहित्य जगत्मा एक सफल कवयित्री प्रतिभाका रूपमा सुप्रसिद्ध होइबक्सन्छ । चाँदनी शाह नेपाली नारी प्रतिभाको एउटा विशिष्ट नाम हो । नेपाली भाषाबाहेक अन्य भाषामा पनि चाँदनी शाहका रचनाहरूको अनुवाद भएकाले कवयित्रीको काव्य व्यक्तित्व नेपाली धरतीबाहिर पनि चम्कन पुगेको छ । चाँदनी शाहका कवितामा प्रकृति प्रेम, देशप्रेमका साथसाथै मानवीय संवेदनशीलताको भावना पनि प्रबल रूपमा अभिव्यक्त भएको पाइन्छ ।

## सम्पूर्णाङ्कः ३३, २०५३ कार्तिक, शीर्षक : विश्रान्तिपछि, ४ अनुच्छेद

विश्रान्तिपछि नयाँ उत्साह बोकेर पाठकहरू समक्ष प्रस्तुत हुने रहर यसले लिएको छ । हामीले प्रायः शाश्वत सामग्रीहरू राखेका छौं, समयले छिटै ननिल्ने खालका । हाम्रा अङ्कहरू बढी रोचक, पठनीय, सुन्दर बनाउने प्रयास गर्नेछौं । "हाम्रो पुरुषार्थ" बेहोसी वा मूर्च्छाले अचेत भएको होइन मजा र आनन्दानुभूतिले मस्त सुतेको हो । अब जाग्यो, उठ्छ, हिँड्छ, दगुर्छ । अब त अगाडि राजमार्ग छ, समय बिहान छ, गन्तव्यमा पुग्न सरल होला । यसले अल्लारे चञ्चलताभन्दा प्रौढ गम्भीरतालाई समेट्ने प्रयास गर्छ ।

## सम्पूर्णाङ्क : ३४, २०५४ वैशाख, शीर्षक : असललाई पच्छ्याउने र कमसललाई पन्छ्याउने स्वस्थ प्रवृत्तिको विकास आवश्यक, ४ अनुच्छेद

जनता देशका मालिक भए । संवैधानिक राजतन्त्र, संसदीय प्रजातन्त्र र बहुदलीय व्यवस्था नेपाली राजनीतिका मूलभूत विशेषताहरू भए । एउटा उत्तम

प्रजातान्त्रिक परिपाटीको अपेक्षा गर्ने वर्गका लागि यी ज्यादै महत्त्वपूर्ण ठूला उपलब्धिहरू हुन् । हिजोका प्रतिज्ञाहरूको आज घोर अवज्ञा भइरहेको छ । हिजो यसो गर्दिनँ भनेर सपथ खाएकाहरूले आज सबैभन्दा चाँडै त्यही गर्न नहुने कुरा गर्दैछन् । जनताको नजरमा जुन जोगी आए पनि कान चिरेको बाहेक अरू केही नदेखिने स्थिति छ । प्रजातन्त्र भनेको सबैको भलो गर्ने व्यवस्था हो । यो काखा र पाखा गर्ने व्यवस्था होइन ।

**सम्पूर्णाङ्क : ३५, २०५४ कार्तिक, शीर्षक : क्रान्तिपुरुषलाई सम्झेर, ३ अनुच्छेद**

ती समादरणीय कालजयी क्रान्तिपुरुष गणेशमान सिंहको हामी सम्झना गर्दछौं । उहाँका आदर्श, उहाँको निष्ठा, उहाँको साहस, उहाँको त्याग र वलिदानी संघर्षका गाथाहरू किंवदन्ती बनेर प्रत्येक नेपालीका धुक्धुकीमा चन्द्र-सूर्य रहँदासम्म धड्कने छन् । बलिदान र साहसका प्रतिमूर्ति, प्रजातन्त्र र मानवाधिकारका पर्याय कालजयी क्रान्तिपुरुष स्वर्गीय गणेशमान सिंहज्यूको सम्झनामा शब्द-श्रद्धा चढाउँछौं ।

**सम्पूर्णाङ्क : ३६, २०५५ वैशाख, शीर्षक : जन-आन्दोलनका उपलब्धिहरू खै !, ४ अनुच्छेद**

२०४६ सालको राष्ट्रिय जन-आन्दोलनबाट देशले धेरै कुराहरूको अपेक्षा गरेको थियो । अपेक्षाअनुसार अहिले प्रजातन्त्र आएको छ । सबैले बोल्न पाएका छन् । यो एउटा उपलब्धि भएको छ । धेरै शहीद भएका थिए तर आज सबैले जन-आन्दोलनपछि प्राप्त प्रजातन्त्रका उपलब्धिहरू खै भनेर प्रश्न मात्र सोध्ने स्थिति बनेको छ । आज हिजो सोचेभन्दा धेरै कुराहरू उल्टा देखिएका छन् । देशमा खुलमखुला भ्रष्टाचार बढ्यो । बलियाले जे गरे पनि हुने र निर्धाले सास्ती पाइरहनु पर्ने स्थितिको अन्त्य भएन । देश खाने खाओवादीहरूसँग शेष रहने प्रजातन्त्रवादीहरूले सतर्कता अपनाउनु जरूरी छ ।

**सम्पूर्णाङ्क : ३७, २०५५ कार्तिक, शीर्षक : पुस्तकालयहरूले सरकारको सुदृष्टि पाऊन्, ४ अनुच्छेद**

अब अलिखत ग्रन्थागार मान्छेको मस्तिष्कमा अटाउन सक्दैन । ज्ञानको लागि चाहिन्छ पुस्तकालय । स्वतन्त्र अध्ययन सामग्रीहरूका लागि चाहिन्छ सार्वजनिक पुस्तकालय । पुस्तकालय सम्बन्धी सामग्री मात्रै रहेकाले विविधता खोज्ने पाठकहरूलाई झिंजो लाग्ला, जे भयो सिन्को भाँच्ने प्रयास मात्रै । "हाम्रो पुरुषार्थ"ले नेपाली वाङ्मयका विविध क्षेत्रमा योगदान गर्दै आएको छ । खासगरी खोज, अन्वेषण र साहित्यसृजनाको क्षेत्र "हाम्रो पुरुषार्थ"को हो ।

**सम्पूर्णाङ्क : ३८, २०५६ वैशाख, शीर्षक : भाषा र साहित्यको उन्नतिको कुरो, ३ अनुच्छेद**

कथा रोचक विधा पनि हो । कथाकारहरूले समाजका विसंगति, विकृति र बेथितिको आफ्ना कथाहरूद्वारा पर्दाफास गरेका छन् । यस अङ्कलाई हामीले कथैकथाको विशेषाङ्कको रूपमा प्रस्तुत गरेका छौं । हाम्रो बाटो आफ्नै किसिमको रहेको छ । भाषा र साहित्यको विकासक्रममा नेपालमा सरकारले खासै सहयोग गरेको देखिन्न । भाषा र साहित्यको उन्नति गर्ने कुरामा सबैलाई सत्प्रेरणा र सुमति मिलोस् ।

**सम्पूर्णाङ्क-३९, २०५६ कार्तिक, शीर्षक-नित्य नवीनताको नाम हो क्रान्ति, २ अनुच्छेद**

हिडेर मात्र हुन्न, कोलमा तेल पेल्नेहरू दिनभरि हिड्छन् । नित्य नवीन ठाउँमा पाइला टेक्नेहरू नै टाढा पुग्छन् । जीवनमा नित्य नवीनता खोज्नुपर्छ । नित्य नवीनताको नाम हो क्रान्ति । क्रान्ति भनेको त समयलाई मानवहीतका रथमा नारेर विचारका असीम मैदानमा हिडाउनु हो ।

**सम्पूर्णाङ्क-४०, २०५७ वैशाख, शीर्षक-प्रजातन्त्र पुनःस्थापनापछिको एक दशक, २ अनुच्छेद**

१० वर्षको अवधिमा संसारमा युगान्तकारी परिवर्तनक भएका छन् । विभिन्न राष्ट्रहरूले काँचुली फेरेका छन् । प्रजातान्त्रिक व्यवस्थामा बलको होइन विधिको विजय हुनुपर्छ । प्रजातन्त्र धनबल र बाहुबलमा अडिने अभ्यास होइन । यो त जनबलमा टिक्ने व्यवस्था हो ।

**सम्पूर्णाङ्कः ४१, २०५७ कार्तिक, शीर्षक : हाम्रो पुरुषार्थको २८ वर्षे यात्रा, ३ अनुच्छेद**

पुस्तकालयहरू खुल्दै र बन्द हुँदै गए । जिल्लामा पढेलेखेका मान्छेहरूको संख्या कम थियो । मान्छे बोल्दा बडो विचार गरेर बोल्नुपर्थ्यो । केही कुरा लेख्दा पनि अत्यन्त ख्याल गरेर लेख्नुपर्थ्यो । अत्यन्त निराशाले भरिएको कठिन परिस्थितिमा किरण पुस्तकालयको स्थापना र सञ्चालन एउटा चुनौतीपूर्ण कार्य थियो ।

**सम्पूर्णाङ्क : ४२, २०५८ वैशाख, शीर्षक : राष्ट्रभाषा नेपालीका विविध स्वरूपको जिज्ञासा, १ अनुच्छेद**

नेपालीहरूको वाग्व्यवहारमा रहेका २६ वटा भाषा देखिन्छन् । नेपालमा जतिसुकै भाषाहरू बोलचालमा भए पनि हाम्रो संवैधानिक व्यवस्थाअनुसार नेपाली राष्ट्र भाषा हो, अरू सबै राष्ट्रिय भाषा हुन् । भिन्न भाषाभाषीहरूसँगको विचार-

विनिमयमा नेपालीलाई नै साझा माध्यम बनाउँछन् । आफ्नो मातृभाषा नेपाली मान्ने नेपालीहरूका पनि बोलचालमा नेपालीका भाषिका-उपभाषिका, क्षेत्रीयभेद-उपभेद छन् । गुल्मीमा भाषिक संगोष्ठीको नामबाट भाषिका संगोष्ठी सम्पन्न भएको छ । विद्वान्हरूको मान्यताअनुसार कुनै पनि भाषिकालाई स्वतन्त्र भाषाको दर्जा दिनुपर्ने झझल्को पाइएन ।

**सम्पूर्णाङ्क : ४३, २०५८ कार्तिक, शीर्षक : अनिष्टको अन्त्य होस्, ५ अनुच्छेद**

प्रकृतिले ल्याएको शारदीय शोभा सर्वत्र व्याप्त भएको छ । सबै नेपाली मिलेर ल्याएको बहुदलीय प्रजातान्त्रिक व्यवस्थाको आभा भने सर्वत्र पुग्न सकेको छैन । यहाँनिर बालीमा असिना परेजस्तै भएको छ । सर्वसाधारण जनता आज पनि अत्याचार, अनिकाल, अभाव, अशान्ति र पीडामा छट्पटिनु परिरहेको छ । लेख्न, बोल्न र पढ्न पाइने कुरामा प्रजातन्त्र आएको अनुभव छ । यो एउटा सुखद पक्ष हो । अहिंसाका पुजारी बुद्ध जन्मेको हाम्रो देशमा हिंसाको एउटा डरलाग्दो रोग फैलियो । समय छदै रोगको उपचार गर्ने सद्बुद्धि सबैमा फैलिओस् र यस मुलुकका जनताको गौरवमय इतिहासमा कुनै प्रकारको कलङ्क नलागी अनिष्टको अन्त्य होस् ।

**सम्पूर्णाङ्क-४४, २०५९ वैशाख, शीर्षक-कालचिन्तन, २ अनुच्छेद**

हामी पछुताउँछौं । यस्तो गरेको भए यस्तो हुने थियो । वास्तवमा काल जाँदैन हामी जान्छौं । काल बूढो हुँदैन हामी हुन्छौं । काल त अनादि र अनन्त छ । आउनुस्-हामी पनि अब अशान्ति र द्वेषलाई बिदाइ गरौं, शान्ति र भाइचारालाई स्वागत गरौं ।

**सम्पूर्णाङ्क-४५, २०५९ कार्तिक, शीर्षक-एक्काइसौं शताब्दीको साहित्य, २ अनुच्छेद**

जल, थल र नभमा विजय प्राप्त गर्ने मान्छेले अझै आफै भित्रका शत्रुहरू चिन्न सकेन, आफैलाई बुझ्न सकेन । आपसमा लड्नेहरू समाप्त भएका छन् । कुरुवंशी आपसमा लडेर सकिए । युधिष्ठिरले के जिते ? सम्पूर्ण गुमाएर मसान भूमि जिते । आपसी द्वन्द्वबाट श्रीकृष्णकै वंश भुटियो । त्यही शान्तियुद्धको शङ्खघोष बनोस् इक्काइसौं शताब्दीको साहित्य ।

**सम्पूर्णाङ्क : ४६, २०६० वैशाख, शीर्षक : वसन्त-सन्देश, २ अनुच्छेद**

सृजना पृथ्वीमा रोकिन्न क्यार ! रूखहरूमा फेरि पालुवा लागे । वन-उपवन हराभरा भए । वसन्त आयो । सर्दै जानु संसार हो । संसारमा सिर्जना छन् । अनन्त सम्भावना छन्-प्रकृतिमा । क्रान्ति त अनवरत छ । नव वर्षले, वसन्तले हामीलाई नवसिर्जनाको सन्देश दिएको छ । विगतमा जे भयो भयो-हाम्रो वशमा

छैन । अब आगत हाम्रो हातमा छ–अब रगत र आँसुले नभिजोस् हाम्रो जन्मभूमि । अब यसलाई पसिनाले सिन्चेर कल्पवृक्ष फलाउँला–हामी ।

**सम्पूर्णाङ्क–४७, २०६० कार्तिक, शीर्षक–स्वागत शरद्लाई, ५ अनुच्छेद वर्ष ३१ अङ्क १**

दिउसभरि धर्ती हाँस्छिन्–रापिला घाममा ढाड सेकाएर । रातभरि धर्ती रोएर आँचल भिजाउँछिन्–भस्मासुरे सन्तानले पिरोलेर ! सुन्दर भयो–हिमालमुनिको बस्ती । शरद्को स्वागत गरिन् प्रकृतिले । सृजना रोकिएन । प्रकृति झुक्किएन । यसपालि पनि शरद् दुरूस्तै उस्तै देखियो । केटाकेटीहरू पनि रून्नन्–आजभोलि रातमा । चकमन्न रातमा खुब कराउँछन्–स्याल र फ्याउराहरू । यस पालिको दशैं यस्तै भयो ।

**सम्पूर्णाङ्क–४८, २०६१ वैशाख, शीर्षक–नव वर्षसँग कामना, ४ अनुच्छेद**

हामी सबै एक पाइला नजिक पुग्यौं कालको । मृत्युको धराप मुनि उभिएर बाँच्न सफल भएकोमा खुसी भयौं । गोली–गट्ठा बोकेर नआओस् नववर्ष । प्रेमको पुलिन्दा बोकेर हुलाकी भई नव वर्ष आओस् र नेपाली धर्तीमा बाँडोस्–क्षमा र प्रेमका उपहार । हामी जन्मेको यो धर्ती रक्तबूँदले होइन, पसिनाका बूँदले सिंचौं । पसिनाबाट जन्मन्छ–प्रगति ।

**सम्पूर्णाङ्क : ४९, २०६१ कार्तिक, शीर्षक : जय होस्–कलमको, ३ अनुच्छेद**

हामी कालाधीन भए पनि 'हाम्रो पुरुषार्थ' कालजयी होस् भन्ने हाम्रो चाहना हो । 'हाम्रो पुरुषार्थ' मर्‍यो भने हाम्रो हात मर्नेछ, हाम्रा कलमहरू मर्नेछन्, हाम्रो सिर्जना मर्नेछ र हामी पनि जिउँदै ... । आजको विषम परिवेशमा हाम्रा कलमहरूमा पनि आक्रमण नहोला भन्न सकिन्न र हाम्रो पुरुषार्थमा पनि महासागरीय आँधीबेरी नआउला भन्न पनि सकिन्न । जय होस् पृथ्वीवासी सबैको, सबै नेपालीको, 'हाम्रो पुरुषार्थ' को र कलमको ।

**सम्पूर्णाङ्क–५०, २०६२ वैशाख, शीर्षक–स्वस्थ पत्रकारिता आजको आवश्यकता, ३ अनुच्छेद**

आजको संसार एउटा सानो सञ्चार–ग्राममा परिणत भएको छ । सञ्चारको एउटा सशक्त माध्यम पत्रकारिता हो । समाजको हितका लागि सम्यक् रूपमा गरिने प्रकाशन नै पत्रकारिता हो । सच्चा पत्रकारिताका लागि 'शुभदृष्टि' र 'समदृष्टि' को आवश्यकता पर्दछ । यी दुई दृष्टिविनाको पत्रकारिता पीतपत्रकारिता बन्न जान्छ । अनुद्घाटित घटनालाई उद्घाटित गर्नु नै खोजी पत्रकारिता हो । लोभ

र लाभबाट माथि उठी स्वस्थ पत्रकारिताका लागि कार्य गर्नु आजको आवश्यकता हो ।

**सम्पूर्णाङ्क : ५१, २०६२ कार्तिक, शीर्षक : कठिन तर गौरवपूर्ण यात्रामा, ३ अनुच्छेद**

साहित्यिक पत्रकारिता झन् बढी पीडित छ–हाम्रो मुलुकमा । अखबारहरूले पाठकको र विज्ञापनदाताको जति माया पाउँछन्, साहित्यिक पत्रिकाहरूले त्यति पनि पाउँदैनन् । नेपालको सिङ्गो पत्रकारिताको इतिहासमा एउटा इटा थप्ने प्रयासमा हामी लागिरहेका छौं । यही प्रयासको एउटा नमूना स्वरूप सम्पूर्णाङ्क ५० लाई पत्रकारिता विशेषाङ्कको रूपमा प्रकाशन गरिएको हो । हाम्रो पुरुषार्थको इतिहासमा सबै भन्दा विशालकाय आयतन लिएर प्रकाशित उक्त विशेषाङ्कको समीक्षा गरी रचनात्मक सुझाव दिनुहुन अनुरोध गर्दछौं ।

**सम्पूर्णाङ्क–५२, २०६३ वैशाख, शीर्षक–अब शान्तितिर, २ अनुच्छेद**

निरङ्कुशताका बाघपञ्जाहरूले अब नचिथोरिऊन् जनताहरू । स्वतन्त्रताका हाम्रा गगनभेदी आवाजहरू अब नरोकिऊन् त्रासले । देशनिर्माणका महायात्रामा निस्केका नेपालीहरूका पाइलाहरू गन्तव्यमा पुगून् । फर्की–फर्की सताउने निरङ्कुशता अब फेरि फर्केर नआओस् । यसको समाखान होस् राम्रो ।

**सम्पूर्णाङ्क–५३, २०६३ कार्तिक, शीर्षक–महान् स्रष्टाप्रति श्रद्धासुमन, २ अनुच्छेद**

नेपाली साहित्यमा स्वच्छन्दताका बिउ उमार्ने महाकविका सत्य, शिव, सुन्दर वाणीका गुञ्जनहरू आज पनि हाम्रा कानमा गुन्जिरहेका छन् । राजालाई रङ्क देख्ने, गरीबलाई सुखी देख्ने, मान्छेलाई ईश्वर र सत्कर्मलाई पूजा ठान्ने, विलक्षण दृष्टि भएका महाकवि देवकोटा हाम्रो धरातलमा सर्वश्रेष्ठ स्रष्टा हुन्, महापुरुष हुन् ।

**सम्पूर्णाङ्क : ५४, २०६४ वैशाख, शीर्षक : अन्योलको छायाँमा, २ अनुच्छेद**

इतिहासको एउटा कालखण्डमा संसारभर राजतन्त्र मौलायो तर समयले आफै नयाँ–नयाँ इतिहासको रचना गर्दोरहेछ । संविधानसभाको निर्वाचनमार्फत नेपाली जनताले आफूद्वारा आफ्नालागि कस्तो शासन व्यवस्था हितकर हुन्छ, रोज्न पाउने स्वर्णिम अवसर प्राप्त गर्ने भएका छन् । संविधानसभाको निर्वाचन मिति दुई–दुई पटक सारिसकिएको छ । यसले हरेक क्षेत्रमा अन्योलको अवस्था सिर्जना भइरहेको छ । अन्योलले हाम्रो पुरुषार्थलाई पनि बाँकी छाडेन । २०६४ वैशाखमा निस्कनुपर्ने अङ्क पनि अन्योलको छायाँमा पर्‍यो । आशा गरौं–२०६४ साल भित्रै देशबाट र हामीबाट अन्योलको छायाँ हटेर जानेछ ।

**सम्पूर्णाङ्क–५५, २०६६ कार्तिक, शीर्षक–हाम्रो पुरुषार्थ/हाम्रा पुरुषार्थहरू, ३ अनुच्छेद**

यस बन्जर पाखोमा ज्ञान र अक्षरको खेती गर्नु 'हाम्रो पुरुषार्थ' हो । हाम्रा 'पुरुषार्थ'हरू प्रकट बनून् हामीबाटै । लुप्तगुप्त नहून् हाम्रा पुरुषार्थी स्रष्टाहरू भनेर उदाएको हो–'हाम्रो पुरुषार्थ 'गुल्मीबाट । यसको रापताप पुगेको छ – दार्जिलिङ्सम्म, गान्तोकसम्म, आसामसम्म र अझै टाढाटाढा ।

**सम्पूर्णाङ्क–५६, २०६७ कार्तिक, शीर्षक–सम्पादकीय, ५ अनुच्छेद**

डा. टीकाराम पन्थी विशेषाङ्कको रूपमा प्रकाशित गरिएको छ हाम्रो पुरुषार्थको यो अङ्क । संस्कृतव्याकरणका अनन्य विद्वान् डा. पन्थी नेपाली भाषा, साहित्य, संस्कृतिका पनि स्रष्टा, द्रष्टा र अनुसन्धाता हुनुहुन्थ्यो । अहंकारशून्य, आडम्बररहित उहाँको कवित्व पूर्वीय महर्षिको जस्तो थियो । उहाँ स्पष्टवक्ता हुनुहुन्थ्यो । सृजनामा वेग थियो पहाडी नदी झैं । पाण्डित्यमा गहिराइ थियो–समुद्र झैं । यस्ता महामनीषीको देहान्तले भाषा, साहित्य, संस्कृतिको क्षेत्रमा अपूरणीय क्षति भएको छ ।

**सम्पूर्णाङ्क–५७, २०६८ कार्तिक शीर्षक–पुरुषार्थको बाटोमा, ३ अनुच्छेद**

अनन्त अवरोधहरू अभिन्थे अगाडि । अथक, अविश्रान्त यात्री भएर बामे सर्दै तय गरेको त्यो यात्रा स्मृतिमा आज सुखकर बनी आउँछ । किरण पुस्तकालयका पैंचालीस वसन्तहरू सार्थक छन्–पुरुषार्थप्राप्तिमा । अँध्यारोमा बत्ती बालेका ती क्षणहरू बहुमूल्य छन्–हाम्रो पुरुषार्थमा । कविगोष्ठीका यशस्वी कविहरू, सचेत स्रोताहरू, किरण पुस्कालय र हाम्रो पुरुषार्थका सकल हितैषीहरू सबैको उत्तरोतर प्रगति, सुस्वास्थ्य र सुखको कामना गर्दछौं ।

**सम्पूर्णाङ्क–५८, २०६९ कार्तिक, शीर्षक–चम्कन्छन् हाम्रा पुरुषार्थहरू, ३ बुँदा**

सिङ् र पुच्छर नहुनु मात्र मान्छे हुनुको अर्थ होइन । साहित्य, संगीत र कलाले बनाउँछ मान्छे । पुरुषार्थले बनाउँछ मान्छे । ज्ञान, विज्ञान र प्रविधिले बनाउँछ मान्छे । साहित्यमा 'सत्यम्, शिवम् र सुन्दरम्' तीनै भाव रहन्छन् । एउटा समुन्नत राष्ट्रको उदयमा साहित्य सहकारी बनोस् । यस्तै साहित्यको उपस्थितिमा चम्कन्छन् 'हाम्रा पुरुषार्थहरू ।

**सम्पूर्णाङ्क–५९, २०७० वैशाख, शीर्षक–सबैका चेतना खुलून्, ३ बुँदा**

नेपालका भाषा–साहित्य र कलाका संरक्षक मानिएका प्रतिष्ठानहरू राजनीतिक हस्तक्षेपले रूग्ण र अस्तव्यस्त छन् । मोफसलमा भाषा, साहित्य र कलालाई सहयोग गर्ने कोही छैन । जनताले उत्साहपूर्वक खोलेका पुस्तकालयहरूलाई

सरकारले वास्ता गर्दैन । हाम्रा भाषा-साहित्य मेटिए, हाम्रो अस्तित्त्व पनि माटोमय बन्नेछ । बेलैमा सबैका चेतना खुलून् ।

**सम्पूर्णाङ्क-६०, २०७० कार्तिक-पौष, शीर्षक-भानुको उज्यालोमा, ९ बुँदा**

युग बदलियो । भाका फेरिए । भानुभक्त बदलिएनन् । उनी कालजयी बनेर बाँचे आफ्ना अजरामर कृतिहरूमा । उनी शुक्रतारा झैं चम्कलान् नेपाली गगनमा । उज्यालो देलान्, हामी हिँडौला त्यस उज्यालोमा, सत्यपथमा । निष्पन्द माटोमा भानुले भरे स्पन्दन । निश्चेष्ट भूगोलमा भानुले फुके प्राण । मूक प्रजामा भानुले दिए वाणी । अँध्यारोमा भानुले दिए ज्योति । उनीपछिका दुईसय वर्षहरू उज्याला छन्-नेपालीका । सरल, सहज, सरस भाषामा नेपालीलाई अक्षर दिने, वाणी दिने भानुभक्त मृत्युञ्जय छन् ।

**सम्पूर्णाङ्क-६१, २०७० माघ-चैत्र, शीर्षक-नुनका बिउहरू, ६ बुँदा**

भाषा साहित्यलाई पन्छाएर विचार, भावना र आत्माको उन्नति हुँदैन । विचार, भावना र आत्माको उन्नतिविना राष्ट्रको प्रगति हुँदैन । भावनाको विकास भए पृथ्वीनारायण र भानुभक्तलाई कसले तेरो-मेरो भन्थ्यो र ! तसर्थ रोपौं बिउहरू आत्माका, विचारका, भावनाका, उद्यमका, सदाचारका र समृद्धिका । नरोपौं नुनका बिउ, ती उम्रिन्नन्, फुल्दैनन्, फल्दैनन् ।

**सम्पूर्णाङ्क-६२, २०७१ वैशाख-आषाढ, शीर्षक-नगर सभ्यताका पाइलाहरू, ४ बुँदा**

विद्याका, प्रविधिका, समृद्धिका उज्याला सोपानहरूमा अघि चढ्नुपर्छ नगरसभ्यता । फराकिलो हुनुपर्छ नगर, फराकिला हुनुपर्छ नगरवासीका छातीहरू । एक्काइसौं शताब्दीका पाइला टेक्दै गर्दा हामी पनि नागरिक बन्यौं । अब हामी ग्राम्यजीवनका जडता च्यात्दै नूतन जीवनशैलीमा रमाउँला । संकीर्णताहरू त्यागेर उदारतालाई स्वागत गरौंला । अहिलेलाई नवघोषित रेसुङ्गा नगरपालिकालाई हृदयतः स्वागतम् ।

**सम्पूर्णाङ्क-६३, २०७१ श्रावण-आश्विन, शीर्षक-एउटा युगपुरुषको यादमा, ४ बुँदा**

काँच राखियो, मणि फ्याँकियो । काँच फुटेर देश बिग्रियो । एउटा महानायक, एउटा युगपुरुष, एउटा शिखरपुरुष, प्रजातन्त्रका लागि लड्ने एउटा दुर्धर्ष योद्धा, मानौ एउटा सूर्य झ्यालखानामा बन्दी भयो । बी.पी. विचार हो, उनका विचारबीज झाँगिएर प्रजातन्त्र फुल्छ, स्वतन्त्रता फल्छ, समानता लहराउँछ । युगभन्दा अगाडि हिड्ने बी.पी.का विचार र कृतिहरूले युगौसम्म बाटो देखाउनेछन् हामीलाई । पुरुषले वर्तमान देख्छन्, महापुरुषले भविष्य देख्छन्, युगयुगान्तर देख्छन् सुदूरसम्म । बी.पी. महापुरुष हुन्, युगद्रष्टा हुन् ।

## सम्पूर्णाङ्क–६४, २०७१ कार्तिक–पौष, शीर्षक–देवकोटामा समर्पण, ४ बुँदा

देवकोटाका कालजयी सृजना अजरामर छन् । देवकोटाका विचार, भावना र सूक्तिहरू नेपाली जनमनमा तल्लय बनेका छन् । बाटो देखाउँछन् भविष्यलाई उनका विचारहरूले । जादू थियो जसको लेखनीमा, जसले शब्दमा भाव उन्थे, विचार बुन्थे, स्वतन्त्रता समानता र बन्धुत्वका स्वरहरू लहरिन्थे लयमा ।

## सम्पूर्णाङ्क–६५, २०७१ माघ–चैत्र, शीर्षक–हाम्रो चिन्ता, ५ बुँदा

रात बित्ला, भोलि उज्यालो प्रभात होला । हामी रमाउँला, घमाइलो बिहानीमा । चिरशोषित, उपेक्षित, वञ्चित र बुभुक्षित हामी नेपालीका दिन फर्कलान् ? हाम्रा सम्भावना र सपना विपना बनेको हामी देखौंला ? पुरानो जीर्ण घर भत्काइयो । नयाँ घर बनाइएको छैन । छरपस्ट छन्, सामानहरू । आश्रयहीन छन् जहानहरू । बर्खामा रूझौंला हामी भनेर त्रस्त छौं । खोइ बलियो जग हालेको घरको ? जसमा पौने तीन कोटि अटाउन सकून् ।

## सम्पूर्णाङ्क–६६, २०७२ वैशाख–असार, शीर्षक–भूकम्प–कहर, ५ बुँदा

भुलेर जाति र क्षेत्रका कुरा सेवामा सहयोगी हातहरू उठाऊँ । विपद्मा परेका बन्धुहरूका लागि उपकारी मन, वचन र कर्मले सहयोग जुटाऊँ । सामना गरौं यस महाविपत्तिमा । हे पृथ्वी ! तिम्रा यी पर्वत, हिमालय, जंगल हाम्रा लागि सुखकर बनून्, इन्द्रद्वारा पालित यो विस्तृत भूमि कतै खैरो, कतै कालो र कतै रातो वर्णको छ, यस भूमिमा हामी मान्छेहरू अजीत, अहत र अक्षत भई बस्न पाऊँ ।

## सम्पूर्णाङ्क–६७, २०७२ साउन–असोज, शीर्षक–लोकतन्त्र फुलोस्, फलोस्, ६ बुँदा

लोकतन्त्रमा लोक अर्थात् साधारण जनता नै जनार्दन हुन्छन्, सर्वोपरि हुन्छन् । देश र जनता नभुलौं । हामी जोखिनु पर्नेछ, कसीमा घोटिनु पर्नेछ । पाउनु नै सबै होइन । पाएका गुम्न सक्छन् । अन्योल हुँदा देशको माटोसँग सोध्नुपर्छ, जनता जनार्दनसँग सोध्नुपर्छ ।

## सम्पूर्णाङ्क–६८, २०७२कार्तिक–पौष, शीर्षक–ज्योतिर्मय बाटोमा, ४

हाम्रै सेरोफेरोमा डुल्छन् आसुरी शक्तिहरू लुकेर । तिनलाई टक्टकाएर फाल्नु छ । हामी पुनर्निर्माणमा छौं । हामी अन्योलमा छौं । दिव्य शक्तिले हामीमा शक्ति भरून् । उज्याला बत्तीहरूले हाम्रो बाटोमा प्रकाश छरून् । हामी हिड्न सकौं ज्योतिर्मय सत्पथमा, जसले हामीलाई पुऱ्याउनेछ सत्, चित् र आनन्दमा ।

**सम्पूर्णाङ्क : ६९, २०७२ माघ-चैत्र, शीर्षक : हाम्रो पुरुषार्थका प्रश्नहरू, ६ बुँदा**

आधारविना आधेय टिक्दैन र हामी आधार भत्काएर आधेयको जगेर्ना गर्न खोज्छौं । राष्ट्रको इतिहास मेटेर हामी राष्ट्र खोज्न हिड्छौं । लोकको मन भाँचेर हामी खुसी खोज्न बरालिन्छौं । भेद रोपेर हामी एकता उम्रेको हेर्न चाहन्छौं । खै कथा हाम्रा पुरुषार्थका? राष्ट्रनिर्माणका सपनाहरू लुटिए कताबाट? कसरी छायाँ परे-राष्ट्रका वाणीहरू ? कसरी थला परे-राष्ट्रका कला, गला र संस्कृतिहरू ? कसरी बिथोलिए-राष्ट्रिय गौरव र पहिचानहरू ? कसरी निमोठिए-हाम्रा सृजना, आकांक्षा र सपनाहरू ?

**सम्पूर्णाङ्क-७०, २०७३ वैशाख-असार, शीर्षक-भानुप्रति कृतज्ञता, ६ बुँदा**

भाषा प्रकृति हो, यसको गति प्राकृत हुन्छ । कृत्रिम राजनीतिबाट पृथक् रहेर नेपाली भाषाको विकासका लागि अविररल साधना चलिरहनेछ । हाम्रो यो राष्ट्र यशस्वी पुर्खाको विरासत हो । हाम्रो भाषा हाम्रो राष्ट्रको स्पन्दन हो । यसैमा नेपाली सभ्यता र संस्कृति झंकृत हुन्छ । नेपाली जातिलाई वाणी दियो, भक्ति दियो, रस दियो, नीतिकों उज्यालो दियो ।

**सम्पूर्णाङ्क-७१, २०७३ साउन-असोज, शीर्षक-दशैंको शुभकामना, ४ बुँदा**

विपत्तिहरूका बीचमा, अभावहरूका बीचमा, स्वजनहरूको बिछोडका बीचमा दशैं मनाउन बाध्य छौं हामी । देश सन्देह, संक्रमण, अनीति चिर्दै विश्वास, स्थिरता र नीतिको बाटोमा अघि बढोस् । नेताहरू नीतिमा चलून् । जनताहरू कर्तव्यपथमा हिड्न् । राष्ट्रसेवकहरू लोभ छाडी राष्ट्रसेवामा जुटून् । सर्वत्र देशविकासका मूल फुटून् । समुन्नतिको शुभकामना ।

**सम्पूर्णाङ्क-७२, २०७३ कार्तिक-पौष, शीर्षक-हामी, ५ बुँदा**

नाम फेरियो, काम फेरिएन । पात्र बदालिए, प्रवृत्ति बदलिएन । हामीले गोहीका आँसु बगाएर जगत् हँसायौं । मानौ हामी जीवन्त स्वरूप हौं विसंगतिका, विद्रूपताका र अनौचित्यका । कला, प्रज्ञा, प्रविधि, विद्याजस्ता विषयमा हामी भागबन्डा गर्छौं । अयोग्यलाई स्थान र मान दिन्छौं, राष्ट्रलाई रसातलमा पुर्स्याउँछौं । हामी एक थुँगा नेपाली थियौं, च्यातिएर अनेकथरी भयौं । च्यातेको थुँगा झैं पहिचानशून्य, नामशून्य, अस्तित्वशून्य भएर हामी कता जाँदैछौं ?

**सम्पूर्णाङ्क-७३, २०७३ माघ-चैत्र, शीर्षक-फागुन सात, ५ बुँदा**

बिर्सनु हुँदैन हिजो भएको परिवर्तनलाई, क्रान्तिको जगलाई । भुल्नु हुँदैन-पुर्खाको पौरखलाई, त्यागलाई, बलिदानलाई जस्मा टेकेर आयौं हामी । फूल सुघ्नेहरूले, फल चाख्नेहरूले सम्झनुपर्छ-हिजोका हातहरूलाई । मत्त, उन्मत्त, प्रमत्त बन्नु

हुँदैन प्राप्तिमा । आजको लोकतन्त्रमा सन्तानब्बे र सात सालका शहीदका बलिदानको सुवास छ ।

**सम्पूर्णाङ्क–७४, २०७४ वैशाख–असार, शीर्षक–हाम्रो सम्बन्ध–सेतु : नेपाली भाषा, ५ वटा बुँदा**

हरेक भाषा हाम्रा सम्पत्ति हुन् । अनेक भाषाभाषीबीच सम्बन्धसेतु बन्छ–नेपाली भाषा । प्रवासमा, प्रदेशमा, स्वदेशमा नेपाली जातिको गौरव र प्रतिष्ठा बन्छ–नेपाली भाषा । मेचीमहाकाली जोड्छ नेपाली भाषाले । दार्जिलिङ्ग, सिक्किम, आसाम, देहरादूनसम्म संस्कृति र भाषामा जोडिन्छौं–हामी । नेपालको राष्ट्रियता, सभ्यता र संस्कृतिको साझापन बोकेर समुन्नत नेपालको साझा भाषा बनोस् नेपाली भाषा ।

**सम्पूर्णाङ्क–७५, २०७४ साउन–असोज, शीर्षक–उज्ज्वल मोती, ५ बुँदा**

नेपालीका प्रथम अन्वेषक, प्रथम समीक्षक, प्रथम सम्पादक, प्रथम गजलकार यस्तै यस्तै प्रथम हुन् उनी । शाश्वत भावका युवक कवि, माध्यमिक कालका नायक, प्रणयभावका गायक ! मोतीलाई मोतीजस्तै शुभ्र, स्निग्ध, निर्मल, सुन्दर भावहरू चढाउँछौं । समय शताब्दीऔं घस्रियो, मोतीको प्रणयभाव जाग्रत छ । आज पनि नेपालका गाउँमा, शहरमा 'प्रोषितभर्तृका' थुप्रै होलान् । 'पीकदूत' गाइरहँदा हुन्–मनमनै ।

**सम्पूर्णाङ्क–७६, २०७४ कार्तिक–पौष, शीर्षक–कविशिरोमणिलाई सम्झेर, ४ बुँदा**

जसले कवितामा परोपकार, अहिंसा, करूणा र शान्तिका धुनहरू सुसेल्यो–युगान्तकारी काव्यस्रष्टालाई सश्रद्धा सम्झेर । भौतिक वैभवको चमक–दमकलाई सर्वस्व ठान्नेहरूलाई जीवनको नश्वरता, क्षणभंगूरता र अनित्यताको पाठ पढायो, तिनै कवि–कोकिल कविशिरोमणिलाई सभक्ति सम्झेर । उनका कृतिहरू अजरामर छन्–हाम्रो भाषामा–वाङ्मयमा एकाकार भएर ।

**सम्पूर्णाङ्क–७७, २०७४ माघ–चैत, शीर्षक–श्रद्धामा इन्द्रबहादुर राई, ७ बुँदा**

नेपाल राज्यको सीमापार रहेर नेपाल र नेपालीप्रति असीम माया गर्ने विराट् व्यक्तित्व थिए उनी । उनी धुरी थिए तेस्रो आयाम र लीलालेखनका । उनी थिए इमान र निष्ठाका पर्याय । नेपाली भाषा आन्दोलनका अथक योद्धा । उनीसँग लुकाउने कुरा केही थिएन । थिए स्फटिकझैं पारदर्शी मनका । बौद्धिकताले, नूतन शिल्पले, विलक्षण भाषा प्रयोगले उनी अनुपम छन् । बाँचेर नब्बे वर्षको सार्थक जीवन, भरेर साहित्यको भण्डार, उचाइमा पुगेर कीर्तिको, यी दिग्विजयी कलमवीर २०७४ साल फागुन २२ मा दिवंगत भए ।

**सम्पूर्णाङ्क-७८, २०७५ वैशाख-असार, शीर्षक-अजरामर मार्क्स, ६ बुँदा**

एउटा अजरामर विचारधारा बगेको छ उनीबाट । ती सपनाहरू जो गरिखाने वर्गका लागि बुनिए । ती विचारहरू जो समानताका लागि उठे । आज हामी आचार खोजिरहेछौं । विचारहरू मृगतृष्णा नबनून् भनेर । मिठा सपनाभन्दा निर्मम यथार्थ देखे उनले । खरो भाषामा लेखे उनले संसार हल्लाउने क्रान्तिकारी विचारहरू । मेधा र प्रतिभाका प्रतिमूर्ति मार्क्सले तेइस वर्षमा विद्यावारिधि गरे । क्रन्तिकारी विचारले देश निकाला भए जर्मनीबाट । बेलायतमा बसेर साधना गरे । विद्या, विचार र क्रान्तिका धुरन्धर हुन्-मार्क्स । ती विचारबीजहरू राजनीतिमा मात्र होइन, चिन्तन धारामा, कलामा, साहित्यमा, सौन्दर्य-शास्त्रमा पनि झाँगिएका छन् । ती फुलून्, ती फलून् ।

**सम्पूर्णाङ्क-७९, २०७५ साउन-असोज, शीर्षक-पुस्तक र पुस्तकालय, ५ बुँदा**

हाम्रा शरीरहरू क्षर छन् । हाम्रा कृतिहरू अक्षर छन् । हाम्रा ज्ञान, कला, प्रविधि अक्षर छन् । अक्षरहरू अडिन्छन् पुस्तकमा । ज्ञानसागर छचल्किन्छ-पुस्तकमा । मानव सभ्याताका प्रतीक हुन्छन् पुस्तकालयहरू । जहाँ पुस्तकालय छैनन्-त्यहाँ सभ्यता छैन । विकासका सूचकहरू भौतिक मात्र हुँदैनन् । आत्मिक, नैतिक, सांस्कृतिक पनि हुन्छन् । समाजलाई समुन्नत बनाउन चाहिन्छ पुस्तकालय ।

**सम्पूर्णाङ्क-८०, २०७५ कार्तिक-पौष, शीर्षक-यात्रा पचास वर्षको, ५ बुँदा**

उज्यालोको अर्को नाम किरण हो । पुस्तकालय एउटा मन्दिर हो-ज्योतिर्मय वाग्देवीको । जहाँ किरण छ त्यहाँ सत्य आलोकित छ । जागौं किरणले ज्योतिर्मय पथको यात्री बनी । चुनौतीका पर्खालहरू नाघ्दै, समस्याका पहाडहरू चढ्दै, कठिनाइका जंघारहररू तर्दै तय भएको यात्रा हो यो पचासवर्षको । पुस्तकालयबाट विद्याका किरणहरू प्रस्फुटन भई जनमन उज्ज्वल बनून् सार्थक बनून् पुरुषार्थहरू ।

**सम्पूर्णाङ्क-८१, २०७५ माघ-चैत्र, शीर्षक-सावधान ! पृथ्वी तात्दैछ !, ५ बुँदा**

विज्ञानका वरदानहरू हाम्रा लागि अभिशाप बन्दैछन् । हाम्रो सुन्दर प्रकृति, हाम्रो आधार धरा विरूप र विकृत बन्दैछिन् । जीवन दुरूह बन्दैछ धरतीमा । औद्योगिक राष्ट्रहरूले उत्पन्न गरेको हलाहलले हामीजस्तालाई डढाल्ने छ । तापक्रम बढ्दा हिमालको दुइतिहाई हिउँ पग्लनेछ । हिमनदीहरू सुक्नेछन् । मौसमी चक्र र मनसुनलाई कुप्रभाव पार्नेछ । मरूभूमि बन्नेछन्-हराभरा फाँटहरू । भयावह हुनेछ स्थिति ।

**सम्पूर्णाङ्क–८२, २०७६ वैशाख–असार, शीर्षक–राष्ट्र, भाषा र साहित्य, ४ बुँदा**

अङ्गप्रत्यङ्ग हुन् यी राष्ट्रका हिमालहरू, पहाडहरू, मैदानहरू ! भाषा वाणी हो राष्ट्रको । सबै भाषा सभ्यता र संस्कृति बोकेर उभिएका छन् । नेपाली भाषा सम्बन्ध-सेतु हो हाम्रो । यो समग्र नेपालको पहिचान हो । साहित्यमा राष्ट्रको ढुकढुकी बज्छ । साहित्यमा राष्ट्रको मानवजीवन लहराउँछ । खण्डखण्डमा विभाजित हाम्रा मनहरू नेपाली राष्ट्रिय एकताको सूत्रमा उनिएर एकाकार बनून् ।

**सम्पूर्णाङ्क–८३, २०७६ साउन–असोज, शीर्षक–भानु चम्काउने मोती, ५ बुँदा**

नक्षत्र हुन् हाम्रा उज्याला । रत्न हुन् हाम्रा उम्दा । उनी छन् अनुपम आफैमा । हामी भन्छौं, उनी हुन्-शंकराचार्य झैं, विवेकानन्द झैं, कीट्स झैं, शेली झैं । एउटा सिंगो युग बोकेका छन् मोतीले साहित्यमा । नेपाली साहित्यको इतिहासमा अजरामर छन् मोती । मोतीका प्रकाशमा बाटो पहिलाएथ्यो नेपाली भाषा र साहित्यले ।

**सम्पूर्णाङ्क–८४, २०७६ कार्तिक–पौष, शीर्षक–महाकवि देवकोटाप्रति श्रद्धाञ्जलि, ४ बुँदा**

एउटा कल्पनाशील, स्वप्नशील दिव्य करूणामय आत्मा बनी लोकहितार्थ प्रमिथस बनेर झरेको थियो पृथ्वीमा ऊ एउटा देवदूत । एउटा देवपुत्र ! अमरावतीबाट । वाल्मीकि र व्यास झैं विलक्षण सिर्जनासामर्थ्य हुने त्यस शारदापुत्रलाई, त्यस महापुरुषलाई वन्दना गर्दछौं । मान्छेको चेतनाको धुरी कति अग्लो हुन्छ?त्यो धुरी थियो ऊ । मान्छेको सृजनशीलताको चुली कति अग्लो हुन्छ ? त्यो चुली थियो ऊ । जसलाई सम्झँदा हाम्रो शिर श्रद्धाले झुक्छ । त्यस श्रष्टालाई सगौरव सम्झन्छौं हामी ।

**सम्पूर्णाङ्क–८५, २०७६ माघ–चैत्र, शीर्षक–कोरोनाको कहर, ५ वटा बुँदा**

कालसर्प झैं फणा उठाएर कोरोना मानव जातिमाथि आक्रामक बनेको छ । हामी साधनहीन छौं । अनुशासनले, धैर्यले, मन्त्रबलले, औषधले, आचरणले हामी कोरोनासँग सामना गर्नुपर्छ । हे वायु ! औषधिका थोपाहरू उडाएर ल्याऊ । तिमी विश्वका औषध हौ र देवताका दूत हौ ।

**सम्पूर्णाङ्क–८६, २०७७ वैशाख–असार, शीर्षक–प्रयासीको सम्झनामा ४ बुँदा**

जुनकिरी झैं थिए अँध्यारोमा सानो उज्यालो बालेर । वनफूल झैं निर्जनमा फुलेका प्राकृत फूल थिए उनी । उनले जति लेखे जनताको भाषामा लेखे, जति गाए स्वान्तःसुखाय गाए । देवकोटा र धर्मराज थापाको प्रभाव उनको सृजना र गायनमा प्रतिबिम्बित छ । नेपाल राष्ट्रका स्पन्दन र गुञ्जन छन् उनका अक्षर र शब्दमा ।

**सम्पूर्णाङ्क–८७, २०७७ साउन–असोज, शीर्षक–राष्ट्रकविको स्मृति, ५ बुँदा**

सृजनाका मृत्युञ्जय गीतहरू गायौ । जिजीविषा र शृङ्गारका शास्वत भावहरू गायौ । अखण्डता र एकताका ओजस्वी गानहरू गायौ । राष्ट्रप्रेम, प्रकृतिप्रेम, शृङ्गार, मानवता, सृजना, करूणा, रहस्य र सौन्दर्यका भावहरू छताछुल्ल छन्– राष्ट्रकवि माधव घिमिरेका काव्यकृतिहरूमा । भावुकता र हार्दिकता, स्वच्छन्दता र कलाका दोभान हुन् उनी ।

**सम्पूर्णाङ्क–८८, २०७७ कार्तिक–पौष, शीर्षक–सिसिफसको कथा, ४ बुँदा**

नालायकहरू पदका लागि लडिरहे । प्रत्येक महिना संक्रान्ति आए पनि नेपालीलाई संक्रान्ति आएन । क्रान्तिले लोकतन्त्रको सुमधुर फल फलाउला भनेको त पार्टीतन्त्रको तितो ऐरलु पो फलायो । यसले त राष्ट्रिय एकताको उनेको माला च्यातेर छिन्नभिन्न गरायो । हामीले राष्ट्रमा भस्मासुरको दाइँ देखिरह्यौं । एकता होइन, गुट, फुट र पदलोलुपताको चर्तिकला हेरिरहेछौं । अस्थिरताको भुमरीमा घुमिरहेछौं ।

**सम्पूर्णाङ्क–८९, २०७७ माघ–चैत्र, शीर्षक–कवि प. भीमकान्त पन्थीका स्मृतिमा, ५ बुँदा**

विद्वत्ता, प्रतिभा र जाँगर तीनै जुट्ने महानुभावहरू दुर्लभ हुन्छन् । १०० वर्ष पहिले जन्मेर त्यस बेला त्यत्रो विद्वत्ता आर्जन गर्नु नै एउटा विस्मयकारी विषय थियो । जस्तो विचार उस्तै आचार भएको सङ्लो जीवन थियो उनको । एउटा आदर्शमय र अनुकरणीय महापुरुष थिए उनी । सादगीपूर्ण विनम्र तर आफ्नो निष्ठामा हिमालझैं अटल थिए उनी । उनी कालिदास, श्रीहर्ष, माघ र भारविका समतुल्य छन् । हामी चिरस्थायी बनाउन चाहन्छौं–उनका स्मृतिलाई, प्रीतिलाई र कृतिलाई ।

**सम्पूर्णाङ्क–९०, २०७८ वैशाख–असार, शीर्षक–बुद्धम् शरणम् गच्छामि, ५ बुँदा**

राजगद्दी छाडेर भिक्षु बनेको एउटा त्यागमूर्ति । मैत्री, करूणा, मुदिता र उपेक्षाका भावनाहरूबाट उद्दिप्त एउटा करूणामूर्ति । बुद्धको शरणमा जान सकेनौ हामी । आचारबाट बुद्धपथमा हिंड्न जानेनौं हामी । हिंसा, चोरी, व्यभिचार, असत्य, मद्यपान बढिरहेको राष्ट्रमा बुद्धका शीलहरू बबुरा बनिरहेछन् । हामी आचारमा बुद्धलाई बेचिरहेछौं फगत् । लुम्बिनीको सन्देश सुनौं–पञ्चशीलको । सम्झौं हाम्रा विभूतिलाई राष्ट्रका । उनका मूर्ति र मन्दिरको चर्चा होइन, उनका विचार र आचारहरूलाई हृदयङ्गम गरौं ।

**सम्पूर्णाङ्क–९१, २०७८ साउन–असोज, शीर्षक–अहिले आफ्नै कुरा, ४ बुँदा**

भव्य भवनभित्र सरेको छ अहिले पुस्तकालय । भवन शरीर हो; भावना चेतना हो पुस्तकालयको । मान्छे रित्तिदै गएका पहाड खण्डमा रहेर किरण पुस्तकालयले देखाएको पुरुषार्थले मान्छेका मनहरू तानेको छ । जगका ढुङ्गाहरूलाई नमन जसमा वर्तमान उभिएको छ । भविष्यत्को काँध थाप्नेहरू जुट्नुपर्छ । जोडिनुपर्छ युगका शृङ्खलाहरू । भाग्य हाम्रो हातमा छैन, पुरुषार्थ हाम्रो हातमा छ । हाम्रो पुरुषार्थ अलिकति स्वच्छन्दता, अलिकति उदारता, अलिकति परिष्कार र अलिकति मर्यादाको राजपथमा सुस्तरी हिडिरहेछ ।

**सम्पूर्णाङ्क–९२, २०७८ कार्तिक–पुस, शीर्षक–भवतु सब्ब मंगलम्, ४ बुँदा**

जौबाट पवित्र प्रसाद पनि बन्छ, अपवित्र जाँड पनि बन्छ । संस्कृतिको नाममा चलेका कतिपय विकृति पनि हुन्छन् समाजमा । प्रकृतिलाई संस्कृति बनाऊँ, विकृति नबनाऊँ । प्रकृतिको यो उपहारलाई यो कल्पवृक्षलाई मार्नुहुन्न । पृथ्वी मान्छेको मात्र बिर्ता होइन । यहा पशुपंक्षी छन्, कीट–पतङ्ग छन्, मान्छे छन् । हामी प्रकृति बनाउन सक्दैनौं तर जोगाउन सक्छौं, नबिगार्न सक्छौं । प्रकृति जोगाऊँ, संस्कृति जोगाऊँ, वातावरण जोगाऊँ । भवतु सब्ब मंगलम् ।

**सम्पूर्णाङ्क–९३, २०७८ माघ–चैत्र, शीर्षक–होली, ४ बुँदा**

उमंग भएपछि सर्वत्र रंग हुन्छ । फाग गाइन्थ्यो चोर औलो ठड्याउँदै, विशुद्ध नेपाली मन । हाम्रो विकासले होलीपछि धूलो उडाउँछ । हाम्रो विकासले बर्खामा गाउँ बगाउँछ । प्रेममिलनको पर्व हो होली । शान्ति र मानवताको सन्देश हो होली । बलमिच्याइ चलिरहेछ संसारमा । शस्त्रास्त्रका होड चलिरहेछन् । युद्धका उन्मादहरू अट्टहास गरिरहेछन् ।

**सम्पूर्णाङ्क–९४, २०७९ वैशाख–असार, शीर्षक–समुन्नतिका सोपानहरू, ५ बुँदा**

देशको शान जोडिन पर्छ अलिकति । देशवासीको मान जोडिनुपर्छ अलिकति । उन्नतिसित अलिकति न्याय र समानता पनि जोडिनुपर्छ । नत्र त समुन्नति भस्मासुर बन्छ । हाँसो फुलेका अनुहारहरूमा समुन्नतिका प्रतिबिम्बहरू झल्कून, चिल्ला बाटा र आलिशान महलहरूमा होइन, जनताका मुस्कान र खुशीहरूमा समुन्नति फुलून् ।

**सम्पूर्णाङ्क–९५, २०७९ साउन–असोज, शीर्षक–मान्छे र बाटाहरू, ४ बुँदा**

पथभ्रष्ट बन्नु हुँदैन मान्छे । कस्ले जोख्छ पथभ्रष्ट मान्छेका कानहरू ? माटो जोगाएर बनाउनुपर्छ बाटाहरू । माटोभन्दा ठूलो के छ ?बुझौं, कसले चोरिरहेछ

हाम्रा बाटाहरू ? कसले भाँडिरहेछ हाम्रा चित्तहरू ? कसले ओसारिरहेछ हाम्रो माटो सुस्तसुस्त? दोबाटोमा माटो समाएर संकल्प गरौं । बाटो समाएर हिँडौं ।

**सम्पूर्णाङ्क–९६, २०७९ कार्तिक–पौष, शीर्षक–प्रकृतितर्फ फर्केर, ५ बुँदा**

हामी प्रकृतिलाई घोडा बनाएर दमाल्न उद्धत छौं तर हामी प्रकृति होइनौं, प्रत्यय हौं । हामी जति माथि उडे पनि बाफ बनेर अन्ततः थोपा बनेर झर्नुपर्छ यही धरतीमा । किन हामीले निर्दोष पशुपंक्षीहरू, मान्छेहरू सबैको जीवनाधार प्रकृतिलाई गिजोलिरहेछौं । हुनसक्छ कुनै दिन मान्छे आफ्नै आविष्कारबाट लोप हुनेछ डाइनोसरझैं ।

**सम्पूर्णाङ्क–९७, २०७९ माघ–चैत्र, शीर्षक–पानी पखाल्नुको पीडा, ५ बुँदा**

सबैलाई धुने, पखाल्ने पानी किन धमिलिएको छ ? मैलिएको छ ? कपडाहरू मैला हुनन्-पानीले धोउँला । शरीर मैलो होला-पानीले नुहाउँला । भाँडाहरू मैला होलान्-पानीले पखालौंला । पानीलाई केले पखाल्ने होला ? केले माझ्ने होला ? आगाकी पनि जननी हो पानी । पानीको पेटमा आगो हुन्छ–वडवानल । हो पानीले आगो निभाउँछ । कहिले आगोले पानी सुकाउँछ । पानीबाट आगो निस्कन सक्छ ?

**सम्पूर्णाङ्क–९८, २०८० वैशाख–असार, शीर्षक–रुरुक्षेत्रं ततः परम्, ५ बुँदा**

भगवान् हृषीकेशलाई भेट्न हिमालबाट हतार-हतार झर्छिन् काली गङ्गा यहाँ । जहाँ मान्छेका आस्था, प्रथा र संस्कृतिका आँखीझ्याल छन् । त्यो रुरुक्षेत्र हाम्रो धर्म, संस्कृति, कला, इतिहास र सभ्यताको केन्द्र पनि हो । जहाँ गण्डकी र रिडी भेट हुन्छन्-आमाछोरी झैं । जहाँ गण्डकी र हृषीकेश भेट हुन्छन्-आमाछोरा झैं । नदीका यी छालहरू जीवनका गति र मतिका याद दिलाइरहेछन् । यस महातीर्थमा देशदेशान्तरका असङ्ख्य तीर्थयात्रीहरू भरियून् । विश्वास, आस्था र इतिहासका भव्यताहरू विकास, निर्माण र नूतन शिल्पले सिंगारिऊन् ।

**सम्पूर्णाङ्क–९९, २०८० साउन–असोज, शीर्षक–विपनाहरू/सपनाहरू, ५ बुँदा**

निर्जन बन्दैछन् बस्तीहरू । श्रम, सीप र जाँगर बगिरहेछ भेलसँगै तलतल । बाँझै छन् खेतबारीहरू । शून्य छन् आँगनहरू । भग्न हुन थालेका घरभित्र, छन् - भग्नहृदय बाआमाहरू । यस्तोमा कृषिक्रान्तिको सपना देखिरहेछन् माटो र हिलो नदेखेका एक थरी मान्छेहरू ।

**लागेको विषय**

*मान्छेलाई मान्छे बनाउने सामर्थ्य यस 'हाम्रो पुरुषार्थ'मा छ भन्ने कुरा यसले आफ्नो एक शताब्दी पूरा गरेकोबाट नै प्रष्ट हुन्छ । त्यसैले हाम्रा सबै खाले पुरुषार्थको योगबलबाट यस्ता अङ्कहरू सयौं निकाल्नुपर्दछ । यही नै यसको खास पुरुषार्थ र सार्थकता हुने देखिन्छ ।*

मेरो यहाँको लेखाइ अचम्मको भएको छ । कताकता नमिलेको आभास भइरहेको छ । मेरो रोजाइ पनि त्यस्तै भयो भन्नुपर्दछ । जे भए पनि यस शताङ्कमा मलाई समावेश गर्न पाउनु नै अहो भाग्य ठानेको छु । म जन्मनुभन्दा ठिक आठ वर्ष पहिले २०२५ सालमा जन्मिएको रहेछ 'किरण पुस्तकालय' । आफू जन्मेको ५ वर्षमै 'हाम्रो पुरुषार्थ' को जन्म पनि 'किरण'बाटै समाजमा अझ ठूला किरण छर्नलाई भएको रहेछ । म यी दुबैको समीपमा बल्ल २०५३ सालमा पुगेको हुँ । यसपछि भने म 'किरण' र 'पुरुषार्थ' दुबैसँग बाआमा जस्तै भएर निरन्तर भौतिक/अभौतिक रूपमा जोडिन पुगेको छु । मैले 'किरण' र 'पुरुषार्थ'लाई दिनु भन्दा पनि धेरै कुरा लिएको छु । त्यहीबाट प्राप्त ज्ञानको 'किरण' र आँट भर्ने 'पुरुषार्थ'ले नै मलाई यहाँसम्म ल्याइपुर्‍याएको छ । 'भनभनेली' भनेर चिनाउने सुनौलो अवसर प्राप्त भएको छ । २०५३ भन्दा पहिले साहित्य के हो ? सिर्जना के हो ? खोज के हो ? ज्ञान र ध्यान के हो ? अग्रज र अनुज को हुन् ? भन्नेजस्ता थुप्रै कुराहरू मलाई शून्य नै थियो । यी सबै कुरा मलाई यसै पुस्तकालय र यसै प्रकाशनले दिएको हो । 'हाम्रो पुरुषार्थ'का केही अङ्कमा मैले मेरा मिलेनमिलेका विचारहरू पनि प्रस्तुत गर्ने अवसर पाएको छु, यसमा म धन्य छु ।

यसरी मान्छेलाई मान्छे बनाउने सामर्थ्य यस 'हाम्रो पुरुषार्थ'मा छ भन्ने कुरा यसले आफ्नो एक शताब्दी पूरा गरेकोबाट नै प्रष्ट हुन्छ । त्यसैले हाम्रा सबै खाले पुरुषार्थको योगबलबाट यस्ता अङ्कहरू सयौं निकाल्नुपर्दछ । यही नै यसको खास पुरुषार्थ र सार्थकता हुने देखिन्छ । 'हाम्रो पुरुषार्थ'मा गरेको पुण्यले धेरैका पापहरू स्वतः पखालिएका छन्, कटिसकेका छन्, हटिसकेका छन् । आगामी दिनहरू 'हाम्रो पुरुषार्थ'मा हाम्रै पौरख गर्नका लागि गौरवमय अजस्र प्रेरणाको स्रोत बनिरहनेछ भन्ने आशा र अपेक्षा गर्दै यसको सदा श्रीवृद्धिको कामना गर्दछु ।

✍ **शाखा अधिकृत - मुख्य मन्त्री तथा मन्त्रिपरिषद्को कार्यालय, लुम्बिनी प्रदेश ।**

**०००**

# कामना



✍ **काशीनाथ मिश्रित**

के लेखौं के नलेखौं अलमल म परें आफूभन्दा छ जेठो !
बित्दा आधा शताब्दीतक अझ छरितो सोह्र वर्षे छ केटो !!
तन्नेरी जोश झिक्दै कदम अझ कडा चाल्न थाल्यो अचम्मै !
यस्को उत्साह देख्दा बुधजनहरू पो पर्दछन् क्यार दङ्गै !!

गुल्मीको चेतनाको किरण छरिछरी भैगयो देशव्यापी !
राम्रो साहित्यरूपी मधु ! विविध विधा पुस्तकाकार छापी ।
रेसुङ्गा टाकुरा झैं अति अटल रही नाम यस्ले कमायो
गुल्मीमा जन्मिए तापनि मुलुकभरी सान यस्ले जमायो ।

पोखिन्छन् भावनामा कविमनहरूका काव्यकृति यसैमा !
लामाछोटा कथाका अविरल झरना नित्य बग्छन् यसैमा !!
यस्को भित्री कुनामा मृदु गजलसँगै गीत गुञ्जीरहन्छन् ।
उर्ली साहित्यधारा अमृतमय मिठा भेल यस्मै बहन्छन् ।

कैयन् आए बिलाए तर अझतक यो धर्तिमा चम्कँदै छ
उम्दो उत्साह बोकी गमक गज सरी मार्गमा लम्कँदै छ ।
गाह्रा साह्रा छिचोल्दै कदम बढिरह्यो लक्ष्यमा पुग्नलाई!
बाधा कैल्यै नआऊन् गतिमय पथमा दक्षता चुम्नलाई ।

आफ्नो आभा फिँजाओस् दिनभर रविले रातमा चन्द्रलेझैं
आफ्नो बास्ना चलाओस् जगतभर सधै जङ्गली कस्तुरी भै ।
भावी पुस्ताहरूले युगयुगतक नै यो पुरुषार्थ पाऊन् !
मेट्दा मेट्नै नसक्ने गरिकन दिलमा ढुक्ढुकी तुल्य राखून् ॥

✍ **शिक्षक : जनकल्याण मा.वि., कालीगण्डकी–५, फोक्सिङ, गुल्मी ।**

ooo

// लेख //

# सबैको पत्रिका 'हाम्रो पुरुषार्थ'



कमला गौतम

डाँडा र पाखाले भरिएको सुन्दर र मनोरम गुल्मी जिल्ला जहाँ म जन्मिएकी थिएँ । तिनै पाखा-पखेरा हेर्दै पाइला टेक्ने अनुमति पाएँ त्यही धर्तीमा । तर आज समयले बगाउँदै र हुत्याउँदै कहाँ-कहाँसम्म लग्यो र अहिले शहरको कतै कुनामा लगेर थन्क्याए पनि मनले जन्म ठाउँ र कुल्चिएको माटो खोजिरहँदा यो मन उतै डुलिरहँदा र उतैको गन्ध खोजिरहेको बेला आदरणीय दाजु शशि पन्थीसँग भेट भयो । समाजसेवी लेखक दाजुका कुराहरूबाट धेरै प्रभावित भएँ ! दाजुले मैले लेखेका रचनाहरू छपाइदिने भनेर अनुमति लिनुभयो । म खुशीले गदगद् भएँ । ऋषिहरूको तपोभूमि रेसुङ्गाको काखमा रहेको गुल्मीको सदरमुकाम तम्घासको किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थमा मेरा पनि एक दुई रचना समावेश भए ।

आफ्नै जिल्लाको सबै नालीबेली 'हाम्रो पुरुषार्थ'मा अध्ययन गर्न मौका पाएँ । सबैका लेख रचनालाई समेटेर तीन-तीन महिनामा प्रकाशित हुने हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिकामा गुल्मीको सेरोफेरो, मन्दिर र तीर्थस्थलहरूको परिचय, कथा, कविता, लेख, निबन्ध कृतिसमीक्षाजस्ता यावत् कुरा पढ्न पाइँदो रहेछ । सबै जात धर्म र लिङ्ग समेट्न सफल हाम्रो पुरुषार्थ हिमाल, पहाड, तराई, विदेश सबैको साझा पत्रिका हो-'हाम्रो पुरुषार्थ' । पछाडि पृष्ठमा महिला हिंसा नहोस् भनेर दिइएको अभिव्यक्ति पुस्तकको आकर्षणको केन्द्र हो

यस पत्रिकाको अब सय अङ्क प्रकाशित हुँदैछ । यही पावन अवसरमा सम्पादक आदरणीय दाजुहरू शशि पन्थी र दीन पन्थीलगायत सबै टिमलाई हार्दिक बधाई तथा शुभकामना दिदै अझ धेरै अङ्कहरू प्रकाशित भइरहून् भन्ने कामना गर्दछु ! मेरा पनि फरक अङ्कमा दुई रचना समावेश गरिदिनुभएकोमा दाजु शशि पन्थीमा हार्दिक आभार व्यक्त गर्दछु । अझ लेखिरहन पाऊँ पढिरहन पाऊँ भन्ने शुभेच्छा राख्दछु ! जय गुल्मी ! जय देश ! ।

काठमाडौं महानगरपालिका-१४, काठमाडौं ।

०००

# हाम्रो पुरुषार्थका विशेषताहरू

✍ पुष्करराज रेग्मी



वि.सं. २०२५ साल कार्तिक २० गते मंगलबारका दिन किरण पुस्तकालयको स्थापना भएको हो । पञ्चायतकालीन कालरात्रिको समयमा सर्वश्री शशि पन्थीको अगुवाइमा गाईगोठको एउटा कोठामा खुलेको किरण पुस्तकालय हाल रेसुङ्गा नगरपालिका वडा नं ८ चिदीचौर, लाँकुरीमञ्च, तम्घास, गुल्मीमा अवस्थित छ । पुस्तकालय स्थापना भएको केही वर्षपछि वि.सं. २०३० साल कार्तिक २५ गते शनिबारका दिन महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्ती (लक्ष्मीजयन्ती) मनाउने क्रममा किरण पुस्तकालयद्वारा पहिलो पटक वार्षिक मुखपत्रको रूपमा प्रकाशित हाम्रो पुरुषार्थ अहिले वर्ष : ५०, सम्पूर्णाङ्क : १०० को रूपमा सार्वजनिक भएको छ । यस पंक्तिकारले १४ वर्षको उमेरमा वि.सं. २०४० सालमा पहिलो पटक हाम्रो पुरुषार्थ स्वाध्ययन गर्ने अवसर पाएको थियो । पंक्तिकारको कोठे पुस्तकालयमा हाम्रो पुरुषार्थका सबै अङ्कहरू नभए तापनि करिब ३ दर्जन अङ्कहरू संगृहीत छन् । यिनै अङ्कहरूको सरसर्ती अध्ययन गरी यस लेखमार्फत हाम्रो पुरुषार्थका विशेषताहरूलाई संक्षेपमा प्रस्तुत गरिएको छ ।

## १. वैधानिकता

किरण पुस्तकालय जिल्ला प्रशासन कार्यालय गुल्मीबाट मिति २०२८ । ०५ । ०३ मा अनुमति र मिति २०२९ । ०६ । २९ गते स्वीकृति प्राप्त भई वैधानिक रूपमा दर्ता, नवीकरण हुँदै आएको संस्था हो । हाम्रो पुरुषार्थको दर्ता नं. जि.प्र.का.गु. १/२०३५/०३६ र ISSN २०९१/२०१३ रहेको छ । यसरी हाम्रो पुरुषार्थ वैधानिक प्रकाशनको रूपमा प्रकाशित हुँदै आएको छ ।

## २. नियमितता

हाम्रो पुरुषार्थको मूलभूत विशेषता भन्नु नै प्रकाशनको नियमितता र निरन्तरता हो । शुरूमा वि.सं. २०३० सालदेखि वार्षिक, वि.सं. २०३६ सालदेखि अर्धवार्षिक र वि.सं. २०७० सालदेखि त्रैमासिक रूपमा नियमित र निरन्तर प्रकाशन हुँदै आएको छ । हाम्रो पुरुषार्थको पहिलो अङ्क नारायण छापाखाना तानसेनमा छापिएको थियो भने हाल गुल्मी तम्घासकै प्रेसबाट छापिदै आएको छ ।

### ३. सुव्यवस्थित सम्पादन

हाम्रो पुरुषार्थको सम्पादनपक्ष सबल छ । आकार, प्रकार, रूप, विन्यास, शुद्धाशुद्धि, सेटिङ्ग, डिजाइन, कागज, तस्बीर, अग्र र पश्चभागसहित विषयवस्तु सुव्यवस्थित छन् । समयको क्रमसँगै हाम्रो पुरुषार्थको सम्पादन परिमार्जित हुँदै गइरहेको छ ।

### ४. सम्पादकीय सन्देश

लामो समयसम्म हाम्रो पुरुषार्थको सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी, सहायक सम्पादक भुवनप्रसाद अर्याल रहँदै आउनुभएको छ । समयको क्रमसँगै गोपाल पन्थी, राधा पन्थी, हिमकला राना र ईश्वर वि.क. सहयोगी मण्डलको रूपमा रहनुभएको छ । प्रत्येक अङ्कका सम्पादकीयले तत्कालीन समय सन्दर्भ परिवेश अनुकूलका सन्देश सूचनाहरू संप्रेषण गरिरहेका छन् ।

### ५. समावेशी सर्जक र सिर्जना

हाम्रो पुरुषार्थमा स्थानीयदेखि अन्तर्राष्ट्रियस्तरसम्मका बाल, युवा, महिला, वयस्क, प्रौढ सर्जकका सिर्जनाहरू प्रकाशित हुँदै आएका छन् । उदीयमान, क्रियाशील, स्थापित र प्रतिष्ठापित सबै किसिमका लेखक/सर्जकहरूका सिर्जनाहरू प्रकाशित हुँदै आएका छन् । विभिन्न भाषाभाषी, वर्ग, परम्परा, संस्कृतिमा रुचि राख्ने सर्जकका सिर्जनाहरू समावेशी रूपमा प्रकाशित हुँदै आएका छन् ।

*हाम्रो पुरुषार्थको सम्पादनपक्ष सबल छ । आकार, प्रकार, रूप, विन्यास, शुद्धाशुद्धि, सेटिङ्ग, डिजाइन, कागज, तस्बीर, अग्र र पश्चभागसहित विषयवस्तु सुव्यवस्थित छन् । समयको क्रमसँगै हाम्रो पुरुषार्थको सम्पादन परिमार्जित हुँदै गइरहेको छ ।*

### ६. संग्रहणीय अङ्क /विशेषाङ्क

हाम्रो पुरुषार्थका सम्पूर्ण अङ्क र विशेषाङ्कहरू उदाहरणीय एवं संग्रहणीय रहेका छन् । हरेक अङ्कले केही न केही महत्त्वपूर्ण विशेषताहरू बोकेका छन् । श्री ५ वीरेन्द्र शुभराज्याभिषेक, लुम्बिनी अञ्चलका साहित्य र साहित्यकार, लेखनाथ, गुल्मी परिचय, पुस्तकालय, कथा, संगोष्ठी, डा. टीकाराम पन्थी, भानु, बी.पी., स्वर्णवर्ष, रुरुक्षेत्रलगायतका करिब डेढ दर्जनभन्दा बढी विशेषाङ्कहरू प्रकाशित भएका छन् । सबै अङ्क र विशेषाङ्कहरू अति महत्त्वपूर्ण दस्तावेजको रूपमा रहेका छन् ।

## ७. कृति प्रकाशनमाला

केहि जनश्रुतिहरू-डा. टीकाराम पन्थी (२०४२), रुरुक्षेत्र-केशवप्रसाद पौडेल (२०४३), नेनेपाल-डा. टीकाराम पन्थी (२०४४), मेरो देश नेपाल-मुकुन्दहरि ज्ञवाली (२०५४), गुल्मीको ऐतिहासिक झलक-डा. राजाराम सुवेदी (२०५५), अर्वाचीन रेसुङ्गा-डा. टीकाराम पन्थी (२०६३), तपोभूमि रेसुङ्गा धाम-परशुराम पन्थी (२०६४), ग्रहविमर्श-अर्जुनप्रसाद भट्टराई (२०६८) काव्यमालिका-डा. लक्ष्मीकान्त पन्थी (२०७५) लगायत दर्जनौंभन्दा बढी कृतिहरूको प्रकाशनसमेत हाम्रो पुरुषार्थको प्रकाशक किरण पुस्तकालयले गरेको छ ।

## ८. विधागत विशेषता

काव्य, आख्यान, नाटक र निबन्ध साहित्यका चारवटा विधाहरू हुन् । हाम्रो पुरुषार्थभित्र यी चारवटै विधाका सिर्जनाहरू समेटिनुका साथै विभिन्न उपविधा प्रविधाका सिर्जनाहरूका साथै विभिन्न क्षेत्र समेटिएका लेख तथा जानकारीहरू प्रकाशित भइरहेका छन् । हाम्रो पुरुषार्थ विशेषतः बौद्धिक खुराकको रूपमा समेत रहेको छ ।

## ९. स्थायी स्तम्भहरू

सम्पादकीय, भेटघाट, पुस्तकालयपरिचय, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका सदस्यहरूको परिचय, हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली प्रकाशनभित्रका स्थायी स्तम्भहरू हुन् । यी स्तम्भहरूले हाम्रो पुरुषार्थलाई महनीय बनाएका छन् ।

## १०. वेभ साइट संचालन

हाम्रो पुरुषार्थ पुस्तकाकार रूपमा मात्र नभई वेभ साइटमा समेत रहेको छ । www.kiranpustakalaya.com को यो वेभ साइट खोलेर संसारको जुनसुकै स्थानमा बसेर पनि सहजै पढ्न सकिन्छ ।

## ११. आर्थिक पारदर्शिता

किरण पुस्तकालय /हाम्रो पुरुषार्थको अर्को महत्त्वपूर्ण पाटो भनेको यसको आर्थिक पारदर्शिता हो । आय-व्ययको हिसाब राखिनु, हरेक वर्ष लेखापरीक्षण हुनु, अक्षयकोषमा दशौं लाख रूपैयाँभन्दा बढी जम्मा हुनु यी सबै आर्थिक पारदर्शिताका परिणामहरू हुन् ।

## १२. राष्ट्रिय पत्रिकामा सूचीकृत

हाम्रो पुरुषार्थ राष्ट्रियस्तरमै प्रतिष्ठापित इतिहास बोकेको पत्रिका हो । यो पत्रिका वि.सं. २०७०/०७१ देखि नेपाल प्रेस काउन्सिलमा दर्ता भई 'क' वर्गको राष्ट्रिय त्रैमासिक पत्रिकाको रूपमा सूचीकृत भएको छ ।

## १३. पश्चिमको शान

किरण पुस्तकालय पश्चिमको अब्बल पुस्तकालयको रूपमा रहेझैं हाम्रो पुरुषार्थ पश्चिमको शानको रूपमा उभिएको छ । राजधानीबाहिर मोफसल गुल्मीबाट प्रकाशित भए तापनि यो पत्रिकाले गुल्मीलाई नै केन्द्रबिन्दु मानी केन्द्रबाट प्रकाशित हुने अन्य पत्रिकाहरूलाई समेत माथ गर्दै अग्रपंक्तिमा स्थानीयदेखि राष्ट्र हुँदै अन्तर्राष्ट्रसम्म नै पश्चिम नेपालको शानको रूपमा प्रतिष्ठापित भएको छ ।

## १४. परिवर्तनको संवाहक

पञ्चायतकालीन कालरात्रिमा जन्मेको, प्रजातन्त्रको पुनर्प्राप्ति देखेको, लोकतन्त्रको लागि लडेको र गणतन्त्रको संस्थागत विकासका लागि विभिन्न सिर्जना र प्रकाशनद्वारा समयसापेक्ष सचेतना जगाउँदै, नेपाल र नेपालीका भविष्यको लागि परिवर्तनको संवाहकको रूपमा हाम्रो पुरुषार्थ अटल भएर उभिएको छ ।

*हाम्रो पुरुषार्थ पश्चिमको शानको रूपमा उभिएको छ । राजधानीबाहिर मोफसल गुल्मीबाट प्रकाशित भए तापनि यो पत्रिकाले गुल्मीलाई नै केन्द्रबिन्दु मानी केन्द्रबाट प्रकाशित हुने अन्य पत्रिकाहरूलाई समेत माथ गर्दै अग्रपंक्तिमा स्थानीयदेखि राष्ट्र हुँदै अन्तर्राष्ट्रसम्म नै पश्चिम नेपालको शानको रूपमा प्रतिष्ठापित भएको छ ।*

## १५. स्वर्ण-शताब्दी महोत्सव

स्वर्ण महोत्सव मनाइसकेको किरण पुस्तकालयले हाम्रो पुरुषार्थ प्रकाशनको पचास वर्ष पुगेको अवसरमा र हाम्रो पुरुषार्थको १०० औ अङ्क प्रकाशनको क्रममा स्वर्ण अङ्क विशेषाङ्क प्रकाशन गर्न गइरहेको छ । यसै वर्ष हाम्रो पुरुषार्थको स्वर्णवर्ष र प्रकाशनको एक सयौं अङ्कको अपूर्व संयोग परेकोले स्वर्ण-शताब्दी महोत्सव विशेषतः स्मरणीय रहिरहने छ ।

## १६. पर्याय : किरण पुस्तकालय-हाम्रो पुरुषार्थ-शशि पन्थी

किरण पुस्तकालय-हाम्रो पुरुषार्थ-शशि पन्थी यी तीन नामहरू एक अर्काका परिपूरक रहेका छन् । किरण पुस्तकालय भन्नासाथ हाम्रो पुरुषार्थको नाम आउँछ । हाम्रो पुरुषार्थको नाम शशि पन्थीसँग जोडिएको छ । बहुमुखी व्यक्तित्वका धनी शशि पन्थीको नाम लिनासाथ निर्विकल्प रूपमा किरण

पुस्तकालयको नाम आउँछ । यसर्थ छातीमा हात राखेर भन्ने हो भने किरण पुस्तकालय-हाम्रो पुरुषार्थ-शशि पन्थी पर्यायवाची शब्दका रूपमा रहेका सम्माननीय नामहरू हुन् भन्नुमा कुनै अतिशयोक्ति हुनेछैन ।

निष्कर्षमा भन्नु पर्दा हाम्रो पुरुषार्थ प्रकाशन भएको पचास वर्ष र प्रकाशन अङ्क एक सय पुगेको छ । किरण पुस्तकालय, हाम्रो पुरुषार्थ र शशि पन्थीलाई नचिन्ने बौद्धिक पाठकवर्ग सायद मुलुकमै कम हुनुपर्दछ । किरण पुस्तकालय पश्चिम नेपालकै अब्बल पुस्तकालय र हाम्रो पुरुषार्थ पश्चिम नेपालकै राष्ट्रिय शानको रूपमा रहेको छ भने शशि पन्थी पुस्तकालय र पत्रिकाको विकास, संरक्षण, संवर्धन र प्रवर्धनका निम्ति सतिसाल झैं उभिएका छन् । प्रस्तुत लेखमा उल्लिखित सोह्र बूँदे विशेषताका अतिरिक्त पनि हाम्रो पुरुषार्थका अन्य तमाम गुण विशेषताहरू रहेका छन् । दिन दुगुना रात चौगुना हाम्रो पुरुषार्थले सफलता हासिल गर्दै जाओस्-शुभकामना । पत्रिकालाई आजको स्वर्ण-शताब्दी महोत्सवको अवस्थासम्म ल्याई पुर्‍याउन अहोरात्र खटिनुहुने हाम्रो पुरुषार्थका स्थापनाकालदेखि हालसम्मका सम्पूर्ण सम्पादकीय परिवारको अथक साधनाका लागि हार्दिक अभिनन्दन !

**लेखक : पाल्पा साहित्य समाजका अध्यक्ष, स्रष्टा/समीक्षक हुन् ।**

ooo


# उपभोक्तावर्गमा अनुरोध

- कारोबारस्थलमा साइनबोर्ड, मूल्यसूची, भए/नभएको साथै प्याकिङमा अधिकतम खुद्रा मूल्य MRP भए/नभएको हेरौं ।
- प्याकिङ सामानमा लेबल, उत्पादकको नाम, ठेगना र वस्तुको ब्याच नम्बर, उत्पादन मिति, उपभोग्य मिति हेरेर मात्र सामान खरिद गरौं ।
- उत्पादन मिति र उपभोग्य मिति नभएको वा केरमेट भएको वस्तु खरिद नगरौं ।
- वस्तु उत्पादन गर्दा प्रयोग भएका कच्चा पदार्थ भण्डार विधि, उपभोग तरिका छ/छैन हेरौं ।
- औषधि तथा औषधिजन्य पदार्थहरूको प्याकिङमा उपभोग्य मिति र उपभोग गर्ने तरिका छ/छैन हेरौं ।
- सामान खरिद गर्दा बिल पाउनु उपभोक्ताको अधिकार हो । वस्तु तथा सेवा खरिद गर्दा अनिवार्य रूपमा प्यान वा भ्याट बिल लिने गरौं ।
- अखाद्य वा कमसल उपभोग्य वस्तु तथा सेवाको बिक्री वितरण भएमा स्थानीय प्रहरी कार्यालय, जिल्ला प्रशासन कार्यालय वा घरेलु तथा साना उद्योग कार्यालय, गुल्मीमा उजुरी गरौं ।
- कमसल वस्तु वा सेवाको प्रयोगबाट कुनै हानि नोक्सानी भएमा सम्बन्धित जिल्ला क्षतिपूर्ति समितिमा उजुरी गरौं ।
- व्यवसाय दर्ता गरेको व्यवसायीसँग मात्र सामान खरिद गर्ने बानी बसालौं ।

**घरेलु तथा साना उद्योग कार्यालय**
**गुल्मी**

# सम्झना बिर्सनामा 'हाम्रो पुरुषार्थ'



✒ **शिवशरण ज्ञवाली**

'हाम्रो पुरुषार्थ' बारेका मेरा केही सम्झना सत्य हुन् भने केही कुरा बिर्सनाले असत्य हुन पनि सक्छन् । जे भए पनि गुल्मीमा चेतनाको दियो बोकेर यो पत्रिका २०३० सालदेखि निरन्तर हिँडिरहेको छ । पत्रिका चलाउनुका आफ्नै दुःख छन् । यो आयआर्जनको बाटो होइन । आकर्षणको क्षेत्र पनि होइन । त्यसैले सम्पादक मण्डलको निरन्तरको मेहनतप्रति मेरो नमस्कार छ । त्यही मेहनतको कारण आज यो पत्रिका वार्षिक, अर्धवार्षिक हुँदै त्रैमासिक बन्न पुगेको छ । सम्झना बिर्सनाका केही कुरालाई मैले यहाँ टिपोट गर्ने प्रयत्न गरेको छु ।

'चिया पका न पुतली सान्दाइलाई' यो पंक्ति हो या शीर्षक हो मलाई याद छैन । तर यो व्यङ्ग्यात्मक कविता हामी साना हुँदा घरमा घोर (लय हालेर) पारीपारी पढ्थ्यौं । कविताको भावार्थ के थियो ? मैले आजसम्म भेउ पाउन सकेको छैन । र्‍यालेसिगानें केटीलाई चिया पकाउन आग्रह गरिएको कुरा थियो भन्ने अलिअलि सम्झना चाहिं छ, मनमा । लेख्ने तम्घासतिरका कुनै लेखक हुनुपर्छ । त्यो पत्रिका 'हाम्रो पुरुषार्थ' नै हुनुपर्छ । त्यो कतैबाट उछिट्टिएर हाम्रो घरमा आइपुगेको थियो । सानो झुप्रोमा हामीले त्यो पत्रिकालाई जतन गरेर राखेका थियौं । घरको स्वरूप बदलिएसँगै त्यो पत्रिका पनि हराएर गयो ।

ठूलाचौर भिनाजु (लेखनाथ पन्थी)सँग हामीले धेरै संगत गर्न पाएनौँ । असमयमै उहाँ दिवंगत हुनुभयो । हट्टाकट्टा र कालो चस्मा लगाएर हिड्नुभएको याद हामीले सँगालेका छौं, उहाँका बारेमा । असमयमै उहाँ गएपछि दिदीले बहिनीहरू र भाइलाई कुखुराले चल्ला ढोपेझैं ढोपेर खस्यौली झर्नुभयो । अनेक सङ्घर्ष गरेर पढाइ लेखाइ पूरा गरिदिनुभयो । भाइबहिनीहरू आजकाल आ–आफ्ना इलममा छन् । भिनाजुले 'हाम्रो पुरुषार्थ' ल्याउनुहुन्थ्यो । भिनाजुले ल्याउने पत्रिका बुझ्नेलाई श्रीखण्ड नबुझ्नेलाई खुर्पाको बिंडजस्तै थियो । खासै कसैले वास्तापास्ता गर्दैनथ्यौं । यत्रतत्र छरिएको देखिन्थ्यो । यसो आवरण पृष्ठ हेर्‍यो अनि छाड्यो, गर्थ्यौं हामीहरू दिदीका घर गएका बेला । भेषबहादुर सरका कविताले कहिलेकाहीं ध्यान तान्यो कि ? 'हाम्रो पुरुषार्थ'सँग पहिलो परिचय त्यही ठूलाचौर दिदीकहाँ भएको हुनुपर्छ ।

त्यसपछि लामो कालखण्ड यो पत्रिकासँग सम्पर्क भएन । म कहिले खस्यौली त कहिले तम्घास पढी टोपल्न हिडें । पढ्ने भन्ने दु:खको पेसा बडो मुस्किलले नै पढ्थें, म । फेल हुनु अनि पास हुनु । फेरि फेल हुनु अनि पास हुनु । थोत्रो ट्याक्टरको गेयर जस्तो थियो, मेरो पढाइ । यो मेरो नियमितता थिएन । जीवन सधैंभरि दौडिइरह्यो, फेल र पासको घनचक्करमा ।

तम्घासमा ढाँटेढुटे पढाइका क्रममा कहिलेकाहीं किरण पुस्तकालय पनि गइन्थ्यो, साथीसंगीसँग । टेबलभरि राखिएका अन्य दैनिक र साप्ताहिक पत्रिकाहरूमा हाम्रो ध्यान पुगे पनि स्थानीय पत्रिकासँग हाम्रो दिलचस्पी बढेन । हामीलाई त्यतिबेला पनि यसको महत्त्व थाहा भएन ।

तम्घास बुटबलमा पढेपछि फेरि काठमाडौंमा उही पढ्ने पेसा सुरू गर्न आइपुगियो । काठमाडौं बस्न थालेको केही वर्षपछि पढ्नका लागि हामी त्रिभुवन विश्वविद्यालय पुग्यौँ । विश्वविद्यालय कहीं न कहीं चेतनशील ठाउँ हो । कालो बादलमा चाँदीको घेरा भनेजस्तै त्यहाँ कहीं न कहीं दलबाहेकका स्वतन्त्र मान्छे पनि हुन्छन् । त्यस्तै मान्छेहरूको एउटा समूहले गुल्मी त्रिवि विद्यार्थी मञ्च बनायो । त्यसमा म पनि आइपुगें । विद्याजी पनि आइपुग्नुभयो । त्यही हाम्रो चिनजान भयो । म एम. ए. नेपाली पढ्थें । विद्याजी व्यवस्थापन पढ्नुहुन्थ्यो ।

हामी अनुसन्धान तहमा पुग्यौं । मैले पत्रकारिता विषयमा अनुसन्धान गर्ने निधो गरें । त्यही क्रममा विद्याजीसँग कुराकानी भयो । विद्याजीले मलाई 'हाम्रो पुरुषार्थ'को पत्रकारिता विशेषाङ्क ल्याइदिनुभयो, उपहारस्वरूप । वर्ष ३२, अङ्क २, सम्पूर्णाङ्क ५० रहेछ, त्यो । २०६५ वैशाख ६ गते यो पत्रिका मेरो हातमा आइपुगेको रहेछ ।

मलाई सबैभन्दा झन्झट लाग्ने कुरा भनेको तिथिमिति र हिसाब हो । तर यसको बाहिरी आवरणमा पानाहरू जोडेर हस्ताक्षर गर्नुका साथै मिति पनि लेखेको रहेछु मैले । त्यो पत्रिका आज पनि मेरो दराजमा सुरक्षित छ । यो आफैमा सङ्ग्रहणीय रहेको छ । त्यसैले न यो मसँग पनि सुरक्षित छ ।

बाहिरी पृष्ठ रङ्गीन कलेवरमा छ । नेपालका दैनिक, साप्ताहिक, मासिक अखबारी र साहित्यिक पत्रिकाहरू जुन केन्द्र र मोफसलबाट प्रकाशन हुन्छन्, तिनको नामयुक्त तस्वीर आवरणमा समेटिएको छ । भित्र स्थायी स्तम्भका अतिरिक्त विभिन्न लेखकहरूका ७८ वटा लेखहरू समावेश छन् । त्यस्ता लेखहरू मध्ये पत्रकारिताका नीति नियम र आचार संहिता पनि समावेश रहेका छन् ।

मसँग हाम्रो पुरुषार्थका अन्य थुप्रै अङ्कहरू रहेका छन् । ती सबै अङ्कहरूका बारेमा अध्ययन गर्ने मनसायले केही काम पनि गरेको थिएँ । तर त्यो त्यतिकै

*'हाम्रो पुरुषार्थ'ले जो समाजमा कहिल्यै प्रचार मोह चाहेनन्, त्यस्ता मान्छेहरूसँग अन्तर्वार्ता लिएर प्रकाशन गर्ने गरेको छ । यसमा अन्तर्वार्ता दिने मानिसहरू आफै अनुभवले खारिएका, समाजलाई गहिरो दृष्टिकोण प्रदान गर्न सक्ने, स्थिर, आफ्नो दृष्टिकोणमा लौह झैं अडिएका व्यक्तिहरू रहेको पाइन्छ । त्यस्ता व्यक्तिहरूका गहन विचारहरूले पनि निकै राम्रो प्रभाव पारेको मैले पाएको छु ।*

अलपत्र परेको छ । मलाई यो पत्रिकामा सबैभन्दा मन परेको कुरा भनेको यसमा छापिने अन्तर्वार्ता हो ।

समाज प्रचारमा छ । जसले प्रचार गर्न सक्छ उही अगाडि आउन सक्छ । प्रचार गर्न नसक्ने मान्छे कसैले चिन्दा पनि चिन्दैन । तर 'हाम्रो पुरुषार्थ'ले जो समाजमा कहिल्यै प्रचार मोह चाहेनन्, त्यस्ता मान्छेहरूसँग अन्तर्वार्ता लिएर प्रकाशन गर्ने गरेको छ । यसमा अन्तर्वार्ता दिने मानिसहरू आफै अनुभवले खारिएका, समाजलाई गहिरो दृष्टिकोण प्रदान गर्न सक्ने, स्थिर, आफ्नो दृष्टिकोणमा लौह झैं अडिएका व्यक्तिहरू रहेको पाइन्छ । त्यस्ता व्यक्तिहरूका गहन विचारहरूले पनि निकै राम्रो प्रभाव पारेको मैले पाएको छु ।

म बागलुङ बस्दा हाम्रो पुरुषार्थसँग मेरो सामीप्यता बढ्यो । हरि शर्मा सरले एकदिन भन्नुभयो, 'सर ! त्यो पत्रिकाको ग्राहक बन्नुपर्छ्यो । कस्तो राम्राराम्रा लेखरचनाहरू छापिदो रहेछ ।' उहाँले कुनै एउटा लेख पढ्नुभएछ । अनि उहाँ प्रभावित हुन पुग्नुभएछ । पछि सर ग्राहक पनि बन्नुभयो ।

गुल्मीजस्तो दूरदराजबाट प्रकाशित नियमित प्रकाशित 'हाम्रो पुरुषार्थ' गुल्मीकै एउटा विशिष्ट पहिचान बन्न पुगेको छ । यसले गुल्मी जिल्लाका विशिष्टताहरूलाई चिनाउन ठूलो योगदान गरेको छ ।

**सरस्वती बहुमुखी क्याम्पस, काठमाडौँ ।**

ooo

**नयाँ तथा पुराना डिजाइनका अत्याधुनिक मेसिनद्वारा तयार गरिएका रेडिमेड गहनाहरू चाहिंदा साथै पुरानो गहनासँग नयाँ गहना साट्नुपर्दा र खरिद–बिक्री गर्नुपरेमा सम्झनुहोस् ।**

# जय गणेश सुनचाँदी पसल

**रेसुङ्गा नगरपालिका–१, भीमचोक, तम्घास, गुल्मी**

**सम्पर्क नं.: ०७९–५२१०३४, ९८४७१०६०३७, ९८४७१२३२७१, ९८५७०६७०३७**

**प्रो. रामु सुनार**

*// लेख //*

# साधकहरूको सारथि हाम्रो पुरुषार्थ



गोपालप्रसाद बस्याल

जनस्तरबाट सञ्चालित सार्वजनिक पुस्तकालयको उत्कृष्ट नमूना किरण पुस्तकालय, तम्घास, गुल्मीको एउटा महत्त्वपूर्ण र लोभलाग्दो कार्य हाम्रो पुरुषार्थ नामक साहित्यिक पत्रिकाको नियमित प्रकाशन हो । सामान्यतया केही स्थापित पत्रपत्रिकाहरूले साहित्यिक विषयवस्तु सँगालेर भिन्न स्वरूपमा वा साहित्य एवम् वाङ्मयका क्षेत्रमा क्रियाशील संघसंस्थाहरू, विश्वविद्यालयहरू र ठूला पुस्तकालयहरूले साहित्यिक म्यागेजिन प्रकाशन गर्ने गरेको पाइन्छ । नेपालमा पनि गोरखापत्र संस्थानबाट प्रकाशित गोरखापत्रको सहप्रकाशन मधुपर्क र साझा प्रकाशनबाट विगतमा प्रकाशित गरिमा जस्ता साहित्यप्रधान प्रकाशनको विशेष भूमिका छ । अचेल अन्य साहित्यिक संस्थाले पनि नियमित प्रकाशन गर्ने क्रम चलेको छ । तर करिब ५० वर्षअघिको अवस्थामा प्रकाशन सुरू गर्नु र विभिन्न कालखण्डका उतारचढावका बाबजूद २०८० को पहिलो त्रैमासिक सम्पूर्णाङ्क ९८ सम्म प्रकाशन भैसक्नु आफैमा गौरवमय कार्य हो । साहित्यिक म्यागेजिनलाई बुझ्नका लागि हाम्रो पुरुषार्थका प्रकाशित अङ्कहरूलाई सर्सर्ती आँखा लगाउँदा पुग्दछ । उदाहरणका लागि यस प्रकाशनमा विभिन्न अङ्कमा समेटिएका कविता, निबन्ध, कथा, उपन्यास, नाटक, संस्मरण, दृश्य, कला, समीक्षा, अन्तर्वार्ता, पुस्तकसमीक्षा, जीवनी साहित्यिक इतिहास र अनुसन्धनात्मक प्रतिवेदन जस्ता विधाहरू नै साहित्यिक म्यागेजिनका विषयवस्तु हुने गर्दछन् । कतिपय मानिसहरूले साहित्यिक म्यागेजिनलाई सिर्जनात्मक कार्यको प्रशंसा गरी प्रकाशन गरिने प्रकाशन भनेर पनि भन्दछन् । तर हाम्रो पुरुषार्थ विधा एवम् विषयवस्तुका हिसाबले बहुपक्षीय देखिन्छ । यसमा स्थानीय, नवोदित, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भाव र भूगोल भेटाइन्छ ।

*हाम्रो पुरुषार्थ विधा एवम् विषयवस्तुका हिसाबले बहुपक्षीय देखिन्छ । यसमा स्थानीय, नवोदित, राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय भाव र भूगोल भेटाइन्छ ।*

कहिले विविध विधा र विषयवस्तुको वाटिका जस्तै बन्ने गरेको हाम्रो पुरुषार्थ कहिलेकाहीं कुनै स्रष्टा व्यक्तित्व विशेषाङ्ककै स्वरूपमा निस्कने गरेको छ । पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क वा डा. टीकाराम पन्थी स्मृति विशेषाङ्कको मोटाइ पनि ठूलो छ भने भेषबहादुर कुँवर 'प्रयासी' स्मृति विशेषाङ्क मोटाइमा अघिल्ला दुईवटा भन्दा कम छ । राष्ट्रिय वा राष्ट्रले पनि विशेष सम्मान गरेका लेखनाथ पौड्याललगायतका साहित्यकारहरूका सन्दर्भमा पनि विशेषाङ्क प्रकाशन भैसकेका छन् । समेटिएका स्रष्टा र स्रष्टामार्फत स्रष्टाप्रतिका समीक्षात्मक विषयवस्तु समेटिएका छन् भने पछिल्लो अङ्क नेपालको बनारस भनेर चिनिने रिडीलाई महत्त्व दिंदै रुरुक्षेत्र विशेषाङ्कका रूपमा प्रकाशन भएको छ । खास गरी विशेषाङ्कहरूको मोटाइ ठूलो छ । विशेषाङ्कको मूल विषयवस्तुका अतिरिक्त नियमित विषयवस्तु र केही अलग विषयवस्तुहरू समेतले स्थान पाउनुका कारण मोटाइमा विविधता भएको हुन सक्छ ।

*विषयवस्तुको गहिराइमा पुग्न सकेका लेखकहरूको माया वा योगदान पाउनु यस पत्रिकाको गौरव हो । संस्कृत साहित्य, नेपाली भाषा र साहित्यको श्रीवृद्धि, साहित्यका कविता, कथा, लघुकथा, निबन्ध, यात्रा संस्मरणात्मक निबन्ध, जीवनी, गीत, गजल, उपविधागत सिर्जना, पुस्तकसमीक्षा, साहित्य कृति र प्रवृत्ति समीक्षालगायत थुप्रै प्रकारका विधागत व्यापकता हाम्रो पुरुषार्थको अर्को विशेषता हो । विधागत विविधताका अतिरिक्त छन्द, शैली र संरचनागत पक्षमा पनि विशेष ध्यान पुगेको देखिन्छ ।*

विषयवस्तुको प्रस्तुतिमा खासगरी ऐतिहासिक र विश्लेषणात्मक आलेखहरू एउटै अङ्कमा धेरैवटा समावेश गरिएका हुन्छन् । यी लेखहरूमा साहित्यका विविध स्रोत र विशेष गरी संस्कृत साहित्यका प्रामाणिक सन्दर्भहरू र शास्त्रीय आधार अन्य साहित्यिक पत्रिकामा प्रकाशित लेखहरूमा यति धेरै मात्रामा पाइँदैन भन्दा अत्युक्ति नहोला । विषयवस्तुको गहिराइमा पुग्न सकेका लेखकहरूको माया वा योगदान पाउनु यस पत्रिकाको गौरव हो । संस्कृत साहित्य, नेपाली भाषा र साहित्यको श्रीवृद्धि, साहित्यका कविता, कथा, लघुकथा, निबन्ध, यात्रा संस्मरणात्मक निबन्ध, जीवनी, गीत, गजल, उपविधागत सिर्जना, पुस्तकसमीक्षा, साहित्य कृति र प्रवृत्ति समीक्षालगायत थुप्रै प्रकारका विधागत व्यापकता हाम्रो पुरुषार्थको अर्को विशेषता हो । विधागत विविधताका अतिरिक्त छन्द, शैली र संरचनागत पक्षमा पनि विशेष ध्यान पुगेको देखिन्छ ।

भनिन्छ सूचनाप्रविधिको प्रयोग र जीवनशैलीका कारण मानिसहरूमा धैर्य र लामो आलेखहरूमा गहिरिएर आनन्द लिने प्रवृत्ति घटिरहेको छ । तसर्थ अचेल

मानिसहरू खोज अनुसन्धानात्मक प्राज्ञिक कार्यमा बाहेक छोटाछोटा र छिटो प्रभाव पार्ने खालका सामग्री पढ्न मन पराउँछन् । उदाहरणका लागि मुक्तक, गजल र उपविधाका रूपमा जन्मिएका टुक्का, साइनोजस्ता छोटा संरचनाका रचनाप्रति सर्जक र पाठकको आकर्षण देखिन्छ । यस प्रकारको वातावरणमा पनि विशेषगरी विश्लेषण, विवेचना र विमर्शलाई प्राथमिकतामा राखेर पाठकलाई दिगो र गहिरो प्रभाव पार्ने खालका सामग्री संकलन गरी प्रकाशन गर्नु पक्कै पनि चुनौतीपूर्ण कार्य हो । तथापि लेखकहरूका लागि केही निर्देशनात्मक जानकारी गराई अझ कसिलो शैलीमा प्रस्तुत गर्न सकिन्छ कि भन्ने तर्फ ध्यान जानुपर्ने देखिन्छ । त्यसैगरी अन्तर्वार्ता, अनुसन्धनात्मक आलेख, भाषा, ऐतिहासिक कृति तथा कृतिकार जस्ता केही नियमित पानाहरू छुट्याउने र सिर्जनाका लागि पनि विधागत मात्रा विभाजन गरी स्थान दिने गर्न सकिन्छ कि ? पहिला–पहिला वार्षिक प्रकाशनका कारण प्राप्त सबै सामग्री प्रकाशन गर्नुपर्ने हुनाले विषयवस्तु र आकारमा स्तर कायम गर्न अप्ठेरो भए पनि अब त्रैमासिक प्रकाशनको निरन्तरता दिन सकियो भने निश्चित समयसम्म पालोमा राख्न सकिन्छ । उदाहरणका लागि दुई अङ्कसम्म प्रकाशन नभएमा अस्वीकृत भएको भन्ने बनाउन सकिन्छ कि ? साजसज्जा र केही रेखाकृति राख्न सकियो भने आकर्षण बढ्ने थियो ।

साहित्य र वाङ्मयमा रुचि राख्ने साधकहरूको लागि हाम्रो पुरुषार्थ सारथि बन्न सकेको छ । स्वधर्मीहरूलाई स्थान दिएर ठूलो गुन लगाएको छ । सालाखाला मानिसहरूभन्दा विषयवस्तुको गुदी खोतल्न रूचाउनेहरूका लागि खुराक दिएको छ । कालजयी बनोस् शुभकामना छ ।

**लेखक, प्रशिक्षक, अन्वेषक–तानसेन, पाल्पा ।**

०००


## उपभोक्तावर्गमा अनुरोध

**पानी जीवन हो, यसको उचित सदुपयोग गरौं ।**
**अरूलाई पनि पानीको आवश्यकता पर्दछ–त्यसैले थोपा पनि खेर नफालौं ।**
**पानी जम्मा गरेर प्रयोग गर्ने बानी बसालौं ।**
**पानीको चुहावट नियन्त्रणमा समितिलाई सहयोग गरौं ।**

# तम्घास बृहत् खानेपानी उपभोक्ता समिति

**रेसुङ्गा नगरपालिका–१, तम्घास, गुल्मी**

# हाम्रो पुरुषार्थ-मेरो पुरुषार्थ



✍ राजेन्द्र गोपाल सिंह

धार्मिक सांस्कृतिक गुल्मी जिल्ला, हाम्रो पुरुषार्थ नामक पत्रिकाको जन्मको जिल्ला हो । यस पत्रिकाले वर्ष पचास अङ्क सय मनाउन गइरहेको छ । पचास वर्षअघि यो पत्रिका प्रकाशन गर्नको लागि चिन्तन मनन हुँदा थुप्रै बाधा व्यवधान र पूर्वाधारको विकास भइनसकेको अवस्थामा विचारको बीजारोपण र प्रकाशन गर्ने हिम्मत चानचुने कुरा होइन । सूचना प्रविधिको विकास भई नसक्नु आर्थिक व्यवस्थापन हुन नसक्नु यातायातको पनि समस्या त्यसमा पनि राजधानीबाहिर तर पनि जागरण अभियान र चेतनाका विकासको यात्रामा यो प्रयास आज नेपाली साहित्यमा उदाहरणसमेत बन्न सकेको छ भन्दा अतिशयोक्ति नहोला ।

पत्रपत्रिकाहरूमा साहित्यिक पत्रिका प्रकाशन सामान्य कुरा हुन सक्दैन । रचना संकलन, अर्थ संकलन मात्र होइन, छापाखानाको खोजीमा र त्यसमा लागिरहनु पर्ने समयलाई ध्यान दिनेहरूको भने व्यक्तिगत जीवन तिलाञ्जलि गर्नु सरह हो । यो समस्यालाई पार गर्दै आजको अवस्थासम्म आउँदा हाम्रो पुरुषार्थको सुख दुखको कथा-व्यथा आफ्नो ठाउँमा छ तर पुरुषार्थलाई भन्नै पर्छ मान्नै पर्छ । कदर गर्नै पर्छ ।

नेपाल अधिराज्यको विभिन्न ठाउँबाट साहित्यिक पत्रिका प्रकाशन हुँदै आएका छन् । देशभित्र बाहिरबाट प्रकाशन हुँदै आएको पत्रिका शारदा, अभिव्यक्ति, मधुपर्क, गरिमा, रूपरेखा, जनमत, शिवपुरी सन्देश, रजस्थल, ज्याग्दी खोलाको तरङ्ग कालीको सुसेली, पदचिन्ह, दियालो र पाल्पा तानसेनबाट प्रकाशित तानसेन, श्रीनगर, वाटिका आदिहरूमध्ये-कतिपय प्रकाशित भइरहेको, कतिपय बन्द भएको अवस्थामा हाम्रो पुरुषार्थको निरन्तरता लोभलाग्दो मात्र नभएर अभियानमुखी सन्देशसँगै उदाहरणीय बन्न पुगेको छ ।

हाम्रो पुरुषार्थको प्रकाशनको निरन्तरतामा अङ्क र विशेषाङ्कहरूको प्रकाशन नेपाली साहित्यमा योगदान मात्र नभएर, वरदान सिद्ध भएको छ । बी.पी. विशेषाङ्क, समालोचना विशेषाङ्क, स्वर्णवर्ष विशेषाङ्क, भानु विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, कथा विशेषाङ्क, कवि प्रयासी स्मृतिअङ्क आदि

प्रकाशनहरू महत्त्वपूर्ण उपलब्धिहरूको रूपमा लिन सकिन्छ । विशेषाङ्क र अङ्कहरूले सम्मान, न्याय, परिचय, विशिष्टता, भूगोल पहिचान र परिचयलाई फराकिलो र व्यापक बनाउनुका साथै स्तरलाई बढाउँदै लगेको पाइन्छ ।

*कतिपय साहित्यिक पत्रिका बन्द भएको अवस्था छ । यस अवस्थालाई बुझेर समाधानको प्रयास गर्नु अन्य पत्रिकालाई पनि सहयोग पुग्नु हो । गरिमाको प्रकाशन र स्थगनलाई ध्यानमा राख्नु आवश्यक छ ।*

हाम्रो पुरुषार्थको प्रकाशनसँगै निरन्तरताको स्थायित्वको बारेमा पनि चिन्तन गर्नु आवश्यक भएको छ । हिजोका दिनमा प्रकाशनका समयमा बसाइसराइ र बौद्धिक पलायन समस्याको रूपमा रहेको अहिले पनि रहेको छ । भोलि पनि नहोला भन्न सकिंदैन । देश छोडेर विदेश जाने समस्या झन् बढिरहेको बेला सरकारी निकायबाट आवश्यक सहयोगको निश्चितता हुनु जरूरी छ । कतिपय साहित्यिक पत्रिका बन्द भएको अवस्था छ । यस अवस्थालाई बुझेर समाधानको प्रयास गर्नु अन्य पत्रिकालाई पनि सहयोग पुग्नु हो । गरिमाको प्रकाशन र स्थगनलाई ध्यानमा राख्नु आवश्यक छ ।

गुल्मी जिलाको परिचय मात्र नभएर पहिचान नै बन्न सकेको किरण पुस्तकालय हाम्रो पुरुषार्थ पनि हो भन्दा अन्यथा नलाग्ला । यसको स्थायित्वको लागि सोच्नु सबैको कर्तव्य हो । त्यसमा पनि स्थानीय, प्रदेश र केन्द्र सरकारको त झनै दायित्वसमेत रहेको छ ।

शशि पन्थीको सम्पादनमा रहेको सम्पादक मण्डलमा कतिपय भित्रबाहिर भइरहे तर सम्पादक निरन्तर रहिरहे । वर्तमानमा सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी, सहायक सम्पादक भुवनप्रसाद अर्याल, सहयोगी मण्डलहरू गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. रहनुभएको छ । हाम्रो पुरुषार्थमा भविष्यको किरणहरू देख्न पाइयोस् । पूरा अङ्क नभए पनि फुटकर रूपमा केही अङ्क संकलन गरी राख्ने अवसर पाएको छु । आगामी दिनहरूमा पनि पाइयोस् । प्रत्यक्ष एवं अप्रत्यक्ष रूपमा सहयोग पुर्‍याउनुहुने सबैसँगै शशि पन्थी सरलाई विशेष धन्यवाद आभार प्रकट पनि गर्न चाहन्छु । तपाईंहरूले कति दुःख गर्नुभएको छ भन्दिनँ, तर तपाईंहरूले धेरै राम्रो गर्नुभएको छ भन्न चाहन्छु । मूल्याङ्कन हुनेछ भन्दिनँ तर स्मरणीय रहिरहनु हुनेछ भन्न सक्छु । हाम्रो पुरुषार्थ हाम्रो सबैको पुरुषार्थ, मेरो पनि पुरुषार्थ ।

**लेखक : पाल्पा साहित्य समाजका संरक्षक, स्रष्टा हुन् ।**

ooo

// कविता //

# युगले गीत गाओस्–हाम्रो पुरुषार्थको



महेन्द्र पन्थी

तोडेर निरङ्कुशताका जन्जिरहरू
फोडेर अन्यायका पर्खालहरू
अक्षरका काँटीहरूबाट
शब्दका झिल्का निकालेर
चेतनाको आगो सल्काउन
जन्मेका हौ तिमी

केन्द्रमा बसेर शक्तिको परिक्रमा गरेनौ
मिथ्या स्तुतिका भजन कोरेनौ
मोफसलबाटै यात्रा थाल्यौ
रेसुङ्गाको काखबाट विचारको सुमेरू घुम्यौ
कहिले वर्षाको भेलझैं गड्गडायौ
कहिले हिउँदको कालीझैं शान्त र सौम्य भयौ
तर थकान मारेनौ आफ्नो यात्रामा

भत्काउँदै विसङ्गतिका पहाडहरू
अस्तित्वका मैदानमा सङ्घर्ष गर्दै
कहिले स्वच्छन्द आकाशमा कावा खायौ
कहिले परिष्कारको मझेरीमा हावा खायौ
तर, गलेनन् तिम्रा पाइलाहरू
ढलेनन् तिम्रा आस्थाहरू

विगतझैं आगत पनि सुन्दर हुनुपर्छ तिम्रो
फत्रेको फूल मात्र रोज्ने होइन
पात, हाँगा र जराहरूमा पनि जीवन खोज्नुपर्छ
तिमी भर्चुअल दुनियाँमा मात्र रमाउनुहुन्न
रियलिस्टिक संसारको खोजमा हिंड्नुपर्छ

तिमी अविराम बढ्नुपर्छ
आधारशिविरमा रोकिनुहुन्न
चुम्नुपर्छ सिर्जनाको सगरमाथा
तिमी पूर्णिमाको शशि झैं चम्कनुपर्छ
दीनहरूको सुदिनको खोजमा लम्कनुपर्छ
आवाज बोल तिमी सधैं-सत्य र यथार्थको
युगले गीत गाओस्-हाम्रो पुरुषार्थको

**लेखक : त्रिभुवन बहुमुखी क्याम्पस, पाल्पामा उप-प्राध्यापक हुनुहुन्छ ।**

०००

## सार्वजनिक सन्देश

- **सडक तथा पुल हाम्रो साझा सम्पत्ति हो, त्यसैले सडक तथा पुलको संरक्षण गरौं ।**
- **सडक अतिक्रमण गर्ने काम अपराध हो । सडकमा पानी ल्याउने, निर्माण सामग्री थुपार्ने कार्य नगरौं । यी कार्यहरू गरेको पाइएमा सडक ऐनअनुसार कारबाही हुने सबैमा जानकारीका लागि अनुरोध छ ।**
- **पुलहरूमा जथाभावि दिसा, पिसाब र फोहोर नफालौं । यसले पुलको आयु घटाउँछ ।**
- **पुलको तलमाथि खोलाबाट बालुवा, गिटी, ढुङ्गा, माटो आदि झिक्दा पुल भत्किन सक्छ । पुलको ५०० मिटर तलमाथि माटो, बालुवा आदि नझिकौं । पुलमाथि सकभर सीमित गतिमा सवारी साधन चलाउने बानी बसालौं ।**

# मदन भण्डारी राजमार्ग योजना कार्यालय

**तम्घास, गुल्मी (फोन : ०७९-५२००५२)**

# गुरुश्रद्धाको मग्मगाउँदो फूल पं. भीमकान्त पन्थी विशेषाङ्क



डा. श्यामप्रसाद न्यौपाने

## पृष्ठभूमि

सगर छोलान्जस्ता उच्च हरिया गिरिशृङ्खला, पर्वतमालाका बीचबीचमा आमाको न्यानो काखमा निर्भयका साथ बस्न पाउँदा निश्छल निर्मल शिशु प्रसन्नताले प्रफुल्ल भएझैं समुचित हावापानीको स्पर्शले फक्रक्क फक्रेका विविध ढङ्गढाँचा एवं रङ्गरेसाका पुष्पपल्लव आदिले पहाडी भेग सुन्दर देखिन्छ । पहाडी लय समेटी छङछङाएर बग्ने निर्झरनिर्झरी एवं नदनदीले सौन्दर्यको छविलाई उत्कर्षोन्मुख तुल्याएको प्रतीत हुन्छ । चराचुरुङ्गीको चिर्बिर चिर्बिरको ध्वनिले आकर्षित नहुने कुन हृदय होला र ! को हो ? को हो ? भनी परिचयको लागि अनुरोध गर्दा परिचित हुन कसलाई पो मन लाग्दैन होला र ! अनि काफल पाक्यो, काफल पाक्योको सादर आमन्त्रणको सुरिलो ध्वनि श्रवण गरेर पहाडी वनपाखातिर आकर्षित नहुने को पो होला र ? नेपालको पूर्व मेचीदेखि पश्चिम महाकालीको पहाडी क्षेत्र प्राकृतिक सौन्दर्यको विशाल खानी भएझैं लाग्दछ । यसै पहाडी भेगमा गुल्मी जिल्ला पनि पर्दछ ।

*किरण पुस्तकालयले चहुँओर ज्ञानका रश्मिहरू प्रसारित गर्दै अक्षरकर्मीहरूलाई आकर्षित गरिरहेको छ । विगत लामो समयदेखि हाम्रो पुरुषार्थ नामक पत्रिकाको माध्यमबाट भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण एवं विकासमा आफ्नो क्षेत्रबाट योगदान पुऱ्याउँदै आएको यस पुस्तकालयले भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा जीवनको आहुति दिएका यशस्वी विद्वत्जनलाई प्राथमिकता दिएर विशेषाङ्क प्रकाशित गर्दै आएको पाइन्छ । किरण पुस्तकालयबाट प्रकाशित विविध विशेषाङ्कमध्ये पं. भीमकान्त पन्थी शतवार्षिकी स्मृति विशेषाङ्क पनि महत्त्वपूर्ण विशेषाङ्क हो ।*

गुल्मी काली गण्डकी, रुद्रवेणीका पवित्र एवं शीतल जलबिन्दुले अभिसिञ्चित तथा माता सत्यवतीको क्रीडाभूमिका साथै ऋष्यशृङ्गय, स्वामी शशिधर, महाप्रभु लक्ष्मीनारायण, स्वामी यदुकानन्द, आदिको तपोभूमिको रूपमा सुपरिचित छ । यसै जिल्लाको सदरमुकाममा विद्वत्जनहरूबाट भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण संवर्धन हेतु स्थापना गरिएको किरण पुस्तकालयले चहुँओर ज्ञानका रश्मिहरू प्रसारित गर्दै अक्षरकर्मीहरूलाई आकर्षित गरिरहेको छ । विगत लामो समयदेखि हाम्रो पुरुषार्थ नामक पत्रिकाको माध्यमबाट भाषा, साहित्य, कला र संस्कृतिको संरक्षण एवं विकासमा आफ्नो क्षेत्रबाट योगदान पुर्‍याउँदै आएको यस पुस्तकालयले भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा जीवनको आहुति दिएका यशस्वी विद्वत्जनलाई प्राथमिकता दिएर विशेषाङ्क प्रकाशित गर्दै आएको पाइन्छ । किरण पुस्तकालयबाट प्रकाशित विविध विशेषाङ्कमध्ये पं. भीमकान्त पन्थी शतवार्षिकी स्मृति विशेषाङ्क पनि महत्त्वपूर्ण विशेषाङ्क हो । प्रस्तुत गन्थन पं. भीमकान्त पन्थी विशेषाङ्कसँग सम्बन्धित रहेको छ ।

## विशेषाङ्क प्रवेश

**संरचना** : डिमाइ साइजका १८+६७६=६९४ पृष्ठमा संरचित पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क श्रद्धेय गुरुवर पं. भीमकान्त पन्थीको शतवार्षिकीको समयमा गुरुश्रद्धास्वरूप निजले सम्पादन गरेका कार्यका साथै निजको जीवनका यथाशक्य यावत् पक्ष समेटी वि.सं. २०७७ मा प्रकाशित गरिएको बृहदाकार ग्रन्थ हो । आवरण पृष्ठ, सम्पादकीय, शुभकामना, विषयसूची आदिमा १८ पृष्ठ खर्चिएको छ भने मूलपाठ ६५६ पृष्ठमा संयोजन गरिएको छ । बाँकी २० पृष्ठ हाम्रो पुरुषार्थको स्थायी स्तम्भलाई प्रदान गरिएको छ । भाषासाहित्यका विद्वत्वरका ९१ वटा लेखरचना रहेको यस विशेषाङ्कलाई लेखरचनाको वैशिष्ट्यका आधारमा स्मरण खण्ड, समीक्षा खण्ड, संस्कृत खण्ड र परिशिष्ट खण्ड गरी चार खण्डमा विभाजन गरिएको छ । परिशिष्ट खण्ड ३ वटा रहेका छन् । यसरी मूर्धन्य विद्वान्हरूका लेखरचना, पं. भीमकान्त पन्थीकी धर्मपत्नी नीलमाया पन्थी एवं पं. पन्थीका कनिष्ठभ्राता पं. शेखरनाथ पन्थी, एवं पन्थीकै जीवनमा डा. दुर्गाप्रसाद अर्याल र मधुसुदन पाण्डेयले लिनुभएको अन्तर्वार्ता, विभिन्न सन्दर्भका फोटाहरू र पन्थीजीसँगका केही अन्तरङ्ग व्यक्तिहरूको विचारमा पन्थीजीको चिनारी हुने विविध सामग्री संयोजन गरिएको छ ।

**स्मरण खण्ड** : पारिवारिक सदस्य एवम् विभिन्न विद्वान्हरूले पं. भीमकान्त पन्थीलाई विभिन्न दृष्टिकोणबाट स्मरण गर्दै निजको वैविध्ययुक्त बौद्धिक व्यक्तित्वको परिचर्चा गरिएको छ । यस खण्डमा कविवर पण्डित पन्थीका सुपुत्र प्रा.डा लक्ष्मीकान्त पन्थीले वंशवृत्त शीर्षकीय लेखमा पं. भीमकान्त पन्थीका हजुर बुबा पण्डित दत्तात्रेय शर्मा पण्डितदेखि आफ्ना पिता पण्डित भीमकान्त पण्डितसम्मको पारिवारिक शैक्षिक वातावरणको विशद जानकारी गराएको

देखिन्छ । उक्त लेखमा पण्डित भीमकान्त पन्थी तत्कालीन समयमा त्यस स्थानमा बडाचौरे पण्डित संज्ञाले सुविख्यात पण्डितकुलमा जन्मिएको जानकारी गराइएको छ । आ-आफ्नो समयका प्रकाण्ड विद्वान्को रूपमा सुपरिचित हजुरबुबा दत्तात्रेय शर्मा पन्थी र बाबु देवीप्रसाद पन्थी दुबै जनाको पैत्रिक गुण र आचारव्यवहार पं. भीमकान्त पन्थीमा रहेको देखिन्छ जसबाट उनमा सानैदेखि अध्ययनप्रति तीव्र चासो रहेको स्पष्ट हुन्छ । उनले आफू ज्योतिष दत्तात्रेय पन्थीको पौत्र एवं विद्वत्वर देवीप्रसाद पन्थीको साधु स्वभावको पुत्र भएको परिचयस्वरूप विद्वत्वर पं. भीमकान्त पन्थी विरचित निम्नलिखित संस्कृत पद्य प्रस्तुत गरिएको छ ।

**ज्योतिः शास्त्रविदग्रणीर्मुनिभरद्वाजान्ववायोद्भवो**
**दत्तात्रेय इति स्वनाममुनिना तुल्योऽभवद् भूसुरः**
**तत्पुत्रः श्रुतवित्तमो बुधनुतो देवीप्रसादोऽभवत्**
**तस्य प्रस्तुतलेखकोऽस्मि तनयो यो भीमकान्ताभिधः** (पृ.२)

संस्मरण खण्डकै दोस्रो लेख अन्तर्वार्ताको रूपमा रहेको छ । उक्त अन्तर्वार्ता पण्डित भीमकान्त पन्थीका कनिष्ठ अनुज पण्डित शेखरनाथसँग हाम्रो पुरुषार्थका काठमाडौं प्रतिनिधि श्री सूर्यकान्त पन्थीले लिएको देखिन्छ । उक्त अन्तर्वार्तामा पनि पण्डित भीमकान्तका बाल्यकालदेखिको अध्ययनप्रतिको उत्सुकता, लगनशीलता, बौद्धिकता, पाण्डित्यपूर्ण व्यवहार, स्वाध्ययन, कवित्वशक्ति, गुरुप्रतिको श्रद्धाभाव, शिक्षणप्रतिको अभिरूच्यादि सूत्रात्मक तर कुनै पनि पक्ष नछुट्ने किसिमले व्यक्त गरिएको छ । यसै खण्डमा पं. भीमकान्त पन्थीकी अर्धाङ्गिनी नीलमाया पन्थीसँगको अन्तर्वार्ता समेटिएको छ । संस्मरण खण्डका अन्य लेखकहरूले आफूसँग भीमकान्त पन्थीको सम्बन्धका आधारमा स्मरण गरिएको छ । यस खण्डमा पं. भीमकान्त पन्थीको आचारव्यवहार, पठनपाठन, घरगृहस्थी, बन्धुबान्धवआदिसँगको सम्बन्ध जानकारी गराउने ४० वटा लेख समाविष्ट गरिएको छ ।

**समीक्षा खण्ड**मा २७ वटा लेख समाविष्ट छन्, जसमध्ये २६ वटा लेख नेपाली भाषामा र डा. जयराजकृत एउटा लेख अङ्ग्रेजी भाषामा रहेको छ । यी सबै सामग्रीहरूमा संस्कृत साहित्यका मूर्धन्य विद्वान् पं. भीमकान्त पन्थीको जीवनी, व्यक्तित्व र कृतित्त्वको परिचर्चाका साथै पन्थीकृत संस्कृत भाषाका जगदम्बिकावैभवम् र जगदीश्वरवैभवम्को सम्यक् चर्चा गर्दै नेपाली माटोमा जन्मिएका संस्कृत साहित्यका कुशल काव्यशिल्पीका रूपमा प्रस्तुत गरिएको छ । साथै पन्थीविरचित विविध पद्यावलीको समेत परिचर्चा गरिएको छ । यस खण्डमा पन्थीको अध्ययन, अध्यापन, संस्कृत एवं नेपाली वाङ्मयको सेवा, सरल एवं शालीन जीवन, विविध धार्मिकपौराणिक ग्रन्थहरूको प्रवचनमा विलक्षणताका साथै निजको जन्मकुण्डलीको समेत परिचर्चा गरिएको छ ।

**संस्कृत खण्ड**मा पं. भीमकान्त पन्थीद्वारा सिर्जना गरिएका जगदम्बिकावैभवम् र जगदीश्वर वैभवम् दुई महाकाव्यको संस्कृत साहित्यका विद्वान् व्यक्तित्वहरूबाट विशद् परिचर्चा गरिएको छ । जसमध्ये प्रा.डा. टीकाराम पन्थीकृत जगदम्बिकावैभवम्महाकाव्यस्य समीक्षणम् र जगदीश्वरमहाकाव्यस्य संक्षिप्तः परिचय शीर्षकीय दुई गहन लेख, प्रा.डा. लक्ष्मीकान्त पन्थीकृत जगदम्बिकावैभवमहाकाव्यस्य कथावस्तुविवेचनम् एवम् जगदीश्वरवैभवमहाकाव्यस्य कथावस्तुविवेचनम् शीर्षकीय दुईवटा निकै पठनीय आलेख, प्रा.डा. महानन्द तिमिल्सिनाको जगदम्बिकावैभवे शास्त्रव्युत्पत्तिः एवं जगदम्बिकावैभवमहाकाव्ये स्तुति-प्रीति-सूक्ति-प्रकृति-सौन्दर्यसमीक्षणम् शीर्षकीय दुई गहन लेख रहेका छन् । यसै खण्डमा नुरापति पोखरेलको नैपालका महाकाव्यकाराः शीर्षकीय आलेखमा संस्कृत भाषामा महाकाव्य सिर्जना गर्ने नेपालका महाकविहरू र तिनको नाम उल्लेख गरिएको छ । जसमा वंशमणिकृत हरिकेली महाकाव्य, काशीनाथकृत यदुवंश महाकाव्य, यज्ञशर्मसूरिःकृत चन्द्रसम्भव महाकाव्य, सुकृतिदत्त पन्तकृत कार्तवीर्योदय महाकाव्य, माधवप्रसाद बरालकृत मागधविजयं महाकाव्य, पूर्णप्रसाद ब्राह्मणकृत सत्यहरिश्चन्द्र महाकाव्य, भरतराज मन्थलीयकृत महेन्द्रोदय महाकाव्य, हरिप्रसाद आचार्यकृत गोरक्षशाहवंश महाकाव्य, कृष्णप्रसाद घिमिरेकृत श्रीकृष्णचरितामृतम्, ययातिचरितम्, नाचिकेतसम्, वृत्रवधम्, गौरीगिरीशम् गरी पाँच महाकाव्य, पशुपति झाकृत नेपालसाम्राज्योदय महाकाव्य, भीमकान्त पन्थीकृत जगदम्बिकावैभवम् र जगदीश्वरवैभवम् दुई महाकाव्य, माधव भट्टराईकृत सत्यसाईचरित महाकाव्य र वेणीमाधव ढकालकृत पृथूदयम् महाकाव्यहरूका विषयवस्तु र सङ्क्षिप्तमा ती महाकाव्यको शैलीशिल्पसम्बन्धी प्रकाश पारिएको छ । साथै यसै खण्डमा प्रा. पुरुषोत्तम पन्थीको पं. भीमकान्तपन्थीनो जन्मकुण्डलीस्थग्रहफलविचारः शीर्षकीय लेखमा भीमकान्त पन्थीका ग्रहगोचरका बारेमा विशद् चर्चा गर्दै केतुको महादशामा जन्मको कारण यी महापुरुष भएका हुन् (केतोर्महादशायां जन्म, भविष्यति पन्थीकुलस्य विभूति, अयं महान् पुरुषो भविष्यतीति लाक्षणिकम्) भन्ने उल्लेख पाइन्छ । साथै यस खण्डमा विद्वत्वर पं. भीमकान्त पन्थीलाई गरिएका अभिनन्दन पत्रहरूको प्रतिलिपि, पं. पन्थीकृत विविधपद्यावली, प्रा.डा. लक्ष्मीकान्त पन्थीको पितुर्जीवनमिदृशम् शीर्षकीय पद्यावली आदि समावेश गरी संस्कृत साहित्यका प्रकाण्ड विद्वान् पं. भीमकान्त पन्थीको बौद्धिक यशोगान प्रस्तुत गरिएको छ ।

**परिशिष्ट १** मा पं. भीमकान्त पन्थी जीवितै हुँदा हाम्रो पुरुषार्थको लागि डा. दुर्गाप्रसाद अर्याल एवं श्री मधुसूदन पाण्डेयद्वारा भीमकान्तसँग विविध विषयमा लिइएको अन्तर्वार्ता समावेश गरिएको छ जसमा कविता लेखनतर्फ आफूलाई उत्साहित गराउनमा गुरु पूर्णप्रसाद ब्राह्मणलाई श्रेय दिएका छन् । यसै खण्डमा भीमकान्त पन्थीकै भागवत भनेकै ज्ञान हो, प्रकाण्ड विद्वान् योगसाधक दधिराम मरासिनी, सुखमा भन्दा दुःखमा वैराग्य शीर्षकीय लेख समावेश गरिएको छ ।

**परिशिष्ट २** मा भीमकान्त पन्थीका अप्रकाशित सामग्रीहरूको विवरण प्रस्तुत गरिएको छ, जसमा संस्कृत भाषाका दुई पद्य, पितामह दत्तात्रेयको सङ्क्षिप्त परिचय, पूज्य पिताज्यू पं. श्रीदेवीप्रसाद पन्थीको जीवनी, भारद्वाज गोत्रीय मानिसका प्रवर र तिनको स्वभावको बारेमा स्कन्दपुराणको ब्रह्मोत्तरखण्ड धर्मारण्यमाहात्म्य अध्याय ३९ का १३८, १३९, १४०, २४९, २५०, २५१ श्लोक उल्लेख गरिएको छ ।

**परिशिष्ट ३** मा पं. भीमकान्त पन्थीका विषयमा बुझ्ेका मानिसहरूको भनाइ शीर्षकमा पं. टीकादत्त उपाध्याय रिजाल (लुङ, प्युठान), पं. मीनराज उपाध्याय रिजाल (लुङ, प्युठान)हाल दाङ, डिल्लीराज रिजाल (लुङ, प्युठान), हाल काठमाडौं, शेखरनाथ पन्थी, (तौलिहवा, कपिलवस्तु), डा. दुर्गाप्रसाद अर्याल, (राहाले गुल्मी) हाल काठमाडौंका भनाइहरू समावेश गरिएको छ । यी भनाइहरूमा पनि पं. भीमकान्त पन्थी सरल स्वभाव अत्यन्त व्यावहारिक एवं उदारमना संस्कृत साहित्यका एक विशिष्ट विद्वान्, वैदिक सनातन धर्मसंस्कृतिका अनुयायी र सिर्जनशील व्यक्तित्व भएको स्पष्ट पारिएको छ । साथै यसै खण्डमा महाकवि पं. भीमकान्त पन्थीका हस्ताक्षरहरू शीर्षकमा एक पृष्ठमा पं. पन्थीको हस्तलिपिको फोटो स्केच गरी राखिएको छ । साथै यसै खण्डमा पं. पन्थीविरचित जगदम्बिकावैभवम्, जगदीश्वरवैभवम् र विविधपद्यावलिः ग्रन्थका आवरण पृष्ठको फोटो, पं. पन्थीका मध्यमा एवं शास्त्री तहको मूलप्रमाणपत्रको फोटो, चितवन देवघाट निवासी कृष्णशरण उपाध्यायकृत नेपाली भाषाको पितृ वन्दना शीर्षकमा ६ पद्य, कपिलधामस्थित पं. पन्थीको प्रतिमाको तस्वीर, पं. पन्थी एवं उहाँकी धर्मपत्नी, ज्येष्ठ सुपुत्रसँगको तस्वीर र अन्य स्वजनसँगका तस्वीर समावेश गरिएको छ । परिशिष्ट ३ पश्चात् हाम्रो पुरुषार्थको नियमित स्तम्भ राखिएको छ जुन पृष्ठ ६५७ बाट आरम्भ भएको छ । यस खण्डमा स्थायी स्तम्भका सामग्री (सम्पादकीय, भेटघाट, अनुभव /अनुभूति, गुल्मीदरबर गाउँपालिकाको परिचय, पुस्तकालय परिचय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, पाठक-प्रतिक्रिया (क), पाठक-प्रतिक्रिया (ख) पुस्तकालयका आजीवन सदस्यहरूको परिचय र किरण पुस्तकालय, तम्घास, गुल्मीद्वारा प्रकाशित पुस्तक शीर्षक समावेश गरिएको छ । साथै आवरण पृष्ठको भित्री पृष्ठमा गुल्मी दरबार गाउँपालिकामा रहेका भैरवस्थान मन्दिर, चारपाला, उजेलादेवी मन्दिर, बलिथुम, जिजु बज्यै मन्दिर, वीरबास, जुभुङ बजार, शहीद पार्क चारपाला एवं पुरानो राजमुकुट गुल्मीका तस्वीर राखिएको छ । पछिल्लो पृष्ठको भित्री भागमा वि.सं. २०७७ माघ २४ गते सम्पन्न अधिवेशनबाट गठित किरण पुस्तकालय व्यवस्थापन समितिका पदाधिकारीको नाम र फोटो प्रस्तुत गरिएको छ जसमा अध्यक्ष श्री शशि पन्थी, उपाध्यक्ष श्री दीन पन्थी, सचिव श्री चनकबहादुर कुँवर, कोषाध्यक्ष श्री हिमकला राना, सदस्यहरू श्री दानबहादुर

के.सी., श्री नन्दराम भुसाल, श्री गोपाल पन्थी, श्री शङ्करप्रसाद गौतम र रेशम कुँवर रहनुभएको विवरण प्रस्तुत भएको छ । साथै श्री ओमप्रकाश पन्थी र श्री ज्ञानराज मरासिनी क्रमशः ग्रन्थपाल र सहायक ग्रन्थपालको पदमा रही पुस्तकालयको गतिविधि अगाडि बढाउन स्वयंसेवामा खटिई सहयोग गरेको विवरण पनि प्रस्तुत गरिएको छ ।

पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क गुल्मी बडाचौरमा जन्मिएर संस्कृत साहित्य एवं पौरत्स्य धर्मदर्शनलाई जीवनदर्शनको रूपमा अङ्गीकार गरी हजारौं हजार विद्यार्थीहरूलाई शिक्षाका उज्यालो ज्योतिले सुसज्जित तुल्याएका धर्मवन्त तपस्वीतुल्य गुरु भीमकान्तको शतवार्षिकीमा प्रकाशित स्मृति ग्रन्थ हो । यसमा पं. पन्थीका हजुरबुबा पं. दत्तात्रेय पन्थीदेखि बाबु पं. देवीप्रसाद पन्थीका जीवनका केही जानकारीसमेत उल्लेख गर्दै ग्रन्थनायक पं. भीमकान्त पन्थीका जीवनका यावत् पक्ष समेट्ने प्रयास गरिएको छ । जन्म, नामकरण, बाल्यकाल, उपनयन संस्कार, शिक्षादीक्षा, वैवाहिक जीवन, पारिवारिक वियोग एवं घरव्यवहार, पेसाव्यवसाय, सन्तानप्राप्ति, वैवाहिक जीवन, छोराछोरीप्रति स्नेह र जिम्मेवारीका साथै आफ्नै स्वाध्याय, अध्यापन, सिर्जनकर्म, स्वभाव र सत्सङ्ग, उनले प्राप्त गरेका मानसम्मान तथा अभिनन्दन र पुरस्कार, तीर्थयात्राका साथै देहावसान आदिको बारेमा विभिन्न विद्वान्हरूका गहन लेख प्रस्तुत गरी निजको पारिवारिक जिम्मेवारी, अध्ययनप्रतिको उत्कट अभिलाषा, शिक्षा एवं वैदिक धर्मसंस्कृतिप्रतिको आस्थाका साथै विशेषतः सिर्जनशील व्यक्तित्व त्यसमा पनि संस्कृत साहित्यमा विशेष अभिरुचि भएको उल्लेख गरिएको छ ।

सूक्तिमय काव्यसिर्जनमा सिद्धहस्त पं. भीमकान्त पन्थीका कतिपय सूक्तिसमेत समाविष्ट गर्दै कविको सिर्जनप्रतिभाको सशक्तता यहाँ प्रस्तुत गरिएको छ । उनमा संस्कृत एवं नेपाली दुबै भाषामा सशक्त रूपमा कलम चलाउने सामर्थ्य थियो । संस्कृत भाषामा दुईवटा महाकाव्य र कतिपय फुटकर कविता रचना गरेका उनले नेपाली भाषामा प्रबन्धकाव्य रचना गरेको देखिँदैन यसबाट नेपाली र संस्कृत दुबै भाषामा उनको कलम निर्बाध चले पनि उनमा संस्कृतप्रति अधिक अभिरुचि रहेको स्पष्ट हुन्छ । यस विशेषाङ्कमा सम्पादक मण्डलले संस्कृत साहित्यका कतिपय सुन्दर सूक्तिहरूसमेत समावेश गरी ग्रन्थलाई अझ बढी शोभायमान तुल्याएको प्रतीत हुन्छ ।

अध्ययनप्रतिको लगनशीलताले उनी तत्कालीन समयका विशिष्ट विद्वान् भएर पनि उनमा लेसमात्र पनि अभिमान थिएन, उनकै शब्दमा -

**शाब्द-व्याकरणं मया न रटितं दृष्टं न च ज्योतिषं**
**मीमांसा-श्रुति-साङ्ख्य-तर्क-कणभुग्वाचां न नाम श्रुतम्**

**धर्मार्थौशनसादितन्त्रमपि नाधीतं न काव्यं स्मृतं**
**सन्देहे मयि विश्वसन्ति कतिचिन्मन्ये विचित्रं स्मृतं**

पूर्वीय काव्यमर्मज्ञ, इतिहासपुराण, ज्योतिष, कर्मकाण्ड एवं दर्शनका एकलव्यीय अध्येता पं. भीमकान्त पन्थी वैदिक सनातन धर्मसंस्कृतिपरम्पराका अनुयायी थिए । औपचारिक शिक्षाले भन्दा स्वाध्यायनले उनले आफ्नो ज्ञानको क्षितिजलाई फराकिलो तुल्याउँदै लगेको कुरा उनका सहकर्मी, सहपाठी, सहयात्रीहरूका अभिव्यक्ति तथा विवेच्य विशेषाङ्कका कतिपय लेखहरूबाट थाहा हुन्छ । आफूलाई सदैव पूर्वीय धर्मदर्शन एवं साहित्यको विद्यार्थी भन्न मन पराउने उनी सदैव शास्त्रहरूको अनुशीलन गरिरहन्थे साथै एवं शास्त्रचर्चामा हराउँथे । उनको जीवनीलाई अवलोकन गर्दा उनमा सदाचारी इतिहासपुराणवाचक, अध्यापक, स्रष्टा, अनुवादक, सांस्कृतिक चिन्तक, कृषक एवं योगसाधक व्यक्तित्व रहेको पाइन्छ । उनको विद्वत्ताबाट प्रभावित भई तत्कालीन समयका विशिष्ट विद्वान्हरूले समेत उनको भुरीभुरी प्रशंसा गरेको पाइन्छ । कवि प्रह्लाद पोखेल पद्यमा यसरी गुरु भीमकान्त पन्थीलाई चिनाउँछन्-

**गुल्मीको रम्य धर्तीतिर अनुकृत भै जन्मियौ भीमकान्त**
**विद्वान् साहित्यसेवी श्रुतधर विनयी प्राच्यविद्या प्रशान्त**

**शिक्षासेवी प्रणेता गुरु बहुजनका अग्रणी काव्यकार**
**शिक्षासाहित्य सेवा सुरुचिमय गरी सुम्पियौ कार्यभार**

*(पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. ४६७)*

कवि मुकुन्द शर्माले पूर्वीय आदर्शका अनुयायी भीमकान्त शास्त्रको अनुशीलन तथा सिर्जनामा रमाउने सरल व्यक्ति थिए भनेका छन् । डा. वेणीमाधव ढकालबाट पं. भीमकान्त पन्थीकृत विविधपद्यावलीको भूमिकामा पन्थीको व्यक्तित्वको सम्बन्धमा यस्तो विचार पाइन्छ-

कवि पन्थीको व्यक्तित्व करूणा, कोमल र शान्त छ । ***उहाँ ऋतभाषी, मितभाषी र हितभाषी मनीषी हुनुहुन्छ । उहाँ शास्त्रानुशीलन, उपासना र रचनात्मक गतिविधिहरूमा लागिरहने अध्ययनप्रिय एकान्तसेवी साधक हुनुहुन्छ । उहाँ सदासर्वदा शास्त्र, ईश्वर एवं आत्माको मनन गर्ने मुनि तथा स्वानुभूतिको आँखाले कुनै पनि क्रियाको दूरगामी परिणामको आँकलन गर्ने ऋषि पनि हुनुहुन्छ । उहाँ सनातन संस्कृतिअनुसारको वेशभूषाका पक्षपाती राष्ट्रवादी र स्वस्थ एवं सुखी समाजको संरचनाका हिमायती प्रेरणाका स्तम्भ पुरुष पनि हुनुहुन्छ ।*** (पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. २२१) उनको विद्वत् व्यक्तित्वबाट निःसृत जगदम्बिकावैभवम् महाकाव्यको सम्बन्धमा सम्माननीय डा. स्वामी प्रपन्नाचार्यको शब्द जस्ताको तस्तै यहाँ प्रस्तुत गर्न चाहन्छु ।

यद्यपि कविकान्तेन भीमकान्तेनाऽऽजीवनं सामनतनयपरिकर्मितशब्दानुशासन-स्वाध्यायप्रवचनमेव विहितमिति चित्रगवीका विदन्ति तथापि महाकाव्यमिदं प्राचीनपराचीनकविमहाकविपरिकर्मितमहाकाव्येषु किमपि नावीन्यप्रावीण्यञ्चादधातीति नात्युक्तिकोटिमाटीकते । महाकाव्यमिदं खलु पौराणिकपरीक्षदि सुपरिचितश्रीमद्देवी-भागवतमहापुराणमेव मौलमनुसरति । बहुत्र शब्दगुम्फनचातुर्यमपि दरीदृश्यते । अतएव पराम्बामिकां संस्तुत्य पावनभूसुरभासुरजीवनं सफलीकुर्वन्तो दृश्यते कविकान्ततिदान्तभीमकान्तसन्तः । अतोहेतो मितम्पचमतीनां वाग्वैभवजुषां संख्यावतां सविधे प्रस्तुतमहाकाव्यं महते उपकाराय स्यादिति । (पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. २३०)

पूर्वीय धर्मदर्शन एवं पुराणइतिहासका प्रखर प्रवक्ता राष्ट्रयोगी योगी नरहरिनाथले पं. पन्थीको शास्त्रअनुशीलन, सदाचार एवं काव्यसिर्जनको चामत्कारिक कलाप्रति सङ्केत गर्दै यसो भनेका छन्-

**वृक्षा नम्रशिखा लतापरिवृता देवाः सदा पूजिताः**
**निर्वैरा मनुजाः पठन्ति बटवो जागर्ति विद्यालय**
**भारद्वाजकुलं चरित्रधवलं लक्ष्यं हि विद्यार्जनम्**
**अत्रोत्पन्न उदारधीः कविवरः श्रीभीमकान्तो बुधः**

**अत्राद्यापि कृतज्ञमानवगणो भीमार्चको भ्राजते**
**शान्तो दान्त उदारमानसकविः शिष्टः स्वकीयैर्गुणैः**
**काव्यं चारूचमत्कृतं सुललितं भावैर्गभीरं महत्**
*(पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. २३०-२३१)*

पं. भीमकान्त कविहरूलाई सशक्त कविता सिर्जनामा अभिप्रेरित गर्दछन् । सामान्य कनिकुथी भाषामा लय मिलाएर सतही वर्णन गर्दैमा कविता हुन नसक्ने उनको भनाइ रहेको छ । उनी ताकेको ठाउँमा लक्ष्यभेदन गर्न असमर्थ धनुर्धारीलाई धनुर्धारी भन्न नसकिएझैं अर्काले (पाठक) पढेर वाह नभन्ने कविता कविता हुन सक्दैन भन्दछन् । यथा-

**किं कवेस्तस्य काव्येन किं काण्डेन धनुष्मतः**
**परस्य हृदये लग्नं न घूर्णयति यच्छिरः**
*(पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. २१)*

**अब अन्त्यमा,**

विवेच्य विशेषाङ्क पं. भीमकान्त पन्थीलाई नायक मानेर उनका सुकीर्तिलाई लोकसामु ल्याउने सुविचारले प्रकाशित गरिएकोले यसमा उनको जीवनका यावत् पक्ष समेटिनु स्वाभाविकै हो । विद्वान् लेखकहरूले आ-आफ्ना लेखरचनाका

माध्यमबाट विद्वत्वर पं. भीमकान्तको जीवनीको उद्घाट गर्ने सत्प्रयास गरिएको पाइन्छ । लोकलाई उज्यालो तुल्याउने रविका रश्मि कहाँ कहाँ पुगेका छन् भनी भन्न नसकिएझैं प्रतिभावान् व्यक्तिले लोकका कुन कुन स्थानमा के कति योगदान दिए भनी निर्क्यौल गर्न सकिँदैन । आत्मप्रशंसाबाट टाढा रहने यस किसिमका व्यक्ति आफूले लोकहितका निम्ति गरेका कार्य कसैलाई उच्चारण नै गर्दैनन्, यसबाट पनि उनीहरूबाट सम्पादित कार्य सम्पूर्णरूपमा प्रस्तुत गर्न सकिँदैन । उज्यालो हुँदै जाँदा दृष्टि फराकिलो हुँदै गएर धेरैभन्दा धेरै वस्तुमा नजर परेझैं समयको क्रममा विद्वान्हरूबाट लोकहितको लागि सम्पादित कार्य खुल्दै जानेछन् र समयानुसार हामीलाई जानकारी हुँदै जाने हो । विद्वत्वर पं. भीमकान्त पन्थीको स्मृति विशेषाङ्कको अध्ययन, अवलोकन, अनुशीलन गरी उहाँको व्यक्तित्व एवं कृतित्त्वका सम्बन्धमा जति लेखे पनि पूर्णता दिन सकिँदैन । गोलबोलीमा भन्नुपर्दा विवेच्य ग्रन्थ नेपाली एवं संस्कृत भाषा, साहित्य, कला र संस्कृतिको अध्ययनअध्यापनका साथै शोधअनुसन्धानमा अभिरुचि राख्नेहरूका लागि विशेष सङ्ग्रहणीय रहेको छ । विषय विस्तृत हुने भएकोले गन्थनलाई यहीं अन्त्य गर्दै सदाचारी काव्यमनीषी पं. भीमकान्तको जीवनको विविध पक्षको उद्घाटन गर्ने सत्प्रयास गरिएको प्रस्तुत विशेषाङ्कले वर्तमान पुस्ता र सन्ततिहरूलाई काव्यमनीषी, सदाचारी, पूर्वीय धर्मदर्शनका अनुशीलनकर्ता, धुरन्धर तर सरल व्यक्तित्वका धनी पं. भीमकान्त पन्थीलाई नजिकैबाट चिनाउन सक्ने विश्वास गर्न सकिन्छ । प्रस्तुत विशेषाङ्क वाङ्मय सेवी सदाचारी एवं ज्ञानचक्षु प्रदान गरी अज्ञानरूपी अन्धकार हटाइदिने, ज्ञानमार्गको शङ्का शमन गरी मन शान्त तुल्याइदिने गुरुप्रति श्रद्धावनत भई शिष्यगणद्वारा अर्पण गरिएको मग्मगाउँदो फूल हो, सुगन्धमय पुष्पगुच्छा हो । सदाचारी, धर्मानुशीलनकर्ता, लोकोपकारी कार्यमा सदा प्रवृत्त रहने विद्वत् व्यक्तित्वहरूको विशेषाङ्क प्रकाशित गर्न अग्रसर रहने किरण पुस्तकालय भुरी भुरी प्रशंसायोग्य छ भन्दै कवि पं. भीमकान्त पन्थीले श्रद्धेय गुरु गङ्गाधर शास्त्रीको देहावसानपश्चात् शास्त्रको अर्थको मर्म बताइदिने को होला भन्ने चिन्ता गरी रचना गरेको पद्य प्रस्तुत गर्दै यो गन्थनलाई यहीं बिट मार्ने अनुमति चाहन्छु ।

**विद्वद्वरेण्यगणमस्तकरन्तपुष्प**
**मालाललामपरिपूजितपादपद्म !**
**लोकान्तर त्वयि गते सति हा ! समस्त**
**शास्त्रार्थमर्मविदित प्रथितो भवेत् कः**

*(पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, पृ. ६२४)*

**वन्दे महापुरुष ते चरणारविन्दम् ।**

✍ **सुनवल-१२, भुमही, नवलपरासी ।**

**०००**

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क १५को चिरफार

वनमाली निराकार



पुस्तकालय सभ्य समाजको प्रतीक हो । पुस्तकालयको इतिहास हजारौं वर्ष पुरानो भए पनि नेपालमा यसको इतिहास दुई सयको हाराहारीमा देखिए पनि संगठित पुस्तकालयको इतिहास सय वर्षको मात्र छ । आज पनि नेपालमा पुस्तकालयलाई त्यति महत्त्व दिइएको देखिदैन । अहिले नेपालमा तीन तहका सरकार छन् तर कतिपय स्थानीय तहमा कुनै सरकारी पुस्तकालय छैन । पश्चिमी मुलुकहरूमा पुस्कालयको सम्पूर्ण जिम्मा स्थानीय सरकारले लिएको हुन्छ । प्राथमिक तहदेखि नै विद्यार्थीलाई पुस्तकालयसँग जोडिएको हुन्छ । तर हाम्रो नेपालमा कुनै पनि तहका सरकारी निकाय संवेदनशील देखिदैनन् । नेपालका एक दुई पुस्तकालय छाडेर जति पनि पुस्तकालय छन् ती कि त निजी क्षेत्रबाट कि त जनताको सक्रियताबाट संचालित छन् । आज त यस्तो अवस्था छ भने आजभन्दा पचपन्न वर्ष पहिलेको अवस्था कस्तो थियो होला सहजै कल्पना गर्न सकिन्छ । जुन समयमा शिक्षा, यातायात, संचार र प्रशासनिक सुविधाबाट टाढा रहेको गुल्मी जिल्लाको तम्घासमा एउटा व्यक्तिको पहलमा स्थापना भएको किरण पुस्तकालय आज सबै प्रकारले सुबिधा सम्पन्न पुस्तकालयको रूपमा हाम्रा सामु खडा छ । गुल्मीको तम्घासमा आजभन्दा पचपन्न वर्ष पहिले पुस्तकालय संचालन गर्नु त्यो पनि एउटा व्यक्तिले कति कठिन हुन्छ पुस्तकालयका संस्थापक शशि पन्थी बाहेक अरू कसलाई थाह होला र ?

पुस्तकालय संचालनमा विभिन्न समस्या हुँदाहुँदै पनि पत्रिका प्रकाशन गर्ने निर्णय गर्नु आफैमा साहसिक कार्य हो मान्नुपर्दछ । २०२५ सालमा स्थापना भएको किरण पुस्तकालयले पाँच वर्ष नबित्दै साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ निकाल्ने अठोट गर्‍यो । नेपालमा पत्रिका प्रकाशन गर्नु अझ साहित्यिक पत्रिका प्रकाशन गर्नु भनेको फलामका च्युरा चपाउनु जत्तिकै हो । नेपाली साहित्यिक पत्रिकाको इतिहासमा कुनै पनि साहित्यिक पत्रिकाको निरन्तर प्रकाशनको इतिहास सुखद छैन । काठमाडौं जस्ता सुविधासम्पन्न सहरहरूबाट निस्कने पत्रिकाहरूको पनि

त्यति राम्रो निरन्तरता पाइँदैन यस्तो परिस्थितिमा आज भन्दा पचास वर्ष अघि त्यो पनि गुल्मी जस्तो यातायात, संचार र उद्योगधन्दाले पछि परेको विकट स्थानबाट साहित्यिक पत्रिका प्रकाशन गर्ने निर्णय गर्नु आफैमा दुस्साहसको काम हो भन्ने ठान्दछु ।

किरण पुस्तकालय गुल्मीले २०३० सालको देवकोटा जयन्ती (लक्ष्मीपूजा) का दिनबाट वार्षिक मुखपत्रका रूपमा "हाम्रो पुरुषार्थ" प्रकाशन आरम्भ गरेको देखिन्छ । शुरूमा केही वर्ष वार्षिक, त्यसपछिका केही वर्ष अर्धवार्षिक र अहिले त्रैमासिक रूपमा निरन्तर प्रकाशन हुँदै आइरहेको छ । हालसम्म पचास वर्षको अवधिमा उनान्सय अङ्क प्रकाशन भइसकेका छन् र २०८० सालको देवकोटा जयन्तीका अवसरमा सेन्चुरी अङ्क मार्ने तैयारीमा छ । सामान्य रूपमा प्रकाशन हुने अङ्क बाहेक विशेष अङ्क, अतिरिक्त अङ्क तथा विशेषाङ्कका रूपमा प्रकाशन भएको देखिन्छ । बालवर्षमा बालवर्ष अङ्क, युवा वर्ष अङ्क, राज्याभिषेक अङ्क, त्यस्तै कथा अङ्क, समालोचना अङ्क, पुस्तकालय अङ्क र पत्रकारिता अङ्क पनि प्रकाशन भएका छन् भने भानु विशेषाङ्क, लेखनाथ विशेषाङ्क, विश्वेश्वरप्रसाद कोइराला विशेषाङ्क, टीकाराम पन्थी विशेषाङ्क र भीमकान्त पन्थी विशेषाङ्क जस्ता महत्त्वपूर्ण विशेषाङ्कका साथै हालै मात्र नेपालको प्रसिद्ध धार्मिक, ऐतिहासिक र पर्यटकीय क्षेत्र रुरुक्षेत्रआधारित रहेर रुरुक्षेत्र विशेषाङ्क प्रकाशित गरेको छ । यसरी लगभग बीसवटा जति विशेषाङ्क प्रकाशित गरेर आफैमा एउटा इतिहास कायम गर्न सफल भएको छ । चाहे सामान्य नियमित अङ्क हुन् चाहे विशेष अङ्कका रूपमा निक्लिएका विशेषाङ्क हुन् प्रत्येक अङ्क आफैमा विशेषाङ्क जस्ता छन् । सम्पादकहरू स्तरीयतामा कहिल्यै सम्झौता गर्दैनन् । त्यसैले नेपाली साहित्यिक पत्रिकाको इतिहासमा हाम्रो पुरुषार्थले आफ्नो अलग्गै पहिचान र स्थान बनाएको छ । विभिन्न क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूले यस पत्रिकालाई र यसमा समावेश सामग्रीलाई शोधको विषय बनाइएकोबाट स्वतः प्रमाणित हुन्छ । यसका प्रत्येक अङ्क शोधार्थीहरूका लागि स्रोतग्रन्थका रूपमा प्रयोग हुन्छन् । शुरूमा भौतिक रूपमा संचार, यातायात तथा अन्य कठिनाइले गर्दा लुम्बिनी अञ्चलमा सीमित देखिएपनि पछिल्लो समयमा राष्ट्रिय सीमा नाघेर आफ्नो दायरालाई अन्तर्राष्ट्रिय तहसम्म पुऱ्याउन सफल

*नेपाली साहित्यिक पत्रिकाको इतिहासमा हाम्रो पुरुषार्थले आफ्नो अलग्गै पहिचान र स्थान बनाएको छ । विभिन्न क्याम्पसमा स्नातक र स्नातकोत्तर तहमा अध्ययन गर्ने विद्यार्थीहरूले यस पत्रिकालाई र यसमा समावेश सामग्रीलाई शोधको विषय बनाइएकोबाट स्वतः प्रमाणित हुन्छ । यसका प्रत्येक अङ्क शोधार्थीहरूका लागि स्रोतग्रन्थका रूपमा प्रयोग हुन्छन् ।*

भएको छ । यसले आफ्नो सीमालाई छपाइको रूपमा मात्र सीमित नराखी वेबसाइडका पेजहरूमा अनलाइन पढ्न सकिने गरी आफूलाई विस्तार पनि गरिसकेको छ । विना रूकावट पचास वर्ष निरन्तर पत्रिका प्रकाशन भइरहनु यसको विशेषता नै मान्नुपर्दछ । यस्तो महत्त्वपूर्ण पत्रिकाको २०८० साल स्वर्ण-जयन्ती वर्ष हो र हालसम्म उनान्सय अङ्क प्रकाशनमा आइसकेको छ । अब २०८० सालको देवकोटा जयन्ती (लक्ष्मीपूजा)को अवसरमा पत्रिकाको स्वर्ण-जयन्ती विशेषाङ्क मार्फत आफ्नो विगतलाई कोट्याउने जमर्को गर्दै छ । यसै सन्दर्भमा मैले यो सानो लेखका माध्यमले हाम्रो पुरुषार्थ (वर्ष ९, अङ्क २, सम्पूर्णाङ्क १५)को लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्कको संक्षिप्त विवेचन गर्ने जमर्को गरिरहेछु ।

यो विशेषाङ्क लुम्बिनी अञ्चलको सेरोफेरोमा केन्द्रित छ । तत्कालीन लुम्बिनी अञ्चल मौजुदा लुम्बिनी प्रदेशका १२ जिल्ला मध्ये अर्घाखाँची, गुल्मी, पाल्पा, कपिलवस्तु, रूपन्देही र नवलपरासी गरी ६ जिल्ला समेटिएकाले यो अङ्क यिनै ६ जिल्लाको साहित्य र साहित्यकारहरूमा केन्द्रित रहेको छ । यो अङ्क २०३९, वैशाख महिनामा निस्किएको हो । यसका सम्पादक शशि पन्थी र सहायक सम्पादकहरूमा दीन पन्थी र भेषबहादुर कुँवर रहेका छन् । यो अङ्कको मूल्य रू. २० तोकिएको छ । यो अङ्कको आकार मध्यम रहेको र आवरणको ४ पृष्ठ सहित जम्मा २६० पृष्ठ रहेको छ । यो अङ्क कहाँ छापियो त्यसको उल्लेख पत्रिकामा पाइँदैन । मुद्रकको नाम उल्लेख गरिएको छैन । यसमा माथि उल्लेख गरिएका जिल्लाहरूमा केन्द्रित लेख रचनाहरू नै समावेश छन् । जसमा कथा बारेका दुई, उपन्यासका दुई, महाकाव्यका दुई, कवि र कविताका दुई, समालोचनाको एक, भाषा साहित्यका दुई, पत्रपत्रिकाका तीन, संस्कृत भाषा साहित्य सम्बन्धित दुई र अन्य साहित्यिक लेखहरू समावेश गरिएका छन् । र यी सबै लेखका लेखकहरूमध्ये तीन जना बाहेक सबै लुम्बिनी अञ्चलकै हुनुहुन्छ भने तीन जना पनि अन्यत्र जिल्लामा जन्म भए पनि लुम्बिनी अञ्चलमै कार्यरत हुनुहुन्थ्यो । यस अङ्कका लागि लेख लेख्नुहुने बाईस लेखकहरूमध्ये नौ जना लेखकको मृत्यु भैसकेको छ । जीवित लेखकहरू अहिले पनि लेखनमा सक्रिय हुनुहुन्छ । अब म यसमा रहेका सामग्रीलाई संक्षेपमा चर्चा गर्न गइरहेछु ।

शुरूमै नेपाली साहित्यका प्रसिद्ध समालोचक प्रा. डिल्लीराम तिमल्सिनासँग सम्पादकले आठवटा प्रश्नका माध्यमले लिइएको अन्तर्वार्ता प्रस्तुत गरिएको छ । यस अन्तर्वार्तामा तिमल्सिनाले नेपाली साहित्यको विकासमा लुम्बिनी अञ्चलका साहित्यकारहरूको उल्लेख्य योगदान रहेको चर्चा गर्नुभएको छ । भवानी भिक्षु, माधवप्रसाद देवकोटा, कुलमणि देवकोटा, पं. दधिराम मरासिनी, मोदनाथ प्रश्रित, वामदेव पहाडी, टीकाराम पन्थी र विष्णुराज आत्रेय आदिको नाम उल्लेख गर्दै लुम्बिनी क्षेत्र नेपाली साहित्यका लागि उर्वर रहेको बताउनुभएको छ ।

पत्रिकालाई दिगो राखिरहन अध्ययनशील, लगनशील, मेहनती हुनुका साथै धैर्य गर्न सक्ने शक्ति हुनुपर्दछ भन्ने विचार मनन योग्य छ । यो अन्तर्वार्ता पढ्नै पर्ने रहेको छ ।

डा. टीकाराम पन्थीको लुम्बिनी अञ्चलका संस्कृत कवि र कविता भन्ने लेखमा लुम्बिनी अञ्चलमा रहेर संस्कृतमा कविता तथा काव्य लेखेका र लेख्दै गरेका रेसुङ्गाका महाप्रभु लक्ष्मीनारायण स्वामी, धनञ्जय मरासिनी, उमानाथ पन्थी, भीमकान्त पन्थी, लक्ष्मीकान्त पन्थी, भेषराज सापकोटा, माधवप्रसाद देवकोटा, मीनप्रसाद शर्मा नेपाल, कुलमणि देवकोटा, विष्णुराज आत्रेय आदिका बारेमा जानकारी पाइन्छ । त्यतिबेला चर्चामा नआएकाले हो वा अरू कारणले हो वेणीमाधव ढकालको चर्चा यसमा छुटेको रहेछ ।

भवानी भिक्षु : कविको रूप भन्ने लेखका माध्यमले प्रसिद्ध समालोचक वामदेव पहाडीले भवानी भिक्षुलाई आख्यानकार मात्र नभएर कवि पनि हुन् भन्ने प्रमाणित गरेका छन् । यो लेखले भवानी भिक्षुलाई छायावादी कविको रूपमा चिन्न सजिलो बनाइदिएको छ । हीरामणि शर्मा पौड्यालको साहित्यिक फाँटमा लुम्बिनी अञ्चलका केही प्रबन्धकाव्यहरू भन्ने लेखमा यस अञ्चलका कविहरूले लेखेका खण्डकाव्य र महाकाव्यहरूका विषयमा चर्चा गरिएको छ । दधिराम मरासिनीका श्रीकृष्णाद्भूत चरित्रम्, सदुपदेशः र भक्तिविलासः, माधवप्रसाद देवकोटाको हुस्सु पथिक र रुरु गौरव, हरि अरविन्दको धर्मसंकट, लाटो साथीको कपिलवस्तु र ढाक्रे, जगतबहादुर जोशीको जसवन्ते, मोदनाथ प्रश्रितको देवासुर संग्राम र मानव महाकाव्य, शिवभक्त शर्माको लुम्बिनी, रामचन्द्र भट्टराईको बोई, नीलकण्ठ न्यौपानेको बाँधा, र गोविन्दप्रसाद भण्डारी को फिलिङ्गोका बारेमा राम्ररी चर्चा गरिएको छ । यस लेखका माध्यमले प्रबन्धकाव्यका विषयमा धेरै कुरा जान्न सकिन्छ । यो लेखका लेखकले पनि लुम्बिनी अञ्चलमा त्यस समयमा सक्रिय कथाकारहरूको परिचयात्मक प्रस्तुति सानो लेखमा गरेको छ । रमेशचन्द्र उपाध्यायले यस क्षेत्रका समालोचकहरूको परिचयात्मक टिप्पणी गर्नुभएको छ भने कृष्ण ज्ञवालीले पश्रित र मानव महाकाव्यका विषयमा जान्न चाहने पाठकलाई सामग्री प्रस्तुत गर्नुभएको छ ।

नेपाली साहित्यमा सर्वाधिक लेखिएको विधा कविता हो । यस विशेषाङ्कमा पनि सबभन्दा लामो लेख कविता कै विषयमा छ । दीन पन्थीले यस अञ्चलका कविहरूको परिचय र उनीहरूका प्रवृत्तिका विषयमा प्रकाश पार्ने क्रममा जोसमनि सन्त परम्पराका प्रवर्तक शशिधरदेखि माधवप्रसाद देवकोटा, भवानी भिक्षु, कुलमणि देवकोटा, मोदनाथ प्रश्रित हुँदै रामचन्द्र भट्टराई, बूँद रानासम्मका कविहरूको विवेचन गर्नुभएको छ । लेखको अन्तमा लोक गीतको संक्षिप्त परिचय पनि दिनुभएको छ । मदनप्रसाद दवाडीले यस भेकका लेखकले लेखेका चार

उपन्यासका बारेमा विश्लेषण गर्नुभएको छ । वामदेव पहाडीको कैदी र झ्यालखान, लाटो साथीको हामी भित्रका म, मुरारीप्रसाद रेग्मीको जीवन-क्यानभासको वृत्तचित्र र आर. सी. पौडेलको भावनाको छोटकरीमा विवेचन गरिएको छ । विनयकुमार कसजूको लुम्बिनी अञ्चलमा भाषा र साहित्यको उन्नतिका निम्ति व्यक्तिगत र संस्थागत प्रयासहरू नेपाली साहित्यको गतिविधिमा रुचि राख्ने र शोध गर्नेहरूका लागि महत्त्वपूर्ण लेख सावित हुन जान्छ । सान्दाइ उपनामधारी लेखकको मालती उपन्यासः सर्सरी हेर्दा शीर्षकको लेखमा यस क्षेत्रकै महिलाहरू मध्ये भागीरथी श्रेष्ठको पहिलो उपन्यास मालतीको समीक्षा प्रस्तुत गरिएको छ । त्यस्तै प्रसिद्ध राजनीतिज्ञ गोकर्णराज शास्त्रीले गुल्मीका चार प्रतिभा शोभाकर ब्राह्मण, उमानाथ पन्थी, कृष्णप्रसाद ज्ञवाली र शिवकुमार ज्ञवालीको परिचय प्रस्तुत गर्नुभएको छ भने भेषबहादुर कुँवर प्रयासीले गुल्मी जिल्लाको सदरमुकाम तम्घासको सेरो फेरोका साहित्यिक व्यक्तित्व र उनीहरूका कृतित्त्व बारे प्रकाश पार्नु भएको छ । शिवभक्त शर्माले आफ्नो लेखमा यस भेकका आफूलाई मन पर्ने लेखकहरूका विषयमा लेख्नुभएको छ ।

*यो विशेषाङ्कको अन्ततिर प्रतिभा परिचय शीर्षकमा त्यसबेला लुम्बिनी अञ्चलमा सक्रिय रहेका दुई सय सत्ताईस साहित्यकारहरूको परिचय सहित विवरण दिइएको छ । त्यस्तै त्यो बेला लुम्बिनी अञ्चलबाट निस्केका एक सय तेह्र पत्रिकाको नाम दिइएको छ तर यसमा ती पत्रिका प्रकाशनको वर्ष साल पनि दिइएको भए अत्यन्त राम्रो हुने थियो । यसैगरी साहित्यिक, सामाजिक संस्था र पुस्तकालयहरूको पनि सूचि दिइएको छ ।*

हाम्रो पुरुषार्थकै सम्पादक शशि पन्थीले गुल्मी जिल्लाको पत्रपत्रिकाको विगत इतिहास र पत्रिका संचालनमा भोग्नु परेको समस्या बारेमा विस्तृतरूपमा विवेचन गर्नुभएको छ । अंग्रेजी विषयका शिक्षक सुदीप बागचीले भने पाल्पा जिल्लामा अंग्रेजी भाषामा लेखिएका रचनाहरूको सुन्दर चर्चा गर्नुभएको छ । रूपन्देही जिल्लाको पत्रपत्रिकाको इतिहास भूपति ढकाल कमल र पाल्पाको पत्रपत्रिकाका विषयमा चोलेश्वर शर्माले गहन अध्ययन गरी सम्पूर्ण विवरण प्रस्तुत गर्नुभएको छ । त्यस्तै लक्ष्मीकान्त पन्थीले भवानी भिक्षुको कथाकारिताका विषयमा राम्ररी उत्खनन गर्नुभएको छ । भवानी भिक्षुका विषयमा जान्न चाहनेहरूको लागि यो लेख अत्यन्त उपयोगी हुनेछ । अर्जुन ज्ञवालीले साहित्यप्रति उदासिन हुँदै गएको समाजमा पनि साहित्यकारहरू ज्यान फालेर साहित्यमा लागिरहेका छन् र उत्कृष्ट कृति दिइरहेको चर्चा आफ्नो लेखमा प्रस्तुत गरेका छन् । त्यस्तै लाटो साथीले संस्कृत साहित्यमा लुम्बिनी अञ्चलका गतिविधि र केही कविहरूको

परिचय दिनुभएको छ भने जगतबहादुर जोशीले आफ्नो लेखमा पाल्पाको राजनैतिक, शैक्षिक, सामाजिक र साहित्यिक जागरणको अत्यन्त जानकारीमूलक ऐतिहासिक तथ्य प्रस्तुत गर्नुभएको छ । पत्रकार मेघराज शर्माले पाल्पाली साहित्यकारहरूको फेहरिस्त मात्र दिनुभएको छ ।

यो विशेषाङ्कको अन्ततिर प्रतिभा परिचय शीर्षकमा त्यसबेला लुम्बिनी अञ्चलमा सक्रिय रहेका दुई सय सत्ताईस साहित्यकारहरूको परिचय सहित विवरण दिइएको छ । त्यस्तै त्यो बेला लुम्बिनी अञ्चलबाट निस्केका एकसय तेह्र पत्रिकाको नाम दिइएको छ तर यसमा ती पत्रिका प्रकाशनको वर्ष साल पनि दिइएको भए अत्यन्त राम्रो हुने थियो । यसैगरी साहित्यिक, सामाजिक संस्था र पुस्तकालयहरूको पनि सूची दिइएको छ तर यसमा पुरानो हुँदाहुँदै पनि कपिलवस्तु तौलिहवाको पशुपति पुस्तकालयको नाम छुट्न गएछ । यहाँ लुम्बिनी अञ्चलमा संचालित एक्काइस वटा प्रेस छापाखानाको नाम पनि दिइएको छ । नौलो सृष्टि सानो दृष्टि शीर्षकमा आठवटा पत्रिका र पुस्तकको संक्षिप्त टिप्पणी छापिएको छ । किरण पुस्तकालयको पातो, आजीवन सदस्यको परिचय, ग्राहक संख्या ११८ देखि २०४ सम्म ८७ जना आजीवन सदस्यको नामावली र अन्तमा सम्पादकीय रहेको छ ।

हाम्रो पुरुषार्थको स्थापना कालदेखि नै म पनि जोडिएको, मेरा रचनाहरू पनि प्रकाशित भएका हुनाले पत्रिकाको स्थायित्व र निन्तरताले मलाई पनि आनन्द दिन्छ । किरण पुस्तकालयको स्थापनाको पचपन्न वर्ष र सोही पुस्तकालयबाट प्रकाशित साहित्यिक पत्रिका हाम्रो पुरुषार्थको पचास वर्ष अर्थात् स्वर्ण–जयन्ती वर्षमा प्रकाशित हुनलागेको विशेषाङ्कका लागि आजभन्दा एकचालीस वर्ष पहिले निस्केको विशेषाङ्कै विषयमा चर्चा गर्ने प्रयास गरें । त्यसबेला सक्रिय कति साहित्यकारहरू अहिले निष्कृय पनि हुनु हुन्छ । कतिपय दिवंगत भइ पनि सक्नुभएको छ । बितेको चालीस वर्षमा कैयौं एक से एक साहित्यकारहरूको उदय भैसकेको छ । अब नयाँ परिवेशमा छिटै लुम्बिनी प्रदेश विशेषाङ्कको तैयारी गर्नु पर्ने देखिन्छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थ दुबैलाई हादिक बधाई ! अस्तु ।

✍ **कथा कुथुङ्ग्री घर, प्रवेशपथ, सिद्धार्थनगर, रूपन्देही ।**

ooo

**आफ्ना छोराछोरीहरूलाई पुस्तकालयमा लिएर गई पुस्तक, पत्र–पत्रिका पढ्ने बानीको विकास गर्न सहयोग गरौं ।**

# "हाम्रो पुरुषार्थ" को लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क



कृष्णप्रसाद बस्याल

२०३८ साल मार्ग देखि २०४० साल आश्विन महिनासम्म मलाई गुल्मी जिल्लाको सदरमुकाम तम्घास बस्ने मौका मिल्यो । म त्यसबेला सुनसरीबाट सरूवा भई आएको थिएँ । कहाँ सुनसरी २४ सैं घण्टा यातायात चल्ने सुगम र चहलपहल युक्त ठाउँ कहाँ गुल्मी मोटरबाटोले पनि नछोएको जिल्ला । शुरूमा त मलाई सुनसान जस्तो लाग्यो । रहँदा बस्दा धेरै जसो हाकिम, कर्मचारी पाल्पा पोखरातिरका भएका र म पनि पाल्पा जिल्लाको बासिन्दा हुँदा सबैसँग हिमचिम हुन थाल्यो र न्यास्रो पनि मेटिंदै गयो । अझ सदरमुकाम तम्घासकै मुटुमा किरण पुस्तकालय भएको र बेलाबेलामा सहित्यिक कार्यक्रमहरू पनि भइरहने र मेरो पनि साहित्यप्रति लगाव भएको हुँदा समय बिताउन मलाई त्यति दुःख भएन । कार्यक्रमहरू खासगरी अफिस समयपछि हुने तथा हाकिम र कर्मचारी पनि त्यसमा सम्मिलित हुने हुँदा आफू पनि भाग लिन पाइने र विभिन्न साहित्यकारसँग सम्पर्क हुने कारण गुल्मी तम्घासको बसाइ रमाइलै हुन पुग्यो । मलाई सम्झना भएसम्म किरण पुस्तकालयले वर्षको चारओटा लेखनाथ, देवकोटा, भानुभक्त र मोतीराम जयन्तीमा विशेष कार्यक्रम गर्दथ्यो । त्यसका अतिरिक्त बेला-बेलामा विशिष्ट व्यक्तिको आगमनमा/सम्मानमा पनि कार्यक्रम भइरहन्थे । संयोगको कुरा हो एउटा मोती जयन्तीको कार्यक्रममा अति विशिष्ट विद्वान् डा. टीकाराम पन्थीले पनि भाग लिई सम्बोधन गर्नुभएको थियो । त्यसबेला मैले "सम्झना मोतीको : सन्दर्भ हिजो र आजको" नामक मन्दाक्रान्ता छन्दको कविता सुनाएको थिएँ । त्यसमा टिप्पणी गर्दै उहाँले मोतीरामलाई चिनाउन यस्तै कविता हुनुपर्दछ । उनको विशेषता नै हो "आफू जस्तै युवक कविको मण्डली खोजिहिँड्ने" भन्नुभएको मलाई अहिले पनि सम्झना छ ।

अब हाम्रो पुरुषार्थ भन्ने साहित्यिक पत्रिकातिर लागौं । शुरूमा २०३० साल कार्तिक महिनादेखि वार्षिक रूपमा प्रकाशित हुने गरेको हाम्रो पुरुषार्थ म नपुग्दै २०३६ साल वैशाखदेखि नै अर्ध-वार्षिक भइसकेको रहेछ । (२०७० कार्तिकदेखि त्रैमासिक) मैले पनि हाम्रो पुरुषार्थका चार/पाँच वटा अङ्क फेला पारें । काठमाडौंबाहिर मोफसलबाट निस्कने यो पत्रिका निकै स्तरीय लाग्यो । कविता, कथा, निबन्ध, पाठक-प्रतिक्रिया, चिठी-चपेटा, नौलो सृष्टि : सानो दृष्टि (समीक्षा) जस्ता सबै विधा र क्षेत्रलाई समेटेर निस्कने यो पत्रिका शिक्षित र पठित सबका हात-हातमा देखिन्थ्यो ।

*सदरमुकाम तम्घासकै मुटुमा किरण पुस्तकालय भएको र बेलाबेलामा सहित्यिक कार्यक्रमहरू पनि भइरहने र मेरो पनि साहित्यप्रति लगाव भएको हुँदा समय बिताउन मलाई त्यति दुःख भएन । कार्यक्रमहरू खासगरी अफिस समयपछि हुने तथा हाकिम र कर्मचारी पनि त्यसमा सम्मिलित हुने हुँदा आफू पनि भाग लिन पाइने र विभिन्न साहित्यकारसँग सम्पर्क हुने कारण गुल्मी तम्घासको बसाइ रमाइलै हुन पुग्यो । मलाई सम्झना भएसम्म किरण पुस्तकालयले वर्षको चारओटा लेखनाथ, देवकोटा, भानुभक्त र मोतीराम जयन्तीमा विशेष कार्यक्रम गर्दथ्यो ।*

किरण पुस्तकालय प्रकाशक भएको यो पत्रिकाका सम्पादकमा शशि पन्थी, सहायक सम्पादकद्वयमा दीन पन्थी र भेषबहादुर कुँवर थिए ।

म बस्दाबस्दै लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार नामक विशेषाङ्क निस्केको थियो । भगवान् गौतम बुद्धको जन्मस्थल भएको नाताले नामकरण भएको यो अञ्चल शिक्षा, संस्कृति, साहित्यको दृष्टिले पनि समृद्ध अञ्चल हो । यसले समस्त देशको प्रतिनिधित्व गरेको छ भन्नु अतिशयोक्ति नहोला । त्यसैले अञ्चल विशेषकै साहित्य र साहित्यकारको निमित्त छुट्टै अङ्क प्रदान गरिएको यो कदम साह्रै नै उपयुक्त र प्रशंसनीय पनि हो । प्रस्तुत आलेख पनि सोही अङ्क विशेषको परिधिभित्र रही लिपिबद्ध गर्न खोजिएको छ ।

रचनाकारको सूची र तिनको रचनाबाट के थाहा हुन्छ भने रचनाकारहरू आफैमा प्रतिष्ठित साहित्यकार हुन् । यी सबै अञ्चलभित्रकै हुन् र सबैले अञ्चलीय साहित्यकै बारेमा प्रकाश पारेका छन् । रचनाको शुरूमा डा. टीकाराम पन्थी जस्ता अति विशिष्ट विद्वान्को 'लुम्बिनी अञ्चलका संस्कृत कवि र कविता' शीर्षकको लेख छ । हाम्रो नेपाली भाषाको जननीको रूपमा रहेको संस्कृत भाषाको कवि र कविताका स्थिति लुम्बिनी अञ्चलमा के कस्तो अवस्थामा पुग्न गएको छ भन्ने कुरामा विस्तृत प्रकाश पारिएको छ । धनञ्जय मरासिनी, गोविन्द

> *काठमाडौंबाहिर मोफसलबाट निस्कने यो पत्रिका निकै स्तरीय लाग्यो । कविता, कथा, निबन्ध, पाठक-प्रतिक्रिया, चिठी-चपेटा, नौलो सृष्टि : सानो दृष्टि (समीक्षा) जस्ता सबै विधा र क्षेत्रलाई समेटेर निस्कने यो पत्रिका शिक्षित र पठित सबका हात-हातमा देखिन्थ्यो ।*

मरासिनी, उमानाथ पन्थी, टीकाराम पन्थी, माधवप्रसाद देवकोटा जस्ता प्रतिष्ठित व्यक्तित्वहरूले संस्कृतिको माध्यमबाट नेपाली साहित्यमा पुऱ्याएको योगदानको चर्चा गरिएको छ । त्यस्तै लाटो साथी (विष्णुराज आत्रेय) द्वारा पनि 'संस्कृत साहित्यको विकासमा लुम्बिनी अञ्चलको योगदान' शीर्षकमा पनि यस सम्बन्धमा विशेष प्रकाश पारिएको छ । म.वी.वी.शाहको 'उसैका लागि' को संस्कृतमा अनुवाद गरी प्रस्तुत गर्नसक्ने र संस्कृत नेपाली दुबैमा हातकलम चल्ने कुलमणि देवकोटाको बारेमा पनि उल्लेख गरिएको छ । उहाँ भन्नुहुन्छ 'विद्वत्ता र काव्यसाधना रातारात लखपति वा मन्त्री हुने जस्तो कुरा होइन यसलाई त अनवरत अध्ययन र साधना चाहिन्छ' । भन्दै ती साधकहरूको नाम र योगदान बारे पनि उहाँले संक्षेपमा प्रकाश पार्नु भएको छ ।

भवानी भिक्षु कपिलवस्तु जिल्लाका मात्र नभएर राष्ट्रिय स्तरका व्यक्तित्व हुन् । नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानका सदस्य एवं प्राज्ञ समेत रहिसकेका भिक्षु अब्बल दर्जाका कथाकार त हुन् नै, कविता, उपन्यासमासमेत उत्तिकै कलम चलेका सिद्धहस्त व्यक्तित्व हुन् । यसको प्रमाणीकरण पहाडीको लेख र लक्ष्मीकान्त पन्थीको रचनाले गरेका छन् । हिन्दी काव्य-जगत्को प्रेरणा र छाप परेका उदाहरण दिंदै नेपाली काव्यजगत्को भण्डारमा भिक्षुले ठूलो अंश भर्न सफल भएको कुरा बामदेव पहाडी दर्शाउछन् भने लक्ष्मीकान्त पन्थी एक सफल कथाकार र उपन्यासकारको रूपमा उनका कृतिको फेहरिस्तसहित सोदाहरण र सविस्तार वर्णन गर्न पुगेका छन् । कवितामा छायावादी र उपन्यास, कथामा रतिरागात्मक रहस्यवादीको रूपमा उनलाई उभ्याइएको छ ।

त्यस्तै हीरामणि शर्मा पौड्याल र कृष्ण ज्ञवालीले लुम्बिनी अञ्चलमा साहित्यको काव्य जगत्लाई केलाउने प्रयास गरेका छन् । जसमा दधिराम मरासिनीको श्रीकृष्णाद्भुत चरित्रम् (पौराणिक खण्डकाव्य) सदुपदेश र भक्तिविलास जस्ता मझौला स्तरका भक्ति काव्य, माधवप्रसाद देवकोटाको हुस्सु पथिक जस्तो सामाजिक धरातलमा उभिएको प्रबन्धकाव्य पौराणिक आख्यानमा आधारित रुरु गौरव खण्डकाव्यको विशेष चर्चा गरिएको छ । त्यस्तै महामानव गौतम बुद्धको जन्मस्थान तथा जीवन चरित्रमाथि प्रकाश पार्न रचित लाटो साथीको कपिलवस्तु र शिवभक्त शर्माको लुम्बिनी ऐतिहासिक खण्डकाव्य सफल छन् । जगत्बहादुर जोशीको रचनामा अतीत र वर्तमान बीचको अन्तराललाई जोड्न खोजिएको छ ।

बिभत्स घटनाहरूलाई केलाउँदै तिनीप्रति असहमति जनाउँदै स्वतन्त्रताको आवाज बुलन्द गर्न खोजिएको 'जसवन्ते' खण्डकाव्यको विशेष चर्चा गरिएको छ । त्यस्तै धार्मिक द्वन्द्वमा आधारित मोदनाथ प्रश्रितको 'देवासुर संग्राम' महाकाव्य सामन्ती शोषण, दमन, उत्पीडन र अन्यायको विरूद्ध आवाज उठाउने मदन पुरस्कार प्राप्त प्रश्रितकै 'मानव' महाकाव्य जस्ता महनीय कृतिको पनि विवेचना गरिएको छ । मानव महाकाव्यको अलि बेग्लै किसिमबाट कृष्ण ज्ञवलीले पनि आफ्नो लेखमा चर्चा गरेका छन् ।

प्रस्तुत विशेषाङ्कमा सबैभन्दा लामो र धेरै कुरा अटाउन खोजिएको लेख हो दीन पन्थीको । 'लुम्बिनी अञ्चलका कवि र कविताबारे टिपटाप कुरा' शीर्षक दिइएको यो लेख विषयवस्तुले पनि अलि लामै खालको पर्‍यो । कवि र कविता भन्नाले महाकाव्य, खण्डकाव्य, कविता-संग्रह, फुटकर कविता सबै पर्दछन् तर लेखकले यसलाई चलाखीपूर्वक छोट्याउन खोजेका छन् । महाकाव्य, खण्डकाव्यतिर नलागी साना काव्य र कविता-संग्रह र फुटकर कवितालाई बढी जोड दिएका छन् । अर्घाखाँचीका अग्रज तथा कविशिरोमणि लेखनाथका समवयस्क कवि दधिराम मरासिनीबारे विशद चर्चा गरेका छन् । उनलाई माध्यमिक कालका अग्रणी र आधुनिक कालका सूत्रधार पनि मानेका छन् । दधिराम मरासिनीपछि पाल्पाका माधवप्रसाद देवकोटाको 'हुस्सु पथिक'लाई अलिकति स्पर्श गरे पनि बढी उनका फुटकर कवितामै केन्द्रित भएका छन् । माधवप्रसाद देवकोटापछि उनैका सुपुत्र कुलमणि देवकोटालाई अघि सारेका छन् । कुलमणि देवकोटा खासगरी हास्यव्यङ्ग्यका कवि हुन् । समाजको विसंगति, भ्रष्टाचार, व्यभिचार, असमानताप्रति तीखो प्रहार उनका कृतिमा पाइने कुरा उदाहरणसहित प्रस्तुत गरेका छन् ।

पाल्पाका गाउँघरमा गीतिभाकामा गाउँलेकै दुःखसुखकै बारेमा कविता, गीत रचना गर्दै सडक र घरघरमा सुनाउँदै हिड्ने जनकवि चन्द्रप्रसाद अधिकारीलाई चर्चामा ल्याउन उनले छुटाएका छैनन् ।

मोदनाथ प्रश्रितको मानव महाकाव्यलाई लिएर यस अङ्कमा छुट्टै विवेचना गरिएकाले त्यसलाई प्रसंगवश उल्लेख गरे तापनि उनका फुटकर कविताकै बारेमा बढी चर्चा गरिएको छ । उनका कवितामा सामन्ती, थिचोमिचो र बुर्जुवा औपचारिकताको विरोध पाइनुका साथै कविलाई प्रगतिशील र यथार्थवादी धाराका बलिया स्तम्भ भनी नामकरण गरेका छन् ।

त्यस्तै प्रवासमा रहेर पनि देशप्रेम छर्दै नेपाली कविताको राम्रो सिर्जना गरिरहने कृष्णप्रसाद ज्ञवालीलाई पनि उनले राम्रो सम्झेका छन् । वेदान्तवादी कविता लेख्ने मुकुन्दहरि शर्मा, प्रेमसम्बन्धी कविता लेख्ने माधवप्रसाद ज्ञावलीलाई पनि आ-आफ्नो रचनाको उद्धरणसहित उनले सम्झेका छन् ।

रामचन्द्र भट्टराई यस अञ्चलका साम्यवादी विचारधाराका प्रगतिवादी कविको रूपमा दरिएका व्यक्ति हुन् । उनलाई पनि यस लेखमा यथास्थान चर्चा गरिएको छ । परम्परावादमा रमाएका हरि 'अरविन्द' अर्याललाई अप्रचलित शब्दहरूको प्रयोगले रचना अलि क्लिष्ट हुन गएको भन्न पनि उनी पछि पर्दैनन् । पाल्पा तानसेनमा शिक्षा प्रसारमै जीवन उत्सर्ग गर्ने जगतबहादुर जोशी पनि यस भेगकै राम्रो साहित्यकार हुन् । नेपाली इतिहासका किताबसमेत लेखिसकेका जोशीको गद्यपद्य दुबैमा हात कलम चलेका राष्ट्रिय स्तरकै व्यक्तित्व हुन् । गद्य कविताको माध्यमबाट समाजलाई घचघच्याउने उनका रचना दार्शनिक धरातलमा उभिएका हुन्छन् । विम्ब र प्रतीकको प्रयोग अधिक गरिएको कुरा दीन पन्थीले सोदाहरण प्रस्तुत गरेका छन् ।

यसैगरी संगीतमय र अनुकरणात्मक शब्द प्रयोग गर्दै समाजमा जागृति र चेतना छर्ने खालका कविता लेख्ने गुल्मीका भेषबहादुर प्रयासीलाई पनि उनले रचनाको अंशसहित चिनाउने प्रयास गरेका छन् ।

२०३९ सालसम्म मेरो एउटै कविता-संग्रह 'सुस्केरा' प्रकाशित भएको थियो । (अहिले पनि ६ वटा मात्रै हो) यस कविता-संग्रहका केही पंक्ति उद्धरण दिंदै उनले जागिरे जीवनका कारण सबै कुरा व्यक्त गर्न डराए पनि हुलाकी, गाइने जस्ता कवितामा निम्न वर्गको धुक्धुकी समेटिएको भन्न पनि भ्याएका छन् भने यथास्थानमा मानवतावदी स्वर प्रकट भएको भन्न पनि पछि परेका छैनन् ।

यसैगरी नवोदित कविहरू धर्म भुसाल, गोविन्द सुमन, अर्जुन ज्ञवाली, भागीरथी श्रेष्ठ, लेखनाथ ज्ञवाली, विष्णु ज्ञवाली, नारायण ज्ञवाली, देवीप्रसाद पौडेल, भानुभक्त न्यौपाने, रामप्रसाद प्रदीप, नित्यानन्द पाण्डे आदिलाई कवितासहित उनीहरूका विशेषता पनि आफ्नो लेखमा लिपिबद्ध गर्न छुटाएका छैनन् ।

उपन्यास विधामा पनि लुम्बिनी अञ्चल पछि परेको छैन भन्ने कुरा मदनप्रसाद दवाडीले सोदाहरण प्रस्तुत गरेका छन् । बामदेव पहाडीको कैदी र झ्यालखान, लाटोसाथीको हामीभित्रको म जस्ता उपन्यासहरूको उदाहरण त दिएका छन् तर यस विधाको अनुसन्धान भने अलि अपूर्ण जस्तो देखिन्छ ।

गोकर्णराज शास्त्री पुराना राम्रा लेखक हुन् तर उनको विद्वत्तालाई राजनीतिले थिचेको हुँदा साहित्यिक प्रतिभा चाहि राम्रोसँग प्रस्फुटित हुन पाएन तर पनि शोभाकर ब्राह्मण, उमानाथ पन्थी, कृष्ण प्रसाद ज्ञवाली, शिवकुमार ज्ञवाली जस्ता चार प्रतिभाको बारेमा राम्रै प्रकाश पारेका छन् ।

शिवभक्त शर्मा राम्रा साहित्यकार हुन् तर यस विशेषाङ्कलाई चाहिने खास विषयवस्तुभन्दा बाहिरै रही भावनामा बहकिन पुगेका छन् ।

'गुल्मेली पत्रपत्रिकाको टिपोट' मा शशि पन्थीले गुल्मी जिल्लाबाट बेला बेलामा निस्किएका र प्रकाशित भइरहेका पत्रपत्रिकाको लामो फेहरिस्त दिँदै तिनबाट नेपाली साहित्यमा र खास गरी अञ्चलीय साहित्यिक धरातललाई माथि उठाउन राम्रो भरथेग भएको कुरा विस्तृत रूपमा चर्चा गरेका छन् । लेख आफैमा स्तरीय र पठनीय छ ।

पाल्पा जागरणको नाम दिइए पनि विद्वान् आदरणीय व्यक्तित्व जगतबहादुर जोशीको लेखमा वि.सं. १९८३ देखि २०२० सम्म चरणबद्ध रूपमा समस्त लुम्बिनी अञ्चलले शैक्षिक, साँस्कृतिक एवं साहित्यिक जागरणमा कसरी फड्को मार्दै गयो भन्ने कुरा छर्लङ्ग पारिएको छ ।

विशेषाङ्कको उत्तरार्धमा प्रतिभा-परिचय शीर्षक दिएर लुम्बिनी अञ्चलका साहित्यिक प्रतिभाहरूको पाएसम्म फोटोसहित संक्षिप्त परिचय दिने काम भएको छ । यो साह्रै उपयुक्त र सही कदम हो भन्नेमा कसैको दुईमत छैन ।

यसरी लुम्बिनी अञ्चलको साहित्य र साहित्यकारहरू यथासम्भव सबैलाई समेटेर 'हाम्रो पुरुषार्थ'ले एउटा ऐतिहासिक र उदाहरणीय काम सम्पन्न गरेकोमा सम्पादक/प्रकाशक सबै धन्यवादका पात्र छन् । यो विशेषाङ्क सदा सम्झनलायक र पछिका पुस्तालाई समेत पठनीय र संग्रहणीय बन्न पुगेको छ ।

**पूर्व न्यायाधीश -पुनरावेदन अदालत ।**

ooo


**किरण पुस्तकालयबाट प्रकाशित राष्ट्रिय साहित्यिक त्रैमासिक पत्रिकाले स्वर्णजयन्ती मनाउन लागिरहेको सुखद् अवसरमा उत्तरोत्तर प्रगतिका लागि हार्दिक शुभकामना ।**

**सिर्जनशील सामुदायिक विकास केन्द्र**

**तम्घास, गुल्मी**

// लेख //

# किरण पुस्तकालयको हाम्रो पुरुषार्थ



✍ **भोलाकुमार श्रेष्ठ**

नेपालको प्रथम जननिर्वाचित प्रधानमन्त्री बी.पी. कोइरालालाई अपदस्थ गरी २०१७ साल पौष १ गतेबाट राजा महेन्द्रले पञ्चायती व्यवस्था लागु गरेका थिए । पञ्चायती व्यवस्था लागु भएको ठीक ८ वर्षपछि २०२५ साल कार्तिक २० गते गुल्मीको तम्घासमा किरण पुस्तकालयको स्थापना भएको रहेछ । यो पुस्तकालय स्थापना हुनुमा पनि एउटा रोचक कथा छ ।

गुल्मीको तम्घासमा हुनेखाने परिवारमा जन्मेको एउटा ठिटो पढ्नको लागि बनारस पुग्छन् । बनारसमा बस्दा पहिलोचोटि पुस्तकालयसँग साक्षात्कार हुने मौका मिल्छ । पुस्तकालयभित्र सबैले पढिरहेको देखेपछि गुल्मीको आफ्नो घर सम्झे, बाउबाजेले पढेका पुस्तकहरू सम्झे, घर त फर्कनु नै थियो फर्के । उक्त केटो अरू कोही नभएर शशि किरण पन्थी थिए । त्यस बखतका १६ वर्षे लक्काजवान शशि, जसको उमेर साथीभाइसँग घुम्ने, मोजमस्ती गर्ने थियो, तर शशिको मन भने यसतर्फ पट्टकै गएन । बाबुबाजेले जम्मा गरेका पुस्तकहरूमा केही थपेर बनारसको पुस्तकालयलाई सम्झदै आफ्नै घरको गोठमा सबैले पढ्न पाऊन् भनेर आफ्नो नामको बीचको किरण झिकेर किरण पुस्तकालयलाई जन्म दिए ।

पञ्चायती व्यवस्थामा पुस्तकालय खोल्ने काम अत्यन्त गाह्रो थियो । बहुदलीय सामग्रीहरू जस्तै कम्युनिस्ट, कांग्रेससँग सम्बन्धित पुस्तकहरू राख्न पाइदैनथ्यो । यसको भुक्तभोगी हामी पनि थियौं । रामेछापको चिसापानीमा दाइ पुस्ताले २०१६ सालमा भीमेश्वर पुस्तकालय खोलेका थिए । ६/७ वर्ष राम्रो चलेको पुस्तकालय पछि विभिन्न कारणले बन्द भयो । त्यसपछि हाम्रो पुस्ता जो काठमाडौंमा पढ्न आएका थिए, तिनले गाउँमा पुस्तकालयको पुनः आवश्यकतालाई महसुस गरेर संस्कृत छात्रावासमा बैठक बसी नवदीप पुस्तकालयको नामकरण गरी पुस्तकालयको साइनबोर्ड, छाप, केही पैसाको व्यवस्था गरी केही किनेर, केही मागेर पुस्तकहरूको भारी बोकाएर गाउँ गयौं र विद्यालयको एउटा कोठामा पुस्तकालय खोलेका थियौं । पुरानै भीमेश्वर नाम नराखी नयाँ नाम राख्नु हाम्रो

स्वार्थ थियो । पुस्तकालय खोल्दा पञ्चायती व्यवस्थाले हस्तक्षेप गऱ्यो भने नव युवराज दीपेन्द्रको नाममा खोलेको भन्ने । २०२८ सालमा दीपेन्द्रको जन्म भै सकेको थियो । यदि हस्तक्षेप भएन भने पुस्तकालय ज्ञानको दीप नवदीप हो, भनी ठान्ने । यसरी पुस्तकालय खोल्न पुगियो । दिगो विकासको कुनै परियोजना नहुनु, नियमित आर्थिक स्रोत नहुनु, स्वयम् सेवकले मात्र कति चल्नु । यी विविध कारणले गर्दा ९/१० वर्षपछि सो पुस्तकालय पनि बन्द हुन पुग्यो । फेरि भाइपुस्ताहरूको सक्रियतामा भीमेश्वर सामुदायिक पुस्तकालय तथा स्रोत केन्द्रको स्थापना भयो । नेपाल सरकारको सामुदायिक सिकाइ केन्द्र पनि साथै भएकोले एक जना कर्मचारीको व्यवस्था भएकोले पुस्तकालय राम्रोसँग चलेको छ । जग्गा र भवन बनाउन दाताहरूले सहयोग गरेकोले हाल दुई तले पक्की भवनमा जिल्लाकै नमूना पुस्तकालयको रूपमा सञ्चालन भइरहेको छ ।

किरण पुस्तकालयको विषयमा लेख्दालेख्दै कहाँ रामेछापको चिसापानी पुगिएछ । यहाँ भन्न खोजिएको पुस्तकालय खोल्न र त्यसलाई निरन्तर सञ्चालन गर्न कति गाह्रो छ भन्ने सन्दर्भ मात्र हो ।

आज किरण पुस्तकालय स्थापना भएको ५५ वर्ष पुगेछ । शशि पन्थी ७२ लागे । अहिले पनि त्यही जोश, जाँगर र तम्घास निवासीहरूको बलियो साथ पाएर किरण पुस्तकालय भव्य भवनमा गुल्मीको शानको रूपमा उभिएको छ ।

किरण पुस्तकालयले गर्ने गरेका अन्य गतिविधिहरूमा 'हाम्रो पुरुषार्थ' सर्वोपरि रहेको छ भन्ने मेरो विश्वास छ । एउटा दूरदराजको पुस्तकालयले प्रकाशन गरेको राष्ट्रिय स्तर प्राप्त गरेको 'हाम्रो पुरुषार्थ' को १०० औं अङ्क प्रकाशनको तयारीमा लाग्नु चानचुने कुरा हैन । एकदिन शशि पन्थीको फोन आउँछ–हाम्रो पुरुषार्थकै सेरोफेरोमा बसेर एउटा लेख लेखिदिनुपऱ्यो भन्ने अनुरोधलाई म कसरी टार्न सक्थें र !

मेरो हातमा हाम्रो पुरुषार्थको वर्ष २६, अङ्क १ सम्पूर्णाङ्क ३७ कार्तिक, २०५५ को पुस्तकालय विशेषाङ्क छ । किरण पुस्तकालय स्थापनाको ठिक ५ वर्षपछि हाम्रो पुरुषार्थ प्रकाशन हुन थालेको रहेछ । शशि पन्थी र दीन पन्थीहरू जस्ता हस्तीहरू निरन्तर नलागेको भए कहाँ सम्भव हुन्थ्यो पुस्तकालय ५५ वर्ष पुग्न र हाम्रो पुरुषार्थ १०० औं अङ्क प्रकाशन हुन । त्यसैले म नतमस्तक छु, आदरणीय व्यक्तित्वहरूप्रति !

अब सुरू गरौं हाम्रो पुरुषार्थको पुस्तकालय विशेषाङ्कको सम्पादकीयबाट–

"अक्षर ब्रह्म हुन्, अजरामर छन् । अक्षरबाट शब्द बन्छन् । शब्द प्रकाशमय छन् । वाक्यबाट अर्थ निस्कन्छ । अर्थ ज्ञान हो । ज्ञान पुस्तकमा संगालिन्छ ।

पुस्तक ज्ञानसंग्रह हुन् । यस्ता ज्ञानसंग्रह पुस्तकहरू पनि संग्रह गरी राख्ने पुस्तकालय हो, त्यसैले पुस्तकालय ज्ञानसागर हो ।"

यति पढिसकेपछि पुस्तकालयको महत्त्व र आवश्यकताको बारेमा वर्णन किन गर्नुपर्‍यो र ! कति सुन्दर ढंगले अक्षर, पुस्तक र पुस्तकालयको महत्त्व दर्शाइएको छ ।

- यो विशेषाङ्कको पहिलो अन्तर्वार्ता भनौं या कुराकानी २०५५ भाद्र १ मा शशि पन्थी र दुर्गाप्रसाद अर्यालले वरिष्ठ राजनीतिज्ञ, इतिहासविद् डा. डिल्लीरमण रेग्मीकै लाजिम्पाटमा रहेको निवासमा बसी कुराकानी गरी तयार पारेको अन्तर्वार्ता रहेको छ । यस कुराकानीमा विशेष गरी आफू केटाकेटी हुँदै पुस्तकहरू संकलन गर्ने गरेको र ती संकलित पुस्तकहरूबाटै पुस्तकालय बन्यो । आफ्नो शेषपछि आफूले स्थापना गरेको पुस्तकालय नेपाल सरकारलाई हस्तान्तरण गरेको कुरा उल्लेख छ भने इतिहास लेख्ने प्रेरणा र राजनीति बारेमा सोधिएका प्रश्नहरूको उत्तर समावेश छ । डा. डिल्लीरमण बारेमा जान्न खोज्नेहरूका लागि यो अन्तर्वार्ता उपयोगी छ ।

- त्यस्तै गरी दोस्रोमा पनि शशि पन्थीले कमलमणि दीक्षितसँगको कुराकानीमा मदन पुरस्कार पुस्तकालय, मदन पुरस्कार, जगदम्बा-श्री पुरस्कारको बारेमा अन्तर्वार्ता रहेको छ भने कमलमणि दीक्षितको धन्यवादको अदान-प्रदानको सानो लेख रहेको छ ।

- डा. टीकाराम पन्थीको अलिखित-हस्तलिखित-ग्रंथागार शीर्षक लेखमा पुस्तकालय अथवा ग्रंथागार नहुँदा, हस्तलिखित पुस्तक नहुँदा मानव मस्तिष्क नै विशाल ज्ञानको ग्रंथागार रहेको कुराको विस्तृतरूपमा उल्लेख भएको छ । लेख रोचक र ऐतिहासिक छ ।

- प्रसङ्ग पुस्तकालयको सम्झना आफ्नै शीर्षक लेखमा कृष्णप्रसाद पराजुली लेख्छन् २०१३ सालमा आफू जन्मेको गाउँ अमर्कोटमा जागृति पुस्तकालय खोलेको, उक्त पुस्तकालयमा आनन्ददेव भट्ट, कमल दीक्षित, केवलपुरे किसान, श्यामप्रसाद, रत्नदास वैद्य, रघुनाथ पाण्डे, साम्बभक्त आदि पुस्तकालयमा पुगेको र टंकप्रसाद आचार्यले-'यस्तो पहाडी ग्रामीण स्थानमा पुस्तकालयप्रति यहाँको जनताको अभिरुचि हुनु बहुतै प्रशंसनीय कुरा हो' भनेका छन् । यसरी राम्रो चलेको पुस्तकालय खस्कँदै गयो, पछि राष्ट्रिय विकास सेवाका छात्राहरूको सहयोगमा २ तले भवन बनेको कुराको प्रसंगहरू रोचक रूपमा प्रस्तुत भएको छ ।

- डा.भूपहरि पौडेलको नेपालका प्रमुख पुस्तकालयहरूको संक्षिप्त रेखाङ्कनमा भाषा र पुस्तकालयको सम्बन्ध, २००७ साल पूर्वको पुस्तकालय, पुस्तकालय पर्व र पुस्तकालय पर्वमा लागेका ३८ जनाको नाम समावेश गरिएको छ । त्यस्तै गरी २००७ सालपूर्व र २००७ सालपछि खुलेका पुस्तकालयहरूको नामावली पनि समावेश छ । यो लेख पुस्तकालयमा अध्ययन गर्नेहरूका लागि उपयोगी देखिन्छ ।

- जुम्लाको पुस्तकालय हिजो र आज-कृष्णप्रसाद बस्यालको लेखमा २०१३ सालमा नै जुम्लामा ज्ञान प्रकाश पुस्तकालय, योगी नरहरिनाथको संस्थापकत्वमा २०१६ सालमा जावेश्वर पुस्तकालयको स्थापना भएको भनिएको छ । पुस्तकालयप्रेमी राजनीतिज्ञ भीमप्रसाद श्रेष्ठले पुरानो पुस्तकालय ज्ञान प्रकाश पुस्तकालयलाई जिल्ला प्रशासन कार्यालयमा दर्ता गर्दै एउटा नमूना पुस्तकालय बनाउने अभियानमा लाग्दालाग्दै उहाँको निधन भएकोले सो काम अगाडि बढ्न सकेनछ । जुम्लाको पुस्तकालयप्रति चाख राख्नेहरूका लागि यो लेख राम्रो छ ।

- मधुपर्कबाट साभार गरिएको शिव रेग्मीको साहित्य श्रीवृद्धिका लागि पुस्तकालयको योगदान र नेपालमा सार्वजनिक पुस्तकालय शीर्षकका २ वटा लेखहरू छापिएका छन् । पहिलो लेखमा नेपाल पुस्तकालय संघले २०१० सालमा नै ३ अङ्कसम्म बुलेटिन (नव निर्माण) प्रकाशन गरेका कुरादेखि २०३७ सालसम्म धेरै पुस्तकालयहरूले साहित्यिक पत्रिकाहरू निकालेको कुरा विस्तृत रूपमा उल्लेख गरेका छन् । तर यस लेखमा २०३० सालदेखि प्रकाशन गरेको हाम्रो पुरुषार्थ नपर्नु सायद लेखकको हातमा हाम्रो पुरुषार्थ नपर्नाले होकि ! साथै रेग्मीको अर्को लेखमा पुस्तकालय पर्वदेखि पर्वमा लागेका ३७ जनाको नाम उल्लेख भएको छ भने केही पुराना पुस्तकालयहरूको परिचय पनि छन् । साथै यस लेखको बीच-बीचमा बक्स बनाएर आजको खाँचो-राष्ट्रिय स्तरको एउटा पुस्तकालयको आवश्यकता देखाइएको छ । साथै अर्को बक्समा केही प्रमुख पुस्तकालयहरूको परिचय दिइएको छ ।

- दुर्गाप्रसाद अर्यालको लेखमा विभिन्न विद्वान्हरूले पुस्तक र पुस्तकालयप्रति अभिव्यक्त गरेका कुराहरू समावेश छन् । मधुसूदन शर्मा सुवेदीको पुस्तकालय विज्ञानको उपयोगिताबाट साभार गरिएको राष्ट्रिय अभिलेखालय र शुकदेव ज्ञवालीको राष्ट्रिय अभिलेखालयबारे ऐतिहासिक जानकारी यसमा छ । बीच-बीचमा बक्स बनाएर राष्ट्रिय पुस्तकालय र मदन पुरस्कार पुस्तकालयको परिचय पनि दिइएको छ ।

- कृष्णमान मानन्धरको (वाङ्मय जगत्-स्वर्णजयन्ती स्मारिकाबाट साभार गरिएको) नेपालमा पुस्तकालयको ऐतिहासिक पृष्ठभूमि लेखमा ऐतिहासिक पक्षलाई समेटेर मदन पुरस्कार पुस्तकालयसम्मको कुरा उल्लेख भएको छ ।

- पुरुषोत्तम घिमिरेको लेखमा केसर पुस्तकालयको जानकारी दिइएको छ ।

- सर्लाहीको पहिलो पुस्तकालयः आरम्भ र अन्त भनेर लक्ष्मण उपाध्यायको लेखमा मोहन शमशेरको नाम समावेश गरिएको बाबा मनोहर दासको नाम गाँसिएको 'मनोहर मोहन पुस्तकालय'को स्थापना र २००६ सालतिर राणा शासनको क्रूरताले गर्दा पुस्तकालयले बनारसबाट 'आज' नामक दैनिक पत्रिका मगाएको अभियोग लगाएर पुस्तकालयका तत्कालीन सभापति डा.सत्यबहादुर जोशीलाई १४ दिनसम्म अमिनी अड्डा (अदालत)मा नजरबन्द राखियो, १४ दिनसम्म बयान लिएपछि तारेखमा छाडियो र पुस्तकालयको पुस्तकहरू जफत गरिएको कुरा उल्लेख गरिइएको छ । राणा शासनको क्रूरता कति थियो भन्ने कुरा यो लेखबाट थाहा पाइन्छ । प्रजातन्त्रको उदयसँगै मनोहर मोहन पुस्तकालयलाई एकीकरण गरी २०१२ सालमा जन विकास पुस्तकालयको नामबाट सञ्चालन रहेको कुराको पनि उल्लेख भएको छ ।

- भोला श्रेष्ठको नेपाल राष्ट्रिय पुस्तकालय लेखमा राष्ट्रिय पुस्तकालयको परिचयको साथसाथै युनेस्को/डानिडा परियोजनाले गर्ने कामहरूको संक्षिप्त विवरण रहेको छ । खुसी लाग्यो मेरो छोटो लेख पनि समावेश भएकोमा ।

- दुर्गाप्रसाद अर्याल र मोहनप्रसाद तिमिल्सिनाले त्रिवि केन्द्रीय पुस्तकालयमा उठी उठी सेवा दिने विष्णुराज ओझाको बारेमा लेखेका छन् भने कालान्तर साप्ताहिक र राइजिङ्ग नेपालबाट पनि साभार गरिएको विष्णुराज ओझाको कामको बारेमा उल्लेख भएको छ ।

- पूर्णप्रसाद अधिकारीको पुस्तकालयको महत्त्व र चितवनका पुस्तकालय सन्दर्भको लेखमा नारायणी पुस्तकालय, कृषि क्याम्पस पुस्तकालय, बालकुमारी कलेज पुस्तकालय आदिको परिचय दिइएको छ ।

- हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीको लेखमा सार्वजनिक पुस्तकालयको विकास आजको आवश्यकतामा देशले प्रजातन्त्र पाएपछि पनि पुस्तकालयको विकास हुन नसकेको, ऐन कानून नभएको कुराको उल्लेख हुँदै नेपाल राष्ट्रिय पुस्तकालयलाई माउ पुस्तकालयको रूपमा विकास गर्नुपर्ने कुरालाई जोड दिइएको छ ।

- दिनेशराज पन्तको सौजन्यबाट प्राप्त नयराज पन्तको गुरुराजको घर र पुस्तकालयको सम्भार नामक ऐतिहासिक लेख पनि छापिएको छ ।

- गीर्वाणयुद्ध वीर विक्रमले पुस्तक सम्बन्धमा जारी गरेको लालमोहरको प्रतिलिपि र वीर पुस्तकालयको सूचीपत्रको शुरूमा लेखिएका कुराहरू समावेश भएका छन् । पुस्तकालयमा अनुसन्धान गर्नेहरूको साथै पुस्तकालय बारे जान्न चाहानेहरूको लागि यो लेख उपयुक्त छ ।

- नेपालको परिप्रेक्षमा पुस्तकालयका लेखक गोपाल थापाले पुस्तकालयको ऐतिहासिक पक्षलाई र पश्चिमका केही पुस्तकालयहरूको नामावली समेटेका छन् ।

- सनत रेग्मीको लेख महेन्द्र पुस्तकालय (पूर्वनाम-प्रेम पुस्तकालय) नेपालगञ्जको ५० वर्षमा कसरी प्रेमबाट महेन्द्र भयो र यसले सामाजिक र राजनीतिक क्षेत्रमा पारेको प्रभाव एवं २००३ देखि २०५३ सम्म गरेका कामहरूको विस्तृत रूपमा उल्लेख छ । महेन्द्र पुस्तकालय बारे जान्न चाहानेहरूका लागि यो लेख उपयोगी हुन्छ ।

- तिनताकका केही सम्झनाहरू लेखका लेखक भेषबहादुर कुँवर, जो किरण पुस्तकालयका कोषाध्यक्ष पनि रहेछन्, उनले किरण पुस्तकालय शुरूको स्थापनाकालदेखिको वर्णन गर्दै गाई गोठबाट एकतले भवन, एकतले भवनबाट दुईतले भवन र ३०० पुस्तकबाट शुरू भएको किरण पुस्तकालय १० हजार पुस्तक पुगेको सगौरव उल्लेख गरेका छन् ।

- वनमाली निराकारको-धवल पुस्तकालयः अतीतदेखि वर्तमानसम्म लेखमा राणाकालको कठोर समय १९८३मा पनि पाल्पाका युवाहरूले 'पुस्तक पढ्ने दलान' को स्थापना गरी पढ्नुपर्छ भन्ने सन्देश दिएका थिए भनिएको छ । पछि २००३ सालमा बनारसमा पढेर फर्केका युवाहरूले पुनः धवल पुस्तकालय स्थापना गरेछन् । यसरी धवल पुस्तकालयले शिक्षाको ज्योति फैलाउने काम गरेको ५० वर्ष भैसकेको कुरा सविस्तार उल्लेख गरिएको छ ।

- कान्तिपुर दैनिक पत्रिकाबाट साभार गरिएको हेमराज ज्ञवालीको रिड नेपालको लाइब्रेरी प्रोजेक्ट लेखमा अमेरिकी नागरिक डा.एण्टोनिया न्युवरले नेपालमा पुस्तकालयको विकासको लागि रिड नेपाल स्थापना गरेको, उक्त संस्थालाई नेपाल सरकारले सन् १९९४मा अन्तर्राष्ट्रिय गैर सरकारी संस्थाको रूपमा मान्यता दिएको र जुनवेशीबाट शुरू भएको लाइब्रेरी प्रोजेक्टले ७ वटा सामुदायिक पुस्तकालयहरू खोलिसकेको उल्लेख भएको छ । उक्त लाइब्रेरी

प्रोजेक्टको सल्लाहाकार बोर्डमा लैनसिंह वाङ्देल, डा. सुरेशराज शर्मा, प्रा. शंकरराज पाठक, मोहनमान सैंजू रहेको कुराहरू परेको छ ।

- कान्तिपुरबाटै साभार गरिएको विनोद कडरियाको लेखमा पुस्तकालय ढल्दैछन् सिनेमा भवन बन्दैछन् ! मा सिनेमा हलहरू खुल्दै गएको तर पुस्तकालय खोल्न नसक्नु बिडम्बना भन्दै ऐतिहासिक पक्षलाई समेटेर काठमाडौं उपत्यकाको विभिन्न पुस्तकालयहरूको अवस्थाबारे वर्णन गरिएको छ ।

- मधुपर्कबाट साभार गरिएको खाँचो छ केन्द्रीय पुस्तकालयको छोटो लेखमा राजधानीमा अत्यन्त सुव्यवस्थित पुस्तकालयको खाँचो रहेको कुरालाई जोड दिइएको छ ।

- श्रीराम सापकोटाको सार्वजनिक पुस्तकालय एक विवेचनामा गुल्मी जिल्लामा रहेका सार्वजनिक पुस्तकालयहरूको साथै विशेष गरेर किरण पुस्तकालयको बारेमा उल्लेख भएको छ ।

- गोपालप्रसाद पाण्डेले-मातृभूमि हाम्रो समाज : हाम्रो पुस्तकालयको लेखमा स्याङ्जाको बिर्घामा रिड नेपालका डा. एण्टोनिया न्युवरको सहयोगमा स्थापित मातृभूमि पुस्तकालयको बारेमा लेखेका छन् ।

- साथै यस विशेषाङ्कमा फाटफुट पुस्तकालयको चानचुने चिनारी भनेर जनकपुर र सगरमाथा अञ्चलको पुस्तकालयमा जनकपुरमा रहेको सुहृदय पुस्तकालय, महोत्तरीमा रहेको जान्ह्वी पुस्तकालय, सिराहा जिल्लाको सिरहा पुस्तकालय, कपिलवस्तु जिल्लाको पशुपति प्रताप पुस्तकालय, पर्वतको मोती पुस्तकालय, अर्घाखांचीको सुमन पुस्तकालय, शान्ति पुस्तकालय, आदर्श पुस्तकालय, सन्धिखर्कको आलोक पुस्तकालय, धादिङ्ग बेसीको जनता पुस्तकालय, धनकुटाको रामनवमी पुस्तकालय, मुगुको जनहित पुस्तकालय, इटहरीको पब्लिक लाइब्रेरी, गोरखाको जयन्ती पुस्तकालय, जनविकास पुस्तकालय, त्रिभुवन पुस्तकालय, जनाधि पुस्तकालय, उत्साह पुस्तकालय, बाराको जनहित पुस्तकालय, दोलखाको भीम पुस्तकालय, बुटवलको महावीर पुस्तकालय, राजविराजको शहीद पुस्तकालय, लेखनाथ आदर्श पुस्तकालय आदि उल्लेख भएको छ ।

- जेठ १३, २०५५ कान्तिपुरबाट साभार गरिएको समाचारमा भोला श्रेष्ठको भनाइलाई उल्लेख गर्दै नेपाल राष्ट्रिय पुस्तकालयअन्तर्गत कैलाली जनपुस्तकालयलाई क्षेत्रीय पुस्तकालयको रूपमा विकास गर्ने भनिएको छ ।

- २०५५ असार १२ गतेको गोरखापत्रको सम्पादकीयमा युनेस्कोको सहयोगमा नेपाल राष्ट्रिय पुस्तकालयअन्तर्गत ५ वटै विकास क्षेत्रमा सुविधा सम्पन्न पुस्तकालय सञ्चालन गर्ने कुराको उल्लेख छ ।
- हिमालय टाइम्सको समाचारअनुसार विराटनगर उपमहानगर पालिकामा धर्मशास्त्र संग्रहालय र पुस्तकालयको उद्घाटनको समाचारलाई पनि स्थान दिइएको छ ।
- हाम्रो पुरुषार्थमा नेपाल अधिराज्यभरका सार्वजनिक पुस्तकालयहरू र वाचनालयहरूको नामावली दिएको छ । यसमा पुस्तकालय व्यवस्था र सञ्चालन सम्बन्धी नियम र किरण पुस्तकालय खोल्न अनुमति दिएको पत्रहरू पनि समावेश छन् ।
- अन्तमा गुल्मीको एतिहासिक झलक, पाठक-प्रतिक्रिया र किरण पुस्तकालयको पातो भनी शुभाशीर्वादको खाँचो छ किरण पुस्तकालयको विकासको लागि भनी टुङ्गयाइएको छ ।

**निस्कर्ष**

किरण पुस्तकालयको स्थापना भएको ५५ वर्ष भएछ । गाईगोठबाट शुरू भएको किरण पुस्तकालय आज आफ्नै भव्य भवनमा सञ्चालन भइरहेको छ । भाग्यले पुस्तकालय तालिमको सन्दर्भको मौका पारेर मित्रहरू मुरारी विनोद पोखेल, यादवचन्द्र निरौलाको साथमा म पनि किरण पुस्तकालयमा एक हप्ता बस्ने मौका पाइयो । किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थले पनि स्वर्णजयन्ती अथवा ५० वर्ष मनाउँदै छ । यो ५० वर्षमा हाम्रो पुरुषार्थको शताङ्क अथवा १०० औं अङ्क प्रकाशन हुँदै छ । राजधानीबाट त्यति टाढा रहेको जिल्लाको एउटा पुस्तकालय ५५ वर्षको हुनु, त्यसले प्रकाशन गरेको पत्रिकाले स्वर्णजयन्ती मनाउनु र आजभन्दा २५ वर्षअगाडि नै हाम्रो पुरुषार्थले विशेष गरी सार्वजनिक पुस्तकालयलाई समेटेर विशेषाङ्क निकाल्नु चानचुने कुरा थिएन । मिहिनेत, लगन, समर्पण र टिमवर्क नभई यो सम्भव छैन । यो

*किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थले पनि स्वर्णजयन्ती अथवा ५० वर्ष मनाउँदै छ । यो ५० वर्षमा हाम्रो पुरुषार्थको शताङ्क अथवा १०० औं अङ्क प्रकाशन हुँदै छ । राजधानीबाट त्यति टाढा रहेको जिल्लाको एउटा पुस्तकालय ५५ वर्षको हुनु, त्यसले प्रकाशन गरेको पत्रिकाले स्वर्णजयन्ती मनाउनु र आजभन्दा २५ वर्षअगाडि नै हाम्रो पुरुषार्थले विशेष गरी सार्वजनिक पुस्तकालयलाई समेटेर विशेषाङ्क निकाल्नु चानचुने कुरा थिएन ।*

असम्भलाई सम्भव गरेर देखाए शशि पन्थीको टिमले । त्यसैले शशि पन्थीको नेतृत्वदायी भूमिकाको लागि दिलैदेखि सलाम छ !

मेरो लेख हाम्रो पुरुषार्थको पुस्तकालय विशेषाङ्कमै सेरोफेरोमा सीमित राखेको छुँ । पढ्दै गएँ, लेख्दै गएँ भन्न मन लाग्यो २५ वर्ष अगाडि प्रकाशन गरेको पुस्तकालय विशेषाङ्क पुस्तकालय विज्ञानका विद्यार्थीहरूलाई मात्र उपयुक्त नभएर, पुस्तकालयप्रेमीहरूको लागि पनि उत्तिकै महत्त्व र उपयुक्त छ । त्यसैले मेरो घरको पुस्तकालयमा पनि यो संग्रह गरिराखेको रहेछु र त यो लेख लेख्न सम्भव भयो ।

अन्तमा आफूलाई नढाँटीकन भन्नुपर्दा शशि पन्थी पछि...किरण पुस्तकालय...हाम्रो पुरुषार्थ...? सोचेकै होलान् पुस्तौं पुस्ताका लागि किरण पुस्तकालय र हाम्रो पुरुषार्थ श्री शशिले !!!

**पुस्तकालय विज्ञ , काठमाडौं ।**

०००


**गुल्मी अस्पताल सामाजिक सेवा एकाइले निःशुल्क वा सहुलियत रूपमा स्वास्थ्य सेवा उपलब्ध गराउने लक्षित समूहरू :**

*गरिब, असहाय, अपाङ्गता भएका व्यक्ति, ज्येष्ठ नागरिक, लैङ्गिक हिंसापीडित (बालबालिकासमेत), महिला स्वास्थ्य स्वयंसेविका, प्राकृतिक प्रकोप (भू-कम्प, बाढी, पहिरो, आगलागि आदि), शहिद परिवार, कुपोषित बालबालिका, प्रहरीले ल्याएका थुनुवा, दुर्घटनामा परेका आकस्मिक बिरामी (अभिभावक नभएको), सीमान्तकृत तथा लोपोन्मुख आदिवासी, जनजाति*

**माथि उल्लिखित लक्षित समूहका बिरामीहरूलाई उनीहरूको आर्थिक अवस्थाको मूल्याङ्कन एवम् परिचय-पत्रका आधारमा अस्पतालमा उपलब्ध सेवाहरूमा छुट प्रदान गरिनेछ । तर लैङ्गिक हिंसापीडित व्यक्तिका हकमा भने उपलब्ध हुने सबै स्वास्थ्य सेवाहरू निःशुल्क रुपमा पाउने व्यवस्था मिलाइनेछ । अस्पतालले छुट्याएका १०% निःशुल्क शैयचामा बेवारिसे लोपोन्मुख अति गरीब, ज्येष्ठ नागरिक आदिलाई प्राथमिकताका आधारमा सुविधा उपभोगको अवसर प्रदान गरिनेछ ।**

# गुल्मी अस्पताल

**सामाजिक सेवा एकाइ**

**तम्घास, गुल्मी**

# हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ४४, वैशाख २०५९



**विजय सागर**

लामै समय भयो मलाई लेख्नभन्दा पढ्न मन पर्न थालेको । लेख्न भनेपछि जाँगरै चल्न छाड्यो । पढ्न आनन्द आउँछ । पुस्तक पढिरहँदा पुस्तकको संसार भित्र आनन्दसाथ डुबुल्की मारिरहेको हुन्छु । त्यसैले मलाई लेख्न जाँगरै नचलिरहेको हुँदा मसँग रचना अनुरोध गर्ने मित्रहरूको चित्त दुःखाइरहेको छ ।

*वि.सं. २०२५ साल कार्तिकमा स्थापना भएको किरण पुस्तकालयले वि.सं. २०३० साल कार्तिक देवकोटा जयन्तीदेखि 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्न थालेको हो । सुरूमा वार्षिक हुँदै अर्ध-वार्षिक र हाल त्रैमासिक रूपमा नियमित प्रकाशित हुँदै आइरहेको छ ।*

अब यो पाठकीय टिप्पणी कसरी सिर्जना भयो त ? भन्ने प्रश्न उठ्नु स्वाभाविकै हो । लेख्न रमाइलो लाग्ने अवस्थादेखि नै मित्र शशि पन्थीले रचनाहरूको आग्रह गरिरहने र मैले पनि अक्कलझुक्कल पठाइरहने गरी आइरहेकोमा केही महिना अघिदेखि मित्र शशि पन्थीले 'हाम्रो पुरुषार्थ' को १०० औं अङ्क अर्थात् स्वर्ण-जयन्ती (शताङ्क) को निम्ति 'हाम्रो पुरुषार्थ'सम्बन्धी रचना जसरी पनि पठाइदिनुपर्छ भनी फोनमा आग्रह गरिरहनुभएको र भाइ दीन पन्थीबाट पनि रचनाको निम्ति स्मरण गराइरहेकोले जसरी पनि लेख्नै पर्ने धारणा हृदयमा भयो र लेख्न आँट गरे । तर लेख्ने के ? फेरि 'हाम्रो पुरुषार्थ' बारे लेख्नु पर्ने ! त्यसैले मसँग संकलित करिब ३० । ३५ 'हाम्रो पुरुषार्थ' का अङ्कहरू केलाउन थालें । हुन त मलाई 'हाम्रो पुरुषार्थ' प्रकाशित इतिहास, संस्कृतिसम्बन्धी विषयमा लेख्ने इच्छा जाग्रत नभएको हैन तर पनि कसो कसो आँखा डुलाउँदा डुलाउँदै 'हाम्रो पुरुषार्थ' (अर्ध-वार्षिक)को वर्ष २९ अङ्क २ सम्पूर्णाङ्क ४४ वैशाख २०५९ मा आँखा अडियो र यसै अङ्कबारे लेख्ने अठोट गरें ।

वि.सं. २०२५ साल कार्तिकमा स्थापना भएको किरण पुस्तकालयले वि.सं. २०३० साल कार्तिक देवकोटा जयन्तीदेखि 'हाम्रो पुरुषार्थ' प्रकाशन गर्न थालेको हो । सुरूमा वार्षिक हुँदै अर्ध-वार्षिक र हाल त्रैमासिक रूपमा नियमित प्रकाशित हुँदै आइरहेको छ ।

वि.सं. २०८० कार्तिक २७ गते देवकोटा जयन्तीका अवसरमा 'हाम्रो पुरुषार्थ' ५० वर्ष पूराभई ५१ वर्षमा प्रवेश गर्ने शुभ समयमा स्वर्ण-जयन्ती शताङ्कको रूपमा प्रकाशन हुने खुशीयालीमा प्रकाशक किरण पुस्तकालय, सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थीलगायत सम्पादक मण्डलका सबै मित्रहरूलगायत किरण पुस्तकालय सम्पूर्ण परिवारमा हार्दिक बधाई ! का साथ 'हाम्रो पुरुषार्थ' ले सदा यसरी नै सबैको स्नेह पाएर नेपाली भाषा, साहित्य, कला, संस्कृतिको संवर्धन गर्दै नियमित रूपमा प्रकाशन भइरहोस् भन्ने शुभकामना व्यक्त गर्दछु ।

'हाम्रो पुरुषार्थ' सम्पूर्णाङ्क ४४ वैशाख २०५९ मा समावेश भएका रचनाहरू सम्बन्धमा मेरा दृष्टिकोण यस प्रकार रहे-

(१) यस अङ्कको पहिलो कोसेली डा. लक्ष्मीकान्त पन्थीद्वारा लिइएको संस्कृतिका अन्वेषक प्रातः स्मरणीय सत्यमोहन जोशी (वि.सं. १९७७.१.३० ल.पु.-२०७९.६.३० ल.पु.) को अन्तर्वार्ता हो । अन्तर्वार्तामा ३ पटक मदन पुरस्कार र २०५८ मा त्रिभुवन प्रज्ञा पुरस्कार प्राप्त गर्नुभएका सत्यमोहन जोशीज्यूबाट उहाँको बाल्यकाल, अध्ययन, जागिर तथा लोक साहित्य, कला, संस्कृति, भाषा तथा नाटकलगायतका विषयमा जानकारी लिइएका छन् । राष्ट्र भाषा र राष्ट्रिय भाषा सम्बन्धमा जोशीज्यूका मननीय विचार यस्ता छन्-"राष्ट्रभाषा नेपाली त सर्वमान्य र सर्वोपरि नै छ । यसको मर्यादा सबैले गर्नुपर्दछ । जहाँसम्म राष्ट्रिय भाषाको कुरा छ । नेपाली समाज बहुजातीय बहुभाषिक भएको हुँदा जातीय संस्कृति बचाउनका लागि जातीय भाषालाई जोगाउनुपर्छ, संरक्षण गर्नुपर्छ । नेवारी भाषाका सम्बन्धमा पनि मेरो दृष्टिकोण यही हो । सबै भाषाको अस्मिता र अस्तित्त्वलाई जोगाउनुपर्छ । यसमा कसैले पनि संकोच गर्नुहुँदैन । "

(२) दोस्रो कोसेली पनि विष्णुप्रसाद घिमिरेद्वारा बहुचर्चित काव्य 'नरसिंह अवतार' का कवि, प्रख्यात साहित्यकार जगदीश शमशेर राणा (वि.सं. १९८६ भाद्र ३ सिंहदरबार-२०७४ आश्विन काठमाडौं)सँग लिइएको अन्तर्वार्ता छ ।

वि.सं. २०३७ मा 'नरसिंह अवतार' काव्यले मदन पुरस्कार प्राप्त गरेको थियो । भारतका लागि नेपाली राजदूत हुनुभएका राणासँग साहित्सम्बन्धी विभिन्न विचारहरूसँगै साहित्यको खास आधार के हुनुपर्दछ ? भन्ने

जिज्ञासामा "साहित्यको खास आधार मनुष्य र उसको संसारै हो !" भन्ने उहाँको ठहर छ ।

(३) लेखरचनातर्फ मुकुन्दशरण उपाध्यायको "नेपाली भाषामा भएका दुई दुर्घटना" शीर्षकको पीडापूर्ण लेखमा "नेपाली भाषाको इतिहासमा व्याकरणतर्फ दुईवटा नराम्रा दुर्घटना भएका छन् र यो भाषा एक प्रकारले अपाङ्ग जस्तै भएको छ । जसमध्ये पहिलो दुर्घटना घटित भएको छ आज भन्दा ९० वर्ष जति अघि चन्द्रिका व्याकरण बनाउँदा र अर्को भएको छ केवल २० वर्ष जति पूर्व त्रि.वि. नेपाली विभागको पोखरा अधिगोष्ठी हुँदा यी दुबै घटनामा नेपाली भाषाको परम्परा बिथोलिएको थियो र भाषामा अप्रचलित र अस्वाभाविक वर्णविन्यास थोपरिएको थियो । दुबै दुर्घटनामा एउटा संयोग के मिलेको थियो भने-ती घटनाहरूको सन्दर्भमा कारक बन्न पुगेका दुबै थरी विद्वान्हरू नेपाली भाषा र जातिका अग्रगण्य स्थानमा हुनुहुन्थ्यो र दुबै थरीको उद्देश्य भाषाको लेखनलाई सरल र वैज्ञानिक बनाउनु रहेको थियो । बिगार्ने थिएन, तर परिणाम अनुकूल भइदिएन । "

लेखमा "भाषाविद्हरू मिलेर नेपाली भाषामा एकरूपता ल्याउनु पर्ने दृढता व्यक्त गरिएको छ । "

(४) महाकवि मोदनाथ प्रश्रित (साहित्य, आयुवेदाचार्य) को "संस्कृत र यूरोपेली भाषाका शब्दहरूको तुलनाबाट निस्कने केही निस्कर्ष शीर्षकको अनुसन्धानमूलक लेखमा" मैले निकै वर्षअघि योगी नरहरिनाथको "अंग्रेजी संस्कृतज्जाता (अंग्रेजी संस्कृतबाट जन्मेको हो) भन्ने पद्यमय संस्कृत लेख पढेको थिएँ । त्यसमा उहाँले "मातर : मदर प्रोक्त पितर : फादर आदिरूपमा संस्कृत र अंग्रेजीमा देखिने शब्दसादृश्यहरूको उल्लेख गर्नुभएको थियो । " उल्लेख गर्दै यूरोपेली भाषाविद् मित्रहरूको सहयोगमा यूरोपका प्रमुख भाषाका कतिपय शब्दहरू संकलन गरेर तिनीहरूको र संस्कृत शब्दहरूको तुलना गर्दा यी सबै भाषा एउटै मूलबाट जन्मेका रहेछन् भन्ने कुरा बुझ्न गाह्रो परेन भन्दै तालिका प्रस्तुत गरिएको छ–

| संस्कृत | अंग्रेजी | फ्रेन्च | जर्मनी | इटालियन | स्पेनिस | रूसी | पोलिस |
|---|---|---|---|---|---|---|---|
| मातर | मदर | माम, म्येर | भूटर | माद्रे | माद्रे | माच | |
| पितर | फादर | प्येर | फानर | पाद्रे | | | |
| भ्रातर | ब्रदर | फ्रोर | ब्रडर | फ्रातेलो | | ब्रात | भ्रात |
| दुहितर | डटर | | टोक्टर | | | | |

| | | | | | | | |
|---|---|---|---|---|---|---|---|
| सूर्य | सन् | सलै | सोन्ने | सोरे | सोल | | |
| मनुष्य | म्यान | | मेनस, मिन्न | | | | |
| गौ | काउ | | कयूह | | | | |
| दिन | डे | दि | | | | | |

(५) डा. टीकाराम पन्थी (वि.सं. १९९३-२०६६) बाट आफ्ना श्रद्धेय गुरु "ऋषिकल्प प. गोविन्दप्रसाद मरासीनी" शीर्षकको जीवनीपरक लेख लेखिएको छ ।

पं. गोविन्दप्रसाद मरासिनीको जन्म वि.सं. १९४८ मा अर्घाखाँची (तत्कालीन गुल्मी) मण्डलअन्तर्गत पर्ने काहुले ग्रामक्षेत्रको भ्वाँग भन्ने सानो क्षेत्रमा भएको हो । १४ वर्षको उमेर वि.सं. १९६२ मा पैदल काठमाडौं गएर रानी पोखरी संस्कृत पाठशालामा अध्ययन गर्नुभयो । पाठशालामा पं. गङ्गादत्तबाट व्याकरण र पं. सोमनाथ सिग्देलबाट काव्यको अध्ययन गर्नुभयो । वि.सं. १९७० मा उहाँले काशीबाट मध्यमा परीक्षा उत्तीर्ण गर्नुभयो । विद्वान् पं. गोविन्दप्रसादले वि.सं. १९७० देखि २०२० को पचास वर्षको अवधिभर पौरोहित्य गर्दा लगभग एक हजार सप्ताह बाँचेको कुरा स्वयं गर्नुहुन्थ्यो । पैसासम्बन्धमा उहाँको भनाइ थियो-हामी खर्च गर्ने उद्देश्यले कमाउँछौं, पैसा थुपार्नुहुँदैन, हाम्रो जातीय धर्म हो ज्ञान थुपार्नु र समाजलाई ज्ञान बाँडेर दिनु । वि.सं. २००७ सालको जनक्रान्तिको लगत्तैपछि त्यस क्षेत्रमा देखिएको 'हलोजोताइ' लाई लिएर एउटा काव्यप्रबन्ध पं. गोविन्दप्रसादबाट लेखियो । यस काव्यमा "ब्राह्मणकृत हलो जोताइ जस्ता धर्मनाशक प्रवृत्तिप्रति गहिरो वेदना प्रकट गरिएको छ ।" लेखमा अन्य विविध विवरणसहित कुसुण्डाहरू र कालिजबारे पनि उल्लेख गर्दै पं. गोविन्द प्रसादज्यू वि.सं. २०२२ सालमा ब्रम्हलीन हुनुभएको उल्लेख गरिएको छ ।

(हाम्रो पुरुषार्थले आफ्नो वर्ष ३८ सम्पूर्णाङ्क ५६ कार्तिक २०६७ को अङ्क डा. टीकाराम पन्थी विशेषाङ्क प्रकाशन गरेको छ ।)

(६) डा. विष्णुकुमारी शर्माद्वारा "गौंथली र चामे" को समीक्षात्मक लेख लेखिएको छ । प्रसिद्ध कथाकार गुरुप्रसाद मैनाली (वि.सं. १९५५ भाद्र १३ गते काभ्रेपलान्चोक-वि.सं. २०२८ जेठ २५ गते काठमाडौं) द्वारा लिखित "परालको आगो" शीर्षकको कथाका नायक नायिका हुन् गौंथली र चामे ।

डा. विष्णु लेख्नुहुन्छ कथाकारले कथामा-तल्लो वर्गका पति-पत्नीको बीचमा प्रायः भइरहने ठ्याक्ठुक र ठस्याकठुसुकलाई घतलाग्दो पाराले चित्रित

गरेका छन् । कथाको नायक चामेकी स्वास्नी गौंथली चोथाले छे । सोझो कुरालाई बाङ्गो पारेर निहुँ खोज्ने उसको स्वभावै छ । यसै कारणले पनि दुबै लोग्ने स्वास्नीको बीचमा झगडा भइरहन्छ ।

एक दिन यिनीहरूको बीचमा नराम्रोसँग झगडा हुन्छ । चामेले गौंथलीलाई बेस्सरी भकुर्छ । रिसले गौंथली माइती जान्छे ।

गौंथलीले मात्रै दुहुने एकहाते भैंसी । घरधन्दा । वाक्क दिक्क भएको स्थितिमा गौंथलीका गुणहरू सम्झिन थाल्छ र स्वास्नी लिन ससुराली पुग्छ । ससुरा बाले-"पाउ पुजेर तिमीलाई दिएको हो, आफ्नी स्वास्नी राजी गराऊ लैजाऊ" भन्छन् ।

गौंथलीलाई लिएर फर्कदैं गर्दा गाउँघरको पधेंरोनेर जुठेकी स्वास्नीसित भेट हुन्छ । 'चखेवा चखेवी' को जोडी कति सुहाएको भनेर हाँस्दै जिस्काउँछे । भो नहाँस दिदी, फेरि कुन दिन कटाछे पर्ने हो । गौंथलीले जबाफ दिन्छे । तर लोग्ने स्वास्नीको बीचमा त्यस्तो त कति हुन्छ कति ? भन्दै जुठेकी स्वास्नी भन्छे उस, चाटाचाट गर्न पनि बेर लाग्दो रहेनछ नि ! लोग्ने स्वास्नीको झगडा परालको आगो ।

विभिन्न दृष्टिकोणबाट समीक्षा गरिएको यस लेखमा गौंथलीको जीवन माइती घरमा बसे पनि, पतिको घरमा बसे पनि कमाउखाउको छ । पतिमा मात्रै आश्रित छैन भन्ने स्पष्ट गरिएको छ ।

(७) नीलाम्बर पन्थीको "दाजी भीमकान्त-मेरो सम्झना" स्मृति लेख हो । पं. भीमकान्त पन्थी (वि.सं. १८८३-१९६९) द्वारा "जगदम्बिकावैभवम" तथा "जगदीश्वरवैभवम्" दुबै संस्कृत भाषामा लेखिएका सुन्दर महाकाव्य हुन् । यस लेखमा पं. भीमकान्त पन्थीको बाल्यकाल, अध्ययन, अध्यापनको अद्वितीय शैली, चिठीपत्र लेख्ने शैलीबारे गहनतापूर्वक लेखिएको छ ।

('हाम्रो पुरुषार्थ' ले आफ्नो वर्ष ४८ सम्पूर्णाङ्क ८९ माघ-चैत्र २०७७ को अङ्कमा पं. भीमकान्त पन्थी शतवार्षिक-स्मृति-विशेषाङ्क प्रकाशित गरेको छ ।)

(८) डा. दुर्गाप्रसाद अर्यालद्वारा "लक्ष्मीप्रसाद देवकोटा र सुब्रह्मण्यम्" शीर्षकको लेख लेखिएको छ ।

सुब्रम्हण्यको दक्षिण भारतको तमिलनाडूको तिरूनेलबेली जिल्ला एट्टयापुरम्मा सन् १८८२ मा जन्म भई सन् १९२१ मा मृत्यु भएको हो । आफूले प्राप्त गरेको अङ्ग्रेजी शिक्षाबाट उहाँ असन्तुष्ट मात्र हैन विद्रोही पनि हुनुहुन्छ । त्यस्तै वि.सं. १९६६ कार्तिक २७ गते काठमाडौं धोबीधारामा

जन्म भई वि.सं. २०१६ भदौ २९ गते काठमाडौंमै निधन हुनुभएका महाकवि लक्ष्मीप्रसाद देवकोटा पनि अंग्रेजी शिक्षा र सभ्यताहरूको घोर विरोधी रहनुभएको तथ्य लेखमा उल्लेख गरिएको छ । यसरी साहित्यका विभिन्न विषयमा दुबैका बारेमा तुलनात्मक विवेचना गरिएको छ ।

(९) दीन पन्थीको "महाभारतकालीन समाजमा विवाह" शीर्षकको संस्कार संस्कृतिसम्बन्धी लेख छ ।

लेखमा महाभारतकालीन समाजमा विवाह र यौन जीवनमा केही खुकुलोपन भएको प्रतीत हुन्छ उल्लेख गर्दै तत्कालीन समाजमा पाँच प्रकारका विवाह अस्तित्त्वमा भएको स्वीकारिएको छ ।

(१) ब्राह्म (२) प्रजापत्य (३) गन्धर्व विवाह धर्मानुकूल थिए भने (४) असुर र (५) राक्षस विवाह पापमय र निन्दित ठानिन्थ्यो भनी लेखमा उल्लेख गरिएको छ । तर विभिन्न पौराणिक ग्रन्थहरूमा प्राचीन समयमा अर्थात् महाभारतकालसम्म आठ प्रकारका विवाह प्रचलनबारे पढिएको छ-(१) ब्राह्म विवाह (२) दैव विवाह (३) आर्ष विवाह (४) प्रजापत्य विवाह (५) आसुर विवाह (६) गन्धर्व विवाह (७) राक्षस विवाह (८) पैशाची विवाह ।

लेखमा अनुलोम र प्रतिलोम विवाह, देवरले भाउजू स्याहार्ने प्रचलन, मातृसत्तात्मक अवशेष तथा नियोग प्रथाबारे पनि छोटकरीमा स्पष्ट गरिएको छ ।

(१०) नारायणप्रसाद खरालको "ऋतु विचारमा ऋतु निर्णय" शीर्षकको लेखमा कविशिरोमणि लेखनाथ पौड्याल (वि.सं. १९४१ अर्घौं, कास्की-२०२२ शिवरात्रि देवघाट चितवन) को "ऋतु विचार" मा वसन्त, ग्रीष्म, वर्षा, शरद, हेमन्त र शिशिर ६ वटा ऋतु मानिएका छन् र वसन्तबाट आरम्भ भई शिशिरमा टुङ्गिन्छन् । लेखमा कविशिरोमणि लेखनाथ पौड्यालज्यू सौरमान र चान्द्रमान दुबैको समन्वयमा नेपाली ऋतुचक्र सञ्चालित रहेको मान्यतामा अडिग रहनुभएको उल्लेख गरिएको छ ।

(११) लक्ष्मणप्रसाद गौतमको "नेपाली कवितामा बिम्बविधानको पृष्ठभूमि र परम्परा" (समकालीन नेपाली कविताभन्दा पूर्व) विश्लेषणात्मक लेखमा "सर्जकको मानसिकतालाई अभिव्यञ्जित गर्ने चित्रात्मक भाषालाई नै साहित्यमा बिम्ब भनिन्छ र यही बिम्ब नै काव्यबिम्ब (Poetic Image) हो । " उल्लेख गर्दै नेपाली कवितामा बिम्ब आयोजनाको पृष्ठभूमि र परम्परा निकै लामो देखिन्छ । असचेत रूपमै भए पनि सुवानन्ददेखिकै कवितामा बिम्बका सुन्दर बान्कीहरू प्राप्त हुन्छन् । लेखमा सुवानन्ददास, भानुभक्त आचार्य, सन्त

ज्ञानदिलदास, मोतीराम भट्ट, लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, भीमनिधि तिवारी, सिद्धिचरण श्रेष्ठ, भवानी भिक्षु, भूपि शेचरन, गोपालप्रसाद रिमाल, माधव घिमिरे, विजय मल्ल, केदारमान व्यथित, मोहन कोइराला, मदन रेग्मी, मोहन हिमांशु थापा, मीनबहादुर बिष्ट, पारिजात, विमल निभा, वैरागी काइँला, ईश्वर बल्लभ, कृष्णभक्त श्रेष्ठ, द्वारिका श्रेष्ठ, उपेन्द्र श्रेष्ठ, वासु शशि, विश्वेश्वरप्रसाद कोइराला, घनश्याम कँडेल, आदि कविहरूको बिम्बयुक्त कविताहरू उद्धृत गरिएका छन् ।

(१२) रामप्रसाद पन्तको "कसरी चलेको छ यो बस ?" यात्रा संस्मरण हो । जापान यात्रासम्बन्धी अति छोटो संस्मरण यहाँ पस्किनुभएको छ ।

(१३) पूर्णप्रसाद अधिकारीको "राजेश्वर देवकोटाको औपान्यासिक प्रवृत्तिका वृत्तमा द्वन्दको अवसान उपन्यास समीक्षण" समीक्षा लेखमा राजेश्वर देवकोटा (वि.सं. १९८६ असोज २३ गोरखा-२०७२ साउन २५ गते काठमाडौं) नेपाली साहित्यका फाँटमा उनी कथाकार, उपन्यासकार, चिन्तक, बालसाहित्य साधक र निबन्धकारका समेत स्थापित, चर्चित र प्रतिष्ठित बन्न पुगेका छन् भनी परिचय दिइएको छ । देवकोटाका औपन्यासिक कृतिहरूमा- आवर्तन २०४१, द्वन्द्वको अवसान २०४२, पूर्वकथा-२०४३ (साझा पुरस्कार प्राप्त) उत्सर्ग प्रेम २०४४ मदन पुरस्कार प्राप्त मुख्य छन्-उल्लेख गरिएको छ । शीर्षकमा उल्लेख द्वन्द्वको अवसान उपन्यासको विश्लेषण र मूल्याङ्कन सन्दर्भमा (क) संरचना पक्ष (ख) द्वन्द्वात्मक पक्ष (ग) चरित्रण संयोजन (घ) समस्याको व्यापकता र प्रतीक्षाको प्रतिबद्धता (ङ) चिन्ता पक्षको बाहुल्यता (च) उपसंहार वा समापन बूँदाहरूमा विभक्त गरेर महाभारतकालीन बहुचर्चित नायक दानवीर कर्णको जीवनवृत्तमा आधारित भावलाई उजागर गर्नु उपन्यासकारको उद्देश्य रहेको उल्लेख गरिएको छ ।

(१४) उत्तरकुमार पराजुलीको "भजन" शीर्षकको लेख विश्लेषणात्मक लेख हो । भज = "वरण गर्नु" को अर्थमा प्रयोग हुने धातु (भज्) मा 'अन' प्रत्यय लागेर भजन शब्द बनेको छ । हरेक संस्कृतिमा भजन प्रयोग हुने गर्दछ । रचनाको किसिम र विषयवस्तुको आधारमा भजनलाई लोकभजन र शास्त्रीय भजन गरी दुई भागमा बाँड्न सकिन्छ साथै शास्त्रीयभजन अन्तर्गत (१) सगुण भजन (२) निर्गुण भजन हुन्छन् र गायन गतिको आधारमा (१) लस्के भजन (२) चुट्के भजन (३) वाणी भजनहरूमा गाउन सकिन्छ र भजन भक्तिधारा वाहक साहित्य हो भनी उल्लेख गरिएको छ ।

(१५) डुकुलराज घिमिरेको "बालकृष्ण समको 'म' नाटकबारे संक्षिप्त चर्चा" समीक्षात्मक लेख हो । बालकृष्ण सम (वि.सं. १९५९ माघ २४ काठ.-२०३८ साउन ६ गते काठ.) को 'म' नाटक दश अङ्कमा विभाजित सामाजिक

संयोगान्त नाटक हो । यस नाटकका मुख्य पात्रहरू प्रभा, इन्द्रवीर, मनोहर र माया हुन् भने सहायक पात्रहरूमा इन्द्रवीरको आमा, जमुनी, मखन, सूर्यदेव, गणेश, सानु आदि हुन् । नाटकमा आफ्नी विवाहिता पत्नी प्रभालाई हेंला गरी माया नामकी चरित्रहीन केटीसँग फसेको सामन्ती संस्कारमा हुर्केको इन्द्रवीरलाई प्रभाले दाजु मनोहरको सहयोगमा आफू "माया" बनेर इन्द्रवीरसँग नजिकिन्छे । भाइटीकाको दिन इन्द्रवीरलाई यथार्थताको ज्ञान हुन्छ र प्रभा र इन्द्रवीरको वास्तविक मिलन हुन्छ । नाटक यसरी संयोगान्त भएर टुंगिएको उल्लेख गरिएको छ ।

(१६) भुवन अकिञ्चनको "महाकवि भारवि" शीर्षकको लेख सङ्क्षिप्त चिनारी लेख हो । लेखमा संस्कृत साहित्यको इतिहासमा महाकवि भारविको उच्चस्थान रहेको र उनले एक मात्र महाकाव्य "किरातार्जुनीयम्" रचना गरे तापनि संस्कृत साहित्यको इतिहासमा ठूलो हलचल मच्चाउने ग्रन्थ मानिन्छ ।

महाकवि भारविको जन्मस्थान र जन्ममितिका सन्दर्भमा विवाद देखिन्छन् । वि.सं. ६९० मा प्राप्त एहोल शिलालेखका आधारमा भारविलाई दक्षिण भारतीय कविका रूपमा चिनाइएको छ भने वि.सं. ४७२ (?) को काठमाडौंको हाँडीगाउँमा प्राप्त संस्कृत पद्म शिलालेखका आधारमा भारविलाई नेपाली कविको रूपमा चिनाउन खोजिएको छ ।

कवि भारविको शिक्षा-आवेगमा आएर नसोचीकन कुनै काम नगर्न भनी यस लेखमा कवितासहित उद्धृत गरिएको छ ।

(१७) श्यामकृष्ण शर्मा खनालको-"पूर्वीय काव्यसिद्धान्तको परिप्रेक्ष्यमा आदर्श-राघव महाकाव्य" समीक्षात्मक लेख हो । लेखमा पण्डितराज सोमनाथ सिग्द्याल (वि.सं. १९४१ असोज २८ काठमाडौं-२०२९ असोज २८ बनारस) द्वारा रचित आदर्श-राघव महाकाव्य (वि.सं. २००५) पूर्वीय काव्य सिद्धान्तलाई पूर्णरूपेण पालना गरी रचिएको एक मात्र नेपाली महाकाव्य हो । महाकवि देवकोटाले यसभन्दा पहिले नै शाकुन्तल (वि.सं. २००२) र सुलोचना (वि.सं. २००३) नेपाली साहित्यलाई सुम्पिसकेका थिए तापनि पूर्वीय काव्य सिद्धान्तको मूल्य र मान्यताका अंशहरू ती दुई महाकाव्यमा समेत पूर्ण रूपमा भेटाइँदैन भनी औंल्याइएको छ । महाकाव्यको परिभाषा-भामह, दण्डी, राजशेखर, धनञ्जय तथा कविराज विश्वनाथ आदिले दिएका छन् ।

१६ सर्गमा रहेको आदर्श-राघवमा-नायक राघव (मर्यादा पुरुषोत्तम श्रीरामचन्द्र) रघुकुलका सर्वश्रेष्ठ पुरुष रहेका छन् भने नायिका नेपालीकी छोरी अर्थात् जनकतनया सीताजी रहेकी छिन् ।

आदर्श-राघव महाकाव्यमा रामचन्द्रको आदर्शताको वर्णन हुनुका साथै महाकाव्य नै पनि आदर्श बन्न पुगेको उल्लेख गरिएको छ ।

(१८) सनत रेग्मीको "आफ्नै दृष्टिमा-सनत रेग्मी" सनत रेग्मीले आफूले आफ्नै बारेमा लेखिएको जीवनीपरक मीठो आख्यान हो । लेखक प्रसिद्ध आख्यानकार हुनुहुन्छ । उहाँको जन्म वि.सं. २००४ साल असोज ६ गते नेपालगञ्ज बाँकेमा भएको हो ।

पारिवारिक संस्कार अनुरूप पितामह पं. चूडामणि रेग्मीका काखमा बसेर केही नीतिकथाहरू र पञ्चतन्त्र, हितोपदेशका रसिला कथाहरू सुन्न पाएका सनत रेग्मीमा अचेतनमै आफूले पनि पुस्तक संकलन गर्ने र हजुरबुबाले भैंं पुस्तक लेख्ने अठोट गरिसक्नुभएको थियो । सुरूमा हिन्दी भाषामा लेख्ने सनत रेग्मीलाई कविवर भीमनिधि तिवारीको प्रेरणाले नेपाली भाषामा लेख्न थाल्नुभएको हो । र रेग्मीको पहिलो नेपाली कथा "समाजकी छोरी" नेपालगञ्जबाट प्रकाशित हुने 'जमर्को' मा २०२३ सालमा प्रकाशित भयो ।

राजनीतिमा सक्रिय भएका कारण २०२४ सालमा पहिलो पटक जेल पुग्नुभएका रेग्मीका कथाहरू प्रकाशित हुँदै गए । बी.पी. कोइरालाका प्रेरणाले उहाँमा कट्टर प्रजातन्त्रवादी व्यक्तित्वको विकास भयो । जीवनको २० वर्ष प्रजातान्त्रिक आन्दोलनमा जेलभित्र र बाहिर हुनमा नै व्यतीत गरेर पनि राजनीतिभन्दा उहाँले आफूलाई साहित्यिक जीवनमा बढी संलग्न मान्नुहुन्छ ।

उहाँले आफ्नोबारे लेख्नुहुन्छ - "साहित्य उसको अन्तरहृदयको चाहना हो भने राजनीति उसको बौद्धिकता र परिस्थितिको बाध्यता । जे भए तापनि ऊ एउटा संवेदनशील साहित्यकार हो र साहित्यको क्षेत्रमा ऊ द्विविधामुक्त निर्द्वन्द्व छ । अन्य क्षेत्रमा ऊ द्विविधायुक्त छ ।

सनत रेग्मीका प्रकाशित पुस्तकहरू-मातृत्वको चित्कार (कथा-सङ्ग्रह २०२४), चन्द्र ज्योत्स्ना र कालो बादल (कथा-सङ्ग्रह २०२५), दिनान्त (कथा-सङ्ग्रह २०३५), बन्द कोठाहरूको सहर (कथा-सङ्ग्रह २०४५), लछमनियाँको गौना २०५१), समय सत्य (२०५४), सनत रेग्मीका प्रतिनिधि कथाहरू (२०६०), स्मृतिदंश र अन्य कथाहरू (२०६६), सनत रेग्मी : सिर्जन संवाद (अन्तर्वार्ता-सङ्ग्रह -२०६६) (स्रोत-साहित्यकार-कलाकार परिचय कोश, सम्पादक : विष्णु प्रभात, नेपाल प्रज्ञा-प्रतिष्ठान-वि.सं. २०७०) ।

(१९) फणिनारायण सिग्देलको "भाषिक अभियान कतातिर ?" लेखमा उहाँ लेख्नुहुन्छ - "हाम्रो देशमा आफ्नै राष्ट्रभाषामाथि चारैतिरबाट उग्र आक्रमण भई रहेको छ । रेडियो, टी.भी.का आधुनिक कार्यक्रमहरू यस कुराका प्रमाण हुन् । बोर्डिङ शिक्षा जहाँ नेपाली भाषामा बोल्न प्रतिबन्ध हुन्छ अनि नेपाली बाहेक सबै विषय अंग्रेजीमा पढाइन्छ । हाम्रो देशका भाषाहरूको संरक्षण गर्न संस्कृत शिक्षा आवश्यक छ । नेपाली भाषा अशुद्ध हुँदै जानुमा हिन्दी भाषाको अनावश्यक प्रभाव पनि एउटा कारण हो ।

नेपाली भाषाको व्याकरणमा अनेकरूपता देखा परेको छ । अतः यस सम्बन्धमा उपयुक्त निष्कर्ष निकाल्न व्याकरणविद्हरूको राष्ट्रिय भेला गराइनुपर्दछ । नेपाली भाषाको संरक्षणका लागि नेपाली व्याकरणमा एकरूपता हुनै पर्दछ ।

*"हाम्रो पुरुषार्थ" का एकदेखि ४३ अङ्कभित्र १८७ कविका ३२४ कविताहरू छापिएका छन् । एउटा अङ्कमा १ देखि १८ वटा कविताहरू भेटिए पनि औसत रूपमा एउटा अङ्कमा ७.५ कविताहरू प्रकाशित भएको पाइन्छ । नेपाली कवितामा देखा परेको गद्य कविताको बाढी हाम्रो पुरुषार्थमा पनि आएको तथ्य ३२४ कविताहरूमध्ये १६४ गद्य कविता प्रकाशित हुनुले पुष्टि गर्दछ । गद्य कविताका साथै पद्यात्मक अभिव्यक्तिको पनि हाम्रो पुरुषार्थमा कमी छैन । शार्दूल विक्रिडित, शिखरिणी, अनुष्टुप्, वसन्ततिलका, मन्दाक्रान्ता, स्रग्धरा, वंशस्थ जस्ता १४ वटा छन्द छन् र लोकलयका समेत १६० पद्य कविताहरूले पत्रिकालाई छन्दको प्रयोगशाला बनाएका छन् ।*

(२०) गोपाल पन्थीको "हाम्रो पुरुषार्थ र यसका कविताहरूमाथि एक समीक्षा" लेखमा लेखकले 'हाम्रो पुरुषार्थ' को अङ्क १ देखि अङ्क ४३ सम्म प्रकाशित कविताहरूको प्रवृत्ति बारेमा सङ्क्षिप्त दृष्टिकोण पस्कनुभएको छ । "हाम्रो पुरुषार्थ" का एकदेखि ४३ अङ्कभित्र १८७ कविका ३२४ कविताहरू छापिएका छन् । एउटा अङ्कमा १ देखि १८ वटा कविताहरू भेटिए पनि औसत रूपमा एउटा अङ्कमा ७.५ कविताहरू प्रकाशित भएको पाइन्छ । नेपाली कवितामा देखा परेको गद्य कविताको बाढी हाम्रो पुरुषार्थमा पनि आएको तथ्य ३२४ कविताहरूमध्ये १६४ गद्य कविता प्रकाशित हुनुले पुष्टि गर्दछ । गद्य कविताका साथै पद्यात्मक अभिव्यक्तिको पनि हाम्रो पुरुषार्थमा कमी छैन । शार्दूल विक्रिडित, शिखरिणी, अनुष्टुप्, वसन्ततिलका, मन्दाक्रान्ता, स्रग्धरा,

वंशस्थ जस्ता १४ वटा छन्द छन् र लोकलयका समेत १६० पद्य कविताहरूले पत्रिकालाई छन्दको प्रयोगशाला बनाएका छन् ।

नेपाली साहित्यको प्रगतिवादी स्रोतबाट पनि हाम्रो पुरुषार्थ अछुतो रहन सकेको छैन । त्यस्तै मोहन कोइरालाको केन्द्रीय नेतृत्वमा देखापरेको प्रयोगवादी धाराको प्रभाव यसमा पनि परेको छ । यसले नेपाली कविता साहित्यको विकासमा पुऱ्याएको योगदानको सबैतिरबाट उचित मूल्याङ्कन र कदरसमेत गर्नुपर्ने देखिन्छ ।

(२१) देवेश्वर सरस्वतीको "भ्रम निवारण" दर्शन शास्त्रमा आधारित लघु रचना हो । उहाँ लेख्नु हुन्छ-"अज्ञान रहेसम्म पुनर्जन्म र मरण अनिवार्य हो । त्यो भएसम्म दुःख-भय पछि लागि रहन्छन् । "

(२२) ऋषि आजादको "बालकृष्ण सम र स्वर्ग र देवता" शीर्षकको समीक्षात्मक लेख हो । उहाँ लेख्नुहुन्छ - बालकृष्ण सम (वि.सं. १९५९-२०३८) नेपाली साहित्यका परिष्कारवादी धाराका एक अग्रणी चिन्तक हुन् । गद्य कविता ढाँचामा लेखिएका "स्वर्ग र देवता" कवितामा लामा, छोटा र मध्यम खालका १५७ पङ्क्ति छन् ।

हाम्रो पौराणिक धर्मग्रन्थ, वेदका सूक्तिहरूको सार्थक प्रयोगले कविताको वैज्ञानिक चिन्तनको भाव गाम्भीर्यतालाई अर्थपूर्ण तुल्याएका छन् । सिङ्गो पृथ्वीलाई आमा सूर्यलाई बाबुको रूपमा मानवीकरण गरेर पारिवारिक सूक्ष्म आख्यान सृजना गर्दै व्यावहारिक सन्दर्भसमेत खडा गरेर उच्च वैज्ञानिक एवम् मावनतावादी चिन्तनको प्रयोग गरिएको छ ।

उनले यस कवितामा पृथ्वीलाई स्वर्ग र पृथ्वीवासीलाई देवताको रूपमा चित्रण गरेका छन् । यही नै कथ्य विषयको मूल सार पनि हो । यही मुख्य सारले यस कविताको शीर्षकीय सार्थकता प्रदान गरेको छ ।

(२३) नारायणप्रसाद काफ्लेको "सार्वजनिक उत्तरदायित्व (सिद्धान्त र व्यवहार) नेपालको सन्दर्भमा" सामाजिक लेखमा-आफूलाई प्राप्त संवैधानिक अधिकारको आधारमा कुनै पनि मुलुकको सरकारले प्रशासन यन्त्रको गठन गर्दछ । यसका काम, कर्तव्य, अधिकार र जिम्मेवारीहरू संविधान र यस अन्तरगतका कानूनद्वारा निर्दिष्ट गरिएका हुन्छन् । नेपालको सन्दर्भमा हेर्ने हो भने संविधानद्वारा भएको व्यवस्था अनुरूप मन्त्रिपरिषद्, लोकसेवा आयोग, महालेखा परीक्षक, निर्वाचन आयोग जस्ता संवैधानिक निकायका पदाधिकारीहरू सार्वजनिक रूपमा उत्तरदायी हुन्छन् भनी उल्लेख गरिएको छ ।

(२४) यस अङ्कमा ३ वटा कथाहरू समावेश छन् :-

(क) प्रदीप ज्ञवालीको "मेरो कथा" ज्यादै हृदयस्पर्शी छ । प्रसिद्ध आख्यानकार प्रदीप ज्ञवाली (शीतविन्दु)बाट लेखिएको यो कथाले नारीमाथि हाम्रो समाजको क्रूर व्यवस्थाको अकल्पनीयता दर्शाउँछ । कथाकार स्वयं सशक्त समाजसेवी हुनुहुन्छ । कथाकी नायिकालाई सिफलिस रोग लागेकी निरीह नारी नबनाएर संगठन गर्ने क्षमता भएकी समस्यासँग जुझ्न सक्ने विद्रोही समाजसेवी नारीको रूपमा प्रस्तुत गरिएको भए कथा सुखान्त हुने थियो ।

(ख) हरिप्रसाद भण्डारीको "प्रार्थना" लघुकथामा मान्छेका प्रवृत्तिबारे यथार्थ प्रकाश पारिएको छ ।

कथामा मन्दिरका भगवान्अगाडि समाज सुधारक प्रार्थना गर्दछन्-रोग व्याधि हटाई शान्तिकायम गरी सबै प्राणीहरूलाई चिरकालसम्म बाँच्न पाउने अवसर देऊ !

डाक्टर प्रार्थना गर्दछन्-दया राखी मेरो क्लिनिकमा बढीभन्दा बढी बिरामीको ओइरो लगाइदेऊ !

मसानघाटमा बसेर मान्छेको लास जलाउने पोडेले प्रार्थना गर्दछ-हे प्रभु ! कामको कमीले गर्दा मेरा केटाकेटीहरू नै भौकभोकै बस्न बाध्य छन्, त्यसैले प्रभु ! जसरी हुन्छ मेरो व्यवसाय बढाइदेऊ ।

यी भक्तहरूको प्रार्थनालाई भगवान्ले कसरी ग्रहण गरे कुन्नि । तर मन्दिर नजिकै बसेर उनीहरूका प्रार्थना सुनिरहेको एक जना माग्ने मान्छे खुब जोडजोडले हाँस्यो र धेरै बेरसम्म हाँसिरह्यो ।

(ग) जनार्दन घिमिरेको "सानु" कथामा समाजले नारीहरू माथि हेर्ने वक्र दृष्टिबारे उल्लेख गर्दै कथाकी नायिका "सानु"को एड्सबाट इहलिला समापन भएसँगै कथा टुङ्ग्याइएको छ ।

सबै नारीहरू रामायणकी रून्चे सीता जस्ता मात्र हुँदैनन् । महाभारतकी द्रौपदी जस्ता पनि हुन्छन् । कथाकारले यस्ता कथा पनि लेख्नु हुने विश्वास लिएको छु ।

(२५) यस अङ्कमा १८ जना कविहरूका सुललित कविताहरू समावेश छन् ।

(१) मोदनाथ शास्त्री-"वसन्त" = ऋतुराज वसन्तको समयको सुन्दर प्राकृतिक वर्णन ।

(२) भेषबहादुर कुँवर 'प्रयासी'–"मलाई एक्लै हिंड्न मन लाग्छ ।" नितान्त व्यक्तिगत चाहनाको कविता ।

(कवि भेषबहादुर कुँवर 'प्रयासी' (जन्म २००५-२०७६) को स्मृतिमा हाम्रो पुरुषार्थ त्रैमासिक वर्ष ४७ सम्पूर्णाङ्क ८६ वैशाख-असार २०७७ कवि प्रयासी स्मृति अङ्क प्रकाशित छ ।)

(३) गिरिराज भट्टराई–"हाम्रो पुरुषार्थ यो", = हाम्रो पुरुषार्थको पुरुषार्थ कविता ।

(४) रासा–"दुई गजल", = मनका बहसँगै शृङ्गाररस बहेको गजल ।

(५) डी.डी. शर्मा पौडेल–'निर्मोहीप्रति' = कवि, नियात्राकार निर्मोही व्यासका स्नेह सम्झनामा गोविन्द विनोदी, धनराज गिरी साथै युवा कवि मोतीराम भट्टको स्मृति पनि समेटिएको छ । प्रकृति झरीको रिमझिमलाई मेनका नृत्य कल्पना गरिएको छ ।

(६) विष्णुप्रसाद घिमिरे - "प्रजातन्त्र"–पुनर्बहाली प्रजातन्त्रमा देखिएका विकृतिप्रति विरक्त भएर विकृति हटोस् भन्ने पवित्र भावनाले कोरिएको कविता । २०४ हरफको लामो कविता ।

(७) हरिप्रसाद पन्थी–"आह्वान"–नारीहरू शिक्षित भएमा हर कार्य गर्न सबल हुने भएकाले शिक्षित भएर समाजका हर क्षेत्रमा होस्टेमा हैंसे गर्न सबल हुन आह्वान गरिएको कविता ।

(८) लक्ष्मण रिजाल–"पृथ्वीको मान्छे हिजो र आज" = हिजोका मान्छेहरू ज्ञानी, ध्यानी र विवेकी थिए र त्यसैले 'पृथ्वी' बाट नेपाल एकीकरण भयो । आजका मान्छेहरू स्वार्थमा डुबेर विज्ञानलाई साथ लिएर सुन्दर विश्व नै तहस नहस गर्न लागि परे भन्दै तुलनात्मक कविता लेखिएको छ ।

(९) प्रेम 'विनीत' - आह्वान = १० वर्षे माओवादी युद्धले देशमा भएका दाजु भाइ काटमारको अन्त गर्न आह्वान गरिएको कविता ।

(१०) पाण्डेय रेणुप्रसाद–"आस्था र विश्वासहरू डगमगाउँदै छन्" = हिजोका सुन्दर संस्कार, संस्कृति र आस्था र विश्वासहरू तहस नहस भइरहेका छन् आज सबै लथालिङ्ग भइरहेछन् भन्दै माओवादी युद्धतर्फ संकेत गरिएको छ ।

(११) पदमप्रसाद पाण्डे-"युग र जीवन" = माओवादी युद्धकालको संत्रस्त जिन्दगी ।

(१२) भावना पन्थी-"दासत्वको विरूद्धमा" २१ वर्ष अघि लेखिएको कविता भए पनि हिजो आज लेखिए जस्तो लाग्छ । हाम्रा ठूला दलका 'दास' झोलेहरूलाई समर्पण गरिए जस्तो लाग्छ ।

**कोही सामु हात जोडी नबसौं भै दास ।**<br>**आफ्नो हक अधिकार खोज्नुपर्छ खास ॥**

(१३) डिल्लीराम ढकाल-"नारी" = नारीलाई महाशक्तिरूपाको रूपमा हेरिएको श्रद्धायुक्त कविता ।

(१४) ललितकुमार आचार्य-"राजनीतिक दुःख" = देश विकासप्रति आँखा चिम्लेर व्यक्तिवादी स्वार्थले रंगिएको स्वार्थी राजनीति सन्दर्भमा लेखिएको कविता ।

(१५) राधा पन्थी-"मेरो घडीको सुई" = देशमा भइरहेका अनाचार र माओवादी मारकाट युद्धसमेत समेटेर राष्ट्रनिर्माता पृथ्वीनारायण शाहलाई श्रद्धाञ्जलि अर्पण गरिएको कविता ।

(१६) मतिराज पौडेल-"प्रण" = देश लथालिङ्ग भताभुङ्ग भइरहेको छ । सबै जुटेर देश बनाउन प्रण गरौं भन्ने पवित्र भावना बगेको कविता ।

(१७) विजय सागर-"एउटा नेपालीको पीडा" = हामी नेपालीहरूको पीडाको कविता ।

(१८) रामबाबु सुवेदी-"रतीमाया"-नारी पात्र रतीमायाको दयनीय कथा ।

## 'हाम्रो पुरुषार्थ' को स्थायी स्तम्भ सन्दर्भ

गुल्मी डायरी-गोविन्द गौतम । चन्द्रप्रकाश उपाध्याय । नारायणप्रसाद पन्थीहरू द्वारा संकलित गुल्मी-डायरी अति नै जानकारीमूलक बूँदाहरू संकलित छन् । यहाँ गुल्मीका तत्कालीन चौबीसे राज्यहरूका ऐतिहासिक राज्यका नामहरू, जन गणना, शैक्षिक क्षेत्र, धार्मिक क्षेत्र, लगायत १० वर्षे माओवादी युद्धबाट क्षति भएका गुल्मी र सम्बन्धित जिल्लाका विवरणहरूसहित ४८ बूँदाहरू सङ्ग्रह गरिएका छन् । धेरै मिहिनेत साथ संकलित यी बूँदाहरूको निम्ति तीन जना संकलकज्यूहरूमा साधुवाद । साथै यो स्तम्भ निरन्तर कायम रहनुपर्दछ ।

### यताउताबाट

नारायणप्रसाद पन्थीद्वारा "धन्यवाद किरण पुस्तकालयलाई" शीर्षकमा रेसुङ्गा शिखर सन्देश वर्ष २ अङ्क ९ : २०५८ मा प्रकाशित पुस्तकालयका गतिविधि सम्बन्धी टिप्पणी लेख समावेश गरिएको छ ।

*२८० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र किरण पुस्तकालयको संयुक्त तत्त्वावधानमा २०५८ पुस २६ र २७ गते तम्घासमा भएका सहित्य गोष्ठी, प्रवचन कार्यक्रम, साँस्कृतिक कार्यक्रम आदिको आयोजना र किरण पुस्तकालय गुल्मीको नवौं प्रकाशन मोदनाथ प्रश्रितद्वारा लिखित "मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा" प्रकाशन गरिएको साथै विभिन्न प्रतियोगितामा विजयी हुनेहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण गरिएको थियो ।*

### किरण पुस्तकालयको पातो

पुस्तकालयका गतिविधि सम्बन्धमा पुस्तकालयका सचिवद्वारा २८० औं पृथ्वी जयन्ती तथा राष्ट्रिय एकता दिवसको उपलक्ष्यमा नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठान र किरण पुस्तकालयको संयुक्त तत्त्वावधानमा २०५८ पुस २६ र २७ गते तम्घासमा भएका सहित्य गोष्ठी, प्रवचन कार्यक्रम, साँस्कृतिक कार्यक्रम आदिको आयोजना र किरण पुस्तकालय गुल्मीको नवौं प्रकाशन मोदनाथ प्रश्रितद्वारा लिखित "मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा" प्रकाशन गरिएको साथै विभिन्न प्रतियोगितामा विजयी हुनेहरूलाई पुरस्कार तथा प्रमाण-पत्र वितरण गरिएको थियो । प्रतिनिधि सभाका माननीय सदस्य प्रदीप ज्ञवालीले पुस्तकालयलाई सांसद विकास कोषअन्तर्गत रू. ११, २०० ।-सहयोग भएको समेत उल्लेख गरिएको छ ।

### नौलो सृष्टि : सानो दृष्टि

यस स्तम्भमा श्री भारद्वाजद्वारा निम्न पुस्तक तथा पत्र-पत्रिकाहरूको संक्षिप्त टिप्पणीसहितको जानकारी दिइएको छ ।

(१) श्री मोदनाथ प्रश्रित-"मानवताको कलङ्क जातपात र छुवाछूत प्रथा" पृष्ठ १०२ : २०५८

(२) विद्या-रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मीको पत्रिका वर्ष १४ अङ्क ११ पृष्ठ-१४० : साल ?

(३) रेसुङ्गा ज्योति-स्वतन्त्र विद्यार्थी यूनियन, रेसुङ्गा बहुमुखी क्याम्पस दोस्रो अङ्क : २०५८

(४) श्री विष्णुप्रसाद बस्याल-'ललिता' खण्डकाव्य मोल रू. २० ।-पृष्ठ ४८ : २०५८

(५) श्री टेकबहादुर कुँवर-"हाम्रो गुल्मी : मेरो अनुभव" करिब २०० वर्षको गुल्मीको इतिहास । मीना प्रकाशन रेसुङ्गा मार्ग, बस्याल हाइट, काठमाडौं । मूल्य-३० ।-: २०५८

(६) कालिका-कालिका भगवती मन्दिर सञ्चालक समिति, तुम्कोट-अर्घाखाँची, प्रधान सम्पादक-उत्तरकुमार पराजुली, पूर्णाङ्क ३, २०५८

(७) सुसेली-वीरेन्द्र उच्च माध्यमिक विद्यालय, सुसेली प्रकाशन, मरेङ, अर्घाखाँची, सम्पादक-नवराज भुसाल : २०५८

**पुस्तकालय परिचय**

शहीद स्मृति पुस्तकालय वीरेन्द्रनगर, सुर्खेत

राष्ट्र, राष्ट्रियता, प्रजातन्त्र, मानव अधिकारको स्थापनाका लागि आफ्नो अमूल्य जीवन आहुति गर्ने वीर शहीदहरूप्रति सच्चा सम्मान गर्न सुर्खेत वीरेन्द्रनगरमा २०४९ सालमा शहीद पुस्तकालयको स्थापना गरिएको हो । २०५० सालको राष्ट्रिय शहीद दिवसका अवसरमा माघ १६ गते विधिवत् उद्घाटन भएको हो । जिल्ला शिक्षा कार्यालयबाट स्वीकृति प्राप्त छ । पुस्तकालयमा ९०३५ पुस्तकहरू छन् । पुस्तकालयको आफ्नो छुट्टै भवन नभए तापनि संस्थापकद्वारा नै आफ्नै निजी भवनमा पुस्तकालयका साथै अन्य आवश्यक हुने सम्पूर्ण पक्षको व्यवस्थापन गर्दै पाठक वर्गको सेवा भइरहेको छ । यी जानकारी संस्थापक भानुभक्त भारतीद्वारा दिइएको छ । शहीद स्मृति पुस्तकालय सुर्खेत वीरेन्द्रनगरको उन्नति प्रगतिको कामना गर्दै संस्थापक भानुभक्त भारतीमा साधुवाद ।

**पाठक-प्रतिक्रिया**

यस अङ्कमा ३ वटा पाठक-प्रतिक्रिया प्रकाशित छन् ।

(१) विष्णु घर्ती : नवप्रतिभा युवाक्लब भनभने, गैराखर्क गुल्मीले 'हाम्रो पुरुषार्थ' को सार्थकता सन्दर्भका साथै नयाँ वर्ष २०५९ को मङ्गलमय शुभकामना व्यक्त गरेका छन् ।

(२) आर.ए. वर्मा : श्री काली मन्दिर गुठी यङगुन (वर्मा) ले किरण पुस्तकालयबाट पठाइएका "हाम्रो पुरुषार्थ" र "हाम्रो पुरुषार्थ" कथा विशेषाङ्क प्राप्त भएकोमा हर्षका साथ धन्यवाद ज्ञापन गरिएको छ ।

(३) खगेन्द्रराज पाण्डे : बी.ए. तेस्रो वर्ष (पत्रकारिता अध्ययन समूह), रेसुङ्गा बहुमुखी क्याम्पस गुल्मीले विगत २९ वर्षदेखि 'हाम्रो पुरुषार्थ' ले विविध साहित्यिक परिकारहरू पस्किंदै आइरहेको छ । साहित्यका अतिरिक्त स्वास्थ्य, विज्ञान र अन्य क्षेत्रका विषयवस्तुसँग सम्बन्धित रचनाहरू प्रकाशन गर्न सुझाव पनि राखिएका छन् ।

**किरण पुस्तकालयका आजीवन सदस्यहरूको परिचय**

यस अङ्कमा राजेन्द्रप्रसाद श्रेष्ठ (जन्म २०१९.५.१५) तम्घास, गुल्मी र गोविन्द गौतम (जन्म २०२५.१२.१०) अमरपुर गा.वि.स. गुल्मीसमेत दुई जनाको परिचय राखिएको छ ।

**हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावली**

यस अङ्कमा क्रम संख्या ५९४ देखि ६२५ सम्म ३२ जना आजीवन ग्राहकको नाम तथा ठेगाना प्रकाशन गरिएको छ ।

**सम्पादकीय**

काल चिन्तन

काल दौडिरहेछ । प्रतीक्षा गर्न जान्दैन-काल, भाकाभूल जान्दैन-काल । पछाडि फर्केर हेर्न जान्दैन काल । हामी काललाई संवत्सारमा बाँड्छौं, अयन र ऋतुहरूमा च्यात्छौं, मास र पक्षमा टुक्र्याउँछौं, दिन प्रहर र घडीहरूमा छियाछिया पार्छौं, भित्तेपात्रो बनाएर भित्तामा टाँस्छौं र भन्छौं २०५८ साल गयो, नव वर्ष २०५९ साल आयो । शान्ति र कल्याणका बाँड्छौं-शुभेच्छाहरू, बम, बारूदका गर्जन र गन्धले आत्तिएर । माओवादी युद्धकालमा भइरहेको वीभत्स हत्या सिलसिलालाई इङ्गित गरी लेखिएको समयानुकूल सम्पादकीय ।

**सम्पादक मण्डल**

सम्पादकः शशि पन्थी, सह-सम्पादक : दीन पन्थी, सहायक सम्पादक : भेषबहादुर कुँवर ।

'हाम्रो पुरुषार्थ' वर्ष २९, अङ्क २, सम्पूर्णाङ्क ४४, वैशाख २०५९

पृष्ठ संख्या-१९४ + ६ + ४=२०४ मूल्य रू. २५ ।-

प्रकाशक-किरण पुस्तकालय, तम्घास, गुल्मी

**पूर्व अध्यक्ष - सिद्धार्थ साहित्य परिषद्, भैरहवा, सिद्धार्थनगर, रूपन्देही ।**

००० 

// लेख //

# सांस्कृतिक दृष्टिमा हाम्रो पुरुषार्थको छैठौं अङ्क



**राजेन्द्रकुमार आचार्य**

हाम्रो पुरुषार्थले शताङ्क प्रकाशन गर्न लागे को खुसियालीमा आफूसित भएका अङ्कहरू केलाउँदा २०३४ सालमा प्रकाशित अङ्क ६ भेटियो । यो पुरानो अङ्कमा केही महत्त्वपूर्ण सामग्रीहरू भएकाले, सांस्कृतिक मिठास पाइने रचनाहरू पनि रहेकाले यसैमाथि केही भावना र विचार राख्ने जमर्को गरेको छु ।

यसको अग्रावरणमा नेपाली सांस्कृतिक पुरुष पोशाक टोपी, दौरा, सुरुवाल र पटुकामा सजिएको तथा हातमा हाम्रो वीरताको प्रतीक खुकुरी लिएको युवक रहेको छ र लाग्दछ ऊ राष्ट्ररक्षाको लागि तम्तयार छ ।

*हाम्रो पुरुषार्थले शताङ्क प्रकाशन गर्न लागेको खुसियालीमा आफूसित भएका अङ्कहरू केलाउँदा २०३४ सालमा प्रकाशित अङ्क ६ भेटियो । यो पुरानो अङ्कमा केही महत्त्वपूर्ण सामग्रीहरू भएकाले, सांस्कृतिक मिठास पाइने रचनाहरू पनि रहेकाले यसैमाथि केही भावना र विचार राख्ने जमर्को गरेको छु ।*

२०२५ मा स्थापित किरण पुस्तकालयको वार्षिक मुखपत्रको रूपमा, छापिन थालेको पाँचौं वर्षमा अङ्क ६ बनेर छापिएको छ यो । तत्काल प्रधान-सम्पादक शशि पन्थी, सम्पादक चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर हुनुहुन्छ ।

हाम्रो पुरुषार्थको यस अङ्कमा २७ जना लेखक कविका विभिन्न विधागत सामग्रीहरू प्रस्तुत छन् । ती सबैमा केही न केही सांस्कृतिक तत्त्व नपाइने होइन । तथापि, बढी मात्रामा पाइने हिसाबले तीमध्ये ६ वटा सामग्रीभित्र भेटिने सांस्कृतिक पक्षहरूलाई कोट्याउने प्रयास गरेको छु ।

पृष्ठ ५ मा कवि माधवप्रसाद देवकोटाको 'नेपाल शान्तिक्षेत्र किन नहोस् ?' शीर्षकको शार्दूलविक्रीडित छन्दको कविता रहेको छ । २०३३ मा राजा वीरेन्द्रबाट समस्या पूर्तिका लागि प्रस्तुत शीर्षकले नेपालद्वारा विश्वशान्तिका लागि आफूलाई शान्तिक्षेत्र प्रस्ताव गरिएको र यसको समर्थनको लागि विश्वसामु

आह्वान गरिएको कुरा आउँछ । हाम्रा ऋषि ऋषिकाहरू शान्तिकामी थिए । शान्ति, सुरक्षा र समृद्धिकै लागि यज्ञ गर्थे, तप गर्थे । सिद्धार्थ गौतम पनि अशान्त दुनियालाई शान्त पार्न बुद्ध बने । जनक, गार्गी, याज्ञवल्क्यका कर्महरू पनि मानव शान्तिको लागि थिए । यसर्थ हाम्रो ज्ञानभूमि तथा तपोभूमि नेपाल शान्तिक्षेत्र हुनुपर्छ भन्ने भावना पोखिएको छ । "द्यौः शान्तिरन्तरिक्ष शान्तिः पृथिवीशान्तिरापः शान्तिरोषधयः शान्तिः वनस्पतयः शान्तिर्विश्वेदेवाः शान्तिर्ब्रह्मशान्तिः सर्वम् शान्तिः... । " यो वैदिक मन्त्रले विभिन्न विषयहरूमा शान्तिको कामना गरेको छ । यसर्थ शान्ति हाम्रो प्राचीन परम्परा हो र शाश्वत संस्कृति हो ।

पृष्ठ ११ मा रामप्रसाद शर्माको 'मगर जातिको परिप्रेक्ष्यमा मगराती भाषा' रहेको छ । यसमा लेखकले मगर जातिको उत्पत्ति, विकास र विस्तार; मगराती भाषिक पदहरूको तुलनात्मक अध्ययनको साथै मगर संस्कृति र परम्पराको विषयमा चर्चा गर्नुभएको छ । मगर र अन्य जातिका बीचको संस्कार र संस्कृतिको पनि जानकारी दिनुभएको छ । हाम्रा धेरै शक्तिपीठहरूमा मगर पूजारीहरू रहने परम्परा पनि बताउनुभएको छ । यसरी यस प्रबन्धमा मगरका साथै अन्य जातजातिका संस्कार, संस्कृति र परम्पराहरूको चर्चा भएको छ ।

पृष्ठ २२ मा डा. टीकाराम पन्थीको 'व्यासको गण्डकी क्षेत्र रोमान्टिक उच्छ्वास' निबन्ध भेटिन्छ । डा. पन्थीका सांस्कृतिक निबन्ध-प्रबन्धहरू धेरै छन् । पुस्तकै छापिएका छन् । उहाँ पूर्वीय दर्शन र साहित्यमा, संस्कृत र नेपाली भाषामा मात्र कलम चलाउने व्यक्ति नभई पौराणिक अनुश्रुतिहरू, लौकिक वा जनश्रुतिहरूका साथै लोकसंस्कृतिको शोध र अध्ययन गर्ने व्यक्ति हुनुहुन्छ । लेखनमा प्रशस्त व्यङ्ग्यपुट र शृङ्गार रस पनि दिनुहुन्छ । यसैअनुसार प्रस्तुत सांस्कृतिक स्वरूपका निबन्धमा यी कुराहरू परेका छन् । व्यास आशुकवि थिए । वैदिक वाङ्मयका प्रमुख वक्ता थिए । वेदान्त दर्शनका प्रवर्तक थिए । वेदका सङ्कलक तथा सम्पादक भएकाले वेदव्यास भनिएको थियो ।

डा. पन्थी भन्नुहुन्छः व्यासको काल्पनिक भावुकताले देवतात्मा स्वरूपका दुई गिरि अङ्गीकार गर्‍यो-चक्रशिला पाइने शालग्राम गिरि र शिवलिङ्ग पाइने सोमेश्वर गिरि । यीसँगै रहेका छन् । यिनलाई क्रमशः कृष्णा गण्डकी र त्रिशूली नदीले सिञ्चन गरिरहेका छन् । व्यासको शृङ्गारिक भावुकताले रिडीमा प्रम्लोचा अप्सरालाई नचाइदियो, देवदत्तको साधनालाई विचलित बनाइदियो । व्यासले विष्णुको मुखबाट "क्षेत्राणाम् मुक्तिक्षेत्रञ्च श्रेष्ठं गिरिषु शैलराट्, नदीनां गण्डकी श्रेष्ठा त्रयो मे परमप्रियाः, पोखाए ।

डा. पन्थीले पौराणिक कल्पना, चिन्तन परम्परा र संस्कृतिको, हाम्रो भूगोलसितको तालमेलको अनि हाम्रो जीवनपद्धतिमा त्यो राम्ररी रसाएको कुरा रसिलो बनाएर व्यङ्ग्यपुटसहित प्रस्तुत गर्नुभएको छ । यही संस्कृति नै हिमालयको काखको सभ्यता, हाम्रो सभ्यता बनेको छ ।

पृष्ठ ३४ मा गोपीकृष्ण शर्माको 'तेस्रो आयाम र नेपाली साहित्य' शीर्षकमा बीसौं शताब्दीको आरम्भदेखि युरोपतिर कसरी पिकासो आदिद्वारा कला, सङ्गीत र साहित्यमा कल्पनाभन्दा पनि यथार्थमा जोड दिइयो र त्यसले विश्वभरि हलचल मच्चायो । त्यसको प्रभाव नेपाली कला-साहित्यमा पर्‍यो । दार्जीलिङमा बैरागी काइँला (तिलविक्रम नेम्बाङ)को छट्पटीमा ईश्वरवल्लभ र इन्द्रबहादुर राईले साथ दिए । साहित्य, कला र सङ्गीतमा विद्रोह जन्म्यो । एउटै ढाँचाका पुराना पद्धतिबाट, एउटै चिन्तनधाराबाट नभई जीवनका बहुआयामिक पक्षहरू समेटेर जीवनलाई पूर्ण बनाउनेतर्फ सिर्जना हुनुपर्छ भनियो । आयाम भनेको विस्तार भएकाले सिर्जनामा पनि विस्तार खोजियो । यसले कला, सङ्गीत र साहित्यमा मात्र होइन; दर्शन-चिन्तन, संस्कृति र जीवन पद्धतिमा पनि प्रभाव पर्न थाल्यो । यिनै कुराहरूलाई यहाँ उठाइएको छ ।

डा. गोविन्द सुवेदीले 'चार्वाक दर्शन-दिग्दर्शन' शीर्षकमा लोकायत दर्शनको चर्चा गर्नुभएको छ । चारू र वाक् अथवा मिठो वाणीद्वारा स्रोतालाई प्रभावमा पार्ने तरिका नै चार्वाक दर्शन हो । यसलाई लोकायत पनि भनिन्छ । बृहस्पतिद्वारा प्रतिपादित मानिने लोकसम्मत दर्शन नै लोकायत दर्शन हो । बृहस्पति मतानुयायी चार्वाकहरू "यावज्जीवेत् सुखं जीवेत् नास्ति मृत्योरगोचरः, भस्मीभूतस्य देहस्य पुनरागमनं कुतः" अथवा बाँचुन्जेल सुखले जीवन यापन गर, मृत्यु देखिँदैन, डढेर खरानी भएको शरीर फर्केर आउँदैन भन्दै परलोक मान्दैनन्, देखिने कुरालाई मात्र मान्छन् ।

यसै दर्शनबाट आधुनिक भौतिकवादको विकास भएको छ भन्ने विचार डा. सुवेदीको छ । यसैबाट भौतिकवादी चिन्तन, परम्परा र धारणाको विकास भएको छ । भौतिकवादी संस्कारहरू पनि अपनाइएको पाइन्छ । यस्तो संस्कृतिले मानव जीवनमा प्रभाव पारेको छ ।

पृष्ठ ६२ मा दीन पन्थीको 'बहुला', कथा भैकन पनि परम्परागत मान्यताहरूमाथि विद्रोह गरिएको आयामेली प्रवृत्ति प्रभावित नूतन साहित्यिक सामग्री रहेको छ । लुसुनको 'बहुलाको डायरी'सित पनि यसको केही प्रकृति मिल्छ । बेरोजगारी र अभावबाट सृजित मनोविज्ञान वा संवेगमा आएको असन्तुलनले मुख्य पात्र ऊ बहुला तुल्य देखिए पनि सामन्ती थिचोमिचोबाट विक्षिप्त मान्छे हो । ऊ सामन्ती विभेदमाथि आक्रोशित छ । दाताले दिएको दयाको रूपियाँले दाताको नाकैमा बजाउँछ । ऊ दया हैन, अधिकार चाहन्छ । यो चिन्तन र व्यवहार नै अहिले एक हदसम्म सामाजिक संस्कृति बन्न पुगेको छ ।

✍ **पूर्व प्राचार्य - वीरेन्द्र उच्च माध्यमिक विद्यालय, मरेङ, अर्घाखाँची, हाल - बुटवल, रूपन्देही ।**

ooo

# हाम्रो पुरुषार्थको पुरुषार्थ

ओमप्रकाश अधिकारी 'बेफुर्सदी'



मानिसको जीवन अत्यन्त दुर्लभ र अमूल्य छ । यस्तो अमूल्य जीवन खेर जान नदिन सानोठूलो धेरैथोरै, केही न केही पुरुषार्थ गर्नु नै पर्दछ र यो पुरुषार्थ आफ्नो कृतिस्थापनाको लागि मात्र नभई गाउँ समाज र राष्ट्रको उन्नयनको लागि गर्नु श्रेयस्कर मानिन्छ । देशको लागि गरिएको यही योगदान व्यक्तिको कीर्ति स्थापित हुन सुअवसरसमेत प्राप्त हुन्छ ।

*मानव जीवन सार्थक पार्न गर्नुपर्ने कार्य नै पुरुषार्थ हो । पुरुषार्थविना मानव जीवन अलिकति पनि सार्थक बन्न सक्दैन । आज हामी हाम्रा पूर्वजहरूप्रति यति श्रद्धावन्त/नतमस्तक हुनुको कारण पनि उहाँहरूको पुरुषार्थ, योगदान, देशप्रतिको श्रद्धा र कर्तव्य नै हो ।*

'कीर्तिर्यस्य स जीवति । 'अर्थात् समाजमा जसको कीर्ति रहन्छ, वास्तवमा त्यही बाँचेको ठहर्छ ।

हाम्रा आदिकवि भानुभक्त आचार्यले उल्लेख गर्नुभएको निम्न पंक्ति आज पनि उत्तिकै सान्दर्भिक र जीवन्त रहँदै आएको छ–

**ज्यूँदै मर्‍याको भनी नाउँ कस्को ?**
**उद्यम्विना बित्दछ काल जस्को ।**

हो मानव जीवन सार्थक पार्न गर्नुपर्ने कार्य नै पुरुषार्थ हो । पुरुषार्थविना मानव जीवन अलिकति पनि सार्थक बन्न सक्दैन । आज हामी हाम्रा पूर्वजहरूप्रति यति श्रद्धावन्त/नतमस्तक हुनुको कारण पनि उहाँहरूको पुरुषार्थ, योगदान, देशप्रतिको श्रद्धा र कर्तव्य नै हो ।

किरण पुस्तकालय, तम्घास गुल्मीले आफ्नो त्रैमासिक पत्रिकाको नाम 'हाम्रो पुरुषार्थ' मात्र राखेको छैन । आफ्नो पत्रिकाको स्थापनाको ५०औं वर्षको स्वर्णजयन्ती मनाउने सन्दर्भमा गौरवशाली सय अङ्क प्रकाशित गर्दै गर्दा निकै कठिनाइपूर्ण यात्राका साथ चुनौतीका पहाडहरू नाघेर मात्र यहाँसम्म आइपुग्न सफल भएको छ ।

यस पत्रिकासँगको पहिलो सम्पर्क र त्यसपछि म कसरी योसँग जोडिँदै आएँ भन्ने विषयमा मलाई अहिले पनि त्यो विशेष दिन झलझल्ती सम्झना आइरहेको छ र अस्ति भर्खरमात्र त हो जस्तो महसुस भइरहेको छ ।

म कुनै कारणवश या भेटघाटको सिलसिलामा आफन्तकहाँ गएको थिएँ । अरू मानिसहरूको पहिलो नजर सायद उनको घरमा पुगेपछि केमा पर्दछ ? त्यो मलाई थाहा भएन, तर मलाई भने घर, आँगन, बैठककोठा, भान्साकोठा, पूजाकोठा, स्नानागार आदिमा र भएपार गाईवस्तु, खेतीपाती, बोटविरूवा, झालपात, तरकारीबारी आदितिरभन्दा पनि बैठककोठामा राखिएका पुस्तक पत्रिकाहरूतिर सर्सर्ती पुग्छन् या आँखाले खोजिरहेको हुन्छ । हो, मेरा आँखा यसैगरी घुमिरहेका बेला टेबलमा राखिएको हाम्रो पुरुषार्थमा पुगेर टक्क रोकिएको छ । सम्पादक र छापिएको ठाउँ आफ्नो एउटा कागजको पानामा नोट गरिसकेपछि म ढुक्क भएर अरू कार्य प्रयोजनतर्फको काम सकाएर फर्किएँ ।

त्यतिखेर अहिलेजस्तो सजिलै फोन, इमेल, मेसेन्जर आदिको सुविधा कहाँ पाउनु ? सम्पादकज्यूलाई सम्बोधित गरेर पत्र पठाएको थिएँ श्रद्धेय श्री शशि सरलाई । यति टाढाबाट हुलाकमार्फत पठाइएको पत्रलाई सहर्ष स्वीकार गरी पुस्तकप्रतिको मेरो भावनालाई हृदयङ्गम गर्दै करीब ७/८ ओटा अङ्कहरू हुलाकद्वारा पठाइ दिनुभएको थियो श्री शशि सरले । पत्रिका/ पुस्तकको पैकेट खोल्दै गर्दा खुशीको सीमा रहेन मेरो । आँखालाई हार्दिकतासाथ दर्शन गराएँ । छातीमा धेरै बेरसम्म टाँसेर राखिरहें ।

त्यहाँ भएका सबैभन्दा जेठो र पुरानो अङ्क थियो - वर्ष १, अङ्क १२ को कविशिरोमणि लेखनाथ पौड्यालको तस्वीर अङ्कित पत्रिका थियो "हाम्रो पुरुषार्थ" को, जुन २०४१ कात्तिकको अर्धवार्षिक अङ्क थियो । त्यसपछिका केही अङ्कहरूमध्ये २०५५ कात्तिक, पुस्तकालय विशेषाङ्क, २०५६ वैशाखको कथा विशेषाङ्क, २०५८ वैशाखको नेपाली भाषा संगोष्ठी अङ्कदेखि २०६२ को वैशाखको पत्रकारिता विशेषाङ्क (अर्धवार्षिक) हुँदै मैले प्राप्त गरेका अङ्कहरू थिए-२०७७ को माघ-चैत्रमा प्रकाशित पं. भीमकान्त पन्थी शतवार्षिक-स्मृति विशेषाङ्क र २०८० वैशाख-असारको 'रुरुक्षेत्र विशेषाङ्क' रहेको छ । नेपाली भाषा साहित्यको श्रीवृद्धिमा निरन्तर अगाडि बढिरहेको यस पत्रिकाका सम्पादकीय, पाठक-प्रतिक्रिया, नौलो सृष्टिः सानो दृष्टि जस्ता स्थायी स्तम्भहरूले पाठकवृन्दको मन आकर्षित नगराई रहन सक्दैन ।

हाम्रो पुरुषार्थसँग पहिलो नजरमै लागेको मोहनी अब न छुट्छ न टुट्छ । त्रैमासिकरूपमा प्रकाशित हुँदै आएको यस पत्रिकाको एउटा अर्को मुख्य स्तम्भ "भेटघाट" मा उपस्थित व्यक्तित्वहरूमध्ये प्रा. जयराज आचार्य, श्री भवानी घिमिरे,

श्री वसन्तकुमार शर्म्मा नेपाल, प्राडा हरिप्रसाद आचार्यदेखि श्री आदित्यमान श्रेष्ठ, श्री देवेन्द्र सरस्वतीज्यूहरूको अनुभूतिहरूलाई यसै पत्रिकामार्फत अन्तरङ्गमा प्रवेश गराउन पाउँदाको आनन्द मैले अरू कुन पत्रिकामा कहाँ, कहिले र कसरी प्राप्त गर्न सक्दछु होला र ? अर्थात् मैले आजसम्म कहीं कतैबाट प्राप्त गर्न नसकिरहेको र भेट गर्न नपाएको छटपटी हाम्रो पुरुषार्थले "भेटघाट" मा जुराइदिइएको छ । नियमित स्तम्भका रूपमा पाठकहरूलाई ।

हाम्रो पुरुषार्थलाई मैले अझ बढी मन पराउनुको कारण यसभित्र नियमित आइरहने धर्म, संस्कृति, चाडपर्व र रीतिरिवाजप्रति विभिन्न मूर्धन्य व्यक्तित्वहरूको अन्तर्वार्ता/विश्लेषण र प्रस्तुति नै हो । वयमा मात्र होइन, शास्त्रीय सिद्धान्त र निर्देशनलाई धूमपत्ताल गरी आफ्नो प्रतिभा बुद्धि र विवेक पचासौं वर्षदेखि वैदिक, पौराणिक, सांस्कृतिक र ऐतिहासिक विषयहरूमा खर्चिएर ख्यातिप्राप्त गर्नुभएका आदरणीय व्यक्तित्वहरू जस्तैः श्री पुरुषोत्तम भट्टराई, श्री रमेश खकुरेल, श्री नारायणप्रसाद शर्मा, प्रा शिवगोपाल रिसाल, प्राडा दीर्घराज घिमिरे, श्री कोषराज न्यौपाने, श्री फणिनारायण सिग्देललगायतका विद्वान्हरूको सारपूर्ण र महत्त्वपूर्ण विचारहरूलाई हाम्रो पुरुषार्थमा नियमित पढ्न पाउँदाको स्वर्णिम अवसरलाई म कहिल्यै भुल्न सक्दिनँ र पत्रिकाको गरिमा र महिमालाई निरन्तरता दिदैं थप उचाइमा पुऱ्याउन अहोरात्र खटिनुहुने पुरुषार्थका सम्पूर्ण पदाधिकारीज्यूहरू एवं सम्पादक मण्डलप्रति मैले यसै लेखमार्फत कृतज्ञता व्यक्त नगरिरहन सक्दिनँ । मेरो सिर्जना पुस्तकालयमा "हाम्रो पुरुषार्थ"का वि.सं. २०४१ वर्ष १ अङ्क १२ को अर्धवार्षिक रूपमा प्रकाशित पत्रिकादेखि लिएर विभिन्न समयमा प्राप्त करीब ३० ओटा अङ्कहरू हालसम्म पनि पठनीय सामग्रीका रूपमा सुरक्षित गर्न पाउँदाको अपार खुशी र आनन्द यसै स्वर्णजयन्तीको सु–अवसरमा प्रकाशित हुन लागेको "हाम्रो पुरुषार्थ" को शताङ्कमा शब्दोपहार टक्र्याउँदछु ।

अन्त्यमा, हाम्रो पुरुषार्थले नेपाली भाषा साहित्यको माध्यमबाट नेपाली भाषा साहित्यका साथै धार्मिक, सांस्कृतिक, पौराणिक, ऐतिहासिक लगायतका विषयहरूलाई जसरी खोजअनुसन्धान, विश्लेषण र विवेचनात्मकरूपमा प्रस्तुत गर्दै र हरेक क्षेत्रका विषयहरूलाई समेट्दै आइरहेको छ । यसलाई निरन्तरता दिंदै थप ऊर्जावान् बन्न, बनाउन समस्त पाठकवृन्दको माया ममता सद्भाव र प्रेरणा प्राप्त भइरहोस् । हाम्रो पुरुषार्थका आजीवन, स्थायी ग्राहकहरू र यसप्रति प्रत्यक्ष एवं अप्रत्यक्षरूपमा जोडिनु हुने समस्त शुभेच्छुक पाठकवृन्दका साथै पुरुषार्थका सम्पूर्ण पूर्व एवं वर्तमान पदाधिकारीज्यूहरूप्रति आभार प्रकट गर्दै हाम्रो पुरुषार्थका सम्पादकपरिवारको उत्तरोत्तर प्रगतिको हार्दिक शुभकामना व्यक्त गर्दछु ।

**कावासोती–१६, तीनघरेचोक, डण्डा, नवलपरासी (ब.सु.पू.), गण्डकी प्रदेश, नेपाल ।**

ooo

# यो 'हाम्रो पुरुषार्थ' दीप...



✒ डिल्लीराज अर्याल

पुर्खाकै पुरुषार्थले घर बन्यो नेपाल हाम्रो भयो
पुर्खाकै पुरुषार्थले तर भन्यो-नेपाल राम्रो भयो ?
वैरीका बल बुद्धि वर्कत सबै निस्तेज जस्तै भयो ?
के 'हाम्रो पुरुषार्थ'ले अब सबै रक्षा गरौं' हुन्न यो ?

सीमा साँध बढाउने रहर जो पुर्खाहरूमा थियो
हो, सोही परिणामले पर हुँदै टिष्टा पुगेको थियो
पुर्खाकै बल काँगडातक पुग्यो आकार बिस्तारियो
खै हाम्रो पुरुषार्थ? के गफसँगै सारा कुरा साटियो ?

पुर्खाले जति जे सके त्यति गरे राम्रै भयो सप्रियो
पुर्खाकै पदचिह्न छन् र त्यसमा चल्दा हुने नै थियो
हाम्रा सोच कता गए र अहिले यस्तो अवस्था भयो
त्यो 'हाम्रो पुरुषार्थ' बाट बुझिने, बन्ने भए भैगयो ।

मान्छेकै पुरुषार्थले र श्रमले संसार अर्कै भयो
सक्ने मानिसले पूरा गरिरहे कर्तव्य के हुन्नथ्यो ?
मैले गर्नुपर्‍यो भनें, गरिरहें, सोचें, बुझें यै त हो
के 'हाम्रो पुरुषार्थ' अर्थ नभए चल्ने यसोरी थियो ?

तिम्रो वा उसको यता छ यसको मेरो उहाँको भयो
जम्मैको पुरुषार्थको मिलनले हाम्रो हुँदै यो गयो
चम्केको छ, उज्यालिंएर यसले छर्दा उज्यालो पुग्यो
यो'हाम्रो पुरुषार्थ' दीप यसमा कम्ती नहोस् तेलको ।

✒ साहित्यकार, स्वतन्त्र पत्रकार, तानसेन-९, पाल्पा । हाल - काठमाडौं-३२, मनोहर बस्ती ।

ooo

// लेख //

# हाम्रो पुरुषार्थ : महत्त्व तथा योगदान



डा. सीता सुवेदी पन्थी

## १. विषयप्रवेश

'हाम्रो पुरुषार्थ' विगत लामो समयदेखि गुल्मी जिल्लाको तम्घासमा रहेको किरण पुस्तकालयबाट प्रकाशन हुँदै आएको साहित्यिक पत्रिका हो । गुल्मी जिल्लाको रेसुङ्गा नगरपालिका, तम्घासमा रहेको किरण पुस्तकालयको स्थापना २०२५ साल कार्तिक २० गते तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायत, वडा नम्बर १, भलुवाकुण्ड भडखालाको आदर्श निकेतनमा रहेको देवीदत्त पन्थीको घरको पेटीमा पुस्तक जम्मा गरी उहाँकै गाईगोठको एउटा कोठाबाट भएको थियो । पुस्तकालय सञ्चालनको अनुमतिका लागि औपचारिक पत्र भने २०२८/५/३ मा प्राप्त गरेको देखिन्छ । पुस्तकालयले अनुमति प्राप्त गर्दाका आवश्यक सर्तहरू ३ महिनाभित्र पूरा गरेपछि तत्कालीन जिल्ला शिक्षा अधिकारीको कार्यालय पाल्पाबाट मिति २०२९/६/१९ मा यसले स्वीकृति प्राप्त गरेको देखिन्छ । वि.सं.. २०३० सालको कार्तिक महिनामा देवकोटा जयन्तीको अवसर पारेर 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको प्रकाशन प्रारम्भ भएको भए तापनि वि.सं.२०३५ सालको चैत्र १४ गते तत्कालीन जिल्ला कार्यालय, गुल्मीमा दर्ता भई 'हाम्रो पुरुषार्थ' अर्धवार्षिक साहित्यिक पत्रिका प्रकाशन गर्नका लागि आधिकारिक प्रमाणपत्र प्राप्त भएको थियो । अर्धवार्षिक रूपमा निरन्तर प्रकाशनमा आएको यो पत्रिका २०७० साल कार्तिकको सम्पूर्णाङ्क ६० देखि भने त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको छ । 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाले नेपाली भाषा, कला, संस्कृति तथा साहित्यका क्षेत्रमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै आएको छ । यसका साथै यसले गुल्मी जिल्लाको भौगोलिक, धार्मिक तथा सांस्कृतिक पहिचान दिलाउँदै त्यहाँका स्रष्टा तथा सिर्जनालाई चिनाउने कामसमेत गरेको छ । यस लेखमा भने 'हाम्रो पुरुषार्थ'ले विभिन्न क्षेत्रमा पुऱ्याएको योगदान तथा यसको महत्त्वलाई समग्रतामा हेरी बुँदागत रूपमा प्रस्तुत गर्दै कृति प्रकाशनका क्षेत्रमा किरण पुस्तकालयको योगदानको सामान्य चर्चा गर्ने प्रयास गरिएको छ ।

### १.१. गुल्मी जिल्लाको पहिचान

गुल्मी जिल्लाबाट किरण पुस्तकालयको महत्त्वपूर्ण कार्यका रूपमा'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिकाको प्रकाशन हुँदै आएको छ । यस पत्रिकाको प्रकाशनले

*लामो समयदेखि किरण पुस्तकालयको अभिन्न अङ्गको रूपमा विकास भई निरन्तरता पाउँदै आएको 'हाम्रो पुरुषार्थ'का कैयौं अङ्कहरूमा जिल्लाको भूगोल, प्रकृति, संस्कृति, धर्म, परम्परा, जातजाति, कृषि, पर्यटन जस्ता विविध विषयक्षेत्र समेटिएका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको चिनारी तथा महिमा प्रस्तुत गर्ने लेखरचनाहरू समावेश हुँदै आएका छन् । पत्रिकाका विभिन्न अङ्कहरूमा जिल्लावासी, देशविदेशका स्रष्टाहरूका लेखरचनाका अतिरिक्त गुल्मी जिल्लाका विभिन्न क्षेत्रको भ्रमणमा सहभागी विभिन्न स्रष्टाहरूका अनुभव तथा यात्रावर्णन प्रकाशित छन् जसले गुल्मीका विशेषताहरूको उजागर गरी देशविदेशमा गुल्मीको पहिचान दिलाएको छ ।*

साहित्यका माध्यमबाट जिल्लाभित्रका भौगोलिक, सांस्कृतिक, धार्मिक तथा पर्यटकीय दृष्टिले महत्त्व बोकेका स्थानको पहिचान, प्रचारप्रसार गरी जिल्लालाई देशविदेशमा चिनाउन महत्त्वपूर्ण योगदान पुगेको देखिन्छ । गुल्मी जिल्ला विभिन्न धार्मिक मठमन्दिर, ऐतिहासिक स्थल, दर्शनीय, पर्यटकीय स्थलहरूले भरिएको छ । यहाँ धार्मिक, सांस्कृतिक तथा प्राकृतिक दृष्टिले महत्त्वपूर्ण रुरुक्षेत्र तथा रेसुङ्गाधामलगायत अन्य विभिन्न पवित्र र प्रसिद्ध स्थलहरू रहेका छन् । जस्तै : गुल्मी दरबार गाउँपालिकाभित्र रहेका भैरवस्थान मन्दिर, उजेलादेवी, बलिथुम, जिजुबज्यै, जुभुङ्ग बजार, सहिदपार्क चारपाला, पुरानो राजमुकुट, गुल्मी दरबार, खड्गदेवी मन्दिर, माईकास्थान मन्दिर, जगदम्बा मन्दिर । त्यसैगरी रेसुङ्गा तपोभूमिमा रहेका यज्ञशाला हवनकुण्ड, रामबाणकुण्ड, सिद्धेश्वर, विष्णुपादुका, रेसुङ्गामठ, भ्युटावर, शिवालय, सानो रेसुङ्गा, महापोखरी, राधाकृष्ण मन्दिर, मैरा, रेसुङ्गा गौशाला क्षेत्र, अर्जुन डाँडामा रहेको दुर्गाभवानी मन्दिर, शृङ्गामा रहेको ऋष्यशृङ्गको तपोभूमि तथा महापोखरी र यज्ञशाला, गर्जुरामा रहेको रेसुङ्गा पार्क, धागीथुममा रहेको भगवती मन्दिर, भुजेलखर्कमा रहेको दुर्गा मन्दिर, खानीगाउँमा रहेको माईकास्थान, नयाँबजारका भगवती मन्दिर, राम मन्दिर, सिद्धदेव मन्दिर, छत्र महाराजको मन्दिर, उपल्लो तम्घासमा रहेको तम्घासस्थान मन्दिर, चारीखोलामा रहेको शिवालय मन्दिर, आदि । तम्घासबाट पश्चिम धुर्कोटमा रहेका विचित्र गुफा, धुर्कोट कोट, सहिद पार्क, किरातेश्वर महादेव मन्दिर, कालिका मन्दिर आदि । यी सम्पदाका अतिरिक्त जिल्लाभित्र कृषि, उद्योग तथा पर्यटनका दृष्टिले महत्त्व बोकेका विभिन्न सम्पदाहरू रहेका छन् । विगत लामो समयदेखि किरण पुस्तकालयको अभिन्न अङ्गको रूपमा विकास भई निरन्तरता पाउँदै आएको 'हाम्रो पुरुषार्थ'का कैयौं अङ्कहरूमा जिल्लाको भूगोल, प्रकृति, संस्कृति, धर्म, परम्परा, जातजाति, कृषि, पर्यटन जस्ता विविध विषयक्षेत्र समेटिएका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय क्षेत्रको चिनारी तथा महिमा प्रस्तुत गर्ने

लेखरचनाहरू समावेश हुँदै आएका छन् । पत्रिकाका विभिन्न अङ्कहरूमा जिल्लावासी, देशविदेशका स्रष्टाहरूका लेखरचनाका अतिरिक्त गुल्मी जिल्लाका विभिन्न क्षेत्रको भ्रमणमा सहभागी विभिन्न स्रष्टाहरूका अनुभव तथा यात्रावर्णन प्रकाशित छन् जसले गुल्मीका विशेषताहरूको उजागर गरी देशविदेशमा गुल्मीको पहिचान दिलाएको छ । यस अर्थमा हाम्रो पुरुषार्थले जिल्लाका धार्मिक, सांस्कृतिक तथा पर्यटकीय धरोहरको चिनारी गराउन सफल छ ।

यस पत्रिकाको माध्यमबाट जिल्लाका धार्मिक, सांस्कृतिक, भौगोलिक तथा प्राकृतिक अवस्था तथा तिनको महत्त्व उजागर भएको छ । यस्ता विविध विषयक्षेत्र समावेश भएका पत्रिकाका विभिन्न अङ्कहरू देशभित्रका विभिन्न व्यक्ति, जिल्ला तथा संस्थाहरूका साथै अन्तर्राष्ट्रिय क्षेत्रका व्यक्ति, संस्था तथा पुस्तकालयसम्म पुग्नु आफैमा गौरवको विषय हो । त्यसैले गुल्मी जिल्लालाई देशविदेशमा चिनाउनका लागि 'हाम्रो पुरुषार्थ' को उल्लेख्य योगदान रहेको छ । यसका विभिन्न अङ्कहरू तथा विशेषाङ्कका रूपमा प्रकाशित कृतिहरूमा समावेश छायाचित्रहरूले पनि जिल्लाका महत्त्वपूर्ण सम्पदालाई चिनाउने काम गरेका छन् । त्यसैले जिल्लालाई परिचित बनाउने कार्यमा यस पत्रिकाको विशेष महत्त्व रहेको छ ।

### १.२. भाषा तथा साहित्यको विकास, प्रवर्धन तथा संरक्षण

साहित्यिक अभिव्यक्तिको माध्यम भाषा हो भने कुनै पनि भाषामा जति धेरै साहित्यिक कृतिहरू लेखिँदै जान्छन् त्यति नै भाषाको संरक्षण र संवर्धन भई भाषा समृद्ध बन्दै जान्छ । 'हाम्रो पुरुषार्थ' को प्रकाशनले जिल्लामा साहित्य सिर्जना, प्रकाशन, प्रचारप्रसार तथा विविध किसिमका साहित्यिक क्रियाकलापका लागि प्रेरणा प्रदान गर्ने काम गरेको छ । यसले जिल्लामा साहित्यिक जागरणको शङ्खघोष गर्दै साहित्यको महत्त्वसमेत उजागर गरेको छ । 'हाम्रो पुरुषार्थ'मार्फत विभिन्न स्रष्टाका साहित्यिक रचनाहरूको सङ्कलन तथा प्रकाशनको निरन्तरताले स्वाभाविक रूपमा नेपाली भाषालाई समृद्ध बनाउन ठूलो योगदान पुगेको छ । यसबाट सर्जकहरूलाई साहित्यको सिर्जनामा निरन्तर लाग्न प्रेरकको काम गरेको छ । सर्जकलाई सिर्जनशील बनाउन, सिर्जनाकौशलको अभिवृद्धि गर्न, समालोचनात्मक सिप विकास गराउन, सिर्जन कर्ममा निरन्तरता दिँदै स्तरीय साहित्यको सिर्जना गर्नका लागि उत्प्रेरणा जगाउनका लागि यस पत्रिकाको विशेष भूमिका रहेको छ । किरण पुस्तकालय तथा हाम्रो पुरुषार्थका माध्यमबाट प्रारम्भकालदेखि नै जे-जति साहित्यिक गतिविधिहरू आयोजना भएका छन्, ती सबै गतिविधिका माध्यमबाट नेपाली भाषा तथा साहित्यको उत्थान, विकास, प्रवर्धन तथा संरक्षणमा ठूलो योगदान पुगेको छ । नव सर्जकका लागि आफ्नो रचना प्रकाशन हुनु, विभिन्न साहित्यिक कार्यक्रममा सहभागिताको अवसर मिल्नु,

साहित्यिक गतिविधिका समाचारमा आफू समावेश हुनु निकै प्रेरणादायी हुन्छ भने निरन्तर सिर्जनामा रमाउनेहरूका लागि आफ्ना सिर्जनाहरू पाठकसमक्ष पुग्दा छुट्टै आनन्दको अनुभूति हुन्छ । सिर्जनामार्फत चेतनाको सञ्चार गरी सकारात्मक सोचको विकास र सामाजिक रूपान्तरणको अभियानमा स्रष्टालाई जोड्ने जुन काम 'हाम्रो पुरुषार्थ'ले गरेको छ त्यसबाट नेपाली भाषा तथा साहित्यको विकास, प्रवर्धन तथा संरक्षण गर्न ठूलो टेवा मिलेको छ ।

## १.३. स्रष्टा र सिर्जनाको पहिचान तथा सम्मान

'हाम्रो पुरुषार्थ'का माध्यमबाट जिल्लाभित्र प्रकाशमा आउन नसकेका स्रष्टाहरूलाई चिनाउन महत्त्वपूर्ण भूमिका रहिआएको छ । यस पत्रिकाले स्रष्टाका फुटकर सिर्जनाहरू प्रकाशनमा ल्याउने मात्र काम गरेको छैन नेपाली भाषा, साहित्य, कला, धार्मिक, आध्यात्मिक तथा सांस्कृतिक क्षेत्रका सिर्जना र स्रष्टा प्रतिभाको खोजी गरी त्यस्ता स्रष्टाको व्यक्तित्व तथा कृतित्त्वलाई चिनाउने काम गरेको छ । यसका लागि हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरूलाई स्रष्टा विशेषाङ्कका रूपमा प्रकाशन गरी स्रष्टाको पहिचान तथा सम्मानमा समेत महत्त्वपूर्ण योगदान पुर्‍याएको छ । यस क्रममा यसले नेपाली राजनीति तथा साहित्यका प्रतिभाशाली व्यक्तित्व बी.पी. कोइरालाको सम्मानमा बी.पी. विशेषाङ्क प्रकाशित गरेको देखिन्छ । स्रष्टा र सिर्जनाको सम्मानस्वरूप किरण पुस्तकालयले तथा 'हाम्रो पुरुषार्थ'ले गरेका केही उदाहरणीय कार्यलाई यहाँ प्रस्तुत गर्नु आवश्यक ठानिएको छ ।

### १.३. (क) डा. टीकाराम पन्थी विशेषाङ्क

गुल्मी जिल्लाको भाडगाउँमा जन्मिएका विशिष्ट विद्वान् तथा स्रष्टाद्रष्टा प्रतिभा डा. टीकाराम पन्थीको सम्मानस्वरूप हाम्रो पुरुषार्थको वर्ष ३८, अङ्क १ सम्पूर्णाङ्क ५६ कार्तिक २०६७ को अङ्कलाई डा. टीकाराम पन्थी विशेषाङ्कका रूपमा प्रकाशन गरिएको छ । संस्कृत भाषा, साहित्य तथा व्याकरणका प्रकाण्ड विद्वान्, आध्यात्मिक चिन्तक, वैदिक दर्शनका ज्ञाता, शैक्षिक तथा साहित्यिक धरोहर, राष्ट्रका अमूल्य सम्पदाका रूपमा स्थापित व्यक्तित्व डा. टीकाराम पन्थीको स्मृति तथा उहाँप्रति सच्चा सम्मान प्रकट गर्ने अभिप्रायले उक्त विशेषाङ्क निकालेको देखिन्छ । उहाँका संस्कृत वाङ्मयका वेद, पुराण, काव्यशास्त्र, नेपाली भाषाशास्त्र तथा पाश्चात्य साहित्यको गहिरो अध्ययनबाट सिर्जना भएका वैदिक संस्कृति, प्रागैतिहासिक गहन ज्ञान, निष्काम कर्मयोगको सन्देश प्रवाह गर्ने तथा शास्त्रीय प्रमाणसहितका अनुसन्धानात्मक कृतिहरू नेपाली भाषा, संस्कृति तथा पौरस्त्य दर्शनका अमूल्य निधि हुन् । यस्ता सम्पदाबारेका जानकारीलाई पाठकसामु पुर्‍याई भाषा, साहित्य, संस्कृति तथा पौरस्त्य दर्शनका क्षेत्रमा उहाँले गरेको योगदानलाई चिनाउने तथा अमर बनाउने काम उक्त विशेषाङ्कले गरेको छ । जम्मा ४८६ पृष्ठको उक्त विशेषाङ्कमा उहाँको जीवनी, व्यक्तित्व तथा कृतित्त्वबारे

१२४ जना विद्वान्हरूका संस्मरणात्मक तथा समीक्षात्मक लेखहरू समावेश छन् । विशेषाङ्कका रूपमा प्रकाशित यो कृति अत्यन्त महत्त्वपूर्ण तथा उहाँको उच्च सम्मान प्रकट गरिएको कृति हो । स्मृति ग्रन्थका रूपमा प्रकाशित यस कृतिले डा. टीकाराम पन्थीका महत्त्वपूर्ण कृतिहरूबारे जानकारी प्रदान गर्दै तिनको महिमा प्रस्तुत गर्नुका साथै उहाँले गरेको योगदानलाई चिनाउँदै अमर बनाउने काम गरेको छ । उहाँसँग साक्षात्कार गर्न नपाएका सर्जकहरू, नवसर्जकहरू तथा उहाँका बारेका खोज, अनुसन्धान गर्न चाहने व्यक्ति तथा संस्थाका लागि यो कृति अत्यन्त महत्त्वपूर्ण हुनुका साथै स्रष्टा डा. टीकाराम पन्थीको उच्च सम्मानमा समर्पित छ ।

## १.३. (ख) पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क

'हाम्रो पुरुषार्थ'को त्रैमासिक प्रकाशनका क्रममा २०७७ माघ-चैत्र, वर्ष ४८, अङ्क २, सम्पूर्णाङ्क ८९ पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कको रूपमा प्रकाशित छ । गुल्मी जिल्ला, धुर्कोटको वाग्ला बडाचौरमा जन्मेका भाषा, साहित्य, संस्कृति, अध्यात्म तथा पूर्वीय वाङ्मयका ज्ञाता महाकवि पं. भीमकान्त पन्थीको स्मृतिमा प्रकाशित यस अङ्कमा जम्मा ६७६ पृष्ठ रहेका छन् । यसको संस्मरण खण्डमा पं. भीमकान्त पन्थीको व्यक्तित्वको परिचय तथा स्मृतिसँग सम्बन्धित विभिन्न ३८ जना विद्वान्का संस्मरणात्मक लेखरचनाहरू समावेश छन् । समीक्षात्मक खण्डमा उहाँको व्यक्तित्व तथा कृतित्त्वसँग सम्बन्धित तथा वैदिक सनातन संस्कृति तथा धर्मसँग सम्बन्धित विभिन्न विषयक्षेत्र समेटिएका जम्मा २७ जना विद्वान्हरूका समीक्षात्मक लेखहरू समावेश छन् । संस्कृत खण्डअन्तर्गत उहाँको संस्कृत महाकाव्य 'जगदम्बिकावैभवम्'को विभिन्न कोणबाट अध्ययन तथा विश्लेषण गरी प्रस्तुत गरिएका ६ ओटा समालोचनात्मक लेखहरू समावेश छन् । यसका साथै उहाँको जीवनी, व्यक्तित्व तथा कृतित्त्वसँग सम्बन्धित जम्मा १८ ओटा लेखरचनाहरू रहेका छन् । यस खण्डमा रहेका सबै सामग्रीहरू संस्कृत भाषामा लेखिएका छन् ।

परिशिष्ट खण्डमा पं. भीमकान्त पन्थीका प्रकाशित तथा अप्रकाशित सामग्रीहरू, उहाँका विषयमा केन्द्रित अन्य व्यक्तिका भनाइहरू, उहाँका हस्ताक्षर, पितृवन्दना तथा छायाचित्रहरू र स्थायी स्तम्भहरू समावेश छन् । गुल्मी जिल्लामा जन्मेका एक आदर्श शिक्षक, सनातन संस्कृतिका संवाहक तथा संस्कृतमा महाकाव्यसम्म रचना गरेका राष्ट्रका गौरवलाई चिनाउन तथा अमर बनाउनका लागि यस ग्रन्थले महत्त्वपूर्ण काम गरेको छ । यस्ता विशिष्ट विद्वान्सँग सामीप्य प्राप्त गर्न नसकेका स्रष्टा, द्रष्टा तथा नव प्रतिभाका लागि यसप्रकारको विशेषाङ्कले उहाँलाई चिनाउने मात्र नभई सबैलाई ठूलो प्रेरणा प्राप्त गर्ने अवसर पनि प्रदान गर्छ । यस किसिमको स्मृतिग्रन्थ प्रकाशन हुनु स्रष्टाप्रतिको उच्च सम्मान हो भन्ने कुरामा दुई मत छैन ।

स्रष्टा तथा सिर्जनाप्रतिको उच्च सम्मानमा 'हाम्रो पुरुषार्थ'को योगदानलाई नियाल्नका लागि माथि प्रस्तुत उदाहरण नै पर्याप्त छ । स्थापना कालदेखि यति लामो समयसम्म निर्बाध रूपमा प्रकाशन कार्यलाई निरन्तरता दिनु सामान्य कुरा होइन । किरण पुस्तकालय तथा 'हाम्रो पुरुषार्थ'लाई यस अवस्थामा ल्याइपुऱ्याउनका लागि जिल्लाका विभिन्न क्षेत्रका स्रष्टा, द्रष्टाहरूको अमूल्य योगदान त छँदैछ । विशेष गरी आफूभित्रको शैक्षिक तथा साहित्यिक प्रतिभालाई आफ्नै स्थानीय क्षेत्रको उन्नयनमा समर्पण गरेर किरण पुस्तकालय तथा 'हाम्रो पुरुषार्थ'को स्तरीय व्यवस्थापन, सम्पादन जस्ता गहन जिम्मेवारीलाई निरन्तर रूपमा सहजै ग्रहण गरी यहाँसम्म ल्याउन अहोरात्र खट्नुहुने गुल्मी जिल्लाका साहित्य तथा शिक्षाका धरोहर आदरणीय गुरुद्वय शशि पन्थी तथा दीन पन्थीको योगदान अविस्मरणीय, सम्मानयोग्य तथा सर्वस्वीकार्य छ । सबैजसो नियमित अङ्क तथा विशेषाङ्कका रूपमा प्रकाशित ग्रन्थहरूको सम्पादक तथा सह-सम्पादकको गहन भूमिका निर्वाह गर्नुहुने उहाँहरूको मूल्याङ्कन समयले पक्कै गर्ने छ । यस पत्रिकाको संस्थापक सम्पादक आदरणीय गुरु शशि पन्थी, दीन पन्थी तथा उहाँहरूका साथमा साथ दिएर खट्नुहुने अन्य सम्पूर्ण महानुभावहरू, देशविदेशबाट आफ्ना सिर्जनाहरू पठाएर सहयोग गर्नुहुने सर्जकहरू, सबै सदस्यज्यूहरू, आर्थिक, भौतिक सहयोग गर्ने व्यक्ति तथा संस्थाहरू, स्थानीय तथा विभिन्न प्रशासनिक निकाय, सर्जक, पाठक तथा सम्बद्ध सबै धन्यवादका पात्र हुनुहुन्छ ।

*सिर्जनाको सम्मान र स्रष्टाको पहिचान गराउने मोतीराम भट्टद्वारा थालनी भएको परम्परालाई 'हाम्रो पुरुषार्थ'ले निरन्तरता दिएको छ । स्थापित स्रष्टाको पहिचान तथा सिर्जनाको सम्मान र नव सर्जकलाई प्रोत्साहन प्रदान गर्दै साहित्यको उत्थान र पठन संस्कृतिको समेत प्रवर्धन गर्नका लागि किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ'को योगदान अविस्मरणीय छ ।*

विशेष गरी सिर्जनाको सम्मान र स्रष्टाको पहिचान गराउने मोतीराम भट्टद्वारा थालनी भएको परम्परालाई 'हाम्रो पुरुषार्थ'ले निरन्तरता दिएको छ । स्थापित स्रष्टाको पहिचान तथा सिर्जनाको सम्मान र नव सर्जकलाई प्रोत्साहन प्रदान गर्दै साहित्यको उत्थान र पठन संस्कृतिको समेत प्रवर्धन गर्नका लागि किरण पुस्तकालयबाट प्रकाशित 'हाम्रो पुरुषार्थ'को योगदान अविस्मरणीय छ । किरण पुस्तकालयबाट नियमित रूपमा प्रकाशन हुँदै आएको 'हाम्रो पुरुषार्थ'को सामान्य चर्चा गरिसकेपछि यसका अन्य प्रकाशनका विषयमा मौन रहनु अन्याय हुने ठानी यहाँ किरण पुस्तकालयबाट प्रकाशित अन्य कृतिहरूको सामान्य जानकारी प्रस्तुत गरी कृति प्रकाशनका क्षेत्रमा किरण पुस्तकालयको योगदानको सङ्क्षिप्त चर्चा गरिएको छ ।

## १.४. कृति प्रकाशनको क्षेत्रमा किरण पुस्तकालयको योगदान

किरण पुस्तकालयले भाषा, साहित्य तथा संस्कृतिको संरक्षण तथा विकासका लागि विभिन्न अवसर पारेर साहित्यिक प्रतियोगिता, गोष्ठी, लोकसाहित्य तथा संस्कृतिसम्बन्धी भेला, अन्तर्क्रिया, विभिन्न क्षेत्रमा योगदान पुर्‍याउने स्रष्टाको सम्मान, विभिन्न साहित्यिक कृतिहरूको प्रकाशन आदि कार्यहरू गर्दै आएको छ । यहाँ भने उक्त पुस्तकालयबाट २०७८ सालसम्म प्रकाशित विभिन्न विषयक्षेत्र समेटिएका कृतिहरूबारे सामान्य जानकारी प्रस्तुत गरिएको छ ।

किरण पुस्तकालयले प्रकाशन गरेको पहिलो कृति हो वाणोपनिषद्(२०३३) । यो कृति भानुभक्तभन्दा पनि अघिका नेपाली साहित्यको आदिकालका कवि तथा लेखक सन्त शशिधर स्वामीद्वारा रचना गरिएको हो । यस पुस्तकालयबाट प्रकाशित कृतिहरूमा रेसुङ्गाका आध्यात्मिक कृति (२०३६) महाप्रभु लक्ष्मीनारायण, योगकुमार, लीलाम्बर भुसालद्वारा रचना गरिएको दुर्लभ कृति हो । डा.टीकाराम पन्थीकृत केही जनश्रुतिहरू (२०४२) तथा सांस्कृतिक चिन्तन (२०६२)अनेकौँ शास्त्रीय प्रमाणहरूसँगै रचना गरिएका अनुसन्धानात्मक लेखहरू समेटिएका प्रागैतिहासिक ज्ञानधाराको प्रकटीकरण गर्ने कृति हुन् । पन्थीकै नेनेपालः(२०४४) तथा बुद्धस्मरणम् (२०५४), अर्वाचीन रेसुङ्गा (२०६४) यसै पुस्तकालयबाट प्रकाशित कृति हुन् । नेनेपालः नेपाली धर्तीमा प्रचलित पौराणिक आख्यानहरूका आधारमा रचना भएको कृति हो । बुद्धस्मरणम् नेपालको वर्तमानकालिक सामाजिक गतिविधिमा आधारित काव्य हो भने अर्वाचीन रेसुङ्गा विभिन्न प्रबन्धहरूको सङ्ग्रह गरिएको कृति हो । त्यसैगरी यस पुस्तकालयले केशवप्रसाद पौडेलको रुरुक्षेत्र (२०४३), मुकुन्दहरि ज्ञवालीको मेरो देश नेपाल (२०५४), डा. राजाराम सुवेदीको गुल्मीको ऐतिहासिक झलक (२०५५), मोदनाथ प्रश्रितको मानवताको कलङ्क : जातपात र छुवाछूत प्रथा (२०५८), पं. परशुराम उपाध्याय पन्थीको तपोभूमि रेसुङ्गाधाम (२०६७), अर्जुनप्रसाद भट्टराईको ग्रहविमर्श (२०६८) डा. लक्ष्मीकान्त पन्थीको काव्यमालिका (२०७५), प्रा.डा. बाबुराम ज्ञवालीका आधा जिस्ता (२०७६) र बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र (२०७७), दीन पन्थीको हुटिट्याउँको मन (२०७६)विष्णुप्रसाद खनालको अमृतपान (२०७६), मनबहादुर खत्री 'मनु'को गजल चालीसा (२०७७) र युवराज भुसालको हाम्रो भौगोलिक इतिहास (२०७८) जस्ता विविध विषयक्षेत्र समेटिएका जम्मा २० ओटा कृतिहरू प्रकाशन गरिसकेको छ ।

प्रस्तुत कृतिहरूको प्रकाशनका माध्यमबाट यस पुस्तकालयले नेपाली भाषा, साहित्य, कला, संस्कृतिको प्रचारप्रसार, संवर्धन तथा संरक्षण गरी समृद्ध तुल्याउन योगदान गरेको छ । यसका साथै वैदिक सनातन संस्कृतिका आदर्श

पक्षहरूको प्रकटीकरण भएका कृतिका माध्यमबाट आदर्श व्यक्तित्व निर्माण तथा समाजको सकारात्मक रूपान्तरणका लागि मार्गनिर्देश गरेको छ । यसका अतिरिक्त पठन संस्कृतिको विकासमा यसले पुऱ्याएको योगदान अविस्मरणीय रहेको छ ।

## १.५. निष्कर्ष

गुल्मीको किरण पुस्तकालयबाट वि.सं. २०३० सालदेखि प्रकाशन प्रारम्भ भएको 'हाम्रो पुरुषार्थ' ले अहिलेसम्म पचासौं वर्ष पार गरिसकेको छ । प्रारम्भदेखि वार्षिक/अर्धवार्षिक रूपमा प्रकाशनमा आएको पत्रिका २०७० को कार्तिकदेखि त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ । 'हाम्रो पुरुषार्थ'का माध्यमबाट नेपाली भाषा, कला, संस्कृति तथा साहित्यको विकास तथा संरक्षणमा ठूलो योगदान पुगेको छ । यसका साथै गुल्मी जिल्लाका भौगोलिक, प्राकृतिक, धार्मिक, सांस्कृतिक महत्त्व उजागर गर्ने लेखरचनाको प्रकाशनका माध्यमबाट देश विदेशसम्म जिल्लालाई चिनाउने काम भएको छ । यति मात्र होइन नेपाली भाषा, साहित्य, शिक्षा तथा संस्कृतिको क्षेत्रमा योगदान गरेका अन्य स्रष्टाका साथै गुल्मी जिल्लामा जन्मेर राष्ट्रिय सम्पदाका रूपमा स्थापित डा. टीकाराम पन्थी तथा पं. भीमकान्त पन्थी जस्ता विद्वान्का सम्मानमा 'हाम्रो पुरुषार्थ' विशेषाङ्कका रूपमा बृहत् स्मृतिग्रन्थ प्रकाशन गर्नु अत्यन्त सह्रानीय कार्य भएको छ । अग्रज स्रष्टा र सिर्जनाको सम्मान गर्दै जिल्लाभित्रका नवसर्जकको खोजी, प्रतिभाको प्रस्फुटन, विभिन्न विषयक्षेत्रका विद्वान्का रचनाको प्रकाशन, प्रचारप्रसार तथा पठन संस्कृतिको विकासमा किरण पुस्तकालय तथा 'हाम्रो पुरुषार्थ'को ठूलो योगदान रहेको छ । यसका साथै किरण पुस्तकालयले हालसम्म विभिन्न विद्वान्का विभिन्न विषयक्षेत्र समावेश भएका २० ओटा कृतिहरूको प्रकाशन गरिसकेको छ । यसप्रकार किरण पुस्तकालयको नियमित शृङ्खलाका रूपमा प्रकाशन हुँदै आएको 'हाम्रो पुरुषार्थ'ले गुल्मीको पहिचान तथा सम्मान, पठनसंस्कृतिको विकास, नेपाली भाषा, साहित्य तथा संस्कृतिको विकास, प्रवर्धन तथा संरक्षणमा खेलेको भूमिका निकै महत्त्वपूर्ण छ । यी विभिन्न साक्षका आधारमा 'हाम्रो पुरुषार्थ'को महत्त्व तथा योगदान दिनानुदिन बढ्दै गएको पुष्टि हुन्छ ।

## सन्दर्भ-सामग्री सूची

पन्थी, शशि (सम्पा. २०६७), हाम्रो पुरुषार्थ अर्ध-वार्षिक, गुल्मी : किरण पुस्तकालय (डा. टीकाराम पन्थी विशेषाङ्क), वर्ष ३८, अङ्क १, सम्पूर्णाङ्क ५६, कार्तिक ।

पन्थी, शशि (सम्पा. २०७७), हाम्रो पुरुषार्थ त्रैमासिक, गुल्मी : किरण पुस्तकालय (पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क), वर्ष ४८, अङ्क २, सम्पूर्णाङ्क ८९, माघ-चैत्र ।

पन्थी, शशि (सम्पा. २०७९), हाम्रो पुरुषार्थ त्रैमासिक, गुल्मी : किरण पुस्तकालय, वर्ष ५०, अङ्क १, सम्पूर्णाङ्क ९६, कार्तिक-पुस ।

पन्थी, शशि (सम्पा. २०७९), हाम्रो पुरुषार्थ त्रैमासिक, गुल्मी : किरण पुस्तकालय, वर्ष ५०, अङ्क २, सम्पूर्णाङ्क ९७, माघ-चैत्र ।

✍ रेसुङ्गा ९, उपल्लो तम्घास, गुल्मी (हाल – सूर्यविनायक ३, बालकोट भक्तपुर)।

०००

**कृषि क्षेत्र रुपान्तरणका लागि कृषि ज्ञान केन्द्र, गुल्मीले लिएको रणनीति तथा अभियान**

- छल्दी पनाहा सिमलटारी करिडोरमा १५० मेटन क्षमताको Cold Store निर्माण (बीउ आलु भण्डारका लागि)
- छल्दी पनाहा सिमलटारी वा बडिगाड कोरिडोरमा गहुँको चक्की आटा बनाउने र प्याकिङ गर्ने साना उद्योग स्थापना
- कागती ब्लक स्थापना (५००० भन्दा बढी बिरूवाको ब्लक)
- १२०० मिटरभन्दा माथिल्लो उचाइ भएका क्षेत्रमा पकेटको रूपमा ओखर र किवी खेती तथा नर्सरी स्थापना ।
- एक क्लस्टरमा कम्तीमा २० रोपनी जग्गामा स्थायी प्लाष्टिक घर निर्माण (१ वडा १ व्यावसायिक कृषि फर्म) क्रमशः बढाउँदै लगिने ।
- स्थानीय धान हंसराज, कालो भट्मास, वर्षे आलु, स्थानीय लसुनलगायत अन्य रैथाने बालीहरूको संरक्षण, उत्पादन, लेबलिङ, प्याकेजिङ र बजारीकरण
- मकै र आलुको बीउ उत्पादन वृद्धि गरी आत्मनिर्भर हुने र निर्यात गर्दै जाने ।
- सन्तुलाजात फलफूलको गुणस्तरीय बिरूवा उत्पादन, बिजु बिरूवा प्रयोगभन्दा कलमी बिरूवा प्रयोगका लागि कृषकहरूलाई सचेत गराउँदै जाने । बाहिर जिल्लाबाट कमसल बिरूवा ल्याउन रोक लगाउने ।
- मागमा आधारित विशेष कृषि कार्यक्रम सञ्चालन गर्ने (मौरी शिताके च्याउ, फलफूल, कफी, उँखु, लसुन, प्याज, कुरिलो, तरकारीलगायत अन्य)
- साना सिंचाइ मर्मत तथा पूर्वाधार निर्माण ।
- मर्मत केन्द्रसहितको यान्त्रिकीकरण प्रवर्धन गर्ने ।
- बजार : स्थानिय तहको उत्पादन : बजार सहकारीबाट खरिद : सदरमुकाममा संकलन र खपत : बाँकी बुटवल निर्यात (Promotion and Marketing of Local Product : Green Ambulance Concept) ।
- स्थानीय तहमा रहेका कृषि प्राविधिकहरूको क्षमता अभिवृद्धि गर्दै र प्रविधि बिस्तार गर्दै जाने ।

**कृषि ज्ञान केन्द्र, गुल्मी**

**०७९-५२०१२६**

// आलेख //

# हाम्रो पुरुषार्थसम्बन्धी साना-ठूला कुरा



✍ छवि ज्ञवाली

किरण पुस्तकालय गुल्मीको तम्घास बजारमा अवस्थित छ । सोही पुस्तकालयद्वारा निरन्तर प्रकाशन हुँदै आएको छ एउटा विशिष्ट साहित्यिक पत्रिका - हाम्रो पुरुषार्थ । यसका अनेक अङ्क प्रकाशित छन् । त्यसमा पनि विशेषाङ्कका रूपमा शुभराज्याभिषेक विशेषाङ्क, अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क, लेखनाथ विशेषाङ्क, समालोचना विशेषाङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, पत्रकारिता विशेषाङ्क, अन्तर्राष्ट्रिय युवावर्षाङ्क, गुल्मी परिचयाङ्क, पुस्तकालय विशेषाङ्क, कथा विशेषाङ्क, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क, किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क, भानु विशेषाङ्क, विश्वेश्वर विशेषाङ्क, पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, रुरुक्षेत्र विशेषाङ्क आादि विशेष उल्लेख्य छन् । पत्रिका/विशेषाङ्क प्रकाशन त भएकै छन् अनेक भाषिक/साहित्यिक/सामाजिक कार्य गरी पुस्तकालयले समाजका प्रबुद्ध महानुभावका हृदय-मस्तिष्कमा अमिट छाप छोडेको छ । स्थापना कालदेखिका अनेक हन्डर ठक्कर तथा आरोह अवरोह सहँदै दिनहुँ समृद्धितर्फ लम्किरहेको हुँदा यस अवसरमा त्यतिबेलादेखि यतिबेलासम्म मियोका रूपमा र दाइँ गर्दा अन्य सहायक गोरु बाच्छाभैँ तर महत्त्वपूर्ण जिम्मेवारी/भूमिकामा अनवरत खटिनुभएका स्वदेश विदेशका होस्टेहैंसे कर्ताहरूमा एकमुस्ट आभार व्यक्त गर्नु यस अवसरमा उचित र सान्दर्भिक हुनेछ । यस सानो आलेखमा हाम्रो पुरुषार्थ (त्रैमासिक) को वर्ष ४९, अङ्क २, सम्पूर्णाङ्क-९३, २०७८ माघ-चैत्रबारे उल्लेख गर्ने प्रयास गरिएको छ ।

यस अङ्कका निम्ति सम्पादक, सहसम्पादक र सहायक सम्पादकमा क्रमशः शशि पन्थी, दीन पन्थी र भुवनप्रसाद अर्यालले जिम्मेवारी वहन गरेको देखिन्छ । सहयोगी मण्डलमा गोपाल पन्थी, राधा पन्थी, हिमकला राना र ईश्वर वि.क.को नामोल्लेख गरिएको छ ।

पत्रिकाका स्वदेश र विदेशका प्रतिनिधिहरूको नामावली, होली शीर्षकको ज्यादै छोटो, मिठो र सार्थक सम्पादकीय तथा विषयसूची (हाम्रो पुरुषार्थले

विषयसूचीलाई सदा 'कुटुरो फुकाउँदा' भनी लेख्दै आएको छ ।) बाहेक यो ९३ औं अङ्क पाठक-प्रतिक्रिया, पुस्तकालयका आजीवन सदस्य विवरण (सचित्र) तथा पुस्तकालयद्वारा प्रकाशित विभिन्न पुस्तकहरूको विवरणसहित १ सय २४ पृष्ठमा फैलिएको छ ।

यस अङ्कको पहिलो सामग्री 'भेटघाट-९४' अन्तर्गत त्रिविका सेवानिवृत्त प्राध्यापक, साहित्यकार तथा धर्मशास्त्रका अध्येता कोषराज न्यौपानेसँगको अन्तर्वार्ता 'श्राद्धहरूमध्ये सबभन्दा जटिल श्राद्ध नै महालय श्राद्ध हो' शीर्षकको छ । यसका अन्तर्वार्ताकार डा. लक्ष्मीकान्त पन्थी हुनुहुन्छ । यसमा लामा छोटा गरी पन्थीबाट सोधिएका २३ ओटा प्रश्नको उत्तर न्यौपानेबाट फर्काइएको छ । यो वार्ता पृ. १ देखि २२ सम्म फैलिएको छ । यसमा समाज, जनजीवन, साहित्य, संस्कार तथा श्राद्धहरूका प्रकार, श्राद्ध थुनछेक/जुठोसूतकका अवस्था आदि बारेमा उजागर गरिएको छ । दोस्रो सामग्रीमा प्रा. कपिल अज्ञातलिखित 'अनुस्मृतिका तरङ्गहरूप्रतिका दृष्टिकोणहरू' शीर्षकमा छ । पृ. १३ मा सुरू भई १७ को आधासम्म यो सामग्री फैलिएको छ । पृ. १७ मै मोहन ज्ञवालीको कविता प्रकाशित छ । समयले देखाएका कुरा शीर्षक कवितांश भन्छ :

**आफ्नो पनि मौका मिले घात हान्दो रैछ**
**काम पुगे कुल्चिएर भागी जाँदो रैछ**

**कस्को भर परूँ अब इमान रहेन**
**पिँध बोल्यो इमानको जग नै रहेन ।**

त्यसपछि पृ. १८ देखि २४ सम्म शैक्षिक जागरणको उर्वरभूमि धुर्कोटमा पुग्दा शीर्षकमा हेमराज पाण्डेकृत यात्रासंस्मरणात्मक लेख छ । आफ्नी बहिनीको बिहेका निम्ति वर खोज्दै गएका विगतका प्रसङ्गलाई रोचक ढङ्गले प्रस्तुत गरिएको छ । २५ र २६ पृष्ठमा कवि रुद्र ज्ञवालीको अर्को पात्र शीर्षकमा अनुष्टुप् छन्दको कविता पढ्न पाइन्छ । प्रस्तुत कविताको अन्तिम यी चार पङ्क्ति नै निष्कर्षमूलक लाग्छन् :

**मलाई राख्छ सैतान बौलाएर घरीघरी**
**निकाल्न पनि गाह्रो छ शल्यक्रिया कुनै गरी**

**रिसानी माफ होस् यत्ति मात्र गर्दछु सोधनी**
**मभित्र मात्र त्यो हो कि छ त्यो हजुरमा पनि ?**

पृ. २७ देखि ३५ सम्म वि.सं. २०७७ मा प्रकाशित लेखक/पत्रकार केदार वाशिष्ट भट्टराईको 'नेपाल विद्या' नामक गहकिलो अनि ज्यादै बौद्धिक स्तरको पुस्तकका

*लड्छन् सधै भुइँमान्छेहरू, पसिना बगाउँछन् सधै भुइँमान्छेहरू, मिश्रका पिरामिड र चीनका ग्रेटवालले थिचिएका आत्माहरूको वेदना कसले बुझ्छ ? शुभ त्यही हो, जसले जित्छ बाँच्छ, अशुभ त्यही हो जसले हार्छ मर्छ भन्ने नित्सेको नीतिमा सत्यता छ कि क्या हो ? इतिहास बन्दैन हातपाउ खियाउनेहरूको । इतिहास बन्दैन भुइँछाप मान्छेहरूको । खोइ जनताको इतिहास ? कसैले सम्झदैन जगका ढुङ्गाहरूलाई । ती दबिरहेछन् तलै गगनचुम्बी भवनहरू काँधमा बोकेर । ती लुकिरहेछन् देखिने इतिहासलाई उचालेर । आफू गुमनाम छन् ती अल्छीहरूका यश र कीर्तिलाई देखाएर ।*

सम्बन्धमा सामग्री प्रस्तुत छ । यहाँ हरेकृष्ण अधिकारीद्वारा लिखित नेपाललाई संसारभर चिनाउने ग्रन्थ नेपाल विद्याको सङ्क्षिप्त समीक्षा शीर्षक छ । उक्त विशेष ग्रन्थ (४ सय १८ पृष्ठको) लाई लेखक परिचयसहितका विषयवस्तुलाई चिरफार गरिएको छ । दीन पन्थीको 'जगका ढुङ्गाहरू' शीर्षकको सङ्क्षिप्त आयामको निबन्ध पृ. ३६ मा अटाएको छ । पन्थीका निबन्ध लेखनका खास विशेषतामध्ये एक छोटा-छोटा तर खँदिला / अर्थपूर्ण/ काव्यात्मक प्रयोगका नमूना यसमा पनि छँदै छन् । ठुल्ठूला निर्माणका काम र विकासका काम मजदुरले गरे पनि शासक वा नेतृत्वको खास एक पात्रले मात्र इतिहासमा नाम कमाइरहको तथ्य छर्लङ्ग पार्दै निबन्धका अन्तिमतिरका वाक्य भन्छन्-

लड्छन् सधै भुइँमान्छेहरू, पसिना बगाउँछन् सधै भुइँमान्छेहरू, मिश्रका पिरामिड र चीनका ग्रेटवालले थिचिएका आत्माहरूको वेदना कसले बुझ्छ ? शुभ त्यही हो, जसले जित्छ बाँच्छ, अशुभ त्यही हो जसले हार्छ मर्छ भन्ने नित्सेको नीतिमा सत्यता छ कि क्या हो ? इतिहास बन्दैन हातपाउ खियाउनेहरूको । इतिहास बन्दैन भुइँछाप मान्छेहरूको । खोइ जनताको इतिहास ? कसैले सम्झदैन जगका ढुङ्गाहरूलाई । ती दबिरहेछन् तलै गगनचुम्बी भवनहरू काँधमा बोकेर । ती लुकिरहेछन् देखिने इतिहासलाई उचालेर । आफू गुमनाम छन् ती अल्छीहरूका यश र कीर्तिलाई देखाएर ।

सुशीला भुसालको 'यात्रा इलामसम्मको' समेटिएको छ-पृ. ३७ देखि ४२ सम्म । २०७७ सालको चैत्र १४, १५ र १६ गते विद्यालयका सहकर्मीहरू मिलेर चितवनदेखि रोचकताका साथ इलामसम्म भ्रमणमा पुगेर फर्केका लेखकीय भोगाइ, अनुभूति, सुख-दुःख अप्ठ्यारा आदि यसमा छन् ।

'आमाका आँसु नसुक्ने भए' शारदा खनाल पन्थीको कविता हो । सडकका अनाथ बालबालिका जसले फोहर मैला/प्लास्टिक टिपेर बडो कष्टमय जीवन बाँच्न

विवश छन्, तिनका दुःखलाई कलमको मलम बनेको यो कविताको एक अंश भन्छ :

**ढल्दै छन् अहिले सुन्दर सपना शान्तिको छैन जित**
**भन्दै छन् अझै नेपाल आमा देखेकी छैन हित**

**समान हुन्नन् सन्तान जहिले नेपाल आमाका**
**आमाका आँसु नसुक्ने भए परेला आँखाका ।**

'कविताको उपविधा : एक सङ्क्षिप्त परिचय' रोहितप्रसाद ज्ञवालीको लेख हो । यसमा मूलतः छेस्का, शीत, साइनो, बाछिटा, खोरिया, छहरा, उदक, त्रिशूल, त्रिमुक, झर आदिका बारेमा आरम्भकर्ता, आरम्भ मिति तथा यसका लेखन मान्यता/संरचनाबारे उल्लेख गर्दै उदाहरणस्वरूप लेखकबाट आफूसिर्जित सिर्जना प्रस्तुत गरिएका छन् । यसमा छोक (छोटा कविता), अणु कविता, सूत्र कविता, एलाक (एक लाइन कविता) आदि बारे चाहिं केही उल्लेखै छैन । यो सामग्री पृ. ४४ देखि ४८ सम्म फैलिएको छ । त्यसपछि पृ. ५० सम्म 'देखिनँ नेपाल' शीर्षकको झ्याउरे छन्दको कविता छ । रामप्रसाद पन्थीको प्रस्तुत कवितामा देशभक्तिको भावना छताछुल्ल पोखिएको त छ नै । साथमा हाम्रो उच्च स्वाभिमान र वीरताको गौरवमय इतिहासमा ह्रास आएको तर्फ सङ्केत गरिएको छ :-

**वीरले नङ्गा खुकुरी गङ्गा धोएको नेपाल**
**पुर्खाले हाम्रा गाडेको झन्डा देखिनँ नेपाल ।**

**झोलीमा छ कि बोलीमा छ कि भनेर नेपाल**
**ओखती गोली भाषामा कतै देखिनँ नेपाल ।**

मुरारिविनोद पोखरेलको लेख 'अन्ततोगत्वा सीमाबन्धन त हुनैपर्छ' प्रकाशित छ पृ. ५१ देखि ५४ सम्म । शीर्षकले नै धेरै हदसम्म विषयवस्तु सङ्केत गरेकै छ । लेखकको तथ्यगत निष्कर्ष यस्तो देखिन्छ आलेखमा :-

धेरै वर्षदेखि दक्षिणतर्फ खुला सीमानाको मार नेपालले खेपिरहेको छ, यो शाश्वत सत्य हो । नेपाल र भारत दुबै देशमा आधिकारिक कागजातबिना पनि साधारण काम एकअर्का देशमा मानिसहरू गएर गरेकै छन् । हेर्दा समानता देखिने यो अवस्था पनि गलत हो । आज वा भोलि यो काम रोकिनुपर्दछ । किन रोकिनुपर्दछ भने अप्रिल २०२१ को भारतको अनुमानित जनसङ्ख्या एक अरब उनन्चालीस करोडभन्दा बढी छ । यसै समयको नेपालको जनसङ्ख्या झन्डै तीन करोड मात्र छ । यसरी खुल्ला गर्दा भारतको केही प्रतिशत जनता मात्र पनि ह्वार्र आए भने नेपालमा के हुन्छ ? कोभिडको पहिलो, दोस्रो या यो नयाँ

लहरमा यताबाट उता जान र उताबाट यता आउन परेको कठिनाइ, रोगको ओसारपसार... आदि इत्यादिले हामीलाई सीमा व्यवस्थापन, नियमन आदि बारेमा राम्रोसँग पाठ सिकाएको छ ।

त्यसपछि पृ. ५५ मा 'पढ्नै नमिल्ने अक्षरहरू' छन् । अर्थात् सटीक यस लघुकथाका लेखक मित्र उराठी गौतमले आफ्ना सन्तानको उच्च शिक्षा प्राप्तिको सपनालाई पिताले कतिसम्म प्रत्यक्ष अप्रत्यक्ष आडभरोसा दिइरहेको हुन्छ भन्ने भाव दर्शाउन खोजेको प्रतीत हुन्छ । ५६ देखि ६१ सम्म क्रमशः सुरेशप्रसाद अर्यालको 'पाँच टुक्रा कविताका', गीताश्री शर्माको 'वर्षा र म' अनि मिलन बोहराको कविता 'अन्तिम युद्ध' शीर्षकमा छन् । यी तीनै गद्य शैलीका सशक्त भाव बोकेका कविता हुन् । डा. शंकरप्रसाद गैरेको सामग्री 'शरद पूर्णिमाकी रम्य रमिता नाटकको अध्ययन' छ पृ. ६२ देखि ६८ सम्म । मुक्तिप्रसाद उपाध्याय (यस अध्ययनमा मुक्तिप्रसादलाई भारतमूलका नेपाली अर्थात् नेपाली भाषी भारतीय उल्लेख गरिएको छ ।) द्वारा लिखित नाट्यकृति 'शरद पूर्णिमाकी रम्य रमिता' को चिरफार/विश्लेषण प्रस्तुत गरिएको छ । पृ. ६९ मा डा. सीता सुवेदी पन्थीको कविता छ 'म रम्छु त्यो प्रभातमा' । त्यसपछि क्रमशः श्राप (लेखक : गोपालचन्द्र भट्टराई) मुक्तकहरू (कमला गौतम) तथा 'मेरो प्यारो थोर्गा' शीर्षकको कविता (युवराज शर्मा गौतम) गरी पृ. ८० सकिएको छ । अनि रह शर्माको सामग्री 'कोरोना कहरसँगै 'एलो सीमाथिको साँझ' पृ. ८५ सम्म छ । प्रस्तुत पुस्तक नरेन्द्रराज पौडेलको निबन्धात्मक सँगालो हो । ८६ देखि ९२ पृष्ठसम्म अनुभव/अनुभूति स्तम्भमा पं. परशुराम उपाध्याय पन्थीसँगको अन्तर्वार्ता छ । 'राणाहरूले यदुकानन्द प्रभुलाई ईश्वरकै रूपमा मान्थे । ' यसको शीर्षक हो । पन्थीले २०७८ चैत्र १९ गते १०१ वर्ष पार गरेर १०२ औं जन्मोत्सव मनाउनुभएछ । उहाँसँग शशि पन्थी, दीन पन्थी, रामचन्द्र पन्थी र सन्ध्या पन्थी निवासमै पुगेर बडो समय लगाएर अनौपचारिक तरिकाले अन्तरकुन्तर खोतलेर यो वार्ता प्रस्तुत गरिएको छ । यसमा पन्थीको व्यक्तित्व परिचयसहित सत्रओटा प्रश्नोत्तर र पन्थी सेवा समाज तम्घास गुल्मीले उहाँलाई प्रदान गरेको संस्कृत भाषाको 'अभिनन्दनपत्रम्' समेत प्रकाशित गरेको पाइन्छ । पालिका परिचयअन्तर्गत चन्द्रप्रकाश उपाध्यायबाट 'मदाने गाउँपालिकाको सङ्क्षिप्त परिचय' (पृ. ९३ देखि १०० सम्म), पुस्तकालय परिचयअन्तर्गत भरत खड्काबाट 'संगम पुस्तकालय, त्रियुगा उदयपुर' (पृ.१०१ देखि १०८ सम्म), किरण पुस्तकालयका सचिवद्वारा किरण पुस्तकालयको पातो अन्तर्गत 'केही गुनासा, केही काम' (पृ.१०९ र ११०) प्रकाशित छ भने नौलो सृष्टि : सानो दृष्टि स्तम्भमा अकिञ्चनद्वारा ससानो आयाममा कृति समीक्षा/परिचय प्रस्तुत गरिएको छ । यसअन्तर्गत डा. श्यामप्रसाद न्यौपानेको समीक्षासङ्ग्रह 'समीक्षा कतिपय' सुन्दरप्रसाद जोशीको हाइकुसङ्ग्रह

*ऐतिहासिक महत्त्व बोकेका पुस्तक/पत्रिकाहरू अनेकानेक चुनौती झेल्दै नियमित रूपमा प्रकाशन गर्नु र त्यसमा पनि स्तरीय प्रकाशन गरी देशको वाङ्मयिक भण्डार भर्न आड भरोसा दिइरहन साँच्चै अठोट र हिम्मत बोकेका व्यक्तित्वको समूहले मात्र गर्न सक्छ । साना वा ठूला आयामका यस्ता पत्रिका प्रकाशन गर्न थुप्रै व्यक्तिका उत्तिकै बुद्धि, समय, सिप, कला, धन, श्रम आदि सम्मिश्रण भएका हुन्छन् । अतः यस्ता सत्कार्यको मुक्तकण्ठले स्वागत गरौं र आ-आफ्ना तह एवम् पक्षबाट पावन कर्मका निम्ति सक्दो सहयोग पुर्‍याऔं ।*

'बादलका तरङ्गहरू', नमस्ते आधुनिक लघुकथा मञ्चद्वारा प्रकाशित दोस्रो वार्षिकोत्सव स्मारिका, युवराज पौडेल कालीको कवितासङ्ग्रह 'ज्योतिश्री', पुष्कर अथक रेग्मीद्वारा लिखित शुभ श्रेष्ठका योगदानमा आधारित पुस्तक 'अर्पण' कृष्णबहादुर कुँवरले आफ्ना माता पिताको स्मृतिमा प्रकाशन गरेको 'गुल्मी छ राज्यमा हाम्रा बाआँबै', हेमराज पाण्डेद्वारा लिखित 'अर्घाखाँचीका नक्षत्रहरू' रोहितप्रसाद ज्ञवाली 'कल्लु'को कवितासङ्ग्रह 'कुण्ठा देशको' आदि सामग्री यसमा छन् । यी सामग्री समेट्दा ११८ पृष्ठ सकिएका छन् । अनि 'यताउताबाट' स्तम्भमा छ 'पुस्तकालयको नयाँ भवन बन्यो, पुस्तकालय सञ्चालन गर्न नियमित बजेटको अभाव कायमै' र पाठक–प्रतिक्रियामा मुरारिविनोद पोखरेलको 'हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क ९२ लाई नियाल्दा' छापिएको छ । यहाँसम्म आउँदा १२२ पृष्ठ भरिएको देखिन्छ ।

समग्रमा, नियमित होऊन् वा विशेषाङ्क । साहित्यिक/भाषिक यस्ता गहकिला अनि ऐतिहासिक महत्त्व बोकेका पुस्तक/पत्रिकाहरू अनेकानेक चुनौती झेल्दै नियमित रूपमा प्रकाशन गर्नु र त्यसमा पनि स्तरीय प्रकाशन गरी देशको वाङ्मयिक भण्डार भर्न आड भरोसा दिइरहन साँच्चै अठोट र हिम्मत बोकेका व्यक्तित्वको समूहले मात्र गर्न सक्छ । साना वा ठूला आयामका यस्ता पत्रिका प्रकाशन गर्न थुप्रै व्यक्तिका उत्तिकै बुद्धि, समय, सिप, कला, धन, श्रम आदि सम्मिश्रण भएका हुन्छन् । अतः यस्ता सत्कार्यको मुक्तकण्ठले स्वागत गरौं र आ-आफ्ना तह एवम् पक्षबाट पावन कर्मका निम्ति सक्दो सहयोग पुर्‍याऔं ।

**जय किरण पुस्तकालय ! जय हाम्रो पुरुषार्थ !**

✒ **रुरुक्षेत्र-१, थोर्गा (हाल : सिद्धार्थनगर, भैरहवा, रूपन्देही) ।**

**०००**

# हाम्रो यो पुरुषार्थ पढ्नु छ मजा भेटिन्छ, दिग्दर्शन



भरतराज पौडेल

गुल्मेली जनबाट पौरख हुने राम्रो प्रथा सम्झिई
बाटो खन्न तयार छन् जनहरू जैलेसुकै मच्चिई ।
शिक्षातर्फ अगाडि छन् मनहरू यो राष्ट्रमै नाम छ
रेसुङ्गा पुरुषार्थतर्फ छ खडा साहित्यको चाख छ ॥
॥१॥

वेणीबाट नवीन सिर्जन गरी संवेदना खिल्दछ
हावाभित्र छ कल्पना तर मीठो गाना रची मख्ख छ ।
झन् ज्ञानालयकै नजीक रसिला भेट्छौं जहाँ अक्षर
नैलो भो इतिहास सुन्दर कुरो साहित्य हो हैन र ?
॥२॥

जे निस्क्यो पुरुषार्थ सिद्ध नि हुने स्रष्टा जहाँ भेट्छु म
हो हाम्रै पुरुषार्थ लेखनकला तम्घासमै पुग्छु म ।
पन्थीवंशविषे जुधारू मनका स्रष्टाहरू देख्छु म
खै विश्राम सधैंजसो कलमका हुन् पौरखी हेर्छु म ॥
॥३॥

गर्छौं गर्व कला र काव्यतिरको यात्रा छ लामो हकि
भेट्छौं मार्ग अनेक शान्ति छ जहाँ रम्दै गरून् जिन्दगी ।
हाम्रो यो पुरुषार्थ पढ्नु छ मजा भेटिन्छ दिग्दर्शन
यात्रा स्वर्णमयी भएछ सय नै छन् दिव्यता-कीर्तन !
॥४॥

नेपाली हुनुको ममत्व-महिमा भेट्छौं यिनै ग्रन्थमा
भाषा सुन्दर भावपूर्ण रसका छन् लेखनी खासमा ।
जन्मे लेखक सिर्जनालहरमा रम्दै बढे राम्ररी
गुल्मीको छ सुवास मग्मग यहीं बिर्सूं म खै के गरी ?
॥५॥

लेखिन्छन् छहरा, पहाड र झनै अग्ला हिमाली मन
देखिन्छन् लटरम्म फूलफलका सौन्दर्यशाली वन ।
नेपाली मनभित्रका पनि कथा लेख्ने कलाकार छन्
यो हाम्रो पुरुषार्थभित्र त कतै सम्भावना-द्वार छन् ॥
॥६॥

आस्था एक छ नित्य सत्यरसमै छन् रम्य यी लेखनी
जो पढ्छन् मनभित्र खिल्छ कविता साहित्यको चाँदनी !
माया लाउँछ ज्ञान दिन्छ यसले संवेदना भर्दछ
यो हाम्रो पुरुषार्थ भेट्छु म जसै सङ्गीत नै भर्दछ !!
॥७॥

गुल्मीमै यति रम्य सिर्जनकला भर्नेहरूको मन
फैलोस् फक्रन झन् सकोस् मधुमयी होऊन् झनै सज्जन ।
माटाको ममता अगाध छ सधैं लेख्ने कुरा छन् अझ
साँच्चै भन्छु सुरम्य भाववशमा बढ्दै गरून् है सुझ ॥
॥८॥

उर्लेकी तल गण्डकीलहरझैं काली हुने चाह होस्
ढल्केकी छ नि दिव्य भावरसले थाप्ले हुने चाख होस् ।
कल्पेकी जति रूद्र छिन् बगरमा वीणा बजाईकन
सम्झेको छु हिले म पूर्वतिरको आस्था छ मेरो धन ॥
॥९॥

प्रधान सम्पादक - महर्षि सन्देश - मासिक, काठमाडौं ।

ooo

// लेख //

# हाम्रो पुरुषार्थ र रुरुक्षेत्र विशेषाङ्क



✍ **कमल श्रेष्ठ**

आजभन्दा पचास वर्षपहिले न यातायातको सुविधा, न संचारको सुविधा, न उन्नत शैक्षिक स्तर, न अन्य भौतिक सुविधा, आर्थिक शून्यता, अभावै अभाव भएको तत्कालीन अवस्थामा गुल्मी जस्तो विकट क्षेत्रबाट साहित्यिक पत्रिका प्रकाशित गर्ने आँट गर्नु भनेको एक प्रकारको दुस्साहस थियो । अहिले सोंच्दा अचम्म लाग्छ, त्यो कसरी सम्भव भयो होला ? तर पनि भयो । निरन्तर लागि परेपछि जस्तोसुकै दुरूह कार्य पनि सम्भव हुँदोरहेछ ।

> *पत्रिकाहरू स्याउँस्याउँती जन्मिन्छन् कतिपय हुर्किन्छन् । कतिपय अल्पायुमै सकिन्छन्, कतिपय हुर्केका पनि दीर्घायु हुँदैनन् तर "हाम्रो पुरुषार्थ" अनेकौं बाधा व्यवधान, हावाहुण्डरीको सामना गर्दै पचास वर्ष पूरा गरेको दीर्घायु बनेको छ र निःसन्देह चिरञ्जीवी बन्नेछ । आफ्नो पचास वर्ष पुगेको उपलक्ष्यमा स्वर्णजन्मोत्सव मनाउँदै गर्दा सयौं अङ्क पनि प्रकाशित गर्दैछ । यो गुल्मीको लागि गौरवको विषय हो । "हाम्रो पुरुषार्थ" गुल्मीको पहिचान बनेको छ ।*

अहिले त सबै कुरा छ । यातायातको सुविधा, हातहातै संचारका साधनहरू, उन्नत शैक्षिक स्तर भौतिक सुविधा सम्पन्न देशदेशावरसम्म पहुँच पुगेको छ । शून्यबाट सुरू गरेर यहाँसम्म आइपुग्दा अहिले पहाडको फेंदीबाट उकालो हिंड्न सुरू गरेको मान्छे चुचुरोमा पुगेर तल हेर्दा कसरी यतिका लामो उकालो कतै नबिसाईकन चढे हुँला ! भनेर आश्चर्य मानेजस्तो हुन गएको छ ।

यो उकालो चढ्ने अविश्रान्त यात्री शशि र दीन पन्थी बन्धुहरूलगायतका तपस्वीहरू अभिनन्दनका पात्र हुनुहुन्छ । यी तपस्वीहरू अनवरत रूपमा लागि नपरेको भए यो सम्भव हुने थिएन ।

पत्रिकाहरू स्याउँस्याउँती जन्मिन्छन् कतिपय हुर्किन्छन् । कतिपय अल्पायुमै सकिन्छन्, कतिपय हुर्केका पनि दीर्घायु हुँदैनन् तर "हाम्रो पुरुषार्थ" अनेकौं बाधा

व्यवधान, हावाहुण्डरीको सामना गर्दै पचास वर्ष पूरा गरेको दीर्घायु बनेको छ र निःसन्देह चिरञ्जीवी बन्नेछ । आफ्नो पचास वर्ष पुगेको उपलक्ष्यमा स्वर्णजन्मोत्सव मनाउँदै गर्दा सयौं अङ्क पनि प्रकाशित गर्दैछ । यो गुल्मीको लागि गौरवको विषय हो । "हाम्रो पुरुषार्थ" गुल्मीको पहिचान बनेको छ ।

२०२५ सालतिर यौटा सानो कोठामा किताबहरू सङ्कलन गरेर किरण पुस्तकालय स्थापना गरेको पाँच वर्षपछि किरण पुस्तकालयको प्रकाशनमा हाम्रो पुरुषार्थको जन्म भयो । त्यतिबेला पैदल हिंडेर दुई दिनमा पाल्पा र पाल्पाबाट तीन दिनमा बनारस पुगेर पत्रिका छपाउनुपर्थ्यो । रचनाहरू चिठी लेखेर हुलाकबाट मगाउनुपर्थ्यो । पाँच दिन जान, पाँच दिन आउन महिनौं बनारस बस्नपर्ने अवस्थामा पत्रिका छपाउनु र निरन्तरता दिनु अहिलेको नजरबाट हेर्दा आश्चर्य लाग्नु स्वाभाविकै हो ।

मैले त धेरै पटक कहिले शशि पन्थी, कहिले दीन पन्थीलाई मेरो घरको बाटो भएर रचनाहरूको कुटुरो बोकेर पैदल बनारस जाँदै गर्दाको अवस्थामा देखेको छु । अहिलेको पिंढीलाई यो दन्त्यकथा लाग्न सक्छ । किनभने अहिलेको पिंढीले त्यो अवस्थाको कल्पनै गर्न सक्दैन ।

सुरूमा वार्षिक, अर्धवार्षिक र हाल त्रैमासिकरूपमा निरन्तर प्रकाशित भएर सयौं अङ्क निकाल्ने तरखरमा छ । हालसम्म ९९ अङ्क प्रकाशित भैसकेका छन् । हालसम्म प्रकाशित अङ्कहरूमा कथा, कविता, गीत, गजल, मुक्तक, निबन्ध, यात्रा वर्णन, समीक्षा, अन्तर्वार्ता र स्थायी स्तम्भ आदि विविध बिधाहरू समावेश छन् । विद्वान् विशेषज्ञहरू, ख्याति प्राप्त लेखक कविहरूदेखि सुदूर गाउँ कुना कन्दराका प्रतिभालाईसमेत प्रोत्साहित गरी स्थापित गरेको छ ।

त्यति मात्र नभएर विभिन्न विशिष्ट विषयमा विशेषाङ्कहरू पनि प्रकाशित गरेको छ । ती थुप्रै विशेषाङ्कहरूमा थुप्रै विद्वान् र विशेषज्ञहरूका खोज अनुसन्धानका कृतिहरू समावेश छन् । ती ग्रन्थहरू अमूल्यनिधि बनेका छन् ।

यसै क्रममा अहिले ९८औं अङ्क रुरुक्षेत्र विशेषाङ्कको रूपमा मेरो हातमा रहेको छ । रुरुक्षेत्र नेपालको ऐतिहासिक, पौराणिक, धार्मिक, सांस्कृतिक र राजनीतिक जागरणको महत्त्व बोकेको क्षेत्र हो । नेपालका चारधाममध्येको सर्वाधिक महत्त्वको एक धाम विश्व संपदाको अंग भए पनि उचित प्रचारप्रसार हुन नसकेर ओझेलमा परेको यस क्षेत्रको महत्त्व दर्शाउन हाम्रो पुरुषार्थले रुरुक्षेत्र विशेषाङ्कको रूपमा आफ्नो ९८औं अङ्क प्रकाशित गरेर अत्यन्त सराहनीय काम गरेको छ । उक्त अङ्कले रुरुक्षेत्रको समग्र पौराणिक, धार्मिक, ऐतिहासिक, सांस्कृतिक र आर्थिक पक्षलाई समेटेको छ ।

कुल ३६२ पेजको विशेषाङ्कमा रुरुक्षेत्रसँग सम्बन्धित लेख, निबन्ध, समीक्षा, टिप्पणी, गीत, कविता, गजल, मुक्तक, संस्मरण र स्थायी स्तम्भ समावेश गरिएको छ । लेख निबन्धहरूमा विभिन्न क्षेत्रका ख्यातिप्राप्त विद्वान्हरूले विभिन्न पुराणहरू उत्खनन गरेर रुरुक्षेत्रको पौराणिक, ऐतिहासिक, धार्मिक र सांस्कृतिक महत्त्वलाई प्रकाश पार्नुभएको छ ।

प्रा.डा. वेणीमाधव ढकाल, नारायण ज्ञवाली, युवराज पाण्डे, सह-प्रा.डा. मोहनीलाल नेपाल, प्रा.नवराज पाण्डेय, युवराज भुसाल, वेदप्रसाद पन्थ, ठाकुर शर्मा भण्डारी, भट्टराई बन्धु, उपप्रा. ज्ञाननिष्ठ ज्ञवाली, शारदा भट्टराई, दुर्गादत्त पौडेल, कृष्ण ज्ञवाली, शंकरप्रसाद गौतम, परसुराम भट्टराई, प्रा.डा. ध्रुवप्रसाद भट्टराई, राजु भुसाल, कृष्णबहादुर कुँवर, दीन पन्थी जस्ता धुरन्धर विद्वान्हरूले पुराणहरू, आख्यानहरू, इतिहासका प्रमाण र उद्धरण गरेर यस क्षेत्रको महिमा दर्शाउन कुनै कसर बाँकी राख्नुभएको छैन ।

प्रा.डा. हिरण्य ज्ञवालीले रुरुक्षेत्रको साहित्य र साहित्यकारका बारेमा बत्ती बालेर खोज्नुभएको छ । असाध्यै मिहिनेत गरेर खोज गर्नुभएको छ । यस क्षेत्रमा ओझेलमा परेका साहित्यकारहरूलाई समेटेर समावेश गर्नुभएको छ । चन्द्रप्रकाश उपाध्यायले रुरुक्षेत्र गाउँपालिका शीर्षकको लेखमा रुरुक्षेत्रको समग्र विषय समेट्ने प्रयास गर्नुभएको छ । डा. भवेश्वर पंगेनीले इतिहासको गर्भमा विलीन भएको राणाकालमा च्यारिटेबल सोसाइटी नाबालख पाल्ने अड्डाले विद्यार्थी, नाबालख र असहायहरूलाई पाल्ने-पढाउने व्यवस्थाअन्तर्गत रिडी सदावर्तगुठी अड्डा समेतको ऐतिहासिक प्रमाणसहित प्रकाश पार्नुभएको छ । कृषि अर्थशास्त्री तुलसीदास गौतमले रुरुक्षेत्रको धार्मिक र व्यापारिक केन्द्रबारे तत्कालीन समयको हुबहु तस्वीर उतार्नुभएको छ । मीनप्रसाद ज्ञवालीको रुरुक्षेत्रको सांस्कृतिक परिचय, घनश्याम भण्डारीको बम्घाकोट, डा. रामराज पन्थीको रिडी संस्कृत पाठशाला आदि लेखहरूले सबै पक्षलाई उद्घाटित गरेका छन् । सबै कविताहरू सुन्दर छन् । चन्द्रकान्त आचार्य, भागीरथी श्रेष्ठ र हेमराज पाण्डेका संस्मरण पढ्दा पुराना पुस्तालाई पुरानो संसारमा पुऱ्याउँछ भने नयाँ पुस्तालाई अचम्मको अपत्यारिलो कथाझैं लाग्न सक्छ ।

स्थायी स्तम्भ भेटघाटमा रुरुक्षेत्रमा जन्मेर हुर्केर काठमाडौ र अन्तर्राष्ट्रिय जगत्मा कर्मथलो बनाएका वरिष्ठ एवं अन्तर्राष्ट्रिय ख्यातिप्राप्त पत्रकार र विचारक आदित्यमान श्रेष्ठसँगको अन्तर्वार्ता र अनुभव / अनुभूतिमा वेदान्त दर्शनका प्रकाण्ड विद्वान् अद्वैत संस्था रिडी आचार्य पीठका पीठाधीश आध्यात्मिक चिन्तनमा समर्पित देवेश्वर सरस्वतीसँगको अन्तर्वार्ताले यो विशेषाङ्क अत्यन्त गहकिलो बनेको छ । वास्तवमा उहाँहरू दुबैजना यस क्षेत्रका गहना हुनुहुन्छ । उहाँहरूका विचार र चिंतन अत्यन्त ज्ञानवर्धक छन् ।

समग्रमा यो विशेषाङ्कले रुरुक्षेत्रका बारेमा धेरै कुरा समेटेको छ तर पनि केही कमीकमजोरी भने रहेकै छन् । यस विशेषाङ्कका अधिकांश लेखहरू एउटै विषयमा देखिन्छन् । रुरुक्षेत्रको पौराणिक महत्त्वमा सबैजसो विद्वान्हरूका लेख एकैनासे एउटै कुरा दोहोरिएको अनुभूति हुन्छ । यसमा लेखकहरूको दोष नभएर पत्रिकाले विविध विषय तोकेर लेख नमाग्नुका कारण सबै जसो विद्वान्ले आफूलाई लागेको विषयमा लेख्दा त्यस्तो भयो कि ? यहाँको साँस्कृतिक, आर्थिक सामाजिक र पर्यटकीय पक्षलाई छुन खोजिएको छ तर मनग्य भएन कि जस्तो लाग्छ । यो क्षेत्र प्रजातान्त्रिक आन्दोलनमा अग्रणी भूमिका खेलेको क्षेत्र हो । त्यस सम्बन्धमा पनि कमी रह्यो कि भन्ने लाग्छ ।

रुरुक्षेत्र नेपालको गहना हो, गुल्मीको मणि हो । यस क्षेत्रको महत्त्वलाई विश्व सामु पुऱ्याउन हाम्रो पुरुषार्थले अत्यन्त महत्त्वपूर्ण काम गरेको छ । यो विशेषाङ्क रुरुक्षेत्रको बारेमा शोधग्रन्थ नै बनेको छ ।


प्रतिनिधिसभा र लुम्बिनी प्रदेशसभाका पूर्व सदस्य ।

०००

नेपालका सुप्रसिद्ध चार धाममध्येको एक ऐतिहासिक पवित्र तीर्थस्थल रुरुक्षेत्रको बारेमा विस्तृत जानकारी प्राप्त गर्न किरण पुस्तकालयद्वारा प्रकाशित 'हाम्रो पुरुषार्थ'को

रुरुक्षेत्र विशेषाङ्क

खोजी खोजी पढ्नुहोस् ।



// लेख //

# हाम्रो पुरुषार्थ ९७ औं अङ्कमा विचरण गर्दा



ऋषि 'आजाद'

'अविरल बग्दछ इन्द्रावती' बिम्ब लोकप्रिय बिम्ब हो । साहित्यमा यस्ता बिम्बको प्रयोगले भाषालाई सशक्त, प्रभावकारी र कलात्मक बनाउँछ । निरन्तरताको पर्याय यो बिम्बले हाम्रो मनलाई छुन्छ, तान्छ ।

*आज म 'हाम्रो पुरुषार्थ' ९७ औं अङ्कभित्र विचरण गरिरहेको छु । पुरुषार्थ शब्दको अर्थ उद्योग शक्ति, बल, तागत, साहस, हिम्मत हो । मानव जीवनको सबैभन्दा ठूलो पुरुषार्थ सकारात्मक कर्म हो । पुरुषार्थको अर्थ धर्माचरण, सद्विचार र उद्यमको माध्यमबाट सुखमय वा सार्थक जीवन बनाउनु हो । पुरुषार्थको प्रमुख तत्त्व धर्म, अर्थ, काम, मोक्ष हो । हाम्रो सम्पादक समूहले यही दार्शनिक दृष्टिकोणलाई प्रतिनिधित्व गर्दछ । पुरुषको अर्थ आत्मा हो । आत्माको अर्थ ईश्वर हो। चैतन्य शक्ति हो । जीवलाई जीवित राख्ने र गतिशील बनाउने अविनाशी, अतिन्द्रिय र अभौतिक तत्त्व आत्मा हो । यो सबै लिङ्गमा निहित छ । त्यसैले पुरुष बलवान् महिला कमजोर भन्ने भाष्य गलत छ ।*

'हाम्रो पुरुषार्थ' पनि अविरल बग्दछ इन्द्रवती बिम्बजस्तै बग्दै-बग्दै आज एक सय अङ्कसम्म आइपुगेको छ । यो आश्चर्यलाग्दो दीर्घकालीन साधनामा समर्पित साधुहरूलाई हामीले धन्य मान्नुपर्छ । यस अभियानमा पनि अविरल बगिरहेको छ-इन्द्रावती । हाम्रो पुरुषार्थ अब शताङ्क प्रकाशनको तयारीमा छ । यो हामी भाषा, साहित्य र कला र संस्कृतिमा समर्पित र तल्लीन साधकहरूको लागि गौरवपूर्ण उपलब्धि हो ।

आज म 'हाम्रो पुरुषार्थ' ९७ औं अङ्कभित्र विचरण गरिरहेको छु । पुरुषार्थ शब्दको अर्थ उद्योग शक्ति, बल, तागत, साहस, हिम्मत हो । मानव जीवनको सबैभन्दा ठूलो पुरुषार्थ सकारात्मक कर्म हो । पुरुषार्थको अर्थ धर्माचरण, सद्विचार र उद्यमको माध्यमबाट

सुखमय वा सार्थक जीवन बनाउनु हो । पुरुषार्थको प्रमुख तत्त्व धर्म, अर्थ, काम, मोक्ष हो । हाम्रो सम्पादक समूहले यही दार्शनिक दृष्टिकोणलाई प्रतिनिधित्व गर्दछ । पुरुषको अर्थ आत्मा हो । आत्माको अर्थ ईश्वर हो । चैतन्य शक्ति हो । जीवलाई जीवित राख्ने र गतिशील बनाउने अविनाशी, अतिन्द्रिय र अभौतिक तत्त्व आत्मा हो । यो सबै लिङ्गमा निहित छ । त्यसैले पुरुष बलवान् महिला कमजोर भन्ने भाष्य गलत छ ।

पछिल्लो समयमा पुरुष र महिलालाई मर्द र नामर्दको जुन गलत भाष्य निर्माण गरियो । यो गलत भाष्य हो । पुरुषमा उद्योग शक्ति, बल, तागत, साहस, हिम्मत हुन्छ । महिलामा हुँदैन भन्ने अर्थ लगाइयो । हाम्रा उद्योग, शक्ति, बल, तागत, साहस, हिम्मतका साथ विश्वभर चर्चित महिला वर्गका असंख्य उद्यमीहरू, वैज्ञानिकहरू, दार्शनिकहरू, राजनीतिज्ञहरू छन् । त्यसैले पनि यस्तो निरर्थक र विकृत भाष्यको अन्त्य गर्नुपर्छ । पुरुषार्थ शब्दले मानव जातिको पौरखको वर्णन गर्छ ।

'हाम्रो पुरुषार्थ'को ९७ औं अङ्कको सम्पादकीयमा भौतिक शरीर र चैतन्य शक्तिको संयोग देखाइएको छ । प्रकृतिको मानिस आहार, निद्रा, भय र मैथुनले चल्छ । यो सहजात प्रवृत्ति हो । यसबाट मानिस नियममा नबाँधिन सक्छ । मानिस जन्मजात अराजक हो । ऊ स्वार्थले प्रेरित भएर चल्छ । सहजात प्रवृत्ति पाशविक प्रवृत्ति हो । यसको खराबीबाट बच्न चैतन्यको माध्यमबाट निवृत्त भई इन्द्रियहरूलाई वशमा राखेर त्याग, करूणा, सत्य, विवेक, नैतिकता, मानवता आदि मूल्यहरूबाट खारेर सुसंस्कृत नागरिक तयार पारी समाज चलाउनुपर्छ, यही नै सभ्यता हो भन्ने मर्म पस्केको छ । बर्बरलाई सुसंस्कृत बनाएर सभ्य बनाउनु सभ्यता हो । यो सम्पादकीय भाव हाम्रो पुरुषार्थ शीर्षकको मूल मर्म हो ।

यस अङ्कमा पहिलो कृति भेटघाट राखिएको छ । यस अङ्कमा प्राचार्य शिवगोपाल रिसाल देखा पर्छन् । उनले धार्मिक नैतिक, चारित्रिक, आध्यात्मिक, साँस्कृतिक पुनः जागरणको विषयमा गम्भीर बहस उठाएका छन् तर निश्चित विषयको तत्त्वनिष्ठ खोजमा भन्दा पनि उनको जीवनीको भार ज्यादा देखिन्छ । निश्चित विषयवस्तुको बहुआयामिक पक्षमा स्पष्ट पार्ने गरी आउनु पर्नेमा लेखककै जीवनीको विषयमा ज्यादा केन्द्रित हुनु अस्वाभाविक जस्तो लाग्यो । दोस्रो कृति मुकुन्द शर्मा चालिसेको 'चम्कन्छ हाम्रो जुनी' शीर्षकको कविता छ । शार्दूलविक्रीडित छन्दमा लेखिएको यो कर्मवादी कविता भाव र कलाका दृष्टिले उच्च छ । यसमा आधारलाई कर्म र आधेयलाई लक्ष्य मानिएको छ ।

तेस्रो कृति केशवराज आमोदीबाट चम्पकमाला छन्दमा लेखिएको कविता हो । कागलाई अनिष्टको खबर ल्याउने प्रतीक बनाएर पर्यावरणको सन्दर्भ उठाइएको कवितामा महत्त्वपूर्ण सन्देश छ । त्यसपछि हरिप्रसाद शर्माको 'म प्राज्ञ हुँ' शीर्षकको व्यङ्ग्यात्मक निबन्ध छ । यो आत्मपरक निबन्धको नमूना हो । 'सर्वश्व हाम्रो गयो' कवितामा छन्द कवि नारद गौतम आउनुभएको छ । गौतमले भोका पेट र नाङ्गा हर उठे जागे सङ्घर्ष गरे तर त्यसको प्रतिफल पाएनन् बरू संस्कृति धर्म मास्ने काम भयो भन्दै आक्रोश पोखेका छन् । हरिप्रसाद भण्डारीको प्रभावकारी कथा प्रस्तुत गरिएको छ । प्रस्तुत कथा निकै सार्थक र रमाइलो छ । जसमा आतिथ्यको चर्चा छ । हरि पौडेलद्वारा रचित कविता पूर्णमदको अर्थको चर्चा छ । आफूले जीवनमा पूर्णता नपाएको चर्चा गर्दै पूर्णमदले पूर्णताको अर्थ दिन्छ भनेका छन् । शादूलविक्रीडित छन्दमा लेखिएको यो कविता निकै मार्मिक र सुन्दर छ । मुरारि विनोद पोखरेलले वानेश्वर सहरको विकासक्रमको वर्णन गरेका छन् । वानेश्वरमा बस्ने नागरिकहरूको लागि बिल्कुल नयाँ बस्ती भएको र चालीस सालपछिको मानसचित्र उल्लेख गरेका छन् ।

त्यसपछि प्रीति आत्रेयको अनुष्टुप् छन्दको सुन्दर कविता छ । कविका भावहरूले क्षण-क्षणमा बुर्कुसी मार्छन् । चराले झैं समयमै टपटप टिप्न सके कविता हुन्छ नत्र कति कविताहरू तुहिन्छन् भन्दै काव्य जगत्का समस्या राखेकी छन् । 'अनिदो रातको सपना र मेरो मन' गद्य कविता छ । यो गद्य कविता वासु जम्मरकटेलको हो । जम्मरकटेलको औपन्यासिक अभ्यासले गद्य कवितामा अरू पारङ्गत बनाएको छ । यो भाव र कलाका दृष्टिले सुन्दर कविता हो । मोहन ज्ञवालीको छोटो अनुष्टुप् छन्दमा लेखिएको कविता छ । यस कविताले नयाँ वर्षको मङ्गलमय कामना गरेको छ । थानेश्वर पन्थीको अनुष्टुप् छन्दमा लेखिएको स्वार्थी मान्छेको चर्चा छ । रामप्रसाद पन्थीको गृहलक्ष्मीको चर्चा छ । यसमा महिलाको उदारताको महिमागान छ । उदय ठाकुरको देहरादून लेखले त्यहाँका गोर्खालीहरूको बहुलता भएको देखाउँदै त्यहाँको प्राकृतिक छटा र सामाजिक, साँस्कृतिक पक्षको राम्रो चित्रण छ । कथात्मक ढाँचामा लेखिएको पारितोषिक लेखमा एउटा महिला सिडियोको चर्चा छ । महिला सिडियोप्रति समाजले हेर्ने दृष्टिकोण, उनको पारिवारिक अवस्था, उनको श्रीमान्को अवस्था र मनोविज्ञानको राम्रो चित्रण छ । महिला सिडियोको श्रीमान्को अन्तर्वार्ता लिने आदित्य सन्जेल नामक पत्रकारले पाएको पारितोषिकको वर्णन छ ।

यस कृतिमा ऋषिराम कश्यपद्वारा प्रस्तुत 'गंगा कर्माचार्य र उनको आधी घण्टा' निबन्ध-संग्रहको समीक्षा गरिएको छ । त्यसपछि मित्र उराठी गौतमको प्रतिबद्धता लघु कथा छ । यो कथाले निर्वाचनले समाजलाई खण्डित पारेको अवस्थाको चित्रण छ । अन्त्यमा सबैलाई सुवेदारको अगुवाइमा भोजको आयोजना गरी

पुराना कुरा भुल्न सन्देश दिइएको छ । सीता पोखरेलको पुष्पलाई मानवीकरण गरी फूल आफैले सौन्दर्य छरेको बताएको छ । 'समृद्ध लुम्बिनी' शीर्षकमा लेखिएको कवितामा पूर्वीय मूल्य परम्पराले युक्त लुम्बिनी प्रदेशको महिमागान गाइएको छ । यसको समृद्धिको राम्रो चर्चा छ । ओमप्रकाश अधिकारीले साहित्यकार प्रकाश श्रेष्ठका दुई कृति 'सुन्तलीटार' कथा-संग्रह र 'शान्ति' उपन्यासको अध्ययन विश्लेषण गरेका छन् ।

डा.घनश्याम न्यौपाने परिश्रमीको नदी भेट्न नै खोला बगेका छन् भन्ने गजल छ । यो गजल अर्थपूर्ण र सन्देशमूलक छ । वरिष्ठ लेखक पद्मप्रसाद शर्माको खोजमूलक लेख लुम्बिनी प्रदेशमा पुस्तकालय प्रकाशित भएको छ । डा.बाबुराम ज्ञवालीको कौटिलीय अर्थशास्त्रमा वैदेशिक कुटनीतिको विषद चर्चा छ । नेपालजस्तो मुलुकको लागि यस्ता उच्च खालका लेखहरू सन्दर्भ-सामग्री हुन सक्छन् । त्यसपछि लक्ष्मीकान्त पन्थीको शुभकामना कविता छ । त्यस कवितामा सुन्दर कामना गरिएको छ । हरिप्रसाद गौतमको हिम्मत शीर्षकको लघु कथा छ । यसमा निर्वाचनको विकृतिको चर्चा गर्दै बागी उमेदवारी दिंदा हारिने भयले बैंकमै छोराछोरीको नाममा रकम डिपोजिट गरेको भौचर पाएपछि उमेदवारी फिर्ता लिएको देखाइन्छ । लीलाराज दाहालको लघु कथामा सुशासनको कुरा गर्दै साधना नामक पात्रले निर्वाचनको समयमा गरेको भ्रष्टाचारको चर्चा गरिएको छ ।

'गाउँले हराएको गाउँमा' कवि सुरेशप्रसाद अर्यालले गाउँमा विकृति बढ्दै रहेको मार्मिक चित्रण गरेका छन् । विष्णु घर्ती भन्भनेलीको नयाँ उपविधा रम्वास कविता छ । एक अक्षरबाट बढ्दै दश अक्षरका पंक्ति हुने र दश अक्षरबाट घट्दै एक अक्षरमा पुग्ने ज्यामितीय ढाँचामा लेखिएको कविता नेपालमा पछिल्लो चरणमा आएको रम्बास कविता हो । धनराज गिरीको लघु कथा छ । यो कथाले विकृत समाजको व्यङ्ग्य गरेको छ । हक कवितामा विनोद नेपालले अहिलेको विकृत राजनीति र तिनका गलत क्रियाकलापको निन्दा गरेको छ । शकुन्तला ज्ञवालीको कृषि कविताले कृषिको महत्त्व दर्शाएका छन् । नग्नदेखि नग्नसम्म निबन्धमा दीन पन्थीले श्लीलता र अश्लीलताको विषयमा लेखेका छन् । यो निबन्ध उत्कृष्ट छ । शशिधर पाण्डेसँग लिएको अनुभव-अनुभूति कुराकाकानी प्रेरक छ । पुस्तकालय परिचयमा यो पटक ज्ञानज्योति पुस्तकालय बुटवलको चर्चा छ । किरण पुस्तकालयको पातोमा यो पटक एघारौं लोकवार्ता सम्मेलनको संक्षेपमा चर्चा छ ।

नौलो सृष्टि : सानो दृष्टिमा यो पटक सुरेन्द्र अस्तफलको पाँचौ कृति तेल भिसा, मञ्जु थापाको आमाले जन्माएका छोरीहरू, शम्भु अर्यालको कविता-संग्रह सेतो सुनखानी, कवि मिलन समीरद्वारा लेखिएको प्रिय दुश्मन, हरिराज शर्माद्वारा

*भाषिक शुद्धता राम्रो छ । विषयवस्तुहरू उपयोगी छन् । विविध विधाका साहित्यिक रचनाहरू उच्च तहका र सन्देशमूलक छन् । काव्यात्मक सौन्दर्यले भरिएका गद्य-पद्य कविताहरू छन् । उत्कृष्ट निबन्धहरू छन् । चोटिलो व्यङ्ग्य गरेका लघु कथाहरू छन् । कृति ओजस्वी बनेको छ । पृष्ठावरणमा एघारौं लोक वार्ता सम्मेलनको चित्र राखिएको छ ।*

लेखिएको टाइम पास निबन्ध-संग्रह, दुर्गादत्त पौडेलको पिण्ड, महेश्वर सर्माद्वारा लेखिएको समवेदनाको आकार, मेघबहादुर केसीको स्मृतिग्रन्थ, सङकलक सम्पादक ज्ञानबहादुर पाण्डेको ओम्, प्रीति आत्रेयको अनुभूतिको इन्द्रेनी कृतिहरूको संक्षिप्त चर्चा छ ।

अन्त्यतिर पचास वर्ष पहिलेको समाचार, लेखनाथ जयन्ती, देहरादूनमा हाम्रो पुरुषार्थ, विशिष्ट सदस्यको परिचय, किरण पुस्तकालयद्वारा प्रकाशित केही पुस्तकहरू आदिको नाम दिइएको छ ।

भाषिक शुद्धता राम्रो छ । विषयवस्तुहरू उपयोगी छन् । विविध विधाका साहित्यिक रचनाहरू उच्च तहका र सन्देशमूलक छन् । काव्यात्मक सौन्दर्यले भरिएका गद्य-पद्य कविताहरू छन् । उत्कृष्ट निबन्धहरू छन् । चोटिलो व्यङ्ग्य गरेका लघु कथाहरू छन् । कृति ओजस्वी बनेको छ । पृष्ठावरणमा एघारौं लोक वार्ता सम्मेलनको चित्र राखिएको छ । जे होस् यो कृति संग्रहणीय बनेको छ । अस्तु ।

✍ **अध्यक्ष – लुम्बिनी वाङ्मय प्रतिष्ठान ।**

०००

**रू.१०,०००।– मा**

# किरण पुस्तकालयको

**आजीवन सदस्य बन्न सकिन्छ ।**

**विस्तृत जानकारी प्राप्त गर्न पुस्तकालयको**

**फोन नं. ०७९–५२०२८७ मा**

**कार्यालयसमयभित्र सम्पर्क गर्नुपर्नेछ ।**

# हाम्रो पुरुषार्थप्रति



कृष्णादेवी शर्मा श्रेष्ठ

के गर्नु कसरी गर्नु, वर्णन पुरुषार्थको
यसैमा छ सबै सार, शास्त्रार्थ परमार्थको ।१।

अध्ययन गरौं हामी, ज्ञानको ज्योति बल्दछ
खुल्छ जीवनको सार अज्ञान दूर चल्दछ ।२।

इतिहास यहीं बोल्छ, बोल्छ राष्ट्रियता पनि
दिन्छ मानवता ज्ञान, को छ गरिब औ धनी ।३।

यो दस्तावेज हो यौटा, गुल्मी तम्घास तर्फको
देशभक्ति छ यैभित्र, रेसुङ्गा छ सगर्वको ।४।

अटेका छन् यसैभित्र महामानवका कुरा
अध्ययन गरे हुन्छन्, अज्ञान अधुरा पुरा ।५।

महानता सबै हाम्रो, गर्व छ पुरुषार्थमा
यो हो किरणको राप, अति सरल छ अर्थमा ।६।

रुरुक्षेत्र पुगेकै छ, तीर्थाटन गरौं भनी
निरुपण यही गर्छ, ग्रहादि लोकको पनि ।७।

सम्झना दिन्छु सम्मानै, पन्थीसाथ अरू सब
प्रशंसा शब्द नै छैन, योभन्दा अरू के अब ।८।

बाधा अड्चन त्यागेर, पुरुषार्थ बढोस् अघि
कालजयी बनोस् हाम्रो, सामुमा झल्कियोस् छवि ।९।

दूर छु तर सम्झन्छु, पुरुषार्थ घरीघरी
राखेकी छु समेटेर शुभ-भाव सधैंभरि ।१०।

संस्थापक अध्यक्ष - नारी साहित्य समाज, नवलपरासी (बर्दघाट सुस्तापूर्व) ।

०००

*// निबन्ध //*

# परिचयको परिधिमा 'हाम्रो पुरुषार्थ'



**जयदेव गौतम**

जिन्दगीले तीन बीसको सङ्घार ढक्ढक्याउन कम्मर कसिरहेको बेला म आफ्नो परिचय-परिधिको एउटा पोयो फुकाउने जमर्को गरिरहेको छु । त्यसो त जिन्दगीमा धेरैतिर धेरैसित परिचय भयो, तीमध्ये कति परिचय समयको बहावसँगै कता बगे, थाहा भएन; कतिपय अझै छन्; अझ कति त पछिसम्म पनि हुँदै जाने छन् । तर यसरी परिचय-परिधि अलि बाक्लै भए पनि यो पाटोभित्र अहिले समेटिएको छ, लगभग पाँच दशकदेखि एक वा अर्को स्वरूपमा साहित्य-अनुरागीहरूका सामु देखा पर्दै आइरहेको एउटा विशिष्ट पत्रिका 'हाम्रो पुरुषार्थ' । यो पत्रिका लगभग सबै सुविधाले परिपूर्ण राजधानी उपत्यका अथवा धेरै सहजतारू उपलब्ध हुने महानगरपालिकाहरूबाट प्रकाशित हुने गरेको होइन, बरू देशको सङ्घीय राजधानीबाट मझौला दूरीमा रहेको अर्द्ध-दुर्गम पहाडी जिल्ला गुल्मीको सदरमुकाम तम्घासमा छापिने र त्यहींबाट वितरण हुने गरेको छ ।

त्यसो त नेपाली समाजमा र यहाँको राजनीतिमा बेलाबखत अनेक किसिमका धार बग्ने गर्छन्, विशेष गरी भौगोलिक रूपमा देश निकै सानो भए पनि यहाँ राजनीतिका फरक-फरक धार अत्यन्त गहन र पेचिला हुने गर्दछन् । एक सय चार वर्ष लामो जहानियाँ राणाशासनदेखि सबभन्दा पछिल्लो अहिलेको सङ्घीय गणतान्त्रिक शासनकालसम्म आइपुग्दाको सबै परिवेश केलाएर हेर्ने हो भने पनि यो तथ्य प्रस्टसँग दृष्टिगोचर हुन्छ । समग्र देश र देशवासीले जस्तै यस्ता सबै आँधी-हुरी ब्यहोर्नु परेको भए पनि 'हाम्रो पुरुषार्थ'ले कहिल्यै कुनै धुरी-विशेष वा कुनै धार-विशेषतिर आफूलाई डोस्र्याएन, बगाएन । देब्रे ढल्कुआ अथवा दाहिने ढल्कुआ वा मध्यमार्गी जो जे भए पनि सबै किसिमका कलमकारले रचेका सिर्जना पाठकसामु पुऱ्याउनका लागि यो पत्रिका सधैं तत्पर रहँदै आयो । यस पत्रिकाको एकमात्र लक्ष्य रह्यो-साहित्य एवं संस्कृतिको निर्वैयक्तिक सेवा । र, यतिका वर्षहरू बितिसकेपछि पनि अहिलेसम्म यही निश्छल लक्ष्य अविच्छिन्न जारी छ ।

मेरो परिचयको परिधिभित्र 'हाम्रो पुरुषार्थ' कहिलेदेखि अटायो ? यसको आफ्नै कथा छ ।

खासमा 'हाम्रो पुरुषार्थ' एक साहित्यिक 'म्यागेजिन' हो तर नेपाली समाजमा जुनै समाचारपत्र वा अखबार वा म्यागेजिन आदि सबैलाई 'पत्र-पत्रिका' भन्ने गरिन्छ, त्यसकारण मात्र 'हाम्रो पुरुषार्थ' लाई पनि सजिलो गरी पत्रिका नै भन्ने गरिएको हो ।

(यस दृष्टिकोणबाट हेर्दा मधुपर्क, गरिमा, अस्मिता, मूल्याङ्कन, नवयुवा, कामना, सर्वोत्तम नारी आदि सबै म्यागेजिन हुन् र गोरखापत्र, द राइजिङ नेपाल, कान्तिपुर, द काठमान्डु पोस्ट, अन्नपूर्णपोस्ट, नागरिक, द रिपब्लिका, नयाँ पत्रिका आदि सबै पत्रिका हुन्, अखबार हुन्, अझ भनौं, समाचारपत्र हुन् । म्यागेजिन आकारमा निस्कने भए पनि यदि समाचारमूलक प्रवृत्ति छ वा समसामयिक घटना र परिप्रेक्ष्यमा मूल रूपले केन्द्रिकृत रहने धार छ भने त्यो पनि समाचारपत्र नै कहलिन्छ; जस्तो-हिमाल खबरपत्रिका, नेपाल, (कुनै समय 'सत्य'), समय आदि । सामान्यतया दैनिक अखबार ब्रोडसिट (गोरखापत्र आदि) आकारमा वा सानै (पहिले, नयाँ सडक वा दैनिक निर्णय आदि) आकारमा पनि निस्कन सक्छन् भने समाचारपत्र वा अखबार चाहिँ दैनिकका अतिरिक्त प्रभातकालीन वा सन्ध्याकालीन, दुई दिने, अर्द्ध-साप्ताहिक, साप्ताहिक र पाक्षिक हुन सक्दछन् तर मासिक, द्वैमासिक, त्रैमासिक, अर्द्ध-वार्षिक वा वार्षिक हुँदैनन् । अँ, साहित्यिकसँगै फिल्मी, सांस्कृतिक, धार्मिक, विज्ञान, भूगोल, इतिहास वा यस्तै कुनै खास विषय-केन्द्रित म्यागेजिन चाहिँ मासिकदेखि वार्षिक वा त्यसभन्दा बढी अवधि-अन्तरका पनि हुन सक्छन्, र यी चाहिँ म्यागेजिन वा समसामयिक जर्नल पनि हुन सक्छन् ।) ।

अतीतका पाना केलाउँदा म के पाउँछु भने पत्र-पत्रिका पढ्ने बानी मलाई सानैदेखि थियो । कहिले आफैंले किनेर, कहिले दाइहरूले किनेको त कहिले दौंतरीहरूसित मागेर भए पनि विभिन्न पत्र-पत्रिका पढ्ने लत उहिल्यैदेखि बसेको थियो । खासमा मेरो बालापन पूरै र किशोर वयका धेरै वर्ष छिमेकी देश भारतका केही सहरमा बितेको अनि आफ्नो निम्न माध्यमिक तहसम्मको शिक्षा पनि त्यहीं भएको हुँदा मलाई त्यसरी पत्रिका पढ्न सहज भएको थियो । त्यहाँ बालबालिकादेखि युवायुवतीसम्मले पढ्न सक्ने गरी निकै धेरै र रुचिकर पत्र-पत्रिका नियमित निस्कन्थे । त्यस्ता पत्र-पत्रिकामा चम्पक, लोटपोट, नन्दन, चन्दामामा, पराग, इन्द्रजाल कमिक्स, अमर चित्रकथा, बालोपयोगी इतिहास एवं लोककथामाला, महापुरुषहरूका जीवनी आदि समेत मैले अहिले नाम बिर्सिसकेका अनेक पठन-सामग्री हुने गर्दथे ।

अन्य पत्र-पत्रिकामा कथा, कविता, चुट्किला, महापुरुष वा वीर-वीराङ्गनाका जीवनी आदि हुने भए पनि तिनताका हामीलाई औधी मन पर्ने चाहिँ इन्द्रजाल कमिक्स र अमर चित्रकथा हुन्थे । इन्द्रजाल कमिक्स पत्रिकामा विभिन्न नायक-नायिका पात्र हुन्थे, जसमा बेताल र डायना अनि रेक्स, जादुगर मेन्ड्रेक अनि बलशाली लोथार, अत्यन्त चतुर चाचा चौधरी अनि उनको सहयोगी औधी अग्लो एवं उस्तै बलवान् साबू, युवा नायक बहादुर अनि युवा नायिका बेला, सधैं हँसाइरहने दुई पात्र मोटू र पतलू आदि सर्वाधिक लोकप्रिय थिए । यी कमिक्सहरू पढ्नका लागि रोचक थिए, सजिलै बुझिन्थे, मनोरञ्जक थिए र उसै गरी ज्ञानवर्द्धक एवं परमार्थ भावना जगाउने गरी प्रेरक पनि हुन्थे ।

अमर चित्रकथा चाहिँ अक्सर इतिहास वा पुराणका मनीषी र विदुषीहरू एवं वीर-वीराङ्गनाहरूको रोचक एवं प्रेरक सचित्र जीवनकहानीले सजिएका हुन्थे ।

उमेरको खुड्किला चढ्दै जाँदा यी पत्र-पत्रिका पढ्ने क्रममा पाठ्यक्रमभन्दा बाहिरका पुस्तक एवं अन्य पठन-सामग्री पनि कहिलेदेखि पढ्न थालें, आफैंलाई थाहा भएन । सानाठूला साहित्यिक किताबका साथै धर्मयुग, दिनमान, मनोहर कहानियाँ, साप्ताहिक हिन्दुस्तान, रिडर्स डाइजेस्ट, सुमन-सौरभ, मुक्ता, कादम्बिनी, सुरभी, शान-ए-सहारा, स्पोर्ट्सस्टार, मायापुरी, फिल्मफेयर र यस्तै यस्तै अनेक पत्र-पत्रिका पढ्ने गर्थें । यस्तैमा एक दिन मेरो भारत-बसाइँ सकियो र म स्वदेश फर्किएको थिएँ ।

पाल्पाको सदरमुकाम तानसेनबाट तीन कोस टाढा आफ्नै गाउँ दर्लमडाँडास्थित श्री दर्लमडाँडा माध्यमिक विद्यालयमा नौ र दश कक्षा पढेपछि त्यहींबाट तेस्रो समूहको एक सदस्यका रूपमा एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेको थिएँ र वि.सं.२०४० मा त्रिभुवन बहुमुखी क्याम्पसमा प्रवीणता प्रमाणपत्र तह अध्ययन गर्न मेरो तानसेन बसाइँ सुरू भएको थियो ।

तानसेन बसाइँ सुरू भएको वर्षदेखि नै 'हाम्रो पुरुषार्थ' सित मेरो औपचारिक परिचय पनि स्थापित भएको थियो ।

पत्र-पत्रिका पढ्ने बानीलाई शान्त पार्ने क्रममा एक दिन तानसेन शीतलपाटीमा सञ्चालित 'श्रेष्ठ न्युज एजेन्सी' को साइनबोर्ड झुण्ड्याइएको किताब एवं पत्र-पत्रिका पसल पुगेको थिएँ । (त्यस पसलका सञ्चालकसँग केही महिनापछि परिचय भयो, उहाँ केदार श्रेष्ठ हुनुहुन्थ्यो ।) । केही साहित्यिक किताब र अन्य पत्र-पत्रिका हेर्ने क्रममा अनायासै मैले अलि परको र्‍याकमा त्यहाँ कुनै नयाँ किताब जस्तो केही देखें । मागेर हेरेको त त्यो रहेछ, 'हाम्रो पुरुषार्थ' । बाहिरी आवरण हेर्दा कुनै किताब जस्तो देखिए पनि आवरण पृष्ठ फर्काउने बित्तिकै थाहा भयो, त्यो त किताब नभएर साहित्यिक पत्रिका पो रहेछ र गुल्मी

सदरमुकाम तम्घासमा स्थापित 'किरण पुस्तकालय' ले यसलाई आफ्नो अर्द्ध-वार्षिक प्रकाशनका रूपमा निकाल्दो रहेछ । सम्पादकको रूपमा शशि पन्थी (शशि सर) को नाम थियो । अन्य केही सहयोगीहरूको पनि नाम उल्लेख थियो ।

धेरैपछि शशि सरसँग 'किरण पुस्ताकालय' र 'हाम्रो पुरुषार्थ' को थालनी, विकासक्रम, अहिलेको अवस्था र भावी योजनाबारे लामो कुराकानी भएको थियो । उहाँले भनेअनुसार, किरण पुस्तकालय वि.सं.२०२५ साल कात्तिक २० गते तम्घासको एउटा गाईगोठको एउटा कोठामा स्थापना गरिएको थियो र त्यसको तीन वर्षपछि मात्र यसले औपचारिक सार्वजनिक सञ्चालनका लागि सरकारी स्वीकृति पाएको थियो ।

मसितको कुराकानीका क्रममा शशि सरले भन्नुभएको थियो, "पुस्तकालय भएपछि विभिन्न साहित्यिक, सांस्कृतिक वा राष्ट्रिय अवसरमा कविता गोष्ठी गर्न थालियो-कहिले भानु जयन्ती त कहिले मोती वा देवकोटा जयन्ती त कहिले के जयन्ती । स्कुल र क्याम्पसमा पनि कविता गोष्ठी हुने गर्थे । यसरी अनेक अवसरमा हुने गोष्ठीहरूमा वाचन भएका कविताको सङ्ख्या धेरै हुन थाल्यो । अनि छलफल हुँदै जाँदा यी सबै कविता पनि राख्ने र अरू पनि सामग्री जम्मा गरेर एउटा पत्रिका किन ननिकाल्ने भन्ने विचार विकास हुँदै आयो । यसकै फलस्वरूपमा वि.सं.२०३० देखि वार्षिक प्रकाशनका रूपमा 'हाम्रो पुरुषार्थ' नामको पत्रिका निकाल्ने थालनी भएको हो । अन्यथा, पत्रिकाको प्रकाशन सुरू गर्नमा कुनै ठूलो योजना र तामझाम केही थिएन । "

पत्रिका त निस्कने भयो तर त्यसको नाम चाहिँ के राख्ने त ? उत्साही सबै जनाबाट एकपछि अर्को नाम प्रस्तावित भयो । धेरैजना संस्कृत पढेका र धार्मिक प्रवृत्ति पनि भएका हुँदा पत्रिकाको नाम 'पुरुषार्थ' राख्ने निर्णयमा सबैको सहमति भएछ किनभने पुरुषार्थ-जसलाई झर्रो नेपालीमा पौरख भनिन्छ-शब्दले व्यापक अर्थ बोकेको छ र यसले मानव जीवनका चार आधार धर्म, अर्थ, काम र मोक्षको प्रतिनिधित्व पनि गर्दछ तर समस्या के भयो भने धेरै वर्ष पहिले राजधानीमा सरकारी दर्ता प्राप्त गरेर यो नामको पत्रिका तीन अङ्क निस्केर बन्द भएको रहेछ !

नेपालमा कतै केही वा कुनै नाममा पत्र-पत्रिका जिल्ला कार्यालय र सूचना विभागमा दर्ता भयो भने त्यो पत्र-पत्रिका कहिल्यै निस्के वा ननिस्के पनि अथवा केही अङ्क निस्केर प्रकाशन बन्द भए पनि त्यही नाममा अर्को पत्रिका दर्ता हुँदैन र त्यही नाम प्रयोग गरेर अर्को पत्र-पत्रिका निकाल्न पाइँदैन । सायद यो विश्वभरकै सार्वभौम नियम वा प्रचलन पनि हो ।

पत्रिका निकाल्नुपर्छ भनेर कस्सिएका सबैलाई 'पुरुषार्थ' नाम औधी रुचेको थियो । तर त्यही नाममा दर्ता नपाइने भएपछि विकल्पबारे सोचविचार सुरू भयो । यस क्रममा पनि विशेष अर्थ बोकेको यो गहन शब्द त्याग्न कोही तयार भएनन् । यसकै परिणाम थियो, बरू केही शब्द थपेर यही नामबाट पत्रिका प्रकाशन गर्ने निष्कर्ष निस्कियो र नयाँ नाम जुर्‍यो, 'हाम्रो पुरुषार्थ' । वि.सं.१९५५ मा नरदेव पाण्डेको सम्पादन-प्रकाशनमा राजधानीमा निस्केर नेपालकै पहिलो पत्रिका भन्ने सम्मान पाएको 'सुधासागर' प्रकाशित भएको पचहत्तर वर्ष र वि.सं.१९५८ मा मुलुककै पहिलो समाचारपत्र 'गोर्खापत्र' निस्केको बहत्तर वर्षपछि तमाम असुविधाहरू ब्यहोर्दै पहिलो पटक सार्वजनिक भयो, 'हाम्रो पुरुषार्थ' । समयको बहावमा यसको प्रकाशक 'किरण पुस्तकालय' र 'हाम्रो पुरुषार्थ' एकअर्कामा अन्तरघुलित भएर अगाडि बढिरहेका छन्-गुल्मी जिल्लाकै आन, बान र शान बनेर ।

पहिलो अङ्क वि.सं. २०३० सालको कार्तिक महिनामा प्रकाशित भएपछि सुरूका करिब पाँच वर्ष 'हाम्रो पुरुषार्थ' वार्षिक रूपमा निस्कने गरेको थियो । पछि विक्रमाब्ध २०३६ देखि भने अर्द्ध-वार्षिक प्रकाशन बनेर अनि विक्रमीय सम्वत् २०७० देखि त्रैमासिक प्रकाशनका रूपमा यसले निरन्तरता पाइरहेको छ । यससँगै नियमित प्रकाशनबाहेक बीच-बीचमा 'हाम्रो पुरुषार्थ' ले विभिन्न साहित्यिक, सामाजिक वा धार्मिक व्यक्तित्व वा कुनै खास स्थान-विशेष (जस्तो-रुरुक्षेत्र) आदि विषयमा विशेषाङ्कहरू निकाल्ने गरेको छ ।

शशि सरसँग कुराकानी भइरहँदा मलाई आफूले कतै पढेको रूसी साहित्यकार म्याक्सिम गोर्कीको एउटा भनाइ सम्झना भयो । गोर्की भन्थे, "किताबहरू पढिराख्नुस्, तर के बुझिराख्नुस् भने किताबहरू भनेका किताब मात्र हुन्, सोच्न चाहिँ तपाईं आफैंले सिक्नुपर्दछ ।" अर्थात्, गोर्की महोदयको आशय, किताब पढे पनि वा पत्र-पत्रिका पढे पनि हामी निस्क्रिय पाठक बन्नु हुँदैन बरू सक्रिय पाठक बन्नुपर्दछ । सक्रिय वा गम्भीर पाठक बन्न सकियो भने मात्र केही पढेर नयाँ र फरक ढङ्गले सोच्न वा विचार गर्न सिकिन्छ र सकिन्छ पनि । यो भनेको सिद्धान्तलाई व्यवहारमा लागू गर्ने सवाल पनि हो ।

पहिलो हेराइमा, तिनताकाको चलनअनुसार मुद्राराक्षस छापाखाना (लेटर प्रेस) मा छापिएको, 'हाम्रो पुरुषार्थ' को साज-सज्जा र छपाइ मलाई खासै आकर्षक लागेन । सायद, वार्षिक वा अर्द्ध-वार्षिक वा त्रैमासिक के हो भन्ने पनि आवरणमा उल्लेख थिएन ! पत्रिकामा सामग्रीका रूपमा कथा, कविता, लेख, समालोचना, निबन्ध, सांस्कृतिक आलेख आदि विभिन्न विषय समेटिएका थिए । ती सबै रचना शीर्षक र लेखकको नामसहित छापिएका थिए तर मलाई अनौठो के लाग्यो भने प्रकाशित कुनै पनि रचनामा त्यो कुन विधाको भनेर केही पनि

उल्लेख गरिएको थिएन, मानौं पढिसकेपछि पाठक आफैंले छुट्याउनुपर्ने छ-उसले भर्खर कुन विधाअन्तर्गतको रचना पढेको थियो !

(लेटर प्रेसको प्रचलन नै हराइसकेको र छपाइ निकै सहज र सरल गराउने प्रविधि, अर्थात् कम्प्युटर टाइपिङ-लेआउट डिजाइन-अफसेट प्रेस, धेरै पहिलेदेखि प्रयोगमा आइसकेको भए पनि यो प्रवृत्ति त मैले 'हाम्रो पुरुषार्थ' मा पछिसम्मै देखेको हुँ । अँ, बरू पूर्णाङ्क उनान्सय वा सयदेखि भने रचनाको विधा उल्लेख गर्ने र लघुत्तम परिचयसहित लेखकको तस्वीर पनि राख्ने समझदारी बनेको छ भन्ने जानकारी पाएको थिएँ । खुशी र सन्तोषको कुरा के पनि छ भने समयक्रममा प्रविधिले मारेको फड्कोलाई 'हाम्रो पुरुषार्थ' ले पनि स्वागत गरेको छ र पछिल्लो धेरै वर्षदेखि यो पत्रिका 'अफसेट प्रेस' मा छापिन थालेको छ, यद्यपि त्यसो भए पनि कम्प्युटरमा पेजमेकर वा इन्डिजाइन र फोटोसप आदिबाट गर्न वा उठाउन सकिने अनेकानेक लाभहरू-प्राविधिक उपादेयता-भने अझै लिन सकेको छैन । आकर्षक डिजाइन यसको ठुलै चुनौतीका रूपमा रहेको देखिन्छ) ।

त्यो बेला सर्सती हेर्दा पत्रिकामा छापिएका रचनाले मलाई उस्तो विधि तान्न सकेनन् । अँ, पत्रिकाको भाषा र शुद्धाशुद्धिमा भने यथोचित ध्यान पुऱ्याइएको थियो, त्यो चाहिँ मन पऱ्यो । पत्रिका सुरूदेखि अन्त्यसम्म हेरिसकेपछि फिर्ता गरिदिएँ, किनूँ किनूँ लागेन । बरू छिमेकी जिल्लाबाट भए पनि एउटा साहित्यिक पत्रिका नियमित छापिँदो रहेछ भन्ने जानकारी भने भयो नै । (किनभने पाल्पामा राणाशासनकालदेखि नै सञ्चालित 'धवल पुस्तकालय' छ र बेलाबखत यहाँ पनि 'पाल्पा दर्पण', 'श्रीनगर', 'पाहुर', 'तानसेन' आदि समेत केही साहित्यिक पत्रिका निस्केका हुन् तापनि ती सबै निस्कने र बन्द हुँदै जाने नियतिका शिकार बने । नियमित रूपमा निस्कने गरी कुनै पनि पत्रिका दिगो हुन सकेका छैनन्) ।

त्यसपछिका महिना र वर्षहरूमा भने 'हाम्रो पुरुषार्थ' का प्रत्येक पछिल्ला अङ्कहरू खोजी-खोजी हेर्न र पढ्न थालें । कतिपय अवसरमा त पसलमा उभिएरै पनि एकाध रचना पढ्ने गर्थें भने अरू कतिपय बेलामा अथवा आफूलाई केही मन पर्ने रचना रहेछ भने त्यो अङ्क किन्ने गर्थें । अझ धेरै अवसरमा त तानसेनबाट निस्कने 'सत्य' समाचार साप्ताहिकका सम्पादक एवं साहित्यकार दाइ विनयकुमार कसजूको 'कुमार प्रेस' रहेको घर-कार्यालयमा उहाँसित भेटघाट र वार्तालाप गर्ने अनि उहाँको अफिस-टेबलमा आइपुग्ने 'हाम्रो पुरुषार्थ' समेत विभिन्न पत्र-पत्रिका पढ्न पाउने अवसर जुरेको थियो ।

विनय दाइसँग भएका पुस्तक र पत्र-पत्रिका उहाँसँगै बसेर कार्यालयमै पढ्दा पनि हुन्थ्यो, त्यसो नभए उहाँसँग मागेर आफ्नो बासस्थानमै लगेर पढे पनि हुन्थ्यो । एउटा मात्र शर्त के हुन्थ्यो भने उहाँका पुस्तक वा पत्र-पत्रिका जे

*मलाई 'हाम्रो पुरुषार्थ' मा बेलाबखतमा आउने लामालामा साहित्यिक अन्तर्वार्ताहरू रुचिकर लाग्थे, लाग्छन् पनि । ती अन्तर्वार्ता धेरैजसो साहित्य-केन्द्रित हुने भए पनि अक्सर समाजका मूर्धन्य व्यक्तित्वहरूसित लिइएको हुन्थ्यो, लिखित प्रश्नको लिखित जवाफ शैलीमा । समसामयिक र नयाँ वा पुराना धेरै तथ्य जान्नका लागि ती अन्तर्वार्ताहरू औधी उपयोगी लाग्दछन् । सायद अब बेला भइसकेको छ, 'हाम्रो पुरुषार्थ' व्यवस्थापनले त्यस्ता रोज्जा अन्तर्वार्ताहरू, र त्यसैगरी रोज्जा कथा-कविता-निबन्ध-मुक्तक-आलेख आदि, सङ्कलन गरी बेग्लाबेग्लै किताब प्रकाशन गरेर विक्रीमा राख्दा हुन्छ ।*

सापटी लगे पनि सकुशल फिर्ता भने गर्नु नै पर्थ्यो । उहाँको बानी नै थियो-सानाठूला सबै कुराको जतन गर्ने, हिफाजतसाथ राख्ने र नयाँनयाँ प्रविधि सिकेर त्यसको प्रयोग पनि गर्ने ।

मलाई 'हाम्रो पुरुषार्थ' मा बेलाबखतमा आउने लामालामा साहित्यिक अन्तर्वार्ताहरू रुचिकर लाग्थे, लाग्छन् पनि । ती अन्तर्वार्ता धेरैजसो साहित्य-केन्द्रित हुने भए पनि अक्सर समाजका मूर्धन्य व्यक्तित्वहरूसित लिइएको हुन्थ्यो, लिखित प्रश्नको लिखित जवाफ शैलीमा । समसामयिक र नयाँ वा पुराना धेरै तथ्य जान्नका लागि ती अन्तर्वार्ताहरू औधी उपयोगी लाग्दछन् । सायद अब बेला भइसकेको छ, 'हाम्रो पुरुषार्थ' व्यवस्थापनले त्यस्ता रोज्जा अन्तर्वार्ताहरू, र त्यसैगरी रोज्जा कथा-कविता-निबन्ध-मुक्तक-आलेख आदि, सङ्कलन गरी बेग्लाबेग्लै किताब प्रकाशन गरेर विक्रीमा राख्दा हुन्छ ।

'हाम्रो पुरुषार्थ'सँगको मेरो सबभन्दा आलो सम्झना एउटा टिप्पणीमूलक आलेख हो । त्यो टिप्पणी संस्कृत र नेपाली भाषाका प्रकाण्ड मनीषी स्वर्गीय डा.टीकाराम पन्थीले लेख्नुभएको थियो र त्यसको शीर्षक थियो, "स्थापित मान्यता !" त्यस अङ्कको वर्ष र पूर्णाङ्क अहिले मलाई याद छैन तर त्यो टिप्पणी-आलेख भने सधैं सम्झना भइरहने छ । यसको विशेष कारण छ ।

टीकाराम गुरुको त्यो आलेख खासमा त्यतिबेला त्रिभुवन बहुमुखी क्याम्पस पाल्पाका अर्का एक जना उप-प्राध्यापक एवं लेखक-समालोचक स्वर्गीय हीरामणि शर्मा पौडेलले सायद 'हाम्रो पुरुषार्थ' मै अथवा 'सत्य' साप्ताहिकमा लेखेको कुनै साहित्यिक लेखको जवाफमा लेखिएको थियो । पन्थी र पौडेल दुबैजना त्यही एउटै क्याम्पसमा पढाउनुहुन्थ्यो । म उहाँहरूको 'अनिवार्य नेपाली' विषयक विद्यार्थी थिएँ । मैले नबिर्सेको हो भने, हीरामणि सरले गुरुप्रसाद मैनालीको कथा 'परालको आगो' (अथवा यस्तै अन्य कुनै कथा) मा देखाइएका महिला र पुरुष

पात्रहरू-कथामा उल्लेख नभए पनि-दलित समुदायका भएको विभिन्न स्थापित साहित्यिक दृष्टान्त उल्लेख गर्दै दह्रो जिकिर आफ्नो लेखमा गर्नुभएको थियो ।

त्यही आलेखको जवाफमा टीकाराम गुरुले "अगिल्लो पुस्ताका वा समसामयिक पुस्ताका स्थापित व्यक्तित्वले भनेको कुनै पनि कुरालाई पछिल्लो पुस्ताका बुद्धिजीवी भनिने पढालेखा मानिसहरूले नै पनि कसरी तर्कहीन ढङ्गले जस्ताको तस्तै पछ्याउने गर्छन्" भन्दै अनेक उदाहरण दिएर सविस्तार लेख्नुभएको थियो र हीरामणि सरको उल्लिखित विचारप्रति बडो सहज, सरस र सरल शैलीमा असहमति जनाउनुभएको थियो ।

आलोकाँचो उमेरको तन्नेरी भएको हुँदा मैले त्यसबेला त्यो आलेखलाई अझ सम्पूर्ण गहिराइमा बुझ्न सकिनँ होला तर अचेल लाग्छ, प्रतिवाद साहित्यको सन्दर्भमा टीकाराम गुरुको त्यो विचारणीय आलेख एक अब्बल नमूना भने पक्कै हो ।

मैले आफूले 'हाम्रो पुरुषार्थ' मा लेख्न थालेको त धेरै पछि हो, सायद यससँग परिचय भएको पनि करिब तीस वर्षपछि मात्र-जतिबेला पत्रिकाको प्रकाशनसँग सुरूदेखि जोडिएका सरहरू शशि पन्थी र दीन पन्थीसित परिचय अलि बाक्लियो । यसमा छापिएको मेरो पहिलो रचना "छिमेकी साइनो" शीर्षकको एक सामाजिक-निबन्ध थियो जुन 'हाम्रो पुरुषार्थ' को पूर्णाङ्क ... मा प्रकाशित भएको थियो । लगत्तै त्यसपछिको कुनै अङ्कमा पनि "चिठी लेख्दै बनिएको लेखन गोरेटो" शीर्षकको एउटा संस्मरणात्मक-निबन्ध छापिएको थियो र त्यसपछि भने बेलाबखत खासगरी मेरा सिर्जनात्मक निबन्धहरू 'हाम्रो पुरुषार्थ' मा छापिँदै आएका छन् । (सम्पादक शशि सर पनि अन्य कुनै रचना (यात्रा-संस्मरण, अनुवाद कथा, व्यक्ति-परिचय-जीवनी वा रेखाचित्र, अन्तर्वार्ता, समीक्षा आदि) भन्दा पत्रिकाका लागि मबाट बरू निबन्ध-सिर्जना नै प्राप्त होस् भन्ने आग्रह राख्नुहुन्छ) ।

यसरी 'हाम्रो पुरुषार्थ' सित भएको मेरो परिचय क्रमशः शशि सर र केहीपछि दीन पन्थी सर हुँदै धेरै जनासँग निकटता र आत्मीयतापूर्ण सम्बन्धमा विकसित हुँदै गयो । पत्रिकाको सुरूआती कालदेखि नै त्यसँग जोडिएर रहनुभएका अग्रज भेषबहादुर कुँवर मलाई आशुकवि जस्ता लाग्नुहुन्थ्यो । उहाँ कविता लेख्नुहुन्थ्यो र बडो मीठो गरी भाका मिलाएर प्रभावशाली ढङ्गले वाचन पनि गर्नुहुन्थ्यो । प्रशन्नता, आनन्द र सन्तोषको कुरा के पनि छ भने, मैले 'हाम्रो पुरुषार्थ' का लागि भनेर नयाँ रचना पठाउँदा पन्थी सरहरू मसित खुसी हुनुहुन्छ ।

कुनै पनि लेखक वा लेखन-योगदानकर्ता-कन्ट्रीब्युटर-का लागि प्रकाशक र व्यवस्थापकहरूसित प्रशन्नता साटासाट गर्न पाउने भएपछि अरू के नै चाहियो र ?

त्यसो त म आफैं पनि पत्रकारिता र म्यागेजिनकारितासित लामो समय जोडिएको हुँदा मलाई राम्रो जानकारी छ, नेपालमा पत्र-पत्रिका निकाल्न-त्यसमा पनि नियमित प्रकाशन गर्न-कतिविधि कठिन छ ! अझ अहिलेको चरम महँगीको समयमा त झन् के कुरा !

सबभन्दा पहिले त सामग्री जुटाउनै महाभारत हुन्छ । जम्मा भएका सामग्री छनोट गरी सम्पादन गर्ने, मिलेसम्म विज्ञापन र अन्य आर्थिक स्रोत खोज्ने, सम्पादकीय लेख्ने र भाषिक शुद्धाशुद्धी जाँच गर्नेदेखि लिएर पेज लेआउटसम्म र त्यसपछि प्रेसमा छापिएर आएदेखि पत्रिका-कार्यालयमा भण्डारण गर्ने र आजीवन वा वार्षिक ग्राहकको घर-ठेगानामा पठाउने वा कतिपयलाई त हुलाकबाट वा बस आदि गाडीबाट पठाउनुपर्ने, कतिपय पुस्तक-पत्रपत्रिका पसलमा पठाउन वा पुर्‍याउनुपर्ने आदि अनेक जीवन्त कार्यभार हुन्छन् ।

यसमा पनि पत्रिकाको निश्चित मापदण्डअनुसारको भाषिकदेखि सामग्रीजन्य स्तरीयता कायम राख्नु सबैभन्दा ठूलो चुनौती हुन्छ । त्यसमा झन् प्रत्येक पछिल्लो अङ्क अगिल्लोभन्दा फरक एवं पठनीय बनाउनुपर्ने हाँक त सधैं रहन्छ नै । अन्यत्र छापिइसकेको रचना आफ्नो पत्रिका फेरि जस्ताको तस्तै नछापियोस् भन्नेतिर पनि उत्तिकै चनाखो रहनुपर्ने अवस्था रहन्छ । यतिमात्र होइन, बदलिँदो समयसँगै पत्रिकाको आवरणदेखि भित्री साज-सज्जा वा डिजाइन अधिकतम पाठक-मैत्री र थप आकर्षक बनाउनुपर्ने आवश्यकताको बोध पत्रिका-व्यवस्थापनले जति छिटो गर्न सक्यो, त्यति नै राम्रो ।

यी यावत् प्रक्रियाहरूको व्यवस्थापन 'हाम्रो पुरुषार्थ' ले के कसरी गर्छ होला ? आखिर ऊसँग जनशक्ति पनि त थोरै मात्र छ । त्यसमा पनि सुरूदेखि नै आर्थिक अभावसँग जुझिरहेको व्यवस्थापन-समूहले अहिलेसम्म जे जति अङ्क वा पूर्णाङ्कहरू निकालेको छ, मलाई लाग्छ, कुनै पनि रचनाको पारिश्रमिक-पेमेन्ट फर आर्टिकल वा रयुमीनेरेसन-दिन सकेको छैन, र दिएको पनि छैन । फेरि, थाहा पनि छैन-कहिले पो 'हाम्रो पुरुषार्थ' व्यवस्थापनसँग पउल रकम हुन्छ र अन्य सबै कार्य-व्यापार सम्पन्न गरिसकेर सर्जकहरूलाई लेख-रचनाको पारिश्रमिक दिन सक्ने छ ! मलाई लाग्छ, पत्रिकालाई थप स्तरीय र व्यापक सहभागितामूलक बनाउनसमेत अब क्रमशः यसतर्फ पनि सोच्ने बेला आइसकेको छ । असल चलन बसाल्न गाहारो हुन्छ तर चलिसकेपछि स्वागतयोग्य, अनुकरणीय एवं प्रशंसनीय हुन्छ ।

खैर, पारिश्रमिकको सन्दर्भ अलि टाढैको भयो । मूल कुरा जेनतेन वा दुःखम-सुखम पत्रिका नियमित प्रकाशन भइरहेको छ, त्यसैलाई उपलब्धि मान्नुपर्ने अवस्था छ । (राजधानीबाट सरकारी तवरबाट निस्कने 'मधुपर्क' अनि निजी तवरबाट निस्किइरहेका 'अभिव्यक्ति' र 'रचना' गरी तीन पत्रिका बाहेक) आखिर

*अझ अहिले त सजिलो के पनि भएको छ भने यो पत्रिका किनेर पढ्नका लागि यदि बजारसम्म जान सकिएन वा किन्न सहज भएन भने पनि फिक्री गर्नु पर्दैन किनभने अब यो पत्रिका इन्टरनेटमा पनि उपलब्ध छ-'हाम्रो पुरुषार्थ डट कम' टाइप गरेपछि कम्प्युटर, मोबाइल वा ल्यापटप जुनै उपकरणमा पनि पत्रिका पढ्न सकिन्छ । नवीनतमदेखि पुराना अङ्कहरूसम्म एकेक गर्दै त्यो इन्टरनेट साइटमा धैर्यपूर्वक अध्ययन गर्न सकिन्छ ।*

देशमा अरू कतिओटा पो निजी प्रयासमा निस्कने यस्ता पत्रिका छन् र जुन यसरी राजधानी वा राजधानीबाहिरका कुनै पनि जिल्लाबाट पछिल्ला पचास वर्षदेखि लगातार प्रकाशन हुँदै आइरहेका छन् ? यस नजरबाट हेर्दा 'हाम्रो पुरुषार्थ' नेपाली भाषा र साहित्यको निःस्वार्थ सेवाको एक उच्चतम स्वरूप भनेर मान्नुपर्ने देखिन्छ ।

यसर्थ भन्न सकिन्छ-'हाम्रो पुरुषार्थ' केवल एक पत्रिका मात्र होइन, बरू केवल गुल्मी जिल्ला नभएर समग्र लुम्बिनी प्रदेश र पश्चिम क्षेत्रकै गौरव हो ।

र, अहिले हामीसँग हातेमालो गर्दै अगाडि बढिरहेको वर्ष (विक्रमाब्द २०८०) 'हाम्रो पुरुषार्थ' प्रकाशनको स्वर्णवर्ष हो । रोचक संयोग पनि बनेको छ, थालनीका वर्षमा केवल एउटा अङ्क मात्र निकाल्ने गरी छापिन सुरू भएको यो पत्रिका आफ्नो प्रकाशनको पचास वर्ष पुग्दा आवधिक स्वरूपमा त्रैमासिक बनेको छ र यतिबेला आफ्नो शताङ्क वा सयौं अङ्क निकाल्ने अवस्थामा उभिएको छ । पाठकले प्रस्तुत पङ्क्तिहरू त्यही विशिष्ट अङ्कका कुनै पानामा पढ्दै हुनुहुन्छ ।

अझ अहिले त सजिलो के पनि भएको छ भने यो पत्रिका किनेर पढ्नका लागि यदि बजारसम्म जान सकिएन वा किन्न सहज भएन भने पनि फिक्री गर्नु पर्दैन किनभने अब यो पत्रिका इन्टरनेटमा पनि उपलब्ध छ-'हाम्रो पुरुषार्थ डट कम' टाइप गरेपछि कम्प्युटर, मोबाइल वा ल्यापटप जुनै उपकरणमा पनि पत्रिका पढ्न सकिन्छ । नवीनतमदेखि पुराना अङ्कहरूसम्म एकेक गर्दै त्यो इन्टरनेट साइटमा धैर्यपूर्वक अध्ययन गर्न सकिन्छ ।

मलाई लाग्छ, वास्तवमा किताबमा र, त्यस मानेमा खास विधा समेटेर निस्कने पत्रिका वा म्यागेजिनमा पनि-केही आकर्षक एवं रहस्यमय तत्त्व लुकेको हुन्छ । त्यही कारण त हामी केही नयाँ ज्ञान, मनोरञ्जन र अनुभव पाउनका लागि नयाँ-पुराना किताब अनि पत्र-पत्रिकाहरू पढ्ने गर्छौं । बेलाबखत त दिक्क लागेको बेला वा निराशाले घेरिएको बेला अथवा एकान्तिकताले सताइएको बेला पनि किताब वा म्यागेजिनको शरणमा पुगिएको हुन्छ ।

*कुनै पनि पत्रिकाका लागि पचास वर्षको समय र शताङ्कसम्मको यात्रावधि छोटो हुनै सक्दैन; त्यसमा पनि अहिले र आउँदा दिनहरूमा समेत किरण पुस्तकालयसँगै 'हाम्रो पुरुषार्थ'ले अन्य तमाम पक्षहरूका अतिरिक्त समाजमा कम्तीमा केही भए पनि पठन-संस्कृतिको जगेर्ना र विकास त गरिरहेकै छ नि । पुस्तकालय होस् वा 'हाम्रो पुरुषार्थ', दुबैको लक्ष्य र मान्यता एउटै छ- किताब वा पत्र-पत्रिकाको महत्त्व त्यसलाई पढ्नुमा छ, फगत त्यसलाई हेर्नु वा किनेर थन्क्याउनुमा होइन ।*

त्यो अवस्था किताब वा खास विषयक म्यागेजिन पढेरै प्राप्त हुन्छ जतिबेला हामी कतै कुनै एक्लो ठाउँ वा घरमै बसिरहेको भए पनि पठन-सामग्रीले पस्केको कल्पनाको महाउडानमा हुन्छौं र नजाने कस्ता-कस्ता ठाउँहरू पुगिरहेका हुन्छौं ! भनौं, यसरी पढ्नु भनेको कल्पना मात्र नभएर बरू मस्तिष्ककै गहन यात्रा गर्नु हो । अचेलको समयमा सामाजिक सञ्जालका भित्ता, म्यासेज, टिक-टक, इमेल वा पत्र-पत्रिकामा आउने हेडलाइन आदि मात्र हेरेर संतुष्ट भइबस्नु भनेको त पढ्नु होइन; पठनको उपादेयता र महत्ता पनि होइन ।

विशिष्ट पत्रिका, म्यागेजिन वा किताब पढेर के पाइन्छ ? जवाफ धेरै विस्तारमा जान सक्छ तर मूलतः हो के भने राम्रा (असल पनि) सामग्री पढ्दा त्यसबाट हाम्रो सोच्ने वा विचार गर्ने र अरूलाई हेर्ने क्षमता व्यापक हुन्छ, फरक वा भिन्न किसिमको दृष्टिकोण विकास हुन्छ, र, चलन-चल्तीभन्दा बेग्लै ढङ्गले अथवा आफू बसिरहेको परिधिका अरूहरूभन्दा अलग पाराले सोच्न सिकिन्छ । नयाँ बाटो हिँड्न सिकिन्छ । जीवनवाद, त्यसकारण वर्तमानवाद, सिकिन्छ । राम्रो सामग्रीको पठनले हामीलाई निराशाबाट बाहिर निकाल्छ र आशा एवं विश्वासको नहल्लिने सुन्दर संसारमा डोऱ्याउँछ । बौद्धिक विकासको आधार यिनै पठन-सामग्री हुने गर्दछन् । उही के त बेलायती नाटककार जर्ज बर्नार्ड शाले दशकौं पहिले भने झैं, "सिद्धान्तहरूको लडाइँमा पुस्तकहरू नै सबैभन्दा ठूला हतियार हुने गर्दछन् ।" शा महोदयको भनाइमा पुस्तकहरूसँगै 'हाम्रो पुरुषार्थ' जस्ता अरू थुप्रै राम्रा म्यागेजिन पनि थपी दिए हुन्छ ।

र, पुस्तकहरूसम्म पुग्ने पहिलो बलियो सोपान साहित्यिक वा अन्य विशिष्ट पत्रिका हुने गर्दछन् । 'हाम्रो पुरुषार्थ' त्यस्तै एक माध्यम हो जसले ग्रहण गर्न सक्ने हो भने गम्भीर पाठकलाई आशावादिता, ज्ञानमार्गको उज्यालो र अर्थपूर्ण जीवनको बाटोमा हिँड्न प्रेरित गर्दछ । एक बारको जुनीमा केही पुरुषार्थ गर्न हुट्हुटी पनि दिन्छ ।

*एउटा किताब वा पत्र-पत्रिका पढेर बूढो भइँदैन, उमेर पनि घट्दैन, बरू त्यो पठनले हामीलाई अलि समझदार बनाउँछ, अथवा अलि समझदार बन्न भने पक्कै सघाउँछ । प्रकृतिप्रदत्त साँचो कुरा एउटै छ-समय बित्दै जान्छ र त्यससँगै पाठक बूढो हुँदै जान्छ तर त्यसरी जति समय बिते पनि किताब वा पत्रिका कहिल्यै बूढा हुँदैनन् । 'हाम्रो पुरुषार्थ' पनि कहिल्यै बूढो हुँदैन बरू झन् झन् तन्नेरी हुँदै जानेछ ।*

मलाई औधी प्रसन्नता छ, म पनि केही कुनै रूपमा यस पत्रिकासित जोडिन पाएको छु । यो यात्रा अव्याघात जारी रहने छ भन्ने पनि ठान्दछु । किन पनि भने कुनै पनि पत्रिकाका लागि पचास वर्षको समय र शताङ्कसम्मको यात्रावधि छोटो हुनै सक्दैन; त्यसमा पनि अहिले र आउँदा दिनहरूमा समेत किरण पुस्तकालयसँगै 'हाम्रो पुरुषार्थ'ले अन्य तमाम पक्षहरूका अतिरिक्त समाजमा कम्तीमा केही भए पनि पठन-संस्कृतिको जगेर्ना र विकास त गरिरहेकै छ नि । पुस्तकालय होस् वा 'हाम्रो पुरुषार्थ', दुबैको लक्ष्य र मान्यता एउटै छ-किताब वा पत्र-पत्रिकाको महत्त्व त्यसलाई पढ्नुमा छ, फगत त्यसलाई हेर्नु वा किनेर थन्क्याउनुमा होइन ।

उसै पनि एउटा किताब वा पत्र-पत्रिका पढेर बूढो भइँदैन, उमेर पनि घट्दैन, बरू त्यो पठनले हामीलाई अलि समझदार बनाउँछ, अथवा अलि समझदार बन्न भने पक्कै सघाउँछ । प्रकृतिप्रदत्त साँचो कुरा एउटै छ-समय बित्दै जान्छ र त्यससँगै पाठक बूढो हुँदै जान्छ तर त्यसरी जति समय बिते पनि किताब वा पत्रिका कहिल्यै बूढा हुँदैनन् । 'हाम्रो पुरुषार्थ' पनि कहिल्यै बूढो हुँदैन बरू झन् झन् तन्नेरी हुँदै जानेछ ।


**लामो समयदेखि पत्रकारिता गर्दै आइरहेका लेखक गौतम निबन्ध, अनुस्मरण, यात्रा-संस्मरण, अनुवाद, खेलकुद, रेखाचित्र-व्यक्ति परिचय- लेखनका साथै सम्पादनमा सक्रिय हुनुहुन्छ ।**

०००

**मात्र रू.५,०००।- मा**
**'हाम्रो पुरुषार्थ'को आजीवन ग्राहक बन्न सकिन्छ !**

// लेख //

# गुल्मी जिल्लाको पार्थ हाम्रो पुरुषार्थ



लक्ष्मण ज्ञवाली

ऋषिमुनिहरूको तपोभूमि, प्रकृतिले सिंगारेको पुण्य स्थल रेसुङ्गाको काखमा अवस्थित सुन्दर तम्घास बजारमा २०२५ सालमा स्थापित "किरण पुस्तकालय तम्घास, गुल्मी" देशकै व्यवस्थित पुस्तकालयमध्ये पर्दछ । गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा अवस्थित यस पुस्तकालयले पश्चिमाञ्चलमा आफनो दह्रो उपस्थिति जनाएको छ । यस वर्ष यस पुस्तकालयले आफ्नो प्रकाशन "हाम्रो पुरुषार्थ" पत्रिकाको १०० औं विशेषाङ्क प्रकाशित गर्न गइरहेको कुरा मित्र प्रा.डा. हिरण्यलाल ज्ञवालीजीले बताउनुभयो र भन्नुभयो तपाईंले पनि एउटा लेख समयभित्रै पठाउनुपर्स्यो । मित्रका कुराले मलाई लेख्न प्रेरित गर्‍यो ।

त्यसपछि मैले मेरो सानो किताब राख्ने दराजका किताबहरू पल्टाई पल्टाईकन खोजें "हाम्रो पुरुषार्थ" को एउटा अङ्क फेला पारें (वर्ष १४ संपूर्णङ्क २७ अङ्क २, २०४४) झण्डै ३५ । ३६ वर्ष पहिलेको अङ्क सुरक्षित राख्न सकेकोमा आफैलाई धन्य सम्झें । यसै अङ्कलाई आधार बनाएर सयौं विशेषाङ्कको लागि सम्पूर्णाङ्क २७ को चर्चा परिचर्चा, विवेचना, लेख तयार पार्ने निधो गरें ।

**पहिलो पृष्ठ**

यस पृष्ठमा २०२५ सालमा स्थापना भएको किरण पुस्ताकालय तम्घास गुल्मीको, लोगो, गोलाकार बीच भागमा पुस्तकाकार, तलपट्टि "श्रुतम् मे गोपाय" र बाहिरी वृतमा पुस्तकालयको नाम तथा तलपट्टि स्था २०२५ लेखिएको छ । यस पुस्तकालयले हाम्रो पुरुषार्थ अर्धवार्षिक पत्रिका प्रकाशनको भूमिका निर्वाह गरेको रहेछ । यसका सम्पादक शशि पन्थी, सह-सम्पादक दीन पन्थी सहायक सम्पादकमा भेषबहादुर कुँवर हुनुहुन्छ । गणेश प्रिन्टर्स वसन्तपुर टोल पाल्पा तानसेनमा लेटर प्रेसमा छापिएको पुस्तकको कभर पेजमा शुभ सगुनको प्रतीक "कलश" राखिएको छ । तत् समयको लेटर प्रेसको जमानामा यसको साजसज्जा उत्तम मानिन्थ्यो । यसको जम्मा मूल्य रू ५ मात्र छ ।

## दोस्रो पृष्ठ

यो पृष्ठमा पत्रिकाको सम्पूर्ण शीर्षकीय जानकारी पाउन सकिन्छ जसमा–कुटुरो फुकाउँदा (विषय-सूची), स्थायी स्तम्भ, र कति, के, कस्को, कहाँ बनाइएको सूचीपत्र तयार गरिएको छ । त्यसमा विद्वान् लेखक साहित्यकारका १२ वटा लेख–रचनाहरू छन् भने स्थायी स्तम्भमा सम्पादकीय, किरण पुस्तकालयको पातो, पाठक–प्रतिक्रिया, "नौलो सृष्टि : सानो दृष्टि", आजीवन ग्राहकहरूको नामावली राखिएको छ । विभिन्न खर्चहरूलाई व्यवस्थित गर्न साना ठूला गरी २०वटा विज्ञापन संकलन गरी यसैमा छपाइ गरेको छ यसरी कभर पेजसहित ६० पेजको सुन्दर किताब तयार भएको छ ।

## स्थायी स्तम्भ–सम्पादकीय

चर्चित ऐतिहासिक साहित्यिक एवम् शैक्षिक व्यक्तित्व सरदार रुद्रराज पाण्डेज्यूको निधनप्रति श्रद्धासुमन अर्पण गर्दै उहाँका दर्जनौं अजर अमर कृतिहरूको चर्चा गरिएको छ । त्यसैगरी नेपाली साहित्यको उपन्यास विधाको इतिहासमा एउटा विशिष्ट "मोड" ल्याउने रत्नको रूपमा उहाँको नाम नेपाली साहित्य जीवित रहेसम्म चर्चित रहिरहने छ, अमर रहने छ । यिनै शब्द पुष्पाञ्जलि समर्पण गर्दछौं भन्दै सम्पादकीयको अन्त्य गरिएको छ ।

## किरण पुस्तकालयको पातो–

नाम दिइएको यो पातो पुस्तकालयका गतिविधिहरूको जानकारी गराउने सचिवको पातो हो जस्मा देशका चर्चित महाकवि, कविहरूका जन्म जयन्तीहरूमा साहित्यक कार्यक्रम गर्ने, राजारानीको जन्मोत्सवमा प्रतियोगितात्मक साहित्य गोष्ठीको आयोजना गर्ने कुरा राखिएको छ । नयाँ पुस्तक रुरुक्षेत्र प्रकाशनमा ल्याएको कुरा जनाइएको छ । त्यसैगरी पुस्तकहरू थप्ने आजीवन सदस्यता बढाउने, समिति पुनर्गठन गर्ने कुराहरू उल्लेख गरिएको छ ।

## अन्तर्वार्ता

प्रसिद्ध कविवर मोहन कोइरालासँग दुर्गाप्रसाद अर्यालले लिनुभएको अन्तर्वार्ता पठनीय छ । उहाँले जीवनमा भोग्नु परेका अप्ठ्याराहरू र साहित्य सिर्जना गर्न प्रेरित हुनु, प्रज्ञाप्रतिष्ठानसम्म पुग्नु, फेरि फर्किनु आदि अनेकन प्रसङ्गका कुराकानी छन् । खासगरी कविताको साहित्य सिर्जनाको क्षेत्रमा लाग्नेहरूका लागि यो अन्तर्वार्ता प्रेरणादायी छ ।

उहाँ भन्नुहुन्छ "कविता सुबोधता र दुर्बोधताले म नाप्दिन" कविता सर्वाङ्गीण रूपबाट जाँचिनुपर्छ । उहाँको कथन स्पष्ट छ ।

त्यसपछिको पेज विष्णु खनालका दुईवटा कविताले पाएका छन् । "सल्लाह र संस्कार" उक्त कवितामा कविले देशप्रतिको गहिरो चिन्ता व्यक्त गर्दै लेखेका छन्- मेरो देशलाई भयङ्कर रोग लागेको छ, उपचार गर्नेले खेलबाड नगर्नु भन्ने सल्लाह दिएका छन् ।

तेह्रौ पृष्ठमा "बृहत् नेपाली व्याकरणको कारक प्रक्रिया" शीर्षकमा प्रकाण्ड विद्वान् भाषा तथा संस्कृतिविद् डा. टीकाराम पन्थीको भाषा व्याकरणसम्बन्धी लामो लेख छ । भाषिक शुद्धता कसरी कायम गर्न सकिन्छ भन्ने बारेमा सप्रयोग व्याख्या गर्नुभएको उहाँको लेख भाषा शुद्धताको लागि कोसेढुङ्गा सावित भएको छ ।

१८औं पृष्ठमा कवि नरेन्द्र चापागाईका "बगिरहेछ" "बादलसंग" र "आमासँग" शीर्षकका तीन लघु कविता छन् । जसमा आमासँग शीर्षकको कविता बेजोड र रोजाइको कविता छ ।

एक्काईसौं पृष्ठमा वरिष्ठ साहित्यकार मोदनाथ प्रश्रितले गौर जेलबाट पठाउनुभएको "जातपात छुवाछूत एक चर्चा" शीर्षकको लेख छ । जो सामाजिक सांस्कृतिक रूढीवादी परम्परा विरूद्ध लेखिएको सर्वाधिक चर्चित लेख हो । जो पछि गएर "आस्था र प्रथा एक विवेचना" पुस्तकको रूपमा प्रकाशित भयो ।

सत्ताईसौं पृष्ठमा कवि गोविन्द भण्डारीको "प्यारो दिन आइपुग्दा" भन्ने शीर्षकको कविता छ । देश प्रेमले ओतप्रोत मार्मिक छन्दोबद्ध कविता पढ्दा पाठकको मन आल्हादित हुन्छ । पन्ध्र वर्षको विद्यार्थी उमेरमै कवि भण्डारीले आफनो कृति प्रकाशित गरेर आफनो प्रतिभालाई उजागर गर्न सफल विद्यार्थी हुन् । अत्यन्तै मृदुभाषी, मेहनती, साहित्यप्रेमी भण्डारीको प्लेन दुर्घटनामा अल्पायुमै निधन भएको थियो । कास उनि बाँचेका भए उनको साहित्यिक प्रतिभा देशमै गन्न लायक हुने थियो भन्ने अनुमान गर्न सकिन्छ ।

अठ्ठाईसौं पृष्ठमा भरतराज पन्थको "मेरो देश र म" शीर्षकको कविता छ । कविताले देश प्रेम बोलेको छ । कविताका सुन्दर पंक्तिहरू-

**"काँडा र कङ्कड पटापट पारी भाँचू**
**"यो जिन्दगी म यस देश निमित्त साँचू ।"**

भन्दै कविता टुङ्गिएको छ ।

उन्तीसौं पृष्ठमा कथाकार गोपालचन्द्र गौतमको "आर २२८" शीर्षकको रोचक कथा छ । जागिरे जीवनमा भोग्नु परेका घटना परिघटनाहरूको सूक्ष्म अध्ययन सहित परिवन्द, ईर्ष्या, लोभ, लालचले मानिसलाई कुन दिशातर्फ अग्रसर बनाउँछ भन्ने विषय समेटेर कथानक अन्त्य गरिएको पठनीय लामो कथा छ ।

बत्तीसौं पृष्ठमा वरिष्ठ साहित्यकार व्यङ्ग्य निबन्धकार चोलेश्वर शर्माको "भ्यागुता महान्" भन्ने शीर्षकको व्यङ्ग्य निबन्ध प्रकाशित छ । प्रकृतिले उभयचर

भ्यागुताहरू महान् हुन भन्दै शुरू भएको निबन्ध अत्यन्त सफलतापूर्वक शिखर चर्चामा पुगेको छ । "माछो माछो भ्यागुतो" हाम्रो बाल क्रिडाको, जीवन र दर्शनको निचोड हो । साहित्यमा भ्यागुताको संसार छ, संगीतमा भ्यागुताको संसार छ, कविशिरोमणि लेखनाथ पोड्यालको ऋतुविचार, नगेन्द्र शर्माको अण्डादेखि भ्यागुतोसम्म केकेमञ्चयोका कथा, किशोर नेपालको भ्यागुता वर्णन आदि त्यसका उदाहरण हुन् । यसैगरी कृषि, विज्ञान, प्रविधि जुनसुकै फाँटमा पनि भ्यागुतो नभई नहुने प्राणी हो भन्दै सकारात्मक महत्त्व दर्शाउनुभएको छ भने अर्कोतर्फ राज्य संयन्त्रका सम्पूर्ण सरोकारवालाई नेपालका भ्यागुता हराइरहेका छन् । तिनको कुनै सोध-खोज लेखा-जोखा छैन राज्य संधै कुवाको भ्यागुताभै भएर बसेको व्यङ्ग्य कस्नुभएको छ । यसरी लामो रोचक व्यङ्ग्य निबन्ध टुङ्गिएको छ ।

४१औं पृष्ठमा कवि भेषबहादुर कुँवर "प्रयासी"को "काल र म" शीर्षकको कविता छ । जस्को सपनामा जीवन-जगत् समेटिएको छ । काल हर्दम आफनै कोखिलामा च्यापेर हिंड्नु जीव-जगत्को नियति हो भन्ने कुरा दर्शाइएको छ ।

४३ औं पृष्ठमा बुद्धजयन्तीको सन्दर्भमा "गौतम बुद्ध-जीवनी र विचारधारा" शीर्षकको साहित्यकार दीन पन्थीले लेख्नुभएको लेख छ ।

सिद्धार्थ गौतम कसरी बुद्ध भए ? चार आर्य सत्य के हुन् ? दुःखका कारण के हुन् ? आदिबारे विस्तृत चर्चा गरिएको छ । अन्त्यमा यस लेखमा बुद्धका दशशील (उपदेश)हरू-हिंसा नगर्नु, चोरी नगर्नु, झुठो नबोल्नु, मध्यपान नगर्नु, ब्रम्हचर्य पालन गर्नु, रातमा नखानु, भुइमा गुन्द्री ओछ्याई सुत्नु, फुलको माला र सुगन्धित पदार्थ धारण नगर्नु, नाचगान बजानबाट टाढा रहनु, सुनचाँदी धातुको लोभ नगर्नु आदि दशवटा उपदेश (शील)बाट सदाचार, सत्कर्म, सादा जीवन उच्च विचारलाई प्राथमिकता दिएर समाजमा रहेका विकृत मनोवृत्तिहरूलाई हटाएर सुन्दर समाज निर्माण गर्न सकिने कुरा नै बुद्धले देखाएको मार्ग हो भनिएको छ । बुद्धका यिनै शास्वत वाणीहरूबाट सिंचित ज्ञानले विश्वशान्ति स्थापना कार्यमा ठूलो योगदान गरेको उल्लेख गर्दै लेखलाई अन्त्य गरिएको छ ।

४७ औं पृष्ठमा "शिल्यान्यास नाटकको अवलोकन" शीर्षकमा लेखक दुर्गाप्रसाद अर्यालले लेख्नुभएको लेख छ । साहित्यकार नाटककार भीमनिधि तिवारीज्यूको व्यक्तित्व र कृतित्त्वबारे चर्चा गर्नुका साथै उहाँको जीवनकालमा नाट्य विधामा उहाँले प्रकाशित गर्नुभएका १६१७ वटा नाट्य कृतिमध्ये "शिलन्यास नाटक" प्रमुख कृति हो । वि.सं. १६१७ तिरको ऐतिहासिक घटनालाई नाटकीयता प्रदान गरी रचिएको नाटकमा द्रव्य शाहको लोकप्रियता, प्रजावत्सलता तथा जनताको उनीप्रतिको विश्वास, राज्य मर्यादाको रूपमा उतारिएको कुरा उल्लेख छ । यस शिलन्यास नाटक सम्बन्धमा प्रकाण्ड विद्वान् योगी नरहरिनाथको टिप्पणीलाई

उल्लेख गरिएको छ र भनिएको छ "यसमा शृङ्खलाबद्ध ऐतिहासिक घटना, मनोहर प्रकृति चित्रण, यर्थाथ सामाजिक प्रतिविम्ब, अलङ्कारमय प्रवाहशील भाषा र आकर्षक भावव्यन्जना छन् । स्वभावोक्ति र पात्र चरित्र पनि समुचित छन् । कल्पित औपन्यासिक नाटकभन्दा यस्तो ऐतिहासिक काव्य नाटक राष्ट्रका हितकारक हुन्छन्" भन्ने योगी नरहरिनाथको टिप्पणीसहित लेखको अन्त्य गरिएको छ ।

**५१ औं पृष्ठ पाठक-प्रतिक्रियाको पातो छ ।**

यसमा वर्ष १४ सम्पूर्णाङ्क २६ औं अङ्कको प्रतिक्रियाहरू प्रकाशन गरिएको छ । जसको संयोजन साहित्यकार प्रेमनाथ अर्यालले गर्नुभएको छ । "हाम्रो पुरुषार्थ"का प्रकाशक किरण पुस्तकालय, सम्पादकहरू, व्यस्थापकहरूलाई धन्यवाद व्यक्त गर्दै, उहाँहरूको अठोट, लगनशीलता कठोर परिश्रम अनुशासन र तपस्याको फलले गर्दा हाम्रो पुरुषार्थले निरन्तरता पाउन सकेको कुरा उल्लेख गरिएको छ ।

यस अङ्कमा देशकै प्रकाण्ड विद्वान् बद्रीनाथ भट्टराईको अन्तर्वार्ता, डा. टीकाराम पन्थीको सांस्कृतिक लेख, मदन मुमुक्षुको कथा "मतदान", नारायण आचार्यको कथा, "चिची" पूर्णप्रसाद ब्राह्मणको कविता "अश्वत्थामाको कर्मयोग" भरतराज पन्तको कविता "कटुसत्य", कुलमणि देबकोटाको "गुल्मी पाल्पा सम्मेलन", उप-प्राध्यापक सुदीप बागचीको "नव प्रभात तिम्रो आज नव स्वागत", चोलेश्वर शर्माको "साहित्य र मृत्युबारे फाटफुट कुरा", ऋषिकेश उपाध्यायको "हास्य व्यङ्ग्य विधा एक समीक्षा" रहेको र यस अङ्कका सबै सामग्रीहरू, स्तरीय रहेको उल्लेख गरिएको छ ।

५३ औं पृष्ठमा नौलो सृष्टि : सानो दृष्टिको पातो समावेश छ । यसलाई साहित्यकार भारद्वाजले संयोजन गर्नुभएको छ ।

**रुरुक्षेत्र–**

२०४३ सालको माघे सक्रान्तिको शुभ दिन पारेर किरण पुस्तकालयले आफनो प्रकाशन मालाको ५ औं प्रकाशनको रूपमा पवित्र तीर्थ स्थल रुरुक्षेत्रको नामबाट पुस्तकको प्रकाशनको थालनी गरेको कुरा उल्लेख छ । जसको लेखक केशवप्रसाद पौड्याल हुनुहुन्छ । यस पुस्तकमा रुरु महिमा यस रिडी तीर्थस्थलको पौराणिक, धार्मिक र ऐतिहासिक महत्त्वका कुराहरूको विशद् चर्चा परिचर्चा गरिएका लेखहरू समावेश छन् । कालिगण्डीको महिमा वर्णित छ । यस पुस्तकका प्रकाशकीय र बल्लभमणि दाहालका "दुई कुरा"बाट पनि पुस्तकको विषयवस्तु र उपादेयता छर्लङ्गिन गएको बताइएको छ ।

**साहस -**

यो पत्रिका २०४३ सालको वैशाख महिनामा म्याग्दी जिल्लाको म्याग्दी पुस्तकालयबाट प्रकाशित गरिएको छ । जसको नाम साहस राखिएको छ । सुर्दशनकुमार श्रेष्ठ र कर्णबहादुर बानियाको सम्पादकत्वमा सम्पादित उक्त पत्रिकामा म्याग्दी जिल्लाका साहित्यिक गतिविधि र साहित्यकारहरूका रचनालाई प्रकाशित गरी नेपाली साहित्यको सेवामा तल्लीन रहेका सशक्त युवा समुदायको जोश र जाँगरको प्रतीक "सहास" भएको जनाइएको छ ।

*गुल्मीको तम्घासमा रहेर यसै जिल्लालाई कर्म थलो बनाएर आफना साहित्यिक गतिविधिहरूलाई अघि बढाउँदै समग्र जिल्लामा मात्र नभै राष्ट्र, अन्तर्राष्ट्रमा समेत नेपाली भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याई 'हाम्रो पुरुषार्थ' गुल्मीको शान बनेको छ ।*

अन्तिम पातोमा हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरूको नामावाली प्रकाशन गरिएको छ । यो अङ्क प्रकाशित हुँदासम्म आजीवन ग्राहकहरूको संख्या ३७३ जना भएको कुरा जनाइएको छ ।

यसरी हाम्रो पुरुषार्थको वर्ष १४ अङ्क २ सम्पूर्णाङ्क २७ लाई सरसरती केलाउँदा र संक्षिप्त विवेचना गर्दा यस अङ्कमा प्रबुद्ध साहित्यिक व्यक्तित्वहरूका अत्यन्तै स्तरीय रचनाहरू प्रकाशित भएका छन् । विधागत विविधताले रचनाहरू पठनीय बनेका छन् र यो साहित्यिक पत्रिका संग्रहणीय बनेको छ ।

मोफसलमा रहेर पनि किरण पुस्तकालयले आफनो उच्चतम लक्ष्य हासिल गर्ने प्रयत्न गरिरहेको छ ।

गुल्मीको तम्घासमा रहेर यसै जिल्लालाई कर्म थलो बनाएर आफना साहित्यिक गतिविधिहरूलाई अघि बढाउँदै समग्र जिल्लामा मात्र नभै राष्ट्र, अन्तर्राष्ट्रमा समेत नेपाली भाषा, साहित्य, कला, संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याई 'हाम्रो पुरुषार्थ' गुल्मीको शान बनेको छ ।

"हाम्रो पुरुषार्थ" को निरन्तरता सयौं विशेषाङ्क प्रकाशन त्यसैको प्रतिफल हो । किरण पुस्तकालय राजधानीका पुस्तकालयभन्दा कुनै मानेमा कम छैन भन्न सकिने भएको छ, सुव्यवस्थित छ, सुसंगठित छ र प्रविधिमैत्री बनेको छ । यस पुनीत कार्यका लागि यस संस्थाका संस्थापकज्यूहरू, संचालकज्यूहरू, सम्पादकज्यूहरू शशि पन्थी, दीन पन्थी आदिलाई सहस्र धन्यवाद, बधाई तथा शुभकामना व्यक्त गर्दछु ।

**तिलोत्तमा १, नीलगिरि पथ, शंकरनगर रूपन्देही ।**

ooo

// लेख //

# हाम्रो पुरुषार्थको प्रारम्भिक अङ्क र स्थानीय परिवेश



गोकर्ण मरासिनी

*हाम्रो पुरुषार्थ केवल साहित्यिक पत्रिका मात्र होइन र थिएन । यो त यस क्षेत्रका लागि तत्कालीन घटना र परिवेशको इतिहास पनि हो । जिल्लाका साहित्यनुरागी र सिकारू साहित्यप्रेमीका लागि प्रेरणाको स्रोत पनि हो । सुविधा सम्पन्न ठाउँमा बसेर र आर्थिक रूपमा सक्षम भएर पत्रिका चलाउनु अर्कै कुरा हो तर गुल्मीजस्तो तत्कालीन रूपमा दुर्गम ठाउँबाट यस प्रकारको आँट गर्नु सामान्य घटना थिएन ।*

हाम्रो पुरुषार्थको एक सयौं अङ्क प्रकाशित हुँदै गरेको सुन्दा विगतको त्यो समय र परिवेश सम्झेर नजिकको पाठक भएका नाताले अचम्मित र आश्चर्यचकित हुन पुगें । प्रथम अङ्कको प्रकाशन भएको पाँच दशक बितिसकेको छ । पाँच दशकअगाडि फर्केर ती दिनको संस्मरण गर्दा रोमाञ्चकारी क्षणहरू आँखा वरिपरि घुम्दै छन् । हाम्रो पुरुषार्थका लागि-यसको उन्नयनमा साथ र सहयोग गर्ने सम्पादन समूहका केही सदस्य, कवि लेखक र अन्य सहयोगीहरू कतिपय यो संसारमा आज हुनुहुन्न । आजका दिनमा ती दिवंगत सहयोगी हातहरूप्रति सम्मान गर्न मन लाग्दछ । सबैको साथ सहयोगले आज हाम्रो पुरुषार्थको एक सयौं अङ्कको प्रकाशन हुँदै गर्दा विगतका ९९ अङ्कका लागि यसका प्रमुख हर्ताकर्ता आदरणीय शशि सरले के कति व्यवधान, समय र साधना लगानी गर्नुभएको होला जस कसैले मेसो पाउने विषय नै होइन । कुनै पनि पत्रिकाको नयाँ अङ्क पाठकको हातमा आइपुग्दा यसका पछाडि खर्चिनु परेको मेहनत र साधना सबै पाठकहरूको लागि चासोको विषय पनि होइन । यातायात, सञ्चार र प्रविधिमा आज देखिएको परिवर्तन र पाँच दशकअघिको त्यो परिवेश सम्झिदा कसरी यसको प्रकाशनलाई नियमितता दिइएको होला भनेर अनुमान गर्न कठिन लाग्दछ । प्रकाशनका लागि आर्थिक स्रोतको जोहो, लेखक कविहरूसँग

रचनाहरूका लागि दौडधुप, प्रकाशनका लागि जिल्लाबाहिर र कतिपय अङ्कका लागि भारत बनारससम्मको यात्रा गर्नु पर्दाका क्षणहरू कसरी पार लगाइएका होलान् सम्झिंदा उदेक लागेर आउँछ ।

हाम्रो पुरुषार्थ केवल साहित्यिक पत्रिका मात्र होइन र थिएन । यो त यस क्षेत्रका लागि तत्कालीन घटना र परिवेशको इतिहास पनि हो । जिल्लाका साहित्यनुरागी र सिकारू साहित्यप्रेमीका लागि प्रेरणाको स्रोत पनि हो । सुविधा सम्पन्न ठाउँमा बसेर र आर्थिक रूपमा सक्षम भएर पत्रिका चलाउनु अर्कै कुरा हो तर गुल्मीजस्तो तत्कालीन रूपमा दुर्गम ठाउँबाट यस प्रकारको आँट गर्नु सामान्य घटना थिएन ।

हाम्रो पुरुषार्थको सयौं अङ्कको लागि कुनै खास विधा र क्षेत्रका लागि सीमित भएर गहिरो अध्ययन र मेहनत गर्न अल्छी लागेपछि स्थानीयवासीको हैसियतले किरण पुस्तकालय, हाम्रो पुरुषार्थको प्रारम्भिक अङ्क र तत्कालीन स्थानीय सेरोफेरोमा रहेर व्यक्तिगत रूपमा आफूलाई लागेका कुराको सर्सती सानो टिपोट लेख्ने जमर्को गरेको छु । यसमा रहेका अधुरा जानकारीका लागि क्षमाप्रार्थी छु ।

## किरण पुस्तकालय

२०२५ कात्तिक २० गतेका दिन १ सय ३० पुस्तकहरू दर्ता गरेर स्थानीय जागरूक युवाहरूको प्रयासले किरण पुस्तकालयको स्थापना गरिएको थियो । शायद पहिलो साधारण सभा हुनुपर्दछ, २०२८/०१/१९ मा डा.टीकाराम पन्थीको अध्यक्षतामा ताराबहादुर थापा–उपाध्यक्ष, शशि पन्थी सचिव, भेषबहादुर कुँवर–कोषाध्यक्ष र नरप्रसाद श्रेष्ठ, रमेशकुमार अर्याल, शंकर थापा सदस्य रहेको समिति बनेको प्रस्तुत अङ्कमा पढ्न पाइन्छ । समितिको प्रारम्भिक बनोट हेर्दा सबै जना शिक्षित, सामाजिक कार्यका लागि अग्रसर भएका उत्साही युवाहरू भएको पाइन्छ । सो अङ्कमा पुस्तकालयको अघिल्लो आर्थिक वर्षको आय व्यय विवरण राखिएको पाइन्छ । आय रू २०७५र व्यय रू ८२९/२८ भएको रहेछ । सचिवको प्रतिवेदन अनुसार ३०/३५ वटा पत्रिका नियमित रूपमा आउने गरेको, १ सयभन्दा बढी सदस्य रहेको र दैनिक रूपमा सरदर २२ जना पाठक आउने गरेको जानकारी दिइएको छ । अल्प पारिश्रमिक दिने गरी रामलाल पाण्डे र काशीनाथ मरासिनीलाई पुस्तकालय सञ्चालन गर्ने जिम्मेवारी दिइएको पाइन्छ । राजा महेन्द्रको शुभ जन्मोत्सवको अवसर पारेर साहित्य गोष्ठीको आयोजना गरिएको र दधिराम सापकोटा, हेमराज सुवेदी र कृष्णबहादुर कुँवर क्रमशः प्रथम, द्वितीय र तृतीय भएको उल्लेख गरिएको छ । तत्कालीन विशेष अधिकृत श्री रूपबहादुर स्वाँरको सहयोग र प्रेरणाले पुस्तकालयको प्रगति भएको उल्लेख

गरिएको छ । पं. श्री देवीदत्त पन्थीको धागिथुम स्थित आफनै गोठमा रहेको पुस्तकालय जिल्लाको सदरमुकाममा अवस्थित प्रशासनिक भवनको ठीक अघिल्तिर रहेको चिटिक्कको सानो भवनमा सार्नुमा तत्कालीन विशेष अधिकृत श्री रूपबहादुर स्वाँरको सहयोग र साथले सम्भव भएको हो । यसरी प्रथम अङ्कमा स्वाभाविक रूपमा पुस्तकालयको स्थापना, यसको प्रगति र क्रियाकलापहरूको जानकारी दिइएको छ ।

## हाम्रो पुरुषार्थको प्रारम्भिक अङ्क

हाम्रो पुरुषार्थको अङ्क १ को प्रकाशन २०३० साल कात्तिक महिनामा भएको छ । हाम्रो पुरुषार्थको पहिलो अङ्कको सम्पादन जिम्मेवारीमा शशि पन्थी-प्रधान सम्पादक, चिरञ्जीवी शर्मा-सम्पादक र भेषबहादुर कुँवर-सहायक सम्पादकको रूपमा रहेको देखिन्छ । प्रारम्भिक अङ्कमा यसका सम्पादक चिरञ्जीवी शर्माले हाम्रो पुरुषार्थ शीर्षकमा–

**कालो भ्रष्टपना पखालि मनको कर्तव्यको चिन्तन**
**गर्दै साहस ली अमूल्य क्षणको जानेर यो गर्जन ।**

**सारा देश विदेश विश्वभरमा भातृत्वको भाव ली**
**यो हाम्रो पुरुषार्थ सार्थक बनी टल्कोस् सधै टल्टली ॥**

भन्दै कविता लेख्नुभएको छ । आगामी दिनमा सार्थक बनी टल्कोस् सधै टल्टली भने जसरी नै पुरुषार्थले आफ्नो सार्थक उपस्थिति जनाउँदै लगेको पाइन्छ । शिक्षा र साहित्यको विकासमा नै सभ्यता र संस्कृतिको उत्थान सम्भव छ ... नेपाली भाषा र साहित्यको सेवामा जिल्ला र गाउँका कुनाकुनाबाट पनि योगदान दिन सकियोस्... भन्दै सम्पादकीय लेखिएको छ । सम्पादकीयमा उद्घोष गरिए जसरी नै यसले जिल्लास्तर र राष्ट्रिय स्तरका सबै खाले लेख-रचनाहरूलाई समावेश गर्दै लगेको पाइन्छ ।

प्रस्तुत अङ्कमा चिरञ्जीवी शर्मा, श्रीधर शर्मा, राजकुमार दिक्पाल, कुलचन्द्र गौतम, टी.थापा, भेषबहादुर कुँवर, हरिहर ज्ञवाली, शशि पन्थी र पद्मप्रसाद पन्थीका कविता, डा.टीकाराम पन्थीको बोली शीर्षकको (लुम्बिनी-गण्डकी-धवलागिरि अञ्चलमा बोलिने) विशेष लेख र चिठ्ठी शीर्षकको लेख छापिएको छ । गणेश प्रसाद शर्मा र पूर्णलाल चुकेका पुस्तकालयसम्बन्धी लेखहरू प्रकाशित भएका छन् ।

प्रथम अङ्कका लागि लेख कविता उपलब्ध गराएका कतिपय लेखक कविहरूलाई व्यक्तिगत रूपमा यो पंक्तिकार चिन्दछ । पहिलो अङ्कका लागि रचना उपलब्ध

गराउनेहरू अधिकांश स्थानीय साहित्यकारहरू रहेका छन् । डा.टीकाराम पन्थी यस क्षेत्रको मात्र नभई राष्ट्रिय स्तरको व्यक्तित्व हुनुहुन्छ । उहाँका भाषा, साहित्य र इतिहाससम्बन्धी अनेक पुस्तकहरू प्रकाशित भएका छन् । लामो समय प्राध्यापन क्षेत्रमा रही सेवा गर्नुभएको र पछि नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानमा प्राज्ञ सदस्यका रूपमा समेत काम गर्नुभएको थियो । प्रस्तुत अङ्कमा उहाँको पश्चिमाञ्चल क्षेत्रमा बोलिने बोली शीर्षकको लेख गहन र पठनीय रहेको छ । प्रस्तुत अङ्कको सबैभन्दा गहन सामग्री यही लेख रहेको पाइन्छ । यस्तै गरी चिठी शीर्षकमा हिन्दु दर्शन निष्क्रिय भयो भनी भाइले लेखेको पत्रको जवाफ दिनुभएको छ, चिठीमा हिन्दु दर्शन, वेदान्त दर्शनसहित अनेकौ कुराहरूको प्रसङ्गसहित दार्शनिक मार्गदर्शन गर्नुभएको छ । हाम्रो पुरुषार्थका पछिल्ला अङ्कहरूमा समेत उहाँका दर्जनौ लेखहरू पढ्न पाइन्छ ।

कवि भेषबहादुर कुँवर प्रयासीको गइन् तिनी दुलही बनेर शीर्षकको कविता छापिएको छ । यो कविता स्थानीय साहित्य प्रतियोगितामा प्रथम भएको विवरण दिइएको छ । कवितामा-भो नरोऊ हे दुलही नानी, अब तिमी नरोऊ, तिम्रो पालो आउंछ भोलि, रूवाउँदै बुहारी भित्राउली-भन्दै आज दुलही बनेका बुहारीहरू भोलि सासू बनेर बुहारी कज्याउनेछन् भन्ने भाव व्यक्त गर्न खोजिएको अनुभूति पाइन्छ । प्रयासी हाम्रो पुरुषार्थको प्रथम प्रकाशनदेखि (शायद) मृत्युपर्यन्त सम्पादकको रूपमा रहनुभएको पाइन्छ । गुल्मी जिल्लासहित यस क्षेत्रमा कविजी भनेर चिनिने उहाँका कविता-संग्रह समेत प्रकाशन भएका छन् । जिल्लाका अनेक पत्रिकाहरूमा उहाँका सयौं कविताहरू प्रकाशन भएका छन् । उहाँले स्थानीय विद्यालयमा शिक्षक भई लामो समय सेवा गर्नुभएको हो ।

प्रथम अङ्कमा पुस्तकालयसम्बन्धी दुईवटा लेखहरू प्रकाशित भएका छन् । पुस्तकालय र पाठक शीर्षकमा गणेशप्रसाद शर्मा र आधुनिक युगमा पुस्तकालयको महत्त्व शीर्षकमा पूर्णलाल चुकेका लेख प्रकाशित भएका छन् । गणेशप्रसाद शर्मा तत्कालीन समयमा राष्ट्रिय वाणिज्य बैंकमा मैनेजरको रूपमा कार्यरत हुनुहुन्थ्यो । पाल्पा घर हुने उहाँका अरू कुनै लेख रचनाहरू हाम्रो पुरुषार्थमा प्रकाशित भएको पाइँदैन । यसैगरी गुल्मी वामीटक्सार घर भई हाल नेपालगञ्जमा बसाइ गर्नुभएका वरिष्ठ पत्रकार पूर्णलाल चुकेका पनि प्रस्तुत लेख पश्चात् अरू कुनै लेख रचनाहरू हाम्रो पुरुषार्थमा प्रकाशन भएको पंक्तिकारलाई जानकारी छैन । यी दुईटै लेखहरूले पुस्तकालयको महत्त्व बारे प्रकाश पारेका छन् ।

प्रस्तुत अङ्कमा शशि पन्थीको महाकवि देवकोटा शीर्षकमा लेख्नुभएको कविता छापिएको छ :-

**अति सुकोमल उच्च विचारका,**
**र अति निर्मल भाव अगाधका,**
**सरस काव्य बनाउन सारका,**
**कवि उनै प्रिय छन् नयपालका ॥**

भन्दै महाकवि देवकोटासम्बन्धी जानकारी दिइएको छ । बर्सेनी किरण पुस्तकालयदबट देवकोटा जयन्ती मनाइने परम्परा रही आएको छ । शशि पन्थी साहित्यिक र पत्रकारिता क्षेत्रका विराट् व्यक्तित्व हुनुहुन्छ । उहाँले रेसुङ्गा क्याम्पसको प्रमुखसमेत भई लामो समय प्राध्यापन क्षेत्रमा योगदान पुर्‍याउनुभएको छ । बहुमुखी प्रतिभाका धनी उहाँ लामो समय नेपाल रेडक्रस सोसाइटीमा रहेर कामसमेत गर्नुभएको छ । उहाँ तत्कालीन समयमा भैरहवाबाट प्रकाशित हुने गरेको खसोखास साप्ताहिकको सम्पादकीय जिम्मेवारीमा रहनुभएको थियो । उक्त पत्रिका यस क्षेत्रकै अब्बल पत्रिकामा गनिन्थ्यो । यसैगरी भेटघाट र संकल्प जस्ता साहित्यिक पत्रिकाहरूको सम्पादनसमेत उहाँले गर्नुभएको छ ।

प्रस्तुत अङ्कमा छोटो कुराकानी शीर्षकमा पद्मप्रसाद पन्थीको कविता प्रकाशित भएको छ । प्रस्तुत कवितामा-थपक्क बसेर विकास गर्ने भन्दै व्यङ्ग्य हानिएको छ । हाम्रो पुरुषार्थलगायत अनेकौं पत्रिकाहरूमा सान्दाइका नामबाट दर्जनौं व्यङ्ग्य लेखहरू प्रकाशित भएका छन् । लामो समय स्थानीय महेन्द्र हाई स्कूलमा अध्यापन गरी प्रधानाध्यापकको समेत जिम्मेवारी सम्हाल्नुभएको थियो । पद्मप्रसाद पन्थी पछि सान्दाइ भनेर चिनिने उहाँका व्यङ्ग्य लेख रचनाहरू संकलन गरी पुस्तकाकारको रूप दिन सकिए व्यङ्ग्य क्षेत्रको साहित्य भण्डारमा ईटा थपिने थियो ।

प्रस्तुत अङ्कमा अफसोस शीर्षकमा टी. थापाको कविता प्रकाशित भएको छ । टेकबहादुर थापाले आफूलाई टी.थापाको छद्म नामबाट कविता लेखे पनि पछि उहाँका रचनाहरू भने पढ्न पाइएको छैन । स्वागत छ तँलाई, सूर्य उदाउन बाँकी छ पर्खे, बिदा छ तँलाई सीता हराउन बाँकी छ पर्खे-भन्दै लेखिएको छ । उहाँपछि तम्घास खानीगाउँबाट बसाइ सरेर रूपन्देही मंगलापुरतिर बस्नुभएको छ ।

यसैगरी राजकुमार बलालको कविता के शीर्षकमा कविता छापिएको छ । कविका कविता कविता होइनन्, मात्र घटित घटनाका चित्र-भन्दै लेखिएको सो रचना पछि उहाँका अन्य रचनाहरू हाम्रो पुरुषार्थमा प्रकाशित भएको देखिदैन । गुल्मी जुभुङ्ग निवासी उहाँ पछि इञ्जिनियर पढाइ पूरा गरी काम गर्नुभएको बुझिन्छ । यसैगरी प्रस्तुत अङ्कमा जीवन-ज्योति शीर्षकमा-श्रीधर शर्मा, विरोधाभाष शीर्षकमा-कुलचन्द्र गौतम र शर्त शीर्षकमा-हरिहर ज्ञवालीका छोटा कविताहरू प्रकाशित भएका छन् ।

पत्रिकामा सचिवको प्रतिवेदन दिइएको छ । किरण पुस्तकालयको स्थापना, यसका सञ्चालक, सहयोग गर्ने व्यक्तित्वहरू, आय-व्यय विवरणसहित पुस्तकालयको स्थापना र सहयोग पुर्‍याउने तत्कालीन प्रशासकहरू, जन प्रतिनिधिहरूसमेतको नाम दिइएको छ । किरण पुस्तकालयसम्बन्धी अनुसन्धान गर्नेहरूका लागि सचिवको प्रतिवेदन निकै महत्त्वपूर्ण दस्तावेजको रूपमा रहनेछ ।

हाम्रो पुरुषार्थको प्रथम अङ्कको प्रकाशनार्थ विभिन्न १ सय १० जनाले चन्दा दिएको र सो रकम ५४८/४० सहित रकम चन्दा दिनेको नाम खुलाइएको छ । पत्रिकामा खसोखास, भेटघाट, संकल्प र अनुराग जस्ता पत्रिका पढ्न जानकारी दिइएको छ । स्मरणीय नै छ खसोखास, भेटघाट र संकल्प पत्रिकाहरूको सम्पादकीय जिम्मेवारी शशि पन्थीले लिनुभएको थियो ।

*पत्रिकामा सचिवको प्रतिवेदन दिइएको छ । किरण पुस्तकालयको स्थापना, यसका सञ्चालक, सहयोग गर्ने व्यक्तित्वहरू, आय-व्यय विवरणसहित पुस्तकालयको स्थापना र सहयोग पुर्‍याउने तत्कालीन प्रशासकहरू, जन प्रतिनिधिहरूसमेतको नाम दिइएको छ । किरण पुस्तकालयसम्बन्धी अनुसन्धान गर्नेहरूका लागि सचिवको प्रतिवेदन निकै महत्त्वपूर्ण दस्तावेजको रूपमा रहनेछ ।*

पत्रिकामा जुभुङ्ग आर्दश गाउँ पञ्चायतलगायत ह. कालिदास पौडेल, धनीश्वर पन्थी, रेसुङ्गा होटल, पुष्कर फोटो ग्राफर, टोपप्रसाद श्रेष्ठ, नयाँ उन्नतकृत शिल्पकला कार्यालय, पाण्डे होटल, शराव कार्यालय, कार्की स्टोर्स जस्ता विभिन्न व्यावसायिक प्रतिष्ठान र व्यक्तिहरूले विज्ञापन दिएको पाइन्छ । यसरी विज्ञापन दिने कतिपय व्यापारिक प्रतिष्ठानहरू पाँच दशकपछि पनि निरन्तर रूपमा चलेको पाइन्छ । विज्ञापनका रूपमा केही व्यावसायिक संस्थाहरूका नाम र काम सम्झिदा अचम्म लागेर आउँछ जस्तै पुरानोबजार र नयाँबजारलाई जोड्ने खोला माथितिरको उकालोमा रहेको शराव कार्यालय र नयाँबजार बजारबाट प्रकाश मेडिकल हलभन्दा माथितिरको नयाँ उन्नत शिल्पकला कार्यालय । शराव कार्यालयलाई कसैले रक्सी भट्टी र कसैले रक्सी ठेक पनि भन्ने गर्दथे । रक्सी राखिएका ड्रमहरू यत्रतत्र देख्न पाइन्थ्यो । दाङतिरका शाह थरका मुख्य ठेकदारको त्यो शराव कार्यालयका हाकिम भारततिरका रामदास नाम गरेका विनम्र र भलाद्मी मान्छे थिए । पुस्तकालयका लागि हामीले भैलो खेल्दा मन फुकाएर सहयोग गर्दथे । यस्तै नयाँ उन्नत शिल्पकला कार्यालय आजको भाषामा फर्निचर उद्योग थियो । त्यसका सञ्चालक रामबहादुर शिल्पकार भन्ने भक्तपुरका व्यक्ति थिए । यस क्षेत्रमा आधुनिक फर्निचरका काष्ठजन्य सामग्री उत्पादन गर्ने प्रमुख व्यक्ति थिए ।

*हाम्रो पुरुषार्थको पहिलो अङ्कको समीक्षा गर्दै त्यस समयको निकै महत्त्वपूर्ण साप्ताहिक पत्रिका समीक्षाले लेखेको थियो–हाम्रो पुरुषार्थले आफूलाई वार्षिक प्रकाशन भनी घोषणा गरेको छ । तीन महिने वा छ महिने गर्न सकिदैन र भनेर प्रश्न गरेको थियो । नभन्दै पत्रिकाले समयक्रममा छ महिने र हाल तीन–तीन महिनामा प्रकाशन गर्न थालेको छ । हाम्रो पुरुषार्थका आज स्वदेश विदेशमा हजारौं पाठक र शुभचिन्तकहरू छन् ।*

अङ्क १ को मुद्रण तानसेनस्थित नारायण छापाखानामा छापिएको र कभर पृष्ठ बाहेक ५४ पेजमा मुद्रित भएको थियो । सो अङ्कको मूल्य रू. १/–राखिएको छ । गुल्मी जिल्लामा रहेका अधिकांश कार्यालय र विद्यालयका छपाइ सामग्रीहरू तानसेनस्थित नारायण छापाखाना र तिलक प्रेसमा छाप्ने गरिन्थ्यो । हाम्रो पुरुषार्थका प्रारम्भतिरका केही अङ्कहरू आर्य भूषण प्रेस, ब्रह्माघाट बनारसमा पनि छापिएका थिए । हाम्रो पुरुषार्थको पहिलो अङ्कको समीक्षा गर्दै त्यस समयको निकै महत्त्वपूर्ण साप्ताहिक पत्रिका समीक्षाले लेखेको थियो–हाम्रो पुरुषार्थले आफूलाई वार्षिक प्रकाशन भनी घोषणा गरेको छ । तीन महिने वा छ महिने गर्न सकिदैन र भनेर प्रश्न गरेको थियो । नभन्दै पत्रिकाले समयक्रममा छ महिने र हाल तीन–तीन महिनामा प्रकाशन गर्न थालेको छ । हाम्रो पुरुषार्थका आज स्वदेश विदेशमा हजारौं पाठक र शुभचिन्तकहरू छन् । सबैको साथ सहयोग भयो भने हाल त्रैमासिक प्रकाशनलाई निकट भविष्यमै मासिक प्रकाशनमा देख्न पाइयोस् भन्ने कामना छ ।

✍ **रेसुङ्गा नगरपालिका–९, हाल – अमेरिका ।**

०००

**किरण पुस्तकालय, गुल्मीलाई जिल्लाका सबै प्रकाशनहरूको सङ्ग्रहस्थलका रूपमा विकास गर्नका लागि आफूसँग भएका सबै प्रकाशनहरू दिई सहयोग गर्न अरूलाई पनि भन्नुहोस् ।**

# नयाँ तस्वीरमा पुरानो सम्झना : तम्घास र किरण पुस्तकालय



कमला न्यौपाने

करिब चालीस वर्षअगाडिको कुरा हो । बुबाको जागिरको सिलसिलामा हामी गुल्मीको सदरमुकाम तम्घास पुगेका थियौं । बुबा त्यसबेला गुल्मी जिल्लाको स्थानीय विकास अधिकारी हुनुहुन्थ्यो । जुन जिल्लामा गए पनि स्थानीय बासिन्दाहरूको न्यानो स्वागत, सत्कार र माया पाएकै हुन्थ्यौं तापनि तम्घासको भने छुट्टै अनुभव छ । तम्घासको छोटो बसाइमा पनि हामीले धेरै माया, सत्कार र सहयोग पाएको मलाई मिठो सम्झना छ जुन यो लेखमा लेख्न पाउँदा र यसैबाट तम्घासबासीलाई न्यानो आभार प्रकट गर्न पाउँदा खुसी लागिरहेको छ ।

तम्घास मलाई अरू सदरमुकामहरूभन्दा प्रिय लाग्छ । बुबा जागिरे, आमा त्यहीं स्कुलमा अध्यापन गर्नुहुने र आफूले पनि एस्.एल्.सी. परीक्षा दिएको ठाउँ भएको कारणले पनि म तम्घासलाई गाढा रूपमा सम्झिरहन्छु । २०३८-३९ सालतिरको तम्घास स्मरण गर्दा गुल्मी जिल्लालाई दुर्गम जिल्लामै गनिन्थ्यो तर तम्घास भने सुगम ठाउँभन्दा कम थिएन । अझ हावापानी, प्राकृतिक सुन्दरता र त्यहाँका मानिसको आफ्नोपनले गर्दा तम्घास मलाई निकै मन परेको ठाउँ थियो । त्यहाँ केवल कमी थियो त मोटर गुड्ने बाटो र बिजुली बत्तीको । त्यसबेला पाल्पाबाट तम्घास पुग्न हामीलाई पैदल हिडेर तीन दिन लागेको थियो । तर बुबाको कार्यकालमै रुरुक्षेत्रबाट तम्घाससम्म आउने कच्ची मोटर बाटो बनेको मलाई स्मरण छ । घर घरमा बिजुली बत्ती भने कहिले पुग्यो थाहा भएन । हामीले त एस्.एल्.सी.सम्म लालटिनकै उज्यालोमा पढियो ।

किशोर अवस्थाको सम्झना निकै गाढा हुँदो रहेछ । वरिपरि सुन्दर हरिया पहाडहरूको बीचमा बसेको सानो बजार थियो तम्घास । भनौं भने रेसुङ्गा पहाडको काखैमा बसेको जस्तो लाग्थ्यो । तम्घास बजार सुरू हुँदा पातलो बस्ती रहेको र क्रमशः पछि बस्ती बाक्लिदै गएको थियो । तम्घास बजारलाई सानो

*पुस्तकालयले विभिन्न कार्यक्रम आयोजना गरेमध्ये मलाई थाहा भएको साहित्यिक कार्यक्रम भानु जयन्ती र मोती जयन्ती हुन् । सानैदेखि कविता लेख्न मन लाग्ने भएकाले स्कुल र पुस्तकालयले आयोजना गरेका प्रतियोगात्मक कवि गोष्ठीहरूमा मैले पनि भाग लिने गर्थें । मोती-जयन्तीको अवसर पारी गरेको एक कवि गोष्ठीको मलाई सुन्दर सम्झना छ । मलाई त्यो प्रतियोगितात्मक कवि गोष्ठी बृहत् लागेको थियो । यसमा विभिन्न ठाउँबाट धेरै कविहरूको सहभागिता थियो । आफू भने यति ठूलो कार्यक्रममा पहिलो पटक सहभागी भएकी थिएँ र मेरो कविता पुरस्कृत पनि भएको थियो । अहिले पूरै कविता मैले सम्झन नसके पनि शीर्षक "मोती नभएका भए" भन्ने मलाई अझै पनि राम्रो याद छ । साँच्चै भन्ने हो भने मैले किरण पुस्तकालय र महेन्द्र मा.वि.का कार्यक्रमहरूबाट नै प्रेरणा पाएर कविता लेख्न सुरू गरेकी थिएँ ।*

खोल्सोले छुट्टाएको थियो । खोल्सोको वारिपट्टि सरकारी कार्यालयहरू, कर्मचारीहरूका निवास, सानो अस्पताल, स्कुल र पुस्तकालय थिए । हामी बसेको घर पनि खोल्सो वारि नै थियो । खोल्सोको पारिपट्टि मुख्य बजार क्षेत्र थियो । त्यसताका तम्घासमा घरहरू माटो र काठले बनेका थिए भने घरका झ्यालहरू ढोकाजस्तै ठुल्ठूला थिए । मलाई ती ठूला ठूला झ्याल खुबै मन पर्थ्यो । घरको झ्यालमा घन्टौ बसेर बाहिरको दृश्य हेर्दै पढ्न लेख्न मलाई खुबै मन पर्थ्यो ।

मैले एस्.एल्.सी. तम्घासस्थित महेन्द्र मा.वि.बाट दिएकी थिएँ । त्यसबेला तम्घासमा माध्यमिक तहसम्मको मात्र पढाइ हुन्थ्यो र उच्च शिक्षाका लागि स्थानीय निकायमा पहल हुँदै थियो । स्कुलको अगाडि ठूलो मैदान थियो जहाँ खेलकुददेखि स्थानीय बासिन्दालाई मनोरञ्जन गराउन साँस्कृतिक कार्यक्रमहरू पनि हुन्थे भने किरण पुस्तकालयमा विभिन्न साहित्यिक कार्यक्रमहरू हुन्थे । पुस्तकालयमा पत्रपत्रिका पढ्न मानिसहरूको बाक्लो आवत-जावत हुन्थ्यो । यो मैले मेरो घरको झ्यालबाटै देख्थें । पुस्तकालय घरकै छेउमा भएकोले आमा पुस्तकालयमा किताब पढ्न आउने-जाने गर्नुहुन्थ्यो । त्यसैले मलाई पुस्तकालयमा हुने कार्यक्रमहरूको जानकारी भइरहेकै हुन्थ्यो ।

किरण पुस्तकालयलाई स्मरण गर्नु पर्दा पुस्तकालय एउटा सानो भवनमा थियो । कोठा कति थिए मलाई अहिले त्यति स्मरण छैन तर एउटा ठूलो कोठामा साहित्यिक कार्यक्रमहरू हुन्थे । कोठाको अगाडि सानो टेबल र केही कुर्सीहरू थिए भने भित्तामा पुस्तकका दराजहरू थिए । मम्मीले र मैले आफ्नै हातले

बनाएका केही फुल्दानीहरूले ती दराजहरू सजिएको पनि केही मधुरो सम्झनामा छ । त्यतिबेला कुरूसले फ्युज गएको बल्बमा नाइलनको धागोले बुनेर फूलदानी बनाउने खुबै चलन थियो ।

पुस्तकालयले विभिन्न कार्यक्रम आयोजना गरेमध्ये मलाई थाहा भएको साहित्यिक कार्यक्रम भानु जयन्ती र मोती जयन्ती हुन् । सानैदेखि कविता लेख्न मन लाग्ने भएकाले स्कुल र पुस्तकालयले आयोजना गरेका प्रतियोगात्मक कवि गोष्ठीहरूमा मैले पनि भाग लिने गर्थें । मोती-जयन्तीको अवसर पारी गरेको एक कवि गोष्ठीको मलाई सुन्दर सम्झना छ । मलाई त्यो प्रतियोगितात्मक कवि गोष्ठी बृहत् लागेको थियो । यसमा विभिन्न ठाउँबाट धेरै कविहरूको सहभागिता थियो । आफू भने यति ठूलो कार्यक्रममा पहिलो पटक सहभागी भएकी थिएँ र मेरो कविता पुरस्कृत पनि भएको थियो । अहिले पूरै कविता मैले सम्झन नसके पनि शीर्षक "मोती नभएका भए" भन्ने मलाई अझै पनि राम्रो याद छ । साँच्चै भन्ने हो भने मैले किरण पुस्तकालय र महेन्द्र मा.वि.का कार्यक्रमहरूबाट नै प्रेरणा पाएर कविता लेख्न सुरू गरेकी थिएँ । केही समयसम्म कविताहरू कपीमा लेखेर राख्ने गर्थें । समयक्रममा विभिन्न कारणले गर्दा साहित्य लेखनमा म लामो समय ओझेलिए पनि मेरा ती किशोरावस्थाका स्मृतिहरूले मलाई हाल साहित्य र लेखनमा ऊर्जा दिएका छन् । त्यसैको एक परिणाम हो सन् २०२० मा प्रकाशित मेरो "जङ्गलको यात्रा" कविता-संग्रह ।

*हाम्रो पुरुषार्थमा पुस्तकालयका गतिविधिदेखि लिएर स्थानीय साहित्यकार र प्रतिष्ठित साहित्यकारहरूका पनि राम्राराम्रा रचना र लेख प्रशस्त पढ्न पाइन्छ जसले समाजमा भाषा साहित्यलाई ठूलो योगदान दिएका छन् । पत्रिकामा पुस्तकालयमा भएका गतिविधिका रंगीन तस्वीरहरू पनि हेर्न पाइन्छ । साथै स्थानीय जनतालाई पत्रिकाले निरन्तर जानकारीमूलक सूचनाहरू दिने काम पनि गरेको छ जसले गर्दा स्थानीय बासिन्दाले समाजका विभिन्न स्रोतहरूको उपभोग गर्न सक्दछन् ।*

किरण पुस्तकालय स्थापना भएको केही वर्षमै प्रकाशन शुरू भएको हाम्रो पुरुषार्थ पत्रिकाले यो अङ्कसँगै १०० औं अङ्क प्रकाशन गर्ने अवसर हासिल गरेको छ । हाम्रो पुरुषार्थको यति लामो निरन्तर प्रकाशन यात्रा किरण पुस्तकालयले समाजमा भाषा साहित्यका लागि गरेको एउटा महत्त्वपूर्ण कार्य हो । आश्चर्यको कुरा त के भने २०२९ सालतिर तम्घासमा एस्.एल्.सी. माथि पढेका व्यक्तिहरू हातको औंलामा गन्न सकिने समयमा पनि हाम्रो पुरुषार्थ पत्रिका प्रकाशन भएको रहेछ । त्यसताका देशभरमै धेरै कम पत्रपत्रिका प्रकाशन हुन्थे । अझ

छापाखानाको पनि त्यति सुविधा थिएन । तर खाने मुखलाई जुँगाले छेक्दैन भने झैं हाम्रो पुरुषार्थ छापिन शुरू गर्‍यो र छापिइरह्यो ।

मैले हाम्रो पुरुषार्थका केही अङ्क मात्र पढ्ने अवसर पाएकी छु । हाम्रो पुरुषार्थमा पुस्तकालयका गतिविधिदेखि लिएर स्थानीय साहित्यकार र प्रतिष्ठित साहित्यकारहरूका पनि राम्राराम्रा रचना र लेख प्रशस्त पढ्न पाइन्छ जसले समाजमा भाषा साहित्यलाई ठूलो योगदान दिएका छन् । पत्रिकामा पुस्तकालयमा भएका गतिविधिका रंगीन तस्वीरहरू पनि हेर्न पाइन्छ । साथै स्थानीय जनतालाई पत्रिकाले निरन्तर जानकारीमूलक सूचनाहरू दिने काम पनि गरेको छ जसले गर्दा स्थानीय बासिन्दाले समाजका विभिन्न स्रोतहरूको उपभोग गर्न सक्दछन् । वार्षिक, अर्धवार्षिक हुँदै अहिले हाम्रो पुरुषार्थ त्रैमासिक रूपमा प्रकाशन भइरहेको छ । आज पुस्तकालयले आफ्नै वेवसाइट बनाएर इन्टरनेटमा राखेको हुनाले मज्जाले हाम्रो पुरुषार्थका केही अङ्क पढ्न पनि पाइन्छ । यसरी कुनै पनि पत्रिका निरन्तर प्रकाशन गर्ने कार्य सजिलो होइन तर पनि पुरुषार्थ प्रकाशन टिमले जुन मिहिनेतका साथ काम गरेको छ, त्यो सबैका लागि प्रेरणादायी काम हो । प्रधान सम्पादक शशि पन्थी सरको सुरूका दिनदेखिको अटुट मिहिनेतले आफ्नै घरबाट सुरू गरेको पुस्तकालयले अहिले नयाँ काँचुली फेरेको छ । मिहिनेत गरे जुनसुकै कार्य सफल हुन्छ भने झैं हाम्रो पुरुषार्थको १०० औं अङ्क पनि निरन्तर लगन र मिहिनेतकै परिणाम हो ।

मैले पुस्तकालयका बारेमा खोज्दै जाँदा एक रोचक कुरा के थाहा पाएँ भन्दा पुस्तकालयको स्थापना भएको ४ वर्षपछि २०२९ सालमा बुबा गणेशप्रसाद पौडेलकै हस्ताक्षरमा जिल्ला शिक्षा अधिकारी कार्यालय, पाल्पाबाट २०२९/०६/१९ मा आधिकारिक रूपमा पुस्तकालयले स्थायी स्वीकृति प्राप्त गरी १८९ नम्बरमा दर्ता भएको रहेछ । यो कुरा गत वर्ष शशि पन्थी सरले मेरी आमा राधा पौडेलको स्मरणमा लेख्नुभएको एक लेखमा पनि उल्लेख गर्नुभएको छ । सरको त्यो लेखले मलाई आमाको स्मरणमा कथा लेख्न धेरै मद्दत पुगेको थियो । यो कथा अमेरिकामा बसोबास गर्ने हामी १२ जना छोरीहरूले आ–आफ्ना आमाको जीवनी लेखेर बनाएको किताब "छोरीले जन्माएका आमाहरू"मा "मेरी आमा : छोटो जीवन लामो सम्झना" शीर्षकमा प्रकाशित छ । सोही लेख लेख्ने क्रममा फेरी म चालीस वर्षपछि तम्घाससँग जोडिन पुगेकी थिएँ । यसै कारणले होला, मलाई तम्घाससँग अझ बढी घनिष्ठता बढेको छ । जङ्गलको यात्रा र छोरीले जन्माएका आमाहरूले किरण पुस्तकालयको दराजमा ससम्मान स्थान पाएका छन् भन्ने बुझेकी छु ।

तम्घास बसाइकै बेला मेरी आमाको देहान्त भएको थियो । त्यसैले होला मलाई पछिसम्म पनि आमा तम्घासमै हुनुहुन्छ जस्तो लागिरहन्थ्यो । त्यसैले पनि म

तम्घासलाई सम्झिरहन्छु । त्यहीं घर, त्यहीं आँगन, त्यहीं स्कुल जाने बाटो, घरछेउको किरण पुस्तकालय र वरिपरिका पहाड अनि स्मरणमा रहेका साथीहरू, गुरुहरू आदि इत्यादि आँखामा बेलाबखत नाचिरहन्छन् । स्कुलले आयोजना गरेको वनभोज, सांस्कृतिक कार्यक्रम र खेलकुदका केही तस्वीरहरू अझै सम्झनारूपी मेरो पुरानो अल्बममा ताजै छन् । एस्.एल्.सी. परीक्षा उत्तीर्ण गरेर म घर विराटनगर गएँ । अध्ययन र बसाइ सर्ने क्रममा म काठमाडौमा केही वर्ष बिताएर विगत केही वर्षदेखि अमेरिका आइपुगेकी छु । त्यसैले त्यतिबेला छाडेर हिंडेदेखि पुनः तम्घास जाने अवसर मलाई मिलेको छैन ।

तम्घास मोटर बाटो र बिजुली बत्ती नहुँदै पनि एउटा जीवन्त सानु सहर थियो । आजभोलि तम्घासले निकै विकास गरेको सुनेकी छु । मानिसहरू एकै दिनमा काठमाडौबाट तम्घास पुगेको र हवाइजहाज अवतरणका लागि आवश्यक कार्य भइरहेको पनि सुनेकी छु । आज लाग्छ, तम्घासले नयाँ चोला नै फेरेको होला । आशा छ, एक दिन अवश्य तम्घास पुगेर पहिले र आजको तम्घासमा आएका परिवर्तनहरूलाई यसरी नै कुनै लेखमा बेलिविस्तार उतार्ने छु । विशेषतः किरण पुस्तकालय र स्कुलको नयाँ भवन हेर्ने खुबै इच्छा छ । आज किरण पुस्तकालय ५० वर्ष पुगेको र पुस्तकालयबाट प्रकाशन हुने पत्रिका हाम्रो पुरुषार्थले पनि ५५ वर्ष पुगेको स्वर्णजयन्तीको सन्दर्भ र आफ्नो एक सय अङ्क पुगेको अवसरमा प्रकाशन गर्न लागेको विशेषाङ्कमा आफ्ना स्मरण शब्द लेख्न पाउँदा आफूलाई गौरवान्वित ठानेकी छु । पुस्तकालयका संस्थापक र पुरुषार्थका प्रधान सम्पादक शशि पन्थी सरलगायत सम्पूर्ण टिमलाई यो छोटो संस्मरणबाट हार्दिक आभार र साधुवाद दिन चाहन्छु । साथै किरण पुस्तकालय र हाम्रो पुरुषार्थको उत्तरोत्तर प्रगतिको कामना गर्न चाहन्छु ।

**क्यान्सस, अमेरिका ।**

ooo

**प्रत्येक कागजका टुक्रालाई पैसा पर्छ । पुस्तक तथा पत्र–पत्रिकाहरू किनेर पढ्ने बानी बसालौं ।**

**– हाम्रो पुरुषार्थ**

*// लेख //*

# किरण पुस्तकालय र हाम्रो पुरुषार्थ मेरो आँखामा



**डा. उत्तम पच्या**

२०४८ साल ताका पराल्मी (हाल रेसुङ्गा नगरपालिका १४)मा रहेको जनविकास प्रा.वि.बाट ५ कक्षा पास गरेपछि तम्घासमा अवस्थित महेन्द्र माध्यमिक विद्यालयमा ६ कक्षामा भर्ना भएँ । ६ कक्षा पढ्दै गर्दा पाठ्यपुस्तक मात्र नभएर अरू पुस्तक पनि पढ्नुपर्छ भनेर महेन्द्र माध्यमिक विद्यालयको पुस्तकालयबाट केही किताबहरू पढ्ने गर्थें । त्योसँगै युवामञ्च भन्ने मासिक पत्रिका किनेर पढ्ने गर्न थालें । यसरी महेन्द्र मा.वि.को प्रारम्भिक अवस्थादेखि नै पाठ्यपुस्तकसँगै अरू पुस्तक पत्रिका पढ्ने बानी पर्न थाल्यो ।

कक्षा ७ तिर पढ्दा हुनुपर्छ किरण पुस्तकालयको सेतो भवन देखेको । किरण पुस्तकालय अलिक पछाडि पश्चिमतिर अवस्थित थियो । त्योभन्दा अगाडि खाली चौर थियो - अहिलेको पुस्तकालय भवनको पश्चिम भागतिर । मलाई उत्सुकता जाग्थ्यो त्यहाँ कस्ता मान्छे जान्छन्, के पढ्न पाइन्छ भनेर । नभन्दै त्यहाँ गएँ पनि । पुस्तकहरू थिए तर मलाई डा. टीकाराम पन्थीज्यूको हाम्रा केही जनश्रुतिहरू भन्ने पुस्तकले मन तान्यो । देख्दा सानो थियो तर यसमा उल्लेख गरिएको जानकारी प्रशस्तै थियो;विशेष गरी रुरु, रेसुङ्गा, अर्जुन, साउने, महापोखरी, यज्ञशाला, स्वामी शशिधर, उहाँका छोरा लक्ष्मीनारायण अनि यदुकानन्द आदि । अनि स्वामी शशिधर तथा महाराज रणबहादुरसंगको संगत साथै रिडी तथा काली गण्डकी, हृषीकेश मन्दिर मलाई एकदम चाख लागेका विषय बने । पछि दोहोर्स्याएर पढें २०७९ सालमा जतिबेला म गुल्मी अस्पतालमा प्रमुख भै काम गर्थें । यसैको आधारमा मैले रेसुङ्गाको बारे युट्युबमा भ्लग पनि राखेको छु । यस पुस्तकालयले निकाल्ने हाम्रो पुरुषार्थ पनि पढ्ने गर्थें मौका मिलेमा ।

विश्वप्रसिद्ध ह्यारी पोटरसेरिजका लेखिका जे. के. रोलिङ्ले भन्नुभएको छ - 'जब तपाइँ दोधारमा हुनुहुन्छ, पुस्तकालय जानुस् । ' पुस्तकालयले नै ज्ञानको जानकारी दिन्छ र स्पष्ट पार्छ । २०४९ साल ताका सुनेको थिएँ शशि गुरुले आफ्नो घरको गाईगोठबाट पुस्तकहरू जम्मा गरी पुस्तकालयको आरम्भ गर्नुभएको थियो । किरण पुस्तकालयको नामकरण उहाँको बीचको नामबाट

*विद्याको मन्दिरलाई आर्थिक, भौतिक, नैतिक रूपमा सहयोग गर्न सकेमा संसार (Virtual World) मा भुल्ने अचेलका पिंढीलाई पूर्वीय तथा पाश्चात्य दर्शन बुझ्न यो पुस्तकालय मार्गदर्शनको केन्द्र बन्न सक्छ ।*

राखिएको रहेछ । शशि गुरुको पूरा नाम शशि किरण पन्थी रहेछ; पछि थाहा भयो । २०२५ सालमा आफ्नै गाईगोठमा स्थापना भए पनि तत्कालीन श्री ५को सरकारबाट २०२८ सालमा विधिपूर्वक संचालन गर्न अनुमति प्राप्त भएको रहेछ । यो तीन वर्षको दौरान त्यति सजिलो रहेनछ पुस्तकालयको रूपमा अनुमति प्राप्त गर्न ।

२०२५ सालमा गाईगोठमा स्थापना भएको पुस्तकालय हालसम्म आइपुग्दा यसले भौतिक रूपमा साढे ४ तल्लाको भवन प्राप्त गरेको छ । अहिले यस पुस्तकालयमा अध्ययन गर्ने मानिसहरूको बाक्लै भिड लागेको देख्न पाइन्छ । २०७५ पौष २७ गते शुक्रबार को ३ बजे हामीले गुरु दीन पन्थीबाट यस पुस्तकालयको पुरानो सेतो भवनको भुइँ तलामा 'महाभारतको महत्त्व र प्रमुख पात्रहरू' शीर्षकमा Talk Show गरेका थियौं । यो अत्यन्तै लाभदायक भएको थियो हामी तथा हामी भन्दा कनिष्ठ साथीहरूलाई । पूर्वीय दर्शन तथा साहित्यको महत्त्व पनि झल्किन पाएको थियो चिकित्सक तथा स्वास्थ्यकर्मीहरूको माझमा । यसरी हामीले महाभारतबारे शृंखलाबद्ध रूपमा Talk Show गर्ने योजना रह्यो । त्यसको दोस्रो भाग 'विदुरनीति' मा गरेका थियौं । त्यो गुल्मी अस्पतालको प्रशासनिक कक्षमा गरेका थियौं । गुरु दीन पन्थीज्यूको Talk Show ले मलाई पूर्वीय ज्ञान र दर्शनमा अझ चाख बढायो ।

किरण पुस्तकालयले आफै विभिन्न साहित्यिक विभूतिहरूको जन्मदिन पारेर साहित्यिक कार्यक्रम, साहित्यिक अन्तरक्रिया गरी रहेको छ । 'क' वर्गको साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ' त्रैमासिक रूपमा प्रकाशन हुँदै आएको छ । यसलाई अझै मासिक रूपमा प्रकाशन गर्न सकेमा अझ राम्रो हुन्थ्यो । यसको लागि संसारका कुनाकाप्चामा रहेका साहित्यमा रुचि राख्ने व्यक्तिहरूले आर्थिक सहयोग गर्न सकेमा सजिलो हुन सक्छ । सहयोगको पहिलो कर्तव्य हामी गुल्मेलीको हुनु जरूरी छ । विद्याको मन्दिरलाई आर्थिक, भौतिक, नैतिक रूपमा सहयोग गर्न सकेमा संसार (Virtual World) मा भुल्ने अचेलका पिंढीलाई पूर्वीय तथा पाश्चात्य दर्शन बुझ्न यो पुस्तकालय मार्गदर्शनको केन्द्र बन्न सक्छ ।

किरण पुस्तकालय ज्ञान, विज्ञानको इतिहास तथा तथ्य बुझाउन अचेलका पिंढीलाई सहयोगी होस् भनी शुभकामना व्यक्त गर्न चाहन्छु । यो पुस्तकालय गुल्मीबाट प्रशस्त साहित्यकारहरू जन्माउन प्रेरणाको श्रोत बन्न सकोस् । अरू जिल्लाहरूलाई उदाहरण बन्न सकोस् ।

**लेखक : वीर अस्पताल, काठमाडौंमा कार्यरत हुनुहुन्छ ।**

ooo

# हाम्रो पुरुषार्थ : अर्थ, महत्त्व, उपलब्धि र अपेक्षा



✍ पुष्पराज पौडेल

## १. पृष्ठभूमि

जन्मदाता, मातृभूमि, भाषा, भेष, साहित्य, कला र संस्कृति कसलाई प्यारो हुन्न र ? हामीलाई पनि हाम्रो भूगोल, समाज, प्रकृति, संस्कार, साहित्य, कला र संस्कृति औधी प्यारो लाग्छ । जन्मभूमि नेपाल र आम नेपालीको पहिचान, सुख-शान्ति, पौरख र समृद्धि हाम्रो चाहना तथा प्रयत्न हो । विश्वका १९५ सम्प्रभु देशमध्ये नेपाल भौगोलिक दृष्टिले ९५ औं स्थानमा छ । भूगोलको कुरा गर्दा नेपालभन्दा रूस (१७, ०९८, २५० वर्गकिमी) ११६ गुना, क्यानाडा ६७ गुना, चीन ६५ गुना र संयुक्तराज्य अमेरिका ६३ गुना ठूलो छ । त्यस्तै ब्राजिल ५७ गुना, अष्ट्रेलिया ५२ गुना र भारत २१ गुना ठूलो छ । भूगोलका आधारमा विश्वकै यी सात ठूला देशपछि आठौं अर्जेन्टिना, नवौं कजाखस्तान र दशौं अल्जेरिया हो ।

देशभित्रबाट त छँदैछ, नेपालभन्दा ठूला र साना विश्वका थुप्रै अन्य देशमा नेपालीले आफ्नो पुरुषार्थ देखाएका थिए र छन् । वर्तमानमा करिब ८५ देशमा नेपालीहरू रोजगारी, अध्ययन, व्यवसाय, भ्रमण आदिका सन्दर्भमा पुगेर सङ्गठित रूपमा रहेको बुझिन्छ । विशेषतः विदेशमा लामो समय जाने र बस्ने नेपालीहरूबाट नेपाली भाषा, साहित्य, कला र संस्कृतिको विकास तथा प्रचार-प्रसारमा पनि विविध प्रयास भएको पाइन्छ । यसरी देश भनेको भूगोलसाथै प्रकृति, स्रोत, साधन, त्यहाँको इतिहास, भाषा, भेष, साहित्य कला, संस्कृति र संस्कार पनि हो । यी सबै पक्षहरू हाम्रा पुरुषार्थ हुनुपर्दछ ।

सन् २०२० को तथ्याङ्क हेर्दा जनसङ्ख्याका हिसाबले नेपालको उत्तरी छिमेकी मुलुक चीन (एक अरब ४३ करोड ९३ लाख २३ हजार सात सय ७६), पूर्वी, पश्चिमी तथा दक्षिणी छिमेकी मुलुक भारत (एक अरब ३८ करोड ४ हजार तीन सय ८५) संसारका सबभन्दा ठूला देश हुन् । संयुक्त राज्य अमेरिका (३३ करोड १० लाख दुई हजार छसय ५१) जनसङ्ख्याका आधारमा तेस्रो स्थानमा र भूगोलका आधारमा चौथो स्थानमा छ । नेपाल जनसङ्ख्याका आधारमा-दुई करोड ९१ लाख ३६ हजार आठ सय आठ) विश्वमा ४९ औं स्थानमा छ जसमध्ये २१ लाख ६९ हजार चार सय ७८ नेपाली समुद्रपार संसारका विभिन्न

*विश्वमा छरिएर बसेका हामी नेपालीहरूको इतिहास र वर्तमानका पुरुषार्थहरूको साथी बन्न सक्छ हाम्रो पुरुषार्थ । हाम्रो साझा अभिव्यक्ति, सम्पत्ति, विचार, विश्लेषण, अभिलेखन र प्रचार-प्रसारको जनप्रिय एउटा दस्तावेज पनि हो हाम्रो पुरुषार्थ ।*

मुलुकहरूमा छन् । जहाँ बसे पनि नेपालीहरू भाषा, साहित्य, कला र संस्कृतिको विकासमा केही न केही हदसम्म संलग्न छन् । यसमा देश विदेशबाट सञ्चालन हुने शिक्षा, सूचना तथा सञ्चार जगत्, साहित्य संस्था, पुस्तक, पत्र-पत्रिकालगायत विभिन्न तबरले खोलिएका पुस्तकालयहरूको पनि ठूलो हात छ । तिनैको चिन्तन, मनन र अध्ययनबाट नै जहाँ बसे पनि केही पुरुषार्थ कर्म गर्नुपर्दछ भन्ने ज्ञान हुन्छ ।

नेपालभित्रको कुरा गर्दा पत्र-पत्रिकाहरूको आफ्नै इतिहास छ । राजधानी र देशका विभिन्न स्थानबाट यस्ता प्रयास निजी तथा सरकारी दुबैस्तरबाट भएका छन् । नेपालका सात प्रदेशमध्ये एक लुम्बिनीमा रहेको गुल्मी जिल्लाको सदरमुकाम तम्घासस्थित स्थानीय किरण पुस्तकालयबाट प्रकाशित हुने हाम्रो पुरुषार्थ अहिले हाम्रो सरोकारको विषय हो । लाग्छ, विश्वमा छरिएर बसेका हामी नेपालीहरूको इतिहास र वर्तमानका पुरुषार्थहरूको साथी बन्न सक्छ हाम्रो पुरुषार्थ । हाम्रो साझा अभिव्यक्ति, सम्पत्ति, विचार, विश्लेषण, अभिलेखन र प्रचार-प्रसारको जनप्रिय एउटा दस्तावेज पनि हो हाम्रो पुरुषार्थ । यस पत्रिकाले मोफसलबाटै देश-विदेशसम्म समेटेर विभिन्न पृष्ठभूमिमा गरेको योगदान अग्रपङ्क्तिमा देखिन्छ । तसर्थ, यहाँ हाम्रो पुरुषार्थको अर्थ, महत्त्व, उपलब्धि र अपेक्षाका सन्दर्भमा एक-एक केलाएर चर्चा गरौं ।

## (क) अर्थ

पुरुषार्थ शब्दका तलका चार अर्थ भेटियो नेपाल प्रज्ञा-प्रतिष्ठानको प्रज्ञा नेपाली बृहत् शब्दकोशमा । हाम्रो पुरुषार्थलाई पनि पुरुषार्थी मानवको पर्यायको अर्थमा हेर्न सकिएला यद्यपि साहित्यिक नाम र कामको विविध अर्थ किन नहोस् ।

१. अद्भुत वा कठिन कार्य गर्ने मानिसको क्षमता; सामर्थ्य; शक्ति ।

२. मनुष्य मात्रका लागि अभीष्ट धर्म, अर्थ, काम र मोक्ष यी चार तत्त्वमध्ये कुनै एक ।

३. मनुष्य मात्रको जीवनको परम लक्ष्य, र

४. मानिसको बहादुरीपूर्ण काम; पराक्रम; पौरख ।

पहिलो अर्थ अद्भुत वा कठिन कार्य गर्ने क्षमता; सामर्थ्य; शक्तिमा चर्चा गर्दा हाम्रो पुरुषार्थको सन्दर्भमा यसमा भएको क्षमताबारे विचार गरौं ।

क्षमताभित्र मूलतः नेतृत्व, सङ्गठन र स्रोतलाई लिइन्छ । हाम्रो पुरुषार्थ भन्नाले मानवजगत्को पुरुषार्थ बुझिन्छ । हाम्रो पुरुषार्थभित्र मानिसले गरेका महत्त्वपूर्ण कुनै पनि कामको यसरी नै चर्चा गर्न सकिन्छ । किरण पुस्तकालयको मुखपत्रको रूपमा प्रकाशन हुँदै आएको साहित्यिक पत्रिकाको सन्दर्भलाई पनि यस दृष्टिकोणबाट हेर्न सकिन्छ । हाम्रो पुरुषार्थ प्रकाशन, सम्पादन र वितरणका लागि पनि सम्पादक मण्डलको नेतृत्व सबल देखिन्छ । त्यसमाथि यसका प्रधान सम्पादक शशि पन्थीले आफ्ना पिताको प्रेरणामा तत्कालीन १६ वर्षे किशोरावस्थामा आफ्नै सक्रियतामा किरण पुस्तकालय स्थापना गर्नुभयो । पछि उहाँकै प्रधान सम्पादकत्वमा प्रकाशित हाम्रो पुरुषार्थले अहिलेसम्म आफ्नो निःस्वार्थ सेवा प्रदान गरेको छ । उहाँ लामो समयदेखि यस प्रकाशनका लागि प्रतिबद्ध र क्रियाशील हुनुहुन्छ । दूरगामी र गतिशील नेतृत्व प्राप्त हुनु हाम्रो पुरुषार्थको सौभाग्य नै मान्नुपर्दछ ।

हाम्रो पुरुषार्थको सङ्गठनात्मक भूमिका किरण पुस्तकालयले प्रमुख रूपमा निर्वाह गरेको पाइन्छ । निजी पहल तथा सरकारी स्वीकृतिमा यसले आफ्नो प्रभाव र प्रचार-प्रसारसँगै स्वीकार्यता बढाएको छ । संस्थापकदेखि स्थायी संरक्षक मण्डल, पुस्तकालय सभा, विशिष्ट, आजीवनलगायतका सदस्यहरू यसका सङ्गठनात्मक आधार हुन् । किरण पुस्तकालयको सुदृढताबाट हाम्रो पुरुषार्थलाई भरपर्दो र दिगो आधार तयार भएको छ । अर्कोतर्फ हाम्रो पुरुषार्थकै माध्यमबाट किरण पुस्तकालयको चिनारी देश विदेशसम्म फैलाउने प्रयत्न भएको छ । यसबाट पनि पुस्तकालयसँगै पत्रिकाको सङ्गठनात्मक स्थिति व्यापक र सुदृढ बनाउने लक्ष्य अवगत हुन्छ ।

स्रोतका दृष्टिले जन, धन र साधनको चर्चा गरौं । किरण पुस्तकालयका अलावा हाम्रो पुरुषार्थका सम्पादक, सह-सम्पादक, सहायक सम्पादक, सहयोगी मण्डल, १, ००० भन्दा बढी आजीवन ग्राहकहरू, स्रष्टाहरू, प्रतिनिधिहरू, कर्मचारीहरू, पाठकवर्ग, सहयोगी र क्रेता नै यसका जनस्रोत हुन् । प्रकाशन र त्यसलाई दिगो बनाउन प्रकाशक र व्यवस्थापकको हैसियतमा किरण पुस्तकालय तथा यसको भौतिक एवं संसाधन, अक्षयकोष, बैंक मौज्दात, मुद्रकलगायत अन्य पूँजीगत स्रोत यसका धन र यसमा सहयोगी माध्यम, शुभेच्छुक सबै यसका साधन हुन् ।

दोस्रो अर्थ अभीष्ट धर्म, अर्थ, काम र मोक्ष यी चार तत्त्व हुन् । धर्म भनेको परम स्वतन्त्रताको कुरा हो । यो मनलाई नियन्त्रणमा राख्न सक्ने शक्ति हो । धर्मको अर्थ हुन्छ धारण गर्नु । आफ्नो प्रमुख गुण र स्वभाव धारण गर्नु नै उसको धर्म हो । पुण्य वा सत्कर्म हो । अहिंसा, शान्ति, मैत्री, सद्भाव, सहकार्य, इन्द्रिय निग्रह यसमा अबलम्बन गर्नुपर्ने नियम हुन् । यो प्रकृतिको नियम हो । हाम्रो पुरुषार्थले आफ्नो धर्म निर्वाह गरेको छ आजसम्मका अङ्कमा । यही खुसियालीमा

यसले ५० वर्षे उमेरमा शताब्दी विशेषाङ्क प्रकाशन गर्दैछ । नियमित तवरले नेपाली वाङ्मय ज्ञान तथा अनुभवको खोजी सङ्कलन, प्रकाशन र प्रचार-प्रसार गर्ने आफ्नो धर्म पालन गरेको छ । अर्थका हिसाबले धर्म अवलम्बन गर्न अर्थोपार्जन आवश्यक हुन्छ । निर्वाहका लागि अर्थ आवश्यक हुन्छ । सत्य धर्म र कार्यबाट अर्थ आर्जन गर्नुपर्दछ । त्यसको उपयोग पनि सत्कार्यका लागि गर्नुपर्दछ । हाम्रो पुरुषार्थले अर्थोपार्जनका उपायबाट यसलाई आत्मनिर्भर बनाउने दिशामा पक्कै सोचेको हुनुपर्दछ । आशा छ, त्यसबाट यसको निरन्तर सहज र उत्कृष्ट प्रकाशनको इतिहास कायम हुनेछ ।

काम त यसको उद्देश्यबाट स्पष्ट हुनेछ । नेपाली वाङ्मयको विकासमा निरन्तर क्रियाशील हुने यसको अभिप्राय देखिन्छ । यसले समाजको ऐनाको रूपमा सिर्जनाका माध्यमबाट साहित्यप्रेमी सबैलाई रसास्वादन गराउँदै आएको छ । यो अभियान दीर्घकालसम्म निरन्तर लैजान सकोस् भन्ने चाहना यसभित्र लुकेको छ।

मोक्ष भनेको छुटकारा हो । यसको अर्थ पूर्णता प्राप्त गर्नु हो । अज्ञानबाट मुक्त हुनु हो । उद्धार गर्नु हो । नेपाली वाङ्मयको उद्धार गर्ने अभियानमा हाम्रो पुरुषार्थ पनि पूर्णता प्राप्त गर्ने दिशामा अग्रसर छ । पक्कै समय लाग्ला, तर १०० अङ्कको यात्रा एउटा कोसे ढुङ्गा अवश्य हो ।

*नेपाली साहित्यमा हाम्रो पुरुषार्थ पत्रिकाको योगदानलगायत कविता, कथा, समालोचना, निबन्धजस्ता विधामा २०५४ सालदेखि २०६६ सालसम्म गुल्मीका छ जनाले स्नातकोत्तर तहको अध्ययन पूरा गर्ने क्रममा शोधपत्र लेखेका छन् । पत्रकारिताको संक्षिप्त शब्दकोशमा हाम्रो पुरुषार्थ परेको छ ।*

तेस्रो अर्थ यसको परम लक्ष्यबारे सोचौं । हाम्रो पुरुषार्थको परम लक्ष्य शायद नेपाली वाङ्मयको माध्यमबाट देश विकासमा समर्पित हुने देखिन्छ । त्यसको प्राप्तिका लागि यसले निरन्तर प्रयत्न गरिरहेकै देखिन्छ र गरिरहनेछ भन्ने हाम्रो विश्वास छ । निश्चय नै यो निरन्तर प्रक्रिया हो र लामो यात्रा पनि हो । शिखर अर्थात् गन्तव्यमा पुगेपछि त्यहाँ विजयको झण्डा फहराउँदै अडिगरहन सक्नु यसको सफलता हुनेछ । हाम्रो पुरुषार्थको जीवन शायद यसै भावनाबाट बँचेको छ र क्रियाशील पनि । यसले अभिलेखको भरपर्दो काम गर्ला र आफैं पनि अभिलेखालय बन्लाजस्तो लाग्छ ।

चौथो अर्थ बहादुरीपूर्ण काम; पराक्रम; पौरखका सन्दर्भमा विचार गरौं । आफ्नो जीवनको उकाली ओरालीमा सुखदुःखका अनुभवहरू सबैका हुनसक्छन् । त्यसमाथि विशिष्ट काम हुन सकेमा त्यो दिगो र समाजोपयोगी हुन्छ । हाम्रो पुरुषार्थले विशिष्ट पराक्रम वा पराक्रमतुल्य कृत्य गर्ने अभीष्ट राख्नु स्वाभाविकै हो । यस दिशामा यो कति सफल भयो वा हुनेछ भन्ने कुरा समयले देखाउने नै

छ । दिनको चिनारी बिहानीले सङ्केत गर्छ भनेझैं साहित्यको क्षेत्रमा मोफसलका यस्ता अन्य पत्रिकाहरूको तुलनामा यसले अभूतपूर्व काम गरेर प्रतिष्ठा राख्न खोजेको झलक पाइन्छ । स्थानीय नेतृत्व र व्यवस्थापनबाट ५० औं वर्षसम्म यस प्रकारको उत्कृष्ट प्रकाशन हुन सक्नु र १०० औं अङ्कको महत्त्वाकाङ्क्षा पूरा गर्नु एउटा सशक्त प्रमाण मान्न सकिन्छ ।

## (ख) महत्त्व

हाम्रो पुरुषार्थको महत्त्व समाजले बुझेको हुनुपर्छ र बुझेको छ भन्ने हाम्रो विश्वास छ । जब पुरुषार्थ गरिन्छ भने समाजले नदेख्ने, नसुन्ने र नबुझ्ने कुरै आउँदैन । केवल तम्घास र गुल्मीमा मात्र सीमित होइन, समस्त नेपाल र प्रवासमा समेत यसले आधाशताब्दीको निरन्तर प्रयत्न गरेको इतिहास छ । तानसेन पाल्पाको नारायण छापाखानाबाट पहिलोपटक जन्म लिएको यो साहित्यक प्रकाशन पछि बनारस र गोरखपुरबाट उदाउन सक्यो । २०४५ सालदेखि गुल्मीबाटै मुद्रण हुन सक्नु पनि यसको आफ्नै सफलता हो । एक दशकअगाडिदेखि क वर्गको राष्ट्रिय पत्रिकाको श्रेणीमा यसको उत्तरोत्तर विकास र अस्तित्त्व उत्साहप्रद छ । नेपालबाहिर भारत, चीन, म्यान्मार, जापान, सिंगापुर, जर्मनी, फ्रान्स, अष्ट्रेलिया, बेलायत, अमेरिका, क्यानाडा आदि मुलुकमा समेत हाम्रो पुरुषार्थ पुगेको छ । यसको वितरण व्यवस्थित गर्ने चुनौती भने अवश्य होला । भारतको बनारस, देहरादून, र आसाममा यसका प्रतिनिधिले काम गर्दै आएका छन् । त्यस्तै अमेरिकाको क्यालिफोर्निया राज्यको स्मार्ट सिटी सन्फ्रान्सिस्कोमा पनि यसका प्रतिनिधि छन् । त्यसबाहेक अष्ट्रेलियामा पनि प्रतिनिधि छन् ।

फ्रान्सेली लेखकको पुस्तकमा यसले स्थान पाएको छ । नेपाली साहित्यमा हाम्रो पुरुषार्थ पत्रिकाको योगदानलगायत कविता, कथा, समालोचना, निबन्धजस्ता विधामा २०५४ सालदेखि २०६६ सालसम्म गुल्मीका छ जनाले स्नातकोत्तर तहको अध्ययन पूरा गर्ने क्रममा शोधपत्र लेखेका छन् । पत्रकारिताको संक्षिप्त शब्दकोशमा हाम्रो पुरुषार्थ परेको छ । यसका कारण सम्बद्ध पुस्तकालय र नेतृत्ववर्गका साहित्यकार पुरस्कृत र सम्मानित हुनु गौरवको विषय हो । स्वदेशका केही प्रमुख शहर काठमाडौं, रूपन्देही, चितवन, पाल्पा, दाङ्, पोखरा आदि ठाउँमा यसका प्रतिनिधि क्रियाशील छन् । हाम्रो पुरुषर्थका हालसम्मका १९ वटा विशेषाङ्कले यसको ओज र आयतन दुबै बढाएका छन् । hamropurushartha@gmail.com इमेलबाट सञ्चार आदानप्रदान गरेको र सूचना तथा प्रविधिको युग सार्थक बनाएको छ । हो, यसका पनि आफ्नै कथा र व्यथा हुने नै भयो । यसैबाट हाम्रो पुरुषार्थको आवश्यकता, औचित्य र विस्तार मात्र होइन महत्त्ववोध पनि हुन्छ । त्यसैले त यसको अस्तित्व छ, स्वीकार्य छ, महत्त्व आफैंमा महत्त्वपूर्ण पनि छ । यसरी अध्ययन, अनुसन्धानको धोको र सिर्जनाको पोको बनेको छ हाम्रो पुरुषार्थ ।

साहित्यका धेरै विधामा हाम्रो पुरुषार्थ अग्रसर छ । विशिष्टदेखि सामान्य लेखकहरूको विशिष्ट विचार र विश्वास यसले पाएको छ । यसको प्रभाव र आकर्षण बढ्दो छ । शैक्षिक तथा सामाजिक चेतनको बाहक बनेको छ । स्वास्थ्य, कला, ज्ञान, विज्ञान, इतिहास, भूगोल, संस्कृति, व्यक्तित्व, कृतित्त्व, पुराण, प्रकृति, भाषा, भेष वा साहित्यका आयामहरू सबै यसले बोकेको छ । आफ्नैपना, माया र ममता यसमा लुकेको छ । यसको भेटघाट नामक स्थायी स्तम्भ निकै महत्त्वका साथ हेरिन्छ । यसमा जस्ता विशिष्ट व्यक्तिहरूका अन्तर्वार्ता अन्यत्र बिरलै भेटिएला । कथा, लघुकथा, कविता (छन्दोबद्ध वा मुक्त), जीवनी, समालोचना, लेख, निबन्ध, गीत, नियात्रा आदि उत्तिकै उपयोगी र रोचक छन् । एकाङ्की, स्थान परिचय, दर्शन, अनुभूति, धार्मिक ज्ञान, कार्यक्रमगत चिनारी, संस्थागत जानकारी, पुस्तकालय परिचय, स्वास्थ्य जानकारी, स्थानीय सूचना पनि समुदायका लागि बढी उपयोगी देखिन्छ । यति मात्र होइन, नौलो सृष्टि : सानो दृष्टिजस्ता खोज तथा जानकारीमूलक सन्देश दिने स्तम्भहरू, यताउताबाट गरिने सङ्कलन, पाठक-प्रतिक्रिया आदि कुनै विधा वा पक्षमा पनि हाम्रो पुरुषार्थ पछि परेको छैन । समय तथा आवश्यकताअनुसार यसमा थपघट गर्दै लैजान सकिने देखिन्छ ।

गहन अध्ययनबाट हेर्दा देशका कुनाकाप्चाबाट हुने यस्ता उत्कृष्ट प्रकाशन शायदै भेटिएला । यसको व्यापकता, विषयको गम्भीरता, विविधता र महानता जहाँतहीं भेट्न सकिँदैन पनि । यसको स्तरीयता, बौद्धिकता र सान्दर्भिकता हरेक अङ्कले समेटिरहेको पाइन्छ । संस्थागत व्यवस्थापन यसको एउटा सबल पक्ष हो भन्ने लाग्छ । विशिष्ट व्यक्तित्वहरूको संलग्नता तथा मिहिनेतले यो सदा सिञ्चित छ । यसको उर्वर शक्तिले मलजल पाउँदा जनमनमा जरा गाडेको छ । भाषा, साहित्य, संस्कृति र विद्वत्ता यसले आत्मसात् गरेको छ । सबैलाई समेटेर स्तरीयता र विविधताको उन्नयन गर्दै जाने यसले मार्ग कोरेको छ । वास्तवमा, स्थानीय पहिचान र प्रयासको अर्को नमूना हाम्रो पुरुषार्थ बनेको छ । साहित्यसंस्थाहरू र साहित्यकर्मीहरूले त यसलाई पक्कै भुल्ने छैनन् । यदि एक पटक सम्पर्कमा आएको भए । यसभित्र चुर्लुम्म डुबेका कर्मयोगीहरूको लागि त यो जीवन अस्तित्त्वको मापन हो; एक सर्वोच्च शिखर हो, ध्येय हो । यसबाट हाम्रो पुरुषार्थले ५० वर्षसम्म गरेको अथक प्रयासको महत्त्व शायद हामी सबैले महसुस गरेको हुनुपर्छ ।

## (ग) उपलब्धि

हाम्रो पुरुषार्थका उपलब्धि धेरै हुन सक्छन् देश विदेशमा । खासगरी भाषा, साहित्य, कला र संस्कृतिको क्षेत्रमा साहित्यिक प्रकाशनको माध्यमबाट ज्ञान, विज्ञानसमेतलाई समेटी विद्वान् व्यक्तित्वहरूका रचनामार्फत निरन्तर योगदान

पुगेको छ । यसको संरचना, सन्देश, धर्म, संस्कार, विज्ञापन, स्वास्थ्य जानकारी, स्थानीय सूचना, विद्वान्हरूको मत, विशेषाङ्कहरूको माध्यमबाट विशेष जानकारी, संरक्षण, सचेतना, अभिलेखनजस्ता पक्ष पनि उत्तिकै मननीय उपलब्धि हुन् । डायस्पोरा साहित्यसँग पनि यसले विस्तारै नाता जोडेको बुझिन्छ ।

नेपाली वाङ्मयका क्षेत्रमा सरकारी र गैरसरकारी प्रयासबाट स्वदेशमा मात्र होइन, विदेशमा पनि विभिन्न पत्रपत्रिकासँगै हाम्रो पुरुषार्थका प्रभाव र उपलब्धिका आयाम देखिन थालेका छन् । विश्वका विभिन्न मुलुकमा बस्ने नेपालीहरू नेपाल र नेपालीको पहिचान, सुरक्षा र वाङ्मय विकासका लागि तिनको अध्ययन, मनन र अवलम्बनमा उद्यत देखिन्छन् । गैरआवासीय नेपाली संघ (Non Residential Nepalese Association) बढीभन्दा बढी मुलुकहरूमा गठन गरी त्यहाँ बस्ने नेपालीहरूको मातृभूमिप्रतिको दायित्व, अधिकार र कर्तव्यप्रति कर्मठशील बन्न बनाउन प्रयत्नशील छ । नेपाली संस्थाहरूले प्रवचन, बैठक, स्यालीजस्ता कार्यक्रमले यसलाई जीवन्त बनाउने गर्दछन् । स्वदेशको सिको गर्दै विदेशमा गरिने कार्यक्रममा देश, संस्कृति, समय, परिस्थिति, साधन र स्रोतका हिसाबले फरक हुने त भयो नै । बाह्यसंस्कृतिलाई पनि अवलम्बन गर्नैपर्ने बाध्यताले देशअनुसारको चलन गर्ने गरिन्छ । निजी तवरमा पनि भोज, पूजा, बिहे, ब्रतबन्ध, दशैं, तिहार, तीज वा अन्य चाडबाड, नयाँ वर्ष, जन्मदिन, गुन्यूचोली प्रदानजस्ता कार्यक्रम गरी नेपाली संस्कृति झल्काउने परिपाटी केही उदाहरण हुन् ।

कतिपय प्रतियोगितात्मक कार्यक्रमहरू (साहित्यक, सौन्दर्य, हाजिरी जवाफ, बाल कला) का कार्यक्रम आयोजना र पुरस्कार वितरण गरिन्छ । पहिचानमूलक सेवा कार्यक्रमका दृष्टिले नेपाली खाना प्रवर्धन, बालबच्चा तथा वृद्धवृद्धालाई सहयोग, रक्तदान, आकस्मिक सहयोग र मार्गदर्शन प्रमुख कार्य हुन् । यी केवल हाम्रो पुरुषार्थ मात्र होइन बहुपक्षीय ज्ञान आदान प्रदानका विषय बनेका छन् ।

अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज–अनेसास (International Nepalese Literary Society-INLS) अर्को महत्त्वपूर्ण माध्यम हो । यसले माध्यमबाट पाठ्यक्रमको विकास गरी विदेशमा बस्ने नेपाली तथा नेपाली भाषीहरूका सन्तानका लागि नेपाली पाठशाला सञ्चालन गरी नेपाली भाषा, साहित्य, कला र संस्कृतिको सिकाइ तथा अवलम्बनमा जोड दिएको छ । यसले पुरस्कारहरूको स्थापना, वितरण, कविता, गजललगायतका नियमित रचनावाचन कार्यक्रम, संगीतसन्ध्या, साहित्य सम्मेलन, स्रष्टाजन्मजयन्ती, अनुवादजस्ता गतिविधि विभिन्न मुलुकहरूमा गर्दै आएको पाइन्छ । एशिया त स्वाभाविकै भयो, त्यसका अलावा अमेरिका, क्यानाडा, अष्ट्रेलिया, र युरोपबाट यस्ता प्रयास बढी भएको पाइन्छ । हाम्रो पुरुषार्थले यस्ता गतिविधिप्रति चासो, सम्मान, हातेमालो गर्न खोजेको छ ।

अहिले नेपाल डे मनाउने होड नै चलेको पाइन्छ विदेशमा । अमेरिकामा त्यहाँको राज्य वा सिटी/काउन्टी (स्थानीय) सरकारको सहमति, सहयोग र समर्थनमा यसले अभियानै चलाउन खोजेको आभास हुन्छ । सडकमा पदयात्रा, झाँकी, जुलुस गर्ने गरिन्छ । नेपाली वीरता र राष्ट्रियताको प्रतीक सूर्यचन्द्राङ्कित राष्ट्रिय झण्डा हल्लाएर गौरवान्वित भइन्छ । विभिन्न जातीय पहिरन र संस्कृतिमा यो दृश्य अझ अनुपम देखिन्छ । क्यानाडामा पनि यो प्रयत्न भएको छ । युरोप तथा अष्ट्रेलियालगायतका महादेशमा पनि त्यहाँ रहेका गैरआवासीय नेपालीहरूबाट विभिन्न पहल भएको बुझिन्छ । यसैगरी नेपालमा बस्ने नेपाली नागरिकले मात्र होइन, सामाजिक सञ्जालमा मात्र होइन, सर्वत्र राष्ट्रिय भावना फैलाउन र पहिचान बढाउन हाम्रो पुरुषार्थले पनि भूमिका खेल्न खोजेको महसुस हुन्छ । आप्रवासी नेपालीहरूले विश्वभर अङ्ग्रेजी नयाँ वर्ष(जनवरी १)का दिन नेपाली टोपी दिवस मनाउने अर्को महत्त्वपूर्ण प्रचलन चलेको छ । नेपाल र नेपालीको राष्ट्रिय तथा अन्तर्राष्ट्रिय पहिचान बढाउन यो निकै प्रभावकारी र गौरवान्वित बनाउने चाड नै बन्न थालेको छ । नेपाली टोपी लगाएर सडक, होटल, पार्क, कार्यालय, यात्रा आदिमा पहिचान दिलाउने प्रयास गरिन्छ मातृभूमिप्रतिको अगाध मायाको चिनो मानेर । यस प्रकारको भाव, प्रभाव र उपलब्धिमा ज-जसको योगदान जे-जति होला, त्यसमा हाम्रो पुरुषार्थजस्ता पत्रिकाले फैलाएको सन्देश र पहुँचको अंश थोरै नै होला, तर छ र पक्कै लुकेको छ ।

## (घ) अपेक्षा

हाम्रो पुरुषार्थबाट धेरैका धेरै अपेक्षा होलान् । किरण पुस्तकालय, सम्पादक, सह-सम्पादक, सहायक सम्पादक, सहयोगी मण्डल, प्रकाशक, मुद्रक, ग्राहक, सदस्य, कर्मचारी, सहयोगी, विक्रेता, क्रेता, पाठक, जिल्लावासी, राष्ट्रवासी वा प्रवासी नेपाली जोसुकैका आ-आफ्ना अपेक्षा पक्कै होलान् । दीर्घकाललाई सोच्ने हो भने सधैं अहिलेजस्तै लामो समयका लागि र त्यस्तै त्यागी मान्छे पाउन नसकिएला । त्यसैले भविष्यका लागि पनि अहिलेजस्तै सक्षम र त्यागी उत्तराधिकारी नेतृत्व तयारी समयमै हुन सकोस् । सम्पादक शशि पन्थीले जस्तै ५० वर्षभन्दा बढी यस क्षेत्रमा निरन्तर उत्कृष्ट नेतृत्व प्रदान गर्ने व्यक्ति र वातावरणलाई कसरी सिर्जना तथा सुरक्षित गर्ने भन्ने प्रश्न पनि अहम् छ । सम्पादक वा जुनसुकै भूमिकामा रहेर यस प्रकार योगदान गर्ने सबैलाई यसरी नै धन्यवाद दिन पाइयोस् । स्थानीय मात्र होइन, विश्व साहित्य र विचारलाई समेटेर जाने शैली प्रशंसालायक रहोस् । स्रष्टालाई आह्वान, मान तथा सम्मान, कृति प्रकाशन, जाति पहिचान, संस्कृति संरक्षणजस्ता ध्येय जीवन्त रहून् । हरेकको कृतित्त्व र अस्तित्त्व कायम रहोस्, विकास होस्, सम्बन्ध सुदृढ बनोस्, आशा भरोसामा सन्तुष्टि मिलोस्, राम्रो दृष्टि पुगोस् । यसबाट अपेक्षित अभिलाषाहरू पूरा होऊन् । सरोकारवालाहरू सबैको चासो बढोस् । तुलनात्मक दृष्टिले यसलाई उत्कृष्ट, विशाल र प्रभावकारी देख्न पाइयोस् ।

उपयुक्त सञ्चार माध्यम र सामाजिक सञ्जालबाट आम मानव समुदायमा पुग्न सकिने आजको जमानामा kiranpustakalaya.com वेवसाइटबाटै हाम्रो पुरुषार्थ अध्ययन गर्न सकिने तथ्य स्वागतयोग्य छ । यसलाई समयसापेक्ष बनाउँदै लगिने नै छ । त्यसैले यसको पहुँच र यसप्रतिको आमसहभागिता विश्वव्यापी हुन सम्भव छ ।

सारांशमा भन्नुपर्दा हाम्रो पुरुषार्थ आफ्नो इतिहास जीवन्त राख्दै उज्ज्वल भविष्यको रङ्गमञ्चमा नेपाली वाङ्मयको धरोहर बनोस् । युगान्तकारी अध्ययन, अनुसन्धान र सिर्जनशील साहित्यको केन्द्रबिन्दु बन्न सकोस् । यसको विस्तृत अर्थ, महत्त्व, उपलब्धि र अपेक्षालाई आत्मसात् गरी आफ्नो पुरुषार्थलाई सक्षम, व्यवस्थित र दूरगामी दृष्टिले सफल बनाउन सकोस् ।

अन्तमा, प्रस्तुत सन्दर्भमा बुँदागत केही अपेक्षा यसरी व्यक्त गर्न चाहन्छु । वार्षिकबाट अर्धवार्षिक हुँदै त्रैमासिक राष्ट्रिय साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ–

१. निरन्तर प्रकाशन भइरहोस्, दिगो बनोस् ।

२. आवश्यक र सम्भव देखिए मासिक बन्न सकोस् ।

३. यसको स्तरीयतामा वृद्धि होस् अझै ।

४. यसको प्रभाव क्षेत्र मोफसल, देशविदेश सबैतिर विस्तारित र सुदृढताका साथ सबै महादेशमा पुगोस् ।

५. आर्थिक, प्रशासनिक र स्थानीय अवस्था सुदृढ बनोस् जसबाट यसको समयमै प्रकाशन, वितरण, क्रयविक्रय, गाहक संख्या अझ बढी, नियमित तथा विस्तारित होस् ।

६. भाषिक र साहित्यिक क्षेत्रमा राष्ट्रिय पत्रिकाको रूपमा यसले आम सहभागिताका साथ सहयोग प्राप्त गर्नुका साथै सरोकारवाला, पाठक तथा सरकार सबैको मन जित्न सकोस् ।

७. आवश्यकता बोध भएअनुसार लोपोन्मुख विषयवस्तु र बाल संसारलगायतका विधाहरू पनि उत्तिकै समावेश गर्दै समयानुकूल सुधारसँगै देशको उत्कृष्ट नमूना प्रकाशनको रूपमा सफलता हासिल गरोस् । शुभकामना ।

✍ **पूर्व का.मु. कार्यकारी निर्देशक– नेपाल रेडक्रस सोसाइटी, केन्द्रीय कार्यालय, काठमाडौं हाल – क्यानडा ।**

ooo

# हाम्रो पुरुषार्थको स्वर्णजयन्ती हाम्रो पुरुषार्थले के गरेन र ?



खिमानन्द पोखरेल

हाम्रो पुरुषार्थ गुल्मी जिल्लाकै पहिलो साहित्यिक पत्रिका हो । यो पत्रिकाले गुल्मी जिल्लाको मात्र नभएर साहित्यमा पूरै देशको समेत शान राखेको छ । यो पत्रिकाले स्वर्णजयन्ती मनाउँदै छ भन्ने जानकारी पाएर मलाई पनि यसबारे केही लेख्न मन लाग्यो । हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीको मिहिनेतको फल हो यो । यसले गुल्मी जिल्लाको गौरव गाथा बोकेको छ । यो पत्रिकाको जन्म २०३० सालमा भएको हो । त्यतिखेर म तम्घासको महेन्द्र हाई स्कूलमा कक्षा आठमा पढ्थें होला सायद । त्यसबेलादेखि नै सुन्दै आएको नाम हाम्रो पुरुषार्थ हो । यसै सिलसिलामा महेन्द्र हाई स्कूलले पनि शैल सन्देश निकाल्ने गर्थ्यो । यो पत्रिकामा केवल विद्यार्थीहरूका रचना मात्र निस्कने गर्थे । खोई आजभोलि त्यसको कुनै चर्चा परिचर्चा गरिएको सुनिदैन । पत्रिका चलेको छ वा छैन त्यसको पनि जानकारी नै छैन । तर हाम्रो पुरुषार्थ भने निरन्तर अगाडि बढिरहँदा यहाँसम्म आउने कुराले स्वर्णजयन्तीको फेरो समाउन सफल देखिएको छ । हाम्रो पुरुषार्थ निजी स्रोतबाट चल्ने पत्रिका हो । यसको कुनै आम्दानी छैन । निजी स्रोतबाट आफ्नै गास कटाएर चलेको पत्रिका हो हाम्रो पुरुषार्थ । मैले पनि हिमाली गुराँस पत्रिका निकाल्छु तर काठमाडौंबाट । म पराल्मीको व्यक्ति आफ्नै गुल्मी जिल्लाबाट पत्रिका निकाल्नु पर्ने हो तर मेरो हिम्मत आएन । हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थी महान् हुनुहुन्छ जसले हाम्रो पुरुषार्थलाई पुरुषार्थ गरेर देखाइदिनुभएको छ । साहित्यिक पत्रिका निकाल्नु भनेको साहित्यलाई अथाह माया गर्नु हो । जो व्यक्तिले साहित्यलाई माया गर्छ त्यसले मात्र साहित्यिक पत्रिकाको सम्मान र कदर गर्छ । एउटा सम्पादक आफ्नो पत्रिकालाई यसको गुणस्तर कसरी कायम गर्न सकिन्छ भन्ने कुरामा रात दिन चिन्ताग्रस्त देखिन्छ । यो नै उसको पत्रिकाप्रतिको मोह हो । साहित्यले मान्छेलाई के दिन्छ भन्ने होइन यसको चिन्तन गरेपछि के पाइँदैन र भन्ने हो । यसमा लागेपछि मान्छे संस्कारी, बुद्धिजीवी र सभ्य बन्छ । शुद्ध बोल्ने, लेख्ने र लेख्न सिकाउने बन्छ । यो चलन पनि हामीलाई साहित्यले नै सिकाएको हाम्रो आफ्नै उपज हो ।

हुन त कोही कोही मानिस यो क्षेत्रलाई अनुत्पादक क्षेत्र हो भनेर हौवा फिजाउने गरेका पनि सुनिन्छ । यस्ता हौवा फिजाउनेहरूको जमात आजभोलि तपाईं हाम्रो छिमेकमा कहिलेकाहीं भेटिने पनि गर्छन् । यसरी भेटिने गरेका यस्ता जमातदेखि सतर्क रहेर बस्नुको अन्य विकल्प नै छैन । यो प्रवृत्ति सही हो वा गलत हो यसलाई हामी आफैले छुट्याउन सक्छौं । साहित्यले मानिसलाई अमरत्व प्रदान गर्छ । हो मानिसलाई बाँच्न मानिसकै सहारा चाहिन्छ । उसले अर्थोपार्जन गरी घर चलाउनुपर्छ । यदि यसो गरिएन भने उसको दैनिकी चल्न सक्दैन । हामी साहित्यका कुरा गर्छौं । साहित्यले समाज परिवर्तन गराउन सक्ने कुरामा ठूलो भूमिका खेलेको हुन्छ । साहित्य समाजको दर्पण हो । गुल्मी जिल्लाभर हाम्रो पुरुषार्थको पहुँचमा व्यापकता नै देखिन्छ । साहित्यमा रुचि राख्नेले हाम्रो पुरुषार्थलाई खोजीखोजी पढ्न थालेका छन् । साहित्यिक मनहरूसँग पत्रिका वहकिन मन पराउँछ । हाम्रो पुरुषार्थले देशका विभिन्न ठाउँबाट बेलामौकामा चर्चा बटुलिरहन्छ । हाम्रो पुरुषार्थले आफूसँगै लुकेर बसेको प्रतिभालाई सार्वजनिकीकरण गरिदिन्छ । हाम्रो पुरुषार्थ स्वाभिमानी भएर बाँच्न चाहन्छ ।

*हाम्रो पुरुषार्थ गुल्मीको इतिहास पनि हो । यो पत्रिकाले आफ्नै किसिमको औचित्य कायम राख्दै आएको छ ।*

हाम्रो पुरुषार्थले पर निर्भर भएर बाँच्नु हुँदैन भन्ने सन्देश दिन्छ । हाम्रो पुरुषार्थले कसैसँग दुश्मनी साँधेर बाँच्नु हुँदैन भन्छ । अनाहकमा अर्को व्यक्तिलाई दुःख दिएर आँसु बगाउनुलाई राम्रो ठान्दैन । हाम्रो पुरुषार्थले आफै सक्षम हुनुमा गर्व गर्छ । यसले आफ्नै क्षेत्रको प्रतिभालाई माथि उठाउने काम गरेको छ । हाम्रो पुरुषार्थले गुल्मी जिल्लामा नेपाली साहित्यको शान बोकेको छ । हाम्रो पुरुषार्थ गुल्मीको इतिहास पनि हो । यो पत्रिकाले आफ्नै किसिमको औचित्य कायम राख्दै आएको छ । साहित्यमा कसैसँग झुक्न जानेको छैन । आफ्नै मिहिनेतले गौरवशाली इतिहासको पाना सजाउन चाहन्छ । गुल्मी जिल्लामा बसोबास गरेका र उक्त जिल्लामा जन्मिएर कामकाजको सिलसिलामा जिल्ला बाहिर बस्नुहुने साहित्यकारहरूको दस्तावेज सङ्कलन गर्ने कुरामा चासो दिएको छ । हाम्रो पुरुषार्थको जन्मदाताको रूपमा शशि पन्थीलाई लिन सकिन्छ । हाम्रो पुरुषार्थले सजिला अप्ठ्यारा थुप्रै जङ्घार तरिसकेको छ । हाम्रो पुरुषार्थका आगामी दिनहरू अहिलेको भन्दा अझ बढी राम्रो, तेजिलो र पारदर्शी बन्दै जाऊन् । हाम्रा समस्त शुभचिन्तक साहित्यप्रेमीहरूबीच कोसे ढुङ्गा बन्दै जाओस् । हाम्रो पुरुषार्थले असल काम गर्नेहरूको मूल्याङ्कन गर्दै जाओस् । जिल्लाबासीहरूका लागि अत्यधिक प्रिय "हाम्रो पुरुषार्थ" बन्दै जाओस् । यो निरन्तरताले अनन्तसम्म यसरी नै फुल्दै जाने सु–अवसर प्राप्त गरोस् हार्दिक शुभकामना !

**सम्पादक – हिमाली गुराँस (द्वैमासिक), काठमाडौं ।**

ooo

*// लेख //*

# नयाँ र पुराना प्रतिभाहरूको सङ्गमस्थल बनेको छ–हाम्रो पुरुषार्थ



तुलसीदास गौतम

हाम्रो पुरुषार्थले साहित्यिक क्षेत्रका विशिष्ट सर्जकहरूलाई मात्र स्थान नदिएर गुमनाम रहेका प्रतिभाहरूलाई पनि उजागर गर्ने गरेको छ । बेलाबेलामा बादलभित्र लुकेको चन्द्रमालाई हावाले बादललाई हुत्याएर देखाए जस्तै ओझेलमा परेका स्रष्टाहरूलाई पनि यसले चिनाउने गरेको छ । रिडीको नयाँ पुलले तीन जिल्ला जोडे जस्तै यो पत्रिकाले पनि स्थापित साहित्यकार, नवोदित र लुकेका तीन थरी व्यक्तित्वलाई समेट्ने काम गरेको छ ।

*हाम्रो पुरुषार्थले साहित्यिक क्षेत्रका विशिष्ट सर्जकहरूलाई मात्र स्थान नदिएर गुमनाम रहेका प्रतिभाहरूलाई पनि उजागर गर्ने गरेको छ । बेलाबेलामा बादलभित्र लुकेको चन्द्रमालाई हावाले बादललाई हुत्याएर देखाए जस्तै ओझेलमा परेका स्रष्टाहरूलाई पनि यसले चिनाउने गरेको छ । रिडीको नयाँ पुलले तीन जिल्ला जोडे जस्तै यो पत्रिकाले पनि स्थापित साहित्यकार, नवोदित र लुकेका तीन थरी व्यक्तित्वलाई समेट्ने काम गरेको छ ।*

यो पत्रिका राजधानीभन्दा धेरै परको कुनै बेला दुर्गम जिल्ला मानिने गुल्मी जिल्लाको प्रकाशन भए पनि काठमाडौंलाई केन्द्रबिन्दु मानेर निस्कने साहित्यिक पत्रिकाहरूभन्दा नियमितता र स्तरीयताका हिसाबले औंलाभित्र गनिने त छदैछ, यसको थप विशेषता आफ्नो क्षेत्रका ओझेलमा परेका र साहित्य क्षेत्रमा आफैभित्र रमाएका प्रतिभाहरूकको खोजी र प्रकट गर्नु पनि रहेको छ ।

आफ्नो स्तर खस्किने डरले नाम चलेका लेखक र साहित्यकारलाई मात्र स्थान दिने कतिपय अन्य प्रकाशनहरूको तुलनामा सिकारूहरूलाई पनि स्थान दिएर

राष्ट्रिय तहमा भविष्यका कुशल लेखक, कवि बनाउँदै आएको र यसबाट स्तर अरू बढ्दै गएको यसका प्रकाशनहरूले प्रमाणित गर्दै आएका छन् ।

यसको श्रेय सम्पादक मण्डलहरूको प्रकाशनप्रति निःस्वार्थ समर्पणभाव हो । सम्पादक मण्डलको अर्थकरी सोंच र अवसर भैदिएको भए न त यसले निरन्तरता पाउने थियो, न त स्तरीयता नै । उहाँहरू अवसरहरूप्रति आकर्षण हुन नखोज्नु, आफै निरन्तर खटिनु र साधनामा अर्जुन दृष्टि राखिरहनु प्रमुख कारकहरू हुन् । यी शशिहरूले "आफ्ना किरणहरूलाई तमसो मा ज्योतिर्गमय" बनाएकले नै यस पत्रिकाले स्वर्ण–जयन्ती मनाउन लागेको छ । बधाई छ–सम्पादक मण्डल र हाम्रो पुरुषार्थलाई ।

*वार्षिक, अर्धवार्षिक हुँदै त्रैमासिक बनेको हाम्रो पुरुषार्थले साहित्यिक धारा मात्र नसमातेर हाम्रा जीवन र जगत्सङ्ग गाँसिएका कथा, नियात्रा, इतिहास, धर्म, संस्कृति, दर्शन, विज्ञान, व्यक्तित्वहरूका अनुभव र अनुभूतिहरू, पाठकका रुचि र सुझाव सल्लाहहरू सबैलाई समेट्दै हरेक अङ्क विशेष अङ्क बनाउँदै आएको छ, बेला बेलामा यसको आकार सानो ठूलो भए पनि उत्तिकै रोचक र दिमागको टनिक बनेको छ यो पत्रिका ।*

पाँच वर्षअघि स्वर्णमहोत्सव मनाएको किरण पुस्तकालयले स्थायित्व नपाउँदै पाँचै वर्षदेखि नै प्रकाशन गर्न थालेको "हाम्रो पुरुषार्थ"ले पनि यस वर्ष "स्वर्ण–जयन्ती" मनाउँदै छ ।

वार्षिक, अर्धवार्षिक हुँदै त्रैमासिक बनेको हाम्रो पुरुषार्थले साहित्यिक धारा मात्र नसमातेर हाम्रा जीवन र जगत्सङ्ग गाँसिएका कथा, नियात्रा, इतिहास, धर्म, संस्कृति, दर्शन, विज्ञान, व्यक्तित्वहरूका अनुभव र अनुभूतिहरू, पाठकका रुचि र सुझाव सल्लाहहरू सबैलाई समेट्दै हरेक अङ्क विशेष अङ्क बनाउँदै आएको छ, बेला बेलामा यसको आकार सानो ठूलो भए पनि उत्तिकै रोचक र दिमागको टनिक बनेको छ यो पत्रिका ।

यो पङ्तिकार पनि हाम्रो पुरुषार्थको आजीवन सदस्य २०३७ । ३८ सालतिर बनेको र पाठक बन्ने गरेको छ । पुराना सङग्रहका आधारमा माथिका निस्कर्ष निकाल्न सकिएको हो ।

अहिले मेरो वरिपरि विशिष्ट विद्वान्, साहित्य स्रष्टाहरूको व्यक्तित्व र कृतित्त्वको समीक्षा गरिएका केही विशेषाङ्कहरू छन् । यिनको आधारमा हेर्दा २०६७ सालमा डा. टीकाराम पन्थी विशेषाङ्क(५६), भानु विशेषाङ्क(६०) २०७०, विश्वेश्वर विशेषाङ्क

(६३)२०७१ र पण्डित भीमकान्त पन्थी शत वार्षिक-स्मृति-विशेषाङ्क (८९) २०७७ हातमा छन् । यी सबैको प्रस्तुतिले सिकारू, नवोदित र राष्ट्रिय तहका लेखक, समीक्षकहरूका धारणा पस्किएर पछिका पुस्ताहरूलाई सिक्ने मौका दिएको छ ।

डा. टीकाराम पन्थी विशेषाङ्क नेपाली र संस्कृतका उद्‌भट विद्वान्, भाषाविद्, काव्यकार, राजनीति सबै विधाहरूमा उहाँको सम्झना, व्यक्तित्वको समीक्षा गरिएको छ । नियमित स्तम्भसहित करिब पाँच सय पृष्ठमा प्रकाशन गरिएको यस ग्रन्थमा १२४ जनाका रचना रहेका छन् ।

भानु विशेषाङ्क, (२०७१) भानुकै कुलमा जन्मेका जयराज आचार्यसँग ६४औ भेटघाटअन्तर्गत शुरू गरिएको विशेष अन्तर्वार्तामा भानुभक्त भाषिक, साहित्यिक र सांस्कृतिक योगदानका कारण अमर भएको पुष्टि गरिएको छ । यस अन्तर्वार्तामा डा, टीकाराम पन्थीलाई पनि उत्तर महाभारतका केही पर्वलेखनमा जोडिएको छ । आचार्यको विश्लेषणात्मक व्याख्या बुझ्न यो अन्तर्वार्ता दोहोस्याई तेहेस्याई पढ्नै पर्छ । यसैगरी यही कुलका शिवराज आचार्यले भानुको संक्षिप्त सर्वाङ्गीण परिचय भनेर हामी सबैका लागि दुर्लभ जीवनी पस्कनुभएको छ । यस अङ्कमा भानु विषय केन्द्रित ५२ बटा लेखक र कविहरूका लेख रचनाहरू रहेका छन् । करीब ३०० पृष्ठमा समेटिएको आकारमा सानो भए पनि यो विशेषाङ्क हाम्रो पुरुषार्थको गहन कृति बनेको छ ।

विश्वेश्वर विशेषाङ्क (२०७१), बीपी विशेषाङ्क भानु विशेषाङ्क निस्केको एक वर्षपछि निस्केको छ । ६५ जनाका लेख रचनाहरू सङ्कलन गरिएको यो विशेषाङ्क आकारमा नियमित स्तम्भसमेत गरेर झण्डै पाँचसय पृष्ठमा छ । बीपीका राजनीतिक र साहित्यिक पाटाहरूलाई केलाएर लेखकहरूले उनको व्यक्तित्व अर्थ्याएका छन् । कसैले महामानव त कसैले भविष्य द्रष्टा, युग द्रष्टा मानेका छन् । शुरूको अन्तर्वार्तामा प्रा. डा. लोकराज बरालले महामानव भनिनुको औचित्य देखाउन सक्दिन, सूक्ष्म दृष्टिराख्ने, गतिशील र चुम्बकीय गुण भएको व्यक्ति, बीसौं शताब्दीका सबैभन्दा ठूला व्यक्ति, र पुनर्जागरणका प्रतिनिधि मान्छन् । सम्पादकीयमा बीपीलाई महापुरुष र युगद्रष्टा मानेको छ । हुन पनि व्यक्ति एक भए पनि दृष्टि अनेक हुनु स्वाभाविक हो । बी.पी. आफैमा महाभाष्य हो, हाम्रा मूल्याङ्कन क्षमताभन्दा बाहिरको व्यक्तित्व हो ।

यसैगरी लुकेका प्रतिभाहरूमध्ये "कवि पं. भीमकान्त पन्थी"लाई हाम्रो पुरुषार्थले २०७७ सालमा साहित्यिक क्षेत्रमा एक नक्षत्र बनाउन आफ्नो एक विशेषाङ्क नै उनीप्रति समर्पण गरेको छ । झण्डै सात सय पृष्ठ रहेको यस विशेषाङ्कमा लेखकको सङ्ख्या थोरै भए पनि एकै लेखकले धेरै लेख लेखेर परिमाणात्मक रूपमा उनको कृतित्त्व र व्यक्तित्व झल्काएका छन् ।

अर्घाखाँची, खिदिमको हरिहर पाठशालाबाट विद्याध्ययन शुरू गरेर काठमाडौं र वाराणसीमा उच्च शिक्षा लिएका पन्थीको व्यक्तित्व उजागर गर्ने उनका कृतिहरू नै हुन् । उनका तीन प्रकाशित कृतिहरू छन्-जगदम्बिकावैभवम्, जगदीश्वरवैभवम्, र विविध पद्यावली । यसबाहेक फुटकर कविताहरू छदैछन् ।

महाकाव्य नै न भनिए पनि महाकाव्यका लक्षण दुई कृतिहरू-जगदम्बिकावैभवम् र जगदीश्वरवैभवम्मा पाइन्छ । अर्को विविध पद्यावलीले उनको समसामयिक विषयमा छुट्टै प्रस्तुति पहिचान बनाएको छ ।

उनको पहिलेका दुई कृतिहरू हेर्दा उनी संस्कृत साहित्यका पूर्वज प्रकाण्ड विद्वान्हरूको हाराहारीमा पर्दछन् । तर गैरसंस्कृतभाषी साधारण साहित्यानुरागीहरूमा उनी अपरिचित छन् । यी व्यक्तित्वलाई उनका कृतित्त्वहरूको विश्लेषणात्मक समीक्षा नेपालीं भाषामा पनि गरिएको छ । अन्यथा उनका कृतिहरू यति गहन र सरस भए पनि भाषागत हिसाबले उनी पछाडि पर्ने थिए भने पाठकहरू यसको स्वाद लिनबाट वञ्चित हुने थिए ।

उनको यस विशेषाङ्कमा चार खण्ड रहेका छन्-संस्मरण खण्ड, समीक्षा खण्ड, संस्कृत खण्ड र परिशिष्ट खण्ड । परिशिष्ट खण्डमा उनका अनुभूतिजन्य रचनाहरू, उनलाई संमानस्वरूप दिइएका अभिनन्दन पत्रहरू, केही छायाचित्रहरू समावेश गरिएका छन् । संस्कृतका विद्वान् चिनाउन संस्कृतका विद्वान्ले मात्रै सक्नेरहेछ भन्ने सत्यता प्रा.डा. लक्ष्मीकान्त पन्थी, प्रा.डा. टीकाराम पन्थी, प्रा.डा. महानन्द तिमल्सिनाका रचनाहरूले संस्कृत खण्डमा देखाएका छन् । यो संस्कृत खण्ड शायद राष्ट्रिय र अन्तर्राष्ट्रिय संस्कृत विद्वान्हरूलाई लक्ष्यित गरेर राखिएको होला ।

## उपसंहार

यसरी हाम्रो पुरुषार्थले यस वर्ष स्वर्णजयन्ती विशेषाङ्क नै निकालेर मनाउन लागेको छ । प्रकाशन र सम्पादकहरूलाई बधाई छ । पचास वर्षसम्म अटुट खटिनुहुने सम्पादकहरूको अथक प्रयास र समर्पणले नै मोफसलका साहित्यिक पत्रिकाहरूमध्ये नियमितता र स्तरीयताका दृष्टिले यो अग्रपंक्तिमा रहेको छ । अबको पालो सहायक हुनेहरूले अग्रजहरूको मार्गदर्शन अनुसरण गर्दै साहित्यिक फाँटमा नियमित, रुचिकर र स्तरीय बनाउन आफ्नो परिश्रम र प्रतिभा लगाऊन् यही शुभकामनाका साथ लेखलाई अन्त्य गर्दछु ।

**पूर्व सह-सचिव - कृषि मन्त्रालय । पाणिनि-२ (खिदिम, पोखराथोक) अर्घाखाँची, हाल - काठमाडौं, बुद्धनगर ।**

ooo

# हाम्रो पुरुषार्थको स्वर्णजयन्ती र योगदान



डा. कृष्ण भण्डारी 'मुमुक्षु'

## परिचय

हाम्रो पुरुषार्थ विशुद्ध साहित्यिक पत्रिका हो । पाँच नम्बर प्रदेशको लुम्बिनी अञ्चलमा पर्ने गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट २०३० सालदेखि प्रकाशनमा आएको यस पत्रिकाको निरन्तरता र गुणस्तर कायम गर्न सम्पादक शशि पन्थीको भूमिका सर्वोपरि छ । हाम्रो पुरुषार्थमा विविध सामग्रीहरू जुटाउनु, सम्पादन गर्नु र मोफसलमा बसेर पनि राष्ट्रिय र अन्तर्राष्ट्रिय क्षेत्रमा पत्रिका पुर्‍याउनु उल्लेख्य काम हो । सहसम्पादक र सम्पादक मण्डलको लगन, स्थापित कवि-लेखक साहित्यकारहरूको रचना प्राप्त गर्ने काम सामान्य मान्न सकिँदैन । किरण पुस्तकालयले यसलाई प्रकाशन गरी ऐतिहासिक योगदान दिएको छ । यसका प्रतिनिधिहरू काठमाडौं, पाल्पा, रूपन्देही, चितवन, पोखरा, दाङ, वाराणसी, देहरादून, आसाम, अष्ट्रेलिया, अमेरिकामा बसी त्यहाँका प्रतिष्ठित कवि, कलाकार, नाटककार, आख्यानकार, आध्यात्म क्षेत्रका विशिष्ट विद्वान् र राजनीतिज्ञहरूका लेख, रचना र विचारहरू यसमा प्रकाशित भइरहेका छन् । यसको उत्थानमा संस्थापक सदस्य, आजीवन सदस्य र साधारण सदस्यहरूको भूमिका पनि सम्झनयोग्य छ । यस लेखबाट हाम्रो पुरुषार्थ पत्रिकाका केही विशेषाङ्क र केही अन्य अङ्कको बारेमा संक्षिप्त जानकारी प्राप्त हुनेछ साथै यसको योगदानको बारेमा पनि विद्यार्थी, शिक्षक, पत्रकार, साहित्यकार र आम पाठकले लाभ लिने आशा गरिएको छ ।

## साहित्यिक पत्रकारिता

राज्यको चौथो शक्ति पत्रकारितालाई मानिन्छ । यसले देशको संप्रभुताको रक्षा गर्ने जिम्मा लिएका कार्यपालिका, व्यवस्थापिका र न्यायपालिकाका काम र कर्तव्यलाई जनतासामु पुर्‍याउँछ । जनताको घरघरमा सत्य, तथ्य समाचार पुर्‍याउने दैनिक, साप्ताहिक, पाक्षिक र मासिक पत्रिकाको भूमिकाभन्दा थोरै

भिन्न साहित्यिक पत्रिकाको भूमिका हुन्छ । यसले भाषाको खबर भोलि बासी भइसक्ने र हिजोको पत्रिका हिजोको निम्ति भोलिको खबर भोलि नै आउँछको शैलीबाट अलि गम्भीर भएर स्वनामधन्य कवि, लेखक, समीक्षक, कलाकार, सङ्गीतकार, राजनीतिज्ञ आदि प्रतिष्ठित व्यक्तिका रचनात्मक विचारलाई महत्त्व दिन्छ । यो पत्रिका बासी हुँदैन, बरू ती विद्वान्, कवि, लेखकका चिन्तनलाई सार्वजनिक गर्ने कामसँगै ऐतिहासिक दस्तावेजकै रूपमा समाजसमक्ष प्रस्तुत गर्दछ । यसको उपादेयता स्थानीय, क्षेत्रीय, केन्द्रीय भनिए पनि गुण र दोषका आधारमा छुट्टै पहिचान हुने गर्दछ ।

नेपालको सन्दर्भमा गोरखापत्र दैनिकले प्रारम्भिक समयमा समाचार कम साहित्यिक रचना ज्यादा छापेको पाइन्छ । त्यसपछि सुन्दरी, माधवी, चन्द्र, गोर्खाली (बनारसबाट), सूक्तिसिन्धु, गोर्खा संसार (देहरादून), आदर्श (कालिम्पोङ), नेपाली साहित्य सम्मेलन पत्रिका (दार्जिलिङ) (श्रेष्ठ र अधिकारी, २०७७ : २२९) । शारदा, युगवाणी, इन्द्रेणी, हिमालचुली, सयपत्री, धरती, बुइँगल, धौलागिरि, रूपरेखा आदिको लहरपछि गुल्मीबाट २०३० सालमा हाम्रो पुरुषार्थ पत्रिका प्रकाशनमा आएको हो । देशका विभिन्न स्थानबाट साहित्यिक पत्रिका प्रकाशित हुन थाले । विशेष गरी नेपाल प्रज्ञा–प्रतिष्ठानबाट 'प्रज्ञा', गोरखापत्र दैनिकले 'मधुपर्क' पत्रिका र साझा प्रकाशन तथा नेपाल राष्ट्र बैंकबाट निस्कने पत्रिकाले साहित्यिक पत्रिकाको पाठक मैत्री समाज खडा गरेको देखिन्छ । २००७ सालको क्रान्तिपछि उन्मुक्त विचार लेख्न पाएका कवि लेखकहरू २०१७, २०३६, २०४६, २०६२/६३ सालको राजनैतिक परिवर्तनमा प्रत्यक्ष परोक्ष रूपमा कलम चलाउँदै आएका छन् । पछिल्लो तीन चार दशकयता साहित्यिक पत्रकारिता अझ मौलाउँदै विश्वमा छरिएका नेपालीहरूको यात्रा वृत्तान्त हुँदै अमेरिका, बेलायत, अष्ट्रेलिया, जापान आदि देशबाट साहित्यिक पत्रिका प्रकाशन हुँदै आज अन्तर्राष्ट्रिय जगत्मा नेपाली भाषाको विस्तार र विकास भएको छ । यो स्थिति निर्माण गर्नमा आधा शताब्दी अघिका पत्रिकाहरूको भूमिकालाई बिर्सन सकिन्न । 'हाम्रो पुरुषार्थ' ले २०८० सालमा स्वर्ण–जयन्तीको विशेषाङ्क प्रकाशन गर्ने सङ्कल्प गरेकोमा यसका लेखक, सम्पादक र पाठकलाई यसको शताब्दी वर्ष विशेषाङ्क प्रकाशन नगरी विश्राम लिने होइन भन्ने आँट र भरोसा हुनुपर्छ ।

### विश्वेश्वर विशेषाङ्क

हाम्रो पुरुषार्थको वर्ष ४१, अङ्क ४, सम्पूर्णाङ्क ६३, २०७१ विशेषाङ्कमा 'एउटा युगपुरुषको यादमा' शीर्षकको सम्पादकीय पाठले पाँच बुँदामा बी.पी. कोइरालाको व्यक्तित्वलाई स्वतन्त्रताका सेनानी, महानायक, युगपुरुष, शिखरपुरुष, दुर्धर्ष योद्धा,

राजनेता, कालजयी आख्यानकार, युगद्रष्टा आदि विशेषण दिएर राष्ट्रहितको लागि लड्ने एक नमूना नेता मानेको विचार दिएको छ ।

यस अङ्कका पैसट्ठीवटा लेख-रचनालाई हेर्दा प्रथमतः प्रधानमन्त्री सुशील कोइरालाको शुभकामनामा दूरदर्शी राजनेता र बहुआयामिक व्यक्तित्व, जननायक भनिएको छ । कृष्ण भण्डारी 'मुमुक्षु' ले वरिष्ठ राजनीतिज्ञ प्रा.डा. लोकराज बराल र प्रा. कृष्णप्रसाद खनालसँग लिएको अन्तर्वार्ता अग्र पृष्ठमा छापिएको छ । यसरी नै प्रा.डा. जयराज आचार्य, ज्यो. रत्ननिधि रेग्मी, प्रा.डा. यज्ञप्रसाद अधिकारी, चन्द्र भण्डारीलगायतका धेरै विद्वान्हरूका दृष्टिमा विश्वेश्वरप्रसाद कोइरालाको व्यक्तित्वका बारेमा अनेकौं दृष्टिकोण प्रस्तुत गरिएको छ । यसपछि उनका आख्यानका बारेमा वनमाली निराकार, सदानन्द अभागी, कृष्णादेवी शर्मा, विजेता चौधरी, मुकुन्द शर्मा चालिसे, ठाकुर शर्मा भण्डारी, चन्द्रकान्त आचार्य आदिले गहन समीक्षा प्रस्तुत गरेका छन् । अन्य धेरै लेखकहरूले बी.पी. को सम्झनामा उनलाई राजनीतिज्ञ, साहित्यकार तथा ज्योतिष सिद्धान्तका आधारमा चिनाउने कार्य गरेका छन् । अर्का अकिञ्चनले बी.पी.को क्रान्तिकारी व्यक्तिका अनेक आयाममाथि प्रकाश पारी उनले नेपाल राष्ट्रलाई प्रजातन्त्रको राजमार्गमा हिँडाउने व्यक्तिको रूपमा बी.पी. को सम्झना गरेका छन् । समग्रमा उनको शतवार्षिकी परेको उपलक्ष्यमा यो विशेषाङ्क प्रकाशित गरी किरण पुस्तकालयले ज्यादै महत्त्वपूर्ण कार्य गरेको निष्कर्ष पंक्तिकारको रहेको छ ।

## पं. भीमकान्त पन्थी शतवार्षिकी स्मृति विशेषाङ्क

पं. भीमकान्त पन्थीको स्मृतिमा प्रकाशित 'हाम्रो पुरुषार्थ' वर्ष ४८ अङ्क २ सम्पूर्णाङ्क ८९, २०७७ एउटा अर्को भाषा साहित्यमा ठूलो योगदान दिने व्यक्तिको बारेमा नेपाली भाषा र संस्कृत भाषामा लेख-रचना छापी किरण पुस्तकालयले स्मरणीय कार्य गरेको छ । यो स्मृति ग्रन्थमा कवि मुकुन्दशरण उपाध्यायको शुभकामनासँगै संस्मरण खण्डमा चालीसवटा लेख-रचना छापिएका छन् भने समीक्षा खण्डमा एक्काईस जना विद्वान्ले गहन अध्ययन गरी लेखिएका सत्ताईसवटा समीक्षा प्रस्तुत गरिएको छ । संस्कृत-खण्डमा चौबीसवटा लेख एघार जनाले प्रस्तुत गरेको पाइन्छ भने परिशिष्ट खण्डमा छवटा शीर्षकमा स्मृति, हस्ताक्षर, प्रकाशित र अप्रकाशित सामग्री नजिकबाट चिन्ने व्यक्तिका भनाइहरू र छायाचित्रहरू प्रकाशित गरिएको छ ।

पहिलो लेख प्रा.डा. लक्ष्मीकान्त पन्थीको 'कवि पं. भीमकान्त पन्थी : वंशवृत्त' शीर्षकमा सविस्तार चर्चा गरिएको छ । त्यसपछि सूर्यकान्त पन्थीको पं. शेखरनाथ पन्थीसँगको भेटवार्ता छापिएको छ । त्यसमा पनि पिताका बारेमा जानेसम्मका कुरा उहाँले व्यक्त गर्नुभएको छ । त्यसपछि सीता रिजालले उनको जीवनी र

जीवन-दर्शनका बारेमा चर्चा गरेकी छन् । क्रमशः नीलाम्बर पन्थी, नीलमाया पन्थी, रामप्रसाद अर्याल, टङ्केश्वर पोखरेल, वासुदेव मरासिनी, कोषराज न्यौपाने, युवराज भुसाल, सूर्यकान्त पन्थी, चन्द्रकान्त पन्थी, डा. कृष्णकान्त पन्थी, भेषराज पन्थी, स्थानेश्वर पन्थी, खिमानन्द शर्मा पन्थीलगायत पन्थीहरूले सम्झना उल्लेख गरेका छन् ।

समीक्षाखण्डमा प्रा.डा. प्रेमप्रसाद चौलागाई, प्रा.डा. महानन्द तिमिल्सिना, प्रा.डा. वेणीमाधव ढकाल, प्रा.डा. विष्णुराज आत्रेय, प्रा.डा. हरिहर शर्मा अर्याल, प्रा.डा. भेषराज अर्याल, प्रा.डा. टीकाराम पन्थीसमेतका लेखकले पं. भीमकान्तजीको व्यक्तित्व, कृतित्त्व र विशेषताहरूमा प्रकाश पारेका छन् ।

*हाम्रो पुरुषार्थ वर्ष ४६ अङ्क १ सम्पूर्णाङ्क ८०, २०७५ स्वर्णवर्ष विशेषाङ्कका रूपमा प्रकाशित छ । यसमा राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्र मन्त्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, पाँच नम्बर प्रदेश प्रमुख र पाँच नम्बर प्रदेशका सामाजिक सुरक्षा मन्त्रीको शुभकामना छापिएको छ भने सम्पादकीयमा ज्ञानको अर्को नाम ज्योति, किरण हो । ज्योति सूर्यको, अग्निको र ज्ञानको हुन्छ भन्दै ज्योतिर्मय पथको यात्री हामी चुनौतीका पर्खाल नाघ्दै समस्याका पहाड चढ्दै कठिनाइका जङ्घारहरू तर्दै पचास वर्षको यात्रा पूरा गरेको जानकारी गराइएको छ ।*

संस्कृत खण्डमा चार जना लेखकले जगदम्बिकावैभव महाकाव्य र जगदीश्वरवैभव महाकाव्यका बारेमा र अन्य सात जनाले अन्य विषयमा प्रकाश पारी पं. भीमकान्त पन्थीको कृतित्त्व र योगदानलाई सुन्दर ढङ्गमा उल्लेख गरेका छन् । आवरण पृष्ठमा पं. भीमकान्त पन्थीको छायाचित्र छ भने पृष्ठ भागमा किरण पुस्तकालयका केही आजीवन सदस्यको परिचय र नेपाल सरकारको लागूऔषधसम्बन्धी विज्ञापन राखिएको छ ।

समग्रमा नेपालमा संस्कृत महाकाव्य रच्ने महाकविमध्ये औंलामा गन्न सकिने महाकवि पं. भीमकान्त पन्थी रहेको र उनको सरल निष्ठापूर्ण जीवन गुल्मी जिल्लामात्र नभई नेपालकै नाम उच्च बनाउने एक लब्ध-प्रतिष्ठित विद्वान्का रूपमा चिन्न सकिने निष्कर्ष यस ग्रन्थको अध्ययनबाट पंक्तिकारको रहेको छ ।

## किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क, २०७५

हाम्रो पुरुषार्थ वर्ष ४६ अङ्क १ सम्पूर्णाङ्क ८०, २०७५ स्वर्णवर्ष विशेषाङ्कका रूपमा प्रकाशित छ । यसमा राष्ट्रपति, प्रधानमन्त्री, परराष्ट्र मन्त्री श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्री, पाँच नम्बर प्रदेश प्रमुख र पाँच नम्बर प्रदेशका

सामाजिक सुरक्षा मन्त्रीको शुभकामना छापिएको छ भने सम्पादकीयमा ज्ञानको अर्को नाम ज्योति, किरण हो । ज्योति सूर्यको, अग्निको र ज्ञानको हुन्छ भन्दै ज्योतिर्मय पथको यात्री हामी चुनौतीका पर्खाल नाघ्दै समस्याका पहाड चढ्दै कठिनाइका जङ्घारहरू तर्दै पचास वर्षको यात्रा पूरा गरेको जानकारी गराइएको छ । विषयसूचीअन्तर्गत पचहत्तरवटा शीर्षकमा कवि, लेखक, समालोचकहरूका किरण पुस्तकालयप्रति समर्पित लेख-रचनाहरू प्रकाशित गरिएको छ । अग्र पृष्ठ १६ र ३४६ पृष्ठमा किरण पुस्तकालयका बारेमा आ-आफ्ना धारणाहरू लेखकहरूले दिएका छन् । ३४७ देखि ४०८ पृष्ठमा विभिन्न व्यक्तिका विचार र स्थायी स्तम्भलाई स्थान दिइएको छ ।

प्रस्तुत स्वर्णाङ्कमा इन्दिरा दली, मोदनाथ प्रश्रित, केशरमणि पोखरेल, भागवत ज्ञवाली, गोविन्दराज भट्टराई, कपिल लामिछाने, हेमराज पाण्डे, वेदुराम भुसाल, दामोदर ढकाल, दुर्गाप्रसाद अर्याल, बाबुराम ज्ञवाली, लक्ष्मीकान्त पन्थी, राजाराम उपाध्याय आदिका लेख रचनाले संस्थाको योगदानलाई प्रकाश पारेका छन् । प्रभाकृष्ण पौडेलको अङ्ग्रेजीमा लेखिएको लेखले बहुभाषाको अभिव्यक्तिसँगै विभिन्न जातजातिहरूका अनुभूतिलाई समेटेर प्रकाशन भएको यो स्वर्णाङ्क ज्यादा औपचारिक कम साहित्यिक भएको देखिन्छ । यद्यपि एउटा पुस्तकालयको जीवन समाज र राष्ट्रका निम्ति कति उपयोगी र आवश्यक छ भन्ने कुराको बारेमा लेखकहरूले विचार व्यक्त गरेका छन् । राष्ट्रका सर्वोच्च निकायदेखि प्रदेश स्तरीय मन्त्रीका शुभकामनाले स्वर्ण-अङ्क साँच्चिकै सबैको ध्यान तान्न सफल भएको देखिन्छ । विभिन्न जिल्लाका कवि लेखकहरूका भनाइले यो पुस्तकालय नेपाली राष्ट्रिय साहित्यिक पत्रिका प्रकाशन गर्ने संस्थाको रूपमा विकसित भएको मान्न सकिन्छ ।

## हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क-६७, २०७२

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट त्रैमासिक पत्रिकाको रूपमा प्रकाशित 'हाम्रो पुरुषार्थ' वर्ष ४५, अङ्क ४, सम्पूर्णाङ्क ६७ को प्रधान सम्पादक शशि पन्थी, सहसम्पादक दीन पन्थी, सहायक सम्पादक भेषबहादुर कुँवर र भुवनप्रसाद अर्यालको सक्रियता देखिन्छ । यसको सम्पादकीयमा प्रजातन्त्र खोज्दै गर्दा लोकतन्त्र फल्यो । लोकतन्त्र भनेको जनतन्त्र हो समूहतन्त्र, पार्टीतन्त्र र वर्गतन्त्र होइन भन्ने यो गूढ कुरा समाजलाई सुनाइएको छ ।

विषयवस्तुतर्फ हेर्दा यस अङ्कमा उन्नाईस जना लेखकका साहित्यिक अभिव्यक्तिहरू पढ्न पाइन्छ । यसभित्र परशुराम उपाध्याय पन्थी, डा. तुलसी भट्टराई, शङ्करप्रसाद गैरे, मिलन समीर, भेषबहादुर कुँवर, मधुसूदन पाण्डेय,

अर्जुनप्रसाद भट्टराई, श्रीराम शर्मा आचार्य, डा. दामोदर ढकाल आदिका रचनाहरू समय सापेक्ष रहेका छन् । पुस्तकाकृति थोरै दुब्लाएको छ तापनि स्थायी स्तम्भ र नौलो सृष्टि सानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया आदिले साहित्यिक भाव आस्वादन गर्न चाहने पाठकलाई यसले मिठो खाजा पस्केको छ । बरू प्रत्येक अङ्कमा आजीवन सदस्यको परिचय राख्नुभन्दा वर्षको अन्तिम अङ्कमा सबैलाई एकमुष्ट जानकारी गराउने प्रयास राम्रो हो कि भन्ने यस पंक्तिकारलाई लागेको छ ।

युवाहरू परदेशतर्फ कुँदिरहेको दृश्यको कटु यथार्थ र शासक स्वयं अनुशासित कहिले हुने ? भन्ने बारेमा लेखकका अभिमतहरू छाप्न सकेमा हाम्रो पुरुषार्थ पत्रिकाको नाम र समयोचित काम मिल्दो हुनेछ । अघि बढोस् हाम्रो पुरुषार्थ, दक्ष र कुशल युवाले देश विकासको सङ्कल्प लिएमा सार्थक हुनेछ हाम्रो पुरुषार्थको सङ्कल्प ।

*नेपालीले आफ्नो स्वाभिमान जोगाउने महान् कर्महरू गर्दै अघि बढौं भन्ने स्लोगनलाई ख्याल गरी 'हाम्रो पुरुषार्थ' नाम राखिएको हो । शिक्षाको स्तरोन्नति गरी विश्वलाई नेपालमा गुणस्तरीय शिक्षा लिन जाऔं भन्ने गराउनु हाम्रो पुरुषार्थको लक्ष्य हो । भारतीय सेनामा, व्रिटिस सेनामा, मलायमा जाने नेपाली वीर छन् भनेको होइन । इतिहासमा कुशल परराष्ट्र नीति र राष्ट्रिय एकतामा बाँधिएर बस्न सक्ने पुरुषार्थी नेपालीको सोच, त्याग र युद्धमा शत्रुको सातो जाने गरी लड्ने वीरता हाम्रो पुरुषार्थ हो ।*

## हाम्रो पुरुषार्थ सम्पूर्णाङ्क-७३, २०७३

हाम्रो पुरुषार्थ पत्रिका वर्ष ४४, अङ्क २, २०७३ त्रैमासिक साहित्यिक पत्रिका हो । शशि पन्थीको नेतृत्वमा प्रकाशित र सम्पादित सम्पूर्णाङ्क-७३, अग्र पृष्ठ ४, पाठ भाग ७६ पृष्ठको आयाममा विस्तारित छ । यसमा बाह्रजना कलमजीवीहरूका लेखरचनाहरू प्रकाशित छन् । डा. लक्ष्मीकान्त पन्थीसँगको अन्तर्वार्ता शशि पन्थीद्वारा प्रस्तुत गरिएको छ भने अन्य उत्तरकुमार पराजुली, राजेश बोसे, नारद गौतम, अर्जुनप्रसाद भट्टराई, सीता सुवेदी पन्थी, टङ्क पन्थ, हरिप्रसाद पन्थी लगायतका रचनाहरूले पत्रिकाको आकार पातलो भए पनि मोटो गरिमा देखाएको छ । प्रा.डा. बाबुराम ज्ञवालीले इतिहासको दृष्टिमा कौटिल्यीय अर्थशास्त्र नेपाली अनुवाद प्रस्तुत गरी गहन विषयवस्तु पस्केका छन् । अर्जुनप्रसाद भट्टराईले ज्योतिष शास्त्रका प्रवर्तकहरू शीर्षकमा छोटो पृथक् विषयवस्तु राखी वैविध्यता ल्याएका छन् । समग्रमा गुल्मी जिल्लाको केन्द्रमा जन्मेर हुर्कंदै लम्कँदै गरेको हाम्रो पुरुषार्थ मठमा रोपेको

तुलसीजस्तै सबैको निम्ति पूज्य र रुचिकर बन्दै अघि बढेको छ । यसको यात्रा कुनै बाधा नपरी अघि लम्किरहोस् भन्ने पंक्तिकारको कामना छ ।

*ऋषिमुनिहरूको तपोभूमि नेपाल, लोकसाहित्य र संस्कृतिको वरदभूमि, यो नेपालमा औद्योगिक क्रान्ति, वर्ग, लिङ्ग, जात, पेशा, धर्म र राजनीतिको सहिष्णुता कायम गर्ने पुरुषार्थ हामीसँग छ । सरकार र जनताको हातको ताली पिट्ने सुमधुर वातावरणको संरक्षणमा विगत पचास वर्षदेखि हाम्रो पुरुषार्थले आवाज उठाइरहेको छ ।*

## हाम्रो पुरुषार्थको योगदान

नेपालीले आफ्नो स्वाभिमान जोगाउने महान् कर्महरू गर्दै अघि बढौं भन्ने स्लोगनलाई ख्याल गरी 'हाम्रो पुरुषार्थ' नाम राखिएको हो । शिक्षाको स्तरोन्नति गरी विश्वलाई नेपालमा गुणस्तरीय शिक्षा लिन जऔं भन्ने गराउनु हाम्रो पुरुषार्थको लक्ष्य हो । भारतीय सेनामा, व्रिटिस सेनामा, मलायमा जाने नेपाली वीर छन् भनेको होइन । इतिहासमा कुशल परराष्ट्र नीति र राष्ट्रिय एकतामा बाँधिएर बस्न सक्ने पुरुषार्थी नेपालीको सोच, त्याग र युद्धमा शत्रुको सातो जाने गरी लड्ने वीरता हाम्रो पुरुषार्थ हो । सर्वोच्च शिखर सगरमाथा, विश्व शान्तिका दूत गौतम बुद्ध, अयोध्या नरेश रामकी पत्नी सीताको त्याग र सुसंस्कारले रामलाई चक्रवर्ती सम्राट् बन्न दिएको योगदान, शालिग्राम शिलारूपी साक्षात् नारायण, हिमालयकी छोरी पार्वती र शिवको दिव्यधाम, प्रकृतिको राजधानी, जल, जमिन र जङ्गलको मङ्गल भएको देश, ऋषिमुनिहरूको तपोभूमि नेपाल, लोकसाहित्य र संस्कृतिको वरदभूमि, यो नेपालमा औद्योगिक क्रान्ति, वर्ग, लिङ्ग, जात, पेशा, धर्म र राजनीतिको सहिष्णुता कायम गर्ने पुरुषार्थ हामीसँग छ । सरकार र जनताको हातको ताली पिट्ने सुमधुर वातावरणको संरक्षणमा विगत पचास वर्षदेखि हाम्रो पुरुषार्थले आवाज उठाइरहेको छ ।

पत्रिका विना धन छाप्न सकिन्न । धन जुटे पनि लेखरचना सङ्कलन र सम्पादन नगरी यसलाई छाप्न सकिन्न । असल कामको उदाहरण नदिई न लेख पाइन्छ न विज्ञापन । यो सबै कुरा मिलाउने अठोट गरी नामजस्तै काम देखाउनु हाम्रो पुरुषार्थको पहिलो योगदान हो । एउटा पत्रिका प्रकाशन गर्ने सङ्कल्पले २०३० सालमा वार्षिक अङ्क, २०३६ सालमा अर्ध-वार्षिक अङ्क र २०७० सालदेखि त्रैमासिक अङ्कहरू प्रकाशन गरी निरन्तरता दिइरहनु दोस्रो ठूलो योगदान हो । यस पत्रिकाको बारेमा क्याम्पसका विद्यार्थीहरूले अध्ययन अनुसन्धान गरी यसको महत्त्व झल्काउनु तेस्रो योगदान हो । मोफसलमा रहेर कच्ची बाटो पैदल हिंड्दै झोलाभरी पत्रिका बोकेर स्रष्टा भेटिए उनलाई दिनु, स्कुल, कलेज र

पुस्तकालयहरूमा पुस्याउने काम गर्नु चौथो योगदान हो । साहित्यको क्षेत्रमा उल्लेख्य योगदान दिएका राष्ट्रिय व्यक्तिको हरेकजसो अङ्कमा अन्तर्वार्ता प्रकाशित गरी पाठकलाई महत्त्वपूर्ण ज्ञान र अनुभव बाँड्नु यसको पाँचौं योगदान हो । गुल्मीको तम्घासलाई केन्द्र बनाई देशका धार्मिक, सांस्कृतिक सम्पदाको बारेमा ज्ञान बाँड्नु छैठौं योगदान हो । नेपाल, भारत, अष्ट्रेलिया र अमेरिकामा बस्ने स्रष्टामाझ पत्रिका पुस्याएर अन्तर्राष्ट्रिय सेवा पुस्याउनु सातौं योगदान हो । यस पत्रिकाको आवरणदेखि भित्री लेखरचनाको गुणस्तर र भाषा-सम्पादनमा अहोरात्र खटेर यसलाई स्तरीय पत्रिका बनाइराख्नु यसको आठौं योगदान हो । नेपाली, संस्कृत, अङ्ग्रेजी र राष्ट्रिय भाषाका रचनालाई पनि यथोचित मान गर्नु नवौं योगदान हो । विभिन्न राजनैतिक आस्थामा बाँडिएका कवि लेखकहरूको मायालाई ससम्मान इज्जत दिई बेलाबखतमा पुरस्कृत गरी सबैको हृदयमा बस्न सक्नु यसको दशौं योगदान र प्राप्ति पनि हो । हाम्रो पुरुषार्थको योगदानको मूल्याङ्कन गरी स्थानीय, क्षेत्रीय र केन्द्रीय सरकारले पनि पत्रं पुष्पम् आर्थिक सहयोग गरेमा हाम्रो पुरुषार्थको भविष्य-यात्रा सुगम हुनेछ ।

## सन्दर्भ-ग्रन्थसूची


पन्थी, शशि र अन्य (सम्पा.) (२०७१), 'विश्वेश्वर विशेषाङ्क', हाम्रो पुरुषार्थ, वर्ष ४१, अङ्क ४, सम्पूर्णाङ्क ६३ ।

पन्थी, शशि र अन्य (सम्पा.) (२०७२), हाम्रो पुरुषार्थ, वर्ष ४२, अङ्क ४, सम्पूर्णाङ्क ६७ ।

पन्थी, शशि र अन्य (सम्पा.) (२०७३), हाम्रो पुरुषार्थ, वर्ष ४४, अङ्क २, सम्पूर्णाङ्क ७३ ।

पन्थी, शशि र अन्य (सम्पा.) (२०७५), हाम्रो पुरुषार्थ, वर्ष ४६, अङ्क १, सम्पूर्णाङ्क ८० ।

पन्थी, शशि र अन्य (सम्पा.) (२०७७), 'पं. भीमकान्त पन्थी शतावार्षिकी विशेषाङ्क', हाम्रो पुरुषार्थ, वर्ष ४८, अङ्क ४, सम्पूर्णाङ्क ८९ ।

श्रेष्ठ, दयाराम र बालकृष्ण अधिकारी (२०७७), साहित्यको इतिहास, (पाँचौं संस्क.), ललितपुर : साझा प्रकाशन ॥



सह-प्राध्यापक - त्रिभुवन विश्वविद्यालय, कीर्तिपुर, काठमाडौं ।


०००

// लेख //

# हाम्रो पुरुषार्थ र यसको स्थायी स्तम्भ

# अनुभव/अनुभूति

रामप्रसाद पन्थी



## पृष्ठभूमि

हाम्रो पुरुषार्थको कुरा गर्दा किरण पुस्तकालयको संक्षिप्त चिनारी गरिएन भने लेख अपुरो र अधुरो हुन जान्छ । यसर्थ लेखकीय थालनी किरण पुस्तकालयबाटै गर्न उपयुक्त हुने ठानेको छु । किरण पुस्तकालय गुल्मेली जनताको गौरव गाथालाई प्रतिनिधित्व गर्ने एक मात्र पुस्तकालय हो भन्दा अन्यथा नहोला । यस पुस्तकालयले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमै आफूलाई अब्बल पुस्तकालयको रूपमा स्थापित गरिसकेको अवस्था छ । यस पुस्तकालयले विशेषतः नेपाली भाषा, संस्कृति र साहित्यलाई संरक्षण, विकास र विस्तार गर्दै आएको कुरा विदितै छ । त्यसैगरी यस पुस्तकालयबाट नेपाली भाषाको जननी संस्कृत भाषामा लेखिएका कृतिहरूको समीक्षा, विश्लेषण र कृतिहरू पनि प्रकाशन भएका छन् ।

*हाम्रो पुरुषार्थको कुरा गर्दा किरण पुस्तकालयको संक्षिप्त चिनारी गरिएन भने लेख अपुरो र अधुरो हुन जान्छ । यसर्थ लेखकीय थालनी किरण पुस्तकालयबाटै गर्न उपयुक्त हुने ठानेको छु । किरण पुस्तकालय गुल्मेली जनताको गौरव गाथालाई प्रतिनिधित्व गर्ने एक मात्र पुस्तकालय हो भन्दा अन्यथा नहोला । यस पुस्तकालयले राष्ट्रिय र अन्तर्राष्ट्रियस्तरमै आफूलाई अब्बल पुस्तकालयको रूपमा स्थापित गरिसकेको अवस्था छ । यस पुस्तकालयले विशेषतः नेपाली भाषा, संस्कृति र साहित्यलाई संरक्षण, विकास र विस्तार गर्दै आएको कुरा विदितै छ ।*

तत्कालीन लक्ष्मीपुर गाउँपञ्चायतको वडा नं १ (हाल रेसुङ्गा न.पा. १) मा वि.सं. २०२५ कार्तिक २० मा किरण पुस्तकालयको स्थापना भएको हो । पञ्चायतकालीन अवस्थामा

स्थापना भएको यस पुस्तकालयले विभिन्न किसिमका राजनैतिक परिवर्तनहरूलाई नजिकबाट देख्ने र लेख्ने अवसर प्राप्त गरिसकेको छ । हाल यो पुस्तकालय किरण पुस्तकालयको विधान (२०७२) बाट निर्देशित रहेको छ । यस पुस्तकालयले मिति २०७५ मा वर्ष ४६, अङ्क १, सम्पूर्णाङ्क ८० (२०७५ कार्तिक पुस-अङ्क) को हाम्रो पुरुषार्थमा किरण पुस्तकालय स्वर्ण अङ्क विशेषाङ्क प्रकाशित गरिसकेको अवस्था छ ।

किरण पुस्तकालयले वि.सं. २०३० सालदेखि हाम्रो पुरुषार्थको प्रकाशन थालनी गरेको हो । किरण पुस्तकालय र हाम्रो पुरुषार्थलाई रेसुङ्गा न.पा.-१ निवासी शशि पन्थीज्यूले मूल नेतृत्व प्रदान गर्नुभएको देखिन्छ । उहाँको यस पुनीत कार्यमा तमाम व्यक्तित्वहरूले प्रत्यक्ष र परोक्ष रूपमा काँध थाप्दै आउनुभएको छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थमा योगदान दिनुहुने महानुभावहरूको बारेमा छुट्टै लेखहरू या कृतिहरू तयार हुन सक्छन् । जुन यस संक्षिप्त लेखमा सम्भव छैन । यसर्थ यहाँ ती तमाम महानुभावहरूमा एकमुष्ट रूपमा हार्दिक आभार प्रकट गर्न चाहन्छु ।

## विषय प्रवेश

हाम्रो पुरुषार्थले समयक्रममा आफ्ना प्रकाशनहरूमा विविधता ल्याउने प्रयास गरेको छ । यसले सामन्य अङ्कहरूको निरन्तरता दिनुका साथै विशेषाङ्कहरू पनि प्रकाशन गर्ने गरेको छ । नियमित अङ्कहरूमा विशेष गरी अन्तर्वार्ता, लेख, निबन्ध, समीक्षा, टिप्पणी, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक, हास्य व्यङ्ग्य, संस्मरण आदि विविध विधालाई समेट्ने प्रयास गरेको छ । सम्पादकीय, भेटघाट, अनुभव /अनुभूति, पुस्तकालय परिचय, किरण पुस्तकालयको पातो, नौलो सृष्टि : सानो दृष्टि, यताउताबाट, पाठक-प्रतिक्रिया, किरण पुस्तकालयका विशिष्ट सदस्यहरूको परिचय, हाम्रो पुरुषार्थका आजीवन ग्राहकहरू आदि यस पुस्तकालयका स्थायी स्तम्भका रूपमा रहेका छन् ।

*हाम्रो पुरुषार्थले समयक्रममा आफ्ना प्रकाशनहरूमा विविधता ल्याउने प्रयास गरेको छ । यसले सामन्य अङ्कहरूको निरन्तरता दिनुका साथै विशेषाङ्कहरू पनि प्रकाशन गर्ने गरेको छ । नियमित अङ्कहरूमा विशेष गरी अन्तर्वार्ता, लेख, निबन्ध, समीक्षा, टिप्पणी, कथा, लघुकथा, गीत, कविता, गजल, मुक्तक, हास्य व्यङ्ग्य, संस्मरण आदि विविध विधालाई समेट्ने प्रयास गरेको छ ।*

वि.सं. २०३० देखि हालसम्म अर्थात् अङ्क १ देखि १०० सम्म आइपुग्दा हाम्रो पुरुषार्थ कुन-कुन स्थानबाट र कहिले के-कस्तो रूपमा प्रकाशित भयो ? यसको सम्पादनमा को-कसको योगदान रह्यो ? भन्ने प्रसङ्गलाई कोट्याउन उपयुक्त ठानी प्रस्तुत आलेखमा संक्षिप्त नालीबेली प्रस्तुत गर्ने जमर्को गरिएको छ :-

## हाम्रो पुरुषार्थको संक्षिप्त नालीबेली

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|
| | | **वार्षिक** | | | |
| १ | १ १<br>२ १<br>३<br>४ २०३० | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | नारायण छापाखाना, तानसेन, पाल्पा | १ |
| २ | १ २<br>२ २<br>३<br>४ २०३१ | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट वाराणसी १ | १ |
| ३ | १ २<br>२ ३<br>३<br>४ ३०३१ | वीरेन्द्र वीरविक्रम शाहदेवको शुभराज्याभिषेक अतिरिक्ताङ्क, चैत | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | अल्का प्रिण्टर्स, सौदागर, मोहल्ला वसन्तपुर, गोरखपुर | १ |
| ४ | १ ३<br>२ ३<br>३<br>४ २०३२ | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी १ | १ |
| ५ | १ ४<br>२ ५<br>३<br>४ २०३३ | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी १ | १ |
| ६ | १ ५<br>२ ६<br>३<br>४ २०३४ | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी १ | २ |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ७ | १ | ६ | देवकोटा-जयन्ती (लक्ष्मीपूजा), कात्तिक | प्रधान सम्पादक : शशि पन्थी<br>सम्पादक : चिरञ्जीवी शर्मा<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी १ | २ |
| | २ | ७ | | | | |
| | ३ | | | | | |
| | ४ | २०३५ | | | | |
| **अर्ध-वार्षिक** | | | | | | |
| ८ | १ | ६ | वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | ३ |
| | २ | ८ | | | | |
| | ३ | | | | | |
| | ४ | २०३६ | | | | |
| ९ | १ | ६ | अन्तर्राष्ट्रिय बाल वर्षातिरिक्ताङ्क, भाद्र | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | ३ |
| | २ | ९ | | | | |
| | ३ | | | | | |
| | ४ | २०३६ | | | | |
| १० | १ | ७ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | नेपाल सहकारी प्रेस, ओमबहाल, काठमाडौं | ३ |
| | २ | १ | | | | |
| | ३ | १० | | | | |
| | ४ | २०३६ | | | | |
| ११ | १ | ७ | समालोचना विशेषाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | १० |
| | २ | २ | | | | |
| | ३ | ११ | | | | |
| | ४ | २०३७ | | | | |
| १२ | १ | ८ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | ३ |
| | २ | १ | | | | |
| | ३ | १२ | | | | |
| | ४ | २०३७ | | | | |
| १३ | १ | ८ | वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक : दीन पन्थी, भेषबहादुर कुँवर | श्रीमाहेश्वरी प्रेस, गोलघर, वाराणसी | ३ |
| | २ | २ | | | | |
| | ३ | १३ | | | | |
| | ४ | २०३८ | | | | |

| क्र सं. | १.वर्ष | २.अङ्क | ३.सम्पूर्णाङ्क | ४प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|
| १४ | ९ | १ | १४ | २०३८ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | प्रकाश प्रिण्टिङ्ग प्रेस, साक्षी विनायक, (विश्वनाथ गल्ली, वाराणसी) | |
| १५ | ९ | २ | १५ | २०३९ | लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | २० |
| १६ | ९ | ३ | १६ | २०३९ | साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क, असोज | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | ४ |
| १७ | १० | १ | १७ | २०३९ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट वाराणसी | ४ |
| १८ | १० | २ | १८ | २०४० | वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | | |
| १९ | ११ | १ | १९ | २०४० | लक्ष्मीपूजा, कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | चारू प्रेस, कमलादी, काठमाडौं | ४ |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| २० | १ | ११ | वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| | २ | २ | | | | |
| | ३ | २० | | | | |
| | ४ | २०४१ | | | | |
| २१ | १ | १२ | लेखनाथ अङ्क, कात्तिक | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| | २ | १ | | | | |
| | ३ | २१ | | | | |
| | ४ | २०४१ | | | | |
| २२ | १ | १२ | वैशाख | सम्पादक : शशि पन्थी<br>सहायक सम्पादक :<br>दीन पन्थी, भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| | २ | २ | | | | |
| | ३ | २२ | | | | |
| | ४ | २०४२ | | | | |
| २३ | १ | १३ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन पाल्पा | ५ |
| | २ | १ | | | | |
| | ३ | २३ | | | | |
| | ४ | २०४२ | | | | |
| २४ | १ | १३ | अन्तर्राष्ट्रिय युवा वर्षाङ्क-१९८५, पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी १ | ५ |
| | २ | २ | | | | |
| | ३ | २४ | | | | |
| | ४ | २०४२ | | | | |
| २५ | १ | १३ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | अभय कुमार आर्यभूषण प्रेस, ब्रह्मघाट, वाराणसी | ५ |
| | २ | ३ | | | | |
| | ३ | २५ | | | | |
| | ४ | २०४३ | | | | |
| २६ | १ | १४ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| | २ | १ | | | | |
| | ३ | २६ | | | | |
| | ४ | २०४३ | | | | |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|
| २७ | १ १४<br>२ २<br>३ २७<br>४ २०४४ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| २८ | १ १५<br>२ १<br>३ २८<br>४ २०४४ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| २९ | १ १५<br>२ २<br>३ २९<br>४ २०४५ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | नेपाल प्रण्टिङ्ग प्रेस, तम्घास, गुल्मी | ५ |
| ३० | १ १६<br>२ १<br>३ ३०<br>४ २०४५ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | जय छापखाना, बडीटोल, तानसेन, पाल्पा | ५ |
| ३१ | १ १६<br>२ २<br>३ ३१<br>४ २०४६ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| ३२ | १ १७<br>२ १<br>३ ३२<br>४ २०४६ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | गणेश प्रिण्टर्स, तानसेन, पाल्पा | ५ |
| ३३ | १ २४<br>२ १<br>३ ३३<br>४ २०५३ | गुल्मी परिचयाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक :दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर | भण्डारी छापाखाना, तम्घास, गुल्मी | ५० |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ३४ | १<br>२<br>३<br>४ | २४<br>२<br>३४<br>२०५४ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | क्वालिटी प्रिण्टर्स (प्रा.) लि. | २० |
| ३५ | १<br>२<br>३<br>४ | २५<br>१<br>३५<br>२०५४ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | पाल्पा प्रकाशन (प्रा.) लि., मखनटोल, तानसेन, पाल्पा | २० |
| ३६ | १<br>२<br>३<br>४ | २५<br>२<br>३६<br>२०५५ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | लुम्बिनी प्रिण्टिङ्ग एण्ड पब्लिकेशन (प्रा.) लि., घट्टेकुलो, काठमाडौं | २० |
| ३७ | १<br>२<br>३<br>४ | २६<br>१<br>३७<br>२०५५ | पुस्तकालय विशेषाङ्क, कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | बुटवल अफसेट प्रकाशन (प्रा.) लि., बुटवल | ७५ |
| ३८ | १<br>२<br>३<br>४ | २६<br>२<br>३८<br>२०५६ | कथा विशेषाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | गीता प्रिण्टिङ्ग प्रेस, पुतलीसडक, काठमाडौं | १०० |
| ३९ | १<br>२<br>३<br>४ | २७<br>१<br>३९<br>२०५६ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | बुटवल अफसेट प्रकाशन (प्रा.) लि., बुटवल | २० |
| ४० | १<br>२<br>३<br>४ | २७<br>२<br>४०<br>२०५७ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | नखुलेको | २५ |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ४१ | १ | २८ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | नखुलेको | २५ |
| | २ | १ | | | | |
| | ३ | ४१ | | | | |
| | ४ | २०५७ | | | | |
| ४२ | १ | २८ | नेपाली भाषिक संगोष्ठी विशेषाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | नखुलेको | ५० |
| | २ | २ | | | | |
| | ३ | ४२ | | | | |
| | ४ | २०५८ | | | | |
| ४३ | १ | २९ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर | नखुलेको | २५ |
| | २ | १ | | | | |
| | ३ | ४३ | | | | |
| | ४ | २०५८ | | | | |
| ४४ | १ | २९ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | नखुलेको | २५ |
| | २ | २ | | | | |
| | ३ | ४४ | | | | |
| | ४ | २०५९ | | | | |
| ४५ | १ | ३० | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २५ |
| | २ | १ | | | | |
| | ३ | ४५ | | | | |
| | ४ | २०५९ | | | | |
| ४६ | १ | ३० | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २५ |
| | २ | २ | | | | |
| | ३ | ४६ | | | | |
| | ४ | २०६० | | | | |

| क्र सं. | १.वर्ष | २.अङ्क | ३.सम्पूर्णाङ्क | ४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|
| ४७ | ३१ | १ | ४७ | २०६० | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २५ |
| ४८ | ३१ | २ | ४८ | २०६१ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २५ |
| ४९ | ३२ | १ | ४९ | २०६१ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २५ |
| ५० | ३२ | २ | ५० | २०६२ | पत्रकारिता विशेषाङ्क, वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | २०० |
| ५१ | ३३ | १ | ५१ | २०६२ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | ३० |
| ५२ | ३३ | २ | ५२ | २०६३ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | ३० |

| क्र.सं. | १.वर्ष | २.अङ्क | ३.सम्पूर्णाङ्क | ४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|
| ५३ | ३४ | १ | ५३ | २०६३ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | श्रीकृष्ण अफसेट प्रेस तम्घास गुल्मी | ३० |
| ५४ | ३५ | १ | ५४ | २०६४ | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल, नारायण पन्थी | रेसुङ्गा अफसेट प्रेस, तम्घास, गुल्मी | ३० |
| ५५ | ३७ | १ | ५५ | २०६६ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल | श्रीकृष्ण अफसेट, प्रेस, तम्घास गुल्मी | ४० |
| ५६ | ३८ | १ | ५६ | २०६७ | डा. टीकाराम पन्थी विशेषाङ्क, कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | ५०० |
| ५७ | ३९ | १ | ५७ | २०६८ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक :दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | ५० |
| ५८ | ४० | १ | ५८ | २०६९ | कात्तिक | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल | श्रीकृष्ण अफसेट प्रेस, तम्घास, गुल्मी | ५० |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ५९ | १ | ४० | वैशाख | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | २ | | | | |
| | ३ | ५९ | | | | |
| | ४ | २०७० | | | | |
| **त्रैमासिक** | | | | | | |
| ६० | १ | ४१ | भानु विशेषाङ्क, कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५०० |
| | २ | १ | | | | |
| | ३ | ६० | | | | |
| | ४ | २०७० | | | | |
| ६१ | १ | ४१ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक :दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगीमण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | २ | | | | |
| | ३ | ६१ | | | | |
| | ४ | २०७० | | | | |
| ६२ | १ | ४१ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | ३ | | | | |
| | ३ | ६२ | | | | |
| | ४ | २०७१ | | | | |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ६३ | १<br>२<br>३<br>४ | ४१<br>४<br>६३<br>२०७१ | विश्वेश्वर विशेषाङ्क, साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५०० |
| ६४ | १<br>२<br>३<br>४ | ४२<br>१<br>६४<br>२०७१ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ६५ | १<br>२<br>३<br>४ | ४२<br>२<br>६५<br>२०७१ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ६६ | १<br>२<br>३<br>४ | ४२<br>३<br>६६<br>२०७२ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ६७ | १<br>२<br>३<br>४ | ४२<br>४<br>६७<br>२०७२ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ६८ | १<br>२<br>३<br>४ | ४३<br>१<br>६८<br>२०७२ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ६९ | १<br>२<br>३<br>४ | ४३<br>२<br>६९<br>२०७२ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर, भुवनप्रसाद अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ७० | १<br>२<br>३<br>४ | ४३<br>३<br>७०<br>२०७३ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक :<br>भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|
| ७१ | १ ४३<br>२ ४<br>३ ७१<br>४ २०७३ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ७२ | १ ४४<br>२ १<br>३ ७२<br>४ २०७३ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ७३ | १ ४४<br>२ २<br>३ ७३<br>४ २०७३ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ७४ | १ ४४<br>२ ३<br>३ ७४<br>४ २०७४ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |

| क्र सं. | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ७५ | १ | ४४ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | ४ | | | | |
| | ३ | ७५ | | | | |
| | ४ | २०७४ | | | | |
| ७६ | १ | ४५ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | १ | | | | |
| | ३ | ७६ | | | | |
| | ४ | २०७४ | | | | |
| ७७ | १ | ४५ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | २ | | | | |
| | ३ | ७७ | | | | |
| | ४ | २०७४ | | | | |
| ७८ | १ | ४५ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | ३ | | | | |
| | ३ | ७८ | | | | |
| | ४ | २०७५ | | | | |

| क्र सं. | १.वर्ष २.अङ्क ३.सम्पूर्णाङ्क ४प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ७९ | १ | ४५ | साउन–असोज | सम्पादक : शशि पन्थी<br>सह–सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | ४ | | | | |
| | ३ | ७९ | | | | |
| | ४ | २०७५ | | | | |
| ८० | १ | ४६ | किरण पुस्तकालय स्वर्ण–वर्ष विशेषाङ्क, कात्तिक–पुस | सम्पादक : शशि पन्थी<br>सह–सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५०० |
| | २ | १ | | | | |
| | ३ | ८० | | | | |
| | ४ | २०७५ | | | | |
| ८१ | १ | ४६ | माघ–चैत्र | सम्पादक : शशि पन्थी<br>सह–सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | २ | | | | |
| | ३ | ८१ | | | | |
| | ४ | २०७५ | | | | |
| ८२ | १ | ४६ | वैशाख–असार | सम्पादक : शशि पन्थी<br>सह–सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| | २ | ३ | | | | |
| | ३ | ८२ | | | | |
| | ४ | २०७६ | | | | |

| क्र सं. | १.वर्ष | २.अङ्क | ३.सम्पूर्णाङ्क | ४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|
| ८३ | ४६ | ४ | ८३ | २०७६ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक :दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ८४ | ४७ | १ | ८४ | २०७६ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ८५ | ४७ | २ | ८५ | २०७६ | माघ-चैत | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भेषबहादुर कुँवर, भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ८६ | ४७ | ३ | ८६ | २०७७ | कवि प्रयासी स्मृति अङ्क, वैशाख-असार | सम्पादक : शशि पन्थी सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | २०० |

| क्र सं. | १.वर्ष २.अङ्क ३.सम्पूर्णाङ्क ४प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ८७ | १<br>२<br>३<br>४ | ४७<br>४<br>८७<br>२०७७ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ८८ | १<br>२<br>३<br>४ | ४८<br>१<br>८८<br>२०७७ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५० |
| ८९ | १<br>२<br>३<br>४ | ४८<br>२<br>८९<br>२०७७ | पं. भीमकान्त पन्थी शतवार्षिक-स्मृति विशेषाङ्क माघ-चैत्र | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ७०० |
| ९० | १<br>२<br>३<br>४ | ४८<br>३<br>९०<br>२०७८ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |

| क्र सं. | १.वर्ष | २.अङ्क | ३.सम्पूर्णाङ्क | ४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|---|---|
| ९१ | ४८ | ४ | ९१ | २०७८ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| ९२ | ४९ | १ | ९२ | २०७८ | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| ९३ | ४९ | २ | ९३ | २०७८ | माघ-चैत्र | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| ९४ | ४९ | ३ | ९४ | २०७९ | वैशाख-असार | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |

| क्र सं. | १.वर्ष २.अङ्क ३.सम्पूर्णाङ्क ४प्रकाशन वर्ष | | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ९५ | १ | ४९ | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| | २ | ४ | | | | |
| | ३ | ९५ | | | | |
| | ४ | २०७९ | | | | |
| ९६ | १ | ५० | कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| | २ | १ | | | | |
| | ३ | ९६ | | | | |
| | ४ | २०७९ | | | | |
| ९७ | १ | ५० | माघ-चैत्र | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| | २ | २ | | | | |
| | ३ | ९७ | | | | |
| | ४ | २०७९ | | | | |
| ९८ | १ | ५० | रुरुक्षेत्र विशेषाङ्क, वैशाख-असार | सम्पादक : शशि पन्थी सह-सम्पादक :दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल, सहयोगी मण्डल गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ५०० |
| | २ | ३ | | | | |
| | ३ | ९८ | | | | |
| | ४ | २०८० | | | | |

| क्र सं. | | १.वर्ष<br>२.अङ्क<br>३.सम्पूर्णाङ्क<br>४.प्रकाशन वर्ष | प्रकाशन अवसर/ विशेषाङ्क, महिना | सम्पादन समूह | मुद्रक | मूल्य रु. |
|---|---|---|---|---|---|---|
| ९९ | १ | ५० | साउन-असोज | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | १०० |
| | २ | ४ | | | | |
| | ३ | ९९ | | | | |
| | ४ | २०८० | | | | |
| १०० | १ | ५१ | हाम्रो पुरुषार्थ शताङ्क (स्वर्ण वर्ष, भाग एक र दुई), कात्तिक-पुस | सम्पादक : शशि पन्थी<br>सह-सम्पादक : दीन पन्थी<br>सहायक सम्पादक : भुवन अर्याल<br>सहयोगी मण्डल : गोपाल पन्थी, राधा पन्थी, हिमकला राना, ईश्वर वि.क. | सुशिला प्रिण्टर्स, तम्घास, गुल्मी | ६०० + ४०० = १००० |
| | २ | १ | | | | |
| | ३ | १०० | | | | |
| | ४ | २०८० | | | | |

उल्लिखित तालिकाबाट हाम्रो पुरुषार्थको सम्पूर्ण नालीबेली थाहा पाउन सकिने हुनाले यहाँ थप व्याख्या गरिएको छैन ।

## अनुभव / अनुभूति

'बूढा मरे कुरा सरे' नेपाली समाजमा प्रचलित किंम्बदन्ती हो । बूढापाकाहरूबाटै भाषा धर्म संस्कृति नयाँ पुस्तामा हस्तान्तरण हुँदै जान्छ । वर्तमान पिढीं र पुस्ता क्रमश : बूढो पुस्ताबाट अलग हुँदै गएको आभास हुन थालेको छ । युवा जति कि सहरमा कि विदेशमा पलायन हुने प्रवृत्ति बढ्दै गएको छ । गाउँमा बूढो पुस्ता मात्रै देखिन थालेको अवस्था छ । सहरले बूढो पुस्तालाई वृद्धाश्रमा पठाउनमा हाइसन्चो ठानेको छ । वास्तवमा बूढो पुस्ता ज्ञानको भण्डार हो । अनुभवको खानी हो । वर्तमान पुस्ताले बूढो पुस्ताको अमूल्य ज्ञानबाट आफूहरूलाई टाढा राख्नु आफैमा अभिशाप सिवाय केही होइन । यसो गर्नु मूर्खताको पराकाष्ठा हो ।

*'बूढा मरे कुरा सरे' नेपाली समाजमा प्रचलित किंम्बदन्ती हो । बूढापाकाहरूबाटै भाषा धर्म संस्कृति नयाँ पुस्तामा हस्तान्तरण हुँदै जान्छ । वर्तमान पिढीं र पुस्ता क्रमश : बूढो पुस्ताबाट अलग हुँदै गएको आभास हुन थालेको छ । युवा जति कि सहरमा कि विदेशमा पलायन हुने प्रवृत्ति बढ्दै गएको छ। गाउँमा बूढो पुस्ता मात्रै देखिन थालेको अवस्था छ । सहरले बूढो पुस्तालाई वृद्धाश्रमा पठाउनमा हाइसन्चो ठानेको छ । वास्तवमा बूढो पुस्ता ज्ञानको भण्डार हो । अनुभवको खानी हो । वर्तमान पुस्ताले बूढो पुस्ताको अमूल्य ज्ञानबाट आफूहरूलाई टाढा राख्नु आफैमा अभिशाप सिवाय केही होइन। यसो गर्नु मूर्खताको पराकाष्ठा हो।*

आज प्रविधिको चरम दुरूपयोग भएको छ । अधिकांश मानिसहरू मोबाइल, ल्यापटप, ट्याब वा यस्तै प्रविधिमा लिप्त हुँदै गएका छन् । जसले गर्दा कसैलाई कसैको प्रभाव छैन । पाहुना लाग्दा दुःख सुखका कुरा हुँदैनन् । सुरूमै वाइफाइको पासवर्डबाट आतिथ्यता प्रदान गरिन्छ । त्यसपछि सुरू हुन्छ आधुनिक शैलीको योग साधना । जसमा चुपचुप रहनू, हातको औंला र दिमागलाई पूर्ण रूपमा सामाजिक सञ्जालको जञ्जालमा केन्द्रित गरिन्छ । साधनमा केन्द्रित हुँदै गएपछि त्यो गहिराइमा पुर्‍याउँछ जहाँ पुगेपछि घरमा चोरले सारा सोहोरसाहर पारेर लगे पनि प्रवाह हुँदैन । यसले त्यहाँसम्मको स्वर्गीय आनन्दमा पुर्‍याउँछ । यो साधनाको विशेषता वा विशेष किसिमको आसन छ, त्यो हो घोप्टासन । यसमा प्रवेश गरेपछि सबैका शिरहरू घोप्टिएकै हुन्छन् । यस साधनाको हल्का साइड इफेक्ट पनि छ । यसले आँखा, ढाड र गर्धनमा केही प्रभाव अवश्य  पार्छ ।

प्रविधिले प्रभाव पारेको वर्तमान पुस्तामा पाका पुस्ताका अनुभवहरूलाई हाम्रो पुरुषार्थले पस्किने प्रयास गरेको छ । पाका पुस्ताका अनुभव युवा पुस्तालाई अपत्यारिला र दन्त्य कथा लाग्न सक्छन् । दन्त्य कथा नै सही हाम्रो पुरुषार्थको स्थायी स्तम्भमध्येको एक अनुभव / अनुभूति आफैमा महत्त्वपूर्ण छ । हाम्रो इतिहास बुझ्नलाई । पढेर मात्र होइन परेर पनि ज्ञान आर्जन गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात गर्नलाई । पाका पुस्ताबाट आफ्नो ज्ञानको धैलो भर्नलाई । अनुभव / अनुभूति स्तम्भलाई हाम्रो पुरुषार्थले २०७७ को साउन–असोज अङ्कबाट थालनी गरेको हो । यस खण्ड अन्तर्गत कुन–कुन अङ्कमा के कस्ता व्यक्तित्वहरूका अनुभव/ अनुभूति व्यक्त भएका छन् । सो सम्बन्धमा संक्षेपमा चर्चा गर्ने प्रयास गरिएको छ :–

**१) वर्ष : ४७, अङ्क ४, सम्पूर्णाङ्क ८७, साउन-असोज, २०७७**

यस अङ्कमा दुई जना अग्रजहरूका विषयमा अन्तर्वार्ताका माध्यमबाट अनुभव/ अनुभूति ग्रहण गरिएको छ । जसको छोटो अंश यहाँ प्रस्तुत गरिएको छ :-

*पाका पुस्ताका अनुभवहरूलाई हाम्रो पुरुषार्थले पस्किने प्रयास गरेको छ । पाका पुस्ताका अनुभव युवा पुस्तालाई अपत्यारिला र दन्त्य कथा लाग्न सक्छन् । दन्त्य कथा नै सही हाम्रो पुरुषार्थको स्थायी स्तम्भमध्येको एक अनुभव / अनुभूति आफैमा महत्त्वपूर्ण छ । हाम्रो इतिहास बुझ्नलाई । पढेर मात्र होइन परेर पनि ज्ञान आर्जन गर्न सकिन्छ भन्ने तथ्यलाई आत्मसात गर्नलाई । पाका पुस्ताबाट आफ्नो ज्ञानको घैलो भर्नलाई । अनुभव / अनुभूति स्तम्भलाई हाम्रो पुरुषार्थले २०७७ को साउन-असोज अङ्कबाट थालनी गरेको हो ।*

**(क) द्रौपदादेवी पन्थी :** द्रौपददेवी पन्थी रेसुङ्गा न.पा. वडा नं १ निवासी हुनुहुन्छ । ८७ वर्षीय पन्थीसँग भलाकुसारी गरी उहाँकै नातिनी विद्या पन्थी आचार्यले गर्नुभएको छ भने प्रस्तोताका रूपमा रहेर अनुभव/ अनुभूति स्तम्भलाई मूर्त रूप दिने काम साहित्यसेवी दीन पन्थीले गर्नुभएको छ । १९८९ मा गुल्मीको ठूला चेक्मीमा जन्मिनुभएको पन्थीको ६ वर्षको उमेरमा विवाह भएको प्रसङ्ग छ । यसले हिजोको समाज र संस्कारलाई प्रतिनिधित्व गर्दछ । उहाँको अनुभव र अनुभूतिले तत्कालीन समाजको रीतिरिवाज, शिक्षा-दीक्षा, कृषि कर्म, चिकित्सा पद्धति, धर्म, संस्कृति र परम्परालाई नजिकबाट नियाल्न मद्दत गर्दछ ।

अब कुरा गरौं द्रौपदादेवी पन्थीको व्यक्तिगत परिचय र स्वभावका बारेमा । उहाँ एक कुशल गृहिणी, असल पत्नी, विशाल हृदय भएकी ममताकी खानी आमा हुनुहुन्थ्यो । उहाँको विवाह ६ वर्षमा भएको प्रसङ्ग माथि नै आइसकेको छ भने उहाँका छोराको विवाह ११ वर्षको उमेरमा भयो । उहाँका छोरा यसै हाम्रो पुरुषार्थका संस्थापक सम्पादक शशि पन्थी हुनुहुन्छ ।

द्रौपदादेवी निकै फरासिली, हँसिली र रमाइली हुनुहुन्थ्यो । गाउँघरमा हुने छैंठी, न्वारन, विवाह, व्रतबन्ध आदि कार्यमा नाच्न, गाउन, पकाउन, खुवाउन उहाँ नै अगाडि सर्नुहुन्थ्यो । उहाँले भलाकुसारीका क्रममा छैंठीमा गाइने भजन, विवाहका शृङ्गारिक रत्यौली गीत, विवाहकै बेला जन्ती जाने र आउने बेलामा गाइने भलाइ गीत, कसार बटार्दा गाइने मंगलु, तीजका गीत, फागु गीत आदिका बारेमा आफ्ना बेलामा गाइने र गाएका गीत तथा भजनका केही अंशहरू प्रस्तुत गर्नुभएको छ । यस कुराले उहाँमा प्रशस्त मात्रामा लुकेको कला र गला थियो

भन्ने कुरा प्रष्ट पार्दछ । उहाँले भलाकुसारीका क्रममा बताएका यी विषय र सन्दर्भ आज आफैमा एउटा जीवन्त अभिलेख बन्न गएको छ । अब हामीले चाहेर पनि उहाँका विचार दर्शन र अनुभूतिहरू प्राप्त गर्ने अवस्थामा छैनौं । लेखक केवल शब्दमार्फत उहाँप्रति श्रद्धा सुमन प्रकट गर्न विवश छ ।

**(ख) पं. गोविन्दराज शर्मा**-पं. गोविन्दराज शर्माले पनि यस लोकबाट बिदा भएर गइसक्नुभएको छ । उहाँको अनुभव र अनुभूति हाम्रो पुरुषार्थका सम्पादकको आग्रहमा उहाँकी छोरी मायादेवी शर्माले आफ्नो जीवन कालमा बुबाले बताएका कुराहरूलाई लिपिबद्ध गरी पठाउनुभएको हो । पण्डित कुल घरानमा जन्मिनुभएका गोविन्दराज शर्माको जीवन चक्रका आरोह अवरोहहरू यस अनुभव/अनुभूति स्तम्भमा समेटिएका छन् । त्यतिबेलाको घराने पाठशालाबाट प्रारम्भिक शिक्षा हासिल गर्नुभएका शर्माले जम्मु कश्मीर विश्वविद्यालयबाट साहित्यभूषण पूरा गर्नुभएको थियो । साहित्यमा विशेष रुचि राख्ने शर्माले चतुरशीतिसिद्धपूजापद्धति (जीवच्छ्राद्धविधिश्च) प्रकाशित गर्नुभएको थियो । ज्योतिषको ज्ञानसमेत रहेका शर्माले लेख्नुभएको उपन्यास र आत्मकथा अप्रकाशित अवस्थामा छन् । आशा छ आगामी दिनमा यी कृतिहरू पाठक समक्ष आइपुग्ने छन् ।

## (२) वर्ष : ४८, अङ्क १, सम्पूर्णाङ्क ८८, कार्तिक-पुस, २०७७

**केशवराज ज्ञवाली :** यस अङ्कमा वि.सं. १९७० श्रावण महिनामा गुल्मी बलेटक्सारमा जन्मिनुभएका १०८ वर्षीय केशवराज ज्ञवालीको अनुभव र अनुभूतिलाई समेट्ने कार्य भएको छ । यो अनुभव र अनुभूतिलाई राममणि बहुमुखी क्याम्पस रूपन्देहीका सहप्रध्यापक गोपाल पन्थीले ज्ञवाली पुत्रत्रय रिखिराम, हरिप्रसाद र बाबुराम ज्ञवालीको सहयोगमा तयार पार्नुभएको हो । राणाकालीन परिवेशमा जन्मिएर गणतन्त्रसम्मको राजनैतिक घटनाक्रमलाई नजिकबाट नियालेका ज्ञवालीका दीर्घ जीवनका अनुभव र उहापोहहरू यसमा समेटिएका छन् । ८ वर्षको उमेरमा विवाहबन्धनमा बाँधिएका केशवराजको बाल्यकाल, शिक्षादीक्षा, पारिवारिक जीवन र तत्कालीन सामाजिक जीवन पद्धतिलाई निकै मसिनोसँग उतार्ने काम भएको छ । ज्ञवालीले तत्कालीन समयमा रेसुङ्गा र स्वर्गद्वारीका प्रभुहरूको बारेमा रोचक तथ्यहरू बताउनुभएको छ । उहाँले तत्कालीन राणा सरकारको घोडा अर्गलीमा पक्रिदा घटेको घटनादेखि लिएर राणाकालीन न्याय प्रणालीका सत्य-तथ्यहरू उजार गर्नुभएको छ । दोस्रो विश्वयुद्धताका बर्मामा जापानी सैनिकले पक्रिंदाका कथा र व्यथाहरू ज्ञवालीसँग ताजै रहेको देख्न सकिन्छ । जीवनलाई मोटरगाडीको संज्ञा दिने ज्ञवालीले मर्दा केवल धर्म मात्रै लिएर जाने हुँदा असल कर्म गर्नुपर्नेमा जोड दिएको पाइन्छ ।

### ३) वर्ष : ४८, अङ्क २, सम्पूर्णाङ्क ८९, माघ–चैत, २०७७

यो अङ्क पं. भीमकान्त पन्थी शतवार्षिक-स्मृति-विशेषाङ्क हो । यसैले यो अङ्क सम्पूर्ण रूपमा पं. भीमकान्त पन्थीमा समर्पित छ । वि.सं. १९७८ वैशाख १४ गते धुर्कोट गुल्मीमा जन्मिएका पन्थी बहुप्रतिभाशाली व्यक्तित्व भएको कुरा पं. भीमकान्त पन्थी शतवार्षिक-स्मृति-विशेषाङ्कबाट स्पष्ट हुन्छ । यस अङ्कको सम्पादकीय, शुभकामना, संस्मरणखण्ड, समीक्षा खण्ड, संस्कृत खण्ड, परिशिष्टाङ्क, किरण पुस्तकालयको पातो आदि हरेक खण्ड र क्षेत्रमा पन्थीका अनुभव, विचार र दर्शनहरू जोडिएका छन् । यस ग्रन्थमा भाषा, साहित्य, संस्कृति र अध्यात्मदर्शनका ज्ञाता पन्थीको व्यक्तित्व र कृतित्त्वका सम्बन्धमा विभिन्न क्षेत्रका विशिष्ट विद्वत्वर्गले प्रकाश पारेको अवस्था छ । संस्कृत भाषा साहित्यका धुरन्धर विद्वान् पन्थीका जगदम्बिकावैभव (महाकाव्य), जगदीश्वरवैभव (महाकाव्य) र विविधपद्यावली (कविता-सङ्ग्रह) प्रकाशित भएका छन् । यसबाहेक पन्थीका असंख्य लेख, रचना र कविता काव्यहरू रहेका छन् ।

**नीलमाया पन्थी**–यस अङ्कमा अनुभव / अनुभूतिको स्थायी स्तम्भमा पं. भीमकान्त पन्थीकी धर्मपत्नी नीलमाया पन्थीका अनुभव र अनुभूतिहरूलाई समावेश गरिएको छ । चन्द्रप्रकाश उपाध्यायका जिज्ञासाहरूलाई नीलमाया पन्थीले उत्तरका रूपमा प्रदान गर्नुभएको छ भने लिपिबद्ध गर्ने काम चन्द्रकान्त पन्थीले गर्नुभएको छ । वि.सं. १९९० वैशाख २८ गते इस्मा मर्भुङ पण्डित घरानमा जन्मिएकी नीलमाया वि.सं. २००४ मा पं. भीमकान्त पन्थीसँग वैवाहिक बन्धनमा बाँधिएको देखिन्छ । उहाँले आफ्नो विवाह १५ वर्षको उमेरमा भएको बताउनुभएको छ । पं. भीमकान्तकी जेठी पत्नीको १९९७ मा मृत्यु भएको, त्यसपछि उहाँले दोस्रो विवाह गर्नुभएको र २००४ मा निलमायासँग तेस्रो विवाह गरेको आफैले बताउनुभएको छ । नेपाली समाजमा सौतासौताबीच मनमुटाव हुने गरेको भए पनि आफूहरू भने सधै मिलेर बसेको अनुभव निलमायाज्यूको रहेको छ । उहाँले अन्तर्वार्ताका क्रममा आफ्नो जीवनका उकाली ओरालीहरू स्पष्ट पार्नुभएको छ । उहाँले वि.सं. २००७ को राजनैतिक परिवर्तन र यससँग जोडिएका केही सन्दर्भहरू पनि बताउनुभएको छ । उहाँले नीलाम्बर पन्थी र काशीनाथ गौतमको राजनैतिक क्रियाशीलता, धुर्कोटका समशेरबहादुर खत्री र वाग्लाका चेतु गिरी आफ्नो घरमा आउने, खाना खाने गरेको र सोही कारणलाई लिएर तत्कालीन शासकले आफ्नो परिवारलाई दुःख दिएका तीता अनुभवहरू पनि उहाँसँग रहेका छन् ।

### ४) वर्ष : ४८, अङ्क ३, सम्पूर्णाङ्क ९०, वैशाख–असार, २०७८

**हीरामणि सापकोटा**–यस अङ्कमा हीरामणि सापकोटासँगको अनुभव र अनुभूतिलाई बटुल्ने र प्रस्तुत गर्ने काम चन्द्रप्रकाश उपाध्यायले गर्नुभएको छ । उहाँ वि.सं.

१९८८ भाद्र २३ मा वामी भलेक गुल्मीमा जन्मिनुभएको हो । तम्घासमा सापकोटा शाकाहारी भोजनालय हीरामणि सापकोटाको जीवनकै पर्यायका रूपमा रहेको छ । ९ वर्षको उमेरमा उहाँको लगनगाँठो कसिएको हो । अङ्क अक्षर, दुर्गाकवच, चण्डी गाउँघरमै सिकेका सापकोटा पछि बनारसतिर गएर केही समय अध्ययन गरेको बताउनुहुन्छ ।

नेपालको लोकतान्त्रिक आन्दोलनमा उहाँको अमूल्य योगदान रहेको छ । २०१६ सालमा राजा महेन्द्र र प्रधानमन्त्री विश्वेश्वरप्रसाद कोइरालालाई बाग्लुङबाट तम्घासमा स्वागत गर्दै आएर तम्घासमा बस्न थालेका सापकोटाका मन पर्ने नेता विश्वेश्वरप्रसाद कोइराला हुन् । विश्वेश्वरप्रसाद कोइरालासँग हात मिलाउँदा खुसी लागेको र २०२१ सालमा तत्कालीन प्रशासकले कुटेर अब त मस्यो भनेर फालेको घटना सापकोटाका आँखामा ताजै रहेका छन् । २०७७ मा नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाबाट ज्येष्ठ राजनीतिज्ञ सभामा सदस्य मनोनीत गरेको कुराले उहाँलाई उत्साहित बनाएको छ । राणाकाल हुँदै वर्तमान गणतन्त्रलाई समेत भोगेका सापकोटाका विचारमा चरित्र र व्यवहारमा परिवर्तन नभएसम्म व्यवस्था परिवर्तनले खासै अर्थ नराख्ने ठम्याइँ रहेको छ ।

सापकोटा तत्कालीन समयमा छोरीलाई पनि सम्पत्तिको हकदार बनाउनुपर्छ भनेर छोरीको पक्षमा वकालत गरेको बताउनुहुन्छ । तम्घासस्थित विभिन्न संघ संस्थाहरूमा आर्थिक, भौतिक र नैतिक सहयोग गरेर समाजसेवाको क्षेत्रमा समेत योगदान पुस्याउनुभएका सापकोटामा **'सन्तोषम् परम् सुखम्'** भन्ने भावना रहेको छ । शाकाहारी भोजन, आहार विहार, नित्यपूजा, प्रार्थना, ध्यान, योग सापकोटाका दैनिकी हुन् । जस्तोसुकै अवस्थामा पनि निराश बन्नु हुँदैन । फलको आशा नगरी निष्कामभावपूर्वक गरिएको सेवा नै राष्ट्रसेवा हो भन्ने धारणा सापकोटामा रहेको देखिन्छ ।

## ५) वर्ष : ४८, अङ्क ४, सम्पूर्णाङ्क ९१, साउन–असोज, २०७८

**मथुराप्रसाद श्रेष्ठ**–यस अङ्कमा मथुराप्रसाद श्रेष्ठसँग भलाकुसारी गरेर अनुभव र अनुभूति प्रस्तुत गर्ने कार्य भारद्वाजबाट भएको छ । श्रेष्ठले भारद्वाजलाई बताए अनुसार उहाँको जन्म १९९० वैशाख १२ गते तम्घासमा भएको हो । श्रेष्ठले आफ्ना वंशजहरू काभ्रेपलाञ्चोकको पनौतीबाट अर्घाखाँची हुँदै तम्घास आएको बताउनुहुन्छ ।

तम्घासमा सदरमुकाम कसरी बन्यो भन्ने भारद्वाजको जिज्ञासामा श्रेष्ठले रेसुङ्गाको विशेषतालाई उजागर गर्दै त्यसबेलाको गुल्मी अर्घाखाँचीको मध्यभागमा पर्ने भएकोले तम्घासमा सदरमुकाम रहेको उल्लेख गर्नुभएको छ ।

२५ वर्षको उमेरमा २० वर्षकी विष्णुकुमारीसँग वैवाहिक सम्बन्ध गाँसेका श्रेष्ठले तम्घाससमै साधारण शिक्षा प्राप्त गरेको पाइन्छ । २०१६ सालमा मुखियाबाट जागिरे जीवन सुरू गरेका श्रेष्ठ २०२१ मा खरिदार हुँदै २०४० मा स्वैच्छिक अवकाश लिएर व्यापार व्यवसायमा लाग्नुभएको थियो ।

२००७ सालको राजनैतिक परिवर्तनका लागि आफूहरू पनि जिन्दावाद र मुर्दावाद भन्दै ठाउँठाउँमा हिंडेको स्मरण श्रेष्ठमा ताजै रहेको छ । २००७ साल चैत्र २६ गते नेपाली काँग्रेसको सदस्यता ग्रहण गरेका श्रेष्ठले आफूसँग सुरक्षित रहेको रसिदसमेत सम्पादक समक्ष पेश गर्नुभएको छ । श्रेष्ठले २०७७ श्रावण १४ गते नेपाली काँग्रेसका सभापति शेरबहादुर देउवाबाट ज्येष्ठ राजनीतिज्ञ सभामा मनोनीत हुँदा औधी खुसी लागेको बताउनुहुन्छ । जिल्ला प्रशासनअगाडि रहेको ऐतिहासिक लाकुरी मञ्च भत्काएर नयाँ संरचना बनाइएको घटनाले श्रेष्ठलाई दुःखी बनाएको छ ।

अद्वैत वेदान्तदर्शनका अनुयायी श्रेष्ठले २०६९ श्रावण १ गते ८० वर्षको उमेरमा अद्वैत विश्वविद्यालयको पढाइ पूरा गरेर प्रमाण-पत्र प्राप्त गरेको कुराले खाने मुखलाई जुँगाले छेक्दैन भन्ने उखानलाई पुष्टि गरेको छ । ब्रह्मलाई कसैले जानेको छैन । आफू नै ब्रह्म हो । शास्त्र र सत्सङ्गबाट कहिल्यै पनि टाढा रहनु हुँदेन भन्ने किसिमका दार्शनिक चिन्तन श्रेष्ठमा रहेका छन्

## ६) वर्ष : ४९, अङ्क १, सम्पूर्णाङ्क ९२, कार्तिक-पुस, २०७८

**रुद्रबहादुर भुजेल** - यस अङ्कमा रुद्रबहादुर भुजेलसँग कुराकानी गरेर उहाँको अनुभव र अनुभूतिलाई प्रस्तुत गर्ने कार्य भारद्वाजले गर्नुभएको छ । वि.सं. १९९५ फाल्गुन २६ गते तम्घासमा भुजेलको जन्म भएको थियो । भुजेलका वंशजहरू भने बाग्लुङको ढोरपाटन हुँदै तम्घास खानीगाउँमा आएको उहाँ बताउनुहुन्छ । भुजेलले खानीगाउँ र धागिथुमको नामकरण र यसका वास्तविकताहरू पनि सविस्तार उल्लेख गर्नुभएको छ । उहाँले तत्कालीन समाजको जग्गा पजनी व्यवस्था र तम्घासमा अड्डा अदालतको स्थापना र विकासका सम्बन्धमा जानेबुझेसम्मका कुरा बताउनुभएको छ । जसअनुसार वि.सं. २००९ मा गुल्मीमा गौंडा आएको, वि.सं. २०१० मा प्रहरी इन्स्पेक्टर आएको र वि.सं. २०१२ मा प्रहरी संगठन गठन भएको रहेछ । २००९ मा तम्घासमा अहिलेको महेन्द्र मा.वि.को स्थापना भएको र उक्त स्कुलको स्थापनामा प्रेमलाल थापा घर्तीको मुख्य योगदान रहेको र आफू पनि त्यस स्कुलको विद्यार्थीमध्ये एक रहेको बताउनुभएको छ ।

विभिन्न स्थानमा विभिन्न पदमा रहेर काम गरेका भुजेल २०३८ सालदेखि न्यायपालिकाको डिट्ठा पदबाट अवकाश प्राप्त गरेपछि समाजसेवाको क्षेत्रमा अहोरात्र जुट्नुभयो । २०४३ मा जिल्ला पञ्चायतको सदस्यमा निर्वाचित भुजेलको

जीवनको अधिकांश समय रेसुङ्गा संरक्षण समितिको अध्यक्ष भएर रेसुङ्गा क्षेत्रको विकास र विस्तारमा बित्यो । जीवनको उत्तरार्धमा आइपुग्दासमेत सामाजिक शैक्षिक, धार्मिक, संघ-संस्थाहरूमा आबद्ध भएर सक्रिय योगदान पुस्याइरहनुभएका भुजेलका अनुभव र अनुभूतिहरू वर्तमान पुस्ताका लागि समेत अनुकरणीय रहेको ब्यहोरा प्रस्तुत स्तम्भमा व्यक्त विचार र प्रतिक्रियाबाट बुझ्न सकिन्छ ।

## ७)वर्ष : ४९, अङ्क २, सम्पूर्णाङ्क ९३, माघ-चैत, २०७८

**पं. परशुराम उपाध्याय पन्थी**-यस अङ्कमा पं. परशुराम पन्थीको अनुभव र अनुभूति लिने काम शशि पन्थी, दीन पन्थी, रामचन्द्र पन्थी र सन्ध्या पन्थीले गर्नुभएको छ । पं. पन्थीले बताउनुभएअनुसार उहाँको जन्म १९७७ चैत्र १९ गते भएको हो । १०२ वर्षको उमेरमा पनि उहाँको स्मरण शक्ति तेज रहेको कुरा कुराकानीका सन्दर्भमा पं. पन्थीले व्यक्त गर्नुभएको विचारबाट प्रष्ट हुन्छ । उहाँले प्रारम्भिक शिक्षा स्थानीयस्तरमा विभिन्न गुरुहरूबाट ग्रहण गर्नुभएको थियो । राम्रोसँग वेद पढ्न जानेको कारण उहाँ जुद्ध शम्शेरले आयोजना गरेको यज्ञमा तत्कालीन समयमा नाम चलेका पण्डितहरूका साथमा काठमाडौं सिंहदरबारमा पुग्नुभएको थियो । त्यहाँबाट प्राप्त दक्षिणा लिएर बनारस पढ्न जानुभएका पं. पन्थीले पछि जनकपुर गएर पढेको कुरा बताउनुभएको छ । उहाँले ७५ वर्षको उमेर हुँदासम्म सप्ताह र ७८ वर्षको उमेरमा शिवपुराण भनेपछि यस कर्मबाट पूर्ण रूपमा विश्राम लिनुभएको थियो ।

पं. पन्थीले २०६७ मा तपोभूमि रेसुङ्गाधाम नामक कृति किरण पुस्तकालय गुल्मीमार्फत प्रकाशन गर्नुभएको थियो । सबैलाई माया गर्ने, कसैप्रति दुर्भाव नराख्ने, ईश्वर चिन्तनमा ध्यान लगाउने पं. पन्थीलाई पन्थी सेवा समाज तम्घास गुल्मीले उहाँको १००औं जन्मोत्सवका अवसरमा २०७६ चैत्र १९ गतेका दिन संस्कृत भाषाको अभिनन्दन-पत्रका साथ सम्मान गरेकोमा उहाँ प्रफुल्लित हुनुहुन्छ । यो लेख लेख्दाका घडीसम्म पनि उहाँको स्वास्थ्य र स्मरणशक्ति उत्तिकै तेज रहेको छ । यस घडीमा लेखक उहाँको सुखायु र सुस्वास्थ्यको हार्दिक कामना गर्दछ ।

## ८) वर्ष : ४९, अङ्क ३, सम्पूर्णाङ्क ९४, वैशाख-असार, २०७८

**ढालकुमारी ज्ञवाली**-ढालकुमारीसँग कुराकानी गरेर उहाँको अनुभव र अनुभूति पाठकसमक्ष प्रस्तुत गर्ने काम चन्द्रप्रकाश उपाध्यायले गर्नुभएको छ । यस अङ्कमा उपाध्यायले कुराकानी गर्दा उहाँ ९३ वर्षको उमेरमा पुग्नुभएको उल्लेख भएको छ । ९ वर्षको उमेरमा विवाह हुँदा उहाँका श्रीमान्को उमेर १२ वर्षको रहेछ । विवाहका बेला डोलीमा चढ्दा रुनुपर्छ भन्ने थाहा पाएर रोएको रोचक प्रसङ्ग

ज्ञवालीले बताउनुभएको छ । उहाँको अनुभव र अनुभूतिमा तत्कालीन समाजका संस्कृति र परम्पराहरू जीवन्त रूपमा रहेका छन् ।

अर्घाखाँची खिदिम माइतीघर भएकी ज्ञवालीको कर्मघर गुल्मीको थोर्गा हो । हाल उहाँको बसाइँ भारतको देहरादूनमा रहेको छ । उहाँ देहरादून पुग्दा त्यसबेला उक्त स्थान ठूलो जङ्गलका रूपमा रहेको, घरहरू नाम मात्रका केवल झुपडी रहेका, बिजुली बत्तीको कुनै प्रबन्ध नरहेको तर अहिले अपत्यारिलो ढङ्गले विकसित भएको कुरा उल्लेख गर्नुभएको छ । उहाँको यस किसिमको अनुभवले तत्कालीन नेपाली समाज र देहरादूनको जीवन पद्धतिलाई तुलनात्मक रूपमा अध्ययन गर्न चाहने अध्येतालाई एक गतिलो स्रोत-सामग्री हुने देखिन्छ ।

## ९) वर्ष : ४९, अङ्क ४, सम्पूर्णाङ्क ९५, साउन-असोज, २०७८

**नन्दकुमारी गौतम** - नन्दकुमारी गौतमको अनुभव र अनुभूति तयार गर्ने क्रममा उहाँका छोराहरू अच्युतराज र पुष्पराज गौतमले सहजीकरण गर्नुभएको छ भने प्रस्तोताका रूपमा तुलसी गौतम रहनुभएको छ । ९६ वर्षको उमेरमा पनि श्रीमद्भगवतगीता गुटिका, हनुमान चालीसा, दुर्गासप्तशतीको पाठ गर्न सक्ने गौतम पनि आफैमा एउटा जीवन्त इतिहास हुनुहुन्छ । यो उमेरमा पनि दाँत बलिया रहेका र मकै चपाएर खान सक्ने क्षमता भएकी गौतमको क्षमता जो कोहीलाई आश्चर्य लाग्न सक्छ ।

*अर्घाखाँची खिदिम माइतीघर भएकी ज्ञवालीको कर्मघर गुल्मीको थोर्गा हो । हाल उहाँको बसाइँ भारतको देहरादूनमा रहेको छ । उहाँ देहरादून पुग्दा त्यसबेला उक्त स्थान ठूलो जङ्गलका रूपमा रहेको, घरहरू नाम मात्रका केवल झुपडी रहेका, बिजुली बत्तीको कुनै प्रबन्ध नरहेको तर अहिले अपत्यारिलो ढङ्गले विकसित भएको कुरा उल्लेख गर्नुभएको छ । उहाँको यस किसिमको अनुभवले तत्कालीन नेपाली समाज र देहरादूनको जीवन पद्धतिलाई तुलनात्मक रूपमा अध्ययन गर्न चाहने अध्येतालाई एक गतिलो स्रोत-सामग्री हुने देखिन्छ ।*

वि.सं. १९८४ भदौ १२ मा गुल्मीको ज्वाङ् नेटामा उहाँको जन्म भएको हो । ११ वर्षको उमेरमा खिदिमका इन्द्रमणि गौतमसँग उहाँको विवाह भएको हो । त्यतिबेलका आम नेपाली महिलाको जस्तै उहाँको जीवन पनि घरायसी कामधन्दामा बितेको देखिन्छ । भएको एउटा छोरा बितेपछि दाजुभाइले सम्पति दिन आनाकानी गरेको बुझेपछि उहाँले श्रीमान्लाई दोस्रो विवाह गर्न प्रेरित गर्नुभएको र पछि आफ्नै कोखबाट पुनःछोरा पुष्पराजको जन्म भएको रहेछ । उहाँका श्रीमान इन्द्रमणि झण्डै दुई दशक प्रधानपञ्च भएर समाजसेवा गर्नुभएको थियो । आफ्नो घरमा चाडपर्वमा रातभर नाँचगान गर्ने, भगवान्का

लीला चरित्र गाउने भगवान्सँग आशीर्वचन माग्नेजस्ता मौलिक संस्कृतिहरू आजभोलि ओझेलमा परेकोमा गौतमले गुनासो व्यक्त गर्नुभएको छ ।

अध्यात्मप्रति रुचि, सात्विक खानपिन, असल बोलीव्यवहार, सादा रहनसहन देखेर उहाँका कुलगुरु हरिप्रसाद अधिकारीले २०२४ वैशाख ३ गते ४१ श्लोकी खण्डकाव्य आनन्द चरितामृत लेख्नुभएको कुरा प्रस्तोताले उल्लेख गर्नुभएको छ । जसबाट पनि नन्दकुमारी गौतमको जीवनचरित्र आफैमा एउटा खुला पुस्तक रहेको पुष्टि हुन्छ ।

**१०) वर्ष : ५०, अङ्क १, सम्पूर्णाङ्क ९६, कार्तिक-पुस, २०७९**

**तिरसु पुन** - शशि पन्थीले सोधेका प्रश्नको उत्तर दिने क्रममा साहिंला सुपुत्र नौलसिंह पुनको सहयोगमा ९६ वर्षीय तिरसु पुनको अनुभव र अनुभूति तयार भएको हो । उहाँको वि.सं. १९८३ साउन २० गते जंकोट रोल्पामा जन्म भएको हो । हुनेखाने परिवारमा जन्मिएकी पुनको बाल्यकाल सुखद रहेको देखिन्छ । पुनले आफ्नो विगत र अनुभवलाई स्मरण गर्दै तत्कालीन समयमा रोल्पाली गाउँमा रातभर साँइला वरै, फाङ्क गीत गाउने चलन रहेको, गीत गाउँदा केटा र केटीबीच हित्तचित्त मिल्यो भने केटा पक्षले चाँदीको मोहर झोलीमा राखेर साही दिने चलन रहेको बताउनुभएको छ । उहाँको विवाह पनि सोही परम्पराअनुसार भएको रहेछ ।

तिरसु पुनले विगतलाई स्मरण गर्दै नुनतेल किन्न कोइलाबास, बटौली, भोटजस्ता ठाउँमा जाने गरेको र यसरी बजार गर्न जाँदा नुन किनेर चोयाको धोक्रोमा मालुको पातको फेरो बनाएर ल्याउने गरेको बताउनुभएको छ । नुनको अभाव हुँदा मुस्या भटमास भुटेर खाने गरेको र भुटूनको रूपमा चिउरीको तेल प्रयोग गर्ने गरेको तत्कालीन समाजको अवस्थालाई चित्रण गर्नुभएको छ । एक सुकामा एक धार्नी राँगाको मासु, एक मोहरमा बाख्राको एक धार्नी मासु, मकै गहुँजस्ता अनाज एक सुकामा ४ माना आउने गरेको, भाङ्ग्रो र अन्लोको रेसा काटेर घरबुना कपडा बनाउने चलन रहेको बताउनुभएको छ । त्यसैगरी खानेपानीको समस्याका कारण मध्यरातमा उठेर २/३ घण्टा हिंडेर धमिलो पानी गाग्रोमा भरेर ल्याउने गरेको तीतो अनुभव पनि पुनमा रहेको छ । दियालो बालेर रात कटाउनु परेको, खरानी पकाएर लुगा धुने गरेको, खाली खुट्टा नै हिड्नु परेकोजस्ता कैयौं तीतामीठा पलहरू उहाँको अनुभवमा रहेका छन् । यी र यस्ता सामाजिक जीवनपद्धति वर्तमान पुस्तालाई पक्कै पनि रोचक र तत्कालीन परिवेश बुझ्न एउटा महत्त्वपूर्ण तथ्य हुन सक्छन् । त्यसबेला रोल्पा, प्यूठान जिल्लाअन्तर्गत रहेको र २०१८ सालमा रोल्पा जिल्ला स्थापना भएको ऐतिहासिक प्रसङ्ग पनि पुनसँगको झलकुसारीबाट उल्लेख भएको छ ।

**११) वर्ष : ५०, अङ्क २, सम्पूर्णाङ्क ९७, माघ-चैत्र, २०७९**

**शशिधर पाण्डे** - शशिधर पाण्डेसँग कुराकानी गरी उहाँको अनुभव र अनुभूति पाठकसमक्ष प्रस्तुत गर्ने कार्य शशि पन्थीले गर्नुभएको छ । वि.सं. १९९१ फागुन २० गते साविक अर्खले गा.वि.स. वडा नं-७ खोरापाटामा पाण्डेको जन्म भएको हो । उहाँको विवाह २५ वर्षको उमेरमा ११ वर्षकी डिला पाण्डेसँग भएको हो । पाण्डे पाण्डेसँग विवाह कसरी भयो ? भन्ने प्रसङ्गमा उहाँले आफूहरू काश्यप गोत्रीय साठी पाण्डे र ससुराली वशिष्ठ गोत्रीय आइतबारे पाण्डे रहेकोले एउटै थर भए पनि शास्त्रीय हिसाबमा बन्देज नभएको बताउनुभएको छ । विवाहकै प्रसङ्गमा आफू औंसी तिथिमा जन्मिएको हुँदा सामाजिक सांस्कृतिक परम्परा अनुसार औंसीमा नै जन्मेकी कन्या खोजेर विवाह गरेको कुरा उल्लेख गर्नुभएको छ ।

शशिधर पाण्डेले ११ वर्षको उमेरमा बुबा र १८ वर्षको उमेरमा आमा गुमाउनु परेको थियो । उहाँ आर्थिक अभावका कारण केही समय भारतको आसाममा पुगेको र पछि स्वदेश फर्किएर खेतीपाती गरेर बसेको बताउनुहुन्छ । उहाँले त्यसबेला १०० रुपैयाँ ऋण लिएवापत ब्याजस्वरूप एक मुरी अन्न तिर्ने प्रचलन रहको, ५०/ ६० रूपैयाँमा एक तोला सुन आउने गरेको अनुभव सुनाउनुभएको छ । गाउँघरमै प्रारम्भिक शिक्षा हासिल गरेका पाण्डेले त्यसबेला पढाइ शुरू गर्दा एक एक माना मकैको आटो र ५ पैसा चढाई गुरु स्थापना गरेर पुस्तक, पाटी र गुरुका हातमा ढोग गर्नुपर्ने प्रचलन रहेको बताउनुभएको छ ।

शशिधर पाण्डे आफ्नो जीवन कालमा कृषि समूह, वन समूह, सिंचाइ कुलोको अध्यक्ष, जोगीथुम मन्दिरको सदस्य, अर्खले गाउँपञ्चायतको २ नं वडाको अध्यक्ष, नेपाली काँग्रेस गाउँ विकास समितिको सभापति, स्कुलको व्यवस्थापन समितिको सदस्यजस्ता विभिन्न क्षेत्र र पदहरूमा रहेर समाज सेवाका क्षेत्रमा समर्पित हुनुभएको थियो ।

शशिधर पाण्डेको समयमा अहिलेको जस्तो सुविधा सम्पन्न समाज थिएन । नुन लिन बटौली जानुपर्दथ्यो । उहाँ १३ वर्षको उमेरदेखि नै नुन लिन बटौली जानुभएको हो । बटौलीबाट नुन लिएर फर्कदा ७/ ८ दिनको समय लाग्दथ्यो । मोहर मानो घिउ थियो । एक रुपैयाँको ३ पाथी नुन आउँथ्यो । बटौलीमा ५० रुपैयाँमा घडेरी आउँथ्यो भन्दै पाण्डेले त्यसबेलाको समयलाई निकै मसिनोसँग वर्णन गर्नुभएको छ ।

कुराकानीका सन्दर्भमा शशिधर पाण्डेले विगतलाई स्मरण गर्दै त्यसबेलाको रहनसहन, नीतिनियम, धर्म-संस्कृति र जीवन शैलीमा मौलिकता रहेको तर

अहिलेका गीत संगीत र जीवन शैली छाडा बन्दै गएकोमा चिन्ता प्रकट गर्नुभएको छ ।

### १२) वर्ष : ५०, अङ्क ३, सम्पूर्णाङ्क ९८, वैशाख–असार, २०८०

**देवेश्वर सरस्वती**–९० वर्षको उमेरमा पुगेका देवेश्वर सरस्वतीसँगको अनुभव र अनुभूति पाठकसमक्ष ल्याउने काम हाम्रो पुरुषार्थका शशि पन्थीले गर्नुभएको छ । शशि पन्थीले राख्नुभएका जिज्ञासामूलक प्रश्नका उत्तरहरूलाई लिपिबद्ध गर्ने काममा सरस्वतीपुत्र कृष्ण ज्ञवालीले गर्नुभएको छ । वि.सं. १९८९ भदौ १ गते देवेश्वर सरस्वतीको जन्म तल्ला ग्वादी देउराली गुल्मीमा ज्ञवाली परिवारमा भएको हो । शास्त्रअनुसार उहाँको व्रतबन्ध ८ वर्षको उमेरमा भएको थियो । युवा उमेरमा व्रतबन्ध गर्नु अशास्त्रीय कार्य हो भन्ने स्पष्ट धारणा उहाँको रहेको छ ।

सरस्वती अद्वैत संस्था रिडी आचार्यपीठका पीठाधीश हुनुहुन्छ । उहाँले आफू अद्वैत संस्थामा प्रवेश गरेपछि आफ्नी आमालाई समेत यस संस्थाको सदस्य बनाउनुभएको थियो । उहाँकी आमाले श्रीगुरुदेवबाट कृतार्थ जननी भन्ने आशीर्वादसमेत पाउनुभएको रहेछ ।

देवेश्वर सरस्वतीको प्रारम्भिक शिक्षा घरमै पिताजीबाट भएको हो । त्यो बेला धुलौटे पाटीमा बाँसको झिंजोले कोरेर अक्षर चिन्ने जमाना थियो । यसर्थ सरस्वतीले पनि सोही परिपाटी अनुसार अक्षर चिन्नुभयो । त्यसपछिको उहाँको शिक्षा संस्कृत प्रधान पाठशाला (स्थापना वि.सं. १९५९)मा भयो ।

देवेश्वर सरस्वती सानैदेखि मेधावी हुनुहुन्थो । रिडीमा संस्कृत पढ्दै गर्दा कथा, पुराण भन्न प्रवीण भइसकेका सरस्वतीलाई त्यसबेला बालव्यास, सानो पण्डित, ज्ञानु पण्डितजस्ता नामले पुकारिदो रहेछ । रिडीको पूर्व मध्यमा (अहिलेको कक्षा १०) पछि उहाँ शिक्षा प्राप्तिका लागि महोत्तरी जिल्लाको मटिहानी पुग्नुभयो । त्यहाँ औलोका कारण बिमारी भएपछि दाजु दीनानाथको साथमा भारतको इलाहावादमा पुगेर उपचार गराउनुभयो । इलाहावादको उपचारपछि पढाइप्रतिको हुटहुटी मेटाउन भारतको वृन्दावन पुग्नुभयो । त्यहाँ पुगेपछि वैष्णव दीक्षा लिएर अद्वैत संस्थामा प्रवेश नगरूञ्जेल वैष्णवका रूपमा रहनुभयो । वैष्णव बनेपछि उहाँको नाम ज्ञानेश्वर शरण भयो । वृन्दावनका विभिन्न विद्यापीठ र कलेजहरूबाट शास्त्री र निम्बार्क संस्कृत महाविद्यालयबाट उच्च शिक्षा सम्पन्न गरेको देखिन्छ । उहाँले कलकत्ताबाट दिइने साहित्यको विशिष्टीकृत उपाधि काव्यतीर्थ समेत प्राप्त गर्नुभएको थियो ।

देवेश्वर सरस्वती संस्कृत प्रधान पाठशालाका विद्यार्थी मात्रै नभएर शिक्षक पनि हुनुभएको थियो । उहाँले वि.सं. २०१६ देखि २०२५ सम्म पढाएको कुरा

बताउनुभएको छ । त्यसबेलाका दिनहरू सम्झदै उहाँ भन्नुहुन्छ–त्यतिबेला पढाउने गुरुलाई अहिलेजस्तो नमस्कार मात्र होइन खुट्टामै ढोगिदिने चलन थियो । उहाँकै भाषामा भन्नुपर्दा त्यसबेला सत्य युग नै थियो । अहिले गुरुमहिमा र गुरुगरिमा स्खलित हुँदै गएको छ ।

देवेश्वर सरस्वतीले सम्पादकको आग्रहमा केही लोकोपयोगी मान्यताहरू पनि बताउनुभएको छ । उहाँका अनुसार-सत्य बोल्नू, आहार विहार र व्यवहार सात्विक गर्नू, जीवन यापनका लागि ईश्वर र प्रारब्धको भर पर्नू र मोक्षका लागि पुरुषार्थ गर्नू, श्रीगुरुदेवमा निष्कपट श्रद्धा र भक्ति गर्नू । मानव जीवनको एकमात्र अभीष्ट ब्रह्मज्ञान प्रप्त गर्नु र मुक्तिको मार्ग वा कैवल्य प्राप्त गर्नु हो भन्ने धारणा सरस्वतीको रहेको छ ।

## १३) वर्ष : ५०, अङ्क ४, सम्पूर्णाङ्क ९९, साउन–असोज, २०८०

**विष्णुबहादुर सिंह** - हाम्रो पुरुषार्थका सम्पादक शशि पन्थीले राख्नुभएका जिज्ञासाहरूको उत्तर दिने क्रममा विष्णुबहादुर सिंहका अनुभव र अनुभूतिहरू यस अङ्कमा व्यक्त भएका छन् । सिंहले बताए अनुसार उहाँको जन्म वि.सं. १९८७ फागुन ८ गते अहिलेको मुसिकोट नगरपालिका (बडागाउँ) गुल्मीमा भएको हो । सिंहका ४ पुस्ताले भारतीय सेनामा रहेर सेवा गरेको रहेछ । भारतीय सेनाबाट अवकाश प्राप्त गरेपछि वि.सं. २०३६ सालमा बहुदल प्राप्तिका लागि सङ्घर्ष गरेको, वि.सं. २०४० सालमा राष्ट्रिय पञ्चायत सदस्यमा उम्मेदवार रहेको, २०४६ चैत्र २६ गते राजा वीरेन्द्रबाट सेवा मेडल तक्मा प्राप्त गरेका कुराहरू उहाँको अनुभवमा ताजै रहेका छन् ।

तत्कालीन समयमा विद्यालय अभावका कारण भूतपूर्व भारतीय सेनाका छोराछोरीलाई छात्रावास बनाउने सोँचका साथ तम्घासमा किनेको घडेरी विष्णुबहादुर सिंहले रेसुङ्गा बहुमुखी क्याम्पस तम्घास गुल्मीलाई हस्तान्तरण गर्नुभएको थियो । तत्कालीन अवस्थामा उहाँले मुसिकोट मा.वि. र पृथ्वी मा.वि. को वि.व्य.स.को अध्यक्ष भएर काम गर्नुभएको थियो ।

गाउँ समाजका अधिकांश मानिसहरू बसाइँसराइ गरेर अन्यत्र गए पनि विष्णुबहादुर सिंहलाई जन्म घर प्यारो लाग्ने गरेको छ । उहाँका विचारमा व्यक्तिका काम, कर्तव्य राम्रो हुनुपर्छ । परोकारको भावना र विचार उच्च हुनुपर्दछ । उहाँमा आफ्नो समाज र देश राम्रो भए हुन्थ्यो भन्ने उदात्त भावना रहेको पाउन सकिन्छ ।

**रेसुङ्गा न.पा.-२, छापटोला ।**

ooo

// लेख //

# इतिहास र संस्कृतिको क्षेत्रमा किरण पुस्तकालय र हाम्रो पुरुषार्थको योगदान



गणेश श्रीपाली

**परिचय**

गुल्मी तम्घासमा स्थापित किरण पुस्तकालयले साहित्यिक पत्रिका र पुस्तक प्रकाशनको गर्विलो इतिहास बनाएको छ । आधा शताब्दीदेखि प्रकाशित 'हाम्रो पुरुषार्थ' नामक साहित्यिक पत्रिकाले शताङ्कको यात्रा तय गर्दै छ । हाम्रो पुरुषार्थका उन्नाईसवटा विशेषाङ्क प्रकाशित भएका छन् भने किरण पुस्तकालयबाट बीसवटा महत्त्वपूर्ण पुस्तकहरू प्रकाशन भएका छन् । साढे पाँच दशकको अनवरत नेपाली भाषा साहित्यको क्षेत्रमा किरण पुस्तकालयको योगदान देशकै अग्रणी स्थानमा छ । किरण पुस्तकालय र हाम्रो पुरुषार्थले भाषा साहित्यसँगै इतिहास र संस्कृतिको क्षेत्रमा समेत उत्तिकै योगदान पुऱ्याएको देखिन्छ । यो योगदानको गर्विलो इतिहास यत्तिकै भएको हैन, यसका लागि दृढ इच्छाशक्तिसहितको निकै कठिन साधना र प्रयत्नले सम्भव भएको हो ।

मोफसलको पहाडी जिल्ला गुल्मीबाट पञ्चायती कालमा किरण पुस्तकालयको स्थापना भएको थियो । वि.सं. २०२५ सालमा पुस्तकालय स्थापनाका ५ वर्षपछि २०३० सालदेखि साहित्यिक पत्रिका 'हाम्रो पुरुषार्थ' प्रकाशन सुरू भई हालसम्म निरन्तर प्रकाशन भइरहेको छ । निरंकुश पञ्चायती व्यवस्था, कमजोर शैक्षिक सामाजिक अवस्था, छापाखानालगायतका प्रविधि तथा यातायातको पहुँच नपुगेको ठाउँबाट आर्थिक अभावका बीचबाट पुस्तकालय स्थापना र साहित्यिक पत्रिका प्रकाशनको काम सुरू भएको थियो । मोटर यातायात नपुगेको गुल्मीबाट लखनऊ, गोरखपुर, बनारस, पाल्पा, बुटवल, काठमाडौका प्रेसबाट पत्रिका र पुस्तक प्रकाशनको यो काम निकै चुनौतीपूर्ण थियो । यी चुनौतीहरूलाई सामना गर्दै पुस्तकालय संचालन र पत्रिका तथा पुस्तक प्रकाशनको यो काम सराहनीय रहेको छ । यिनै प्रकाशनले हाम्रो साहित्य र संस्कृतिलाई प्रकाशित गरी सधैका लागि संगृहीत र सुरक्षित गरेका छन् । यसैले किरण पुस्तकालय र यसका प्रकाशनहरू अमूल्य सम्पदाका रूपमा रहेका छन् ।

किरण पुस्तकालयका प्रकाशनहरूले भाषा, साहित्यसँगै इतिहास र संस्कृतिको विषयलाई उत्तिकै महत्त्वका साथ प्रकाशित गरेका छन् । यिनै प्रकाशनहरू हाम्रो जीवन र जगत्लाई हेर्ने, बुझ्ने माध्यमहरू हुन् । यिनै माध्यममबाट हाम्रो इतिहास र संस्कृतिलाई कसरी उजागर गरिएको छ भनी यहाँ हेर्न खोजिएको छ। यसका लागि इतिहास र संस्कृतिसम्बन्धी किरण पुस्तकालयबाट प्रकाशित पुस्तक र 'हाम्रो पुरुषार्थ'मा प्रकाशित लेखहरूको अध्ययन गरी संक्षिप्त रूपमा प्रस्तुत गरिएको छ :

## १. 'हाम्रो पुरुषार्थ'मा प्रकाशित इतिहास र संस्कृतिसम्बन्धी लेखहरू

हाम्रो पुरुषार्थ मूलतः साहित्यिक पत्रिकाका रूपमा वार्षिक, अर्धवार्षिक हुँदै हाल त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको छ । भाषा, साहित्य, इतिहास र संस्कृति एकआपसमा अभिन्न हुने भएकोले इतिहास, संस्कृतिका रचनाहरूले पनि यस पत्रिकामा महत्त्वपूर्ण स्थान पाएको देखिन्छ । हाम्रो पुरुषार्थका खास अङ्कलाई विशेषाङ्क बनाएर पनि इतिहास र संस्कृतिलाई उजागर गरेको पाइन्छ । किरण पुस्तकालयले इतिहास र संस्कृतिलाई उजागर गर्ने विशेष पुस्तकहरू प्रकाशन गरेको छ । यहाँ हाम्रो पुरुषार्थ र किरण पुस्तकालयका पुस्तकहरूमा समेटिएको इतिहास र संस्कृतिलाई छुट्टाछुट्टै राखेर प्रस्तुत गरिएको छ । 'हाम्रो पुरुषार्थ'मा प्रकाशित इतिहास र संस्कृतिसम्बन्धी एक/एक दशकका लेखहरूलाई पाँच खण्डमा बाँडिएको छ । तथापि संस्मरण र व्यक्तित्त्व वर्णनलाई यहाँ समेट्न सकिएको छैन । यसका साथै विशेषाङ्क र मुख्य इतिहासकारहरूका अन्तर्वार्तालाई छुट्टै राखेर प्रस्तुत गरिएको छ :

### १.१. पहिलो दशक (वि.सं. २०३०–२०४०)

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०३० | १/१ | १ | बोली | टीकाराम पन्थी |
| ०३३ | ४/५ | ५ | बडीघाट नदी : भाषिक सीमा | टीकाराम पन्थी |
| ०३३ | ४/५ | ५ | गुल्मी जिल्लाको नयाँरूप | भारद्वाज |
| ०३४ | ५/६ | ६ | मगर जातिको परिप्रेक्ष्यमा मगराती भाषा | रामप्रसाद शर्मा |
| ०३५ | ६/७ | ७ | रेसुङ्गाका आद्य तापस | टीकाराम पन्थी |
| ०३६ | ६/८ | ८ | प्रतिलेख | टीकाराम पन्थी |
| ०३६ | ७/१० | १० | उखानका जराहरू | टीकाराम पन्थी |
| ०३८ | ८/२ | १३ | कुट-कोट-कोटवाल-कटुवाल | श्रीकृष्ण गौतम |
| ०३८ | ८/२ | १३ | गोरखापत्रको प्रकाशनका लागि भएको पहिलेको व्यवस्था | लक्ष्मीकान्त पन्थी |

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०३९ | १०/१ | १७ | जुम्ली र पश्चिमाञ्चलीय भाषिकाको सम्बन्ध | टीकाराम पन्थी |
| ०४० | १०/२ | १८ | हलि पाइएन | टीकाराम पन्थी |
| ०४० | ११/१ | १९ | सम्बन्ध विच्छेद र पुनर्विवाह स्मृतिहरूको संकेत | टीकाराम पन्थी |

'हाम्रो पुरुषार्थ'को पहिलो दशक वि.सं. २०३० देखि ४० सालसम्म इतिहासको विषयमा समेत महत्त्वपूर्ण स्थान दिएको देखिन्छ । यस अवधिमा गुल्मी आसपासमा बोलिने भाषा र बडीघाट नदीले भाषामा बनाएको सीमा, जुम्ली र पश्चिमाञ्चलको भाषिक सम्बन्धका बारेका लेखहरू प्रकाशित भएका छन् । यसका साथै धार्मिक तथा ऐतिहासिक स्थल रेसुङ्गाको नामकरण र तपस्वीका बारेमा लेखिएको छ । धार्मिक स्मृतिकालमा सम्बन्ध विच्छेद र पुनर्विवाह तथा ब्राह्मणहरूले पनि जोत्न हुने शास्त्रीय मान्यतासहितका लेखहरू प्रकाशित छन् । यो दशकमा गुल्मी जिल्लाको नयाँ रूपको जानकारी मगर भाषा, गोरखापत्र प्रकाशनका पहिलेका व्यवस्थाका बारेमा लेखिएका लेखहरू प्रकाशित भएको देखिन्छ ।

### १.२. दोस्रो दशक (वि.सं.२०४१-२०५०)

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०४१ | ११/२ | २० | वेश्यावृतिबारे दुईचार कुरा | दीन पन्थी |
| ०४२ | १२/२ | २२ | आर्यहरूको जातीय सद्भाव | टीकाराम पन्थी |
| ०४३ | १३/३ | २५ | इस्मा राज्यको ऐतिहासिक झलक | दुर्गाप्रसाद अर्याल |
| ०४४ | १४/२ | २७ | जातपात र छुवाछूत एक चर्चा | मोदनाथ प्रश्रित |
| ०४५ | १५/२ | २९ | परम्परागत समाजमा विवाह | बुद्ध थापा |
| ०४६ | १६/२ | ३१ | खिदिमको इतिहासको वर्णन | राजाराम सुवेदी |
| ०४६ | १६/२ | ३१ | विवाह संस्कार र यसको महत्त्व | लक्ष्मीकान्त पन्थी |
| ०४६ | १७/१ | ३२ | जाडो भयो जडेनी | राजाराम सुवेदी |

हाम्रो पुरुषार्थको दोस्रो दशक वि.सं. २०४१ देखि २०५० सालमा पौराणिक कालदेखिका वेश्यावृतिको वर्णन, आर्यहरूको जातीय सद्भाव तथा जातपात र छुवाछूतको बारेमा प्रकाशन भएको देखिन्छ । यसका साथै इस्मा, खिदिम र जडान क्षेत्रको इतिहास र विवाह संस्कारका बारेमा उल्लेख भएको छ । यस दशकमा तुलनात्मक रूपमा कम लेखहरू इतिहाससम्बन्धी प्रकाशन भएको पाइन्छ । तथापि प्रकाशित लेखहरूले इतिहासका महत्त्वपूर्ण जानकारी उपलब्ध

गराएका छन् । २०४६ पछि पत्रिका प्रकाशन स्थगन भएकोले यो दशकमा कमै सामग्री प्रकाशन भएको पाइन्छ ।

## १.३. तेस्रो दशक (वि.सं.२०५१-२०६०)

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०५४ | २४/२ | ३४ | संस्कृति : परिचय स्वरूप र प्रवृति | दुर्गाप्रसाद अर्याल |
| ०५४ | २५/१ | ३५ | म्याग्दीको शीर्षस्थ मेला | टीकाराम पन्थी |
| ०५५ | २५/२ | ३६ | योग गोरखनाथीय हठयोग गुल्मी | टीकाराम पन्थी |
| ०५५ | २५/२ | ३६ | हाम्रो पुरुषार्थको गुल्मी परिचायाङ्कको टिप्पणी | गोपीकृष्ण शर्मा |
| ०५७ | २७/२ | ४० | कौशिकी (कोशी) नदीका बासिन्दा, पुत्र, बाहन, र पाल्य पशुहरू : पुरातन आधार | टीकाराम पन्थी |
| ०५७ | २७/२ | ४० | नेपाल मण्डलको कुल, भूमि र राज्य व्यवस्था | राजाराम सुवेदी |
| ०५७ | २७/२ | ४० | अर्ज्याल राजगुरु इस्मादेखि गोर्खासम्म | डा.विष्णुराज आत्रेय |
| ०५७ | २७/२ | ४० | मष्ट परिवार के हो | पूर्णप्रकाश नेपाल 'यात्री' |
| ०५७ | २८/१ | ४१ | कौशिकी तटका तपस्वीहरू | टीकाराम पन्थी |
| ०५८ | २९/१ | ४३ | मगरात क्षेत्र र मगरको ऐतिहासिक पृष्ठभूमि | हिमलाल पन्थी |
| ०५८ | २९/१ | ४३ | आयुर्वेदमा रोगहरूको पौराणिक पृष्ठभूमि | डा.मनिराम पाण्डे |
| ०५९ | २९/२ | ४४ | संस्कृत र युरोपेली भाषाका शब्दहरूको तुलनाबाट निस्कने केही निष्कर्ष | मोदनाथ प्रश्रित |
| ०५९ | २९/२ | ४४ | महाभारतकालीन विवाह | दीन पन्थी |
| ०५९ | २९/२ | ४४ | भजन | उत्तरकुमार पराजुली |
| ०५९ | ३०/१ | ४५ | रुरुक्षेत्र/रिडी | उत्तरकुमार पराजुली |
| ०६० | ३१/१ | ४७ | हिन्दू विवाह | दीन पन्थी |
| ०६० | ३१/२ | ४६ | राले द्यौराली | डा.दुर्गाप्रसाद अर्याल |

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०६० | ३१/२ | ४६ | गुल्मी जिल्लाको सदरमुकाम तम्घास र यसको नामकरण | परशुराम पन्थी |

यस दशकमा म्याग्दीको शीर्षस्थ मेला, गोरखनाथीय हठयोग, कोशी नदीका बासिन्दा, पुत्र, बाहन र पाल्यपशुका साथै कोशीतटका तपस्वीहरू गुल्मीको रुरुक्षेत्र, भजनका बारेमा पनि लेख प्रकाशित भएका छन् । यसका साथै मगरातको ऐतिहासिक जानकारी, मष्टो परिवार, तम्घासको नामकरण, हिन्दू विवाह र महाभारतकालीन विवाह, राले द्यौराली, नेपाल मण्डलको कुल, भूमि र राज्यव्यवस्था, संस्कृत र युरोपेली भाषाको तुलना र आयुर्वेदमा रोगहरूको पौराणिक पृष्ठभूमिलगायतका लेखहरू प्रकाशित भएका छन् । स्थगनपछि वि.सं. २०५३ सालबाट प्रकाशन सुरूवात भएको यस दशकको पत्रिकामा गुल्मी डायरीका रूपमा गुल्मीका मुख्य घटनाहरूको प्रकाशन भएको पाइन्छ ।

## १.४. चौथो दशक (वि.सं.२०६१–२०७०)

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०६१ | ३१/२ | ४८ | वैदिक धर्म परम्पराको भोजनविधिमा स्वास्थ्य संकेत | डा. टीकाराम पन्थी |
| ०६१ | ३१/२ | ४८ | सनातन धर्म र वर्ण व्यवस्था | फणिनारायण सिग्देल |
| ०६१ | ३२/१ | ४९ | विश्वविद्यालय र विद्यापीठका प्रकल्पक योगी नरहरिनाथ | डा.टीकाराम पन्थी |
| ०६१ | ३२/१ | ४९ | शिवगोरखनाथ उत्पति | राजाराम सुवेदी |
| ०६१ | ३२/१ | ४९ | बदलिएको चोला धुरकोट | डा. दुर्गाप्रसाद अर्याल |
| ०६३ | ३३/२ | ५२ | तामाङ भाषा र संस्कृतको आदिम सम्बन्ध | डा. टीकाराम पन्थी |
| ०६४ | ३५/१ | ५४ | नेपाली संस्कृतिमा सोह्र श्राद्ध | प्रा.डा. विष्णुराज आत्रेय |
| ०६६ | ३७/१ | ५५ | बोटे भाषा : एउटा संस्कृतप्रसूत भाषा | दीन पन्थी |
| ०६६ | ३७/१ | ५५ | सनातन वैदिक संस्कृतिमा चारधाम तीर्थको अवधारणा | युवराज शर्मा गौतम |
| ०६६ | ३७/१ | ५५ | तपोवन रेसुङ्गाका तपस्वीहरू | यज्ञप्रसाद गौतम |
| ०६८ | ३९/१ | ५७ | प्रथम गुल्मी महोत्सव र पश्चिमाञ्चल क्षेत्रीय साहित्यिक गोष्ठी | पूर्णप्रसाद अधिकारी |

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०६८ | ३९/१ | ५७ | हिलेका प्रभु | थानेश्वर अर्याल |
| ०६८ | ३९/१ | ५७ | शृङ्गी, सिडीघाट र रेसुङ्गाको त्रिकोणमा | प्रा.डा. विष्णुराज आत्रेय |
| ०६८ | ३९/१ | ५७ | सोरठी नाच : एक परिचय | हिमकला राना |
| ०६८ | ३९/१ | ५७ | नेपालका चारधाम र सातपुरी र पुण्य तीर्थलाई सर्सती हेर्दा | हिरण्यलाल ज्ञवाली |
| ७० | ४१/२ | ६१ | बोटेमाझीको परिचय र पुर्ख्यौली | दीन पन्थी |

यस दशकमा योगी नरहरिनाथको चिनारी, शिवगोरखनाथको परिचय, धुरकोट बदलिदो परिवेश, तामाङ र संस्कृत भाषाको सम्बन्ध, सोह्र श्राद्धको संस्कृतिको लेख प्रकाशित भएका छन् । यसका साथै बोटे भाषा जानकारी, चारधामको वर्णन, हर्मिचौर हिलेका प्रभुको चिनारी, शृङ्गा, रेसुङ्गा र सिडीघाट र सोरठी नाचको बारेमा लेखिएको पाइन्छ ।

### १.५. पाँचौ दशक (वि.सं. २०७१–२०८०)

| साल | वर्ष/ अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०७१ | ४१/३ | ६२ | बोटेमाझी जातिको सामाजिक जीवन | दीन पन्थी |
| ०७१ | ४१/३ | ६२ | रेसुङ्गा नगरपालिका र यसका गतिविधिहरू | गोपाल पन्थी |
| ०७१ | ४२/१ | ६४ | हजारौँ किसानहरूको जुलुसले सदरमुकाम तम्घास घेर्दा | हरिप्रसाद ज्ञवाली |
| ०७२ | ४२/३ | ६६ | रेसुङ्गाका तपस्वी, महाप्रभु र स्वामीहरू | आनन्दराज रेग्मी |
| ०७२ | ४३/२ | ६९ | गुल्मीको विद्यालयीय शिक्षापूर्वको संक्षिप्त रूपरेखा | उत्तरकुमार पराजुली |
| ०७३ | ४३/३ | ७० | पाल्पाको संक्षिप्त ऐतिहासिक रूपरेखा | विजय सागर |
| ०७३ | ४३/३ | ७० | हाम्रो संस्कृतिमा श्राद्ध परम्परा हिजो, आज र भोलि | प्रा.डा. दीर्घराज घिमिरे |
| ०७३ | ४४/२ | ७३ | इतिहासको दृष्टिमा कौटिल्यीय | रोजर वोशे |

| साल | वर्ष/ अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| | | | अर्थशास्त्र | |
| ०७४ | ४४/३ | ७४ | मगर राज्य बल्ढेङगढी | विजय सागर |
| ०७४ | ४४/३ | ७४ | आर्थिक, सामाजिक र मनोवैज्ञानिक दृष्टिले वर्ण व्यवस्थाको विश्लेषण | प्रा.डा. बाबुराम ज्ञवाली |
| ०७४ | ४४/४ | ७५ | नेपालका गौरव कालीगण्डकी र शालिग्राम | प्रा.डा. वेणीमाधव ढकाल |
| ०७४ | ४४/४ | ७५ | यदुकानन्दपछिको रेसुङ्गा | टीकाराम पन्थी |
| ०७४ | ४५/२ | ७७ | मिथिला संस्कृति गाथा | उत्तरकुमार पराजुली |
| ०७४ | ४५/२ | ७७ | हिन्दू समाजमा प्रचलित विवाह संस्कारका प्रकार र सीमाहरू | गीता मरासिनी |
| ०७५ | ४६/२ | ८१ | हाडहाडे विष्णुपुर निन्यूखर्क | डा.टेकराज पन्थी |
| ०७६ | ४६/३ | ८२ | यौन शिक्षा परम्परा | उत्तरकुमार पराजुली |
| ०७६ | ४६/४ | ८३ | थकाली जातिको संक्षिप्त अध्ययन | विजय सागर |
| ०७६ | ४७/१ | ८४ | नेपाली समाजमा ज्योतिष विद्याले पारेको प्रभावसम्बन्धी एक अध्ययन | विष्णुराज सिग्देल |
| ०७७ | ४७/४ | ८७ | इस्मा गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७७ | ४८/१ | ८८ | कालीगण्डकी गाउँपालिकाको संक्षिप्त परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७७ | ४८/२ | ८९ | गुल्मीदरबार गाउँपालिकाको संक्षिप्त परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७८ | ४८/३ | ९० | चन्द्रकोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७८ | ४८/४ | ९१ | छत्रकोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७८ | ४९/१ | ९२ | धुर्कोट गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७८ | ४९/२ | ९३ | मदाने गाउँपालिकाको परिचय | चन्द्रप्रकाश उपाध्याय |
| ०७९ | ४९/३ | ९४ | व्रतबन्धका केही सामाजिक सन्दर्भहरू | उत्तरकुमार पराजुली |
| ०७९ | ४९/४ | ९५ | सांस्कृतिक पर्व तीज र यसको सामाजिक प्रभाव | राजेन्द्रकुमार आचार्य |
| ०७९ | ४९/४ | ९५ | इतिहासबाट सिक्ने कुरा | पद्मप्रसाद शर्मा |

| साल | वर्ष/ अङ्क | सम्पूर्णाङ्क | शीर्षक | लेखक |
|---|---|---|---|---|
| ०७९ | ५०/१ | ९६ | संस्कार संस्कृतिमा घर्ती भुजेल समुदाय | विष्णु घर्ती भनभनेली |
| ०७९ | ५०/२ | ९७ | लुम्बिनी प्रदेशमा पुस्तकालय | पद्मप्रसाद शर्मा |
| ०७९ | ५०/२ | ९७ | कौटिल्यको अर्थशास्त्रमा वैदेशिक कुटनीति | बाबुराम ज्ञवाली |
| ०८० | ५०/४ | ९९ | गुल्मी धुरकोटको ऐतिहासिक.. | डा. रामराज पन्थी |
| ०८० | ५०/४ | ९९ | धार्मिक तथा ऐतिहासिक रेसुङ्गा | हीरा ए.सी. |
| ०८० | ५०/४ | ९९ | घर्ती भुजेल जातिका स्थल नामहरू | विष्णु घर्ती भनभनेली |

पाँचौ दशकमा गुल्मीका सातवटा कालीगण्डकी, चन्द्रकोट, छत्रकोट, गुल्मीदरबार, धुर्कोट, मदाने र इस्मा गाउँपालिकाको परिचय प्रकाशन भएका छन् । यस अवधिमा बोटे, थकाली, घर्तीभुजेलहरूको बारेमा लेखिएको पाइन्छ । यसका साथै ज्योतिष विद्या, श्राद्ध, व्रतबन्ध, तीज तथा मिथिला संस्कृतिको बारेमा यो अवधिमा प्रकाशन भएको देखिन्छ । यसैगरी पाल्पा, मगर राज्य बल्ढेङ्गगढी, हाडहाडे, धुरकोट, लुम्बिनी प्रदेशका पुस्तकालय कालीगण्डकी र शालिग्रामका बारेमा लेखिएको पाइन्छ । यदुकानन्दपछि रेसुङ्गा, धार्मिक स्थल रेसुगा, रेसुङ्गा नगरपालिका, रेसुङ्गाका तपस्वीहरू, कौटिल्यको अर्थशास्त्र र वर्ण व्यवस्थाका बारेमा पनि यस अवधिमा लेखिएको छ । तम्घासमा भएको किसान आन्दोलन र औपचारिक शिक्षापूर्वको शैक्षिक रूपरेखा र इतिहासका बारेमा समेत लेख यस दशकमा प्रकाशन भएका छन् ।

## १.६. इतिहासकारको अन्तर्वार्ता

'हाम्रो पुरुषार्थ' ले अन्तरवार्तालाई महत्त्वपूर्ण स्तम्भका रूपमा प्रकाशन गर्दै आएको देखिन्छ । यसमा मुख्यरूपमा भाषाविद् र साहित्यकारका सँगसगै इतिहासकारको अन्तर्वार्ता प्रकाशन भएका छन् । मुख्य मुख्य इतिहासकारका अन्तर्वार्ताहरू निम्नानुसार रहेका छन् :-

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | अन्तर्वार्ताको शीर्षक | इतिहासकार |
|---|---|---|---|---|
| ०४० | ११/१ | १९ | नेपालको इतिहासको खोजी तथा संसारका इतिहासको अध्ययन नै इतिहासकारको कर्तव्य | सूर्यविक्रम ज्ञवाली |

| साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | अन्तर्वार्ताको शीर्षक | इतिहासकार |
|---|---|---|---|---|
| ०५४ | २५/१ | ३५ | विद्या नै सबै कुरा हो | नयराज पन्त |
| ०५५ | २५/२ | ३६ | राष्ट्रको अनुहार भाषाले देखाउँछ | योगी नरहरिनाथ |
| ०५५ | २६/१ | ३७ | पुस्तक दराजमा मात्रै थन्किएर रहेभने त्यसको कुनै अर्थ हुँदैन | डा. डिल्लीरमण रेग्मी |
| ०५७ | २८/१ | ४१ | कला विश्वजनित हो, यसलाई खास जाति र संस्कृतिका सीमामा मात्र केन्द्रित गर्नुहुँदैन | लैनसिंह वाङ्देल |
| ०५८ | २९/१ | ४३ | नेपाली भाषालाई खिचडी भाषा नबनाऊँ | स्वामी प्रपन्नाचार्य |
| ०५९ | २९/२ | ४४ | हामीले आफ्नो मौलिकता छाड्नु हुँदैन । | सत्यमोहन जोशी |
| ०७० | ४०/२ | ५९ | राजनीतिलाई साहित्यको अंग बनाएर प्रस्तुत गर्न सक्नुपर्छ | मोदनाथ प्रश्रित |
| ०७५ | ४५/२ | ७७ | इतिहास सत्य, तथ्य र प्रमाणका आधारमा लेखिनुपर्छ | ज्ञानमणि नेपाल |
| ०७६ | ४७/२ | ८५ | जहाँ जहाँ भारतीय सभ्यताको प्रभाव पर्‍यो त्यो बुझ्न संस्कृत भाषा र वाङ्मय अपरिहार्य छ | महेशराज पन्त |

हाम्रो पुरुषार्थमा नेपालका विख्यात इतिहासकारको अन्तर्वार्ता प्रकाशित भएको छ । यसक्रममा नयराज पन्त, योगी नरहरिनाथ, लैनसिंह वाङ्देल, स्वामी प्रपन्नाचार्य, सत्यमोहन जोशी, मोदनाथ प्रश्रित, ज्ञानमणि नेपाल र महेशराज पन्तलगायतको विचार प्रकाशन भएको छ । यसले इतिहासका साथै इतिहासकारको बारेमा महत्त्वपूर्ण जानकारी उपलब्ध गराएका छन् ।

## १.७. हाम्रो पुरुषार्थका विशेषाङ्कहरू

हाम्रो पुरुषार्थ पत्रिकाले खास विषय र क्षेत्रलाई केन्द्रित गरी विशेषाङ्क प्रकाशित गर्दै आएको छ । विशेषाङ्कको सिलसिला सुरूवाती अवस्थादेखि भएको देखिन्छ । हालसम्म १९ वटा विशेषाङ्क प्रकाशित भएका छन् । हाम्रो पुरुषार्थका विशेषाङ्क निम्नानुसार रहेका छन् ।

| क्र.सं. | साल | वर्ष/अङ्क | सम्पूर्णाङ्क | विशेषाङ्क |
|---|---|---|---|---|
| १ | २०३१ | २/३ | ३ | श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क |
| २ | २०३६ | ६/९ | ९ | अन्तर्राष्ट्रिय बालवर्षातिरक्ताङ्क |
| ३ | २०३७ | ७/२ | ११ | समालोचना विशेषाङ्क |
| ४ | २०३९ | ९/२ | १५ | लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क |
| ५ | २०३९ | ९/३ | १६ | साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क |
| ६ | २०४१ | १२/१ | २१ | लेखनाथ अङ्क |
| ७ | २०४२ | १३/२ | २४ | अन्तर्राष्ट्रिय युवा वर्षाङ्क |
| ८ | २०५३ | २४/१ | ३३ | गुल्मी परिचयाङ्क |
| ९ | २०५५ | २६/१ | ३७ | पुस्तकालय विशेषाङ्क |
| १० | २०५६ | २६/२ | ३८ | कथा विशेषाङ्क |
| ११ | २०५८ | २८/२ | ४२ | नेपाली भाषिक संगोष्ठी विशेषाङ्क |
| १२ | २०६२ | ३२/२ | ५० | पत्रकारिता विशेषाङ्क |
| १३ | २०६७ | ३८/१ | ५६ | डा. टीकाराम पन्थी विशेषाङ्क |
| १४ | २०७० | ४१/१ | ६० | भानु विशेषाङ्क |
| १५ | २०७१ | ४१/४ | ६३ | बी.पी. विशेषाङ्क |
| १६ | २०७५ | ४६/१ | ८० | किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क |
| १७ | २०७७ | ४७/३ | ८६ | कवि प्रयासी स्मृति अङ्क |
| १८ | २०७७ | ४८/२ | ८९ | पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति अङ्क |
| १९ | २०८० | ५०/३ | ९८ | रुरुक्षेत्र विशेषाङ्क |

'हाम्रो पुरुषार्थ'को गुल्मी परिचयाङ्क र रुरुक्षेत्र विशेषाङ्क स्थानीय इतिहास र संस्कृतिका हिसावले महत्त्वपूर्ण रहेका छन् । पत्रकारिता, पुस्तकालय र किरण पुस्तकालय विशेषाङ्कमा किरणसहितका देशभरका पुस्तकालय र पत्रकारिताको इतिहासलाई उजागर गर्ने लेखहरू प्रकाशित भएको देखिन्छ । यसका साथै लुम्बिनीको साहित्य र साहित्यकार, समालोचना, कथा तथा भाषिक संगोष्ठी विशेषाङ्कले भाषिक इतिहास र संस्कृतिको पक्षमा योगदान पुऱ्याएका छन् । यसैगरी शुभराज्यभिषेक, बालवर्ष, अन्तर्राष्ट्रिय युवा विशेषाङ्कले त्यसबेलाको इतिहासलाई झल्काएका छन् । साहित्यकारहरू बी.पी. कोइराला, कविशिरोमणि लेखनाथ पौडेल, आदिकवि भानुभक्त, डा. टीकाराम पन्थी, पं. भीमकान्त पन्थी

तथा भेषबहादुर कुँवर स्मृति विशेषाङ्कले सर्जक र सिर्जनाहरूको बारेमा विस्तृत जानकारी उपलब्ध गराएका छन् । यसरी हाम्रो पुरुषार्थले विशेषाङ्क प्रकाशित गरी इतिहास र संस्कृतिलाई उजागर गर्न महत्त्वपूर्ण भूमिका खेलेको देखिन्छ ।

## २. किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरू

किरण पुस्तकालयले पत्रिका मात्र हैन भाषा, साहित्य, इतिहास र संस्कृतिलाई उजागर गर्ने २० वटा महत्त्वपूर्ण पुस्तक प्रकाशन गर्न सफल भएको छ । किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरू निम्नानुसार रहेका छन् :-

| क्र.सं. | वर्ष | पुस्तक | लेखक |
|---|---|---|---|
| १ | २०३३ | सन्त शशिधरको बाणोपनिषद् | स्वामी शशिधर |
| २ | २०३६ | रेसुङ्गाका आध्यात्मिक कृति | महाप्रभु लक्ष्मीनारायण, योगकुमार र लीलाम्बर भुसाल |
| ३ | २०४२ | केही जनश्रुतिहरू | डा. टीकाराम पन्थी |
| ४ | २०४३ | रुरुक्षेत्र | केशवप्रसाद पौडेल |
| ५ | २०४४ | ने : नेपाल | डा. टीकाराम पन्थी |
| ६ | २०५४ | बुद्धस्मरणम् | डा. टीकाराम पन्थी |
| ७ | २०५४ | मेरो देश नेपाल | मुकुन्दहरि ज्ञवाली |
| ८ | २०५५ | गुल्मीको ऐतिहासिक झलक | डा. राजाराम सुवेदी |
| ९ | २०५८ | मानवताको कलंक : जातपात र छुवाछूत प्रथा | मोदनाथ प्रश्रित |
| १० | २०६२ | सांस्कृतिक चिन्तन | डा. टीकाराम पन्थी |
| ११ | २०६३ | अर्वाचीन रेसुङ्गा | डा. टीकाराम पन्थी |
| १२ | २०६४ | तपोभूमि रेसुङ्गाधाम | पं. परशुराम पन्थी |
| १३ | २०६८ | ग्रहविमर्श | अर्जुनप्रसाद भटराई |
| १४ | २०७५ | काव्यमालिका | डा. लक्ष्मीकान्त पन्थी |
| १५ | २०७६ | आधा जिस्ता | प्रा.डा. बाबुराम ज्ञवाली |
| १६ | २०७६ | हुटिट्याउँको मन | दीन पन्थी |
| १७ | २०७६ | अमृतपान | विष्णुप्रसाद खनाल |
| १८ | २०७७ | गजल चालीसा | मनबहादुर खत्री, मनु, |
| १९ | २०७७ | बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र | प्रा.डा. बाबुराम ज्ञवाली |
| २० | २०७९ | हाम्रो भौगोलिक इतिहास | युवराज भुसाल |

किरण पुस्तकालयबाट प्रकाशित पुस्तकहरू इतिहास र संस्कृतिका दृष्टिकोणबाट पनि महत्त्वपूर्ण र संग्रहणीय रचना रहेका छन् । निकै दुर्लभ मानिएको स्वामी शशिधरको बाणोपनिषद्सहित रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुतिहरू, रुरुक्षेत्र, गुल्मीको ऐतिहासिक झलक, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, हाम्रो भौगोलिक इतिहासले गुल्मी, रेसुङ्गा, रुरुक्षेत्र र यस आसपासको इतिहास, संस्कृतिको महत्त्वपूर्ण सामग्री प्रकाशित गरेको पाइन्छ । यी पुस्तकहरू यहाँको इतिहास बुझ्न आधारशिलाका रूपमा रहेका छन् । यसका साथै सांस्कृतिक चिन्तन, जातीय छुवाछूत र बृहस्पतिसूत्रले पनि हाम्रो संस्कृति र धार्मिक परम्पराका बारेमा जानकारी उपलब्ध गराएका छन् । अन्य पुस्तकहरू साहित्यिक सिर्जनात्मक कृतिका रूपमा रहेका छन् ।

*निकै दुर्लभ मानिएको स्वामी शशिधरको बाणोपनिषद्सहित रेसुङ्गाका आध्यात्मिक कृति, केही जनश्रुति, रुरुक्षेत्र, गुल्मीको ऐतिहासिक झलक, अर्वाचीन रेसुङ्गा, तपोभूमि रेसुङ्गाधाम, हाम्रो भौगोलिक इतिहासले गुल्मी, रेसुङ्गा, रुरुक्षेत्र र यस आसपासको इतिहास, संस्कृतिको महत्त्वपूर्ण सामग्री प्रकाशित गरेको पाइन्छ । यी पुस्तकहरू यहाँको इतिहास बुझ्न आधारशिलाका रूपमा रहेका छन् ।*

## निष्कर्ष

किरण पुस्तकालयद्वारा प्रकाशित पुस्तक र हाम्रो पुरुषार्थले भाषा, साहित्यसँगै इतिहास संस्कृतिको क्षेत्रमा महत्त्वपूर्ण योगदान पुर्‍याएको देखिन्छ । किरण पुस्तकालयका प्रकाशनविना यस क्षेत्रको इतिहास अध्ययनमा ठूलो रिक्तताको महसुस हुन्छ । भाषा साहित्यले पनि इतिहास र संस्कृति बुझ्नलाई महत्त्वपूर्ण सहयोग पुगेकै हुन्छ । साहित्यसँगै पुस्तकालयले इतिहास र संस्कृति विषयलाई उत्तिकै महत्त्व दिएर उत्खनन र उजागर गरेको छ । यी प्रकाशनहरूले हाम्रो इतिहास र संस्कृतिको उजागर र संरक्षण गरेका छन् । भाषा, साहित्य, इतिहास र संस्कृतिलाई व्यवस्थित रूपमा सुरक्षित गर्ने किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ'यो समाजका अमूल्य सम्पदाका रूपमा रहेका छन् । किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ'मार्फत साहित्य, संस्कति र इतिहासको संरक्षण र संवर्धन गरेर निकै प्रशंसनीय काम भएको छ । आगामी दिनमा पनि किरणको पौरख निरन्तर रहनु जरूरी छ । यसका लागि राज्यका निकायसहित हामी सबैको सहयोग जरूरी छ ।

**लेखक : त्रि.वि. इतिहास संस्कृति विषयका शोधार्थी हुनुहुन्छ ।**

ooo

# अनलाइन साहित्यिक पत्रकारितामा किरण पुस्तकालयको योगदान

प्रदीप पौडेल



वि.सं. २०२५ सालमा गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालयले वि.सं. २०७५सालमा स्वर्ण महोत्सव मनाइसकेको छ । वि.सं. २०३० सालमा वार्षिक रूपमा "हाम्रो पुरुषार्थ" प्रकाशन गरेको थियो । वि.सं. २०३५ सालदेखि अर्धवार्षिक रूपमा र वि.सं. २०७० सालदेखि त्रैमासिक रूपमा "हाम्रो पुरुषार्थ" प्रकाशन हुन थालेको हो । यस पुस्तकालयले समय-समयमा विभिन्न कवि साहित्यकारहरूका जन्मजयन्तीहरूमा साहित्यिक कार्यक्रमहरू, कविता वाचन र साहित्यिक गोष्ठीको आयोजना गर्ने गर्दछ । पाठकहरूलाई पुस्तक र पत्रपत्रिकाहरू पुस्तकालयमा निःशुल्क तथा सदस्य बनी पुस्तकहरू घरमा लगेर पढ्ने सुविधा दिएको छ । साथै लेखक तथा साहित्यकारहरूका ऐतिहासिक र साहित्यिक महत्त्वका पुस्तकहरू समय समयमा प्रकाशन गरी नेपाली साहित्यमा ठूलो योगदान दिएको छ । यस लेखमा अनलाइन साहित्यिक पत्रकारितामा किरण पुस्तकालयको योगदानबारे चर्चा गरिनेछ ।

## साहित्यिक पत्रकारिता

साहित्य वाङ्मयअन्तर्गत विभिन्न विधाका रचनाहरूको संकलन, छनोट र सम्पादनपछि प्रकाशन वा प्रसारण गर्ने कार्य नै साहित्यिक पत्रकारिता हो । यसमा साहित्यिक रचनाहरूका साथै साहित्यिक समाचार, सम्पादकीय, अन्तर्वार्ता, छलफल, विचार/दृष्टिकोण, पाठक-प्रतिक्रिया स्तम्भ, सूचना र विज्ञापन पनि रहेका हुन्छन् । लेख-रचना सुहाउँदो फोटो, कार्टुन र अमूर्त चित्रहरू प्रयोग गरी सजावट गरिन्छ । रचनाहरूको संकलन, छनोट र सम्पादन गर्ने कार्य साहित्यिक पत्रकारिता हो भने त्यस्तो कार्य साहित्यिक पत्रकारले गर्दछ । साहित्यिक पत्रकारिता साहित्यिक पत्रिकामा मात्र सिमित छैन । यो अखबार, रेडियो, एफ्.एम्., टेलिभिजन र अनलाइन माध्यमसम्म फैलिएको छ । अनलाइनमा वेभसाइट साथै सामाजिक सञ्जाल फेसबुक, ट्वीटर, टिकटक र युट्युबबाट

साहित्यिक सिर्जनाहरू पाठक समक्ष पुगेको पाउँछौ । साहित्यले मानिसको चिन्तन फराकिलो पार्दै ज्ञान र मनोरञ्जन एकसाथ दिन्छ ।

## नेपालमा साहित्यिक पत्रकारिताको इतिहास

वि.सं. १९४३ सालमा बनारसबाट गोरखा भारत जीवन र नेपालबाट वि.सं. १९५५ सालमा सुधासागर मासिक प्रकाशन युवाकवि मोतिराम भट्टको सम्पादनमा प्रकाशन भएको मानिन्छ तर हालसम्म मुद्रितप्रति फेला परेका छैनन् । त्यसैले मोतिराम भट्टलाई प्रथम साहित्यिक पत्रकार मानिएको हो । तीबारे पुस्तकमा विज्ञापन छापिएकाले प्रकाशित भएको अनुमान गरिन्छ । नेपालबाट वि.सं. १९५८ सालमा गोरखापत्रको प्रकाशन सुरू भयो । यो समाचारपत्र भए पनि नेपाली साहित्यमा ठूलो योगदान दियो, जुन हालसम्म निरन्तर प्रकाशित छ । नेपालमा गोरखापत्र प्रकाशन भएको ३२ वर्षपछि मात्र वि.सं. १९९१ सालमा सुब्बा ऋद्धिबहादुर मल्लको सम्पादनमा शारदा मासिक पत्रिका छापिएको हो । यसले लेखनाथ पौड्याल, बालकृष्ण सम, लक्ष्मीप्रसाद देवकोटा, गोपालप्रसाद रिमाल र भवानी भिक्षुजस्ता लेखक साहित्यकार जन्माउने जश प्राप्त गर्‍यो । यस बीचमा बनारसबाट धेरै पत्रपत्रिका प्रकाशित भए । नेपालबाट वि.सं. २००७ सालअघि उद्योग, साहित्यस्रोत पुरुषार्थ साहित्यिक पत्रिकाहरू प्रकाशित भएका थिए ।

वि.सं. २००७ सालमा राणा शासनको अन्त्यपछि साहित्यिक पत्रिकाहरू प्रकाशनको लहर आयो । सात सालपछि वि.सं. २०३० सालको अवधिका उल्लेखनीय साहित्यिक पत्रिकाहरूमा प्रगति, इन्द्रेणी, रूपरेखा, अभिव्यक्ति रचना, मधुपर्क, साहित्य, इन्दु, मुकुट, भानु, रत्नश्री आदि रहेका छन् । यीमध्ये केही हालसम्म प्रकाशित छन् भने अरू बन्द भए । विभिन्न समयमा देशभरिबाट साहित्यिक पत्रिकाहरू प्रकाशन भई विविध कारणले हाल बन्द भएका पत्रिकाहरूको सङ्ख्या धेरै रहेको छ । हाल निरन्तर प्रकाशित साहित्यिक पत्रिकाहरूमा मधुपर्क, अभिव्यक्ति रचना, जनमत, शब्दाङ्कुर, शाल्मलि, कल्पतरू, दायित्व, शिवपुरी सन्देश, वैजयन्ती, शब्दसंयोजन, कौशिकी, नवप्रज्ञापन, अमरज्योति, रूपायन, लहरा र हाम्रो पुरुषार्थ रहेका छन् । सबैभन्दा बढी मधुपर्कका ६५० अङ्क प्रकाशित छन् । त्यस्तै जनमत मासिकका ३१० अङ्क, शब्दाङ्कुर मासिकका ३०६ अङ्क, शब्दसंयोजन मासिकका २३२ अङ्क, वैजयन्ती मासिकका ८६ अङ्क, अभिव्यक्ति द्वैमासिकका २२० अङ्क, रचना द्वैमासिकका १८३ अङ्क, कल्पतरू द्वैमासिकका १०४ अङ्क, दायित्व द्वैमासिकका १४२ अङ्क, शिवपुरी सन्देश द्वैमासिकका १०३ अङ्क, कौशिकी द्वैमासिकका १०० अङ्क, नवप्रज्ञापन त्रैमासिकका १०० अङ्क, अमरज्योति त्रैमासिकका ५८ अङ्क, रूपायन त्रैमासिकका ४९ अङ्क र हाम्रो पुरुषार्थ त्रैमासिकका ९९ अङ्क प्रकाशित भएका छन् । यी सबै साहित्यिक पत्रिकाहरूले नियमित र विशेषाङ्क प्रकाशित गरी नेपाली साहित्य र साहित्यिक पत्रकारितामा अतुलनीय योगदान दिएका छन् ।

## अनलाइन साहित्यिक पत्रकारिता

सूचना प्रविधिको विकसित रूप इन्टरनेट उपयोग गरेर साहित्यिक रचनाहरूको संकलन, छनोट र सम्पादन गरेर शब्द, फोटो, आवाज र दृश्यमा प्रस्तुत गर्नु नै अनलाइन साहित्यिक पत्रकारिता हो । साहित्यिक अनलाइनमा साहित्यिक लेख रचनाहरू कविता, कथा, गजल, मुक्तक, हाइकुका अतिरिक्त साहित्यिक समाचार, सम्पादकीय, अन्तर्वार्ता, छलफल, विचार, पाठक-प्रतिक्रिया रहेका हुन्छन् । कम्प्युटर, मोबाइल फोन र इन्टरनेटको विकासले उल्लेखनीय परिवर्तन आएको छ । सन् १९९० को दशकमा अमेरिकामा इन्टरनेटको विकास भएको हो । नेपालमा इन्टरनेटको सुरूवात वि.सं. १९९४ बाट भएको पाइन्छ । व्यावसायिक रूपमा इन्टरनेटको सुरूवात मर्कन्टायल प्रा.लि.ले वि.सं. १९९५ बाट गरेको हो । मर्कन्टायल प्रा.लि.ले सन् १९९६ मा www.south-asia.com मार्फत नेपाली प्रकाशनहरू कान्तिपुर, गोरखापत्र, the rising nepal र the kathmandu post जस्ता दैनिक र केही साप्ताहिक पत्रिकाहरू उपलब्ध हुन थालेका हुन् । त्यस्तै पूर्णरूपमा अनलाइन पत्रकारिता www.nepalnews.com मार्फत मर्कन्टायल प्रा.लि.ले सन् १९९९मा सुरू गरेको हो । नेपाली भाषामा पहिलो समाचारमूलक अनलाइन पत्रकारिताको सुरू www.nepalipost.com अमेरिकाबाट भएको पाइन्छ जुन हालसम्म सञ्चालनमा छ । यी दुबैले नेपाली साहित्यलाई स्थान दिएका थिए ।

## इन्टरनेटमा नेपाली साहित्यको प्रवेश

www.internetarchive.org का अनुसार पहिलो पटक नेपाली साहित्यलाई इन्टरनेटमा राख्ने काम सन् १९९७ जनवरी १ मा www.inpros.com/nepal df nepali literature homepage पृष्ठमा सम्पादक पुरुषोत्तम सुवेदी र प्रकाश सुवेदीले साहित्यिक लेख-रचनाहरू कविता, कथा, नाटक, गजल आदि प्रकाशित गरेको पाइन्छ । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसासद्वारा प्रकाशित अन्तर्दृष्टि साहित्यिक पत्रिका वर्ष २ अङ्क ४ सन् १९९४ र वर्ष ३ अङ्क ३ सन् १९९५ मा प्रकाशित साहित्यिक लेखरचनाहरू उक्त वेभसाइटमा पोष्ट गरिएका थिए । त्यसपछि पहिलो पटक नेपाली साहित्यिक पत्रिका मधुपर्क मासिक वर्ष ३३ अङ्क ३ वि.सं. २०५७ श्रावण महिनाको अङ्क www.nepalnews.com मा सन् २००० अगष्टमा उपलब्ध भएको थियो । यस मार्फत संसारभर छरिएर रहेका पाठकहरूले मधुपर्क मासिकका साहित्यिक लेख रचनाहरू पढ्ने अवसर पाएका थिए । विदेशमा नेपाली साहित्यिक पत्रिका नपुग्ने भएकाले नेपाली अनलाइन साहित्यिक पत्रिकाहरू विदेशमा रहेका नेपालीहरूका लागि साहित्यिक तलतल मेटाउने भरपर्दो स्रोत हुन् ।

## अनलाइन साहित्यिक पत्रकारिताको इतिहास

व्यवस्थित रूपमा अनलाइन साहित्यिक पत्रिकाको सुरूवात रूसबाट डा. मधु माधुर्यको सम्पादनमा www.freenepal.com को सुरूवात सन् १९९८ मा भएको हो । सन् २००० मा अमेरिकाबाट www.suskera.com को सुरूवात भएको थियो । यसले नेपाली लेखकहरूका अङ्ग्रेजीमा लेखिएका रचनाहरू प्रकाशित गर्दथ्यो । त्यस्तै www.pardesh.com को सुरू सन् २००१ मा अमेरिकाबाट भयो, जसमा नेपाली र अङ्ग्रेजीमा लेखिएका साहित्यिक रचनाहरू प्रकाशित हुन्थे ।

ताइवानबाट कपिल अधिकारी सम्पादक रहनुभएको विशुद्ध नेपाली साहित्यिक वेभसाइट www.ipatra.com सन् २००३ मार्चबाट सुरू भएको थियो । यसमा केही कविका कविता-संग्रह पी.डी.एफ्. फाइलहरूसमेत राखिएका थिए । काठमाडौंबाट कवि मोमिला सम्पादक रहनुभएको www.nepalikalasahitya.com सन् २००७ बाट सुरु भयो । बेल्जियमबाट कृष्ण बजगाईं सम्पादक रहनुभएको www.samakalinsahitya.com सन् २००७ सेप्टेम्बरबाट सुरु भएको हो । त्यस्तै बेलायतबाट विश्वासदीप तिगेला सम्पादक रहनुभएको www.nepaliliterature.com वि.सं. २०६२ भाद्र ७ गते उद्घाटन भएको थियो । कवि विक्रम सुब्बा सम्पादक रहनुभएको www.nepalikavita.com सन् २००० बाट सुरू भयो । यसले मौलिक र अनुवादित नेपाली कविता, काव्य र गजलहरू प्रकाशन गर्दथ्यो । साथै कवि लेखकहरूका कविता-संग्रहका पी.डी.एफ्. फाइलहरूसमेत राखिएका थिए । सन् २००७ मा अमेरिकाबाट वासु श्रेष्ठ सम्पादक रहनुभएको www.khasskhass.com को सुरूवात भयो ।

हङकङबाट भोगेन एक्ले सम्पादक रहनुभएको www.shrijana.com, बेलायतबाट केदार सुनुवार संकेत सम्पादक रहनुभएको www.sahityasangalo.com, इजरायलबाट हरि मानन्धर सम्पादक रहनुभएको www.nepalisahitya sansar.com, काठमाडौबाट विभोर बराल सम्पादक रहनुभएको www.online sahitya.com सञ्चालित थियो । त्यस्तै ब्रुनाइबाट सुरेन्द्र इङनाम सम्पादक रहनुभएको www.kalasahitya.com, जापानबाट कुमार सिम्खडा सम्पादक रहनुभएको www.majheri.com को सुरूवात भयो । यीमध्ये www.free nepal.com, www.nepalikalasahitya.com, www.samakalinsahitya.com, www.sahityasangalo.com www.majheri.com, र www.khasskhass.com मात्र सञ्चालनमा छन् भने अरू सबै बन्द छन् । यी सबै अनलाइनहरूले साहित्यिक पत्रकारिताको विकासमा ठूलो योगदान दिएका थिए । यिनले लेखक र पाठकहरूलाई जोड्ने काम गरेका छन् ।

## केही चर्चित साहित्यिक अनलाइनहरू

साहित्यिक अनलाइनहरूलाई मुख्यरूपमा ६ प्रकारमा बाँड्न सकिन्छ । स्वेच्छिक रूपमा व्यक्तिले सञ्चालन गरेका साहित्यिक अनलाइनहरू, संस्थाद्वारा सञ्चालित अनलाइनहरू, व्यक्तिगत अनलाइनहरू, साहित्यिक पत्रिकाका अनलाइनहरू, निःशुल्क ब्लगमा आधारित र साहित्यिक संस्थाद्वारा सञ्चालित संस्थागत अनलाइनहरू प्रचलित छन् । हाल सञ्चालित केही चर्चित साहित्यिक अनलाइनहरूमा

www.sahityapost.com, www.shabdasamyojan.com, www.khasskhass.com, www.fitkauli.com, www.sirjanamanch.com, www.pallawa.com.np, www.sahityasagar.net, www.nepalisahityaghar.com, www.balsansar.org, www.ketaketi.org, www.sahityasangraha.com, www.majheri.com, www.janamatsahitya.com, www.srrasta.blogspot.com www.pustakalaya.org आदि रहेका छन् ।

साहित्यिक समाचार, समीक्षा, लेख, साहित्यिक रचनाहरू, विभिन्न प्रतियोगिता साथै हरेक दिन नयाँ स्तम्भका कारण www.sahityapost.com पाठकहरूबीच लोकप्रिय छ । www.sahityasangraha.com आविष्कार भारती सम्पादक रहनुभएको नेपाली साहित्यको सबैभन्दा ठूलो भण्डार हो । यसमा हरेक विधाका रचनाहरू समावेश गरिएको छ । नेपाली, अङ्ग्रेजी, नेवारी, अवधि, कुलुङ, तामाङ, थामी, थारू, धिमाल, मगर, मैथिलीलगायत २१ भाषाका रचनाहरू छन् । २० हजारभन्दा बढी लेखकहरूका २५००० रचनाहरू संकलित छन् । www.pustakalaya.org मा नेपाली साहित्य, बालसाहित्यका कृतिहरू र नेपाली साहित्यिक पत्रिकाहरू संकलित छन् । पाठकहरूले डाउनलोड गरी पढ्न सक्छन् । www.balsansar.org र www.ketaketi.org बालसाहित्यसम्बन्धी चर्चित अनलाइनहरू हुन् । www.fitkauli.com नरनाथ लुईंटेल सम्पादक रहनुभएको हास्यव्यङ्ग्यसम्बन्धी चर्चित साहित्यिक अनलाइन हो । www.thegorkhatimes.com, र र www.lalitmag.com अङ्ग्रेजी भाषामा प्रकाशित साहित्यिक अनलाइन हुन् ।

साहित्यिक संस्थाद्वारा सञ्चालित संस्थागत अनलाइनमा www.nai.com.np पनि हो । नइ प्रकाशनले सञ्चालन गरेको यसमा त्रिमूर्ति निकेतन, लेखरचनाहरू, साहित्यकारहरूका परिचय र कृतिहरूका पी.डी.एफ्. फाइलहरू समेत राखिएका छन् । अन्तर्राष्ट्रिय नेपाली साहित्य समाज अनेसासद्वारा सञ्चालित अनलाइन www.inls.org हो । यसमा संस्थाको परिचय, संस्थाद्वारा सञ्चालित कार्यक्रमको जानकारी र अन्तर्दृष्टि साहित्यिक पत्रिकाका पी.डी.एफ्. फाइलहरू राखेको पाइन्छ । विश्व नेपाली साहित्य महासंघले www.gfnl.org,

शब्दार्थ प्रकाशनले www.nepalipublisher.com र साहित्य सन्ध्याले www.sahityasandhya.org.np सञ्चालन गरेका छन् ।

## साहित्यकारका व्यक्तिगत वेभसाइट

नेपाली साहित्यकारहरू विस्तारै सूचना प्रविधिप्रति आकर्षित हुँदै छन् । केही साहित्यकारहरूले व्यक्तिगत वेभसाइट बनाई आफनो परिचय, लेख-रचना र प्रकाशित पुस्तकहरूका पी.डी.एफ्. फाइलहरू राखेको पाइन्छ । पाठकहरू यसबाट लाभान्वित भएका छन् । स्वर्गीय साहित्यकार विनयकुमार कसजूले सन् २००३ देखि www.kasajoo.com मा आफनो परिचय, लेख रचना र प्रकाशित पुस्तकहरूका पी.डी.एफ्. फाइलहरू राख्नुभएको छ । त्यस्तै साहित्यकार नवराज सुब्बाले www.nrsubba.com.np मा आफनो परिचय, लेख रचना, प्रकाशित पुस्तकहरूका पी.डी.एफ्. फाइलहरू र गीतका भिडियोहरू राख्नुभएको छ । साहित्यकार विनोद न्यौपानेले www.binodneupane.com, भरत जंगमले www.jangam.com.np ध्रुव थापाले www.dhruvacreations.com र हरिभक्त सिग्देलले www.haribhaktasigdel.com मा आफनो परिचय, लेख रचना र प्रकाशित पुस्तकहरूका पी.डी.एफ्. फाइलहरू राख्नुभएको छ । त्यस्तै अङ्ग्रेजी साहित्यकार मञ्जुश्री थापाले www.manjushreethapa.com मा र सम्राट उपाध्यायले www.samratuppadhaya.com मा परिचय, लेख रचना, प्रकाशित पुस्तकहरूकाबारे जानकारी राख्नुभएको छ । स्वर्गीय साहित्यकार ऋषिराम न्यौपानेबारे www.rishiramneupane.org, साहित्यकार पूर्ण ओलीको www.purnaoli.com.np, लेखक पुण्डरी अर्यालको www.pundariaryal.com, माधवप्रसाद पोखरेलको www.madhavpokhrel.com.np, वासुदेव त्रिपाठीको www.basudevtripathi.com वेभसाइटमा परिचय र लेख रचना प्रकाशित छन् । धेरै नेपाली साहित्यकारहरूले व्यक्तिगत ब्लग वेभसाइट बनाई आफना लेख रचनाहरू राखेको पाइन्छ । साहित्यकार गोविन्दराज भट्टराई www.govindaswriting.blogspot.com, मातृका पोखरेल www.thematrika.blogspot.com, दिल साहनी www.sahanidil . blogspot.com, निर्मलमणि अधिकारी www.nirmalmani.blogspot.com र सुष्मा जोशी www.susmafiction.blogspot.com आदि ब्लग वेभसाइटका उदाहरण हुन् । निःशुल्क रूपमा उपलब्ध वर्डप्रेस, ब्लगस्पट लगायत अन्य माध्यम प्रयोग गरी व्लग वेभसाइट सहज रूपमा जोसुकैले बनाई सञ्चालन गर्न सक्छन् ।

## अनलाइनमा उपलब्ध नेपाली साहित्यिक पत्रिका

अनलाइनमा उपलब्ध पहिलो नेपाली साहित्यिक पत्रिका गोर्खापत्र संस्थानबाट प्रकाशित मधुपर्क मासिक हो । मधुपर्कको वर्ष ३३ अङ्क ३, २०५७ श्रावण अङ्क सन् २००० अप्रिलमा www.nepalnews.com बाट उपलब्ध भएको हो ।

त्यसपछि यो www.gorkhapatra.com.np बाट प्रकाशित हुन थाल्यो । मधुपर्कपछि रचना द्वैमासिक सन् २००३ अप्रिलमा पूर्णाङ्क ७३ देखि www.irachana.netfirms.com बाट प्रकाशित हुन थाल्यो । त्यसपछि अभिव्यक्ति, शब्दाङकुर, नागार्जुन र शब्दसंयोजन साहित्यिक पत्रिका अनलाइनमा उपलब्ध हुन थाले । खासगरी कोभिड महामारी फैलिएपछि साहित्यिक पत्रिका अनलाइनमा उपलब्ध गराउने प्रचलन बढ्दै गयो । हाल अनलाइनमा उपलब्ध साहित्यिक पत्रिका निम्न अनुसार रहेका छन् :

मधुपर्क मासिक www.gorkhapatraonline.com बाट हरेक महिना प्रकाशित हुन्छ । मधुपर्कको पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । अर्को पत्रिका शब्दाङ्कुर मासिक www.sabdankur.com बाट पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । साथै यो पत्रिका www.pustakalaya.org उपलब्ध हुन्छ र पाठकहरूलाई हरेक महिना पी.डी.एफ्. इमेलमार्फत पठाइन्छ । लोकप्रिय साहित्यिक मासिक जनमत पत्रिका www.janamat sahitya.com बाट हरेक महिना नयाँ अङ्क पी.डी.एफ्. डाउनलोड गरी पढ्न पाइन्छ । त्यस्तै अर्को साहित्यिक पत्रिका शब्दसंयोजन मासिक www.sahityasandhya.org मा नयाँ अङक र केही पुराना अङकहरू पिडिएफ डाउनलोड गरी पढ्न पाइन्छ । विधा केन्द्रित साहित्यिक मासिक पत्रिका वैजयन्तीका नयाँ र पुराना अङ्क www.nepalipublisher.com र यसको फेसबुक पेजबाट पी.डी.एफ्. डाउनलोड गरी पढ्ने सुविधा छ । अर्को साहित्यिक मासिक पत्रिका शाल्मलिका नयाँ अङ्क पाठकहरूलाई हरेक महिना पी.डी.एफ्. इमेल मार्फत पठाइन्छ । यसका केही पुराना अङकहरू www.kavitakosh.org मा पढ्न पाइन्छ ।

अनलाइनमा उपलब्ध केही साहित्यिक द्वैमासिक पत्रिकाहरू यस प्रकार छन् । अभिव्यक्ति द्वैमासिक www.avibyakti.com.np बाट नयाँ र पुराना अङकहरू पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । त्यस्तै रचना दैमासिक www.rachanalaya.com बाट पी.डी.एफ्. डाउनलोड गरी पढ्ने सुविधा छ । अर्को साहित्यिक पत्रिका कल्पतरू द्वैमासिक पाठकहरूले www.kalpatarupub.com.np बाट पाठकहरूले पी.डी.एफ्. डाउनलोड गरी पढ्ने सुविधा रहेको पाउँछौ । त्यस्तै प्रहरी द्वैमासिक www.nepalpolice.com.np बाट पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । यस पत्रिकाले साहित्यलाई समेत स्थान दिएको पाइन्छ । अनलाइनमा उपलब्ध केही साहित्यिक त्रैमासिक पत्रिकाहरूमा नवराज रिजाल सम्पादक रहनुभएको नवप्रज्ञापन साहित्यिक त्रैमासिक www.nawapragyapan.com.np बाट पाठकहरूले नयाँ र पुराना अङकहरूका पी.डी.एफ्. डाउनलोड गरी पढ्ने सुविधा रहेको पाउँछौ । त्यस्तै अमरज्योति साहित्यिक त्रैमासिक www.nea.org.np को

publication मा गई नयाँ र पुराना अङकहरू पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । त्यस्तै नुवाकोटबाट नवदीप अजनवीको सम्पादनमा प्रकाशित रूपायन साहित्यिक त्रैमासिक पत्रिका पाठकहरूलाई हरेक तीन महिनामा पी.डी.एफ्. इमेल मार्फत पठाइन्छ । त्यस्तै किरण पुस्तकालयबाट प्रकाशित हाम्रो पुरुषार्थ www.kiranpustakalaya.com मा गई नयाँ र पुराना अङकहरू पी.डी.एफ्. डाउनलोड गरी पढ्न सकिन्छ । यी केही अनलाइनमा उपलब्ध केही साहित्यिक पत्रिकाहरू हुन् ।

## साहित्यिक पत्रकारितामा किरण पुस्तकालयको योगदान

*वि.सं.२०३० सालदेखि प्रकाशित हाम्रो पुरुषार्थमा स्थानीय लोकसाहित्य, संस्कृति, इतिहास र पुरातत्त्वबारे समेत लेखरचनाहरू छापिएका छन् । साथै लेखक तथा साहित्यकारहरूका ऐतिहासिक र साहित्यिक महत्त्वका पुस्तकहरू समय समयमा प्रकाशन गरी नेपाली साहित्यमा ठूलो योगदान दिएको छ ।*

वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालयले वि.सं. २०३० सालमा वार्षिक रूपमा "हाम्रो पुरुषार्थ" वर्ष १ अङ्क १ प्रकाशन गरेको थियो । वि.सं.२०३५ सालदेखि अर्धवार्षिक रूपमा र वि.सं.२०७० सालदेखि त्रैमासिक रूपमा "हाम्रो पुरुषार्थ" प्रकाशन हुन थालेको हो । वि.सं.२०४७ सालदेखि वि.सं. २०५२ सालसम्म प्रकाशनमा अवरोध आए पनि त्यसपछि निरन्तर रहेको छ । सुरूदेखि शशि पन्थी प्रधान सम्पादक र अन्य सहसम्पादकहरू रहनुभएको छ । मोफसलबाट प्रकाशित, प्रेस काउन्सिलबाट 'क' वर्गमा वर्गीकृत यस पत्रिकाले आफनो छुट्टै पहिचान बनाउन सफल भएको छ । किरण पुस्तकालय र गुल्मी जिल्लाको नाम देश विदेशमा राख्न सफल भएकोमा कसैको विमति छैन । यसले समय-समयमा विशेषाङ्कहरूसमेत निकालेको छ । समालोचना अङ्क, कथा अङ्क, पुस्तकालय अङ्क, भाषिक संगोष्ठी अङ्क, गुल्मी परिचय अङ्क, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार अङ्क, पत्रकारिता अङ्क, स्वर्णवर्ष विशेष अङ्क, विश्वेश्वर अङ्क, टीकाराम पन्थी विशेष अङ्क, कवि प्रयासी स्मृति अङ्क, भीमकान्त पन्थी शतवार्षिकी अङ्क, रुरु विशेष अङ्क आदि केही हालसम्म प्रकाशित महत्त्वपूर्ण विशेषाङ्कहरू हुन् । हाम्रो पुरुषार्थले राष्ट्रिय र स्थानीय साहित्यकारका लेखरचनाहरू छापी नेपाली साहित्यमा ठूलो योगदान दिएको छ । वि.सं.२०३० सालदेखि प्रकाशित हाम्रो पुरुषार्थमा स्थानीय लोकसाहित्य, संस्कृति, इतिहास र पुरातत्त्वबारे समेत लेखरचनाहरू छापिएका छन् । साथै लेखक तथा साहित्यकारहरूका ऐतिहासिक र साहित्यिक महत्त्वका पुस्तकहरू समय समयमा प्रकाशन गरी नेपाली साहित्यमा ठूलो योगदान दिएको छ ।

## अनलाइन साहित्यिक पत्रकारितामा किरण पुस्तकालयको योगदान

किरण पुस्तकालयले हाम्रो पुरुषार्थलाई छापा साहित्यिक पत्रिकामा मात्र सीमित राखेको छैन । बदलिदो समयअनुसार आधुनिक सूचना प्रविधिको प्रयोग गरी हाम्रो पुरुषार्थ र केही पुस्तकहरू www.kiranpustakalaya.com मा उपलब्ध गराउँदै आएको छ । किरण पुस्तकालयले वि.सं. २०७५ सालदेखि आफनो उपस्थिति अनलाइनमा समेत गर्दै आएको छ । लेखरचना ईमेलबाट संकलन गरिन्छ । पुस्तकालयबाट हाम्रो पुरुषार्थका नयाँ अङ्कहरू र पुस्तक प्रकाशित भएपछि पी.डी.एफ्. अपलोड गरिन्छ । पुस्तक र पत्रिकाहरू पुस्तकालयलको वेभसाइटमा हाम्रा प्रकाशनहरूमा गई पढ्न तथा पी.डी.एफ्. डाउनलोड गरी अफलाइन पढ्न सकिन्छ । धेरै साहित्यिक पत्रिका छापामा मात्र सिमित रहेका छन् । अनलाइनमा उपलब्ध साहित्यिक पत्रिका औलामा गन्न सकिन्छ । मोफसलबाट प्रकाशित भएर पनि अनलाइन साहित्यिक पत्रकारितामा किरण पुस्तकालयको योगदान इतिहासमा स्वर्ण अक्षरले लेखिनेछ । गुल्मीजस्तो दुर्गम जिल्लाबाट स्तरीय साहित्यिक पत्रिका र साहित्यिक अनलाइन सञ्चालन गरेर सम्पादक मण्डल धन्यवादको पात्र बनेको छ । हाल पूर्णाङ्क ७९ देखि ९९ सम्मका २० अङ्क पुस्तकालयलको वेभसाइटमा उपलब्ध रहेका छन् । यसका साथै केही प्रकाशित पुस्तकहरूसमेत वेभसाइटमा उपलब्ध रहेका छन् ।

> *किरण पुस्तकालयले वि.सं. २०७५ सालदेखि आफनो उपस्थिति अनलाइनमा समेत गर्दै आएको छ । लेखरचना ईमेलबाट संकलन गरिन्छ । पुस्तकालयबाट हाम्रो पुरुषार्थका नयाँ अङ्कहरू र पुस्तक प्रकाशित भएपछि पी.डी.एफ्. अपलोड गरिन्छ । पुस्तक र पत्रिकाहरू पुस्तकालयलको वेभसाइटमा हाम्रा प्रकाशनहरूमा गई पढ्न तथा पी.डी.एफ्. डाउनलोड गरी अफलाइन पढ्न सकिन्छ ।*

स्तरीय लेखरचनाहरूलाई पत्रिकामा स्थान दिने, अन्य रचनाहरू अनलाइनमा प्रकाशित गर्ने, लेखरचनाहरूको मापदण्ड निर्धारण गर्ने, एक वर्षभित्र प्रकाशित उत्कृष्ट गद्य र पद्य रचनाहरू छनोट गरी एक-एक जना लेखकहरूलाई सम्मान गर्ने व्यवस्था भएमा राम्रो हुने थियो । सम्भव भएसम्म सबै लेखकहरूलाई, नभए अनुरोधमा लेखिएका स्तरीय लेखरचनाहरूलाई पारिश्रमिकको व्यवस्था गर्न अक्षयकोषको व्यवस्था गर्नु एउटा विकल्प हुनसक्छ । साथै हाम्रो पुरुषार्थका सुरूदेखिका अङकहरू स्क्यान गरी वेभसाइटमा राख्न सकिन्छ । मोटा-मोटा पुस्तक र पत्रिकाहरूभन्दा सम्पादन गरी स्तरीय रूपमा मध्यम आकारमा छाप्नु राम्रो हुन्छ । समय समयमा पुस्तक प्रदर्शनी गरेर पत्रिका र पुस्तकहरू बिक्री गरी केही आम्दानी बढाउन सकिन्छ ।

साथै पत्रिका र अनलाइनमा विज्ञापन संकलन मार्फत आम्दानी बढाउने अर्को विकल्प हुन सक्छ ।

हाम्रो पुरुषार्थका विभिन्न समयमा प्रकाशित १० वटा मुद्रित र २० वटा अनलाइनमा उपलब्ध अङकहरू सरसर्ति अध्ययन गर्दा निम्न कुराहरू पाएँ । यस पत्रिकामा साहित्य, धर्मसंस्कृति, इतिहास, पूर्वीय दर्शन र अन्य विविध लेखरचना प्रकाशित छन् । संख्यात्मक रूपमा कविताहरू बढी छापिएका छन् । त्यसपछि समीक्षा, समालोचना र निबन्धहरू रहेका छन् । कथा, लघुकथा, संमरण, नियात्रा, मुक्तक हाईकु गजल र हास्य-व्यङ्ग्य रचनाहरू निकै कम प्रकाशित छन् । यसतर्फ सम्पादकहरूको ध्यान जानु जरूरी छ । कथा र हास्यव्यङ्ग्य रचनाहरूले पत्रिका पठनीय र पाठकमाझ लोकप्रिय बनाउँछ । पछिल्लो समय थपिएको ज्येष्ठ नागरिकसँगको कुराकानीमा उनीहरूको दीर्घ र स्वस्थ जीवनको रहस्य के हो सोध्नु जरूरी हुन्छ । नयाँ-नयाँ स्तम्भहरू समावेश गर्ने, साथै गुल्मी अर्घाखाँची र पाल्पासहित ५ नम्बर प्रदेशकै लोकसाहित्य र संस्कृतिबारे रचनाहरूलाई प्राथमिकता दिनुपर्दछ । हरेक अङ्कमा गुल्मी, अर्घाखाँचीलगायत ५ नम्बर प्रदेशका ओझेलमा परेका साहित्यकारहरूको परिचय, अन्तर्वार्ता र उनीहरूका दुई तीनवटा रचनाहरू समावेश गर्न सकिन्छ । हाम्रो पुरुषार्थका विभिन्न समयमा प्रकाशित १० वटा मुद्रित प्रतिमध्ये अध्ययनका लागि अङ्क १२ उपलब्ध गराउने विष्णु पौडेल र अन्य अङ्कहरू ४४, ४५, ५४, ५५, ५६, ५८, ६०, ६१, ६२ उपलब्ध गराउने मेरो साहिलो बुबा बाबुराम पौडेललाई धन्यवाद दिन चाहन्छु ।

**सन्दर्भस्रोत**


हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरू

रोचक घिमिरे साहित्यिक पत्रिका र साहित्यिक पत्रकारिता www.sahityasangraha.com

वासु श्रेष्ठ अनलाइन साहित्यिक पत्रकारिता www.khojonline.com

विश्वासदीप तिगेला इन्टरनेट र नेपाली साहित्य www.sanghiya.com

www.internetarchive.org

www.kiranpustakalaya.com



**छत्रदेव-८, बेतहारी, अर्घाखाँची । शिक्षक– भगवती मा.वि., भूमिकास्थान-९, डेवा, अर्घाखाँची ।**


ooo

// लेख //


# हाम्रो पुरुषार्थ : चर्चा एक, प्रसङ्ग अनेक




✍ झबिन्द्र भुसाल

### हाम्रो पुरुषार्थसँगको सामीप्यता

५० वर्षे 'हाम्रो पुरुषार्थसँग मेरो चिनजान १० वर्षअघि मात्रै भएको हो । जब म २०६९ सालमा पत्रपत्रिकाहरूको अनुगमन, मूल्याङ्कन र वर्गीकरण गर्ने, आचारसंहिता अनुगमन गर्ने प्रेस काउन्सिल नेपालमा जागिरको सिलसिलामा प्रवेश गरें त्यसपछि मेरो परिचय 'हाम्रो पुरुषार्थ'सँग हुन पुगेको हो ।




आदरणीय शशि पन्थी सरको बारेमा त्यस पहिले सुनेको पढेको थिएँ । समुपस्थितिमा चिनजान पनि हाम्रो पुरुषार्थसँगै भएको हो । त्यो चिनजानको क्षण दुबैको लागि खुशी र महत्त्वपूर्ण क्षण थियो । यो क्षण पहिले मोरङको विराटनगरमा अध्यापन गर्ने देवी पन्थी, जसले अध्यापनको साथसाथै 'पूर्वाञ्चल दर्पण' मासिक पत्रिकासमेत प्रकाशन गर्नुहुन्छ, उहाँसँग परिचित हुने क्रममा शशि सर किरण पुस्तकालय, 'हाम्रो पुरुषार्थ'को बारेमा केही जानकारी गराउनुभएको थियो ।

पछि शशि पन्थी हाम्रो पुरुषार्थको सम्पादकसँग काउन्सिलमा भलाकुसारी भएपछि म औधी खुशी भएको थिएँ । कारण कम्तीमा गुल्मी जिल्ला जुन मेरो पनि जन्म जिल्लाबाट पत्रिका नियमित प्रकाशन भइरहेको र आदरणीय व्यक्तित्त्वले त्यसको नेतृत्व गरिरहनुभएको थियो ।

हाम्रो भेट हुँदा पत्रिका अर्धवार्षिक रूपमा प्रकाशन हुने गरेको थियो । प्रेस काउन्सिलले कम्तीमा पनि त्रैमासिक रूपमा प्रकाशन हुने पत्रिकालाई समेत मूल्याङ्कन र वर्गीकरण गर्ने हुँदा यसबारे धेरै छलफल विमर्श भयो र अन्ततः केही समयपछिबाट त्रैमासिकरूपमा प्रकाशन हुन थाल्यो । आजसम्म पनि हाम्रो पुरुषार्थ त्रैमासिक रूपमा प्रकाशन भएको छ । साथै प्रेस काउन्सिल नेपालको मूल्याङ्कन र वर्गीकरणमा यो पत्रिका अब्बल अर्थात् 'क' श्रेणीमा वर्गीकृत भएको छ ।

**पञ्चायतकालमै प्रकाशन दर्ता**

प्रेस तथा अभिव्यक्ति स्वतन्त्र कुण्ठित भएको पञ्चायतीकाल अर्थात् २०३५/३६ मा विधिवत्रूपमा जन्मेर विभिन्न कठिनाइ आरोहअवरोह झेल्दै ५० वर्ष व्यतीत गरेको यो पत्रिका १०० अङ्क प्रकाशन भएको छ । यसको प्रकाशनको प्रारम्भ २०३० सालबाट भएको देखिन्छ । २०३० सालबाट वार्षिक प्रकाशन भएको पत्रिका २०३६ वैशाखबाट अर्धवार्षिक र २०७० कार्तिकदेखि त्रैमासिक रूपमा प्रकाशन भएको छ ।

यी अङ्कहरूमध्ये पछिल्ला वर्षहरूका प्रायः सबै र पुराना केही अङ्कहरू अध्ययन गर्ने अवसर प्राप्त भएको छ । अहिलेसम्म पनि प्रकाशक किरण पुस्तकालयमा प्रवेश गरी पहिलेका ऐतिहासिक सबै अङ्कहरू स्पर्श गर्ने अवसरबाट वञ्चित हुन पुगेको छु केवल आफ्नै कारणले ।

पत्रिकाका जे-जति अङ्क अध्ययन गर्ने अवसर जुऱ्यो, त्यस आधारमा पनि भन्न सकिन्छ कि यो पत्रिका साहित्य, इतिहास, संस्कृति, धर्म, दर्शनसहित विविध ज्ञानवर्धक कृतिहरू प्रकाशन गर्दै सूचना प्रवाहको एक सशक्त माध्यमको रूपमा निरन्तर बगिरहेको छ । यसले लेखन कला र सीपलाई उजागर त गरेको छ नै प्रोत्साहनसमेत गरेको छ ।

कतिपय विषयवस्तु र शैलीमा आफ्नो छुट्टै मौलिकपन झल्कन्छ, यस पत्रिकामा । विशेषगरी अन्य पुस्तकमा प्रायः विषयसूची भनेर उल्लेख भएको पाइन्छ तर यसमा 'कुटुरो फुकाउँदा' भनी उल्लेख गरिएको र त्यसभित्र कति ? के ? कसको ? कहाँ भनेर स्पष्ट गरिएको छ । ५० औं अङ्क र ९९ औं अङ्कमा समेत यही शैली देखिएको हुँदा सबैमा यही होला भन्ने अनुमान गरिएको छ ।

त्यस्तै सुरूदेखि नै पत्रिकामा स्थायी स्तम्भहरू छन् । सम्पादकीय, भेटघाट, यताउता, पुस्तकालय परिचय/पातो, नौलो सृष्टिः सानो दृष्टि, पाठक प्रतिक्रिया, आजीवन ग्राहकहरूको विवरण जस्ता स्थायी स्तम्भ छन् भने अन्य विविध सामग्रीले भरिपूर्ण रहेको पाइन्छ ।

## थुप्रै विशेषाङ्क र अतिरिक्ताङ्कहरू

५० वर्ष साथै १०० अङ्कसम्मको अविचलित प्रकाशन यात्रामा 'हाम्रो पुरुषार्थ'ले थुप्रै विशेषाङ्कहरू प्रकाशन गरेको देखिन्छ । विभिन्न क्षेत्र, विषय, व्यक्ति केन्द्रित गरी करिब २० वटा स्थान, क्षेत्र, विषय, व्यक्ति विशेषाङ्क वा अतिरिक्ताङ्क प्रकाशन गरेको छ । वर्ष-३२, अङ्क-२, सम्पूर्णाङ्क ५० वैशाख २०६२ मा प्रकाशन भएको पत्रकारिता विशेषाङ्क, आमसञ्चार र पत्रकारिता क्षेत्रको लागि निकै महत्त्वपूर्ण सामग्रीको रूपमा रहेको छ । यसले गुल्मी जिल्लालगायत विभिन्न जिल्ला र समग्र नेपालको पत्रकारिताको त्यसबखतको अवस्था झल्काउँदछ । आजसम्म आइपुग्दा माध्यम, प्रविधि, गुणस्तरका हिसाबले पत्रकारिता क्षेत्र थप समृद्ध बन्दै गएको छ । तर उक्त पुस्तक त्यसबखतको पत्रकारिताको अवस्था अध्ययनको लागि निकै महत्त्वपूर्ण र सङ्ग्रहणीय छ । पत्रकारिता विशेषाङ्क जस्तै यो पुस्तकमा विशेषाङ्क/अतिरिक्ताङ्क [1] राज्याभिषेक, गुल्मी परिचयाङ्क, रुरुक्षेत्र, भानुभक्त, पुस्तकालय, समालोचना विशेष, कथा विशेष, भाषिक संगोष्ठी विशेष, डा. टीकाराम पन्थी, लेखनाथ पौड्यालजस्ता विशेष प्रकाशन भएका छन् ।

*५० वर्ष साथै १०० अङ्कसम्मको अविचलित प्रकाशन यात्रामा 'हाम्रो पुरुषार्थ'ले थुप्रै विशेषाङ्कहरू प्रकाशन गरेको देखिन्छ । विभिन्न क्षेत्र, विषय, व्यक्ति केन्द्रित गरी करिब २० वटा स्थान, क्षेत्र, विषय, व्यक्ति विशेषाङ्क वा अतिरिक्ताङ्क प्रकाशन गरेको छ । वर्ष-३२, अङ्क-२, सम्पूर्णाङ्क ५० वैशाख २०६२ मा प्रकाशन भएको पत्रकारिता विशेषाङ्क, आमसञ्चार र पत्रकारिता क्षेत्रको लागि निकै महत्त्वपूर्ण सामग्रीको रूपमा रहेको छ । यसले गुल्मी जिल्लालगायत विभिन्न जिल्ला र समग्र नेपालको पत्रकारिताको त्यसबखतको अवस्था झल्काउँदछ ।*

## सम्पादक र प्रकाशकको गजब सम्बन्ध

पत्रिकाका सम्पादक शशि पन्थी र प्रकाशक किरण पुस्तकालयको गहिरो सम्बन्ध छ ।[2] उहाँको नाम शशिकिरण पन्थी थियो । उहाँले सोही नामबाट पुस्तकालय स्थापना गर्ने निधो गर्नुभयो । शशि भनेको चन्द्रमा, किरण भनेको प्रकाशमय

---

१ ***सम्पादक शशि पन्थीसँग २०८० भदौ २२ मा गरिएको टेलिफोन संवादमा आधारित ।***

२ ***www.radioresunga.com.np***

पुञ्ज । उहाँ भन्नुहुन्छ शशि आफैसँग राखेर किरण जस्ले उज्यालो प्रकाश दिन्छ, त्यो पुस्तकालयलाई दिएँ । पुस्तकालयले धेरैलाई ज्ञानको पुञ्ज दिएको छ । त्यसैले पुस्तकालयको नाम किरण पुस्तकालय राखिएको हो ।

## निरन्तरताको कामना

सूचना प्रविधिको विकाससँगै विद्युतीय, अनलाइन पत्रकारिताप्रतिको रुचि र लगाव बढिरहेको, इन्टरनेटको पहुँच वृद्धिका कारण हरेकको हातहातमा क्षणभरमा नै सूचना, सामग्रीको पहुँच पुगिरहेको वर्तमान कालखण्डमा छापा पत्रकारिता त्यसमा पनि साहित्यप्रधान पत्रिकाको सञ्चालन निकै चुनौतीपूर्ण बन्न पुगेको छ । छापा पत्रकारिता नै सङ्कटमा पर्ने हो कि भन्ने चिन्ता व्यक्त भइरहेको हालको अवस्थामा सामग्रीको उपलब्धता, गुणस्तरीयतासहित नियमित प्रकाशन गर्नु चानचुने विषय हुँदै होइन र पनि ग्राहक एवं आजीवन सदस्यहरूको भरपुर माया, सद्भाव र सहयोगले यो पत्रिका निरन्तर प्रकाशन हुन सक्ने देखिन्छ । अन्य थुप्रै पत्रिका दर्ता भई जिल्ला प्रशासन कार्यालयको ढड्डाको पानामा मात्र सीमित भएको अवस्थामा नियमित प्रकाशन भइरहेको यो पत्रिका अविछिन्न, अविचलित रूपमा प्रकाशन हुन सकोस्, यसको लागि सम्पूर्ण शुभचिन्तकहरूको साथ सहयोग पाई नै राखोस् । यस अवसरमा हार्दिक शुभकामना व्यक्त गर्दछु । साथै विगतमाजस्तो आगामी दिनमा पनि हरतरहबाट सक्दो सहयोग गर्ने प्रतिबद्धता पनि व्यक्त गर्दछु ।

'हाम्रो पुरुषार्थ'को प्रकाशन किरण पुस्तकालय तम्घास गुल्मी, जुन गुल्मीको शिक्षाको ज्योति, ज्ञानको भण्डार र गुल्मीको शानको रूपमा रहेको छ । यसको पूर्वाधारको विकाससँगै पठन संस्कृतिको विकासको लागि महत्त्वपूर्ण हुने हुँदा त्यसमा सफलताको साथै निरन्तर उन्नति प्रगतिको समेत कामना गर्दछु ।

## सन्दर्भ–सामग्री


किरण पुस्तकालय (२०६२/२०६३) हाम्रो पुरुषार्थको विशेषाङ्क, अङ्क ५०, गुल्मी ।

किरण पुस्तकालय (२०७९/२०८०) हाम्रो पुरुषार्थको अङ्क ९७, गुल्मी ।

https://radioresunga.com.np/news-details/3205/2023-09-06

पन्थी, शशि (२०८०)टेलिफोन संवादमा आधारित ।



✍ हालः मुख्य अधिकृत (दसौँ तह), प्रेस काउन्सिल नेपाल, काठमाडौँ ।


ooo

# डा. टीकाराम पन्थी विशेषाङ्क



वेणीमाधव ज्ञवाली

आजभन्दा पचास वर्षपहिले समाजमा चेतनाको दियो बाल्न, पुस्तकालय स्थापना र पत्रिका प्रकाशित गर्ने पवित्र उद्देश्य लिएर तत्कालीन समाजका अगुवाहरूद्वारा स्थापना भएको संस्था किरण पुस्तकालय आज पचपन्न वर्षे प्रौढ बनेको छ । स्थापना कालदेखि नै लक्ष्यतर्फ उन्मुख हुँदै अनेक आरोह अवरोह घुम्ती पार गर्दै नेपालमै अब्बल संस्थाको रूपमा स्थापित हुन सफल भएको छ किरण पुस्तकालय । पुस्तकालयले आफ्नो गन्तव्यको यात्राका क्रममा शुरू भएको "हाम्रो पुरुषार्थ" नामक पत्रिका सयौं अङ्क प्रकाशित भएको देख्न र सुन्न पाउँदा अत्यन्त खुसी लागेको छ । यस अवसरमा सम्बद्ध सबैमा शुभकामना व्यक्त गर्न चाहन्छु । बधाई दिन चाहन्छु ।

नेपालमा विभिन्न उद्देश्य बोकेर संस्था र पत्र-पत्रिका जन्मिन्छन्, खहरेझैं सुक्छन् पनि । केहीमात्र आफ्नो अस्तित्त्व बचाएर कञ्चन नदीझैं प्रवाहित हुन्छन् । "हाम्रो पुरुषार्थ" नामकरण गरेर किरण पुस्तकालयले जन्माएको शिशु एक सय अङ्क बोकेर आज पचास वर्षे परिपक्व खारिएको प्रौढ बनेको छ । यो समयपछाडि फर्केर सिंहावलोकन गरी अगाडिको गन्तव्यलाई गति र दिशा प्रदान गर्ने उचित अवसर पनि हो । सय अङ्कसम्मको यात्रा अत्यन्त लामो र असामान्य यात्रा हो । संस्थाका बलिया खम्बा र दह्रा काँध र दृढ इच्छा शक्तिको परिणति हो । त्यसैले कुनै आँधिबेरीले ढाल्न सकेन, निरन्तर अर्जुन दृष्टिले लक्ष्यतर्फ उन्मुख भई नै रह्यो ।

एउटै मात्र पत्रिका प्रकाशित गर्न पनि लेख, रचना संकलन, भाषासम्पादन, बजेट व्यवस्थापन, विक्री वितरण यी सबै व्यवस्थापन गर्न कति कठिन छ, यस क्षेत्रमा काम गर्नेलाई मात्र थाहा हुन्छ । त्यसमा पनि निरन्तर निर्धारित समयमा नयाँ नयाँ विषय, प्रकृति र स्वादले भरिएका एक सय अङ्क पुस्याउनु अति कठिन र महान् कार्य हो । गौरव र सन्तोषको विषय हो । "हाम्रो पुरुषार्थ" अर्थात् यसका सम्पादक मण्डलको पुरुषार्थ हो । विशेषतः सम्पादक शशि पन्थी र सह-सम्पादक दीन पन्थीको आदिको अद्‌भूत कठिन कार्य गर्ने क्षमता, सामर्थ्य र शक्तिको

पुरुषार्थ हो । सयौं अङ्कसम्म आफ्ना लेख रचना प्रदान गर्नुहुने लेखक र कविको पुरुषार्थ हो । त्यसैले यो "हाम्रो पुरुषार्थ" हो । महाभारतका धनुर्धारीको पुरुषार्थ होइन, कलमधारीको पुरुषार्थ हो ।

*हाम्रो पुरुषार्थ गुल्मेली मुटुको धड्कन हो । हाम्रा संस्कार, संस्कृति, परम्परा यसकै माध्यमबाट धड्किइरहेका छन् । हाम्रो भाषा, हाम्रा जीवनका विविध पक्ष सम्प्रेषित भइरहेका छन् । हाम्रो पहिचान फिंजिइरहेका छन् । हाम्रा भावना उजागर भैरहेका छन् ।*

हाम्रो पुरुषार्थ गुल्मेली मुटुको धड्कन हो । हाम्रा संस्कार, संस्कृति, परम्परा यसकै माध्यमबाट धड्किइरहेका छन् । हाम्रो भाषा, हाम्रा जीवनका विविध पक्ष सम्प्रेषित भइरहेका छन् । हाम्रो पहिचान फिंजिइरहेका छन् । हाम्रा भावना उजागर भैरहेका छन् ।

"हाम्रो पुरुषार्थ"मा प्रकाशित अनुसन्धानमूलक लेख, रचनाबाट नेपालको साहित्य भाषा, कला, संस्कार, संस्कृतिको संरक्षण र सम्वर्धनमा महत्त्वपूर्ण योगदान रहिआएको छ । लोप हुन लागेका राष्ट्रका संस्कार, परम्परा र संस्कृतिको संरक्षण भएको छ । राष्ट्रको श्रीवृद्धिमा भूमिका खेलेका व्यक्तिहरूको विषयमा प्रकाशित विशेषाङ्कले लोप भएर जाने इतिहास संरक्षण, उनीहरूको उचित मूल्याङ्कन, युवा पुस्ताका लागि प्रेरणाका स्रोत बनेका छन् । यसमा प्रकाशित क्षेत्र विशेष, व्यक्ति विशेष, विधा विशेष आदि विशेषाङ्कले ती ती क्षेत्रलाई जुरुक्कै माथि उठाएका छन् । लुकेर बसेका प्रतिभा, स्थान, संस्कार, परम्परा र जनजीवन उजागर भएका छन् । भौतिक संरचनामात्र विकास होइन । राष्ट्र बलियो बनाउन, राष्ट्रिय एकता कायम राख्न भाषा, संस्कृति, संस्कारको संरक्षण, सम्वर्धनको विकास गर्नु पनि अपरिहार्य छ । यो काम जनस्तरबाट "हाम्रो पुरुषार्थ"को भूमिका उल्लेखनीय र सह्रानीय छ ।

२०६८ सालको कुरा हो । म सिन्धुलीमा कार्यरत थिएँ । हरि पन्थीमार्फत सम्पादक शशि पन्थीले मेरो नाम उल्लेख गरेर पठाउनुभएको डा. टीकाराम पन्थी विशेषाङ्क "हाम्रो पुरुषार्थ" हात पर्‍यो । प्रत्यक्ष भेटघाट नभएको व्यक्तिलाई खोजी गरेर विशेषाङ्क पठाइदिनुभएकोमा उहाँको काम गर्ने शैली र सूचना राख्ने क्षमताप्रति म नतमस्तक भएँ । त्यसरी प्राप्त भएको विशेषाङ्क अध्ययन गरी संक्षेपतः आफ्ना धारणा राख्ने जमर्को गरेको छु ।

"हाम्रो पुरुषार्थ" गुन्मीको तम्घास स्थित किरण पुस्तकालयबाट विगत पचास वर्षदेखि प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका हो । यसका सम्पादक शशि पन्थी हुनुहुन्छ । यसको अग्र पेजमा पत्रिकाको नाम "हाम्रो पुरुषार्थ" डा.टीकाराम विशेषाङ्क र प्रकाशक किरण पुस्तकालय उल्लेख गरिएको छ । दौरा सुरवाल,

कोट, ढाका टोपीले सुशोभित डा.टीकाराम पन्थीको सुन्दर तस्वीरले शोभा बढाएको छ । भित्री पेज क मा वर्ष ३८, अङ्क १, सम्पूर्णाङ्क ५६, कार्तिक २०६७ उल्लेख गरिएको छ । पेज ग मा "हाम्रो पुरुषार्थ" । किरण पुस्तकालय परिवारले कविताको माध्यमबाट श्रद्धासुमन समर्पण गरेको छ । पुस्तकभरि छरिएर रहेका १२४ जना कवि र लेखकका लेखलाई कुटुरो फुकाउँदा शीर्षक विषयसूची बनाइएको छ । सम्पादकीय विशिष्ट विद्वान् र स्रष्टाको स्मृति एवं चर्चामा समर्पण गरिएको छ "हाम्रो पुरुषार्थ" । त्यसपछिका ७ पेज बाल्यकालदेखिका अति महत्त्वपूर्ण तस्वीरहरूले रंगिएका छन् । डा.टीकाराम पन्थीका परिवार, दाइ, गुरु शशि पन्थी, दीन पन्थी, स्व श्री ५ वीरेन्द्र र प्राज्ञहरू, घर, मन्दिर, लुम्बिनी रत्नबाट सम्मानित हुँदाको तस्वीर, दायित्व वाङ्मयको सम्मान-पत्र आदिले सुसज्जित छन् । पेज नं. १ देखि ४६७ सम्म मुख्य विषयवस्तु डा.टीकाराम सम्बन्धी रहेका छन् । पेज नं. ४६७ मा झुवानी सामुदायिक पुस्तकालय, ४७३ मा किरण पुस्तकालयको पातो, ४७१ म नौलो सृष्टि : सानो दृष्टि, ४७३ मा यताउताबाट, ४७६ मा "हाम्रो पुरुषार्थ" सम्पूर्णाङ्क ५५ को समीक्षा गरिएको छ । पेज ४८४ मा आजीवन सदस्यको परिचय र ४८५ मा आजीवन ग्राहकको नामावली उल्लेख गरी ४८६ मा सम्पूर्ण पत्रिका समाप्त भएको छ ।

डा. टीकाराम पन्थीजस्तो विलक्षण प्रतिभा, बहुआयामिक व्यक्तित्वलाई शब्दद्वारा ग्रन्थमा अटाउन हाल्नु असम्भव छ । त्यसैले दही मन्थन गरी नौनीको रूपमा प्रस्तुत गरिएको छ । विशेषाङ्क अध्ययनबाट उहाँका जीवनका मुख्य-मुख्य मोड यसरी मोडिएको देखिन्छ । यसरी उल्लेख गरेको पाइन्छ ।

मुक्तिराम पन्थीकी धर्मपत्नी कुन्तादेवीको गर्भबाट वि.सं. १९९३ साल आषाढ १२ गते गुल्मीको तल्लो भाडगाउँमा डा. टीकाराम पन्थीको जन्म भएको थियो । पाँच वर्षको उमेरमा पिता मुक्तिरामले अक्षरारम्भ गराउनुभयो । १० वर्षको हुँदा फुपाजु पं. गोविन्दप्रसाद मरासिनीले लघुसिद्धान्तकौमुदी, अमरकोश, रघुवंश, हितोपदेश पढाउनुभयो । २००८ सालमा खिदिमस्थित हरिहर संस्कृत पाठशालामा गई मध्यसिद्धान्तकौमुदी पढ्नुभयो । २०११ सालमा बनारस गई पूर्व मध्यमा र उत्तर मध्यमा प्रथम श्रेणीमा उत्तीर्ण गर्नुभयो । २०१७ सालमा शास्त्री र २०२० सालमा प्रथम श्रेणीमा व्याकरणचार्य र २०२४ मा विद्यावारिधि उपाधि ग्रहण गर्नुभयो । यसरी अध्ययन यात्रा शिखर पुगेर टुंगिन्छ ।

विश्वविद्यालयीय शिक्षालाई पूर्णविराम दिएपछि २०२५ सालमा तम्घास स्थित इन्टर कलेजबाट पेशागत जीवन प्रारम्भ हुन्छ । क्रमशः महेन्द्र क्याम्पस बाग्लुङ, त्रिभुवन क्याम्पस तानसेन, महेन्द्र संस्कृत विश्वविद्यालयमा उपप्राध्यापक, क्याम्पस प्रमुख, शिक्षाध्यक्ष हुनुभयो । २०५६-२०६० सम्म नेपाल राजकीय प्रज्ञा-प्रतिष्ठानको

प्राज्ञ हुने अवसर प्राप्त गर्नुभयो । त्यसपछि २०६६ सालसम्म अध्ययन गर्नुभयो । यसरी जीवनका करीब ५० वर्ष प्राध्यापन पेशामा संलग्न रही एउटा कुशल प्राध्यापकको रूपमा परिचित हुनुभयो ।

नेपाली र संस्कृत साहित्य जगत्मा उहाँ मूर्धन्य साहित्यकारको रूपमा परिचित हुनुहुन्छ । उहाँद्वारा लिखित कृतिहरूमा संस्कृतमा :

१. रुरुवृत्तम्-खण्डकाव्य
२. अश्रूपहार-शोककाव्य
३. नेनेपाल-खण्डकाव्य
४. सुधर्मा-खण्डकाव्य
५. बुद्धस्मरणम्-खण्डकाव्य
६. मङ्गलग्रह-खण्डकाव्य
७. काव्यचतुष्टयविमर्श :- समीक्षा ग्रन्थ
८. पाणिनीय व्याकरणात् प्राक्तन व्याकरणानां पर्यालोचनम्-शोधग्रन्थ

**उहाँद्वारा नेपाली भाषामा लिखित कृतिहरू :**

१. केही जनश्रुतिहरू
२. घिड्किसो-कथा-संग्रह
३. भाषिक चिन्तन
४. साँस्कृतिक चिन्तन
५. अर्वाचीन रेसुङ्गा
६. साँस्कृतिक संवीक्षण

२०११ सालमा बनारसबाट खिदिममा रहेका मित्रहरूलाई संस्कृत पद्यमा लेखिएका कविताबाट उहाँको साहित्य यात्रा प्रारम्भ भयो । बनारसमै समस्यापूर्तिमा पुरस्कार प्राप्त गर्नुभयो । बनारसमा उहाँका कविता "आमाको आँसु", "जयतु संस्कृतम्", "छात्रप्रभा", "बिहानी पख" आदिमा प्रकाशित छन् । नेपालीमा लेखिएका धेरै लेख, रचना, निबन्ध हाम्रो पुरुषार्थ, प्रज्ञालगायत विभिन्न पत्रिकामा प्रकाशित भएका छन् । त्यस्तै स्मृति ग्रन्थ, अभिनन्दन ग्रन्थहरूमा पनि रहेका छन् । उहाँले २३ वटा ग्रन्थमा भूमिका लेख्नुभएको विवरण उपलब्ध भएको छ ।

राजनीतितर्फ बनारसमा बस्दा २०१७ साल पुष १ गते राजा महेन्द्रले गरेको संसद् विघटनको घटनाबाट उहाँ राजनीतितिर अग्रसर हुनुभयो । २०३६ सालमा खुलेर बहुदलको पक्षमा उभिनुभयो । २०४६ सालको जनआन्दोलनमा प्रजातान्त्रिक समूहबाट नेतृत्व गर्नुभयो । २०३७ सालमा ने.प्रा. संघ त्रिभुवन बहुमुखी क्याम्पसको इकाइ समितिको सभापति, २०३९ मा नेपाल प्राध्यापक संघ केन्द्रीय समितिको सदस्य हुनुभयो ।

उहाँ साँस्कृतिक अन्वेषक पनि हुनुहुन्छ । लौकिक बोली, चाल-चलन, परम्परा, रीतिरिवाज, लोकश्रुति आदि महत्त्वपूर्ण लोकसंस्कृति संकलन गर्नुभएको छ । उहाँले व्यक्तिगत रूपमा र विभिन्न संघ संस्थाहरूसँग आबद्ध भएर थुप्रै सामाजिक कार्य गर्नुभएको छ । राष्ट्रका गौरव, गुल्मेलीका आस्थाका धरोहर डा. टीकाराम पन्थीका बहुआयामिक व्यक्तित्वको चर्चा र उहाँले समाज राष्ट्रलाई दिनुभएको योगदानको उच्च मूल्याङ्कन गर्दै १२४ जना समाजका लब्धप्रतिष्ठित डा. प्राध्यापक, कवि, लेखक, प्रशासक आदिका महत्त्वपूर्ण लेख र कविताले रंगिएका छन् यस विशेषाङ्कका पानाहरू । यो नेपालका विशिष्ट विद्वत्जन र साहित्यकारहरूको भावना र सिर्जनाको दस्तावेज हो । डा. टीकाराम पन्थीलाई नजिकबाट बुझेका, संगत गरेका, सहकार्य गरेका, शिक्षाग्रहण गरेका व्यक्तिहरूको पोको हो, कुटुरो हो । यसमा विभिन्न विश्वविद्यालय, क्याम्पसहरूमा अध्यापन गरेका र गरिरहेका, विद्यावारिधि गरेका १५ जना प्राध्यापकहरूका लेखले विशेषाङ्कको गुणस्तरीयतालाई शिखरमा पुऱ्याएका छन् । अन्य १६ जना विद्यावारिधि गरेका लेखकका लेखले यसको श्रीवृद्धि गरेका छन् । अन्य पाँच जना प्राध्यापकका सिर्जनाले डाक्टरका विविध विषयमा विश्लेषण गरेका छन् । त्यस्तै क्याम्पस प्रमुख, प्राचार्य, शिक्षक आदिका लेख रहेका छन् ।

*यसमा विभिन्न विश्वविद्यालय, क्याम्पसहरूमा अध्यापन गरेका र गरिरहेका, विद्यावारिधि गरेका १५ जना प्राध्यापकहरूका लेखले विशेषाङ्कको गुणस्तरीयतालाई शिखरमा पुऱ्याएका छन् । अन्य १६ जना विद्यावारिधि गरेका लेखकका लेखले यसको श्रीवृद्धि गरेका छन् । अन्य पाँच जना प्राध्यापकका सिर्जनाले डाक्टरका विविध विषयमा विश्लेषण गरेका छन् । त्यस्तै क्याम्पस प्रमुख, प्राचार्य, शिक्षक आदिका लेख रहेका छन् ।*

यस विशेषाङ्कमा राजनैतिक, प्रशासनिक, प्राज्ञिक, शैक्षिक, साहित्यिक, पत्रकारिता सबै क्षेत्रबाट डा. टीकाराम पन्थीप्रतिका धारणा मुखरित भएका छन् । डा. प्राध्यापकहरूमा हरिप्रसाद आचार्य, जयराज आचार्य, टीकाराम अधिकारी, राजाराम सुवेदी, बाबुराम पोखेल, ऋषिराम पोखरेल, विष्णुप्रसाद देवकोटा, मणिलाल शर्मा उपाध्याय, विष्णुराज आत्रेय, होमनाथ भट्टराई, मोहन तिमिल्सिना, नारायण खनाल, वेणीमाधव ढकाल, हिरण्यलाल ज्ञवाली, हरिप्रसाद शर्मा आचार्यका गहन लेख छन् । राजनीतितर्फ पूर्वमन्त्री मोदननाथ प्रश्रित, पूर्व सांसद भागवत ज्ञवाली, चन्द्र भण्डारी, संविधानसभा सदस्य सूर्यबहादुर सेन ओली, पूर्व जि.वि.स. सभापति चन्द्र भण्डारी आदिको उहाँप्रतिका धारणा आएका छन् भने प्रशासनतर्फ पूर्व सचिव युवराज गौतमदेखि सहसचिव, उपसचिव, शाखा

अधिकृतसम्मका व्यक्तिका लेखले प्रशासनिक नजरले डा.टीकाराम पन्थीको व्यक्तित्वलाई हेरेका छन् ।

उहाँ राजकीय प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ भैसक्नुभएकोले नजिकबाट उहाँलाई नियालिरहेका प्राज्ञहरूले पनि उहाँको व्यक्तित्व र विद्वत्तालाई आ-आफ्ना शब्दमा उतार्नुभएको छ । तीमध्ये प्राज्ञ चित्तरञ्जन नेपाली, केशवप्रसाद उपाध्याय, सदस्य सचिव डा. तुलसी भट्टराई र पूर्व सदस्य सचिव सनत रेग्मी आदि हुनुहुन्छ ।

पत्रकारितातर्फ कान्तिपुरका पूर्व अध्यक्ष हेमराज ज्ञवाली, प्रेस स्वतन्त्रता सेनानी अर्जुन ज्ञवाली, दायित्व वाङ्मय प्रतिष्ठानका अध्यक्ष रामप्रसाद पन्त, कान्तिपुरका भानुभक्त मरासिनी, हिमाली गुराँसका, खिमानन्द पोखरेल आदिबाट संस्मरण र श्रद्धाञ्जलिपूर्ण लेख रहेका छन् । न्याय क्षेत्रबाट पूर्व न्यायाधीश कृष्णप्रसाद बस्यालले प्रतिनिधित्व गर्नुभएको छ । विद्वान् एवं कुटनीतिज्ञ प्रा.डा. जयराज आचार्यको "डा. टीकाराम पन्थी एक संस्मरण" नामक गहन लेख र सं. डा. स्वामी प्रपन्नाचार्यको "टीकाराम राष्ट्र र समाजको ललाटमा विभूषित टीका नै थिए" जस्ता लेखले उहाँको उचाइलाई छुने प्रयास गरेका छन् ।

पारिवारिक पन्थी बन्धुहरूमा डा. लक्ष्मीकान्त पन्थी, सूर्यकान्त पन्थी, भीमकान्त पन्थी, प्रा. शशि पन्थी, दीन पन्थी, अनन्त पन्थी, चन्द्रकान्त पन्थी, राधा पन्थीहरूले पन्थीका कुल गौरव डा.टीकाराम पन्थीप्रति श्रद्धासुमन अर्पण गर्दै उहाँको व्यक्तित्व र कृतित्त्वलाई सदाका लागि लिपिबद्ध गरेर आफ्नो दायित्व पूरा गर्नुभएको छ ।

लेखन पद्धतिका दृष्टिले गद्य र पद्य दुबैलाई अङ्गीकार गरिएको छ । १२ वटा कविता गद्यमा दुई वटा र अन्य विभिन्न छन्दमा रहेका छन् भने अन्य सबै गद्य विधाका लेखहरू रहेका छन् । भाषाका दृष्टिले तीनवटा कविता सँस्कृत भाषामा छन् भने अन्य सबैको माध्यम नेपाली रहेको छ ।

यस विशेषाङ्कमा प्रकाशित कवितामा तीनवटा कविता संस्कृत भाषामा र अन्य सबै नेपाली भाषामा छन् । शैलीका दृष्टिले भेषबहादुर कुँवर र अर्जुन ज्ञवालीका कविता गद्यमा रहेका छन् भने अन्य सबैका कविता विभिन्न छन्दमा रहेका छन् । सँस्कृतमा लेखिएका कविताहरूमा डा. लक्ष्मीकान्त पन्थीद्वारा विरचित "लुम्बिन्यञ्चल विद्वत्परम्परायाम् डा. टीकाराम पन्थी" नामक कविता सँस्कृत भाषामा देखिएको चौवीस श्लोकको छन्दोबद्ध कविता हो । भागवत पढ्दा झैं आनन्द आउने यस कवितामा जीवनका सबै पक्षलाई कवितात्मकता दिइएको छ । त्यस्तै भेषराज सापकोटाले संस्कृत भाषामा नै "श्रद्धासुमन समर्पणम्" शीर्षक मार्फत श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ । सँस्कृत भाषामा "स्मृति वचन" शीर्षक मार्फत उहाँप्रति आफ्ना उदगार व्यक्त गर्ने कवि हुनुहुन्छ ९० वर्षीय प. परशुराम

उपाध्याय पन्थी, हिरण्यलाल ज्ञवालीले अनुष्टुप् छन्दमा डा. पन्थीका व्यक्तित्वका पाटाहरूलाई मीठा शब्द र भावनाद्वारा शब्द-श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ ।

प्रा.डा. ऋषिराम पोखरेलले अनुष्टप् छन्दमा नै विद्वान् प्राध्यापक, प्राज्ञ, कवि, लेखक, साधक यी पक्षलाई कवितामा समेट्नुभएको छ । नेपाल सरकारका पूर्व सचिव युवराज गौतमले शिखारिणी छन्दमा श्रद्धासुमन व्यक्त गर्नुभएको छ भने प्रेस स्वतन्त्रता सेनानी अर्जुन ज्ञवालीले "टलक्क टल्कने टीका"को रूपमा डा. टीकाराम पन्थीलाई गद्य कवितामार्फत तुलना गर्नुभएको छ । लक्ष्मणप्रसाद रिजाल र दधिराम सापकोटाले शार्दूलविक्रीडित छन्दमा श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ । प्रह्लाद पोखरेलले अविश्रान्त योद्धा, उद्भट शास्त्रज्ञ, भाषाविद् र कविका रूपमा चित्रण गर्दै अनुष्टुप छन्दद्वारा श्रद्धाञ्जलि व्यक्त गर्नुभएको छ । शिक्षक प्रेमराज मरासिनीले हार्दिक श्रद्धाञ्जली र शान्ति ज्ञवालीको "पिताजीको सम्झनामा" उहाँको व्यक्तित्व र कृतित्त्वमाथि प्रकाश पार्दै अन्त्यमा श्रद्धाञ्जलि व्यक्त गरिएका छन् ।

अन्त्यमा विलक्षण प्रतिभा, अतुलनीय व्यक्तित्व, विशिष्ट चिन्तक, प्रकाण्ड विद्वान्, अमर प्राज्ञ, साँस्कृतिक धरोहर, भाषा, साहित्यका साधक, राष्ट्र र समाजका टीका, गुल्मीका भूषण, राष्ट्रका गौरव डा.टीकाराम पन्थीको व्यक्तित्व, कृतित्त्व र समग्र पक्षमा प्रकाश पार्न यो विशेषाङ्क सफल भएको छ । १२४ जना लेखक, कवि र विद्वान्हरूबाट विषयवस्तु जुटाएर ५०४ पेजको भीमकाय, स्तरीय विशेषाङ्क प्रकाशित गर्न सफल हुनु हाम्रो पुरुषार्थ परिवार र त्यसको नेतृत्व गर्नुहुने सम्पादक शशि पन्थीको दृढसङ्कल्प र अथक लगनशीलताको परिणति हो भन्ने लाग्दछ ।

**कुलेश्वर, काठमाडौं ।**

ooo


काठमाडौं उपत्यकाभित्रका 'हाम्रो पुरुषार्थ'का स्थायी र आजीवन ग्राहक एवम् लेखक र कविहरूले भक्तपुर बसस्टप सामुन्ने बागबजार, काठमाडौंमा रहेको

**भण्डारी बुक्स एण्ड स्टेशनरीज**

**(फोन नं. ०१-४२४१४८५/२६०९०६)**

बाट आफ्नो प्रति बुझेर लैजानका लागि हामी अनुरोध गर्दछौं ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

# गुल्मीको सामान्य गोठबाट निस्केको प्रकाश ग्लोबसम्म



✍ रमेशजङ्ग कुँवर

"शिक्षा भनेको सबैभन्दा शक्तिशाली हतियार हो जसलाई तपाईंले संसार परिवर्तन गर्न प्रयोग गर्न सक्नुहुन्छ ।" यो भनाइ दक्षिण अफ्रिकाका पूर्व राष्ट्रपति नेल्सन मण्डेलाले ३२ असार २०६० सालका दिन दक्षिण अफ्रिकामा शिक्षा र स्वास्थ्य सुधार गर्न काम गर्ने समूह माइन्डसेट नेटवर्कको शुभारम्भको भाषणमा यो प्रख्यात पंक्ति बोलेका थिए । यो भनाइ शिक्षाको महत्त्व बुझाउन विश्वमाझ अत्यन्तै प्रख्यात छ ।

नेपालको राजधानी काठमाडौंबाट लगभग ४०० किलोमिटर पश्चिम दिशामा अवस्थित तम्घासको धागिथुममा त्यहाँका २-४ जना उत्साही, जोसिला र आशावादी युवाहरूले शिक्षा मात्र समाज रूपान्तरण गर्न सक्ने सबैभन्दा शक्तिशाली हतियार हो भन्ने कुरा २०२५ सालतिरै बुझेका थिए र ती युवाहरू शशि पन्थी, भेषबहादुर कुँवर 'प्रयासी', विश्वनाथ पन्थी थिए । त्यस बखत तत्कालीन संविधान २०१९ को धारा १ को उपधारा २ को क र ग ले वाक् र प्रकाशन र संघ संस्था खोल्ने स्वतन्त्रता दिए तापनि यस्ता संस्थाहरू सञ्चालनको लागि आर्थिक सहयोग पाउने स्रोतहरू कमै थिए । शिव रेग्मी (२०५५:६८) ले लेखेका छन् : १६ सालतिर केही पुस्तकालयले सरकारी स्वीकृति र केही आर्थिक सहयोग पनि पाएको चाल पाइन्छ । तर यो क्रियाकलाप १७ सालमा भएको राजनीतिक परिवर्तनसँगै प्रायः ठप्प जस्तै भयो । " अमोद भट्टराई (२०५१:१९) ले २०१७ सालमा नेपाल राज्यभरका सार्वजनिक पुस्तकालयहरूलाई सहायता स्वरूप प्रदान गर्न श्री ५ को सरकारले ८० हजार रूपियाँ छुट्ट्याएको' उल्लेख गरेका छन् । त्यस्तै शशि पन्थी (२०५५:११९) लेख्छन् : "२०१५-१६ सालतिर पुस्तकालयहरूले आर्थिक सहायता पाउँथे । त्यो पनि पछि बन्द गरियो ।" जोसंग जे छ त्यसैबाट सुरूवात गरौं भनेर पुस्तकालय खोल्ने हुर्मत गरे ती उत्साही युवाहरूले र २०२५ साल कार्तिक २० गते तम्घास गाउँ विकास समिति (तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायत) वार्ड नम्बर १ भलुवाकुण्ड भडखाला आदर्श निकेतनमा अवस्थित देवीदत्त पन्थीको घरको पेटीमा पुस्तक जम्मा गरी

उहाँकै गाईगोठको एउटा कोठामा पहिलो पटक दियो जलाए पुस्तकालयरूपी बत्तीको । त्यस बखत आर्थिक स्रोत जोहो गर्ने विभिन्न विकल्पहरूमध्ये भैलो पनि एक थियो; कवि भेषबहादुर कुँवर "प्रयासी"को स्वर अत्यन्तै मिठो थियो, उहाँले रेडियो नेपालमा पनि गीत रेकर्ड गराउनुभएको थियो, उहाँले भैलो भट्याउँदा लठ्ठिन्थे दर्शकहरू, यसरी भैलो खेलेर आर्थिक जोहो गर्दै तथा आफूसँग र आफ्ना साथीहरूसँग भएका पुस्तक संकलन गर्दै त्यो दियो रूपी पुस्तकालय आगाडि बढ्न सुरू गर्‍यो जसको लागि शशि पन्थीले सम्पादक, भेषबहादुर कुँवर 'प्रयासी'ले सहायक सम्पादकको रूपमा, र तत्कालीन समयका साहित्यकारहरूका विभिन्न किसिमका साहित्यिक रचनाहरूले त्यो दियोलाई निभ्न नदिन निरन्तर रूपमा इन्धन थप्ने काम गरे जसको कारण आज यसको ज्ञानरूपी प्रकाश विश्वभर फैलिदै गैरहेको छ अनवरत रूपमा ।

पुस्तकालय संस्कृत भाषाको पुस्तक+आलयको संयोजनबाट बनेको हो जसको अर्थ पुस्तकहरूको घर भन्ने हुन्छ । अंग्रेजी भाषाको Library ल्याटिन भाषाको Liber बाट आएको र त्यसको अर्थ पनि पुस्तक भन्ने हुन्छ । पुस्तकालय ज्ञानरूपी सागर वा भनौं शैक्षिक स्रोतहरूको संग्रह हो जसले शैक्षिक ज्ञान, अध्ययनअनुसन्धानको र सांस्कृतिक अन्वेषणको लागि सामग्री प्रदान गर्दै ज्ञानको दायरालाई फराकिलो पार्ने अवसर सिर्जना गर्दछ । पुस्तकालय पुस्तकहरू, डिजिटल स्रोतहरू, महत्त्वपूर्ण दस्तावेज वा अन्य प्रकारका सूचना तथा जानकारी र ज्ञानहरूको संग्रह हो जसले मानव संस्कृति, इतिहास, तथा अन्य सम्बन्धित विषयहरूको लागि अत्यावश्यक स्रोतको रूपमा काम गर्दछ । यसले पाठकहरूलाई सिक्न र बौद्धिक विकास गर्नको लागि महत्त्वपूर्ण भूमिका निर्वाह गर्दछ ।

उपलब्ध साहित्यिक सामग्रीहरूको अध्ययनले नेपालमा प्राचीन हस्तलिखित सामग्री र पुस्तकहरू (धर्म, दर्शन, तन्त्र, ज्योतिष, साहित्य, आदि विषयका) एवं सरकारी अभिलेख सङ्ग्रह गर्ने मल्ल-शाहकालीन व्यवस्थालाई पुस्तकालयको इतिहासको रूपमा चर्चा हुँदै आएको छ । सन् १८१२ मा पुस्तक तथा सरकारी अभिलेख सुरक्षित राख्न जारी गरिएको लालमोहर पुस्तकालयसम्बन्धी पहिलो कानूनी दस्तावेज मानिन्छ (ज्ञवाली २०५५, क्षेत्री २०६२) ।

चन्द्रशमशेरका उत्तराधिकारी बनेका भीमशमशेरले सुरूमा मुलुकको उत्थानका लागि दुनियाँसँग सुझाव माग्दै "इस्तिहार" छपाए तर त्यो फगत ढोंग रहेछ । सोही विज्ञापनबाट उत्साहित उपत्यकाका केही युवाले "सरस्वती सार्वजनिक पुस्तकालय" खोल्न बिन्तीपत्र दिए र त्यसका लागि तयारी पनि गरे । तयारी क्रममै पुस्तकालय स्थापना गर्न खोज्ने सबै ४५-४६ जनालाई पक्राउ गरियो । उनीहरूलाई "गाथगादी ताक्न खोजेको' अभियोग लगाइयो, केही जेलमा परे, दुई

जनाले एक (एक हजार रूपियाँ जरिवाना तिर्नुपर्‍यो, अनि बाँकीलाई १२ वर्ष 'जनहितको कुनै पनि काम नगर्ने' कागज गराएर जनही १०० रूपियाँ दण्ड तिराएर छाडियो । यो घटनालाई नेपाली इतिहासमा 'पुस्तकालय पर्व' भनेर जानिन्छ (पौडेल २०५५, शिव रेग्मी २०५५, क्षेत्री २०५९ ख, शर्मा २०६२) ।

सन् १९१८ मा त्रिचन्द्र कलेज खोलियो तर कलेज उद्‌घाटन क्रममा उनै चन्द्रशमशेरले आँखामा आँसु टिलपिल गर्दै भने-"आज मैले आफ्नै खुट्टामा बञ्चरो हानें," यद्यपि त्यो कलेज दुनियाँका लागि थिएन (हाछेथु सन् २००२ः ३१ मा उद्धृत) । चन्द्रशमशेरले जवान राणाहरू (र सम्भवतः अन्य पनि) मा परेको भारतीय विश्वविद्यालयको पढाइको प्रभावबाट असन्तुष्ट भएर यो कलेज खोलेका थिए (वुड सन् १९६५ः १०) ।

साहित्यिक इतिहासकार शिव रेग्मी (२०५५ः ६७) लेख्छन्-"सात सालको क्रान्तिपछि नेपालमा पुस्तकालय स्थापना गर्ने कार्यमा युवाहरूको जोश र जाँगर जतातत‍ै देखिन थाल्यो, फलस्वरूप काठमाडौंको टोलटोलमा भनेजस्ता पुस्तकालयहरू खुल्न थाले र देशका विभिन्न भागमा पनि यही क्रम जारी रह्‍यो ।" सन् १९५३ (वि.सं. २०१०) पुग्दा नपुग्दै पुस्तकालय संघ पनि खुलिसकेको थियो । त्यसबाहेक, विभिन्न विदेशी मुलुक (अमेरिका, बेलायत, भारत, आदि) ले काठमाडौं, पोखरालगायतका सहरी क्षेत्रमा आफैले पुस्तकालय स्थापना गरेका थिए र मुलुकभरका कतिपय पुस्तकालयलाई पुस्तक उपहार दिएका थिए ।

प्रजातन्त्रको अवसानले समग्र जनजीवन प्रभावित थियो । यसबाट शिक्षाक्षेत्र पनि अछूतो रहन सक्दैनथ्यो । तथापि सरसर्ती हेर्दा पञ्चायत कालमा शिक्षाका सामान्य सूचक स्कुल, शिक्षक, विद्यार्थी आदिको सङ्ख्यात्मक वृद्धि नराम्रै थियो भन्न मिल्दैन यद्यपि सबै राम्रो पनि थिएन । तीस वर्षे पञ्चायती राजमा पनि केही सार्वजनिक पुस्तकालय खोलिएका हुन्, यद्यपि यससम्बन्धी तथ्याङ्कको अभावमा वृद्धि दर (सकारात्मक, नकारात्मक) बारे यसै भन्न अप्ठेरो छ तर यसै अवधिमा विगतमा देशका विभिन्न भागमा स्थानीय स्तरबाट खोलिएका सार्वजनिक पुस्तकालय बन्द भएको या गरिएको पाइन्छ । केहीले स्वाभाविक मृत्यु वरण गरे होलान्, अरू कतिपय बन्द हुनमा पञ्चायती सत्ता र त्यसका एजेन्ट वा 'मसिनरी' सीधा जिम्मेवार मानिन्छन् ।

२०१६ सालमा चितवनको नारायणगढ बजारमा साहित्यिक तथा शैक्षिक ज्ञान दिलाउने उद्देश्यले नारायणी पुस्तकालय स्थापना गरिएको थियो । ... यस संस्थाका व्यक्ति नेपाली काङ्ग्रेसका भएकाले यो पुस्तकालय बारम्बार पञ्चायती आक्रमणको शिकार भयो । २०२६ सालतिर केही उग्र पञ्चेका चेला मानिने

भिजिलान्तेहरूले पुस्तकालय तोडफोड गरी अत्यन्तै मूल्यवान् पुस्तकहरूलाई नारायणी नदीमा बगाइदिए... (अधिकारी २०५५ ११३) ।

पुस्तकालयहरू आर्थिक सहयोग र प्रोत्साहनको अभाव तथा सरकारी नियन्त्रणबाट सुक्दै जान थाले र प्रायः बन्द भए । २०१९ सालमा संविधानमा र ऐनमा समेत राजनीतिक उद्देश्यले प्रेरित सङ्घ-सङ्गठन खोल्न प्रतिबन्ध लगाएका हुन् तापनि सार्वजनिक सङ्घ-संस्था खोल्नसमेत झैझमेला हुन थाल्यो र यस्ता सङ्घसंस्था खोल्न मानिसहरू डराउन थाले । पुस्तकालयको सङ्ख्या बढ्नुको सट्टा घट्दै गयो... (रेग्मी २०५५ ६९) । रेग्मीसँग मतैक्य जनाउँदै शशि पन्थी (२०५५:११८) थप्छन् : "पञ्चायतकालमा पुस्तकालय खोलेर सास्ती खाएको कटु अनुभव आजका युवाहरूमा ताजै छ ।"

सन् १९९७ मा पुस्तकालयहरूबारे एउटा अध्ययन भएको थियो । सो अध्ययनले सार्वजनिक पुस्तकालयहरूले पुस्तकालय सञ्चालन अतिरिक्त गर्ने अन्य कार्यहरू सूचीकृत गरेको थियो । तिनले, खेलकुद, साहित्य, सांस्कृतिक कार्यक्रम, शैक्षिक कार्यक्रम, एस्.एल्.सी. कोचिङ, वातावरणीय सरसफाइ, वृक्षरोपण, वादविवाद, रक्तदानजस्ता अनेक कार्यक्रम आयोजन गरेको पाइन्छ (एन.एल.ए. सन् १९९७) । अर्थात् पुस्तकालयले दिने सामान्य अर्थ (पुस्तक आदि सङ्ग्रह गरिने र तिनको अध्ययन गर्ने स्थान) भन्दा निकै फराकिलो भूमिका निर्वाह गर्थे, गरिरहेका छन् सार्वजनिक पुस्तकालयहरू ।

नेपाली सार्वजनिक पुस्तकालयहरूको विगत केलाउँदा यिनको जीवन राजनीतिसँग प्रत्यक्ष गाँसिएको देखिन्छ । राणाकाल र पञ्चायतकालमा पुस्तकालयको स्थापना र विस्तारमा अड्चन उत्पन्न भएको पाइन्छ । प्रजातान्त्रिककालमा भने यो क्षेत्र केही मौलाएको देखिन्छ । राणाकाल पछिको जम्माजम्मी एक दशकको खुला वातावरणमा शिक्षा क्षेत्रले प्रगति गर्‍यो, नागरिकहरू स्वयंको सक्रियतामा । विदेशीहरूले पनि सहयोग गरे ।

राणा शासन र पञ्चायत व्यवस्था या शाह शासन समग्रमा उस्तै देखिन्छ । अघिल्लोमा नाम अगाडि श्री ३ लेख्नेको हित हेरिन्थ्यो, पछिल्लोमा नाम अगाडि श्री ५ लेख्नेको । तथापि दुबैमा केही भेद पक्कै थियो । पहिलोमा हाकाहाकी जे गरिन्थ्यो, पछिल्लोमा सो कृत्य खोल ओढेर गरिन्थ्यो । पञ्चायतकालमा सार्वजनिक संघसंस्था खोल्नमा कडा नियन्त्रण थियो जसले गर्दा नयाँ पुस्तकालय स्थापनामा तगारो सिर्जना गर्‍यो । फरकखाले राजनीतिक प्रणालीमा विश्वास राख्नेहरूको सार्वजनिक पुस्तकालयमा संलग्नता नै थुप्रै पुस्तकालयको जीवनका लागि अभिशाप सिद्ध भए ।

सार्वजनिक पुस्तकालयहरू, मात्र पुस्तक पढ्ने या पत्रिका पढ्ने ठाउँ थिएनन् । ती आपसी भेटघाट, बहस र छलफल गर्ने चौतारी पनि हुन् । त्यहाँ समाजको, शिक्षाको, राजनीतिको र सुखदु:खका कुरा गरिन्छन् । ती ज्ञानका मुहान हुन्; 'डिसेन्ट' /'डिसेन्टर' उत्पादन गर्ने क्षेत्र पनि हुन् । यस्ता भेला र छलफलले आपसी सौहार्द्रता पनि बढाउँथ्यो जुन सामाजिक रूपान्तरणका लागि निकै महत्त्वपूर्ण हुन्छ तर यी क्रियाकलाप तानाशाही सरकारका हितमा हुँदैनथे । तसर्थ, यस्ता पुस्तकालय जहानियाँ राणा एवं शाह शासकका कोपभाजनमा परे । पुस्तकालय तबाहीमा राज्यसत्ता अथवा उसका एजेन्टहरूको भूमिका देखियो । माथि उल्लेख गरिएका बाहेक सार्वजनिक पुस्तकालयहरूको अवसानमा अर्को महत्त्वपूर्ण पक्ष आर्थिक हो । नयाँ पुस्तक, पत्रिका थप्न र कार्यालय सञ्चालनका लागि चाहिने आर्थिक स्रोतको अभावमा पुस्तकालय सञ्चालन कठिन हुन्छ । सन् ६० अघि सरकारले सार्वजनिक पुस्तकालयहरूलाई थोरै आर्थिक सहयोग दिने गरे पनि सन् ६० पछि भने पुस्तकालयले पाउने सहयोग ठप्पै भयो । पुस्तकालयसँग स्वयंसेवा (भोलुन्टियरिज्म) गाँसिएर आउँछ । धेरै पुस्तकालयमा युवाहरूको उल्लेख्य सहभागिता थियो । यिनीहरू केही समयपछि विभिन्न कारणले निरन्तरता दिन नसक्ने या लाखापाखा लाग्ने र त्यसलाई थेग्न नयाँ पुस्ता अघि नसर्दा पनि पुस्तकालय बन्द भएको पाइन्छ (पराजुली २०६०:१५) ।

*सार्वजनिक पुस्तकालयहरूको अवसानमा अर्को महत्त्वपूर्ण पक्ष आर्थिक हो । नयाँ पुस्तक, पत्रिका थप्न र कार्यालय सञ्चालनका लागि चाहिने आर्थिक स्रोतको अभावमा पुस्तकालय सञ्चालन कठिन हुन्छ । सन् ६० अघि सरकारले सार्वजनिक पुस्तकालयहरूलाई थोरै आर्थिक सहयोग दिने गरे पनि सन् ६० पछि भने पुस्तकालयले पाउने सहयोग ठप्पै भयो ।*

समग्रमा साहित्य पुनरावलोकनले के देखाउँछ भने सुरूका दिनहरूमा नेपालमा प्राचीन हस्तलिखित सामग्री, (धर्म, दर्शन, तन्त्र, ज्योतिष, साहित्य) र सरकारी अभिलेख सुरक्षित राख्ने प्रयोजनका साथ पुस्तकालयको अवधारणा आएको देखिन्छ । राणाकाल र पञ्चायतकालमा पुस्तकालयको स्थापना र विस्तारमा अड्चन उत्पन्न भएको पाइन्छ भने राणाकाल पछिको जम्माजम्मी एक दशकको खुला वातावरणमा शिक्षा क्षेत्रले प्रगति गर्‍यो, नागरिकहरू स्वयंको सक्रियतामा र विदेशीहरूले पनि सहयोग गरे । यसबाट प्रजातान्त्रिक कालमा पुस्तकालयको क्षेत्र केही मौलाएको देखिन्छ । २००७ सालको क्रान्तिपछि नेपालमा पुस्तकालय स्थापना गर्ने कार्यमा युवाहरूको जोस र जाँगर जताततै देखिन थाल्यो, फलस्वरूप काठमाडौंको टोलटोलमा भनेजस्ता पुस्तकालयहरू खुल्न थाले र

देशका विभिन्न भागमा पनि यही क्रम जारी रह्यो, यसको परिणाम स्वरूप किरण पुस्तकालय गर्भावस्थामा प्रवेश गर्‍यो र २०२५ सालमा जन्मिन पुग्यो ।

नेपालको इतिहासमा पहिलो सार्वजनिक पुस्तकालय सिराहामा स्थापना भएको थियो । तर पुस्तकालयको विकासक्रममा पुस्तकालय स्थापना गर्न खोज्नेहरूलाई पक्राउ गरिनु, शैक्षिक सङ्घ/सङ्गठन खोल्न प्रतिबन्ध लगाइनु, स्थानीयस्तरबाट खोलिएका सार्वजनिक पुस्तकालय बन्द हुनु वा गराइनु, आर्थिक सहयोग र प्रोत्साहनको अभाव रहनु र स्कुल-कलेज खोल्दा पनि "आज मैले आफ्नै खुट्टामा बन्चरो हानें" जस्ता अभिव्यक्ति दिनुले पनि पुस्तकालयको अवस्था आजसम्म आइपुग्दा थुप्रै उतारचढावहरू पाउन सकिन्छ ।

राष्ट्रिय जनगणना २०७८ का अनुसार नेपालको कूल साक्षरता दर ७६.२% देखिन्छ भने रेसुङ्गा नगरपालिकाको साक्षरता दर ८५.४% देखिन्छ जुन गुल्मी जिल्लाका सबै स्थानीय तहहरूको साक्षरता दरभन्दा राम्रो हो । जसमा कालिगण्डकी गाउँपालिका ७९.७%, सत्यवती गाउँपालिका ८१.९%, चन्द्रकोट गाउँपालिका ७९.६%, मुसीकोट गाउँपालिका ८०.६%, इस्मा गाउँपालिका ७४.६%, मालिका गाउँपालिका ७८.६%, मदाने गाउँपालिका ७७.०%, धुर्कोट गाउँपालिका ७८.८%, गुल्मीदरबार गाउँपालिका ८२.१%, छत्रकोट गाउँपालिका ७९.२%, र रुरु गाउँपालिकाको ८२.७% देखिन्छ ।

अर्कोतर्फ रेसुङ्गा नगरपालिकाको नेपालका सबै प्रदेशहरूको औसत साक्षरता दर भन्दा पनि राम्रो देखिन्छ जसमा; कोशी प्रदेश ७९.७%, मधेश प्रदेश ६३.छ %, वाग्मती प्रदेश ८२.१%, गण्डकी प्रदेश ८१.७%, लुम्बिनी प्रदेश ७८.१%, कर्णाली प्रदेश ७६.१%, सुदूरपश्चिम ७६.२% रहेको छ ।

शिक्षामा देखिएको आजको यो तथ्याङ्कलाई बुझ्न समाजशास्त्रीहरूले "Long Run" र "Large Scale" बाट विश्लेषण गरेर मात्र बुझ्न सकिन्छ भन्ने मान्यता राख्दछन् । "Long Run" र "Large Scale" एउटा बृहत् (Macro) समाजशास्त्रीय अवधारणा हो र यो समाजशास्त्रको एउटा दृष्टिकोण हो जसले कुनै पनि सामाजिक घटनालाई ठूलो मात्रामा वा भनौं सामाजिक संरचनासँग जोडेर विश्लेषण गर्ने कुरामा जोड दिन्छ । खासगरेर मार्क्स, वेबर, डर्कहेम प्रख्यात संरचनावादी हुन्, जसलाई हामीहरूले बृहत् (Macro) समाजशास्त्रका अग्रगामी हुन् भनेर भन्न सक्छौं ।

कुनै पनि सामाजिक घटना बुझ्नको लागि दुबै Long Run र Large Scale विश्लेषणहरू समाजशास्त्रमा अत्यन्तै महत्त्वपूर्ण मानिन्छन् किनभने तिनीहरूले सामाजिक घटनाहरूको बारेमा व्यापक दृष्टिकोण प्रदान गर्छन् । यी दृष्टिकोणहरूले समाजशास्त्रीहरूलाई सम्बन्धित सामाजिक घटनाका अन्तर्निहित

कारणहरू र परिणामहरू उजागर गर्न, सामाजिक संरचनाहरू र ऐतिहासिक पृष्ठभूमिसँग जोडेर विश्लेषण गरी पूर्ण बुझाई विकास गर्न मद्दत गर्दछ । "Long Run" र "Large Scale" शब्दहरूले सामाजिक घटनाहरूको अध्ययन तथा विश्लेषण गर्न तथा बुझ्नको लागि उसको ऐतिहासिक पृष्ठभूमि तथा त्यससँग जोडिएको संरचनालाई अध्ययन गर्नुपर्छ भन्ने मान्यता राख्दछ । समाजशास्त्रीहरूले समाजहरू कसरी परिवर्तित हुन्छन, विकसित हुन्छन्, अनुकूलन हुन्छन् र समयसँगै रूपान्तरण हुन्छन् भनेर जाँच्न/बुझ्न सम्बन्धित समाजसँग जोडिएका संरचनाहरू र त्यसको लामो-समयको विश्लेषण गर्ने गर्छन् यसले उनीहरूलाई ऐतिहासिक ढाँचा, सांस्कृतिक परिवर्तनहरू, र दीर्घकालिन सामाजिक, आर्थिक र राजनीतिक घटनाक्रमहरूको प्रभाव पहिचान गर्न सामाजिक असमानता, सांस्कृतिक परिवर्तनहरू, जनसांख्यिकीय परिवर्तनहरू र अन्य जटिल सामाजिक प्रक्रियाहरूको उत्पत्ति र निरन्तरता बुझ्न मद्दत गर्न सक्छ ।

*रेसुङ्गा नगरपालिकामा शिक्षामा देखिएको आजको अवस्थालाई विहङ्गम दृष्टिकोणबाट विश्लेषण गर्दा यसको जरा किरण पुस्तकालयसम्म पुगेको प्रष्ट देखिन्छ । मानिसहरूको स्वभाव नै आजको सामाजिक घटनालाई आजलाई मात्र विश्लेषण गरेर बुझ्न खोज्नु हो जुन स्वाभाविक रूपमा अपूर्ण छ । राष्ट्रिय जनगणना २०७८ मा प्रत्यक्ष रूपमा रेसुङ्गा नगरपालिकाको शिक्षामा देखिएको स्थिति अप्रत्यक्ष रूपमा रेसुङ्गा नगरपालिका हुँदै गुल्मी जिल्ला, लुम्बिनी प्रदेशमा शिक्षा र साहित्यमा देखिएका प्रगति/सफलताहरू कुनै न कुनै रूपमा किरण पुस्तकालयसँग जोडिन्छन् नै ।*

यस दृष्टिकोणबाट रेसुङ्गा नगरपालिकामा शिक्षामा देखिएको आजको अवस्थालाई विहङ्गम दृष्टिकोणबाट विश्लेषण गर्दा यसको जरा किरण पुस्तकालयसम्म पुगेको प्रष्ट देखिन्छ । मानिसहरूको स्वभाव नै आजको सामाजिक घटनालाई आजलाई मात्र विश्लेषण गरेर बुझ्न खोज्नु हो जुन स्वाभाविक रूपमा अपूर्ण छ । राष्ट्रिय जनगणना २०७८ मा प्रत्यक्ष रूपमा रेसुङ्गा नगरपालिकाको शिक्षामा देखिएको स्थिति अप्रत्यक्ष रूपमा रेसुङ्गा नगरपालिका हुँदै गुल्मी जिल्ला, लुम्बिनी प्रदेशमा शिक्षा र साहित्यमा देखिएका प्रगति/सफलताहरू कुनै न कुनै रूपमा किरण पुस्तकालयसँग जोडिन्छन् नै । अर्कोतर्फ मानिसहरूको जिन्दगी तथा ज्ञान प्रविधिको विकाससँगै साँघुरिदै गैरहेको छ । अहिलेका बालबालिकाहरूको जिन्दगी कोठे जिन्दगीमा बदलिएको छ, उनीहरूको बौद्धिक विकासलाई Artificial Intelligence संकुचित बनाउँदै गैरहेको छ । यस्तो परिप्रेक्ष्यमा यस

पुस्तकालयको महत्त्वलाई सम्बन्धित सम्पूर्ण व्यक्ति तथा निकायहरूले मनन गरी यसको प्रवर्धन गर्नु अत्यन्तै आवश्यक कुरा हो ।

किरण पुस्तकालयको यात्रा हामीहरूले सोचेजस्तो सहज थिएन र छैन पनि । यो पुस्तकालय बन्जर जमिन छिचोल्दै उम्रिएको हो, यसका जराहरू बलिया छन्, हुर्कंदै छ, बढ्दै छ, यसको शीतलता दीर्घकालीन रूपमा धेरै व्यक्तिहरूले लिन यसलाई हराभरा बनाउनुपर्छ, भ्याँगिन दिनुपर्छ । यसको लागि सम्बन्धित सबै निकायहरू जुट्नुपर्छ, अहोरात्र खट्नुपर्छ, मानव विकासको लागि, समाज विकासको लागि र समाज रूपान्तरणको लागि । माथिको साहित्य पुनरावलोकनमा रमेश पराजुलीले भनेजस्तै यस्ता सार्वजनिक संस्थाहरू राजनैतिक गन्धदेखि टाढा रहनुपर्छ, नयाँ पुस्ताहरू अघि नसर्दा पुस्तकालय बन्द हुने अवस्थासम्म पुग्ने हुँदा यो पक्षलाई पनि मनन गर्नुपर्छ । यसका साथै पुस्तकालयसँग स्वयंसेवा (भोलुन्टियरिज्म) जोडिएर आउने हुँदा यसको स्थायित्व र दिगोपनाको लागि स्वयंसेवा (भोलुन्टियरिज्म)लाई प्रोत्साहन गर्नुपर्छ । शिव रेग्मीले विश्लेषण गरे जस्तै आर्थिक स्रोतको अभावको कारणले गर्दा पनि राम्रोसँग हुर्किरहेको वृक्ष मुर्झाउन सक्ने हुँदा आर्थिक स्रोतको दिगो परिचालन तथा संकलन गरिनुपर्दछ । डिजिटल प्रविधि पुस्तकालयहरूको लागि अत्यन्तै महत्त्वपूर्ण छ । यसले ई-पुस्तकहरू, अनलाइन डाटाबेसहरू, र मल्टिमिडियाजस्ता डिजिटल स्रोतहरूको पहुँच विस्तार गर्दछ । यसले पुस्तकालयहरूलाई भर्चुअल कार्यक्रमहरूमार्फत समावेशिता बढाउँदै सम्बन्धित समुदायहरूको पहुँच विस्तार गर्छ । यसका साथै डिजिटल प्रविधिले पुस्तकालयहरूलाई ज्ञानको व्यापक भण्डारसँग जोड्दै यसको क्षेत्रलाई फराकिलो पर्दछ । यसर्थ पुस्तकालयलाई प्रविधिका नवीनतम अन्वेषणहरूसँग जोड्दै प्रविधि मैत्री बनाइनुपर्छ । नेपाल पुस्तकालय संघको सर्वेक्षण प्रतिवेदनमा व्यक्त गरिए जस्तै पुस्तकालयको क्षेत्र पठनपाठनमा मात्र सीमित नगरी समय सान्दर्भिक कार्यक्रमहरू जस्तै; सरसफाइ, रक्तदान, कोचिंग, वृक्षरोपण, सांस्कृतिक जागरणजस्ता कार्यक्रमहरू जोड्न सकियो भने किरण पुस्तकालयको अगाडिको यात्रा सरल, सहज र सफल बनाउन सकिनेछ ।

### सन्दर्भ-सामग्री

अधिकारी, पूर्णप्रसाद । २०५५ । पुस्तकालयको महत्त्व र चितवनका पुस्तकालयको सन्दर्भ । हाम्रो पुरुषार्थ २६(१) : ११०-१७ ।

पन्थी, शशि । २०५५ । सार्वजनिक पुस्तकालयको विकास आजको आवश्यकता । हाम्रो पुरुषार्थ २६ (१) : ११८-१२० ।

पराजुली, रमेश । २०६३ । सार्वजनिक पुस्तकालयको ऐतिहासिक सिंहावलोकन । पृ. १५-१६ । काठमाडौं : मार्टिन चौतारी ।

पौडेल, भूपहरि । २०५५ । नेपालका प्रमुख पुस्तकालयहरूको संक्षिप्त रेखाङ्कन । हाम्रो पुरुषार्थ २६(१) : ३१-३९ ।

भट्टराई, अमोद । २०५१ । नेपाल राष्ट्रिय पुस्तकालय २००९ बारे खोजिपस्दा । खोज र टिप्पणी । पृ. १०-२३ । काठमाडौंः अदेभको व्यक्तिगत लाइब्रेरी ।

रेग्मी, शिव । २०५५ । नेपालमा सार्वजनिक पुस्तकालय । हाम्रो पुरुषार्थ २६(१): ५९-६९ ।

शर्मा, गोपीनाथ । २०६२ । नेपालमा शिक्षाको इतिहास (भाग १) । तेस्रो संस्करण । काठमाडौं : मकालु बुक्स एण्ड स्टेशनर्स ।

क्षेत्री, सूर्य । २०६२ । नेपालमा सार्वजनिक पुस्तकालयको अवस्था र यसको आवश्यकता । जनप्राज्ञमञ्च ६ : २०१-२१५ ।

ज्ञवाली, शुकदेव । २०५५ । राष्ट्रिय अभिलेखालय : एक जानकारी । हाम्रो पुरुषार्थ २६(१) : ८८-९४ ।

NLA.1997.Status of Libraries, Documentation and Information Centers and Library and Information Personnel in NepalM A Survey Report. KathmanduM Nepal Library Association and UNESCO.

Retrieved fromM httpsM//censusnepal.cbs.gov.np/results/np.

✍ **रेसुङ्गा नगरपालिका-२, धागिथुम, तम्घास, गुल्मी ।**

ooo

बुटवल, भैरहवा, परासी र कपिलवस्तुका 'हाम्रो पुरुषार्थ'का आजीवन ग्राहक, लेखक र कविहरूले

**हिमालय बुक्स हाउस**

मणिपथ, मिलनचोक, बुटवल (फोन नं. ०७१-५४१००९) मा सम्पर्क गरी आफ्नो प्रति पत्रिका लैजानुहुन अनुरोध छ ।

**हाम्रो पुरुषार्थ (त्रैमासिक)**

*// आलेख //*

# 'हाम्रो पुरुषार्थ' नामै काफी छ !



**मिलन समीर**

हाम्रो पुरुषार्थ (प्रेस काउन्सिल नेपालद्वारा राष्ट्रिय "क" वर्गमा वर्गीकृत साहित्यिक त्रैमासिक पत्रिका) को गौरवमय १०० औं अर्थात् शताब्दी अङ्क प्रकाशन भएको छ ।

सहृदयी सिर्जनशील प्रिय पाठक मन ! योभन्दा खुशीको कुरा नेपाली भाषा साहित्यप्रेमी तपाईं हामीलाई अर्को के हुन सक्छ ?

सहृदयी सिर्जनशील आदरणीय साहित्यकार व्यक्तित्वद्वय शशि पन्थी र दीन पन्थीको सम्पादन तथा किरण पुस्तकालय (२०२५), रेसुङ्गा, तम्घास, गुल्मीद्वारा पुस्तकालय स्थापना दिवसको अवसरमा वि.सं. २०३० साल कार्तिक २७ गते महाकवि लक्ष्मीप्रसाद देवकोटा जयन्तीको अविस्मरणीय अर्थपूर्ण सन्दर्भदेखि वार्षिक रूपमा र २०३६ सालको वैशाखदेखि अर्धवार्षिक हुँदै २०६० सालपछि नियमित त्रैमासिक रूपमा प्रकाशन व्यवस्थापनसहितको पहलमा प्रकाशनको शिलान्यास भएर व्यक्तिगत पहलमै यहाँसम्म आइपुग्न सफल भएको निजीस्तरको तर आफैंमा एउटा विशिष्ट साहित्यिक पत्रिकाको रूपमा स्थापित हाम्रो पुरुषार्थले आफ्नो शताब्दी अङ्कको उज्यालो अनुहार देख्ने अवसर प्राप्त गर्नु भनेको सामान्य सन्दर्भ कदापि हुनै सक्दैन ।

यसरी निरन्तर रूपमा आधा शताब्दीदेखि सम्पादन / संयोजन कार्यमा अनवरत अथक रूपमा खट्नुहुने शशि पन्थी र दीन पन्थीसहित उहाँहरूका सम्पादन सहयोगी महानुभावहरूको यो अविस्मरणीय अर्थपूर्ण जीवन्त सत्प्रयासलाई सदैव सफलताको प्राप्ति भइरहोस् भन्ने हार्दिक शुभकामना व्यक्त गर्दछु ।

हाम्रो अर्थात् तपाईं हामी सबैको, पुरुषार्थ अर्थात्, अद्भुत वा कठिन कार्य गर्ने मानिसको क्षमता, सामर्थ्य, शक्ति ।

मनुष्य मात्रका लागि अभीष्ट धर्म, अर्थ, काम र मोक्ष यी चार तत्त्वमध्ये कुनै एक । मनुष्य मात्रको जीवनको परम लक्ष्य । मानिसको बहादुरीपूर्ण काम, पराक्रम, पौरख ।

*विशिष्ट अर्थ बोकेको हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको नामै काफी रहेको छ अनि हाम्रो पुरुषार्थको नाममा अहिलेसम्म गरिएको अर्थपूर्ण कामै काफी रहेको छ । किनभने यहाँसम्म आइपुग्ने क्रममा सामान्य अङ्कको रूपमा नियमित प्रकाशित भएका हाम्रो पुरुषार्थका हरेक अङ्कहरू नै विशेष अङ्कको रूपमा रहेका छन् । अझै त्यसमा पनि खासगरी पूर्वीय दर्शन, साहित्य, संस्कृति र कलाको साथै नेपालको भूगोलभित्र बोलिने विभिन्न भाषा र जातिका सम्बन्धमासमेत विश्लेषण र मूल्याङ्कन गर्दै आइरहेको विशिष्ट पत्रिकाको रूपमा मैले हाम्रो पुरुषार्थलाई बुझेको छु ।*

यस्तो विशिष्ट अर्थ बोकेको हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको नामै काफी रहेको छ अनि हाम्रो पुरुषार्थको नाममा अहिलेसम्म गरिएको अर्थपूर्ण कामै काफी रहेको छ । किनभने यहाँसम्म आइपुग्ने क्रममा सामान्य अङ्कको रूपमा नियमित प्रकाशित भएका हाम्रो पुरुषार्थका हरेक अङ्कहरू नै विशेष अङ्कको रूपमा रहेका छन् । अझै त्यसमा पनि खासगरी पूर्वीय दर्शन, साहित्य, संस्कृति र कलाको साथै नेपालको भूगोलभित्र बोलिने विभिन्न भाषा र जातिका सम्बन्धमासमेत विश्लेषण र मूल्याङ्कन गर्दै आइरहेको विशिष्ट पत्रिकाको रूपमा मैले हाम्रो पुरुषार्थलाई बुझेको छु ।

नेपाली साहित्यिक पत्रकारिताको इतिहासमा राजधानीबाहिर मोफसलबाट प्रकाशित पुस्तकालय प्रकाशनमा सय अङ्क निकाल्ने हाम्रो पुरुषार्थ नै पहिलो साहित्यिक पत्रिका हो । एकातिर सार्वजनिक पुस्तकालय सञ्चालन गर्ने काम असाध्यै दुःसाध्य रहेको छ भने अर्कोतिर पुस्तकालयको तर्फबाट त्रैमासिक रूपमा यस्तो गहकिलो साहित्यिक पत्रिका नियमितरूपमा निकाल्नुजस्तो प्रशंसनीय र सराहनीय कुरो अरू के हुन सक्छ ?

अझै त्यसमा पनि विभिन्न समय र सन्दर्भमा हाम्रो पुरुषार्थले आफूलाई विभिन्न विशेषाङ्कहरू (श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क–२०३१, समालोचना विशेषाङ्क–अङ्क–११, २०३७, विश्वेश्वरप्रसाद कोइराला अङ्क–२०३९, लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क–२०३९, पत्रकारिता विषेशाङ्क–२०६२ वैशाख, भानु विशेषाङ्क–सम्पूर्णाङ्क–६०, कार्तिक–पुस, २०७०, विश्वेश्वर विशेषाङ्क–सम्पूर्णाङ्क–६३, श्रावण–आश्विन, २०७१, भेषबहादुर कुँवर प्रयासी स्मृति अङ्क–सम्पूर्णाङ्क–८६, रुरुक्षेत्र विशेषाङ्क–सम्पूर्णाङ्क–९८, कविशिरोमणि लेखनाथ पौड्याल अङ्क, कथा विशेषाङ्क, गुल्मी परिचयाङ्क, पुस्तकालय विशेषाङ्क, अन्तर्राष्ट्रिय युवा वर्ष अङ्क, अन्तर्राष्ट्रिय बाल वर्ष अङ्क, नेपाली भाषिक संगोष्ठी विशेषाङ्क, डा. टीकाराम पन्थी विशेषाङ्क, स्वर्णवर्ष अङ्क र भीमकान्त पन्थी विशेषाङ्क,) को

रूपमासमेत सार्वजनिक गर्दै आइरहेको छ । ती सबै विशेषाङ्कहरू हरेक हिसाबले एउटा उत्कृष्ट विशेष अङ्कको रूपमा रहेका छन् ।

हाम्रो पुरुषार्थ, जसले राजधानीभन्दा बढी राजधानीबाहिर अर्थात् मोफसलको पनि मोफसल अर्थात् ग्रामीण दूरदराजमा लुकेर रहेका अनि प्रतिकूल परिस्थितिकै कारण ओझेलमा परिरहेका प्रतिभाहरूलाई विशेष स्थान दिदै आइरहेको देखिन्छ ।

सोही अनुसार म पनि एउटा नवोदित लेखकको रूपमा जोडिएर सहयात्रीको रूपमा निरन्तर क्रियाशील रहेको छु । सामान्य अङ्कदेखि लिएर विशेषाङ्कको रूपमा प्रकाशित भएका पछिल्लो समयका अङ्कहरूमा मेरा मुक्तक, गजल, कवितादेखि लिएर समीक्षा, समालोचनात्मक आलेखहरू प्रकाशित हुँदै आएका छन् ।

हाम्रो पुरुषार्थमा त्यसरी मेरा रचनाहरू विशेष प्राथमिकताकासाथ लगभग नियमितरूपमा जस्तैगरी प्रकाशित भएको सन्दर्भमा मलाई औधी खुशी लागिरहेको हुन्छ ।

हाम्रो पुरुषार्थ परिवारको एउटा लेखकीय सदस्यको रूपमा म आफू पनि रहेको छु भन्ने कुरामा मलाई साँच्चिकै गौरवको जीवन्त अनुभूति हुने गर्दछ ।

त्यसैले त अन्तरहृदयदेखि भन्न मन लाग्छ कि–हाम्रो पुरुषार्थ नामै काफी छ !

**करादीखोला, स्याङ्जा ।**

ooo

**गुल्मी जिल्लामा आधा शताब्दीभन्दा लामो इतिहास बोकेको किरण पुस्तकालयमा तपाईंका कुनै प्रकाशनहरू छन् भने तुरुन्त दिन नबिर्सनुहोला ।**

# निर्माणको टाकुरो



✍ कोषराज न्यौपाने

गुल्मीको महनीय सुन्दर ठूलो तम्घास भन्ने पुर
चारैतर्फ पहाडको छ पहरा देखिन्छ झन् सुन्दर
रेसुङ्गा गिरि-काखमा झिलिमिली आह्लादकारी छ यो
"खानी सुन्दरको पहाड" भनिने तम्घास हेरौं अहो । १ ।

त्यो तम्घास अनेक सज्जन तथा विद्वान्हरू बस्तछन्
गर्छन् ती पुरुषार्थ धेरथरिका पढ्छन् तथा लेख्तछन्
यो "हाम्रो पुरुषार्थ"को प्रिय थलो लेखौं पढौं या घुमौं
हाम्रा लागि हुनेछ गौरव अझै तम्घासलाई चुमौं । २ ।

गुल्मीमा अघि भीमकान्त गतिला या बाबुरामै थिए
टीकारामसमानका अझ अरू विद्वान् बढी नै थिए
"गुल्मी धन्य" भनें अनेकथरिका विद्वान्हरू संझिँदा
विद्वान् धेर भए त्यहाँ खिदिमको ऊर्जा निकै गम्किँदा । ३ ।

त्योभन्दा पहिले थिए अझ अरू अर्याल-पन्थीहरू
पुस्तौंसम्म परम्परा अति ठूलो पाण्डित्य धान्नेहरू
लक्ष्मीकान्त भए निकै गहकिला पन्थी कुलैमा त्यहाँ
डा. दुर्गा पनि फेरि तीक्ष्ण प्रतिभा अर्यालका वंशमा । ४ ।

डिल्ली-ढुण्ढि र रश्मिराजसँगमा छन् तीक्ष्ण देवेश्वर
छन् ती कृष्ण अझै सिपालु गुनिला ढाक्ने ज्ञवाली कुल
यस्ता धीर र वीरको धरणि यो विद्वान् बसेको थलो
छन् धेरै यसमा अनेक प्रतिभा सर्वत्र गर्ने भलो । ५ ।

भेटिन्छन् शशिजी यही धरणिमा ती सौम्यताका धनी
हुन् साहित्यिक पत्रकार गहकी मानौं त्यहाँका मुनि
लेख्छन् नित्य र साधनारत रही सर्वत्र लेखाउँछन्
छर्दै रश्मि तमोमय स्थलहरू सन्मार्ग देखाउँछन् । ६ ।

यो "हाम्रो पुरुषार्थ" सन्त तपसी सद्ज्ञान बाँड्दै छ झैं
अज्ञानीपनका लता र लहरा लाछेर फाँड्दै छ झैं
यो ऐले छ पचास वर्षजतिको सद्ज्ञानको आँकुरो
यो झाङ्ग्योस् न अझै युगौं युग रची निर्माणको टाकुरो । ७ ।
(सन्दर्भ : "हाम्रो पुरुषार्थ"को पुरुषार्थ) ।


**पूर्व सह-प्राध्यापक : त्रिचन्द्र क्याम्पस ।**

ooo


# क्षयरोग (टि.वि.) बारे सबैले जान्नै पर्ने कुरा ।

**क्षयरोगका बिरामीले खोक्दा, हाच्छिऊँ गर्दा, श्वास फेर्दा हावाको माध्यमबाट सर्ने हुँदा जो कोहीलाई पनि सर्न सक्दछ ।**

## लक्षण तथा चिह्नहरू :



- खोकी लाग्ने,
- साँझपख हल्का ज्वरो, पसिना आउने,
- छाती दुख्ने तथा श्वास फेर्न गाह्रो हुने,
- खान मन नलाग्ने तथा दुब्लाउँदै जाने,
- खकारमा रगत देखा पर्ने ।

- **माथिका लक्षण तथा चिह्नहरू देखिनासाथ स्वास्थ्य संस्था जानुपर्दछ ।**
- **स्वास्थ्य संस्थामा खकार जाँच सेवा तथा क्षयरोगको औषधि निःशुल्क उपलब्ध छ ।**
- **नियमित ६ महिनासम्म उपचार गरे क्षयरोग पूर्ण रूपमा निको हुन्छ ।**

नेपाल सरकार
**स्वास्थ्य मन्त्रालय**
**स्वास्थ्य कार्यालय**
**तम्घास, गुल्मी**

# हाम्रो पुरुषार्थका विशेषाङ्कहरू - संक्षिप्त चर्चा



✍ डा. लक्ष्मीकान्त पन्थी

लुम्बिनी अञ्चलका पहाडी जिल्लाहरूमध्ये विशेष हरियालीयुक्त एवं उर्वर मानिएको जिल्ला गुल्मी हो । यो जिल्ला पुण्यसलिला शालग्रामगर्भा कालीगण्डकी नदीको दक्षिण किनारमा रहेको छ । यसको मध्यबिन्दुमा रहेको सदाबहारयुक्त रेसुङ्गा पर्वतशिखरको काखमा रमणीय नगरी तम्घासमा यस जिल्लाको सदरमुकाम रहेको छ । वर्तमानमा यो सदरमुकाममा हुनुपर्ने अड्डा अदालत, स्कूल, क्याम्पस, रमाइलो बजार एवं नगरपालिकासमेत सबै उपलब्ध छन् । त्यसमा पनि सुनमा सुगन्ध भनेजस्तै त्यहाँ किरण पुस्तकालय पनि रहेको छ । यो पुस्तकालयमा इच्छुक पाठकहरूका लागि अनेक थरी पुस्तकहरूका साथै विभिन्न समसामयिक पत्रपत्रिकाहरू बसेर पढ्न पाउने वाचनालय पनि छ । यो पुस्तकालय तम्घासकै सामाजिक, धार्मिक एवं शैक्षिक चेतनायुक्त जुझारु व्यक्तित्व शशि पन्थी आदि नवयुवकहरूको सक्रियतामा २०२५ सालमा खुलेको हो । यो पुस्तकालय खुलेको अवधि अहिले पचपन्न वर्ष पुगेको छ । यो पुस्तकालय खुलाउन, दर्ता गर्न, त्यसका लागि चाहिने जग्गाको व्यवस्था गरी भौतिक भवन आदि निर्माण गर्न, आइपरेका विविध कठिनाइहरूको समाधान कसरी हुनसक्यो होला भन्ने कथा र यसको दैनिक सञ्चालन प्रक्रिया कसरी गरिएको छ होला भन्ने कथा एकातिर छँदाछदै पनि २०३० सालदेखि पुस्तकालयको मुखपत्र "हाम्रो पुरुषार्थ" पत्रिका प्रकाशन हुन थालेको हो । यसका साथै अन्य पुस्तकहरूको प्रकाशन पनि यो पुस्तकालयले गर्दै आएको कुरा पाठकहरूमा विदितै छ ।

नेपालमा पहिलो पत्रिका छापिएको १९५५ सालमा हो । यसको नाम सुधासागर राखिएको भए पनि यसमा धारावाहिक उपन्यास छापिने गरेको थियो । पं. नरदेव पाण्डे मोतीकृष्ण शर्माद्वारा सम्पादित र प्रकाशित उक्त पत्रिकाले पहिलो अङ्कपछि मुख देखाउन सकेन । त्यसपछि संवत् १९५८ वैशाख २४ गते सोमबारका दिनदेखि यिनै नरदेव पाण्डेको सम्पादनमा नेपाल सरकारको स्वामित्वमा गोरखापत्रको प्रकाशन भएको हो । यद्यपि गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले दार्जिलिङबाट "गोर्खे खबर कागत" भन्ने पत्रिकाको प्रकाशन शुरू भइसकेको भए

*गुल्मीबाट २०३० सालमा शुरू गरिएको हाम्रो पुरुषार्थ पत्रिका प्रारम्भमा वार्षिक थियो । त्यसबेला यातायातको सुविधा नहुँदानहुँदै पनि पाल्पा, बुटवल, भैरहवादेखि बनारससम्म पुगेर पत्रिका प्रकाशन गर्नुपरेको थियो । यति कठिनाइका बाबजुद पनि २०३५ सालदेखि अर्धवार्षिक हुँदै अहिलेसम्म त्रैमासिक रूपमा प्रकाशन हुँदैछ ।*

पनि यसको लामो आयु रहेन । अहिलेसम्म गोरखापत्र नै सबैभन्दा जेठो दाजु बनेर पत्रपत्रिका क्षेत्रमा १२२ वर्ष आयु पूरा गरी १२३औं वर्षमा चलिरहेको छ । प्रारम्भमा साप्ताहिक बनेर जन्मिएको गोरखापत्र अहिले दैनिक रूपमा देखा पर्दैछ । कहिलेकाँही विशेष अवसरका बेलामा सायंकालीन संस्करण र धेरै पटक विशेषाङ्कहरू पनि प्रकाशन गर्दै आइरहेको छ । नेपालमा पत्रकारिताको इतिहासमा अनेक दुःख र कष्टहरू झेल्दै अटुट रूपमा प्रकाशित हुँदै यति लामो आयु पूरा गर्नु अत्यन्तै खुशीको कुरा हो । वि.सं. १९९१ सालमा शारदा पत्रिकाको प्रकाशन शुरू भयो । त्यसपछि २००७ सालको परिर्वतनपछि त धेरै पत्रपत्रिकाहरू निस्कँदै र हराउँदै गरे । तीमध्ये रूपरेखा मासिक पत्रिकाले २०० अङ्कसम्म पूरा गरेको जानकारी छ । त्यसपछि कहिलेबाट हो बन्द भयो, शारदा पत्रिका भने २०१७ सालसम्म चलेको भन्ने जानकारी छ । त्यसपछि बन्द भयो । २०१८ सालपछि प्रकाशन हुन थालेको रचना मासिक पत्रिका अहिलेसम्म प्रकाशित भइरहेको छ ।

गुल्मीबाट २०३० सालमा शुरू गरिएको हाम्रो पुरुषार्थ पत्रिका प्रारम्भमा वार्षिक थियो । त्यसबेला यातायातको सुविधा नहुँदानहुँदै पनि पाल्पा, बुटवल, भैरहवादेखि बनारससम्म पुगेर पत्रिका प्रकाशन गर्नुपरेको थियो । यति कठिनाइका बाबजुद पनि २०३५ सालदेखि अर्धवार्षिक हुँदै अहिलेसम्म त्रैमासिक रूपमा प्रकाशन हुँदैछ ।

हालसम्म नियमित रूपमा सचांलित यस पत्रिकाका प्रधान सम्पादक तथा सहसम्पादक शशि पन्थी एवं दीन पन्थीजीहरू हुनुहुन्छ । उहाँहरूको सक्रियतामा पचास वर्ष आयु पूरा गरेको यस पत्रिकाले आफ्नो प्रकाशनको सयौं अङ्क पूरा गर्दैछ । आजसम्म प्रकाशन भएका यति धेरै अङ्कहरूमा यसले महत्त्वपूर्ण साहित्यिक लेखहरूका साथै विद्वान्, कवि, साहित्यकार एवं समालोचकहरूका अन्तर्वार्तासमेत प्रकाशन गरेर पाठकहरूको जिज्ञासा पूर्ण गरेको छ । तिनमा कविता, कथा, लेख, निबन्धहरूको सङ्ख्या निकै धेरै छ । यसका साथै समयसमयमा हाम्रो पुरुषार्थले आफ्ना अतिरिक्ताङ्क एवं विशेषाङ्कहरूसमेत प्रकाशन गरी पाठकहरूको बौद्धिक खुराकमा पौष्टिकतासमेत प्रदान गरेको छ । यसरी प्रकाशित अतिरिक्ताङ्क एवं विशेषाङ्कहरू क्रमशः यसप्रकार छन्-

१. श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क २०३१

२. अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क २०३६

३. समालोचना विशेषाङ्क २०३७

४. लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क २०३९

५. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क २०३९

६. लेखनाथ स्मृति अङ्क २०४१

७. अन्तर्राष्ट्रिय युवा वर्षाङ्क (१९८५)-२०४२

८. गुल्मी परिचयाङ्क २०५३

९. पुस्तकालय विशेषाङ्क २०५५

१०. कथा विशेषाङ्क २०५६

११. नेपाली भाषिक संगोष्ठी विशेषाङ्क २०५८

१२. पत्रकारिता विशेषाङ्क २०६२

१३. डा. टीकाराम पन्थी विशेषाङ्क २०६७

१४. भानु विशेषाङ्क २०७०

१५. विश्वेश्वर विशेषाङ्क २०७१

१६. किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क २०७५

१७. कवि प्रयासी स्मृति अङ्क २०७७

१८. पं. भीमकान्त पन्थी शतवार्षिक स्मृतिविशेषाङ्क २०७७

१९. रुरुक्षेत्र विशेषाङ्क २०८०

२०. हाम्रो पुरुषार्थ शताङ्क (स्वर्ण-जयन्ती) विशेषाङ्क २०८०

विशेष शब्दको अर्थ शब्दकोष पल्टाएर हेर्दा चौध किसिमको अर्थ गरेको देखिन्छ । तीमध्ये यहाँ उद्दिष्ट अर्थ के हुन सक्छन् भने विशिष्टतायुक्त अन्तर अर्थात् अरू अङ्कभन्दा अनौठो चिह्न, विशेष गुण, विशेषता एवं वैशिष्ट्य प्रायः अङ्क अथवा विविध उद्देश्य एवं कोणबाट विवरण पेस गरिएको अङ्क भन्ने

सान्दर्भिक हुन आउँछ । अङ्क शब्दले त विशेष खालको चिह्न वा सङ्केत भन्ने अर्थ बुझाउँछ । प्रस्तुत लेखमा म यिनै विशेषाङ्कहरूबारे संक्षेपमा चर्चा गर्ने प्रयत्न गर्दैछु ।

## १. श्री ५ वीरेन्द्र शुभराज्याभिषेक अतिरिक्ताङ्क २०३१

यो २०३१ साल फागुन महिनामा भएको श्री ५ महाराजाधिराज वीरेन्द्रवीरविक्रम शाहदेवको शुभराज्याभिषेक भएको विषयलाई महत्त्व दिएर त्यसै विषयमा लेख रचनाहरू संकलन गरी प्रकाशन गरिएको अतिरिक्ताङ्क हो । यसमा अरू विषयको चर्चा गरिएको छैन ।

## २. अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्क २०३६

यसको शीर्षकबाट नै थाहा हुन्छ कि यो वर्ष अर्थात् इस्वी सन् १९७९लाई अन्तर्राष्ट्रिय बालवर्ष घोषणा गरिएकोले बालकहरूकै विषयमा विशेष चर्चा गरेर प्रकाशन गरिएको अतिरिक्ताङ्क हो । यसको सम्पादकीयमा नै भनिएको छ बालकलाई असल देशभक्त र महान् बनाउनका लागि उसलाई ईशा, बुद्ध, गान्धी, लेनिन, मार्क्स र टाल्सटायजस्ता सङ्घर्षशील महान् व्यक्तिहरूका जीवनगाथाहरू सुनाएर मात्र पुग्दैन उसलाई प्रेम र दया, माया र ममता, करूणा र वात्सल्य आदि पनि अभिभावकले दिन सक्नुपर्दछ । साथै बालकको शिक्षा दीक्षाका निमित्त उचित संरक्षण, रेखदेख गर्दै उसलाई आवश्यक पर्ने शैक्षिक सामग्रीहरूको समुचित व्यवस्था पनि अभिभावकले गरिदिनुपर्दछ । वास्तवमा आजका शिशुहरू नै भोलिका लागि देशका कर्णधार हुन् भन्ने कुरा बुझेर प्रत्येक बालबालिकालाई स्नेह, ममता, मायालु वातावरण दिनुका साथै उपयुक्त पौष्टिक भोजनदेखि लिएर स्वास्थोपचारमा समेत ध्यान दिनुपर्दछ ।

*२०३९ सालमा प्रकाशित उक्त अङ्कमा लुम्बिनी अञ्चलका विभिन्न जिल्लामा रहेका केही वर्तमान साहित्यकारहरू र केही पुराना साहित्यकारहरूको खोजबिन गरी उनीहरूका कृतिहरूका बारेमा चर्चा परिचर्चा गरिएको छ । यसकासाथै लुम्बिनी अञ्चलका विभिन्न जिल्लाहरूमा भएका साहित्यिक गतिविधिहरू भनौं भाषा साहित्य एवं पत्रपत्रिकाहरूको स्थितिलाई चर्चा गर्दै उनीहरूको यथार्थ मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ । साथै केही मात्रामा लोकगीत एवं लोकसाहित्यको पनि चर्चा गरिएको देख्न सकिन्छ ।*

यसै विषयमा धेरै लेखकहरूबाट उक्त अङ्कमा आफ्ना विचारहरू प्रस्तुत गरिएको पाइन्छ ।

### ३. समालोचना विशेषाङ्क २०३७

२०३७ सालमा प्रकाशित उक्त अङ्कमा नेपाली साहित्यमा देखा परेका लेखक, साहित्यकार एवं कविहरू र उनका कृतिहरूमा केन्द्रित भएर केही समालोचनाहरू प्रस्तुत गरिएका छन् भने केही बाहिर समाजमा देखा नपरेका भनौं लुकेछिपेका हुनाले चर्चा नगरिएका साहित्यकारहरूका बारेमा पनि प्रकाश पारिएको छ ।

### ४. लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क २०३९

२०३९ सालमा प्रकाशित उक्त अङ्कमा लुम्बिनी अञ्चलका विभिन्न जिल्लामा रहेका केही वर्तमान साहित्यकारहरू र केही पुराना साहित्यकारहरूको खोजबिन गरी उनीहरूका कृतिहरूका बारेमा चर्चा परिचर्चा गरिएको छ । यसकासाथै लुम्बिनी अञ्चलका विभिन्न जिल्लाहरूमा भएका साहित्यिक गतिविधिहरू भनौं भाषा साहित्य एवं पत्रपत्रिकाहरूको स्थितिलाई चर्चा गर्दै उनीहरूको यथार्थ मूल्याङ्कन गर्ने प्रयत्न गरिएको छ । साथै केही मात्रामा लोकगीत एवं लोकसाहित्यको पनि चर्चा गरिएको देख्न सकिन्छ ।

### ५. साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति अङ्क २०३९

उक्त अङ्क नेपालमा जहाँनिया राणाशासन समाप्त पार्नका लागि र त्यसपछि पनि नेपाली राजनीतिमा स्वदेशमा रहँदा होस् अथवा विदेशमा भएको बेलामा होस् विशेष चर्चामा आइरहेका राजनीतिक शिखरपुरुष विश्वेश्वरप्रसाद कोइराला दिवगंत भएका हुँदा उनकै सम्भनामा प्रकाशन गरिएको स्मृतिअङ्क हो । यस अङ्कमा उनको राजनीतिक व्यक्तित्त्वको विशेष चर्चा हुनुका साथै उनका साहित्यिक कृतिहरूको पनि यथोचित मूल्याङ्कन वा चर्चा गरिएको देख्न सकिन्छ ।

### ६. लेखनाथ स्मृति अङ्क २०४१

यो अङ्क वि.सं. १९४१ सालमा जन्मिएका नेपालका कविशिरोमणि लेखनाथ पौड्याल १०० वर्ष पुगेको उपलक्ष्यमा उनकै सम्भनामा शतवार्षिक स्मृतिअङ्कका रूपमा प्रकाशित भएको हो । माध्यमिक कालमा नेपाली कविता लेख्ने आदिकवि भानुभक्त आचार्यपछि नेपाली कविता र काव्यक्षेत्रका शिखरपुरुष कविशिरोमणि लेखनाथ नै हुन् । यिनका बारेमा केही लेखकहरूद्वारा लेख रचना तथा समीक्षाका माध्यमबाट उनको सम्भना गर्नु उपयुक्त एवं समुचित कुरा हो । अरू लेखक, कवि एवं महाकविहरूले सङ्ख्यात्मक रूपमा धेरै लेखेका अथवा मोटा पुस्तकहरू होलान् परन्तु शिल्पपक्षबाट हेर्दा अत्यन्त परिष्कृत र गुणात्मक कविता लेख्नसक्ने कविशिरोमणि लेखनाथ नै हुन् । उनले आफ्ना कविताको परिभाषा नै यसरी गरेको देखिन्छ–

**'मुक्तावली झैं पदयोजना होस्**
**माधुर्य भित्री तहमा घना होस् ।**
**भन्दा र सुन्दा रसिलोपनाको**
**प्रकाश भासोस् कवि कल्पनाको ।। '**
***(राष्ट्र भाषाको भविष्य-कविशिरोमणि लेखनाथ पौड्याल)***

उक्त प्रकारको परिभाषा गरिएकोमा लेखनाथका कविता कस्ता छन् त ? भन्ने प्रश्नको उत्तर पनि हामी उनकै काव्यमा यस्तो भेट्टाउँछौं ।

**नयाँ राम्रा राम्रा अगणित अलङ्कार उसमा**
**पदैपिच्छे बग्दो ध्वनिकृत-चमत्कार सुषमा ।**
**चिरस्थायी भावोदय छ गहिरो छैन कटुता**
**कठै ! कस्ले जान्ने प्रथम कविको काव्य पटुता ।।**

**'दया' भन्ने एकै मधुरतम पीयूषरसको**
**पिई प्याला मीठो अनुभव लिंदैं भित्र उसको ।**
**यता विश्वप्रेमी बन मतलबी भाव नधर**
**उतालाई सोझै 'अमरपदवी' हासिल गर ।।**
***(तरूणतपसीबाट)***

यी दुई कविताबाट लेखनाथका कविताको बाहिरी र भित्री पक्ष कस्तो रहेछ भन्ने सहजै बुझिन्छ । यस्ता कविताबाट नै कविशिरोमणि लेखनाथको कवित्वको मूल्याङ्कन स्वतः भएको छ ।

## ७. अन्तर्राष्ट्रिय युवा वर्षाङ्क (१९८५)-२०४२

यो अङ्कको शीर्षकले नै बुझाएको छ कि अन्तर्राष्ट्रिय युवा वर्षका विषयमा यसको प्रकाशन भएको हो । सबैजसो देशमा बूढाबूढीहरू त हुन्छन् नै परन्तु ती बूढाबूढीहरूबाट अब देशका लागि सिर्जनात्मक एवं नवनिर्माणका कामहरू हुन सक्दैनन् । त्यसैले भोलि देशको भविष्य आजका युवाहरूको काँधमा अवश्य आउँछ किनकि आजका युवा युवतीहरू भोलि देशका कर्णधार हुन् । अतएव आजका युवा युवतीहरूमा जोश, जाँगर, उत्साह, उमङ्ग, योग्यता, क्षमता, प्रतिभा आदि सबै गुणहरूको आवश्यकता पर्दछ । यिनै कुराको सेरोफेरोलाई उक्त अङ्कले प्रकाश पारेको छ ।

## ८. गुल्मी परिचयाङ्क २०५३

२०५३ सालमा प्रकाशित यो अङ्क लगभग ५/६ वर्षको विश्रामपछि देखा परेको हो । यसमा खासगरी गुल्मी जिल्लाका विभिन्न क्षेत्रहरू जस्तै समाज, संस्कृति,

साहित्य, भूगोल, भाषा, भाषिका, शिक्षा, शिक्षक, इतिहास, संघ, संस्था, पर्यटनविकास आदि विषयमा विभिन्न लेखककहरूद्वारा प्रकाश पारिएको छ । यसले गुल्मी जिल्लाको विशेष परिचयलाई प्रस्तुत गरेको छ । गुल्मी जिल्लाका विभिन्न क्षेत्रहरूको ऐतिहासिक परिचयलाई पनि विशेष महत्त्व दिएर यसमा सविस्तार प्रस्तुत गरिएको छ । यस अङ्कमा यसै जिल्लाका पुराना र नयाँ सबैका आदरणीय सांसद श्री नीलाम्बर पन्थीज्यूसँगको भेटघाटमा विशेष अन्तर्वार्ता पनि छ जसमा उहाँले गुल्मी जिल्लाको भौतिक विकासका लागि विद्युत् विकासमा विशेष जोड दिनुपर्छ भन्ने कुरालाई महत्त्वका साथ प्रस्तुत गर्नुभएको छ ।

## ९. पुस्तकालय विशेषाङ्क २०५५

पुस्तकालय सबैको साथी हो । यो बोल्दैन र पनि सबैलाई बोल्न सिकाउँछ । यो आफू पढ्दैन र पनि यसले पाठकहरूलाई हजुरबुबालेझैं काखमा राखेर पढ्न सिकाउँछ, आमाबुबालेझैं अनुशासनमा रहन सिकाउँछ । जिज्ञासुहरूका लागि यसले इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्रदेखि लिएर ज्ञानविज्ञानका कुरासमेत सिकाउँछ । यति मात्र कहाँ हो र, यसले वेद, उपनिषद् तथा पुराणहरूदेखि लिएर रामायण, महाभारतका कुरा पनि सिकाउँछ, बताउँछ । संक्षेपमा भनौं बाहिर हामीसँग हिंड्ने साथीहरूले थोरै समय मात्र साथ दिन्छन् अनि अर्को मोडमा पुगेर छुट्टिन्छन् । परन्तु पुस्तकालय भने हजुरबुबादेखि लिएर नाति, पनाति, खनातिसम्म पनि साथ दिइरहन्छ । वास्तवमा पुस्तकालय पुस्तौं पुस्ताको साथी हो भन्ने भनाइलाई यसले चरितार्थ गर्दछ ।

*पुस्तकालय सबैको साथी हो । यो बोल्दैन र पनि सबैलाई बोल्न सिकाउँछ । यो आफू पढ्दैन र पनि यसले पाठकहरूलाई हजुरबुबालेझैं काखमा राखेर पढ्न सिकाउँछ, आमाबुबालेझैं अनुशासनमा रहन सिकाउँछ । जिज्ञासुहरूका लागि यसले इतिहास, भूगोल, राजनीतिशास्त्र, अर्थशास्त्रदेखि लिएर ज्ञानविज्ञानका कुरासमेत सिकाउँछ । यति मात्र कहाँ हो र, यसले वेद, उपनिषद् तथा पुराणहरूदेखि लिएर रामायण, महाभारतका कुरा पनि सिकाउँछ, बताउँछ । संक्षेपमा भनौं बाहिर हामीसँग हिंड्ने साथीहरूले थोरै समय मात्र साथ दिन्छन् अनि अर्को मोडमा पुगेर छुट्टिन्छन् । परन्तु पुस्तकालय भने हजुरबुबादेखि लिएर नाति, पनाति, खनातिसम्म पनि साथ दिइरहन्छ । वास्तवमा पुस्तकालय पुस्तौं पुस्ताको साथी हो भन्ने भनाइलाई यसले चरितार्थ गर्दछ ।*

२०५५ सालमा प्रकाशित पुस्तकालय विशेषाङ्कमा धेरै जना लेखकहरूद्वारा समाजमा पुस्तकालयको आवश्यकता, पुस्तकालयको महत्त्व, पुस्तकालयको योगदान र पुस्तकालयबाट हुनसक्ने फाइदाहरूका बारेमा विभिन्न कोणबाट

महत्त्वपूर्ण कुराहरू प्रस्तुत गरिएका छन् । साथै गुल्मी जिल्लाकै किरण पुस्तकालय कहिले र कसरी स्थापना भयो, यसका लागि के-कति समय लाग्यो भन्ने र तत्कालीन पञ्चायत व्यवस्थाको सरकारबाट के-कस्ता अवरोधहरू देखापरे अनि तिनको सामना कसरी गर्नुपर्‍यो आदि कुराहरूका साथै पुस्तकालयको दर्ता प्रक्रिया कसरी पूरा गरियो, पुस्तकालयको भवननिर्माणका लागि जग्गाको बन्दोबस्त कसरी मिलाइयो, इत्यादि कुराहरू तथा पुस्तकालयको मुखपत्र हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशन कहिलेदेखि कसरी शुरू गरियो, पत्रिका छपाउनको लागि कहाँ-कहाँ जानुपरेको थियो भन्नेर पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकाको संचालनार्थ आम्दानीको स्रोत के कसरी जुटाउनुपरेको थियो भन्ने कुरा पनि उल्लेख गरिएको छ । उपर्युक्त कुराहरूका साथै नेपालका अन्य जिल्लाहरूमा पनि भएका चलेका र खुलेका पुस्तकालयहरू कहाँ-कहाँ कुन-कुन पुस्तकालयहरू के-कसरी खुलेका र चलेका छन् भन्ने ऐतिहासिक परिचयसमेत सङ्कलन गरी प्रकाशन गरिएको छ ।

## १०. कथा विशेषाङ्क २०५६

२०५६ सालमा प्रकाशित कथा विशेषाङ्कमा एउटा एउटा कथा लिएर नाम चलेका पुराना कथाकारहरू एवम् नवोदित नयाँ कथाकारहरूसमेत ३६ जना कथाकारहरूले एक-एकवटा कथालाई प्रकाशन गर्नुभएको छ । यस्ता कथाहरूमध्ये केही अनूदित एवम् केही पौराणिक कथा छन् भने बाँकी धेरैजसो कथाहरू मौलिक एवम् सामाजिक क्षेत्रकै छन् । यस्ता कथाहरूमा कथाकारहरूले समाजका विसंगति, विकृति र बेथितिहरूको पर्दाफास पनि गरेका छन् । केही लेखकहरूले कथाको सैद्धान्तिक परिचय, कथा र कथाका तत्त्व तथा विगत एवम् आगतका कथाजस्ता विषयमा समीक्षा, समालोचना पनि गरेका छन् । यसरी कथैकथाको सङ्ग्रह प्रकाशन गरेर हाम्रो पुरुषार्थमा पाठकहरूलाई बौद्धिक एवम् काल्पनिक उडान र अडान कसरी गर्न सकिन्छ भन्ने खुराक एवम् प्रेरणा पनि प्रदान गरेको छ । यी सबै कुरालाई भाषा र साहित्यको उन्नतिको कुरो भन्ने शीर्षक राखेर सम्पादकीय लेखमा विशेष चर्चासहित सम्पादक महोदयबाटै विशेष चर्चा र उल्लेख गरिएको छ ।

यस अङ्कको भेटघाट स्तम्भमा प्रसिद्ध कथाकार गोविन्द गोठालेसँग लिइएका अन्तर्वार्तालाई प्रकाशन गरेर कथाका सम्बन्धमा उहाँका धारणाहरूलाई बुझ्ने प्रयास पनि गरिएको छ ।

## ११. नेपाली भाषिक संगोष्ठी २०५८

२०५७ साल चैत्र महिनाको १८/१९ गते दुई दिनसम्म तम्घासको बालमन्दिरमा भाषिक संगोष्ठी कार्यक्रम भएको थियो । खासगरी यो कार्यक्रम हाम्रो पुरुषार्थका

प्रधान सम्पादक शशि पन्थीजीको सक्रियता र पहलमा नेपाल प्रज्ञा-प्रतिष्ठानको योजनाअनुसार संचालन गरिएको हो । नेपाल प्रज्ञा-प्रतिष्ठानका तर्फबाट समन्वय र सहजकर्ता प्राज्ञ डा. टीकाराम पन्थी हुनुहुन्थ्यो । एकेडेमीको तर्फबाट अरू तीनचार जना प्राज्ञहरूसहित भाषिक विषयमा कार्यपत्र प्रस्तोताहरूका साथै हामीहरू पनि त्यहाँ उपस्थित भएका थियौं । दुई सत्रमा पूरा गरिएको यस कार्यक्रममा विभिन्न कविहरूका कवितावाचनसहित कम्तीमा चारवटा भाषिक विषयका कार्यपत्रहरू वाचन गरिएका थिए । साथै दोस्रो दिनमा प्राज्ञहरूका अगाडि साँस्कृतिक कार्यक्रम पनि प्रस्तुत गरिएको थियो ।

उक्त विषयको विस्तृत विवरणसहित विभिन्न विद्वान्हरूका लेखरचनाहरू पनि यसमा समावेश गरिएका छन् ।

## १२. पत्रकारिता विशेषाङ्क २०६२

यो विशेषाङ्क २०६२ सालमा प्रकाशित भएको छ । यस अङ्कमा नेपालका विभिन्न जिल्लाहरूमा नाम चलेका अनेक पत्रिकाहरूका स्वनामधन्य सम्पादकज्यूहरूका लेखहरूलाई महत्त्वका साथ प्रकाशन गरिएको छ । यस्ता पत्रकारहरूमा भवानी घिमिरे, दुर्गानाथ शर्मा, हेमराज ज्ञवाली, किशोर नेपाल, हरिहर विरही, युवराज गौतम, रोचक घिमिरे, कुलचन्द्र वाग्ले, पुरुषोत्तम दाहाल, धर्मेन्द्र झा, अर्जुन ज्ञवाली, विनयकुमार कसजू, आदित्यमान श्रेष्ठ, रामप्रसाद पन्त आदि धेरैजना हुनुहुन्छ । यी सबै लेखहरूबाट नेपालमा पत्रकारिताको इतिहास, पत्रकारिताको बदलिँदो आयाम आदि विषयहरूका साथै पत्रकारिता मानवको तेस्रो आँखा हो भन्ने कुरासमेत प्रकाशन गरिएका छन् । साथै पत्रकारिता एक जोखिमपूर्ण यात्रा हो भन्दै नेपालबाहिर बनारस तथा अरू ठाउँबाट पनि कसरी नेपाली पत्रपत्रिकाको प्रकाशन र विकास भयो भन्ने विषय पनि यसमा पढ्न पाइन्छ । यी कुराहरूका साथसाथै प्रजातन्त्र भएमा मात्र पत्रकारिता फस्टाउन सक्छ भन्ने कुरासहित नेपालमा प्रजातन्त्रको पुनःस्थापना पूर्वको पत्रकारिता क्षेत्रमा देखापरेको कहालीलाग्दो स्थितिलाई पनि यसमा चर्चा गरिएको छ । यसका साथै गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा कसरी हाम्रो पुरुषार्थ प्रकाशन हुन थाल्यो भन्ने कुराका साथै आजसम्म भन्नाले (हाम्रो पुरुषार्थको ५०औं सम्पूर्णाङ्क प्रकाशन हुँदासम्म यस पत्रिकाले को-को विद्वान् लेखक, कवि एवम् समालोचकहरूसँग भेटघाट गरी उँहाहरूका के-कस्ता विचारहरू यसमा प्रकाशित भएका छन् भन्ने कुरा पनि यसमा पढ्न सकिन्छ । साथै नेपालमा प्रकाशित भएका विभिन्न पत्रपत्रिकाहरूको योगदान के-कस्तो रह्यो भन्ने कुराका साथै नेपालमा संस्कृत शिक्षाको पृष्ठभूमिमा विभिन्न नामका ७-८ वटा पत्रिकाहरू संस्कृत भाषामा पनि प्रकाशित भएको विवरणसमेत यसमा पढ्न सकिन्छ । साथै नेपालको सबैभन्दा जेठो पत्रिका गोरखापत्र वि.सं. १९५८ साल वैशाख २४ गतेदेखि प्रकाशन हुन

थालेको र त्यो आजसम्म आइपुग्दा के-कस्तो दयनीय स्थिति भोग्दै अनेक प्रकारका हण्डर एवम् ठक्कर खाँदै आजसम्मको जिउँदो इतिहास कायम गरेको छ भन्ने कुरा पनि यसमा पढ्न पाइन्छ ।

### १३. डा. टीकाराम पन्थी विशेषाङ्क २०६७

संवत् २०६७ सालमा प्रकाशित यो अङ्क २०६६ सालमा दिवगंत हुनुभएका गुल्मी तम्घासकै निवासी विद्वान् लेखक, समालोचक, कथाकार एवम् कवि डा. टीकाराम पन्थीज्यूकै विषयमा लेख, रचना, समीक्षा, कविताहरू सङ्कलन गरी प्रकाशन गरिएको विशेषाङ्क हो । उहाँले लामो समयसम्म विभिन्न क्याम्पसहरूमा प्राध्यापन गर्नुका साथसाथै नेपाल संस्कृत विश्वविद्यालयको शिक्षाध्यक्ष एवम् नेपाल प्रज्ञा-प्रतिष्ठानको प्राज्ञ पदमा समेत आसीन भई विभिन्न शैक्षिक एवम् प्रशासनिक कामहरू सम्पादन गर्नुभएको थियो ।

उहाँका छवटा संस्कृत काव्यहरू एवम् कथाहरूको सङ्कलन तथा नेपालीमा पनि कथा, लेख, रचना एवम् समीक्षा समालोचनाहरूका सङ्कलन प्रकाशित छन् । यसका साथै बाग्लुङ, गुल्मी, पाल्पा र अर्घाखाँची जिल्लातिर प्रसिद्ध भएका केही ऐतिहासिक पौराणिक विषयका जनश्रुतिहरूको मूल स्रोतसहित अनुसन्धान गरिएका समीक्षात्मक सङ्ग्रह 'केही जनश्रुतिहरू' नामक पुस्तकका साथै धार्मिक, सांस्कृतिक र भाषिक विषयमा समेत अनुसन्धान गरिएका कृतिहरू प्रकाशित छन् । डा. टीकाराम पन्थी नेपालकै विशिष्ट विद्वान् हुनुका साथै संस्कृत जगत्का ख्यातिप्राप्त वैयाकरण, संस्कृत र नेपाली भाषा साहित्यका सिद्धहस्त कवि, लेखक, स्वनामधन्य, अतुल प्रतिभाका धनी प्रगाढ पाण्डित्य, परिपक्व बौद्धिक क्षमता, अपार राष्ट्रप्रेम, कुशल प्रशंसित प्रशासक इत्यादि सद्गुण सम्पन्न हुनुहुन्थ्यो । वास्तवमा उहाँका योग्यता, क्षमता र विशेषताहरूलाई बुझ्न खोज्नेले यो स्मृति ग्रन्थ मनोयोगपूर्वक सबै पढिसक्नुपर्छ भन्ने मेरो मन्तव्य छ । उहाँका विषयमा लेखिएका कविताहरूमध्ये थोरै मात्र यहाँ उल्लेख गर्न उपयुक्त होला-

**दिव्या यस्य विचक्षणा श्रुतवती मेधाविनी षेमुषी**
**वक्तव्यं परिमार्जितं श्रुतिसुखं सम्भाषणं सूनृतम् ।**
**शिक्षाध्यक्षपदं कृतार्थमभवट्टीकागुरोः स्पर्शनात्**
**तत्प्राज्ञं च पदं विभूषितमहो ! तेनैव प्रज्ञान्वयात् ॥**
**विद्यावशंमणिः सुविस्तृतयशा विद्याप्रदाता गुरुः**
**टीकारामबुधोऽस्ति यस्य कलमः काव्यादिलेखक्षमः ।**
**वाचो यस्यसुधारसद्रवमुचो लेखाश्च सम्मार्जिताः**
**प्रौढं तं पथदर्शकं हितकरं मन्यामहे सादरम्**

**टीकारामो विबुधविदितः शास्त्रविच्छेमुषीमान्**
**टीकारामः सकलविबुधाग्रेसरः पारदृश्वा ।**
**टीकारामः सुकृतमतिमान् निर्भयो धर्मभीरूः**
**टीकारामो बुधजनसखः सर्वदा कर्मशीलः**
**टीकारामः सरसकवितालेखनिर्माणदक्षः**
**टीकारामोऽध्ययनविषयेऽध्यापनेऽतिप्रवीणः ।**
**टीकारामः परकृतकृतौ भूमिकालेखविज्ञः**
**टीकारामः प्रवचनकलाशास्त्रचर्चाधुरीणः ॥**

***(स्मृतिग्रन्थको ४० र ४१ औं पृष्ठबाट)***

यिनै र यस्तै कुराहरूलाई उहाँको जीवनी, अध्ययन, अध्यापन र विशेषताहरूलाई सम्पादकीयसहित १२४ जना स्वनामधन्य लेखक, कवि र साहित्यकारहरूले यसमा प्रकाश पार्नुभएको छ ।

### १४. भानु विशेषाङ्क २०७०

उक्त विशेषाङ्क हाम्रो नेपालका आदिकवि भानुभक्त आचार्य २००औं वर्ष प्रवेश हुँदाको उपलक्ष्यमा २०७० सालमा प्रकाशित भएको हो । नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य नेपालीमा रामगाथाका सरल मधुर लेखक तथा गायक मात्र नभई रामभक्ति धाराका प्रमुख प्रतिनिधि कवि पनि हुन् । यसका साथै उनी सामाजिक एवम् प्रशासनिक विकृतिका कटुआलोचक एवम् व्यङ्ग्यकार पनि हुन् । राणाशासनको निरङ्कुशताको अँध्यारो रातमा पनि राँको बाल्दै हिँड्न सक्ने सरल, सहज र सरस भाषामा नेपालीहरूका मनमा चेतना र आँखामा ज्योति जगाउने साहसी प्रतिभा तथा कीर्तिमान कवि हुन् । उनैका विविध कृतिहरूका समीक्षा, समालोचना, विवेचनासहित आ-आफ्ना विचारपूर्वक अभिनन्दनसमेत गरिएका लेख रचना र कविताहरू प्रस्तुत गर्ने ५२ जना विद्वान्, बुद्धिमान् लेखक, कवि, समालोचक र विवेचकहरूको उपस्थिति यस विशेषाङ्कमा देखा पर्छ । साथै, भेटघाट स्तम्भमा प्रा.डा. जयराज आचार्यको अन्तर्वार्ता पनि यसमा प्रस्तुत गरिएको छ ।

### १५. विश्वेश्वर विशेषाङ्क २०७१

यो विशेषाङ्क संवत् १९७१ मा जन्मेका विश्वेश्वरप्रसाद कोइरालाको जन्मशताब्दी पूरा हुँदाका वर्ष २०७१ मा प्रकाशित भएको हो । विश्वेश्वरप्रसाद कोइराला नेपालमा प्रजातन्त्र स्थापनाका लागि गरिएको आन्दोलनको समयमा होस्, त्यसपछिको प्रजातान्त्रिक सरकार रहँदामा होस् अथवा प्रजातान्त्रिक सरकारलाई भङ्ग गरी आएको पञ्चायत व्यवस्थामा होस् सत्तामा रहेको बेलामा अथवा

सत्ताबाहिर रहेको बेलामा उनी राजनीतिमा शिखरपुरुष भएर रहे । यसका साथै उनले नेपाली साहित्यमा कालजयी मनोवैज्ञानिक कथाहरूको संरचना गरी प्रकाशनमा ल्याएका हुनाले पनि साहित्यमा समेत शिखरपुरुषकै रूपमा देखा परे ।

यसरी राजनीतिक, सामाजिक एवम् साहित्यिक यात्रामा अजरामर भएका भनौं अथवा युगबोध भएका शिखरपुरुषका विषयमा विभिन्न ६५ जना लेखक, समालोचक एवम् कविहरूद्वारा आ-आफ्ना रचनाद्वारा उनको संस्मरण गरिएको विशेषाङ्क हो । यसमा राजनेता एवम् साहित्यकार बी.पी. कोइरालाका बारेमा अनेक दृष्टिबाट उनका विशेषताहरूलाई उल्लेख गर्नुका साथै उनका साहित्यिक कृतिहरूको समीक्षा, समालोचना र मूल्याङ्कनसमेत गरिएको छ । वास्तवमा बी.पी. कोइरालाभित्रको राजनीतिक चेतना र राष्ट्रियता तथा साहित्यिक चेतना र सिर्जनशीलतालाई बुझ्न खोज्ने व्यक्तिका लागि यो विशेषाङ्कले धेरै सहयोग पुर्‍याउँछ भन्ने मेरो मन्तव्य छ । यी सबै कुराका साथै भेटघाट स्तम्भमा राजनीति शास्त्रका दुईजना वरिष्ठ प्राध्यापकहरू प्रा.डा. लोकराज बराल र प्रा. कृष्णप्रसाद खनालसँग लिइएका अन्तर्वार्ताहरूले पनि बी.पी. कोइरालाका उक्त विशेषताहरूलाई बुझाउन धेरै सहयोग पुर्‍याउँछन् भन्ने लाग्दछ ।

### १६. किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क २०७५

यो विशेषाङ्क २०२५ सालमा गुल्मीको तम्घासमा किरण पुस्तकालय स्थापना भएको हिसाबले २०७५मा पचासवर्ष पुग्दा मनाइने स्वर्णवर्ष विशेषाङ्कको रूपमा प्रकाशित भएको हो ।

यस विशेषाङ्कमा ७५ जना लेखक महानुभावहरूले उक्त किरण पुस्तकालय के हो, कस्तो हो, कसरी स्थापना भएको थियो, यसले गुल्मीका पाठकहरूमा के-कस्तो सहायता र योगदान दियो इत्यादि विषयका साथै पुस्तकालयको भूमिका, पुस्तकालयले लगाएको गुण, मानिसहरूलाई पुस्तकालयले कसरी पढाउँदै आयो आदि विषय र किरण पुस्तकालयसँगको आत्मीयता, दुःखको बेलाको साथी किरण पुस्तकालय, किरण पुस्तकालयका ५० वर्ष, किरण पुस्तकालयको प्रकाश, ज्ञानको भोजनालय किरण पुस्तकालय, जिल्लामा गोरखापत्र हेर्ने ठाउँ किरण पुस्तकालय इत्यादि महत्त्वपूर्ण विषयमा पठनीय र मननीय लेखहरू प्रकाशित भएका छन् ।

### १७. कवि प्रयासी स्मृति अङ्क २०७७

गुल्मी जिल्लाको सदरमुकाम तम्घासमा नै घर भएका २००५ सालमा जन्मिएका कवि भेषबहादुर कुवँर प्रयासी आफूले उच्च शिक्षा लिने अवसर नपाउँदा पनि

गुल्मी जिल्लाको शिक्षा क्षेत्रमा धेरै योगदान दिने व्यक्ति हुन् । यति मात्र होइन उनी लोकप्रिय गीत र कविताका पनि सर्जक प्रतिभा हुन् । साथै किरण पुस्तकालय खोल्ने काममा र हाम्रो पुरुषार्थ पत्रिका संचालन गर्नमा पनि हरतरहले सहयोग गर्ने जुझारू व्यक्तित्व हुन् । २०७६ साल जेठ महिनामा ७२ वर्षको उमेरमा यिनको मृत्यु भयो । त्यसको एक वर्षभित्रै २०७७ सालको प्रारम्भमा नै हाम्रो पुरुषार्थले यिनको स्मृतिअङ्क प्रकाशित गर्‍यो ।

यस अङ्कमा कवि प्रयासीको जन्मदेखि मृत्युसम्मका सम्पूर्ण विवरणलाई अर्थात् कवि प्रयासी सबैको भलो चिताउने, मीठो बोल्ने, सबैसँग राम्रो व्यवहार गर्ने हुनुका साथै समाजमा देखिएका विकृति, विसङ्गति अनाचार, भ्रष्टाचारजस्ता अव्यवस्थाहरूमाथि आफ्ना चोटिला कविताहरूद्वारा व्यङ्ग्यवाण प्रहार गर्दै सुधारको अपेक्षा राख्ने कवि मात्र थिएनन् गीत गाउने, नाच्ने र सबैको आँखामा नबिझाएका सहयोगी व्यक्तित्व थिए । कवि प्रयासी अरूसँग बोलचाल गर्दा आफू हाँसेर मात्र बोल्दथे र अरूलाई पनि हँसाएरै छोड्थे । यस स्मृतिअङ्कमा उनका कविताहरूको चर्चा, मूल्याङ्कन गर्दै उनको योगदानको समेत विशेष उल्लेखपूर्वक सम्झना गरिएको छ ।

## १८. पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क २०७७

यो गुल्मी जिल्लाकै धुरकोट वाग्ला बडाचौर गाउँमा वि.सं १९७८ सालमा जन्मनुभएका महाकवि पं. भीमकान्त पन्थी सयवर्ष पुग्नुभएको उपलक्ष्यमा उहाँकै विषयमा केन्द्रित भई २०७७ सालमा प्रकाशित शतवार्षिक स्मृति विशेषाङ्क हो । यसमा ८० जना जति लेखक महानुभावहरूले महाकवि पं. भीमकान्त पन्थीज्यूका विषयमा अनेक कोण र दृष्टिबाट आ–आफ्ना विचारात्मक लेख रचनाहरू प्रस्तुत गर्नुभएको छ । यीमध्ये धेरैजना त पण्डितजीकै घरपरिवारका सदस्यहरू भन्नाले उहाँका श्रीमती, भाइहरू, छोराछोरी तथा बुहारीहरू, नातिनीहरू, तथा भाञ्जा भतिजाहरूसमेत छन् । उक्त लेखरचनाहरूबाट उहाँका घरायसी विषय र व्यवहारहरूमा प्रकाश पारिएको छ । अन्य स्वनामधन्य विद्वान्, विदुषी, कवि एवम् समालोचक महोदयहरूबाट उहाँका काव्यकृतिहरूका विषयमा समीक्षात्मक लेख रचनाहरू तथा उहाँको आनीबानी, शीलस्वभाव र सौजन्यका विषयमा प्रकाश पारिएको छ । यस्ता लेखकहरूमध्ये उहाँलाई राम्ररी जानेबुझेका र उहाँसँग पढेका तथा उहाँकै कृतिगत विशेषताहरूलाई लिएर विद्यावारिधि गर्ने शोधकर्ताहरू पनि हुनुहुन्छ ।

यस स्मृतिग्रन्थमा उहाँका प्रकाशित काव्यकृतिहरूका विषयमा लेखिएका भूमिकाहरूसहित उहाँको जन्मकुण्डलीको पनि अध्ययन गरी यस विषयमा विशेष प्रकाश पारिएको छ । साथै लुम्बिनी अञ्चलको कपिलधाममा उहाँको शालिक

स्थापना गरिएको कुरालाई पनि यसमा प्रस्तुत गरिएको छ । उहाँका विषयमा उल्लेख गरिएका धेरै कविताहरूमध्ये केहीलाई मात्र यहाँ उल्लेख गर्दछु-

**सद्धर्मस्योपदेष्टा स्वयमपि सुकृती तत्कुलाऽलङ्कृतिः सन्**
**विद्वानेष प्रवक्ता रुचिरपदकविः शास्त्रवित् काव्यकर्ता ।**
**योऽन्येषां चोपकर्ता ग्रहफलकथनादायुरारोग्यवेत्ता**
**लोकैः सम्मानितोऽसौ विनयनयविधेर्मूर्तिकल्पो विपश्चित् ॥ १**

**यद् ग्रामे पण्डितोऽयं समवसदधिकं सर्वदा पूजितोऽपि**
**ग्रामस्थान् बालकान् यः प्रपठनकलया शिक्षणैकावधानः ।**
**गेहे चाऽऽस्ते द्वितीयाद्वयमिह नितरां पादयोः सेवमानम्**
**गङ्गा नीला च ताभ्यां समजनिषत ते ह्यात्मजन्माऽधुनाऽष्टौ ॥ २**

**वेदान्तादिकदर्शनेषु निपुणः साङ्गश्रुतौ पारगो**
**यो रामायणभारतादिकपुराणानां बुधो वाचक ।**
**साहित्याम्बुधिपारगः सुकृतकृद् विद्याविकासोज्ज्वलः**
**स्वाचारान्वितवेषभूषिततनुः श्रीभीमकान्तो गुरुः ॥ ३**

**भारद्वाजकुलावतंसमणिवद् योऽभूत् सतामग्रणी**
**र्लोकैर्गीतगुणोऽर्थिभिः परिवृतो विद्यार्थिभिः संस्तुतः ।**
**सर्वैर्माण्डलिकैर्बहुश्रुतजनैर्यत् पादपद्मार्चितम्**
**तस्यैतत् पदपद्ममस्तु सुखदं भूयात् तमो हारकम् ॥ ४**

***(यसै स्मृतिग्रन्थको पृष्ठ ६०४ बाट)***

यस विशेषाङ्कमा महाकवि पं. भीमकान्तज्यूकै कान्छो भाइ पं. शेखरनाथ पन्थीज्यूसँग भेटघाट गरी लिइएको लामो अन्तर्वार्ता पनि प्रकाशित छ । उक्त अन्तर्वार्ता र माथि उल्लेख गरिएका कविताहरूबाट उहाँको वैशिष्ट्य बुझ्न सकिन्छ ।

## १९. रुरुक्षेत्र विशेषाङ्क २०८०

यो नेपालका चार तीर्थक्षेत्रमध्ये प्रसिद्ध एक तीर्थ रुरुक्षेत्रको महिमा, गरिमा एवम् विशेषतालाई जनमानसमा बुझाउन प्रकाशन गरिएको हो । यी चार तीर्थहरूलाई नेपालका चार धाम भन्ने प्रसिद्धि पनि छ । ती चार धाम वराहक्षेत्र, पाशुपतक्षेत्र, मुक्तिक्षेत्र तथा रुरुक्षेत्र हुन् ।

*रुरुक्षेत्र वा कालीगण्डकीको ऐतिहासिक, पौराणिक, धार्मिक, साहित्यिक दृष्टिकोणले हेर्न र बुझ्न चाहने पाठकहरूका लागि यो रुरुक्षेत्र विशेषाङ्क अत्यन्त महत्त्वपूर्ण छ र पठनीय, मननीय एवम् सङ्ग्रहणीय पनि रहेको छ ।*

यस विशेषाङ्कलाई पाठकहरूले चार दृष्टिबाट पढ्दा आजको रुरुक्षेत्र (रिडी) वा पुण्यसलिला, शालग्रामगर्भा, चक्रनदी, कृष्णागण्डकीको सेरोफेरो भन्नाले गण्डकी उत्पत्ति भएको ठाउँ दामोदरकुण्डदेखि लिएर रिडी देवघाट त्रिवेणी हुँदै हरिहरक्षेत्रसम्म (गण्डकीगङ्गा संगम) सबै बुझ्न सजिलो पर्छ ।

*यसभित्र हालसम्म प्रकाशित हाम्रो पुरुषार्थका सम्पूर्ण अङ्कहरूमा को-को लेखक, समालोचक, कवि, अनुसन्धाता महानुभावहरूबाट प्रस्तुत के-कस्ता लेखरचनाहरू प्रकाशित गरिए भन्ने विवरणका साथै ती लेखरचनाहरूबाट समाजमा के-कस्तो सकारात्मक ऊर्जा वा प्रभाव पऱ्यो भन्ने कुराका साथै आजसम्म प्रकाशित हाम्रो पुरुषार्थले पुऱ्याएको योगदानको चर्चा परिचर्चा वा समालोचना एवम् विश्लेषण प्रस्तुत गरिएको छ । यो एउटै अङ्कको अध्ययनबाट पनि नेपाली समाजमा हाम्रो पुरुषार्थले विभिन्न क्षेत्रमा पुऱ्याएको सम्पूर्ण योगदानको चर्चा वा उल्लेख गरिएको रहेछ भन्ने जानकारी लिन सजिलो पर्दछ ।*

१. **रुरुक्षेत्रको विवरणात्मक दृष्टि :** यस दृष्टिका लेखकहरूमा भागीरथीश्रेष्ठ, कमलराज श्रेष्ठ, चन्द्रकान्त आचार्य, हेमराज पाण्डे, नारायण ज्ञवाली, शारदा भट्टराई, युवराज भुसाल, भट्टराई बन्धु, डा. रामराज पन्थी, प्रा.डा ध्रुवप्रसाद भट्टराई र कृष्णबहादुर कुँवर आदि धेरै जना लेखकहरूद्वारा प्रस्तुत गरिएका रचनाहरूबाट रुरुक्षेत्रको विवरणात्मक एवम् वर्णनात्मक सक्षिंप्त जानकारी प्राप्त हुन्छ ।

२. **ऐतिहासिक तथा पौराणिक दृष्टि :** यस दृष्टिबाट प्रा.डा. वेणीमाधव ढकाल, प्रा.डा. मोहनीलाल नेपाल, प्रा. नवराज पाण्डे, प्रा.डा. ध्रुवप्रसाद भट्टराई, डा. भवेश्वर पंगेनी, दुर्गादत्त पौडेल, मीनप्रसाद ज्ञवाली, परशुराम भट्टराई, तेजनिधि पौडेल, वेदप्रसाद पन्त आदि लेखकहरूबाट प्रस्तुत गरिएका लेख रचनाबाट बुझ्न सकिन्छ ।

३. **साहित्यिक दृष्टि :** उपप्राध्यापक ज्ञाननिष्ठ ज्ञवाली, ठाकुर शर्मा भण्डारी, मुकुन्द शर्मा चालिसे, प्रह्लाद पोखेल, गणेश ज्ञवाली, रामप्रसाद पन्थी, नारद गौतम, भरतराज पौडेल, काशीनाथ मिश्रित, डा. हिरण्यलाल ज्ञवाली, डा. रामप्रसाद ज्ञवाली र डा. लक्ष्मीकान्त पन्थीद्वारा प्रस्तुत गरिएका लेखरचना एवम् कविताहरूबाट रुरुक्षेत्रलाई बुझ्न सकिन्छ ।

४. **समग्र दृष्टि :** यसमा आदित्यमान श्रेष्ठ, देवेश्वर सरस्वती, चन्द्रप्रकाश उपाध्याय, युवराज भुसाल, राजु भुसाल, आदि लेखकहरूद्वारा प्रस्तुत

लेखरचनाहरूबाट रुरुक्षेत्रलाई बुझ्न सकिन्छ । समग्रमा भन्नुपर्दा रुरुक्षेत्र वा कालीगण्डकीको ऐतिहासिक, पौराणिक, धार्मिक, साहित्यिक दृष्टिकोणले हेर्न र बुझ्न चाहने पाठकहरूका लागि यो रुरुक्षेत्र विशेषाङ्क अत्यन्त महत्त्वपूर्ण छ र पठनीय, मननीय एवम् सङ्ग्रहणीय पनि रहेको छ ।

## २०. हाम्रो पुरुषार्थ शताङ्क विशेष २०८०

यो २०३० सालमा प्रकाशन प्रारम्भ भएको हाम्रो पुरुषार्थ (शुरूमा वार्षिक, पछि अर्धवार्षिक र हाल त्रैमासिक) पत्रिकाको अहिले पचास वर्ष पुग्दा प्रकाशित हुँदै गरेको सयौं विशेषाङ्क हो । यसभित्र हालसम्म प्रकाशित हाम्रो पुरुषार्थका सम्पूर्ण अङ्कहरूमा को-को लेखक, समालोचक, कवि, अनुसन्धाता महानुभावहरूबाट प्रस्तुत के-कस्ता लेखरचनाहरू प्रकाशित गरिए भन्ने विवरणका साथै ती लेखरचनाहरूबाट समाजमा के-कस्तो सकारात्मक ऊर्जा वा प्रभाव पर्‍यो भन्ने कुराका साथै आजसम्म प्रकाशित हाम्रो पुरुषार्थले पुर्‍याएको योगदानको चर्चा परिचर्चा वा समालोचना एवम् विश्लेषण प्रस्तुत गरिएको छ । यो एउटै अङ्कको अध्ययनबाट पनि नेपाली समाजमा हाम्रो पुरुषार्थले विभिन्न क्षेत्रमा पुर्‍याएको सम्पूर्ण योगदानको चर्चा वा उल्लेख गरिएको रहेछ भन्ने जानकारी लिन सजिलो पर्दछ ।

शताङ्क भाग एक र भाग दुई गरी दुई भागमा प्रकाशनमा ल्याइएको छ । हाम्रो पुरुषार्थले अहिलेसम्म निकालेका विशेषाङ्कहरूमध्ये आकारगत दृष्टिबाट हेर्दा हाम्रो पुरुषार्थको स्वर्णजयन्तीको अवसरमा प्रकाशित यो शताङ्क सबैभन्दा बृहत् आकारको ग्रन्थ हो । हातमा लिएर हिंड्न पनि ज्यादै ठूलो र गरुङ्गो हुने अनि बाइण्डिङ्गमा पनि समस्या पर्ने कुरालाई विचार गरी यसलाई दुई खण्डमा विभाजन गरी भाग एक र दुई बनाउनु परेको बुझ्न सकिन्छ । नेपाली साहित्यिक पत्रिकाहरूले एउटा अङ्क २ भागमा निकालेको कमै उदाहरण होलान् ।

यस दृष्टिले हेर्दा यो शताङ्क सबैका लागि पठनीय, मननीय तथा सङ्ग्रहणीय रहेको छ भन्ने देखापर्दछ ।

अब सयभन्दा माथिका आगामी नयाँ अङ्कहरूले पनि यसैगरी समाजका विभिन्न पक्षहरूमा नयाँनयाँ लेख रचना निबन्ध, कथा, कविता आदि सामग्रीहरू पस्किएर पाठकहरूको ज्ञानको भोकलाई मेटाउन र सन्तुष्टि दिन सकून् भन्ने आशा राख्दै अहिले विश्राम लिन्छु । इति शुभम् ॥

✐ **पूर्व सह-प्राध्यापक-अमृत साइन्स क्याम्पस, काठमाडौं ।**

०००

# नवचेतनाको प्रकाशदीप:हाम्रो पुरुषार्थ



✍ **भट्टराई बन्धु**

**हाम्रो पुरुषार्थ** - ग्रामीण परिवेशबाट आफ्नै खुट्टामा स्थापित मोफसलको हाम्रो पुरुषार्थका सय अङ्क सार्वजनिक भएका छन् । नवचेतनाको प्रकाशदीप यो पत्रिकाले लुकेको इतिहास, विलुप्त प्रायः पौराणिक गाथा, सभ्यता, धर्म-संस्कृतिको खोज तलास गरेको छ । सामाजिक-साहित्यिक-शैक्षिक-राजनैतिक उत्थानका महत्त्वपूर्ण आयामलाई प्रकाशनमा ल्याएर हाम्रो पुरुषार्थ सामाजिक-जीवनको अभिन्न अंग बनेको छ । यसका नियमित अङ्कहरू समाजका अमूल्य रत्न बनेका छन् । बेला-बखतका विशेषाङ्कहरूले सामाजिक, शैक्षिक, साहित्यिक, सांस्कृतिक संपदाको श्रीवृद्धि गर्ने काम गरेको छन् । हाम्रो पुरुषार्थका विशेषाङ्कहरूमा शुभराज्याभिषेक विशेषाङ्क (२०३१), अन्तर्राष्ट्रिय बाल वर्षातिरिक्ताङ्क (२०३६), समालोचना विशेषाङ्क (२०३७), लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क (२०३९), साहित्यकार विश्वेश्वरप्रसाद कोइराला स्मृति विशेषाङ्क (२०३९), लेखनाथ अङ्क (२०४१), अन्तर्राष्ट्रिय युवा वर्षाङ्क-१९८५ (२०४२), गुल्मी परिचयाङ्क (२०५३), पुस्तकालय विशेषाङ्क (२०५५), कथा विशेषाङ्क (२०५६), नेपाली भाषिक संगोष्ठी विशेषाङ्क (२०५८), पत्रकारिता विशेषाङ्क (२०६२), डा. टीकाराम पन्थी विशेषाङ्क (२०६७), भानुविशेषाङ्क (२०७०) बी.पी. विशेषाङ्क (२०७१), भेषबहादुर कुँवर "प्रयासी" विशेषाङ्क (२०७७), पं. भीमकान्त पन्थी स्मृति विशेषाङ्क (२०७७), रुरुक्षेत्र विशेषाङ्क, (२०८०) आदि प्रमुख छन् । राष्ट्रको सामाजिक-सांस्कृतिक-साहित्यिक-राजनीतिक परिस्थितिको मूल्याङ्कन, विवेचना, विश्लेषण गरिएका यी अङ्कहरू स्तरीय र अनुसन्धेय छन् । मुलुकको महनीय अभिलेखको रूपमा दर्ज भएका छन् ।

**ग्रामीण परिवेश -** हाम्रो पुरुषार्थ प्रकाशनमा आएपछि प्रारम्भमा छोटा-छोटा कविता पढियो । डा. टीकाराम पन्थीको "केही जनश्रुति" पढेपछि देख्न सक्ने मेरा आँखा खुलेका थिए । सिंगो समाजको आँखा खोलिदिने महत्त्वपूर्ण सामग्री प्रकाशित गरेकोमा किरण पुस्तकालयलाई धन्यवाद ज्ञापन गरेको मलाई सम्झना छ । महाभारत युद्धकालमा गेडिएको बर्बरिकको शिर बोकी ल्याएका महाबली

भीम म जन्मिएको बल्कोट अर्जुनस्वारामा बास बसेका रहेछन् भन्ने पहिलो पटक "केही जनश्रुति" मा पढ्दा अत्यधिक उत्तेजित हुन पुगेको थिएँ । डा. टीकाराम पन्थीका लेखहरू खोजी-खोजी पढ्न थालें । यही आकर्षणले त्यसै वर्ष हाम्रो पुरुषार्थको आजीवन सदस्य बनेको थिएँ ।

अँध्यारोमा पनि दौडिन खोज्ने त्यो जमानाको आवागमन कष्टप्रद, गुल्मी अगम्य प्रायः थियो, दुर्गम थियो । बुटवलसम्म पैदल हिडनु पर्थ्यो । काठमाडौं पुग्न ७२ कोस पैदल बाटो हिंड्नुपर्थ्यो । तीसको दशकमा भैरहवा-पोखरा राजमार्ग बनेपछि तानसेनसम्म एक दिन र एक बिहान पैदल हिडेर बस चढ्न सक्ने अवस्था बन्यो । विश्व खाद्य संगठनको कामको लागि खाद्यान्न कार्यक्रम अन्तर्गत पचासको दशकमा जिल्ला पञ्चयतका तत्कालीन सभापति बैकुण्ठबहादुर चन्दको नेतृत्वमा गुल्मेली जनताको बर्कतले तानसेनदेखि तम्घासको मोटरबाटो जोडिएको हो । प्रजातन्त्र पुनःस्थापना पछि गुल्मी जिल्लामा मात्र होइन क्रमिक रूपले सबै पहाडी जिल्लाहरूमा बाटो-घाटो बन्यो, यातायातको सुविधा विस्तार भएको हो । गुल्मीको आवागमन अगम्य प्रायः रहेकै अवस्थामा "हाम्रो पुरुषार्थ"ले २०३० सालमा पहिलो पाइला चालेको हो । पाँच दशक लामो यात्रामा, आवागमनमा देखिने भौतिक सुविधासित तुलनै गर्न नसकिने तहमा जनचेतना अभिवृद्धिमा हाम्रो पुरुषार्थले युगान्तकारी छलाङ लगाएको छ ।

**शिक्षा-दीक्षा :** सृष्टिको प्रारम्भदेखि अहिलेसम्म अटूट रूपमा रेसुङ्गा तपोवन रह्यो । सृष्टिको शुरूमा ब्रह्माजीको मनबाट जन्मिएका मानस पुत्र महर्षि भृगु, त्रेतायुगमा ऋश्यशृङ्गको तपोभूमि रहेको रेसुङ्गामा अनेक महर्षि, देवर्षि, ब्रह्मर्षि, अन्य महानुभावहरूले तपस्या गरेका छन् । आयोध्याका राजा दशरथको पुत्रेष्टि यज्ञ गराउने यहींका ऋश्यशृङ्ग थिए । यही यज्ञकों प्रतापबाट मर्यादा पुरुषोत्तम रामको जन्म भएको थियो । यही सम्बन्धलाई जीवन्त राख्न रेसुङ्गामा यसै वर्ष सप्ताहव्यापी महायज्ञको आयोजना गरी रेसुङ्गा-अयोध्या बीच भगिनी सम्बन्ध कायम गरिएको थियो ।

अर्वाचीन कालको रेसुङ्गामा शशिधर स्वामीको (वि.सं. १८०४-१९०६) समयमा "गुरुकुल पाठशाला" सञ्चालनमा रह्यो । यसको प्रताप र प्रभावले गुल्मीमा शिक्षाको महत्त्व गाउँ-गाउँ पुग्यो । सचेत र सजग ब्राह्मण परिवारले आफ्ना सन्ततिहरूलाई गुरुकूल पाठशालामा दाखिला गराउने गरे । यसको विशेषता के रह्यो भने यहाँबाट दीक्षित पण्डितहरूले गाउँमा बसेर विभिन्न माध्यमले पढाउन थाले । स्वर्गद्वारी आश्रमबाट दीक्षित जनहरू पनि समाजमा आउन थाले । शिक्षाप्रेमी समाजसेवीहरूले दलाने पाठशाला खडा गरी गाउँमा उपलब्ध पण्डितहरूलाई मामूली पारितोषिकमा पठन-पाठनको व्यवस्था मिलाए । गुल्मीमा यसको राम्रो प्रभाव पऱ्यो । जानकार शिक्षासेवीका अनुसार दलाने पाठशालाको अगुवाइ गर्नुहुने प्रातःस्मरणीय पंडितहरूमा पं. भीमकान्त पन्थी पं. गुणनिधि पन्थी

(धुर्कोट), पं. खडानन्द खनाल-गणेश, पं. भद्रकाली पोखरेल (नयाँगाउँ), ज्यो. पं. झुँभलाल सापकोटा-दामोदर (वामी टकसार), पं. गोविन्दप्रसाद मरासिनी (भ्वाँग), पं. शेषकान्त मरासिनी, पं. डिल्लीराज पन्थी, पं. डिलाराम पन्थी, पं. परशुराम पन्थी, शिक्षासेवी प्रेमलाल थापा (तम्घास), श्रीधर पोखरेल (पराल्मी) चिरञ्जीवी मरासिनी (अर्खले) बुद्धिराम पन्थी र डिलाराम पन्थी (उधिन्दुङ्गा), ठाकुर प्रसाद मरासिनी, लीलाधर पन्थी (तम्घास), हरिप्रसाद गौतम (जुभुङ्) नारायणदत्त पन्थी, हरिलाल अर्याल (रैये), जगेलाल ज्ञवाली (चारपाला), रामचन्द्र अर्याल, जयप्रसाद अर्याल (सिमिचौर), जीवनाथ आचार्य, ललितकुमार आचार्य खडानन्द मरसिनी (सान्ने), खिमानन्द पोखरेल (खन), पं. ईश्वरीप्रसाद घिमिरे (मुसीकोट) आदि हुनुहुन्थ्यो । वि.सं. १९९४ सालमा खिदिममा श्री हरिहर संस्कृत पाठशाला स्थापना पश्चात् पठन-पाठन व्यवस्थित भयो । अनौपचारिक पठन-पाठनको इतिवृत्ति प्रा. डा. टीकाराम पन्थीले हाम्रो पुरुषार्थको विशेषाङ्कमा उल्लेख गर्नुभएको छ ।

तम्घासको सुगन्ध सात सालको जनक्रान्तिपछि गुल्मीको सदरमुकाम तम्घास तोकियो, गाउँ-गाउँमा स्कूल खुल्न थाले । तम्घासको चिदीचौरमा मिडल स्कूल स्थापना भयो । केही दलाने पाठशालाहरू प्राथमिक विद्यालयमा रूपान्तरित भए भने केही विस्थापित हुन पुगे । जननिर्वाचित सरकारले २०१६ सालमा शिक्षा मन्त्री परशुनारायण चौधरीको अध्यक्षतामा अधिकार सम्पन्न शिक्षा आयोग गठन गरेको थियो । सांसदहरू आयोगका सदस्य रहने प्रावधानअनुरूप हरेक सांसदले आफ्नो निर्वाचन / जिल्लाको भौगोलिक, सामाजिक अवस्थिति र पाठशाला / विद्यालयको अवस्था यकिन गरी उपस्थित हुन आयोगले बैठक बोलायो । तत्कालीन सी.डी.ओ. नेत्रलाल ज्ञवालीका अनुसार गुल्मीमा २८ प्राथमिक, १२ मिडल स्कूल र ५ हाई स्कूल कोटा स्वीकृत गरेको थियो । यो नयाँ व्यवस्थाले सदरमुकाममा हाई स्कूल अनिवार्य गरेको थियो । यसै नीति अनुरूप तम्घासमा २०१६ सालमा महेन्द्र हाई स्कूलको स्थापना भएको हो । संस्थापक प्रधानाध्यापक मानकोटका भेषराज ज्ञवाली नियुक्त हुनुभयो । सत्र सालको प्रतिगामी कदमपछि उहाँलाई काँग्रेस समर्थक घोषित गरी प्रशासक चन्द्रमान थकालीले निष्कासित गरिदिए । उहाँपछि नरहरि रिजालले हाई स्कूलकों प्रशासनिक जिम्मेवारी लिनुभयो । श्री ज्ञानहरि आचार्य, डा. टीकाराम पन्थी, डा. होमनाथ भट्टराई जस्ता विद्वान् मनीषीहरूले महेन्द्र हाई स्कूलमा पढाउनुभयो । वाराणसीको पढाइ सकेर घर फर्किने विद्यार्थीमाझ बोल्दै राजनेता बी.पी. कोइरालाले "मुलुकका उज्ज्वल नक्षत्र" भनेर मनीषीत्रय ज्ञानहरि आचार्य, डा. टीकाराम पन्थी, डा. होमनाथ भट्टराईलाई चिनाउनुभएको घटना स्मरणीय छ । केही समयपछि डा. पन्थी त्रिभुवन विश्वविद्यालय सेवामा लाग्नुभयो भने डा. भट्टराई बल्कोट हाई स्कूलको प्रधानाध्यापक नियुक्त हुनुभयो । उहाँका साथमा डेढ वर्ष जति मैले पनि बल्कोट हाई स्कूलमा पढाउने अवसर पाएको थिएँ । मेरा आई.एस्सी.का सहपाठी श्री पद्मप्रसाद पन्थी तम्घास हाई स्कूलमा पढाउन थाल्नुभयो । उहाँ र भेषबहादुर

कुँवर, शशि पन्थी, दीन पन्थीले लामो समय महेन्द्र हाई स्कूलमा प्राध्यापन गर्नुभयो । केही समयपश्चात् श्री ज्ञानहरि आचार्य हाई स्कूलको प्रधानाध्यापक नियुक्त हुनुभयो । यहाँको पठन-पाठन र व्यवस्थापन सबैका लागि अनुकरणीय रह्यो ।

परिस्थितिले सृजना गरेको अभिप्रेरणात्मक शैक्षिक वातावरणले तम्घास शैक्षिक हब बन्न पुगेको थियो । गुल्मी, अर्घाखाँची, प्यूठान र पाल्पाबाट छात्र-छात्राहरूको तम्घासमा घुर्चो लाग्ने गर्थ्यो । यस्तो लाग्थ्यो-संस्कार, बोली-व्यवहार र कर्मले तम्घास हाई स्कूलका गुरुजनहरू आधुनिक जगत्का ऋषिमुनि जस्तै हुनुहुन्थ्यो । समाजले पनि त्यस्तै मान्यों । चेतना र जागरणको हिसवाले त्यो समय कोसेढुङ्गा सावित भयो । साथ-साथै जनतान्त्रिक शक्तिले संस्थागत स्वरूप धारण गर्न थाल्यो । सिक्न खोज्ने, जान्न खोज्ने, बुझ्न खोज्नेहरूका लागि तम्घास ज्ञानकेन्द्र जस्तै थियो । हाम्रो पुस्ताले त्यतिबेलाको तम्घासलाई मिनी वाराणसी मान्ने गरेको थियो । समयक्रमले उच्च शिक्षाको माग गऱ्यो । २०२५ सालमा जनस्तरबाट गुल्मी इन्टर कलेज स्थापना भयो तर प्रशासनको असहयोगले यसले स्थायित्व ग्रहण गर्न सकेन । राष्ट्रिय जनमत संग्रहपछि मात्रै प्राचार्य ज्ञानहरि आचार्य र शशि पन्थीको अग्रसरतामा रेसुङ्गा क्याम्पस स्थापना भयो । केही समय पछि प्राचार्य ज्ञानहरि आचार्य सेवानिवृत्त हुनुभयो । उहाँले श्री शशि पन्थीलाई क्याम्पसप्रमुखको कार्यभार सुम्पिएर तम्घासबाट बिदा हुनुभएको थियो । उहाँको अविस्मरणीय योगदानको सम्मान गर्दै तम्घासमा श्री ज्ञानहरि आचार्यको प्रतिमा स्थापना गरिएको छ । झण्डै तीन दशक क्याम्पस प्रशासनको जिम्मेवारी निर्वाह गर्नुभएका शशि पन्थीको प्रयासमा क्याम्पसको स्तरोन्नति भयो, रेसुङ्गा क्याम्पस बहुमुखी क्याम्पसमा रूपान्तरण भयो । यहाँबाट दीक्षित हजारौं विद्यार्थीहरू अहिले मुलुकका जिम्मेवार पदहरूमा कार्यरत छन् ।

बहुमुखी प्रतिभाले समग्र समाजको नाडी छामे हुन्छ । क्याम्पसप्रमुख शशि पन्थी कक्षा कोठामा मात्र खुम्चिनुभएन, तम्घासको ऐतिहासिक विरासतलाई जीवन्त राख्न उहाँले किरण पुस्तकालयको स्थापना र हाम्रो पुरुषार्थ त्रैमासिक पत्रिका प्रकाशन गर्ने जोखिम उठाउनुभयो । समय दुष्कर थियो । त्यतिबेला माओका रेडबुक-सचित्र चीन, सोभियत भूमि, किम-ईल-सुंगका महावाणीको गाथा पढाउन उद्धत प्रशासनले सरकारी मुखपत्र "गोरखापत्र" बाहेकका नेपाली पत्र-पत्रिका र पुस्तक पढ्नेहरूको निगरानी राख्ने गर्थ्यो । राजनीतिक गतिविधिहरू सतहमा शून्य प्रायः तर भूमिगत रूपमा सांगठनिक संरचनाहरू पुनर्निर्माणमा केन्द्रित रहेको त्यो समयमा सीमित पत्र-पत्रिका हुन्थे । सामाजिक, आर्थिक, राजनीतिक पुस्तकहरू स्थानीय प्रशासनबाट अनुमति लिएर मात्र पढ्ने-पढाउने चलन थियो । त्यतिबेलाको कठोर बन्द समाजमा पढ्ने-पढाउने संस्कृति बसेको थिएन । नेपाली पत्र-पत्रिका राजधानीमा सीमित थिए । विश्वका नवीनतम घटना बुझ्न

बी.बी.सी. हिन्दी, भ्वाइस अफ अमेरिका र अलइण्डिया रेडियो, डचे भेला जस्ता विदेशी रेडियो सुन्नुपर्ने हुन्थ्यो । त्यस्तो विषम स्थितिमा जोखिम उठाएर शशि पन्थीजीले "हाम्रो पुरुषार्थ त्रैमासिक प्रकाशन प्रारम्भ गर्नुभएको थियो । सौम्य, शालीन, सबैप्रति सधै विनयी शशि पन्थीको सुसंस्कारित जीवन पद्धतिले प्रतिकूल अवस्थामा पनि हाम्रो पुरुषार्थ बाँच्न सकेको यथार्थता नयाँ पुस्तालाई उत्प्रेरणा बन्न सक्छ ।

सामाजिक-सांस्कृतिक फाँटमा बृहत्तर भूमिका निर्वाह गर्दै आएको हाम्रो पुरुषार्थका एक सय अङ्क प्रकाशित भइसकेका छन् । यसका हरेक अङ्कले व्यक्तिको जीवन परिशुद्ध गर्ने साधन संस्कृति र सभ्यता हो भन्ने मान्यता स्थापित गरेका छन् । समाजका रहस्यहरू खोतलेको छ । कथा, व्यथा, पीडा, दुःख-सुख, प्रगति-अवनति, अँध्यारो-उज्यालोबीच मानिसले जिउनु परेको परम्परागत वीरगाथालाई संस्कृति र सभ्यताको जग बनाउन खोजेको छ । संस्कृति र व्यक्तित्वबीच आन्तरिक सम्बन्ध गाँस्ने साहित्यलाई समाजको ऐना बनाउने प्रयास गरेको छ । अहिलेसम्मका अङ्कहरू यसै दिशामा लक्षित देखिन्छन् । हाम्रो पुरुषार्थ समाजको अभिन्न अङ्ग बनेका अनेकन् सन्दर्भहरू छन् ।

*सामाजिक-सांस्कृतिक फाँटमा बृहत्तर भूमिका निर्वाह गर्दै आएको हाम्रो पुरुषार्थका एक सय अङ्क प्रकाशित भइसकेका छन् । यसका हरेक अङ्कले व्यक्तिको जीवन परिशुद्ध गर्ने साधन संस्कृति र सभ्यता हो भन्ने मान्यता स्थापित गरेका छन् । समाजका रहस्यहरू खोतलेको छ । कथा, व्यथा, पीडा, दुःख-सुख, प्रगति-अवनति, अँध्यारो-उज्यालोबीच मानिसले जिउनु परेको परम्परागत वीरगाथालाई संस्कृति र सभ्यताको जग बनाउन खोजेको छ । संस्कृति र व्यक्तित्वबीच आन्तरिक सम्बन्ध गाँस्ने साहित्यलाई समाजको ऐना बनाउने प्रयास गरेको छ । अहिलेसम्मका अङ्कहरू यसै दिशामा लक्षित देखिन्छन् । हाम्रो पुरुषार्थ समाजको अभिन्न अङ्ग बनेका अनेकन् सन्दर्भहरू छन् ।*

यस्तो गौरवशाली इतिहासलाई संस्थागत रूपमै तम्घासको किरण पुस्तकालय र हाम्रो पुरुषार्थले जीवन्त राखेको मलाई लागेको छ । यो भावना मात्र नभएर हाम्रो पुरुषार्थसित जोडिनुभएका ऋषितुल्य विद्वत्वर्ग, आजसम्म प्रकाशित अङ्कहरू नियाल्दा यस भेकको मात्र नभई मुलुककै मौलिक परंपरा, साहित्य, संस्कृति, सामाजिक, आर्थिक, राजनीतिक इतिहासको उत्खनन गर्दै उत्थानको महनीय ज्ञानभण्डारको रूपमा स्थापित भएको छ । गहन शोध-खोजका लागि चाहिने स्रोत संगृहीत गरिदिएर हाम्रो पुरुषार्थले यो पुस्तालाई मात्र होइन आउने दिनका लागि पनि जान्न-बुझ्न-सिक्न चाहने अध्येतालाई बृहद् ज्ञानभण्डार निर्माण गरिदिएको

छ । उद्यमशीलताको सुषुप्तिमा समेत अपरिमित इच्छाशक्तिको भरमा झण्डै छ दशकदेखि अविरल साधनारत शशि पन्थी र उहाँका सहयोगीहरूको प्रयत्नमा मामूली सहयोग जुटाएर सर्वोत्कृष्ट ज्ञानभण्डार प्रकाशनमा ल्याउनु सर्वथा वन्दनीय छ । मध्य पहाडी भेक जहाँ उपार्जनका संसाधनहरू शून्यप्रायः छन्, त्यस्तो ठाउँको तम्घासले यस्तो दुर्लभ खजाना सङ्ग्रह मात्र होइन हाम्रो पुरुषार्थको दाजु संस्था किरण पुस्तकालयले मोफसलमा प्रज्ञा-प्रतिष्ठानको हैसियत राख्ने कीर्ति हासिल गरेको पाउँदा मन आह्लादित हुन्छ । भावी पुस्तालाई समेत उपहार जुटाउन सक्षम शशि पन्थीजी र उहाँका सहयोगी दीन पन्थीजीहरू सदा वन्दनीय हुनुहुन्छ र रहनुहुने मेरो विश्वास छ । उहाँहरूको प्रतिबद्धता र समर्पणभावको एउटा प्रसङ्ग हाम्रो पुरुषार्थको वर्ष-८, सम्पूर्णाङ्क-१२ (कार्तिक २०३६) को सम्पादकीयको अंश उद्धृत गर्ने अनुमति चाहन्छु ।

सम्पादकीयले साहित्यको यस्तो परिभाषा गरेको छ-"कला, साहित्य जहिले पनि नौलो सन्देश र जागृति बोकेर आउँछ । नयाँ गोरेटो खन्दै दौडन्छ, चाहे त्यो दुर्गम होस् । पुरानो मूलबाटोबाट हिंड्न चाहँदैन-जतिसुकै सुगम भए पनि । साहित्य संघर्ष र जीवनको प्रतिफल हो । ह्रास र निराशका अवस्थाहरूमा जुन साहित्यले हामीलाई जीवन र उत्साह दिन्छ, अन्यायको विरोधमा जुरूक्क उठेर संघर्ष गर्ने हुटहुटी दिन्छ, समानता, स्वतन्त्रता, मानवता र निसाफको निमित्त हुरूक्क हुने चेतना दिन्छ र समस्याहरूसित लुरूक्क तर्कने होइन खुरूक्क गएर लड्ने आत्मबल दिन्छ-त्यही साहित्यलाई हामी जीवनवादी साहित्य भन्छौं । आज त्यस्तै साहित्यको खाँचो छ ।"

"साहित्यलाई रक्सी, रण्डी जस्तै केवल मनोरञ्जनको साधन सम्झनेहरू हाम्रो सहित्यलाई खल्लो, निरस ठान्छन् । त्यो स्वाभाविकै हो । किनभने हामी साहित्यलाई जनताको आवाज सम्झन्छौं । जब जनतामा आनन्द छैन, चित्कार छ, वेदना छ, व्यथा छ भने साहित्यमा कोमलता कसरी आउँछ ? यत्र-तत्र ऐया ! ऐया ! र मरेंमरें ! मात्रै सुनिन्छ भने कसरी हाम्रो साहित्यमा मृदु झङ्कार सुन्न पाइएला ? हामी एक किसिमबाट साहित्यलाई "कान्तासम्मित उपदेश" अर्थात् जनताको मार्गद्रष्टा, संघर्ष र चेतनाको मृदु उद्‌घोष पनि मान्छौं । "

"अन्त्यमा-हामीलाई सामाजिक विवशताहरूले गर्दा 'म ताक्छु मूढो, बन्चरो ताक्छ घूँडो' झैं अहिले यस्तै भयो । अब अर्को पल्ट झुल्किने मिरमिरेमा नयाँ प्रकाश बोकेर आउने कोसिस गर्ने छौं ।"

यो उद्धरणमा हाम्रो पुरुषार्थको अन्तरात्मा छचल्किएको छ । समाजका अंग-प्रत्यंगलाई सम्बोधन गर्ने प्रतिज्ञा गरेको साहित्य सिर्जनाको मुहान खोज्ने छटपटीले व्यग्र प्रतीत हुन्छ । हुन सक्छ-उती बेलाको साहित्याकाशमा स्वतंत्र विचरण गर्न नपाएको कुण्ठा, स्वच्छंद र निर्भय अभिव्यक्ति स्फुरण हुन नसक्दाको

पीडा, आफ्नो माटोको वाणी, बतास, इतिहास, संस्कृति, सभ्यता, सामाजिक चेतना र जागरणको लागि यहाँ भए गरेका कुर्बानीको संस्कृति, शिक्षा, कला-कौशल, स्मारकहरू-मूर्तिहरू, युद्धगाथाहरू, जनक्रान्तिको इतिहास, हिडेका डोबहरू चिनाउने अनेक तत्त्वहरूलाई स्थापित गर्ने त्यो प्रणलाई आजको साहित्यले सम्मान दिएको छ, स्थान दिएको छ । मानिसको इतिहास, र पुरातत्त्वलाई साहित्यले प्राण दिएर सजाएको छ । पुराना मन्दिर, मूर्तिहरू, मानिसको जीवनसँग जोडिएका संस्कार, विश्वास, मिथक, र जनश्रुतिहरू साहित्यका लिपिहरू बन्न नसकेको ग्लानि पोखिएको छ । त्यतिबेलाको हुकुमी पञ्जा अहिले शिथिल छ, मानिसको व्यवहारले परोक्षतः वाणी दिन छेकवार र हण्डर खानु पर्दैन । हाम्रा सपूतहरूको कुर्बानी त्यसैले नमनीय छ ।

हाम्रो पुरुषार्थको जन्मकाल अकण्टक साहित्यिक विचरणका लागि अनुकूल थिएन, घना बादल थोपरिएको थियो । स्वतंत्र विचार बोकेका मानिसहरू नब्युँझे सम्म सदैव प्रशासनले निर्देशित जीवनमाथि शासन गर्ने गरेको हुन्छ । हामीकहाँ यस्तै थियो । त्यो अवस्थालाई हाम्रो पुरुषार्थले सुन्दर ढङ्गले यसरी पींडा पोख्ने गरेको देखिन्छ । "म ताक्छु मूढो, बन्चरो ताक्छ घुँडो" त्यस्तै अवस्थाको उद्‌बोधन त होइन यो ? जन-आवाजलाई कुण्ठित गरेर त्यसमा कोमलता, मृदु झङ्कारको मुहान धमिल्याएको अवस्थाले जनमार्गी द्रष्टाले संघर्ष र चेतनाको मुहान पहिल्याएको उद्‌घोष हुन सकेको होस्-साहित्यको राजमार्ग सायद त्यही हो । त्यसैले "अब अर्को पल्ट झुल्किने मिरमिरेमा नयाँ प्रकाश बोकेर आउने कोसिस गर्ने छौं ।" भन्नु परेको हुनसक्छ । यी यस्तै विषम परिवेशको परिचय नयाँ पुस्ताले, नयाँ युगले खोज्न सक्छ-खोज्नेछ । पाँच दशक पूरा गरिसकेको हाम्रो-पुरुषार्थले आफ्नो अविच्छिन्न प्रकाशन मार्फत साहित्य सिर्जनाको अनन्त शक्ति र सामर्थ्यको बहुकोणीय उपयोगमा व्यवधानको सामना गर्नुपरे पनि आन्तरिक कथा-व्यथालाई स्वाभाविक नियमिततामा रूपान्तरित गर्दै उद्‌घोष गरेको छ-"भोलि झुल्किने मिरमिरेमा नयाँ प्रकाश बोकेर आउने कोशिश गर्ने छौं ।"

हाम्रो पुरुषार्थका संस्थापक सम्पादक शशि पन्थीजी भैरहवामा केही समय पत्रकारिताको अनुभव बटुलेर शिक्षणसेवामा प्रवेश गर्नुभएको हो । शालीन, सौम्य, सूक्ष्मदर्शी सामाजिक तत्त्वज्ञानका साधक मात्र होइन सशक्त द्रष्टाको भूमिका निर्वाह गर्दै आउनुभएका उहाँको कथनी र करनीमा कहिल्यै अन्तर देखिएन । सामाजिक विसंगति, विकृति र समस्यासित कहिल्यै विरक्तिनुभएन । जीवनको प्रायोगशालामा सदा पारदर्शी, सबैसित समभाव, शान्ति र सद्‌भावनाका सन्देश प्रवाह गर्न उहाँले साहित्यसाधनालाई अजेय अस्त्रको रूपमा रूपान्तरित गर्नुभयो । उहाँले गुल्मीलाई विचार-शिक्षा-चेतना-सामाजिक उत्थान-मानवसभ्यता र संस्कृतिको भूमि हो भन्ने देखाउने चेष्टा गर्नुभयो । ज्ञानमन्दिरको रूपमा किरण पुस्तकालय र त्रैमासिक पत्रिका हाम्रो पुरुषार्थ प्रकाशनमा ल्याउनुभयो । बितेका

पचास वर्षमा प्रकाशित हाम्रो पुरुषार्थका हरेक अङ्कले मानिसको सर्वश्रेष्ठतालाई आदर्श मानेको देखिन्छ । सामाजिक चेतना र गतिशील चिन्तनलाई सर्वोपरि राखेको यो साहित्य सामाजिक क्रान्तिको महत्त्वपूर्ण अभियान हो भन्ने मलाई लाग्छ । यसले मानवीय संवेदनशीलतालाई सम्बोधन गरेको छ । यहाँको इतिहास, प्रकृति, धर्म-संस्कृति-सभ्यता-सामाजिक-आर्थिक-राजनीति र विभिन्न क्षेत्रमा विशिष्ट योगदान गर्ने व्यक्तित्वहरूको विशेषाङ्क प्रकाशित गरेर अद्वितीय शोध-खोजको कर्म गर्नुभएको छ । यस क्षेत्रको बासिन्दाको हैसियतले मेरो पुस्ता उहाँप्रति कृत-कृत्य छ ।

हाम्रो पुरुषार्थले प्रकल्पना गरे जस्तै "कला, साहित्य जहिले पनि नौलो सन्देश र जागृति बोकेर आउँछ । नयाँ गोरेटो खन्दै दौडन्छ, चाहे त्यो दुर्गम होस् । पुरानो मूलबाटोबाट हिड्न चाहँदैन-जति सुकै सुगम भए पनि । साहित्य संघर्ष र जीवनको प्रतिफल हो । ह्रास र निराशका अवस्थाहरूमा जुन साहित्यले हामीलाई जीवन र उत्साह दिन्छ, अन्यायको विरोधमा जुरूक्क उठेर संघर्ष गर्ने हुटहुटी दिन्छ, समानता, स्वतन्त्रता, मानवता र निसाफको निमित्त हुरूक्क हुने चेतना दिन्छ र समस्याहरूसित लुरूक्क तर्कने होइन खुरूक्क लड्न सक्ने सामर्थ्य दिन्छ, आत्मबल दिन्छ-त्यही साहित्यलाई हामी जीवनवादी साहित्य भन्छौं । आज त्यस्तै साहित्यको खाँचो छ । "झण्डै पैचालीस वर्षअघिको हाम्रो पुरुषार्थको सम्पादकीयले मेरो अन्तरात्मालाई छोएको छ । जीवनवादी साहित्यको संवाहक हाम्रो पुरुषार्थले तम्घासको मौलिकतालाई साहित्य भण्डारको श्रीवृद्धिमा समाहित गरेको छ । त्यसैले हाम्रो पुरुषार्थ समाजको ऐना बनेको छ । जनता र समाजप्रति उत्तरदायी स्थानीय सरकारले जीवनवादी साहित्यको प्रणेता हाम्रो पुरुषार्थको संरक्षण र संवर्धनको लागि ठोस कदम चाल्ने भरोसाका साथ मेरा यी शब्दहरू तम्घासलाई अर्पण गर्न चाहन्छु ।

मेरो डायरीको तम्घास-अँध्यारो पक्ष-सातसालको जनक्रान्ति, पहिलो महानिर्वाचन, जनअनुमोदित प्रजातान्त्रिक पद्धति नै खोसिएपछि जनतामा आक्रोस थियो । मानिसमा शंका-उपशंकाले मन अस्थिर बनाएको थियो । सत्यको थुतुनोमा भोटे ताल्चा मारिएपछि हावी हुने भनेको असत्य हो, अविश्वास, भ्रम, प्रतिशोधको भावना हो । ती सवाई थिए-जनक्रान्तिका नायक शमशेरबहादुर खत्रीको टाउको काटेर शहर घुमाउने, मोतीप्रसाद भुसाललाई रूखको फेदमा डोरीले बाँधेर शरीरका अङ्ग-प्रत्यङ्ग काटेर मुखमा कोचाएर बर्बर हत्या गर्ने, भक्तिराम घिमिरेलाई पनाहा खोलमा खाल्टो खनाएर जिउँदै ढुङ्गाले किचिकिची मराउने दानवहरूको शासनकाल भोगेको तम्घास आउँदा गुरुजनहरूबाट-"शहीदहरूको बलिदानबाट सिक्दै जाने, बुझ्दै जाने हो, त्यही प्रेरणाले राजनीति गर्ने हो" भन्ने मन्त्र पाइन्थ्यो । पूर्व महान्यायाधिवक्ता यज्ञमूर्ति बञ्जाडे र म, २०२९ सालमा सुरक्षा कानूनअन्तर्गत आठ महिना तम्घास जेलमा बन्दी रहँदा पनि हामीहरू कहिल्यै

निराश भएनौं । एक किसिमले हाम्रो अवरूद्ध जीवनशक्ति अहिले वेगवान् भएको महसुस गर्छौं । हामी युवाहरू सार्थक दिशातर्फ उन्मुख छौं भन्ने देखिन्थ्यौं तर बाहिरका साथीहरू कति बेला, कहाँ, कसरी समातिने होलान् भन्ने चिन्ता लाग्थ्यो । मुक्ति संग्रामको ऊर्जालाई निरन्तर निर्देशित/ व्यवस्थित गर्न सक्ने काबिल नेतृत्व हामीसँग थियो, त्यसैले हामीले अप्ठेरो महसूस गरेका थिएनौं । सामाजिक शक्ति नष्ट हुन नदिनु, "यसलाई नियन्त्रित औ निर्देशित गर्न नेतृत्व निरन्तर क्रियाशील रहने गरेको सन्देश साथीहरूबाट पाउने गरेका थियौं । सबल, सुन्दर मानवसंस्कृतिको जगमा मानिसको स्वतन्त्रता, समता र भातृभावलाई स्थापित गर्ने राजनीतिक अभियानमा रहेको समयमा हामी जेल परेका थियौं । उतिबेलाको दुर्लभ मानिएको "नेपालेश्वर" मैले तम्घास जेलमै पढेको स्पष्ट सम्झना छ ।

साहित्याकाशमा विशिष्ट स्थान बनाउन सफल मोफसलकों यो सत्प्रयास र यो अभियानमा संलग्न सम्पादक समूह तथा लेखकहरूप्रति उच्च सम्मानभावका साथ नमन गर्दछु ।

✍ **छत्रदेव-३, बल्कोट, मथुराधाम, अर्घाखाँची ।**

ooo

# सूचना ! सूचना !! सूचना !!!

**नेपालको संविधान-२०७२ मा उल्लिखित करारोपण क्षेत्राधिकार एवं स्थानीय सरकार सञ्चालन ऐन-२०७४ ले स्थानीय तहलाई दिएको क्षेत्राधिकारबमोजिम भरतपुर महानगरपालिका क्षेत्रभित्रका सम्पूर्ण करदाताहरूलाई कर शिक्षा प्रदान गरी करको दायरामा ल्याउने उद्देश्यअनुरूप "हाम्रो लागि हाम्रै प्रयास, कर अभियान मार्फत समृद्धि र विकास" भन्ने नाराका साथ महानगरपालिकाबाट कर अभियान-२०७९ घोषणा गरी सम्पूर्ण वडा तथा टोलमा कर्मचारीहरू खटाइएको छ । खटिई आउनुहुने टोलीलाई आ-आफ्नो क्षेत्रबाट सहजीकरण गरी अभियानलाई सफल बनाई समृद्ध र सुसंस्कृत महानगर बनाउने अभियानमा सहयोग गरिदिनुहुन सम्पूर्ण सरोकारवाला निकाय, उद्योग व्यवसायीहरू, संघ-संस्था, नागरिक समाज, टोलविकास संस्थालगायत सबैमा हार्दिक अपिल गर्दछौं ।**

# भरतपुर महानगरपालिका
## नगरकार्यपालिकाको कार्यालय
भरतपुर, चितवन

// लेख//

# हाम्रो गौरव : हाम्रो पुरुषार्थ



महेन्द्र थापा

गुल्मी जिल्लाको सदरमुकाम तम्घासबाट त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका हाम्रो पुरुषार्थले २०८० साललाई स्वर्णवर्षको रूपमा भव्य रूपले मनाइरहेको छ । यस अवसरमा कार्तिक-पुस अङ्कलाई शताङ्कको रूपमा प्रकाशित गरिदैंछ । यो सुखद खबर सुन्न पाउँदा एउटा पत्रकार र साहित्यानुरागीको रूपमा खुशी लागेको छ । गुल्मी जस्तो उद्योग कलकारखाना नभएको र बन्द व्यापार पनि कम भएको जिल्लामा एउटा साहित्यिक पत्रिका निरन्तर प्रकाशित भई स्वर्णवर्ष मनाउनु आफैमा ठूलो उपलब्धि हो । विविध प्रतिकूल परिस्थितिका बीच यसलाई जीवित राखेर वार्षिक, अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको यो साहित्यिक पत्रिकाको सयवटा अङ्क प्रकाशित हुँदा यसका केही अङ्क हेर्ने पढ्ने अवसर पाइयो । धेरै अङ्क पढ्ने अवसर जुरेन । रेसुङ्गा क्याम्पसको विद्यार्थी कालमा यसका केही अङ्क रुचिपूर्वक पढियो । जसले किशोर कालमा साहित्य र पत्रकारिताप्रति रुचि जगाइदिएका थिए । तम्घासस्थित किरण पुस्तकालय र रेसुङ्गा क्याम्पसको पुस्तकालयमा यो पत्रिका हामी विद्यार्थीहरूका लागि उपलब्ध हुन्थ्यो । वि.सं. ५० को दशकदेखि बुटवल झरेपछि यसलाई देख्ने पढ्ने अवसर जुरेन । स्वर्णवर्षमा पुनः भेट भयो यससँग । स्वर्णवर्षअन्तर्गतका ९६ र ९८ औं अङ्क हात परे । रुचिपूर्वक पढियो । आफू जन्मे हुर्केको र शिक्षित दीक्षित भएको ठाउँबाट यति

> *विविध प्रतिकूल परिस्थितिका बीच यसलाई जीवित राखेर वार्षिक, अर्धवार्षिक र २०७० सालदेखि त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको यो साहित्यिक पत्रिकाको सयवटा अङ्क प्रकाशित हुँदा यसका केही अङ्क हेर्ने पढ्ने अवसर पाइयो । धेरै अङ्क पढ्ने अवसर जुरेन । रेसुङ्गा क्याम्पसको विद्यार्थी कालमा यसका केही अङ्क रुचिपूर्वक पढियो । जसले किशोर कालमा साहित्य र पत्रकारिताप्रति रुचि जगाइदिएका थिए ।*

गुणस्तरीय साहित्यिक पत्रिका निरन्तर प्रकाशित भएको पाउँदा गौरवानुभूति भयो । मुलुकको महत्त्वपूर्ण साँस्कृतिक सम्पदा रुरुक्षेत्रको विशेषाङ्कको रूपमा ९८ औं अङ्क प्रकाशित गरिएको थियो । पत्रकारिता हतारको साहित्य हो । यस अर्थमा म पनि एउटा सानोतिनो साहित्यकार हुँ । यसमा मलाई साँस्कृतिक विषयले ज्यादा मन छुन्छ । साँस्कृतिक विषयमा रिपोर्टिङ्ग गर्न बढी रुचि लाग्छ । साँस्कृतिक विषयमा लेखिएका सामग्रीहरू पढ्न पनि अलि बढी रुचि लाग्छ । ९८ औं अङ्क पाउने बित्तिकै श्रद्धापूर्वक ढोगें । रुरुक्षेत्र एउटा पर्यटक वा सनातन धर्मप्रति अटल आस्थावान् व्यक्तिका रूपमा धेरै पटक भ्रमण गरेको छु । हृषीकेश मन्दिरको दर्शन र कालिगण्डकीमा स्नान गर्दा आनन्दानुभूति मिल्छ । त्यसकारण पनि मैले हाम्रो पुरुषार्थको रुरुक्षेत्र विशेषाङ्क रुचिपूर्वक पढें । ३६२ पृष्ठ मोटो यो ग्रन्थ विशेष ज्ञानवर्धक र सङ्ग्रहणीय लाग्यो । ९६ औं अङ्क पढेर गुल्मीको साहित्यिक पत्रकारिता र हाम्रो पुरुषार्थ बारे एउटा लेख बुटवलबाट प्रकाशित हुने बुटवल टुडे दैनिकमा प्रकाशित पनि गरें । ९६ औं अङ्क बारेमा उक्त लेखमा चर्चा गरिसकिएको छ । ९८ औं अङ्क रुरुक्षेत्र विशेषाङ्क मलाई तुलनात्मक दृष्टिले बढी मन पर्‍यो । किनकि धर्म वा अध्यात्मप्रति मेरो अलि बढी झुकाव छ । यस अङ्कमा नेपालका चार धाममध्ये एक मानिने रुरुक्षेत्रको जीवन्त वर्णन छ । रुरुक्षेत्रको इतिहास, महिमा र सनातन धर्म संस्कृतिको संरक्षण र प्रवर्धनमा रुरुक्षेत्रको भूमिकाबारे विभिन्न विद्वान् लेखकज्यूहरूबाट विशद वर्णन गरिएको छ । यसमा प्रारम्भमा भेटघाट स्तम्भमा रुरुक्षेत्रबासी नेपालका एक प्रसिद्ध पत्रकार आदित्यमान श्रेष्ठको अन्तर्वार्ता छ । श्रेष्ठको जीवनी, पत्रकारको रूपमा काम गर्दाको अनुभव, सामाजिक योगदान र मुलुकको वर्तमान अवस्थाबारे श्रेष्ठको विचार यसमा समावेश गरिएको छ । रुरुक्षेत्रमा जन्मे हुर्केर बुटवल, काठमाडौं र साउदी अरबलाई कर्मक्षेत्र बनाएका श्रेष्ठलाई यो स्तम्भमा निम्त्याइनु उहाँको उच्चतम सम्मान र पछिल्लो पुस्ताका पत्रकारहरूका लागि महत्त्वपूर्ण जानकारी पनि हो । आलेख खण्डमा विद्वान् प्राध्यापक डाक्टर वेणीमाधव ढकालको पौराणिक रुरुक्षेत्र र पाल्पाका मणि–मुकुट भगवान् हृषीकेश शीर्षकको लेखमा रुरुक्षेत्रको महिमा र हृषीकेश भगवान्को बारेमा महत्त्वपूर्ण जानकारी दिइएको छ । साथै प्रम्लोचा अप्सराले देवदत्त ऋषिको तपस्या भङ्ग गरेको प्रसङ्ग पनि सविस्तार चर्चा गरिएको छ । विद्वान् लेखक नारायण ज्ञवालीको रुरुक्षेत्र : पाना नपल्टाइएका पौराणिक प्रकरण विषयक लेखमा रुरुक्षेत्रस्थित महर्षि और्वको आश्रम, गोनिष्क्रमण तीर्थ (गाईघाट), भृगुतुङ्गेश्वर महादेव, अचम्मेश्वर महादेव गुफा, सहस्रलिङ्ग गुफा आदि सांस्कृतिक सम्पदाहरूको विषयमा थप खोज अनुसन्धान हुनुपर्ने कुराप्रति विद्वान् वर्ग र नागरिक समाजको ध्यानाकर्षण गराइएको छ । पूर्व प्रशासक युवराज पाण्डेको रिडी र कालिगण्डकी नदी सभ्यता र यसको सेरोफेरो शीर्षकको अर्को संस्मरणात्मक निबन्धमा रुरुक्षेत्रको स्थापना र महिमा बारेमा सविस्तार वर्णन

*'हाम्रो पुरुषार्थ' गुल्मी जस्तो भौगोलिक विकटता, आर्थिक, शैक्षिक र साहित्यिक विकासको तुलनात्मक दृष्टिले पछाडि पारिएको जिल्लाबाट निरन्तर प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका भए पनि यसले नेपालकै शिक्षा, भाषा, साहित्य र संस्कृतिको विकास र विस्तार एवं संरक्षण र प्रवर्धनमा महत्त्वपूर्ण योगदान दिएको छ । सम्भवतः सङ्घीय राजधानी काठमाडौं उपत्यकाबाहिर यसको तुलनालायक पुरानो साहित्यिक पत्रिका दोस्रो प्रकाशित हुने गरेको जानकारी मसँग छैन । यसले गुल्मी जिल्लामा मात्र नभई नेपालकै शैक्षिक, साहित्यिक र सांस्कृतिक जागरणमा ठूलो टेवा पुऱ्याएको छ । नेपालको साहित्यिक पत्रकारिता क्षेत्रमा यो पत्रिकाको अतुलनीय योगदान छ भन्दा अतिशयोक्ति हुने छैन ।*

गरिएको छ । रुरुक्षेत्रको थप खोज अनुसन्धान र पर्यटन प्रवर्धन हुनुपर्नेमा पूर्व प्रशासक पाण्डेले जोड् दिनुभएको छ । यसरी आलेख, निबन्ध, समीक्षा/टिप्पणी खण्डमा सहप्राध्यापक डाक्टर मोहनीलाल नेपाल, प्राध्यापक नवराज पाण्डे, पूर्व प्रशासक युवराज भुसाल, लेखक वेदप्रसाद पन्थलगायत २८ जना विद्वान् लेखकका रुरुक्षेत्रको स्थापना, महिमा, रुरुक्षेत्रस्थित हृषीकेश मन्दिरको महिमा, नेपाली साहित्यमा रुरुक्षेत्रको योगदान, रिडीको पुरानो संस्कृत पाठशाला र शैक्षिक जागरणमा यसको योगदान, रुरुक्षेत्र शालिग्राम शिला र यसको महत्त्व, गण्डकी गाथा आदि विषयका लेखहरू समावेश गरिएका छन् । त्यस अतिरिक्त गीत/कविता/गजल/ मुक्तक खण्डमा ८ जना महानुभावले गीत/कविता/गजल र मुक्तकमार्फत रुरुक्षेत्रको महिमा गान गाउनुभएको छ । संस्मरण खण्डमा पनि तीन जना लेखकले रुरुक्षेत्रकै महिमा गान गाउनुभएको छ । यसरी हाम्रो पुरुषार्थको ९८ औं अङ्क रुरुक्षेत्रको स्मृति अङ्कको रूपमा प्रकाशित भएको छ । साउन महिनामा रुरुक्षेत्रस्थित कालीगण्डकी किनारमा बोलबम तीर्थ यात्रीहरूको स्नान मेला लाग्ने गर्छ । संयोगले यस अङ्कको प्रकाशन महिना असार परेको छ । निःसन्देह रुरुक्षेत्र नेपाल एवं विश्वभरका सनातन धर्मावलम्बीहरूको महत्त्वपूर्ण तीर्थस्थल हो । आस्था र विश्वासको धरोहर हो । नेपालको एक महत्त्वपूर्ण पर्यटकीय गन्तव्य हो । एक महत्त्वपूर्ण ऐतिहासिक र पुरातात्विक एवं सांस्कृतिक सम्पदा हो । यसको पर्यटकीय विकास र प्रवर्धन हुनु जरूरी छ । पछिल्लो समय नवनिर्मित गुल्मी, स्याङ्जा र पाल्पालाई जोड्ने तीनमुखे पुलले पनि थप पर्यटकीय आकर्षण बढाएको छ । केही वर्ष अघि नेपाल सरकारले रुरुक्षेत्रस्थित हृषीकेश मन्दिर अङ्कित रू. ५।- को हुलाक टिकट माला प्रकाशित गरेको छ । सो हुलाक टिकट माला पनि यस ग्रन्थमा प्रकाशित गरेको भए सुनमा सुगन्ध हुने थियो ।

रुरुक्षेत्रको महिमा अपरम्पार छ । जति खोतल्यो उति आकर्षणको मोहनी छ, यसमा । यसको अझ व्यापक खोज अनुसन्धान र प्रचार प्रसार हुन जरूरी छ । त्यसको लागि हाम्रो पुरुषार्थको रुरुक्षेत्र विशेषाङ्क कोसेढुङ्गा सावित हुनेछ । महत्त्वपूर्ण स्रोत सामग्री हुनेछ ।

'हाम्रो पुरुषार्थ' गुल्मी जस्तो भौगोलिक विकटता, आर्थिक, शैक्षिक र साहित्यिक विकासको तुलनात्मक दृष्टिले पछाडि पारिएको जिल्लाबाट निरन्तर प्रकाशित हुँदै आएको साहित्यिक पत्रिका भए पनि यसले नेपालकै शिक्षा, भाषा, साहित्य र संस्कृतिको विकास र विस्तार एवं संरक्षण र प्रवर्धनमा महत्त्वपूर्ण योगदान दिएको छ । सम्भवतः सङ्घीय राजधानी काठमाडौं उपत्यकाबाहिर यसको तुलनालायक पुरानो साहित्यिक पत्रिका दोस्रो प्रकाशित हुने गरेको जानकारी मसँग छैन । यसले गुल्मी जिल्लामा मात्र नभई नेपालकै शैक्षिक, साहित्यिक र सांस्कृतिक जागरणमा ठूलो टेवा पुऱ्याएको छ । नेपालको साहित्यिक पत्रकारिता क्षेत्रमा यो पत्रिकाको अतुलनीय योगदान छ भन्दा अतिशयोक्ति हुने छैन । तसर्थ हाम्रो पुरुषार्थ र यसका सम्पादकद्वय शशि पन्थी र दीन पन्थी अभिनन्दनीय हुनुहुन्छ ।

**पत्रकार, साहित्यकार, बुटवल, रूपन्देही ।**

ooo


# अनुरोध

**विद्युतीय दुर्घटना हुन सक्ने कतिपय जोखिम स्थानका बारेमा यस कार्यालयलाई जानकारी नभएको वा जानकारी गराउँदै पनि जोखिम न्यूनीकरणका लागि मर्मतका कार्यहरू नभएको हुनसक्छ । विद्युतीय दुर्घटनाबाट हुन सक्ने क्षति न्यूनीकरणका लागि आफूसँग भएका सूचना वा जनगुनासो कार्यालयको सम्पर्क नं. ०७९–५२०२०८ र मोबाइल नं. ९८५७०२६२७५ मा जुनसुकै समयमा जानकारी गराइदिनुहुन अनुरोध गर्दछौं । साथै विद्युत प्रवाह भइरहने संरचनाहरूको नजिकमा जाने छुने वा कार्यालयलाई जानकारी नगराई मर्मत सम्भार गर्ने कार्य नगर्नसमेत अनुरोध गर्दछौं ।**

अनेरोधक

**नेपाल विद्युत प्राधिकरण**

गुल्मी वितरण केन्द्र, तम्घास, गुल्मी

// लेख //

# हाम्रो पुरुषार्थ, बुबा र म



✒ प्रीति आत्रेय ज्ञवाली

बाल्यकालदेखि कुरा बुझ्नसक्ने बेलादेखि नै मैले "हाम्रो पुरुषार्थ" पत्रिकाको नाम देखे सुनेकी हुँ । हाम्रा कीर्तिशेष पिता प्रा.डा.विष्णुराज आत्रेय 'लाटोसाथी'का पनि हाम्रा पुरुषार्थका विविध अङ्कहरूमा लेख रचना प्रकाशित छन् । पुरानो बानेश्वरमा हाम्रो घरमा हाम्रो पुरुषार्थका अङ्क प्रायः मैले देखिरहन्थेँ, जसमा प्रायः सबै लुम्बिनी अञ्चल वरिपरिका धुरन्धर साहित्यकारहरूको उपस्थिति थियो ।

बालापनमा साहित्यको त्यति रस नचाखिसकेकोले होला, त्यति चाख लाग्ने कुरा भएन तर त्यहाँ प्रकाशित रचनाकारका नामहरू, जो बुबाका मित्रहरू पनि भएका नाताले मोदनाथ प्रश्रित, वनमाली निराकार, विष्णुप्रभात, दुर्गाप्रसाद अर्याल, वासुदेव मरासिनी, टीकाराम पन्थी, लक्ष्मीकान्त पन्थी, शशि पन्थी, भागवत ज्ञवाली, दीन पन्थी आदि नामहरू मेरा कानले प्रायः सुनिरहन्थे । केहीसित त बेलाबेलामा भेट पनि हुने गर्दथ्यो । हाम्रो पुरुषार्थका सम्पादक समादरणीय शशि पन्थीज्यूले त म बुबासित बुबाको हात समाउँदै किरण पुस्तकालय गएको कुराको व्यहोरासमेत हाम्रो बुबाको स्मृतिग्रन्थमा खुलाउनुभएको छ ।

वि.सं. २०२५ सालमा स्थापित किरण पुस्तकालयको रोहबरमा २०३० सालबाट आफ्नो मुखपत्रका रूपमा वार्षिक, अर्धवार्षिक र त्रैमासिक गर्दै अहिले "हाम्रो पुरुषार्थ" सयौं अङ्कमा पुगेको छ । नेपालको पश्चिमी क्षेत्रको लुम्बिनी अञ्चलमा अवस्थित गुल्मी जिल्लाको प्रसिद्ध पुस्तकालयको रूपमा किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकालाई लिइँदै आएको छ । पुस्तकालयले २०७५ मा पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क भनी हाम्रो पुरुषार्थमा प्रकाशित गर्नुका साथै कार्यक्रम गरी स्वर्णवर्ष मनाइसकेको छ भने हाम्रो पुरुषार्थले पनि ५० वर्ष पुगेको उपलक्ष्यमा पत्रिकाको स्वर्णवर्ष मनाउँदैछ र पत्रिकाको सय अङ्क पुगेको अवसरमा स्वर्णविशेष शताङ्क निकाल्ने तरखरमा छ ।

विभिन्न ज्ञानको कुटुरो खोल्ने परिचित पत्रिकामा रचना छापिनु चानचुने कुरा होइन । मेरो पुस्तक "अनुभूतिको इन्द्रेनी" सार्वजनिक भएपछि हाम्रो पुरुषार्थबाट

मलाई पनि रचना/कविता पठाउन भनेर आग्रह गरिएपछि, प्रबुद्ध साहित्यकारहरूको रचना छाप्ने पत्रिकामा म पनि रचनाकारको रूपमा यस पत्रिकासित जोडिएँ । यस पत्रिकामा रचना प्रकाशित भएपछि मलाई पनि मनमनै मैले कुनै पुरुषार्थ गरें कि जस्तो भान भयो । पहिले पहिले बुबाका लेख रचना छापिने ऐतिहासिक पत्रिकामा आफ्नो पनि रचना छापिँदा मैले बुबापछि बुबाको प्रतिनिधित्व गरेको अनुभव भयो । आफ्ना पुर्खाहरूको थलो गुल्मीबाट प्रकाशित हुने पत्रिकामा आफ्ना पनि रचना प्रकाशित गर्न पाउँदा मैले निकै गौरव गरेकी छु । त्यसमाथि पत्रिकाको स्वर्णवर्षको शताङ्कमा आफ्नो अनुभूति राख्न पाउँदा मैले आफूलाई सौभाग्यशाली ठानेकी छु ।

केही वर्ष यता, यस पत्रिकाका सम्पादक शशि पन्थीज्यू, (उहाँ बुबाका समकालीन मित्र भएका नाताले म उहाँलाई अङ्कल भन्ने गर्दछु) सित म सम्पर्कमा थिएँ । मैले उहाँसँग बुबाको स्मृतिग्रन्थका लागि लेख रचना मागेकी थिएँ, जुन बुबाको स्मृतिग्रन्थमा प्रकाशित छ । केही हप्ताअघि मेरो शशि अङ्कलसित फोनमा कुराकानी भयो । विविध कुराकानी गर्दै गर्दा साहित्यिक गतिविधिका कुराकानी पनि गरिए । त्यसै क्रममा उहाँले मलाई हाम्रो पुरुषार्थको स्वर्णवर्षमा प्रकाशित हुन लागेको शताङ्कका लागि यौटा लेख लेख्न आग्रह गर्नुभयो । कुराकै क्रममा किरण पुस्तकालयका गतिविधि एवं हाम्रो पुरुषार्थबारेको कुराकानी पछि वार्तालापको टुङ्गो लाग्यो । एक मनले खुशी लाग्यो । मनले यो स्वर्णिम अवसर गुमाउनुहुन्न भन्ने पनि लाग्यो । अर्को मनले बुबा जीवित हुनुभएको भए अवश्य पनि केही न केही लेख्नुहुन्थ्यो भन्ने लाग्यो । मैले बुबाको प्रतिनिधित्वका लागि पनि केही न केही लेख्नैपर्छ भन्ने सोचेर यहाँ केही भाव व्यक्त गर्ने प्रयत्न गरेकी छु ।

कुरा बाल्यकालको हो । म बुबासित बुबाको हात समाउँदै हाम्रो पुर्ख्यौली थलो गुल्मी गएकी थिएँ । त्यतिबेला मलाई गुल्मी घुमाउने बेलामा किरण पुस्तकालय गुल्मी, यसका संस्थापक हाम्रो पुरुषार्थका सम्पादक समादरणीय श्री शशि पन्थीज्यूसित पनि भेटघाट गराउनुभएको रहेछ । शशि अङ्कललाई यो कुरा सम्झनामा रहेछ, जहिले कुरा हुँदा सम्झिनुहुन्छ । उहाँले "स्मृतिमा प्रा.डा. विष्णुराज आत्रेय लाटोसाथी" नामक बुबाको स्मृतिग्रन्थको पृष्ठ ५३८ मा यो कुराको उल्लेख गर्नुभएको छ । बुबाको जन्म कपिलवस्तुमा भए पनि बाल्यकालमा गुल्मीमा पढेकोले र त्यहाँको लगावले गर्दा बेलाबेलामा बुबा गुल्मी गइरहनुहुन्थ्यो । बुबाले जहिले पनि यात्रा गर्दा सकेसम्म र मिलेसम्म आफ्नो साथमा एक जना छोराछोरी लिएर हिँड्ने गर्नुहुन्थ्यो । कहिले दिदी, कहिले म त कहिले भाइ बुबाको यात्राका साथी हुन्थ्यौं । २०४४ साल माघ २३ गते बुबाले

किरण पुस्तकालय जाँदा मलाई पनि लिएर गएको कुरा अङ्कलले आफ्नो लेखमा प्रष्ट्याउनु भएकै छ । त्यसै बेला बुबाले किरण पुस्तकालयको आगन्तुक पुस्तिकामा आफू त्यहाँ दोस्रो पटक पुगेको कुरा खुलाउनुभएको रहेछ । जुन यसप्रकार छ.....

*"आज म दोस्रोपल्ट यस पुस्तकालयमा आइरहेको छु । हाम्रो पुरुषार्थ पत्रिकाको प्रकाशन र यसका विविध विशेषता ओगटेका विशेषाङ्कहरूले नेपाली पुस्तकालय जगत् र साहित्य जगत्मा यस अञ्चलको यशोवर्धन गरेका छन् भन्दा कुनै अत्युक्ति छैन । शशि पन्थीज्यूको अथक परिश्रमको साकार स्वरूप नै यस पुस्तकालयको वर्तमान समृद्ध स्वरूप हो । म पुस्तकालय सञ्चालन समितिका सदस्यहरूलाई हार्दिक धन्यवाद टक्र्याउँछु । फेरि पछि भेटघाटको प्रतीक्षासाथ अहिलेलाई यत्ति ।"*

लाटोसाथी
विष्णुराज आत्रेय
अतिथि प्राध्यापक, भाषा विज्ञान विभाग
सम्पूर्णानन्द संस्कृत वि.वि., वाराणसी
२०४४/१०/२३

(हाम्रो पुरुषार्थ, किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क ८०)

बुबाकै माध्यमबाट हाम्रो पुरुषार्थसित नजिकिएकी म आज स्वर्णवर्षको सयौं अङ्कमा पनि बुबालाई सम्झिँदै लेख्दैछु । बुबाको हाम्रो पुरुषार्थसितको, किरण पुस्तकालयसितको, त्यसभन्दा पनि शशि अङ्कलसितको सम्बन्ध धेरै पुरानो हो । वि.सं.२०२४ सालदेखि नै काशीमा उहाँहरूको भेटघाट र मित्रता भए पनि गुल्मीको तम्घासमा स्थापित किरण पुस्तकालय र त्यहाँबाट प्रकाशन हुने हाम्रो पुरुषार्थले उहाँहरूको सम्बन्धमा थप बढी प्रगाढता ल्याउने काम बुबाको जीवनपर्यन्त गरिरह्यो ।

२०३९ साल वैशाख महिनामा प्रकाशित हाम्रो पुरुषार्थको नवौं अङ्कमा लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्कको रूपमा पृष्ठ २०९ मा प्रतिभा परिचय शीर्षक अन्तर्गत बुबाको फोटासिहत संक्षिप्त परिचय प्रकाशित छ ।

त्यसै अङ्कमा "संस्कृत साहित्यको विकासमा लुम्बिनी अञ्चलको योगदान" शीर्षकको बुबाको लेख पनि प्रकाशित छ ।

२०५६ सालको हाम्रो पुरुषार्थको ३८औं सम्पूर्णाङ्कको कथा विशेषाङ्कमा बुबाको "डिस्को डान्सर" भन्ने कथा छापिएको छ ।

२०५७ साल वैशाखको ४०औं सम्पूर्णाङ्कमा "अर्ज्याल राजगुरु इस्मादेखि गोर्खासम्म" भन्ने अनुसन्धानमूलक ऐतिहासिक लेख प्रकाशित छ ।

२०६२ सालको कार्तिकको ५१ औं सम्पूर्णाङ्कमा "हास्य र व्यङ्ग्य : छोटो चर्चा" भन्ने लेख छापिएको छ ।

२०६४ सालको ५४ औं सम्पूर्णाङ्कमा "नेपाली संस्कृतिमा सोह्र श्राद्ध" भन्ने लेख प्रकाशित छ ।

२०६७ साल कार्तिकमा हाम्रो पुरुषार्थको प्रकाशित ५६औं सम्पूर्णाङ्कमा डा. टीकाराम पन्थी विशेषाङ्कमा प्रा.डा. विष्णुराज आत्रेयको "स्मृतिपटलमा प्रा.डा. टीकाराम पन्थी" भन्ने संस्मरणात्मक लेख प्रकाशित छ ।

*अहिले स्वर्णवर्षमा शताङ्क निकालेर पचासौं वर्ष मनाउन लागेको हाम्रो पुरुषार्थ, यसैगरी हीरक वर्ष पनि मनाउन सफल बनोस्, डेढ सय हुँदै सयौं अङ्क पनि निकाल्न सफल बनोस् । हाम्रा पुस्ता दरपुस्तासम्म बढीभन्दा बढी अटूट रूपमा शताङ्कहरू थपिँदै जाऊन् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।*

२०६८ साल कार्तिकको ५७ औं सम्पूर्णाङ्कमा "शृङ्गी, सिङ्गीघाट र रेसुङ्गाको त्रिकोणमा" भन्ने लेख प्रकाशित छ ।

२०७७ सालमा हाम्रो पुरुषार्थको ८९ औं सम्पूर्णाङ्कमा पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कमा पनि बुबाका दुई लेख प्रकाशित छन् ....

१. "कवि पं. भीमकान्त पन्थी : कृतिकार र कृति"

('जगदम्बिकावैभवम्' महाकाव्यको भूमिकाबाट उद्धृत)

२. "कवि पं. भीमकान्त पन्थी : परिचय र काव्ययात्रा"

('जगदीश्वरवैभवम्' महाकाव्यको भूमिकाबाट उद्धृत)

यसरी उपर्युक्त लेख र विविध कुराहरूबाट बुबाको हाम्रो पुरुषार्थ र शशि अङ्कलसितको सम्बन्धमा प्रगाढता थियो भनी बुझ्न सकिन्छ । बुबाको साथ लागेर बुबाको दाहिने हातको बूढी औंला समाउँदै गुल्मी पुगेर डुलेकी, हाम्रो पुरुषार्थ प्रकाशन हुने स्थान किरण पुस्तकालय पुगेकी म, आज त्यसै पत्रिकाको सयौं अङ्कका लागि केही शब्द लेखिरहेकी छु । आज मलाई औंला समाती डोस्याएर हिँडाउने मेरा बुबा मेरा साथमा हुनुहुन्न, मात्र उहाँका स्मृतिहरू छन् । म पनि कसरी कसरी बुबाको गन्तव्य पछ्याउँदै हाम्रो पुरुषार्थसित जोडिन पुगें । आफ्ना पिता र हाम्रो पुरुषार्थसितको सन्निकटतालाई यहाँ राख्ने जमर्को गरें । बुबाको

पुरुषार्थलाई, बुबाको पदचापलाई मैले निरन्तरता दिन सकूँ । मेरो हात थाम्ने बुबा आज हुनुहुन्न, बुबाका दौंतरी मलाई अति स्नेह गर्ने शशि अङ्कलको साथ दिन सक्ने बनूँ । हाम्रो पुरुषार्थलाई अझ अगाडि बढाउन, प्रभावकारी बनाउन, आफूले सकेको सत्प्रयास म अवश्य गर्नेछु ।

अहिले स्वर्णवर्षमा शताङ्क निकालेर पचासौं वर्ष मनाउन लागेको हाम्रो पुरुषार्थ, यसैगरी हीरक वर्ष पनि मनाउन सफल बनोस्, डेढ सय हुँदै सयौं अङ्क पनि निकाल्न सफल बनोस् । हाम्रा पुस्ता दरपुस्तासम्म बढीभन्दा बढी अटूट रूपमा शताङ्कहरू थपिँदै जाऊन् भन्दै हार्दिक शुभकामना व्यक्त गर्दछु ।

अन्त्यमा, मलाई यस स्वर्णवर्षको शताङ्कमा आफ्ना केही कुराहरू राख्ने मौका दिनुभएकोमा यस पत्रिकाका सम्पादक, सबैका स्नेही समादरणीय शशि पन्थीज्यू लगायत समस्त सम्पादक मण्डलप्रति हार्दिक कृतज्ञता व्यक्त गर्दछु । आफैंले अनुष्टुप् छन्दमा रचित शुभकामना पद्य यहाँ प्रस्तुत गर्दै यो पङ्क्तिकार प्रीति आत्रेय ज्ञवालीले आफ्नो लेखनीलाई यतिमै बिसाउँदै कुरालाई बिट मार्न चाहन्छु ।

**गऱ्यो पूरा सयौं अङ्क, हाम्रो यो पुरुषार्थले**
**चम्कियोस् विश्वमा नित्य, शशिको त्यो प्रकाशले ।**

**साहित्याकाशमा चम्के, पुरुषार्थ सधैंभरी**
**शशि-सूर्य उदाएझैं, आकाशमा जसोगरी ।।**

**सन्दर्भ-सामग्रीहरू**


१. स्मृतिमा प्रा.डा. विष्णुराज आत्रेय लाटोसाथी

२. हाम्रो पुरुषार्थ : पं. भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्क

३. जगदम्बिकावैभवम् : पं. भीमकान्त पन्थी

४. जगदीश्वरवैभवम् : पं. भीमकान्त पन्थी

५. हाम्रो पुरुषार्थ : डा.टीकाराम पन्थी विशेषाङ्क

६. हाम्रो पुरुषार्थका विविध वर्षका विविध अङ्कहरू



**संस्कृत साइनो अभियन्ता 'अनुभूतिको इन्द्रेनी' कविता सङ्ग्रहकी लेखिका, कवि, गीतकार, मुक्तककार, लुम्बिनी प्रदेश, हाल - न्होम पेन्ह, कम्बोडिया ।**


ooo

# 'हाम्रो पुरुषार्थ' समालोचना विशेषाङ्क (२०३७) एक विमर्श



पूर्णप्रसाद अधिकारी

## पृष्ठभूमि

नेपाली साहित्यको विकास प्रक्रियामा साहित्यिक पत्रिकाको योगदान उल्लेखनीय रहेको छ । यसको बीजारोपण बनारसबाट प्रकाशित माधवी र सुन्दरीबाट भएपछि माध्यमिक कालको अन्त्य र आधुनिक कालको आरम्भपश्चात् यो साहित्यिक पत्रिका भनेर परिचित हुने अवस्थाका बीच समयको क्रमसँगै विकसित हुन थाल्यो । नेपालबाट शारदा (१९९१) पत्रिका आरम्भ भएपछि नेपाली साहित्यको आधुनिक लाग्नु र धेरै साहित्यकारहरूले यो पत्रिकामार्फत आफ्नो लेखकीय क्षमता, देश र भाषा-साहित्यको सेवा गर्दै आए । शारदामार्फत सम, देवकोटा, लेखनाथ, युद्धप्रसाद, भवानी भिक्षु, केदारमान व्यथित, मल्ल बन्धुद्वय, ऋद्धिबहादुर मल्ल आदि म आफूले सम्झेका केही नाम हुन् । २००७ सालपछि प्रजातन्त्रको लहरमा केही पत्रिकाहरू आए । २०१७ सालमा रूपरेखा, २०२५ सालमा मधुपर्क, २०२७ सालमा प्रज्ञा, २०४७ सालमा समकालीन साहित्य, २०३९ सालमा गरिमा आदि पत्रिकाहरूले नेपाली साहित्यको श्रीवृद्धि र समुन्नतिमा महत्त्वपूर्ण योगदान पुऱ्याउँदै गए ।

यसै क्रममा किरण पुस्तकालय, गुल्मीबाट २०३० सालदेखि 'हाम्रो पुरुषार्थ'को प्रकाशन प्रारम्भ भयो । स्थापनाकालदेखि आजसम्म यसका अनेकौं विशेषाङ्कहरू आएका छन् । सबैको नाम र सङ्ख्या म आफूलाई कण्ठस्थ छैन तथापि सम्झनाको आधारमा भन्दैछु-समालोचना विशेषाङ्क (२०३७), लुम्बिनी अञ्चलको साहित्य र साहित्यकार विशेषाङ्क (२०३९), गुल्मी परिचयाङ्क (२०५३), पुस्तकालय विशेषाङ्क (२०५५), कथा विशेषाङ्क (२०५६), पत्रकारिता विशेषाङ्क (२०६२), टीकाराम पन्थी विशेषाङ्क (२०६७), बी.पी. विशेषाङ्क (२०७१), भानुभक्त विशेषाङ्क (२०७०), किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क (२०७५), रुरुक्षेत्र विशेषाङ्क (२०८०) । यी अङ्कहरू र प्रकाशन वर्षसम्म प्राप्त जानकारी अनुसार छन् ।

पुस्तकालय विशेषाङ्क (२०५५) को प्रकाशनदेखि यसको चितवन प्रतिनिधि भएपछि हाम्रो पुरुषार्थभित्र विषय विविधतामा आधारित मेरा तीसभन्दा बढी लेख-रचनाहरू

प्रकाशित छन्, त्यसभन्दा पूर्वका पनि मसँग हाम्रो पुरुषार्थका ससाना साइजमा प्रकाशित अङ्कहरू आज पनि सुरक्षित छन् । शशि पन्थी गुरुसँगको परिचय र चितवनबाट गुरुलाई प्रदत्त 'बलराम स्मृति वाङ्मय पुरस्कार' प्रदान आदिबाट सम्बन्धमा प्रगाढता अभिवृद्धि हुँदै आयो । २०६९ सालमा राज्यले गर्न नसकेको काम-गुल्मीले राष्ट्रिय साहित्यिक महोत्सव गर्‍यो । यस्ता धेरै साहित्यिक यज्ञमा हाम्रो पुरुषार्थ, किरण पुस्तकालय र शशि पन्थी एकअर्कामा परिपूरक भई आएका छन् । प्रारम्भमा हाम्रो पुरुषार्थ अर्धवार्षिक थियो । २०७० को दशकपछि यसलाई त्रैमासिक बनाइयो । त्रैमासिक भित्रका जटिलता, कठिनाइ र चुनौतीबारे पनि शशि गुरुलाई मैले बताएको थिएँ ।

गुल्मीको माटो उर्वरशील छ । हरेक क्षेत्रमा गुल्मेलीहरू पुरुषार्थी, पराक्रमी र कर्मशील छन् । अझ कर्मशील बन्दै जाऊन् । शताङ्क वा शताब्दी प्रकाशन यात्राको ५५ वर्षमा हाम्रो पुरुषार्थले पुरुषार्थीपन देखाउँदै छ । त्यो माटो र त्यसले जन्माएका वाङ्मयसेवीहरूलाई हृदयदेखि नै श्रद्धापुष्प अर्पण गर्दै २०३७ सालमा प्रकाशित हाम्रो पुरुषार्थको समालोचना विशेषाङ्क, जसलाई वर्ष ७ सम्पूर्णाङ्क ११ तथा अङ्क २ भनिएको छ । २०५५ सालमा राममणि बहुमुखी क्याम्पस मणिग्राममा कार्यरत हुँदा स्व. टीकाराम पन्थीका सुपुत्रबाट मलाई यी दुई विशेषाङ्क प्राप्त भएका थिए । जसमा समालोचना र लुम्बिनी अञ्चलकै साहित्य र साहित्यकार विशेषाङ्क प्रमुख छन् । टीकाराम गुरुका सुपुत्रबाट प्राप्त विशेषाङ्कको सामग्री प्रदान सम्बन्धमा उनका प्रति पनि कृतज्ञता प्रकट गर्दछु । समालोचना विशेषाङ्कको विशेषतालाई र समीक्षा गर्ने कार्य यस आलेखमा हुनेछ ।

## 'हाम्रो पुरुषार्थ' समालोचना विशेषाङ्क २०३७ को भौतिक स्वरूप

डिमाइ साइजको यो दुई रङ्गमा आवरण पृष्ठबाहेक सबै पृष्ठहरू गणनीय छन्, जसको सङ्ख्या १६८ पृष्ठ रहेको छ । नववर्ष २०३७ वैशाख, वर्ष ७, सम्पूर्णाङ्क ११ (अङ्क २), सम्पादक शशि पन्थी, सहायक सम्पादक दीन पन्थी र भेषबहादुर कुँवर छन् । किरण पुस्तकालय, तम्घास उल्लेख भएको यसको मूल्य रू. १० ।- भनिएको छ । विज्ञापनको आधारमा पत्रिका चलाउनुपर्ने भएका कारण केही विज्ञापनहरू नयाँ वर्षको सन्दर्भसँग सम्बन्धित छन् । ३८ वटा विभिन्न शैक्षिक, व्यापारिक र औद्योगिक प्रकृतिसँग सम्बन्धित विज्ञापन सामग्री भएका कारण थोरै भए तापनि पत्रिका प्रकाशनमा सहयोग पुगेको छ । विज्ञापन पूर्णपृष्ठ, अर्धपृष्ठ, एक तिहाइ र एक चौथाइ गरी चार प्रकारका छन् । विषयसूचीमा विभिन्न विद्वान्का विविध शीर्षकमा २२ वटा समालोचनात्मक सामग्रीहरू छन् । 'नौलो सृष्टि सानो दृष्टि' यो हाम्रो पुरुषार्थको स्थायी स्तम्भ हो । 'उपकार', 'चटनी' गरी दुईवटा पत्रिकाको समीक्षा छ । 'किरण पुस्तकालयको पातो' भनेर नरप्रसाद श्रेष्ठको बारेमा परिचयात्मक समीक्षा छ । 'हाम्रो पुरुषार्थप्रति सहयोगीहरूको समालोचनात्मक दृष्टि' भनेर हाम्रो पुरुषार्थले गरेका साहित्यिक उन्नयनसम्बन्धमा

साप्ताहिक र दैनिक खाले २३ वटा पत्रिकाहरूले यो पत्रिकालाई माथि उठाउनमा लघु आयतनका अनुच्छेदमा टिप्पणीपरक समीक्षा छन् । 'सम्पादकीय' एक पृष्ठमा छ । 'विशुद्ध साहित्यको संरचनामा स्वस्थ समालोचनाको विकास अपेक्षित' शीर्षकमा समालोचना विशेषाङ्क बनाउनका लागि गरिएका प्रयासका बारेको चिन्तन र भताभुङ्ग हुन आँटेको सपनालाई साकार गरेकोमा प्रसन्नता व्यक्त भएको छ । यसको मुद्रण वाराणसीबाट भएको छ । प्रविधि र साधन-स्रोतको विकास भएको वर्तमानमा कति जटिलताहरू छन् ? त्यो समयमा यसरी रचनासहित आर्थिक स्रोत जम्मा गरेर यो समालोचना अङ्क जे-जस्तो रूपमा आयो त्यो अत्यन्तै प्रशंसनीय वाङ्मयिक यज्ञका रूपमा आएको छ भन्ने मेरो अभिमत पनि हो ।

## समालोचना विशेषाङ्कभित्रका विषय सामग्रीप्रतिको दृष्टिप्रक्षेपण

'वक्रोक्तिउपर एक दृष्टि' शीर्षकमा माधवप्रसाद देवकोटाको शास्त्रीय लक्षणको समीक्षा छ । आफ्नो युगका विद्वत्ताको निष्णात व्यक्तिका रूपमा लक्ष्मीप्रसाद देवकोटाले समेत मानेका व्यक्ति हुन् उनी । पाँच पृष्ठको आयतन भएको यो सामग्री आठौं शताब्दीका कुन्तकको वक्रोक्तिवादसँग सम्बन्धित गागरमासागर भनिएजस्तै माधव गुरुले पूर्वमा भामहदेखि जगन्नाथसम्म वक्रोक्ति चिन्तक प्रस्तुत गर्नु, भूपी शेरचन र व्यथित कवितात्मक पङ्क्तिमा दृष्टान्तसहित वक्रोक्ति खोज्नु, तेह्रवटा वक्रोक्तिलाई पुष्टि गर्ने संस्कृतका दृष्टान्त दिनु, क्रोचेको अभिव्यञ्जनावादको नामोच्चारण आदि शास्त्रीय लक्षणको समीक्षाका रूपमा यसलाई लिन सकिन्छ । 'प्रयोगवादी कवितामा राष्ट्रिय परिप्रेक्ष' शीर्षकमा व्रतराज आचार्यले ६ पृष्ठको आयतनमा नेपाली कवितामा प्रयोगवादी धारा र त्यसको पृष्ठभूमि पञ्चायती कालरात्री, २०१७ साल काण्ड, दमित र प्रतिबन्धित अभिव्यक्ति स्वतन्त्रता प्रयोगवादबारे डा. ईश्वर बरालको दृष्टिकोण तत्कालीन कर्मचारी तन्त्र, पञ्चायती अपराधका काण्ड, सामाजिक विकृति-विसङ्गतिलाई जटिल खालको शैली र अभिव्यक्तिमा चित्रण गर्ने कवित्व चेतना, मोहन कोइरालाको फर्सीको जराको बहुआयामिक प्रतीकात्मक अर्थ, यो रचना तयार भइरहँदा नेपालमा जनमतसङग्रहको सन्दर्भ र प्राप्तिसँगै पञ्चायतकालको ह्रासोन्मुख नवलेखन मात्र नभनेर नेपालका पुस्तकालय (लाइब्रेरी) पर्व र मकै पर्वसँग जोडेर प्रयोगवादको व्याख्या आवश्यक छ भन्ने व्रतराज आचार्यको लेखकीय अभिमत छ । 'नेपाली समालोचनामा विकृति' यसका लेखक कोषराज न्यौपाने हुन् । उनी भोजपुरले जन्माएको गुल्मेली ज्वाइँ साहेब पनि हुन् । कम लेख्ने तर कमजोरीको धज्जी उडाउने, गम्भीर विश्लेषण गर्ने पात्र पनि हुन् । लगभग ३ पृष्ठको आयतन भएको यस लेखमा समालोचना कस्तो हुनुपर्दछ भनेर पाँचवटा बुँदामा व्याख्या गर्नु, रेडियो नेपालबाट प्रचार-प्रसार सामग्री कोट्याउनु, मोतीरामदेखि पारिजातसम्मका सिद्धहस्त लेखकहरूको चर्चा गर्नु, रामभक्ति र कृष्णभक्ति

धाराका विषय सामग्री र उपलब्धिलाई केलाउनु आदि समालोचक मोतीराममलाई नेपाली समालोचनाको जगनिर्माता ठान्नु, सस्तो लोकप्रियता बटुल्ने लेखक वा समालोचकले साहित्यको जग निर्माण गर्दैनन् भन्ने सन्देश दिनु यो सामग्रीको उद्देश्य हो ।

'गोरखापत्रको प्रकाशन हुनुभन्दा पहिले नेपाली कविताको परम्परा' शीर्षकको समालोचनाका लेखक लक्ष्मीकान्त पन्थी हुन् । नेपाली साहित्यको विकासमा गोरखापत्रको योगदान, पुस्तक लेख्ने पन्थी गोरखापत्रका विशेषज्ञ नै हुन् । चार पृष्ठको आयतन भएको यस रचनामा नेपाली कविताको पृष्ठभूमि, रामभक्ति र कृष्णभक्तिसँगै वीरधारा, सन्तधारालाई पार गर्दै माध्यमिककाल लागेपछि मोतीराम भट्टको उदयपछि भनुभक्तलाई परिचित गराएर नेपाली साहित्यकाप्रति अविस्मरणीय योगदान पुर्‍याएको चर्चासँगै छापाखाना र साहित्यको संस्थागत उन्नयनमा गोरखापत्रको आगमनभन्दा पूर्वका साहित्यिक वस्तुस्थितिमाथि प्रकाश पार्नुमा यस लेखको विशेषता निहित छ । 'लोकगाथाको उत्पत्ति एक चर्चा' साढे तीन पृष्ठको आयतनमा यो लेख केन्द्रित छ । सैद्धान्तिक विश्लेषणमा आधारित यसका लेखक हरि घिमिरे हुन् । लोकसाहित्यका विभिन्न शाखाहरूमध्ये लोकगाथा पनि एक हो । लोकगाथाले धर्मवीर, दानवीर, युद्धवीर आदिका योगदान र पुरुषार्थ प्राचीनकालदेखि लोकगाथाको रूपमा चर्चा गर्नु, मौखिक परम्पराबाट हुर्कंदै आएको यो विधा समाज विकासको क्रमसँगै नेपाली साहित्यका मुनामदन र राजेश्वरीजस्ता खण्डकाव्य विकसित हुनु, यो गाथा कहाँ र कसरी उत्पत्ति भएको हो भन्ने मान्यतासापेक्ष छवटा चिन्तनहरूको प्रस्तुतिका साथ व्याख्या गर्नु, जसमा ग्रिमको लोक निर्मितवाद, गुमरको समुदायवाद, स्टेन्थलको जातिवाद, विसप पर्सीको धारणावाद, श्लगलको व्यक्तिवाद, चाइल्डको व्यक्तित्वहीन व्यक्तिवादका साथै समग्रमा लोकगाथाको उत्पत्तिका सम्बन्धमा सम्बन्धित व्यक्तिको योगदान, पुरुषार्थ र पराक्रमलाई आधार बनाइएको निष्कर्ष छ ।

'गीतिनाटक कृषिबाला' यस समीक्षाका लेखक दुर्गाप्रसाद अर्याल हुन् । यी पनि गुल्मीको माटोले जन्माएका आत्रेय वंशका कुलरत्न, वाङ्मयसेवी हुन् । कुनै उपशीर्षक नभएको चार पृष्ठको आयतनमा आधारित लक्ष्मीप्रसाद देवकोटाको कृषिबाला खण्डकाव्यको समग्रतालाई सारमा विवेचना गर्ने काम यसमा भएको छ । लक्ष्मीप्रसाद देवकोटाका समग्र स्वच्छन्द र खण्डकाव्यीय प्रवृत्तिका विशेषतामाथि टिप्पणी गर्दै लोकलयको गीतिमय शैली दृश्य परिवर्तनसूचक एक, दुई भन्दै घटनाक्रमको विस्तार गर्नु, नेपालको कृषितन्त्रमा भए-गरेका दमन, शोषण र उत्पीडनको लोकसभ्यता, संस्कृति र साहित्यलाई आधार बनाई मुख्य पात्र किरणद्वारा न्याय, समानता र मानवताका पक्षमा बहस गराउनु, किरण र उषा दुई मुख्य पात्रको चारित्रिक सक्रियतामा वसन्त ऋतुबाट आरम्भ भएको

घटनाक्रम शरदमा आई अन्त्य हुनु, नारीसौन्दर्यको प्राकृतिक, रागात्मक, भावात्मक, स्वच्छन्दतापरक प्रवृत्तिकाबीच यस कृतिमा दुर्गाप्रसाद अर्यालबाट विद्वत्तापूर्ण समीक्षा गरिएको छ । अङ्ग्रेजी साहित्यका शेली, किट्स र वर्डस्वर्थको त्रिपक्षीय समन्वय भएको कृतिका रूपमा यसलाई लिइएको छ । 'उच्चारण सुसेलिइरहेको परिवर्तन' का लेखक श्रीकृष्ण गौतम हुनु, 'अ' देखि 'अः' वर्ण सम्मको बुँदागत अनुच्छेदमा विषयवस्तुको विवेचना गर्नु, पुग-नपुग चार पृष्ठको आयतनमा सामग्री निहित हुनु, व्याकरणको विषयको ध्वनितात्त्विक उच्चारणसँग सरोकार राख्ने नेपाली भाषामा रूपहरूको क्रियापदमा देखिने उदाहरणको चर्चा गर्नु, एउटै क्रिया पनि कालअनुसार फरक-फरक रूपमा उच्चारण गरिनु, गर्छु-अर्चु, आउँछन्-आन्चन्, जान्छन्-जान्चन् आदिले लेख्य भाषा कुरूप हुँदै गएकोमा चिन्ता प्रकट गर्नु यसको सार हो ।

'कवि उमानाथ पन्थी र उनका स्तुति कविता' डा. टीकाराम पन्थीको यो सामग्रीको आयतन नौ पृष्ठको छ । लुम्बिनी अञ्चलको पहाडी जिल्लाका चार प्रतिभाहरू-दधिराम मरासिनी, टीकाराम धनञ्जय, उमानाथसँगै माधवप्रसाद देवकोटालाई समेट्दै वैदिक दर्शन र संस्कृत वाङ्मयको साधकका रूपमा उनको उच्च मूल्याङ्कन भएको छ । उमानाथको परिचय, विद्वत्ताका साथ गण्डकी गौरवम्, हृषीकेश स्तोत्रम्, रामनामवैभवम् आदि कृतिमा संस्कृत भाषाका स्तुतिवादी कविताहरू भएको यस आलेखमा दृष्टान्तसहित व्याख्या गर्ने कार्य भएको छ । सारमा उनका समकालीन कविहरूको चर्चासँगै संस्कृत भाषामा पनि सरल र संप्रेष्य कविता लेखेर नाम कमाउनु, अल्पायुमा नै दिवङ्गत भएका कारण संस्कृत वाङ्मयमा क्षति भई रसात्मक र काव्यात्मक कविताको अभिवृद्धि हुन नपाउनुजस्ता अभावजन्य विशेषताबाट यस लेखको समापन भएको छ । डा. पन्थी आफै पनि संस्कृत वाङ्मयका विशिष्ट विद्वान् हुन् भन्ने कुरा यो रचनाबाट पनि प्रमाणित हुन्छ ।

'समकालीन लेखनका विषयमा समालोचना किन कम लेखिन्छन् ?' शिवप्रसाद सत्याल पीठको यो समीक्षा समालोचना लेखनको चिन्तनसँग सम्बन्धित छ । आफ्नो समयका राम्रो लेखकका रूपमा उनको गणना हुन्थ्यो । पृष्ठभूमिमा एक-दुई अुनच्छेदमा समापनमा एक अनुच्छेद र बाँकी 'क' देखि 'ज' सम्मको वर्णनुक्रमिक अनुच्छेदमा यो चिन्तन पस्कने काम भएको छ । सर्जक, सिर्जना, समालोचकको धैर्य, संयम, स्थिरतामाथि गम्भीर प्रश्न उठाउनु, गुणको प्रशंसा माने पनि सर्जकले कमजोरी स्वीकार गर्न नसक्नु, समकालीन जागरण, मूल्य र मान्यता, लेखनमा आएको परिवर्तन, समालोचक पेशेवर हुनुजस्ता कारण पनि समकालीन समालोचनाका दुर्बल पक्ष मानिन्छन् । यो सामग्रीमा समालोचनाका समस्यासँगै यो क्षेत्र पुष्पित र पल्लवित नहुनुका पछाडि आर्थिक, सामाजिक, शैक्षिक, मनोवैज्ञानिक कारणलाई पनि मानिएको छ । समग्रतामा समकालीन

समालोचना वस्तुवादी धरातलीय यथार्थमा केन्द्रित हुनुपर्दछ भन्ने मान्यता यस रचनामार्फत व्यक्त भएको छ ।

'सिंहावलोकन देवकोटापूर्वका नेपाली निबन्धको' यसका लेखक हुन् महादेव अवस्थी । साढे चार पृष्ठको आयतन भएको यो रचना प्राथमिककालीन अभिलेख र वाङ्मयको चर्चा गर्दै माध्यमिक कालको नेपाली निबन्धको अवस्थामाथि केन्द्रित छ । विक्रमको १४औं शताब्दीमा नेपाली भाषाले अभिलेखका माध्यमबाट बीजारोपण भई वाङ्मयका रूपमा विकसित हुनु, १९१० को जङ्गबहादुरको बेलायत यात्रा अज्ञात लेखकबाट नेपाली निबन्धमा संस्मरण र नियात्राको आरम्भ हुनु, मोतीरामको आगमनपछि भानुभक्त आचार्यको जीवन चरित्र, चिरञ्जीवी शर्माका सुखार्णव, शुकसागरपश्चात् गोरखापत्र १९५८ पछिका विविध सामग्रीको भूमिका प्रबल हुनु, माध्यमिककालमा माधवी, सुन्दरी, चन्द्रिका आदि पत्रिकाहरूमा नेपाली निबन्धात्मकताका गद्यसामग्री देखापर्नु, बनारसबाट १९७९ मा प्रकाशित जन्मभूमि पत्रिकामा शम्भुप्रसादको महेन्द्रमल्लीले आत्मपरकताको आरम्भ गर्नु, गोरखा संसारले जातीय जागरणको विकास गर्नु, १९८९ मा दार्जिलिङबाट नेपाली साहित्य सम्मेलन नामक पत्रिका प्रकाशित हुन थालेपछि वर्णन विवरण, सामाजिक र जातीय (नेपालीत्व) को जागरणमा टेवा पुस्याउनु, शारदा (१९९१) मा बालकृष्ण समको 'वर्दहामा शिकार' शीर्षकको निबन्धले वस्तुवादी चिन्तनशील विचारको आरम्भ गर्नु र १९९३ सालको शारदामा लक्ष्मीप्रसाद देवकोटाको 'आषाढको पन्ध्र' शीर्षकको निबन्धबाट आत्मपरक धारा जन्मिने, हुर्किने र उत्कर्षमा पुगेकोसम्मका युग सर्वेक्षणमा यो समीक्षा केन्द्रित छ ।

'सुम्निमामा कोइराला' को तीर्थराज अधिकारी समीक्षक हुनु, नौ पृष्ठको आयतनमा आधारित औपन्यासिक समीक्षा रहनु, आरम्भमा लेखकको राजनैतिक पृष्ठभूमि दिनु, बी.पी. का समग्र उपन्यासभन्दा भिन्न चरित्रको ठान्नु, चरित्र नायक सोमदत्त र नायिका सुम्निमाको द्वन्द्वात्मक स्थितिलाई विश्लेषणको आधार बनाउनु, आत्मा र शरीरबारेको दार्शनिक बहस नै समालोचनाको विषय हुनु, किराँत र आर्य संस्कृतिका उपज नायक–नायिका भए पनि यी दुईका बीच जीवनवादी चिन्तन, सोच र धैर्यको पालना नगर्नु आत्मा र शरीर नमिलेसम्म मानव चोला सहज, स्वाभाविक र सन्तुलित हुन सक्दैन भन्ने सोच राख्नु यो समीक्षाको सार हो । मानव जीवनसँग सरोकार राख्ने सबै खाले सिद्धान्तहरू समयसापेक्ष रूपबाट सन्तुलित र व्यवस्थित हुनुपर्दछ भन्ने लेखकको अभिमत सम्मानजनक छ । 'गिलगामेस एक छोटो परिचय' शीर्षकको यो समीक्षा चार पृष्ठको आयतनमा रहेको, जगतबहादुर जोशीको यो सूचनापरक रोचक सामग्री हो । इ.पू. ३२०० मा सुमेरियन सभ्यता, यो सामग्री कसरी, कुन रूपमा प्राप्त भई अध्ययन गरेर वर्तमानमा आइपुग्यो भन्ने कुरालाई रोचक रूपमा जानकारी दिइएको छ । इ. १८७२ मा अङ्ग्रेज पुरातत्त्वविद्ले माटोको पाटीमा कोरिएका सामग्रीको

अध्ययन गर्नु, १२ सर्ग, ३०० पद्य भएकोमा नेपाली भाषामा रूपान्तरित पद्यको दृष्टान्तसहित प्रस्तुत गर्नु, गिल गामेसले अमरत्वको खोजी गर्नु, साढे चार हजार वर्षपूर्व प्राप्त सामग्रीलाई गहनतापूर्वक अनुसन्धान हुनुपर्दछ भन्ने सन्देश दिनु यसको सार हो ।

'यो प्रेम चरित्र चित्रणको सन्दर्भ' विष्णुहरि पौडेलको यो लेख चार पृष्ठको आयतनमा छ । रिमालको प्रसिद्ध नाटक यो प्रेमलाई चारित्रिक रूपमा समीक्षा गरिएको छ । यसका प्रमुख पात्र शेखर, शशि, गङ्गा र सानुबाबुको चतुष्कोणात्मक प्रणय सम्बन्धलाई चिरफार गरिएको छ । पात्रहरूको धूर्त्याइँ, कायरता, वासनात्मक हार्दिकताका प्रलाप कृत्रिम भए पनि प्रणय र अनुरागको चित्रण गर्नु, गङ्गाको अस्थिर मानसिकता, शेखरको सामन्ती यौनजनित संस्कार, सानुबाबुको धूर्त्याइँको चित्रण गर्नु, राणाकालीन सामन्ती परिवेश र देखावटी प्रेम गरेर स्वार्थपूर्ण गर्ने यो प्रेम ! लाई नारीवादी नाटकका रूपमा समीक्षा गर्ने लेखकीय उद्देश्य निहित छ । 'उज्यालो हुनुअघि र बसाईं एकैसाथ हेर्दा' खिलनाथ बस्ताकोटी लेखक रहेको यो समीक्षा छ पृष्ठको आयतनमा छ । प्रथमतः विनोदप्रसाद धितालको उज्यालो हुनुअघिको चर्चा गर्नु, दलित प्रजातिका सार्की परिवारको आर्थिक, पारिवारिक समस्याकाबीच गोपे ढकाल नामक पात्रको क्रियाकलापलाई चित्रण गर्नु, बसाइँ आफैमा चर्चित लीलबहादुर क्षेत्रीको उपन्यास भए पनि धने र मैनाको पारिवारिक कथा, रिकुटेको बदमासी, नन्दे ढकालको सामन्ती चरित्रका व्यवहार, मोटे कार्कीको उदारता भए पनि विस्थापित हुनुपरेको स्थितिमाथिको समीक्षा छ । दुबै उपन्यासका घटना र पात्रका क्रियाकलाप समीक्षा गर्ने क्रममा नौवटा बुँदामा उज्यालो हुनुअघिको मूल्याङ्कन छ भने बसाइँको मूल्याङ्कन १३ वटा बुँदामा छ । यी दुई उपन्यासका समानता र असमानतामाथि मूल्याङ्कन गर्ने कार्य समालोचकबाट भएको छ । खासगरी यी दुई उपन्यासको पात्रका गतिविधि, प्रवृत्ति, परिणाम तथा प्राप्तिको मूल्याङ्कनमा आधारित छ ।

'भावविधान र द्वन्द्वविधानका सन्दर्भमा सुम्निमा उपन्यास' हीरामणि शर्माको यो समीक्षा चौध पृष्ठको आयतनमा छ । धवलागिरि अञ्चलले जन्माएका यी लेखक आफ्नो युगका नामअनुसारका कर्मशील थिए । २०४७ सालमा अवसान भए पनि उनको लेखन र कृतिपरकताप्रतिको वस्तुवादी चिन्तन जीवन्त छ । 'उपन्यासकार कोइराला', 'सुम्निमाको भावभूमि' र 'सुम्निमाको द्वन्द्वविधान' गरी तीनवटा उपशीर्षक हुनु, यो समग्र कृतिपरक अध्ययन हुनु, उपन्यासको विवेचनामा यौनमनोविश्लेषण, दन्त्यकथा, पूर्वीय सभ्यताका संस्कार-संस्कृतिमा केन्द्रित भावपक्ष र मनोजगत्को द्वन्द्वपक्षलाई केन्द्रित गर्नु, सुम्निमा र सोमदत्तका सोच र व्यवहारलाई यौनिक संसर्ग, प्रणय र अनुराग, पात्रको शारीरिक संरचनाको समेत चित्रण गर्दै अध्यात्म र भौतिकवादजस्ता दुई विपरीत धाराको द्वन्द्वविन्दु नै

सुम्निमा उपन्यास हो भन्ने आलोचकको निष्कर्ष छ । सन्देशका रूपमा यसको दर्शन मानवजीवन वस्तुसापेक्ष हुनुपर्दछ, निरपेक्ष होइन भन्दै मूल्याङ्कन गरिएको छ । यो पत्रिकाभरिकै सबैभन्दा लामो लेख पनि हो ।

'रिमालका कवितामा प्रगतिवादी छनक' यो समीक्षाका लेखक हुन् केदार पोखरेल । सन्दर्भ सामग्रीसहित छ पृष्ठको यस आलेखमा कुनै उपशीर्षक छैनन् । आलोचकले प्रगतिवादको सैद्धान्तिक चर्चाको पनि परिचर्चा यसमा गरेका छन् । नाटक र कवितामा सामाजिक कुरीतिप्रति प्रहार गरे पनि मार्क्सवादी द्वन्द्वात्मक भौतिकवादको पृष्ठपोषक नभएका कारण रिमाल प्रगतिवादी होइनन् भन्ने पोखरेलको कुतर्कसँग कति सहमत हुन सकिन्छ ? नेपाली साहित्यका पाठकहरूले विवेचना गर्ने पक्ष हो । रिमालका केही कविताका पङ्क्तिहरूको उद्धरणकाबीच राणाशासनको विरूद्ध क्रान्तिको शङ्खघोष गर्ने समाजवादी कवि हुन् भनेर निष्कर्ष दिइएको छ । 'नासो कथासङ्ग्रहका सेरोफेरोअन्तर्गत गुरुप्रसाद मैनाली' नौ पृष्ठको आयतनमा विस्तारित यसका समीक्षक भवानीप्रसाद पाण्डे हुन् । यसभित्र भिक्षु, कोइराला, शरदचन्द्र, प्रेमचन्द आदि कथाकारको मार्गदर्शन अँगाल्दै मैनालीको कथागत प्रवृत्तिको चित्रण छ । सबै कथाको समीक्षण गरे पनि 'छिमेकी' कथाको बढी विवेचना छ भने अन्य कथाहरूको सूत्रात्मक समीक्षण गरिएको छ । मैनालीको कथागत प्रवृत्तिकाबीच विषयवस्तु र पात्र छनोट, पात्रहरूका मनोजगत्का भावना चिरफार गर्नु, हृदयपरिवर्तनलाई आफ्ना कथाहरूमा सन्देशको विषय बनाउनु, सङ्क्रमणकालीन युगका कथाकार भए पनि सदावहार, युगान्तकारी एवम् जीवन्त कथाकारका रूपमा मैनालीको मूल्याङ्कन गर्नुमा यो समीक्षा केन्द्रित छ ।

'कवि घिमिरेको स्वदेशको सङ्गालो र देशप्रेम' शीर्षकमा गणेशप्रसाद ज्ञवालीको समीक्षा रहेको छ । तीन पृष्ठको छोटो आयतन हुनु, शार्दूलविक्रीडित छन्दका सातवटा श्लोकहरूको दृष्टान्तसहित व्याख्या गर्नु, नेपालका प्राकृतिक र धार्मिक सम्पदा, जैविक तत्त्व, प्राकृतिक सौन्दर्य, ऋतुपरिवर्तन र मौसम, द्यौराली र चौतारी, हिमाल, पहाड र तराई आदि नेपाली जनजीवन तथा जीवनपद्धति, लेकबेसी, सांस्कृतिक विशेषता, जन्मभूमि, कर्मभूमि, देशप्रेम सबै नेपालीमा आउनुपर्दछ भन्ने सन्देश उनका कवितामा पाइन्छ । सारमा समग्र प्रवृत्ति नभई एकमात्र कविताको समीक्षा यसमा छ । 'वि.सं. १९७७ सालको मर्क पर्व' सन्दर्भ सामग्रीसहित चौध पृष्ठ ओगटेको यस समीक्षाका लेखक भूपहरि पौडेल हुन् । पूर्ण अनुसन्धान प्रविधिमा आधारित भई लेखिएको यो सामग्रीभित्र 'पृष्ठभूमि', 'मकैको खेती र यसका लेखक', 'मकैको खेतीको प्रकाशन' र 'मकै पर्व' गरी चारवटा उपशीर्षकहरूमा यसको विवेचना भएको छ । १६ वटा सन्दर्भग्रन्थ र १४ वटा सन्दर्भसामग्री तत्कालीन समयका जीवित व्यक्तिहरूसँग भए-गरेका तथ्यमा आधारित यो समीक्षा गहन र विवेचनीय पनि छ । म आफूले बुझेसम्म पौडेल

मकै पर्वका आधिकारिक जानकार तथा लेखक छन् । नेपालमा घटित विभिन्न पर्वहरूलाई सतही रूपबाट समीक्षा गर्दै मकै पर्वको आधिकारिकतामाथि समीक्षा गर्नुमा लेखकीय विशेषता निहित छ । त्यो मकै पर्वमा शास्त्रीय छन्दमा रचिएका दृष्टान्त यसमा छन् ।

'नेपाली काव्यपरम्परामा मानव महाकाव्य' यसका लेखक दीन पन्थी हुन् । सात पृष्ठको आयतन भएको यो समीक्षामा एक मात्र उपशीर्षक छ । पन्थीले नेपाली महाकाव्यपरम्पराको समीक्षा गर्दै मोदनाथ प्रश्रित र उनको महाकाव्यमाथि समीक्षा केन्द्रित छ । यस काव्यको कथावस्तु सङ्क्षिप्त रूपमा व्याख्या गरिएको अवस्था छ । वैज्ञानिक रूपमा मान्छेले जतिसुकै प्रगति गरे पनि श्रमजीवीहरूको जीवन दासत्वबाट मुक्ति पाउन नसकेको दमन, शोषण र उत्पीडनबाट सताइएका सामग्रीहरूलाई मानवधर्म र दर्शनको आलोकमा विवेचना गरिएको छ । केही चर्चित कविताका पङ्क्तिका साथ मानवलाई महामानव बनाउने चिन्तन प्रेरित कथन छ । जस्तै-मृत्यु होइन जीवन चाहिन्छ मान्छेलाई, रगत होइन पसीना चाहिन्छ धर्तीलाई । समग्रमा सहिष्णुता मानव मात्रमा हुनुपर्दछ भन्ने सन्देशको समीक्षा गर्नुमा दीन पन्थीको सामग्री महत्त्वपूर्ण छ । 'नेपाली साहित्यको समालोचनात्मक पृष्ठभूमिक'का लेखक हुन्-शशि पन्थी । छ पृष्ठको आयतनमा यो आधारित छ । साहित्यको सिर्जना र समालोचनाको चर्चा गर्नु, आलोचनाका लागि आलोचना नभई साहित्य समदर्शी, समन्वयी हुनुपर्दछ भन्ने मान्यताका साथ समालोचना स्वस्थ, विवादरहित र निष्पक्ष हुनुपर्दछ भनेर आफ्नो धारणा पस्किनु, पूर्वीय र पाश्चात्य समालोचनाको मान्यताहरूलाई मानवजीवनको सापेक्षतामा मूल्याङ्कन गर्नु, नेपाली साहित्यिक पत्रिकालगायत मोतीराम भट्टदेखि रेवतीरमण खनालसम्मका नेपाली समालोचनाका प्रमुख हस्तीहरूको नाम र योगदानमाथि प्रकाश पार्नु, समालोचनाका प्रकारमाथि पनि टिप्पणी गर्नु यस समीक्षाको सार हो । यथार्थमा यो लेख समीक्षाको पनि समीक्षा हो । अन्तिम समीक्षा लेख-रचना शृङ्खलाको रूपमा २२ नं. मा पर्दछ । 'हाम्रो पुरुषार्थका सम्पूर्णाङ्कको समीक्षा' गोकर्ण श्रमिक उपनाधारी लेखकको यो सामग्री साढे छ पृष्ठको आयतनमा केन्द्रित छ । २०३० देखि २०३६ सालसम्ममा प्रकाशित कविता, कथा, निबन्ध, समालोचना, अन्य विविध गरी प्रकाशित सामग्री पत्रिकाहरूको पृष्ठ सङ्ख्या सबैलाई तालिकाबद्ध बनाउनुमा श्रमिकको श्रमले अर्थपूर्ण भूमिका खेलेको छ ।

सबैजसो विधाकेन्द्रित समीक्षाका अतिरिक्त स्थायी स्तम्भको चर्चा गर्दा 'जहाँको जिलौटो त्यहींको चपरो' भनेजस्तै हाम्रो पुरुषार्थको उन्नति र प्रगतिको रेखाङ्कन त्यही पत्रिकामा गर्नु प्रारम्भमा नेपाली साहित्यिक पत्रिकाको ऐतिहासिकतालाई सङ्केत गर्नुसम्मका विशेषताहरू यसमा छन् । 'नौलो सृष्टि सानो दृष्टि' हाम्रो पुरुषार्थको यो स्थायी स्तम्भ हो । प्रारम्भदेखि २०३६ सालसम्म प्रकाशित सामग्रीसम्मको स्तम्भजनित विवरण सूचनापरक छ । जसमा नयाँ प्रकाशित

पुस्तक वा पत्रिकाबारेको समीक्षा गरिन्छ । यस क्रममा उपकार पत्रिका र चटनी कवितासङ्ग्रहलाई यस समालोचना अङ्कको अन्त्यमा राखेर विवेचना गरिएको छ । यसले साढे तीन पृष्ठको आयतन लिएको छ । 'किरण पुस्तकालयको पातो' भनेर पत्रिका प्रकाशनका समस्या, संस्थाका आजीवन सदस्य, नरप्रसाद श्रेष्ठको छोटो परिचय छ । हाम्रो पुरुषार्थप्रति सहयोगीहरूको समालोचनात्मक दृष्टि भनेर विभिन्न दैनिक र साप्ताहिक पत्रिकाहरूले गरेको लघु अनुच्छेदात्मक, एक वाक्यात्मक टिप्पणीहरू छन् । ती सबैको सङ्ख्या २३ रहेको छ । जसमा नयाँ किरण-४, समीक्षा-४ छन् भने सुरमा सरोवर-२ बाहेक दैनिक निर्णय-२, आह्वान-२, जनवार्ता तथा नयाँ सन्देश-२, हिमाली हुलाक, न्यूलाइट, राष्ट्रपुकार, आरती र मातृभूमि प्रमुख छन् । समग्रमा हाम्रो पुरुषार्थ पत्रिकाको नियमितता, निरन्तरता, साहित्यिक योगदानमाथि सकारात्मक टिप्पणीले यस पत्रिकाको प्रकाशनमा थप कर्मशील ऊर्जा प्राप्त भएको अवस्था विद्यमान छ ।

*हाम्रो पुरुषार्थप्रति सहयोगीहरूको समालोचनात्मक दृष्टि भनेर विभिन्न दैनिक र साप्ताहिक पत्रिकाहरूले गरेको लघु अनुच्छेदात्मक, एक वाक्यात्मक टिप्पणीहरू छन् । ती सबैको सङ्ख्या २३ रहेको छ । जसमा नयाँ किरण-४, समीक्षा-४ छन् भने सुरमा सरोवर-२ बाहेक दैनिक निर्णय-२, आह्वान-२, जनवार्ता तथा नयाँ सन्देश-२, हिमाली हुलाक, न्यूलाइट, राष्ट्रपुकार, आरती र मातृभूमि प्रमुख छन् ।*

## निष्कर्ष

वि.सं. २०८० को साउनको पहिलो सप्ताहमा शशि गुरुको मोबाइलबाट हाम्रो पुरुषार्थको शताङ्क विशेषाङ्कका लागि मलगायत चितवनमा बसेर साहित्यिक माटोलाई गोडमेल गर्ने लेखकहरूबाट रचना माग भएअनुरूप आजसम्म तीन जनाको लेख पठाउने कार्य भएको छ । अझै प्रयास जारी छ । म २०५५ सालको पुस्तकालय विशेषाङ्कबाट यो पत्रिकासँग आबद्ध छु । शशि पन्थी र दीन पन्थीलगायत हाम्रो पुरुषार्थप्रति समर्पित सम्पादक, सहसम्पादक, सहायक सम्पादक, सहयोगी मण्डल, स्वदेश र विदेशमा रहनुभएका हाम्रो पुरुषार्थका प्रतिनिधि सबैका प्रति म आफू पनि प्रतिनिधि भएका कारण हार्दिक कृतज्ञता ज्ञापन गर्दछु । हामी सबैको आउने-जाने क्रम भइरहे पनि भविष्यको कालखण्डमा पनि हाम्रो पुरुषार्थको पुरुषार्थीपनमा निरन्तरता रहिरहोस् भन्दै यस पत्रिकाको शताङ्क विशेषाङ्कको रूपमा आउन सकोस्, यही शुभकामना व्यक्त गर्दछु ।

**पूर्व सह-प्राध्यापक - वीरेन्द्र बहुमुखी क्याम्पस, भरतपुर-१०, चितवन ।**

०००

*// लेख //*

# बिर्सिएको सोह्रौं अङ्क : बी.पी. स्मृति अङ्क



**गोपाल पन्थी**

नेपाली साहित्याकाशमा लामो समयसम्म निरन्तर प्रकाशित भइरहेको साहित्यिक पत्रिका को नाम हो "हाम्रो पुरुषार्थ" । २०३०/२०३१ सालमै तत्कालीन परिस्थितिमा दुर्गम मानिने गुल्मी जिल्लाबाट प्रकाशित "हाम्रो पुरुषार्थ" देशकै गहना हो । साहित्य, भाषा, संस्कृति, कला जस्ता अनेकौं विधामा यसको योगदान अद्वितीय छ । भेटघाट स्तम्भमा प्रकाशित भाषाविद् एवं साहित्यकारको अन्तर्वार्ता अनुसन्धाताहरूका लागि बलिया सामग्री हुन् । स्वदेशमात्र नभई विदेशमा बस्ने साहित्यप्रेमीहरूका लागि यो साहित्यिक खुराक बनेको छ । किरण पुस्तकालय' देशकै किरण हो । सीमित स्रोत साधन, अर्थव्यवस्था भएर पनि हाम्रो पुरुषार्थलाई निरन्तरता दिन सक्यो । यसका अनेक विशेषाङ्कहरू पठनीय र सङ्ग्रहणीय छन् । साधुवाद छ किरण पुस्तकालयलाई, शशि पन्थी र यसको जिम्मेवारी बोक्ने सम्पूर्णलाई ।

किरण पुस्तकालयले साहित्यकार विश्वेश्वरप्रसाद कोइरालालाई हाम्रो पुरुषार्थका सयौं शृङ्खलासम्म विशेष गरेर दुईपटक सम्झेको छ–सम्पूर्णाङ्क १६/२०३९ र सम्पूर्णाङ्क ६३/२०७१ मा । १६ अङ्क 'स्मृति अङ्क हो भने ६३ औं अङ्क विश्वेश्वर विशेषाङ्क हो । सोह्रौं अङ्कमा भित्री जम्मा ६६ पेज छन् भने ६३ औ अङ्कमा भित्री ४९६ पेज रहेका छन् । यसरी पछिल्लो अङ्क विशाल काय भएको समग्र बी.पी.को अध्ययन गर्नेहरूका लागि दरिलो सामग्री हो । यो सानो लेखमा बिर्सिएको स्मृति अङ्कका विषयमा जानकारी दिन खोजिएको छ । राजनेता, विशिष्ट साहित्यकारको विषयमा अनुसन्धाताका लागि यो अङ्क पनि सहयोगी हुन सक्छ ।

राजनीतिक क्षेत्रमा मात्र नभई साहित्यिक क्षेत्रका शिखर पुरुष, पूर्व गृहमन्त्री, प्रथम जननिर्वाचित प्रधानमन्त्री, नेपाली गद्याख्यान जगत्का नायक, फ्रायडीय मनोविज्ञानका प्रयोक्ता विश्वेश्वरप्रसाद कोइरालालाई कुनै न कुनै रूपमा राष्ट्रिय अन्तर्राष्ट्रिय जगत्ले चिन्दछ । उनको अवसानले राजनीतिक र साहित्यिक क्षेत्रमा भएको अपूरणीय क्षति सायद पूरा हुन सक्दैन । वि.सं. १९७१ मा जन्मेका

विश्वेश्वरले आफूलाई राजनीति र साहित्यमा अलगअलग रूपमा चिनाउँथे । २०३९ श्रावण ६ गते भएको देहावसानपछि उनकै स्मृतिमा यो अङ्क प्रकाशित भएको हो ।

तत्कालीन पञ्चायती व्यवस्थाका निरङ्कुशता, निर्दलीय शासन पद्धतिका समयमा गुल्मीजस्तो सानो ठाउँबाट व्यवस्था विरोधी नेताको निधनमा स्मृति अङ्क छाप्नु पनि एक प्रकारको ठूलै आँट हो । यसमा प्रकाशित लेख रचनाहरूबाट राजनैतिक व्यक्तित्व र साहित्यिक व्यक्तित्व दुबै पाटोलाई चिनाउने प्रयास गरिएको छ । राष्ट्रियस्तरका कवि, समालोचकका रचनाले सानै अङ्क भए पनि यसलाई गरूङ्गो बनाएको छ । सूक्ष्म अनुसन्धान गर्ने विद्वत्वर्गका लागि यो अझ सङ्ग्रहणीय र पठनीय छ ।

*किरण पुस्तकालयले साहित्यकार विश्वेश्वरप्रसाद कोइरालालाई हाम्रो पुरुषार्थका सयौं शृङ्खलासम्म विशेष गरेर दुईपटक सम्झेको छ-सम्पूर्णाङ्क १६/२०३९ र सम्पूर्णाङ्क ६३/२०७१ मा । १६ अङ्क 'स्मृति अङ्क हो भने ६३ औं अङ्क विश्वेश्वर विशेषाङ्क हो । सोह्रौं अङ्कमा भित्री जम्मा ६६ पेज छन् भने ६३ औ अङ्कमा भित्री ४९६ पेज रहेका छन् । यसरी पछिल्लो अङ्क विशाल काय भएको समग्र बी.पी.को अध्ययन गर्नेहरूका लागि दरिलो सामग्री हो । यो सानो लेखमा बिर्सिएको स्मृति अङ्कका विषयमा जानकारी दिन खोजिएको छ । राजनेता, विशिष्ट साहित्यकारको विषयमा अनुसन्धाताका लागि यो अङ्क पनि सहयोगी हुन सक्छ ।*

हाम्रो पुरुषार्थको १६ औं अङ्कको स्थायी स्तम्भ "भेटघाट" मा कविवर केदारमान व्यथितसंग गरिएको कुराकानीमा विश्वेश्वरप्रसाद कोइरालाको समग्र व्यक्तित्वको विषयमा टिप्पणी गरिएको छ । व्यथितले उनलाई 'मन र मस्तिष्क पक्षमा रिक्तता नभएको भनी मूल्याङ्कन गरेका छन् ।

"वास्तवमा बी.पी.लाई कसैले बुझेन, युवा पिंढीले बुझ्ने प्रयास गर्नुपर्छ । "

ऋष्यशृङ्गले विश्वेश्वरप्रसादको देहावसानपछि "अश्रुपात" शीर्षकमा संस्कृत भाषाको कविता प्रकाशित गरेका छन् । उनको कवितामा जननायक बी.पीलाई गुमाउनु पर्दाका पीडाहरू आँसुका माध्यमबाट शब्द श्रद्धाञ्जलि यसरी पोखिएको छ-

**राष्ट्रियता, प्रजातन्त्रम्, समाजवाद इत्यदः**
**गुणत्रयं समापन्तोन्तर्भूतों हा ! विराट् विभुः ।**

**मार्गहीना दिशाहीना पितृमातृविवर्जिता**
**अनाथा विक्लवा जाता नेपाल जनताधुना ॥**

राष्ट्रियता, प्रजातन्त्र र समाजवादका धरोहर, सर्वगुण सम्पन्न, विराट् प्रतिभाका धनी विश्वेश्वरको देहावसानले उनका अनुयायी दिशाहीन अनाथतुल्य भएका छन् ।

२०११ सालको 'प्रगति' पत्रिकाबाट साभार गरी विश्वेश्वरप्रसाद कोइरालाको "साहित्यमा प्रगतिशीलता" शीर्षक लेखलाई यसले प्रकाशित गरेको छ । यस लेखमा कोइरालाले राणा शासनको पतनपछि प्रगतिशील लेखकले साहित्यिक मूल्य र यसको कला सौन्दर्यलाई भन्दा राजनीतिक पक्षलाई महत्त्व दिई प्रगतिशील साहित्य केवल प्रचारमुखी भएकोमा गुनासो गरेका छन् । उनको यस लेखमा भनिएको छः-

"सभ्यताको प्रतीक मानवसभ्यताको विस्तृत क्षेत्रबाट एकमुठी माटो लिएर त्यसलाई मात्र सभ्यताको नाम दिनु कूपमण्डुकता हो ।-सेक्सपीयर, कालिदास र गेटेले प्रचार साहित्य लेखेनन् अथवा पेटको आगो निभाउने उपाय बताएनन् भनेर ती अप्रगतिशील भएनन् ।"

प्रयोगवादी काव्यधाराका प्रवर्तक मोहन कोइरालाले विश्वेश्वरको स्मृतिमा लेखेको कवितामा श्रद्धा-पुष्प चढाइएको छ । राजनयिक र साहित्यिक शिखर पुरुष विश्वेश्वरको देहावसानले नेपाल राष्ट्रले धेरै गुमाएको भाव कवितामा पाइन्छ । "एक पुष्प स्मृतिको' कवितामा उनले भनेका छन् :

**"रित्तो आकाश रित्तै रहन्छ रेखा कोर्न नसके,**
**निलो आकाश रित्तै बन्छ तारा चम्किन नसके । "**
**'पर्वत मैदान जहाँ पुगेर पनि गाइरहुँला तिम्रो गीत "**

"बाघ पञ्जा" शीर्षकमा कमल दीक्षितको लेखमा विश्वेश्वर बिरामी भएर मृत्यु शैय्यामा छटपटाइरहेको अवस्थामा उनको निवासमा देखिएको परिदृश्य, शुभचिन्तक र कार्य-कर्ताको उपस्थिति, गिरिजा बाबुको चिन्ता, डाक्टरहरूको अभिव्यक्ति एउटा पक्षमा चित्रण छ भने उनको मृत्युको क्षण शोकपूर्ण परिवेश, अन्त्येष्टिमा देखिएका परिदृश्य शब्दचित्रका रूपमा जीवन्त प्रस्तुति छ ।

शार्दूलविक्रीडित छन्दमा कविवर कोषराज न्यौपानेले "बी.पी शीर्षक कवितामा आफ्नो भावुकता यसरी प्रकट गरेका छन् :

**"माटो बोल्दछ धर्तिको अमरता कैल्यै नभत्काउ है**
**मान्छे बोल्दछ व्यक्तिको अमरता कैल्यै नचिच्याउ है ।**

**भोको बोल्दछ खान लाउन तथा बाँच्ने कुरो देउ है**
**बी.पी. बोल्दछ आर्तनाद युगको सिङ्गै तिमी आउ है ।। "**

कवि नारायण खतिवडाले 'ऊ मेरो दुई टुक्रा भित्रको शीर्षकमा प्रकाशित कविताका दुई पंक्ति मात्रले बी.पी.को सम्पूर्ण व्यक्तित्वलाई चिनाउँछ :

**'कन्दराबाट झुल्किएको एउटा भेल हो ऊ**
**कहिल्यै नसकिने एउटा अनन्त खेल हो ऊ ।'**

यहाँ बी.पी.को अनन्त व्यक्तित्वलाई समुद्रसँग प्रतिविम्बित गरी नेपाल नेपालीको आस्थाका केन्द्रका रूपमा चिनाइएको छ । उनको भौतिक शरीर नरहे पनि विचार भने कहिल्यै नमर्ने भाव पाइन्छ ।

कविवर दुर्गा अर्यालले संक्षिप्त कविताका माध्यमबाट बी.पी.को राष्ट्रियता, प्रजातन्त्र र समाजवादी चिन्तनलाई यसरी प्रस्तुत गरेका छन् :

*तत्कालीन परिस्थितिमा राजनेता एवं साहित्यिक शिखरपुरुष विश्वेश्वरको देहावसानमा राष्ट्रिय प्रतिभा, समालोचक एवं कविहरूका रचना सङ्कलन गरी भावपूर्ण रूपमा श्रद्धाञ्जलि दिइएको यो अङ्क विश्वेश्वरप्रसाद कोइरालाका बारेमा शोधखोज गर्नेहरूका लागि उपयोगी रहेको छ ।*

**'उन्मुक्तिको वेग सशक्त आयो**
**राष्ट्रियताको नवगीत गायो ।**

**सौजन्यको चिन्तन एक ल्यायो**
**सद्भाव नौलो दिलमा पलायो ।। '**

विश्वेश्वरको औपन्यासिक कला र सौन्दर्यको मूल्याङ्कन गर्दै कुलप्रसाद कोइरालाले उनलाई सम्झेका छन् । पूर्वीय दर्शनका सापेक्षतामा र फ्रायडीय मनोविज्ञानको पृष्ठभूमिमा बी.पी.का उपन्यासहरूको सूक्ष्म विवेचना गरी उनको साहित्यिक कलाकारिताको प्रशंसा गरेका छन् । यस्तै हरिप्रसाद शर्माले बी.पी.को समग्र साहित्यिक जीवन र श्रीकृष्ण गौतमले साहित्य साधनामा बी.पी.को पुरुषार्थ पक्षको विवेचना गरेका छन् । समालोचक गोपीकृष्ण शर्माले "मोदिआइन" उपन्यासको समग्र पाटोलाई समीक्षात्मक टिप्पणी गरेका छन् ।

यसरी तत्कालीन परिस्थितिमा राजनेता एवं साहित्यिक शिखरपुरुष विश्वेश्वरको देहावसानमा राष्ट्रिय प्रतिभा, समालोचक एवं कविहरूका रचना सङ्कलन गरी भावपूर्ण रूपमा श्रद्धाञ्जलि दिइएको यो अङ्क विश्वेश्वरप्रसाद कोइरालाका बारेमा शोधखोज गर्नेहरूका लागि उपयोगी रहेको छ ।

**बुटवल-१३, रूपन्देही ।**

०००

*// लेख //*

# 'हाम्रो पुरुषार्थ'-९२ मा परेको दृष्टि



**रह शर्मा**

विगत दश वर्षदेखि होला हाम्रो पुरुषार्थ त्रैमासिकसँग मेरो मित्रता गाँसिएको । प्राप्त हाम्रो पुरुषार्थमध्ये कतिमा मेरो पूर्ण दृष्टि पऱ्यो, कतिमा आंशिक वा कतिमा साजसज्जा र विषयसूचीतर्फ मात्र दृष्टिगोचरमा सीमित भयो त्यो छुट्टै बहस र लेखनको विषय बन्ला तर मलाई भने हाम्रो पुरुषार्थ सुन्नासाथ, देख्नासाथ 'किरण पुस्तकालय'का काल्पनिक भवन र त्यसभित्रका व्यवस्थित पुस्तकहरूको सजावटको दृश्य मानसपटलमा रूमल्लिइरहन्छ ।

मेरो मस्तिष्कमा कहिल्यै नमेटिने स्वरूपमा रहेको अरूणोदय माध्यमिक विद्यालय, गीतानगरको प्राङ्गणको सडक छेउमा रहेको ब्राह्मी पुस्तकालयको स्मृतिको झलकले पुस्तकालयप्रति अगाध स्नेह जागेको हो । राजनीतिक दुश्चक्रको द्वन्द्वमा फसेर त्यस पुस्तकालयले निरन्तरता पाउन सकेन तथापि मेरो अन्तर्हृदयमा पुस्तकालयको महत्त्व र गरिमाको विषयमा म गम्भीर बनिरहेकै हुँ । त्यही माया, स्नेह र सम्मानस्वरूप मैले मेरो वरिपरिको दोभान पुस्तकालयको आजीवन सदस्य बनेर छोटो समय अध्यक्षको जिम्मेवारी सम्हाल्ने अवसर मिलेको थियो । पुस्तकालयको महत्त्वप्रति सचेत र सजग भएरै होला मैले पोखराको महेन्द्रपुलमा रहेको पुस्तकालय, क्षेत्रपुर-चितवनमा अवस्थित रामेश्वर पुस्तकालय तथा पूर्वी चितवनको झुवानी सामुदायिक पुस्तकालयको सूक्ष्म रूपमा भने पनि अवलोकन गरेर सामान्य जानकारी लिएको थिएँ ।

त्रिभुवन विश्वविद्यालयसँग एकतीस वर्ष आबद्ध भएर रहँदा केन्द्रीय पुस्तकालयदेखि क्याम्पस पुस्तकालयको थरीथरीका व्यवस्थापकीय पक्षको सामान्य देखेजाने पनि समुदायको सक्रियतामा बनेका पुस्कालयप्रतिको चाख र चासो मेरो रुचिको विषय बन्न पुगेको छ ।

मलाई अवसर र प्रस्ताव प्राप्त हुन सके ती नाम उल्लेख गरेका र हाम्रो पुरुषार्थ नियमित प्रकाशन गर्ने क्षमता प्राप्त किरण पुस्तकालयको जानकारीमूलक स्थलगत भ्रमण गर्ने मनसुवा राखेको छु । मैले त्यो अवसर प्राप्त गर्न सकेछु भने त्यो मेरो

आध्यात्मिक चिन्तनमा रमाउनेहरूले गरेको चारधाम (पशुपति क्षेत्र धाम, वराह क्षेत्र धाम, मुक्तिक्षेत्र धाम र रुरुक्षेत्रधाम)को दर्शन गरेसरह हुने ठानेको छु ।

व्यक्तिगत समूह वा सङ्घ-संस्थासँगको सहकार्यमा त्यस्तो फलदायी भ्रमणको अवसर प्राप्त हुने आशामा म हाम्रो पुरुषार्थको २०७८ कात्तिक-पुस सम्पूर्णाङ्क-९२ प्रति आकर्षित भई त्यसमा भएका विद्वान्-विदुषीका भावनासँग परिचित हुने प्रयत्न गर्न खोजेको छु ।

*मलाई अवसर र प्रस्ताव प्राप्त हुन सके ती नाम उल्लेख गरेका र हाम्रो पुरुषार्थ नियमित प्रकाशन गर्ने क्षमता प्राप्त किरण पुस्तकालयको जानकारीमूलक स्थलगत भ्रमण गर्ने मनसुवा राखेको छु । मैले त्यो अवसर प्राप्त गर्न सकेछु भने त्यो मेरो आध्यात्मिक चिन्तनमा रमाउनेहरूले गरेको चारधाम (पशुपति क्षेत्र धाम, वराह क्षेत्र धाम, मुक्तिक्षेत्र धाम र रुरुक्षेत्रधाम)को दर्शन गरेसरह हुने ठानेको छु ।*

नियाल्दा आकर्षक लाग्ने अगाडिको रङ्गीन चित्र भएको यस अङ्कको मूल्य रू. १०० ।- रहेको छ । यसको अर्कोपट्टि धुर्कोट गाउँपालिकामा रहेका केही दर्शनीय स्थलहरूका रङ्गीन चित्रहरू छन् । त्यसपछिको अघिल्लो पानामा प्रकाशक समूहको नाम, पुस्तकालयको नाम र मुद्रकको नाम रहेको छ भने पछिल्लो पानामा पत्रिकाका प्रतिनिधिको नाम रहेका छन् । बाँकी सम्पादकीय र विषयसूचीपश्चात् रचनाहरूको थालनी हुन्छ ।

संस्कृत साहित्यका अध्येता, आधुनिक विज्ञान एवम् समाजशास्त्रका चिन्तक र छन्दका विशिष्ट व्यक्तित्व रमेश खकुरेलको भेटवार्ताबाट प्रवेश भएको पत्रिकाको सिलसिलामा उहाँले व्यक्त गर्नुभएका सबै कुरा गहन र मननीय त छँदै छन्, सगरमाथा अञ्चल कर कार्यालयमा हाकिम भएर चार वर्ष बिताएको क्रममा तत्कालीन अञ्चलाधीशले उहाँसँग मासिक दुई हजार माग गर्दा दिन असमर्थता व्यक्त गरेपछि राजाको सवारीमा त्यही कारणले जागरी खोसुवामा परेको कथाजस्तो लाग्ने घटनाले सत्ता र शक्तिको उन्माद कस्तो हुँदो रहेछ भन्ने दर्साउँछ ।

यसमा चौधवटा विभिन्न भाव बोकेका कविता छन् । आख्यानको छनक दिने लेखको गणनामा परेका सोह्रमध्ये एक लघुकथा, एक पालिका परिचय, दुई पुस्तकालय परिचय र गतिविधि तथा एक पुस्तक परिचयबाहेक अन्य मूल लेखकै स्वरूपमा रहेका छन् । तिनीहरूमध्ये कविता समूहका गद्य, पद्य, मुक्तक, गीत, गजल र लेखमा निबन्ध, कथा, लघुकथा, संस्मरण, समीक्षा, क्षेत्रपरिचय जेजे छन् कति, को, कस्को र कहाँमा स्पष्ट हुने गरी नछुट्याइएकोमा भने म अलमल्लमा परें ।

कवितातर्फ मुकुन्द शर्मा चालिसेको 'नेपालगाथा' कविताले राष्ट्रियताको भरपुर भाव बोकेको छ :

**निद्रामा पनि याद आउँछ भने नेपालको आउँछ**
**ऐले जाग्रत कालमा कलमले क्यै स्वप्न सम्झाउँछ**

**लुट्दैनन् रिपुले कुनै पनि कुरा हामी फुटेनौं भने**
**हाम्रो आँगन खोसिने छ सजिलै हामी जुटेनौं भने ।**

रुद्र ज्ञवालीको 'चरो र म' कविताले मान्छेले भोग्ने सामाजिक परिवेशजस्तो चरोले भोग्न नपर्ने हुँदा चरो सुखी भएको देखाइएको छ । प्रीति आत्रेयको 'सद्गुणी गर्व गर्दैन' मा गुणवन्त व्यक्ति कहिल्यै गर्व गर्दैन भन्ने उद्गार छ भने नारद गौतमको 'आयुर्वेद र नेपाली वन सम्पदा'मा उपयोगी जडिबुटी यार्सा, सिलाजित, कस्तुरीलगायतका प्राकृतिक रूपमा उपलब्ध औषधिजन्य जडिबुटीको वर्णन छ । मोहन ज्ञवालीको 'के काम भो ?' र मित्र उराठीको 'भगवान्लाई प्रश्न' शीर्षकका कविताले क्रमशः बेथिति र भगवान्प्रति व्यङ्ग्य गरेको छ । गणेशपुण्य श्रेष्ठको 'सत्य आवाज' कवितामा अत्याचारप्रति विद्रोह छ भने सुदीक्षा ज्ञवालीको 'कोरोना सङ्क्रमण र बालबालिकाको भोगाइ' कविताले कोरोना कहरकालबाट प्रताडित बालबालिकासहित आम मानव आत्माको कहालीलाग्दो कहानी सम्झना गराएको छ । रोहितप्रसाद ज्ञवालीको 'हामी नेपाली' कवितामा हिमाल, पहाड, तराईका आ-आफ्ना शैली, संस्कार र सांस्कृतिक बखान गरिएको छ । प्रदीप प्रखरको 'राष्ट्रभक्ति गीत'मा राष्ट्रियता छताछुल्ल पोखिएको छ । कृष्णशरण उपाध्यायको 'चाँडै यहाँ पाल्नुहोस्'मा नेपाल सुरम्य स्वर्गनगरी हो, यहाँको प्राकृतिक मनोरम दृश्य, नदी, ताल, झरना, निकुञ्ज आदि र वन्यजन्तुमा बाघ, भालु, बँदेल, गैंडा, मृग आदिको अवलोकन गर्न आह्वान गरिएको छ ।

अपरिचितको जमातमा झुल्किएकी कवयित्री परिचित अनुहार सीता सुवेदी पन्थीको 'सम्मानको आरती' ज्येष्ठ नागरिकप्रति समर्पित कविताले ज्येष्ठ नागरिकलाई श्रद्धापूर्वक सम्मान गरिएको छ :

**स्रष्टा देव उनै सुरम्य जगका द्रष्टा उनै पुज्य छन्**
**वृद्धावृद्ध तिनै समग्र जगत्का सद्भावका ताज हुन् ।**

**खम्बा हुन् परिपक्क मान्यजन ती संस्कारका सारथी**
**सेवाभाव लिई जगाउन सकौं सम्मानको आरती ॥**

शीला पन्तको 'मेरो स्वतन्त्रता'मा स्वतन्त्रताका भावनाहरू तरङ्गित भएका छन् । स्व. भेषबहादुर कुँवरको 'सत्तरी सालको गीत'मा राष्ट्र निर्माणको चिन्ता छ । गायत्रीदेवी तिमिल्सिनाको 'शारदा शुभ्रवर्णा' मा आदरभावको उच्चतम नमूना प्रदर्शित भएको छ भन्दै 'कविता खण्ड' को अन्तसँगै 'लेख खण्ड'मा प्रवेश गर्दछु ।

दीन पन्थीको 'विविधताको पक्षमा' शीर्षकको लेखले वर्तमानको सामाजिक परिवेशको वास्तविकता चित्रण गरेको छ । हो, लेखकले भनेझैं समानता कुरामा हुन्छ, भाषणमा हुन्छ, विचारमा हुन्छ, किताबमा हुन्छ, कल्पनामा हुन्छ तर व्यवहारमा हुँदैन । डा. लक्ष्मीकान्त पन्थीको 'ब्रम्हपूजा वा आत्मपूजा के हो ?' मा नेवारी समाजमा विशेषगरी कार्तिक शुक्ल पक्षको प्रतिपदा तिथिमा ब्रह्मपूजा वा आत्मपूजा भनेर आफूले आफ्नै पूजा गर्ने प्रचलनको धर्म, संस्कारअनुसार सविस्तार व्याख्या गरिएको छ । डा. बाबुराम ज्ञवालीको 'छान्दोग्य उपनिषद्को परीक्षद्'मा उपनिषद्मा अनेक विद्या, औङ्कार, ब्रह्मचर्य, गृहस्थ, वानप्रस्थ आदिका साथै गायत्री उपासना, अध्यात्म शिक्षा, सृष्टि, ब्रह्मोपासनाजस्ता विषयहरूको विशद वर्णन छ । डा. श्यामप्रसाद न्यौपानेको 'नेगेटिभ'मा कोरोनाले आत्तिएको अवस्थाको चित्रण छ । गोपालचन्द भट्टराईको 'दशैंको लुगा'मा गाउँको प्रतिष्ठित उच्च परिवारको हुनेखाने र अधिँयामा खेती कमाइ र मजदुरीले जीविकोपार्जन चलाउने हुँदाखाने निम्नवर्गको परिवारबीचको विभेद छरपस्ट उजागर भएको छ । ओमप्रकाश अधिकारीको 'समवेदना प्रकट गर्दा लेखिने केही शोक सन्देशहरू'मा दिवङ्गत भएका व्यक्तिलाई समय र परिस्थितिअनुसार तिनका परिवारजनलाई समवेदना व्यक्त गर्ने चलनचल्तीमा आएका केही सन्देशहरू पाठकवृन्दका जानकारीका लागि प्रस्तुत गरिएको छ । भुवनप्रसाद अर्यालको 'शाकुन्तल महाकाव्यमा आख्यानविधान' बारे त के कुरा गर्ने र त्यसका बारे त सयौं-हजारौं लेख लेखिए होलान् । नेपाली महाकाव्यको इतिहासमा बेजोडको महाकाव्यका रूपमा चर्चित यसमा विराट् कवित्व, अतुलनीय काव्यात्मकता, स्तरीय भाषाशैली र शास्त्रीय छन्दको लयप्रवाह भरपुर छ । 'विपद् जिम्मेवारी : पुस्तकालयको क्षेत्राधिकार ?' र 'सन्दर्भ किरण पुस्तकालय : भ्रमण रेसुङ्गा भूस्वर्गको' गरी दुई मुरारिविनोद पोखेलका लेखमा पुस्तकालयकै सेरोफेरोमा रहेर पनि विपद्बारेमा बुझाई, विपद् सबै प्राकृतिक मात्र हुँदैनन्, विपद सबैको सरोकारको विषय, विपद् ऐन, नीति, नियमावली, कुन संस्था विपद्सँग सम्बन्धित नहोला ?, भवन संहिता आदि उपशीर्षकहरूले महत्त्वपूर्ण जानकारी दिएको छ । प्रा.डा. माधवशरण उपाध्यायको 'संस्कृत विद्याको संरक्षण र संवर्धन' शीर्षकको लेखमा नेपालमा संस्कृत शिक्षा, संस्कृत शिक्षाको औचित्य र महत्त्व, संस्कृत शिक्षाको संरक्षण र सम्वर्धनमा देखिएका केही चुनौतीहरू, समाधानका उपायहरू, संस्कृत विद्यालयीय शिक्षा एवम् उच्चशिक्षाका दुई धारको व्यवस्था, शास्त्रीय विषयप्रधान पाठ्यक्रमको प्रारूप, विश्वविद्यालयस्तरीय संस्कृति, विद्या संरक्षण र सम्वर्धनका निमित्त भावी योजनाको स्वरूप उपशीर्षकहरूले मूलशीर्षकअनुसारको व्याख्या र विश्लेषण गहिराइमा पुगेर गरेको पाइन्छ । रुद्रबहादुर भुजेलको 'रेसुङ्गा एक दर्शनीय पर्यटकीय गन्तव्यस्थल बनेको छ' भन्ने उहाँसँगको कुराकानीको सारसङ्क्षेपको अनुभूतिले मलाई पनि किरण पुस्तकालयको दृष्टिगोचरपश्चात् रेसुङ्गा पुग्ने हुटहुटी जागेको छ ।

वि.सं. २०३१ सालमा तानसेनबाट तम्घास पुग्न सकिन्न एकै दिन भन्ने भनाइ तोडेर पैदल यात्रामा एकै दिनमा तम्घास पुगेको भए पनि भोलिपल्ट सबेरै फर्कंदा तम्घासका बारे कुनै पनि विषयमा मैले जानकारी हासिल गर्न पाएको थिइनँ । त्यसैले पनि होला र किरण पुस्तकालयको स्नेहले पनि हुन सक्छ मलाई त्यहाँ पुग्ने रहर कायमै छ । चन्द्रप्रकाश उपाध्यायको 'धुर्कोट गाउँपालिकाको सङ्क्षिप्त परिचय' मा यो गुल्मीको पश्चिम क्षेत्रमा रहेको पहिला सानो र स्वतन्त्र राज्य रहेको विषयसहित राजा भूपेन्द्र मल्ल त्यस बखतका अन्तिम राजा भएको तथ्यले इतिहास शोधखोज गर्नेहरूका निमित्त यसले मद्दत पुऱ्याउँछ ।

धुर्कोट गाउँपालिकाको विस्तृत वडागत जनसङ्ख्या, परिवार सङ्ख्या, क्षेत्रफल र प्राकृतिक एवम् सांस्कृतिक संरचनाको तथ्यगत विवरणको लागि यो पालिका परिचय उपयोगी छ । म्याग्दी सामुदायिक पुस्तकालय, बेनी २०१२ सालदेखि सङ्गम पुस्तकालय र प्रकाश पुस्तकालय हुँदै २०२७ साल जेठ ३० गतेदेखि म्याग्दी पुस्तकालयको रूपमा स्थापित जिल्लाकै ठूलो सामुदायिक पुस्तकालयको स्थान ओगटेको रहेछ । २०६० साल चैत ७ गतेको सरकारी सुरक्षा फौज र नेकपा माओवादीको भीषण भिडन्तका कारण भवन, पुस्तक, पत्रपत्रिका, फर्निचरलगायत सबै ऐतिहासिक दस्ताबेजसमेत जलेर नस्ट हुँदा करिब सत्र लाख बराबरको क्षति भएको रहेछ । पुस्तकालयका विविध गतिविधिले किरण पुस्तकालयको गतिविधिका बारे प्रस्ट पारेको देखिन्छ । पठन संस्कृतिको विकासमा टेवा पुग्ने देखिन्छ । 'नौलो सृष्टि : सानो दृष्टि'मा पूर्वीय अर्थशास्त्रमा निरन्तर अध्ययनरत विद्वान् प्रा.डा. बाबुराम ज्ञवालीको बृहस्पति सूत्र अर्थात् बार्हस्पत्य राजार्थशास्त्र, महाकवि चन्द्रकान्त आचार्यको दर्पण, युवराज शर्मा गौतमको नैसर्गिक नेपाल, रामप्रसाद पन्तको आयामेली अनुभूति र मुरारिविनोद पोखरेलको तरङ्गका तरेलीहरूको अकिञ्चनले समीक्षात्मक पुस्तक परिचय दिनुभएको छ । अमेरिका टेक्सासको अस्टिन सहरमा बस्ने कृष्णकान्त पन्थी पिएच.डी. ले पाठक-प्रतिक्रिया स्वरूप मेरो दृष्टिमा हाम्रो पुरुषार्थको सम्पूर्णाङ्क-९१ को सुन्दर टिप्पणी गर्नुभएको छ ।

अन्त्यमा किरण पुस्तकालयका विशिष्ट र आजीवन सदस्यको परिचयसहित उक्त पुस्तकालयले प्रकाशित गरेका पुस्तकहरूको नाम समावेश गरेर पत्रिकाको समापन गरिएको छ ।

**भरतपुर-१०, चितवन ।**

ooo

*// लेख //*

# 'हाम्रो पुरुषार्थ' मा त साँच्चिकै पुरुषार्थ पो रहेछ !




नवीन मरासिनी

**'हाम्रो पुरुषार्थ' नामै काफी छ !**

मोफसलबाट यति लामो समयसम्म निरन्तर प्रकाशन भएर राष्ट्रिय पहिचान बनाउन सफल यस पत्रिकाले आफ्नो 'पुरुषार्थ ' देखाएकै छ विगत ५० वर्ष देखि ! (यद्यपि पुरुषवादी नाम पर्‍यो भनेर गुनासो गर्नेहरू पनि होलान् आजकल !) अहिले मेरो हातमा छ हाम्रो पुरुषार्थ (माघ-चैत्र, २०७९, वर्ष ५०, अङ्क:२, सम्पूर्णाङ्क :९७) अनि म पढ्दै छु सम्पादकीय ।

**दोस्रो अनुच्छेदमा लेखिएको छ :**

"मान्छे बन्न एक सिंढी माथि चढ्नुपर्छ-त्यहाँ अलिकति त्याग छ, निवृति छ, करूणा छ, सत्य छ, नैतिकता छ, मानवता छ, लज्जा छ । त्यो भेटाउनुपर्छ। "हो, यसैलाई मूल मन्त्र मानेर नै हाम्रो पुरुषार्थ यहाँसम्म आइपुगेको छ । त्यही मान्छे बन्ने, बनाउने र बन्न उत्प्रेरणा दिने अभिलाषाले जन्मिन्छ 'हाम्रो पुरुषार्थ' गुल्मीको माटोमा, म जन्मिनुभन्दा धेरै वर्षपहिले, अनि म पनि यसको संगत गर्न पाउँछु बच्चैदेखि । मलाई याद छैन कुन अङ्कदेखि मैले यसलाई भेटें, तर धेरै साहित्य अनुरागी, लेखकहरूका अन्तर्वार्ता र लेख रचनाहरूसँग साक्षात्कार हुने अवसर मैले यसै पत्रिकामार्फत पाएको हुँ ।



आजकल काठमाडौंबाट तम्घास जानु भनेको 'हाम्रो पुरुषार्थ' को नयाँ अङ्कसित भेट हुनु पनि हो, यसका लागि शशि सरले व्यक्तिगत रूपमा मलाई आफ्नो घरमै बोलाएर वा मेरो घरमै 'नयाँ अङ्क आएको छ क्यारे' भन्दै पुस्तक हातमा थमाइदिंदा मेरा खुसी, सरप्रति देखाउने श्रद्धाभाव व्यक्त गर्ने कुनै शब्द मसँग छैनन्, मात्र आफूलाई अहो ! भाग्यमानी ठान्नेबाहेक !

हाम्रो पुरुषार्थ अर्गानिक छ, यो हाम्रो माटोमा जन्मेको, हुर्केको, फुलेको फलेको रैथाने पत्रिका बन्न पुगेको छ, यसमा समेटिने विषयवस्तु र शब्दावली नितान्त हाम्रो जनबोलीबाट टपक्क टिपेर ल्याइएका हुन्छन् । यसका नियमित स्तम्भहरू जस्तै सम्पादकीय, भेटघाट, कुटुरो फुकाउँदा, यताउताबाट, नौलो सृष्टि : सानो दृष्टि, किरण पुस्तकालयको पातो, पाठक-प्रतिक्रिया अन्य पत्रिका पढ्नेहरूका लागि बेग्लै स्वादका लाग्छन् ।

*हाम्रो पुरुषार्थ अर्गानिक छ, यो हाम्रो माटोमा जन्मेको, हुर्केको, फुलेको फलेको रैथाने पत्रिका बन्न पुगेको छ, यसमा समेटिने विषयवस्तु र शब्दावली नितान्त हाम्रो जनबोलीबाट टपक्क टिपेर ल्याइएका हुन्छन् । यसका नियमित स्तम्भहरू जस्तै सम्पादकीय, भेटघाट, कुटुरो फुकाउँदा, यताउताबाट, नौलो सृष्टि : सानो दृष्टि, किरण पुस्तकालयको पातो, पाठक-प्रतिक्रिया अन्य पत्रिका पढ्नेहरूका लागि बेग्लै स्वादका लाग्छन् ।*

यो अङ्कमा विविध विषयवस्तुको संगालो भेट्न सकिन्छ, पत्रिका आफैमा एक कोलाज बनेको छ, साहित्यको कुन विधा छोइएको छैन यसमा ? अन्तर्वार्ता, कथा, कविता, निबन्ध, अनुभव-अनुभूति, हास्य व्यंग्य, संस्मरण, नियात्रा, गद्य कविता, झ्याउरे कविता, गीत, आलेख, समीक्षा, लघुकथा समालोचना यस्तै यस्तै ! सब अटाएको छ करिब १४० पेजमा ! कुटुरो फुकाउँदामा भनेजस्तै साहित्यका सबै विधामा चर्न पाइन्छ यो अङ्कमा ।

यस संस्करणको कभर पेजमा ११ औं लोकवार्ता सम्मेलनमा सहभागीद्वारा राष्ट्रिय गान गाउँदै गर्दाको तस्वीर अंकित छ, भित्री कभर पेजले स्वस्तिवाचन, घाटु नाच, भजन, सराएँ नाचलगायतका अति दुर्लभ तस्वीरहरू समेटेको छ । किरण पुस्तकालयले संयोजन गरेको लोकवार्ता सम्मेलनका समाचार 'किरण पुस्तकालयको पातो' मा पढ्न पाइन्छ र यी तस्वीर र समाचारबाटै प्रष्ट हुन्छ कि हाम्रो पुरुषार्थले प्राथमिकतामा राख्ने विषयवस्तुहरू !

प्रा. शिव गोपाल रिसालसँगको भेटघाटमा वैदिक ज्ञान आर्जनका विषयवस्तुदेखि लिएर ४०-५० वर्ष पहिलेदेखि शिक्षा क्षेत्रमा गरेको उहाँको योगदान, त्याग, र तपस्या अहिलेको पुस्ताका लागि मार्गदर्शन हुनुका साथै अन्तर्वार्ता पढ्दै गर्दा

ऐतिहासिक यात्रामा निस्केको अनुभूत हुन्छ । सामाजिक, सांस्कृतिक, आध्यात्मिक, शैक्षिक, विषयवस्तुमा गहिराइसम्म पुगेर गरिएको यो भेटघाट नयाँ पुस्ताका लागि प्रेरणादायी छ ।

हरिप्रसाद शर्माको 'म प्राज्ञ' यौटा उत्कृष्ट हास्यव्यंग्य निबन्ध बन्न पुगेको छ । यसले अहिलेका बुद्धिजीवी भनिने प्राज्ञहरूको चरित्रलाई उदाङ्गो पारिदिएको छ । आफ्नो बुद्धि र विवेकलाई बन्धक राखेर व्यक्तिगत स्वार्थ पूरा गर्नका लागि जे गर्न पनि तयार हुनु पर्ने प्राज्ञको बाध्यता हो कि रहर? पाठकलाई नराम्रोसँग चिमोटेर सोच्न बाध्य बनाउँछ यो निबन्ध पढिरहँदा !

यस संस्करणमा विभिन्न बान्कीका कविताले स्थान पाएका छन् । विभिन्न स्थानमा छरिएर रहेका कविहरूलाई एकत्रित गरेर हाम्रो पुरुषार्थले इन्द्रेणीमा रंग भर्न लगाएको आभास हुन्छ यी कविता पढिरहँदा । विविध विषयमा रचित यी मौलिक प्रस्तुतिले पाठकलाई बेग्लै रसास्वादन गराउँछन् । सबै प्रकारका कविताको अनुपम त्रिवेणी बनेको छ यो अङ्क, मात्र चाहिन्छ कविता पढ्न रुचाउने मन !

मुकुन्द शर्मा चालिसेको 'चम्कन्छ हाम्रो जुनी', नारद गौतमको 'सर्वस्व हाम्रो गयो' विष्णुहरि पौडेलको 'पूर्ण-विराम', प्रीति आत्रेय ज्ञवालीको 'हे वाग्देवी ! तिमी आऊ', वासु जमरकट्टेलको 'अनिदो रातका सपना र मेरो मन', मोहन ज्ञवालीको 'नयाँ वर्षको मङ्गलमय कामना', थानेश्वर पन्थीको 'मान्छे', पन्थी रामप्रसादको 'गृहलक्ष्मी', श्यामप्रसाद न्यौपानेको 'पाँच रूवाई', मित्र 'उराठी' गौतमको 'प्रतिबद्धता', सीता पोखरेल खनालको 'पुष्प रमाउँदा', जोशिका कँडेलको 'समृद्ध लुम्बिनी', घनश्याम परिश्रमीको 'गजल', लक्ष्मीकान्त पन्थीको 'नयाँ वर्ष एक-शुभकामना अनेक', सुरेशप्रसाद अर्यालको 'गाउँले हराएको गाउँ', विष्णु घर्ती 'भनभनेली'को 'मन', विनोद नेपालको 'हक', शकुन्तला ज्ञवाली पौडेलको 'कृषि' यस संस्करणका काव्यिक प्रस्तुति हुन् । यी कविता पढ्दा पाठकको मनमा सबै किसिमका भावहरू आशा, निराशा, खुसी, उमङ्ग, रोदन सबै अनुभूति हुन्छ । यौटा बसाइमा यसमा भएका गीत र कविता मात्र पढेर अनुभव गर्दा जीवनका सबै सरगम अनुभूत हुँदो रहिछ!

हरिप्रसाद भण्डारीको संस्मरण 'टर्रोपन' ले आधुनिक जीवन शैलीमा कसरी हाम्रा भाषा, रहन-सहन, आहार-बिहारमा परिवर्तन (विचलन ?) आइरहेका छन् भन्ने कुरालाई मर्मस्पर्शी र हाँस्यमिश्रित रमाइलो घटनाको रूपमा प्रस्तुत गरेको छ ।

श्रीहरि अर्यालमार्फत लिखित 'बानेश्वरको सेरोफेरो' माथि मुरारीविनोद पोखरेलको टिप्पणी पठनीय छ, उक्त पुस्तकमा बानेश्वरका भौगोलिक, सामाजिक, सांस्कृतिक आयामहरूका बारेमा प्रष्टाइएको छ । उक्त लेखले श्रीहरि अर्यालको उक्त पुस्तक पढ्नलाई अभिप्रेरित गर्दछ । बानेश्वरका बारेमा हामीजस्ता धेरै जनाले नजानेका,

नसुनेका किस्साहरूको समेत उदाहरण दिदै रोचक तरिकाले यो लेख प्रस्तुत गरेका छन् । त्यस्तै गरी उदय ठाकुरको 'देहरादून : त्यो देहरादून, यो देहरादून' ले देहरादूनको विगत र वर्तमानलाई फरक शैलीमा प्रस्तुत गरेको छ । अहिलेको देहरादून कसरी चामत्कारिक रूपमा परिवर्तन भइरहेको छ भन्ने उत्सुकता मेटाइदिन्छ यसले । एउटै प्रकृतिका यी दुई आलेखले दुई भिन्न ठाउँका बारेमा अलग-अलग तरिकाले जानकारी गराउँछन् । यी दुईवटा लेख पढिरहँदा यो संस्करणमा यौटै प्रवृतिका दुईवटा लेख किन छानिएका होलान् भन्ने प्रश्न मनमा आइरह्यो । अझ भनौ, गुल्मीबाट प्रकाशित हुने लेखले गुल्मीकै कुनै स्थानको बारेमा त्यस्तै लेख प्रस्तुत नगरेर किन काठमाडौं र देहरादून रोजिएका होलान् ? सायद विविधता पस्किनको लागि स्थानीयताबाट माथि उठ्ने प्रयास गरिएको हो कि ?

*पुस्तकालयको संख्याको हिसाबले लुम्बिनी प्रदेश अग्रणी स्थानमै रहेछ । पुस्तकालयको स्थापना गरी संचालनमा ल्याउनु भनेको उज्यालोको खोजी गर्नु हो, सत्मार्गको बाटो पहिल्याउनु हो, त्यो बाटोमा आफू हिडेपछि अरूलाई पनि हिड्न अभिप्रेरित गर्नु हो, मान्छेहरू समाजप्रति उत्तरदायी बनेर आफूभन्दा माथि उठेर अरूलाई पनि मान्छे बन्न अभिप्रेरित गर्नु हो ।*

महिलालाई प्रशासनिक भूमिका र पुरुषलाई घरायसी भूमिकामा प्रस्तुत गरिएको शंकरप्रसाद गौतमको कथा 'पारितोषिक' यस अङ्कको एउटा उत्कृष्ट कथा हो, यसले पितृसतात्मक समाजमा एउटा महिला सिडिओको श्रीमान्को परिवर्तित लैंगिक भूमिका (जेण्डर रोल) लाई सरल रूपमा कल्पनाको माध्यमबाट प्रस्तुत गरेको छ । कथा पढ्दै जाँदा पुरुषहरू कथामा प्रस्तुत भूमिकामा आउन आवश्यक हो ? वा कट्टर महिलावादीले भनेजस्तो जेण्डर रोल नै परिवर्तन गरेर समाजमा समानता र समानानुभूति आउने हो र भन्ने प्रश्न आइरहन्छ ।

पद्मप्रसाद शर्माको 'लुम्बिनी प्रदेशमा पुस्तकालय' ले लुम्बिनी प्रदेशका विभिन्न जिल्लामा रहेका पुस्तकालयहरूका बारेमा जानकारी दिएको छ । पुस्तकालयको संख्याको हिसाबले लुम्बिनी प्रदेश अग्रणी स्थानमै रहेछ । पुस्तकालयको स्थापना गरी संचालनमा ल्याउनु भनेको उज्यालोको खोजी गर्नु हो, सत्मार्गको बाटो पहिल्याउनु हो, त्यो बाटोमा आफू हिडेपछि अरूलाई पनि हिड्न अभिप्रेरित गर्नु हो, मान्छेहरू समाजप्रति उत्तरदायी बनेर आफूभन्दा माथि उठेर अरूलाई पनि मान्छे बन्न अभिप्रेरित गर्नु हो, त्यसैले यी सबै पुस्तकालयको चिनारी छोटकरीमै भए पनि पस्केर यो अङ्कले पुस्तक र पुस्तकालय सबैका साझा सम्पति हुन्, यिनीहरूको संरक्षण र संवर्धन आवश्यक रहेको पुष्टि गरेको छ ।

हरिप्रसाद गौतमको लघुकथा 'हिम्मत' ले वर्तमान नेपालको राजनैतिक र जागिरे जीवनको अवस्था प्रस्तुत गरेको छ भने लीलाराज दाहालको 'सुशासन' लाई

‘हिम्मत’ कथाकै भाग २ को रूपमा पढ्दा दुबै कथालाई न्याय हुने अनुभव हुन्छ । दुबै कथाले वर्तमान परिप्रेक्ष्यको विकृत स्वरूपलाई उदाङ्गो पारेका छन् । धनराज गिरीको लघुकथा ‘निर्मल, विमल र कन्चन’ सामान्य नै लाग्छ यद्यपि यसले आधुनिक कालखण्डको कुनै एक अवस्थालाई चित्रण गर्न खोजेको छ ।

कौटिल्य अर्थशास्त्रमा भएका मूलभूत पक्षहरूलाई जान्न र बुझ्न खोज्नेहरूका लागि डा. बाबुराम ज्ञवालीको ‘कौटिल्य अर्थशास्त्रमा वैदेशिक कूटनीति ’ पठनीय लेख हो यस अङ्कको । कौटिल्य अर्थशास्त्रको सारभूत पक्ष समेटिएको यो लेखले अर्थशास्त्र अध्ययन नगरेका पाठकहरूलाई कौटिल्य कुटनीतिका अतिरिक्त उनले प्रतिपादन गरेको सिद्धान्त अहिलेसम्म के कसरी सान्दर्भिक छ भन्ने जानकारी गराउँछ ।

दीन पन्थीको निबन्ध ‘नग्नदेखि नग्नसम्म’ले पाठकलाई विशेष तरिकाले सोच्न बाध्य बनाउँछ । दुई धर्मका दुई भिन्न भिन्न पौराणिक कथाहरूमा वर्णित नग्नताको प्रसङ्गलाई कोट्याउँदै आधुनिक समाजमा आदिम प्रवृत्ति (नग्नता) जस्ताको तस्तै रहेको र हाम्रो सभ्यताको यात्रा नग्नताबाट शुरू भएर नग्नतातिरै उन्मुख भएको दार्शनिक तथ्यलाई सरल तरिकाले प्रष्टाइएको छ । छोटा र सरल वाक्यमा गहन कुरा अभिव्यक्त गर्न सक्नु, प्रकृति, मानवजीव र सभ्यताका बारेमा अरूले सोच्नेभन्दा भिन्न पक्षको रहस्योद्घाट्न गर्न सक्नु निबन्धकारको कुशलता रहेको छ ।

शशिधर पाण्डेको अनुभवमार्फत नयाँ पुस्ताले गुल्मी जिल्लाको विगतको सामाजिक, आर्थिक, शैक्षिक, सांस्कृतिक परिवेश कस्तो थियो भनेर नियाल्ने अवसर पाउँछन् ।

समग्रमा भन्दा यो अङ्क आफैमा ओजपूर्ण प्याकेज रहेछ, साहित्यका धेरै विधा समेटिएको ! ‘हाम्रो पुरुषार्थ’ मा त साँच्चिकै पुरुषार्थ पो रहेछ ! हाम्रो पुरुषार्थको कुनै पनि अङ्कलाई सुन्तलाका केसराजस्तै अलग अलग बनाएर मैले कहिल्यै अध्ययन गरेको रहेनछु । यो अङ्कले समेटेका विषयवस्तुहरू, तिनीहरूको विविधता र परिधिमाथि घोत्लिदा बल्ल महसुस भयो यो अङ्क देख्दा जति सानो छ, अध्ययन गर्दा त्यति नै गहन र गहौं छ । कुनै नियमित आयस्रोतविना मोफसलमा यस्तो साहित्यिक पत्रिकाको परिकल्पना गरेर आधा शताब्दीसम्म हर समय यसमा खट्नुहुने सम्पादक मण्डलको जतिसुकै तारिफ गरे पनि अधुरो र अपूरो नै रहन्छ । उहाँहरूको अनुकरणीय प्रयास र सत्कर्म नयाँ पुस्ताले बोध गर्न सकोस्, उहाँहरूले देखाएको बाटोमा ‘हाम्रो पुरुषार्थ’ले चिरपर्यन्त जन्म लिई रहोस् ! शुभकामना !

✍ **रेसुङ्गा नगरपालिका -२, धागिथुम, तम्घास, गुल्मी (हाल - अनामनगर काठमाडौ ) ।**

**०००**

# 'हाम्रो पुरुषार्थ : रुरुक्षेत्र विशेषाङ्क' मा एक दृष्टि



रमेशमोहन अधिकारी

## १. प्रारम्भ

मैले सुरूमा 'हाम्रो पुरुषार्थ' पत्रिकालाई वि.सं.२०३५ तिर देखेको थिएँ । मेरो ठूलो मामाको घर रौतहटको विश्रामपुरमा दसैंको टीको थाप्न जाने बेलामा वा अन्य कुनै अवसरमा देखेको थिएँ । त्यसबेला मलाई साहित्यको 'स' पनि थाहा थिएन । मेरो मामाको जेठो छोरा, मेरो दाजु प्रदीप भट्टराई त्यसताका पाल्पामा जागिरे हुनुहुन्थ्यो । उहाँले नै सो पत्रिका ल्याउनुभएको रहेछ । पछि हामीले चन्द्रनिगाहपुरमा सूर्योदय पुस्तकालय चलाउन थालेपछि पनि 'मधुपर्क' कार्यालय वा कतैबाट प्राप्त यस पत्रिकाका केही अङ्क पुनः देख्न पाएको थिएँ । यसैपालि म रुरुक्षेत्र पुग्नु र मलाई साहित्यकार दाजु पूर्णप्रसाद अधिकारीबाट उपहार दिइनु गज्जब संयोग भएको छ । उहाँले मलाई यो अङ्क दिंदै समीक्षा लेख्नू है भाइ भनेर टक्र्याउनु भएकाले छोटो समयभित्र सर्सर्ती हेर्दा भेटेका कुरालाई यहाँ प्रस्तुत गर्दै छु ।

'हाम्रो पुरुषार्थ' गुल्मीको तम्घासस्थित किरण पुस्तकालयको नियमित र मूलतः साहित्यिक प्रकाशन हो । एउटा पुस्तकालयले चलाएको साहित्यिक पत्रिका पचास वर्षसम्म टिक्नु र यसका ९९ अङ्क प्रकाशन भइसक्नु चानचुने कुरो होइन । यसका लागि लामो समयसम्म अविचल लाग्नुहुने यो पुस्तकालय र यस पत्रिकाका सम्पादकहरू अवश्य पनि धन्य छन् ।

मेरो हातमा रहेको यो अङ्क पचास वर्ष पुगेपछिको तेस्रो हो । यो वैशाख–असार, २०८० को अङ्क हो र सम्पादक हुन् शशि पन्थी । यो अङ्क कभरबाहेक गरी ३६८ पृष्ठको छ ।

यस अङ्कको सम्पादकीय रुरुक्षेत्रको महत्ता दर्शाउने छ । सम्पादकीयको भाषा कवितात्मक तथा सुन्दर छ ।

## २. विषय प्रवेश

*'हाम्रो पुरुषार्थ' गुल्मीको तम्घासस्थित किरण पुस्तकालयको नियमित र मूलतः साहित्यिक प्रकाशन हो । एउटा पुस्तकालयले चलाएको साहित्यिक पत्रिका पचास वर्षसम्म टिक्नु र यसका ९९ अङ्क प्रकाशन भइसक्नु चानचुने कुरो होइन । यसका लागि लामो समयसम्म अविचल लाग्नुहुने यो पुस्तकालय र यस पत्रिकाका सम्पादकहरू अवश्य पनि धन्य छन् ।*

यसपछि अन्तर्वार्ता छ आदित्यमान श्रेष्ठको । अन्तर्वार्ताको शीर्षक "नेपाल कहिले बन्ला भन्ने चिन्ताले सताउन लागेको छ । " नेपालमा थोरै मात्र विद्यालय भएको राणाकालमा उहाँको प्रारम्भिक शिक्षा घरैमा भई बिस्तारै शिक्षाको स्तर बढाउँदै जानुभएको रहेछ । उहाँले शिक्षण तथा पत्रकारिता गर्दै गैरसरकारी संस्थाबाट व्यक्तित्त्व बनाउनुभएको रहेछ । उहाँको अन्तर्वार्तामा संस्कृति तथा राष्ट्रप्रतिको प्रेम झल्किन्छ । यसैगरी अर्को अन्तर्वार्ता रहेको छ देवेन्द्र सरस्वतीको । उहाँको अन्तर्वार्ताको शीर्षक 'शिक्षकमा गुरुत्व भयो भने मात्रै विद्यार्थीमा शिष्यत्व जागृत हुन्छ' हो ।

यस अङ्कमा प्रा.डा. वेणीमाधव ढकालको 'पौराणिक रुरुक्षेत्र र पाल्पाका मणि-मुकुट भगवान् हृषीकेश', नारायण ज्ञवालीको 'रुरुक्षेत्र : पाना नपल्टाइएका पौराणिक प्रकरण', 'युवराज पाण्डेको रिडी र काली गण्डकी नदी सभ्यता र यसको सेरोफेरो', सहप्राध्यापक मोहनीलाल नेपालको 'रुरुक्षेत्रका लोकसम्पदाहरू', प्रा.नवराज पाण्डेयको 'रुरुक्षेत्र-परिचय', युवराज भुसालको 'रिडीक्षेत्र र यसको महत्त्व', वेदप्रसाद पन्थको 'विशिष्ट धाम रुरुक्षेत्रको संक्षिप्त चिनारी', तुलसीदास गौतमको 'धार्मिक र व्यापारिक केन्द्र बनेको रिडीको माघे सङ्क्रान्ति मेला', ठाकुर शर्मा भण्डारीको 'तीन जिल्लाको सङ्गम : रुरुक्षेत्रको महिमा' भट्टराई बन्धुको 'ग्रामीण जनजीवनमा रिडी : रुरुधाम', उपप्रा. ज्ञाननिष्ठ ज्ञवालीको 'रुरुक्षेत्रको महिमा', शारदा भट्टराईको 'रुरुधामको बहुआयामिक महत्त्व र गौरवशाली इतिहास', साधक दुर्गादत्त पौडेल (तपोनिष्ठ)को 'रुरुक्षेत्र धाम (रिडी)को पौराणिक महत्त्व', उप-प्रा.घनश्याम भण्डारीको 'बम्घाकोट', मीनप्रसाद ज्ञवालीको 'रुरुक्षेत्रको सांस्कृतिक परिचय', कृष्ण ज्ञवालीको 'रुरुक्षेत्र र भगवान् हृषीकेशको महिमा', शङ्करप्रसाद गौतमको 'रुरुक्षेत्रको धार्मिक महत्त्व' रुरुक्षेत्रसम्बन्धी लेखहरू हुन् ।

यसैगरी डा. हिरण्यलाल ज्ञवालीको 'नेपाली साहित्यमा रुरुक्षेत्रको योगदान', डा. रामराज पन्थीको 'रिडीको संस्कृत पाठशालामा पं. ढुण्डीराज पन्थी र उहाँका छोराहरूको योगदान', परशुराम भट्टराईको 'दर्शनीय रुरुक्षेत्र', प्रा.डा. ध्रुवप्रसाद भट्टराईको 'नेपालकै गौरवगाथा गाउने रुरुक्षेत्र', कमलराज श्रेष्ठको 'रुरुक्षेत्र :

पर्यटकीय महत्त्व', राजु भुसालको 'रुरुक्षेत्र, शालग्राम शिला र यसको महत्त्व', कृष्णबहादुर कुँवरको 'रुरुक्षेत्र माहात्म्य र विकासको गति', डा. लक्ष्मीकान्त पन्थीको 'गण्डकीका काव्य एवम् काव्यहरूका सापेक्षतामा कालीगण्डकी खण्डकाव्य : एक परिशीलन', दीन पन्थीको 'गण्डकी गाथा', तेजनिधि पौडेलको 'रुरुक्षेत्र (रिडीधाम)' तथा चन्द्रप्रकाश उपाध्यायको 'रुरुक्षेत्र गाउँपालिकाको परिचय' लेखहरू हुन् ।

यस अङ्कका लेखहरूको समीक्षा गर्दा निकै लामो हुने भएकाले छोट्याउनका लागि लेखहरूका समष्टिलाई समेटेर बीचको भाग लेखकै रूपमा तयार गरिएको छ । यो लेखोट अलि बढी लेख, त्यसपछि समीक्षा र अलिकति संस्मरण पनि भएको छ अर्थात् यो पूर्णतः समीक्षा नभई विधाभञ्जनको रूपमा प्रस्तुत भएको छ ।

## ३. रुरुक्षेत्र सन्दर्भ

रिडी रुरुक्षेत्रभित्र पर्ने एक धार्मिक स्थल हो । रिडीको नाम कसरी रह्यो भन्ने सन्दर्भमा विभिन्न मतहरू देखिन्छन् । कसैले यसको पुरानो नाम ऋणीक्षेत्र थियो; यही नाम पछि कथ्य रूपमा रिडी नै प्रचलनमा आएर रिडी रहेको हो भनेका छन् । यसो भन्नेका मतलाई स्वीकार्दा यस स्थानमा स्नान गरेर हृषीकेशको दर्शन गरेमा मानिस देवऋण, पितऋण र ऋषिऋणबाट मुक्त र निष्पाप हुन्छ भन्ने मतलाई मान्नुपर्ने हुन्छ । अर्को मत मगर भाषामा 'रि' भन्नाले कालो र 'डी' भन्नाले पानी भन्ने बुझिने र यो काली गण्डकीसँग मिसिएपछि कालो नै हुने हुँदा रुरुक्षेत्रलाई रिडी भनिएको हो भन्ने छ ।

यस क्षेत्रको नाम रुरुक्षेत्र कसरी रह्यो भन्ने कुरामा भने पौराणिकता भेटिन्छ । भृगुवंशीय ऋषि देवदत्त कालीगण्डकी किनारको हाल गलफुल गुफामा निकै लामो समय तपस्यारत रहे । उनको तपबाट देवताहरूका राजा तथा ईर्ष्याका पिण्ड इन्द्रलाई सहिनसक्नु भयो । देवदत्तका कष्टकर तपबाट उनको राज्य खोसिने भयो भन्ने इन्द्रलाई लाग्यो । उनले सो तप भङ्ग गर्न स्वर्गकी सर्वाङ्ग सुन्दरी प्रम्लोचालाई पठाए । प्रम्लोचनाका सुन्दर शरीर, सुमधुर गीत, सम्भोग शृङ्गारमुखी नृत्य, यौवनसुलभ कटाक्ष आदिले देवदत्त ऋषिको तप भङ्ग भयो । ऋषि प्रम्लोचामा यति मग्न भए कि उनले आफू तपस्यारत रहेको कुरासमेत भुले । ती दुईजनाको रसबसबाट एउटा बच्चाको जन्म भयो अनि बल्ल ऋषि झल्याँस्स भए । उनी तपस्यारत रहेका व्यक्तित्त्व हुन् भन्ने कुरा बल्ल सम्झे । उनलाई पश्चात्ताप भयो र अझ कठोर तपका लागि भृगुतुङ्ग गुफातर्फ लागे ।

यता प्रम्लोचा पनि छोरीको जन्मपश्चात् आफ्नो लक्ष्य पूरा भएको ठानी स्वर्गतर्फ लागिन् । प्रम्लोचाले पनि आफ्नो सुर गरेपछि उनीहरूकी छोरी बिलखबन्दमा परिन् तर रुरु नाम गरेका मृगहरूले उनको पालनपोषण गरेका हुनाले उनको

शिशु अवस्थामै मरण हुन पाएन । उनी मृगहरूका सन्तानका रूपमा रहेकी मानवस्वरूपकी हुनाले अन्य कुनै खास नाम नभई रुरुकन्या नै नाम रह्यो । ती युवती भएपश्चात् आफ्ना सम्पूर्ण इन्द्रियहरूलाई वशमा लिई पिताका तपस्थलमै पिताभन्दा कठोर तप गरिन् । त्यसै तपका बलले भगवान् विष्णु उनका सम्मुख भई वर माग्न अनुमति दिए । त्यस क्रममा उनले आफूलाई दर्शन दिएको स्वरूपमै आफूसँग रहन आग्रह गरिन् । साथै आफूलाई पवित्र तुल्याई यस क्षेत्रको नामसमेत आफ्नै नामबाट राखिदिन वर मागिन् । भगवान्ले उनलाई 'तथास्तु' भने । यति मात्र नभई रुरुक्षेत्रमा आई काली गण्डकीमा स्नान गरेर हृषीकेश भगवान्को दर्शन गरेपछि तीन रातसम्म उपवास गर्ने भक्त तत्काल पवित्र हुने र जस्तासुकै पापबाट मुक्त हुने वरसमेत दिए ।

रुरुकन्यालाई इन्द्रियहरूलाई वश गरेको अवस्थाबाट मुक्त गरेका हुनाले भगवान्को त्यस स्वरूपको नाम हृषीकेश रह्यो । हृषीकेश भगवान्को स्वरूप रुरुकन्यालाई दर्शन दिँदै गरेका अवस्थाको अर्थात् सपरिकर-जय, विजय आदि पार्षद र शङ्ख, चक्र आदि आयुधसहित छ । हृषीकेश मन्दिर नै यहाँको मुख्य मन्दिर हो ।

रुरुकन्याको वरस्वरूप भगवान् सोही बखत हृषीकेशका रूपमा शालग्राममा अवस्थित रहेको र रुरुकन्याले जीवनभर आराधना गरेका कुरा वराह पुराणहरू बताउँछन् । पछि पाल्पाली सेनवंशीय राजा मणिमुकुन्द सेन (वि.सं. १५७५-१६१०)ले गण्डकी स्नान गर्दा कुनै कडा कुरामा टाउको ठोक्किएछ । के रहेछ भनी पत्ता लगाउँदा चतुर्बाहु कृष्ण वर्णको अति मनोहर मूर्ति फेला परेको रहेछ । त्यही मूर्तिलाई पाल्पाली भूभागमा स्थापित गरिएको रहेछ । वि.स १८१९ मा रणदत्त पाण्डेले यस मन्दिरको जिर्णोद्धार गरेका रहेछन् ।

नेपालका चार धाम मुक्तिक्षेत्र, पाशुपतक्षेत्र, वराहक्षेत्र र रुरुक्षेत्रमध्ये यो एक र महत्त्वपूर्ण तीर्थ हो । यो रिडी र काली गण्डकीको सङ्गम हो ।

रुरुक्षेत्रको रिडीमा गायत्री मन्दिर, दानमुक्तेश्वर मन्दिर, दुर्गेश्वर मन्दिर, राधाकृष्णको मन्दिर, रुरुकन्याको मन्दिर, विघ्नेश्वर मन्दिर, शान्तमुक्तेश्वर मन्दिर, सत्यनारायण मन्दिर आदि मन्दिरहरू पनि छन् । यस्तै विष्णुपञ्जर, शृङ्गेश्वर तपोभूमि, गङ्गाद्वार, कमलपोखरी, हनुमान्स्थान, सत्येश्वर महादेव मन्दिर, रुद्रवेणी, मणिमुकुन्देश्वर शिवालय, रुद्रावती आदि पनि यहाँका दर्शनीय स्थल हुन् ।

रिडीको वरपर नै तर रुरुक्षेत्रभित्र पर्ने केही पवित्र स्थलहरूका बारे यस अङ्कमा विभिन्न लेखकहरूले आ-आफ्ना तरिकाले प्रस्तुत गरेका छन् । अब थोरै तिनको सन्दर्भ उल्लेख गरिँदै छ :

### (क) भृगुतुङ्गेश्वर महादेव

काली गण्डकी गा.पा.-१ मा पर्ने भृगु थुम्कोको मुनिको ठूलो प्राकृतिक गुफामा अवस्थित चतुर्मुखी शिवलिङ्ग नै भृगुतुङ्गेश्वर महादेव हुन् । स्वस्थानी कथाअनुसार सती देवीको उपल्लो दाँत पतन भएको स्थान, भृगु ऋषिको आश्रम र देवदत्त ऋषिलाई भगवान् शङ्करले दर्शन दिएको स्थान पनि यही हो ।

### (ख) अचम्मेश्वर महादेव गुफा

रिडी बजारबाट ३ कि.मि. जति उत्तर याङुङ गाउँको पुछार र काली गण्डकीको दाहिने किनार अर्थात् साँघुरेमा अवस्थित गुफा नै अचम्मेश्वर महादेव गुफा हो । यस गुफाको सम्बन्ध शिव र भष्मासुरको कथासँग जोडिएको छ ।

### (ग) सहस्रलिङ्ग गुफा

नारायण ज्ञवालीका अनुसार हजारौं शिवलिङ्ग देखिने यसै गुफामा शिवले १४ पटक बजाएको डमरूको आवाजका अधारमा संस्कृतका प्रथम वैयाकरण पाणिनिले संस्कृत वर्णमाला, भाषा र व्याकरणका चौध सूत्रको रचना गरेका हुन् । योगी नरहरिनाथले 'हाम्रो देश दर्शन' पुस्तकमा पाणिनिको अष्टाध्यायीको रचना अर्धाखाँचीको पणेनामा भएको हो भनी उल्लेख गरेको कुरा पनि यस कुराको नजिक छ ।

### (घ) और्वाश्रम

महर्षि और्वको तपस्थल अर्थात् आश्रम रिडीबाट दुई तीन कि.मि. पूर्वको मुस्लक पर्वतको टाकुरो नै हो । और्व ऋषिको नामबाट नै अर्गली भएको हुन सक्ने स्थानीयहरूको अनुमान छ । यतै नजिकै जुद्ध शमशेर पनि काली गण्डकीको मरण पवित्र हुने हुनाले ७१ वर्षको उमेरमा आई बसेका थिए ।

### (ङ) गाईघाट

रुरुक्षेत्रको नजिकमै गोनिष्क्रमण तीर्थ अर्थात् गाईघाट रहेको छ । यस तीर्थका बारेमा पनि आध्यात्मिक ग्रन्थहरूमा चर्चा पाइन्छ ।

### (च) बम्घा

रुरुक्षेत्र गाउँपालिकाको अर्को आकर्षण वडा न. ६ मा पर्ने बम्घाकोट हो । यो रुरुको सबैभन्दा उँचो भागमा अर्थात् समुद्री सतहबाट १८०० मिटर माथि छ । भ्यू टावर बनाउन योग्य यस ठाउँमा कुनै समयमा भुरे राजाले राज्य गरेका रहेछन् । सोही समयमा भँगेर देवताको मन्दिर स्थापना गरिएको रहेछ । रिडीबाट

१५.५ कि.मि. पर भए पनि यो मन्दिर प्रसिद्ध छ । पल्ली, काला, मिदुन पचभैया, खप्तरी जस्ता अल्पसङ्ख्यक थरका मानिसहरू यहाँ बस्ता रहेछन् । तत्कालीन राजाका इष्ट देवता भँगेर बन्दुकको नालमा बस्ता रहेछन् । हृषीकेश मन्दिरका पूजारी भट्टराई हुने गरे जस्तै रिमुवामा जन्मेका १६ कुरियाका पौडेल मात्र पूजेरी हुने चलन रहेछ यहाँ । उपासु पनि दङ्गाल थरको नै हुनुपर्ने र बाजा बजाउनेहरू बौवाकै हुनुपर्ने रहेछ । यहाँका कोट, रानीले काटेको ढुङ्गा, बलेटक्सार प्रसिद्ध छन् । यहाँ प्याराग्लाइडिङको सम्भावना पनि रहेछ ।

विद्वान् लेखकहरूका अनुसार नेपालको नाम सत्ययुगमा सत्यवती, त्रेतायुगमा तपोवन, द्वापरयुगमा मुक्तिसोपान तथा कलियुगमा नेपाल रहेको छ । यसैगरी वराहपुराणअनुसार गण्डकी र भागीरथीको सङ्गमबाट उत्तरतर्फबाट गण्डकी नदीको उद्गमसम्मको शतयोजन विस्तारित क्षेत्र हरिक्षेत्र हो र यो पुण्य क्षेत्र हो ।

रिडी क्षेत्रमा पवित्र मन्दिरहरू मात्र नभई हिन्दू धर्मको उन्नयनमा लागिपरेका शैक्षिक संस्थाहरू पनि छन् । ती २००६ सालमा स्थापित गायत्री ब्रह्मचर्याश्रम गुरुकुलम्, वि. सं. १९५९ मा पृथ्वी वीरविक्रम शाहदेवको निर्देशनमा रुरु संस्कृत विद्यापीठका नामले स्थापित हाल संस्कृत तथा साधारण माध्यमिक विद्यालय आदि हुन् ।

रुरुक्षेत्रको मुख्य सीमा रिडी जस्तो मात्र लागे पनि यो गुल्मी, पाल्पा र स्याङ्जाका केही भाग समेटिएर बनेको छ ।

हरिक्षेत्रको लगभग मध्य भागमा अवस्थित यहाँ हृषीकेश भगवान्ले त्रेतायुगदेखि बसोबास गरेको कुरा आध्यात्मिक ग्रन्थहरू बताउँछन् ।

हृषीकेशको मुख्य मेला हरिशयनी एकादशीमा लाग्छ । त्यसपछि माघे सङ्क्रान्तिमा तीन दिने मेला लाग्छ । डेढ लाख मानिसले मेला भर्छन् । यहाँको मेलामा अर्घाखाँची तथा गुल्मीको गुँड, खुदो, मिठाइ, रुकुमको काम्लो, राडी, पाखी तथा पाल्पाको सुपा, डालो आदिको व्यापार खुब हुन्छ ।

रुरुक्षेत्रमा ब्राह्मण, क्षत्री, मगर, कुमाल तथा नेवारहरूको जातिगत तथा भाषागत बाहुल्य छ । उनीहरू नागपञ्चमी, जनैपूर्णिमा, दसैं, तिहार, माघेसङ्क्रान्ति, महाशिवरात्रि, फागुपूर्णिमा, गठेमङ्गल, लाखेजात्रा, गाईजात्रा, म्हपूजा, इहिजस्ता चाडहरू मनाउने गर्छन् ।

यहाँ गुल्मी, पाल्पा र स्याङ्जा जोड्ने गरी वि.सं. २०७८ मा बनाइएको तीनमुखे/तीनजुरे/सङ्गमपुल तीन जिल्लाको आवागमनका दृष्टिले मात्र होइन, पर्यटकीय दृष्टिले समेत महत्त्वपूर्ण छ ।

यो गुल्मी जिल्लाको एउटा औद्योगिक क्षेत्र, प्रमुख व्यापारिक केन्द्र तथा पर्यटकीय क्षेत्रसमेत हो ।

४३५ कि.मि. लामो काली गण्डकी कोरिडोर अर्थात् अन्तर्राष्ट्रिय व्यापार र पारवहन मार्ग गैंडाकोटबाट सुरू भई राम्दी, रानीघाट, रिडी, रुद्रवेणी, हर्मीचौर, अर्बेनी, बलेवा, बाग्लुङ, बेनी, जोमसोम, लोमाङथाङ, कोरोलासम्म पूरा बनिसकेपछि भने रुरुक्षेत्रको भविष्य चम्किने छ ।

रिडी र काली गण्डकीको सङ्गम तथा भक्ति, ज्ञान र वैराग्यको त्रिवेणी रुरुक्षेत्र जगत्गुरु शङ्कराचार्य, स्वामी विवेकानन्द, खप्तडबाबा, योगी नरहरिनाथ, भिक्षु अश्वघोष आदि महत् आध्यात्मिक व्यक्तित्त्वहरूको पाइला परेको स्थान हो ।

## ४. काली गण्डकी महिमा

विष्णु भगवान्ले तप गर्दाको तापले उनको गण्डस्थल अर्थात् गालाबाट काली गण्डकी उत्पन्न भएको पौराणिक मान्यता छ ।

गण्डकीको उद्गम स्थल दामोदर कुण्ड हो । शालिग्राम पाइने मुख्य क्षेत्र पनि यही हो । गण्डकी र काली गङ्गाको सङ्गम स्थल कागबेनी हो । यो चक्र नदी पनि हो । गण्डकी सर्वश्रेष्ठ नदी हो । काली गण्डकी रुरुक्षेत्र, देवघाट हुँदै त्रिवेणीमा मिल्छ । यही नदी भारतको गङ्गा हुँदै अन्त्यमा गङ्गासागरमा विलयन हुन्छ । यिनै कुरालाई मनन गर्दै जगदगुरु शङ्कराचार्यले गण्डकी स्तोत्र नै लेखेका छन् ।

पौराणिक ग्रन्थ तथा आध्यात्मिक व्यक्तित्त्वहरूसमेतले गण्डकी र गङ्गाजीमा रत्ति भेद नभएको बताएका छन् । उनीहरूले काली गण्डकीको जलपान गर्नाले अमर भइने कुरा बताएका छन् । काली गण्डकी किनारमा दिवङ्गत भएमा काशीमा दाह संस्कार गरे समान मुक्ति मिल्ने हुनाले काली नदी महान् हुन् भनेर शङ्कराचार्यले लेखेका छन् । गण्डकीमा सूर्यचन्द्र ग्रहणमा स्नान गर्नाले कुरूक्षेत्रको समान फल मिल्ने, माघमा स्नान गर्दा प्रयागको समान फल मिल्ने, पितृश्राद्धको समयमा पिण्ड तर्पण गर्नाले गयाको समान फल मिल्ने हुनाले यो महत्त्वपूर्ण तीर्थ हो भनिएको छ ।

काली गण्डकीको यही महिमा र नदीलाई आमा मानेर सम्मान गर्ने संस्कारले पनि हरिशयनी एकादशी, माघे सङ्क्रान्ति र ग्रहण लाग्ने समयमा रिडीमा कालीगण्डकी नुहाउन जाने प्रचलन छ ।

काली गण्डकी किनारमा प्राण त्याग गर्दा पनि मुक्ति मिल्ने विश्वासले मूलतः बालविधवाहरू भक्तिनीका रूपमा यहाँ कल्पवास गर्दा रहेछन् ।

## ५. शालिग्राम

शालिग्रामको उद्‌गमस्थल दामोदर कुण्ड हो भने वाहक काली गण्डकी हो । काली गण्डकीको वहन क्षेत्र कागबेनीदेखि देवघाटसम्म हुनाले शालिग्रामक्षेत्र नामकरण गरिएको छ । काली गण्डकीका सबै शिला शालिग्राम नभएजस्तै सबै प्रकारका शालिग्राम महत्त्वपूर्ण हुन्नन् । चक्राङ्‌कित शालिग्राम बढी महत्त्वका हुन्छन् ।

सेतीबेनीमा रहेको शिला विश्वकै सबैभन्दा ठूलो शालिग्राम शिला हो भन्ने भनाइ छ । शालिग्राम पूजन गर्नेहरूले भक्तिका बलले परमात्मा प्राप्त गर्दछन् भन्ने विश्वास हिन्दू धर्मावलम्बीहरूबीच रहेको छ ।

शालिग्रामलाई महिलाले छुन र पूजा पनि गर्न हुँदैन भन्ने अन्धविश्वास हाम्रो समाजमा रहेछ ।

डा. भवेश्वर पंगेनीको 'च्यारिटेवल सोसाइटी नाबालख पाल्ने अड्डा : लोक कल्याणको एउटा नमूना' लेख चाहिँ अलि फरक प्रसङ्गको छ । यस लेखमा राणा प्रधानमन्त्री चन्द्र शमशेरका पालामा भएको कल्याणकारी कार्य प्रस्तुत गरिएको छ । उनका पालामा रिडी सदावर्त अड्डाबाट २७ जना ब्राह्मण विद्यार्थीलाई गरिएको दुई छाक खानाका साथै पोसाकको समेत व्यवस्था भएको कुरा लेखिएको छ । यसैगरी पोखराका ६५ जना कुष्ठरोगीका लागि एक वर्षको खानाको व्यवस्था मिलाइएको प्रतीत हुन्छ । साथै नाबालकहरूको पनि व्यवस्थापन गर्ने गरिएको कुरा प्रस्तुत छ ।

प्रायः लेखकहरूका लेखमा पौराणिक महत्ता बोकेको रुरुक्षेत्रको संरक्षणप्रतिको चिन्ता तथा विकासको अपेक्षा पाइन्छ ।

## ६. साहित्य

### (क) कविता/गीत

यस अङ्कमा प्रह्लाद पाख्रेलको 'घुमूँ तीर्थ घरी घरी', गणेश ज्ञवालीको 'हामी द्यौता खोज्न पाऊँ यतै बगरमा', मुकुन्द शर्मा चालिसेको 'काली गण्डकी (दामोदर कुण्डदेखि त्रिवेणीसम्म) कालीको तट तीर्थसेवन गरी हामी बनौं पुण्यवान्', पन्थी रामप्रसादको 'रुरुक्षेत्रधाम', नारद गौतमको गीत 'रुरुक्षेत्रको गीत', भरतराज पौडेलको 'सम्झन्छु प्यारो थलो', काशीनाथ मिश्रितको 'रुरुका गन्तव्य' तथा प्रा.डा.रामप्रसाद ज्ञवालीको 'म मेरै रुरुमा झरी' समेटिएका छन् ।

यी कवि तथा गीतकारले आध्यात्मतर्फ प्रेरित हुन तथा तीर्थ यात्रा गर्न प्रेरणा दिएका छन् । यी कविता तथा गीतमा यात्राका मिठा अनुभूति, राष्ट्रियता, दूरदर्शिता तथा नेपाली प्राकृतिक, आध्यात्मिक तथा सांस्कृतिक सौन्दर्यको खुलेर प्रशंसा गरिएको पाइन्छ ।

## (ख) संस्मरण

यस अङ्कमा चन्द्रकान्त आचार्यको 'रिडी पहिले र अहिले', भागीरथी श्रेष्ठको 'मेरो जन्मभूमि रिडी : मिठा सम्झनाहरू' तथा हेमराज पाण्डेको 'रिडी धामबाट आर्जन गरेको ज्ञान' शीर्षकका संस्मरणहरू समेटिएका छन् । यी संस्मरणहरूमा बाल्यकालीन सम्झनाहरू, रुरुक्षेत्रको महत्ता तथा योगदानहरू प्रस्तुत गरिएका छन् । आचार्य तथा श्रेष्ठका संस्मरण रसिला पनि छन् ।

## (ग) समीक्षा/खोज

डा. हिरण्यलाल ज्ञवालीको नेपाली साहित्यमा 'रुरुक्षेत्रको योगदान' मा त्यस क्षेत्रका साहित्यकारका कविता, कथा, निबन्ध, नाटक, उपन्यास जस्ता विधा तथा यिनका उप तथा प्रविधामा कलम चलाएका साहित्यकारहरूको चर्चा गरिएको छ । यस क्षेत्रमा ज्ञवालीहरूको कलम बढी चलेर होला खास गरी ज्ञवाली थरका साहित्यकारहरूकै बढी चर्चा छ ।

डा.लक्ष्मीकान्त पन्थीको 'गण्डकीका कविता एवं काव्यहरूका सापेक्षतामा काली गण्डकी खण्डकाव्य एक परिशीलन' मा आजसम्म काली गण्डकी नामलाई प्रत्यक्ष वा परोक्ष ढङ्गले स्पर्श गरेका कविवर माधव घिमिरेदेखि युवराज गौतमसम्मका सत्रजना कविका कविता, काव्य तथा खण्डकाव्यका चर्चा गरेका छन् । यस क्रममा कविवर माधवप्रसाद घिमिरे तथा कृष्णप्रसाद ज्ञवालीको 'काली गण्डकी', रामबाबु सुवेदीको 'गङ्गा', पं. उमानाथ पन्थीको 'हृषीकेशाष्टकम्' तथा पं. भीमकान्त पन्थीको 'शालग्राम शिलाष्टकम्' कविताका प्रसङ्ग कोट्याएका छन् भने प्रा. खेमराज केशवशरणको 'देवघट्टवैभवम्', प्रा.डा. विष्णुराज आत्रेयको 'धन्यो हिमवद्देशः' काव्यको चर्चा गरेका छन् । यसैगरी पं. उमानाथ पन्थीको 'गण्डकी गौरवम्' स्तवकाव्य, पं. दधिराम मरासिनीको 'गण्डकी स्तोत्रम्' (१) र 'गण्डकी स्तोत्रम्' (२), 'हृषीकेशाष्टकम्' कविता अनि डा. टीकाराम पन्थीको 'रुरुवृत्तम्', माधवप्रसाद देवकोटाको 'रुरुगौरव', काशीराम सुरीको 'गण्डकीमहात्म्यम्', पं. नीलाम्बर पन्थीको 'पन्नगा परिकथा', पं. मुकुन्दशरण उपाध्यायको 'प्राकृत पोखरा' तथा श्री प्रह्लाद पोखरेलको 'गोसाइँकुण्ड' खण्डकाव्यको चर्चा गरेका छन् । पं. युवराज गौतमको 'काली गण्डकी' खण्डकाव्यको भने विशद समालोचना गरेका छन् ।

### (घ) स्थायी स्तम्भहरू

स्थायी स्तम्भहरूमा भैरवप्रसाद सापकोटाको 'पुस्तकालय परिचय', सचिवको 'किरण पुस्तकालयको पातो', अकिञ्चनको 'नौलो सृष्टि : सानो दृष्टि' तथा 'यताउताबाट', 'पाठक-प्रतिक्रिया', 'किरण पुस्तकालयका संरक्षक सदस्यको परिचय' जस्ता कुराहरू छन् ।

## ७. भाषाशैली

कतिपय लेखमा प्रयुक्त 'पोले पनि घामै जाती, पिटे पनि आमै जाती' जस्ता उखान, कतिपय लेखकका रचनामा उपमा तथा द्वित्वको प्रयोगले लेखन मिठा भएका छन् । अन्य क्षेत्र वा भूगोलका पाठकलाई अनौठा लाग्ने शब्दहरू पनि प्रयोग भएका छन् ।

कतिपय विद्वान् लेखकका रचनालाई हटाउन नसक्ता वा सच्याउन नलगाउँदा सम्पादनमा समेत कमी खट्किन्छ । कुनै फरक लेखकका रचनाबीच विरोधाभास पनि भेटिन्छ कतै कतै ।

*एकै क्षेत्रसम्बन्धी यति धेरै लेखक, संस्मरणकार, कवि तथा गीतकारलाई समेटेर प्रस्तुत गर्नु चानचुने कुरो, प्रयास, मिहिनेत पक्कै पनि होइन । एउटा पुस्तकालयले यति लामो समयसम्म पत्रिका निकालिरहनु र 'रुरुक्षेत्र विशेषाङ्क' जस्ता अङ्क निकाल्न सक्नाले किरण पुस्तकालय, यसका कार्यकारिणी समिति तथा सम्पादक समूहले गहन कार्य गरेको मूल्याङ्कन गर्न सकिन्छ । यो महनीय कार्य नेपालका गैरसरकारी क्षेत्रमात्र होइन, सरकारी क्षेत्रका लागि समेत अनुकरणीय छ ।*

## ८. निष्कर्ष

एकै क्षेत्रसम्बन्धी यति धेरै लेखक, संस्मरणकार, कवि तथा गीतकारलाई समेटेर प्रस्तुत गर्नु चानचुने कुरो, प्रयास, मिहिनेत पक्कै पनि होइन । एउटा पुस्तकालयले यति लामो समयसम्म पत्रिका निकालिरहनु र 'रुरुक्षेत्र विशेषाङ्क' जस्ता अङ्क निकाल्न सक्नाले किरण पुस्तकालय, यसका कार्यकारिणी समिति तथा सम्पादक समूहले गहन कार्य गरेको मूल्याङ्कन गर्न सकिन्छ । यो महनीय कार्य नेपालका गैरसरकारी क्षेत्रमात्र होइन, सरकारी क्षेत्रका लागि समेत अनुकरणीय छ ।

**हेटौँडा, मकवानपुर ।**

०००

# शशि र किरण



**खगेन्द्र गिरी 'कोपिला'**

**'मान्छेको कल्पना सभ्य त हुनै पर्ने रहेछ ।**
**सपनाको आकार भव्य त हुनै पर्ने रहेछ ।**
**सगरमाथाभन्दा माथि शशिसम्म पुग्न खोज्ने ।**
**कुनै न कुनै गन्तव्य त हुनै पर्ने रहेछ ।'**

परिकल्पना, ध्येय र गन्तव्यको निर्धारणले यहाँ के के गर्न सकिन्छ भन्ने कुराको ज्वलन्त उदाहरण किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पनि हुन् । दुई चार जना अल्लारे उमेरका स्वप्निल युवाहरूको लहडले अनायास खुल्न पुगेको किरण पुस्तकालय आज एउटा विश्वविद्यालयजस्तै ज्ञान र विद्याको मन्दिर भैसकेको छ । किरण पुस्तकालय तम्घास नगरमात्र हैन, गुल्मी जिल्लामात्र हैन सिंगो नेपालकै बौद्धिक सम्पत्ति बनिसकेको छ ।

किरण पुस्तकालय र हाम्रो पुरुषार्थ पत्रिकाले गुल्मीमात्र हैन देशकै साहित्यिक र बौद्धिक उन्नयनमा ठूलो योगदान दिएका छन् । पुस्तकालय ज्ञानको भण्डार हुन्छ भने पत्रिका सिर्जनाको भण्डार हुन्छ । गुल्मी जस्तो मध्यपहाडको विकट ठाउँमा २०२५ सालदेखि पुस्तकालय संचालन हुनु जति प्रेरणादायी विषय हो त्यही ठाउँबाट 'हाम्रो पुरुषार्थ' जस्तो पत्रिका पनि पाँच दशकभन्दा लामो समयदेखि प्रकाशित भैरहनु पनि त्यस्तै उल्लेखनीय इतिहास हो । यस्ता प्रेरणादायी इतिहास लेखिनुका पछाडि जोडिएका व्यक्तिहरूले धेरै पसिना बगाएका हुन्छन् । धेरै योगदान दिएका हुन्छन् । किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ' पत्रिका आजको ठाउँसम्म आइपुग्नुमा अनेक व्यक्तिले योगदान दिएका छन् । तर मान्छेले किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ' पत्रिका भनेपछि स्वाभाविक रूपमा शशि पन्थीको नाम सर्वप्रथम सम्झिहाल्छन् । किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ' पत्रिकाको विगतदेखि वर्तमानसम्मको लामो यात्रामा अविच्छिन्न र अभिन्न रूपमा जोडिएको एक नाम हो शशि पन्थी ।

मैले किरण पुस्तकालय र शशि पन्थीको नाम धेरै पहिले सुनेको हुँ । तीन दशकभन्दा बढी भैसकेको होला । यी दुईटा नाम एक अर्कोका परिचायक र

अभिन्न अङ्ग भैसकेका छन् । किरण पुस्तकालयको मुखपत्र 'हाम्रो पुरुषार्थ' मैले नेपालगञ्जका साहित्यकार सिर्जन लम्सालको सौजन्यमा उहिल्यै पढ्न पाएको थिएँ । उहाँ देशविदेशका अनेक थरी पत्रपत्रिकाहरूको संकलन गरेर साथिसंगीहरूलाई पढ्नु भनेर बाँडिरहनुहुन्थ्यो । पत्रपत्रिका छापिने र छापिएका पत्रपत्रिकाहरूको वितरण अहिलेको जस्तो सहज नभएको समयमा 'हाम्रो पुरुषार्थ' जस्ता दुर्लभ पत्रपत्रिकाहरू हाम्रा लागि अमृतजस्तै बहुमूल्य हुन्थे । रिडी र रेसुङ्गापछि मेरो मनमस्तिष्कमा बसेको गुल्मी चिनाउने तेस्रो कुरा 'हाम्रो पुरुषार्थ' नै हो ।

*पत्रपत्रिका छापिने र छापिएका पत्रपत्रिकाहरूको वितरण अहिलेको जस्तो सहज नभएको समयमा 'हाम्रो पुरुषार्थ' जस्ता दुर्लभ पत्रपत्रिकाहरू हाम्रा लागि अमृतजस्तै बहुमूल्य हुन्थे । रिडी र रेसुङ्गापछि मेरो मनमस्तिष्कमा बसेको गुल्मी चिनाउने तेस्रो कुरा 'हाम्रो पुरुषार्थ' नै हो ।*

मैले 'हाम्रो पुरुषार्थ' हात परेपछि शशि पन्थीज्यूसित पत्राचार गरेँ । उहाँले माया गरेर पत्रिका पठाउन थाल्नुभो । यदाकदा मेरा रचना पनि 'हाम्रो पुरुषार्थ' मा छापिए । हाम्रो प्रत्यक्ष परिचय हुनुभन्दा पहिलेदखि नै नियमित रूपमा मलाई पत्रिका पठाइरहनुहुन्छ उहाँ । राजधानी र ठूला शहरमा छापिने पत्रपत्रिकाहरूभन्दा स्वाभाविक रूपमा विकट ठाउँमा छापिने पत्रिकाप्रति मजस्ता पाठकहरूको हृदयमा अपनत्व हुन्छ, स्नेह र आर्कषण हुन्छ । 'हाम्रो पुरुषार्थ' प्रति पनि मभित्र त्यस्तै स्नेह र अपनत्व छ ।

विकट ठाउँमा बसेर त्यति लामो समयदेखि पुस्तकालयको सञ्चालनमा अभिन्न रूपमा जोडिदै आउनुभएका र २०३० सालदेखि 'हाम्रो पुरुषार्थ' पत्रिका प्रकाशित र सम्पादित गरिरहनुभएका शशि पन्थीज्यूलाई बिस्तारै म आदर्शजस्तै मान्न थालेँ । उहाँले गुल्मीजस्तो ठाउँमा १६ वर्षको उमेरमा पुस्तकालय खोल्नुभएको कुरा सुन्दा त उहाँ हाम्रोलागि साहित्यिक नायकजस्तै लाग्न थाल्नुभो । उहाँलाई भेट्न म आतुर हुँदै गएँ । २०६४ साल असोजमा हाम्रो नेपालगञ्जमा प्रसिद्ध साहित्यकार सनत रेग्मीको षष्ठिपूर्ति हुँदै थियो । २०६४ साल असोज ६ गते उहाँमाथि केन्द्रित भएर लेखिएको पुस्तक 'सनत सृजन साक्षी' को विमोचन र उहाँको 'षष्ठिपूर्ति सम्मान' को कार्यक्रम राखिएको थियो । सो समारोहको प्रमुख आमन्त्रितको रूपमा शशि पन्थीज्यूलाई बोलाइएको समाचारले म पुलकित भएको थिएँ । तर उहाँ त्यो कार्यक्रममा आउन पाउनुभएन । नेपालगञ्ज आउन भनेर गुल्मीबाट बुटवलसम्म आइसकेर पनि अतिवृष्टिले गर्दा सडक क्षतिग्रस्त भएर यातायात अवरूद्ध भएपछि उहाँ बुटबलमैं रोकिनुभएको थियो । पहिलोपल्ट उहाँलाई भेट्ने अवसरलाई अतिवृष्टिले छेकिदिए पनि त्यसको एघार वर्षपछि मात्रै उहाँसित प्रत्यक्ष भेट्ने अवसर जुर्न पुग्यो ।

उहाँसित प्रत्यक्ष साक्षात्कारको अवसर बल्ल २०७५ सालमा आएर जुर्‍यो । सो वर्ष मलाई भैरहवाबाट नेत्रशोभा स्मृति साहित्यिक पुरस्कार प्रदान गरिएको थियो । सुप्रसिद्ध साहित्यकार श्री वनमाली निराकारज्यूले आफ्ना मातापिताको स्मृतिमा स्थापना गर्नुभएको सो पुरस्कार शहीद स्मृति पुस्तकालय, सिद्धार्थनगरले प्रदान गर्छ । सो वर्ष मंसिर ८ गते भैरहवामा आयोजना हुने कार्यक्रममा उपस्थिति भै सो पुरस्कार थाप्न मलाई आमन्त्रण आएको थियो । त्यसको प्रमुख आमन्त्रित पाहुनाको रूपमा शशि पन्थीज्यू नै आमन्त्रित गरिनुभएको रहेछ । पहिलो चोटि उहाँसित मेरो प्रत्यक्ष भेट भएको घडी त्यही हो । उहाँकै बाहुलीबाट मैले नेत्रशोभा स्मृति साहित्यिक पुरस्कार ग्रहण गर्न पाएँ । एक रात दुई दिनसम्म उहाँसंगै बस्न र उहाँसंगै डुल्न पाइयो । त्यतिखेर हामीलाई मारवाडी अतिथिगृहमा राखिएको थियो । संगै बस्दा उहाँका धेरै विचार र अनुभवहरू सुन्न पाएको थिएँ । देखेको, सुनेको र पढेको परिचयलाई साक्षात्कारमा अनुवाद गर्न पाएको थिएँ । उहाँको मृदु बोली र सरल व्यवहारले मभित्र बनेको उहाँको स्मृति बिम्ब झन् टलक्क उजेलिएको थियो ।

शशि पन्थीज्यू विचार, राजनीति र मानवीय व्यवहारका संकुचनबाट माथि उठिसकेको व्यक्तित्व हुनुहन्छ । उहाँको व्यक्तित्वको त्यही उदार पक्ष किरण पुस्तकालय र 'हाम्रो पुरुषार्थ' मा पनि झल्किल्छ । यद्यपि नेपाल विचार, सिद्धान्त र राजनीतिले गाँजेको देश हो । यहाँ मान्छेले मान्छेलाई सबैभन्दा पहिले राजनीतिकै चश्मा लगाएर हेर्ने परिपाटी छ । समाजमा एउटा पार्टी निकटको मान्छे अर्को पार्टी निकटको मान्छेको विवाह र मलामीमा पनि नजाने भैसके । यद्यपि शशि पन्थीज्यूले पनि कुनै विचार त अँगाल्नु भएको होला । तर उहाँको व्यवहारमा कहिल्यै पनि राजनीतिको 'र' पनि अतिक्रमण गर्न आउँदैन । आजको समयमा समाजलाई सबैभन्दा बढी चाहिएको यस्तै उदारता हो, यस्तै सुल्झिएको फराकिलो मन हो ।

किरण पुस्तकालयको थलो र 'हाम्रो पुरुषार्थ' को अनुहारमा पनि कुनै प्रकारको विचार, सिद्धान्त र राजनीतिको दाग लागेको देखिन्न । यी ज्ञान, विद्या र प्रज्ञाका थलो भैसकेका छन् । सबैका सिर्जना र सबैका प्रतिभाले यहाँ अङ्कुरित हुने अवसर पाएका छन् । सबैका मन र मस्तिष्कको पोषण गर्ने वातावरण भेटिन्छ किरण पुस्तकालयका आँगनमा र 'हाम्रो पुरुषार्थ' का पानापानामा ।

आजको प्रसङ्ग 'हाम्रो पुरुषार्थ' को हो । म यस पत्रिकाको नियमित पाठक हुँ । यो केवल विरही कविका विरही भाखा पोख्ने पत्रिका मात्र होइन । यस पत्रिकाको चित्र बहुरङ्गी छ । यसको रूप बहुआयामिक छ । सबै प्रकारका रचनाको स्वाद भेटिन्छ यस पत्रिकामा । ज्ञान र सिर्जनाका सबै चित्रहरूले 'हाम्रो पुरुषार्थ' मा मुस्कुराउन पाएका छन् । यसरी मुस्कुराउँदा मुस्कुराउँदै 'हाम्रो पुरुषार्थ' ले आफ्नो स्वर्ण अङ्क प्रकाशन गर्ने जमर्को गरिसकेको रहेछ ।

'हाम्रो पुरुषार्थ' को सबैभन्दा लोभलाग्दो पक्ष हो यसको अनुसन्धानात्मक पाटो । यसमा छापिने धर्म, संस्कृति, परम्परा र साहित्यका अनुसन्धानात्मक आलेखहरूले पाठकलाई नयाँ मात्र होइन गहकिलो खुराक दिन्छन् । 'हाम्रो पुरुषार्थ' मा नाम छाप्ने रहरले यसो कनिकुथी लेखी टोपल्ने लेखकहरूभन्दा विद्वत्ता र ज्ञानले ओतप्रोत भएका लेखकहरूले प्राथमिकता पाउँछन् । यसका प्रत्येक अङ्कहरू आफैमा शोधग्रन्थ हुन् कि जस्तो प्रतीत हुन्छ ।

*आजको प्रसङ्ग 'हाम्रो पुरुषार्थ' को हो । म यस पत्रिकाको नियमित पाठक हुँ । यो केवल विरही कविका विरही भाखा पोख्ने पत्रिका मात्र होइन । यस पत्रिकाको चित्र बहुरङ्गी छ । यसको रूप बहुआयामिक छ । सबै प्रकारका रचनाको स्वाद भेटिन्छ यस पत्रिकामा । ज्ञान र सिर्जनाका सबै चित्रहरूले 'हाम्रो पुरुषार्थ' मा मुस्कुराउन पाएका छन् । यसरी मुस्कुराउँदा मुस्कुराउँदै 'हाम्रो पुरुषार्थ' ले आफ्नो स्वर्ण अङ्क प्रकाशन गर्ने जमर्को गरिसकेको रहेछ ।*

'हाम्रो पुरुषार्थ' ले आफ्नो ९८ औं अङ्कलाई रुरुक्षेत्र विशेषाङ्कको रूपमा प्रकाशित गरेको थियो । रुरुक्षेत्र भनेको हाम्रो आस्थाको केन्द्र हो । त्यस अङ्कका हरेक लेखहरूले रुरुक्षेत्र प्राचीनता र आध्यात्मिकतालाई मिहिन ढङ्गले उत्खनन गरेका छन् । 'हाम्रो पुरुषार्थ' को बौद्धिक र प्राज्ञिक पाटो कति गहकिलो छ ? भनेर बुझ्नको लागि यही एक अङ्क पर्याप्त छ ।

किरण पुस्तकालयले आफ्नो ५५ वर्षको यात्रा र 'हाम्रो पुरुषार्थ' ले आफ्नो पचास वर्षको यात्रा पार गरेका छन् । 'हाम्रो पुरुषार्थको स्वर्ण अङ्क प्रकाशित गर्दै छौं । केही लेख्नु होला है कोपिला भाइ !' एकदिन शशि पन्थी सरले मलाई सुनाउनुभएको थियो । 'हाम्रो पुरुषार्थ'को लागि केही लेख्न पाउनु त गौरवको कुरा हो । यो गौरवको घडीमा म के लेखूँ ? अलमलमा छु । 'हाम्रो पुरुषार्थ' मा प्रकाशित हुने खँदिला र गहकिला आलेखहरूको पङ्क्तिमा राख्न नसुहाए पनि मेरा यी भावनाहरू शशि र किरणको प्रेमिल चाल र तरङ्गले प्रभावित भएर छचल्किएका छालहरू हुन् । छालहरूलाई भाँडोमा राख्नुभन्दा नदीमैं बग्न दिएको बेस हुन्छ । शशि र किरणको अन्योन्याश्रित सम्बन्धले जन्माएको 'हाम्रो पुरुषार्थ' मलाई कतिखेर शशिजस्तै लाग्छ कतिखेर किरणजस्तै लाग्छ । किरणले गर्दा शशि चम्किएका हुन् या शशिले गर्दा किरण चम्किएका हुन् ? ठ्याक्कै भन्न सकिने अवस्था नभए पनि दुबैको माभमा अन्योन्याश्रित र अकाट्य सम्बन्ध छ भन्ने कुरा प्रामाणिक सत्य हो ।

राजा रणबहादुर शाहले राजराजेश्वरी नाम गरेकी गुल्मीकी एउटी कन्यासित बिहे गरेका थिए । उनले संन्यास लिएर बनारस गएको अवस्थामा रानी राजराजेश्वरी पनि पतिभक्तिको निर्वाह गर्दै उनैसित पछि लागेर बनारस गएकी थिइन् । राजा रणबहादुर शाहको पलायनपछि काठमाडौं दरबारमा अस्थिरताको स्थिति सिर्जना भएको थियो । सोही अस्थिरतामा घुस्रेर अङ्रेजले नेपाललाई निल्ने षडयन्त्र गरिरहेको थियो । यो कुरा बुझ्रेर रानी राजराजेश्वरीले काठमाडौं आएर यहाँको बिग्रिदो स्थितिलाई समालेकी थिइन् । नत्र त्यतिबेला अङ्रेजले नेपाललाई खाइसक्ने थियो । रानी राजराजेश्वरीको यो योगदानलाई नेपालीहरूले कहिल्यै बिर्सिनु हुन्न । पछि बहुलट्ठी राजा रणबहादुर शाह पनि काठमाडौं फर्किए र राजा गीर्वाणयुद्धको नायबी भएर शासन गर्न थाले । उनले निर्दोष रानी राजराजेश्वरीको योगदानलाई नबुझ्रेर उनलाई नै हेलम्बूमा निर्वासित बनाएर पठाइदिए । विधिको विडम्बना त्यसको बीस दिनमैं रणबहादुर शाहको काठमाडौंमा हत्या भयो । रानी राजराजेश्वरीलाई हेलम्बूबाट बोलाएर सती पठाइयो । राष्ट्रकवि माधव घिमिरेले रानी राजराजेश्वरीको सतीयात्राको दुःखान्त क्षणलाई आफ्नो 'राजेश्वरी' खण्डकाव्यमा निकै मार्मिक ढङ्गले चित्रण गरेका छन् ।

उनै रानी राजराजेश्वरीको जन्मस्थल गुल्मीले अचेल ज्ञान, विद्या र साहित्यका फूलहरू फुलाइरहेको छ । यी फूलहरूमा मानवीय प्रेम, सामाजिक सद्भाव र विश्वबन्धुत्वको भावना मगमगाइरहेको पाइन्छ । मानिसले जीवनभर जतिसुकै विचारको युद्ध, शक्तिको प्रतिष्पर्धा र जिजीविषाको परिश्रम गरे पनि अन्ततः चाहिने भनेको प्रेम नै हो । शशि र किरणको प्रेमयात्राले जन्माएको 'हाम्रो पुरुषार्थ'को उद्देश्य पनि प्रेम बाँड्नु नै हो । किनकि :

**'जीवनका कथा र आख्यान प्रेममैं पुगेर टुङ्गिन्छन् ।**
**पुस्तकका पृष्ठ र व्याख्यान प्रेममैं पुगेर टुङ्गिन्छन् ।**
**तर्कको डोरो समातेर जुन दर्शन लेखे पनि ।**
**हर अध्याय र उपाख्यान प्रेममैं पुगेर टुङ्गिन्छन् । '**

**आदर्शमार्ग, रानाचोक, नेपालगंज–१, बाँके ।**

ooo

**पुस्तक तथा पत्र–पत्रिकाको संरक्षण गरौं ।**
**पठन संस्कृतिको विकासमा सबैं लागौं ।**
**– हाम्रो पुरुषार्थ**

# हाम्रो पुरुषार्थसँग जोडिएका मेरा भावनाहरू



कविता पन्थी

जसलाई बुझ्न मैले कसैलाई सोध्न परेन, जसको बारेमा बुझ्नको लागि केही मिहिनेत गर्नै परेन । कतिबेला यससँग परिचित हुन पुगें त्यस्तो कुनै सम्झना नै छैन मसँग । म जान्ने हुँदा, मेरो चेतना शुरू हुँदादेखि नै म हाम्रो पुरुषार्थसँगै छु । बुबा, आमा, दाजुदिदी, हजुरआमा, हजुरबुबा, काका, काकीजस्तै मेरानिम्ति परिवारको प्रिय सदस्य जस्तै छ हाम्रो पुरुषार्थ । यसका सबैजसो अङ्क पढेकी छु । घर र पुस्तकालयका दराजमा खोजी - खोजी पढेकी छु ।

अहिले सूचना प्रविधिको विकास भएकोले यसको प्रकाशन सहज छ । यसको प्रकाशन गर्नका लागि यसका सम्पादक मण्डलले गरेको संघर्षको कथाव्यथा निकै नजिकबाट नियालेकी छु । एउटा सन्तान हुर्काउन बाबाआमाले गर्ने त्याग, समर्पण र वात्सल्य हाम्रो पुरुषार्थले पाएको छ । प्रेसस्वतन्त्रताको हनन भइरहेको तत्कालीन पंचायती व्यवस्थाको निराशाजनक अवस्थामा गुल्मी जिल्लाबाट आशाका किरणहरू छर्दै हाम्रो पुरुषार्थको प्रकाशन प्रारम्भ भएको थियो । । यो आफैमा पुरुषार्थी कदम थियो ।

*वास्तवमा पत्रिका प्रकाशन सामान्य कुरा होइन । सामग्री संकलन, सम्पादन, प्रकाशन, आर्थिक व्यवस्थापन, समय व्यवस्थापन निकै चुनौतीपूर्ण विषय हुन् ।*

शुरूमा वार्षिक, त्यसपछि अर्धवार्षिक र अहिले त्रैमासिक रूपमा प्रकाशित हुँदै आएको हाम्रो पुरुषार्थ यतिबेला एक सयौं अङ्क प्रकाशनको तरखरमा जुटेको छ । निश्चय पनि यो हाम्रो निम्ति निकै खुशीको विषय हो । आफूले जान्ने बुझ्ने भएदेखि नै यसको सामीप्यमा रहेकोले होला मेरानिम्ति यो अति प्रिय छ । यसको प्रगतिमा खुशी अवश्य लाग्ने नै भयो । सुन्दा पत्रिका प्रकाशन गर्न सामान्य लाग्न सक्छ । वास्तवमा पत्रिका प्रकाशन सामान्य कुरा होइन । सामग्री

संकलन, सम्पादन, प्रकाशन, आर्थिक व्यवस्थापन समय, व्यवस्थापन निकै चुनौतीपूर्ण विषय हुन् । गुल्मीजस्तो यातायात र अरू विकासनिर्माणका कुरामा उपेक्षा गरिएको जिल्लाबाट यत्तिको स्तरीय पत्रिका प्रकाशन हुनु समग्र गुल्मीवासीको गौरवको कुरा हो । यो गौरवसँग यो प्रकाशनको सुख अनि दुःख लुकेको छ । अहिलेको व्यावसायिक युगमा व्यक्तिहरू सबै कुरामा पैसा खोज्छन् । अलिकति समय सेवा गर्दा पनि रूपैयाँपैसा भत्ता खोज्छन् । २०३० सालदेखि अनवरत रूपमा पत्रिका प्रकाशनको यात्रा चलिरहेको छ । यो यात्रामा सम्पादनमण्डल निरन्तर जुटिरहेको छ । मैले जानेअनुसार यो पत्रिका प्रकाशन गर्न कहिले काठमाडौं, कहिले बनारस जानुपर्थ्यो । अहिले स्तरीकृत हुन नसकेको बाटो त्यतिबेला कस्तो थियो होला ? कहिले बर्खे झरीमा हिडेर, कहिले बाटामा बास बस्दै, विभिन्न समस्याहरूसँग जुध्दै हाम्रो पुरुषार्थको सयौं अङ्क प्रकाशन क्रममा म आफूलाई कता - कता भावुक बनाइरहेकी छु । अरू उमेर बढ्दै जाँदा बूढा हुँदै जान्छन् यो त झन् झन् सुन्दर बनिरहेको छ । झनै हृष्टपुष्ट बनेको पो छ । आफूलाई भाषा सिकाउने, पठनसंस्कृति सिकाउने, लेख्न सिकाउने, ज्ञानका कुरा सिकाउने, भाषाप्रेम जगाइदिने यो पत्रिका मेरो लागि विशेष महत्त्व बोकेको छ । हाम्रो पुरुषार्थले यतिमात्र होइन धेरै कुरा सिकाएको छ । जन्मेदेखि नै निरन्तरको सान्निध्यले होला, यसको प्रकाशनले मलाई मात्र होइन, सँगै हुर्किएका हाम्रो पुस्ताका सबै जनालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको छ । स्वअनुशासन सिकाएको छ, सेवाभाव सिकाएको छ, अझ विशेष गरी त फलको आशा नगरी कर्म गर्ने संस्कृति सिकाएको छ ।

*आफूलाई भाषा सिकाउने, पठनसंस्कृति सिकाउने, लेख्न सिकाउने, ज्ञानका कुरा सिकाउने, भाषाप्रेम जगाइदिने यो पत्रिका मेरो लागि विशेष महत्त्व बोकेको छ । हाम्रो पुरुषार्थले यतिमात्र होइन धेरै कुरा सिकाएको छ । जन्मेदेखि नै निरन्तरको सान्निध्यले होला, यसको प्रकाशनले मलाई मात्र होइन, सँगै हुर्किएका हाम्रो पुस्ताका सबै जनालाई प्रत्यक्ष अप्रत्यक्ष प्रभाव पारेको छ । स्वअनुशासन सिकाएको छ, सेवाभाव सिकाएको छ, अझ विशेष गरी त फलको आशा नगरी कर्म गर्ने संस्कृति सिकाएको छ ।*

समय सधैं एकैनास हुँदैन । जतिबेला किरण पुस्तकालयले आफ्नो मुखपत्रको रूपमा हाम्रो प्रकाशनको शुरू गर्‍यो, त्यतिबेलाको समयमा पुस्तकालय नै शिक्षा र चेतना प्राप्तिको मुख्य थलो थियो । मानिसहरू पुस्तक खोजी - खोजी पढ्थे । अहिले समय बदलिएको छ । सूचनाप्रविधिमा भएको विकासले युवापुस्तामा पठनसंस्कृति घटेको छ । पढेर जान्ने, पुस्तक पढ्ने कुरालाई

सामाजिक संजालले मोहभंग गरिदिएको अवस्था छ । जुनसुकै माध्यमबाट जानकारी, ज्ञान प्राप्त गर्न सकिए पनि पुस्तकबाट प्राप्त हुने ऊर्जासहितको ज्ञान प्राप्त गर्न सकिदैन । पुस्तक पढ्ने बानी हामी सबैले लगाउनुपर्छ, सन्ततिलाई पनि त्यो भोक जगाइदिनुपर्छ । हाम्रो पुरुषार्थ युगानुकूल हुँदै गएको छ । विश्वव्यापीकरणको यो युगमा हाम्रो पुरुषार्थ पनि विश्वव्यापी बनेको छ । मैले यी पंक्तिहरू लेख्दै गर्दा हाम्रो पुरुषार्थको ९९ औं अङ्क प्रकाशित भएको जानकारी पुस्तकालयको आधिकारिक पेजमा आएको थियो । गुल्मीबाट ४ घण्टाको दूरीमा बुटवलको हिमालय पुस्तक पसलमा आइनपुग्दै अमेरिकामा बस्ने इला, भारत देहरादूनमा बस्ने संगीताले अनि बेलायतको भ्रमणमा रहनुभएका डा. बाबुराम झवालीले पुस्तक समीक्षा गरेर सामाजिक संजालमा राखिरहँदा मलाई जुन सुखानुभूति भयो, त्यसलाई म शब्दमा प्रकट गर्न सक्दिनँ । अन्त्यमा हाम्रो पुरुषार्थको बारेमा जत्ति कुरा गरे पनि म थाक्दिनँ । यससँग मेरो प्राज्ञिक नाता पनि छ । स्नातकोत्तरको शोधकार्य मैले यसको भाषिक योगदानको विषयमा गरेकी हुँ । यसका सम्पूर्ण सम्पादनमण्डल, प्रकाशक, विभिन्न देश र स्थानका प्रतिनिधि, यसको प्रकाशनमा प्रत्यक्ष, अप्रत्यक्ष सहयोग पुर्‍याउने सबैप्रति हार्दिक नमन गर्दछु । यस अवसरमा हाम्रो पुरुषार्थको यो महत्त्वपूर्ण यात्रामा महत्त्वपूर्ण भूमिका निर्वाह गर्नुभएका श्रद्धेय विद्वान् स्व.डा. टीकाराम पन्थी र कवि स्व. भेषबहादुर कुँवरप्रति हार्दिक श्रद्धासुमन अर्पण गर्दछु । हाम्रो पुरुषार्थको समयानुकूल विकास र उत्तरोत्तर प्रगतिको कामना गर्दछु ।

**✍ तिलोत्तमा नगरपालिका, शङ्करनगर, रूपन्देही ।**

०००


# सूचना !

**भूमिहीन दलित – ३०२, भूमिहीन सुकुम्वासी २५९, अव्यवस्थित बसोबासी १९८३ । भूमिहीनहरूलाई भूमिको मालिक बनाउने कार्यभार तपाईंहामी सबैको हो । सो अभियानमा सहयोग गर्न हामी सबैमा अनुरोध गर्दछौं । निस्सा प्राप्त गर्नुभएका लाभग्राहीहरुले प्राविधिक टोली आउँदा प्राप्त गरेको निस्सा र सक्कली नागरिकता साथमा लिई सम्बन्धित नापनक्सा हुने स्थानमा उपस्थित हुन सूचित गरिन्छ ।**

अनुरोधक

**राष्ट्रिय भूमि आयोग जिल्ला समिति, गुल्मी**

**फोन.** ०७९–५२०२७९, ९८५७०८२२७९

*// लेख //*

# 'हाम्रो पुरुषार्थ'भित्र 'हामी नारी'को सिर्जनाशक्ति : इतिहासदेखि वर्तमानसम्म



**सरू सुधा पन्थी**

**विषयप्रवेश**

पुस्तकालयलाई विभिन्न पुस्तक, पुस्तिका, अखबार, पत्रिका, नक्सा चार्ट आदि ज्ञानमूलक सामग्रीहरू सुव्यवस्थित रूपमा भण्डारण गरी राख्ने र तिनका माध्यमबाट पाठकलाई जीवनभर शिक्षा प्रदान गर्ने शैक्षिक केन्द्रका रूपमा बुझ्न सकिन्छ ।

पुस्तकालय शब्द संस्कृत भाषाका पुस्तक र आलय दुईवटा शब्दहरू मिलेर बनेको छ । यसको अर्थ हुन्छ : 'पुस्तकहरूको घर' ।

हाम्रो देश नेपालमा सरकारी र गैरसरकारी स्तरमा थुप्रै पुस्तकालयहरू रहेका छन् । गीर्वाणयुद्ध विक्रम शाहको पालामा (१९६९/०५/१५) स्थापना भएको 'पुस्तक चिताइ तहबिल' नामक पुस्तकालयलाई नेपालको पहिलो पुस्तकालयका रूपमा चिनाउने गरिन्छ । सोही दिनको सम्झनामा भाद्र १५ गतेलाई पुस्तकालय दिवसको रूपमा मनाउने गरिन्छ ।

देशभरका विभिन्न स्थानमा रहेका विभिन्न पुस्तकालयमध्येको एउटा पुस्तकालय हो : 'किरण पुस्तकालय' । जुन लुम्बिनी प्रदेशअन्तर्गत गुल्मी जिल्लाको सदरमुकाम रेसुङ्गा न.पा. - १, तम्घासको लाँकुरीमञ्चमा रहेको छ ।

यस पुस्तकालयको स्थापना शशि पन्थीको विशेष पहल र अगुवाइमा २०२५ साल कार्तिक २० गते भएको थियो । तत्कालीन लक्ष्मीपुर गाउँ पञ्चायतअन्तर्गत तम्घास - १, भलुवाकुण्ड, भाडखाला, आदर्श निकेतनमा अवस्थित पण्डित देवीदत्त पन्थीको घरको पेटीमा पुस्तक जम्मा गरी उहाँकै गाईगोठको एउटा कोठामा पुस्तकालयको स्थापना गरिएको थियो ।

यस पुस्तकालयले विक्रम संवत् २०३० को महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीका दिन आफ्नो पाँचौं वार्षिकोत्सवको अवसर पारेर वार्षिक मुखपत्र

का रूपमा एउटा साहित्यिक पत्रिकाको प्रकाशन गर्न सुरूवात गरेको थियो जसको नाम थियो - 'हाम्रो पुरुषार्थ' । यो पत्रिका सुरूमा वार्षिक, २०३६ देखि अर्धवार्षिक हुँदै २०७० देखि त्रैमासिक रूपमा निरन्तर प्रकाशन हुँदै आइरहेको छ ।

हाम्रो पुरुषार्थमा पचास वर्षको अवधिमा थुप्रै सर्जकका विभिन्न सिर्जनाहरू प्रकाशन भइसकेका छन् । राष्ट्रिय एवं स्थानीयस्तरका साहित्यकारहरू, विज्ञहरू, प्राज्ञहरूलगायत धेरैका रचना प्रकाशन गर्दै आइरहेको छ । हाल पुस्तकालयले हाम्रो पुरुषार्थको सयौं अङ्क प्रकाशन गर्न लागिरहेको छ । पहिलो अङ्कदेखि उनान्सयौं अङ्कसम्म आइपुग्दा यस पत्रिकाका कुन कुन अङ्कमा नारीस्रष्टाका रचनाहरू प्रकाशन भए ? उनीहरूको सहभागिता र स्थान कस्तो रह्यो ? भन्नेमा खोजकार्य गरी यो लेख तयार पारिएको छ ।

*हाम्रो पुरुषार्थमा पचास वर्षको अवधिमा थुप्रै सर्जकका विभिन्न सिर्जनाहरू प्रकाशन भइसकेका छन् । राष्ट्रिय एवं स्थानीयस्तरका साहित्यकारहरू, विज्ञहरू, प्राज्ञहरूलगायत धेरैका रचना प्रकाशन गर्दै आइरहेको छ । हाल पुस्तकालयले हाम्रो पुरुषार्थको सयौं अङ्क प्रकाशन गर्न लागिरहेको छ । पहिलो अङ्कदेखि उनान्सयौं अङ्कसम्म आइपुग्दा यस पत्रिकाका कुन कुन अङ्कमा नारीस्रष्टाका रचनाहरू प्रकाशन भए ? उनीहरूको सहभागिता र स्थान कस्तो रह्यो ? भन्नेमा खोजकार्य गरी यो लेख तयार पारिएको छ ।*

**पहिलो अङ्कदेखि उनान्सयौं अङ्कसम्मको नारी सहभागिताको विश्लेषण :**

हाम्रो पुरुषार्थको पहिलो अङ्क विक्रम संवत् २०३० सालमा महाकवि लक्ष्मीप्रसाद देवकोटाको जन्मजयन्तीको अवसर पारेर प्रकाशन भएको थियो । उक्त पत्रिकाका प्रधानसम्पादक शशि पन्थी हुनुहुन्थ्यो भने सहसम्पादक चिरञ्जीवी शर्मा र सहायक सम्पादक भेषबहादुर कुँवर हुनुहुन्थ्यो । उक्त पत्रिका चौवन्न पृष्ठको थियो । पत्रिकाको मूल्य रू. एक रहेको थियो । पत्रिका प्रकाशनार्थ बीसदेखि पचास पैसासम्म सहयोग गर्ने सहयोगीहरूको नामावलीसमेत प्रकाशन गरिएको थियो । यस पत्रिकामा एघार जना सर्जकका सिर्जना समेटिएका थिए । प्रथम अङ्कमा कुनै पनि नारी स्रष्टाका सिर्जना समावेश भएका थिएनन् ।

दोस्रो अङ्कमा पनि नारी स्रष्टाका सिर्जना देखिएनन् । तेस्रो अङ्क राजा वीरेन्द्रको शुभराज्याभिषेकको अवसर पारी 'शुभराज्याभिषेक अतिरिक्ताङ्क' का रूपमा प्रकाशन भएको देखिन्छ तर नारी सर्जकले भने स्थान पाएका छैनन् । २०३२ सालमा प्रकाशित चौथो अङ्कमा पनि नारी सर्जक भेटिएनन् ।

'हाम्रो पुरुषार्थ' मा पहिलोपटक स्थान पाएर कविता प्रकाशन गर्ने नारी स्रष्टा हुनुहुन्छ – सुश्री देवकला भण्डारी । उहाँको 'नहाँस नरोऊ' शीर्षकको गद्य कविता पत्रिकाको पाँचौं अङ्कमा प्रकाशित छ ।

छैठौं अङ्कमा भने तीन जना नारी सर्जकले स्थान पाउनुभएको छ । नैना नेपालको गद्य कविता 'देवकोटा एक परिचय', पार्वती श्रेष्ठको गद्य कविता 'सेवक बन' र देवकला भण्डारीको 'चिया' शीर्षकको कविता यस अङ्कमा प्रकाशित छन् ।

सातौं अङ्कमा कुनै नारी सहभागिता देखिँदैन ।

विक्रम संवत् २०३६ को आठौं अङ्कबाट 'हाम्रो पुरुषार्थ' अर्धवार्षिक रूपमा प्रकाशित हुन थालेको देखिन्छ । यस अङ्कमा पनि कुनै पनि नारी स्रष्टाको सहभागिता देखिँदैन ।

नवौं अङ्क अन्तर्राष्ट्रिय बालवर्षातिरिक्ताङ्कका रूपमा प्रकाशन भएको र यसमा पनि कुनै नारी सर्जकका रचना देखिँदैनन् ।

त्यस्तै एघारौंदेखि उन्नाइसौं अङ्कसम्म कुनै पनि नारी सर्जकको सहभागिता देखिँदैन ।

विक्रम संवत् २०४१ को वैशाखमा प्रकाशित बीसौं अङ्कमा साहित्यकार माया ठकुरी को 'इच्छा जो कहिल्यै मर्दैन' शीर्षकको कथा प्रकाशन भएको देखिन्छ । अङ्क एक्काईसदेखि अन्तर्राष्ट्रिय युवा वर्षाङ्कका रूपमा प्रकाशित अङ्क चौबीससम्म कुनै पनि नारीहरूका रचना प्रकाशित छैनन् । पच्चिसौं अङ्कमा स्रष्टा गोमा जि.सी. को 'बन्द प्याकेटभित्र विश्वासको विस्फोट' शीर्षकको रचना प्रकाशित देखिन्छ ।

२०४३ कात्तिकमा प्रकाशित छब्बीसौं अङ्कदेखि २०४६ वैशाखमा प्रकाशित एकतीसौं अङ्कसम्म पनि नारी सर्जकको सहभागिता शून्य देखिन्छ ।

२०४६ कार्तिकमा प्रकाशित बत्तीसौं अङ्कमा भने गोमा सेनद्वारा रचित 'अनौठो प्रेम' शीर्षकको कथा प्रकाशित छ । २०५३ देखि २०५५ सालसम्म ३३, ३४, ३५, ३६ र ३७ गरी पाँचओटा अङ्क प्रकाशित भए तर तिनमा पनि नारीका रचनाले स्थान पाएनन् । २०५६ वैशाखमा प्रकाशित अठ्तीसौं अङ्कमा भने साहित्यकार भागीरथी श्रेष्ठको 'बिहानदेखि साँझसम्म' शीर्षकको रचना प्रकाशन भएको पाइन्छ । त्यसैगरी उनन्चालीसौं र चालीसौं अङ्कमा नारी सहभागिता देखिँदैन भने एकचालीसौं अङ्कमा चेतना पन्थीको 'चुरोट' शीर्षकको कविता प्रकाशित छ । २०५८ वैशाखमा नेपाली भाषिक सङ्गोष्ठी विशेषाङ्कका रूपमा प्रकाशित ४२ औं अङ्कमा राधा पन्थीको 'देश रित्तिएको छ' भन्ने शीर्षकको गद्य कविताले स्थान

पाएको देखिन्छ । २०५८ मै प्रकाशित त्रिचालीसौं अङ्कमा शारदा थापा स्नेहीको ' नेपाल आमाको पुकार' र चवालीसौं अङ्कमा डा. विष्णुकुमारी शर्माद्वारा 'गौंथली र चामे' शीर्षक दिएर लेखिएको 'परालको आगो' कथासम्बन्धी विश्लेषणात्मक लेख प्रकाशन भएको पाइन्छ । साथै भावना पन्थीद्वारा रचित 'दासत्वका विरुद्धमा' शीर्षकको कविता र राधा पन्थीद्वारा रचित 'मेरो घडीको सुइ' नामक गद्य कविता प्रकाशित छन् ।

पैचालीसौं अङ्कमा भने जानकी ज्ञवालीको 'स्वार्थी मान्छे' शीर्षकको कविता र सावित्रा पन्थीको पाठक - प्रतिक्रियाले स्थान पाएका छन् ।

छ्यालीसौं अङ्कमा पनि दुई जना नारी स्रष्टाहरू राधा पन्थी र मनीषा पन्थीका क्रमशः 'नेपाली नारीहरू' शीर्षस्थ गद्यकविता र 'हजुरबुबाको सम्झनामा' शीर्षस्थ संस्मरण प्रकाशित छन् ।

सच्चालीसौं अङ्कमा गरिमा पन्थीको कविता प्रकाशित छ । अठचालीसौं अङ्कमा भने नारी स्रष्टा सम्मिलित छैनन् ।

उनन्चाासौं अङ्कमा चार जना नारी स्रष्टाका सिर्जना प्रकाशित छन् । लता लम्सालको 'नेपाली भाषा र साहित्यमा साहित्यकार टीकाराम पन्थीको योगदान' शीर्षकको लेख, रूपा पन्थीको 'कर्महारा' शीर्षकको कविता, आकृति पाण्डेको' समुद्रबाट जुन उदायो' शीर्षकको गद्य कविता र राधा पन्थीको 'उठ उठ छक्काल भैसक्यो' शीर्षकको गद्य कविता यस अङ्कमा समाविष्ट छन् ।

२०६२ मा प्रकाशित पचासौं अङ्क पत्रकारिता विशेषाङ्कका रूपमा आएको देखिन्छ । यसमा तीन जना महिलाका पत्रकारितासम्बन्धी लेखहरू प्रकाशित छन् । कमला कुँवरको 'रूपन्देहीमा पत्रकार महिलाको अवस्था : समस्या र समाधान', दुर्गा पौडेलको 'पत्रकारितामा उठाउनुपर्ने महिलासम्बन्धी विषयहरू', र मञ्जु थापाको 'पत्रकारितामा महिला : केही वैचारिक पक्ष' आदि ।

एकाउन्नौ अङ्कमा हरिदेवी कोइरालाको 'कस्को हुन्छ कस्तो भाग्य' शीर्षकको गीति कविता र गरिमा पन्थीको पाठक - प्रतिक्रिया समावेश गरिएको छ ।

बाउन्नौं अङ्कले इन्दिरा पौडेलको 'मेरो भावना' शीर्षकको कविता समेटेको छ भने त्रिपन्नौ अङ्कमा नारीस्रष्टा देखिँदैनन् । चौवन्नौं अङ्कमा भने इन्दिरा शर्माको 'साहित्यकार एवम् राजनीतिज्ञ निलाम्बर पन्थीको योगदान' शीर्षकको लेख छापिएको छ । २०६४ मा प्रकाशित पचपन्नौं अङ्कमा 'नेपाली रचनाकारिकाको सम्बन्धमा' शीर्षकको कमला पन्थी अधिकारीको लेख, गंङ्गा अभिलाषीको 'मार्च

आठ तारिख' शीर्षकको लघुकथा, मुना पौड्यालको 'विडम्बना' शीर्षकको कथा, रुरु शर्मा र कविता पन्थीको 'पुस्तक प्रदशनी रोजेको पुस्तक छान्ने उपयुक्त स्थान' शीर्षकको लेखले स्थान पाएका छन् ।

हाम्रो पुरुषार्थको छपन्नौं अङ्क डाक्टर टीकाराम पन्थी विशेषाङ्कका रूपमा प्रकाशित छ । उक्त अङ्कमा डाक्टर पन्थीसँग सम्बन्धित लेख रचना प्रकाशित छन् । तीमध्ये नारीहरूका छवटा रचना समेटिएका छन् । ती हुन् - विश्वेश्वरी अधिकारीको श्रद्धेय बुबा टीकाराम पन्थीमा अश्रुपूर्ण श्रद्धासुमन, गङ्गा अभिलाषीको 'हार्दिक श्रद्धासुमन', मुना पौडेलको 'घिटि्कसो कथासंग्रहका माध्यमबाट डाक्टर टीकाराम पन्थीलाई हेर्दा', राधा पन्थीको 'हाम्रो पुरुषार्थमा प्रकाशित डाक्टर टीकाराम पन्थीका कथाहरूको विवेचना', गीता पन्थीको 'डाक्टर टीकाराम पन्थीका कृतिहरूको मनोवैज्ञानिक पक्ष', लता पन्थीको 'डाक्टर टीकाराम पन्थीको जीवनी' आदि ।

सन्ताउन्नौं अङ्कमा जानकी ज्ञवाली गौतमको 'सभ्य बनौं केही गरौं" शीर्षकको कविता, हिमकला रानाको 'सोरठी नाच - एक परिचय' शीर्षकको लेख, राधा पन्थीको 'मेरा आँखाभित्र' शीर्षकको कविता र मञ्जु थापाको 'विदेशमा कर्मशील नेपाली महिला' शीर्षकको लेख प्रकाशित छन् ।

अन्ठाउन्नौं अङ्कमा तिला पन्थीको 'बिचरा शिक्षक' शीर्षकको गीति कविता समावेश गरिएको छ भने उनन्साठीऔं अङ्कमा लोक गायिकाका रूपमा सुपरिचित हरिदेवी कोइरालाको 'रेसुङ्गा' शीर्षकको कविता छापिएको छ ।

साठीऔं अङ्कमा तीन जना नारी पाठकहरू जुना भुसाल, तारा बुचा, र साकिला खातुनका पाठक - प्रतिक्रिया समाविष्ट छन् भने बुनु लामिछानेको 'अभिनन्दन भानुलाई' शीर्षस्थ कविता र प्रभा भट्टराई आचार्यको 'भानुको उपस्थिति' शीर्षस्थ कविता प्रकाशित छन्

एकसट्ठीऔं अङ्क २०७० कार्तिकमा प्रकाशन भएको छ । यस अङ्कदेखि 'हाम्रो पुरुषार्थ' साहित्यिक पत्रिका त्रैमासिक रूपमा प्रकाशन हुन थालेको पाइन्छ । यस अङ्कमा ६ जना नारी स्रष्टाका सिर्जना र एक जना नारी पाठकको पाठक - प्रतिक्रिया प्रकाशित छन् । खगिसरा कालाको मुक्तक, कुसुम नेपालीको गजल, कृष्णादेवी शर्माको 'पुरस्कारै पुरस्कार' शीर्षकको लेख, राधा पन्थीको 'नारी' शीर्षकको कविता, सरस्वती शर्मा 'जिज्ञासु' को 'चहकिलो घाम' गद्य कविता र पुष्पा पन्थीको पाठक - प्रतिक्रिया यस अङ्कमा सहभागी नारी स्रष्टा हुन् ।

बैसट्ठीऔं अङ्कमा पनि सरस्वती शर्मा 'जिज्ञासु' कै 'सकारात्मक सोच - सफल जीवनको कडी' शीर्षकको लेख प्रकाशित छ ।

हाम्रो पुरुषार्थ साहित्यिक पत्रिकाको त्रिसट्ठीऔं अङ्क विश्वेश्वर विशेषाङ्कका रूपमा प्रकाशित छ । यसमा नारीस्रष्टामध्ये कृष्णादेवी शर्माको 'नरेन्द्र दाइ मेरो दृष्टिमा' शीर्षकको समीक्षात्मक लेख, विजेता चौधरीको 'विश्वेश्वरप्रसाद कोइरालाका कथा र साहित्यमा मधेश चिन्तन' शीर्षकको लेख, डाक्टर ज्ञानु पाण्डेको 'बीपीको व्यक्तित्वले सिकाएको मूल पाठ कथनी र करणीमा सधै दुरूस्त रहौं' शीर्षकको अनुसन्धानात्मक लेख, उर्मिला शर्माको 'निबन्धकार विशेश्वरप्रसाद कोइराला स्रष्टा र द्रष्टा व्यक्तित्व' शीर्षकको समीक्षात्मक लेख, लक्षीमा ज्ञवालीको 'श्रद्धा बी.पी.मा' शीर्षकको कविता, शारदा खनालको 'सामाजिक र मनोवैज्ञानिक यथार्थको कसीमा दोषी चश्मा' शीर्षकको समीक्षा, गीताकुमारी पन्थीको 'सुधर्माध्यक्ष बी.पी. कोइराला' शीर्षकको लेख आदि छन् ।

चौसट्ठीऔं अङ्कमा नारीस्रष्टा देखिएनन् भने पैंसट्ठीऔं अङ्कमा गरिमा ज्ञवालीको पाठक – प्रतिक्रिया प्रकाशित छ ।

छैसट्ठीऔं अङ्कमा 'हिन्दु धर्ममा नारी' शीर्षकको रचना गीताकुमारी पन्थीले लेख्नुभएको छ । सतसट्ठीऔं अङ्कमा शारदा खनालको कविता प्रकाशित छ । यस कविताको शीर्षक छ – 'अखण्ड राष्ट्रका निम्ति एकढिक्का बनौं सब' । साथै मिरा रानाको पाठक – प्रतिक्रिया पनि समावेश गरिएको छ । अठसठ्टीऔं अङ्कमा नारी हस्ताक्षर गङ्गा अभिलाषी 'अनौठो मुलुक, अनौठो अनुभूति पढ्न पाउँदा' शीर्षकको लेख र उहाँकै पाठक – प्रतिक्रियासमेत समेटिएका छन् । उनसत्तरीऔं अङ्कमा पनि नारी स्रष्टाको सहभागिता देखिन्छ । गङ्गा कर्माचार्य पौडेलको 'राहत वितरण', रेनुका पन्थीको 'लक्ष्यप्राप्तिका आधारहरू र सरू सुधाका केही मुक्तकहरू यसमा प्रकाशित छन् ।

२०७३ मा प्रकाशित सत्तरीऔं अङ्कमा सीता सुवेदी पन्थीको 'कवि मन' शीर्षकको कविता र रमा केसीको 'अनुराधा उपन्यासमा मनोविश्लेषण' शीर्षकको समीक्षात्मक लेख प्रकाशन भएका छन् । एकहत्तरौं अङ्कमा गंगा कर्माचार्य पौडेलको 'सजाय' शीर्षकको बालकथा, बहत्तरौं अङ्कमा भने 'सत्ता संरक्षण र राजनीति' शीर्षकको रेशमा शर्मा वाग्लेको लेख र 'नेपाल आमा भन्छिन्' शीर्षकको शारदा पन्थी खनालको कविता प्रकाशित छन् ।

त्रिहत्तरौं अङ्कमा सीता सुवेदी पन्थीको 'हिंड्नु छ हिंड्छु सर्वदा' शीर्षस्थ कविता समाविष्ट छ । चौहत्तरौं अङ्कमा नारीस्रष्टा गीताकुमारी पन्थीको 'शङ्का एउटा विष' शीर्षस्थ लेख र सिन्धु भट्टराईको पाठक – प्रतिक्रिया प्रकाशन भएको देखिन्छ ।

पचहत्तरौं अङ्कमा सङ्गीता उपाध्याय पौडेलको पाठक – प्रतिक्रियाले स्थान पाएको देखिन्छ । छ्यहत्तरौं अङ्कमा शारदा खनालको 'मूढमति' शीर्षकको व्यङ्ग्य कविता र गङ्गा अभिलाषीको 'ढिकीजाँतो" शीर्षकको आख्यानात्मक लेख समेटिएका छन् ।

'कैकेयी महाकाव्यमा नारीवाद' शीर्षकको कृष्णादेवी शर्मा श्रेष्ठको समीक्षामूलक लेख र 'हिन्दु समाजमा प्रचलित विवाह' शीर्षक दिइएको गीता मरासिनीको लेख सतहत्तरौं अङ्कमा प्रकाशित छन् ।

२०७५ वैशाख - असार अङ्क अठहत्तरौं अङ्कका रूपमा प्रकाशित भयो । यसमा तीन जना नारीहरू समेटिनुभयो । 'स्वागत छ तिमीलाई' गद्यकवितामार्फत शीला पन्त, गजलमार्फत विष्णु काला मगर र पाठक - प्रतिक्रियामा पाठक - प्रतिक्रियामार्फत अस्मिता पन्थी ।

उनासीऔं अङ्कमा नियमित स्तम्भ 'पुस्तकालय परिचय' (लक्ष्मी स्मृति पुस्तकालय रात्तेला स्याङ्जा) सुष्मा शर्माद्वारा लिखित छ भने सुनिता सेन ठकुरीको 'पुस्तकालय सम्मेलनमा सहभागिता' शीर्षकको संस्मरणात्मक लेख समावेश गरिएको छ ।

२०७५ कार्तिक - पुसको असीऔं अङ्क किरण पुस्तकालयको स्वर्णवर्ष विशेषाङ्कको रूपमा प्रकाशित छ । यस अङ्कमा तत्कालीन राष्ट्रपति विद्यादेवी भण्डारीको शुभकामना सन्देश छापिएको छ । यस अङ्कमा पुस्तकालयसँग सम्बन्धित लेख - रचना प्रकाशित छन् । तीमध्ये नारीहरूका रचना यसप्रकार छन् -

'पुस्तकालय सेवाजति राम्रो, निःस्वार्थ र पवित्र सेवा अरू केही छैन' - इन्दिरा दली

'गुल्मी जिल्लालाई चिनाउन किरण पुस्तकालयको भूमिका' - लक्ष्मी पन्थी अर्याल

'किरण पुस्तकालय नारी सहभागिता' - राधा पन्थी

'विद्याको ज्योति - किरण पुस्तकालय' (कविता) - शारदा पन्थी खनाल आदि ।

एकासीऔं अङ्कमा नारीसहभागिता शून्य देखिन्छ भने बयासीऔं अङ्कमा मीना पौडेलको 'ब्लुम वर्गीकरणका आधारमा नेपाली पाठ्यक्रमको उद्देश्य' शीर्षकको आलेख र शारदा पन्थी खनालको 'रेसुङ्गा हेर्दै मरूँ' शीर्षकको रचना समाविष्ट छन् । त्रियासीऔं अङ्कमा ' आधा जिस्ता कृतिमा पाठकीय दृष्टिकोण' शीर्षस्थ निबन्ध सङ्ग्रहको समीक्षा) छ भने चौरासीऔं अङ्कमा नारी सर्जकहरू समेटिनुभएको छैन तर पचासीऔं अङ्कमा शीला पन्तको 'सहिदको सम्झना' गद्यकविता र अस्मिता भुसालको पाठक - प्रतिक्रियाले स्थान पाएका छन् ।

२०७७ वैशाख - असारको छ्यासीऔं अङ्क सुरूवातदेखि यसै पत्रिकाका सहायक सम्पादक रहँदै आउनुभएका आदरणीय साहित्यकार भेषबहादुर कुँवर 'प्रयासी' को निधनपछि उहाँकै स्मृतिअङ्कका रूपमा निस्केको छ । यस अङ्कमा धेरैजना नारीस्रष्टाहरूले उहाँप्रति स - सम्मान श्रद्धासुमन व्यक्त गर्नुभएको छ ।

**लेखरचना देहायबमोजिम छन् :**

लक्ष्मी अर्याल - 'कवि प्रयासी र उहाँको बाईस तरङ्ग'
गोमा सेन - 'स्वर्गीय भेषबहादुर सरप्रति'
शान्ता के.सी. कुँवर - 'बुबालाई सम्झँदा'
निराशा के.सी. कुवँर - 'मैले चिनेको भेषबहादुर सर बुबा'
माया कुँवर - 'आदरणीय बुबा'
सन्तोषी पोखरेल कुँवर - 'मैले चिनेको बुबा'
कमला मरासिनी - 'मामासँगका केही संस्मरणहरू'
गायत्री कुवँर कार्की - 'मेरा लागि बुबाको मार्गदर्शन' (कविता)
मायालक्ष्मी कुँवर - 'बुबा, सिर्जना, सम्बन्ध र स्मृतिमा'
दयालक्ष्मी कुँवर - 'बुबाबिनाको घर'
बीमा केसी कुँवर - 'सम्झनामा बुबा हजुर' (कविता)
शारदा पन्थी खनाल - 'दाजु भेषबहादुर कुवँरप्रति श्रद्धासुमन'
निर्मला श्रेष्ठ - 'गुरुसँग जोडिएका यादहरू'
प्रतिष्ठा कुँवर र आभाखुसी कुवँर - Grandchildern's Memories of 'BUWA'

सतासीऔं अङ्कमा नारी स्रष्टा शारदा पन्थी खनालको 'कोरोना' शीर्षकको कविता र कविता पन्थीको सुशासनमा दश राजधर्मको प्रासङ्गिकता शीर्षकको लेख प्रकाशित छन् भने सोही अङ्कमा दुईजना नारीहरूका अन्तर्वार्ता छापिएका छन् । विद्या आचार्यको 'छ वर्षमा विवाह' र माया देवी शर्माको 'अध्ययनप्रति समर्पणका पर्याय' आदि ।

अठासीऔं अङ्कमा समेटिएका नारीस्रष्टाहरूमा चन्द्रकला अधिकारी र सन्ध्या पन्थी हुनुहुन्छ । उहाँहरूका क्रमशः बाछिटा र पाठक - प्रतिक्रिया छापिएका छन् ।

उनानब्बेऔं अङ्क पण्डित भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कका रूपमा २०७७ मा प्रकाशन भएको छ । यस अङ्कमा नीलमाया पन्थीको अन्तरवार्ता छापिएको छ । संस्मरण खण्डमा 'पण्डित भीमकान्त पन्थीको जीवनी' - सीता रिजाल, 'महाकवि पण्डित भीमकान्त पन्थी' - तुलसी पन्थी, 'बुबाज्यूको सम्झनामा चार हरफ' - मायादेवी पन्थी, 'पिताजीका विषयमा' - विजया पन्थी, 'पिताज्यूको संस्मरणः केही अभिव्यक्ति' - कमला पन्थी अधिकारी आदि प्रकाशित छन् । 'हाम्रो हजुरबुबा शीर्षकको कविता भावना पन्थीले लेख्नुभएको छ भने साधना पन्थीको 'सम्झनामा हजुरबुबा' शीर्षकको लेख र मनीषा पन्थीको 'हजुरबुबाको सम्झनामा' शीर्षकको रचना प्रकाशित छन् । त्यसैगरी समीक्षा खण्डअन्तर्गत सीता रिजालको 'पं. भीमकान्त पन्थीको व्यक्तित्व' र कमला पन्थीको 'विविध पद्यावलिको नेपाली भाषात्मिका पद्यावलिअन्तर्गतका केही शीर्षकहरू रहेका छन् ।

त्यसैगरी समीक्षा खण्डअन्तर्गत सीता रिजालको 'पं. भीमकान्त पन्थीको व्यक्तित्व' र कमला पन्थीको 'विविध पद्यावलिको नेपाली भाषात्मिका पद्यावलि अन्तर्गतका केही शीर्षकहरूको विवेचना' प्रकाशित छन् ।

नब्बेऔं अङ्क २०७८ वैशाखमा प्रकाशन भएको छ । उक्त अङ्कमा डाक्टर नातीमैञाँ मानन्धर भण्डारीको 'युवा उमेरमा नैतिक शिक्षाको अवसर' शीर्षस्थ लेख प्रकाशित छ ।

एकानब्बेऔं अङ्कमा सीता खनाल पोखरेलको 'गुल्मीलाई सम्झदा' शीर्षस्थ कविता छापिएको छ । बयानब्बेऔं अङ्कमा चार जना नारीस्रष्टाका कविताहरू छन् ती हुन् - सदीक्षा ज्ञवालीको 'कोरोना संक्रमण र बालबालिकाको भोगाइ', सीता सुवेदी पन्थीको 'सम्मानको आरती' शीला पन्तको 'मेरो स्वतन्त्र चिन्तन', गायत्री देवी तिमिल्सिनाको 'शारदा शुभ्रवर्णा' आदि ।

त्रियानब्बेऔं अङ्कमा पाँच जना नारी सर्जक देखिनुहुन्छ । सुशीला भुसाल 'यात्रा इलामसम्मको (यात्रासंस्मरण) मार्फत, शारदा पन्थी खनाल 'आमाका आँसु नसुक्ने भए' कवितामार्फत, गीताश्री शर्मा 'वर्षा र म' गद्यकवितामार्फत, सीता सुवेदी पन्थी 'म रम्छु त्यो प्रभातमा' कवितामार्फत र कमला गौतम चारवटा नारी मुक्तकमार्फत जोडिनुभएको छ ।

चौरानब्बेऔं अङ्कले'कृषि' शीर्षकको कवितामार्फत शकुन्तला ज्ञवाली पौडेललाई समेटेको छ ।

पन्चानब्बेऔं अङ्कमा कमला गौतम र शकुन्तला ज्ञवालीका दसैं शीर्षस्थ कविताहरू, सीता सुवेदी पन्थीको 'सरकार पो किन चाहियो' शीर्षकको कविता, कविता पन्थीको 'बुद्ध दर्शन र शान्ति' शीर्षकको लेख र छ्यानब्बे वर्षीय नन्दकुमारी गौतमको अन्तरवार्ता छापिएका छन् ।

चार जना नारीस्रष्टाका रचनासहित प्रकाशन भएको छ्यानब्बेऔं अङ्क २०७९ मा डाक्टर सीता सुवेदी पन्थीको कविता 'आमाको सन्देश', शकुन्तला पौडेलको कविता 'बस्तीविकास' र शारदा पन्थी खनालको कविता 'विदेश यात्राको पीडा' छापिएका छन् भने सि.ए. सन्ध्या पन्थीले पाठक - प्रतिक्रिया दिनुभएको छ ।

सन्तानब्बेऔं अङ्कमा नारीसर्जक सीता पोखरेल खनालको 'पुष्प रमाउँदा', जेसिका कँडेल 'निशा'को समृद्ध लुम्बिनी' र शकुन्तला ज्ञवाली पौडेलको 'कृषि', प्रीति आत्रेय ज्ञवालीको 'हे वाग्देवी तिमी आऊ' आदि शीर्षकका कविताहरू छापिएका छन् । शकुन्तला ज्ञवालीको एउटै कविता चौरानब्बेऔं र सन्तानब्बेऔं अङ्कमा गरी दुईपटक प्रकाशन भएको देखिन्छ ।

अन्ठानब्बेऔं अङ्क वैशाख - असार २०८० मा निस्केको छ । यसमा शारदा भट्टराई र भागीरथी श्रेष्ठका महत्त्वपूर्ण संस्मरणात्मक लेखहरू छापिएका छन् । उनान्सयौं अङ्क साउन - असोज २०८० मा प्रकाशित भएको छ । यसमा कल्पना पौडेल 'जिज्ञासु' आस्था कोपिला, सरु सुधा, कमला गौतम र शकुन्तला पौडेलका सृजनाहरूले स्थान पाएका छन् ।

*हाम्रो पुरुषार्थमा समेटिएका नारी स्रष्टाहरूको कलम कविता विधामा बढी चलेको पाइन्छ । यस पत्रिकामा बढीमात्रामा आफ्ना सिर्जना र प्रकाशन गर्ने अवसर पाएका नारी स्रष्टाहरूमध्ये शारदा खनाल पन्थी र राधा पन्थी अग्रपंक्तिमा देखिन्छन् । त्यसैगरी गङ्गा अभिलाषीलगायतका अरू स्रष्टाहरूको पनि महत्त्वपूर्ण स्थान देखिन्छ । सयौं अङ्कसम्म आइपुग्दा हाम्रो पुरुषार्थले नारीस्रष्टाहरूलाई जुन स्थान दियो त्यो सराहनीय छ ।*

**निष्कर्ष**

यसप्रकार हाम्रो पुरुषार्थमा नारी स्रष्टाहरूले ३५ वटाभन्दा बढी अङ्कमा स्थान पाएका छैनन् । सुरूवाती अङ्कमा भन्दा पछिल्ला अङ्कमा नारी सहभागिता बढ्दो देखिन्छ । समयक्रमसँगै नारीहरू शिक्षित हुने क्रम बढ्दै गएको र साहित्य सिर्जनामा पनि अग्रसर रहेको प्रमाण पनि हो यो । हाम्रो पुरुषार्थमा समेटिएका नारी स्रष्टाहरूको कलम कविता विधामा बढी चलेको पाइन्छ । यस पत्रिकामा बढीमात्रामा आफ्ना सिर्जना र प्रकाशन गर्ने अवसर पाएका नारी स्रष्टाहरूमध्ये शारदा खनाल पन्थी र राधा पन्थी अग्रपंक्तिमा देखिन्छन् । त्यसैगरी गङ्गा अभिलाषीलगायतका अरू स्रष्टाहरूको पनि महत्त्वपूर्ण स्थान देखिन्छ । सयौं अङ्कसम्म आइपुग्दा हाम्रो पुरुषार्थले नारीस्रष्टाहरूलाई जुन स्थान दियो त्यो सराहनीय छ । आगामी दिनहरूमा नारी स्रष्टाको सहभागितामा वृद्धि हुँदै जाओस् । सिर्जनामा रुचि राख्ने, सिर्जना गर्ने तर प्रकाशनको अवसर नपाएका नारी स्रष्टाको खोजी गर्न पनि हाम्रो पुरुषार्थ लागिपरोस् । अनेकौं उतारचढाव सहँदै सयौं अङ्कका रूपमा प्रकाशित हुने अवसर पाएकोमा हाम्रो पुरुषार्थलाई बधाई । किरण पुस्तकालयलाई बधाई । सम्पादक मण्डल र यसका पत्रिकासँग सम्बन्धित सबैलाई बधाई । आगामी दिनमा उत्तरोत्तर प्रगतिसहित युगौंयुग बाँचिरहोस् 'हाम्रो पुरुषार्थ' । हाम्रो पुरुषार्थजस्तो पुस्तकाकारको पत्रिका पुस्तौं - पुस्ताले पढ्न पाऊन्, यसमा आफ्ना रचना प्रकाशन गर्न पाऊन् । अनन्त शुभकामना मेरो तर्फबाट । धन्यवाद !

**रेसुङ्गा नगरपालिका, तम्घास, गुल्मी ।**

ooo

// लेख //

# पाठकीय दृष्टिमा हाम्रो पुरुषार्थको साहित्यिक इतिहास



✒ हेमराज पाण्डे

आधा शताब्दी पहिले प्रायःजसो राजधानीबाहिरका पहाडी जिल्लाहरूमा साहित्य सृजनाको फाँट बिरौटो अवस्थामा थियो । त्यस समयको निर्जन बिरौटो साहित्यको फाँटमा हाम्रो पुरुषार्थ जस्तो साहित्यको विधागत सबैक्षेत्रको खुराक समेटेर गहकिलो साहित्यिक पत्रिका प्रकाशनको श्रीगणेश हुनु थार मरूभू पालुवा मौलाउनु सरह मानिन्छ । यसको सम्पूर्ण श्रेय गुल्मी तम्घासमा किरण पुस्तकालय स्थापनासँगै हाम्रो पुरुषार्थ प्रकाशनका दूरदर्शी अभियन्ता एवं साहित्यकार श्रद्धेय गुरु शशि पन्थीलाई छ । यसरी साहित्यिक पत्रिका हाम्रो पुरुषार्थ प्रकाशनका अग्रणी विजेता शशि पन्थीकै अगुवाइमा कहिल्यै ननिभ्ने देदीप्यमान आलोक बनेर हाम्रो पुरुषार्थले आज सयौं अङ्क प्रकाशनमा पुगेको छ । यसैगरी ५० औं वर्षको अन्तरालमा गुल्मी, अर्घाखाँची, पाल्पा, प्यूठान, बाग्लुङ्, स्याङ्जा, कास्की, दाङ, रूपन्देही, कपिलवस्तु, नवलपरासी तथा राजधानी काठमाडौंसम्म आफ्नो साहित्यिक सेवा बिस्तारसँगै दिइरहेको छ । यति मात्र कहाँ हो र...? गौहाटी, आसाम, देहरादून, दिल्ली, मणिपुर, बर्मा, (याङ्गुन) सम्म साहित्यको सेवा विस्तार गरेको छ । यसरी देश देशान्तरसम्म शाखा विस्तारसँगै स्थानीय प्रतिनिधिमार्फत हाम्रो पुरुषार्थको ताजा साहित्यिक पाहुर पस्किन सक्षम हाम्रो पुरुषार्थको अतुलनीय नमुना कार्य मानिन्छ ।

यति दूरदर्शी सोचसँग आजको जल्दोबल्दो विषयगत साहित्यिक शीर्षकमार्फत हाम्रो पुरुषार्थको गौरव गरिमा बढोत्तरी हुनु हाम्रो लागि सुखद पक्ष हो । जीरो अवस्थाको शून्यतामा साहित्यिक विधागत रूपरंग भर्दै यति फराकिलो समृद्ध साहित्यिक पृष्ठभूमि गुल्मी तम्घासमार्फत तैयार हुनु प्रशंसनीय पक्ष हो । खाने मुखलाई जुँगाले छेक्दैन भनेजस्तै कस्तै आर्थिक कठिन मन्दी अवस्थाको चुनौती झेल्दै एउटा फुल्नेफल्ने, झाङ्गिने र मगमगाउने सग्लो वृक्षको रूपमा उभ्याउन अथक रूपमा सधै सक्रिय सम्पादक गुरु शशि पन्थीलाई मैले यो श्रेय दिन्छु ।

हाम्रो पुरुषार्थसँगै देशका अन्य सदरमुकाममा शुरू भएका अन्य साहित्यिक पत्रिकाको प्रकाशन निरन्तरता अकालमै खुम्चिएर अल्प समयमै बन्द हुने दुःखद क्षण हाम्रो पुरुषार्थलाई जीवनभर आइनपर्नु नै हाम्रो पुरुषार्थको अजम्बर दीर्घायुको सबल पक्ष हो । आधा शताब्दीको आरोह – अवरोहलाई सहजै हाँक्दै हाम्रो पुरुषार्थद्वारा सयौं अङ्कको रूपमा यसरी पत्रिका प्रकाशन हुन गइरहेको समीक्षा, समालोचना अङ्क प्रकाशनको पूर्ण सफलताको कामना गर्दै संक्षेपमा आजसम्म हाम्रो पुरुषार्थले गरेका प्रशंसनीय कार्यमा मात्र आफ्नो कलम सीमित गर्ने अनुमति चाहन्छु ।

*यति दूरदर्शी सोचसँग आजको जल्दोबल्दो विषयगत साहित्यिक शीर्षकमार्फत हाम्रो पुरुषार्थको गौरव गरिमा बढोत्तरी हुनु हाम्रो लागि सुखद पक्ष हो । जीरो अवस्थाको शून्यतामा साहित्यिक विधागत रूपरंग भर्दै यति फराकिलो समृद्ध साहित्यिक पृष्ठभूमि गुल्मी तम्घासमार्फत तैयार हुनु प्रशंसनीय पक्ष हो ।*

**(क) लोकसंस्कृतिको जर्गेना र उत्प्रेरणा** : गुल्मी, अर्घाखाँची, बाग्लुङ्, म्याग्दी, प्यूठान, स्याङजा जिल्लाहरू नेपाली लोक संस्कृतिका जननी उर्वर भूमि हुन् । आपसी प्रेमसंवादमा गुन्जिने लोक दोहरी मौलिक गीतको दोहोरो विनिमय त्यस क्षेत्रमा सुन्दा भुतुक्कै नहुने कुन श्रोता होला र ? यसरी श्रोता हृदय स्वाट्टै पगाल्ने आँसु कवि कवयित्रीका प्रेमसंवाद प्रतियोगिता लोक संस्कृतिको पहिचान त्यस भेगमा दीर्घकालीन परम्परा मानिन्छ ।

किरण पुस्तकालयको अगुवाइमा हाम्रो पुरुषार्थमार्फत समय - समयमा सम्पन्न हुने लोक दोहोरी गीत प्रतियोगितामा एवं लोक गीत विशेष हाम्रो पुरुषार्थअङ्क प्रकाशनको माध्यमद्वारा लोक संस्कृतिको उत्थान, उत्प्रेरणा र जगेर्नामा महत्त्वपूर्ण भूमिका खेलेको पाइन्छ । स्व. लोकबहादुर क्षत्री र (आमा रूदै गाउँ बेसी मेलामा...) बोमबहादुर कार्की (खोलापारी निर्मया...) लिलीसिंह (नाचन नानी नाचन, पैसा दिउँला पाँचआना...गुल्मी धैरेनी हाल अर्घाखाँची ठूलापोखरा स्थित राजकन्या ) प्रचण्डबहादुर बुढाथोकी - अचाल भोली के चलन आयो ... (अर्घाखाँची खिदिम) नारायण रायमाझी (तिम्रो छोरो रुँदै छ रणमा...) तारा भण्डारी (सालको पात टपरी गाँसेर ... प्यूठान रातामाटा) ...(आँधीखोला बग्यो सलल) बूँद राना–गंगा राणा, भरत देउरालीलगायत स्वदेशकै चर्चित लोकनायक जन्माउने वीराङ्गना आमाहरू हाम्रै लुम्बिनी अञ्चलको सेरोफेरोमा छन् । यस्ता कालजयी गीतका अमर स्रष्टाले जन्म लिएको तम्घास आसपासको लोकसंस्कृतिको समृद्ध फाँटमा हाम्रो पुरुषार्थको भूमिका थप कोसेढुंगा सावित भएको छ ।

**(ख) काव्य साधनाको दृष्टिमा :** भनिन्छ यही तम्घासको पूर्वी भेग भएर बग्ने कालीगण्डकीको सेरोफेरोमा समेटिने पूजनीय देवालय, शिवालय एवं धार्मिक सांस्कृतिक दृष्टिले उत्तिकै महिमा बोक्ने गुफा रहस्यका उपत्यका पर्वतमाला प्राचीन ऋषिमुनिका वासस्थान मानिन्छन् । उनै वन्दनीय गुरुकुलका उत्तराधिकारीहरू क्रमशः पं. मोदनाथ प्राश्रित, डा. टीकाराम पन्थी, डा. भीमकान्त पन्थी, महेश पाल्पाली (हे आमा नेपाल तिमीलाई ...), भागीरथी श्रेष्ठलगायतका प्रकाण्ड विद्वान् कवि गीतकारको रूपमा उदय हुनु त्यस क्षेत्रमा सुनमा सुगन्ध थपिनु हो । हाम्रो पुरुषार्थमार्फत यिनै कवि कवयित्रीहरूका गहकिला काव्य रचना छपाई प्रकाशनमा स्थानीय क्षेत्रका सबै लेखकहरूलाई उचित स्थान दिलाउदै साहित्यसिर्जनाको दुर्लभ भूमिका निर्वाह गरेको छ । एकातिर रचनाले स्थान पाउँदा लेखकीय खुशियालीमा हुरूक्क हुने र अर्कोतर्फ हाम्रो पुरुषार्थको शाखा विस्तार देश - देशान्तरसम्मका पाठक सन्तुष्टिको साहित्यिक व्यञ्जन पस्किने भूमिका प्रशंसनीय छ ।

(ग) देवकोटा, लेखनाथ र सम त्रिमूर्तिका स्मारिका समय - समयमा प्रकाशन गर्ने तथा नेपाली भाषाका आदिकवि भानुभक्त आचार्य एवं युवक कवि मोतीरामको चर्चा परिचर्चा हाम्रो पुरुषार्थका अग्रजहरूप्रतिको सम्मानका उदाहरण हुन् । अरू कथा, कविता, निबन्ध, नियात्रा, एकाङ्की नाटक, नयाँ कृतिसमीक्षा, पाठकीय प्रतिक्रिया जस्ता पत्रिकाको पूर्णतामा हाम्रो पुरुषार्थ देशकै अग्रणी साहित्यिक पत्रिकामा गणना हुनु हाम्रो लागि गौरवको विषय हो ।

(घ) हाम्रो पुरुषार्थमा छापिएका रचनाको स्तरीयता मापन गरी गुल्मी जिल्ला भित्रका कवि, लेखकहरूलाई गरिने वार्षिक सम्मान एवं पुरस्कार कार्यक्रमको परम्परा स्तुत्य छ । वर्षदिनभरिका हाम्रो पुरुषार्थमा प्रकाशित पत्रिकाहरूका सबै लेखको समुच्च मूल्याङ्कन गरी उत्कृष्ट लेखकलाई सम्मान गरिनु लेखनकलामा लेखकलाई थप अगाडि बढ्न हौंसाउनु हो । यहाँनेर एउटा कुरा के बुझ्न जरूरी छ भने हाम्रो पुरुषार्थलाई सबै देश देशान्तरसम्मका साधकका रचनाले पूर्णता दिएको हुन्छ । तर पुरस्कार र सम्मानका भाग्यमानी हकदार भने गुल्मी जिल्लाबाट मात्र छनौट गरिन्छ ।

(ङ) हाम्रो पुरुषार्थले निरन्तर साहित्य खुराक कोसेली समेटेर पत्रिकाको पूर्णतासहित क्यालेण्डरअनुसार प्रकाशनलाई निरन्तरता दिइरहनु प्रकाशनको गरिमा हो । त्यही प्रकाशनको निरन्तरता र साहित्यिक स्तरीयतालाई उच्च मूल्याङ्कन गर्दै वर्षेनी पुरस्कृत, सम्मानित र देश देशान्तरसम्म पुस्तकालय अध्ययनभ्रमणको संयोग हाम्रो पुरुषार्थका संस्थापक सम्पादक विजेता

आदरणीय गुरु शशि पन्थी (जो आजसम्म क्रियाशील हुनुहुन्छ) लाई प्राप्त हुनु हामी लेखकहरूको लागि समेत गौरवको विषय मानिन्छ । वर्षाका च्याउसरह एक सिजनमा छ्यापछ्याप्ती निस्कने र अकालमै खुम्चिएर विलयको हविगत भोग्ने अवस्थासँग हाम्रो पुरुषार्थको कहिल्यै जम्काभेट भएन । त्रिशूली नदीको सङ्लो धारसरह एकछत्र रूपमा आज ५० औं वर्षसम्म अविच्छिन्न प्रकाशन नै हाम्रो पुरुषार्थको प्रशंसनीय पक्ष मानिन्छ ।

(च) पचासौं वर्षमा सयौं अङ्क प्रकाशन हुनुपनि अर्धवार्षिक प्रकाशनको निरन्तरता मानिन्छ । ज्ञान, साधना र सीपशैलीका पारखी सर्जकहरू हाम्रो पुरुषार्थमा आ–आफ्ना अमर रचना छपाएर जति लाभान्वित भए । त्यो ज्ञानको भोकलाई लिपिबद्धरूपमा व्यक्त गर्न पृष्ठभूमिद्वारा सम्मान दर्शाउने हाम्रो पुरुषार्थप्रति क्रियाशील कलमका लेखकहरू ऋणी छन् । यसरी ज्ञान साधना र सीपको त्रिवेणीद्वारा बीसौं वर्षदेखि आजीवन सदस्यसहित बढी लाभान्वित हुने स्वयम् म आफै पनि एक लेखक हो ।

(छ) इतिहासको गौरव बुझ्ने दूरदर्शी वाणीपुत्रहरू अब पनि यो पुरुषार्थलाई निरन्तरता दिन निरन्तर अग्रसर बन्ने नै छन् । यहाँसम्म मलजल भर्दै हुर्काएको सग्लो वृक्षरूपी साहित्यिक पत्रिकालाई भावी दिनमा पनि परोक्ष रूपमा अभिभावकीय भूमिका वर्तमान सम्पादकज्यूको अवछिन्न रूपमा रहिरहनेछ । हुन पनि हो जसरी राजनीतिक नेताले चुनाव हार्दैमा उसको विचार हारिंदैन । त्यसैगरी यो साहित्य सुधारूपी सग्लो वृक्षलाई पवित्र भावना र निर्मल मनले सहयोग भइरहनेछ । इतिहासले पनि यही पुष्टि गर्छ कि जसले अरूको असल कार्यको लागि ठडिएका शालिकको संरक्षण गर्छ उसको अमर कार्यको कदर गर्दै भावी पुस्ताले उसका शालिक पनि ठडाउने छ । यही नै अमर इतिहासको नियमित र निरन्तरताको शाश्वत चक्रको क्रम हो ।

## उपसंहार

५० औं वर्षदेखि हाम्रो पुरुषार्थ जस्तो विशाल साहित्यको फाँटलाई समेट्दै इतिहासको पहिचान बनाएको लोकप्रिय साहित्यिक पत्रिकामा समय - समयमा आ–आफ्ना रचना समेटेर लेखकीय श्रेणीमा उत्तीर्ण हुन पाएकोमा आज मलाई गर्वानुभूति भएको छ । हाम्रो पुरुषार्थका विभिन्न अङ्कहरूमा मैले धक फुकाएर शब्द संकल्प गरेको क्षणले

*भावी दिनहरूमा हाम्रो पुरुषार्थको समग्रता सल्बलाउदो सफेद कालीगण्डकी, अग्लो कंचनजंघा र नीलो आकाश जस्तै आफ्नै पहिचानमा प्रकाशनको परम्परालाई निरन्तरता अवश्य दिइरहनेछ । अझ फुल्दै, फल्दै, झाङ्दिै र मग्मगाउदै फराकिलो परिव्याप्त आयतनमा आफ्नो सुवास छरिरहने छ ।*

मलाई यस साहित्यिक पत्रिकासँग सन्निहित रहिरहन सधै अभिप्रेरित गर्दछ । कहिले स्वदेश –विदेशका यात्रा, कहिले स्वदेशका स्थान परिचय त कहिले गीत, कवितासँग नारिएर आफ्नो सक्रिय उपस्थिति जनाउँदै हाम्रो पुरुषार्थ सँगसँगै यहाँसम्म आउन पाउनु मेरो अहोभाग्य हो । भविष्यमा पनि यो प्रगाढताले निरन्तरता पाइरहने छ ।

*ब्रह्माण्डमा उठेका मेरै हिमालका अग्ला चुचुरासरहको हाम्रो पुरुषार्थको यशस्वी गरिमाको हार्दिक अपेक्षा गर्दै, आफ्नो लेखकीय स्थान भावी दिनमा पनि सुरक्षित रहनेतर्फ हार्दिक अपेक्षा गर्दछु ।*

भावी दिनहरूमा हाम्रो पुरुषार्थको समग्रता सल्बलाउदो सफेद कालीगण्डकी, अग्लो कंचनजंघा र नीलो आकाश जस्तै आफ्नै पहिचानमा प्रकाशनको परम्परालाई निरन्तरता अवश्य दिइरहनेछ । अझ फुल्दै, फल्दै, झाङ्िदै र मग्मगाउदै फराकिलो परिव्याप्त आयतनमा आफ्नो सुवास छरिरहने छ । साहित्यको ऐश्वर्यरूपी यस उर्वर फाँटमा हाम्रा रचनाले यथासम्भव स्थान पाउनेछन् । लेखकको रूपमा हाम्रो पुरुषार्थमार्फत हामी पनि साहित्यको पवित्र मार्गमा डोराउँदै अगाडि बढ्ने छौं ।

## अन्त्यमा पाठकीय दृष्टिमा हाम्रो पुरुषार्थको साहित्यिक इतिहास

उठानमा मैले यहाँ व्यक्त गरेको पाठकीय अवधारणा र दृष्टिकोण अन्यथा, अतिरञ्जित र अपाच्य पनि लाग्न सक्छ । त्यो कमी कमजोरीप्रति माफ माग्दै हंसले दूध छानेर पानी मिल्काएझैं क्रिम रस मात्र लिन सचेत पाठकमा विनम्र अनुरोध गर्दछु । ब्रह्माण्डमा उठेका मेरै हिमालका अग्ला चुचुरासरहको हाम्रो पुरुषार्थको यशस्वी गरिमाको हार्दिक अपेक्षा गर्दै, आफ्नो लेखकीय स्थान भावी दिनमा पनि सुरक्षित रहनेतर्फ हार्दिक अपेक्षा गर्दछु । साथै श्रद्धेय सम्पादक आदरणीय गुरु शशी पन्थीज्यूद्वारा लगाइएको सग्लो बेर्नो हाम्रो पुरुषार्थको रूपमा यसरी मौलाएकोमा गुरुकै मलजलको हेक्का सावधानीको लागि उहाँप्रति विनम्रता प्रकट गर्दछु । साथै हाम्रो पुरुषार्थको एक सयौ विशेषाङ्कको पूर्ण सफलताको कामना गर्दै मलाई यो लेखकीय हैसियतको उचाइ टेकाउनु हुने मेरा प्रातः स्मरणीय बाबा देवराज पाण्डे एवं आमा ढुनकला पाण्डेमा सबै श्रेय सुम्पिदै आफ्नो कलम बन्द गर्ने अनुमति चाहन्छु । जय हाम्रो पुरुषार्थ, जय किरण पुस्तकालय ... ।

✍ **छत्रदेव-६, ठूलापोखरा, अर्घाखाँची, पूर्व शाखाप्रबन्धक - कर्मचारी सञ्चय कोष, काठमाडौं ।**

**ooo**

# शताङ्क यात्रा र महिला सरोकार



मञ्जु थापा

दुई अग्ला पहाड रेसुङ्गा र अर्जुनको काखमा अवस्थित प्यारो बस्ती तम्घास, गुल्मी जिल्लाको सदरमुकाम । त्यहीँबाट प्रकाशित हुने सानो आकारको सुन्दर पत्रिका 'हाम्रो पुरुषार्थ' । यो मेरो आफ्नै जिल्ला र आफ्नै ठाउँको साहित्यिक पत्रिका हो । तर मैले कहिलेदेखि यो पत्रिका देख्न र छुन पाएँ अनि कहिलेदेखि पढ्न थालें, मलाई अहिले याद छैन । मेरी आमा ईश्वरादेवी सामाजिक - राजनीतिक व्यक्तित्व र बुबा केशरबहादुर पत्र - पत्रिका एवम् पुस्तक पढ्न मन पराउने सरकारी कर्मचारी हुनुहुन्थ्यो । उहाँहरूले बेलाबेलामा विभिन्न पत्र - पत्रिका घरमा ल्याउनुहुन्थ्यो । घरमा भएका त्यस्तै पत्र - पत्रिका र पुस्तकहरूका बीचमा सानो पुस्तक आकारको 'हाम्रो पुरुषार्थ' र महेन्द्र माध्यमिक विद्यालयको वार्षिक प्रकाशन 'शैल सन्देश' सानी छँदादेखि नै देख्दै आएकी हुँ मैले ।

अहिले पनि तम्घासस्थित हाम्रो घरमा धेरै किताबहरूका बीचमा 'हाम्रो पुरुषार्थ'का पुराना अङ्कहरू हुनुपर्छ भने हामीले पछि बनाएको भक्तपुर गठ्ठाघरको आवासमा पनि यसका धेरै अङ्कहरू सुरक्षित छन् ।

म स्कुल र कलेज पढ्दाताका फुर्सदको समयमा स्थानीय पुस्तक पसल 'भण्डारी छापाखाना'मा गएर पनि पत्र - पत्रिका पढ्न निकै रुचाउँथे । त्यहाँ पनि धेरै पुस्तक, समसामयिक पत्र - पत्रिका र रङ्गीचङ्गी म्यागजिनहरूको माझमा साधारण र शालीन 'हाम्रो पुरुषार्थ' सधैं सजिएकै हुन्थ्यो । समयक्रममा तामझामसहित प्रकाशित धेरै पत्र - पत्रिकाहरू असमयमै बिलाएर गए तर साधारण र शालीन 'हाम्रो पुरुषार्थ' ले आजपर्यन्त समयअनुरूप अद्यावधिक हुँदै आफ्नो यात्रा अविचलित जारी राखेको छ । अहिले एक सयौं अङ्क वा शताङ्कको स्वरूपमा आइरहेको यो पत्रिका सानैदेखि देख्ने, स्पर्श गर्ने र पढ्ने अवसर पाउनु मेरो अहोभाग्य हो भन्ने लाग्छ मलाई ।

म सानी छँदा त्यस पत्रिकामा प्रकाशित लामा लेख, कथा, अन्तर्वार्ता, सम्पादकीय जस्ता गम्भीर सामग्रीहरूले मलाई त्यति आकर्षित गरेनन् जस्तो लाग्छ तर कविताहरू पढ्न औधी रमाइलो लाग्थ्यो, मन आनन्दित हुन्थ्यो । अलिक बुझ्ने

भएपछि लामा र गहकिला सामग्रीहरू पनि अध्ययन गर्न थालें । यस मानेमा अहिले शताङ्कमा रमाइरहेको हाम्रो पुरुषार्थ मेरो पठन बानीको शुरूवाती कालदेखिकै साथी थियो भन्न पाउँदा मलाई गर्व लाग्छ । आफूभन्दा जम्मा तीन वर्ष मात्र कान्छो यो पत्रिकालाई कहिले नजिकबाट र कहिले टाढाबाट पढ्दै - हेर्दै म हुर्किएकी हुँ ।

*समयक्रममा तामझामसहित प्रकाशित धेरै पत्र - पत्रिकाहरू असमयमै बिलाएर गए तर साधारण र शालीन 'हाम्रो पुरुषार्थ' ले आजपर्यन्त समयअनुरूप अद्यावधिक हुँदै आफ्नो यात्रा अविचलित जारी राखेको छ । अहिले एक सयौं अङ्क वा शताङ्कको स्वरूपमा आइरहेको यो पत्रिका सानैदेखि देख्ने, स्पर्श गर्ने र पढ्ने अवसर पाउनु मेरो अहोभाग्य हो भन्ने लाग्छ मलाई ।*

बाल्यकालदेखि नै पत्रपत्रिका पढ्ने भए पनि त्यतिबेला पत्रिका प्रकाशन गर्नु कुनै विशेष काम हो वा थियो जस्तो मलाई कहिल्यै लागेन तर समयक्रममा आफू पनि यसै क्षेत्रसँग जोडिएर काम गर्दै गएपछि र पत्रिका प्रकाशनमा रहेका चुनौती एवं असजिलाहरू बुझ्दै गएपछि अहिले म निसङ्कोच भन्न सक्छु, हाम्रो पुरुषार्थलाई शताङ्कसम्म पुऱ्याउन यसका संस्थापक, सर्जक, सम्पादक र व्यवस्थापक समूहले निरन्तर अत्यन्त धेरै मिहिनेत गर्नुपरेको छ । उहाँहरूको पत्रिकाप्रतिको गहिरो अनुराग, दृढ प्रतिबद्धता र निरन्तर खटाइले मात्र हाम्रो पुरुषार्थले सयौं अङ्कसम्मको यात्रा सम्पन्न गर्न सम्भव भएको छ ।

मेरो मनमा सानैदेखि साहित्य लेख्नु - पढ्नु राम्रो कुरा हो भन्ने भावना थियो । उमेरको त्यो कालखण्डमा 'साहित्यले समाजलाई मार्ग - निर्देशन पनि गर्न सक्छ' भन्ने चेतना त शायद थिएन तर त्यसले 'समाजको ऐनाको काम गर्छ र पाठकलाई स्वस्थ मनोरञ्जन एवम् आनन्द दिन सक्छ' भन्ने कोणबाट नै म पत्र - पत्रिका पढ्ने गर्थें । तम्घासमा हामीले पढ्ने विद्यालयका गुरुहरू शशी पन्थी, भेषबहादुर कुँवर, दीन पन्थी, पदमप्रसाद पन्थी आदि साहित्यिक व्यक्तित्वका रूपमा परिचित हुनुहुन्थ्यो, र हुनुहुन्छ पनि । उहाँहरू नै 'हाम्रो पुरुषार्थ' को स्थापना र निरन्तरताका बलिया आधार - स्तम्भ हुनुहुन्छ यद्यपि क्रमशः उहाँहरूले धेरै सहयोगी मन, हात र साथहरू पाउँदै आउनुभएको हुनाले यो यात्रा निष्कण्टक सम्भव भएको छ । हरेक पटक 'हाम्रो पुरुषार्थ' हात परेपछि यी गुरुहरूको अस्तित्त्व, प्रभाव, साहित्यिक चेत, लगाव र छवि स्वतः मानसपटलमा आइहाल्थ्यो, आइहाल्छ ।

तम्घासमा भेषबहादुर कुँवर सर राम्रा - राम्रा कविता लेख्ने र लोकभाकामा वाचन गर्ने मीठो स्वरका धनी कवि हुनुहुन्थ्यो । मैले धेरै सानैमा पनि 'हाम्रो पुरुषार्थ' मा

उहाँका कविताहरू रमाइलो मानेर पढेकी थिएँ । मलाई बाल्यकालको एउटा घटना अझै पनि याद आइरहन्छ ।

तम्घास, उधिनढुंगास्थित रेसुङ्गा प्राथमिक विद्यालयमा तीन कक्षामा पढ्दै गर्दा एक दिन अमृता कुँवर म्याडमले हामीलाई पढाउँदै हुनुहुन्थ्यो । त्यतिबेलै मैले साथीहरूलाई 'अमृता म्याडमको दुलाहाले त कविता पनि लेख्नुहुँदो रहेछ नि' भनेर खासखुस स्वरमा सुनाएकी थिएँ । शायद त्यतिबेला मेरा कुनै सहपाठीले पनि कविता पढ्थे जस्तो मलाई लाग्दैन, त्यसैले मैले आफूसँग भएको जानकारी गर्वपूर्वक उनीहरूसँग बाँडेकी थिएँ ।

भेषबहादुर सर अमृता म्याडमको श्रीमान् हुनुहुन्छ । अहिले भेषबहादुर सरको देहान्त भइसकेको छ भने अमृता म्याडम रेसुङ्गा नगरपालिकाको उप - प्रमुख हुनुहुन्छ । 'हाम्रो पुरुषार्थ'का सहायक - सम्पादकसमेत रहेका भेषबहादुर कुँवर 'प्रयासी' सरको देहान्तपछि यस पत्रिकाको अङ्क ८६ लाई कवि प्रयासी स्मृति विशेषाङ्कका रूपमा समेत प्रकाशन गरी अग्रजहरूलाई सम्मान गर्ने राम्रो परम्पराको थालनी गरेको देख्दा अत्यन्त खुसी लाग्छ ।

त्यसैगरी हामी शायद सात कक्षामा पढ्दा होला, यस पत्रिकाका सम्पादक शशि पन्थी सरले एक दिन हाम्रो कक्षामा हामीलाई कविशिरोमणि लेखनाथ पौड्यालको 'तरूण तपसी' काव्यबाट लिइएको कविता "चरीका आँसु" पढाउन थाल्नुभयो । त्यस कविताका केही मर्मस्पर्शी हरफहरू थिए -

...

**शिकारीको झम्टा, तनबिच परेथ्यो जब अनि**
**चरी बोल्यो चीं चीं, गरिकन कठै व्याकुल बनी**
**म मर्ने बेला भो, तर मनुज तिम्रो मनुजता**
**कता भाग्यो त्यस्को, भरसक बुझे है तिमी पता**

**न सक्छौ यी आँसु, टप टप टिपी चप्प पिउन**
**न सक्छौ मासुले, दिनभर अघाएर जिउन**
**न सक्छौ यी भुत्ला, लिईकन कुनै वस्त्र सिउन**
**चुँड्यौ व्यर्थै मेरो, मनुज तिमीले जीवन किन ?**

...

शशि सरले हामीलाई यो कविता पढाउँदा उहाँ आफैं अति भावुक हुनुभयो र उहाँका नयन पनि आफैं अश्रुपूर्ण भए भने हामी धेरैजसो विद्यार्थीहरू त्यतिबेलै पिलपिल गर्न र हिक्का छाड्न थालिसकेका थियौं । उहाँले त्यस दिन पढाएको भावुक दृश्य मैले अहिले पनि राम्रोसँग सम्झिरहन्छु । आजीवन शाकाहारी

रहनुभएका उहाँको यस कवितालाई व्याख्या गरेर बुझाउने शैली यति प्रभावकारी थियो, सोही दिनदेखि मैले पनि लामो समय मांसाहार गरिनँ । पछि पनि अलि - अलि खाने छाड्ने क्रम भयो र अन्ततः विगत २४ वर्षदेखि त म पनि पूरै शाकाहारी छु । बेलाबेलामा मलाई लाग्छ, आजीवन शाकाहारी मेरी आमा र यस्ता शिक्षकहरूकै प्रभावले गर्दा म पनि शाकाहारी हुन प्रेरित भएकी हुँ ।

साहित्यलाई गहिरोसँग आत्मसात् गरेका उहाँ शशि सरकै परिकल्पना र नेतृत्वमा तम्घासमा वि.सं. २०२५ मा 'किरण पुस्तकालय' को स्थापना भई त्यसकै महत्त्वपूर्ण प्रकाशनका रूपमा पाँच वर्षपछि वि.सं. २०३० देखि 'हाम्रो पुरुषार्थ' प्रकाशनको शुरूवात भई अहिलेसम्म निरन्तर साहित्यसेवा गरिरहेकै छ ।

*यी सबै घटना र अनुभूतिहरू सविस्तार उल्लेख गर्नुको एउटै मात्र कारण के हो भने 'हाम्रो पुरुषार्थ' का प्रमुख हस्तीहरू नै मेरो लेखन - यात्राका पनि उत्प्रेरक व्यक्तित्वहरू हुनुहुन्छ । मलाई लाग्छ, उहाँहरूले मजस्ता लेख्न - पढ्न चाहने धेरै जनालाई अघि बढ्न उत्साह र प्रेरणा दिइरहनुभएको छ । यसर्थ, उहाँहरूले नेपालको साहित्यिक क्षेत्रलाई पुस्तकालय सञ्चालन, पत्रिका प्रकाशन र आफ्ना कृतिहरू प्रकाशन गरेर मात्र गुन लगाउनुभएको छैन, लेखन - क्षेत्रमा नयाँ - नयाँ प्रतिभा र लामो दूरीका साहित्यिक धावकहरूको विकास गर्नका लागि पनि गर्विलो योगदान गरिरहनुभएको छ ।*

मेरो लेखन यात्रामा 'हाम्रो पुरुषार्थ' का सह - सम्पादक दीन पन्थी सरको प्रेरणा र सहयोग अत्यन्त स्मरणीय छ । हामी आठ वा नौ कक्षामा पढ्दा दीन सरले एकपटक हामी केही विद्यार्थीलाई 'भोकमरी र खाद्यान्नको समुचित वितरण' विषयमा लामा - लामा निबन्ध लेखेर राष्ट्रिय निबन्ध प्रतियोगितामा सहभागी हुन प्रोत्साहित र सहयोग गर्नुभएको थियो । साथै, मेरी आमाको निधनपछि उहाँको स्मृतिमा "सम्झनाहरूमा ईश्वरादेवी" संस्मरणात्मक पुस्तक तयार गर्दा दीन पन्थी सरले गर्नुभएको सहयोग र प्रेरणा मेरा लागि अविस्मरणीय छ । यस पुस्तकमा शशी पन्थी, दीन पन्थी र भेषबहादुर कुँवर तीनै जनाले मेरी आमाका सम्बन्धमा आ - आफना भावनाहरू लेखिदिएर पनि मलाई झन् हौसला थपिदिनुभयो । पछि 'हाम्रो पुरुषार्थ' ले मेरो लेखन, सम्पादन र संयोजनमा प्रकाशित जीवन संघर्षका पलहरू, जीवनका आठ दशक, सम्झनाहरूमा ईश्वरादेवी, छोरीले जन्माएका आमाहरू आदिसमेत विभिन्न पुस्तकहरूको परिचयात्मक जानकारी पनि प्रकाशित गरेको थियो । उहाँहरूकै आग्रह र प्रेरणामा पछि "विदेशमा कर्मशील नेपाली

महिला" र "आमालाई एउटा पत्र" गरी मेरा दुईवटा आलेख पनि यस पत्रिकामा प्रकाशित भए ।

यी सबै घटना र अनुभूतिहरू सविस्तार उल्लेख गर्नुको एउटै मात्र कारण के हो भने 'हाम्रो पुरुषार्थ' का प्रमुख हस्तीहरू नै मेरो लेखन - यात्राका पनि उत्प्रेरक व्यक्तित्वहरू हुनुहुन्छ । मलाई लाग्छ, उहाँहरूले मजस्ता लेख्न - पढ्न चाहने धेरै जनालाई अघि बढ्न उत्साह र प्रेरणा दिइरहनुभएको छ । यसर्थ, उहाँहरूले नेपालको साहित्यिक क्षेत्रलाई पुस्तकालय सञ्चालन, पत्रिका प्रकाशन र आफ्ना कृतिहरू प्रकाशन गरेर मात्र गुन लगाउनुभएको छैन, लेखन - क्षेत्रमा नयाँ - नयाँ प्रतिभा र लामो दूरीका साहित्यिक धावकहरूको विकास गर्नका लागि पनि गर्विलो योगदान गरिरहनुभएको छ ।

यी त भए 'हाम्रो पुरुषार्थ' का हस्तीहरूसँगको मेरो अनुभव र केही नितान्त निजी धारणा । अब म उहाँहरूकै अवधारणा, पहल, अनुराग र साधनामा शुरू भई निरन्तरता पाइरहेको 'हाम्रो पुरुषार्थ' पत्रिकालाई मैले सामान्य रूपमा र विशेषतः महिला सरोकारको दृष्टिकोणबाट कस्तो पाएँ भनेर पनि थोरै चर्चा गर्न चाहन्छु ।

## 'हाम्रो पुरुषार्थ' र महिला सहभागिता एवम् सरोकारका विषय

मैले अंग्रेजी साहित्यमा आफ्नो स्नातकोत्तर तहको अध्ययन सकिएपछि 'अस्मिता महिला प्रकाशन गृह' र "अस्मिता" पत्रिकासँग आबद्ध रहेर दुई दशकभन्दा बढी समय काम गरेँ । सँगसँगै मूलधारका राष्ट्रिय दैनिक, साप्ताहिक र अन्य पत्र - पत्रिकामा विचारमूलक लेखहरू लेखेर सामाजिक सरोकारलाई आवाज दिने प्रयास पनि गरिरहेँ । त्यस क्रममा नेपालमा पत्र - पत्रिका प्रकाशनको अवस्था र चुनौतीहरूलाई नजिकबाट देख्ने, जान्ने र भोग्ने अवसर पनि मिल्यो ।

यसका साथै लेखनका क्षेत्रमा महिलाहरूको संख्यात्मक एवम् गुणात्मक सहभागिता र महिलासँग प्रत्यक्ष सरोकार राख्ने विषयहरूको प्रस्तुतिलाई विश्लेषण गर्ने काममा जोडिँदा यो पक्ष कति महत्त्वपूर्ण रहेछ भन्ने पनि गहिरो अनुभूति भयो । सम्भवतः यिनै अनुभव र यसबाट विकसित दृष्टिकोणले होला, मलाई हरेक साहित्यिक र गैर - साहित्यिक लेखनमा लैङ्गिक पक्षको खोजी गरिनु पर्दछ भन्ने लाग्छ । साहित्य समाजको ऐना र मार्ग - निर्देशक तत्त्व दुबै हो । तसर्थ, साहित्य - लेखन र प्रकाशनमा पनि महिलाहरूको सहभागिता र उनीहरूको चित्रण तथा महिलासँग सरोकार राख्ने विषयहरूको समावेशिता एवम् प्रस्तुति अत्यन्त महत्त्वपूर्ण पक्ष हुन् भन्ने मेरो ठम्याइ छ । यी पक्षहरूले समाजलाई कता लैजाने भन्ने सन्दर्भमा उल्लेखनीय भूमिका खेल्छन् ।

यिनै कारणहरूले गर्दा'हाम्रो पुरुषार्थ' पत्रिकाका विषयमा आफ्ना सम्झना र अनुभवहरू लेख्न बस्दा यस पत्रिकामा सर्जकका रूपमा महिला सहभागिता कस्तो रह्यो र महिलासँग जोडिएका अन्य पक्षहरू कसरी समेटिएका छन् भन्ने सन्दर्भ मेरो स्वाभाविक सरोकार बन्न पुग्यो । हुन त विदेश बसाइका कारण अहिले मसँग यो पत्रिकाका सम्पूर्ण अङ्कहरू उपलब्ध नहुनाले मैले तिनको समग्र अध्ययन गर्न पाइनँ । यसले गर्दा मैले सम्पूर्णतामा यसमा के समेटियो वा समेटिएन भनेर आधिकारिक रूपमा भन्ने अवस्था छैन तर पनि प्रतिनिधि अङ्कका रूपमा वेबसाइटमा अपलोड गरिएका अङ्क ७९ देखि ९९ सम्मको अध्ययन गर्दा मैले भेटेका र मलाई महसुस भएका प्रमुख पक्षहरू यहाँ उजागर गर्न चाहन्छु ।

त्यसभन्दा अघिको अवस्थालाई नियाल्नका लागि म लेखक राधा पन्थीको यसै पत्रिकामा प्रकाशित एक लेखका केही हरफहरू उद्धृत गर्न उचित ठान्दछु । वि.सं. २०७५ साल कार्तिक - पुसको 'हाम्रो पुरुषार्थ' अङ्क ८०, 'किरण पुस्तकालय स्वर्णवर्ष विशेषाङ्क'का रूपमा प्रकाशन भएको थियो । त्यही अङ्कमा किरण पुस्तकालयमा नारीसहभागिता शीर्षकमा राधा पन्थीको एउटा लेख प्रकाशित छ ।

त्यस लेखमा राधा पन्थी लेख्नुहुन्छ, "... विगतका सबै प्रकाशित अङ्कहरू हेरेँ । ... चामलमा धानका बियाँ जस्तै देखिएको नारी सहभागिताले मलाई दुःखी तुल्यायो । ... हाम्रो पुरुषार्थका हालसम्म प्रकाशित ७९ अङ्कहरूलाई नियाल्दा ... ४८ जना नारीका ७७ वटा लेख - रचनाहरू प्रकाशित भएका छन् । ... हाम्रो पुरुषार्थमा ४५ वर्षसम्म एउटा पनि नारी स्रष्टाको अन्तर्वार्ता छापिएको छैन । यसै अङ्कमा इन्दिरा दलीको अन्तर्वार्ताले स्थान पाएको छ । ..." (पृष्ठ ८२, ८३)उहाँको यो निष्कर्षले अङ्क ७९ प्रकाशन हुँदासम्म 'हाम्रो पुरुषार्थ' मा महिला हस्ताक्षरको उपस्थिति र अन्य किसिमको सहभागिता अत्यन्त न्यून वा आक्कल - झुक्कल मात्र रहेको प्रस्ट हुन्छ ।

त्यसपछिको अवस्था विश्लेषणका लागि किरण पुस्तकालयको वेबसाइटमा अपलोड गरिएका 'हाम्रो पुरुषार्थ' का एक्काईसवटा अङ्क (अङ्क ७९ देखि ९९ सम्म) को सरसर्ती अध्ययन गर्दा मैले पनि महिला सहभागिता त्यति धेरै समावेशी र उत्साहजनक महसुस गर्न सकिनँ । राधा पन्थीको उक्त लेखपछि प्रकाशित पत्रिकाका पछिल्ला अङ्कहरूमा महिला हस्ताक्षर र महिला विषयको सम्बोधन अलिक बढ्यो होला कि भन्ने अपेक्षा मेरो अध्ययनले फिक्का साबित गरिदिएको छ ।

यी अङ्कहरूको अध्ययनबाट मैले 'हाम्रो पुरुषार्थ'मा महिलाहरूको संलग्नता सात किसिमबाट भएको पाएँ । पहिलो - कविता, कथा, लेख, संस्मरण, समीक्षाआदि जस्ता रचना सिर्जना गर्ने सर्जकका रूपमा;दोस्रो - अन्तर्वार्ता गरिएका विज्ञ वा अनुभवी व्यक्तित्वका रूपमा; तेस्रो - प्रतिक्रिया पठाउने पाठकका रूपमा;चौथो -

> *यी अङ्कहरूको अध्ययनबाट मैले 'हाम्रो पुरुषार्थ'मा महिलाहरूको संलग्नता सात किसिमबाट भएको पाएँ । पहिलो - कविता, कथा, लेख, संस्मरण, समीक्षाआदि जस्ता रचना सिर्जना गर्ने सर्जकका रूपमा;दोस्रो - अन्तर्वार्ता गरिएका विज्ञ वा अनुभवी व्यक्तित्वका रूपमा; तेस्रो - प्रतिक्रिया पठाउने पाठकका रूपमा;चौथो - लेखक महिलाका कृतिहरूको परिचय वा विश्लेषण गरिएको विषयका रूपमा; पाँचौं - महिला पात्रसँग सिधै सरोकार राख्ने विषयमा अरूले लेखेका रचनाको विषयका रूपमा; छैटौं - पत्रिका प्रकाशनमा सहयोगीका रूपमा; र सातौं - पत्रिकाका आजीवन ग्राहकका रूपमा महिलाहरूको 'हाम्रो पुरुषार्थ' सँग सम्बन्ध र सरोकार रहेको मैले ठम्याएकी छु ।*

लेखक महिलाका कृतिहरूको परिचय वा विश्लेषण गरिएको विषयका रूपमा; पाँचौं - महिला पात्रसँग सिधै सरोकार राख्ने विषयमा अरूले लेखेका रचनाको विषयका रूपमा; छैटौं - पत्रिका प्रकाशनमा सहयोगीका रूपमा; र सातौं - पत्रिकाका आजीवन ग्राहकका रूपमा महिलाहरूको 'हाम्रो पुरुषार्थ' सँग सम्बन्ध र सरोकार रहेको मैले ठम्याएकी छु ।

मैले अध्ययन गरेकामाथि उल्लिखित एक्काईसवटा अङ्कमा कविता, मुक्तक, लेख, कृति - समीक्षा, यात्रा - संस्मरण, अन्तर्वार्ता, रिपोर्टिङ, पाठक - प्रतिक्रिया सबै विधामा गरी करिब ६० जना महिलाका विचार र भावनाहरू समेटिएको छ । सुस्मिता सेन ठकुरी, सुष्मा शर्मा, लक्ष्मी पन्थी अर्याल, राधा पन्थी, शारदा पन्थी खनाल, कविता पन्थी, मन गहिरे, मीना पौडेल, गंगा अभिलाषी, शीला पन्त, अस्मिता भुसाल, गोमा सेन, विष्णु सापकोटा, शान्ता केसी कुँवर, निराशा केसी कुँवर, बिमा केसी कुँवर, माया कुँवर, सन्तोषी पोखरेल कुँवर, कमला मरासिनी, गायत्री कुँवर कार्की, मायालक्ष्मी कुँवर, दयालक्ष्मी कुँवर, निर्मला श्रेष्ठ, मायादेवी शर्मा, चन्द्रकला अधिकारी, सन्ध्या पन्थी, सीता रिजाल, कमला पन्थी, मायादेवी पन्थी, गीतादेवी पन्थी, गेहलक्ष्मी घिमिरे, विजया घिमिरे, कमला पन्थी अधिकारी, किरण पन्थी पाण्डेय, भावना पन्थी, साधना पन्थी, मनिषा पन्थी, डा. नातिमैञा मानन्धर भण्डारी, सीता खनाल पोखरेल, भवानी न्यौपाने भावना, सुदीक्षा ज्ञवाली, डा. सीता सुवेदी पन्थी, शीला पन्त, गायत्रीदेवी तिमिल्सिना, सुशीला भूसाल, गीताश्री शर्मा, कमला गौतम, शकुन्तला ज्ञवाली पौडेल, प्रीति आत्रेय ज्ञवाली, जोशिका कँडेल निशा, संगीता उपाध्याय पौडेल, शारदा भट्टराई, भागीरथी श्रेष्ठ, कल्पना पौडेल, आस्था कोपिला, सरू सुधा आदिका लेखनले यी अङ्कहरूमा स्थान पाएका छन् (भूलवश कसैको नाम छुटेको भए माफी चाहन्छु) । पत्रिकामा लेखकको तस्वीर नछापिने र तारा, लक्ष्मी, विष्णु जस्ता नामहरू

महिला, पुरुष वा कुनै पनि लैङ्गिक झुकाव भएका व्यक्तिको हुन सक्ने भएको कारणले गर्दा मैले महिलाहरूको ठ्याक्कै संख्या नतोकेर करिब भनेर उल्लेख गरेकी हुँ ।

'हाम्रो पुरुषार्थ'का माथि उल्लिखित अङ्कहरूमा यीमध्ये धेरै लेखक महिलाहरूका रचना एकपटक मात्र प्रकाशित छन् भने लक्ष्मी पन्थी अर्याल, शारदा पन्थी खनाल, कविता पन्थी, सीता खनाल पोखरेल, डा.सीता सुवेदी पन्थी, कमला गौतम, शकुन्तला पौडेल आदिले केही पटक आफ्ना रचना उपलब्ध गराएर योगदान गर्नुभएको छ ।

मैले अध्ययन गरेका एक्काईस अङ्कहरूमा सीमित भएर हेर्दा संयोगवश तीमध्ये दुईवटा अङ्क व्यक्ति - विशेषमा केन्द्रित विशेषाङ्क छन् । अङ्क ८६ कवि प्रयासी विशेषाङ्क र अङ्क ८९ पं.भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कका रूपमा प्रकाशित छन् । यी दुई अङ्कमा उहाँहरूको परिवारका सदस्य र आफन्तजन महिलाहरूले लेख्नुभएका धेरै आलेख प्रकाशित छन् । यस कारणले यी एक्काईस वटा अङ्कमा प्रकाशित सामग्रीहरूको विश्लेषण गर्दा समग्रमा महिलाद्वारा लिखित रचनाहरूमध्ये धेरै लेख यिनै दुई विशेषाङ्कमा प्रकाशित भएको देखिन्छ ।

परिवारका सदस्य र आफन्त महिलाहरूले लेखेका यी संस्मरणात्मक लेखहरूमा सम्बन्धित व्यक्तित्वसँगको आफ्नो सम्बन्ध, अनुभव, प्रभाव, प्राप्त प्रेरणा र परिवार तथा समाजमा उहाँको भूमिकालाई उजागर गर्ने प्रयास गरिएको छ । यी आलेखहरूले ती व्यक्तिहरूको समग्र व्यक्तित्वभित्र पनि उहाँहरूको महिलाप्रतिको दृष्टिकोण, व्यवहार र भावनालाई बुझ्न मद्दत गर्दछन् जुन महत्त्वपूर्ण पाटो हो ।

तर यसमा असाध्यै खट्किने एउटा पक्ष छ - कवि प्रयासी विशेषाङ्कमा उहाँकी श्रीमती अमृता कुँवरको विचार र भावनालाई कहीँ कतै स्थान दिएको देखिँदैन । छोरी, बुहारी, अन्य आफन्तजन र विद्यार्थीहरू समेतको कविजीसँगको अनुभव समेटिँदा उहाँकी अन्तरङ्ग जीवनसाथी अमृता कुँवरको विचार र अनुभवलाई स्थान नदिइनु कति न्यायोचित हो ? अमृता कुँवरलाई आफैं लेख्न अनुरोध गरेर वा उहाँसँग अन्तर्वार्ता गरेर भए पनि उहाँको कविजीप्रतिको धारणालाई स्थान दिने मामिलामा पत्रिकाले ठूलो अवसर गुमाएको हो भन्ने मेरो निष्कर्ष छ ।

त्यसैगरी, पं.भीमकान्त पन्थी शतवार्षिक स्मृति विशेषाङ्कमा पनि उहाँकी श्रीमती नीलमाया पन्थीसँग अनुभव - अनुभूति स्तम्भ अन्तर्गत अन्तर्वार्ता गरिएको छ र त्यसमा पहिलेको समय र समाजसम्बन्धी प्रश्नहरू छन् । तिनको बेग्लै महत्त्व छ । तर यस अन्तर्वार्तामा पनि पं. भीमकान्तका सम्बन्धमा उहाँकी श्रीमतीका अनुभव र विचारहरू केलाउने कुनै प्रयास भएको छैन । भलै श्रीमान्को साहित्यिक, बौद्धिक वा सामाजिक व्यक्तित्वका विषयमा श्रीमतीहरूले विश्लेषण

गर्न सक्लान् वा नसक्लान् तर पति र एउटा व्यक्तिका रूपमा श्रीमान्लाई श्रीमतीले जति नजिकबाट अरू कसले पो चिनेको थियो होला र ? यो पक्षलाई 'हाम्रो पुरुषार्थ'ले नजरअन्दाज गरिदिए जस्तो देखियो । सामान्य महिलाका सामान्य विश्लेषणहरू त्यति महत्त्वपूर्ण छैनन् भनेर वेवास्ता गरिएको त होइन नि ?

यसरी श्रीमान्को विषयमा विशेषाङ्क प्रकाशन गर्दा पनि श्रीमतीहरूका अनुभव र धारणालाई सम्पादन समूहले किन महत्त्व नदिएको हो भन्ने बुझ्नै सकिएन ।

माथि उल्लिखित दुई विशेषाङ्कका संस्मरण लेखहरूलाई छाडिदिने हो भने विधागतरूपमा अन्य धेरै लेखक महिलाहरूका रचना कविता छन् र थोरै जनाले मात्र लेख, कृति - विश्लेषण, रिपोर्टिङ र अन्तर्वार्ता जस्ता विधामा कलम चलाएको देखिन्छ । ती धेरैजसो कविताहरू औसत स्तरका छन् भने केही राम्रा पनि छन् । केही कविता आमाका विषयमा केन्द्रित छन् । लेख - रचनाहरूको सन्दर्भमा भने केही गहन लेखहरू पनि प्रकाशित छन् ।

गुल्मी जिल्लालाई चिनाउन किरण पुस्तकालयको भूमिका, किरण पुस्तकालयमा नारी सहभागिता (अङ्क ८०), महाभारतकालीन नारी शिक्षाको अवस्था र महिला सशक्तीकरणमा शिक्षाको प्रभाव; ब्लुम वर्गीकरणका आधारमा नेपाली पाठ्यक्रमको उद्देश्य (अङ्क ८२), 'आधा जिस्ता' कृतिमा पाठकीय दृष्टिकोण (अङ्क ८३), कवि प्रयासी र उहाँको 'बाइस तरंग' (अङ्क ८६), सुशासनमा दश राजधर्मको प्रासङ्गिकता (अङ्क ८७), कवि पं.भीमकान्त पन्थीको जीवनी विविध पद्यावलीको नेपाली भाषात्मिका पद्यावली अन्तरगतका केही शीर्षकहरूको विवेचना (अङ्क ८९), युवा उमेरमा नैतिक शिक्षाको सार (अङ्क ९०), यात्रा इलामसम्मको (अङ्क ९३), रुरुधामको बहुआयामिक महत्त्व र गौरवशाली इतिहास; मेरो जन्मभूमि रिडी : मीठा सम्झनाहरू (अङ्क ९८) शीर्षकका लेख तथा यात्रा - संस्मरणहरू विभिन्न महिलाद्वारा लिखित सूचनामूलक र विश्लेषणात्मक गहकिला लेखहरू हुन् ।

राधा पन्थीको अध्ययनमा यस पत्रिकामा अङ्क १ देखि ७९ सम्म कुनै पनि महिलाको अन्तर्वार्ता प्रकाशित छैन । मैले अध्ययन गरेका अङ्क ७९ देखि ९९ सम्म केलाउँदा एक मात्र विज्ञ पुस्तकालयविद् इन्दिरा दलीको (अङ्क ८०) लामो अन्तर्वार्ता प्रकाशित छ । यसरी पत्रिकाका कुल ९९ वटा अङ्कमा कुनै विषय विज्ञका रूपमा अन्तर्वार्ता गरिन योग्य भएर छापिनुभएकी इन्दिरा दली एकजना मात्र महिला हुनुहुन्छ । साहित्यिक पत्रिका भएर पनि कुनै साहित्यकार वा सर्जक महिलाको अन्तर्वार्ताले यस पत्रिकामा स्थान नपाउनुलाई मैले स्वाभाविक रूपमा लिन सकिनँ । नेपाली साहित्यमा गहकिलो योगदान गर्ने महिला स्रष्टाहरूलाई पहिचान गर्न नसक्नु र स्थान दिन नसक्नु हाम्रो पुरुषार्थको ठूलो कमजोरी हो जसलाई आगामी दिनमा सच्याउनु आवश्यक छ ।

इन्दिरा दलीको अन्तर्वार्ता अत्यन्त गहन, उपयोगी र स्तरीय लाग्यो । तत्कालीन समाज, समाजमा छोरालाई दिइएको प्राथमिकता, महिलामाथिको घरेलु हिंसा, समसामयिक सामाजिक प्रशासनिक व्यवहारले महिलामाथि पारेको प्रभाव, महिलाको विषयविज्ञता र त्यसमा उनको समर्पण जस्ता धेरै पक्षहरूलाई त्यो एउटै अन्तर्वार्ताले उजागर गरेको मैले महसुस गरेँ । यसका लागि अन्तर्वार्ताकार शशी पन्थी र इन्दिरा दली दुबैजना धन्यवादका पात्र हुनुहुन्छ ।

पत्रिकाका विभिन्न अङ्कहरूमा अनुभव - अनुभूति नामक नयाँ स्तम्भमार्फत फरक - फरक पृष्ठभूमि र समुदायका प्रतिनिधि जेष्ठ नागरिक आमाहरू विद्या आचार्य (अङ्क ८७), नीलमाया पन्थी (अङ्क ८९), ढलकुमारी ज्ञवाली (अङ्क ९४), नन्दकुमारी गौतम (अङ्क ९५) र तिरसु पुन (अङ्क ९६) का भोगाइ र भनाइहरूलाई उजागर गरिएको छ । करीब सत्तरी - असी वर्षअघिको नेपाली समाजमा बाल - विवाहको अवस्था, बहु - विवाहको चलन, महिला - पुरुष सम्बन्ध र भूमिका, शिक्षाको अवस्था जस्ता पक्षहरू उहाँहरूका अनुभवले समेटेका छन् ।

उहाँहरूसँग कुराकानी गरी तयार गरिएका ती आलेखहरूमा आमाहरूको बाल्यकाल र युवावस्थाको समय तथा समाजका विविध आयामहरूलाई चित्रण गर्नुका साथै वर्तमान समय तथा समाजप्रति उहाँहरूको दृष्टिकोणसमेत उजागर गरिएको छ । रोल्पाकी तिरसु पुनको अनुभव - अनुभूतिले महिलाभित्रको विविधतालाई पनि सम्बोधन गर्ने प्रयास भएको छ । विभिन्न देश, काल र परिस्थितिलाई बुझ्नका लागि यस्ता अभिलेखहरूको निकै ठूलो महत्त्व हुन्छ जुन प्रशंसनीय अभियानमा ईंटा थप्ने काम'हाम्रो पुरुषार्थ' ले पनि गरेको छ । पत्रिका - सञ्चालन समूहले यसलाई निरन्तरता दिइरहोस् भन्ने कामना गर्दछु ।

त्यसैगरी पत्रिकामा पाठक - प्रतिक्रिया पठाउनेहरूमा आक्कल - झुक्कल महिलाको नाम पनि देखिन्छ । अस्मिता भूसाल, सन्ध्या पन्थी, संगीता उपाध्याय पौडेल आदि पत्रिकालाई पृष्ठपोषण दिने एकाध पाठक महिलाहरू देखिन्छन् ।

'हाम्रो पुरुषार्थ' का यी अङ्कहरूमा पुरुषहरूले महिलालाई विषयवस्तु बनाएर पनि केही सामग्री छापिएका छन् । 'महाभारतकी एक असाधारण नारी पात्र : योजनगन्धा कृष्णा', 'सांस्कृतिक पर्व तीज र यसको सामाजिक प्रभाव', 'मातृमहिमा पुस्तकको परिचय', 'पर्दाभित्र लुकेका अर्घाखाँचीका आमाहरू' पुस्तकको परिचय तथा आमाका विषयमा पनि केही कविताहरू प्रकाशित छन् । अङ्क ९९ मा प्रदीप ज्ञवालीको "सहाना प्रधान : महिला मुक्ति, लोकतन्त्र र वामपन्थी आन्दोलनकी धरोहर" शीर्षकमा एक गम्भीर आलेख प्रकाशित छ । यो आलेखले नेपाली महिला आन्दोलनको विगत र वर्तमान अवस्थाको आलोकमा सहाना प्रधानको सम्पूर्ण सामाजिक - राजनीतिक व्यक्तित्वलाई उजागर गर्ने जमर्को गरेको छ । यस

लेखले एक जना व्यक्तिको जीवनकथा मात्र बोल्दैन, बरू समग्र नेपाली महिला आन्दोलनको मोटामोटी अभिलेखीकरण नै गर्दछ । यो आलेख प्रकाशन गरेर 'हाम्रो पुरुषार्थ' पत्रिकाले महिला सरोकारका विषयलाई सम्बोधन गर्ने सवालमा थोरै भए पनि महत्त्वपूर्ण कार्य गरेको छ भन्ने मेरो ठम्याइ छ ।

साथै, पत्रिकाका विभिन्न अङ्कमा महिला लेखकका केही कृतिहरूको चर्चा पनि गरिएको छ । सरस्वती ज्ञवालीको लालटिनको उज्यालोमा कृतिभित्रका उज्यालोका किरणहरू र ज्ञवालीकै स्वाभिमान कविता - सङ्ग्रहमा नारीवादी चेतना, यात्रा - संस्मरण लेखक प्रभा बराल र आत्महत्याको जङ्गल यात्रा - निबन्धको पर्यावलोकन, निबन्धकार गंगा कर्माचार्य र उनको आधि घण्टा निबन्ध - सङ्ग्रहमाथिको दृष्टि प्रक्षेपण जस्ता समीक्षाका साथै सुधा भट्टराईको संस्मरण : यात्रा, रेणुका पन्थीको प्यारो नेपाल खण्डकाव्य, मञ्जु थापासमेत विभिन्न बाह्रजना लेखकले लेखेको छोरीले जन्माएका आमाहरू संस्मरणात्मक पुस्तक, प्रीति ज्ञवाली आत्रेयको अनुभूतिको इन्द्रेनी कविता - सङ्ग्रह, अनुराधा ढकालको मुक्तक संग्रह आरब्ध, डा. अञ्जना वस्ती भट्टराईको समय संवेग निबन्ध - सङ्ग्रहआदि पुस्तकहरूको परिचय 'नौलो सृष्टि : सानो दृष्टि' स्तम्भ अन्तर्गत प्रकाशित छन् ।

सबैजसो अङ्कमा महिला सरोकारका विषयमा धेरैथोरै केही सामग्री प्रकाशन गरिए पनि अचम्मलाग्दो त के छ भने यस पत्रिकाको अङ्क ८४ सम्पूर्ण रूपमा 'पुरुषहरूको पुरुषार्थ' बनेको छ जसमा कुनै पनि महिला लेखकवा पाठकका रचना वा प्रतिक्रिया र महिलासँग सरोकार राख्ने विषयमा एउटा पनि सामग्री समेटिएका छैनन् । उसै त हाम्रो पुरुषार्थमा महिलाहरूको सधैको झिनो र कमजोरी उपस्थिति, यो अङ्कमा शून्यको स्थितिमा पुग्नु भनेको सम्पादन समूहको महिला सरोकारप्रतिको स्पष्ट नीतिको अभावको परिणाम पो हो कि ? यस्तो आशंका जन्मिनु अत्यन्त स्वाभाविक हो ।

समग्रमा, मैले गरेको हाम्रो पुरुषार्थका एक्काईसवटा अङ्कको अध्ययन (पहिले राधा पन्थीले गर्नुभएको अध्ययनको निष्कर्षसमेत) बाट भन्न सकिन्छ कि यसपत्रिकाको विषयवस्तु कभरेजमा महिला सरोकारको सम्बोधन निकै नै कमजोर र अपर्याप्त छ जसले समतामूलक समाज निर्माण र विकासका लागि मार्गनिर्देशन गर्न सक्ने साहित्यको तागतलाई कमजोर बनाउँछ ।

मैले माथि उल्लिखित एक्काईस अङ्कहरूमा प्रकाशित विषयवस्तुलाई सरसर्ती नियाल्दा 'हाम्रो पुरुषार्थ' मा महिलाहरूको सहभागिता र महिला सरोकारको सम्बोधन आहा ! भन्ने स्तरको छैन । यो कमजोरीलाई सच्याउन र महिला सहभागिता तथा सरोकारलाई अभिवृद्धि गर्नका लागि निःसन्देह अझ धेरै योजनाबद्ध मिहिनेतको आवश्यकता पर्दछ ।

निश्चय पनि कुनै रचना सृजना गर्ने काम सजिलो छैन, यो निकै गाहारो छ र सकसपूर्ण पनि छ । पत्रिकाका लागि लेखकहरूबाट लेख पाउन पनि निरन्तर अथकित फलो - अप गरिरहनुपर्दछ । तापनि अझ धेरै महिलाहरूलाई लेख्नका लागि कसरी उत्प्रेरित गर्न सकिन्छ भनेर सम्पादन समूहले सोच्नुपर्दछ कि ? पत्रिकामा महिलाहरूका लेखन आएनन् वा कम आए भन्नु सजिलो गुनासो जस्तो लाग्ला तर लेख्ने मान्छेहरूको अभाव टड्कारो सामाजिक यथार्थ हो । तर यसको अर्थ महिलाहरूमा सिर्जनशीलता छैन भन्ने होइन बरू उनीहरूमाथि रहेका दोहोरो - तेहरो जिम्मेवारीले गर्दा उनीहरूको सिर्जनशीलता थिचिएको छ । यसले गर्दा उनीहरू साहित्यसिर्जनामा राम्ररी लाग्न नसकेका हुन् भन्ने मेरो ठम्याइ छ । तसर्थ, 'हाम्रो पुरुषार्थ' ले अझै बढी महिला लेखकहरूलाई पहिचान गर्ने, उत्प्रेरित गर्ने र स्थान दिने प्रयास गरोस् भन्ने आग्रह मात्रै हो ।

अपवादका कुरा छाडिदिने हो भने औसत लेखकलाई साहित्य सिर्जनाका लागि आन्तरिक रूचि जति महत्त्वपूर्ण छ, चिन्तन - मनन र लेखनका लागि चाहिने पर्याप्त समय, अनुकूल वातावरण र एकान्तिकता पनि उत्तिकै आवश्यक छन् । तसर्थ महिला - लेखन फस्टाउन नसक्नुमा उनीहरूका लागि समय र अनुकूल वातावरणको अभाव पनि कारण हो जस्तो लाग्छ । बारम्बारको घच्घच्याइ र अनुकूल वातावरण हुने हो भने महिलाहरूले लेख्न सक्छन् भन्ने उदाहरण यसै पत्रिकाका दुई विशेषाङ्क (कवि प्रयासी विशेषाङ्क र पं. भीमकान्त पन्थी विशेषाङ्क) मा समाविष्ट महिलाहरूका आलेखहरूले पनि प्रमाणित गर्दछन् ।

महिला - हस्ताक्षर र सरोकारलाई बढावा दिने क्रममा पत्रिकाका हरेक अङ्कमा नीतिगत रूपमा नै महिला सरोकारलाई सम्बोधन गर्ने सामग्रीको कभरेज र स्वस्थ सन्तुलित प्रस्तुति दिइनु अत्यन्त आवश्यक छ भने पत्रिकाको आगामी कुनै अङ्कलाई 'महिला हस्ताक्षर' विशेषाङ्कका रूपमा पो प्रकाशन गर्न सकिन्छ कि भनेर पनि सोच्ने कि ? लैङ्गिकरूपमा संवेदनशील एउटा पाठकका रूपमा यति माग गर्न मन लाग्यो । साथै, अन्तर्वार्ता गरिने व्यक्तित्वहरूमा साहित्यिक स्रष्टाहरू र विभिन्न क्षेत्रलाई प्रतिनिधित्व गर्ने महिला व्यक्तित्वहरूलाई सुविचारित रूपमा स्थान दिइनु पनि उत्तिकै जरूरी छ । यो कसैको अनुहार नताकी सम्पादन समूह आफैले गर्न सक्ने काम हो ।

यस पत्रिकाको व्यवस्थापकीय पक्षलाई केलाउँदा सहयोगी मण्डलमा राधा पन्थी र हिमकला राना दुईजना महिला देखिनुहुन्छ भने थोरै महिलाहरू 'हाम्रो पुरुषार्थ' का आजीवन ग्राहकका रूपमा पनि यसमा पाठक भएर जोडिएको अवस्था छ ।

समग्रमा, 'हाम्रो पुरुषार्थ' मा देशमै नाम चलेका साहित्यकारहरूका लेख, रचना र अन्तर्वार्ताहरू छापिँदै आएका छन् । प्रकाशित अधिकतम लेख - रचनाहरू गुणवत्ताका हिसाबले स्तरीय छन् भने अन्तर्वार्ताहरू गहन, समसामयिक र

दूरगामी प्रभाव दिने किसिमका छन् । यद्यपि कथा एवम् कविताहरू भने उत्कृष्ट र सामान्य दुबै किसिमका छन् । आध्यात्मिक र सनातनी वेदान्त दर्शनका विशिष्ट पक्षहरूलाई गम्भीरतापूर्वक विश्लेषण गरिएका धेरै सामग्रीहरू प्रकाशित छन् यसमा ।

राम्रा पक्षहरू हुँदाहुँदै पनि पत्रिकामा कहिलेकहीँ केही अष्पष्टताहरू पनि फेला पर्दछन् । जस्तो अङ्क ९५ मा 'सरकार पो किन चाहियो ?' डा.सीता सुवेदी पन्थी, 'सरकार पो किन चाहियो ?' मनबहादुर खत्री मनु, 'सरकार किन चाहियो ?' हरिप्रसाद पन्थी, 'सरकार किन चाहियो ?' लक्ष्मण रिजालका गरी चार कविता उही शीर्षकमा किन दिइएको हो, बुझ्न सकिएन । यी कुनै कविता प्रतियोगितामा सामेल कविताहरू हुन् वा के हो भनेर खुलाइएको भए राम्रो हुन्थ्यो । केही सन्दर्भ उल्लेख नगरी उस्तै शीर्षकमा चार वटा कविता प्रकाशन गरिंदा पाठक अलमलिने अवस्था सिर्जना भयो, यसमा सम्पादन समूहले ध्यान पुर्‍याउनुपर्थ्यो होला ।

पत्रिकाका केही अङ्कहरू खास विशेषाङ्कका रूपमा प्रकाशित छन् र ती आकारमा पनि निकै मोटा छन् । विभिन्न अङ्कमा विभिन्न पुस्तकालयहरूको पनि परिचय दिने गरिएको छ जुन निकै नै राम्रो पक्ष हो । नेपाली भाषाको पत्रिका भए पनि यसमा बेलाबखत संस्कृतमा कविता र अन्य लेख प्रकाशित छन् भने व्यक्ति - केन्द्रित विशेषाङ्कमा अङ्ग्रेजीमा पनि एक लेख प्रकाशित छ । यस्ता केही विशेषताहरू बोकेको पत्रिका 'हाम्रो पुरुषार्थ' का धेरै अङ्कहरू सङ्ग्रहणीय छन् भन्नु अतिशयोक्ति हुँदैन ।

म पत्रिकाको आजीवन ग्राहकको हैसियतले पनि यससँग नजिक छु । आफैं पनि लामो समय पत्रिका प्रकाशनसँग जोडिएकोले यो कार्यले माग गर्ने सबै पक्ष र कठिनाइबारे मलाई थाहा छ । त्यसैले पनि नियमित रूपमा पत्रिका प्रकाशन गर्ने कुरा चानचुने पटक्कै होइन । 'हाम्रो पुरुषार्थ' को सम्पादन र व्यवस्थापन समूहले पत्रिकालाई कसरी निरन्तरता दिन सकिरहेको छ भन्ने मलाई सधैं लागिरहन्छ । ठूलो आँट, प्रतिबद्धता र गहिरो अनुराग नभई यसो गर्न सकिँदैन भन्ने मेरो बुझाइ छ । यसर्थ पनि, पत्रिकाको नियमितता र निरन्तरताका लागि कुनै न कुनै रूपमा आफूले सघाउन सकेँ भने मैले आफूलाई धन्य सम्झनेछु ।

तम्घास र गुल्मीको पहिचानलाई चारैतिर विस्तार गर्न रेसुङ्गा तपोभूमिले जसरी साथ दिइरहेको छ, त्यसै गरी नेपाली वाङ्मयको क्षेत्रमा 'हाम्रो पुरुषार्थ' ले पनि गुल्मीलाई सुपरिचित गराइरहेको छ, गराइरहने पनि छ ।

**तम्घास, गुल्मी (हाल- भर्जिनिया, अमेरिका) ।**

ooo

*// लेख //*

# हाम्रो पुरुषार्थ



**शेरजंगबहादुर बस्नेत**

किरण पुस्तकालयबाट प्रकाशित हुने "हाम्रो पुरुषार्थ" ले साँच्चिकै पुरुषार्थ गरेको आभास भएको छ । २०३० सालमा जन्म लिएको 'हाम्रो पुरुषार्थ' ५० वर्षको अवधिमा १०० औं अंकमा आइपुग्दा वार्षिक, अर्धवार्षिक र त्रैमासिक गतिले छलाङ् मारी हाम्रो पुरुषार्थका पाठकलाई थप उत्साह र जाँगर बढाएको छ । जसरी हाम्रो पुरुषार्थले आफ्ना पाठकलाई खुराक दिन वार्षिक, अर्धवार्षिक हुँदै हाल त्रैमासिक रूपमा आफूलाई स्थापित गर्दै आएको छ । सोही अनुरूप यससँग सम्बन्धित पाठकमा देखिने भौतिक उपस्थिति तुलनात्मक रूपमा पातलो देख्दा वर्तमानको प्रविधिले पाठकलाई अल्मलाएको त होइन ? भन्ने प्रश्न पनि आउन सक्ला तर भौतिक रूपमा सहभागिता कम रहे पनि हाम्रो पुरुषार्थले प्रविधिको माध्यमबाट हरेक पाठकलाई जोड्न प्रयास गरेको देखिन्छ ।

वर्तमानको सन्दर्भमा हातहातमा हुने विद्युतीय प्रविधिले सबैलाई संसारसँग जोडेको छ, गतिविधि अपडेट भएकै छन्, तथापि हाम्रो पुरुषार्थले दिने खुराक भनेको ८४ व्यञ्जन नै हो । यसभित्र नयाँ पुराना अनुभव मात्र नभई समग्र देश, विदेश र विश्वका कुनाकुनामा भए गरेका गतिविधिलाई संकलन गरी पाठक वर्गमा जनचेतना जगाई हाम्रो पुरुषार्थले व्यक्तित्वको चर्चा परिचर्चासहित देशकै अग्रस्थानमा स्थापित भएका विद्वान् लेखकका सामग्री प्रकाशन गरेको देख्न सकिन्छ र त यो आफैमा पुरुषार्थी बन्दै हाल त्रैमासिक प्रकाशनमा आफूलाई स्थापित गर्दै आएको छ । नाम अनुसारको कामबाट पहिचान बनाएको हाम्रो पुरुषार्थ सजिलै १०० औं अंकमा आएको पक्कै होइन । किनभने यसका सम्पादक मण्डलमा रहनु हुने आदरणीय शशि पन्थी, दीन पन्थीलगायत समस्त सम्पादक मण्डलको क्रियाशीलताको निरन्तर प्रयास नै यसको सफलता हो । खासै विज्ञापन शुल्क विना किरण पुस्तकालयबाट प्रकाशन हुँदै आएको हाम्रो पुरुषार्थले व्ययभारलाई जनतन थेग्न सके पनि प्रकाशन खर्चमा आएको वृद्धिलाई मलम लगाउने काम किरण पुस्तकालयमा आबद्ध भएका र आबद्ध हुने पाठक र सदस्य नै यसका स्रोत हुन्, भिन्नभिन्न सदस्यताको लागि अनुरोध गर्दै सार्वजनिक सूचना पनि हाम्रो पुरुषार्थमार्फत सार्वजनिक हुँदै आएको छ तथापि

यस पुस्तकालयमा जोडिन धेरै पाठक बाँकी रहेको देखिएकोले यस किरण पुस्तकालयको भिन्नभिन्न सदस्यता लिएर हाम्रो पुरुषार्थ प्रकाशनलगायत पुस्तकालयको चौतर्फी विकासलाई सहज बनाउनको लागि हामी सबैको पहल हुन जरूरी देखिन्छ । हामी सबैले गुल्मी जिल्लाको किरण पुस्तकालयबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ हाल त्रैमासिक हुँदै आएकोमा गौरवानुभूति गर्नै पर्छ । हाम्रो सहभागिता बढ्दै गएमा मासिक प्रकाशन गर्ने क्षमता प्राप्त हुनेछ । पुस्तकको अपार भण्डारबाट सबै पाठकले अमृतरूपी ज्ञान प्राप्त गरी असल नागरिकको पहिचान बनाउन सकौं ।

*किरण पुस्तकालयको भिन्नभिन्न सदस्यता लिएर हाम्रो पुरुषार्थ प्रकाशनलगायत पुस्तकालयको चौतर्फी विकासलाई सहज बनाउनको लागि हामी सबैको पहल हुन जरूरी देखिन्छ । हामी सबैले गुल्मी जिल्लाको किरण पुस्तकालयबाट प्रकाशन हुने हाम्रो पुरुषार्थ हाल त्रैमासिक हुँदै आएकोमा गौरवानुभूति गर्नै पर्छ । हाम्रो सहभागिता बढ्दै गएमा मासिक प्रकाशन गर्ने क्षमता प्राप्त हुनेछ । पुस्तकको अपार भण्डारबाट सबै पाठकले अमृतरूपी ज्ञान प्राप्त गरी असल नागरिकको पहिचान बनाउन सकौं ॥*

किरण पुस्तकालय गुल्मीले वार्षिक, अर्धवार्षिक, त्रैमासिक पत्रिका प्रकाशन गर्दै हाल १०० औं अंक प्रकाशन गर्न लागेकोमा पुस्तकालय परिवारलगायत समग्र पाठक वर्गमा १०० औं अंकको सफलताको शुभकामनासहित भविष्यमा मासिक रूपमा हाम्रो पुरुषार्थ प्रकाशन गर्न सिंगो किरण पुस्तकालयलाई सहयोगी मनको ओइरो बर्सिरहोस् । हाम्रो शुभकामना छ !

**आजीवन सदस्य - किरण पुस्तकालय, गुल्मी ।**

०००

## हाम्रो पुरुषार्थको सूचना !

**स्वर्ण–वर्ष २०८० को अवसरमा 'हाम्रो पुरुषार्थ'को शताङ्क दुई भागमा प्रकाशित भएको छ । प्रथम भागमा नअटेका लेख–रचनाहरू द्वितीय भागमा रहेको जानकारी गराइन्छ ।**

*– सम्पादक : हाम्रो पुरुषार्थ (त्रैमासिक)*






किरण पुस्तकालयको ५५ औं वार्षिकोत्सव तथा
११५ औं देवकोटा-जयन्ती समारोहका सहभागीहरू



नेपाल सरकारका पूर्व मुख्य सचिव लीलामणि पौडेल र एवेरनेश इन्टरनेशनल एकेडेमीका प्रधानाध्यापक विमल घिमिरेलाई पुस्तकालयमा 'हाम्रो पुरुषार्थ' प्रदान ।



किरण पुस्तकालयमा पुस्तक तथा पत्र-पत्रिका पढ्न बालबालिकाहरूको अभिरुचि बढ्दै ।

 जि.का., गुल्मी द.नं.: ०१/२०३५/०३६

# जाडोबाट बच्न निम्न उपायहरू अवलम्बन गरौं

- तातो, झोलिलो पदार्थ प्रशस्त मात्रामा पिउने गरौं,
- न्यानो कपडा लगाऔं,
- घाम वा आगो तापौं,
- तेल मालिस गरौं,
- शारीरिक व्यायाम गरौं,
- बालबालिका, ज्येष्ठ नागरिक तथा अशक्तले सकेसम्म चिसोको समयमा घरबाहिर ननिस्कौं,
- ताजा र पौष्टिक खानकुरा खाऔं,
- जाडोबाट बच्ने नाममा धूमपान तथा मद्यपान नगरौं,
- स्वास्थ्यमा कुनै समस्या परेमा चिकित्सक वा स्वास्थ्यकर्मीसँग परामर्श लिऔं।

नेपाल सरकार

# विज्ञापन बोर्ड

बबरमहल, काठमाडौं

सुशिला प्रिन्टर्स, गुल्मी (५३०४५०)